कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण

(महालेखापरीक्षकको त्रिसट्ठिऔँ वार्षिक प्रतिवेदनसँग सम्बन्धित)

२०८३



महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौँ
नेपाल

कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण

(महालेखापरीक्षकको त्रिसट्ठिऔँ वार्षिक प्रतिवेदनसँग सम्बन्धित)

२०८३



महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौँ

नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

प्राक्कथन



नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय र पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ। यस कार्यालयले सम्वत् २०३७ देखि कार्यमूलक, सम्वत् २०६८ देखि सूचना प्रविधि र सम्वत् २०६९ देखि वातावरणीय लेखापरीक्षण र सम्बत् २०७७ देखि विशेष लेखापरीक्षण समेत गर्दै आएको छ। कार्यमूलक लेखापरीक्षणबाट सार्वजनिक स्रोतको प्राप्तिदेखि प्रयोगसम्म र सोको दिगोपना सम्बन्धी क्रियाकलापको मूल्याङ्कन गरी लक्ष्य र उपलब्धिबीच विश्लेषणात्मक लेखाजोखा गरिन्छ। यसमा स्रोत साधनको प्राप्ति र उपयोगमा मितव्ययिता, कार्यदक्षता र आयोजना/कार्यक्रमको प्रभावकारिता विचार गरी प्रतिवेदन गरिन्छ। न्युनतम लागत र समयमा तोकिएको गुणस्तरको वस्तु वा सेवा प्राप्त भएको, निश्चित स्रोत साधनको उपयोगबाट अधिकतम उपलब्धी हासिल भएको र निर्धारित उद्देश्य र नतिजा हासिल भएको सुनिश्चित गर्न आयोजनाको प्रभावको प्रभाव मूल्याङ्कन कार्य पनि कार्यमूलक लेखापरीक्षणबाट गरिन्छ।

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०८२ मा समावेश गरिएका १५ विषयको कार्यमूलक, १ विषयको वातावरणीय र २ विषयको विशेष लेखापरीक्षणको प्रतिवेदनहरू यसमा समावेश गरिएको छ। सरकारको प्राथमिकता क्षेत्र, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्बजनिक सरोकार र जनचासोको विषय, सञ्चार माध्यममा आएका क्षेत्र, नेपाल सरकार र द्विपक्षीय/बहुपक्षीय साझेदारबीच भएका सम्झौता तथा सरोकारवालाले देखाएको चासोलाई महत्व दिई प्राथमिकताका आधारमा विषय छनौट गरी कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ। यस वर्ष प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन, वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता, नेपाल कृषि अनुसन्धान परिषदको स्रोतसाधन प्रयोगको प्रभावकारिता, सामाजिक सुरक्षा भत्ता कार्यक्रमहरूको प्रभावकारिता, पुष्पलाल (मध्यपहाडी) लोकमार्ग निर्माण स्थिति, राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भार स्थिति, खेल पूर्वाधार बिकास तथा उपयोगको स्थिति, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन अवस्था, विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता, व्यावसायिक सीप विकास तालिमको प्रभावकारिता, निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह, स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली, काठमाडौं उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन, स्वास्थ उपकरणको प्राप्ति तथा उपयोग, स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता, राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभावको वातावरणीय लेखापरीक्षण, र नेपालमा खनिज व्यवस्थापन र सार्वजनिक खरिदमा मध्यस्थाको व्यवस्था र सोको प्रभावको विशेष लेखापरीक्षण गरी देखिएका बेहोराहरू उजागर गरी समाधानका लागि व्यवहारिक सुझाव समेत प्रस्तुत गरिएको छ। यो प्रतिवेदनमा समावेश गरिएका मुख्य बेहोरा महालेखापरीक्षकको ६३ औं प्रतिवेदनको छुट्टै खण्डमा समेत समावेश गरिएको छ। प्रतिवेदनका विस्तृत बेहोरालाई समावेश गरी यो संगालो बनाइएको छ।

कार्यमूलक, वातावरणीय र विशेष लेखापरीक्षण गर्न प्राविधिक ज्ञान, विश्लेषणात्मक क्षमता, पर्याप्त समय तथा स्रोत साधनको आवश्यकता पर्दछ। लेखापरीक्षणमा तथ्याङ्कको विश्लेषण, प्रश्नावली, सर्वेक्षण, स्थलगत निरीक्षण, सरोकारवालासँग सामूहिक छलफल, अन्तरवार्ता जस्ता विधिको प्रयोग गरिएको छ। साथै ७ विषयमा नागरिक समाजका संस्थाहरूलाई समेत संलग्न गराइएको छ। कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षण प्रतिवेदनमा प्रस्तुत सुझाव कार्यान्वयनबाट स्रोत र साधनको कुशल व्यवस्थापन भई निकायको कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि हुनुका साथै सम्बन्धित क्षेत्रमा सकारात्मक प्रभाव पर्ने विश्वास लिएको छु। लेखापरीक्षण कार्यान्वयनमा सहयोग गर्नुहुने सम्बन्धित निकायका पदाधिकारीहरू, नागरिक समाजका प्रतिनिधिहरू, लेखापरीक्षण कार्यमा संलग्न हुने कार्यालयका कर्मचारी, विषयविज्ञ परामर्शदाता तथा सम्बद्ध सबैमा धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

विषय-सूची

क्र.सं.	विषय	पृष्ठ
	खण्ड (क) कार्यमूलक तथा विविध विषयको लेखापरीक्षणको आधार, उद्देश्य, क्षेत्र तथा विधि	i-vii
	खण्ड (ख) कार्यमूलक लेखापरीक्षण	
१.	प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन	१
२.	वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता	११९
३.	नेपाल कृषि अनुसन्धान परिषद्को स्रोतसाधन प्रयोगको प्रभावकारिता.....	१४२
४.	सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता	१७८
५.	पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण स्थिति.....	१९७
६.	राष्ट्रिय राजमार्गहरूको मर्मत, सम्भार स्थिति	२३४
७.	खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति.....	२५७
८.	नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन अवस्था.....	२८२
९.	विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता.....	३१८
१०.	व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता	३५८
११.	निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह	३७८
१२.	स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली.....	४०७
१३.	काठमाडौं उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन.....	४२५
१४.	स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग.....	४५०
१५.	स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता.....	४७३
	खण्ड (ग) वातावरणीय लेखापरीक्षण	
१६.	राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव.....	४९३
	खण्ड (घ) विशेष लेखापरीक्षण	
१७.	सार्वजनिक खरिदमा मध्यस्थताको व्यवस्था र सोको प्रभाव.....	५२४
१८.	Mining Management in Nepal	५४५

खण्ड (क)

महालेखापरीक्षकको त्रिसट्ठिऔं वार्षिक प्रतिवेदनसँग सम्बन्धित कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण

१. **लेखापरीक्षणका आधार -** नेपालको संविधानको धारा २४१ मा महालेखापरीक्षकले सङ्घ, प्रदेश र स्थानीय तह तथा कानुनद्वारा तोकिएका अन्य संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेत विचार गरी लेखापरीक्षण गर्ने र धारा २९४ मा राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा महालेखापरीक्षकले विषय छनोटको आधारमा कार्यमूलक, वातावरणीय र सूचना प्रविधि र तोकिएको विषयको लेखापरीक्षण गर्ने व्यवस्था छ। सोही ऐनमा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र र लेखापरीक्षण गर्ने विषयहरू उल्लेख छ। कार्यमूलक तथा विशेष लेखापरीक्षण कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८१ बमोजिम गरिएको छ। कार्यमूलक लेखापरीक्षणमा सरोकारवालाहरूको संलग्नतालाई निरन्तरता दिइएको छ।

२. **लेखापरीक्षणको उद्देश्य** - कार्यालयबाट सञ्चालन गरिने कार्यमूलक तथा विशेष लेखापरीक्षण र वातावरणीय लेखापरीक्षणको समग्र उद्देश्य देहाय बमोजिम रहेको छः

कार्यमूलक तथा विशेष	वातावरणीय
सार्वजनिक निकायहरू र सो बाट सञ्चालन गरिने योजना, कार्यक्रम र क्रियाकलापहरूमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता सम्बन्धमा स्वतन्त्र र वस्तुनिष्ठ परीक्षण गरी सुशासन र जवाफदेहिता, पारदर्शीता प्रबर्द्धनमा योगदान पुऱ्याउनु कार्यमूलक लेखापरीक्षणको उद्देश्य रहको छ। नेपालमा खनिज उत्खनन तथा अन्वेषण स्थिति र सार्वजनिक खरिदमा मध्यस्थताको प्रभाव विश्लेषण गर्ने विशेष लेखापरीक्षणको उद्देश्य रहेको छ।	राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्येवर्ती क्षेत्रमा परेको प्रभाव सम्बन्धी विद्यमान नीतिगत, कानुनी र संरचनागत व्यवस्थाको अध्ययन गरी सुधारका क्षेत्र समेटिएको लेखापरीक्षण प्रतिवेदन तयार गर्नु यस लेखापरीक्षणको उद्देश्य हो।

३. **लेखापरीक्षणको क्षेत्र** - लेखापरीक्षणको लागि विषयसँग सम्बन्धित मूलतः ३ देखि ५ वर्षको सूचना एवं तथ्याङ्क विश्लेषण गरिएको छ। लेखापरीक्षण गर्दा निकाय, आयोजना, कार्यक्रम र विषयसँग सम्बन्धित क्रियाकलापहरूको गहनता, कार्य प्रकृति, जोखिम र लेखापरीक्षणबाट योगदान पुऱ्याउन सकिने सम्भावनालाई दृष्टिगत गरी कार्यालयबाट गरिने कार्यमूलक, वातावरणीय, र विशेष लेखापरीक्षणमा देहायका क्षेत्रहरू समेटिने गरेको छ :

कार्यमूलक तथा विशेष	वातावरणीय
• कार्यालय/निकायहरूको उद्देश्य र योजना अनुसारको लक्ष्य र उपलब्धि,	• वातावरणसम्बन्धी नीति, ऐन, नियमको पालना,

कार्यमूलक तथा विशेष	वातावरणीय
• नीति, रणनीति तथा सो अनुरुपको कार्य, • कार्यक्रम कार्यान्वयनमा लागत, लाभ स्थितिको प्रभावकारिता, • निर्धारित समयमा कार्यक्रम / आयोजना सम्पन्न भई प्रतिफल प्राप्तिको अवस्था, • अपेक्षित उपलब्धी र परिणाम • अपेक्षित उपलब्धी र परिणाम।	• वातावरण संरक्षण, सम्बर्धनसम्बन्धी कार्यक्रम, योजना, क्रियाकलापहरूको कार्यान्वयन, • राष्ट्रिय निकुञ्जहरूको काम कारबाही, कार्यक्रम, क्रियाकलाप, योजनाहरू सञ्चालन गर्दा मध्यवर्ती क्षेत्रमा परेको प्रभाव, • नकारात्मक प्रभावलाई न्युन गर्ने उपायको अवलम्बन

४. **लेखापरीक्षणको प्रक्रिया** - महालेखापरीक्षकको कार्यालयले कार्यमूलक र विशेष लेखापरीक्षण गर्दा सार्वजनिक स्रोतसाधनको मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता प्राप्त हुने गरी उपयोग गरे नगरेको परीक्षण गरिएको छ। यस अन्तर्गत योजना तथा कार्यक्रमको लक्ष्य प्राप्ति, लागत- लाभ विश्लेषण र गुणस्तर, दिगो विकास लक्ष्यको प्राप्ति र उपलब्धिलगायतको परीक्षण गरिएको छ। लेखापरीक्षणमा विषय छनोट, लेखापरीक्षण योजना तयारी, लेखापरीक्षण कार्यान्वयन, प्रतिवेदन र अनुगमन प्रक्रिया अवलम्बन गरिएको छ। कार्यमूलक लेखापरीक्षणको समग्र प्रक्रियालाई देहायको चित्रमा दर्शाइएको छ।



५. **विषय छनोट** - महालेखापरीक्षकको कार्यालयले कार्यमूलक र विशेष लेखापरीक्षणको विषय छनोट गर्न सरकारको प्राथमिकता क्षेत्र, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्वजनिक सरोकार वा जनचासो, सञ्चार माध्यममा आएका विषय, विकास साझेदारको अनुरोध, नागरिक समाजको सुझाउ समेतलाई दृष्टिगत गरी उपयुक्त विषयहरूको सूची तयार गरिएको छ। तयार गरिएका सूचीहरूको तात्त्विक विषयको महत्त्व, व्यवस्थापकीय कमजोरीहरू, स्रोतसाधनको उपलब्धता, लेखापरीक्षण कार्यान्वयनको सम्भाव्यता र प्रभाव आङ्कलन गरी उच्च प्राथमिकता प्राप्त गर्ने विषयलाई छनोट गरिएको छ।

यो वर्ष कार्यालयबाट अर्थ मन्त्रालय अन्तर्गत १, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत १, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत १, गृह मन्त्रालय अन्तर्गत १, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत २, युवा तथा खेलकुद मन्त्रालय अन्तर्गत १, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत २, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत १, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत २, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत १, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत २ विषयहरूको कार्यमूलक लेखापरीक्षण गरिएको छ। वन तथा वातावारण मन्त्रालय अन्तर्गत १ विषयमा वातावरणीय लेखापरीक्षण र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत १ विषयको साथै सार्वजनिक खरिदमा मध्यस्थताको व्यवस्था र सोको प्रभाव सम्बन्धमा विशेष लेखापरीक्षण गरिएको छ। कार्यमूलक लेखापरीक्षण विवरण अनुसूची-१ मा संलग्न गरिएको छ।

६. **जोखिम विश्लेषण तथा योजना तयारी** - कार्यमूलक, वातावरणीय तथा विशेष लेखापरीक्षणका लागि निकायको संगठन संरचना तथा कार्यप्रक्रियासम्बन्धी जानकारी लिई अन्तर्निहित जोखिम पहिचान, नियन्त्रण वातावरण अध्ययन, कार्यविधिको जानकारी, सूचना सङ्कलन तथा विश्लेषण गरी जोखिम क्षेत्र पहिचान गरिएको छ। सोको आधारमा लेखापरीक्षणको उद्देश्य र क्षेत्र निर्धारण गरी सो अनुरूप लेखापरीक्षण आधार (क्राइटेरिया) तयार गरी प्रमाण सङ्कलनका विधि र पद्धति निर्धारण गरिएको छ। कार्यमूलक लेखापरीक्षणमा आवश्यकताबमोजिम नतीजामा आधारित, पद्धतिमा आधारित र समस्यामूलक पद्धति अवलम्बन गरी परीक्षण गरिएको छ।

६.१. **लेखापरीक्षण कार्यान्वयन** - सम्बद्ध पक्षसँगको प्रवेश बैठक गरी लेखापरीक्षण कार्यको शुरूवात गरिएको छ। लेखापरीक्षणमा प्रमाण सङ्कलनका लागि विषय सम्बद्ध उपलब्ध सूचना सङ्कलन गरिएको छ। त्यसैगरी सरोकारवालासँग छलफल तथा अन्तरक्रिया, स्थलगत अवलोकन र आवश्यकता अनुसार भौतिक परीक्षण समेत गरिएको छ। सङ्कलित सूचनाको विश्लेषण, समस्याहरूको पहिचान र प्रस्तुतीकरणलाई वस्तुनिष्ठ बनाउन विषय विज्ञ तथा नागरिक समाज सङ्गठनलाई आवश्यकता अनुसार सहभागी गराइएको छ। लेखापरीक्षण मस्यौदा प्रतिवेदन सम्बन्धित कार्यालयलाई प्रेषित गरी सो प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग बर्हिगमन बैठकमा छलफल गरिएको छ।

६.२. **प्रतिवेदन** - कार्यमूलक र विशेष विषयको लेखापरीक्षण मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग छलफल गरी व्यवस्थापनको सुझाउ तथा प्रतिक्रिया प्राप्त गरी त्यसको आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा लेखापरीक्षणबाट देखिएको बेहोरामा आधार, अवस्था, कारण, प्रभाव र देखिएका कमी कमजोरीमा आगामी दिनमा सुधारका लागि व्यावहारिक सुझाउ उल्लेख गरिएको छ।

६.३. **अनुगमन परीक्षण** – कार्यमूलक र विशेष विषयको लेखापरीक्षण मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग छलफल गरी व्यवस्थापनको सुझाउ तथा प्रतिक्रिया प्राप्त गरी त्यसको आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। प्रतिवेदनमा लेखापरीक्षणबाट देखिएको बेहोरामा आधार, अवस्था, कारण, प्रभाव र देखिएका कमी कमजोरीमा आगामी दिनमा सुधारका लागि व्यावहारिक सुझाउ उल्लेख गरिएको छ।

७. **लेखापरीक्षणमा नागरिक सहभागिता** - लेखापरीक्षण पारदर्शी बनाई यसको प्रभावलाई बढाउन लेखापरीक्षणको विषय छनौटदेखि स्थलगत अवलोकन, लक्षित समूह छलफल, प्रमाण सङ्कलन कार्यहरूमा

नागरिक संस्थाका प्रतिनिधिहरूलाई सहभागी गराउने कार्यलाई यो वर्ष पनि निरन्तरता दिइएको छ। यो वर्ष स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता, स्थानीय तहको राजस्व प्रशासन र संकलन प्रणाली, काठमाडौं उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन, सामाजिक सुरक्षा भत्ता कार्यक्रमहरूको प्रभावकारिता, राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भार स्थिति, राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव र नेपाल कृषि अनुसन्धान परिषदको स्रोतसाधन प्रयोगको प्रभावकारिता विषयको लेखापरीक्षणमा नागरिक समाजका प्रतिनिधिहरूलाई सहभागी गराइएको छ। कार्यमूलक लेखापरीक्षणमा नागरिक समाजको सहभागिता गराउन सहभागितात्मक लेखापरीक्षण कार्यविधि, २०७९ मा उल्लिखित प्रक्रिया अवलम्बन गरी सुशासन, वित्तीय अनुशासन, सशक्तीकरण अभियान लगायतका क्षेत्रमा कार्यरत नागरिक तथा संस्थाहरू छनौट गरिएको छ। लेखापरीक्षणमा नागरिक सहभागिताले जोखिम क्षेत्र पहिचान गर्न तथा प्रतिवेदनको पैरवी तथा सोको कार्यान्वयनमा सहयोग पुगी लेखापरीक्षणको प्रभाव अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

८. **जनशक्ति परिचालन -** कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालय अन्तर्गत कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको समन्वय एवं सञ्चालन गरिएको छ। उपयुक्त प्राविधिक तालिम, अनुभव प्राप्त एवं उपयुक्तस्तरको पेशागत सीप र दक्षता प्राप्त व्यक्तिहरूबाट उपरोक्त लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षण टोलीको गठन गर्दा उपलब्ध जनशक्तिको सीप, क्षमता, संख्या, कार्यबोझ र विशेषज्ञता जस्ता विषयका आधारमा निर्देशकको नेतृत्वमा रहने गरी लेखापरीक्षण अधिकारी, लेखापरीक्षण अधिक्षक कर्मचारीहरूको टोली बनाई नायब महालेखापरीक्षक तहबाट सुपरिवेक्षण गरिएको छ। कार्यमूलक लेखापरीक्षणमा संलग्न जनशक्तिको विवरण अनुसूची-२ मा संलग्न गरिएको छ।

९. **लेखापरीक्षणको सीमा** - आवश्यक सूचना, अभिलेख, विवरणको लागि निकायसँगको निर्भरता, लेखापरीक्षणको लागि उपलब्ध समयसीमा, जनशक्ति, छोटो स्थलगत अवलोकन भ्रमण, सीमित स्रोत साधन लेखापरीक्षणमा सीमा रहेका छन्।

१०. **गुणस्तर नियन्त्रण र आश्वस्तत** - कार्यमूलक र विशेष लेखापरीक्षणको गुणस्तर कायम गर्न लेखापरीक्षणको चरणहरू योजना, कार्यान्वयन, प्रतिवेदन अनुगमन लगायतमा उच्च तहबाट सुपरीवेक्षण गरिएको छ। त्यसैगरी लेखापरीक्षण योजना र लेखापरीक्षणका प्रतिवेदन जारी गर्नुपूर्व सम्बन्धित मानदण्ड पालना सम्बन्धमा पुनरावलोकन समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदन जारी भएपछि लेखापरीक्षण गुणस्तर व्यवस्थापन सम्बन्धमा मूल्याङ्कन गर्ने गरिएको छ।

११. **सुझाव कार्यान्वयनको अनुगमन** - कार्यालयले कार्यमूलक लेखापरीक्षण प्रतिवेदन सम्बन्धित निकायलाई जारी गरे पश्चात निकायको कार्य प्रकृति र सुझाउमा उल्लिखित विषयवस्तुसमेतलाई दृष्टिगत गरी प्रतिवेदनमा उल्लिखित सुझाउहरू कार्यान्वयनका लागि सम्बन्धित निकायबाट सुधार योजना माग गर्ने र सो उपर उपयुक्त समयमा अनुगमन गर्ने गरिएको छ। विगतमा लेखापरीक्षण भइसकेका केही विषय समेत छनोट गरी अनुगमन परीक्षण गरिएको छ।

१२. **कार्यमूलक लेखापरीक्षणका चुनौती** - कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षण कार्यान्वयनमा देहायका विषयहरू चुनौतीका रुपमा रहेका छन्:

१२.१. कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण प्राविधिक प्रकृतिको भएकोले परीक्षणमा संलग्न हुने जनशक्तिको योग्यता, सीप, दक्षता, रचनात्मक प्रतिभाका साथै प्रविधिक ज्ञान अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, अध्ययन एवं क्षमता विकास तथा उत्प्रेरण अभिवृद्धि कार्यक्रमको लागि स्रोत व्यवस्थापन चुनौतिपूर्ण रहेको छ।

१२.२. निकायहरूमा तथ्याङ्क व्यवस्थापन प्रणाली प्रभावकारी नहुँदा लेखापरीक्षणको लागि आवश्यक तथ्याङ्क तथा सूचना निर्धारित समयमा पर्याप्त रूपमा प्राप्त हुन कठिन भई यथार्थ अवस्था चित्रण गर्न चुनौती रहेको छ।

१२.३. निकायहरूबाट कार्यसम्पादन हुँदा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता सम्बन्धी पर्याप्त सूचकहरू तयार गरी कार्यान्वयन नगर्दा स्रोतको प्राप्ति, उपयोग र उपलब्धिमा उपर्युक्त सिद्धान्तको पालना सम्बन्धमा मूल्याङ्कनमा कठिनाइ भएको छ।

१२.४. निकायहरूबाट प्रतिवेदन कार्यान्वयन कार्ययोजना बनाई सोको प्रभावकारी कार्यान्वयन गराउने कार्य चुनौतिपूर्ण रहेको छ।

१२.५. लेखापरीक्षणलाई पारदर्शी बनाउन र लेखापरीक्षणको प्रभावलाई बढाउन लेखापरीक्षणको विषय छनौट देखि प्रतिवेदन तयारी सम्मका क्रियाकलापहरूमा नागरिक संस्थाका प्रतिनिधिहरूलाई सहभागी गराउदै लगिएको भए तापनि उत्प्रेरणासम्बन्धी व्यवस्था कमजोर हुँदा नागरिक संस्थाहरू लेखापरीक्षणमा सहभागिताका लागि प्रेरित नहुने अवस्था छ।

१३. **सुधारका कार्यदिशा -** कार्यमूलक लेखापरीक्षणका सन्दर्भमा देखिएको चुनौती सम्बोधन गर्न निम्न अनुसार सुधारको आवश्यकता देखिएको छ:

१३.१. लेखापरीक्षणलाई स्रोत साधनयुक्त बनाई कार्यमूलक, वातावरणीय तथा सूचना प्रविधि लेखापरीक्षणको प्रभावकारीता अभिवृद्धि गर्न प्रत्येक विषयहरूको लागि आवश्यक मानवीय, वित्तीय तथा भौतिक पूर्वाधार व्यवस्था गरी कर्मचारीहरू उत्प्रेरित हुने व्यवस्था गर्नुपर्दछ।

१३.२. निकायहरूको तथ्याङ्क व्यवस्थापन प्रणाली चुस्त र प्रभावकारी बनाउन निरन्तर छलफल तथा अन्तरक्रिया गर्ने, निकायहरूबाट हुने कार्यसम्पादनमा मितव्ययीता, कार्यदक्षता र प्रभावकारिता सम्बन्धी सूचकहरू तयार गरी कार्यान्वयन गर्न अभिप्रेरित गर्ने र लेखापरीक्षणको क्रममा तथ्याङ्क विश्लेषण गर्दा आधुनिक प्रविधिहरूको अवलम्बन गर्नुपर्दछ।

१३.३. लेखापरीक्षण प्रतिवेदनहरूबाट दिइएका सुझावहरूको कार्यान्वयन स्थिति र नीति निर्माणमा पृष्ठपोषणको भूमिका सम्बन्धमा निरन्तर अध्ययन तथा अनुगमन हुनुपर्दछ।

१३.४. अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तरीय र विश्वसनीय लेखापरीक्षण सम्पन्न गर्न कार्यरत जनशक्तिको सीप, क्षमता विकास गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) र एशियाली संगठन (ASOSAI) का सदस्य राष्ट्रहरूबीच अनुभव आदानप्रदान गर्न, राष्ट्रिय, अन्तर्राष्ट्रिय तालिम तथा अवलोकनको व्यवस्थाका लागि नियमित रूपमा स्रोतको व्यवस्था गर्नुपर्दछ।

संघीय संसदको प्रतिनिधि सभा र प्रदेश सभाको सार्वजनिक लेखा समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, प्रदेश सरकार र स्थानीय तह समेतको सहयोगमा माथि उल्लिखित कार्यदिशा कार्यान्वयन हुनसकेमा सार्वजनिक निकायहरूमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको सिद्धान्तको पालना हुन र सोबाट पारदर्शिता र जवाफदेहिता अभिवृद्धि भई सार्वजनिक निकायहरूबाट सेवा प्रवाह लगायतका विषय क्षेत्रगत दायित्व निर्वाह गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ।

खण्ड (ख)
प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन

परिच्छेद - १
परिचय

पृष्ठभूमि - नेपालको संविधानको अनुसूची-६ मा रहेको प्रदेशको एकल अधिकारसूची र अनुसूची-७ र ९ मा रहेको प्रदेशको साझा अधिकारसूची अन्तर्गतका विषयहरूको व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेश सरकारको रहेको छ। मुलुकी देवानी संहिता, २०७४ को दफा २९९ ले प्रदेश सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सम्पत्तिलाई प्रदेश सरकारी सम्पत्तिको रुपमा लिएको छ। प्रदेश सार्वजनिक सम्पत्तिअन्तर्गत प्रदेश सरकारको हक, स्वामित्व वा अधीनमा रहेको आवासीय र गैह्र आवासीय भवनहरू, सडक, सुरुङ्ग मार्ग, पुल, रेलमार्गहरू, उद्यानहरू, खेलकुद मैदानहरू, सिँचाइ संरचनाहरू, राष्ट्रिय वन, राष्ट्रिय निकुन्ज, संरक्षित क्षेत्रहरू, मेसिनरी उपकरणहरू, यातायातसम्बन्धी साधनहरू, सूचना प्रविधि तथा कम्प्युटरसम्बन्धी उपकरणहरू, बौद्धिक सम्पत्तिहरू, बहुमूल्य बस्तुहरू, उत्पादन नगरिएको प्रदत्त सम्पत्ति तथा सामाजिक रुपमा पहिचान गरिएको सम्पत्ति आदि पर्दछन् (सरकारी सम्पत्तिको एकीकृत विवरण-२०८१/८२, महालेखा नियन्त्रक कार्यालय)। त्यस्तै, मुलुकी देवानी संहिता, २०७४ को दफा २५३ मा घर वा जमिन वा सोसँग जोडिएको संरचना, खानी, ढुङ्गा वा खनिजजन्य वस्तु, नदी, ताल, रुख, बिरुवा वा अचल सम्पत्तिसँग आबद्ध रहेको चल सम्पत्तिलाई समेत अचल सम्पत्तिको रुपमा लिइएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६(४) तथा सम्बन्धित प्रदेशको आर्थिक कार्यविधि कानुनमा आफ्नो मन्त्रालय वा निकाय अन्तर्गतको सबै प्रकारका चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखि सोको विवरण तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्तिको अभिलेख र प्रतिवेदन प्रणालीलाई वस्तुपरक बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) को २०७७।७।२० को निर्णयअनुसार महालेखा नियन्त्रक कार्यालयबाट सार्वजनिक व्यवस्थापन प्रणाली (पाम्स) तयार गरी तीनै तहका सार्वजनिक निकायहरूमा लागु गरिएको र हाल पाम्समा जिन्सी सम्पत्ति दाखिला भएपछि मात्र खर्च लेख्न सकिने प्रकृयाको सुरुवात भएको छ। नेपालको सरकारी सम्पत्ति अभिलेख प्रणालीलाई अन्तर्राष्ट्रियस्तरको बनाउनका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषको सरकारी वित्तीय तथ्याङ्कको म्यानुअल २०१४ अनुसार तीनै तहका सरकारको सम्पत्तिको अभिलेख व्यवस्थित गर्न एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्याको पाचौँ संशोधन कार्यान्वयनमा आएको छ। आर्थिक वर्ष २०८१।८२ सम्ममा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा ७ वटै प्रदेश सरकारका १ हजार ४०७ सरकारी कार्यालयको कुल सम्पत्ति रु.३९ अर्ब ९१ करोड ५७ लाख लेखाङ्कन भएको छ।

<u>प्रमुख कार्यसम्पादन सूचक (KPI)</u>

१. प्रदेशको सम्पत्ति व्यवस्थापननसम्बन्धी नीति, कानुनी तथा संगठनात्मक व्यवस्था
२. एकीकृत वित्तीय विवरण र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) को लेखाङ्कनको अवस्था
३. खारेजीमा परेका कार्यालयको सम्पत्ति व्यवस्थापन र स्वामित्व हस्तान्तरण
४. प्रदेशको सम्पत्तिको संरक्षण, उपयोग र उचित व्यवस्थापन

१. संवैधानिक तथा कानुनी व्यवस्था -

१.१. संवैधानिक व्यवस्था - नेपालको संविधानको धारा ५० (३) मा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्ने तथा धारा ५१(घ५) मा उपलब्ध साधन, स्रोत तथा आर्थिक विकासको न्यायोचित वितरण गर्नेसम्बन्धी राज्यका निर्देशक सिद्धान्त र नीति हुने व्यवस्था छ। साथै, धारा ४८ मा सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्यको रुपमा उल्लेख छ। यी संविधानका नीतिगत व्यवस्था र दायित्वहरू प्रदेश सरकारको सम्पत्ति व्यवस्थापनसँग सम्बन्धित रहेको छ।

१.२. कानुनी व्यवस्था - प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापनसँग ७ प्रदेश सरकारको आर्थिक कार्यविधि कानुनमा भएको व्यवस्था देहायबमोजिम रहेका छन्:

प्रदेश	कानुन	कानुनमा भएको व्यवस्था
कोशी प्रदेश	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८	मन्त्रालय वा निकाय अन्तर्गतको सबै प्रकारको चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखि सोको विवरण तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने, प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने, जिन्सी मालसामान सात दिनभित्र दाखिला गर्नुपर्ने, जिन्सीको बरबुझारथ गर्ने, जिन्सी सामानको लिलाम बिक्री तथा मिनाहासम्बन्धी व्यवस्था गरेको।
मधेश प्रदेश	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४	प्रदेश मन्त्रालय अन्तर्गतको सम्पत्ति र दायित्वको लेखाङ्कन एवम् प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुने, प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको एकीकृत विवरण तयार गर्ने, जिन्सी सामान प्राप्त भएको सात दिनभित्र आम्दानी बाँध्नुपर्ने, घरजग्गा, सवारी साधनलगायतको लगत नियमित रुपमा अद्यावधिक गरी राख्नुपर्ने, प्रदेश लेखा नियन्त्रक कार्यालयले एकीकृत जिन्सी प्रतिवेदन तयार गरी आश्विन मसान्तभित्र पेस गर्नुपर्ने, जिन्सीको बरबुझारथ गर्ने, जिन्सी सामानको लिलाम बिक्री तथा मिनाहासम्बन्धी व्यवस्था गरेको।
बागमती प्रदेश	प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४	प्रदेश मन्त्रालय अन्तर्गतको सम्पत्ति र दायित्वको लेखाङ्कन एवम् प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुने, प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेशको एकीकृत विवरण तयार गर्ने, जिन्सीको संरक्षण गर्ने तथा व्यक्तिगत प्रयोगबाट सम्पत्तिमा क्षति वा नोक्सनी भएमा असुल गर्ने, जिन्सी सामान प्राप्त भएको सात दिनभित्र आम्दानी बाँध्नुपर्ने, घरजग्गा, सवारी साधनलगायतको लगत नियमित रुपमा अद्यावधिक गरी राख्नुपर्ने, प्रदेश लेखा नियन्त्रक कार्यालयले एकीकृत जिन्सी प्रतिवेदन तयार गरी आश्विन मसान्तभित्र पेस गर्नुपर्ने, जिन्सीको बरबुझारथ गर्ने, जिन्सी सामानको लिलाम बिक्री तथा मिनाहासम्बन्धी व्यवस्था गरेको।
गण्डकी प्रदेश	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८	मन्त्रालय वा निकाय अन्तर्गतको सबै प्रकारको चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखि सोको विवरण तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने, प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने, जिन्सी मालसामान सात

प्रदेश	कानुन	कानुनमा भएको व्यवस्था
		दिनभित्र दाखिला गर्नुपर्ने, जिन्सीको बरबुझारथ गर्ने, जिन्सी सामानको लिलाम बिक्री तथा मिनाहासम्बन्धी व्यवस्था गरेको।
लुम्बिनी प्रदेश	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१	मन्त्रालय वा निकाय अन्तर्गतको सबै प्रकारको चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखि सोको विवरण तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने, प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने, जिन्सी मालसामान सात दिनभित्र दाखिला गर्नुपर्ने, जिन्सीको बरबुझारथ गर्ने, जिन्सी सामानको लिलाम बिक्री तथा मिनाहासम्बन्धी व्यवस्था गरेको।
कर्णाली प्रदेश	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१	मन्त्रालय वा निकाय अन्तर्गतको सबै प्रकारको चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखि सोको विवरण तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने, प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने, जिन्सी मालसामान सात दिनभित्र दाखिला गर्नुपर्ने, जिन्सीको बरबुझारथ गर्ने, जिन्सी सामानको लिलाम बिक्री तथा मिनाहासम्बन्धी व्यवस्था गरेको।
सुदूरपश्चिम प्रदेश	प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९	मन्त्रालय वा निकाय अन्तर्गतको सबै प्रकारको चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखि सोको विवरण तोकिएको समयभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने, प्राप्त विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने, जिन्सी मालसामान सात दिनभित्र दाखिला गर्नुपर्ने, जिन्सीको बरबुझारथ गर्ने, जिन्सी सामानको लिलाम बिक्री तथा मिनाहासम्बन्धी व्यवस्था गरेको।

- मुलुकी देवानी संहिता, २०७४
- जग्गा प्राप्ति ऐन, २०३४
- मालपोत ऐन, २०३४
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति (२०८२-२०८७)
- भ्रष्टाचार निवारण ऐन, २०५९
- सरकारी मालसामान मिनाहा तथा लिलाम बिक्रीसम्बन्धी निर्देशिका
- सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) कार्यान्वयन निर्देशिका
- सरकारी सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) को प्रयोगकर्ता म्यानुअल, २०७९
- नेपाल सरकारको लेखा निर्देशिका, २०७३
- सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रीसम्बन्धी कार्यविधि, २०७९
- एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ (पाचौं संशोधन)

२. **संगठन संरचना र जनशक्ति -** नेपाल सरकारको सम्पत्ति व्यवस्थापनका लागि महालेखा नियन्त्रक कार्यालयअन्तर्गत उपसचिव १, लेखा अधिकृत २ र लेखापाल २ गरी जम्मा ५ जना दरबन्दीको सार्वजनिक सम्पत्ति व्यवस्थापन शाखा रहेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयमा सम्पत्ति व्यवस्थापनको लागि छुट्टै शाखा नरहेको तर प्रत्येक सरकारी कार्यालयमा सरकारी सम्पत्ति व्यवस्थापन गर्न कार्यालय प्रमुखले जिन्सी शाखामा कर्मचारीलाई जिम्मेवारी दिने गरिएको छ।

३. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य (२०१६-२०३०) मा उल्लिखित १७ लक्ष्यहरूमध्ये लक्ष्य नं. १२.७ मा राष्ट्रिय नीति र प्राथमिकताअनुसार दिगो सार्वजनिक खरिद अभ्यासहरूको प्रवर्धन गर्ने र लक्ष्य नं. १६.६ मा सबै तहमा प्रभावकारी, जवाफदेही र पारदर्शी निकायहरू स्थापना गर्ने उल्लेख छ। दिगो विकास लक्ष्यका यी सहायक लक्ष्यहरूले प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापनको लागि मार्गदर्शन गरेका छन्।

४. **वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य -** प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन सम्बन्धमा प्रदेशको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका बेहोराहरू देहायबमोजिम रहेका छन्:

प्रदेश	आर्थिक वर्ष	नीति तथा कार्यक्रम
कोशी	२०८१।८२	प्रदेशको सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी प्रदेशका सरकारी निकायले प्रयोग गरिरहेका घर, जग्गाको स्वामित्व तथा भोगाधिकार प्रदेशमा रहने गरी सङ्घबाट हस्तान्तरणका लागि आवश्यक प्रकृया अघि बढाइने र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको अद्यावधिक संस्करण पूर्ण रुपमा कार्यान्वयनमा ल्याइने। (२८)
मधेश	२०८१।८२	आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनमा समसामयिक परिमार्जन गरी सार्वजनिक खर्च प्रणालीलाई थप पारदर्शी र जवाफदेही बनाई वित्तीय अनुशासन कायम गरिने। (९)
बागमती	२०८१।८२	सङ्घीय आर्थिक कार्यविधि कानुनसँग सामञ्जस्य हुने गरी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन र नियमावली तर्जुमा गरिने। (१२)
सुदूरपश्चिम	२०८१।८२	सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई थप सबल र सुदृढ बनाइने। (१०)

५. **विश्वव्यापी अभ्यास -** विश्वका विभिन्न देशहरूले सार्वजनिक सम्पत्तिलाई नागरिकको जीवनस्तर सुधार्ने र राष्ट्रिय अर्थतन्त्र बलियो बनाउने आधारका रूपमा प्रयोग गरेका तथा प्रविधि, पारदर्शी कानुन र दीर्घकालीन रणनीतिमार्फत सरकारी सम्पत्तिको अधिकतम लाभ लिइरहेका छन्। सार्वजनिक सम्पत्तिको कुशल व्यवस्थापन, संरक्षण र उपयोगका केही विश्वव्यापी असल अभ्यासहरू निम्नुअनुसार छन्:

- **सिङ्गापुर -**
    - सिङ्गापुरले सार्वजनिक सम्पत्तिलाई 'सरकारी खर्च' का रूपमा मात्र नहेरी 'राष्ट्रिय लगानी' का रूपमा हेर्ने गर्दछ।
    - सिङ्गापुरको भूमि प्राधिकरणले सरकारी जग्गा र भवनहरूको डिजिटल तथ्याङ्क राख्छ र प्रयोगविहीन भवनहरूलाई सिर्जनशील कार्यका लागि भाडामा दिने गर्दछ।
    - राज्यको सम्पत्तिलाई व्यावसायिक रूपमा परिचालन गरी राजस्व सङ्कलन गर्ने गरेको छ।

- **नर्वे** -
    - नर्वेले आफ्नो सार्वजनिक सम्पत्ति (विशेष गरी पेट्रोलियम पदार्थ) बाट प्राप्त हुने आम्दानीलाई भविष्यका पुस्ताका लागि सुरक्षित राखेको छ।
    - सरकारी पेन्सन कोष ग्लोबलमार्फत नर्वेले तेलबाट आएको नाफालाई विश्वभरका शेयर बजारमा लगानी गर्छ। कोषको हरेक लगानी र नाफाको विवरण नागरिकले अनलाइनमार्फत हेर्न सक्छन्।
    - प्राकृतिक स्रोतको उपयोग वर्तमानका पुस्ताले मात्र नभई भविष्यको पुस्ताले पनि पाउने गरी 'सार्वभौम सम्पत्ति कोष' बनाउने गरेको छ।
- **न्युजिल्याण्ड** -
    - न्युजिल्याण्डले सार्वजनिक सम्पत्तिको विवरण राख्न र त्यसको अवस्थाबारे जानकारी दिन 'सम्पत्ति व्यवस्थापन योजना' अनिवार्य गरेको छ।
    - सरकारी कार्यालय वा भवनहरूको प्रयोग गर्दा पूँजीगत शुल्क तिर्नुपर्ने व्यवस्था छ। यसले गर्दा कार्यालयहरूले अनावश्यक सम्पत्ति ओगटेर राख्दैनन् र उपलब्ध सम्पत्तिको उच्चतम प्रयोग गर्छन्।
    - सरकारले प्रत्येक वर्ष सार्वजनिक सम्पत्तिको वर्तमान मूल्य र भविष्यमा गर्नुपर्ने मर्मत सम्भारको विस्तृत प्रतिवेदन सार्वजनिक गर्छ। जसले कुन सम्पत्ति कुन अवस्थामा छ भन्ने स्पष्ट तथ्याङ्क राख्न र मर्मत सम्भारमा प्राथमिकता दिन मद्दत पुगेको छ।
- **जापान** -
    - जापानमा सार्वजनिक सम्पत्तिको दीर्घकालीन आयुमा विशेष ध्यान दिइन्छ।
    - त्यहाँका सडक, पुल र ढल निकास प्रणालीलाई नियमित 'प्रिभेन्टिभ मेन्टेनेन्स' (बिग्रिनु अघि नै गरिने मर्मत) गरिन्छ।
    - पुल वा सडकलगायतका सम्पत्ति ध्वस्त भएपछि पुनर्निर्माण गर्नुभन्दा समयमै मर्मत गरेर खर्च जोगाउन त्यसको मर्मत गर्ने तालिका हुन्छ, जसले पछि हुने ठुलो खर्च बचाउँछ।

६. **विषय छनोटको औचित्य** - नेपालको संविधानको अनुसूची-६, ७ र ९ बमोजिम प्रदेशको एकल तथा साझा अधिकारसूचीका विषयहरूको कार्यान्वयनका क्रममा सिर्जना भएका र प्राप्त भएका चल-अचल सरकारी सम्पत्तिको कुशल व्यवस्थापन, संरक्षण र सदुपयोग गर्नु प्रदेश सरकारको मुख्य जिम्मेवारी हो। प्रदेश सरकारी कार्यालयहरूमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) लागु भएतापनि घर, जग्गा, प्राकृतिक तथा पूर्वाधारजन्य सम्पत्तिको एकीकृत अभिलेखाङ्कन नहुनु, वित्तीय विवरण र प्रणालीको तथ्याङ्कबीच भिन्नता देखिनु तथा खारेज वा गाभिएका निकायहरूको सम्पत्ति हस्तान्तरणमा अन्योल कायम रहनुले सम्पत्ति व्यवस्थापनमा जोखिम देखाएको छ। यसै पृष्ठभूमिमा प्रदेश सरकारको स्वामित्वमा रहेका सम्पत्तिको अभिलेखको यथार्थता, संरक्षण र उपयोगिताको अवस्था मूल्याङ्कन गरी विद्यमान नीतिगत तथा व्यवहारिक समस्याहरू पहिचान गर्ने र ती समस्या समाधानका लागि उपयुक्त सुझाउहरू प्रदान गरी प्रदेश सरकारको सार्वजनिक सम्पत्ति व्यवस्थापनलाई थप पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने उद्देश्यले यस विषयलाई कार्यमूलक लेखापरीक्षणका लागि छनोट गरिएको हो।

परिच्छेद-२

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

७. **लेखापरीक्षणको उद्देश्य** - प्रदेश सरकारी कार्यालयको सम्पत्तिको प्राप्ति तथा लेखाङ्कन, भौतिक सुरक्षा र उपयोगिताको अवस्था मूल्याङ्कन र समग्र सम्पत्ति व्यवस्थापनको अध्ययन विश्लेषण गरी देखिएका बेहोराहरूमा सुधारका लागि उपयुक्त सुझाउसहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। लेखापरीक्षणको अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

- प्रदेशको सम्पत्ति व्यवस्थापनको नीतिगत, कानुनी र संगठनात्मक व्यवस्थाको विश्लेषण गर्ने,
- प्रदेश सम्पत्तिको एकीकृत वित्तीय विवरण र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा लेखाङ्कन भएको सम्पत्तिको अभिलेखको यथार्थता परीक्षण गर्ने,
- प्रदेशमा खारेजीमा परेका कार्यालयहरूको सम्पत्ति व्यवस्थापन र स्वामित्व हस्तान्तरण प्रक्रियाको विश्लेषण गर्ने,
- प्रदेश सरकारको सम्पत्तिको संरक्षण, उपयोग र उचित व्यवस्थापनको विश्लेषण गर्ने।

८. **लेखापरीक्षणको क्षेत्र** - प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापनको कार्यमूलक लेखापरीक्षणको क्षेत्रभित्र ७ वटै प्रदेश सरकार/निकायको जिन्सी तथा सम्पत्तिको विवरणलाई समावेश गरिएको छ। त्यस्तै, महालेखा नियन्त्रकको कार्यालयबाट प्रदेशको सम्पत्ति व्यवस्थापनको लेखापरीक्षणका लागि आवश्यक विवरण र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको भर्सन २ बाट समेत आवश्यक तथ्याङ्क लिइएको छ। कार्यमूलक लेखापरीक्षणको लागि प्रदेश सरकारको २०८१।८२ को सम्पत्तिको विवरण लिइएको भएतापनि सम्पत्तिको मौज्दात बाँकी र वर्गीकरणको विश्लेषण गर्न २०८२ चैत्र मसान्तसम्मको विवरण समेतको तथ्याङ्क लिइएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकताअनुसार महालेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्य सम्बन्धित निकायबाट समेत आवश्यक सूचना, तथ्याङ्क एवम् जानकारी सङ्कलन गरिएको छ।

९. **लेखापरीक्षण पद्धति तथा आधार** - यस कार्यमूलक लेखापरीक्षणलाई वस्तुनिष्ठ र प्रमाणमा आधारित बनाउन परिमाणात्मक र गुणात्मक पद्धतिको अवलम्बन गरिएको छ। यसअन्तर्गत प्रदेशको सम्पत्ति व्यवस्थापनसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्थाको विश्लेषण गर्न नेपालको संविधान, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानुन र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) निर्देशिकालगायतको समीक्षा गरिएको छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त प्राथमिक तथ्याङ्क र एकीकृत वित्तीय विवरणबीचको यथार्थता परीक्षण गर्न पाम्सको तथ्याङ्कलाई एकीकृत विवरणसँग भिडान गरिएको छ। लेखापरीक्षणमा प्रदेश मन्त्रालय तथा निकायहरूको सम्पत्तिको उपयोगिता मूल्याङ्कन गर्न पाम्सको अभिलेख तथा प्रश्नावलीमार्फत आवश्यक सूचना सङ्कलन गरिएको छ। महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०८२, नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (इसाई ३००), लेखापरीक्षणका मानदण्ड (इसाई ३०००) र कार्यमूलक लेखापरीक्षण निर्देशिका, २०८० बमोजिम लेखापरीक्षण गरिएको छ।

१०. **लेखापरीक्षणको सीमा -** लेखापरीक्षणका लागि उपलब्ध स्रोत, साधन र समयको सीमा, नियन्त्रण जोखिमको विश्लेषण तथा लाभ लागत विश्लेषणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न सम्भव नभएको लेखापरीक्षण योजना बमोजिमको सारभूत विषयको छनोट गरी लेखापरीक्षण गरिएको छ। कार्यालयको स्रोत साधन र समयको सीमितताले गर्दा प्रदेश सरकारको सम्पत्तिको भौतिक अवस्थाबारे स्थलगत रुपमा अवलोकन गरिएको छैन। प्रदेश सरकारअन्तर्गतका सबै निकायहरूको सम्पत्ति व्यवस्थापनको अवस्थालाई पूर्ण रूपमा समेट्न समय र स्रोतको सीमितताका कारण सम्भव नभएकाले जोखिमका आधारमा प्रदेश सरकारको मन्त्रालय, आयोग र निर्देशनालयहरूलाई नमुनाको रूपमा छनोट गरी अध्ययन गरिएको छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्ट गरिएका तथ्याङ्कहरूको शुद्धता सम्बन्धित कार्यालयले गरेको लेखाङ्कनमा भर पर्ने र कतिपय कार्यालयले सामग्रीको वास्तविक मूल्य लेखाङ्कन नगरी अनुमानित मूल्य राखेका कारण जिन्सी तथा सम्पत्तिको मूल्यमा फरक हुन सक्ने देखिएको छ। खारेजीमा परेका कार्यालयहरूको सम्पत्तिको अभिलेख, घरजग्गाको लगत र जिन्सी सामग्रीको क्षतिको विवरण प्राप्त गर्न कठिनाइ भएको छ। यस लेखापरीक्षणमा प्रदेश सरकारको पछिल्लो प्रदेश सरकार (कार्यविभाजन) नियमावलीमा उल्लेख मन्त्रालयलाई समावेश गरिएको हुँदा प्रादेशिक महानिर्देशनालयले तयार गरेको प्रदेश सरकारको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख मन्त्रालयसँग फरक देखिएको छ। महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट प्राप्त प्रदेश सरकारी सम्पत्तिको तथ्याङ्क, प्रदेश लेखा नियन्त्रक कार्यालयले तयार गरेको एकीकृत वित्तीय विवरण, प्रश्नावलीबाट प्राप्त सूचना, महालेखापरीक्षकको प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनको आधारमा प्रदेश सरकारी सम्पत्तिको बारेमा अध्ययन तथा विश्लेषण गरी लेखापरीक्षणको निष्कर्ष तयार गरिएको छ।

परिच्छेद-३
लेखापरीक्षणबाट देखिएको बेहोराहरू

नेपालको संविधानको अनुसूची-६, ७ र ९ मा रहेको प्रदेशको एकल र साझा अधिकारसूची अन्तर्गतका विषयहरूको व्यवस्थापन गर्ने जिम्मेवारी प्रदेश सरकारको रहेको छ। प्रदेश सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेको सबै प्रकारका चल, अचल सम्पत्ति र दायित्वको अभिलेख राखि प्रतिवेदन गर्ने जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र सो आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्तिको एकीकृत विवरण तयार गर्ने गरेको छ। सार्वजनिक सम्पत्तिको अभिलेख र प्रतिवेदन प्रणालीलाई वस्तुपरक बनाउन नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७७।७।२० को निर्णयअनुसार महालेखा नियन्त्रक कार्यालयबाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) तयार गरी तीनै तहका सार्वजनिक निकायहरूमा लागु गरिएतापनि प्रदेश सरकारले घर, जग्गा, प्राकृतिक तथा पूर्वाधारजन्य सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा लेखाङ्कन गरेको छैन। प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापनका लागि आवश्यक नीति, कानुन र अन्य विषयहरूमा देखिएका समस्याको सुधारका लागि आवश्यक सुझाउहरू प्रदान गर्ने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

- महालेखा नियन्त्रक कार्यालयले २०८१।८२ बाट सङ्घ, प्रदेश र स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) भर्सन - २ लागु भएकोमा वर्षको अन्त्यसम्ममा १ हजार ४०७ प्रदेश सरकारी कार्यालयमा पाम्सको कार्यान्वयन भएको र हाल पाम्समा जिन्सी सम्पत्तिको दाखिला भएपछि मात्र खर्च लेख्न सकिने प्रकृयाको सुरुवात भएको छ।
- नेपालको सरकारी सम्पत्ति अभिलेखन प्रणालीलाई अन्तर्राष्ट्रियस्तरको बनाउनका लागि अन्तर्राष्ट्रिय मुद्रा कोषको सरकारी वित्तीय तथ्याङ्कको म्यानुअल २०१४ अनुसार तीनै तहका सरकारको सम्पत्तिको अभिलेख व्यवस्थित एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्याको पाचौं संशोधन कार्यान्वयनमा आएको छ।
- आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्ममा ७ प्रदेश सरकारअन्तर्गतका सरकारी कार्यालयको कुल सम्पत्ति रु.३९ अर्ब ९१ करोड ५७ लाख लेखाङ्कन भएको छ।
- पाम्समा सबै जिन्सी सामग्रीको अभिलेख देखिने भएकोले योजना तर्जुमा, खरिद व्यवस्थापन र अत्यावश्यक सेवा प्रवाह गर्न र जिन्सी सामग्रीको तथ्याङ्क लिन तथा प्रतिवेदन गर्न सहज भएको छ।

सुधार गर्नुपर्ने पक्ष

११. **कानुनी तथा नीतिगत व्यवस्था -** नेपालको संविधानको अनुसूची-६ मा रहेको प्रदेशको एकल अधिकारसूची तथा अनुसूची ७ र ९ मा रहेको साझा अधिकारसूचीअन्तर्गत प्रदेश सरकारको स्वामित्वमा रहेको सम्पत्ति व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारको रहेको छ। तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७) ले सार्वजनिक सम्पत्तिको व्यवस्थापनको नीति र खाका तयार गर्ने लक्ष्य लिएको छ। प्रदेशले सार्वजनिक सम्पत्तिको व्यवस्थापन सम्बन्धमा हालसम्म छुट्टै नीति र कानुन तर्जुमा गरेको छैन। सार्वजनिक सम्पत्ति व्यस्थापन प्रणालीमा प्रदेशको प्राकृतिक संशाधन र पूर्वाधारजन्य सम्पत्तिको अभिलेखाङ्कन गर्न सकिएको छैन। वित्तीय तथा गैरवित्तीय सम्पत्तिलाई समेट्ने, सम्पत्तिको दर्ता, मूल्याङ्कन र प्रयोगको लागि स्पष्ट निर्देशिका तर्जुमा गर्ने, सम्पत्तिको दीर्घकालीन उपयोग र वार्षिक बजेटसँग जोड्ने, सबै राष्ट्रिय सम्पत्तिलाई

लेखाङ्कन गर्ने, सम्पत्तिको मर्मत सम्भार तथा प्रतिस्थापन मूल्य कायम गर्ने, सम्पत्तिको अनिवार्य र वैज्ञानिक ह्रास कट्टी लागु गर्ने, सम्पत्तिको बजार मूल्य र आर्थिक लाभसमेतलाई मध्यनजर गरी सार्वजनिक सम्पत्तिको मूल्याङ्कन तथा व्यवस्थापनसम्बन्धी नीति र सो को कार्यान्वयनका लागि आवश्यक कानुनको तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।

१२. **संगठनात्मक व्यवस्था -** तेस्रो सार्वजनिक वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति (२०८२-२०८७) ले सार्वजनिक सम्पत्ति व्यवस्थापनको लागि महालेखा नियन्त्रकको कार्यालयमा एक स्वतन्त्र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्राधिकरण स्थापना गर्ने लक्ष्य लिएको छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानुनमा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था भएतापनि प्रदेश लेखा नियन्त्रक कार्यालयमा सम्पत्ति व्यवस्थापनसँग सम्बन्धित छुट्टै संगठनात्मक व्यवस्था रहेको छैन। प्रदेशअन्तर्गतका कार्यालयमा सार्वजनिक सम्पत्तिको लेखाङ्कन, संरक्षण र उपयोगसम्बन्धी कार्य जिन्सी शाखाले गर्दै आइरहेका छन्। प्रदेश नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ति व्यस्थापन प्रणालीको सञ्चालन र सामान्य अनुगमनबाहेक सार्वजनिक सम्पत्तिको सदुपयोग भए नभएको विषयमा अनुगमन गर्न सकेको छैन। प्रदेश कार्यालयले खरिद र हस्तान्तरणबाट प्राप्त भएका जिन्सी सामग्रीको अभिलेख राख्ने, मर्मत सम्भार गर्नेलगायतका नियमित कार्यहरू मात्र गर्ने गरेको देखिन्छ। सार्वजनिक जग्गा, भवन, प्राविधिक उपकरण, सवारी साधन, खनिज तथा प्राकृतिक सम्पत्तिहरूको अभिलेखाङ्कन गर्न र सम्पत्तिको दिर्घकालीन तथा प्रभावकारी उपयोगको लागि आवश्यक कार्य गर्न सकेको छैन। प्रदेशको सार्वजनिक सम्पत्तिको अभिलेखाङ्कन, उपयोग, संरक्षण, जवाफदेहिता र पारदर्शितासहित व्यवस्थापनको लागि आवश्यक संरचना स्थापना गर्न उचित निर्णय लिनुपर्दछ।

१३. **सम्पत्तिको वर्गीकरणमा संशोधन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ र प्रदेशको आर्थिक कार्यविधि कानुनमा सम्पत्तिको लेखा खरिद मूल्यको आधारमा राखिने र अभिलेख राख्दा एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउने नसक्ने, सामान्यतया एक वर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँसम्म पर्ने मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने र एक वर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिको लेखा खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्ने र एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने उल्लेख छ। वर्तमान कानुनी व्यवस्थाले मालसामान तथा सम्पत्तिलाई मूल्यको आधारमा दुई प्रकारमा विभाजन गरेको र कार्यालय प्रमुखलाई सम्पत्तिको वर्गीकरणमा थप अधिकार दिएको छ। आर्थिक वर्ष २०८२।८३ मा ७ प्रदेश सरकारको ८९ मन्त्रालय/निकायले १ लाख १४ हजार ५९४ सामग्रीको रु.१२ करोड ९२ लाख ९४ हजारको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने सम्पत्तिमा लेखाङ्कन गरेको छ ***(यससम्बन्धी बेहोरालाई प्रदेशगत रुपमा विश्लेषण गरिएको छ),*** यसरी सम्पत्तिको अभिलेखाङ्कन फरक हुँदा सम्पत्तिको सदुपयोग नहुने अवस्था रहन्छ। केमिकल सामग्री, इन्धन, कार्यालय सामग्रीलगायत सम्पत्तिको मूल्य बढी भएतापनि एकपटक प्रयोग गरेपछि भौतिक अस्तित्व नै समाप्त हुन्छन् भने कुनै सामग्रीको मूल्य न्यून भएपनि टिकाउ अवधि एक वर्षभन्दा बढी हुने गर्दछन्। त्यस्तै, बौद्धिक सम्पत्ति (सफ्टवेयर, अध्ययन प्रतिवेदन, पेटेन्ट आदी) र पुस्तकको उपयोग दीर्घकालीन

रुपमा हुने गर्दछ भने सफ्टवेयरको भौतिक स्वरुप समेत हुदैंन। सम्पत्तिको वैज्ञानिक रुपमा वर्गीकरण नहुँदा प्रदेशको सम्पत्तिको प्रभावकारी रुपमा उपयोग र संरक्षण हुन सकेको छैन। सार्वजनिक सम्पत्तिलाई मूल्य र प्रकृतिको आधारमा उपभोग्य तथा परिचालन सम्पत्ति, पूँजीगत वा स्थिर सम्पत्ति, न्यून मूल्यका टिकाउ सम्पत्ति, अवशेष मूल्य रहने सम्पत्ति, प्राकृतिक तथा पूर्वाधारजन्य सम्पत्ति, अमूर्त र बौद्धिक सम्पत्तिलाई समेत मध्यनजर गरी खर्च भएर जाने, पुनः प्रयोग गर्न सकिने र खर्च भएर नजाने मालसामान तथा सम्पत्तिको रुपमा वर्गीकरण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१४. **पाम्स प्रणालीमा सुधार -** नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति, दोस्रो चरण (२०७२-२०८२) को सुधार कार्य योजनामा महालेखा नियन्त्रक कार्यालयको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)लाई स्तरोन्नती गर्ने लक्ष्य लिएकोमा २०८१।८२ देखि पाम्स भर्सन २ को सुरुवात भएको छ। पाम्समा पूर्वाधारजन्य सम्पत्ति र प्राकृतिक संशाधनलगायतको सम्पत्तिलाई अभिलेख गरेको छैन। प्रणालीमा समग्र आर्थिक वर्षको जिन्सी सामग्रीको विवरण उपलब्ध भएतापनि मासिक र दैनिक विवरण प्राप्त नहुने, कार्यालय तथा मन्त्रालयगत मर्मत गर्नुपर्ने, लिलाम गर्नुपर्ने तथा मिनाहा गर्नुपर्ने सामग्रीको विवरण र मूल्य नदेखिने, मन्त्रालय तथा कार्यालय गाभिने वा खारेज हुँदा समेत पाम्समा समायोजन गरेको छैन। प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको २०८१।८२ को एकीकृत वित्तीय विवरणमा ७ प्रदेशको जिन्सी तथा सम्पत्ति रु.४० अर्ब ९८ करोड ४२ लाख ६१ हजार रहेकोमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा रु.३९ अर्ब ९२ करोड ७० लाख १६ हजारको लेखाङ्कन भई एकीकृत वित्तीय विवरणमाभन्दा रु.१ अर्ब ५ करोड ७२ लाख ४५ हजारले घटी लेखाङ्कन भएको र ७ प्रदेशमा खारेज भएका १४ मन्त्रालयमा २०८२ चैत्र महिनासम्म खर्च भएर नजाने सम्पत्ति रु.८६ करोड २३ लाख ५५ हजार र खर्च भएर जाने सम्पत्ति रु.१३ करोड २१ लाख ४ हजार समेत रु.९९ करोड ४४ लाख ५९ हजारको सम्पत्ति लेखाङ्कन भएको छ। जसले गर्दा प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको विवरण यथार्थपरक रहेको देखिदैंन। प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको अभिलेखलाई अद्यावधिक गरी पाम्समा रहेको कमी कमजोरीहरूलाई सुधार गर्दै सार्वजनिक सम्पत्तिलाई विश्वसनीय र पारदर्शी बनाउनुपर्दछ।

यसको साथै प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापनसम्बन्धमा देखिएका प्रदेशगत बेहोराहरू देहायबमोजिम रहेका छन्:

कोशी प्रदेश

१५. **सम्पत्तिको अभिलेखाङ्कन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २८ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको २०८१।८२ को जिन्सी तथा सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

(रु. हजारमा)

मन्त्रालय वा निकायको नाम	जिन्सी तथा सम्पत्तिको विवरण					
	भवन र संरचना	मेसिनरी र उपकरण	अन्य स्थिर सम्पत्ति	बहुमूल्य वस्तु	प्राकृतिक सम्पत्ति	जम्मा
२०२-प्रदेश व्यवस्थापिका	०	१६५६१०	१००८	०	०	१६६६१८
२१०-प्रदेश लोक सेवा आयोग	०	५४५७७	२९५६	०	०	५७५३३
२१६-मुख्य न्यायाधिवक्ताको कार्यालय	०	१८४२९	०	०	०	१८४२९
३०१-मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०	१९८५५४	१४७५१	०	०	२१३३०५
३०५-आर्थिक मामिला तथा योजना मन्त्रालय	०	१६१६६१	४९७	०	०	१६२१५८
३०७-उद्योग, श्रम तथा रोजगार मन्त्रालय	१४८७७१	१५१२२८	२७२५	०	२३५०	३०५०७४
३१२-उद्योग कृषि तथा सहकारी मन्त्रालय	१५७१३	५६३८१३	४६०६	०	८५३७९	६६९५११
३१३-खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय	३६१२५	४२१६२६	२५९९५५	०	३१७०३	७४९४०९
३१४-आन्तरिक मामिला तथा कानुन मन्त्रालय	०	२१३६२६	१९६८	०	१६९३	२१७२८७
३२५-पर्यटन तथा संस्कृति मन्त्रालय	०	८७१३	०	०	०	८७१३
३२९-पर्यटन, वन तथा वातावरण मन्त्रालय	१२८९	३१०६७०	१८६५१	०	१२९	३३०७३९
३३६-भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	०	२९	०	०	०	२९
३३७- भौतिक पूर्वाधार विकास मन्त्रालय	२९५००	४६३३७१	४५११८६	०	११४२	९४५१९९
३५०-सामाजिक विकास मन्त्रालय	२३९९५	९६८८३७	२४३१	१००	४२९०	९९९६५३
३५८-यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय	०	१९१२४	१३	०	०	१९१३७
३७०-स्वास्थ्य मन्त्रालय	९९२९८	११३०५६७	१९६४	०	१८०३४	१२४९८६३
३९१-प्रदेश योजना आयोग	०	२८१७६	१२५१	०	०	२९४२७
जम्मा	**३५४६९१**	**४८७८६११**	**७६३९६२**	**१००**	**१४४७२०**	**६१४२०८४**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको २०८१।८२ को कुल जिन्सी तथा सम्पत्ति रु.६ अर्ब १४ करोड २० लाख ८४ हजारमध्ये भवन र संरचना रु.३५ करोड ४६ लाख ९१ हजार, मेसिनरी र उपकरण रु.४

अर्ब ८७ करोड ८६ लाख ११ हजार, अन्य स्थिर सम्पत्ति रु.७६ करोड ३९ लाख ६२ हजार, बहुमूल्य बस्तु रु.१ लाख र प्राकृतिक सम्पत्ति रु.१४ करोड ४७ लाख २० हजार रहेको छ। सम्पत्ति विवरणमा प्रदेश सरकार मातहतका सरकारी जग्गा र पूर्वाधारजन्य सम्पत्तिको अभिलेख नरहेको र सबै सरकारी भवन संरचना, मेसिनरी उपकरण र अन्य स्थिर सम्पत्तिको लेखाङ्कन नगरेकोले प्रदेश सरकारको सम्पत्ति व्यवस्थापन व्यवस्थित देखिएन। प्रदेश सरकार मातहतका सम्पूर्ण सरकारी सम्पत्तिको लेखाङ्कन गरी सम्पत्ति व्यवस्थापनलाई पारदर्शी र प्रभावकारी बनाउनुपर्दछ।

१६. **सम्पत्ति लेखाङ्कनमा फरक -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २८ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८०।८१ र २०८१।८२ को एकीकृत वित्तीय विवरण र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा लेखाङ्कन भएको सम्पत्तिको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	विवरण नमिलेको मन्त्रालय/निकाय संख्या	जिन्सी तथा सम्पत्तिको विवरण			
		२०८०।८१ को एकीकृत वित्तीय विवरणअनुसार	आर्थिक वर्ष २०८१।८२		
			एकीकृत वित्तीय विवरणअनुसार	पाम्सअनुसार	फरक
कोशी प्रदेश	४	६१०४४६०	६१४२२२५	६१४२०८४	१४१

स्रोतः महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणनुसार २०८१।८२ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.६ अर्ब १४ करोड २२ लाख २५ हजार रहेकोमा पाम्समा रु.६ अर्ब १४ करोड २० लाख ८४ हजारको लेखाङ्कन भई एकीकृत वित्तीय विवरणमाभन्दा रु.१ लाख ४१ हजारले घटी लेखाङ्कन भएको छ। त्यस्तै, २०८०।८१ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.६ अर्ब १० करोड ४४ लाख ६० हजार रहेकोमा यो वर्ष रु.३ करोड ७७ लाख ६५ हजारले बढेको छ। जसले गर्दा प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको विवरण यथार्थपरक रहेको देखिदैँन। प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको अभिलेखलाई अद्यावधिक गरी पाम्समा लेखाङ्कन भएको भन्दा फरक सम्बन्धमा हिसाब मिलान गरी सरकारी सम्पत्तिको लेखाङ्कनलाई विश्वसनीय र पारदर्शी बनाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।)

१७. **सम्पत्तिको मूल्य -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९६ मा कार्यालयमा मूल्य नखुलेको कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएका कार्यालय प्रमुखले यो नियमावली प्रारम्भ भएको एक वर्षभित्र मूल्य नखुलेको सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य कायम गरी त्यस्तो सम्पत्ति तथा जिन्सी सामानको स्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)अनुसार प्रदेश मन्त्रालय वा निकायको सम्पत्तिको मूल्य नखुलेकोले रु.१ कायम गरेको छ। यससम्बन्धी विवरण निम्नानुसार छन्-

(रकम रु. हजारमा)

मन्त्रालय वा निकाय	निकायको संख्या	सम्पत्तिको संख्या	जम्मा मूल्य
कोशी प्रदेश	४	२०८	२०८

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेशअन्तर्गत ४ निकायको खर्च भएर नजाने २०८ जिन्सी सम्पत्तिको वास्तविक मूल्य यकिन नगरी पाम्समा रु.१ कायम गरी लेखाङ्कन गर्दा जम्मा मूल्य रु.२०८ मात्र रहेको देखिन्छ। नियमावली प्रारम्भ भएको ३ वर्ष व्यतित हुँदा समेत उल्लिखित सम्पत्तिको वास्तविक मूल्य कायम गरिएको छैन। नियमावलीमा भएको व्यवस्थाअनुरुप जिन्सी सम्पत्तिहरूको यथार्थ मूल्य कायम गरी अद्यावधिक गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-२ मा संलग्न छ।)

१८. **खारेज भएको कार्यालयको सम्पत्ति -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९८ मा कुनै कार्यालय खारेज वा गाभिने निर्णय भएकोमा त्यस्तो निर्णयमा मिति तोकिएको भएमा सोही मिति र मिति नतोकिएको भएमा निर्णय भएको पैँतिसौं दिनभित्र खारेज भएको कार्यालयको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। प्रदेश सरकार (कार्यविभाजन) नियमावलीमा उल्लेख भएका मन्त्रालयको संख्याभन्दा फरक हुने गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा २०८२ चैत्र महिनासम्म खारेज भएका वा गाभिएका मन्त्रालय वा सोअन्तर्गतका निकायहरूको सम्पत्ति लेखाङ्कन भएको छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रु. हजारमा)

मन्त्रालय वा निकाय	खर्च भएर नजाने	खर्च भएर जाने	जम्मा	मन्त्रालयको नाम नमिलेको संख्या
पर्यटन तथा संस्कृति मन्त्रालय	९२९८	१२६	९४२४	-
यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय	२५००२	१५९७	२६५९९	
उद्योग, श्रम तथा रोजगार मन्त्रालय	३१३५५०	१२७०४	३२६२५४	
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	२९	०	२९	
जम्मा	**३४७८७९**	**१४४२७**	**३६२३०६**	**-**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेशमा खारेज भएका ४ मन्त्रालयमा २०८२ चैत्र महिनासम्म खर्च भएर नजाने सम्पत्ति रु.३४ करोड ७८ लाख ७९ हजार र खर्च भएर जाने सम्पत्ति रु.१ करोड ४४ लाख २७ हजार समेत रु.३६ करोड २३ लाख ६ हजारको सम्पत्ति लेखाङ्कन भएको देखिन्छ। खारेज वा गाभिएका मन्त्रालयको जिन्सी तथा सम्पत्तिको विवरण सम्बन्धित मन्त्रालयको पाम्समा आवद्ध गरी अभिलेखाङ्कन गरेको छैन। तोकिएको अवधिभित्र खारेज वा गाभिने निर्णय भएका मन्त्रालय वा अन्तर्गतका निकायको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने कार्य नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई मन्त्रालयको सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१९. **घरजग्गाको लगत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १०२ मा सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र सरकारी कार्यालयको नाममा रहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जा लिन बाँकी रहेको भएमा सम्बन्धित कार्यालय प्रमुखले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत प्रदेश सरकारको घरजग्गाको लगत

माग गरेकोमा सोअनुसारको विवरण पेस गरेका छैन। प्रदेश सरकारको मन्त्रालय र निकायले आफूले उपयोग गरिरहेको जग्गा र भवनको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा नराखेको हुँदा तथ्याङ्क प्राप्त हुन सकेको छैन। सङ्घीय कार्यालयहरू प्रदेशमा हस्तान्तरण भई आएकोमा जग्गा र भवनको स्वामित्व हस्तान्तरण नभएकोले अभिलेख कायम गर्न नसकिएको र एक निकायको नाममा रहेको जग्गा तथा भवन अर्को निकायले उपयोग गर्ने गरेकोले अभिलेख लेखाङ्कनमा समस्या रहेको जनाएको छ। मन्त्रालय वा निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयले घरजग्गाको लगत अध्यावधिक गरी राख्ने, सो को प्रभावकारी रुपमा उपयोग गर्ने तथा कार्यालयको नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्दछ।

२०. **सवारी साधन** – प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७८ मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्तिको लेखा त्यस्तो मालसामान तथा सम्पत्तिको खरिद मूल्यको आधारमा राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको २०८१।८२ को सवारी साधनसम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	मोटरसाइकल/स्कुटर		कार/जीप/भ्यान		बस/मिनिबस		जम्मा	
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
कोशी	१७२९	३३६२७९	४१२	१३४६९०५	३४	२७८७७	२१७५	१७११०६१

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८१।८२ मा प्रदेश सरकारअन्तर्गत २ हजार १७५ सवारी साधनको मूल्य रु.१ अर्ब ७१ करोड १० लाख ६१ हजार रहेको देखिन्छ। सवारी साधनको मूल्य वास्तविक नभई रु.१ र न्यून मूल्य लेखाङ्कन गरिएको छ। सवारी साधन खरिद गरेको मूल्यको आधारमा सम्पत्तिको लेखाङ्कन गरी जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-४ मा संलग्न छ।)

२१. **सम्पत्तिको वर्गीकरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७८ मा एक वर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिको लेखा खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्ने र एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)को २०८२।८३ को प्रतिवेदनअनुसार प्रदेश सरकारअन्तर्गत मन्त्रालय वा निकायले मोवाइल, फर्निचर, मेशिनरी उपकरण, पुस्तकलगायतका खर्च भएर नजाने प्रकृतिका सामग्रीहरूलाई खर्च भएर जाने जिन्सी खातामा लेखाङ्कन गरेको देखिन्छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	संख्या	रकम
१	प्रदेश सभा सचिवालय	४४९	७०३
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५०५	९११
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	३८	४७५
४	भौतिक पूर्वाधार विकास मन्त्रालय	६९	७००

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	संख्या	रकम
५	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२३९६	३९४१
६	स्वास्थ्य मन्त्रालय	६०	३६५
७	खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय	५०	४५२
८	सामाजिक विकास मन्त्रालय	६०	४०६
९	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	५५	३६५
१०	पर्यटन, वन तथा वातावरण मन्त्रालय	४३	७७५
११	प्रदेश लोक सेवा आयोग	१०३	२३१
१२	प्रदेश योजना आयोग	२६	१३४
जम्मा		**३८५४**	**९४५८**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२।८३ मा प्रदेश सरकारको १२ मन्त्रालय/निकायले ३ हजार ८५४ सामग्रीको रु.९४ लाख ५८ हजारको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने सम्पत्तिमा लेखाङ्कन गरेको छ। एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने भएतापनि सोअनुसार निर्णय गरेको देखिएन। कानुनी व्यवस्थाअनुसार पाम्समा सरकारी सम्पत्तिको वर्गीकरण र लेखाङ्कनलाई अद्यावधिक गरी सम्पत्तिको समुचित उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-५ मा संलग्न छ।)

२२. **सम्पत्तिको उपयोग -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५७ मा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्ने व्यवस्था छ। साथै, सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त २०८२ चैत्र मसान्तसम्मको खर्च भएर जाने जिन्सी सामग्रीको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	निकायको संख्या	गत आ.व.सम्मको मौज्दात	चालु आ.व.मा आम्दानी	चालु आ.व.मा खर्च	मौज्दात बाँकी
१	प्रदेश सभा सचिवालय	१	२१७६	२५१२	१४७७	३२११
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४	३९२६	७४२३	२१६०	९१८९
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	११	३५०३	४७०८	३८७७	४३३४
४	भौतिक पूर्वाधार विकास मन्त्रालय	२५	१८१७५३	८२६०६	१००१२२	१६४२३७
५	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६	१७५२५	१५२०५	१४२५०	१८४८०
६	स्वास्थ्य मन्त्रालय	३२	१६३७११	७०५६१४	३६७७९३	५०१५३२
७	खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय	२०	२७२८३७	१९३२३९	१४३४०३	३२२६७३
८	सामाजिक विकास मन्त्रालय	३३	९७०५१	३२८४१२	१४५७५४	२७९७०९
९	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	४८	५८०४८	१५६८७०	१२८७६२	८६१५६
१०	पर्यटन, वन तथा वातावरण मन्त्रालय	१७	३१५८०	३३५४३	३८०२४	२७०९९
११	प्रदेश लोक सेवा आयोग	१	८०३	४२८५	२५३९	२५४९
१२	प्रदेश योजना आयोग	१	९३५	१२०९	३७१	१७७३

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	निकायको संख्या	गत आ.व.सम्मको मौज्दात	चालु आ.व.मा आम्दानी	चालु आ.व.मा खर्च	मौज्दात बाँकी
जम्मा		१९९	८३३८४८	१५३५६२६	९४८५३२	१४२०९४२
खारेज भएका मन्त्रालय वा निकाय र अन्तर्गतका कार्यालयको विवरण						
१३	उद्योग, श्रम तथा रोजगार मन्त्रालय	११	७१२८	१२७०७	७१३२	१२७०३
१४	यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय	१	७९६	३४४८	२६४७	१५९७
१५	पर्यटन तथा संस्कृति मन्त्रालय	१	०	८४७	७२१	१२६
जम्मा		१३	७९२४	१७००२	१०५००	१४४२६
दुबै गरी जम्मा		**२१२**	**८४१७७२**	**१५५२६२८**	**९५९०३२**	**१४३५३६८**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको खारेज भएको मन्त्रालय सहित १५ मन्त्रालय/निकायअन्तर्गतका २१२ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिमध्ये गत वर्षको मौज्दात रु.८४ करोड १७ लाख ७२ हजार, यो वर्षको आम्दानी रु.१ अर्ब ५५ करोड २६ लाख २८ हजार रहेकोमा यो वर्ष रु.९५ करोड ९० लाख ३२ हजार खर्च भई रु.१ अर्ब ४३ करोड ५३ लाख ६८ हजार बाँकी रहेको देखिन्छ। कार्यालयले आवश्यकताभन्दा बढी जिन्सी वा सम्पत्ति खरिद गर्ने गरेको र माग फाराम स्वीकृत गरी वास्तविक समयमा हुने यथार्थ खर्चलाई पाम्समा लेखाङ्कन गर्ने गरेका छैनन्। स्वीकृत माग फारामअनुसार समयमै पाम्समा लेखाङ्कन गर्ने र आवश्यकताअनुसार खर्च भएर जाने जिन्सी सामग्री खरिद गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२३. **जिन्सी सामग्रीको उपयोग -** सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म खर्च भएर जाने जिन्सी वा सम्पत्तिको खर्च शून्य रहेको निकायहरूको विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	कार्यालय संख्या	गत वर्षसम्मको मौज्दात	यो वर्षको आम्दानी	यो वर्षको खर्च	मौज्दात बाँकी
कोशी प्रदेश	२५	१३५०१७	१४३८१८	०	२७८८३५

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म प्रदेश सरकारअन्तर्गत २५ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिको गत वर्षको मौज्दात रु.१३ करोड ५० लाख १७ हजार र यो वर्ष रु.१४ करोड ३८ लाख १८ हजार आम्दानी भएकोमा यो वर्ष शून्य खर्च गरी रु.२७ करोड ८८ लाख ३५ हजार मौज्दात रहेको देखिन्छ। चालु वर्ष २०८२।८३ को ९ महिनासम्म पनि खर्च भएर जाने जिन्सीको खर्च शून्य देखिनाले कार्यालयले माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चलाई पाम्समा अद्यावधिक गर्ने गरेको देखिएन। पाम्समा वास्तविक खर्चलाई यथार्थ रुपमा लेखाङ्कन नगर्दा जिन्सी मौज्दातको विवरण यथार्थपरक नहुने हुँदा खरिद तथा जिन्सी व्यवस्थापन प्रभावकारी देखिएन। गत वर्षको सम्पत्तिको मौज्दातलाई मध्यनजर गरी आवश्यकताको आधारमा थप जिन्सी वा सम्पत्तिको खरिद गर्ने, माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चको लेखाङ्कन गर्ने र जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्ने गराउने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-६ मा संलग्न छ।)

२४. **जिन्सी मौज्दात नसारेको -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९४ को उपनियम (३) मा जिन्सी मालसामान तथा तत्सम्बन्धी स्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने उल्लेख छ। त्यसैगरी सोही नियमावलीको नियम ९५ (२) मा सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्ने र लगतबमोजिमको सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखको रेखदेखमा भण्डार शाखा प्रमुखले जिम्मा लिनुपर्ने उल्लेख छ। विगतमा जिन्सी सामग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) को भर्सन १ लागु भई २०८१।८२ बाट पाम्सको भर्सन २ लागु गरिएको छ। सामाजिक विकास मन्त्रालयले आर्थिक वर्षको अन्त्यमा पाम्स भर्सन १ मा बाँकी रहेको जिन्सी सामग्रीको मौज्दात भर्सन २ मा जिम्मेवारी सार्नुपर्नेमा देहायबमोजिमका १ हजार ६५४ आइटमको रु.१ लाख २४ हजार १०७ को खर्च भएर जाने जिन्सी सामानको जिम्मेवारी सारेको देखिएन। महालेखा नियन्त्रक कार्यालयले एक प्रणालीलाई अर्को संस्करणको प्रणालीमा अध्यावधिक गर्दा सम्पूर्ण डाटा माइग्रेट नभएको कारण उक्त जिम्मेवारी सार्न छुट भएको र कार्यालयले म्यानुअल प्रविष्टि गरी जिम्मेवारी सारेको देखिएन। यसरी जिन्सी सामग्रीको जिम्मेवारी नसार्दा जिन्सी सामान हिनामिना वा दुरुपयोग हुन सक्ने जोखिम भएकोले उक्त जिन्सी सामानको जिन्सी प्रणालीमा प्रविष्ट गरी सम्पत्तिको विवरण अद्यावधिक गर्नुपर्दछ।

क्र.सं.	जिन्सी वर्गीकरण संकेत नं.	जिन्सी सामानको नाम	मौज्दात बाँकी		
			एकाइ	परिमाण	मूल्य रु.
१	६१६११०१०२८	अन्य कम्प्युटर तथा विद्युतीय सामान	संख्या	१५	४८७५०
२	६१६१३०११७६	घडा	संख्या	२	१२०००
३	६१६१२०१०३५	कासमु फाराम	पिस	१०००	५०००
४	६१६१४०१०३८	पानस पञ्चबत्ती	संख्या	१	१२०००
५	६१६१२०१२२१	पुस्तक/किताब	पिस	१४	९८५७
६	६१६१२०१००५	रजिष्ट्र	पिस	२०	२५००
७	६१६११०११२५	रुम फ्यान हिटर	पिस	२	१३०००
८	६१६१२०१०२३	खाम	पिस	६००	२१०००
जम्मा				**१६५४**	**१२४१०७**

स्रोतः महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन

२५. **जेन-जी आन्दोलनमा क्षति -** देशव्यापी रुपमा २०८२ भदौ २३ र २४ गते भएको जेन-जी पुस्ताद्वारा आयोजित आन्दोलनबाट प्रदेश सरकारको जिन्सी सम्पत्तिमा क्षति भएको छ। उक्त आन्दोलनको क्रममा प्रदेशको स्थायी संरचना, सवारी साधन, यन्त्र उपकरण, फर्निचर, सूचना प्रविधिलगायत अन्य महत्वपूर्ण सम्पत्तिमा पुगेको क्षतिको मूल्याङ्कन गरी वास्तविक क्षति तथा नोक्सानीको यथार्थ विवरण तयार गर्न २०८२।६।२ को मन्त्रिपरिषद्को निर्णयअनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयलाई जिम्मेवारी दिइएकोमा जिन्सी सम्पत्तिको क्षति अध्ययन तथा मूल्याङ्कन गर्न संयोजक सि.डि.ई. बिनम दाहालसहित ५ सदस्यीय समितिले २०८२।६।३१ गते भौतिक पूर्वाधार विकास मन्त्रालयमा पेस गरेको प्रतिवेदनअनुसार प्रदेश सरकार वा निकायको क्षतिको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालय वा निकाय	क्षतिको विवरण		मन्त्रालय वा निकायगत क्षतिको प्रतिशत
		संख्या	रकम रु.	
१	प्रदेश सभा सचिवालय	१२८६	१२६७४५३५२.३५	१६.५६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१४७४	१६६२२८७५५.४२	२१.७२

क्र.सं.	मन्त्रालय वा निकाय	क्षतिको विवरण		मन्त्रालय वा निकायगत क्षतिको प्रतिशत
		संख्या	रकम रु.	
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	१६८	३२८४४७९५.७५	४.२९
४	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१६४	१३०५८९७१४.३४	१७.०६
५	भौतिक पूर्वाधार विकास मन्त्रालय	५३२	७८८७९६९१.०८	१०.३१
६	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	५९५	८७९९३४९८.४६	११.५०
७	खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय	२८२	२२३९५३७६.२०	२.९३
८	स्वास्थ्य मन्त्रालय	४७३	२७५७५१७६.०९	३.६०
९	सामाजिक विकास मन्त्रालय	१०३	१२२२२१३४.८१	१.६०
१०	पर्यटन, वन तथा वातावरण मन्त्रालय	२१४	७९०१५८३०.४२	१०.३२
११	प्रदेश योजना आयोग	१	५६०००.००	०.०७
१२	प्रदेश लगानी प्राधिकरण	१	२९९८५०.००	०.०४
१३	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	५०००.००	०.००
जम्मा		**५२९४**	**७६५३५५१७४.९२**	**१००.००**

क्र.सं.	क्षतिको प्रकार	क्षतिको विवरण		क्षतिको प्रतिशत
		संख्या	रकम रु.	
१	स्थायी संरचना (भवन)	५०	१८४६२७२५६.६७	२३.९९
२	सवारी साधन	२६५	४१५२९४१४८.००	५३.९७
३	फर्निचर	२४८८	४३०९४७१७.२५	५.६०
४	यन्त्र उपकरण	२१०६	१०५१८५७८१.००	१३.६७
५	सूचना प्रविधि	३८५	१७१५३२७२.००	२.२३
६	अन्य	२०४	४१७८२६२.४०	०.५४
जम्मा		**५४९८**	**७६९५३३४३७.३२**	**१००.००**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार १३ प्रदेश मन्त्रालय वा निकायअन्तर्गत कुल संख्या ५ हजार २९४ सम्पत्तिको क्षति हुन गई रु.७६ करोड ५३ लाख ५५ हजारको क्षति भएको देखिन्छ। उपरोक्त विवरणमा अन्य क्षतितर्फ २०४ को रु.४१ लाख ७८ हजारलाई समावेश गरिएको छैन। जसमध्ये सबैभन्दा बढी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय २१.७२ प्रतिशत, दोस्रोमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय १७.०६ प्रतिशत र तेस्रोमा प्रदेश सभा सचिवालय १६.५६ प्रतिशतको सम्पत्तिको क्षति भएको छ भने सबैभन्दा बढी संख्यामा क्षति पनि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय १ हजार ४७४, दोस्रोमा प्रदेश सभा सचिवालय १ हजार २८६ र तेस्रोमा उद्योग, कृषि तथा सहकारी मन्त्रालय ५९५ को क्षति भएको छ। त्यस्तै, आन्दोलनबाट ५ हजार ४९८ संख्याको जम्मा रु.७६ करोड ९५ लाख ३३ हजारको क्षति भएकोमा सबैभन्दा बढी २६५ सवारी साधन रु.४१ करोड ५२ लाख ९४ हजार (५३.९७ प्रतिशत), दोस्रोमा ५० स्थायी संरचना रु.१८ करोड ४६ लाख २७ हजार (२३.९९ प्रतिशत) र तेस्रोमा २ हजार १०६ यन्त्र उपकरण रु.१० करोड ५१ लाख ८५ हजारको क्षति भएको छ। सबै मन्त्रालय वा निकायअन्तर्गत ग्याँस चुलो, सिलिन्डर, गलैचा, पर्दा, थाल, बिजुलीको तारलगायत २०४ अन्य सम्पत्तितर्फ रु.४१ लाख ७८ हजार (०.५४ प्रतिशत) को क्षति भएको छ। प्रतिवेदनअनुसार क्षति भएको ५० स्थायी संरचना भवनमध्ये ४१ को मर्मत सम्भार गरी प्रयोग गर्न सकिने र बाँकी ९ को प्रयोग गर्न नसकिने गरी क्षति भएको उल्लेख गरिएको छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा भवनलगायत स्थायी संरचना रु.१८ करोड ४६ लाख २७ हजारको क्षति भएको देखिन्छ तर पाम्समा त्यस्ता सम्पत्तिको यथार्थ मूल्य लेखाङ्कन भएको देखिएन। प्रतिवेदनमा सवारी साधन,

फर्निचर, यन्त्र उपकरण र सूचना प्रविधिमा भएको क्षति विवरण तयार गर्दा पाम्सको अभिलेखसँग भिडान गरे वा नगरेको, आगलागीमा नष्ट भएको वा चोरी भएको, नष्ट भएकोमा सम्पत्तिको अंश रहेको वा नरहेकोलगायत विषयहरूलाई समावेश गरेको छैन। यससम्बन्धमा मन्त्रिपरिषद्को २०८२।७।१७ को बैठकले क्षति भएका भौतिक संरचनाको निर्माण वा मर्मत सम्भार गर्ने, आगलागीबाट जली नष्ट भएका वा पुनः प्रयोग गर्न नमिल्ने सम्पत्तिको लिलाम बिक्री तथा मिनाहा गर्ने, सवारी साधनको उपयोग तथा व्यवस्थापनसम्बन्धमा भएको निर्णयको कार्यान्वयन गर्ने र प्रदेशको सबै सम्पत्तिलाई अद्यावधिक गरी लेखाङ्कन गर्नुपर्दछ।

२६. **वन अतिक्रमण -** वन ऐन, २०७६ को दफा ८ मा अधिकार प्राप्त व्यक्तिबाट पट्टा पुर्जि पाएको बाहेक वन क्षेत्रको जग्गामा कुनै किसिमको हक नहुने र वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ मा तोकिएको कार्यविधि बनाई अतिक्रमण हुन नदिने र अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ। पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेशअन्तर्गत ११ लाख ३४ हजार २५० हेक्टर वन क्षेत्र रहेकोमा १८ हजार ६७६ हेक्टर वन अतिक्रमण भएकोमा १९ हेक्टर क्षेत्रफलमा वन अतिक्रमण नियन्त्रण गरी बाँकी १८ हजार ६५७ हेक्टरमा वन अतिक्रमण हटाउन सकेको छैन। कानुनबमोजिम अतिक्रमण भएको वन क्षेत्रलाई नियन्त्रण गरी उपयोग गर्नुपर्दछ।

२७. **जिन्सी सामग्रीको मर्मत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९९ मा कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत सम्भार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको हकमा तीन महिनाभित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ। मन्त्रालय/निकायबाट प्राप्त २०८१।८२ को मर्मत गर्नुपर्ने जिन्सी सामग्रीको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालयको नाम	जिन्सी सामग्रीको विवरण	संख्या
१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	कार, पिकअप, मोटरसाइकल, ल्यापटप, फर्निचरलगायत	१०८
२	आर्थिक मामिला तथा योजना मन्त्रालय	जिप, ल्यापटप, फोटोकपी मेशिन, फर्निचरलगायत	६३
३	सामाजिक विकास मन्त्रालय	जिप, मोटरसाइकल, कम्प्युटर, ल्यापटप, फर्निचरलगायत	१०१
४	स्वास्थ्य मन्त्रालय	जिप, ल्यापटप, फर्निचरलगायत	३३
जम्मा			**३०५**

स्रोतः सम्बन्धित मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदन

उल्लिखित विवरणअनुसार ४ मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदनमा ३०५ जिन्सी सामग्रीको मर्मत सम्भार गर्नुपर्ने भनी सिफारिस गरिएकोमा मर्मत सम्भार गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सम्पत्तिको मर्मत सम्भार गरी उपयोग गर्नुपर्दछ।

२८. **लिलाम बिक्री -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४६ र नियमावली, २०७९ को १०६ मा सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चिस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्रीको प्रकृया सुरु गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त २०८१।८२ को जिन्सी निरीक्षण प्रतिवेदनअनुसार लिलाम गर्नुपर्ने जिन्सी सम्पत्तिको विवरण देहायबमोजिम रहेको छ

क्र.सं.	मन्त्रालयको नाम	लिलाम गर्नुपर्ने संख्या
१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१७०
२	आर्थिक मामिला तथा योजना मन्त्रालय	१०८
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२६२७
४	भौतिक पूर्वाधार विकास मन्त्रालय	४६५
५	उद्योग, कृषि तथा सहकारी मन्त्रालय	६८
६	खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय	२८०
७	स्वास्थ्य मन्त्रालय	६०
८	सामाजिक विकास मन्त्रालय	८९
९	पर्यटन, वन तथा वातावरण मन्त्रालय	१२६
जम्मा		**३९९३**

स्रोतः सम्बन्धित मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदन

उल्लिखित विवरणअनुसार ९ मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदन र प्रहरी मुचुल्का प्राप्त भएकोमा जम्मा ३ हजार ९९३ संख्यामा जिन्सी सम्पत्तिको क्षति भएको तथा लिलाम बिक्री गर्नुपर्ने भनी सिफारिस गरिएको छ। जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम बिक्री गर्नुपर्ने भनी उल्लेख गरिएको सम्पत्तिको मूल्य र लिलाम गर्नुपर्ने कारण उल्लेख गरेको देखिएन। त्यस्तै, प्रहरी मुचुल्कामा जिन्सी सम्पत्तिको क्षतिको विवरण उल्लेख गरेतापनि लिलाम गर्न सकिने वा नसकिने भनि उल्लेख गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सम्पत्तिको लिलाम बिक्री गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

२९. **मिनाहा -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १११ मा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्तिको वास्तविक क्षतिको मूल्याङ्कन गरी मूल्य समेत खुलाई प्रतिवेदन गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा ५ सदस्यीय समिति रहने, प्रतिवेदनको आधारमा पचास लाख मूल्य बराबारसम्मको क्षतिको हकमा सम्बन्धित मन्त्रालयको सचिवले र सोभन्दा बढी रकमको हकमा प्रदेश सरकारले मिनाहा दिन सक्ने उल्लेख छ। जेन-जी आन्दोलनको क्रममा नष्ट भएका २६५ सवारी साधन, २ हजार ४८८ फर्निचर, २ हजार १०६ यन्त्र उपकरण र ३८५ सूचना प्रविधिलगायतको सम्पत्तिमध्ये लिलाम बिक्री हुन नसक्ने बाहेकका सम्पत्ति र मन्त्रालय वा अन्तर्गतको निकायको जिन्सी निरीक्षण प्रतिवेदन मिनाहा गर्नुपर्ने भनी उल्लेख भएका सम्पत्तिहरूको मिनाहा गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप मिनाहा गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

३०. **वार्षिक प्रतिवेदन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ। महालेखापरीक्षकले पेस गरेको २०८०।८१ को सातौं वार्षिक लेखापरीक्षण प्रतिवेदनमा सार्वजनिक सम्पत्ति व्यवस्थापनसम्बन्धमा दिइएका सुझाउहरू देहायबमोजिम रहेको छः

क्र.सं.	प्रतिवेदनमा उल्लिखित सुझाउहरू
१	प्रदेश सरकार र मातहत निकायका घरजग्गालगायत सबै प्रकारका चल अचल सम्पत्तिको अभिलेख अद्यावधिक गर्ने, मूल्य नखुलेका सम्पत्तिको मूल्य खुलाई राख्ने, घरजग्गा अभिलेख व्यवस्थित गर्ने र सबै सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी सम्पत्तिको अभिलेख व्यवस्थित गर्ने।
२	काठलगायतका वन पैदावारको उत्पादन, सङ्कलन र बिक्री कार्य व्यवस्थित गरी राजस्व आम्दानी गर्ने र वन उपभोक्ता समूहमा बिक्री वितरण हुने काठ सदुपयोगको यथोचित अनुगमन गर्ने।

क्र.सं.	प्रतिवेदनमा उल्लिखित सुझाउहरू
३	प्रयोगको सुनिश्चितता आधारमा मात्र जिन्सी सामान, यन्त्र, उपकरण तथा औजार खरिद गर्ने तथा मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्ने।
४	वनक्षेत्रलगायतका सार्वजनिक जग्गाहरूको अभिलेख व्यवस्थित गरी अनाधिकृत उपभोग तथा अतिक्रमण रोक्ने।
५	खर्च भएर नजाने प्रकृक्तिका कतिपय सम्पत्तिहरू प्रयोगकर्ता परिवर्तनपश्चात् पुनः प्रयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति देखिएकोले यस्ता सम्पत्तिको उपयोगी आयु तय गरी सो अवधिभिव त्यस्ता सम्पत्ति एउटै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्ने।
६	सार्वजनिक निकायले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवम् सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्ने।
७	मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्य रूपमा सरकारी स्वामित्वमा ल्याई सोको अभिलेख, संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउने।

महालेखापरीक्षकले प्रदेशको सार्वजनिक सम्पत्ति व्यवस्थापन सम्बन्धमा दिइएका उल्लिखित सुझाउहरूको कार्यान्वयन गर्न प्रदेश सार्वजनिक लेखा समिति. लेखा उत्तरदायी अधिकृत, मन्त्रालय वा निकाय तथा अन्तर्गतका कार्यालयका प्रमुख र सम्बन्धित कर्मचारीहरू जिम्मेवार हुनुपर्दछ।

मधेश प्रदेश

३१. **सम्पत्तिको अभिलेखाङ्कन -** प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७६ को दफा २२ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको २०८१।८२ को जिन्सी तथा सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

(रकम रु. हजारमा)

मन्त्रालय वा निकायको नाम	जिन्सी तथा सम्पत्तिको विवरण				
	भवन र संरचना	मेसिनरी र उपकरण	अन्य स्थिर सम्पत्ति	प्राकृतिक सम्पत्ति	जम्मा
२०२-प्रदेश व्यवस्थापिका	०	२४५७४१	७२३	०	२४६४६४
२१०-प्रदेश लोक सेवा आयोग	०	६७४९०	१२२५	०	६८७१५
२१६-मुख्य न्यायाधिवक्ताको कार्यालय	०	२७३२९	२९६	०	२७६२५
३०१-मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५	१४३४७७	२५८१	०	१४६०६३
३०५-अर्थ मन्त्रालय	०	१६१७६९	३३५	०	१६२१०४
३०७-उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय	२३७	२७९२३९	४३४०८	०	३२२८८४
३११-कानुन, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय	०	२६१२१	०	०	२६१२१
३१२-भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६९०	४२४६७४	४०४२	३२७५	४३२६८१
३१३-ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय	०	२७९६५६	३१०५७	०	३१०७१३
३१४-गृह तथा सञ्चार मन्त्रालय	१६९	२९८९३६	२९६४	०	३०२०६९
३२९-वन तथा वातावरण मन्त्रालय	४८०	२७५९२६	२५३४९	०	३०१७५५
३३७- भौतिक पूर्वाधार विकास मन्त्रालय	०	३३१९०१	९६७७०	०	४२८६७१
३४०-महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय	०	७२१०५	४५७७	०	७६६८२
३४३-खेलकुद तथा समाज कल्याण मन्त्रालय	०	४०८३०	६०६	०	४१४३६
३५०-शिक्षा तथा समाज कल्याण मन्त्रालय	४४६९३६	५७४८८९	८७६१	९००	१०३१४८६
३७०-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	१५०१	६९२६७६	१३७७	०	६९५५५४
३७१-श्रम तथा यातायात मन्त्रालय	६५९	१२८३९९	१६६४	०	१३०७२२
३९१-प्रदेश योजना आयोग	०	१७४८९	०	०	१७४८९
जम्मा	**४५०६७७**	**४०८८६४७**	**२२५७३५**	**४१७५**	**४७६९२३४**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको २०८१।८२ को कुल जिन्सी तथा सम्पत्ति रु.४ अर्ब ७६ करोड ९२ लाख ३४ हजारमध्ये भवन र संरचना रु.४५ करोड ६ लाख ७७ हजार, मेसिनरी र उपकरण रु.४ अर्ब ८ करोड ८६ लाख ४७ हजार, अन्य स्थिर सम्पत्ति रु.२२ करोड ५७ लाख ३५ हजार र प्राकृतिक सम्पत्ति रु.४१ लाख ७५ हजार रहेको छ। सम्पत्ति विवरणमा प्रदेश सरकार मातहतका सरकारी जग्गा र पूर्वाधारजन्य सम्पत्तिको अभिलेख नरहेको र सबै सरकारी भवन संरचना, मेसिनरी उपकरण र अन्य स्थिर सम्पत्तिको लेखाङ्कन नगरेकोले प्रदेश सरकारको सम्पत्ति व्यवस्थापन व्यवस्थित देखिएन। प्रदेश सरकार मातहतका सम्पूर्ण सरकारी सम्पत्तिको लेखाङ्कन गरी सम्पत्ति व्यवस्थापनलाई पारदर्शी र प्रभावकारी बनाउनुपर्दछ।

३२. **सम्पत्ति लेखाङ्कनमा फरक -** प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७६ को दफा २२ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८०।८१ र २०८१।८२ को एकीकृत वित्तीय विवरण र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा लेखाङ्कन भएको सम्पत्तिको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	विवरण नमिलेको मन्त्रालय/निकाय संख्या	जिन्सी तथा सम्पत्तिको विवरण			
		२०८०।८१ को एकीकृत वित्तीय विवरणअनुसार	आर्थिक वर्ष २०८१।८२		
			एकीकृत वित्तीय विवरणअनुसार	पाम्स अनुसार	फरक
मधेश प्रदेश	-	१७०८३६०५८	५३८११३५	४७६९२३४	६११९०१

स्रोतः महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणनुसार २०८१।८२ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.५ अर्ब ३८ करोड ११ लाख ३५ हजार रहेकोमा पाम्समा रु.४ अर्ब ७६ करोड ९२ लाख ३४ हजारको लेखाङ्कन भई एकीकृत वित्तीय विवरणमाभन्दा रु.६१ करोड १९ लाख १ हजारले घटी लेखाङ्कन भएको छ। त्यस्तै, २०८०।८१ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.१ खर्ब ७० अर्ब ८३ करोड ६० लाख ५८ हजार रहेकोमा यो वर्ष रु.१ खर्ब ६५ अर्ब ४५ करोड ४९ करोड २३ हजारले घटेको छ। जसले गर्दा प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको विवरण यथार्थपरक रहेको देखिदैंन। प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको अभिलेखलाई अद्यावधिक गरी पाम्समा लेखाङ्कन भएको भन्दा फरक सम्बन्धमा हिसाब मिलान गरी सरकारी सम्पत्तिको लेखाङ्कनलाई विश्वसनीय र पारदर्शी बनाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।)

३३. **सम्पत्तिको मूल्य -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ मा कार्यालयमा मूल्य नखुलेको कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएका कार्यालय प्रमुखले यो नियमावली प्रारम्भ भएको एक वर्षभित्र मूल्य नखुलेको सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य कायम गरी त्यस्तो सम्पत्ति तथा जिन्सी सामानको स्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)अनुसार प्रदेश मन्त्रालय वा निकायको सम्पत्तिको मूल्य नखुलेकोले रु.१ वा शून्य रकम कायम गरेको छ। यससम्बन्धी विवरण निम्नानुसार छन्-

मन्त्रालय वा निकाय	निकायको संख्या	सम्पत्तिको संख्या	जम्मा मूल्य रु.
मधेश प्रदेश	८	२९०	२८६

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेशअन्तर्गत ८ निकायको खर्च भएर नजाने २९० जिन्सी सम्पत्तिको वास्तविक मूल्य यकिन नगरी पाम्समा रु.१ वा शून्य रकम कायम गरी लेखाङ्कन गर्दा जम्मा मूल्य रु.२८६ मात्र रहेको देखिन्छ। नियमावली प्रारम्भ भएको ५ वर्ष व्यतित हुँदा समेत उल्लिखित सम्पत्तिको वास्तविक मूल्य कायम गरिएको छैन। नियमावलीमा भएको व्यवस्थाअनुरुप जिन्सी सम्पत्तिहरूको यथार्थ मूल्य कायम गरी अद्यावधिक गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-२ मा संलग्न छ।)

३४. **खारेज भएको कार्यालयको सम्पत्ति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९८ मा कुनै कार्यालय खारेज वा गाभिने निर्णय भएकोमा त्यस्तो निर्णयमा मिति तोकिएको भएमा सोही मिति र मिति नतोकिएको भएमा निर्णय भएको पैँतिसौँ दिनभित्र खारेज भएको कार्यालयको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। प्रदेश सरकार (कार्यविभाजन) नियमावलीमा उल्लेख भएका मन्त्रालयको संख्याभन्दा फरक हुने गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा २०८२ चैत्र महिनासम्म खारेज भएका वा गाभिएका मन्त्रालय वा सोअन्तर्गतका निकायहरूको सम्पत्ति लेखाङ्कन भएको छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

मन्त्रालय वा निकाय	खर्च भएर नजाने	खर्च भएर जाने	जम्मा	मन्त्रालयको नाम नमिलेको संख्या
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय	७९७५२	५२७८	८५०३०	२

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेशमा खारेज भएका १ मन्त्रालयमा २०८२ चैत्र महिनासम्म खर्च भएर नजाने सम्पत्ति रु.७ करोड ९७ लाख ५२ हजार र खर्च भएर जाने सम्पत्ति रु.५२ लाख ७८ हजार समेत रु.८ करोड ५० लाख ३० हजारको सम्पत्ति लेखाङ्कन भएको देखिन्छ। खारेज वा गाभिएका मन्त्रालयको जिन्सी तथा सम्पत्तिको विवरण सम्बन्धित मन्त्रालयको पाम्समा आवद्ध गरी अभिलेखाङ्कन नगरेको र २ मन्त्रालयको नाम मिलेको छैन। तोकिएको अवधिभित्र खारेज वा गाभिने निर्णय भएका मन्त्रालय वा अन्तर्गतका निकायको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने कार्य नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई मन्त्रालयको सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

३५. **घरजग्गाको लगत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ मा सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र सरकारी कार्यालयको नाममा रहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जा लिन बाँकी रहेको भएमा सम्बन्धित कार्यालय प्रमुखले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत प्रदेश सरकारको घरजग्गाको लगत माग गरेकोमा सोअनुसारको विवरण पेस गरेका छैन। प्रदेश सरकारको मन्त्रालय र निकायले आफूले उपयोग गरिरहेको जग्गा र भवनको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा नराखेको हुँदा तथ्याङ्क प्राप्त हुन सकेको छैन। सङ्घीय कार्यालयहरू प्रदेशमा हस्तान्तरण भई आएकोमा जग्गा र भवनको स्वामित्व हस्तान्तरण नभएकोले अभिलेख कायम गर्न नसकिएको र एक निकायको नाममा रहेको जग्गा तथा भवन अर्को निकायले उपयोग गर्ने गरेकोले अभिलेख लेखाङ्कनमा समस्या रहेको जनाएको छ। मन्त्रालय वा निकाय र

प्रदेश लेखा नियन्त्रक कार्यालयले घरजग्गाको लगत अध्यावधिक गरी राख्ने, सो को प्रभावकारी रुपमा उपयोग गर्ने तथा कार्यालयको नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्दछ।

३६. **सवारी साधन** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्तिको लेखा त्यस्तो मालसामान तथा सम्पत्तिको खरिद मूल्यको आधारमा राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको २०८१।८२ को सवारी साधनसम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	मोटरसाइकल/स्कुटर		कार/जीप/भ्यान		बस/मिनिबस		जम्मा	
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
मधेश	१२०१	२३६३५१	३९१	१५९७९६६	४१	५३८५५	१६३३	१८८८१७२

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८१।८२ मा प्रदेश सरकारअन्तर्गत १ हजार ६३३ सवारी साधनको मूल्य रु.१ अर्ब ८८ करोड ८१ लाख ७२ हजार रहेको देखिन्छ। सवारी साधनको मूल्य वास्तविक नभई रु.१ र न्यून मूल्य लेखाङ्कन गरिएको छ। सवारी साधन खरिद गरेको मूल्यको आधारमा सम्पत्तिको लेखाङ्कन गरी जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-४ मा संलग्न छ।)

३७. **सम्पत्तिको वर्गीकरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ मा एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने, सामान्यतया एक वर्षभन्दा बढी अवधि टिकाउ नहुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँसम्म पर्ने मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने र एक वर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिलाई खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)को २०८२।८३ को प्रतिवेदनअनुसार प्रदेश सरकारअन्तर्गत मन्त्रालय वा निकायले मोवाइल, फर्निचर, मेशिनरी उपकरण, अध्ययन प्रतिवेदन, पुस्तकलगायतका खर्च भएर नजाने प्रकृतिका सामग्रीहरूलाई खर्च भएर जाने जिन्सी खातामा लेखाङ्कन गरेको देखिन्छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	संख्या	रकम
१	प्रदेश सभा सचिवालय	८९९	१५७९
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१७३	११००
३	गृह, सञ्चार तथा कानुन मन्त्रालय	६२३३९	९३८०
४	अर्थ मन्त्रालय	५४	३६३
५	खेलकुद तथा समाज कल्याण मन्त्रालय	५१४	१५१२
६	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	११०४	६९२८
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	४३	७६६
८	ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय	४४०	११५८
९	वन तथा वातावरण मन्त्रालय	६८	१९९
१०	उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय	४९	५०८
११	श्रम तथा यातायात मन्त्रालय	१३७	५७३

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	संख्या	रकम
१२	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१५	३०२१
१३	महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय	३२	७४४
१४	प्रदेश लोक सेवा आयोग	१०४	८१९
१५	प्रदेश नीति तथा योजना आयोग	१७७३	९५०
जम्मा		**६७७४४**	**२९६००**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२।८३ मा प्रदेश सरकारको १५ मन्त्रालय/निकायले ६७ हजार ७४४ सामग्रीको रु.२ करोड ९६ लाखको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने सम्पत्तिमा लेखाङ्कन गरेको छ। एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने भएतापनि सोअनुसार निर्णय गरेको देखिएन। कानुनी व्यवस्थाअनुसार पाम्समा सरकारी सम्पत्तिको वर्गीकरण र लेखाङ्कनलाई अद्यावधिक गरी सम्पत्तिको समुचित उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-५ मा संलग्न छ।)

३८. **सम्पत्तिको उपयोग -** प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७६ को दफा ४४ मा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्ने व्यवस्था छ। साथै, सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त २०८२ चैत्र मसान्तसम्मको खर्च भएर जाने जिन्सी सामग्रीको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	निकायको संख्या	गत आ.व.सम्मको मौज्दात	चालु आ.व.मा आम्दानी	चालु आ.व.मा खर्च	मौज्दात बाँकी
१	प्रदेश सभा सचिवालय	१	१२६४०	८४४५	११०२२	१००६३
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	१२६९९	७४८०	८६०८	११५७१
३	गृह, सञ्चार तथा कानुन मन्त्रालय	४	१४१७६	६१६९२	५६४८	७०२२०
४	अर्थ मन्त्रालय	६	३५४८	७४८४	६१२२	४९१०
५	खेलकुद तथा समाज कल्याण मन्त्रालय	५	१३९०६	४२१९	३७८५	१४३४०
६	शिक्षा तथा संस्कृति मन्त्रालय	२५	२१३०४२	२२७९७७	१९६३८९	२४४६३०
७	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२४	१०३४७४	५८१६८१	२१६६५१	४६८५०४
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	१५	२९८७६	२४४४९	१७००६	३७३१९
९	ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय	१५	६४८८३	१५४३०	२२८९६	५७४१७
१०	वन तथा वातावरण मन्त्रालय	१२	३५०१८	१५५९६	१४७८९	३५८२५
११	उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय	१७	३००६०	२५९०३	२१६४३	३४३२०
१२	श्रम तथा यातायात मन्त्रालय	७	११९९६	२४६८०	६८६०	२९८१६
१३	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२८	५६५९४	३४२३०	३३३६०	५७४६४
१४	प्रदेश लोक सेवा आयोग	१	३८४४	२१७१	२५७०	३४४५
१५	प्रदेश योजना आयोग	१	२१९२	६८४	१७२८	११४८

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	निकायको संख्या	गत आ.व.सम्मको मौज्दात	चालु आ.व.मा आम्दानी	चालु आ.व.मा खर्च	मौज्दात बाँकी
१६	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	२९७९	३५३	४६६	२८६६
जम्मा		**१६५**	**६१०९२७**	**१०४२४७४**	**५६९५४३**	**१०८३८५८**
खारेज भएका मन्त्रालय वा निकाय र अन्तर्गतका कार्यालयको विवरण						
१७	महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय	१	३५१४	२५८९	८२५	५२७८
दुबै गरी जम्मा		**१६६**	**६१४४४१**	**१०४५०६३**	**५७०३६८**	**१०८९१३६**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको खारेज भएको मन्त्रालय सहित १७ मन्त्रालय/निकायअन्तर्गतका १६६ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिमध्ये गत वर्षको मौज्दात रु.६१ करोड ४४ लाख ४१ हजार, यो वर्षको आम्दानी रु.१ अर्ब ४ करोड ५० लाख ६३ हजार रहेकोमा यो वर्ष रु.५७ करोड ३ लाख ६८ हजार खर्च भई रु.१ अर्ब ८ करोड ९१ लाख ३६ हजार बाँकी रहेको देखिन्छ। कार्यालयले आवश्यकताभन्दा बढी जिन्सी वा सम्पत्ति खरिद गर्ने गरेको र माग फाराम स्वीकृत गरी वास्तविक समयमा हुने यथार्थ खर्चलाई पाम्समा लेखाङ्कन गर्ने गरेका छैनन्। स्वीकृत माग फारामअनुसार समयमै पाम्समा लेखाङ्कन गर्ने र आवश्यकताअनुसार खर्च भएर जाने जिन्सी सामग्री खरिद गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

३९. **जिन्सी सामग्रीको उपयोग** - सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म खर्च भएर जाने जिन्सी वा सम्पत्तिको खर्च शून्य रहेको निकायहरूको विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	कार्यालय संख्या	गत वर्षसम्मको मौज्दात .	यो वर्षको आम्दानी	यो वर्षको खर्च	मौज्दात बाँकी
मधेश प्रदेश	३६	१३८७६२	५९९०३	०	१९८६६५

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म प्रदेश सरकारअन्तर्गत ३६ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिको गत वर्षको मौज्दात रु.१३ करोड ८७ लाख ६२ हजार र यो वर्ष रु.५ करोड ९९ लाख ३ हजार आम्दानी भएकोमा यो वर्ष शून्य खर्च गरी रु.१९ करोड ८६ लाख ६५ हजार मौज्दात रहेको देखिन्छ। चालु वर्ष २०८२।८३ को ९ महिनासम्म पनि खर्च भएर जाने जिन्सीको खर्च शून्य देखिनाले कार्यालयले माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चलाई पाम्समा अद्यावधिक गर्ने गरेको देखिएन। पाम्समा वास्तविक खर्चलाई यथार्थ रुपमा लेखाङ्कन नगर्दा जिन्सी मौज्दातको विवरण यथार्थपरक नहुने हुँदा खरिद तथा जिन्सी व्यवस्थापन प्रभावकारी देखिएन। गत वर्षको सम्पत्तिको मौज्दातलाई

मध्यनजर गरी आवश्यकताको आधारमा थप जिन्सी वा सम्पत्तिको खरिद गर्ने, माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चको लेखाङ्कन गर्ने र जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्ने गराउने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-६ मा संलग्न छ।)

४०. **जेन-जी आन्दोलनमा क्षति -** देशव्यापी रुपमा २०८२ भदौ २३ र २४ गते भएको जेन-जी पुस्ताद्वारा आयोजित आन्दोलनबाट प्रदेश सरकारको जिन्सी सम्पत्तिमा क्षति भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त जेन-जी आन्दोलनबाट मन्त्रालय/निकायमा क्षति भएको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालय वा निकाय	क्षतिको विवरण		क्षतिको प्रतिशत
		संख्या	रकम रु.	
१	मुख्य न्यायाधिवक्ताको कार्यालय	४८६	४९२५६०	०.२३
२	प्रदेश योजना आयोग	२३४	२५०५६४४१	११.९१
३	गृह, सञ्चार तथा कानुन मन्त्रालय	२२१	५२८५३५६८	२५.१३
४	ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय	४३५	६२६२५४९२	२९.७७
५	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	५७	९९०४६२०	४.७१
६	वन तथा वातावरण मन्त्रालय	५७	९९०४६२०	४.७१
७	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१२७	४९५२३९३४	२३.५४
८	उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय	३	-	-
जम्मा		**१६२०**	**२१०३६१२३५**	**१००**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार ८ प्रदेश मन्त्रालय/निकायअन्तर्गत कुल संख्या १ हजार ६२० सम्पत्तिको क्षति हुन गई रु.२१ करोड ३ लाख ६१ हजारको क्षति भएको जसमध्ये सबैभन्दा बढी ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय २९.७७, दोस्रोमा गृह, सञ्चार तथा कानुन मन्त्रालय २५.१३ र तेस्रोमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको २३.५४ प्रतिशत क्षति भएको छ। प्राप्त विवरणअनुसार क्षति विवरण तयार गर्दा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)को अभिलेखसँग भिडान गरे वा नगरेको, आगलागीमा नष्ट भएको वा चोरी भएको, नष्ट भएकोमा सम्पत्तिको अंश रहेको वा नरहेको लगायत विषयहरूलाई समावेश गरेको छैन। यसरी आन्दोलनबाट क्षति भएका भौतिक संरचनाको निर्माण वा मर्मत सम्भार गर्ने, आगलागीबाट जली नष्ट भएका वा पुनः प्रयोग गर्न नमिल्ने सम्पत्तिको लिलाम बिक्री तथा मिनाहा गर्ने, सवारी साधनको उपयोग तथा व्यवस्थापनसम्बन्धमा भएको निर्णयको कार्यान्वयन गर्ने र प्रदेशको सबै सम्पत्तिलाई अद्यावधिक गरी लेखाङ्कन गर्नुपर्दछ।

४१. **जिन्सी फिर्ता नगरेको -** मुख्यमन्त्री र मन्त्रीहरूको पारिश्रमीक तथा सुविधासम्बन्धी ऐन, २०७५ को दफा ११ (३) मा पदाधिकारी तथा कर्मचारीले निजी सचिवालयको लागि खरिद भएको फर्निचर र स्थायी जिन्सी सामान आफ्नो कार्यकाल समाप्त भएको ७ दिनभित्र फिर्ता बुझाउनुपर्ने उल्लेख छ। महालेखापरीक्षकको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण प्रतिवेदनमा भौतिक पूर्वाधार विकास मन्त्रालयमा देहायका पदाधिकारी र कर्मचारीले रु.१० लाख ६७ हजार मूल्यको जिन्सी सामग्री फिर्ता नगरेको उल्लेख भएकोमा हालसम्म उक्त जिम्सी सामग्री जिन्सी शाखामा फिर्ता गरी बरबुझारथ गरेको पाइएन। सम्बन्धित पदाधिकारी र कर्मचारीबाट उक्त जिन्सी सामग्रीहरू फिर्ता गर्नु गराउनुपर्दछ।

क्र.सं.	पदाधिकारीको विवरण	सामग्रीको विवरण	मूल्य रु.
१	भुतपूर्व मन्त्री जितेन्द्र सोनल	ल्यापटप २, डिएसएलआर क्यामेरा र मोवाइल २ थान	३७१४८५

क्र.सं.	पदाधिकारीको विवरण	सामग्रीको विवरण	मूल्य रु.
२	भुतपूर्व राज्यमन्त्री डिम्पल झा	स्क्यानर, डेल ल्यापटप, ब्याट्री ३, इन्भर्टर, एसी २, स्टेपलाइजर २, ग्याँस गिजर २, डेल डेक्सटप र प्रिन्टर	५३४४३२
३	लेखा अधिकृत राजेश काफ्ले	डेक्सटप, स्क्यानर र ल्यापटप	१६१५८९
जम्मा रु.			**१०६७५०६**

४२. **जिन्सी हस्तान्तरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले हस्तान्तरण भई प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। गृह, सञ्चार तथा कानुन मन्त्रालयले २०८१।८२ मा अन्य मन्त्रालय र ६ स्थानीय तहलाई रु.७ करोड ५८ लाख ४ हजारको ८ बारुण यन्त्र र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई रु.१३ लाख ८३ हजारको जेनेरेटर खरिद गरी हस्तान्तरण गरेकोमा सम्बन्धितले जिन्सी खातामा दाखिला गरेको प्रमाण पेस भएको छैन। यसरी हस्तान्तरण भएको जिन्सी सामग्रीलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा दाखिला गरी सम्पत्तिको संरक्षण र उपयोग गर्नुपर्दछ।

४३. **स्पेसिफिकेशन नखुलाएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयलाई प्राप्त मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। गृह, सञ्चार तथा कानुन मन्त्रालयले २०८१।८२ मा देहायका रु.१ करोड ३ लाख ९९ हजार मूल्यका मालसामान खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका सामग्रीलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा स्पेशिफिकेशनसहित जिन्सी दाखिला गरेको पाइएन। अतः मन्त्रालयले जिन्सी दाखिला गर्दा पाम्समा पूर्ण स्पेशिफिकेशन सहितको जिन्सी दाखिला गर्नुपर्दछ।

क्र.सं.	सामग्रीको विवरण	भुक्तानी रु.	कैफियत
१	डेस्कटप तथा प्रिन्टर समेतका उपकरण खरिद	९८१४०५	१४-२०८१।१२।६
२	डेस्कटप तथा प्रिन्टर समेतका उपकरण खरिद	१५१४८०१	१६-२०८१।१२।६
३	डेस्कटप,ल्यापटप समेतका उपकरण खरिद	२२३०६२०	२०-२०८२।२।१२
४	मोटरसाइकल थान २५ खरिद	५६७२५००	६३-२०८२।३।३
जम्मा रु.		**१०३९९३२६**	

स्रोतः महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन

४४. **वन अतिक्रमण -** वन ऐन, २०७६ को दफा ८ मा अधिकार प्राप्त व्यक्तिबाट पट्टा पुर्जि पाएको बाहेक वन क्षेत्रको जग्गामा कुनै किसिमको हक नहुने र वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ मा तोकिएको कार्यविधि बनाई अतिक्रमण हुन नदिने र अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ। वन तथा वातावरण मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेशअन्तर्गत ७ हजार ६०२ हेक्टर वन अतिक्रमण भएकोमा २५० हेक्टर क्षेत्रफलमा वन अतिक्रमण नियन्त्रण गरी बाँकी ७ हजार ३५२ हेक्टरमा वन अतिक्रमण हटाउन सकेको छैन। कानुनबमोजिम अतिक्रमण भएको वन क्षेत्रलाई नियन्त्रण गरी उपयोग गर्नुपर्दछ।

४५. **जिन्सी सामग्रीको मर्मत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत सम्भार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको हकमा

तीन महिनाभित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ। मन्त्रालय/निकायबाट प्राप्त २०८१।८२ को मर्मत गर्नुपर्ने जिन्सी सामग्रीको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालयको नाम	जिन्सी सामग्रीको विवरण	संख्या
१	भौतिक पूर्वाधार विकास मन्त्रालय	मोटरसाइकल/स्कुटर,जिप, कम्प्युटर, प्रिन्टरलगायत	६८
२	ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय	कम्प्युटर, ल्यापटप, सोफा सेटलगायत	१२
३	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	मोटरसाइकल, कम्प्युटर, ल्यापटपलगायत	१४
जम्मा			**९४**

स्रोतः सम्बन्धित मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदन

उल्लिखित विवरणअनुसार ३ मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदनमा ९४ जिन्सी सामग्रीको मर्मत सम्भार गर्नुपर्ने भनी सिफारिस गरिएकोमा मर्मत सम्भार गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सम्पत्तिको मर्मत सम्भार गरी उपयोग गर्नुपर्दछ।

४६. **लिलाम बिक्री -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को १०६ मा सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चिस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्रीको प्रकृया सुरु गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त आर्थिक वर्ष २०८१।८२ को जिन्सी निरीक्षण प्रतिवेदनअनुसार लिलाम गर्नुपर्ने जिन्सी सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालयको नाम	लिलाम गर्नुपर्ने संख्या
१	अर्थ मन्त्रालय	२२०
२	भौतिक पूर्वाधार विकास मन्त्रालय	२१४
३	ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय	८९
जम्मा		**५२३**

स्रोतः सम्बन्धित मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदन

उल्लिखित विवरणअनुसार ३ मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदनमा ५२३ संख्यामा जिन्सी सम्पत्तिको लिलाम बिक्री गर्नुपर्ने भनी सिफारिस गरिएकोमा लिलाम बिक्री गरेको छैन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सम्पत्तिको लिलाम बिक्री गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

४७. **मिनाहा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को १११ मा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्तिको वास्तविक क्षतिको मूल्याङ्कन गरी मूल्य समेत खुलाई प्रतिवेदन गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा ५ सदस्यीय समिति रहने, प्रतिवेदनको आधारमा पचास लाख मूल्य बराबारसम्मको क्षतिको हकमा सम्बन्धित केन्द्रीय निकायको सचिवले र सोभन्दा बढी रकमको हकमा सरकारले मिनाहा दिन सक्ने उल्लेख छ। जेन-जी आन्दोलनको क्रममा नष्ट भएका १ हजार ६२० संख्याको जिन्सी तथा सम्पत्तिमध्ये लिलाम बिक्री हुन नसक्ने बाहेकको सम्पत्ति र मन्त्रालय वा अन्तर्गतको निकायको जिन्सी निरीक्षण प्रतिवेदन मिनाहा गर्नुपर्ने भनी उल्लेख भएका सम्पत्तिहरूको मिनाहा गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप मिनाहा गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

४८. **वार्षिक प्रतिवेदन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ। महालेखापरीक्षकले पेस गरेको आ.व. २०८०।८१ को सातौं वार्षिक लेखापरीक्षण प्रतिवेदनमा सार्वजनिक सम्पत्ति व्यवस्थापनसम्बन्धमा दिइएका सुझाउहरू देहायबमोजिम रहेको छः

क्र.सं.	प्रतिवेदनमा उल्लिखित सुझाउहरू
१	मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्यरुपमा सरकारी स्वामित्वमा ल्याइ सोको अभिलेख संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउने।
२	सार्वजनिक निकायले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवम् सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्ने।
३	मर्मत सम्भार हुन सक्ने जिन्सी सामग्री मर्मत सम्भार गरी सार्वजनिक सम्पत्तिको उच्चतम उपयोग गर्ने।
४	जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरू आवश्यकता, औचित्य, मौज्दात र मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्ने।
५	खर्च भएर नजाने प्रकृतिका कतिपय सम्पत्तिहरू प्रयोगकर्ता परिवर्तन पश्चात् पुनः प्रयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति देखिएकोले यस्ता सम्पत्तिको उपयोगी आयु तय गरी सो अवधिभित्र त्यस्ता सम्पत्ति एउटै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्ने।

महालेखापरीक्षकले प्रदेशको सार्वजनिक सम्पत्ति व्यवस्थापन सम्बन्धमा दिइएका उल्लिखित सुझाउहरूको कार्यान्वयन गर्न प्रदेश सार्वजनिक लेखा समिति, लेखा उत्तरदायी अधिकृत, मन्त्रालय वा निकाय तथा अन्तर्गतका कार्यालयका प्रमुख र सम्बन्धित कर्मचारीहरू जिम्मेवार हुनुपर्दछ।

बागमती प्रदेश

४९. **सम्पत्तिको अभिलेखाङ्कन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको २०८१।८२ को जिन्सी तथा सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

(रु. हजारमा)

मन्त्रालय वा निकायको नाम	जिन्सी तथा सम्पत्तिको विवरण					
	भवन र संरचना	मेसिनरी र उपकरण	अन्य स्थिर सम्पत्ति	बहुमूल्य वस्तु	प्राकृतिक सम्पत्ति	जम्मा
२०२-प्रदेश व्यवस्थापिका	०	१६७३१०	१२४०	०	०	१६८५५०
२१०-प्रदेश लोक सेवा आयोग	०	४०९९१	१३१४	०	०	४२३०५
२१६-मुख्य न्यायाधिवक्ताको कार्यालय	०	२३६८२	०	०	०	२३६८२
३०१-मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०	११८९१५	४००२७	५३	०	१५८९९५
३०५-आर्थिक मामिला तथा योजना मन्त्रालय	०	९४७१०	०	०	०	९४७१०
३०७-उद्योग, वाणिज्य, भूमी तथा प्रशासन मन्त्रालय	५१७६९	१५५६९२	२१३१५	०	५०	२२८८२६
३१२- कृषि तथा पशुपन्छी विकास मन्त्रालय	१३०४९३	५६१६४२	४०९९५	४०	५८९२१	७९२०९१
३१३- खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	२४८२७	४०६२७१	१६८९६८	०	२९९८९	६३००५५
३१४-आन्तरिक मामिला तथा कानुन मन्त्रालय	०	७०५००	१०५८९	०	०	८१०८९
३२५-संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय	०	९२१७८	१२५८५	०	०	१०४७६३
३२९- वन तथा वातावरण मन्त्रालय	१४७०	४१५१२३	३१०७	१४९	६०	४१९९०९
३३६-भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय	२३९७०	३८७६२	१३६९	०	२९५२००	३५९३०१
३३७- भौतिक पूर्वाधार विकास मन्त्रालय	१	४०४०९८	१२००४५	०	०	५२४१४४
३४३-युवा तथा खेलकुद मन्त्रालय	१६	४२५१५	१९३०७	०	०	६१८३८
३५०-सामाजिक विकास मन्त्रालय	३३५४	७९५७८१	४८६६९	०	१८८	८४७९९२
३७०-स्वास्थ्य मन्त्रालय	४०३२४५	२५५४६३०	५३६३	३३६	१००००१	३०६३५७५
३७१-श्रम, रोजगार तथा यातायात मन्त्रालय	०	२८३६३७	८५६१	०	०	२९२१९८
३९१-प्रदेश नीति तथा योजना आयोग	०	२९५९६	६०	०	०	२९६५६
जम्मा	**६३९१४५**	**६२९६०३३**	**५०३५१४**	**५७८**	**४८४४०९**	**७९२३६७९**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको २०८१।८२ को कुल जिन्सी तथा सम्पत्ति रु.७ अर्ब ९२ करोड ३६ लाख ७९ हजारमध्ये भवन र संरचना रु.६३ करोड ९१ लाख ४५ हजार, मेसिनरी र उपकरण रु.६ अर्ब

२९ करोड ६० लाख ३३ हजार, अन्य स्थिर सम्पत्ति रु.५० करोड ३५ लाख १४ हजार, बहुमूल्य बस्तु रु.५ लाख ७८ हजार र प्राकृतिक सम्पत्ति रु.४८ करोड ४४ लाख ९ हजार रहेको छ। सम्पत्ति विवरणमा प्रदेश सरकार मातहतका सरकारी जग्गा र पूर्वाधारजन्य सम्पत्तिको अभिलेख नरहेको र सबै सरकारी भवन संरचना, मेसिनरी उपकरण र अन्य स्थिर सम्पत्तिको लेखाङ्कन नगरेकोले प्रदेश सरकारको सम्पत्ति व्यवस्थापन व्यवस्थित देखिएन। प्रदेश सरकार मातहतका सम्पूर्ण सरकारी सम्पत्तिको लेखाङ्कन गरी सम्पत्ति व्यवस्थापनलाई पारदर्शी र प्रभावकारी बनाउनुपर्दछ।

५०. **सम्पत्ति लेखाङ्कनमा फरक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २२ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८०।८१ र २०८१।८२ को एकीकृत वित्तीय विवरण र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा लेखाङ्कन भएको सम्पत्तिको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	विवरण नमिलेको मन्त्रालय/निकाय संख्या	जिन्सी तथा सम्पत्तिको विवरण			
		२०८०।८१ को एकीकृत वित्तीय विवरणअनुसार	आर्थिक वर्ष २०८१।८२		
			एकीकृत वित्तीय विवरणअनुसार	पाम्सअनुसार	फरक
बागमती प्रदेश	१२	६०९८८६२	८३५०९७५	७९२३६७९	४२७२९६

स्रोतः महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरण अनुसार २०८१।८२ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.८ अर्ब ३५ करोड ९ लाख ७५ हजार रहेकोमा पाम्समा रु.७ अर्ब ९२ करोड ३६ लाख ७९ हजारको लेखाङ्कन भई एकीकृत वित्तीय विवरणमाभन्दा रु.४२ करोड ७२ लाख ९६ हजारले घटी लेखाङ्कन भएको छ। त्यस्तै, २०८०।८१ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.६ अर्ब ९ करोड ८८ लाख ६२ हजार रहेकोमा यो वर्ष रु.२ अर्ब २५ करोड २१ लाख १३ हजारले बढेको छ। जसले गर्दा प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको विवरण यथार्थपरक रहेको देखिदैँन। प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको अभिलेखलाई अद्यावधिक गरी पाम्समा लेखाङ्कन भएको भन्दा फरक सम्बन्धमा हिसाब मिलान गरी सरकारी सम्पत्तिको लेखाङ्कनलाई विश्वसनीय र पारदर्शी बनाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।)

५१. **सम्पत्तिको मूल्य -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४७(४) मा अन्य निकायबाट हस्तान्तरण भई आएका मूल्य नखुलेका जिन्सी सामग्री र कार्यालयमा मौज्दात रहेका मालसामानमध्ये पुरानो मालसामानको मूल्य कारणवश खुल्न नसकेकोमा त्यस्तो मालसामानको अवस्था र बजार मूल्य समेत विचार गरी मूल्य कायम गरी जिन्सी खातामा मूल्यसहितको अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)अनुसार प्रदेश मन्त्रालय वा निकायको सम्पत्तिको मूल्य नखुलेकोले रु.१ वा शून्य रकम कायम गरेको छ। यससम्बन्धी विवरण निम्नानुसार छन्-

मन्त्रालय वा निकाय	निकायको संख्या	सम्पत्तिको संख्या	जम्मा मूल्य रु.
बागमती प्रदेश	१४	१०६४	१०५२

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेशअन्तर्गत १४ निकायको खर्च भएर नजाने १ हजार ६४ जिन्सी सम्पत्तिको वास्तविक मूल्य यकिन नगरी पाम्समा रु.१ वा शून्य रकम कायम गरी लेखाङ्कन गर्दा जम्मा मूल्य रु.१ हजार ५२ मात्र रहेको देखिन्छ। नियमावली प्रारम्भ भएको ६ वर्ष व्यतित हुँदा समेत उल्लिखित सम्पत्तिको वास्तविक मूल्य कायम गरिएको छैन। नियमावलीमा भएको व्यवस्थाअनुरुप जिन्सी सम्पत्तिहरूको यथार्थ मूल्य कायम गरी अद्यावधिक गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-२ मा संलग्न छ।)

५२. **खारेज भएको कार्यालयको सम्पत्ति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को ५३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएकोमा पैतीसौं दिनभित्र जिन्सी मालसामानको मौज्दात र मर्मत सम्भार, लिलाम, मिन्हा गर्नुपर्ने मालसामानको परिमाण र मूल्य समेत खुलाई प्रतिवेदन तयार गरी वा गर्न लगाई सम्बन्धित मन्त्रालय वा विभागले त्यस्तो मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। प्रदेश सरकार (कार्यविभाजन) नियमावलीमा उल्लेख भएका मन्त्रालयको संख्याभन्दा फरक हुने गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा २०८२ चैत्र महिनासम्म खारेज भएका वा गाभिएका मन्त्रालय वा सोअन्तर्गतका निकायहरूको सम्पत्ति लेखाङ्कन भएको छ। यससम्बन्धी विवरण निम्नानुसार छः

क्र.सं.	हुनुपर्ने मन्त्रालयको नाम	पाम्समा भएको मन्त्रालयको नाम
१	संस्कृति तथा पर्यटन मन्त्रालय	संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
२	सहकारी तथा गरिबी निवारण मन्त्रालय	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको कार्यविभाजन नियमावलीअनुसार मन्त्रालयको नाम सच्याउनुपर्ने र तोकिएको अवधिभित्र खारेज वा गाभिने निर्णय भएका मन्त्रालय वा निकायको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने कार्य नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई मन्त्रालयको सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

५३. **घरजग्गाको लगत -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५४ मा सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र सरकारी कार्यालयको नाममा रहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जा लिन बाँकी रहेको भएमा सम्बन्धित कार्यालय प्रमुखले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत प्रदेश सरकारको घरजग्गाको लगत माग गरेकोमा सोअनुसारको विवरण पेस गरेका छैन। प्रदेश सरकारको मन्त्रालय र निकायले आफूले उपयोग गरिरहेको जग्गा र भवनको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा नराखेको हुँदा तथ्याङ्क प्राप्त हुन सकेको छैन। सङ्घीय कार्यालयहरू प्रदेशमा हस्तान्तरण भई आएकोमा जग्गा र भवनको स्वामित्व हस्तान्तरण नभएकोले अभिलेख कायम गर्न नसकिएको र एक निकायको नाममा रहेको जग्गा तथा भवन अर्को निकायले उपयोग गर्ने गरेकोले अभिलेख लेखाङ्कनमा समस्या रहेको जनाएको छ। मन्त्रालय वा निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयले घरजग्गाको लगत अध्यावधिक गरी राख्ने, सो को प्रभावकारी रुपमा उपयोग गर्ने तथा कार्यालयको नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्दछ।

५४. **सवारी साधन –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान

तथा सम्पत्तिको लेखा त्यस्तो मालसामान तथा सम्पत्तिको खरिद मूल्यको आधारमा राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको २०८१।८२ को सवारी साधनसम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	मोटरसाइकल/स्कुटर		कार/जीप/भ्यान		बस/मिनिबस		जम्मा	
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
बागमती	१७७५	३४९१५१	४३६	१५९८०३८	१८	४२१५५	२२२९	१९८९३४४

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८१।८२ मा प्रदेश सरकारअन्तर्गत २ हजार २२९ सवारी साधनको मूल्य रु.१ अर्ब ९८ करोड ९३ लाख ४४ हजार रहेको देखिन्छ। सवारी साधनको मूल्य वास्तविक नभई रु.१ र न्यून मूल्य लेखाङ्कन गरिएको छ। सवारी साधन खरिद गरेको मूल्यको आधारमा सम्पत्तिको लेखाङ्कन गरी जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-४ मा संलग्न छ।)

५५. **सम्पत्तिको वर्गीकरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ मा एक वर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिको लेखा खर्च भएर नजाने र एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)को २०८२।८३ को प्रतिवेदनअनुसार प्रदेश सरकारअन्तर्गत मन्त्रालय वा निकायले मोवाइल, फर्निचर, मेशिनरी उपकरण, अध्ययन प्रतिवेदन, पुस्तकलगायतका खर्च भएर नजाने प्रकृतिका सामग्रीहरूलाई खर्च भएर जाने जिन्सी खातामा लेखाङ्कन गरेको देखिन्छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	संख्या	रकम
१	प्रदेश सभा सचिवालय	४६३	९४६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२७९	१५८४
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	७६७	५५३
४	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१९२६	३११४
५	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	२४	३२८
६	स्वास्थ्य मन्त्रालय	१२९	२९०१
७	युवा तथा खेलकुद मन्त्रालय	१४८	८९१
८	सामाजिक विकास मन्त्रालय	४०	१८८
९	भौतिक पूर्वाधार विकास मन्त्रालय	१०६८	१२१५
१०	वन तथा वातावरण मन्त्रालय	२८	२२५
११	संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय	८६२	२७७४६
१२	श्रम, रोजगार तथा यातायात मन्त्रालय	७०००	१११९४
१३	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	३२	९९६०
१४	उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय	११	५२
१५	सहकारी तथा गरिबी निवारण मन्त्रालय	१६	४१
१६	प्रदेश लोक सेवा आयोग	२९१	६०५
१७	प्रदेश नीति तथा योजना आयोग	१७	७२

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	संख्या	रकम
	जम्मा	१३१०१	६१६१५

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२।८३ मा प्रदेश सरकारको १७ मन्त्रालय/निकायले १३ हजार १०१ सामग्रीको रु.६ करोड १६ लाख १५ हजारको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने सम्पत्तिमा लेखाङ्कन गरेको छ। एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने भएतापनि सोअनुसार निर्णय गरेको देखिएन। कानुनी व्यवस्थाअनुसार पाम्समा सरकारी सम्पत्तिको वर्गीकरण र लेखाङ्कनलाई अद्यावधिक गरी सम्पत्तिको समुचित उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-५ मा संलग्न छ।)

५६. **सम्पत्तिको उपयोग -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्ने व्यवस्था छ। साथै, सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त २०८२ चैत्र मसान्तसम्मको खर्च भएर जाने जिन्सी सामग्रीको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	निकायको संख्या	गत आ.व.सम्मको मौज्दात	चालु आ.व.मा आम्दानी	चालु आ.व.मा खर्च	मौज्दात बाँकी
१	प्रदेश सभा सचिवालय	१	८९२३	१९०२	१३९	१०६८६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	१४०५०	६४४४	५०६२	१५४३२
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	९	२८४९	४२३४	४८८	६५९५
४	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२	१०५५८	३७१२	१६७०	१२६००
५	कृषि तथा पशुपन्छी विकास मन्त्रालय	३८	४१३९५	६६८०२	४५७७०	६२४२७
६	स्वास्थ्य मन्त्रालय	४६	४५५१०२	१२३३२१५	५९८१२२	१०९०१९५
७	युवा तथा खेलकुद मन्त्रालय	३	११८०५	६१९२	१२०४७	५९५०
८	सामाजिक विकास मन्त्रालय	२८	६४९८६	७५८५०	५१७१५	८९१२१
९	भौतिक पूर्वाधार विकास मन्त्रालय	२०	३२९१४	२४३७२	२२१८९	३५०९७
१०	वन तथा वातावरण मन्त्रालय	२५	४५६२५	२९५५६	३७२५०	३७९३१
११	संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय	५	१४२७०	३२६६५	६९१०	४००२५
१२	श्रम, रोजगार तथा यातायात मन्त्रालय	१३	३६७०६	३९३८१	२४४७२	५१६१५
१३	खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय	२४	५१४३७९	१४९९५८	११२२७६	५५२०६१
१४	उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय	१५	६८७२	९१८१	८५२८	७५२५
१५	सहकारी तथा गरिबी निवारण मन्त्रालय	४	१२७८	१८८७	११६६	१९९९
१६	प्रदेश लोक सेवा आयोग	१	९७५	१२३१	६५४	१५५२
१७	प्रदेश नीति तथा योजना आयोग	१	१९६	४५४	५०४	१४६
१८	मुख्यन्यायधिवक्ताको कार्यालय	१	१४२९	६१८	०	२०४७
जम्मा		**२३९**	**१२६४३१२**	**१६८७६५४**	**९२८९६२**	**२०२३००४**

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	निकायको संख्या	गत आ.व.सम्मको मौज्दात	चालु आ.व.मा आम्दानी	चालु आ.व.मा खर्च	मौज्दात बाँकी

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको १८ मन्त्रालय/निकायअन्तर्गतका २३९ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिमध्ये गत वर्षको मौज्दात रु.१ अर्ब २६ करोड ४३ लाख १२ हजार, यो वर्षको आम्दानी रु.१ अर्ब ६८ करोड ७६ लाख ५४ हजार रहेकोमा यो वर्ष रु.९२ करोड ८९ लाख ६२ हजार खर्च भई रु.२ अर्ब २ करोड ३० लाख ४ हजार बाँकी रहेको देखिन्छ। कार्यालयले आवश्यकताभन्दा बढी जिन्सी वा सम्पत्ति खरिद गर्ने गरेको र माग फाराम स्वीकृत गरी वास्तविक समयमा हुने यथार्थ खर्चलाई पाम्समा लेखाङ्कन गर्ने गरेका छैनन्। स्वीकृत माग फारामअनुसार समयमै पाम्समा लेखाङ्कन गर्ने र आवश्यकताअनुसार खर्च भएर जाने जिन्सी सामग्री खरिद गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

५७. **जिन्सी सामग्रीको उपयोग -** सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म खर्च भएर जाने जिन्सी वा सम्पत्तिको खर्च शून्य रहेको निकायहरूको विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	कार्यालय संख्या	गत वर्षसम्मको मौज्दात	यो वर्षको आम्दानी	यो वर्षको खर्च	मौज्दात बाँकी
बागमती प्रदेश	४०	८७२३०	५३७०४	०	१४०९३४

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म प्रदेश सरकारअन्तर्गत ४० कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिको गत वर्षको मौज्दात रु.८ करोड ७२ लाख ३० हजार र यो वर्ष रु.५ करोड ३७ लाख ४ हजार आम्दानी भएकोमा यो वर्ष शून्य खर्च गरी रु.१४ करोड ९ लाख ३४ हजार मौज्दात रहेको देखिन्छ। चालु वर्ष २०८२।८३ को ९ महिनासम्म पनि खर्च भएर जाने जिन्सीको खर्च शून्य देखिनाले कार्यालयले माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चलाई पाम्समा अद्यावधिक गर्ने गरेको देखिएन। पाम्समा वास्तविक खर्चलाई यथार्थ रुपमा लेखाङ्कन नगर्दा जिन्सी मौज्दातको विवरण यथार्थपरक नहुने हुँदा खरिद तथा जिन्सी व्यवस्थापन प्रभावकारी देखिएन। गत वर्षको सम्पत्तिको मौज्दातलाई मध्यनजर गरी आवश्यकताको आधारमा थप जिन्सी वा सम्पत्तिको खरिद गर्ने, माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चको लेखाङ्कन गर्ने र जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्ने गराउने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-६ मा संलग्न छ।)

५८. **जेन-जी आन्दोलनामा क्षति -** देशव्यापी रुपमा २०८२ भदौ २३ र २४ गते भएको जेन-जी पुस्ताद्वारा आयोजित आन्दोलनबाट प्रदेश सरकारको जिन्सी सम्पत्तिमा क्षति भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त जेन-जी आन्दोलनबाट मन्त्रालय/निकायमा क्षति भएको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालय वा निकाय	सम्पत्तिको नाम	क्षतिको विवरण	
			संख्या	रकम रु.

१	कृषि विकास निर्देशनालय	मोटरसाइकल	१	१
२	भौतिक पूर्वाधार विकास मन्त्रालय	मोटरसाइकल/स्कुटर, कम्प्युटर, ल्यापटप, प्रिन्टर, फर्निचरलगायत	२२२	८६४९५३२
६	खानेपानी मन्त्रालय	जिप, मोटरसाइकल/स्कुटर, कम्प्युटर, फर्निचरलगायत	१५२	१६३५२४८२
७				
जम्मा			**५२९४**	**७६५३५५१७४.९२**

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार ८ प्रदेश मन्त्रालय/निकायअन्तर्गत कुल संख्या १ हजार ६२० सम्पत्तिको क्षति हुन गई रु.२१ करोड ३ लाख ६१ हजारको क्षति भएको जसमध्ये सवैभन्दा बढी ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय २९.७७, दोस्रोमा गृह, सञ्चार तथा कानुन मन्त्रालय २५.१३ र तेस्रोमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको २३.५४ प्रतिशत क्षति भएको छ। प्राप्त विवरणअनुसार क्षति विवरण तयार गर्दा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)को अभिलेखसँग भिडान गरे वा नगरेको, आगलागीमा नष्ट भएको वा चोरी भएको, नष्ट भएकोमा सम्पत्तिको अंश रहेको वा नरहेको लगायत विषयहरूलाई समावेश गरेको छैन। यसरी आन्दोलनबाट क्षति भएका भौतिक संरचनाको निर्माण वा मर्मत सम्भार गर्ने, आगलागीबाट जली नष्ट भएका वा पुनः प्रयोग गर्न नमिल्ने सम्पत्तिको लिलाम बिक्री तथा मिनाहा गर्ने, सवारी साधनको उपयोग तथा व्यवस्थापनसम्बन्धमा भएको निर्णयको कार्यान्वयन गर्ने र प्रदेशको सबै सम्पत्तिलाई अद्यावधिक गरी लेखाङ्कन गर्नुपर्दछ।

५९. **वन अतिक्रमण–** प्रदेश राष्ट्रिय वन ऐन, २०७६ तथा वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ मा तोकिएको कार्यविधि बनाई अतिक्रमण हुन नदिने र अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ। वन तथा वातावरण मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेशअन्तर्गत १३ हजार ६०६ हेक्टर वन अतिक्रमण भएकोमा यो वर्ष ५७ हेक्टर क्षेत्रफलमा वन अतिक्रमण नियन्त्रण गरिएकोमा अन्य क्षेत्रको वन अतिक्रमण हटाउन सकेको छैन। कानुनबमोजिम अतिक्रमण भएको वन क्षेत्रलाई नियन्त्रण गरी उपयोग गर्नुपर्दछ।

६०. **जिन्सी मौज्दात नसारेको -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ५१ मा कार्यालय प्रमुखले सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्नुपर्ने व्यवस्था छ। विगतमा जिन्सी सामग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) को भर्सन १ लागु भई २०८१।८२ बाट पाम्सको भर्सन २ लागु गरिएको छ। महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनअनुसार उद्योग, वाणिज्य तथा भूमि तथा प्रशासन मन्त्रालयले आर्थिक वर्षको अन्त्यमा पाम्स भर्सन १ मा बाँकी रहेको जिन्सी सामग्रीको मौज्दात भर्सन २ मा जिम्मेवारी सार्नुपर्नेमा ३ हजार ४११ खर्च भएर जाने रु.२ लाख ७५ हजारको जिन्सी सामानको जिम्मेवारी सारेको देखिएन। महालेखा नियन्त्रक कार्यालयले एक प्रणालीलाई अर्को संस्करणको प्रणालीमा अध्यावधिक गर्दा सम्पूर्ण डाटा माइग्रेट नभएको कारण उक्त जिम्मेवारी सार्न छुट भएको र कार्यालयले म्यानुअल प्रविष्टि गरी जिम्मेवारी सारेको देखिएन। यसरी जिन्सी सामग्रीको जिम्मेवारी नसार्दा जिन्सी सामान हिनामिना वा दुरुपयोग हुन सक्ने जोखिम भएकोले उक्त जिन्सी सागानको जिन्सी प्रणालीमा प्रविष्ट गरी सम्पत्तिको विवरण अद्यावधिक गर्नुपर्दछ।

६१. **जिन्सी सामग्रीको मर्मत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ५० मा कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत सम्भार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको

हकमा तीन महिनाभित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त २०८१।८२ को मर्मत गर्नुपर्ने जिन्सी सामग्रीको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालयको नाम	जिन्सी सामग्रीको विवरण	संख्या
१	भौतिक पूर्वाधार विकास मन्त्रालय	मोटरसाइकल, स्कुटर, कम्प्युटर, ल्यापटप, फर्निचरलगायत	४८
२	स्वास्थ्य मन्त्रालय	कार र जेनेरेटर	२
जम्मा			**५०**

स्रोतः सम्बन्धित मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदन

उल्लिखित विवरणअनुसार २ मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदनमा ५० जिन्सी सामग्रीको मर्मत सम्भार गर्नुपर्ने भनी सिफारिस गरिएकोमा मर्मत सम्भार गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सम्पत्तिको मर्मत सम्भार गरी उपयोग गर्नुपर्दछ।

६२. **लिलाम बिक्री** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५१ र नियमावली, २०७६ को ५८ मा जिन्सी निरीक्षण प्रतिवेदनमा पुरानो भई काममा आउन नसक्ने टुटफुट भई बेकम्मा भएका र पुनः मर्मत नहुने भनी किटान भएका मालसामानमध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराइएका मालसामानको परल मूल्य खुलेकोमा तीन लाख र परल मूल्य नखुलेकोमा हाल मूल्याङ्कन भएको मूल्यमा एक लाख वा दुबै गरेर चार लाख रुपैयाँसम्मका मालसामान आर्थिक प्रशासन शाखा प्रमुख र जिन्सी शाखा प्रमुख समेतको राय लिई कार्यालय प्रमुखले लिलाम बिक्री गर्नुपर्ने उल्लेख छ। मन्त्रालय/निकायबाट प्राप्त आर्थिक वर्ष २०८१।८२ को जिन्सी निरीक्षण प्रतिवेदनअनुसार लिलाम गर्नुपर्ने जिन्सी सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालयको नाम	लिलाम गर्नुपर्ने संख्या
१	वन तथा वातावरण मन्त्रालय	६२
२	स्वास्थ्य मन्त्रालय	७
३	प्रदेश लोक सेवा आयोग	१२
जम्मा		**८१**

स्रोतः सम्बन्धित मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदन

उल्लिखित विवरणअनुसार ३ मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदनमा ८१ संख्यामा जिन्सी सम्पत्तिको लिलाम बिक्री गर्नुपर्ने भनी सिफारिस गरिएकोमा लिलाम बिक्री गरेको छैन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सम्पत्तिको लिलाम बिक्री गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

६३. **मिनाहा** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५२ मा प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा तथा सुख्खाजर्ती भई वा खिइएर सडेर गई वा अन्य कारणबाट सरकारी हानी, नोक्सानी हुन गएको वा कानुनबमोजिम लिलाम बढाबढ हुदाँ पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा मिनाहा दिन सक्ने उल्लेख छ। जेन-जी आन्दोलनको क्रममा नष्ट भएका ५ हजार २९४ संख्याको जिन्सी तथा सम्पत्तिमध्ये लिलाम बिक्री हुन नसक्ने बाहेकको सम्पत्ति र मन्त्रालय वा अन्तर्गतको निकायको जिन्सी निरीक्षण प्रतिवेदन मिनाहा गर्नुपर्ने भनी उल्लेख भएका सम्पत्तिहरूको मिनाहा गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप मिनाहा गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

६४. **वार्षिक प्रतिवेदन** - लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ। महालेखापरीक्षकले पेस गरेको २०८०।८१ को सातौं वार्षिक लेखापरीक्षण प्रतिवेदनमा सार्वजनिक सम्पत्ति व्यवस्थापनसम्बन्धमा दिइएका सुझाउहरू देहायबमोजिम रहेको छः

क्र.सं.	प्रतिवेदनमा उल्लिखित सुझाउहरू
१	प्रदेश सरकार र मातहत निकायसमेतको सम्पत्तिको एकीकृत अभिलेख राखि संरक्षणको व्यवस्था गर्न मूल्य नखुलेका सम्पत्तिको मूल्य खुलाई राख्ने, घरजग्गा अभिलेख व्यवस्थित हुने गरी प्रदेश सरकारको सबै सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी सम्पत्तिको अभिलेख व्यवस्थित गर्ने।
२	जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरू आवश्यकता, औचित्य, मौज्दात र मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्ने।
३	मर्मत सम्भार हुन सक्ने जिन्सी सामग्री मर्मत सम्भार गरी सार्वजनिक सम्पत्तिको उच्चतम उपयोग गर्ने।
४	प्रयोगमा नआएका भवन, उपकरण, सवारी साधनलगायतका सम्पत्तिहरू हस्तान्तरण एवम् व्यवस्थापन गर्ने।

महालेखापरीक्षकले प्रदेशको सार्वजनिक सम्पत्ति व्यवस्थापन सम्बन्धमा दिइएका उल्लिखित सुझाउहरूको कार्यान्वयन गर्न प्रदेश सार्वजनिक लेखा समिति. लेखा उत्तरदायी अधिकृत, मन्त्रालय वा निकाय तथा अन्तर्गतका कार्यालयका प्रमुख र सम्बन्धित कर्मचारीहरू जिम्मेवार हुनुपर्दछ।

गण्डकी प्रदेश

६५. **सम्पत्तिको अभिलेखाङ्कन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ मा मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको २०८१।८२ को जिन्सी तथा सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

(रकम रु. हजारमा)

मन्त्रालय वा निकायको नाम	जिन्सी तथा सम्पत्तिको विवरण					
	भवन र संरचना	मेसिनरी र उपकरण	अन्य स्थिर सम्पत्ति	बहुमूल्य वस्तु	प्राकृतिक सम्पत्ति	जम्मा
२०२-प्रदेश व्यवस्थापिका	०	९६५९९	०	०	०	९६५९९
२१०-प्रदेश लोक सेवा आयोग	०	६२०१७	०	०	०	६२०१७
२१६-मुख्य न्यायाधिवक्ताको कार्यालय	०	१८६३०	२०४	०	०	१८८३४
३०१-मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०	२२४२७२	०	०	०	२२४२७२
३०५-आर्थिक मामिला तथा योजना मन्त्रालय	०	६९६७०	०	०	०	६९६७०
३०७-उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३००८१	११७५३०	२६३९	०	५४५१	१५५७०१
३१२- भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय	३१८७५	४९९९६६	३४८४	०	२८८	५३५६१३
३१४- कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय	०	२८०३९	१७८३	०	०	२९८२२
३१६- आन्तरिक मामिला मन्त्रालय	०	३१५६३	०	०	०	३१५६३
३२०- वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय	०	५७६६	२१२५	०	०	७८९१
३२९- वन तथा वातावरण मन्त्रालय	०	१३२५४७	१६२८	०	०	१३४१७५
३३७- भौतिक पूर्वाधार विकास मन्त्रालय	०	२६६४९८	५०३७०	०	०	३१६८६८
३४०-ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	८१२६०	२६८२८६	५८११४	०	१४८७	४०९१४७
३५०-सामाजिक विकास मन्त्रालय	५६८१५	८९८६२५	२१०२१	१००७	२९५६०९	१२७३०७७
३५१-युवा तथा खेलकुद मन्त्रालय	०	४६८४	०	०	०	४६८४
३५५-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	०	८३९२३	१४९	०	०	८४०७२
३७०-स्वास्थ्य मन्त्रालय	६७३२३	७७२८६७	२२११	०	२३०४२	८६५४४३
३९१-प्रदेश नीति तथा योजना आयोग	०	२८००४	६०५०	०	०	३४०५४
जम्मा	**२६७३५४**	**३६०९४८६**	**१४९७७८**	**१००७**	**३२५८७७**	**४३५३५०२**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको २०८१।८२ को कुल जिन्सी तथा सम्पत्ति रु.४ अर्ब ३५ करोड ३५ लाख २ हजारमध्ये भवन र संरचना रु.२६ करोड ७३ लाख ५४ हजार, मेसिनरी र उपकरण रु.३ अर्ब ६० करोड ९४ लाख ८६ हजार, अन्य स्थिर सम्पत्ति रु.१४ करोड ९७ लाख ७८ हजार, बहुमूल्य वस्तु रु.१० लाख ७ हजार र प्राकृतिक सम्पत्ति रु.३२ करोड ५८ लाख ७७ हजार रहेको छ। सम्पत्ति विवरणमा प्रदेश सरकार मातहतका सरकारी जग्गा र पूर्वाधारजन्य सम्पत्तिको अभिलेख नरहेको र सबै सरकारी भवन संरचना, मेसिनरी उपकरण र अन्य स्थिर सम्पत्तिको लेखाङ्कन नगरेकोले प्रदेश सरकारको सम्पत्ति व्यवस्थापन

व्यवस्थित देखिएन। प्रदेश सरकार मातहतका सम्पूर्ण सरकारी सम्पत्तिको लेखाङ्कन गरी सम्पत्ति व्यवस्थापनलाई पारदर्शी र प्रभावकारी बनाउनुपर्दछ।

६६. **सम्पत्ति लेखाङ्कनमा फरक -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८०।८१ र २०८१।८२ को एकीकृत वित्तीय विवरण र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा लेखाङ्कन भएको सम्पत्तिको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	विवरण नमिलेको मन्त्रालय/निकाय संख्या	जिन्सी तथा सम्पत्तिको विवरण			
		२०८०।८१ को एकीकृत वित्तीय विवरणअनुसार	आर्थिक वर्ष २०८१।८२		
			एकीकृत वित्तीय विवरणअनुसार	पाम्सअनुसार	फरक
गण्डकी प्रदेश	६	३५२१७५८	४३२६२४४	४३५३५०२	-२७२५८

स्रोतः महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणनुसार २०८१।८२ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.४ अर्ब ३२ करोड ६२ लाख ४४ हजार रहेकोमा पाम्समा रु.४ अर्ब ३५ करोड ३५ लाख २ हजारको लेखाङ्कन भई एकीकृत वित्तीय विवरणमाभन्दा रु.२ करोड ७२ लाख ५८ हजारले बढी लेखाङ्कन भएको छ। त्यस्तै, २०८०।८१ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.३ अर्ब ५२ करोड १७ लाख ५८ हजार रहेकोमा यो वर्ष रु.८० करोड ४४ लाख ८६ हजारले बढेको छ। जसले गर्दा प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको विवरण यथार्थपरक रहेको देखिदैँन। प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको अभिलेखलाई अद्यावधिक गरी पाम्समा लेखाङ्कन भएको भन्दा फरक सम्बन्धमा हिसाब मिलान गरी सरकारी सम्पत्तिको लेखाङ्कनलाई विश्वसनीय र पारदर्शी बनाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।)

६७. **सम्पत्तिको मूल्य -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८४ कार्यालयमा मूल्य नखुलेको कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएका कार्यालय प्रमुखले यो नियमावली प्रारम्भ भएको एक वर्षभित्र मूल्य नखुलेको सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य कायम गरी त्यस्तो सम्पत्ति तथा जिन्सी सामानको स्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)अनुसार प्रदेश मन्त्रालय वा निकायको सम्पत्तिको मूल्य नखुलेकोले रु.१, शून्य र न्यून रकम कायम गरेको छ। यससम्बन्धी विवरण निम्नानुसार छन्:

मन्त्रालय वा निकाय	निकायको संख्या	सम्पत्तिको संख्या	जम्मा मूल्य रु.
गण्डकी प्रदेश	१६	२३४	२८३

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेशअन्तर्गत १६ निकायको खर्च भएर नजाने २३४ जिन्सी सम्पत्तिको वास्तविक मूल्य यकिन नगरी पाम्समा रु.१, शून्य र न्यून रकम कायम गरी लेखाङ्कन गर्दा जम्मा मूल्य रु.२८३ मात्र रहेको देखिन्छ। नियमावली प्रारम्भ भएको ३ वर्ष व्यतित हुँदा समेत उल्लिखित सम्पत्तिको वास्तविक मूल्य कायम गरिएको छैन। नियमावलीमा भएको व्यवस्थाअनुरुप जिन्सी सम्पत्तिहरूको यथार्थ मूल्य कायम गरी अद्यावधिक गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-२ मा संलग्न छ।)

६८. **खारेज भएको कार्यालयको सम्पत्ति -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८५ मा कुनै कार्यालय खारेज वा गाभिने निर्णय भएकोमा त्यस्तो निर्णयमा मिति तोकिएको भएमा सोही मिति र मिति नतोकिएको भएमा निर्णय भएको पैँतिसौँ दिनभित्र खारेज भएको कार्यालयको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। प्रदेश सरकार (कार्यविभाजन) नियमावलीमा उल्लेख भएका मन्त्रालयको संख्याभन्दा फरक हुने गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा २०८२ चैत्र महिनासम्म खारेज भएका वा गाभिएका मन्त्रालय वा सोअन्तर्गतका निकायहरूको सम्पत्ति लेखाङ्कन भएको छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

मन्त्रालय वा निकाय	खर्च भएर नजाने	खर्च भएर जाने	जम्मा	मन्त्रालयको नाम नमिलेको संख्या
आन्तरिक मामिला मन्त्रालय	३१५६३	०	३१५६३	५
कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय	२९८२३	०	२९८२३	
युवा तथा खेलकुद मन्त्रालय	६००३	४४३५	१०४३८	
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय	३३१	२३	३५४	
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	८४२३०	३१९४	८७४२४	
जम्मा	**१५१९५०**	**७६५२**	**१५९६०२**	**५**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेशमा खारेज भएका ५ मन्त्रालयमा २०८२ चैत्र महिनासम्म खर्च भएर नजाने सम्पत्ति रु.१५ करोड १९ लाख ५० हजार र खर्च भएर जाने सम्पत्ति रु.७६ लाख ५२ हजार समेत रु.१५ करोड ९६ लाख २ हजारको सम्पत्ति लेखाङ्कन भएको देखिन्छ। खारेज वा गाभिएका मन्त्रालयको जिन्सी तथा सम्पत्तिको विवरण सम्बन्धित मन्त्रालयको पाम्समा आवद्ध गरी अभिलेखाङ्कन नगरेको र ५ मन्त्रालयको नाम मिलेको छैन। तोकिएको अवधिभित्र खारेज वा गाभिने निर्णय भएका मन्त्रालय वा अन्तर्गतका निकायको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने कार्य नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई मन्त्रालयको सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

६९. **घरजग्गाको लगत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८९ मा सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र सरकारी कार्यालयको नाममा रहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जा लिन बाँकी रहेको भएमा सम्बन्धित कार्यालय प्रमुखले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत प्रदेश सरकारको घरजग्गाको लगत माग गरेकोमा सोअनुसारको विवरण पेस गरेका छैन। प्रदेश सरकारको मन्त्रालय र निकायले आफूले उपयोग गरिरहेको जग्गा र भवनको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा नराखेको हुँदा तथ्याङ्क प्राप्त हुन सकेको छैन। सङ्घीय कार्यालयहरू प्रदेशमा हस्तान्तरण भई आएकोमा जग्गा र भवनको स्वामित्व हस्तान्तरण नभएकोले अभिलेख कायम गर्न नसकिएको र एक निकायको नाममा रहेको जग्गा तथा भवन अर्को निकायले उपयोग गर्ने गरेकोले अभिलेख लेखाङ्कनमा समस्या रहेको जनाएको छ। मन्त्रालय वा निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयले घरजग्गाको लगत अध्यावधिक गरी राख्ने, सो को प्रभावकारी रुपमा उपयोग गर्ने तथा कार्यालयको नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्दछ।

७०. **सवारी साधन** – प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६७ मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्तिको लेखा त्यस्तो मालसामान तथा सम्पत्तिको खरिद मूल्यको आधारमा राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको २०८१।८२ को सवारी साधनसम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	मोटरसाइकल/स्कुटर		कार/जीप/भ्यान		बस/मिनिबस		जम्मा	
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
गण्डकी	१०५४	१७६०००	२८७	८२६३०४	२०	३५६९३	१३६१	१०३७९९७

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८१।८२ मा प्रदेश सरकारअन्तर्गत १ हजार ३६१ सवारी साधनको मूल्य रु.१ अर्ब ३ करोड ७९ लाख ९७ हजार रहेको देखिन्छ। सवारी साधनको मूल्य वास्तविक नभई रु.१ र न्यून मूल्य लेखाङ्कन गरिएको छ। सवारी साधन खरिद गरेको मूल्यको आधारमा सम्पत्तिको लेखाङ्कन गरी जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-४ मा संलग्न छ।)

७१. **सम्पत्तिको वर्गीकरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६७ मा एक वर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिको लेखा खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्ने र एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)को २०८२।८३ को प्रतिवेदनअनुसार प्रदेश सरकारअन्तर्गत मन्त्रालय वा निकायले मोवाइल, फर्निचर, मेशिनरी उपरकण, पुस्तकलगायतका खर्च भएर नजाने प्रकृतिका सामग्रीहरूलाई खर्च भएर जाने जिन्सी खातामा लेखाङ्कन गरेको देखिन्छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	संख्या	रकम
१	प्रदेश सभा सचिवालय	४५०	९२४
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३६३९	१५१२
३	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	१५	१४९
४	ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	१११	७८६
५	आर्थिक मामिला मन्त्रालय	३४	१३७
६	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	८०	४८२
७	उद्योग तथा पर्यटन मन्त्रालय	८१७	४३९
८	सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय	८१०	५८९
९	स्वास्थ्य मन्त्रालय	२२	२६३
१०	वन तथा वातावरण मन्त्रालय	२६	१३२
११	प्रदेश लोक सेवा आयोग	४९९	३७५
१२	प्रदेश योजना आयोग	२४७९	१५०६
जम्मा		**८९८२**	**७२९४**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२।८३ मा प्रदेश सरकारको १२ मन्त्रालय/निकायले ८ हजार ९८२ सामग्रीको रु.७२ लाख ९४ हजारको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने सम्पत्तिमा लेखाङ्कन गरेको छ। एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने भएतापनि सोअनुसार निर्णय गरेको देखिएन। कानुनी व्यवस्थाअनुसार पाम्समा सरकारी सम्पत्तिको वर्गीकरण र लेखाङ्कनलाई अद्यावधिक गरी सम्पत्तिको समुचित उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-५ मा संलग्न छ।)

७२. **सम्पत्तिको उपयोग -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ मा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्ने व्यवस्था छ। साथै, सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त २०८२ चैत्र मसान्तसम्मको खर्च भएर जाने जिन्सी सामग्रीको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	निकायको संख्या	गत आ.व.सम्मको मौज्दात	चालु आ.व.मा आम्दानी	चालु आ.व.मा खर्च	मौज्दात बाँकी
१	प्रदेश सभा सचिवालय	१	५९	३५२७	२१०८	१४७८
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	८७२७	३१९१	७९४	१११२४
३	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्राल	२०	६२३३५	१७७५९	३२१४९	४७९४५
४	ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	१७	२८९५९०	२४२१७८	१४१६३८	३९०१३०
५	आर्थिक मामिला मन्त्रालय	५	८६७	२०९०	२४९६	४६१
६	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	३६	६९९०६	५१६१२	६६०४८	५५४७०
७	उद्योग तथा पर्यटन मन्त्रालय	२०	५६६६	७३८२	५०५०	७९९८
८	सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय	४५	११२३७०	२०४६०१	१७१४०५	१४५५६६
९	स्वास्थ्य मन्त्रालय	३०	४२४२७	४२१३८९	२०४८६१	२५८९५५
१०	वन तथा वातावरण मन्त्रालय	९	५१२९	६०५३	२२१७	८९६५
११	प्रदेश लोक सेवा आयोग	१	१३५७	२०७२	३६२	३०६७
१२	प्रदेश योजना आयोग	१	२५०८	३६४	४६०	२४१२
१३	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	२४	११८८	२१५	९९७
जम्मा		१८९	६००९६५	९६३४०६	६२९८०३	९३४५६८
खारेज भएका मन्त्रालय वा निकाय र अन्तर्गतका कार्यालयको विवरण						
१४	वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय	१	०	११०	८७	२३
१५	युवा तथा खेलकुद मन्त्रालय	१	३८५३	१३९७	८१५	४४३५
१६	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	२	९८	५५३०	२४३४	३१९४
जम्मा		**४**	**३९५१**	**७०३७**	**३३३६**	**७६५२**
दुबै गरी जम्मा		**१९३**	**६०४९१६**	**९७०४४३**	**६३३१३९**	**९४२२२०**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको खारेज भएको मन्त्रालय सहित १६ मन्त्रालय/निकायअन्तर्गतका १९३ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिमध्ये गत वर्षको मौज्दात रु.६० करोड ४९ लाख १६ हजार, यो वर्षको आम्दानी रु.९७ करोड ४ लाख ४३ हजार रहेकोमा यो वर्ष रु.६३ करोड ३१ लाख ३९ हजार खर्च भई रु.९४ करोड २२ लाख २० हजार बाँकी रहेको देखिन्छ। कार्यालयले आवश्यकताभन्दा बढी जिन्सी वा सम्पत्ति खरिद गर्ने गरेको र माग फाराम स्वीकृत गरी वास्तविक समयमा हुने यथार्थ खर्चलाई पाम्समा लेखाङ्कन गर्ने गरेका छैनन्। स्वीकृत माग फारामअनुसार समयमै पाम्समा लेखाङ्कन गर्ने र आवश्यकताअनुसार खर्च भएर जाने जिन्सी सामग्री खरिद गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

७३. **जिन्सी सामग्रीको उपयोग -** सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म खर्च भएर जाने जिन्सी वा सम्पत्तिको खर्च शून्य रहेको निकायहरूको विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	कार्यालय संख्या	गत वर्षसम्मको मौज्दात	यो वर्षको आम्दानी	यो वर्षको खर्च	मौज्दात बाँकी
गण्डकी प्रदेश	२९	२४५०२	२१७३१	०	४६२३३

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म प्रदेश सरकारअन्तर्गत २९ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिको गत वर्षको मौज्दात रु.२ करोड ४५ लाख २ हजार र यो वर्ष रु.२ करोड १७ लाख ३१ हजार आम्दानी भएकोमा यो वर्ष शून्य खर्च गरी रु.४ करोड ६२ लाख ३३ हजार मौज्दात रहेको देखिन्छ। चालु वर्ष २०८२।८३ को ९ महिनासम्म पनि खर्च भएर जाने जिन्सीको खर्च शून्य देखिनाले कार्यालयले माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चलाई पाम्समा अद्यावधिक गर्ने गरेको देखिएन। पाम्समा वास्तविक खर्चलाई यथार्थ रुपमा लेखाङ्कन नगर्दा जिन्सी मौज्दातको विवरण यथार्थपरक नहुने हुँदा खरिद तथा जिन्सी व्यवस्थापन प्रभावकारी देखिएन। गत वर्षको सम्पत्तिको मौज्दातलाई मध्यनजर गरी आवश्यकताको आधारमा थप जिन्सी वा सम्पत्तिको खरिद गर्ने, माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चको लेखाङ्कन गर्ने र जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्ने गराउने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-६ मा संलग्न छ।)

७४. **जेन-जी आन्दोलनामा क्षति -** देशव्यापी रुपमा २०८२ भदौ २३ र २४ गते भएको जेन-जी पुस्ताद्वारा आयोजित आन्दोलनबाट प्रदेश सरकारको जिन्सी सम्पत्तिमा क्षति भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त जेन-जी आन्दोलनबाट मन्त्रालय/निकायमा क्षति भएको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालय वा निकाय	क्षतिको विवरण	क्षतिको विवरण	
			संख्या	रकम रु.
१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	कार्यालयको ४ तले भवनमा रहेको ५८ कोठामा रहेको एसी तथा फर्निचर सामग्री, ३ कोठाको सुरक्षाकर्मी पोष्ट, ७ मोटरसाइकल, ३ स्कुटर जलेर नष्ट भएको	-	-

क्र.सं.	मन्त्रालय वा निकाय	क्षतिको विवरण	क्षतिको विवरण	
			संख्या	रकम रु.
२	ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	मन्त्रालयको २ तले भवनमा रहेको कम्प्युटर, प्रिन्टर, एसी, फर्निचर, मोटरसाइकल, स्कुटर र गाडिलगायत जलेर नष्ट भएको	-	-
३	आर्थिक मामिला मन्त्रालय	मन्त्रालयमा रहेको स्ट्रङ्ग गाडी १, बलेरो १, महिन्द्रा कार १, मोटरसाइकल/स्कुटर ८, साइकल १ तथा मन्त्रीको आवासमा मोटरसाइकल/स्कुटर ५ सहित मेशिनरी उपकर र फर्निचर जलेर नष्ट भएको	१७	-
४	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	मन्त्रालयमा महेन्द्र स्कारपियो गाडी, मोटरसाइकल/स्कुटर, फर्निचर सामग्री, मेशिनरी उपकरणलगायतका सामग्री जलेर नष्ट भएको	५९०	-
जम्मा			६०७	-

स्रोतः महालेखापरीक्षणको लेखापरीक्षण प्रतिवेदन

उल्लिखित विवरणअनुसार ४ प्रदेश मन्त्रालयमध्ये २ मन्त्रालयमा ६०७ सम्पत्तिको क्षति हुन गएकोमा क्षतिको मूल्य एकिन गरिएको छैन। त्यस्तै, २ मन्त्रालयमा समेत क्षति भएको उल्लेख भएतापनि कति संख्या र मूल्यमा भएको हो एकिन गरेको छैन। प्राप्त विवरणअनुसार क्षति विवरण तयार गर्दा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)को अभिलेखसँग भिडान गरे वा नगरेको, आगलागीमा नष्ट भएको वा चोरी भएको, नष्ट भएकोमा सम्पत्तिको अंश रहेको वा नरहेको लगायत विषयहरूलाई समावेश गरेको छैन। यसरी आन्दोलनबाट क्षति भएका भौतिक संरचनाको निर्माण वा मर्मत सम्भार गर्ने, आगलागीबाट जली नष्ट भएका वा पुनः प्रयोग गर्न नमिल्ने सम्पत्तिको लिलाम बिक्री तथा मिनाहा गर्ने, सवारी साधनको उपयोग तथा व्यवस्थापनसम्बन्धमा भएको निर्णयको कार्यान्वयन गर्ने र प्रदेशको सबै सम्पत्तिलाई अद्यावधिक गरी लेखाङ्कन गर्नुपर्दछ।

७५. **वन अतिक्रमण–** वन ऐन, २०७६ को दफा ३ मा नेपाल सरकारको स्वीकृति बेगर भू-उपयोग परिवर्तन गर्न नपाइने तथा वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ मा तोकिएको कार्यविधि बनाई अतिक्रमण हुन नदिने र अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ। वन तथा वातावरण मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेशअन्तर्गत ७५.२ हेक्टर वन अतिक्रमण भएकोमा यो वर्ष १२.२१ हेक्टर क्षेत्रफलमा वन अतिक्रमण नियन्त्रण गरिएकोमा अन्य क्षेत्रको वन अतिक्रमण हटाउन सकेको छैन। कानुनबमोजिम अतिक्रमण भएको वन क्षेत्रलाई नियन्त्रण गरी उपयोग गर्नुपर्दछ।

७६. **सवारी मर्मत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २७ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले यो वर्ष सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा दाखिला नगरी सवारी साधन मर्मत गरी रु.१६ लाख १० हजार भुक्तानी गरेको छ। यसरी सवारी मर्मत गर्दा परिवर्तन गरेको पार्ट पुर्जाको विवरण पाम्समा दाखिला नहुँदा सवारी साधनमा कुन कुन पार्ट पुर्जा फेरबदल गरियो सोको विवरण अद्यावधिक नहुनुका साथै सम्पत्तिको दुरुपयोग, गलत प्रतिवेदन तथा सो सम्पत्तिको डिजिटल ट्र्याकिङ हुन सक्दैन। कार्यालयले पाम्समा सवारी साधान मर्मतको विवरण अद्यावधिक गरेर मात्र खर्च लेख्नुपर्दछ।

७७. **लिलाम बिक्री -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४३ र नियमावली, २०७९ को ९३ मा सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने,

मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चिस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्रीको प्रकृया सुरु गर्नुपर्ने उल्लेख छ। मन्त्रालय/निकायबाट प्राप्त आर्थिक वर्ष २०८१।८२ को जिन्सी निरीक्षण प्रतिवेदनअनुसार लिलाम गर्नुपर्ने जिन्सी सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालयको नाम	लिलाम गर्नुपर्ने संख्या
१	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	१९
२	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	८२
जम्मा		१०१

स्रोतः सम्बन्धित मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदन

उल्लिखित विवरणअनुसार २ मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदनमा १०१ संख्यामा जिन्सी सम्पत्तिको लिलाम बिक्री गर्नुपर्ने भनी सिफारिस गरिएकोमा लिलाम बिक्री गरेको छैन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सम्पत्तिको लिलाम बिक्री गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

७८. **मिनाहा -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को ९८ मा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्तिको वास्तविक क्षतिको मूल्याङ्कन गरी मूल्य समेत खुलाई प्रतिवेदन गर्न आन्तरिक मामिलासम्बन्धी विषय हेर्ने मन्त्रालयको विपद्सम्बन्धी कार्य हेर्ने महाशाखा प्रमुखको अध्यक्षतामा ५ सदस्यीय समिति रहने, प्रतिवेदनको आधारमा पचास लाख मूल्य बराबारसम्मको क्षतिको हकमा सम्बन्धित केन्द्रीय निकायको सचिवले र सोभन्दा बढी रकमको हकमा प्रदेश सरकारले मिनाहा दिन सक्ने उल्लेख छ। जेन-जी आन्दोलनको क्रममा नष्ट भएका ६०७ संख्याको जिन्सी तथा सम्पत्तिमध्ये लिलाम बिक्री हुन नसक्ने बाहेकको सम्पत्ति र मन्त्रालय वा अन्तर्गतको निकायको जिन्सी निरीक्षण प्रतिवेदन मिनाहा गर्नुपर्ने भनी उल्लेख भएका सम्पत्तिहरूको मिनाहा गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप मिनाहा गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

७९. **वार्षिक प्रतिवेदन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ। महालेखापरीक्षकले पेस गरेको २०८०।८१ को सातौं वार्षिक लेखापरीक्षण प्रतिवेदनमा सार्वजनिक सम्पत्ति व्यवस्थापनसम्बन्धमा दिइएका सुझाउहरू देहायबमोजिम रहेको छः

क्र.सं.	प्रतिवेदनमा उल्लिखित सुझाउहरू
१	प्रदेशका मन्त्रालय तथा मातहतका निकायहरूले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवम् सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्यरूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा राख्ने।
२	सार्वजनिक र सरकारी जग्गाको लगत एकीकृत रुपमा राखि अनाधिकृत प्रयोग तथा अतिक्रमण रोक्ने।
३	मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्यरूपमा सरकारी स्वामित्वमा ल्याई सोको अभिलेख, संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउने।
४	जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरू आवश्यकता, औचित्य, मौज्दात र मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्ने।

क्र.सं.	प्रतिवेदनमा उल्लिखित सुझाउहरू
५	प्रयोग नभएका भवन, उपकरण, सवारी साधनलगायतका सम्पत्तिहरू उपयोग हुने सार्वजनिक क्षेत्रमा हस्तान्तरण गर्ने।
६	खर्च भएर नजाने प्रकृतिका कतिपय सम्पत्तिहरू प्रयोगकर्ता परिवर्तनपश्चात् पुनः प्रयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति देखिएकोले यस्ता सम्पत्तिको उपयोगी आयु तय गरी सो अवधिभित्र त्यस्ता सम्पत्ति एउटै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्ने।

महालेखापरीक्षकले प्रदेशको सार्वजनिक सम्पत्ति व्यवस्थापन सम्बन्धमा दिइएका उल्लिखित सुझाउहरूको कार्यान्वयन गर्न प्रदेश सार्वजनिक लेखा समिति. लेखा उत्तरदायी अधिकृत, मन्त्रालय वा निकाय तथा अन्तर्गतका कार्यालयका प्रमुख र सम्बन्धित कर्मचारीहरू जिम्मेवार हुनुपर्दछ।

लुम्बिनी प्रदेश

८०. **सम्पत्तिको अभिलेखाङ्कन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २६ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको २०८१।८२ को जिन्सी तथा सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

(रकम रु. हजारमा)

मन्त्रालय वा निकायको नाम	जिन्सी तथा सम्पत्तिको विवरण					
	भवन र संरचना	मेसिनरी र उपकरण	अन्य स्थिर सम्पत्ति	बहुमूल्य वस्तु	प्राकृतिक सम्पत्ति	जम्मा
२०२-प्रदेश व्यवस्थापिका	०	१९३७८७	५५०	४०	०	१९४३७७
२१०-प्रदेश लोक सेवा आयोग	०	५०९७७	०	०	०	५०९७७
३०१-मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०	२१७८३२	१३२४७	०	०	२३१०७९
३०५-आर्थिक मामिला तथा योजना मन्त्रालय	०	७००७०	३२९	०	०	७०३९९
३०७-उद्योग, पर्यट तथा यातायात व्यवस्था मन्त्रालय	१०४७३८	१८५८०२	४८६९८	४७५	१७५३१४	५१५०२७
३०८-ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	२८२२९	२७३२१९	६३२२१	०	२९८३३६	६६३००५
३११-कानुन, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय	०	६४	०	०	०	६४
३१२-कृषि तथा भूमि व्यवस्था मन्त्रालय	१३९४१	५७३२९०	२७४४	०	५२५१९	६४२४९४
३१४- आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय	०	७२८६३	०	०	०	७२८६३
३२९-वन तथा वातावरण मन्त्रालय	३०२३९	३६४२१६	११७३९	०	९५२९९	५०१४९३
३३७- भौतिक पूर्वाधार विकास मन्त्रालय	१८४७५	२७४२६१	८६५६०	०	७८२६३	४५७५५९
३४३-युवा तथा खेलकुद मन्त्रालय	०	३६१६	०	०	०	३६१६
३४७-सहरी विकास तथा खानेपानी मन्त्रालय	३८७१६	२७८४३०	१११४४४	०	१९७७१	४४८३६१
३५०-सामाजिक विकास मन्त्रालय	८१७४८	५३१४९७	२४८२०	३२	२३६२७२	८७४३६९
३७०-स्वास्थ्य मन्त्रालय	१६३७३२	१७०७६०७	९८३३	०	३९४२६	१९२०५९८
३७१-श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय	०	१६	०	०	०	१६
३९१-प्रदेश नीति तथा योजना आयोग	०	१२८४८	०	०	०	१२८४८
जम्मा	**४७९८१८**	**४८१०३९५**	**३७३१८५**	**५४७**	**९९५२००**	**६६५९१४५**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको २०८१।८२ को कुल जिन्सी तथा सम्पत्ति रु.६ अर्ब ६५ करोड ९१ लाख ४५ हजारमध्ये भवन र संरचना रु.४९ करोड ९८ लाख १८ हजार, मेसिनरी र उपकरण रु.४ अर्ब ८१ करोड ३ लाख ९५ हजार, अन्य स्थिर सम्पत्ति रु.३७ करोड ३१ लाख ८५ हजार, बहुमूल्य बस्तु रु.५ लाख ४७ हजार र प्राकृतिक सम्पत्ति रु.९९ करोड ५२ लाख रहेको छ। सम्पत्ति विवरणमा प्रदेश सरकार मातहतका सरकारी जग्गा र पूर्वाधारजन्य सम्पत्तिको अभिलेख नरहेको र सबै सरकारी भवन संरचना, मेसिनरी उपकरण र अन्य स्थिर सम्पत्तिको लेखाङ्कन नगरेकोले प्रदेश सरकारको सम्पत्ति व्यवस्थापन व्यवस्थित देखिएन। प्रदेश सरकार मातहतका सम्पूर्ण सरकारी सम्पत्तिको लेखाङ्कन गरी सम्पत्ति व्यवस्थापनलाई पारदर्शी र प्रभावकारी बनाउनुपर्दछ।

८१. **सम्पत्ति लेखाङ्कनमा फरक -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २६ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८१।८२ को एकीकृत वित्तीय विवरण र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा लेखाङ्कन भएको सम्पत्तिको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	विवरण नमिलेको मन्त्रालय/निकाय संख्या	जिन्सी तथा सम्पत्तिको विवरण			
		२०८०।८१ को एकीकृत वित्तीय विवरणअनुसार	आर्थिक वर्ष २०८१।८२		
			एकीकृत वित्तीय विवरणअनुसार	पाम्सअनुसार	फरक
लुम्बिनी प्रदेश	५	-	६७०५३३०	६६५९१४५	४६१८५

स्रोतः महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणनुसार २०८१।८२ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.६ अर्ब ७० करोड ५३ लाख ३० हजार रहेकोमा पाम्समा रु.६ अर्ब ६५ करोड ९१ लाख ४५ हजारको लेखाङ्कन भई एकीकृत वित्तीय विवरणमाभन्दा रु.४ करोड ६१ लाख ८५ हजारले घटी लेखाङ्कन भएको छ। त्यस्तै, २०८०।८१ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्तिको मूल्य उल्लेख नगरेकोले तुलना गर्न सकिएन। जसले गर्दा प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको विवरण यथार्थपरक रहेको देखिदैंन। प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको अभिलेखलाई अद्यावधिक गरी पाम्समा लेखाङ्कन भएको भन्दा फरक सम्बन्धमा हिसाब मिलान गरी सरकारी सम्पत्तिको लेखाङ्कनलाई विश्वसनीय र पारदर्शी बनाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-१ संलग्न छ।)

८२. **सम्पत्तिको मूल्य -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६ मा कार्यालयमा मूल्य नखुलेको कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएका कार्यालय प्रमुखले यो नियमावली प्रारम्भ भएको एक वर्षभित्र मूल्य नखुलेको सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य कायम गरी त्यस्तो सम्पत्ति तथा जिन्सी सामानको स्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)अनुसार प्रदेश मन्त्रालय वा निकायको सम्पत्तिको मूल्य नखुलेकोले रु.१ वा शून्य रकम कायम गरेको छ। यससम्बन्धी विवरण निम्नानुसार छन्ः।

मन्त्रालय वा निकाय	निकायको संख्या	सम्पत्तिको संख्या	जम्मा मूल्य रु.
लुम्बिनी प्रदेश	१०	१४३	१३५

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेशअन्तर्गत १० निकायको खर्च भएर नजाने १४३ जिन्सी सम्पत्तिको वास्तविक मूल्य यकिन नगरी पाम्समा रु.१ वा शून्य रकम कायम गरी लेखाङ्कन गर्दा जम्मा मूल्य रु.१३५ मात्र रहेको देखिन्छ। नियमावली प्रारम्भ भएको ५ वर्ष व्यतित हुँदा समेत उल्लिखित सम्पत्तिको वास्तविक मूल्य कायम गरिएको छैन। नियमावलीमा भएको व्यवस्थाअनुरुप जिन्सी सम्पत्तिहरूको यथार्थ मूल्य कायम गरी अद्यावधिक गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-२ संलग्न छ।)

८३. **खारेज भएको कार्यालयको सम्पत्ति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९८ मा कुनै कार्यालय खारेज वा गाभिने निर्णय भएकोमा त्यस्तो निर्णयमा मिति तोकिएको भएमा सोही मिति र

मिति नतोकिएको भएमा निर्णय भएको पैँतिसौँ दिनभित्र खारेज भएको कार्यालयको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। प्रदेश सरकार (कार्यविभाजन) नियमावलीमा उल्लेख भएका मन्त्रालयको संख्याभन्दा फरक हुने गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा २०८२ चैत्र महिनासम्म खारेज भएका वा गाभिएका मन्त्रालय वा सोअन्तर्गतका निकायहरूको सम्पत्ति लेखाङ्कन भएको छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

मन्त्रालय वा निकाय	खर्च भएर नजाने	खर्च भएर जाने	जम्मा	मन्त्रालयको नाम नमिलेको संख्या
कानुन, महिला तथा जेष्ठ नागरिक मन्त्रालय	६४	०	६४	२
श्रम, रोजगार तथा यातायात व्यवस्था मन्त्रालय	१६	०	१६	
जम्मा	**८०**	**०**	**८०**	**२**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेशमा खारेज भएका २ मन्त्रालयमा २०८२ चैत्र महिनासम्म खर्च भएर नजाने सम्पत्ति रु.८० हजारको सम्पत्ति लेखाङ्कन भएको देखिन्छ। खारेज वा गाभिएका मन्त्रालयको जिन्सी तथा सम्पत्तिको विवरण सम्बन्धित मन्त्रालयको पाम्समा आवद्ध गरी अभिलेखाङ्कन नगरेको र ५ मन्त्रालयको नाम मिलेको छैन। तोकिएको अवधिभित्र खारेज वा गाभिने निर्णय भएका मन्त्रालय वा अन्तर्गतका निकायको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने कार्य नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई मन्त्रालयको सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

८४. **घरजग्गाको लगत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ मा सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र सरकारी कार्यालयको नाममा रहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जा लिन बाँकी रहेको भएमा सम्बन्धित कार्यालय प्रमुखले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत प्रदेश सरकारको घरजग्गाको लगत माग गरेकोमा सोअनुसारको विवरण पेस गरेका छैन। प्रदेश सरकारको मन्त्रालय र निकायले आफूले उपयोग गरिरहेको जग्गा र भवनको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा नराखेको हुँदा तथ्याङ्क प्राप्त हुन सकेको छैन। सङ्घीय कार्यालयहरू प्रदेशमा हस्तान्तरण भई आएकोमा जग्गा र भवनको स्वामित्व हस्तान्तरण नभएकोले अभिलेख कायम गर्न नसकिएको र एक निकायको नाममा रहेको जग्गा तथा भवन अर्को निकायले उपयोग गर्ने गरेकोले अभिलेख लेखाङ्कनमा समस्या रहेको जनाएको छ। मन्त्रालय वा निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयले घरजग्गाको लगत अध्यावधिक गरी राख्ने, सो को प्रभावकारी रुपमा उपयोग गर्ने तथा कार्यालयको नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्दछ।

८५. **सवारी साधन –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७८ मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्तिको लेखा त्यस्तो मालसामान तथा सम्पत्तिको खरिद मूल्यको आधारमा राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको २०८१।८२ को सवारी साधनसम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	मोटरसाइकल/स्कुटर		कार/जीप/भ्यान		बस/मिनिबस		जम्मा	
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
लुम्बिनी	१५३३	२८५६७४	३८१	१२६१८०१	१६	२८३६७	**१९३०**	**१५७५८४२**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८१।८२ मा प्रदेश सरकारअन्तर्गत १ हजार ९३० सवारी साधनको मूल्य रु.१ अर्ब ५७ करोड ५८ लाख ४२ हजार रहेको देखिन्छ। सवारी साधनको मूल्य वास्तविक नभई रु.१ र न्यून मूल्य लेखाङ्कन गरिएको छ। सवारी साधन खरिद गरेको मूल्यको आधारमा सम्पत्तिको लेखाङ्कन गरी जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-४ मा संलग्न छ।)

८६. **सम्पत्तिको वर्गीकरण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८ मा एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने, सामान्यतया एक वर्षभन्दा बढी अवधि टिकाउ नहुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँसम्म पर्ने मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने र एक वर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिको लेखा खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)को २०८२।८३ को प्रतिवेदनअनुसार प्रदेश सरकारअन्तर्गत मन्त्रालय वा निकायले मोवाइल, फर्निचर, मेशिनरी उपकरण, सफ्टवेयर, पुस्तकलगायतका खर्च भएर नजाने प्रकृतिका सामग्रीहरूलाई खर्च भएर जाने जिन्सी खातामा लेखाङ्कन गरेको देखिन्छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	संख्या	रकम
१	प्रदेश सभा सचिवालय	१२८२	११७६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३०३६	३१३२
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	४१	२२३
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	२६	१७४
५	उद्योग, पर्यटन तथा यातायात मन्त्रालय	१७	१८५
६	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	२०	९४
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	१७	९३
८	युवा तथा खेलकुद मन्त्रालय	५	८०
९	वन तथा वातावरण मन्त्रालय	१०	१४०
१०	सहरी विकास तथा खानेपानी मन्त्रालय	३९	४५६
११	सामाजिक विकास मन्त्रालय	५९	१२१
१२	स्वास्थ्य मन्त्रालय	१६	१६३
१३	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	७	९५
१४	प्रदेश लोक सेवा आयोग	११८	२८५
जम्मा		**४६९३**	**६४१७**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२।८३ मा प्रदेश सरकारको १४ मन्त्रालय/निकायले ४ हजार ६९३ सामग्रीको रु.६४ लाख १७ हजारको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने सम्पत्तिमा लेखाङ्कन गरेको छ। एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको

प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने भएतापनि सोअनुसार निर्णय गरेको देखिएन। कानुनी व्यवस्थाअनुसार पाम्समा सरकारी सम्पत्तिको वर्गीकरण र लेखाङ्कनलाई अद्यावधिक गरी सम्पत्तिको समुचित उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-५ मा संलग्न छ।)

८७. **सम्पत्तिको उपयोग -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ५४ मा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्ने व्यवस्था छ। साथै, सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त २०८२ चैत्र मसान्तसम्मको खर्च भएर जाने जिन्सी सामग्रीको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	निकायको संख्या	गत आ.व.सम्म को मौज्दात	चालु आ.व.मा आम्दानी	चालु आ.व.मा खर्च	मौज्दात बाँकी
१	प्रदेश सभा सचिवालय	१	३०६८	३६९४	५४०	६२२२
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४	६५८२	१००७०	६६७०	९९८२
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	६	६५६४	३८७३	४३८०	६०५७
४	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	२	७१४	५७०	४५२	८३२
५	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	१८	१७५६९	६२६८	९८६२	१३९७५
६	उद्योग, पर्यटन तथा यातायात मन्त्रालय	२२	९६६२	२०५६५	१०७९७	१९४३०
७	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	३५	३४४५५	१०२६४९	६६०७२	७१०३२
८	भौतिक पूर्वाधार विकास मन्त्रालय	२०	२०५१९	२५९२०	१७९८८	२८४५१
९	वन तथा वातावरण मन्त्रालय	२१	१८१२७	२७१७२	६६३९	३८६६०
१०	सहरी विकास तथा खानेपानी मन्त्रालय	२०	३२४८५२	२०१२२८	१०३३४८	४२२७३२
११	सामाजिक विकास मन्त्रालय	२२	९५५३५	१२०४०३	७४८९७	१४१०४१
१२	युवा तथा खेलकुद मन्त्रालय	२	४४६	५३४	२५२	७२८
१३	स्वास्थ्य मन्त्रालय	४१	१५७४५९	१९१५५७०	१०६०७९३	१०१२२३६
१४	प्रदेश लोक सेवा आयोग	१	९५३	२२७६	२५२६	७०३
१५	प्रदेश योजना आयोग	१	१०५	१०६	१५१	६०
जम्मा		**२१६**	**६९६६१०**	**२४४०८९८**	**१३६५३६७**	**१७७२१४१**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको १५ मन्त्रालय/निकायअन्तर्गतका २१६ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिमध्ये गत वर्षको मौज्दात रु.६९ करोड ६६ लाख १० हजार, यो वर्षको आम्दानी रु.२ अर्ब ४४ करोड ८ लाख ९८ हजार रहेकोमा यो वर्ष रु.१ अर्ब ३६ करोड ५३ लाख ६९ हजार खर्च भई रु.१ अर्ब ७७ करोड २१ लाख ४१ हजार बाँकी रहेको देखिन्छ। कार्यालयले आवश्यकताभन्दा बढी जिन्सी वा सम्पत्ति खरिद गर्ने गरेको र माग फाराम स्वीकृत गरी वास्तविक समयमा हुने यथार्थ खर्चलाई पाम्समा लेखाङ्कन गर्ने गरेका छैनन्। स्वीकृत माग फारामअनुसार समयमै पाम्समा लेखाङ्कन गर्ने र आवश्यकताअनुसार खर्च भएर जाने जिन्सी सामग्री खरिद गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

८८. **जिन्सी सामग्रीको उपयोग -** सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म खर्च भएर जाने जिन्सी वा सम्पत्तिको खर्च शून्य रहेको निकायहरूको विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	कार्यालय संख्या	गत वर्षसम्मको मौज्दात	यो वर्षको आम्दानी	यो वर्षको खर्च	मौज्दात बाँकी
लुम्बिनी प्रदेश	२९	८५७६८	६६९२७	०	१५२६९५

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म प्रदेश सरकारअन्तर्गत २९ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिको गत वर्षको मौज्दात रु.८ करोड ५७ लाख ६८ हजार र यो वर्ष रु.६ करोड ६९ लाख २७ हजार आम्दानी भएकोमा यो वर्ष शून्य खर्च गरी रु.१५ करोड २६ लाख ९५ हजार मौज्दात रहेको देखिन्छ। चालु वर्ष २०८२।८३ को ९ महिनासम्म पनि खर्च भएर जाने जिन्सीको खर्च शून्य देखिनाले कार्यालयले माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चलाई पाम्समा अद्यावधिक गर्ने गरेको देखिएन। पाम्समा वास्तविक खर्चलाई यथार्थ रुपमा लेखाङ्कन नगर्दा जिन्सी मौज्दातको विवरण यथार्थपरक नहुने हुँदा खरिद तथा जिन्सी व्यवस्थापन प्रभावकारी देखिएन। गत वर्षको सम्पत्तिको मौज्दातलाई मध्यनजर गरी आवश्यकताको आधारमा थप जिन्सी वा सम्पत्तिको खरिद गर्ने, माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चको लेखाङ्कन गर्ने र जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्ने गराउने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-६ मा संलग्न छ।)

८९. **जेन-जी आन्दोलनमा क्षति -** देशव्यापी रुपमा २०८२ भदौ २३ र २४ गते भएको जेन-जी पुस्ताद्वारा आयोजित आन्दोलनबाट प्रदेश सरकारको जिन्सी सम्पत्तिमा क्षति भएको छ। उक्त आन्दोलनको क्रममा प्रदेशको स्थायी संरचना, सवारी साधन, यन्त्र उपकरण, फर्निचर, सूचना प्रविधिलगायत अन्य महत्वपूर्ण सम्पत्तिमा पुगेको क्षतिसम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रतिवेदनअनुसार प्रदेश सरकार वा निकायको क्षतिको विवरण निम्नानुसार छः

क्र.सं.	मन्त्रालय वा निकायको नाम	क्षति भएको सम्पत्तिको विवरण	अनुमानित मूल्य रु.	कैफियत
१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	फर्निचर सामग्रीहरू	-	मूल्य नखुलेको
२	मुख्य न्यायाधिवक्ताको कार्यालय	फर्निचर तथा मेशिनरी उपकरणलगायत	९६०९८६	
३	प्रदेश लेखा नियन्त्रक कार्यालय	सवारी साधन, कम्प्युटरजन्य सामग्री, इलेक्ट्रिक सामग्री र फर्निचर आदी	९६२२१३३	मुचुल्का रहेको
४	कृषि ज्ञान केन्द्र	भवन र सवारी साधन आदी	४०००००	जिल्ला प्रशासन कार्यालयको प्रमाणित विवरण रहेको
५	सडक पूर्वाधार विकास कार्यालय	भवन, सवारी साधन, विद्युतीय सामग्री र फर्निचर आदी	४५११२६५	
६	जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय	भवन, सवारी साधन र विद्युतीय सामग्री आदी	९८९७४०	
७	यातायात व्यवस्था कार्यालय	भवन, सवारी साधन र विद्युतीय सामग्री आदी	१९९२४९४	
८	घरेलु तथा साना उद्योग कार्यालय	भवन, सवारी साधन र विद्युतीय सामग्री आदी	१५४००९०३	
९	भू तथा जलाधार कार्यालय	भवन, सवारी साधन र विद्युतीय सामग्री आदी	२३३५७०३	
जम्मा			**३६२१३२२४**	

उल्लिखित विवरणअनुसार ९ निकायअन्तर्गत रु.३ करोड ६२ लाख १३ हजारको जिन्सी तथा सम्पत्तिको क्षति भएको देखिन्छ भने मुख्यमन्त्री तथा मन्त्रिरिषद्को कार्यालयमा भएको क्षतिको मूल्याङ्कन गरिएको छैन। प्रदेश लेखा नियन्त्रक कार्यालयको क्षतिको विवरण कार्यालयले तयार गरेको मुचुल्का र अन्य कार्यालयहरूको जिल्ला प्रशासन कार्यालयले तयार गरेको विवरणको आधारमा क्षतिको मूल्य उल्लेख गरिएको छ। प्रतिवेदनमा सवारी साधन, फर्निचर, यन्त्र उपकरण र सूचना प्रविधिमा भएको क्षति विवरण तयार गर्दा पाम्सको अभिलेखसँग भिडान गरे वा गरेको, आगलागीमा नष्ट भएको वा चोरी भएको, नष्ट भएकोमा सम्पत्तिको अंश रहेको वा नरहेको लगायत विषयहरूलाई समावेश गरेको छैन। आन्दोलनका क्रममा क्षति भएका भौतिक संरचनाको निर्माण वा मर्मत सम्भार गर्ने, आगलागीबाट जली नष्ट भएका वा पुनः प्रयोग गर्न नमिल्ने सम्पत्तिको लिलाम बिक्री तथा मिनाहा गर्ने, सवारी साधनको उपयोग तथा व्यवस्थापन गर्ने र प्रदेशको सबै सम्पत्तिलाई अद्यावधिक गरी लेखाङ्कन गर्नुपर्दछ।

९०. **वन अतिक्रमण–** प्रदेश वन ऐन, २०७८ को दफा ४९ मा वन क्षेत्रको जग्गा फाड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर छाप्रो बनाउने कार्य गरेमा कसुर मानिने र वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ मा तोकिएको कार्यविधि बनाई अतिक्रमण हुन नदिने र अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ। वन तथा वातावरण मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेशअन्तर्गत १४ हजार ८४० हेक्टर वन अतिक्रमण भएकोमा उक्त अतिक्रमणलाई हटाउन सकेको छैन। कानुनबमोजिम अतिक्रमण भएको वन क्षेत्रलाई नियन्त्रण गरी उपयोग गर्नुपर्दछ।

९१. **मालसामान खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, ऐनको दफा ४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ (क) मा मालसामानको स्पेसिफिकेसन तयार गर्नुपर्ने तथा नियमावलीको नियम ८५(४) मा रु. १ लाख भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा तिन वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य मन्त्रालयले देहायका रु.४ लाख ६७ हजारको सामान खरिद गर्दा लागत अनुमान तथा सामानको स्पेसिफिकेसन तयार नगरेको र ल्यापटपलाई स्टोरमा दाखिला गरेको देखिएन। कानुनमा भएको व्यवस्थाबमोजिम जिन्सी सामग्रीको खरिद गर्ने तथा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा दाखिला गर्नुपर्दछ।

क्र.सं.	**सामग्रीको विवरण**	**मूल्य रु.**
१	ल्यापटप	१९७८७९
२	स्कुटर	२६९९००
जम्मा		**४६७७७९**

स्रोतः महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन

९२. **जिन्सी सम्पत्तिको मर्मत** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुख आफैंले निरीक्षण गरी वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकबाट जिन्सी निरीक्षण गराई प्रतिवेदन लिने व्यवस्था रहेको छ। मन्त्रालय/निकायबाट प्राप्त २०८१।८२ को मर्मत गर्नुपर्ने जिन्सी सामग्रीको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालयको नाम	जिन्सी सामग्रीको विवरण	संख्या
१	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	सोफा सेट, डेस्कटप कम्प्युटर/ल्यापटप, प्रिन्टरलगायत	९५
२	भौतिक पूर्वाधार विकास मन्त्रालय	ल्यापटपलगायत	४१
३	स्वास्थ्य मन्त्रालय	जिप/ पिकअप भ्यानलगायत	११

क्र.सं.	मन्त्रालयको नाम	जिन्सी सामग्रीको विवरण	संख्या
४	मुख्य न्यायाधिवक्ताको कार्यालय	डेस्कटप कम्प्युटरलगायत	४४
जम्मा			१९१

स्रोतः सम्बन्धित मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदन

उल्लिखित विवरणअनुसार ४ मन्त्रालय/निकायको जिन्सी निरीक्षण प्रतिवेदनमा १९१ जिन्सी सामग्रीको मर्मत सम्भार गर्नुपर्ने भनी सिफारिस गरिएकोमा मर्मत सम्भार गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सम्पत्तिको मर्मत सम्भार गरी उपयोग गर्नुपर्दछ।

९३. **लिलाम बिक्री -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ४४ मा सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चिस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्रीको प्रकृया सुरु गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त आर्थिक वर्ष २०८१।८२ को जिन्सी निरीक्षण प्रतिवेदनअनुसार लिलाम गर्नुपर्ने जिन्सी सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	**मन्त्रालयको नाम**	**लिलाम गर्नुपर्ने संख्या**
१	भौतिक पूर्वाधार विकास मन्त्रालय	४५

स्रोतः महालेखापरीक्षणको लेखापरीक्षण प्रतिवेदन

उल्लिखित विवरणअनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदनमा ४५ जिन्सी सम्पत्तिको लिलाम बिक्री गर्नुपर्ने भनी सिफारिस गरिएकोमा सोअनुसार लिलाम बिक्री गरेको छैन। त्यस्तै, अन्य मन्त्रालय/निकायको जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सम्पत्तिको लिलाम बिक्री गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

९४. **मिनाहा -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ४५ मा प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा तथा सुख्खाजर्ती भई वा खिइएर सडेर गई वा अन्य कारणबाट सरकारी हानी, नोक्सानी हुन गएको वा कानुनबमोजिम लिलाम बढाबढ हुदाँ पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा मिनाहा दिन सक्ने उल्लेख छ। जेन-जी आन्दोलनको क्रममा नष्ट भएका जिन्सी तथा सम्पत्तिमध्ये लिलाम बिक्री हुन नसक्ने बाहेकको सम्पत्ति र मन्त्रालय वा अन्तर्गतको निकायको जिन्सी निरीक्षण प्रतिवेदन मिनाहा गर्नुपर्ने भनी उल्लेख भएका सम्पत्तिहरूको मिनाहा गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप मिनाहा गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

९५. **वार्षिक प्रतिवेदन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ। महालेखापरीक्षकले पेस गरेको २०८०।८१ को सातौं वार्षिक लेखापरीक्षण प्रतिवेदनमा सार्वजनिक सम्पत्ति व्यवस्थापनसम्बन्धमा दिइएका सुझाउहरू देहायबमोजिम रहेको छः

क्र.सं.	**प्रतिवेदनमा उल्लिखित सुझाउहरू**
१	प्रदेशका मन्त्रालय तथा मातहतका निकायहरूले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवम् सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्यरूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा राख्ने।
२	सार्वजनिक र सरकारी जग्गाको लगत एकीकृत रुपमा राखि अनाधिकृत प्रयोग तथा अतिक्रमण रोक्ने।

क्र.सं.	प्रतिवेदनमा उल्लिखित सुझाउहरू
३	मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्यरूपमा सरकारी स्वामित्वमा ल्याई सोको अभिलेख, संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउने।
४	जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरू आवश्यकता, औचित्य, मौज्दात र मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्ने।
५	प्रयोग नभएका भवन, उपकरण, सवारी साधनलगायतका सम्पत्तिहरू उपयोग हुने सार्वजनिक क्षेत्रमा हस्तान्तरण गर्ने।
६	खर्च भएर नजाने प्रकृतिका कतिपय सम्पत्तिहरू प्रयोगकर्ता परिवर्तनपश्चात् पुनः प्रयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति देखिएकोले यस्ता सम्पत्तिको उपयोगी आयु तय गरी सो अवधिभित्र त्यस्ता सम्पत्ति एउटै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्ने।

महालेखापरीक्षकले प्रदेशको सार्वजनिक सम्पत्ति व्यवस्थापन सम्बन्धमा दिइएका उल्लिखित सुझाउहरूको कार्यान्वयन गर्न प्रदेश सार्वजनिक लेखा समिति. लेखा उत्तरदायी अधिकृत, मन्त्रालय वा निकाय तथा अन्तर्गतका कार्यालयका प्रमुख र सम्बन्धित कर्मचारीहरू जिम्मेवार हुनुपर्दछ।

कर्णाली प्रदेश

९६. **सम्पत्तिको अभिलेखाङ्कन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २६ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकारको प्राप्त २०८१।८२ को जिन्सी तथा सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

(रकम रु. हजारमा)

मन्त्रालय वा निकायको नाम	जिन्सी तथा सम्पत्तिको विवरण					
	भवन र संरचना	मेसिनरी र उपकरण	अन्य स्थिर सम्पत्ति	बहुमूल्य वस्तु	प्राकृतिक सम्पत्ति	जम्मा
२०२-प्रदेश व्यवस्थापिका	०	१३९७३७	६५	०	०	१३९८०२
२१०-प्रदेश लोक सेवा आयोग	०	४६३८४	११२३	०	०	४७५०७
२१६-मुख्य न्यायाधिवक्ताको कार्यालय	०	१६६५९	०	०	०	१६६५९
३०१-मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०	१२८९८२	८८०६	०	०	१३७७८८
३०५-आर्थिक मामिला तथा योजना मन्त्रालय	०	१२४८२५	३१८१	०	०	१२८००६
३०७-उद्योग, पर्यटन, वन तथा यातायात व्यवस्था मन्त्रालय	५९४६८	२६११६०	९८९२०	०	२६००	४२२१४८
३०८-जलस्रोत तथा ऊर्जा मन्त्रालय	३२००	१५७२८९	४५५२३	०	१५९३	२०७६०५
३१२-भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६९५९	३३६५४४	१८५६२	०	७३२४३	४३५३०८
३१४- आन्तरिक मामिला तथा कानुन मन्त्रालय	०	४७७८२	०	०	०	४७७८२
३३७- भौतिक पूर्वाधार विकास मन्त्रालय	०	२३८४५३	३१७९५३	०	०	५५६४०६
३५०-सामाजिक विकास मन्त्रालय	४०००	२७२६४८९	१२७५६	३३९	१०६५६०	२८५०१४४
३९१-प्रदेश योजना आयोग	०	२४७०१	४८४	०	०	२५१८५
जम्मा	**७३६२७**	**४२४९००५**	**५०७३७३**	**३३९**	**१८३९९६**	**५०१४३४०**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको २०८१।८२ को कुल जिन्सी तथा सम्पत्ति रु.५ अर्ब १ करोड ४३ लाख ४० हजारमध्ये भवन र संरचना रु.७ करोड ३६ लाख २७ हजार, मेसिनरी र उपकरण रु.४ अर्ब २४ करोड ९० लाख ५ हजार, अन्य स्थिर सम्पत्ति रु.५० करोड ७३ लाख ७३ हजार, बहुमूल्य बस्तु रु.३ लाख ३९ हजार र प्राकृतिक सम्पत्ति रु.१८ करोड ३९ लाख ९६ हजार रहेको छ। सम्पत्ति विवरणमा प्रदेश सरकार मातहतका सरकारी जग्गा र पूर्वाधारजन्य सम्पत्तिको अभिलेख नरहेको र सबै सरकारी भवन संरचना, मेसिनरी उपकरण र अन्य स्थिर सम्पत्तिको लेखाङ्कन नगरेकोले प्रदेश सरकारको सम्पत्ति व्यवस्थापन व्यवस्थित देखिएन। प्रदेश सरकार मातहतका सम्पूर्ण सरकारी सम्पत्तिको लेखाङ्कन गरी सम्पत्ति व्यवस्थापनलाई पारदर्शी र प्रभावकारी बनाउनुपर्दछ।

९७. **सम्पत्ति लेखाङ्कनमा फरक -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २६ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८०।८१ र २०८१।८२ को

एकीकृत वित्तीय विवरण र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा लेखाङ्कन भएको सम्पत्तिको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	विवरण नमिलेको मन्त्रालय/निकाय संख्या	जिन्सी तथा सम्पत्तिको विवरण			
		२०८०।८१ को एकीकृत वित्तीय विवरणअनुसार	आर्थिक वर्ष २०८१।८२		
			एकीकृत वित्तीय विवरणअनुसार	पाम्सअनुसार	फरक
कर्णाली प्रदेश	-	४४२१४९७	५०१४६८७	५०१४३४०	३४७

स्रोतः महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणनुसार २०८१।८२ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.५ अर्ब १ करोड ४६ लाख ८७ हजार रहेकोमा पाम्समा रु.५ अर्ब १ करोड ४३ लाख ४० हजारको लेखाङ्कन भई एकीकृत वित्तीय विवरणमाभन्दा रु.३ लाख ४७ हजारले घटी लेखाङ्कन भएको छ। त्यस्तै, २०८०।८१ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.४ अर्ब ४२ करोड १४ लाख ९७ हजार रहेकोमा यो वर्ष रु.५९ करोड ३१ लाख ९० हजारले बढेको छ। जसले गर्दा प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको विवरण यथार्थपरक रहेको देखिदैँन। प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको अभिलेखलाई अद्यावधिक गरी पाम्समा लेखाङ्कन भएको भन्दा फरक सम्बन्धमा हिसाब मिलान गरी सरकारी सम्पत्तिको लेखाङ्कनलाई विश्वसनीय र पारदर्शी बनाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।)

९८. **सम्पत्तिको मूल्य -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ को नियम ९६ मा कार्यालयमा मूल्य नखुलेको कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएका कार्यालय प्रमुखले यो नियमावली प्रारम्भ भएको एक वर्षभित्र मूल्य नखुलेको सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य कायम गरी त्यस्तो सम्पत्ति तथा जिन्सी सामानको स्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)अनुसार प्रदेश मन्त्रालय वा निकायको सम्पत्तिको मूल्य नखुलेकोले रु.१ वा शून्य कायम गरेको छ। यससम्बन्धी विवरण निम्नानुसार छन्:

मन्त्रालय वा निकाय	निकायको संख्या	सम्पत्तिको संख्या	जम्मा मूल्य रु.
कर्णाली प्रदेश	१२	८४८	२५९

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेशअन्तर्गत १२ निकायको खर्च भएर नजाने ८४८ जिन्सी सम्पत्तिको वास्तविक मूल्य यकिन नगरी पाम्समा रु.१ वा शून्य रकम कायम गरी लेखाङ्कन गर्दा जम्मा मूल्य रु.२५९ मात्र रहेको देखिन्छ। नियमावली प्रारम्भ भएको १ वर्ष व्यतित हुँदा समेत उल्लिखित सम्पत्तिको वास्तविक मूल्य कायम गरिएको छैन। नियमावलीमा भएको व्यवस्थाअनुरुप जिन्सी सम्पत्तिहरूको यथार्थ मूल्य कायम गरी अद्यावधिक गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-२ मा संलग्न छ।)

९९. **खारेज भएको कार्यालयको सम्पत्ति-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ को नियम ९८ मा कुनै कार्यालय खारेज वा गाभिने निर्णय भएकोमा त्यस्तो निर्णयमा मिति तोकिएको भएमा सोही मिति र मिति नतोकिएको भएमा निर्णय भएको पैँतिसौँ दिनभित्र खारेज भएको कार्यालयको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। प्रदेश सरकार (कार्यविभाजन) नियमावलीमा

उल्लेख भएका मन्त्रालयको संख्याभन्दा फरक हुने गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा २०८२ चैत्र महिनासम्म खारेज भएका वा गाभिएका मन्त्रालय वा सोअन्तर्गतका निकायहरूको सम्पत्ति लेखाङ्कन भएको छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

मन्त्रालय वा निकाय	खर्च भएर नजाने	खर्च भएर जाने	जम्मा	मन्त्रालयको नाम नमिलेको संख्या
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१९६३०	९१७	२०५४७	-
जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	२६३०६४	१०३८३०	३६६८९४	
जम्मा	**२८२६९४**	**१०४७४७**	**३८७४४१**	**०**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेशमा खारेज भएका २ मन्त्रालयमा २०८२ चैत्र महिनासम्म खर्च भएर नजाने सम्पत्ति रु.२८ करोड २६ लाख ९४ हजार र खर्च भएर जाने सम्पत्ति रु.१० करोड ४७ लाख ४७ हजार समेत रु.३८ करोड ७४ लाख ४१ हजारको सम्पत्ति लेखाङ्कन भएको देखिन्छ। खारेज वा गाभिएका मन्त्रालयको जिन्सी तथा सम्पत्तिको विवरण सम्बन्धित मन्त्रालयको पाम्समा आवद्ध गरी अभिलेखाङ्कन गरेको छैन। तोकिएको अवधिभित्र खारेज वा गाभिने निर्णय भएका मन्त्रालय वा अन्तर्गतका निकायको सम्पत्ति तथा जिन्सी मालसामानको जिम्मा लिने दिने कार्य नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई मन्त्रालयको सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१००.**घरजग्गाको लगत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ को नियम १०२ मा सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र सरकारी कार्यालयको नाममा रहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जा लिन बाँकी रहेको भएमा सम्बन्धित कार्यालय प्रमुखले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत प्रदेश सरकारको घरजग्गाको लगत माग गरेकोमा सोअनुसारको विवरण पेस गरेका छैन। प्रदेश सरकारको मन्त्रालय र निकायले आफूले उपयोग गरिरहेको जग्गा र भवनको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा नराखेको हुँदा तथ्याङ्क प्राप्त हुन सकेको छैन। सङ्घीय कार्यालयहरू प्रदेशमा हस्तान्तरण भई आएकोमा जग्गा र भवनको स्वामित्व हस्तान्तरण नभएकोले अभिलेख कायम गर्न नसकिएको र एक निकायको नाममा रहेको जग्गा तथा भवन अर्को निकायले उपयोग गर्ने गरेकोले अभिलेख लेखाङ्कनमा समस्या रहेको जनाएको छ। मन्त्रालय वा निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयले घरजग्गाको लगत अध्यावधिक गरी राख्ने, सो को प्रभावकारी रुपमा उपयोग गर्ने तथा कार्यालयको नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्दछ।

१०१.**सवारी साधन –** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ को नियम ७८ मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्तिको लेखा त्यस्तो मालसामान तथा सम्पत्तिको खरिद मूल्यको आधारमा राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको २०८१।८२ को सवारी साधनसम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	मोटरसाइकल/स्कुटर		कार/जीप/भ्यान		बस/मिनिबस		जम्मा	
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
कर्णाली	८९४	१८७७९९	२१९	६७९६८१	१३	३४४६३	११२६	९०१९४३

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८१।८२ मा प्रदेश सरकारअन्तर्गत १ हजार १२६ सवारी साधनको मूल्य रु.९० करोड १९ लाख ४३ हजार रहेको देखिन्छ। सवारी साधनको मूल्य वास्तविक नभई रु.१ र न्यून मूल्य लेखाङ्कन गरिएको छ। सवारी साधन खरिद गरेको मूल्यको आधारमा सम्पत्तिको लेखाङ्कन गरी जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-४ मा संलग्न छ।)

१०२.सम्पत्तिको वर्गीकरण - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ को नियम ७८ मा एक वर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिको लेखा खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्ने र एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)को २०८२।८३ को प्रतिवेदनअनुसार प्रदेश सरकारअन्तर्गत मन्त्रालय वा निकायले मोवाइल, फर्निचर, मेशिनरी उपकरण, सफ्टवेयर, पुस्तकलगायतका खर्च भएर नजाने प्रकृतिका सामग्रीहरूलाई खर्च भएर जाने जिन्सी खातामा लेखाङ्कन गरेको देखिन्छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	संख्या	रकम
१	प्रदेश सभा सचिवालय	१७७	३२७
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	११०	२५७
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	२४४	६७७
४	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१४६३	१२५२
५	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१९	९८
६	भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	३५५	८१४
७	सामाजिक विकास मन्त्रालय	१७०७	१५३९
८	प्रदेश लोक सेवा आयोग	५२	४७०
९	प्रदेश योजना आयोग	२९३	१३५७
जम्मा		**४४२०**	**६७९१**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२।८३ मा प्रदेश सरकारको ९ मन्त्रालय/निकायले ४ हजार ४२० सामग्रीको रु.६७ लाख ९१ हजारको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने सम्पत्तिमा लेखाङ्कन गरेको छ। एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने भएतापनि सोअनुसार निर्णय गरेको देखिएन। कानुनी व्यवस्थाअनुसार पाम्समा सरकारी सम्पत्तिको वर्गीकरण र लेखाङ्कनलाई अद्यावधिक गरी सम्पत्तिको समुचित उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-५ मा संलग्न छ।)

१०३.सम्पत्तिको उपयोग - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ५३ मा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्ने व्यवस्था छ। साथै, सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि

उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त २०८२ चैत्र मसान्तसम्मको खर्च भएर जाने जिन्सी सामग्रीको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	निकायको संख्या	गत आ.व.सम्मको मौज्दात	चालु आ.व.मा आम्दानी	चालु आ.व.मा खर्च	मौज्दात बाँकी
१	प्रदेश सभा सचिवालय	१	८५५	१९३१	६४०	२१४६
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	८९०	७९८९	३३८५	५४९४
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	११	४२४४	११३४३	२७५०	१२८३७
४	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२६	१७५८०	२२६०८	१२१२४	२८०६४
५	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३०	२१४६३	४४२१८	३१८२७	३३८५४
६	भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	१९	९४४८६	२६९१४	२२४५०	९८९५०
७	सामाजिक विकास मन्त्रालय	४५	१४३५१८	७३२७२३	४००४८६	४७५७५५
८	प्रदेश लोक सेवा आयोग	१	१८५४	१०८९	०	२९४३
९	प्रदेश योजना आयोग	१	१६६३	१११४	७५३	२०२४
जम्मा		१३७	२८६५५३	८४९९२९	४७४४१५	६६२०६७
खारेज भएका मन्त्रालय वा निकाय र अन्तर्गतका कार्यालयको विवरण						
१०	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	१४९	३३१९	२५५१	९१७
११	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	८	८८७०४	५५५६३	४०४३६	१०३८३१
जम्मा		९	८८८५३	५८८८२	४२९८७	१०४७४८
जम्मा		**१४६**	**३७५४०६**	**९०८८११**	**५१७४०२**	**७६६८१५**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको खारेज भएको मन्त्रालय सहित ११ मन्त्रालय/निकायअन्तर्गतका १४६ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिमध्ये गत वर्षको मौज्दात रु.३७ करोड ५४ लाख ६ हजार, यो वर्षको आम्दानी रु.९० करोड ८८ लाख ११ हजार रहेकोमा यो वर्ष रु.५१ करोड ७४ लाख २ हजार खर्च भई रु.७६ करोड ६८ लाख १४ हजार बाँकी रहेको देखिन्छ। कार्यालयले आवश्यकताभन्दा बढी जिन्सी वा सम्पत्ति खरिद गर्ने गरेको र माग फाराम स्वीकृत गरी वास्तविक समयमा हुने यथार्थ खर्चलाई पाम्समा लेखाङ्कन गर्ने गरेका छैनन्। स्वीकृत माग फारामअनुसार समयमै पाम्समा लेखाङ्कन गर्ने र आवश्यकताअनुसार खर्च भएर जाने जिन्सी सामग्री खरिद गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१०४.**जिन्सी सामग्रीको उपयोग** - सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म खर्च भएर जाने जिन्सी वा सम्पत्तिको खर्च शून्य रहेको निकायहरूको विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	कार्यालय संख्या	गत वर्षसम्मको मौज्दात	यो वर्षको आम्दानी	यो वर्षको खर्च	मौज्दात बाँकी
कर्णाली प्रदेश	२४	१५९७३	१८६८०	०	३४६५३

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म प्रदेश सरकारअन्तर्गत २४ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिको गत वर्षको मौज्दात रु.१ करोड ५९ लाख ७३ हजार र यो वर्ष रु.१ करोड ८६ लाख

८० हजार आम्दानी भएकोमा यो वर्ष शून्य खर्च गरी रु.३ करोड ४६ लाख ५३ हजार मौज्दात रहेको देखिन्छ। चालु वर्ष २०८२।८३ को ९ महिनासम्म पनि खर्च भएर जाने जिन्सीको खर्च शून्य देखिनाले कार्यालयले माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चलाई पाम्समा अद्यावधिक गर्ने गरेको देखिएन। पाम्समा वास्तविक खर्चलाई यथार्थ रुपमा लेखाङ्कन नगर्दा जिन्सी मौज्दातको विवरण यथार्थपरक नहुने हुँदा खरिद तथा जिन्सी व्यवस्थापन प्रभावकारी देखिएन। गत वर्षको सम्पत्तिको मौज्दातलाई मध्यनजर गरी आवश्यकताको आधारमा थप जिन्सी वा सम्पत्तिको खरिद गर्ने, माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चको लेखाङ्कन गर्ने र जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्ने गराउने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-६ मा संलग्न छ।)

१०५. **जेन-जी आन्दोलनमा क्षति -** देशव्यापी रुपमा २०८२ भदौ २३ र २४ गते भएको जेन-जी पुस्ताद्वारा आयोजित आन्दोलनबाट प्रदेश सरकारको जिन्सी सम्पत्तिमा क्षति भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको ४ निकायको क्षतिको विवरण देहायबमोजिम रहेको छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकाय	भवन		सवारी साधन		फर्निचर		मेशिनरी उपकरण		अन्य		जम्मा	
		संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
१	प्रदेश सभा सचिवालय	१२	१०६५७४९०	३	४२८९००	३६	५३९८८१२	४६	२२०२०३००	७४	९१०८९२	१७१	३९४१६३९४
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	३९७५०००			७५	२४१०५००	६३	२६५६०००	१००	१०३७५००		१००७९०००
३	मुख्य न्यायाधिवक्ताको कार्यालय	०		२	११४०००००					१	६००००		११४६००००
४	प्रदेश लेखा नियन्त्रक कार्यालय	१	४३०९०००	८	८५५०४३२	६३	१०६११४३	५८	२३६०६८९	७	६२५४५	१३७	१६३४३८०९
जम्मा		**१५**	**१८९४१४९०**	**१३**	**२०३७९३३२**	**१७४**	**८८७०४५५**	**१६७**	**२७०३६९८९**	**१८२**	**२०७०९३७**	**३०८**	**७७२९९२०३**

उल्लिखित विवरणअनुसार ४ प्रदेश मन्त्रालय वा निकायअन्तर्गत भवन १५, सवारी साधन १३, फर्निचर १७४, मेशिनरी उपकरण १६७ र अन्य सामग्री १८२ समेत जम्मा ३०८ को रु.७ करोड ७२ लाख ९९ हजारको क्षति भएको देखिन्छ। जसमध्ये सबैभन्दा बढी प्रदेश सभा सचिवालयको ५०.९९ प्रतिशत, दोस्रोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको २१.१४ प्रतिशत र तेस्रोमा मुख्य न्यायाधिवक्ताको कार्यालयको १४.८२ प्रतिशत रहेको छ। पाम्समा भवनलगायत स्थायी संरचनाको यथार्थ मूल्य नराखिएको तर क्षतिको विवरणमा भवनको क्षतिलाई समेत समावेश गरेको देखिन्छ, जसले गर्दा प्रदेशको सम्पत्तिको यथार्थ लेखाङ्कन भएको देखिएन। प्रतिवेदनमा सवारी साधन, फर्निचर, यन्त्र उपकरण र सूचना प्रविधिमा भएको क्षति विवरण तयार गर्दा पाम्सको अभिलेखसँग भिडान गरे वा गरेको, आगलागीमा नष्ट भएको वा चोरी भएको, नष्ट भएकोमा सम्पत्तिको अंश रहेको वा नरहेको लगायत विषयहरूलाई समावेश गरेको छैन। क्षति भएका भौतिक संरचनाको निर्माण वा मर्मत सम्भार गर्ने, आगलागीबाट जली नष्ट भएका वा पुनः प्रयोग गर्न नमिल्ने सम्पत्तिको लिलाम बिक्री तथा मिनाहा गर्ने, सवारी साधनको उपयोग तथा व्यवस्थापनसम्बन्धमा भएको निर्णयको कार्यान्वयन गर्ने र प्रदेशको सबै सम्पत्तिलाई पाम्स प्रणालीमा लेखाङ्कन गर्नुपर्दछ।

१०६. **वन अतिक्रमण-** प्रदेश वन ऐन, २०७८ र वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ मा तोकिएको कार्यविधि बनाई अतिक्रमण हुन नदिने र अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ। उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेशअन्तर्गत ११ लाख ७७ हजार ३३ हेक्टर वन क्षेत्र रहेकोमा ४ हजार ६३२ हेक्टर वन अतिक्रमण भएकोमा यो वर्ष ३४६ हेक्टर क्षेत्रफलमा वन अतिक्रमण नियन्त्रण गरी बाँकी

४ हजार २८६ हेक्टरमा वन अतिक्रमण हटाउन सकेको छैन। कानुनबमोजिम अतिक्रमण भएको वन क्षेत्रलाई नियन्त्रण गरी उपयोग गर्नुपर्दछ।

१०७.**जिन्सी मौज्दात नसारेको -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ को नियम ९४ को उपनियम (३) मा जिन्सी मालसामान तथा तत्सम्बन्धी स्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने उल्लेख छ। विगतमा जिन्सी सामग्री तथा सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) को भर्सन १ लागु भई २०८१।८२ बाट पाम्सको भर्सन २ लागु गरिएको छ। महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनअनुसार आर्थिक वर्षको अन्त्यमा पाम्स भर्सन १ मा बाँकी रहेको जिन्सी सामग्रीको मौज्दात भर्सन २ मा जिम्मेवारी सार्नुपर्नेमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले रु.७१ लाख ४१ हजार र भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले रु.१० लाख ५४ हजारको खर्च भएर जिन्सी सामानको जिम्मेवारी सारेको देखिएन। महालेखा नियन्त्रक कार्यालयले एक प्रणालीलाई अर्को संस्करणको प्रणालीमा अध्यावधिक गर्दा सम्पूर्ण डाटा माइग्रेट नभएको कारण उक्त जिम्मेवारी सार्न छुट भएको र कार्यालयले म्यानुअल प्रविष्टि गरी जिम्मेवारी सारेको देखिएन। यसरी जिन्सी सामग्रीको जिम्मेवारी नसार्दा जिन्सी सामान हिनामिना वा दुरुपयोग हुन सक्ने जोखिम भएकोले उक्त जिन्सी सामानको जिन्सी प्रणालीमा प्रविष्ट गरी सम्पत्तिको विवरण अद्यावधिक गर्नुपर्दछ।

१०८.**जिन्सी सामग्रीको मर्मत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ को नियम ९९ मा कार्यालय प्रमुखले जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत सम्भार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको हकमा तीन महिनाभित्र मर्मत सम्भार गरिसक्नु पर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त २०८१।८२ को मर्मत गर्नुपर्ने जिन्सी सामग्रीको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालयको नाम	जिन्सी सामग्रीको विवरण	संख्या
१	उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय	मोटरसाइकल, स्कुटर, जिप, पिकअप भ्यान, कम्प्युटर, प्रिन्टर, ल्यापटपलगायत	९७
२	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	जिप	१
जम्मा			**९८**

स्रोतः सम्बन्धित मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदन

उल्लिखित विवरणअनुसार २ मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदनमा ९८ जिन्सी सामग्रीको मर्मत सम्भार गर्नुपर्ने भनी सिफारिस गरिएकोमा मर्मत सम्भार गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सम्पत्तिको मर्मत सम्भार गरी उपयोग गर्नुपर्दछ।

१०९.**लिलाम बिक्री -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ४४ र नियमावली, २०८२ को १०६ मा सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चिस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्रीको प्रकृया सुरु गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त आर्थिक वर्ष २०८१।८२ को जिन्सी निरीक्षण प्रतिवेदनअनुसार लिलाम गर्नुपर्ने जिन्सी सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालयको नाम	लिलाम गर्नुपर्ने संख्या

१	आर्थिक मामिला तथा योजना मन्त्रालय	४४
२	उद्योग, पर्यटन, वन तथा वातावारण मन्त्रालय	१०
३	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	८५
जम्मा		**१३९**

स्रोतः महालेखापरीक्षणको लेखापरीक्षण प्रतिवेदन तथा जिन्सी निरीक्षण प्रतिवेदन

उल्लिखित विवरणअनुसार ३ मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदनमा १३९ संख्यामा जिन्सी सम्पत्तिको लिलाम बिक्री गर्नुपर्ने भनी सिफारिस गरिएकोमा लिलाम बिक्री गरेको छैन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सम्पत्तिको लिलाम बिक्री गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

११०.**मिनाहा -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८२ को नियम १११ मा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्तिको वास्तविक क्षतिको मूल्याङ्कन गरी मूल्य समेत खुलाई प्रतिवेदन गर्न लेखा उत्तरदायी अधिकृतको अध्यक्षतामा ६ सदस्यीय समिति रहने, प्रतिवेदनको आधारमा बीस लाख मूल्य बराबारसम्मको क्षतिको हकमा सम्बन्धित मन्त्रालय वा अन्य निकायको सचिवले र सोभन्दा बढी रकमको हकमा प्रदेश सरकारले मिनाहा दिन सक्ने उल्लेख छ। जेन-जी आन्दोलनको क्रममा नष्ट भएका ३०८ जिन्सी सम्पत्तिमध्ये लिलाम बिक्री हुन नसक्ने बाहेकको सम्पत्ति र मन्त्रालय वा अन्तर्गतको निकायको जिन्सी निरीक्षण प्रतिवेदन मिनाहा गर्नुपर्ने भनी उल्लेख भएका सम्पत्तिहरूको मिनाहा गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप मिनाहा गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१११.**वार्षिक प्रतिवेदन -** लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ। महालेखापरीक्षकले पेस गरेको २०८०।८१ को सातौं वार्षिक लेखापरीक्षण प्रतिवेदनमा सार्वजनिक सम्पत्ति व्यवस्थापनसम्बन्धमा दिइएका सुझाउहरू देहायबमोजिम रहेको छः

क्र.सं.	**प्रतिवेदनमा उल्लिखित सुझाउहरू**
१	सार्वजनिक निकायले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवम् सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्ने।
२	जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरू आवश्यकता, औचित्य, मौज्दात र मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्ने।
३	मर्मत सम्भार हुन सक्ने जिन्सी सामग्री मर्मत सम्भार गरी सार्वजनिक सम्पत्तिको उच्चतम उपयोग गर्ने।
४	प्रयोगमा नरहेका भवन, उपकरण, सवारी साधनलगायत सम्पत्तिहरू उपयोग हुने सार्वजनिक क्षेत्रमा हस्तान्तरण एवम् व्यवस्थापन गर्ने।

महालेखापरीक्षकले प्रदेशको सार्वजनिक सम्पत्ति व्यवस्थापन सम्बन्धमा दिइएका उल्लिखित सुझाउहरूको कार्यान्वयन गर्न प्रदेश सार्वजनिक लेखा समिति. लेखा उत्तरदायी अधिकृत, मन्त्रालय वा निकाय तथा अन्तर्गतका कार्यालयका प्रमुख र सम्बन्धित कर्मचारीहरू जिम्मेवार हुनुपर्दछ।

सुदूरपश्चिम प्रदेश

११२.**सम्पत्तिको अभिलेखाङ्कन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २८ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकारको प्राप्त २०८१।८२ को जिन्सी तथा सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

(रकम रु. हजारमा)

मन्त्रालय वा निकायको नाम	जिन्सी तथा सम्पत्तिको विवरण					
	भवन र संरचना	मेसिनरी र उपकरण	अन्य स्थिर सम्पत्ति	बहुमूल्य वस्तु	प्राकृतिक सम्पत्ति	जम्मा
२०२-प्रदेश व्यवस्थापिका	०	१२४४५५	०	०	०	१२४४५५
२१०-प्रदेश लोक सेवा आयोग	०	४९०४१	२७१७	०	०	५१७५८
३०१-मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०	१२८२००	३५५०	०	०	१३१७५०
३०५-आर्थिक मामिला मन्त्रालय	०	१२२२०९	४३४	०	०	१२२६४३
३०७-उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	५४८५७	३२८३०१	२४००५	०	२९२६	४१००८९
३१२-भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	८६८२१	५५२८१३	७६११	०	८२७५२	७२९९९७
३१४-आन्तरिक मामिला तथा कानुन मन्त्रालय	०	७४०४३	०	०	०	७४०४३
३३७-भौतिक पूर्वाधार विकास मन्त्रालय	५३१९०	५८१४५१	८८७६४	०	१७८७५५	९०२१६०
३५०-सामाजिक विकास मन्त्रालय	५४७७८	२४१७६९०	१२५९८	१२०	८४८१	२४९३६६७
३९१-प्रदेश योजना आयोग	०	२३५१३	९५७	०	०	२४४७०
जम्मा	**२४९६४६**	**४४०१७१६**	**१४०६३६**	**१२०**	**२७२९१४**	**५०६५०३२**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको २०८१।८२ को कुल जिन्सी तथा सम्पत्ति रु.५ अर्ब ६ करोड ५० लाख ३२ हजारमध्ये भवन र संरचना रु.२४ करोड ९६ लाख ४६ हजार, मेसिनरी र उपकरण रु.४ अर्ब ४० करोड १७ लाख १६ हजार, अन्य स्थिर सम्पत्ति रु.१४ करोड ६ लाख ३६ हजार, बहुमूल्य वस्तु रु.१ लाख २० हजार र प्राकृतिक सम्पत्ति रु.२७ करोड २९ लाख १४ हजार रहेको छ। सम्पत्ति विवरणमा प्रदेश सरकार मातहतका सरकारी जग्गा र पूर्वाधारजन्य सम्पत्तिको अभिलेख नरहेको र सबै सरकारी भवन संरचना, मेसिनरी उपकरण र अन्य स्थिर सम्पत्तिको लेखाङ्कन नगरेकोले प्रदेश सरकारको सम्पत्ति व्यवस्थापन व्यवस्थित देखिएन। प्रदेश सरकार मातहतका सम्पूर्ण सरकारी सम्पत्तिको लेखाङ्कन गरी सम्पत्ति व्यवस्थापनलाई पारदर्शी र प्रभावकारी बनाउनुपर्दछ।

११३. **सम्पत्ति लेखाङ्कनमा फरक** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा २८ मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८०।८१ र २०८१।८२ को एकीकृत वित्तीय विवरण र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा लेखाङ्कन भएको सम्पत्तिको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	विवरण नमिलेको मन्त्रालय/निकायसंख्या	जिन्सी तथा सम्पत्तिको विवरण			
		२०८०।८१ को एकीकृत वित्तीय विवरणअनुसार	आर्थिक वर्ष २०८१।८२		
			एकीकृत वित्तीय विवरणअनुसार	पाम्सअनुसार	फरक
सुदूरपश्चिम प्रदेश	४	४९४४५१२	५०६३६६५	५०६५०३२	-१३६७

स्रोतः महालेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणनुसार २०८१।८२ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.५ अर्ब ६ करोड ३६ लाख ६५ हजार रहेकोमा पाम्समा रु.५ अर्ब ६ करोड ५० लाख ३२ हजारको लेखाङ्कन भई एकीकृत वित्तीय विवरणमाभन्दा रु.१३ लाख ६७ हजारले बढी लेखाङ्कन भएको छ। त्यस्तै, २०८०।८१ को एकीकृत वित्तीय विवरणमा प्रदेशको जिन्सी तथा सम्पत्ति रु.४ अर्ब ९४ करोड ४५ लाख १२ हजार रहेकोमा यो वर्ष रु.११ करोड ९१ लाख ५३ हजारले बढेको छ। जसले गर्दा प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको विवरण यथार्थपरक रहेको देखिदैँन। प्रदेश सरकारको जिन्सी तथा सम्पत्तिको अभिलेखलाई अद्यावधिक गरी पाम्समा लेखाङ्कन भएको भन्दा फरक सम्बन्धमा हिसाब मिलान गरी सरकारी सम्पत्तिको लेखाङ्कनलाई विश्वसनीय र पारदर्शी बनाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ।)

११४. **सम्पत्तिको मूल्य -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ९४ मा कार्यालयमा मूल्य नखुलेको कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएका कार्यालय प्रमुखले यो नियमावली प्रारम्भ भएको एक वर्षभित्र मूल्य नखुलेको सम्पत्ति तथा जिन्सी मालसामानको मूल्य कायम गरी त्यस्तो सम्पत्ति तथा जिन्सी सामानको स्रेस्ता अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)अनुसार प्रदेश मन्त्रालय वा निकायको सम्पत्तिको मूल्य नखुलेकोले रु.१, शून्य वा न्यून रकम कायम गरेको छ। यससम्बन्धी विवरण निम्नानुसार छन्:

मन्त्रालय वा निकाय	निकायको संख्या	सम्पत्तिको संख्या	जम्मा मूल्य रु.
सुदूरपश्चिम प्रदेश	७	१९७	२०४

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेशअन्तर्गत ७ निकायको खर्च भएर नजाने १९७ जिन्सी सम्पत्तिको वास्तविक मूल्य यकिन नगरी पाम्समा रु.१, शून्य वा न्यून रकम कायम गरी लेखाङ्कन गर्दा जम्मा मूल्य रु.२०४ मात्र रहेको देखिन्छ। नियमावली प्रारम्भ भएको ३ वर्ष व्यतित हुँदा समेत उल्लिखित सम्पत्तिको वास्तविक मूल्य कायम गरिएको छैन। नियमावलीमा भएको व्यवस्थाअनुरुप जिन्सी सम्पत्तिहरूको यथार्थ मूल्य कायम गरी अद्यावधिक गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-२ मा संलग्न छ।)

११५. **घरजग्गाको लगत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम १०० मा सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने र सरकारी कार्यालयको नाममा रहेको जग्गाको जग्गाधनी प्रमाण पुर्जा लिन बाँकी रहेको भएमा सम्बन्धित कार्यालय प्रमुखले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेशमा ६ निकायको जग्गाको क्षेत्रफल ६ लाख ११ हजार वर्ग मिटर, ७ निकायको ३६ भवन र ६ निकायले घर भाडामा लिई वार्षिक रु.६५ लाख ४७ हजार भुक्तानी गर्ने गरेको देखिन्छ। सङ्घीय कार्यालयहरू प्रदेशमा हस्तान्तरण भई

आएकोमा जग्गा र भवनको स्वामित्व हस्तान्तरण नभएकोले अभिलेख कायम गर्न नसकिएको र एक निकायको नाममा रहेको जग्गा तथा भवन अर्को निकायले उपयोग गर्ने गरेकोले अभिलेख लेखाङ्कनमा समस्या रहेको जनाएको छ। कतिपय निकायले आफ्ना भवनलाई आवासको रुपमा उपयोग गर्ने र अन्य निकायले घर भाडामा लिने गरेको देखिन्छ। त्यस्तै, मन्त्रालय र निकायले आफूले उपयोग गरिरहेको जग्गा र भवनको अभिलेख नराखेको हुँदा सही तथ्याङ्क प्राप्त हुन सकेको छैन। मन्त्रालय वा निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयले घरजग्गाको लगत अध्यावधिक गरी राख्ने, सो को प्रभावकारी रुपमा उपयोग गर्ने तथा कार्यालयको नाममा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-३ मा संलग्न छ।)

११६.**सवारी साधन** – प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ७६ मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यमबाट प्राप्त गरेको चल अचल मालसामान तथा सम्पत्तिको लेखा त्यस्तो मालसामान तथा सम्पत्तिको खरिद मूल्यको आधारमा राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको २०८१।८२ को सवारी साधनसम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	मोटरसाइकल/स्कुटर		कार/जीप/भ्यान		बस/मिनिबस		जम्मा	
	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम	सङ्ख्या	रकम
सुदूरपश्चिम	९८२	१९४४६१	२६७	१००४७६४	४९	३६९१२	१२९८	१२३६१३७

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८१।८२ मा प्रदेश सरकारअन्तर्गत १ हजार २९८ सवारी साधनको मूल्य रु.१ अर्ब २३ करोड ६१ लाख ३७ हजार रहेको देखिन्छ। सवारी साधनको मूल्य वास्तविक नभई रु.१ र न्यून मूल्य लेखाङ्कन गरिएको छ। सवारी साधन खरिद गरेको मूल्यको आधारमा सम्पत्तिको लेखाङ्कन गरी जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्नुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-४ मा संलग्न छ।)

११७. **सम्पत्तिको वर्गीकरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ७६ मा एक वर्षभन्दा बढी अवधि टिकाउ हुने वा प्रति एकाइ मूल्य पाँच हजार रुपैयाँभन्दा बढी रकम पर्ने मालसामान तथा सम्पत्तिको लेखा खर्च भएर नजाने खातामा अभिलेख राख्नुपर्ने र एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)को २०८२।८३ को प्रतिवेदनअनुसार प्रदेश सरकारअन्तर्गत मन्त्रालय वा निकायले मोवाइल, फर्निचर, मेशिनरी उपकरण, पुस्तकलगायतका खर्च भएर नजाने प्रकृतिका सामग्रीहरूलाई खर्च भएर जाने जिन्सी खातामा लेखाङ्कन गरेको देखिन्छ। यससम्बन्धी विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	संख्या	रकम
१	प्रदेश सभा सचिवालय	५४	३७८
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६४९	१४३९
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	४८	३४४

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	संख्या	रकम
४	आर्थिक मामिला मन्त्रालय	७२०	१७८८
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१८	२०५
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	७३	८१४
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	१००	८१२
८	सामाजिक विकास मन्त्रालय	८२१३	१२६१
९	प्रदेश लोक सेवा आयोग	८	६१
१०	प्रदेश योजना आयोग	१९१७	१०१७
जम्मा		**११८००**	**८११९**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२।८३ मा प्रदेश सरकारको १० मन्त्रालय/निकायले ११ हजार ८०० सामग्रीको रु.८१ लाख १९ हजारको खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामान तथा सम्पत्तिलाई खर्च भएर जाने सम्पत्तिमा लेखाङ्कन गरेको छ। एक पटक प्रयोग भइसकेपछि पुनः सोही रुपमा प्रयोगमा आउन नसक्ने पाँच हजार रुपैयाँभन्दा बढी मूल्यको मालसामान तथा सम्पत्तिलाई कार्यालय प्रमुखले त्यस्तो मालसामान तथा सम्पत्तिको प्रकृति वा प्रयोगको अवस्था खुलाई आवश्यक निर्णय गरी खर्च भएर जाने खातामा अभिलेख राख्न सक्ने भएतापनि सोअनुसार निर्णय गरेको देखिएन। कानुनी व्यवस्थाअनुसार पाम्समा सरकारी सम्पत्तिको वर्गीकरण र लेखाङ्कनलाई अद्यावधिक गरी सम्पत्तिको समुचित उपयोग हुने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-५ मा संलग्न छ।)

११८. **सम्पत्तिको उपयोग -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ५७ मा सरकारी धनमाल वा सम्पत्तिको संरक्षण तथा तोकिएको काममा प्रयोग गर्नुपर्नेसम्बन्धी व्यवस्था रहेको छ। साथै, सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त २०८२ चैत्र मसान्तसम्मको खर्च भएर जाने जिन्सी सामग्रीको स्थिति निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	निकायको संख्या	गत आ.व.सम्मको मौज्दात	चालु आ.व.मा आम्दानी	चालु आ.व.मा खर्च	मौज्दात बाँकी
१	प्रदेश सभा सचिवालय	१	३७	४२९८	४०४१	२९४
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	२१४९१	८५४९	४४५४	२५५८६
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	९३१	७९५	६९५	१०३१
४	आर्थिक मामिला मन्त्रालय	९	३२८२	७०३२	४३३३	५९८१
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	३०	२७७८७	२०७२५	२४६९२	२३८२०
६	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	३३	६१४३६	८०९०७	९४९८७	४७३५६
७	भौतिक पूर्वाधार विकास मन्त्रालय	३२	३९०१६०	१६३६७२	२३७१३६	३१६६९६
८	सामाजिक विकास मन्त्रालय	५८	१४८६५२	२८९१७१०	१६९९६३०	१३४०७३२
९	प्रदेश लोक सेवा आयोग	१	२९८०	२२९४	३४३६	१८३८
१०	प्रदेश योजना आयोग	१	५९७	१३२४	०	१९२१
जम्मा		**१६९**	**६५७३५३**	**३१८१३०६**	**२०७३४०४**	**१७६५२५५**

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको १० मन्त्रालय/निकायअन्तर्गतका १६९ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिमध्ये गत वर्षको मौज्दात रु.६५ करोड ७३ लाख ५३ हजार, यो वर्षको आम्दानी रु.३ अर्ब १८ करोड १३ लाख ६ हजार रहेकोमा यो वर्ष रु.२ अर्ब ७ करोड ३४ लाख ४ हजार खर्च भई रु.१ अर्ब ७६ करोड ५२ लाख ५५ हजार बाँकी रहेको देखिन्छ। कार्यालयले आवश्यकताभन्दा बढी जिन्सी वा सम्पत्ति खरिद गर्ने गरेको र माग फाराम स्वीकृत गरी वास्तविक समयमा हुने यथार्थ खर्चलाई पाम्समा लेखाङ्कन गर्ने गरेका छैनन्। स्वीकृत माग फारामअनुसार समयमै पाम्समा लेखाङ्कन गर्ने र आवश्यकताअनुसार खर्च भएर जाने जिन्सी सामग्री खरिद गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

११९. **जिन्सी सामग्रीको उपयोग -** सरकारी लेखा निर्देशिका, २०७३ को दफा ७.१०.१(उ) मा खर्च हुने जिन्सी मालसामान जिन्सी खातामा दाखिला भइसकेपछि उपयोग गर्दा माग फाराम स्वीकृत गराई सोको अभिलेख अद्यावधिक गर्नुपर्ने उल्लेख छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट प्राप्त विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म खर्च भएर जाने जिन्सी वा सम्पत्तिको खर्च शून्य रहेको निकायहरूको विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

प्रदेश	कार्यालय संख्या	गत वर्षसम्मको मौज्दात	यो वर्षको आम्दानी	यो वर्षको खर्च	मौज्दात बाँकी
सुदूरपश्चिम प्रदेश	२५	१४६३८	९६३८८	०	१११०२६

स्रोतः महालेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार २०८२ चैत्र मसान्तसम्म प्रदेश सरकारअन्तर्गत २५ कार्यालयको खर्च भएर जाने जिन्सी वा सम्पत्तिको गत वर्षको मौज्दात रु.१ करोड ४६ लाख ३८ हजार र यो वर्ष रु.९ करोड ६३ लाख ८८ हजार आम्दानी भएकोमा यो वर्ष शून्य खर्च गरी रु.११ करोड १० लाख २६ हजार मौज्दात रहेको देखिन्छ। चालु वर्ष २०८२।८३ को ९ महिनासम्म पनि खर्च भएर जाने जिन्सीको खर्च शून्य देखिनाले कार्यालयले माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चलाई पाम्समा अद्यावधिक गर्ने गरेको देखिएन। पाम्समा वास्तविक खर्चलाई यथार्थ रुपमा लेखाङ्कन नगर्दा जिन्सी मौज्दातको विवरण यथार्थपरक नहुने हुँदा खरिद तथा जिन्सी व्यवस्थापन प्रभावकारी देखिएन। गत वर्षको सम्पत्तिको मौज्दातलाई मध्यनजर गरी आवश्यकताको आधारमा थप जिन्सी वा सम्पत्तिको खरिद गर्ने, माग फाराम स्वीकृत गरी खर्च भएको समयमा नै वास्तविक खर्चको लेखाङ्कन गर्ने र जिन्सी सम्पत्तिको संरक्षण तथा सदुपयोग गर्ने गराउने व्यवस्था मिलाउनुपर्दछ।

(यससम्बन्धी विस्तृत विवरण अनुसूची-६ मा संलग्न छ।)

१२०. **जेन-जी आन्दोलनमा क्षति -** देशव्यापी रुपमा २०८२ भदौ २३ र २४ गते भएको जेन-जी पुस्ताद्वारा आयोजित आन्दोलनबाट प्रदेश सरकारको जिन्सी सम्पत्तिमा क्षति भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकार तथा निकायको स्थायी संरचना, सवारी साधन, यन्त्र उपकरण, फर्निचर, सूचना प्रविधिलगायत अन्य महत्वपूर्ण सम्पत्तिमा पुगेको क्षतिको विवरण निम्नानुसार छः

(रकम रु. हजारमा)

क्र.सं.	मन्त्रालय वा निकायको नाम	क्षति भएको सवारी साधनको संख्या		सवारी साधन र अन्य जिन्सी सामानको अनुमानित क्षति रकम	कैफियत
		मोटरसाइकल/स्कुटर	चारपाङ्ग्रे गाडी		
१	प्रदेश सभा सचिवालय	५	८	६९३२१	भवनहरूमा आगजनी भएको
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१७	७	९७४००	३ भवनहरूमा आगजनी भएको
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	७	७	३५५००	भवनको माथिल्लो तलामा आगजनी भएको, चारपाङ्ग्रे १ र दुईपाङ्ग्रे १ को आंशिक क्षती
४	आर्थिक मामिला मन्त्रालय	२	४	३७५९४	भवनमा आगजनी भएको
५	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रलाय	१९	९	५००००	६ भवनमा तोडफोड र २ गोलघरमा आगजनी, चारपाङ्ग्रे ४ र दुईपाङ्ग्रे ५ को आंशिक क्षती तथा दुईपाङ्ग्रे २ चोरी भएको
६	भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	७	६	३३०००	भवनमा आगजनी भएको
७	भौतिक पूर्वाधार विकास मन्त्रालय र मातहत	२०	१४	१०५७४६	अधिकांश भवनमा आगजनी र केहीमा तोडफोड भएको
८	सामाजिक विकास मन्त्रालय	१७	६	४२५६७	भवनमा आगजनी भएको
९	प्रदेश लोक सेवा आयोग	०	०	२३०८	भवनमा तोडफोड भएको र गाडीको चावीहरूमा मात्र लुटिएको
१०	प्रदेश नीति तथा योजना आयोग	३	३	२५००	जिप/गाडी चारपाङग्रे -३, मोटरसाइकल/स्कुटर- ३ वटामा तोडफोड भएको
११	मुख्यन्यायाधिवक्ताको कार्यालय	३	२	१७०००	भवनमा आगजनी भएको
१२	सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान	०	१	१२५००	मुख्यमन्त्री तथा म.प.को कार्यालयमा पार्किङमा रहेको गाडी जलेको
जम्मा		**१००**	**६७**	**५०५४३६**	

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय

उल्लिखित विवरणअनुसार १२ प्रदेश मन्त्रालय वा निकायअन्तर्गत मोटरसाइकल तथा स्कुटर १००, चारपाङ्ग्रे सवारी साधन ६७ र अन्य उपकरण तथा फर्निचरलगायत रु.५० करोड ५४ लाख ३६ हजारको क्षति भएको देखिन्छ। उपरोक्त विवरणमा भवनको क्षतिसम्बन्धी विवरणलाई समावेश गरिएको छैन। जसमध्ये सबैभन्दा बढी भौतिक पूर्वाधार विकास मन्त्रालयको २०.९२ प्रतिशत, दोस्रोमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको १९.२७ प्रतिशत र तेस्रोमा प्रदेश सभा सचिवालयको १३.७२ प्रतिशत रहेको छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)मा भवनलगायत स्थायी संरचनाको यथार्थ मूल्य नराखिएको तर क्षतिको विवरणमा भवनको क्षतिलाई समेत समावेश गरेको देखिन्छ, जसले गर्दा प्रदेशको सम्पत्तिको यथार्थ लेखाङ्कन भएको देखिएन। प्रतिवेदनमा सवारी साधन, फर्निचर, यन्त्र उपकरण र सूचना प्रविधिमा भएको क्षति विवरण तयार गर्दा पाम्सको अभिलेखसँग भिडान गरे वा गरेको, आगलागीमा नष्ट भएको वा चोरी भएको, नष्ट भएकोमा सम्पत्तिको अंश रहेको वा नरहेको लगायत विषयहरूलाई समावेश गरेको छैन। क्षति भएका भौतिक संरचनाको

निर्माण वा मर्मत सम्भार गर्ने, आगलागीबाट जली नष्ट भएका वा पुनः प्रयोग गर्न नमिल्ने सम्पत्तिको लिलाम बिक्री तथा मिनाहा गर्ने, सवारी साधनको उपयोग तथा व्यवस्थापनसम्बन्धमा भएको निर्णयको कार्यान्वयन गर्ने र प्रदेशको सबै सम्पत्तिलाई पाम्स प्रणालीमा लेखाङ्कन गर्नुपर्दछ।

१२१. **वन अतिक्रमण -** वन ऐन, २०७६ को दफा ८ मा अधिकार प्राप्त व्यक्तिबाट पट्टा पुर्जि पाएको बाहेक वन क्षेत्रको जग्गामा कुनै किसिमको हक नहुने र वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ मा तोकिएको कार्यविधि बनाई अतिक्रमण हुन नदिने र अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ। पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेशअन्तर्गत यो वर्ष १७.३५ हेक्टर क्षेत्रफलमा वन अतिक्रमण नियन्त्रण गरिएको उल्लेख गरेतापनि कुल अतिक्रमण भएको क्षेत्रफल उल्लेख भएको छैन। कानुनबमोजिम अतिक्रमण भएको वन क्षेत्रलाई नियन्त्रण गरी उपयोग गर्नुपर्दछ।

१२२. **सफ्टवेयर प्रमाणीकरण -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट प्रमाणीकरण गराउन पर्ने व्यवस्था छ। प्रदेश लोक सेवा आयोगले विगत वर्षमा पब्लिक सर्भिस रिक्रुटमेन्ट म्यानेजमेन्ट सिस्टम (पि.एस.आर.एम.एम.) सफ्टवेयर रु.१९ लाख ७८ हजार ६३० मा खरिद गरी यो वर्ष सफ्टवेयर मर्मतमा रु. ४ लाख ९० हजार र उक्त सफ्टवेयरको स्तरोन्नतीमा रु. ४ लाख ७२ हजार खर्च गरेको छ। आयोगले खरिद गरेको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट प्रमाणीकरण लिएको देखिएन। आयोगले उल्लिखित सफ्टवेयरलाई सम्बन्धित निकायबाट प्रमाणीकरण गराई प्रयोग गर्नुपर्दछ।

१२३. **लिलाम बिक्री -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ को दफा ४६ र नियमावली, २०८० को १०४ मा सम्पत्ति तथा जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चिस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने भनी सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराएको मालसामान त्यस्तो प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र लिलाम बिक्रीको प्रकृया सुरु गर्नुपर्ने उल्लेख छ। मन्त्रालय/निकायबाट प्राप्त २०८१।८२ को जिन्सी निरीक्षण प्रतिवेदनअनुसार लिलाम गर्नुपर्ने जिन्सी सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालयको नाम	लिलाम गर्नुपर्ने संख्या
१	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रलाय	२४
२	सामाजिक विकास मन्त्रालय	१९८
३	आर्थिक मामिला मन्त्रालय	९०
४	प्रदेश नीति तथा योजना आयोग	१५
जम्मा		**३२७**

उल्लिखित विवरणअनुसार ४ मन्त्रालय/निकायबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनमा ३२७ संख्यामा जिन्सी सम्पत्तिको लिलाम बिक्री गर्नुपर्ने भनी सिफारिस गरिएकोमा लिलाम गर्नुपर्ने सम्पत्तिको मूल्य उल्लेख नगरेको र

लिलाम गर्नुपर्ने कारण उल्लेख गरेको देखिएन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सम्पत्तिको लिलाम बिक्री गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१२४. **मिनाहा -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को १०९ मा प्राकृतिक प्रकोप वा दुर्घटनाको कारणबाट क्षति भएको सरकारी सम्पत्तिको वास्तविक क्षतिको मूल्याङ्कन गरी मूल्य समेत खुलाई प्रतिवेदन गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा ५ सदस्यीय समिति रहने, प्रतिवेदनको आधारमा पच्चिस लाख मूल्य बराबारसम्मको क्षतिको हकमा सम्बन्धित मन्त्रालय वा अन्य निकायको प्रदेश सचिवले र सोभन्दा बढी रकमको हकमा प्रदेश सरकारले मिनाहा दिन सक्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त २०८१।८२ को जिन्सी निरीक्षण प्रतिवेदनअनुसार मिनाहा गर्नुपर्ने जिन्सी सम्पत्तिको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	मन्त्रालयको नाम	मिनाहा गर्नुपर्ने संख्या
१	सामाजिक विकास मन्त्रालय	११
२	आर्थिक मामिला मन्त्रालय	३१२
जम्मा		**३२३**

उल्लिखित विवरणअनुसार २ मन्त्रालयको जिन्सी निरीक्षण प्रतिवेदनमा ३२३ संख्यामा मिनाहा गर्नुपर्ने भनी सिफारिस गरिएको तथा जेन-जी आन्दोलनको क्रममा नष्ट भएका १६७ सम्पत्तिमध्ये लिलाम बिक्री हुन नसक्ने बाहेकको सम्पत्तिको मिनाहा गरिएको छैन। कानुनमा भएको व्यवस्था अनुरुप जिन्सी सामग्रीको मिनाहा गरी सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१३२७	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६१११११००२४० - यस यस डि	६	३७
१३२८	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६१११११००२५५ - Hard Disk	२	१५

१३२९	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६१११११००३२४ - बुस बार	२	१३
१३३०	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६१११११००४६२ - राउटर	५	१७
१३३१	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६१११११००४६८ - SDI to HDM converter	१	१५
१३३२	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६१११११००४९५ - ए सी फ्यान	३	१२
१३३३	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६१११११००७१५ - पावर ब्याङ्क	२	८
१३३४	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६१११११००७८५ - डिजिटल क्ल्याम्प मिटर	१	६
१३३५	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६१११११००९६६ - NVME SSD २५६	२	१२
१३३६	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६१११११०११७१ - चेन्ज ओभर	१	८
१३३७	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६१११२२५८५८ - हेलोजीन हिटर	५	१२
१३३८	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६११३१०१८६६ - ग्याँस चुलो	१	७
१३३९	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६११३१०१८८७ - ग्याँस सिलिण्डर	२	९
१३४०	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६११३१०४२३२ - ननस्ट्रीक प्रेसर कुकर	१	४
१३४१	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६११३१०५०८८ - प्रेसर कुकर	२	६
१३४२	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६११३१०९१५५ - गाडी धुने मेशिन	१	१३
१३४३	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६११३३००८७८ - कमोड वन पिस	१	२९
१३४४	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६११३३०२९६४ - ड्रिल मेशीन	१	९
१३४५	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६११३३०३५८० - पानी टंकी	१	१४
१३४६	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६११३५००४७२ — CAPACITOR	३	१९
१३४७	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६११३६०७३५१ - ग्याँस चुलो सेट	१	७
१३४८	सुदूरपश्चिम	प्रदेश सभा सचिवालय	६१६११३९००१४२ - मेटल डिटेक्टर	३	१५
१३४९	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६१११२१००७० — पुस्तक	६००	१४९
१३५०	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६१११२२४१९० — सोफासेट	८	८४५
१३५१	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३१०००७० — आइरन	२	६
१३५२	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३१००७६२ — कम्बोट	३	७५
१३५३	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३१०१६३५ - गलैचा मध्यम	१	१०
१३५४	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३१०१६३७ - गाँस चुलो	१	७
१३५५	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३१०३५९५ - डिस्पेन्सर(हटपट)	४	२८
१३५६	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३१०४५७४ - पलास्टिक पानि टंकी	२	५७
१३५७	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३१०५०८८ - प्रेसर कुकर	४	१२
१३५८	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३१०६८७१ — यूपिएस	१	६
१३५९	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३२०००७६ - कम्प्रेसर मोटर	२	१६
१३६०	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३६०७४७१ - ग्यास सिलिण्डर	४	१६
१३६१	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३६०७४७९ - ग्यासँ चुलो	१	७
१३६२	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३६११०४० - टेवल ग्लास	१	१३
१३६३	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३६१५९०२ - पनी तान्ने मोटर	१	२०
१३६४	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३६२३९२९ — मिक्चर	२	११
१३६५	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३६२४४३३ — मेट्रेस	४	१११
१३६६	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३६२७४८० - लोगो	१	२४
१३६७	सुदूरपश्चिम	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६१६११३६३४७४१ - ईलेक्ट्रिक हिटर	७	२६
१३६८	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६१११११००१५५ - कम्प्युटर एस एस डि	३	१९
१३६९	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६१११११००२१३ - युपिएस ब्याट्री	३	१७
१३७०	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६१११११००२२८ - ई-हाजिरी	१	३०
१३७१	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६१११११००७९९ - एस डी कार्ड	१	१२
१३७२	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६१११२२१४८० - शिला लेख	४	३८
१३७३	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६१११२२४६६७ - स्टेचिङ मेसिन	१	८
१३७४	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६१११२२५९९९ - वेव क्यामेरा	१	५
१३७५	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६११३१००७६९ - कम्बोड Toilet	१	२८
१३७६	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६११३१०११६७ - किचेन र्याक	१	९
१३७७	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६११३१०१६५९ - गाडी धुने मोटर	१	१६
१३७८	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६११३३०३५८० - पानी टंकी	१	७
१३७९	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६११३६०३६६० - काठको टेबुल	२	१०
१३८०	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६११३६२१११३ - विद्युतीय मोटर	१	१७
१३८१	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६११३६२४९३८ - म्याजिक लाईट	२५	७५
१३८२	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६११३६२९६९० - सलामी डेक्स	१	४४
१३८३	सुदूरपश्चिम	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६१६११३६३५२७१ - पि.ओ.ई. स्विच	१	९
१३८४	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६१११११००१५५ - कम्प्युटर एस एस डि	६	५१
१३८५	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६१११११००१९६ — राउटर	२	११
१३८६	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६१११११००२१३ - युपिएस ब्याट्री	१६	३७७
१३८७	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६१११११००२२८ - ई-हाजिरी	१	३६
१३८८	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६१११११००३५२ - ब्याट्री	८	२३३
१३८९	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६१११२०७८०५ - निशान छाँप	२	२७

१३९०	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६१११२१००३९ - पुस्तक किताब	५५८	३५९
१३९१	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६१११२२६०२६ — किताब	६	१२
१३९२	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३१००७६८ — कम्बोड	३	६३
१३९३	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३१००८९४ - काँसको कचौरा	१७	२०
१३९४	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३१००८९६ - काँसको गिलास	१८	२२
१३९५	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३१००८९७ - काँसको थाल	२१	५४
१३९६	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३१०१७३३ — गिजर	२	४१
१३९७	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३१०६११४ - भट्टी चुलो सेट	२	७
१३९८	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३१०६१५७ - भाँडा स्टेण्ड	२	१०
१३९९	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३१०६६५४ - मिक्चर मेसिन	२	१२
१४००	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३१०८५४३ - स्पिकर (साउण्ड सिस्टम)	४	९९
१४०१	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३१०८९९३ - प्रेसर कुकुर	४	१५
१४०२	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३६००९४३ - इलेक्ट्री हिटर	८	३७
१४०३	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३६०६५३९ - गलैचा	९	५६
१४०४	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३६०७३५२ - ग्याँस चुल्हो	१	५
१४०५	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३६१६९२७ - पावर बैंक	१	६
१४०६	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३६१७९१७ - पोर्टेबल भर्याङ्ग	१	७
१४०७	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३६१८५१६ - प्लाष्टिक कुर्सी	१३	१३
१४०८	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३६२४४३३ - मेट्रस	१२	१९२
१४०९	सुदूरपश्चिम	आर्थिक मामिला मन्त्रालय	६१६११३६२९९४६ - साउण्ड सिस्टम	१	२३
१४१०	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६१११००२२७ - एचडिडि	१	८
१४११	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६१११००२४० - यस यस डि	३	१५
१४१२	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६१११००४०३ - मोबाइल	३	७७
१४१३	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६१११००५७४ - हिटिङ रोलर	१	५
१४१४	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६१११०१०९० - स्मार्ट पी ओ इ स्वीच	१	७
१४१५	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६११३१०१२३९ - कुकर प्रेसर	१	३
१४१६	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६११३१०१९३६ - ग्यास चुला सेट	१	१२
१४१७	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६११३१०६७६४ - मेट्रस	१	१२
१४१८	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६११३६०४२२७ - किताब (Book	१	५
१४१९	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६११३६०६६५९ - गाडिको ब्याट्री	१	२१
१४२०	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६११३६१५६०१ - पंखा / Fan	१	७
१४२१	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१६११३६३५०१० - यु.पि.एस	१	६
१४२२	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६११३६३५९३३ - एन भी आर १६ पोट	१	११
१४२३	सुदूरपश्चिम	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	६१६११३९००४२९ - Vaccum Extrat i on	१	१६
१४२४	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६१११००१५५ - कम्प्युटर एस एस डि	२	१४
१४२५	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६१११००१५९ - एक्सटरनल हार्डडिक्स	१	१८
१४२६	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६१११००४९५ - ए सी फ्यान	४	२०
१४२७	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६१११००५३३ - LED Flood Light	५	३४
१४२८	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६१११२०४०७२ - जुता र्याक	१	९
१४२९	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६१११२२६०२६ - किताब	२९	५५
१४३०	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३१००३७८ - एयरपट	१	६
१४३१	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३१०१९३९ - ग्यास चुल्लो	१	४
१४३२	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३१०४६२५ - पानस	३	११
१४३३	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३१०८९९३ - प्रेसर कुकुर	१	९
१४३४	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३१०९००६ - करुवा	५	११
१४३५	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३३०३५९३ - पानी मोटर	१	१८
१४३६	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३३०३५९४ - पानी मोटर १" हर्स पवर	१	१९
१४३७	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३४०८४८४ - स्प्रेयर टंकी	६	२८
१४३८	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३५००६६३ - FLAG STAND	१	९
१४३९	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३६२१२२२ - बिस्तरा मेट्रेस	५	५९
१४४०	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३६२४८३८ - मोबाइलसेट	२	३३
१४४१	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३६२८९२५ - श्रव्य दृष्य सामग्री भिडियो	१	४३८
१४४२	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३६३१००१ - सिलिङ् पंखा	२	७
१४४३	सुदूरपश्चिम	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	६१६११३६३५३३४ - ब्याटमिन्टन	१	१२
१४४४	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६१११००१९६ - राउटर	६	२१
१४४५	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६१११००२४० - यस यस डि	७	४४
१४४६	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६१११००५८६ - एम सी सी बी वक्स	१	९
१४४७	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६१११००७१५ - पावर ब्याङ्क	१	८
१४४८	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६१११००९३२ - इएनभिआर ८ सि एच	१	१८
१४४९	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६१११०११४७ - ६TB HDD	१	३६
१४५०	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६१११२००५९१ - आरो फिल्टर	१	२०

१४५१	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६१११२२६००७ - पुस्तक	३१	२३
१४५२	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३१०४९०२ - पेट्रोल ब्रस कटर मेसिन	२	६६
१४५३	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३१०६९२२ - राइस कुकर	२	९
१४५४	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३१०८६४३ - हटपट	२	२१
१४५५	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३१०८६४६ - हटपट वाल्ट्राको	१	१२
१४५६	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६०२९९८ - कम्मोड	१	३४
१४५७	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६०३६६८ - काठको ढोका	६	५४
१४५८	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६०८१५६ - चाइनिज गलैचा	१	१४
१४५९	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६२२११० - ब्याटमेण्टन राकेट	२	१७
१४६०	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६२२२०८ - ब्याट्री(Battery)	५	१९१
१४६१	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६२३९२९ - मिक्चर	३	२६
१४६२	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६२५९८३ - रिभल्वीङ चियर	५	७८
१४६३	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६२६७७४ - लगेज ब्याग	१	८
१४६४	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६२७३६८ - लेदर ब्याग	३	३२
१४६५	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६३१००१ - सिलिङ् पंखा	२	१०
१४६६	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६३३१८५ - स्याण्ड पंखा	४	१९
१४६७	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६३४३४२ - हेलोजनिहिटर	९	२५
१४६८	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६३५२७३ - ब्याडमिन्टन	१	१०
१४६९	सुदूरपश्चिम	भौतिक पूर्वाधार विकास मन्त्रालय	६१६११३६३५२७१ - पि.ओ.ई. स्विच	१	७
१४७०	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६१११००२५५ - Hard Disk	३	५४
१४७१	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६१११०११७१ - चेन्ज ओभर	१	१०६
१४७२	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६१११२२६०२६ - किताब	८१६०	७१६
१४७३	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३१०११७० - किचेन सामग्री सेट	२	३७
१४७४	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३१०१६३३ - गलैचा ठुलो	१	१३
१४७५	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३१०१६३७ - गाँस चुलो	१	७
१४७६	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३१०३५९५ - डिस्पेन्सर(हटपट)	२	१२
१४७७	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३१०८६३८ - हटपट (थर्मस)	६	२७
१४७८	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३५००८७४ - MCB	९	६५
१४७९	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३६१५३४७ - नेपालको लोगो छपाई	३	५५
१४८०	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३६१८५१६ - प्लाष्टिक कुर्सी	१०	११
१४८१	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३६२४४३३ - मेट्रेस	२	२६
१४८२	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३६२९८१५ - साइकिल	१	४०
१४८३	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३६३२१६७ - सोफा सेट	१	२९
१४८४	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३६३५३३४ - ब्याटमिन्टन	४	२२
१४८५	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३६३५४१२ - मोबाइल चार्जर	६	२०
१४८६	सुदूरपश्चिम	सामाजिक विकास मन्त्रालय	६१६११३९००५६६ - स्टेबलाइजर	१	२१
१४८७	सुदूरपश्चिम	प्रदेश लोक सेवा आयोग	६१६१११००१५० - ल्यापटप ब्याट्री	१	८
१४८८	सुदूरपश्चिम	प्रदेश लोक सेवा आयोग	६१६११३१०७३९२ - बाकस	१	१२
१४८९	सुदूरपश्चिम	प्रदेश लोक सेवा आयोग	६१६११३१०८६४३ - हटपट	१	६
१४९०	सुदूरपश्चिम	प्रदेश लोक सेवा आयोग	६१६११३६०३६५६ - काठको टि टेबल	३	२२
१४९१	सुदूरपश्चिम	प्रदेश लोक सेवा आयोग	६१६११३६०७४४४ - ग्यास चूलो	१	३
१४९२	सुदूरपश्चिम	प्रदेश लोक सेवा आयोग	६१६११३६०९९४५ - झण्डा स्टेण्ड	१	१०
१४९३	सुदूरपश्चिम	प्रदेश योजना आयोग	६१६१११००२४० - यस यस डि	४	३५
१४९४	सुदूरपश्चिम	प्रदेश योजना आयोग	६१६१११००३५२ - ब्याट्री	४	१५८
१४९५	सुदूरपश्चिम	प्रदेश योजना आयोग	६१६१११००४१९ - एड्जष्ट पंखा	१	६
१४९६	सुदूरपश्चिम	प्रदेश योजना आयोग	६१६१११२२६०२६ - किताब	१८२७	७४०
१४९७	सुदूरपश्चिम	प्रदेश योजना आयोग	६१६११३१०६०८० - ब्लाङ्केट	८०	५९
१४९८	सुदूरपश्चिम	प्रदेश योजना आयोग	६१६११३६२३१०३ - भ्याकुम किल्निर ड्रमवाला	१	१९
जम्मा				**११८००**	**८११९**
कुल जम्मा				**११४५९४**	**१२९२९४**

अनुसूची-६

सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रदेश अन्तर्गत खर्च भएर जाने सम्पत्ति शून्य खर्च गर्ने निकायको विवरण (२०८२ चैत्र मसान्तसम्म)

(रु.हजारमा)

क्र.सं.	प्रदेश	मन्त्रालय/निकाय	गत वर्षसम्मको मौज्दात रु.	यो वर्षको आम्दानी रु.	यो वर्षको खर्च रु.	मौज्दात बाँकी रु.
१	कोशी	३०१००१३०११- मुख्यन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१५०	४१२२	०	४२७२
२	कोशी	३०१०००६०११- निजामती कर्मचारी आवासीय विद्यालय	२८०९	१६९६	०	४५०५
३	कोशी	३०५०१०६०११- प्रदेश लेखा इकाई कार्यालय	३९१	३५१	०	७४२
४	कोशी	३०५०१०८०११- प्रदेश लेखा इकाई कार्यालय	०	७९	०	७९
५	कोशी	३०५०११००११- प्रदेश लेखा इकाई कार्यालय	६३१	३९८	०	१०२९
६	कोशी	३०५०११४०११- प्रदेश लेखा इकाई कार्यालय	१९५	६४	०	२५९
७	कोशी	३३७००१३०२१- ग्रामिण सडक सञ्जाल सुधार आयोजना	२९	३८३	०	४१२
८	कोशी	३३७०१०५०११- पूर्वाधार विकास कार्यालय, तेह्रथुम	०	८२९	०	८२९
९	कोशी	३३७०२०६०११- यातायात व्यवस्था सेवा कार्यालय, धनकुटा	३३१	८६८	०	११९९
१०	कोशी	३३७०४१००११- सहरी विकास तथा भवन कार्यालय, ओखलढुङ्गा	१४६९	९	०	१४७८
११	कोशी	३१४०११२०११- यातायात व्यवस्था कार्यालय झापा	११६	३६०९	०	३७२५
१२	कोशी	३७००२०२०११- जिल्ला अस्पताल, पाँचथर	४३११३	२३४९५	०	६६६०८
१३	कोशी	३७००२१३०२१- शैलजा आचार्य हृदय रोग केन्द्र	०	२५४३	०	२५४३
१४	कोशी	३१३०१०७०११- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भोजपुर	६४७६४	१४७२७	०	७९४९१
१५	कोशी	३१३०१०८०११- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	११५३५	११४०४	०	२२९३९
१६	कोशी	३१३०२१२०११- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, झापा	८७९	७४	०	९५३
१७	कोशी	३५०००६०२१- उत्तरपानी प्राविधिक शिक्षालय	२०७४	८८०	०	२९५४
१८	कोशी	३५००४०६०४१- कोशी अञ्चल आयुर्वेद औषधालय	२४४	५३१	०	७७५
१९	कोशी	३५००४०७०२१- जिल्ला अस्पताल, भोजपुर	४२	६५७०६	०	६५७४८
२०	कोशी	३५००४०९०२१- जिल्ला अस्पताल सोलुखुम्बु	३६५	४९७०	०	५३३५
२१	कोशी	३५००५०६०११- प्रदेश संग्राहालय	४६३	३४५	०	८०८
२२	कोशी	३२९०११००२१- भू तथा जलाधार व्यवस्थापा कार्यालय ओखलढुङ्गा	१९२	२३३	०	४२५
२३	कोशी	३२९०१११०११- डिभिजन वन कार्यालय उदयपुर (त्रिवेणी)	२६९७	१२१९	०	३९१६
२४	कोशी	३०७०२१४०११- प्रदेश वन निर्देशनालय	२५२८	५१८६	०	७७१४
२५	कोशी	३०७८१०८०११- घरेलु तथा साना उद्योग विकास समिति	०	९७	०	९७
		जम्मा	**१३५०१७**	**१४३८१८**	**०**	**२७८८३५**
२६	मधेश	३०७००१७०२२- घरेलु तथा साना उद्योग कार्यालय	३६	२७२	०	३०८
२७	मधेश	३०७००२००१२- पर्यटन विकास कार्यालय गौर	३५३६	२४३२	०	५९६८
२८	मधेश	३०७०३१८०१२- घरेलु तथा साना उद्योग कार्यालय महोत्तरी	१२१०	३०३	०	१५१३
२९	मधेश	३१२०११६०१२- बाली संरक्षण प्रयोगशाला सिराहा	२५४३	१३०१	०	३८४४
३०	मधेश	३१२०११७०१२- कृषि विकास निर्देशनालय जनकपुर	२४३	२७५	०	५१८
३१	मधेश	३१२०११७०२२- उष्ण प्रदेशीय बागबानी केन्द्र जनकपुर	४७२	१११६	०	१५८८
३२	मधेश	३१२०११७०३२- कृषि ज्ञान केन्द्र धनुषा	४५८	५२४	०	९८२
३३	मधेश	३१२०११८०१२- विउबिजन प्रयोगशाला महोत्तरी	५४१	२२६	०	७६७
३४	मधेश	३१२०११९०१२- कृषि ज्ञान केन्द्र सर्लाही	३३३	०	०	३३३
३५	मधेश	३१२०२१५०१२- मत्स्य विकास केन्द्र फत्तेपुर	१४९२	२०८८	०	३५८०
३६	मधेश	३१२०२१५०२२- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सप्तरी	४५७६	३७२१	०	८२९७
३७	मधेश	३१२०२१७०२२- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनुषा	३११३	२४६८	०	५५८१
३८	मधेश	३१२०२१७०३२- पशु सेवा तालिम केन्द्र जनकपुर	६५२	९८८	०	१६४०
३९	मधेश	३१३०११५०१२- खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	४५०८	१२३०	०	५७३८
४०	मधेश	३१३०२१५०१२- जलस्रोत तथा सिँचाइ विकास डिभिजन सप्तरी	२८९३	६८८	०	३५८१
४१	मधेश	३१३०२१८०१२- जलस्रोत तथा सिँचाइ विकास डिभिजन	०	३०८	०	३०८
४२	मधेश	३१३०२२००१२- जलस्रोत तथा सिँचाइ विकास डिभिजन	२५०१	१५७	०	२६५८
४३	मधेश	३१३०२२१०१२- जलस्रोत तथा सिँचाइ विकास डिभिजन बारा	९९४	१८७	०	११८१
४४	मधेश	३१३०३२२०१२- भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन	८	४८४	०	४९२
४५	मधेश	३२९०३१८०१२- डिभिजन वन कार्यालय	१७१२	७६१	०	२४७३
४६	मधेश	३२९०३२००१२- डिभिजन वन कार्यालय रौतहट	३३७५	३६८	०	३७४३
४७	मधेश	३२९०४१८०१२- भू तथा जलाधार व्यवस्थापन कार्यालय	३१५	५६	०	३७१
४८	मधेश	३२९०४२२०१२- भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्सा	१०७१	२२१९	०	३२९०
४९	मधेश	३३७०११९०१२- पूर्वाधार विकास कार्यालय सर्लाही	१२८	१९८७	०	२११५
५०	मधेश	३३७०१२००१२- बाँधार विकास कार्यालय रौतहट	७१६०	३४२७	०	१०५८७
५१	मधेश	३३७०२१७०१२- यातायात व्यवस्था कार्यालय धनुषा	०	३२५६	०	३२५६

(रु.हजारमा)

क्र.सं.	प्रदेश	मन्त्रालय/निकाय	गत वर्षसम्मको मौज्दात रु.	यो वर्षको आम्दानी रु.	यो वर्षको खर्च रु.	मौज्दात बाँकी रु.
५२	मधेश	३३७०३१८०२२-भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन महोत्तरी	१०४५	४८४	०	१५२९
५३	मधेश	३५००९२१०१२-शिक्षा विकास इकाइ बारा	२७७	०	०	२७७
५४	मधेश	३५००९२२०१२-सामाजिक विकास इकाई कार्यालय पर्सा	६२७	०	०	६२७
५५	मधेश	३५०१०१९०२२-बलरा पोलिटेक्निक इन्सिच्युट सर्लाही	९२	२९९	०	३९१
५६	मधेश	३७००४२१०२२-प्रदेश स्वास्थ्य तालिम केन्द्र बारा	६०१	४७२८	०	५३२९
५७	मधेश	३७००५१८०१२-प्रादेशिक अस्पताल जलेश्वर	११२५१	१५३३४	०	२६५८५
५८	मधेश	३७००५२२०१२-पोखरिया अस्पताल	०	४०३१	०	४०३१
५९	मधेश	३७१०११५०१२-यातायात व्यवस्था कार्यालय	३४४०	१११५	०	४५५५
६०	मधेश	३४३०११५०१२-सामाजिक विकास इकाई कार्यालय	८७७	०	०	८७७
६१	मधेश	३४०००१७०१२-महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय	७६६८२	३०७०	०	७९७५२
		जम्मा	**१३८७६२**	**५९९०३**	**०**	**१९८६६५**
६२	बागमती	३०५००३२०१३ - आर्थिक मामिला तथा योजना मन्त्रालय	६७५	२७१९	०	३३९४
६३	बागमती	३०५०१२३०१३ - प्रदेश लेखा इकाई कार्यालय	९२	०	०	९२
६४	बागमती	३०५०१२६०१३ - प्रदेश लेखा इकाई कार्यालय	९९१	३०६	०	१२९७
६५	बागमती	३०५०१२७०१३ - प्रदेश लेखा इकाई कार्यालय	१०२	१०६	०	२०८
६६	बागमती	३०५०१२९०१३ - प्रदेश लेखा इकाई कार्यालय	०	१७०	०	१७०
६७	बागमती	३०५०१३१०१३ - प्रदेश लेखा इकाई कार्यालय	०	२७१	०	२७१
६८	बागमती	३०७०१३२०३३- उद्योग तथा वाणिज्य कार्यालय	०	४८०	०	४८०
६९	बागमती	३१२००३११०३ - कृषि तालिम केन्द्र, भण्डारा, चितवन	०	४६७	०	४६७
७०	बागमती	३१२०१२६०४३ - कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक	२७०८	१९१	०	२८९९
७१	बागमती	३१२०१२९०३३ - बागवानी विकास केन्द्र, त्रिशुली	१९४४	११२३	०	३०६७
७२	बागमती	३१२०१३१०६३ - कृषि विकास कार्यालय, चितवन	२०	३०८	०	३२८
७३	बागमती	३१२०२३४०५३ - पशु सेवा कार्यालय	८६५	४२७१	०	५१३६
७४	बागमती	३१३०१२५०१३ - जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, सिन्धुली	७४	५६९	०	६४३
७५	बागमती	३१३०१२७०१३ - जलस्रोत तथा सिँचाइ विकास डिभिजन, सिन्धुपाल्चोक	३	१२१६	०	१२१९
७६	बागमती	३१३०१२९०१३ - जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, नुवाकोट	९७१	९९५	०	१९६६
७७	बागमती	३१३०१३५०१३ - जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, काठमाडौं	०	१५५६	०	१५५६
७८	बागमती	३१३०२२९०१३ - खानेपानी तथा सरसफाइ डिभिजन नं. ६	३६५७२	११६९०	०	४८२६२
७९	बागमती	३२९०१२५१४३-डिभिजन वन कार्यालय, मरिण सिन्धुली	०	१४८३	०	१४८३
८०	बागमती	३३७००२५०१३ - पूर्वाधार विकास कार्यालय, सिन्धुली	-१	१३९५	०	१३९४
८१	बागमती	३३७०१२६०१३ - पूर्वाधार विकास कार्यालय	१३८६	७९२	०	२१७८
८२	बागमती	३३७०१३२०३३ - पूर्वाधार विकास कार्यालय	५२२१	७२५	०	५९४६
८३	बागमती	३३७०४२५०२३ - सहरी विकास तथा भवन कार्यालय	९०	१७४	०	२६४
८४	बागमती	३३७०४३२०१३ - सहरी विकास तथा भवन कार्यालय	११३७	२०६६	०	३२०३
८५	बागमती	३३७९१३३०१३ - ग्रामीण सडक सञ्जाल सुधार आयोजना (RCIP-AF)	१८५०	७८	०	१९२८
८६	बागमती	३३६०४३५०१३-प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय काठमाडौं	०	३०३	०	३०३
८७	बागमती	३५०००२६०३३ - नेपाल बनेपा पोलिटेक्निक इन्स्टिच्यूट	७२१४	१५९२	०	८८०६
८८	बागमती	३५०००३१०३३ - दिवाकर स्मृति प्राविधिक शिक्षालय	४५३५	१४२५	०	५९६०
८९	बागमती	३५०००३२०१३ - सामाजिक विकास मन्त्रालय	१०७०	२५१६	०	३५८६
९०	बागमती	३५०००३२०७३ - थाहा पोलिटेक्निक इन्टिच्युट, मकवानपुर	१३५५	१६५	०	१५२०
९१	बागमती	३५००१२६०१३ - सामाजिक विकास कार्यालय	९२६	२०६४	०	२९९०
९२	बागमती	३५००१३००१३ - नीलकण्ठ बहुप्राविधिक शिक्षालय, खानिगाउ धादिङ	१२०४	५८०	०	१७८४
९३	बागमती	३५००१३४०२३ - सामाजिक विकास कार्यालय, भैसेपाटी, ललितपुर	०	१२९२	०	१२९२
९४	बागमती	३५०२०३२०१३ - बाग्मती प्रदेश विश्वविद्यालय	२१९	११८५	०	१४०४
९५	बागमती	३७००१३११६३- आयुर्वेद औषधी उत्पादन केन्द्र चितवन	२८६१	४६७	०	३३२८
९६	बागमती	३७००१३२१५३- हेटौंडा अस्पताल मकवानपुर	५००२	५६८	०	५५७०
९७	बागमती	२१६००३२०१३- मुख्य न्यायाधिवक्ताको कार्यालय	१४२९	६१८	०	२०४७
९८	बागमती	३७१००२६०१३ - यातायात व्यवस्था कार्यालय, काभ्रेपलाञ्चोक	१५८३	१०६८	०	२६५१
९९	बागमती	३७१००३१०२३ - यातायात व्यवस्था कार्यालय, भरतपुर, चितवन	२३६४	३८३०	०	६१९४
१००	बागमती	३७१००३३०२३ - यातायात व्यवस्था सेवा कार्यालय, सल्लाघारी, भक्तपुर	६६४	११४७	०	१८११
१०१	बागमती	३७१००३४०२३ - यातायात व्यवस्था कार्यालय, साना/ठुला सवारी, एकान्तकुना, ललितपुर	२१०४	१७३३	०	३८३७
		जम्मा	**८७२३०**	**५३७०४**	**०**	**१४०९३४**
१०२	गण्डकी	३०१००३९०१४- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	८४१३	१५७३	०	९९८६
१०३	गण्डकी	३०५०१३६०१४-प्रदेश लेखा इकाई कार्यालय गोरखा	७८	०	०	७८
१०४	गण्डकी	३०७०२४१०१४ - डिभिजन वन कार्यालय , मुस्ताङ्ग	८७४	१५३	०	१०२७
१०५	गण्डकी	३०७०२४२०१४ - डिभिजन वन कार्यालय, पर्वत	२७५	४२२	०	६९७
१०६	गण्डकी	३०७०२४४०१४ - डिभिजन वन कार्यालय , स्याङ्गजा	३९६	७१३	०	११०९

(रु.हजारमा)

क्र.सं.	प्रदेश	मन्त्रालय/निकाय	गत वर्षसम्मको मौज्दात रु.	यो वर्षको आम्दानी रु.	यो वर्षको खर्च रु.	मौज्दात बाँकी रु.
१०७	गण्डकी	३०७०२४४०१४-डिभिजन वन कार्यालय, म्यार्दी	२१	१३७५	०	१३९६
१०८	गण्डकी	३०७०३४२०१४-भू तथा जलाधार व्यवस्थापन कार्यालय, पर्वत	१०४९	२५३	०	१३०२
१०९	गण्डकी	३०७८१३७०१४-घरेलु तथा साना उद्योग कार्यालय, लमजुङ	१७२	११७	०	२८९
११०	गण्डकी	३१२०१३९०७४-कृषि ज्ञान केन्द्र कास्की	५११	१३९	०	६५०
१११	गण्डकी	३१२०१४००१४-कृषि ज्ञान केन्द्र, चामे	३३६	४५८	०	७९४
११२	गण्डकी	३१२०१४४०१४-कृषि ज्ञान केन्द्र, म्यार्दी	५६६	८३१	०	१३९७
११३	गण्डकी	३१२०२४६०१४-भेटेरीनरी अस्पताल तथा पशु विज्ञ सेवा केन्द्र	४०३	२९८३	०	३३८६
११४	गण्डकी	३२९०१३९०३४-डिभिजन वन कार्यालय, कास्की	२३	३२६	०	३४९
११५	गण्डकी	३३७०२४५०१४-यातायात व्यवस्था कार्यालय बागलुङ्ग	६	५१३	०	५१९
११६	गण्डकी	३३७०२४६०२४-यातायात व्यवस्था कार्यालय नवलपरासी	०	१७०८	०	१७०८
११७	गण्डकी	३४००३४००१४-खानेपानी, जलस्रोत तथा सिँचाइ विकास सब डिभिजन कार्यालय मनाङ्ग	१७५७	५२९	०	२२८६
११८	गण्डकी	३५०००३६०३४-बारपाक पोलिटेक्निक इष्टिच्यूट गोरखा	१६८६	१२३६	०	२९२२
११९	गण्डकी	३५०००३७०१४-ग्रामिण तालिम केन्द्र	०	४६	०	४६
१२०	गण्डकी	३५०००३८०१४-तनहुँ प्राविधिक शिक्षालय	१२८९	४७४	०	१७६३
१२१	गण्डकी	३५०००३९०३४-पोखरा प्राविधिक शिक्षालय	१२०	३८६७	०	३९८७
१२२	गण्डकी	३५०००३९०४४-प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, गण्डकी प्रदेश, प्रदेश कार्यालय	३९४५	८४०	०	४७८५
१२३	गण्डकी	३५०००४५०१४-धौलागिरी पोलिटेक्निक इन्स्टिच्युट	१०५८	९९८	०	२०५६
१२४	गण्डकी	३५००१३९०२४-रोजगार सूचना केन्द्र, पोखरा	५३	८२	०	१३५
१२५	गण्डकी	३५००८३७०१४-सामाजिक विकास कार्यालय, लमजुङ	१७४	११४	०	२८८
१२६	गण्डकी	३५००८३८०१४-सामाजिक विकास कार्यालय, तनहुँ	०	१६४	०	१६४
१२७	गण्डकी	३५००८४१०१४-सामाजिक विकास कार्यालय, मुस्ताङ	९४	१४०	०	२३४
१२८	गण्डकी	३५००८४५०१४-सामाजिक विकास कार्यालय, बागलुङ	०	१८४	०	१८४
१२९	गण्डकी	३७००१४००२४-प्रदेश आयुर्वेद चिकित्सालय मनाङ्ग	७६५	१०२३	०	१७८८
१३०	गण्डकी	३७००१४००३४-प्रदेश जनस्वास्थ्य कार्यालय मनाङ्ग	४३८	४७०	०	९०८
		जम्मा	**२४५०२**	**२१७३१**	**०**	**४६२३३**
१३१	लुम्बिनी	३०५०१४९०१५-प्रदेश लेखा इकाइ कार्यालय	१३९	६८	०	२०७
१३२	लुम्बिनी	३०५०१५००१५-प्रदेश लेखा इकाइ कार्यालय	०	८३	०	८३
१३३	लुम्बिनी	३०७००५६०१५-उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश	०	१८७५	०	१८७५
१३४	लुम्बिनी	३०७०१४८०२५-घरेलु तथा साना उद्योग कार्यालय	३	२५८९	०	२५९२
१३५	लुम्बिनी	३०७०१५१०२५-घरेलु तथा साना उद्योग कार्यालय, अर्घाखाँची	१९२	३७१	०	५६३
१३६	लुम्बिनी	३०७०१५५०१५-घरेलु तथा साना उद्योग कार्यालय, प्यूठान	९	६४४	०	६५३
१३७	लुम्बिनी	३०७०४४८०२५-यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र,बुटवल	०	१०४२	०	१०४२
१३८	लुम्बिनी	३०८००४९०१५-जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय	२	१९०	०	१९२
१३९	लुम्बिनी	३०८००५४०१५-जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, रोल्पा	०	४७०	०	४७०
१४०	लुम्बिनी	३०८००५६०४५-प्रदेश ऊर्जा कार्यालय	६८५	०	०	६८५
१४१	लुम्बिनी	३१२००५६०८५-सहकारी दर्ता अधिकारीको कार्यालय	९	१५६	०	१६५
१४२	लुम्बिनी	३१२०१५१०१५-कृषि ज्ञान केन्द्र	२	१८६९	०	१८७१
१४३	लुम्बिनी	३१२०१५७०१५-कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र	०	३४३	०	३४३
१४४	लुम्बिनी	३२९००५६०१५-वन तथा वातावरण मन्त्रालय	१३८४	१९१	०	१५७५
१४५	लुम्बिनी	३२९०१४८०२५-डिभिजन वन कार्यालय रुपन्देही	९१२	२१२	०	११२४
१४६	लुम्बिनी	३२९०१४९०१५-डिभिजन वन कार्यालय कपिलवस्तु	२०७७	१३०७	०	३३८४
१४७	लुम्बिनी	३२९०१५६०२५-डिभिजन वन कार्यालय दाङ्ग देउखुरी	१८९५	६७६	०	२५७१
१४८	लुम्बिनी	३२९०१५७०१५-डिभिजन वन कार्यालय बाँके नेपालगन्ज	१२९४	१६३३	०	२९२७
१४९	लुम्बिनी	३२९०१५८०१५-डिभिजन वन कार्यालय बर्दिया	०	४५१	०	४५१
१५०	लुम्बिनी	३२९०२४८०१५-वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र रुपन्देही	१४६	०	०	१४६
१५१	लुम्बिनी	३३७०१४८०२५-सडक पूर्वाधार विकास कार्यालय	२३७	१०७५	०	१३१२
१५२	लुम्बिनी	३४३००५६०२५-प्रदेश युवा परिषद् विकास समिति लुम्बिनी	३८०	१२५	०	५०५
१५३	लुम्बिनी	३४७०२५२०१५-खानेपानी तथा सरसफाई डिभिजन कार्यालय	४०३५४	११४११	०	५१७६५
१५४	लुम्बिनी	३५०००५२०२५-तुराङ्ग बहुप्राविधिक शिक्षालय रोल्पा	०	१०८	०	१०८
१५५	लुम्बिनी	३५०००५५०१५-सामाजिक विकास डिभिजन कार्यालय	४७	०	०	४७
१५६	लुम्बिनी	३५०००५६०४५-रासी प्राविधिक शिक्षालय दाङ्ग	१०५१२	४४२२	०	१४९३४
१५७	लुम्बिनी	३५०००५६०५५-सहिद कृष्णसेन बहुप्राविधिक शिक्षालय दाङ्ग	६९५	७२३१	०	७९२६
१५८	लुम्बिनी	३५००२४७०२५-पृथ्वीचन्द्र अस्पताल	२३६५२	२८३८५	०	५२०३७
१५९	लुम्बिनी	३७००२५५०३५-प्युठान आयुर्वेद स्वास्थ्य केन्द्र खलंगा	११४२	०	०	११४२
		जम्मा	**८५७६८**	**६६९२७**	**०**	**१५२६९५**
१६०	कर्णाली	२१०००६८०१६-प्रदेश लोक सेवा आयोग	१८५४	१०८९	०	२९४३
१६१	कर्णाली	३०५०१५९०१६-प्रदेश लेखा इकाई कार्यालय रुकुम	२०	२५७	०	२७७

(रु.हजारमा)

क्र.सं.	प्रदेश	मन्त्रालय/निकाय	गत वर्षसम्मको मौज्दात रु.	यो वर्षको आम्दानी रु.	यो वर्षको खर्च रु.	मौज्दात बाँकी रु.
१६२	कर्णाली	३०५०१६१०१६-प्रदेश लेखा इकाई कार्यालय डोल्पा	१०४५	५४८	०	१५९३
१६३	कर्णाली	३०५०१६२०१६-प्रदेश लेखा इकाई कार्यालय जुम्ला	१७७	०	०	१७७
१६४	कर्णाली	३०५०१६५०१६-प्रदेश लेखा इकाई कार्यालय कालिकोट	६५०	०	०	६५०
१६५	कर्णाली	३०५०१६६०१६-प्रदेश लेखा इकाई कार्यालय जाजरकोट	१५	५५९	०	५७४
१६६	कर्णाली	३०७०१६१०१६-उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय	१६०	७३	०	२३३
१६७	कर्णाली	३०७०१६३०१६-उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय	८	४७८	०	४८६
१६८	कर्णाली	३०७०२५९०१६-डिभिजन वन कार्यालय रुकुम	९६	१०००	०	१०९६
१६९	कर्णाली	३०७०२६४०१६-डिभिजन वन कार्यालय हुम्ला	१७५८	३०१	०	२०५९
१७०	कर्णाली	३०७०२६५०१६-डिभिजन वन कार्यालय कालिकोट	६२८	१४९	०	७७७
१७१	कर्णाली	३०७०२६८०३६-डिभिजन वन कार्यालय बाबियाचौर	०	७९६	०	७९६
१७२	कर्णाली	३०७०३६८०१६-वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र	५१	५८५	०	६३६
१७३	कर्णाली	३१२०१६४०३६-कृषि विकास कार्यालय	२२४	१८८२	०	२१०६
१७४	कर्णाली	३०८०१६१०१६-जलस्रोत तथा ऊर्जा विकास कार्यालय डोल्पा	३८	०	०	३८
१७५	कर्णाली	३३७०१६२०१६-पूर्वाधार विकास कार्यालय जुम्ला	३	२६९०	०	२६९३
१७६	कर्णाली	३३७०१६३०१६-पूर्वाधार विकास कार्यालय गमगढी	२६	१७९६	०	१८२२
१७७	कर्णाली	३३७०१६७०१६-पूर्वाधार विकास कार्यालय दैलेख	४५१	४४४	०	८९५
१७८	कर्णाली	३५०००६८०५६-प्रदेश खेलकुद परिषद् सुर्खेत	४४४९	०	०	४४४९
१७९	कर्णाली	३५००१६२०१६-सामाजिक विकास कार्यालय	९५	४८२	०	५७७
१८०	कर्णाली	३५००१६६०१६-सामाजिक विकास कार्यालय	-१०	६१८	०	६०८
१८१	कर्णाली	३५००२६१०२६-जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र डोल्पा	६६४	३४५९	०	४१२३
१८२	कर्णाली	३५००२६४०३६-जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र हुम्ला	३५७१	१३३७	०	४९०८
१८३	कर्णाली	३५०९१६८०१६-गुर्भाकोट बहुप्राविधिक शिक्षालय सुर्खेत	०	१३७	०	१३७
जम्मा			**१५९७३**	**१८६८०**	**०**	**३४६५३**
१८४	सुदूरपश्चिम	३०५०१६९०१७- प्रदेश लेखा इकाई कार्यालय बाजुरा	०	१९	०	१९
१८५	सुदूरपश्चिम	३०५०१७२०१७-प्रदेश लेखा इकाई कार्यालय अछाम	१०९	८५	०	१९४
१८६	सुदूरपश्चिम	३०५०१७३०१७- प्रदेश लेखा इकाई कार्यालय दार्चुला	३५	९५	०	१३०
१८७	सुदूरपश्चिम	३०५०१७५०१७- प्रदेश लेखा इकाई कार्यालय डडेल्धुरा	१०१	२९०	०	३९१
१८८	सुदूरपश्चिम	३०७००७१०१७- खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापना समिति	९४	२०	०	११४
१८९	सुदूरपश्चिम	३०७००७२०१७- रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति रामारोशन, अछाम	१	६९	०	७०
१९०	सुदूरपश्चिम	३०७००७७०१७- उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	१०१	१११३	०	१२१४
१९१	सुदूरपश्चिम	३०७०१७७०२७-घरेलु तथा साना उद्योग कार्यालय, कैलाली	१६७	५९९	०	७६६
१९२	सुदूरपश्चिम	३१२००७७०२७-रजिष्ट्रार अधिकारीको कार्यालय	१४	१२८	०	१४२
१९३	सुदूरपश्चिम	३१२०१७४०२७-कृषि ज्ञान केन्द्र, बैतडी	११०	१९५४	०	२०६४
१९४	सुदूरपश्चिम	३१२०२७७०४७-सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड	०	८८	०	८८
१९५	सुदूरपश्चिम	३३७०२७७०१७- यातायात व्यवस्था कार्यालय कैलाली	३७६	५०६०	०	५४३६
१९६	सुदूरपश्चिम	३३७०२७७०२७-यातायात व्यवस्था कार्यालय लम्की	०	६१५	०	६१५
१९७	सुदूरपश्चिम	३३७०३७७०३७-पथरिया मोहन सिँचाइ व्यवस्थापन कार्यालय कैलाली	१	१५३	०	१५४
१९८	सुदूरपश्चिम	३३७०४७१०१७-सहरी विकास तथा भवन कार्यालय डोटी	०	१५०	०	१५०
१९९	सुदूरपश्चिम	३३७०४७७०१७-सहरी विकास तथा भवन कार्यालय कैलाली	११	३४०	०	३५१
२००	सुदूरपश्चिम	३५०००७६०२७-शुक्लाफाँटा बहुप्राविधिक शिक्षालय, कन्चनपुर	२४७	६७९	०	९२६
२०१	सुदूरपश्चिम	३५०००७७०७७-सुदूरपश्चिम प्रदेश खेलकुद परिषद्	०	१६०	०	१६०
२०२	सुदूरपश्चिम	३५०००७७०८७-प्रदेश युवा परिषद, कैलाली	०	२३०	०	२३०
२०३	सुदूरपश्चिम	३५००१७३०२७-सामाजिक विकास कार्यालय	०	४१३	०	४१३
२०४	सुदूरपश्चिम	३५००१७४०२७-सामाजिक विकास कार्यालय बैतडी	०	५१२	०	५१२
२०५	सुदूरपश्चिम	३५००१७७०२७-सामाजिक विकास कार्यालय धनगढी	०	६१	०	६१
२०६	सुदूरपश्चिम	३५००२७४०१७-जिल्ला अस्पताल बैतडी	२९३०	३४८३०	०	३७७६०
२०७	सुदूरपश्चिम	३५००२७७०२७-टिकापुर अस्पताल कैलाली	९७४४	४७४०१	०	५७१४५
२०८	सुदूरपश्चिम	३९१००७७०१७-प्रदेश नीति तथा योजना आयोग कैलाली	५९७	१३२४	०	१९२१
जम्मा			**१४६३८**	**९६३८८**	**०**	**१११०२६**
कुल जम्मा			**५०१८९०**	**४६११५१**	**०**	**९६३०४१**

वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता

परिच्छेद-१
परिचय

१. **पृष्ठभूमि-** वैकल्पिक ऊर्जा विकास समिति गठन आदेश, २०५३ ले सौर्य ऊर्जा, वायु ऊर्जा, जैविक ऊर्जा, वायोजेनिक ग्यास, सल्फर स्प्रिङ्ग, बायोग्यासको साथै दश मेगावाटमा नबढाई मन्त्रालयले तोकेबमोजिमको क्षमतासम्मको जलविद्युत नवीकरणीय ऊर्जा तथा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेका अन्य ऊर्जाहरू समेतलाई वैकल्पिक ऊर्जाको रुपमा लिएको छ। नेपालमा समथर भू-भाग देखि उच्च हिमालसम्म विविध खालको भू- बनोट, कतिपय स्थानमा बसोबास छरिएको तथा पातलो रहेकोले राष्ट्रिय प्रसारणबाट विद्युत आपूर्ति गर्न कठिन हुनुको साथै ठूला विद्युत आयोजनाहरूमा लगानी जुटाई विद्युत उत्पादन गर्न धेरै समय लाग्ने, जैविक तथा खनिज इन्धनमा रहेको उच्च निर्भरतामा कमी ल्याई हरितगृह ग्यास उत्सर्जनमा कमी गर्न, दिगो विकासको लागि योगदान गर्न, क्षेत्रीय सन्तुलन कायम गर्न तथा आर्थिक गतिविधिहरू वृद्धि गर्न वैकल्पिक ऊर्जा क्षेत्रको विकासलाई महत्व दिएको पाइन्छ। सबैका लागि किफायती, विश्वसनीय दिगो एवं हरित ऊर्जा विकासमा विश्वका अधिकांश देशहरूले ध्यान दिँदै आएका छन्। नेपाल पक्ष राष्ट्र रहेको पेरिस सम्झौता, २०१५ मा दीर्घकालमा विश्वलाई कार्बन न्यूट्रल बनाउने र नवीकरणीय ऊर्जा, ऊर्जा दक्षता र स्वच्छ प्रविधिको प्रयोग बढाउने विषय उल्लेख छ। नेपालको संविधानमा राज्यका नीतिहरू अन्तर्गत नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिको लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने भनी उल्लेख गरेको छ। नेपालमा वैकल्पिक ऊर्जाको क्षेत्रमा कार्य गर्न छुट्टै स्वायत्त निकायको रूपमा वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको स्थापना भएको छ। साथै नेपाल विद्युत प्राधिकरणले समेत सौर्य ऊर्जामा कार्य गरिरहेको छ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)

- नीति तथा योजनाको कार्यान्वयन
- वैकल्पिक उर्जा उत्पादन अवस्था
- बजेट, प्रविधि र जनशक्ति उपयोग स्थिति
- वैकल्पिक उर्जाको योगदान
- अनुगमन मूल्याङ्कन व्यवस्थाको कार्यान्वयन

नेपालमा २०८२ को असार मसान्तसम्म विद्युत उत्पादन जडित क्षमता कुल ३६०२ मेगावाट रहेकोमा सोमध्ये नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रबाट उत्पादित जलविद्युत ३३३६ मेगावाट, विद्युत प्राधिकरण अन्तर्गत स्वतन्त्र ऊर्जा उत्पादक संस्थाहरूबाट सौर्य ऊर्जामा आधारित विद्युत ११७ मेगावाट, वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको योगदान ९० मेगावाट (माइक्रो/मिनि हाइड्रो- ४०.६५ मेगावाट र सौर्य ऊर्जा ४९.३५ मेगावाट), थर्मल पावरबाट ५३.४ मेगावाट र विभिन्न सुगर मिलबाट ६ मेगावाट रहेको छ। उल्लिखित तथ्याङ्कअनुसार कुल विद्युत उत्पादनमा वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको योगदान करिब २.५ प्रतिशत रहेको छ भने नेपाल विद्युत प्राधिकरणको सौर्य ऊर्जा समेत समावेश गर्दा वैकल्पिक ऊर्जाको हिस्सा ५.७५ प्रतिशत रहेको छ। २०८२ असार मसान्तसम्म कुल जनसंख्याको ८.५ प्रतिशत जनसंख्यामा वैकल्पिक ऊर्जाको पहुँच रहेको छ। यस्तो अवस्थामा वैकल्पिक ऊर्जाको क्षेत्रमा थप लगानी बढाई प्रभावकारी रुपमा कार्यक्रमहरू गर्न सकेमा नागरिकका आवश्यकता परिपूर्ति हुने गरी सुपथ र सुलभ मूल्यमा ऊर्जाको उपलब्धता हुन सक्ने देखिन्छ।

२. **संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था-** वैकल्पिक ऊर्जा सम्बन्धी संवैधानिक व्यवस्था तथा नीतिगत व्यवस्था निम्नानुसार रहेको छः

२.१. **संवैधानिक व्यवस्था-** नेपालको संविधानको धारा ५१ छ (३) मा राज्यका नीतिहरू अन्तर्गत नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिको लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने भनी उल्लेख गरेको देखिन्छ। त्यस्तै संविधानको अनुसूची -८ मा साना जलविद्युत आयोजना र वैकल्पिक ऊर्जा स्थानीय तहको अधिकार अन्तर्गत रहेको छ।

२.२. **कानुनी व्यवस्था-** वैकल्पिक ऊर्जा सम्बन्धी कानुनी व्यवस्था निम्नानुसार रहेको छः

- विकास समिति ऐन, २०१३
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र तत्सम्बन्धी नियमावली, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३ र तत्सम्बन्धी नियमावली, २०६४
- वातावरण संरक्षण ऐन, २०७६ र तत्सम्बन्धी नियमावली, २०७७
- केन्द्रीय नवीकरणीय ऊर्जा कोष (सञ्चालन) निर्देशिका, २०७१ (पहिलो संशोधन २०७८)
- कार्वन व्यापार नियमावली, २०८२

२.३. **नीतिगत व्यवस्था-** वैकल्पिक ऊर्जा सम्बन्धी नीतिगत व्यवस्थाहरू निम्नानुसार रहेका छनः

- ग्रामीण ऊर्जा नीति, २०६३
- दिगो विकास लक्ष्य (२०१६-२०३०)
- जैविक ऊर्जा रणनीति, २०७३
- राष्ट्रिय ऊर्जा दक्षता रणनीति, २०७५
- राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६
- वातावरण नीति, २०७६
- शून्य कार्बन उत्सर्जन सम्बन्धी दीर्घकालीन रणनीति, २०७८
- राष्ट्रिय अनुकुलन योजना, २०७८
- राष्ट्रिय नवीकरणीय ऊर्जा फ्रेमवर्क, २०७९
- नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८
- नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७९
- ग्रीन हाइड्रोजन नीति, २०८०
- ऊर्जा विकास मार्गचित्र, २०८१
- केन्द्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७५
- केन्द्रको वातावरणीय तथा सामाजिक सुरक्षण नीति, २०७५

२.४. **आवधिक योजना**

२.४.१. ***नेपालको १५ औं आवधिक योजनामा निम्नानुसार नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरेको देखिन्छः***

(क) उद्देश्यहरू

- राष्ट्रिय प्रसारण प्रणालीको पहुँच बाहिरका क्षेत्रमा समेत वातावरणमैत्री, दिगो, भरपर्दो, सर्वसुलभ, किफायती र गुणस्तरीय आधुनिक ऊर्जाको पहुँच वृद्धि गर्नु,
- ऊर्जाको दक्ष उपयोगबाट ऊर्जा खपत घनत्व घटाई उत्पादकत्व बढाउनु

(ख) प्रमुख रणनीति तथा कार्यक्रमहरू

- वैकल्पिक/नवीकरणीय ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्वपूर्ण अंशको रुपमा विकास र बहुउपयोग प्रवर्धन गर्ने,
- लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, जैविक ऊर्जा तथा वायु ऊर्जा जस्ता वैकल्पिक ऊर्जाको उपयोगको प्रवर्धन, विकास एवं विस्तार गरिनुको साथै उत्पादित विद्युतको उपयोग बढाउन विशेष कार्यक्रम सञ्चालन गरिने,
- स्थानीय तहको सहकार्यमा सौर्य प्रणाली प्रवर्धन गरीनुका साथै सौर्य/वायु मिश्रित मिनिग्रीड लगायतका प्रणाली प्रवर्धन गरिने,
- वैकल्पिक ऊर्जाबाट उत्पादित विद्युतलाई राष्ट्रिय विद्युत प्रसारण लाइनमा जोड्ने व्यवस्था गरिने साथै सौर्य रुफटप कार्यक्रमलाई प्राथमिकता दिइने,
- बायोग्यास तथा सुधारिएको चुलो, ग्यासीफायर, बायोब्रिकेट जस्ता किफायती जैविक ऊर्जा प्रविधि तथा विद्युतीय चुलो एवं अन्य उपकरणको प्रवर्धन एवं विस्तार गरिने,
- सौर्य तथा वायु ऊर्जा स्रोतको स्थलगत तथ्याङ्क सङ्कलन गरी सो को आधारमा प्रमाणीकरण गरी राष्ट्रिय ग्रीडमा समाहित गर्ने खालका सौर्य तथा वायु ऊर्जा प्रणालीको विकास गरिने,
- आधुनिक, भरपर्दो र पर्याप्त ऊर्जा सेवा उपलब्ध नभएका क्षेत्रसम्म वैकल्पिक ऊर्जाको पहुँच वृद्धि गर्ने,
- स्थानीय तहलाई वैकल्पिक ऊर्जाको उत्पादन एवं विकासका लागि क्षमता अभिवृद्धि एवं स्रोत परिचालन गर्न सहजीकरण गरिने,
- जैविक स्रोतको समुचित व्यवस्थापनबाट ऊर्जा उत्पादन गर्नका लागि स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय गरी आवश्यक प्रविधि र प्रणालीहरूको प्रवर्धन र विस्तार गरिने,
- वैकल्पिक ऊर्जा क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गरिने साथै बैङ्क तथा वित्तीय क्षेत्रबाट सहुलियत दरमा स्थिर कर्जा प्रवाह गरिने,
- केन्द्रीय नवीकरणीय ऊर्जा कोषलाई प्रभावकारी परिचालन गर्दै प्रदेश तथा स्थानीय ऊर्जा कोष स्थापना गर्ने व्यवस्था मिलाइने,
- वैकल्पिक ऊर्जा प्रवर्धनका लागि हरित जलवायु कोष तथा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी कोषहरूबाट स्रोत परिचालन गर्ने व्यवस्थाका लागि आवश्यक उपाय अवलम्बन गरी त्यससँग सम्बन्धीत कार्यक्रम तथा आयोजना सञ्चालन गरिने,
- कृषि तथा पशुपन्छी फार्म/सहकारी र उद्योगहरूसँगको सहकार्यमा सो क्षेत्रबाट उत्पादित जैविक पदार्थ/फोहोरको उपयोग गरी ठूला क्षमताका बायोग्यास प्लान्ट प्रवर्धनको लागि कार्यक्रम सञ्चालन गरिने,
- ऊर्जा उत्पादन र प्रयोग सम्बन्धी उपकरणहरूको गुणस्तर मापन गर्ने पद्धतिलाई सुदृढ गरिने।

२.४.२ नेपालमा हाल कार्यान्वयनमा रहेको १६ औं आवधिक योजनामा निम्नानुसार नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरेको देखिन्छः

(क) रुपान्तरणकारी रणनीतिहरू

- विद्युत उत्पादन, प्रसारण, उपयोग र व्यापारका लागि दिगो पूर्वाधार विकास गर्ने।
- हरित ऊर्जाको प्रवर्धन गर्ने।
- जलस्रोतको बहुउपयोग गर्ने।

- जलस्रोतको उपयोगमा नवीनतम प्रविधि तथा दिगो व्यवस्थापन गर्ने।
- सौर्य र वायु ऊर्जा जस्ता नवीकरणीय ऊर्जा प्रोत्साहन गर्ने।

(ख) प्रमुख कार्यक्रमहरू

- ऊर्जा क्षेत्रको विकास र विस्तारको लागि सरकारी लगानीमा कृषि, निजीक्षेत्रसँग सहकार्य तथा आन्तरिक तथा वैदेशिक लगानी प्रवर्धन,
- अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच अभिवृद्धि,
- कुल ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अंश वृद्धि,
- जलवायु वित्त परिचालन मार्फत् नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी कार्यक्रम सञ्चालन,
- विद्युत सेवा नपुगेका स्थानमा वैकल्पिक ऊर्जा उपलब्धता,
- नवीन प्रविधिको उपयोग, फोहोरबाट ऊर्जा उत्पादन,
- खाली जग्गामा सौर्य ऊर्जा उत्पादनमा प्रोत्साहन,
- वायु र हाइड्रोजन लगायत ऊर्जा उत्पादन,
- जैविक ऊर्जा स्रोतलाई प्रदुषणरहित ऊर्जा स्रोतद्वारा प्रतिस्थापन,

२.५. **दिगो विकासको लक्ष्य-** दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) मा उल्लिखित १७ लक्ष्यहरू मध्ये लक्ष्य -७ मा सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने उल्लेख छ भने लक्ष्य-१३ जलवायु परिवर्तन सम्बन्धी रहेको छ। सोही लक्ष्य अन्तर्गत सन् २०३० सम्ममा विद्युत पहुँच ९९ प्रतिशत पुऱ्याउने, दाउरा लगायत प्रयोग गरी खाना पकाउने घरपरिवार ३० प्रतिशतमा झार्ने, कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा सन् २०३० सम्ममा ५० प्रतिशत पुऱ्याउने शुरू लक्ष्य भएतापनि राष्ट्रिय योजना आयोगले यसलाई पुनरावलोकन गरी ३० प्रतिशत कायम गरेको देखिन्छ।

२.६. **वार्षिक नीति तथा कार्यक्रम-** नेपाल विगत ३ वर्षको वार्षिक नीति तथा कार्यक्रम/बजेट वक्तव्यमा वैकल्पिक ऊर्जा सम्बन्धमा समावेश भएका विषयहरू निम्नानुसार छनः

<u>आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यमा समावेश भएका विषयहरू -</u>

- राष्ट्रिय प्रसारण लाइन नपुगेको र विद्युतीकरण गर्न बाँकी दुर्गम क्षेत्रका २५ हजार घरधुरीमा प्रदेश सरकार तथा स्थानीय तहसँगको सहकार्यमा लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा जस्ता नवीकरणीय ऊर्जा प्रविधिको अधिकतम उपयोग गरी विद्युत सेवा उपलब्ध गराइने।
- स्थानीय तह र प्रदेश सरकारले साना तथा लघु जलविद्युत आयोजना निर्माण गरेमा यस्ता आयोजनाको कुल लागतको कम्तीमा २५ प्रतिशत रकम सङ्घीय सरकारबाट ऋण लगानी गर्ने व्यवस्था गरिने।
- एल.पि. ग्यास छोडौं, बिजुली जोडौं भन्ने अभियान सञ्चालन गरिने। खाना पकाउने इन्धनको रुपमा प्रयोग हुने दाउरा, गुइठा र एल.पि. ग्यासलाई प्रतिस्थापन गर्न वायोग्यास, विद्युतीय चुलो, सुधारिएको चुलो तथा अन्य उपयुक्त आधुनिक एवं किफायती प्रविधिको व्यापक रुपमा प्रवर्धन गरी करिब १ लाख घरधुरीमा खाना पकाउने स्वच्छ ऊर्जाको पहुँच पुऱ्याइने।

<u>आर्थिक वर्ष २०८०।८१ को बजेट वक्तव्यमा समावेश भएका विषयहरू -</u>

- आगामी दुइवर्ष भित्र शतप्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुऱ्याउने गरी राष्ट्रिय प्रसारण लाइन नपुगेका दुर्गम क्षेत्रका घरधुरीमा लघु तथा साना जलविद्युत र सौर्य तथा वायु जस्ता नवीकरणीय

ऊर्जा प्रविधिको विस्तार गरिनेछ। आयातित इन्धनको परिमाणलाई उल्लेख्य रुपमा घटाउने गरी प्रति व्यक्ति विद्युत खपत वृद्धि गरी ४५० किलोवाट घण्टा पुऱ्याइने।

- सन २०४५ भित्र खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न परम्परागत ऊर्जा एवं आयातित इन्धनलाई निरुत्साहित गरी हरित ऊर्जा उपयोग र प्रवर्धनलाई जोड दिइनेछ। वायोग्यास, वायो डिजेल, इथानोल, सौर्य ऊर्जा, विद्युतीय चुलो, सुधारिएको चुलो लगायतका स्वच्छ एवं किफायती प्रविधिको प्रवर्धन गरी स्वच्छ ऊर्जा प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिनेछ। वैकल्पिक ऊर्जा प्रवर्धनका लागि रु.१ अर्ब ७४ करोड विनियोजन गरेको।
- आन्तरिक तथा अन्तरदेशिय प्रसारण लाइन र वितरण प्रणाली सुधार तथा विस्तारका लागि रु.३८ अर्ब ३२ करोड विनियोजन गरेको। त्यस्तै, विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गरी निजी क्षेत्र समेतको लगानीमा चार्जिङ्ग स्टेशनहरूको विस्तार गरिने।

<u>आर्थिक वर्ष २०८१।८२ को बजेट वक्तव्यमा समावेश भएका विषयहरू -</u>

- सन २०४५ भित्र खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्न जीवाश्म ऊर्जालाई स्वच्छ एवं नवीकरणीय ऊर्जाले क्रमशः विस्थापन गरिने। ऊर्जा उत्पादनलाई विविधिकरण गर्न निजी क्षेत्रबाट १ सय मेगावाट सौर्य विद्युत जडान गर्ने व्यवस्था मिलाइने। हरित हाइड्रोजन प्रवर्धन गर्न अनुसन्धान र विकासका लागि आवश्यक बजेट विनियोजन गरेको।
- आगामी आर्थिक वर्ष ९ सय मेगावाट थप गरी राष्ट्रिय प्रणालीको विद्युत क्षमता ४ हजार ५ सय मेगावाट पुर्याइनेछ। विद्युत प्रसारण लाइन निर्माण र वितरण कार्यमा निजी क्षेत्र समेत सहभागी हुने गरी कानुनी प्रबन्ध गरिने। जलाशययुक्त जलविद्युत आयोजनामा बाँध र विद्युत गृह छुट्टाछुट्टै प्रवर्धकबाट निर्माण गर्ने गरी निजी क्षेत्रलाई लगानी गर्न आकर्षित गरिने।
- ऊर्जा क्षेत्रको विकासको लागि रु.५० अर्ब ७४ करोड विनियोजन गरेको।

३. संगठनात्मक/संस्थागत व्यवस्था

३.१. **निकायको परिचय-** वैकल्पिक ऊर्जा र नवीकरणीय ऊर्जा प्रविधिको प्रचार प्रसार, प्रवर्धन तथा विकास गरी ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याउने, वातावरणको संरक्षण गर्ने तथा वैकल्पिक ऊर्जा सम्बन्धी उद्योगधन्दाको दिगो विकास गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०५३ कार्तिक १३ मा तत्कालिन वातावरण, विज्ञान तथ प्रविधि मन्त्रालय अन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको स्थापना भएको हो। यो केन्द्र हाल ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय अन्तर्गत काठमाडौंको ताहाचलमा रहेको छ। नेपालमा वैकल्पिक ऊर्जाको विभिन्न स्रोतहरू भएतापनि तिनीहरूको समुचित उपयोग हुन नसकेको तथा भौगोलिक विकटताका कारण भौतिक विकास हुन नसकेको स्थितिमा ग्रामीण क्षेत्रमा बसोवास गर्ने मानिसहरूको लागि वैकल्पिक ऊर्जा प्रविधिको माध्यमबाट आर्थिक सुधार ल्याउने उद्देश्य केन्द्रको रहेको छ। त्यसै गरी केन्द्रका अन्य उद्देश्यहरूमा नेपाल सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त स्रोत साधनको आधारमा वैकल्पिक ऊर्जा तथा ऊर्जा दक्षता विकास कार्यक्रमहरू प्रदेश र स्थानीय तहसम्म प्रभावकारी कार्यान्वयन गर्ने गराउने, वैकल्पिक ऊर्जा तथा नवीकरणीय ऊर्जाका सम्बन्धमा फोकल एजेन्सीको रुपमा कार्य गर्ने, वैकल्पिक उर्जा प्रविधिको प्रवर्धन, विकास र विस्तारको लागि नेपाल सरकार विदेशी सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट आवश्यक ऋण, अनुदान तथा सहयोग प्राप्त गर्ने, नवीकरणीय ऊर्जा सम्बन्धी जलवायु परिवर्तन तथा कार्वन उत्सर्जन न्यूनीकरण सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने, ऊर्जा दक्षता सम्बन्धी कार्यहरू गर्ने आदि रहेका छन्।

३.२. **निकायको संगठनात्मक संरचना र जनशक्ति-** वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको प्रशासनिक तथा व्यवस्थापन कार्यहरू सञ्चालन गर्न ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रीको अध्यक्षतामा नेपाल सरकार तथा निजी क्षेत्रको प्रतिनिधि सहित ११ सदस्यीय समिति रहने व्यवस्था छ। समिति अन्तर्गत आर्थिक तथा प्रशासनिक कार्य सञ्चालनको लागि कार्यकारी निर्देशकको नेतृत्वमा प्रशासन महाशाखा, योजना तथा अनुगमन महाशाखा, प्रविधि प्रवर्धन महाशाखा र केन्द्रीय नवीकरणीय ऊर्जा कोष रहेको छ। हाल केन्द्र अन्तर्गत स्थायी दरबन्दी तर्फ ४६, पुल दरबन्दीमा २, अस्थायी/करार दरबन्दी तर्फ ३८ र विभिन्न आयोजना अन्तर्गत ४३ जना र स्वच्छ चुलो कार्यक्रम अन्तर्गत ४३ सामाजिक परिचालक समेत कुल १७२ जना कार्यरत रहेका छन्।

४. **कार्यक्रम प्रगति-** वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको प्रगति प्रतिवेदन, २०८१।८२ अनुसार प्रविधि प्रवर्धनमा आर्थिक वर्ष २०८१।८२ को प्रगति स्थिति निम्नानुसार रहेको छः

क्र.सं	कार्यक्रम	एकाइ	२०८१।८२ को लक्ष्य	२०८१।८२ को उपलब्धी	प्रगति प्रतिशत
१	सामुदायिक तथा संस्थागत बायोग्यास प्लान्ट	संख्या	१०	९	९०
२	घरायसी बायोग्यास जडान	संख्या	५०००	४३८६	८८
३	लघु जलविद्युत जडानबाट विद्युतीकरण	किलोवाट	५००	०	०
४	विद्युतीकरण नभएको क्षेत्रमा घरायसी सौर्य प्रणाली जडान	संख्या	५०००	४१४२	८३
५	सौर्य खानेपानी तथा सिँचाइ आयोजना	संख्या	२००	५७	२९
६	सौर्य रुफटप प्रणाली जडान	किलोवाट	३२००	५९२५	१८५
७	सुधारिएको चुलो तेस्रो तह र रकेट चुलो	संख्या	४०००	३२०	८
८	कार्बन र जलवायु परिवर्तन गतिविधि	संख्या	४	३	७५

५. **वित्तीय व्यवस्था-** केन्द्रीय नवीकरणीय ऊर्जा कोष र कार्य सञ्चालन कोष बाहेक केन्द्रलाई नेपाल सरकारबाट प्राप्त सङ्घीय बजेट तर्फको विगत ५ वर्षको बजेट तथा खर्च स्थिति निम्नानुसार छः

(रु.हजारमा)

आर्थिक वर्ष	आय (रु हजारमा)				व्यय	व्यय प्रतिशत
	नेपाल सरकार अनुदान	वैदेशिक अनुदान	वैदेशिक ऋण	जम्मा आय		
२०७७/७८	२,१८,११,००	१,०७,७५,००	१७,००,००	३,४२,८६,००	२,०४,९१,५४	६०
२०७८/७९	१,९६,६३,००	६९,१०,००	९,५०,००	२,७५,२३,००	२,३२,२२,१२	८४
२०७९/८०	१,६५,५३,००	१,०५,००,००	१५,००,००	२,८५,५३,००	१,८०,६७,९१	६३.२७
२०८०/८१	९६,३१,००	७०,१२,४०	१०,००,००	१,७६,४३,४०	१,४०,७२,४७	७९.७६
२०८१/८२	९३,०२,४२	१,४२,००,००	१०,००,००	२,४५,०२,४२	१,४२,८६,६३	५८.३
जम्मा	**७,६९,६०,४२**	**४,९३,९७,४०**	**६१,५०,००**	**१३,२५,०७,८२**	**९,०१,४०,६७**	**६८**

६. **लेखापरीक्षणको औचित्य-** नेपालको संविधानको धारा ५१ छ (३) मा राज्यका नीतिहरू अन्तर्गत नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिको लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने उल्लेख छ। आवधिक योजनाहरूले वैकल्पिक ऊर्जा सम्बन्धी रणनीति तथा कार्यक्रमहरू निर्धारण गरी सो अनुरुप कार्य हुँदै आइरहेको छ। दिगो विकास लक्ष्य, २०३० को लक्ष्य -७ मा सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने उल्लेख छ। विगत देखिनै नीतिगत प्राथमिकतामा परेको, मुलुकको आर्थिक बिषयसँग जोडिएको महत्वको बिषय भएकोले कार्यमूलक लेखापरीक्षणका लागि छनौट गरिएको हो।

परिच्छेद -२
लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति र सीमा

७. **लेखापरीक्षणको उद्देश्य** - वैकल्पिक ऊर्जा प्रवर्धनसँग सम्बन्धित नीति तथा योजना बमोजिम कार्यक्रम कार्यान्वयन भए नभएको, वैकल्पिक ऊर्जाको उत्पादन अवस्था तथा परम्परागत ऊर्जाको विस्थापन साथै वैकल्पिक ऊर्जाले समाजमा पुऱ्याएको योगदानको मूल्याङ्कन एवं विश्लेषण गर्नु यस लेखापरीक्षणको उद्देश्य रहेको छ।

८. **लेखापरीक्षणको क्षेत्र** –वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको कार्यक्षेत्रमा पर्ने सौर्य ऊर्जा, लघु तथा साना जलविद्युत, वायु ऊर्जा, बायोग्यास, र नेपाल विद्युत प्राधिकरणबाट उत्पादन हुने सौर्य ऊर्जालाई लेखापरीक्षणमा समेट्ने प्रयास गरिएको छ। अध्ययनको लागि उपलब्ध भएसम्म विगत ५ वर्षको सूचना तथा तथ्याङ्क लिई विश्लेषण गरिएको छ।

९. **लेखापरीक्षणको पद्धति** - लेखापरीक्षणका लागि समस्यामूलक तथा नतिजामूलक दुवै पद्धतिको अवलम्बन गरिएको छ। वैकल्पिक ऊर्जासँग सम्बन्धीत वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र, प्रकाशित प्रतिवेदनहरू, उपलब्ध भएसम्मका लेख, रचनाहरूको सङ्कलन गरी अध्ययन गरिएको छ। वैकल्पिक ऊर्जा सम्बन्धमा विभिन्न निकायले (अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सी, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण आदि) प्रकाशन गरेका प्रतिवेदन एवं सूचकाङ्कहरूको विश्लेषण गरिएको छ। सम्बन्धित पदाधिकारीहरूसँग छलफल तथा अन्तरक्रियाको साथै वैकल्पिक ऊर्जाको उपयोग र प्रभाव सम्बन्धमा नमूना को रूपमा छनोट गरिएका (लघुजलविद्युत तर्फ ५०, घरायसी बायोग्यास तर्फ ११५ र सौर्य प्रविधि तर्फ ३५ गरी २००) लाभग्राहीहरूसँग विभिन्न प्रश्नावली मार्फत सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ।

१०. **लेखापरीक्षणको सीमा**- प्राप्त सूचना, अभिलेख, विवरण, प्रश्नावली तथा माध्यामिक स्रोतबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, तथ्याङ्कको अपर्याप्तता, विवरणको विश्लेषण क्षमता, समय, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, लेखापरीक्षणको लागि उपलब्ध साधन स्रोत आदि लेखापरीक्षणका सीमा रहेका छन्।

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएका बेहोरा

वैकल्पिक ऊर्जा प्रवर्धनको उपयोग र प्रभावकारिता सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार रहेका छनः

सकारात्मक पक्षहरू

ग्रामीण ऊर्जा नीति, २०६३, जैविक ऊर्जा रणनीति, २०७३ लगायतका नीति तथा रणनीतिहरू तर्जुमा भई कार्यान्वयनमा आएको छ। यो वर्षसम्ममा नेपालको कुल विद्युत उत्पादन जडित क्षमतामा वैकल्पिक ऊर्जाको योगदान करिब ५.७५ प्रतिशत पुगेको, ४ लाख ५६ हजार घरयासी बायोग्यास र १० लाख घरधुरीमा घरायसी सौर्य विद्युत प्रणाली, १ लाख ५६ हजार घरधुरीमा सुधारिएको फलामे चुलो जडान, ८२ हजार विद्युतीय चुलो वितरण, ४ हजार सौर्य खानेपानी तथा सिँचाइ प्रणाली, ४ हजार संस्थागत सौर्य ऊर्जा प्रणाली र ३७८ संस्थागत तथा व्यापारिक बायोग्यास प्लाण्ट जडान भएको छ। केन्द्रले अन्तर्राष्ट्रिय बजारमा आयोजना दर्ता गरी कार्बन न्यूनीकरण बापत यो वर्षसम्म रु.४ अर्ब १६ करोड ९ लाख आम्दानी गरेको छ। सौर्य खानेपानी तथा सिँचाइ जस्ता कार्यक्रमहरूले वैकल्पिक ऊर्जाको प्रयोगमा विविधिकरण भई उत्पादन वृद्धि तथा जीविकोपार्जन सुधारमा योगदान पुऱ्याउनुको साथै केन्द्रले ऊर्जा दक्षता, गुणस्तर निर्धारण तथा अनुगमन मूल्याङ्कन जस्ता क्षेत्रमा पनि कार्य गरिरहेको छ।

सुधार गर्नुपर्ने पक्षहरू

११. **ऊर्जा नीति कार्यान्वयन**- ग्रामीण ऊर्जा नीति, २०६३ ले व्यवस्था गरेकोमध्ये जिल्ला ऊर्जा कोष तथा गाउँ ऊर्जा कोष स्थापना, वायु ऊर्जाका नयाँ आयोजना निर्माण, पेट्रोलियम पदार्थको आयात एवं बिक्री वितरणबाट प्राप्त हरित कर ग्रामीण ऊर्जा विकासमा प्रयोग हुने गरी कार्यक्रम तर्जुमा र कार्यान्वयन हुन बाँकी रहेको, स्थानीयस्तरमा ग्रामीण ऊर्जा विकास आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यमा स्थानीय निकायको नेतृत्वदायी भूमिका अभिवृद्धि हुन नसकेको, ग्रामीण ऊर्जा विकासको लागि क्षमता अभिवृद्धि कार्यक्रमहरूलाई शैक्षिक संस्थाहरूको कार्यक्रमसँग आबद्ध गरी सीपमूलक तालिम प्रदान गर्ने कार्यक्रम प्रभावकारी हुन नसकेको, निजी क्षेत्र एवं गैरसरकारी क्षेत्रको संलग्नतामा नयाँ प्रविधि विकास वा आविष्कार लगायतका कार्य हुन सकेको छैन। नेपालले २०७५-८५ को अवधिलाई ऊर्जा तथा जलस्रोत दशकको रुपमा लिएको ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको भावी मार्गचित्र-२०७५ मा ७५३ स्थानीय तहलाई हरेकले १०० देखि ५०० किलोवाटसम्मको सौर्य विद्युत जडान गर्न सङ्घीय सरकारले ५० प्रतिशत लागत बेहोरी कार्यक्रम सञ्चालन गर्ने र २०० मेगावाटसम्म सौर्य विद्युत उत्पादन गर्ने उल्लेख भएकोमा सो अनुरूप कार्यक्रम कार्यान्वयन हुन सकेको छैन, शून्य कार्बन उत्सर्जनसम्बन्धी दीर्घकालीन रणनीति-२०७८ मा उल्लेख भएको परिवर्तनीय नवीकरणीय ऊर्जाको एकीकरण तथा ग्रीड लचकतासम्बन्धी नीति तयार गर्ने उल्लेख गरेतापनि हालसम्म नीति तयार नभएको र सोही रणनीतिले उद्योगहरूमा तापीय प्रक्रियाका लागि हाइड्रोजन जस्ता इन्धनको प्रयोग गर्ने उल्लेख गर्नुको साथै ग्रीन हाइड्रोजन नीति, २०८० जारी भए तापनि हालसम्म हाइड्रोजन र यसको सहउत्पादनको उपयोग र भण्डारण हुन सकेको छैन।

ऊर्जा नीति पूर्ण कार्यान्वयन नहुनुमा समय सापेक्ष नीति परिमार्जन नहुनु, सङ्घीय संरचना अनुरूप ऊर्जा क्षेत्रको तहगत अधिकार र सीमा बमोजिम आयोजना कार्यान्वयन नहुनु, नीति आवधिक योजना र बजेटबिच प्रभावकारी तालमेल नहुनु र बजेटमा उल्लिखित कार्यक्रमहरूको पूर्ण कार्यान्वयन नहुनु लगायतका कारण रहेका छन्। सङ्घ मातहत रहेको वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रलाई स- साना आयोजना

कार्यान्वयन गर्ने एकाइको रुपमा नभई नवीकरणीय ऊर्जाको क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने, अन्तर्राष्ट्रिय जलवायु वित्त परिचालन गर्ने, कार्बन व्यापार वृद्धि गर्ने, नयाँ प्रविधिमा अनुसन्धानमूलक नतिजा दिन सक्ने उत्कृष्ट केन्द्रको रुपमा अगाडि बढाउने गरी समय सापेक्ष नयाँ ऊर्जा नीति र सो बमोजिम कार्यक्रम तर्जुमा तथा कार्यान्वयन हुनुपर्दछ।

१२. **आवधिक योजनाको उपलब्धी-** पन्ध्रौं योजनाले उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नती हुने आधार निर्माण गर्ने राष्ट्रिय लक्ष्य निर्धारण गरी समृद्धिको लागि स्वच्छ ऊर्जाको उत्पादन र उपभोगलाई राष्ट्रिय सूचक निर्धारण गरेको छ। नवीकरणीय ऊर्जा क्षेत्रमा योजनाको अन्तिम वर्ष २०८०।८१ सम्ममा हासिल गर्ने गरी लिइएको लक्ष्य तथा प्रगति निम्नानुसार रहेको छः

क्र.सं	सूचक	एकाइ	योजनाको अन्तिम वर्षसम्मको लक्ष्य	२०८१।८२ सम्मको प्रगति	प्रगति प्रतिशत
१	जलविद्युत (जडित क्षमता)	मेगावाट	५०००	३३३६	६६.७२
२	वैकल्पिक ऊर्जा (निजी क्षेत्र प्रवर्धित सौर्य ऊर्जा समेत)	मेगावाट	७६६.६	२०७	२७
३	सुधारिएको फलामे चुलो	संख्या	५,८६,०००	१,५६,५३१	२६.७१
४	विद्युतीय चुलो	संख्या	५,८६,०००	८२,४८५	१४.०८
५	संस्थागत, शहरी तथा व्यवसायिक बायोग्यास जडान	संख्या	२,४९३	३७८	१५.१६

(स्रोतः राष्ट्रिय योजना आयोग र वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र)

उल्लिखित तथ्याङ्कमा केन्द्र बाहेक प्रदेश सरकार र स्थानीय तहले आफ्नै तवरले वितरण गरेको विद्युतीय चुलोको संख्या समावेश छैन। सो बाहेकका अन्य सूचकहरूमा योजनाले लिएको अन्तिम वर्ष पश्चातको एक वर्ष पछि पनि लक्ष्यअनुरूप प्रगति न्यून रहेको देखिन्छ। योजनाले लिएको लक्ष्यअनुरूप प्रगति हासिल गर्ने गरी बजेट विनियोजन गर्ने र कार्यसम्पादन स्तरमा थप तीव्रता दिनुपर्दछ।

१३. **योजना र बजेट -** पन्ध्रौं आवधिक योजनामा लघु तथा साना जलविद्युत कार्यक्रममा रु.२ अर्ब ६० करोड, सौर्य ऊर्जा कार्यक्रममा रु.१२ अर्ब ७० करोड, जैविक ऊर्जा कार्यक्रममा रु.१० अर्ब र मुस्ताङ्लगायतका क्षेत्रमा १० मेगावाट वायु ऊर्जा उत्पादन गर्न रु.२ अर्बसमेत कुल रु.२७ अर्ब ३० करोड लागत अनुमानका आयोजनाहरू कार्यान्वयन गर्ने उल्लेख भए तापनि सो अनुरूप वार्षिक नीति तथा कार्यक्रम बनाई बजेट विनियोजन हुन सकेको देखिएन। वैकल्पिक ऊर्जा प्रबर्धन केन्द्र र नवीकरणीय ऊर्जा कोषका लागि सोही योजना अवधिमा सरकार र दातृ निकायको सहयोगसमेत रु.१४ अर्ब ५ करोड ९ लाख विनियोजन भएकोमा रु.९ अर्ब ४२ करोड ७८ लाख खर्च भएको देखिन्छ। आवधिक योजनाअनुरूप वार्षिक बजेट विनियोजन र बजेट कार्यान्वयनबिच सामञ्जस्यता हुन नसकेको कारण आवधिक योजनाले लिएको लक्ष्य पूर्णरूपमा हासिल हुन नसकी प्रगति न्यून भएको छ। योजना र बजेटबिचको अन्तर कम गर्न सम्भाव्यता अध्ययन पश्चातका आयोजनाहरू मात्र योजनामा समावेश गरी लक्ष्य तोक्ने र आवधिक योजनासँग वार्षिक बजेट तथा कार्यक्रमलाई पूर्ण रुपमा आवद्ध गर्ने गरी बजेट विनियोजन तथा कार्यान्वयन दक्षतामा सुधार गर्नुपर्दछ।

१४. **दिगो विकास लक्ष्य कार्यान्वयन-** दिगो विकास लक्ष्यले विकासका अन्य आयामसँगै ऊर्जा पक्षलाई समेत प्रमुखताका साथ महत्व दिएको छ। नेपालको सन्दर्भमा लक्ष्य नं ७ ऊर्जासँग सम्बन्धित रहेको छ। उक्त लक्ष्य अन्तर्गत ऊर्जासँग सम्बन्धित सूचक र प्राप्त उपलब्धी निम्नानुसार रहेको छः

सूचक	सन् २०१५ को यथार्थ	सन् २०३० को लक्ष्य	पुनरावलकोन गरिएको लक्ष्य	सन् २०२५ जुलाई १६ सम्मको उपलब्धी
विद्युत पहुँच जनसंख्या (प्रतिशत)	७४	९९	-	९९

पकाउनको लागि परम्परागत ऊर्जा प्रयोग गर्ने घरधुरी संख्या (प्रतिशत)	७४.७	३०	-	५८.५९
प्रति व्यक्ति विद्युत उपभोग (किलोवाट)	८०	१५००	७५०	४६५
कुल अन्तिम ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको हिस्सा (प्रतिशत)	११.९	५०	३०	१७.४९
कुल जडित क्षमता जलविद्युत (मेगावाट)	७८२	१५०००	९२४५	३३३६

(स्रोतः राष्ट्रिय योजना आयोग र आर्थिक सर्वेक्षण)

दिगो विकास लक्ष्य अन्तर्गत सन् २०३० सम्ममा हासिल गर्ने लक्ष्यहरूमध्ये विद्युत पहुँच जनसँख्या सन् २०३० सम्ममा ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा सो लक्ष्य हासिल भएको छ। प्रति व्यक्ति विद्युत उपभोगको लक्ष्य १ हजार ५०० युनिट पुनरावलकोन गरी ७५० युनिट कायम गरेकोमा २०८२ असार मसान्तसम्ममा उपलब्धि ४६५ युनिट, अन्तिम ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको हिस्सा ५० प्रतिशत पुऱ्याउने लक्ष्य पुनरावलकोन गरी ३० प्रतिशत कायम गरिएकोमा १७.४९ प्रतिशत र जलविद्युत तर्फ कुल जडित क्षमता १५ हजार मेगावाटको शुरू लक्ष्य पुनरावलकोन गरी ९ हजार २४५ मेगावाट कायम गरिएकोमा ३ हजार ३३६ मेगावाट उपलब्धि हासिल भएको छ। दीर्घकालीन लक्ष्यका सूचक निर्धारण गर्दा पर्याप्त तथ्याङ्कीय आधारमा विश्लेषण नगरेकोले पुनरावलोकन गर्दा समेत निर्धारित लक्ष्य हासिल गर्न चुनौतिपूर्ण देखिन्छ। उपयुक्त ऊर्जा मिश्रणको छनोट, लगानी व्यवस्थापन र चुस्त आयोजना व्यवस्थापन मार्फत ऊर्जा उत्पादनमा थप तीव्रता दिनुपर्दछ।

१५. **बजेट कार्यान्वयन स्थिति-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६(२) मा बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समीक्षा गरी प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। केन्द्रीय नवीकरणीय ऊर्जा कोष र कार्य सञ्चालन कोष बाहेक केन्द्रलाई नेपाल सरकारबाट विगत ५ वर्षमा प्राप्त सङ्घीय बजेट तथा खर्च स्थिति निम्नानुसार छः

(रु.हजारमा)

आर्थिक वर्ष	आय				व्यय	व्यय प्रतिशत
	नेपाल सरकार अनुदान	वैदेशिक अनुदान	वैदेशिक ऋण	जम्मा आय		
२०७७/७८	२,१८,११,००	१,०७,७५,००	१७,००,००	३,४२,८६,००	२,०४,९१,५४	६०.००
२०७८/७९	१,९६,६३,००	६९,१०,००	९,५०,००	२,७५,२३,००	२,३२,२२,१२	८४.००
२०७९/८०	१,६५,५३,००	१,०५,००,००	१५,००,००	२,८५,५३,००	१,८०,६७,९१	६३.२७
२०८०/८१	९६,३१,००	७०,१२,४०	१०,००,००	१,७६,४३,४०	१,४०,७२,४७	७९.७६
२०८१/८२	९३,०२,४२	१,४२,००,००	१०,००,००	२,४५,०२,४२	१,४२,८६,६३	५८.३०
जम्मा	**७,६९,६०,४२**	**४,९३,९७,४०**	**६१,५०,००**	**१३,२५,०७,८२**	**९,०१,४०,६७**	**६८.००**

नेपाल सरकारबाट विगत ५ वर्षमा केन्द्रलाई रु.१३ अर्ब २५ करोड ७ लाख ८२ हजार बजेट प्राप्त भएकोमा रु.९ अर्ब १ करोड ४० लाख ६७ हजार (६८ प्रतिशत) बजेट खर्च भएको छ। तथ्यमा आधारित योजना छनोट नहुनु, प्रभावकारी खरिद एवं ठेक्का व्यवस्थापन नहुनु, स्थानीय तह तथा उपभोक्ताबाट बेहोर्नुपर्ने लागत साझेदारीको अंश समयमै सुनिश्चित हुन नसक्नु लगायतका कारणले विनियोजित बजेटबमोजिम खर्च हुन सकेको देखिएन। केन्द्रले नीति तर्जुमा तथा योजना छनोटमा लाभग्राही समेतको सहभागितामूलक पद्धतीको अवलम्बन र स्थानीय तथा प्रदेश सरकारसँगको प्रभावकारी समन्वयको माध्यमबाट आयोजना व्यवस्थापनमा सुधार गरी उपलब्ध बजेट कार्यान्वयन गर्नुपर्दछ।

१६. **ऊर्जा मिश्रण र विद्युत उत्पादन अवस्था-** दिगो विकास लक्ष्य (२०१६-२०३०) मा उल्लिखित १७ लक्ष्यहरू मध्ये लक्ष्य ७ मा सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने उल्लेख छ। यसको लागि नवीकरणीय ऊर्जा स्रोतबाट विद्युत उत्पादन महत्वपूर्ण हुन्छ। सन् २०००

देखि सन् २०२४ सम्ममा विश्वव्यापी रुपमा र नेपालमा विभिन्न ऊर्जा प्रयोग गरी भएको विद्युत उत्पादन अवस्था निम्नानुसार रहेको छः

ऊर्जाको प्रकार	विश्व (जडित क्षमता मेगावाट)		सन् २०२४ मा हिस्सा प्रतिशत	नेपाल (जडित क्षमता मेगावाट)		सन् २०२४ मा हिस्सा प्रतिशत
	सन् २००० मा	सन् २०२४ मा		सन् २००० मा	सन् २०२४ मा	
जियोथर्मल	८,२७२.७०	१५,४११.६१	०.१६	०	०	०
मरिन पावर	२३८.२५	४९३.६९	०.००५	०	०	०
बायोइनर्जी	३१,१०८.१८	१,५१,२६४.०७	१.५७	६.६	७.११	०.२
हाइड्रोपावर	७,०६,५८१.५४	१२,७६,६२२.३८	१३.२८	२५८.९७	३,२९६.०७	९३.४१
सौर्य ऊर्जा	१,२२०.१४	१८,६६,३०६.४३	१९.४२	०.०३	१६६	४.७
वायु ऊर्जा	१६,९६०.९३	११,३२,६५६.९१	११.७९	०	०.१५३	०.००४
पम्प्ड स्टोरेज	८०,८३८.५५	१,५०,०७४.२९	१.५६	०	०	०
जैविक इन्धन	२२,६२,८८०.५९	४५,४८,३३५.३७	४७.३३	५३.४	५३.४	१.६९
आणविक ऊर्जा	३,५८,४६१.५	४,००,३०८.४९	४.१७	०	०	
अन्य गैर नवीकरणीय	५,७२४.१६	६८,३२६.८२	०.७२	०	०	
जम्मा	**३४,६४,०१३.८३**	**९६,०९,८००.०७**	**१००**	**३१९**	**३,५२८.७३**	**१००**

स्रोत- अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सी र वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र

उल्लिखित तालिकाअनुसार सन् २००० मा विश्वव्यापी रुपमा कुल ३४ लाख ६४ हजार १३ मेगावाट विद्युत उत्पादन जडित क्षमता रहेकोमा नेपालमा ३१९ मेगावाट र सन् २०२४ मा विश्वव्यापी उत्पादन ९६ लाख ९ हजार ८०० मेगावाट रहेकोमा नेपालमा ३ हजार ५२८ मेगावाट रहेको छ। सन् २००० मा विश्वव्यापी विद्युत उत्पादनमा नेपालको हिस्सा ०.००९२ प्रतिशत रहेकोमा सन् २०२४ मा त्यस्तो हिस्सा ०.०३७ प्रतिशत पुगेको देखिन्छ। नेपालमा विद्युत उत्पादनमा मुख्यतः जलविद्युतको प्रमुख भूमिका रहेको छ। विश्वव्यापी रुपमा ऊर्जा मिश्रणमा भएको विविधता जस्तो नेपालमा सम्भावना रहेका सौर्य ऊर्जा, वायु ऊर्जा, जियो थर्मल, आणविक ऊर्जा आदी को उपयोग गरी लाभ लिन सकेको देखिँदैन। भरपर्दो ऊर्जा सुरक्षाको लागि जलविद्युतसँगै लागत सम्भाव्यताका आधारमा अन्य प्रकारका वैकल्पिक ऊर्जा उत्पादन र उपयोगमा ध्यान दिनुपर्दछ।

१७. **नवीकरणीय ऊर्जा र विद्युत उत्पादन-** नेपालको संविधानमा राज्यका नीतिहरू अन्तर्गत धारा ५१ छ (३) मा नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिको लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने उल्लेख छ। सन् २००० देखि सन् २०२४ सम्मको अवधिमा जलविद्युत सहित नवीकरणीय ऊर्जाबाट विद्युत उत्पादन अवस्था सार्क देशहरू, चीन, अमेरिका र विश्वको तुलनात्मक स्थिति निम्नानुसार रहेको छः

क्र.सं	विवरण	एकाइ	विद्युत जडित क्षमता सन् २०००	विद्युत जडित क्षमता सन् २०२४	वृद्धी प्रतिशत	सन २०२४ को कुल विद्युत उत्पादनमा नवीकरणीय ऊर्जाको योगदान प्रतिशत	सन् २०२४ मा विश्व व्यापी कुल नवीकरणीय विद्युत उत्पादनमा हिस्सा प्रतिशत
१	**नेपाल**	**मेगावाट**	**२६५.६**	**३,४७५.३३**	**१२०८**	**९८.४९**	**०.०७८**
२	अफगानिस्तान	मेगावाट	१९१.५	५२२.७९	१७३	६५.३९	०.०१२
३	बंगलादेश	मेगावाट	२७०	१,१८४.३	३३९	३.९८	०.०२७
४	भुटान	मेगावाट	३४४.३५	२,४५६.३१	६१३	९९.६६	०.०५५

५	भारत	मेगावाट	२४,९९८.९	२,०४,४८४.६२	७१८	३८.३०	४.६०
६	माल्दिभ्स	मेगावाट	०	७०.१६	७०	११.६९	०.००२
७	पाकिस्तान	मेगावाट	५,१७५.८९	१७,५२५.३२	२३९	३४.८३	०.३९
८	श्रीलंका	मेगावाट	१,१५६.७९	३,६१२.२३	२१२	६३.२०	०.०८१
९	**चीन**	**मेगावाट**	**७५,८५१.५२**	**१८,१७,९५६.०१**	**२२९७**	**५४.२७**	**४०.९२**
१०	**अमेरिका**	**मेगावाट**	**९६,२५७.५**	**४,२७,८८५.७**	**३४५**	**३३.४७**	**९.६३**
११	**विश्व**	**मेगावाट**	**७,६४,३८२**	**४४,४२,७५५**	**४८१**	**४६.२३**	**१००**

स्रोत- अन्तर्राष्ट्रिय नवीकरणीय ऊर्जा एजेन्सी

नवीकरणीय ऊर्जाबाट विद्युत उत्पादनमा सार्क देशहरू मध्ये सन् २००० को तुलनामा सन् २०२४ मा नेपालको वृद्धि प्रतिशत उल्लेखनिय रहेको छ। नेपालको कुल विद्युत उत्पादनमा करिब ९८ प्रतिशत नवीकरणीय स्रोतको भूमिका रहेको छ। विश्वव्यापी रुपमा नवीकरणीय स्रोतबाट भएको कुल विद्युत उत्पादनमा सार्क देशहरूमध्ये भारत, पाकिस्तान र श्रीलङ्का पछि चौथो स्थानमा नेपाल रहेको भए तापनि कुल विद्युत उत्पादनमा नवीकरणीय ऊर्जा प्रयोग गर्ने देशमा दोस्रो स्थानमा रहेको छ।

नेपालको ऊर्जा क्षेत्रमा निजी र सरकारी क्षेत्रबाट पर्याप्त लगानी परिचालन गर्न नसक्नुले पनि विश्वव्यापी रुपमा नेपालको स्थिति कमजोर रहन गएको देखिन्छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार गरेको ऊर्जा मार्गचित्र, २०८१ अनुसार सन् २०३५ सम्ममा कुल २८ हजार ५०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य भए तापनि सञ्चालनमा रहेका २ हजार ५०० मेगावाटका आयोजना बाहेक बाँकी २६ हजार मेगावाटको लागि अमेरिकी डलर ५० अर्ब लागत लाग्ने र सो लागत मध्ये अमेरिकी डलर करिब ३९.७ अर्ब लगानी जुटाउन बाँकी रहेको औल्याएको छ। निर्धारित अवधिमा सो अनुरूप लगानी जुटाई विद्युत उत्पादन गर्ने कार्य चुनौतिपूर्ण देखिन्छ। नेपालको विद्युत उत्पादन मुख्यतः जलविद्युतमा केन्द्रीत रहेको अवस्थामा लागत सम्भाव्यताका आधारमा उपयुक्त ऊर्जा मिश्रणमा लगानी जुटाई समग्र ऊर्जा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

१८. **वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको योगदान-** ग्रामीण ऊर्जा नीति, २०६३ ले ग्रामीण क्षेत्रमा स्वच्छ र किफायती ऊर्जाको पहुँच पुऱ्याई परम्परागत ऊर्जा माथिको निर्भरतामा कमि ल्याई वातावरणको संरक्षण गर्ने लक्ष्य लिएको छ। नेपालमा आर्थिक वर्ष २०७७।७८ देखि २०८१।८२ सम्मको ५ वर्ष अवधिमा कुल विद्युत जडित क्षमता र त्यसमा वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको योगदान निम्नानुसार रहेको छः

(ऊर्जा एकाइ मेगावाटमा)



(स्रोतः विभिन्न आर्थिक वर्षका आर्थिक सर्वेक्षणहरू)

आर्थिक वर्ष २०७७।७८ को कुल विद्युत उत्पादन जडित क्षमता १ हजार ४५७.४ मेगावाटमा वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको योगदान ४.९४ प्रतिशत रहेकोमा २०८१।८२ मा २.५ प्रतिशत रहेको छ। विद्युत उत्पादनमा वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रको योगदान घट्दो रुपमा रहेको देखिन्छ।

नेपालमा कुल वैकल्पिक ऊर्जाबाट उत्पादित विद्युतमा वायु ऊर्जाको हिस्सा ०.०७ प्रतिशत रहेको छ। नेपालमा वैकल्पिक ऊर्जा मध्ये मुख्यतः लघुजलविद्युत र सौर्यबाट विद्युत उत्पादन भएकोमा लघुजलविद्युतबाट यो वर्षसम्म ४०.६५ मेगावाट र सौर्य ऊर्जाबाट १६६.१९७ मेगावाट विद्युत उत्पादन रहेको देखिन्छ। सौर्य ऊर्जा वाहेक वायु ऊर्जा, जैविक ऊर्जा, सल्फर स्प्रिङ् लगायतमा अध्ययन अनुसन्धान गरी ऊर्जा विविधिकरण हुन नसक्दा कुल ऊर्जामा वैकल्पिक ऊर्जाको योगदान न्यून देखिएको छ। जलऊर्जामा मात्र निर्भर हुँदा जलस्रोत सम्बन्धी विपद आईपरेमा ऊर्जा क्षेत्रमा नै सङ्कट उत्पन्न हुन सक्ने सम्भावना रहेकोले भौगोलिक तथा पूर्वाधारको अवस्था, वायु वेगको सही मापन, सौर्य ऊर्जाका ठूला प्लाण्ट सञ्चालनको सम्भाव्यता एकिन गरी साथै लागत लाभ विश्लेषणको आधारमा लगानी र आयोजनाको चुस्त व्यवस्थापन बाट कुल विद्युत उत्पादनमा वैकल्पिक ऊर्जाको योगदानमा अभिवृद्धि गर्नुपर्दछ।

१९. **ऊर्जा खपत-** नेपाल सरकारले सम्वत् २०७८ सालमा जारी गरेको शून्य कार्बन उत्सर्जन सम्बन्धी दीर्घकालीन रणनीतिमा सन् २०४५ सम्ममा नेट जिरो कार्बन उत्सर्जन गर्ने लक्ष्य लिएको छ। सो लक्ष्य हासिल गर्न नवीकरणीय ऊर्जाको उत्पादन र सोको प्रयोग महत्वपूर्ण हुन्छ। विगत ५ वर्षमा नेपालको कुल ऊर्जा खपतमा परम्परागत ऊर्जा, पेट्रोलियम पदार्थ र नवीकरणीय ऊर्जाको हिस्सा निम्नानुसार रहेको छः

आर्थिक वर्ष	कुल उर्जा खपत (Toe-000)	परम्परागत उर्जाको हिस्सा	पेट्रोलियम पदार्थको हिस्सा	नवीकरणीय उर्जाको हिस्सा	अन्य ऊर्जा
२०७६।७७	१४४६५	६६.३२	२०.०१	२.४३	११.२४
२०७७।७८	१४९२८	६६.३३	१७.८१	२.०६	१३.८
२०७८।७९	१५१३०	६५.६२	१८.७६	२.३७	१३.२५
२०७९।८०	१२७१६	६३.८७	१९.४२	३.१	१३.६१
२०८०।८१	१२६००	५८.५९	२१.७१	३.४३	१६.२७

(स्रोतः आर्थिक सर्वेक्षण २०८१।८२)

आर्थिक वर्ष २०७६।७७ मा कुल ऊर्जा खपतमध्ये परम्परागत ऊर्जाको हिस्सा ६६.३२ प्रतिशत, पेट्रोलियम पदार्थको हिस्सा २०.०१ प्रतिशत र विद्युत बाहेक नवीकरणीय ऊर्जाको हिस्सा २.४३ प्रतिशत रहेकोमा २०८०।८१ मा त्यस्तो हिस्सा क्रमशः ५८.५९, २१.७१ र ३.४३ प्रतिशत रहेको देखिन्छ।

जल तथा ऊर्जा आयोगको सचिवालयले प्रकाशित गरेको इनर्जी सेक्टर सिनोप्सिस रिपोर्ट, २०२४ मा नेपालमा कुल ऊर्जा खपतको ६०.७५ प्रतिशत आवासिय क्षेत्रमा, २०.९१ प्रतिशत औधोगिक क्षेत्रमा, ५.०४ प्रतिशत वाणिज्य क्षेत्रमा, ०.९५ प्रतिशत कृषि क्षेत्रमा, १०.४३ प्रतिशत यातायात क्षेत्रमा र १.९२ प्रतिशत निर्माण तथा खानी क्षेत्रमा खपत हुने गरेको उल्लेख छ। लेखापरीक्षणको सिलसिलामा घरायसी बायोग्यास, सौर्य प्रविधि र लघुजलविद्युत प्रयोग गर्ने २०० लाभग्राहीहरूमा गरिएको सर्वेक्षणमा ६२ प्रतिशतले वैकल्पिक ऊर्जाको प्रयोग आयमूलक कार्यमा नगरेको, २८.५ प्रतिशतले आंशिक प्रयोग गरेको र ९.५ प्रतिशतले पूर्ण रुपमा प्रयोग गरेको उल्लेख गरेका छन्। यसबाट वैकल्पिक ऊर्जा आयआर्जन तथा उत्पादनमूलक क्षेत्रमा न्यून प्रयोग भएको देखिन्छ। सर्वेक्षणमा सहभागीमध्ये १६ प्रतिशतले वैकल्पिक ऊर्जाको प्रयोगले परम्परागत इन्धनको प्रयोगमा पूर्ण रुपमा कमी आएको, ७०.५ प्रतिशतले आंशिक कमी आएको र १३.५ प्रतिशतले कुनै पनि कमी नआएको उल्लेख गरेका छन्।

परम्परागत ऊर्जा प्रयोग गर्ने जनसमुदायमा पर्याप्त सचेतनाको कमी हुनुको साथै वैकल्पिक ऊर्जा प्रविधिहरूको दिगोपना तथा पूर्णरुपमा ऊर्जा माग सम्बोधन हुन नसकेको लगायतका कारणले परम्परागत ऊर्जाको उपयोगमा केही कमी आएपनि पेट्रोलियम पदार्थको आयातमा कमी ल्याउन उल्लेखनीय भूमिका निर्वाह गर्न सकेको देखिएन। पेट्रोलियम पदार्थको अधिक प्रयोग हुने औद्योगिक तथा यातायात

क्षेत्रमा नवीकरणीय ऊर्जाको प्रयोगलाई विस्तार गर्ने, स्थानीय तहसँगको समन्वयमा गैर नवीकरणीय ऊर्जा प्रयोग गर्ने जनसमुदाय लक्षित सचेतनामूलक कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गर्नुको साथै प्रत्येक घरपरिवारको ऊर्जा माग सम्बोधन गर्न सक्ने गरी ऊर्जा प्रविधिमा दक्षता वृद्धि गर्नुपर्दछ।

२०. **कार्बन आय-** वातावरण संरक्षण ऐन, २०७६ को दफा २८ मा नेपाल सरकारले कार्बन उत्सर्जन न्यूनीकरण र सञ्चितीकरणको लागि अन्तर्राष्ट्रिय सन्धिबाट स्थापित संयन्त्र, विदेशी सरकार वा संस्था, व्यावसायिक निकाय वा निजी क्षेत्रसँग हुने कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था छ। केन्द्रबाट प्राप्त विवरण अनुसार हालसम्म घरायसी बायोग्यास, सुधारिएको पानी मिल र लघु तथा साना जलविद्युततर्फका ८ आयोजना कार्बन बिक्रीको लागि दर्ता भएकोमा सन् २००७ देखि २०२५ सम्ममा ६६ लाख ८८ हजार टन कार्बन न्यूनीकरण बापत रु.४ अर्ब १६ करोड १० लाख आय प्राप्त गरेकोमा २०८१।८२ मा त्यस्तो आय रु.९ करोड ४९ लाख ६० हजार रहेको छ।

केन्द्रले क्योटो प्रोटोकल अन्तर्गतको स्वच्छ विकास संयन्त्रमा आयोजना दर्ता गरी कार्बन आय गर्ने गरेकोमा सन् २०२३ मा उक्त संयन्त्र बन्दपश्चात अन्तर्राष्ट्रिय बजारमा कार्बन बिक्रीको लागि आयोजना गोल्ड स्ट्याण्डर्डमा दर्ता गर्ने गरेको छ। केन्द्रबाट सञ्चालित सौर्य प्रविधि, विद्युतीय चुलो, सुधारिएको चुलो जस्ता आयोजना/प्रविधिहरूले कार्बन न्यूनिकरणमा भूमिका खेलेको भए तापनि सो प्रविधिहरू समयमै प्रमाणीकरण तथा दर्ता गरी कार्बन आय आर्जन हुन सकेको छैन। कार्बन न्यूनीकरणमा भूमिका खेलेका सौर्य प्रविधि, विद्युतीय चुलो जस्ता थप अन्य ऊर्जा प्रविधिकोसमेत कार्बन व्यापारको लागि आयोजना दर्ता गरी आय प्राप्त गर्नुपर्दछ।

२१. **वैदेशिक सहायता परिचालन-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ज) मा सरकारी रकम खर्च गर्दा कार्यक्रमअनुसार निर्धारित समयभित्र प्रगति भएको, कामको गुणस्तर र परिमाणसमेत सन्तोषजनक भएको सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। प्राप्त विवरणअनुसार केन्द्र अन्तर्गत वैदेशिक ऋण तथा अनुदानमा सञ्चालित **अनुसूची-१** मा उल्लिखित ८ आयोजनाहरूमा वैदेशिक ऋण र अनुदानसमेत रु.७ अर्ब ९२ करोड ४७ लाख ३३ हजारको सम्झौता भएकोमा ऋण ६.८३ प्रतिशत र अनुदान ९३.१७ प्रतिशत रहेको छ। यो वर्षसम्म रु.३ अर्ब ५४ करोड २२ लाख २० हजार खर्च भएकोमध्ये अनुदानतर्फ ४४.८७ र ऋण तर्फ ४२.२९ प्रतिशत रहेको छ। १४ डिसेम्बर २०२३ मा शुरू भएको खाद्य सुरक्षाको लागि लक्षित नवीकरणीय ऊर्जा कार्यक्रममा करिब ६८ प्रतिशत र स्वच्छ चुलो कार्यक्रममा १० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ। कार्यक्रम कार्यान्वयन हुन सक्ने गरी आयोजना छनौट गर्ने, दातासँग शोधभर्ना रकम समयमै लिने, दातृ निकायसँगको सम्झौतानुसार नेपाल सरकारले बेहोर्नुपर्ने समकक्षी कोषको सुनिश्चित गर्ने र सङ्घ, प्रदेश तथा स्थानीय तहसँगको समन्वय थप प्रभावकारी बनाई लक्ष्यअनुसार कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

२२. **घरायसी बायोग्यास-** ग्रामीण ऊर्जा नीति, २०६३ मा घरायसी जैविक ग्यास उत्पादन प्रविधिको लागत कम गर्न, दक्षता वृद्धि गर्न तथा उच्च पहाडी क्षेत्रमासमेत यसलाई प्रवर्धन गर्न आवश्यक अध्ययन अनुसन्धानमा जोड दिइने र गोबर गुइँठा बाल्ने प्रवृत्तिलाई निरुत्साहित गरिने उल्लेख छ। केन्द्रले २०८१ मा गरेको उपभोक्ता सर्वेक्षणको तथ्याङ्कअनुसार ऊर्जा प्रविधि पुरानो हुँदै जानु, ऊर्जा छनोटको विकल्प उपलब्ध हुनु, कृषि तथा पशुपालन पेशामा परिवर्तन हुनु, बँसाईसराइ लगायतका कारणले हालसम्म २ देखि ८ घनमिटर क्षमताका घरायसी बायोग्यास ४ लाख ५६ हजार ७६६ मध्ये ९ देखि १८ प्रतिशतसम्म बन्द भएको उल्लेख गरेकोमा न्यूनतम ९ प्रतिशतलाई आधार मान्दा ४१ हजार १०९ संख्यामा घरायसी बायोग्यास बन्द रहेको देखिन्छ।

लेखापरीक्षणको क्रममा गरिएको सर्वेक्षणमा सहभागी २०० लाभग्राहीमध्ये ५२ प्रतिशले जडित ऊर्जा प्रविधि पूर्ण रुपमा सञ्चालन भएको, ३६ प्रतिशतले आंशिक सञ्चालन भएको र १२ प्रतिशतले

सञ्चालनमै नरहेको उल्लेख गरेका छन्। वैकल्पिक ऊर्जा प्रविधि प्रयोग गर्ने लाभग्राहीहरूमध्ये ४० प्रतिशतले ऊर्जा आवश्यकता पूर्ण रूपमा पुरा भएको, ४४.५ प्रतिशतले आंशिक पुरा भएको र १५.५ प्रतिशतले पुरा नभएको उल्लेख गरेका छन्। यसबाट बन्द रहेको र आंशिक सञ्चालन गरी ४८ प्रतिशत प्रविधिहरूले पूर्ण रुपमा ऊर्जा उत्पादन गर्न सकेको देखिँदैन। तसर्थ ऊर्जा प्रविधिहरू बन्द हुँदा सरकार र निजी क्षेत्र दुवैको लगानी जोखिममा पर्ने मात्र नभई यसबाट स्वच्छ ऊर्जा उत्पादनमा कमी भई दिगो विकास लक्ष्यमासमेत असर पर्ने देखिएको छ। उपर्युक्त कारण पहिचान गरी घरायसी बायोग्यास उपयोगलाई प्रभावकारी बनाउनुपर्दछ।

२३. **सौर्य सिँचाइ आयोजना-** ग्रामीण ऊर्जा नीति, २०६३ मा सौर्य ऊर्जालाई सिँचाइ, स्वास्थ्य, शिक्षा तथा खानेपानी जस्ता क्षेत्रहरूसँग आबद्ध गरी सामूदायिक तथा संस्थागत रुपमा सञ्चालन गरिने उल्लेख छ। केन्द्रबाट विगत ५ वर्षमा सञ्चालित सौर्य प्रविधिमा आधारित सिँचाइ प्रणालीको अवस्था निम्नानुसार रहेको छः

(रकम रु. हजारमा)

आर्थिक वर्ष	सम्पन्न आयोजनामा भएको खर्च	सिञ्चित क्षेत्र विस्तार (हेक्टर)	लाभग्राही (परिवार) संख्या	(प्रति हेक्टर) सिँचाइ लागत (सिभिल संरचना बाहेक)	प्रति परिवार सिँचाइ खर्च
२०७७/७८	२०,९५,५९	१०६४.५	५२४	१९६।८६१	३९९.९२
२०७८/७९	२५,१७,३२	१२७९।९	६३०	१९६।६८१	३९९.५७
२०७९/८०	१४,५१,१६	४२८।६	२११	३३८।५८१	६८७.७५
२०८०/८१	१३,६२,४३	४५७।१	२२५	२९८।०५९	६०५.५२
२०८१/८२	३२,१५,८९	१२४३।३	६१२	२५८।६५७	५२५.४७
जम्मा	**१,०६,४२,४०**	**४४७३।४**	**२२०१**	**२३७।९०४**	**४८३.५३**

(स्रोतः वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र)

केन्द्रले २०७७।७८ देखि २०८१।८२ सम्ममा सौर्य प्रविधिमा आधारित सिँचाइ प्रणालीको लागि सिभिल संरचना बाहेक प्रति हेक्टर औसत लागत रु.२ लाख ३८ हजारमा रु.१ अर्ब ६ करोड ४२ लाख ४० हजार खर्च गरी ४ हजार ४७३ हेक्टर सिँचित क्षेत्र बिस्तार गरेको छ। सो अवधिमा २ हजार २०१ घरपरिवार लाभान्वित भएका छन्। प्रति परिवार औसत लागत खर्च रु.४ लाख ८३ हजार रहेको छ। सो खर्चमा सिभिल संरचना तर्फकोसमेत लगानी जोड्दा सिँचाइ प्रणालीको औषत लागत खर्च बढ्न जाने देखिन्छ। घरपरिवारमा आधारित स-साना सिँचाइ प्रणालीको रुपमा आयोजना कार्यान्वयन गर्दा लागत नियन्त्रणमा कठिनाई भई आयोजना लागत बढ्न सक्ने देखिएकोले सामुदायिक तथा संस्थागत रुपमा सञ्चालन हुने गरी ठूला सौर्य प्लान्टमा आधारित आयोजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

२४. **संस्थागत सौर्य ऊर्जा प्रणाली (आइएसपिएस)-** ग्रामीण ऊर्जा नीति, २०६३ मा सौर्य ऊर्जालाई खाद्य वस्तु सुकाउने, पकाउने, तताउने लगायत सञ्चार प्रणालीसँग आबद्ध गरी यसको विकासलाई प्रोत्साहन गरिने उल्लेख छ। केन्द्रले स सानो कारोबार गर्ने संस्थालाई लक्षित गरी केही कम्प्युटर तथा प्रिन्टर तथा मेशिन तथा उपकरणहरू सञ्चालन हुन सक्ने गरी संस्थागत ऊर्जा प्रणाली सम्बन्धी आयोजनाहरू सञ्चालन गर्ने गरेको छ। त्यस्ता प्रकृतिका आयोजनामा प्रति इकाइ लागत र आयोजना संख्या स्थिति निम्नानुसार रहेको छः

सोलार आइएसपिएस तर्फ	आर्थिक वर्ष				
	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
प्रति एकाइ लागत					
१ किलोवाट पिक	२,९०,०४५	२९८,४०६	३,१०,७१०	३,१८,७११	३,११,९३९
२ किलोवाट पिक	४,७९,१४२	४,८४,९६५	४,९०,५२६	४,९९,२०६	४,९९,३९३
आयोजना संख्या	**५९८**	**१,००९**	**२०४**	**३११**	**२०८**

(स्रोतः वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र)

संस्थागत सौर्य ऊर्जामा केन्द्रले विगत ५ वर्षमा औसत लागत प्रति किलोवाट रु.३ लाख ४ हजारमा २ हजार ३३० आयोजनाको लागि कुल रु.७० करोड ९० लाख ५ हजार खर्च गरेको छ। केन्द्रले सम्बन्धीत संस्थाको कम्प्युटर, प्रिन्टर लगायतको खर्चलाई ४० प्रतिशत हिस्सा मानी बाँकी ६० प्रतिशत अनुदान तोकिएको दर ननाघ्ने गरी सम्बन्धीत कम्पनीलाई भुक्तानी दिने गरेको छ। सम्पन्न भएका आयोजनाहरूको सञ्चालन र उपयोगिता स्थिति सम्बन्धमा केन्द्रले अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिँदैन। केन्द्रले स-साना संस्थाहरू सञ्चालन प्रयोजनार्थ यस्ता कार्यक्रम सञ्चालन गरेकोमा निरन्तर अनुगमन मूल्याङ्कन नहुँदा सम्पन्न आयोजनाहरू दक्षतापूर्ण र प्रभावकारी नभई लगानी जोखिम हुन सक्ने देखिएको छ। यस्ता आयोजनामा केन्द्रबाट निरन्तर अनुगमन गर्ने कार्य सहज हुने नदेखिएकोले स्थानीय तहहरूबाटै कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गराउने र ऊर्जा संरक्षण तथा उपयोग मापदण्ड निर्धारणको साथै ऊर्जा लेखापरीक्षण समेत गराई लगानी प्रतिफलयुक्त बनाउनुपर्दछ।

२५. **सोलार खानेपानी आयोजना-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने साथै स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धीत लेखाउत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिको हुने व्यवस्था गरेको छ। केन्द्रबाट सञ्चालन हुने गरेको सोलार खानेपानी आयोजनामा विगत ५ वर्षको कार्यान्वयन स्थिति निम्नानुसार रहेको छः

सोलार खानेपानी प्रणाली तर्फ	आर्थिक वर्ष				
	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
सम्पन्न आयोजना संख्या	३३	४९	२	१	४
प्रति किलोवाट औषत लागत रु.	३५३०८९	२३८८९६	३३९४३८	२५२३२७	२९४७५०
प्रति प्रणाली औसत लाभग्राही घरधुरी संख्या	**४३**	**४१**	**२१५**	**२००**	**२१०**

(स्रोतः वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र)

उल्लिखित विवरण अनुसार सौर्य खानेपानी प्रणालीको लागि २०७७।७८ मा प्रति प्रणाली औसत लाभग्राही घरधुरी संख्या ४३ र प्रति किलोवाट औषत लागत रु.३ लाख ५३ हजार रहेकोमा २०८१।८२ मा लाभग्राही घरधुरी संख्या प्रति प्रणाली २१० र औसत लागत रु.२ लाख ९५ हजार रहेको छ। यसरी २०७७।७८ को तुलनामा २०८१।८२ मा प्रति किलोवाट औसत लागत कमी भएको र प्रति प्रणाली औसत लाभग्राही घरधुरी संख्यामा वृद्धि भए तापनि केन्द्रले विगत ५ वर्षमा कुल ११० आयोजनाको लागि रु.१ अर्ब ६ करोड ३० लाख बजेट विनियोजन भएकोमध्ये ८९ आयोजनामा रु.३४ करोड १ लाख ५० हजार अर्थात विनियोजित बजेटको तुलनामा ३२ प्रतिशत खर्च गरेको छ। स्वीकृत बजेटअनुसार तोकिएको कार्यक्रम दक्षतापूर्वक सम्पन्न गरी आयोजना कार्यान्वयन प्रभावकारी बनाउनुपर्दछ।

२६. **अधुरा लघुजलविद्युत आयोजना-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वयन सम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गर्ने तथा कार्ययोजना अनुसार खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने व्यवस्था छ। साथै नियमावलीको नियम १२८ मा खरिद सम्झौता उल्लङ्घन भए प्राप्त हुने उपचार सम्बन्धी व्यवस्था छ। प्राप्त विवरण अनुसार केन्द्र अन्तर्गत निम्नानुसारका लघुजलविद्युत आयोजना सम्झौता भएको लामो समयावधीसम्म पनि कार्यसम्पन्न नभई अधुरै रहेको देखिन्छः

क्र.सं	आयोजनाको नाम	कम्पनीको नाम	सम्झौता रकम	सम्झौता मिति	हालसम्मको भुक्तानी	म्याद थप अवधि
१	सैलीगाड चौथो माइक्रो हाइड्रो	सेन्टर फर रिसोर्स कन्जर्भेसन नेपाल	३२,२१,३००	२२ मे २०१५	१४,०४,०००	२०८३।३।३१
२	काफलबाटा माइक्रो हाइड्रो	धुलिखेल/आरन जेभी	१,१४,५७,८४२	११ डिसेम्बर २०१४	६१,२०,०००	२०८३।३।३१
३	माजकोट हाइड्रो	हाइड्रो इनर्जी कन्सर्न प्रा.लि.	१,४०,०८,६८१	६ जुलाई २०१४	८४,०५,२०८	२०८३।३।३१
४	कुवाडी खोला	कृष्णा ग्रिल एण्ड इन्जिनियरिङ् वर्क्स प्रालि	२,२६,९८,७९०	१९ मार्च २०१५	१,३६,१९,२७४	२०८३।३।३१
५	काला खोला माइक्रो हाइड्रो	एच ए हाइड्रो पावर प्रालि	२,०८,६१,१९७	२९ जनवरी २०१८	३५,३४,०००	२०८३।३।३१
६	सलगर खोला माइक्रो हाइड्रो	एच ए हाइड्रो पावर प्रालि	४७,२१,३८१	२७ फेब्रुअरी २०१८	६,५५,५००	२०८३।३।३१
७	जतडाखोला माइक्रो हाइड्रो	कृष्ण ग्रिल एण्ड इन्जिनियरिङ् वर्क्स प्रालि	९३,७५,९२२	२१ नोभेम्बर २०१०	-	२०८३।३।३१
८	दुर्सीखोला माइक्रो हाइड्रो	डिजाइन प्वाइन्ट/लुम्बिनी जेभी	१,९९,७८,७९६	३ जनवरी २०१७	१,७९,८०,९१६	सम्पन्न भई उपभोक्तालाई हस्तान्तरण गरेपनि बाढी पहिरोको कारण सञ्चालन हुन नसकेको।
९	नेपाने देउराली माइक्रो हाइड्रो	थापा इन्जिनियरिङ् इण्डष्ट्रिज प्रालि	९५,८०,१७५	१ मे २०१७	५५,४०,०००	२०८३।३।३१
१०	संखुवाखोला माइक्रो हाइड्रो	माँ शक्ति इन्जिनियरिङ् एण्ड हाइड्रोपावर प्रालि	२,२३,५७,२२२	२ जुलाई २०१७	१,५६,५०,०५६	२०८३।३।३१
११	झले लछन्छौडा लघु जलविद्युत	डि.एल.इनर्जि कन्सर्न प्रा.लि.	१,२०,१३,४८९	१६ जुलाई २०२०	२४,२०,३२८	२०८३।३।३१
		जम्मा	१५,०२,७४,७९५		७,५३,२९,२८२	

(स्रोतः वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र)

सन २०१० देखि २०२० सम्म सम्झौता भएका जतडाखोला माइक्रो हाइड्रो, काफलवाटा माइक्रो हाइड्रोलगायतका आयोजनामा कुल रु.१५ करोड २ लाख ७५ हजारको सम्झौता भएका ११ लघुजलविद्युत आयोजनामा यो वर्षसम्म रु.७ करोड ५३ लाख २९ हजार अनुदान भुक्तानी भएको देखिन्छ। सम्झौता भएको ५ देखि १५ वर्षसम्म पनि कार्यसम्पन्न हुन नसकेकोमा १० आयोजनाको म्याद २०८३।३।३१ सम्म थप गरेको छ भने एक आयोजना सम्पन्न भई उपभोक्तालाई हस्तान्तरण गरेकोमा बाढी पहिरोको कारण सञ्चालनमा आउन सकेको छैन। समयमा आयोजना सम्पन्न नहुनुमा केन्द्रले बाढी पहिरो, जाजरकोट भूकम्पले पारेको असर, स्थानीय र निर्माण कम्पनीबिचको विवाद, उपभोक्ताको तर्फबाट गर्नुपर्ने काममा रकमको अभावलगायतका कारण उल्लेख गरेतापनि आयोजना कार्यान्वयन तथा व्यवस्थापन प्रभावकारी देखिएको छैन। उक्त आयोजनाहरू समयमै सम्पन्न गरी ऊर्जा उत्पादन वृद्धि गर्नुपर्दछ।

२७. **ठूला बायोग्यास प्लाण्ट-** शहरी क्षेत्रमा उत्पादन हुने र निजी प्रतिष्ठानहरूबाट उत्पादन हुने फोहोरको प्रयोग गरी ठूला बायोग्यास प्लान्टको प्रवर्धन र विकास गर्ने उद्देश्यले दिगो नवीकरणीय ऊर्जा कार्यक्रम अन्तर्गत ४ र विश्व बैङ्कको सहयोगमा सञ्चालित मिनि ग्रीड पहुँच कार्यक्रम अन्तर्गत १४ गरी दैनिक ४१ हजार ६३४.८९ घनमिटर बायोग्यास उत्पादन क्षमता भएका १८ प्लाण्टको लागि रु.२ अर्ब ३२ करोड ६७ लाख ७२ हजार लागत मध्ये केन्द्रको अनुदान अंश रु.९३ करोड ५ लाख ९ हजार रहेको छ। निर्माण सम्पन्न गरिएका बायोग्यास प्लाण्ट मध्ये निम्नानुसारका प्लाण्ट बन्द र आंशिक क्षमतामा सञ्चालन रहेको छ।

(रकम रु. हजारमा)

क्र.सं.	कम्पनीको नाम	ठेगाना	दैनिक उत्पादन क्षमता (घनमिटर)	कुल लागत	केन्द्रको अनुदान अंश	हालको अवस्था
१	गण्डकी ऊर्जा प्रा.लि.	पोखरा, कास्की	४०००	१३,५०,०५,५६६	५,४०,०२,२२६	बन्द अवस्थामा
२	कन्काई बिर्ता अर्जुन नवीकरणीय ऊर्जा	कन्काई, झापा	४०००	१३,६७,७३,०००	५,४७,०९,२००	बन्द अवस्थामा
३	नेपाल ऊर्जा विकास कम्पनी	घोराही, दाङ्	२०००	१९,७४,२९,४६९	७,८९,७१,७८८	क्षमताको ३० प्रतिशत मात्र सञ्चालन
४	भेन्यू वेस्ट टु इनर्जी धरान एमएसडब्लु	धरान, सुनसरी	१८००	१७,२७,३७,३८१	६,९०,९४,९५२	क्षमताको ३० प्रतिशत मात्र सञ्चालन
	जम्मा		**११८००**	**६४,१९,४५,४१६**	**२५,६७,७८,१६६**	

(स्रोतः वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र)

निर्माण सम्पन्न गरिएका बायोग्यास प्लाण्टमध्ये कास्की र झापा जिल्लामा कुल लागत रु.२७ करोड १७ लाख ७९ हजारमध्ये केन्द्रको रु.१० करोड ८७ लाख ११ हजार अनुदानमा निर्माण गरिएका ४ हजार घनमिटर दैनिक ग्यास उत्पादन क्षमताका २ बायोग्यास प्लाण्ट सञ्चालनमा रहेका छैनन्। दाङ् र सुनसरी जिल्लाका रु.३७ करोड १ लाख ६७ हजार लागतमध्ये केन्द्रको रु.१४ करोड ८० लाख ६७ हजार अनुदानमा निर्मित दैनिक ३ हजार ८०० घनमिटर ग्यास उत्पादन हुने २ प्लाण्ट ३० प्रतिशत क्षमतामा मात्र सञ्चालन भएको अवस्था छ। पर्याप्त कच्चा पदार्थको अभाव, उत्पादित ग्यास तथा जैविक मलको बजार व्यवस्थापन, कोभिड १९ को महामारीले व्यवसायमा परेको असरलगायतका कारण केही प्लाण्टहरू बन्द हुन पुगेको र केही कम क्षमतामा सञ्चालन भएको अवस्था छ। निजी क्षेत्र तथा स्थानीय तहसँगको समन्वयमा फोहोर सङ्कलन कार्यलाई प्रभावकारी बनाउने र उत्पादन हुने ग्यासको नेपाल आयल निगमसँग र जैविक मलको बजार व्यवस्थापनका लागि कृषि सामग्री कम्पनी लिमिटेडलगायतका संस्थाहरूसँग समन्वय गरी समस्याग्रस्त प्लाण्ट सञ्चालन गर्ने र कम क्षमतामा सञ्चालित प्लाण्टको सञ्चालन कार्यदक्षतमा सुधार गरी ऊर्जा उत्पादनमा वृद्धि र लगानीको प्रभावकारी सदुपयोग गर्नुपर्दछ।

२८. **ऊर्जा प्रविधि वितरण-** केन्द्रबाट २०७८।७९ देखि २०८१।८२ सम्मको अवधिमा घरायसी बायोग्यास, घरायसी सौर्य प्रणाली, सौर्य सिँचाई र लघुजलविद्युत जस्ता वैकल्पिक ऊर्जा प्रविधिहरूको कार्यान्वयन प्रदेशगत वितरण निम्नानुसार रहेको छः

प्रदेश	घरायसी बायोग्यास संख्या	घरायसी सौर्य प्रणाली संख्या	सौर्य सिँचाइ प्रणाली संख्या	लघुजलविद्युत (किलोवाट)
कोशी	४२१२	१७४२	१४६	१४५२
मधेस	२४२८	७०७	५०७	०
बागमती	६९१४	३५८२	१७९	११५
गण्डकी	६२२१	५४१	१७	१६६
लुम्बिनी	२४९१	५६९२	४१२	२००

कर्णाली	१०५४	३२१००	२०	१६४५
सुदुरपश्चिम	१२३०	६६१६	१३६	८०२.५
जम्मा	**२४५५०**	**५०९८०**	**१४१७**	**४३८०.५**

(स्रोतः वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र)

उल्लिखित तथ्याङ्क अनुसार घरायसी बायोग्यास विगत ४ वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी र सुदुरपश्चिम प्रदेशमा सबैभन्दा कम जडान भएको, घरायसी सौर्य प्रणाली कर्णालीमा सबैभन्दा बढी र गण्डकीमा सबैभन्दा कम रहेको, सौर्य सिँचाइ प्रणाली मधेसमा सबैभन्दा बढी र गण्डकीमा सबैभन्दा कम रहेको र लघुजलविद्युत कर्णालीमा सबैभन्दा बढी उत्पादन भएकोमा मधेसमा शून्य रहेको छ।

केन्द्रले सम्भाव्यताको आधारमा प्रदेशगत वा जिल्लागत रुपमा वैकल्पिक ऊर्जाका प्रविधि प्रयोग हुन सक्ने क्षेत्रको नक्साङ्कन वा मापन गरेको छैन। त्यस्तै, केन्द्रले प्रत्येक वर्ष प्रविधि जडानको लागि प्रकाशित गर्ने सूचनामा सबै जनसमुदायको पहुँच पुगे नपुगेको ट्रेस गर्ने प्रणालीको उपयोग र प्रविधिप्रति जनताको सचेतना अभिवृद्धि हुने गरी पर्याप्त कार्यक्रमहरू सञ्चालन गरेको देखिँदैन। केन्द्रले हालसम्म वैकल्पिक ऊर्जाका प्रविधिहरू जडान भएको मध्ये सञ्चालनमा नभएका र आउन नसक्ने प्रविधिहरूको लगत अद्यावधिक गर्ने, सम्भाव्य क्षेत्र नक्साङ्कन गर्ने र सूचनामा जनताको पहुँच र प्रविधिप्रति जनताको सचेतना अभिवृद्धि हुने गरी बजेट तथा कार्यक्रम थप प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

२९. **वैकल्पिक ऊर्जा प्रविधिको उपयोग-** ग्रामीण क्षेत्रका जनताको जीवनस्तर उकास्नमा प्रत्यक्ष योगदान दिनको लागि ग्रामीण ऊर्जा नीति, २०६३ जारी भएको सन्दर्भमा नीतिले लिएको उद्देश्य अनुरुप वैकल्पिक ऊर्जाको उपयोग र पारेको प्रभाव सम्बन्धमा केन्द्रबाट सञ्चालित लघुजलविद्युत, घरायसी बायोग्यास र सौर्य प्रविधितर्फ कुल २०० लाभग्राहीहरूलाई विगतमा जडान गरिएको वैकल्पिक ऊर्जाको प्रविधि सञ्चालन सम्बन्धमा प्रश्नावली सोधिएकोमा देखिएका बेहोराहरू निम्नानुसार छनः

२९.१. सर्वेक्षणमा सहभागी मध्ये जडान गरेको प्रविधि क्षमता अनुसार पूर्ण उत्पादन भएको उल्लेख गर्ने ४९.५ प्रतिशत, क्षमता अनुसार उत्पादन नभएको उल्लेख गर्ने २९.५ प्रतिशत र क्षमता अनुसार उत्पादन सम्बन्धमा थाहा नभएको उल्लेख गर्ने २१ प्रतिशत रहेका छन्।

२९.२. सर्वेक्षणमा सहभागीहरूलाई उनिहरूले प्रयोग गरेको प्रविधिमा प्राविधिक समस्या एक वर्षमा कतिपटक हुन्छ भनी सोधिएकोमा समस्या नरहेको उल्लेख गर्ने २२ प्रतिशत, वर्षमा १ पटक समस्या आएको ३१.५ प्रतिशत, २ देखि ५ पटक समस्या आएको २९ प्रतिशत र ५ पटक भन्दा बढी समस्या आएको उल्लेख गर्ने १७.५ प्रतिशत रहेका छन्।

२९.३. प्राविधिक समस्या उत्पन्न भई मर्मतको लागि खबर गरेकोमा मर्मत सेवा उपलब्ध हुने अवधि सम्बन्धमा सर्वेक्षणमा सहभागी २०० जना मध्ये १५६ जनाले मर्मत सम्भारको लागि प्राविधिक सेवा लिएकोमा करिब ३७ प्रतिशतले सोही दिन वा भोलिपल्ट सेवा प्राप्त गरेको, करिब ४८ प्रतिशतले एक हप्ताभित्र त्यस्तो सेवा प्राप्त गरेकोमा करिब १५ प्रतिशतले भने एक महिना वा सो भन्दा बढी समयमा सेवा प्राप्त गरेको देखिन्छ।

२९.४. सहभागीलाई ऊर्जा खर्चमा कमीको अवस्था सम्बन्धमा सोधिएको प्रश्नमा ६१ प्रतिशतले मासिक ऊर्जा खर्च घटेको महशुस गरेका छन् भने २७ प्रतिशतले थाहा नभएको प्रतिक्रिया दिए भने १२ प्रतिशतले खर्च नघटेको उल्लेख गरेका छन्। साथै मासिक खर्च बचत भएको भनी प्रतिक्रिया दिने १२२ लाभग्राही मध्ये करिब ७४ प्रतिशतले मासिक रु.१ हजार देखि रु.५ हजार बचत भएको, २५ प्रतिशतले मासिक रु.५ हजार देखि रु.१० हजारसम्म बचत भएको र १ प्रतिशतले मासिक रु.१० हजार भन्दा बढी बचत भएको उल्लेख गरेका छन्।

२९.५. सर्वेक्षणमा सहभागी मध्ये ४३ प्रतिशतले वैकल्पिक ऊर्जा प्रविधिको प्रयोगले दैनिक १ घण्टा भन्दा कम समय बचत भएको, ४१ प्रतिशतले १ देखि ३ घण्टा बचत भएको, ५.५ प्रतिशतले ३ घण्टा भन्दा बढी समय बचत भएको उल्लेख गरेका छन् भने समय बचत भएको छैन भन्ने १०.५ प्रतिशत रहेका छन्।

२९.६. सर्वेक्षणमा सहभागीलाई वैकल्पिक ऊर्जाको प्रयोगले स्वास्थ्य स्थिति सुधारमा खेलेको भूमिका सम्बन्धमा सोधिएकोमा सहभागी मध्ये ५९ प्रतिशतले वैकल्पिक ऊर्जा प्रविधि प्रयोगबाट स्वास्थ्यमा सुधार भएको, १२ प्रतिशतले नभएको, १५.५ प्रतिशतले स्वास्थ्य समस्या नै थिएन भनी उल्लेख गरेको र १३.५ प्रतिशतले थाहा नपाएको प्रतिक्रिया दिएका छन्।

उल्लिखित अवस्थामा केन्द्रबाट सञ्चालित ऊर्जा प्रविधिहरू कतिपय सञ्चालन स्थिति, प्रविधिको पूर्ण क्षमताको उपयोग, ऊर्जा मागको सम्बोधन, आयमूलक कार्यमा ऊर्जाको प्रयोग, प्राविधिक समस्या र मर्मत सेवाको उपलब्धताको क्षेत्रमा नीतिगत तथा कार्यक्रमगत सुधारको खाँचो देखिन्छ। त्यस्तै, मासिक ऊर्जा खर्च बचत, समय बचत तथा स्वास्थ्य सुधारमा ऊर्जा प्रविधिहरूले राम्रो भूमिका खेलेको भएतापनि जीवनस्तरमा सुधार भएको महशुस गर्ने गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउन केन्द्रको ध्यान जानुपर्दछ।

३०. **जनशक्ति व्यवस्थापन-** वैकल्पिक ऊर्जा विकास समिति गठन आदेश, २०५३ ले वैकल्पिक ऊर्जाको क्षेत्रमा कार्य गर्न छुट्टै स्वायत्त निकायको रुपमा वैकल्पिक ऊर्जा प्रबर्धन केन्द्रको स्थापना गरे अनुरूप सञ्चालन गर्नको लागि केन्द्रले २०७७ मा तयार गरेको संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८१।८२ सम्म केन्द्रमा कार्यकारी निर्देशकको नेतृत्वमा केन्द्रीय नवीकरणीय ऊर्जा कोष बाहेक ३ महाशाखा र १५ शाखाहरू रहेका र विभिन्न पदमा ५४ र अस्थायी तर्फ ४६ पदको दरबन्दी रहेको देखिन्छ। यो वर्ष स्थायी तर्फ ४६, अस्थायी तर्फ ३८, महालेखानियन्त्रक कार्यालयको पुल दरबन्दीबाट लेखा समूहका २, स्वच्छ चुलो कार्यक्रमसहित विभिन्न आयोजनामा ४३ सामाजिक परिचालक र विभिन्न आयोजनामा ४३ करार कर्मचारी समेत कुल १७२ जनशक्ति कार्यरत रहेका छन्। सो अतिरिक्त फिल्डको लागि इन्जिनियर, सब इन्जिनियरलगायत आवश्यकता अनुसार १५ देखि २० जनशक्तिका लागि कन्टिन्जेन्सीबाट भुक्तानी गरेको छ। यसरी दरबन्दी र कर्मचारी कार्यरत भए तापनि प्रत्येक शाखा र सेवा समूह अन्तर्गत रहने कर्मचारीको शैक्षिक योग्यता सम्बन्धमा स्पष्ट व्यवस्था रहेको पाइएन। त्यस्तै, ग्रामीण ऊर्जा नीति र आवधिक योजनाले अनुसन्धान तथा विकास मार्फत नयाँ प्रविधि विकास गर्ने उल्लेख गरेतापनि अनुसन्धान तथा विकासको लागि विषयविज्ञ र कार्य जिम्मेवारीको व्यवस्था भएको देखिएन। यस सम्बन्धमा केन्द्रले नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत हुन बाँकी रहेको र स्वीकृत पश्चात जनशक्ति व्यवस्थापन प्रभावकारी हुने जनाएको छ। केन्द्रको कार्य प्रकृति अनुसार पर्याप्त दक्ष जनशक्ति व्यवस्थापन गरी कार्यसम्पादन स्तरलाई थप प्रभावकारी बनाउनुपर्दछ।

३१. **लागत साझेदारी र समन्वय**- आवधिक योजना (२०७६।७७-२०८०।८१) मा स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी ऊर्जा प्रविधि र प्रणालीहरूको प्रवर्धन र विस्तार गरिने उल्लेख छ। स्थानीय तहहरूले नवीकरणीय ऊर्जा कोषमार्फत लागत साझेदारीमा कार्यान्वयन गरिएका सौर्य तथा जलविद्युत आयोजना अन्तर्गतको लागत साझेदारी रकम रु.१ करोड ६६ लाख ८१ हजार भुक्तानी नदिँदा केन्द्रले आफ्नै स्रोतबाट खर्च लेखेको छ। त्यस्तै, २०८१।८२ मा केन्द्रले स्वच्छ चुलो कार्यक्रम अन्तर्गत ८ हजार थान विद्युतीय चुलो खरिद गरेकोमा आर्थिक वर्षको अन्त्यसम्ममा पनि केही स्थानीय तह र लाभग्राहीबाट साझेदारीको रकम प्राप्त नहुँदा ठेक्का फरफारक गर्न सकेको देखिएन। सङ्घ र स्थानीय तहको करिब ६१ प्रतिशत र निजी क्षेत्रको करिब ३९ प्रतिशत लगानी हुने गरी सार्वजनिक निजी साझेदारी अन्तर्गत कार्यान्वयन शुरू भएको ९११ किलोवाट क्षमताको अमादब्लम माइक्रो हाइड्रोमा करारको अवधि समाप्त हुँदासम्म करिब २० प्रतिशत प्रगति रहेको छ।

सार्वजनिक निजी साझेदारी अन्तर्गतका कार्यक्रममा सम्झौता बमोजिम कार्यसम्पादनमा तीव्रता दिने, साझेदारीको महत्वका सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने र प्रदेश सरकार र स्थानीय तहहरूसँगको साझेदारी तथा समन्वय कार्यलाई थप प्रभावकारी बनाउनुपर्दछ।

३२. **अनुगमन तथा मूल्याङ्कन-** अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० को दफा ३ मा सङ्घ, प्रदेश र स्थानीय तहका योजनाको नियमित र आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नु गराउनु पर्ने व्यवस्था छ। त्यस्तै, दफा ४ मा अनुगमन मूल्याङ्कनका आधारहरू, दफा ५ मा अनुगमन तथा मूल्याङ्कन गरिने विषयहरू, दफा ७ मा लाभ लागतका आधारमा पूर्व मूल्याङ्कन, उपलब्धी र दिगोपनाको आधारमा चालु मूल्याङ्कन, प्रभावकारिता र कार्यदक्षता समेत सम्पन्न मूल्याङ्कन, न्यून प्रगति भएको भए परीक्षण मूल्याङ्कन र योजना सञ्चालनमा आएपछी अर्थतन्त्र र जनजीवनमा परेको प्रभाव समेत हेर्ने गरी प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। केन्द्रले कानुनको व्यवस्था बमोजिम योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने गरेको छैन। केन्द्रले नवीकरणीय ऊर्जा अनुदान नीति तथा अनुदान परिचालन कार्यविधि अनुसार ठुला आयोजनाहरूको हकमा निरन्तर अनुगमन र घरायसी प्रणालीको हकमा तेस्रो पक्षीय अनुगमन गर्ने गरेको जनाएतापनि यी प्रविधिहरूको प्रभाव मूल्याङ्कन गरेको देखिएन। केन्द्रले आफ्ना गतिविधिहरूको स्पष्ट ट्रेस गर्न र प्रतिवेदन तयार गर्न सक्षम एक समग्र अनुगमन तथा मूल्याङ्कन ढाँचाको विकास गरी कार्यान्वयनमा नल्याउँदा केन्द्रको अनुगमन तथा मूल्याङ्कन प्रणाली प्रभावकारी देखिएको छैन। नीति तथा योजनालाई तथ्यपरक, विश्वसनीय, व्यवस्थित, नतिजामुखी, पारदर्शी र प्रभावकारी बनाउन कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

निष्कर्ष र सुझाउ

नेपालको संविधानको राज्यका नीतिहरू अन्तर्गत नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिको लागि सुपथ र सुलभ रुपमा भरपर्दो ऊर्जाको सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने उल्लेख भए तापनि कुल ऊर्जा आपूर्तिमा नवीकरणीय ऊर्जाको हिस्सा उल्लेख्य मात्रामा वृद्धि हुन सकेको छैन। केन्द्रबाट घरायसी बायोग्यास, सुधारिएको फलामे चुलो, संस्थागत तथा व्यापारिक बायोग्यास, विद्युतिय चुलो, सौर्य ऊर्जा प्रणाली जस्ता वैकल्पिक ऊर्जाका प्रविधिहरू जडान गरी स्वच्छ ऊर्जा उत्पादनमा भूमिका खेलेको भए तापनि वैकल्पिक ऊर्जाको लागि तय गरिएका नीति तथा रणनीतिहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको, आवधिक योजना र बजेट तथा कार्यक्रमबिच उचित तादाम्यता नरहेको, दिगो विकास लक्ष्य हासिल गर्न तय गरिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन एवं अनुगमन तथा मूल्याङ्कन हुन नसकेको र केन्द्रलाई प्राप्त सरकारी बजेट र वैदेशिक सहायताको समुचित परिचालन हुन सकेको छैन। विगतमा जडान भएका ऊर्जा प्रविधिहरू आफ्नो क्षमताअनुसार पूर्ण रुपमा सञ्चालनमा आउन नसकेको, सञ्चालित सबै ऊर्जा प्रविधिहरूले जनताको ऊर्जा माग पूर्ण रुपमा पुरा गर्न नसकेकोलगायतका कारणहरूले वैकल्पिक ऊर्जाको क्षेत्रमा अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको अवस्था छ। वैकल्पिक ऊर्जा क्षेत्रको उपयोग र प्रभावकारिता अभिवृद्धि गर्न ऊर्जा नीतिको समय सापेक्ष परिमार्जन गरी सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, ऊर्जा नीति तथा आवधिक योजना र वार्षिक बजेटबिच उचित तालमेल कायम गर्नुपर्ने, सङ्घ मातहत रहेको वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रलाई स-साना आयोजना कार्यान्वयन गर्ने एकाइको रूपमा नभई अनुसन्धानमूलक नतिजा दिन सक्ने उत्कृष्ट केन्द्रको रुपमा अगाडि बढाउनुपर्ने देखिन्छ।

कार्यमूलक लेखापरीक्षणबाट देखिएका परिच्छेद ३ मा उल्लिखित बेहोराको सुधारका लागि देहायबमोजिमको सुझाव प्रस्तुत गरिएको छ-

- ऊर्जा नीतिको समय सापेक्ष परिमार्जन गरी सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।
- ऊर्जा नीति तथा आवधिक योजना र वार्षिक बजेटबीच उचित तालमेल कायम गरी आवधिक योजना र वार्षिक बजेटको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।
- केन्द्रलाई प्राप्त वैदेशिक सहायताको समयमै परिचालन गर्न केन्द्र अन्तर्गत सञ्चालित आयोजनाहरूको कार्यसम्पादन स्थितिमा थप तीव्रता दिनुपर्दछ।
- सङ्घ मातहत रहेको वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रलाई स-साना आयोजना कार्यान्वयन गर्ने एकाइको रूपमा नभई अनुसन्धानमूलक नतिजा दिन सक्ने उत्कृष्ट केन्द्रको रुपमा अगाडी बढाउनुपर्दछ।
- वैकल्पिक ऊर्जाका सबै प्रकारहरूको सम्भाव्यता अध्ययन गरी लाभ लागत आधारमा ऊर्जा आयोजना कार्यक्रम तर्जुमा गर्नुपर्दछ।
- आयोजना कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहहरूसँगको समन्वय र साझेदारी प्रभावकारी बनाउनुपर्दछ।
- जनताको ऊर्जा माग सम्बोधन हुने गरी ऊर्जा प्रविधिहरूको क्षमता अभिवृद्धि गर्ने, सञ्चालनमा नरहेका प्रविधिहरू सम्भव भएसम्म सञ्चालनमा ल्याउने र ऊर्जा प्रविधिहरूको प्राविधिक तथा सञ्चालन क्षमतामा सुधार ल्याउनुपर्दछ।
- वैकल्पिक ऊर्जाको आयमूलक कार्यमा प्रयोग बढाउने गरी परिप्रयोग विविधिकरणमा टेवा पुग्ने कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दछ।
- अधुरा रहेका आयोजनाहरू समयमै आवश्यक कारवाही गरी टुङ्ग्याउने, जनशक्ति व्यवस्थापन प्रभावकारी बनाई अनुसन्धान तथा विकासमा जोड दिने र अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्दछ।

अनुसूची-१

वैदेशिक सहायता परिचालन

दफा २१ संग सम्बन्धित

(रु.हजारमा)

आयोजनाहरू	दाता	सम्झौता मिति	शुरू सम्पन्न हुने मिति	संशोधित सम्पन्न हुने मिति	सम्झौता रकम		२०८२ असार मसान्तसम्मको खर्च		२०८२ असार सम्मको भौतिक प्रगति
					ऋण	अनुदान	ऋण	अनुदान	
साउथ एशिया सब रिजनल इकोनोमिक कोअपरेसन (सासेक अफ ग्रीड कम्पोनेन्ट)	एडिबि	१५ जनवरी २०१५	३० जुन २०२४	३० जुन २०२६	४८११७६	१३४४०००	२२१३४०	१३०२२४०	८७५
मिनिग्रीड ऊर्जा पहुँच आयोजना	विश्व वैङ्क	३० सेप्टेम्बर २०१९	३० अप्रिल २०२३	३० सेप्टेम्बर २०२६	६००००	६७९३२०	७५३२	४२९४४६	७०५
ग्रामीण तथा साना शहरी क्षेत्रमा सौर्य ऊर्जा प्रवर्धन	के एफ डब्लु	१ अप्रिल २०२२	३० सेप्टेम्बर २०२५	३० सेप्टेम्बर २०२६	-	१२१५०००	-	५३४९०३	६०५
राष्ट्रिय नवीकरणीय ऊर्जा कार्यक्रम	युके एड	४ फेब्रुअरी २०१९	३१ अगष्ट २०२३	३१ मार्च २०२५	-	८४६१७३	-	६४७८४८	७०५
स्वच्छ चुलो कार्यक्रम	जिसिएफ	१३ डिसेम्बर २०२२	१३ डिसेम्बर २०२७	-	-	२८१००५४	-	५८२४३	१०५
ग्रामीण जीवनस्तरको लागि नवीकरणीय ऊर्जा	युएनडिपी	१ अप्रिल २०१९	३१ अक्टोबर २०२५	३० जुन २०२६	-	८१५६५	-	८०९१५	९९.२०%
खाद्य सुरक्षाको लागि लचिलो नवीकरणीय ऊर्जा	युएनडिपी	१४ डिसेम्बर २०२३	३० जुन २०२७	-	-	३२१८०३	-	२१८३६६	६७.८६%
आरइइपि-ग्रीन	जिआइजेड	१५ नोभेम्बर२०२३	३० जुन २०२५	३१ डिसेम्बर २०२५	-	८५६४२	-	४१३८७	४८.३३%
जम्मा					**५४११७६**	**७३८३५५७**	**२२८८७२**	**३३१३३४८**	

नेपाल कृषि अनुसन्धान परिषद्को स्रोत साधन प्रयोगको प्रभावकारिता

परिच्छेद – १

परिचय

१. **पृष्ठभूमी** - कृषि क्षेत्र नेपालको आर्थिक विकासको आधारशिला हो। आर्थिक सर्वेक्षण २०८१।८२ ले कृषि क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको मेरूदण्डका रूपमा उल्लेख गर्दै अधिकांश जनसंख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेशामा संलग्न रहेका छन् भने कुल ग्रार्हस्थ उत्पादनमा यसको योगदान एक चौथाइ रहेको उल्लेख गरेको छ। कृषि क्षेत्रको विकासको माध्यमबाट मात्र दिगो एवम् सन्तुलित विकासको परिकल्पना गर्न सकिन्छ। नेपालमा साना कृषकहरूको बढी संलग्नता रहेको र निर्वाहमुखी प्रणालीबाट गुज्रिरहेको कृषि क्षेत्रमा उत्पादकत्व निकै कम रहेको र कृषिमा व्यावसायीकरण एवम् विविधीकरण आशातित रूपमा हुन नसकेको कारण कृषि क्षेत्रको समग्र विकासका लागि नेपाल सरकारले समय समयमा विभिन्न नीतिहरू निर्माण गरी सो को कार्यान्वयन गर्ने गरेको छ। देशको शासकीय व्यवस्था अनुकूल र कृषि क्षेत्रमा देखा परेका नविन चुनौती तथा अवसरहरूलाई आत्मसात् गरी नयाँ नीतिहरू तर्जुमा तथा परिमार्जन गर्ने गरेको छ। व्यवसायिक, प्रतिस्पर्धी र दिगो कृषि प्रणालीको विकासका लागि कृषि नीति र रणनीतिहरू कार्यान्वयनमा रहेका छन्। कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र उत्पादन वृद्धिका लागि बहुपक्षीय शासकीय साझेदारको संलग्नता रहँदै आएको छ। रासायनिक मल, बिउ विजन तथा उपकरणलगायतमा अनुदान र सहुलियत उपलब्ध हुँदै आएको छ। नेपालको संविधानको धारा ३६ ले खाद्य अधिकार र खाद्य सम्प्रभुता सुनिश्चितताको हक र धारा ४४ ले उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने भन्ने व्यवस्था गरेको छ। साथै, नेपालको संविधानले कृषिलाई संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा समावेश गरेको छ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)

१. कृषि अनुसन्धानसम्बन्धी नीति तथा कानुनी व्यवस्था
२. कृषि अनुसन्धानमा संलग्न जनशक्ति र जग्गाको उपयोग
३. आम्दानी र खर्चको अवस्था
४. जातीय विकास र बिउ प्रतिस्थापन
५. कृषि अनुसन्धानमा जीन बैङ्क
६. सेवाग्राहीको प्रतिक्रिया

२. **कार्यालयको परिचय** - नेपाल कृषि अनुसन्धान परिषद्बाट प्राप्त प्रतिक्रियाअनुसार, शुरूवातमा वि.सं. १९७८ मा काठमाडौंको सिंहदरबार स्थित पुतली बगैंचामा कृषि अड्डा स्थापना भएसँगै नेपालमा आधुनिक कृषि अनुसन्धान र विकासको संस्थागत यात्राको औपचारिक थालनी भएको हो। त्यसपश्चात् कृषि अनुसन्धान कार्यलाई अझ प्रभावकारी र परिणाममुखी बनाउन थुप्रै संरचनागत रूपान्तरण गर्न तथा अन्तर्राष्ट्रिय स्तरमा कृषि अनुसन्धान प्रणालीको अवधारणाको विकास हुनुले नेपालमा समेत कृषि अनुसन्धानलाई दीर्घकालिन रूपमा सक्षम र प्राविधिक रूपमा सबल बनाउन एक स्वायत्त र सुदृढ संस्थाको परिकल्पना गरी नेपाल सरकारले वि.सं. २०४८ वैशाख २५ गते नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) को स्थापना गरेको हो। परम्परागत खेति प्रणाली, आधुनिक ज्ञान र प्रविधिको अभाव तथा न्यून उत्पादकत्व लगायतका कृषि विकासका चुनौतीहरूलाई समाधान गर्न वैज्ञानिक कृषि अनुसन्धानको आवश्यकता महसुस गरी वि.सं. १९५० को दशकदेखि विभिन्न मन्त्रालय, विभाग र अन्तर्राष्ट्रिय सहयोगमार्फत् कृषि अनुसन्धान गतिविधिहरू थालिएका थिए। तर ती अनुसन्धानहरू छरिएका र समन्वयविहिन हुने गरेका कारण प्रभावकारी देखिएका थिएनन्। कृषि क्षेत्रमा देखिएका कमजोरीलाई सम्बोधन गर्न एक केन्द्रीय अनुसन्धान निकाय गठन गर्नुपर्ने आवश्यकताअनुसार कृषि क्षेत्रका समस्याहरूको अध्ययन तथा अनुसन्धान गरी समस्या समाधानका उपाय पत्ता लगाई सर्वसाधारण जनताको आर्थिक स्तर वृद्धि गर्न यस संस्थाको

स्थापना भएको हो। यस संस्थालाई आफ्नै कार्ययोजना, बजेट व्यवस्थापन, कर्मचारी संरचना र अनुसन्धान कार्यक्रमहरू सञ्चालन गर्ने स्वायत्त अधिकार रहेको छ। यस संस्थाले नेपालमा कृषि अनुसन्धान विकासका क्षेत्रमा एकीकृत तथा समन्वयकारी कार्यक्रम तर्जुमा, जनसङ्ख्या वृद्धिदरअनुसार कृषि उत्पादकत्वमा वृद्धि, आत्मनिर्भर कृषि प्रणाली र खाद्य सुरक्षा सुनिश्चितता, पशुपालन तथा मत्स्य क्षेत्रमा जात सुधार, रोग नियन्त्रण, दाना व्यवस्थापनमा पर्याप्त अनुसन्धान, अन्तर्राष्ट्रिय अनुसन्धान संस्थासँग सहकार्य र कृषि अनुसन्धानलाई व्यवहारिक रूपमै किसानसम्म पुर्‍याउँदै कृषिजन्य स्रोतसाधनको उत्पादन र दिगो कृषि विकासमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ। नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ५ अनुसार यसका मुख्य तीन उद्देश्यहरू रहेका छन्:

(क) कृषिसम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्ने गराउने,

(ख) कृषि क्षेत्रका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाई आवश्यक प्रविधि, ज्ञान तथा सीपहरूको खोजपूर्ण अध्ययन गर्ने,

(ग) कृषिसम्बन्धी नीति तर्जुमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने।

३. **कार्यालयको संगठन संरचना र जनशक्ति -** नेपाल कृषि अनुसन्धान परिषद्को केन्द्रीय कार्यालय सिंहदरबारप्लाजा, काठमाडौँमा रहेको छ। जसअन्तर्गत् विभिन्न कृषि अनुसन्धान केन्द्र, कमोडिटि कार्यक्रम, निर्देशनालय, संस्थान, आनुवंशिक संसाधन केन्द्र, राष्ट्रिय अनुसन्धान केन्द्र, राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्रसहित ६३ कार्यालयहरूमार्फत् कृषि अनुसन्धान कार्यक्रम सञ्चालन हुँदै आएको छ। परिषद्लगायत सो अन्तर्गतका कार्यालयहरूमा जम्मा स्वीकृत दरबन्दी जम्मा १ हजार ८ सय २३ रहेको छ। कार्यरत



कर्मचारीमध्ये नार्कको संगठनात्मक ढाँचा देहायबमोजिम रहेको छ:

४. **संवैधानिक तथा कानुनी व्यवस्था -**

४.१. **संवैधानिक व्यवस्था-** नेपालको संविधानको भाग ४ धारा ५१ (ङ) मा कृषि तथा भूमिसुधारसम्बन्धी नीतिअन्तर्गत किसानको हितलाई ध्यानमा राखि वैज्ञानिक भूमि सुधार गर्ने, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, धारा ५१ (ज) मा नागरिकका आधारभुत आवश्यकतासम्बन्धी नीति अन्तर्गत कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकुलको खाद्यान्न उत्पादनलाई

प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने सम्बन्धी नीति बनाउने राज्यको दायित्व हुने उल्लेख छ।

४.२. **कानुनी व्यवस्था -** नेपाल कृषि अनुसन्धान परिषद्सँग सम्बन्धित कानुनी व्यवस्था देहायबमोजिम रहेका छन्:-

- **नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८** – कृषि क्षेत्रका समस्याहरूको अध्ययन तथा अनुसन्धान गरी समस्या समाधानका उपाय पत्ता लगाई सर्वसाधारण जनताको आर्थिक स्तर वृद्धि गर्न नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना गरिएको, ऐनले परिषद् स्थापनाको उद्देश्य, अधिकार, कार्यक्षेत्र र दायित्व निर्धारण गरेको, परिषद् एक स्वायत्त संस्थाको रूपमा स्थापना भई कृषि अनुसन्धानसम्बन्धी नीति, कार्यक्रम र प्राथमिकता निर्धारण गर्ने, परिषद्लाई वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, उपलब्ध स्रोतसाधनलाई स्वीकृत नीति र कार्यक्रमअनुसार परिचालन गर्ने तथा समग्र स्रोत व्यवस्थापनमा उत्तरदायी रहनेलगायतका व्यवस्था गरेको छ।
- **कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७** – कृषि तथा वन विज्ञानसँग सम्बन्धित विषयको एकीकृत रूपले अध्ययन, अध्यापन र अनुसन्धान गर्ने काम समेतको लागि विश्वविद्यालयको स्थापना भएको, विश्वविद्यालयले अनुसन्धानसम्बन्धी नीति तर्जुमा गर्ने, अनुसन्धान कार्यक्रमलाई स्वीकृति प्रदान गर्ने, कृषि तथा वन विज्ञानसँग सम्बन्धित विषयमा अनुसन्धान गर्नको लागि आवश्यकताअनुसार अनुसन्धान केन्द्रको स्थापना गर्न सक्ने लगायका व्यवस्थाहरू रहेका छन्।
- **खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५** – नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले कृषिको दिगो विकास, खाद्य उत्पादनको अभिवृद्धि वा खाद्य तथा पोषण सुरक्षाको प्रवर्धन गर्न आवश्यक अध्ययन, अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकासको लागि आवश्यक व्यवस्था मिलाउन सक्ने व्यवस्था रहेको छ।
- **नेपाल कृषि अनुसन्धान परिषद् कार्यसञ्चालन विनियम, २०४९** – परिषद्का स्वीकृत कार्यक्रम तथा गतिविधिहरू सञ्चालन गर्दा आवश्यक मानवीय, वित्तीय तथा भौतिक स्रोतसाधनको प्रयोग गर्ने विधि, प्रक्रिया र अधिकार, योजना कार्यान्वयन, स्रोत परिचालन, आन्तरिक समन्वय तथा अनुगमनका कार्यगत पक्षहरूलाई व्यवस्थित रूपमा मार्गनिर्देशन गर्नेलगायतका प्रावधानहरू रहेका छन्।
- **नेपाल कृषि अनुसन्धान परिषद् कर्मचारी प्रशासन विनियम, २०४९** – परिषद्का कर्मचारीहरूको नियुक्ति, पदस्थापन, सरूवा, जिम्मेवारी तोक्ने, सजाय तथा कारबाही, उपलब्ध मानवस्रोतको प्रभावकारी परिचालन, उपयोग, कार्यविभाजन र जवाफदेहिता सुनिश्चित गर्ने लगायतका विषयहरू उल्लेख छन्।
- **नेपाल कृषि अनुसन्धान परिषद् आर्थिक प्रशासन विनियम, २०४९** – बजेट विनियोजन, खर्च स्वीकृति, भुक्तानी प्रक्रिया, लेखा अभिलेख, वित्तीय प्रतिवेदन तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था साथै परिषद्को वित्तीय स्रोतको पारदर्शी, मितव्ययी र उत्तरदायी उपयोग सम्बन्धी व्यवस्था रहेका छन्।
- **कृषि अनुसन्धान परिषद्सँग सम्बन्धित अन्य निर्देशिका तथा कार्यविधिहरू**–
  - पदपूर्तिसम्बन्धी कार्यविधि, २०७२
  - वैदेशिक भ्रमण व्यवस्थापन दिग्दर्शन, २०७२
  - अध्ययन बिदा व्यवस्थापन दिग्दर्शन, २०७२
  - निवृत्तिभरण व्यवस्थापन कार्यविधि, २०७१

- नेपाल कृषि अनुसन्धान परिषद् सार्वजनिक जीवन वीमासम्बन्धी कार्यविधि, २०६५
- व्यवसायिक लेखा प्रणालीसम्बन्धी कार्यविधि, २०५४
- खर्चको मापदण्डसम्बन्धी कार्यविधि, २०७१
- दैनिक भ्रमण भत्तासम्बन्धी अनुसूची, २०७२
- सम्पत्ति व्यवस्थापनसम्बन्धी विधि, २०५४
- सम्पत्ति तथा सामान लिलाम बिक्रीसम्बन्धी कार्यविधि, २०५६
- उद्यमी किसान र बेरोजगार युवाका लागि आवासीय कृषि तालिम कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५
- अनुगमन तथा मूल्याङ्कन पद्धति, २०७९

४.३. **नीतिगत व्यवस्था -** नेपाल कृषि अनुसन्धान परिषद्सँग सम्बन्धित नीतिगत व्यवस्था देहाएबमोजिम रहेका छन:-

- **राष्ट्रिय कृषि नीति, २०६१** – व्यवसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीको विकासमार्फत् जीवनस्तर सुधार, प्राकृतिक स्रोत तथा वातावरणको संरक्षण, सम्वर्द्धन एवम् सदुपयोग, कृषि क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था लगायतका विषयहरू उल्लेख गरिएका छन्।
- **कृषि व्यवसाय प्रवर्धन नीति, २०६३** – बजारमुखी र प्रतिस्पर्धात्मक कृषि उत्पादन गर्न सहयोग गर्ने, कृषिजन्य उद्योगको विकास गरी आन्तरिक बजार तथा निर्यात प्रवर्धनमा योगदान पुऱ्याउने तथा कृषिको व्यवसायीकरण गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने उद्देश्यसहित कृषि विकास सम्बन्धी नीतिहरूको व्यवस्था गरिएका छन्।
- **कृषि जैविक विविधता नीति, २०६३** – कृषि जैविक विविधताको पहिचान, संरक्षण, सम्वर्धन, विकास र दिगो उपयोग गर्ने उद्देश्य, राष्ट्रिय जीन बैङ्क सम्बन्धी व्यवस्था, कृषि जैविक विविधताको संरक्षण र सदुपयोग गर्न कृषि, वन र वातावरण क्षेत्रबीचको सहकार्य लगायतका विषयहरू उल्लेख छन्।

४.४. **पन्ध्रौं आवधिक योजना (आ.व.२०७६।७७ – २०८०।८१)**: पन्ध्रौं योजनाको परिच्छेद ६ अन्तर्गत कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत गर्दै प्रभावकारी बनाउने र गुणस्तरीय उत्पादन सामाग्री तथा सेवाको उपलब्धताको सुनिश्चितता गर्ने रणनीतिअन्तर्गत समस्या समाधानमा केन्द्रित र प्रविधि उत्पादन गर्ने प्रमुख थलोको रूपमा विकास गर्न कृषि अनुसन्धानलाई साधन र स्रोत सम्पन्न बनाइने, अनुसन्धानको संरचनालाई प्रभावकारी बनाउन समसामयिक नीति एवम् कानुन संशोधन गर्नुका साथै तत्सम्बन्धी अध्ययन र अनुसन्धान गर्न कृषि नीति अनुसन्धान प्रतिष्ठानको स्थापना गरिने, कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषद्को अगुवाइमा मानित विश्वविद्यालय स्थापना गरिने कार्यनीतिहरू तय गरिएको थियो।

४.५. **सोह्रौं आवधिक योजना (आ.व. २०८१।८२ - २०८५।८६)**: उत्पादन, उत्पादकत्व तथा क्षमता अभिवृद्धि कार्यक्रमअन्तर्गत कृषि अनुसन्धान तथा विकास सम्बन्धी प्रमुख कार्यक्रमहरू यसप्रकार छन्:

- कृषि अनुसन्धानसम्बन्धी निकायहरूको सबलीकरण,
- कृषि अनुसन्धान, शिक्षा र प्रसार बीच अन्तर – आबद्धता कायम गर्न संयन्त्र निर्माण,
- उत्पादनमा आधारित अनुदान प्रणालीको संस्थागत विकास,

- जलवायुमैत्री कृषि प्रणाली अवलम्बन,
- महिलामैत्री तथा युवा लक्षित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन,
- कृषिका नविनतम् प्रविधिहरूको प्रवर्धनमार्फत् कृषि उद्यम र रोजगारी सिर्जनाद्वारा कृषि क्षेत्रमा आकर्षण वृद्धि,
- हाल सञ्चालनमा रहेका कृषिसम्बन्धी कार्यक्रमहरूको पुनर्संरचना गरी नयाँ मोडेलमा सञ्चालन,
- कृषि जनशक्ति व्यवस्थापन तथा सिप अभिवृद्धि,
- कृषि क्षेत्रसँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा विकासमा सार्वजनिक–निजी–साझेदारी अवलम्बन र विश्विद्यालय तथा अनुसन्धान प्रतिष्ठानसँगको सहकार्यमा व्यवहारिक अध्ययन, अनुसन्धान सञ्चालन।

४.६. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य (२०१६-२०३०) मा उल्लिखित १७ लक्ष्यहरूमध्ये लक्ष्य नं. २ मा भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषिको प्रवर्धन गर्ने उल्लेख छ। जसमा सन् २०३० सम्ममा सानास्तरका खाद्यान्न उत्पादकहरूको कृषिको उत्पादकत्व र आय दोब्बर वृद्धि गर्ने, दिगो खाद्यान्न उत्पादन प्रणालीको सुनिश्चितता गर्ने र उत्थानशील कृषि क्रियाकलापहरू कार्यान्वयन गर्ने लक्ष्य राखिएको छ। यसले सन् २०३० सम्ममा प्रतिव्यक्ति खाद्यान्न उत्पादन कम्तीमा ६६ प्रतिशतले बढाउने लगायतका परिमाणात्मक लक्ष्यहरू राखेको देखिन्छ। त्यसै गरी राष्ट्रिय योजना आयोगको पुनरावलोकन गरिएको दिगो विकास लक्ष्यको लक्ष्य नं. २.५ मा खाद्य तथा कृषिका लागि जैविक विविधताको संरक्षणसम्बन्धी उल्लेख छ। जसअनुसार राष्ट्रिय, क्षेत्रिय तथा अन्तर्राष्ट्रिय तहमा सुदृढ रूपमा व्यवस्थापन गरिएका बिउ बैङ्क, विरूवा बैङ्क तथा डि.एन.ए. बैङ्कहरू सञ्चालन गर्ने तथा आनुवंशिक स्रोत र सम्बन्धित परम्परागत ज्ञानको उपयोगबाट प्राप्त लाभको न्यायोचित र समान बाँडफाँट सुनिश्चित गर्ने लक्ष्य राखिएको छ।

४.७. **वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य –** नेपाल कृषि अनुसन्धान परिषद्को स्रोतसाधन प्रयोगको प्रभावकारिता सम्बन्धमा विगत पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका बेहोराहरू देहायबमोजिम रहेका छन् -

आर्थिक वर्ष	वार्षिक नीति तथा कार्यक्रम	बजेट वक्तव्य
२०७७।७८	• नेपाल कृषि अनुसन्धान परिषद्लाई समयानुकूल सुधार गरी परिणाममुखी बनाइने। • हाइब्रिड जातका बालीवस्तुको विकास गर्न विशेष ध्यान दिइने। • कृषि अनुसन्धानसम्बन्धी विद्यमान संरचनाहरूलाई स्तरोन्नती गरी सबै प्रदेशमा एग्रीकल्चर तथा लाइभस्टक एक्सलेन्स सेन्टरको विकास गरिने। यी सेन्टरबाट कृषकहरूलाई सहभागी गराई कृषि र पशुपालनको व्यावहारिक अनुसन्धान र कृषि प्रविधिको प्रयोगसम्बन्धी सीप हस्तान्तरणसँगै उत्पादन गर्ने व्यवस्था मिलाइने।	**बुँदा नं ९४** नेपाल कृषि अनुसन्धान परिषद्को कार्य क्षेत्र विस्तार तथा क्षमता विकास गरी स्थानीय मौलिक खाद्यान्न, पशुपन्छी तथा मत्स्यपालन एवम् अन्य बालीको पक्षीकरण, उत्पादकत्व र बहुप्रयोगका सम्बन्धमा अनुसन्धान गरिने। कृषि क्याम्पसलाई अनुसन्धान कार्यमा प्रोत्साहन गरिने।
२०७८।७९	नीति तथा कार्यक्रम तर्जुमा नभएको।	• **बुँदा नं ११३** कृषि अनुसन्धानमा लगानी वृद्धि गरिने। नेपाल कृषि अनुसन्धान परिषद्बाट

		अन्नवाली बिउ बिजन र नक्षलाई संरक्षण गर्न विश्वविद्यालयसँग सहकार्य गरिने। कृषि उत्पादन वृद्धिका लागि प्रत्येक दुई दुई वर्षमा बिउ फेर्न किसानलाई उत्प्रेरित गरिने। • **बुँदा नं ११४** कृषि उत्पादनमा आधुनिक प्रविधिको सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान प्रदान गर्न दुई वर्षभित्र झापाको चन्द्रडाँगी, सर्लाहीको नवलपुर लगायत सबै प्रदेशका एक एक कृषि फार्मलाई सेन्टर अफ एक्सिलेन्सको रूपमा विकास गरी सञ्चालनमा ल्याइने।
२०७९।८०	• कृषिलाई आर्थिक वृद्धि र रोजगारीको प्रमुख संवाहकको रूपमा विकास गरिने। • नयाँ कृषि नीति तर्जुमा गरी कृषि अनुसन्धान, यान्त्रिकीकरण, व्यवसायीकरण र जलवायु अनुकूलन प्रविधिको प्रवर्धन गरिने। • कृषि क्षेत्रको आधुनिकीकरण गरी आर्थिक वृद्धिको आधारलाई बलियो बनाइने। • खाद्यवस्तुको उत्पादन बढाउने तथा प्रशोधन लागत घटाउने कार्यक्रम ल्याइने। • गुणस्तरीय, उन्नत तथा वर्णसङ्कर बिउ विकास गरी बिउबिजनमा आत्मनिर्भर हुने र जलवायु परिवर्तनका असरलाई धान्नसक्ने वातावरण अनुकूलनमैत्री स्थानीय बिउबिजनको अनुसन्धान र विकासमा जोड दिइने।	• **बुँदा नं ३८** खाद्य सुरक्षाको लागि बिउ सुनिश्चितता अभियान अन्तर्गत कृषिमा आत्मनिर्भरताका लागि गुणस्तरीय बिउ बिजनमा क्रमशः आत्मनिर्भर बनाउँदै लगिने, उन्नत तथा वर्णशंकर बिउ विकास तथा अनुसन्धानमा राष्ट्रिय कृषि अनुसन्धान परिषद्, विश्वविद्यालयहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, निजी क्षेत्र तथा किसानहरूको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइने। • **बुँदा नं ४१** कृषि, खाद्य प्रविधि तथा पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरूलाई क्रमशः अन्तर्राष्ट्रिय प्रत्यायनयुक्त प्रयोगशालामा स्तरोन्नति गर्न न्यूनतम पूर्वाधार विकास र क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिने।
२०८०।८१	• एकीकृत राष्ट्रिय अनुदानसम्बन्धी कानुन एवम् कृषि अनुसन्धान नीति तर्जुमा गरिने। • कृषि, पशुपन्छी तथा खाद्यसम्बन्धी प्रयोगशालाहरूलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप स्तरोन्नती गरिने, प्रयोगशालाहरूको अन्तर्राष्ट्रिय सम्बन्धन प्राप्तिका लागि आवश्यक व्यवस्था गरिने। • खाद्यान्न भण्डारगृहको क्षमता अभिवृद्धि गरी न्यूनतम परिमाणको खाद्यान्न मौज्दात राख्ने व्यवस्था गरिने।	• **बुँदा नं ८५** बिउ खरिद, रासायनिक मल, बीमा र यान्त्रिकीकरणमा दिइँदै आएको अनुदान बाहेकका बाँकी सबै प्रकारका कृषि अनुदानलाई उत्पादनमा आधारित बनाइने। • **बुँदा नं १०८** राष्ट्रिय कृषि अनुसन्धान परिषद्बाट धान, स्याउ, मकै, कोदो, जौ, सूर्यमुखी, जुनार र अदुवा लगायतका नयाँ जातका कृषि बाली र प्रविधि विकास गरिने। • **बुँदा नं १०९** कृषि क्षेत्रको विकासका लागि संघ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गर्ने गरी संघीय कृषि ऐन तर्जुमा गरिने।
२०८१।८२	• प्रमुख खाद्यान्न तथा तरकारीमा आत्मनिर्भर हुनेगरी कृषि क्षेत्रका कार्यक्रमहरूको पुनःसंरचना गरिने। • कृषि उत्पादनमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिने। • बिउ बिजनमा आत्मनिर्भरताका लागि विशेष कार्यक्रम सञ्चालन गरिने, आगामी आर्थिक वर्षभित्र सबै स्थानीय जातका बालीहरू दर्ता	• **बुँदा नं ३७** आगामी आर्थिक वर्ष फलफूलको कम्तीमा सात लाख गुणस्तरीय विरूवा उत्पादन गर्ने गरी चौध सरकारी फर्मको क्षमता विस्तार गरिने, टिस्यु कल्चर प्रविधिद्वारा विरूवा उत्पादन गर्न अत्याधुनिक प्रयोगशाला स्थापना गरिने। • **बुँदा नं ४८** कृषि अनुसन्धानमा संलग्न कृषि अनुसन्धान परिषद् लगायतका निकायको

	गरी उच्च उत्पादक जातिका बाली प्रवर्धन गरिने।	क्षमता अभिवृद्धि गरिने, आगामी आर्थिक वर्ष थप ७५ कृषि प्रविधिको विकास गरिने।

५. **विश्वव्यापी अभ्यास -** दिगो कृषि विकास, खाद्य सुरक्षा, जलवायु अनुकूलन, कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि, कृषि क्षेत्रका समस्याबारे अध्ययन र अनुसन्धान, कृषि उत्पादन तथा गुणस्तर अभिवृद्धिको लागि आवश्यक प्रविधि, ज्ञान तथा सीपहरूको खोजपूर्ण अध्ययनलगायतका उद्देश्यले नेपाल लगायत विभिन्न मुलुकहरूमा समेत कृषि अनुसन्धान तथा विकाससम्बन्धी संस्थाहरूको स्थापना भएको छ। यस्ता संस्थाहरूमा उपलब्ध मानवीय, आर्थिक र भौतिक स्रोतहरूको आवश्यकताअनुरूपको व्यवस्था भएको पाइन्छ। केहि उदाहरणहरू देहायबमोजिम रहेका छन्:

- **भारतीय कृषि अनुसन्धान परिषद् -**
  - ~ भारतको कृषि तथा किसान कल्याण कार्यक्रम अन्तर्गत सञ्चालन हुने गरेको,
  - ~ प्रत्येक वर्ष संघीय बजेटमार्फत कृषि अनुसन्धानका लागि रकम विनियोजन हुने गरेको,
  - ~ हाल यसको वार्षिक बजेट १ अर्ब २० करोड अमेरिकी डलरभन्दा बढी हुने गरेको,
  - ~ नीति आयोगमार्फत परियोजना अनुदान दिने गरेको,
  - ~ अन्तर्राष्ट्रिय दाताहरू जस्तै विश्व बैङ्क, एफ.ए.ओ. लगायतबाट विशेष अनुसन्धान परियोजनामार्फत् अनुदान दिने गरेको,
  - ~ आईसिएआर, अनुसन्धान संस्थान, अनुसन्धान केन्द्रलगायत गरी ११३ वटा संस्थाहरूको व्यवस्था गरिएको,
  - ~ अनुसन्धान विशेषज्ञ, अनुसन्धान फेलोसिपलगायत धेरै सङ्ख्यामा कृषि वैज्ञानिक, प्राविधिक कर्मचारी तथा शिक्षकको व्यवस्था रहेको,
  - ~ अन्तर्राष्ट्रिय अनुसन्धान संस्थान तथा परियोजनासँग सहकार्य, विश्विद्यालय तथा अनुसन्धान संस्थासँग एमओयु गरिएको।
- **चिनियाँ कृषि विज्ञान प्रतिष्ठान -**
  - ~ चिन सरकारको कृषि तथा ग्रामिण मामिला मन्त्रालय अन्तर्गत सञ्चालन हुने गरेको,
  - ~ ११ विषय समूहहरूको अध्ययन गर्ने गरेको,
  - ~ हाल करिब १२ हजार कर्मचारी सदस्य जसमध्ये करिब ७ हजार स्थायी कर्मचारीहरू लगायत विभिन्न उच्चस्तरीय प्रतिभा उपाधिका ४ सयभन्दा बढी विजेताहरूले कार्य गर्ने गरेका,
  - ~ धेरै सङ्ख्यामा जीन बैङ्कहरू, प्रयोगशाला केन्द्रहरू, नवप्रवर्तन केन्द्रहरू, अनुसन्धान केन्द्रहरू रहेका,
  - ~ ३ सय ८० भन्दा बढी विदेशी सरकारी विभागहरू, अनुसन्धान संस्थाहरू, प्रतिष्ठानहरू र बहुराष्ट्रिय कम्पनीहरूसँग साझेदारी गरी संयुक्त रूपमा विश्वव्यापी कार्यहरू गर्ने गरेको।
- **अमेरिकी कृषि अनुसन्धान सेवा -**
  - ~ अमेरिकी कृषि विभागको प्रमुख वैज्ञानिक आन्तरिक अनुसन्धान एजेन्सी रहेको,
  - ~ यसमा १५ राष्ट्रिय कार्यक्रमहरूभित्र ६ सय अनुसन्धान परियोजनाहरू रहेको,
  - ~ २ हजार वैज्ञानिक र पोस्ट डक्सले कार्य गर्ने र ५ हजार अन्य कर्मचारीहरू रहेको,
  - ~ ९५ अनुसन्धान स्थानहरूहरू रहेको,
  - ~ वार्षिक वजेट १.७ बिलियन अमेरिकी डलर रहेको।

६. **वित्तीय व्यवस्था -** नेपालमा कृषि क्षेत्रमा अनुसन्धान तथा प्रविधि विकास गरी कृषि उत्पादकत्व वृद्धि, नवीन जात तथा नश्लहरूको उत्पादनमार्फत कृषि क्षेत्रको विकास गर्न नेपाल कृषि अनुसन्धान परिषद्ले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेकोमा आ.व. २०७७।७८ देखि २०८१।८२ सम्म परिषद्को विनियोजन बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छः

आर्थिक वर्ष	कुल बजेट	कुल खर्च	कृषि अनुसन्धान शिर्षकमा विनियोजित बजेट रु.	कृषि अनुसन्धानमा खर्च रु.	खर्च प्रतिशत
२०८१।८२	३५३४२१८०००	२७४०९२६५७०	७०००००००	४८००००००	७७.५५
२०८०।८१	३३४९०००००	२७३२५६३८६०	६६००००००	५२८०००००	८१.५९
२०७९।८०	३३८६७३५०००	२६२३२४४३९०	५४१८७७६००	४७००००००	७७.४६
२०७८।७९	२९८५५६६०००	२४३८८९३१००	४७७६९०५६०	४३१५०००००	८१.६९
२०७७।७८	२६९५६०००००	२२७०९७०५८०	४३१२९६०००	३७०३६८०००	८४.२५

७. **कार्य प्रकिया विश्लेषण -** प्रचलित नीतिगत, कानुनी एवम् सञ्चालनगत प्रक्रियाका आधारमा उपलब्ध स्रोतसाधनको प्रभावकारी प्रयोग र परिचालन गर्नुपर्दछ। यसका लागि नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, विभागलगायत अन्य सरोकारवाला निकायले आवश्यक आर्थिक, भौतिक तथा मानवीय स्रोतसाधनको व्यवस्था गर्ने र सम्बन्धित संस्थाले सो को प्रभावकारी उपयोग गर्नुपर्ने हुन्छ। स्रोतसाधनको आवश्यकता र उपलब्धताको तुलनात्मक अध्ययन गरी समस्या पत्ता लगाउने तथा सुधारका लागि राय सुझाव दिने कार्यहरू समेत विभिन्न निकायबाट हुँदै आएका छन्। स्रोतसाधन प्रयोगमा प्रभावकारिता अभिवृद्धि गर्नको लागि संलग्न निकाय/संस्थाहरू निम्नानुसार छन्:-

- कृषि तथा पशुपन्छी विकास मन्त्रालय
- कृषि विभाग
- प्रदेश सरकार तथा स्थानीय तहहरूको कृषि तथा पशुपन्छी विकास हेर्ने मन्त्रालय तथा निकायहरू
- नेपाल कृषि अनुसन्धान परिषद्
- कृषि अनुसन्धान निर्देशनालयहरू
- कृषि अनुसन्धान केन्द्रहरू

८. **विषय छनोटको औचित्य -** कृषि प्रधान अर्थतन्त्र भएको नेपालमा खाद्य सुरक्षा, दिगो कृषि उत्पादन र ग्रामिण रोजगारका लागि नेपाल कृषि अनुसन्धान परिषद्ले महत्वपूर्ण योगदान गर्दै आएको छ। यस संस्थाका लागि आवश्यक बजेट, कर्मचारी, भौतिक पूर्वाधार तथा अन्य सहयोगहरू नेपाल सरकारबाट व्यवस्था हुने गर्दछ। संस्थाको कार्यसम्पादनको अवस्था जाँच, अनुसन्धानबाट विकसित प्राविधिक ज्ञानमा किसानको पँहुचको अवस्था परीक्षण, मौजुदा कृषि नीति, खाद्य सुरक्षा नीति, जलवायु अनुकूलन तथा दिगो विकास लक्ष्यसँग तादात्म्यता हुने गरी सञ्चालन गरेका कार्यक्रमको अवस्था, अन्तर्राष्ट्रिय संस्थाहरूको तुलनामा संस्थाको सबलीकरणको अवस्था, उपलब्ध स्रोतसाधन उपयोगमा प्रभावकारिता, कार्यकुशलता तथा पारदर्शिता सम्बन्धमा अध्ययन, परीक्षण तथा विश्लेषण गरी देखिएका समस्या समाधानका लागि उपयुक्त सुझावसहितको प्रतिवेदन तयार गर्ने उद्देश्यले यस विषयलाई कार्यमूलक लेखापरीक्षणको विषयका रूपमा छनोट गरिएको हो।

परिच्छेद – २
लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति

९. **लेखापरीक्षणको उद्देश्य -** नेपाल कृषि अनुसन्धान परिषद्सँग सम्बन्धित स्रोतसाधनको मितव्ययी, प्रभावकारी र कार्यदक्षतासहितको उपयोग अवस्थाबारे अध्ययन विश्लेषण गरी देखिएका बेहोराहरूमा सुधारका लागि उपयुक्त सुझावसहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। लेखापरीक्षणको मुख्य उद्देश्य अनुरूप परीक्षण गर्न देहायबमोजिम लेखापरीक्षण प्रश्नहरू निर्धारण गरिएको छ:

- कृषि अनुसन्धान परिषद्को नीति, कानुनी तथा संस्थागत व्यवस्थाको विश्लेषण गर्ने,
- कृषि अनुसन्धान कार्यमा परिषद्को आम्दानी, बजेट तथा खर्चको मितव्ययी र प्रभावकारी उपयोगको अवस्था परीक्षण गर्ने,
- परिषद्को जनशक्तिको कार्यदक्षता र प्रभावकारी उपयोगको परीक्षण गर्ने,
- परिषद्सँग सम्बन्धित जग्गा लगायतका भौतिक सम्पत्तिको प्रभावकारी उपयोगको परीक्षण गर्ने,
- परिषद्ले अनुसन्धान लक्ष्य एवम् उद्देश्यबमोजिम नतिजा प्राप्त गरेको छ छैन परीक्षण गर्ने।

१०. **लेखापरीक्षणको संवैधानिक तथा कानुनी क्षेत्राधिकार -**

१०.१. **लेखापरीक्षणको संवैधानिक तथा कानुनी क्षेत्राधिकार -** नेपालको संविधानको भाग २२ को धारा २४० को अधिनमा रही नेपालमा एक महालेखापरीक्षक हुने र धारा २४१ ले महालेखापरीक्षकको कार्यालयले नेपालका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्ने भन्ने व्यवस्थाबमोजिम कार्यमूलक लेखापरीक्षण गरिएको छ।

१०.२. **लेखापरीक्षणको क्षेत्र -** यस लेखापरीक्षणको लागि छनोटको आधारमा नेपाल कृषि अनुसन्धान परिषद् तथा यसअन्तर्गतका निर्देशनालयहरूको तथ्याङ्क एवम् विवरणलाई लेखापरीक्षणको क्षेत्रभित्र समावेश गरिएको छ। लेखापरीक्षणका लागि मुलभूत रूपमा २०७७/७८ देखि २०८१/८२ सम्मका विवरण एवम् तथ्याङ्क सङ्कलन गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकताअनुसार अन्य सम्बन्धित निकायबाट समेत आवश्यक सूचना एवम् जानकारी सङ्कलन गरिएको छ।

११. **लेखापरीक्षण पद्धति तथा आधार -** लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि स्रोत उपयोगको मूल्याङ्कन गर्न प्रक्रियामूलक पद्धति तथा उपलब्धि मूल्याङ्कन गर्न नतिजामूलक पद्धति अवलम्बन गरिएको छ। यो पद्धति कार्यान्वयनका क्रममा सम्बन्धित निकायबाट जानकारी तथा निकाय प्रमुखलगायत अन्य पदाधिकारीसँग छलफल, अवलोकनका माध्यमबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ। नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (इसाई ३००), लेखापरीक्षणका मानदण्ड (इसाई ३०००) र कार्यमूलक लेखापरीक्षण निर्देशिका, २०८० बमोजिम लेखापरीक्षण गरिएको छ।

१२. **लेखापरीक्षणको सीमा -** लेखापरीक्षणका लागि उपलब्ध स्रोत, साधन र समयको सीमा, नियन्त्रण जोखिमको विश्लेषण तथा लाभ लागत विश्लेषणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न सम्भव नभएको, लेखापरीक्षण योजना बमोजिमको सारभूत विषयको छनोट गरी लेखापरीक्षण गरिएको छ। निकायहरूबाट प्राप्त सूचना, अभिलेख, विवरण, सरोकारवालासँगको छलफल, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिवेदन विश्लेषणका आधारमा लेखापरीक्षण निष्कर्ष तयार गरिएको छ। साथै नमुनाको रूपमा नेपाल कृषि अनुसन्धान परिषद्लगायत सो अन्तर्गतका राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जीन बैङ्क), खुमलटार, राष्ट्रिय खाद्य अनुसन्धान केन्द्र, खुमलटार, राष्ट्रिय बिउ विज्ञान प्रविधि अनुसन्धान केन्द्र,

खुमलटार, राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रम, बारा, बागवानी अनुसन्धान केन्द्र, कास्कीलगायत ४० वटा कार्यालयहरू छनोट गरी उक्त अनुसन्धान संस्थाहरूबाट प्राप्त प्रतिक्रिया, प्रश्नावली जवाफ एवम् स्थलगत अवलोकन साथै सरोकारवाला समुह र नागरिक समाज संस्थाबाट प्राप्त मूल्याङ्कन नतिजाको आधारमा प्रतिवेदनको समग्र निष्कर्ष निर्धारण गरिएको छ। स्रोत, साधन र समय सीमाका कारण स्थलगतरूपमा स्रोतको उपयोगको प्रभाव मूल्याङ्कन गर्न सम्भव नभएकोले जिम्मेवार निकायबाट गरिएका मूल्याङ्कन अध्ययन विश्लेषणलाई उपयोग गरी प्रतिवेदन तयार गरिएको छ।

परिच्छेद – ३
लेखापरीक्षणबाट देखिएको बेहोराहरू

नेपाल सरकारलाई कृषि सम्बन्धी नीति तर्जुमा गर्न सहयोग गर्ने, अध्ययन अनुसन्धान गर्ने तथा कृषि क्षेत्रका समस्याहरूको निराकरणको उपाय पत्ता लगाई आवश्यक प्रविधि, ज्ञान तथा सीपको खोजमूलक अध्ययन गर्ने उद्देश्यसहित २०४८।१।२५ मा नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)को स्थापना भएको हो। यसले केन्द्रीय कार्यालयसहित ६३ कार्यालयबाट कार्यक्रम सञ्चालन गर्दै आएको छ। यो वर्ष नेपाल कृषि अनुसन्धान परिषद्को स्रोतसाधन प्रयोगको प्रभावकारिता बिषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सकारात्मक पक्ष

- परिषद्ले प्रदेश सरकार र स्थानीय सरकारसँग सहकार्य गर्दै कृषक भ्रमण कार्यक्रम सञ्चालन, कृषकको खेतबारीमै कृषि प्रविधि प्रवर्धन कार्यक्रम कार्यान्वयन, समुदायस्तरमा बिउ उत्पादन कार्यक्रम सञ्चालन, परिषद्द्वारा विकसित विभिन्न जातहरूको अपनत्व अभिवृद्धिका लागि स्थानीय तथा प्रदेशस्तरका व्यवसायिक कृषकहरूसँगको साझेदारीमा ब्रान्डिङ कार्य सञ्चालन, कृषकको खेतबारीमै प्रविधि प्रमाणीकरणका लागि बाह्य अनुसन्धान कार्य सञ्चालन, तीनै तहका कृषकहरूलाई वार्षिक रूपमा करिब १००० मेट्रिक टन स्रोत बिउ उत्पादन र बिक्री वितरण, कृषि सल्लाहसम्बन्धी साप्ताहिक बुलेटिन प्रकाशन, किसान कल सेन्टर सञ्चालन लगायतका कार्यहरू गर्दै आएको छ।
- परिषद्ले विकास गरेका प्रविधिहरूलाई परिषद्को वेवसाइट, नार्क नेपाल नामक युटुयुब च्यानल, नार्क कृषि नामको एप्लिकेसन कार्यक्रम, नार्क सम्बन्धी रेडियो तथा एफ एम कार्यक्रम, टेलिभिजनमा कृषि कार्यक्रमलगायतका सञ्चार माध्यमहरू प्रयोग गरी कृषकस्तरमा पुऱ्याउने गरिएको छ।
- परिषद्ले कृषि तथा अनुसन्धानका क्षेत्रमा विभिन्न जातिय विकास, प्रविधि विकास, सामाजिक आर्थिक तथा नीतिगत सुझाव, इन्जीनियरिङ्ग र खाद्य अनुसन्धान, कृषि आनुवांशिक स्रोत संरक्षण, प्रविधि हस्तान्तरण लगायतका अनुसन्धान र विकास गरेको छ।

सुधार गर्नुपर्ने पक्ष

१३. **कानुनी तथा नीतिगत व्यवस्था** – नेपालको संविधानले अनुसूची ६ बमोजिम प्रदेश सरकारको अधिकारक्षेत्रअन्तर्गत कृषि विकास, अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकारक्षेत्र अन्तर्गत कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण तथा अनुसूची ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारक्षेत्रअन्तर्गत कृषि विषयको व्यवस्था गरेको छ। स्वायत्त रूपमा कृषि अनुसन्धान र विकास गर्न अनुसन्धानमूलक संस्थाको स्थापना गर्नका निमित्त नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ जारी भएतापनि यस ऐनलगायत अन्य ऐन, नियम, विनियम समयसान्दर्भिक रूपमा तर्जुमा तथा परिमार्जन हुन सकेको देखिदैंन।

क्र.स.	कानुन	संशोधन
१	नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८	२०७५ (तेश्रो)
२	कार्य सञ्चालन विनियम, २०४९	२०५५ (प्रथम)
३	आर्थिक प्रशासन विनियम, २०४९	२०६० (दोश्रो)
४	राष्ट्रिय कृषि नीति, २०६१	-

५	पदपूर्ति समितिको कार्यविधि २०६१	२०६६ (दोश्रो)
६	कृषि जैविक विविधता नीति, २०६३	२०७१(पहिलो)
७	राष्ट्रिय मल नीति, २०५८	-

माथि उल्लिखित ऐन तथा विनियमहरूमा भएका संशोधन तथा परिमार्जन वर्तमान संघीय शासन प्रणाली अनुसार नभएको साथै प्रचलित कानुन एवम् कृषि अनुसन्धानका दृष्टिमा समेत अपर्याप्त रहेको परिषद्को भनाई छ। राष्ट्रिय कृषि प्रणालीलाई प्रवर्धन गरी कृषि अनुसन्धानलाई प्रभावकारी बनाउन समयानकूल कानुनी व्यवस्थामा समायोजन गरी कार्यान्वयन गरिनुपर्दछ। यसका साथै निम्न कानुनहरूको सन्दर्भमा देहायअनुसार देखिन्छः

१३.१. **नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८** - यस ऐनले परिषद्को स्थापना र सञ्चालनका लागि प्रारम्भिक कानुनी मार्गप्रशस्त गरेतापनि बदलिँदो संघीय शासन प्रणाली, जलवायुका नवीन चुनौतीहरू तथा आधुनिक प्रविधिमैत्री कृषि प्रणालीको सन्दर्भमा यो ऐन हाल पर्याप्त र समयसान्दर्भिक बन्न सकेको देखिदैँन। देश संघीयतामा गईसकेको साथै नेपालको संविधानले कृषि क्षेत्रको अधिकार समेत तीनै तहमा बाँडफाँट गरेको वर्तमान परिप्रेक्ष्यमा नेपालको कृषि अनुसन्धानलाई नतिजामुखी, स्वायत्त र विश्वव्यापी रूपमा प्रतिस्पर्धी बनाउन यस ऐनलाई परिमार्जन गरी संघीय ढाँचा अनुकुलको नयाँ एकीकृत कृषि अनुसन्धान ऐन तर्जुमा गर्नुपर्दछ।

१३.२. **कृषि नीति, २०६१** - राष्ट्रिय कृषि नीति, २०६१ ले कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादकत्व वृद्धि र गरिबी निवारणको दीर्घकालिन लक्ष्य राखेतापनि करिब दुई दशकको अन्तरालमा आएका राजनीतिक, संवैधानिक र पर्यावरणीय परिवर्तनहरूलाई सम्बोधन गर्न नीति समयसान्दर्भिक हुन नसकेको एवम् नयाँ शासकीय संरचना बमोजिमको नीति तर्जुमा हुन नसक्दा कृषि विकास रणनीतिले परिकल्पना गरेका कतिपय सुधारका कार्यहरूलाई समेत यस नीतिले कानुनी र नीतिगत आधार प्रदान गर्न समर्थ भएको देखिदैँन। कृषि अनुसन्धानलाई परिणाममूखी र संघीय ढाँचा अनुकूल बनाउन नयाँ कृषि तथा कृषि अनुसन्धान नीति तर्जुमा गर्नुपर्दछ।

१३.३. **अधिकार क्षेत्रको अष्पष्टता** - नेपालको संविधानबमोजिम कृषि क्षेत्रलाई तीनै तहका सरकारको अधिकारको सूचीमा व्यवस्था भएतापनि कुन तहले कृषिसम्बन्धी कुन कार्य गर्ने स्पष्ट व्यवस्था नहुँदा कृषि अनुसन्धानमा प्रभाव परेको देखिन्छ। संघीय निकायको रूपमा रहेको नेपाल कृषि अनुसन्धान परिषद् र प्रदेशस्तरीय कृषि अनुसन्धानका संरचनाहरूबीच कार्यक्षेत्रको स्पष्टता हुन सकेको छैन। अधिकारक्षेत्रको अस्पष्टताले गर्दा संघ र प्रदेश दुबै तहबाट एउटै बाली वा प्रविधिमा समानान्तर रूपमा बजेट विनियोजन भई अनुसन्धान कार्यहरू दोहोरिने जोखिम देखिएको छ। अनुसन्धान नतिजाहरूको स्वामित्व ग्रहण गर्ने र ती प्रविधिलाई किसानको खेतबारीसम्म पुऱ्याउने प्रसार संयन्त्रबीच उचित समन्वय हुन नसक्दा अनुसन्धान प्रभावकारिता कमजोर भएकोले राष्ट्रिय कृषि प्रणालीलाई प्रवर्धन गरी कृषि अनुसन्धानलाई प्रभावकारी बनाउन कार्यक्षेत्रको स्पष्ट किटान गरी अन्तरतह समन्वय कायम गर्नुपर्दछ।

१४. **आन्तरिक स्रोत परिचालन** - नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ११ (२) परिषद्को एउटा छुट्टै कोष हुने, ऐनको दफा ११(२) बमोजिम नेपाल सरकारबाट प्राप्त अनुदान रकम, कुनै विदेशी सरकार वा अन्तराष्ट्रिय संस्थाबाट प्राप्त हुने अनुदान, अनुसन्धान कार्य वा परामर्श सेवा गरेबापत प्राप्त हुने रकम र अन्य स्रोतबाट प्राप्त रकम कोषमा रहने एवम् दफा ११(५) मा परिषद्ले संकलित राजस्व रकम एकल खाता कोषमा जम्मा गर्नुपर्ने एवम् परिषद्द्वारा गर्नुपर्ने सबै खर्च कोषबाट बेहोर्नुपर्ने व्यवस्था छ। सो व्यवस्थाअनुसार परिषद्द्वारा संकलित राजस्व रकम विभिन्न बैंकका २१ वटा मुद्दति तथा चालु खातामा रु. ३ अर्ब ४७ करोड ६८ लाख ८६ हजार र दुई बैंकको डलर खातामा अमेरिकी डलर ४ लाख ८७

हजार ५९७ निष्क्रिय रहेको छ। संकलित राजस्व रकम निष्क्रिय अवस्थामा रहेकोमा समेत दैनिक प्रशासनिक र अनुसन्धान खर्चका लागि नेपाल सरकारको अनुदानमै पूर्ण निर्भर रहनुपर्ने अवस्था छ। दैनिक प्रशासनिक र अनुसन्धान खर्चका लागि नेपाल सरकारको अनुदानमा निर्भर रहनुपर्ने अवस्था छ। बैंकमा निष्क्रिय रहेको रकमलाई परिषद्को अनुसन्धान, क्षमता विस्तार र उच्च प्रविधियुक्त कृषि पूर्वाधार विकासमा परिचालन गर्नुपर्दछ।

क्रासं.	बैङ्कको नाम	हालम्मको जम्मा रकम	कैफियत
१	नेपाल बैङ्क लिमिटेड, गाबहाल	१४८५२१२९४।३८	
	नेपाल बैङ्क लिमिटेड, गाबहाल	३०६२९७०७१।७७	मुद्दती खाता
	नेपाल बैङ्क लिमिटेड, गाबहाल	१५७३२३६४७५।४१	मुद्दती खाता
२	राष्ट्रिय बाणिज्य बैङ्क, थापाथली	२४३२४१२१८।०३	मुद्दती खाता
	राष्ट्रिय बाणिज्य बैङ्क,थापाथली ९१२००६०	१७०३७०८५७।७५	संचालनमा
	राष्ट्रिय बाणिज्य बैङ्क ९७५००१०	५९३४१०८५।३०	
	राष्ट्रिय बाणिज्य बैङ्क, थापाथली	३४९३६४१८३।८९	मुद्दती खाता
	राष्ट्रिय बाणिज्य बैङ्क, थापाथली	४३८७३९०४५।७८	मुद्दती खाता
	राष्ट्रिय बाणिज्य बैङ्क, थापाथली	२०४७७७९२६।२६	
	राष्ट्रिय बाणिज्य बैङ्क, थापाथली	४०६०५५६९२।०१	मुद्दती
३	कृषि विकास बैङ्क	१९५१८४७२।०३	मुद्दती खाता मात्र
	कृषि विकास बैङ्क ९८०१००	१०२६७८।०३	रकम भएको तर कारोबार नहुने
	कृषि विकास बैङ्क, लगनखेल	१०२६७८।०३	संचालनमा
	कृषि विकास बैङ्क, रामशाहपथ	६८५४९३४४८।६१	मुद्दती
	कृषि विकास बैङ्क, रामशाहपथ	१२७४४४१९४।०३	मुद्दती
४	हिमालयन बैङ्क लिमिटेड	२५५२६।७०	रकम भएको तर कारोबार नहुने
५	इन्भेष्टभेन्ट मेगा बैङ्क, पुलचोक	२६९०८।०७	रकम भएको तर कारोबार नहुने
६	नबिल बैङ्क लिमिटेड, ललितपुर	२६१८३४१।२८	संचालनमा
	नबिल बैङ्क लिमिटेड, ललितपुर	९००३५२९।०६	
	नबिल बैङ्क लिमिटेड, ललितपुर ९डङम्०	३३६८।७४	संचालनमा
	नबिल बैङ्क विशेष कार्यक्रम ९नेपाली खाता०	१४८५०२०३०।६९	
जम्मा नेपाली रूपैयाँ		**३,४७,६८,८६,०२५।८५**	
१	नबिल बैङ्क विशेष कार्यक्रम ९डलर खाता०	४४५०५४६।६३	
२	कृषि विकास बैङ्क ९डलर खाता०	४३७०५०।८३	रकम भएको तर कारोबार नहुने
डलर खातामा जम्मा रकम		**४४८७५९७।४६**	

१५. राजस्वको लक्ष्य र प्रगति - नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८, आर्थिक प्रशासन विनियम, २०४९(प्रथम संशोधन, २०६७) लगायतले प्रत्येक कार्यालयले आफूले सम्पादन गर्ने क्रियाकलापबाट प्राप्त हुने आम्दानीको वस्तुनिष्ठ प्रक्षेपण गरी राजस्वको वार्षिक लक्ष्य निर्धारण, सरकारी स्रोतको अधिकतम उपयोग गरी आन्तरिक आम्दानी वृद्धि एवम् सङ्कलित राजस्वलाई कानुनबमोजिम परिचालन गर्नेबारे मार्गनिर्देश गरेको छ। परिषद्अन्तर्गतका कार्यालयहरूसँग राजस्वको लक्ष्य र प्रगति विवरण माग गरिएकोमा २३ वटा कार्यालयहरूबाट प्राप्त विवरण अनुसार अधिकांश कार्यालयहरूले राजस्व सङ्कलनको लक्ष्य नै नतोकी राजस्व सङ्कलन, लक्ष्य तोकेका कार्यालयहरूको हकमा पनि वास्तविक क्षमताभन्दा निकै कम लक्ष्य राखि धेरै राजस्व सङ्कलन गरेको विवरण पेश हुन आएको छ। उपलब्ध स्रोतसाधनको

व्यवसायिक उपयोग कार्ययोजना स्पष्ट नहुनु, राजस्वको लक्ष्य निर्धारण गर्दा वैज्ञानिक आधार, विगतको अवस्था अध्ययन नगरिनु जस्ता कारणले राजस्वको लक्ष्य र प्रगतिमा फरक आएको देखिन्छ। विगत वर्षको अवस्था मूल्याङ्कन गर्दै राजस्व आम्दानीको लक्ष्य निर्धारण, दायरा पहिचान र विस्तार एवम् कुशल परिचालनमार्फत् राजस्व असुली वृद्धि गर्नुपर्दछ।

(राजस्वको लक्ष्य र प्रगतिको विस्तृत विवरणलाई अनुसूची १ मा राखिएको छ।)

१६. **बजेट र खर्चको अवस्था -** कृषि अनुसन्धान तथा स्रोतसाधन उपयोगको लागि नेपाल कृषि अनुसन्धान परिषद्ले हरेक वर्ष विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। परिषद्बाट प्राप्त विवरणअनुसार कृषि अनुसन्धानमा आर्थिक वर्ष २०७७।७८ देखि २०८१।८२ सम्मको विनियोजन र खर्च देहायबमोजिम रहेको छः

(रकम रु. हजारमा)

आर्थिक वर्ष	आम्दानी		जम्मा आम्दानी	कुल बजेट	कुल खर्च	खर्च प्रतिशत
	परिषद्	अन्तर्गतका निकायहरू				
२०८१।८२	४८७४	१७५६१२	१८०४८७	३५३४२१८	२७४०९२६	७७.५५
२०८०।८१	२०३६	१६१९७४	१६४०१०	३३४९०००	२७३२५६३	८१.५९
२०७९।८०	१९७४५	१४७११९	१६६८६५	३३८६७३५	२६२३२४४	७७.४६
२०७८।७९	२४७९	१५०३९७	१५२८७६	२९८५५६६	२४३८८९३	८१.६९
२०७७।७८	३१३३	१३७१६२	१४०२९५	२६९५६००	२२७०९७०	८४.२५

प्रस्तुत तथ्याङ्कले नेपाल कृषि अनुसन्धान परिषद्को बजेट, आम्दानी र खर्चको अवस्थालाई चित्रण गर्छ। ५ वर्षको तथ्याङ्क हेर्दा आ.व. २०७७।७८ मा ८४.२५ प्रतिशत खर्च भएकोमा आ.व. २०८१।८२ मा ७७.५५ प्रतिशत पुगेको देखिन्छ जसले बजेटको पूर्ण परिचालन हुन नसकेको स्पष्ट पार्दछ। त्यस्तै आम्दानी र बजेटबीच समेत ठूलो अन्तर रहेको देखिन्छ। आ.व. २०८१।८२ को कुल आम्दानी रु. १८ करोड ४ लाख ८७ हजार रहेकोमा कुल बजेट रु. ३५ करोड ३४ लाख २१ हजार रहेको छ, जसले परिषद्को बजेट आफ्नो आम्दानी भन्दा पनि सरकारी अनुदान वा बाह्य स्रोतमा निर्भर रहेको देखिन्छ। उपलब्ध बजेटको पूर्ण परिचालन एवम् परिषद्द्वारा विकसित प्रविधि, बिउ बिजन र सेवाबाट आन्तरिक आम्दानी वृद्धि गरी उपलब्ध स्रोत परिचालन प्रभावकारिता वृद्धि गर्नुपर्दछ।

१७. **दरबन्दी र पदपूर्ति -** नेपाल कृषि अनुसन्धान परिषद्को कर्मचारी प्रशासन विनियमावली, २०४९ र पदपूर्ति समितिको कार्यविधि, २०६१ बमोजिम परिषद्का लागि आवश्यक कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षणमार्फत पदपूर्ति गर्ने व्यवस्था रहेको छ। परिषद्को कर्मचारीहरूको स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण निम्नबमोजिम रहेको छः



परिषद्को कुल स्वीकृत दरबन्दी संख्या १ हजार ८२३ मध्ये प्रशासनतर्फ ३१२, लेखातर्फ ८३, प्राविधिकतर्फ ६९३, प्राविधिक अधिकृततर्फ ३२२ र वैज्ञानिकतर्फ ४१३ रहेकोमा ८८० पदमा पदपूर्ति भई ९४३ (५१.७३ प्रतिशत) पद रिक्त रहेको छ। कर्मचारी अवकाश, वैदेशिक अध्ययनमा गई फर्केपछि राजिनामा दिनु लगायतको कारण दरबन्दी अनुसारको पदको ठुलो हिस्सा रिक्त रहेको अवस्था छ। कृषि अनुसन्धान र विकासका लागि स्थापित संस्थामा दरबन्दी अनुसार पदपूर्ति नहुँदा संस्था स्थापनाको उद्देश्य पूरा नहुनुको साथै लगानीको सही सदुपयोग गर्न नसकिने हुँदा संस्थाको कार्यचाप र आवश्यकता अनुसार पदपूर्ति हुनुपर्दछ।

(दरबन्दी र पदपूर्तीको अवस्थाको विस्तृत विवरण अनुसूची २ मा राखिएको छ।)

१८. **जनशक्ति पलायन** - नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अनुसार नेपालको परम्परागत तथा निर्वाहमुखी कृषि प्रणालीलाई कृषि प्रविधिको विकास र विस्तार, खाद्य तथा पोषण सुरक्षा, जलवायु परिवर्तन अनुकूलन कृषि खेती, कृषि नीति तर्जुमा र आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनका लागि नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना गरिएको हो। परिषद्बाट प्राप्त विवरणअनुसार जनशक्तिको विगत ५ आ.व. को कार्यालय छोड्ने सङ्ख्या निम्नानुसार देखिन्छ:

क्र.सं.	आर्थिक वर्ष	कार्यालय छोड्ने संख्या		जम्मा
		परिषद् केन्द्रीय कार्यालय	परिषद् अन्तर्गतका अन्य कार्यालयहरूबाट	
१	२०७७/७८	०	४४	४४
२	२०७८/७९	०	९	९
३	२०७९/८०	१	२०	२१
४	२०८०/८१	०	१८	१८
५	२०८१/८२	३	३	६
	जम्मा	**४**	**९४**	**९८**

परिषद्बाट प्राप्त विवरण अनुसार आ.व. २०७७।७८ देखि २०८१।८२ सम्म परिषद् केन्द्रीय कार्यालयमा कार्यरत ४ र अन्तर्गतका अन्य कार्यालयबाट ९४ समेत ९८ जनाले सेवाबाट अलग भएको देखिएको छ। जसमध्ये सबैभन्दा बढी आ.व. २०७७।७८ मा ४४ जना र सबैभन्दा कम आ.व. २०८१।८२ मा ३ जनाले कार्यालय छाडेको देखिन्छ। कानुनको प्रभावकारी कार्यान्वयन नहुनु, कमजोर वृत्ति विकास र सेवा सुविधाको कमी हुनुले कर्मचारी पलायन हुने गरेको कार्यालयको प्रतिक्रिया रहेको छ। कर्मचारी पलायन हुने प्रवृत्तिले स्वीकृत दरबन्दी अनुसारका अनुसन्धान कार्यक्रमहरू समयमै सम्पन्न

नहुने, संस्थागत स्मृतिमा ह्रास आउने, खाली पदहरूमा पूनः पदपूर्ति गर्न लाग्ने समय र खर्चले संस्थाको प्रभावकारिता कमजोर हुने र कर्मचारीमा गरेको लगानी समेत औचित्यविहिन हुने देखिन्छ। कर्मचारी पलायनलाई न्यूनीकरण गर्नेतर्फ पहल गर्नुपर्दछ।

१९. **कार्यकारी निर्देशक फेरबदल** - नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ ले परिषद्का कार्यकारी निर्देशकको कार्यकाल ४ वर्षको हुने र निजको पुनः नियुक्ति समेत हुनसक्ने व्यवस्था छ। परिषद्को स्थापनाकाल २०४८ देखि करिब ३४ वर्षको अवधिसम्म २५ कार्यकारी निर्देशक कार्यरत रहेको पाइयो। सोअनुसार कार्यकारी निर्देशकको कार्यकाल पूर्ण अवधि हुन नसकेको देखिन्छ। यो वर्ष ३ निमित्त र कायम मुकायमबाट ११ महिना र अन्तिम समयमा मात्र कार्यकारी निर्देशक नियुक्त भएको देखिन्छ। सरकार परिवर्तनभएसँगै परिषद्को कार्यकारी निर्देशक हटाउने र कृषि अनुसन्धान केन्द्रका प्रमुखहरू बारम्बार परिवर्तन भईरहने कारणले परिषद्को अनुसन्धान कार्य प्रभावित भएको देखिन्छ। कृषि अनुसन्धान जस्तो दीर्घकालीन नतिजा र निरन्तरता आवश्यक पर्ने प्राविधिक क्षेत्रमा नेतृत्व अस्थिर हुँदा दीर्घकालिन निर्णय लिन कठिन हुने र दैनिक प्रशासनिक कार्यमा मात्र अल्झिनुपर्ने अवस्थाले कृषि अनुसन्धानमा लगानीको प्रतिफल पूर्ण रूपमा प्राप्त हुन सकेको छैन। नेतृत्व चयन प्रक्रियालाई कार्यसम्पादनमा आधारित र स्थिर बनाई कृषि अनुसन्धानलाई परिणाममुखी बनाउनुपर्दछ।

२०. **कबुलियतनामा** - नेपाल कृषि अनुसन्धान परिषद् कर्मचारी प्रशासन विनियम, २०४९ को नियम ३८ मा परिषद्को मनोनयनमा अध्ययन भ्रमणमा जाने परिषद्को कर्मचारीले यस्तो अध्ययन अवधि पूरा गरेर कार्यालयमा फर्केपछि जति अवधि अध्ययन बिदा बसेको हो त्यति अवधिको ठीक दोब्बर अवधिसम्म परिषद्मा काम गर्नेछु भनी कबुलियत गर्नुपर्ने, सो कबुलियत बमोजिम गर्नुपर्ने काम पूरा अवधि नगरेसम्म निजलाई पुनः अध्ययन बिदा नदिने साथै अध्ययनको लागि छनोट गर्दा वा अध्ययन बिदा स्वीकृत गर्दा यस्तो कर्मचारी अध्ययनबाट फर्केपछि परिषद्मा काम गर्नुपर्ने नोकरी अवधि बाँकी हुने भएमा मात्र अध्ययन बिदा दिनुपर्ने र सो कबुलियतको उल्लंघन गरेमा त्यस्तो कर्मचारी अध्ययन बिदामा रहदाँ लिएको तलब भत्ता, सुविधा र निजलाई परिषद् वा विदेशी संघ संस्थाले अध्ययनका निम्ति निजउपर लगानी गरेको सम्पूर्ण रकम असुल उपर गरी विभागिय कारबाही गर्ने कुरा उल्लेख छ। परिषद्मा विगत वर्षहरूमा अध्ययन, तालिम वा अध्ययन भ्रमणको अवधि समाप्त भए पश्चात् यो वर्षसम्म नफर्कने १७ जना कर्मचारीलाई विनियमअनुसार कारवाही भएको छैन। अनुपस्थित हुने कर्मचारीलाई कानुनबमोजिम कारवाही नगरेका कारण निजको पद समेत रिक्त नभएकाले लामो समयदेखि महत्वपूर्ण वैज्ञानिक पदहरू पदपूर्ति हुन नसकेको अवस्था छ। परिषद्बाट प्राप्त विवरणअनुसार, हालसम्म १७ जना कर्मचारीले वैदेशिक अध्ययनपश्चात् सेवामा नफर्किएका कारण महत्वपूर्ण वैज्ञानिक पदहरू पूर्ति हुन नसकेको र लामो समयसम्म कानुनबमोजिम कारवाही समेत भएको देखिएन। कर्मचारीहरू वैदेशिक अध्ययनमा गएपछि नफर्केने अवस्थाको समेत विश्लेषण गरी कबुलियतनामाको सर्त पूरा नगर्ने कर्मचारीलाई कानुनबमोजिम कारवाही गर्नुपर्दछ।

(वैदेशिक अध्ययनमा गई सेवामा नफर्कने कर्मचारीहरूको विवरण अनुसूची ३ मा राखिएको छ।)

२१. **जग्गाको उपयोग** - नेपाल कृषि अनुसन्धान परिषद्, आर्थिक प्रशासन विनियम, २०४९ ले परिषद्को स्वामित्व वा अधीनमा भएको जग्गा जमिनलगायतका भौतिक सम्पत्तिको सम्भार, रेखदेख र प्रयोग सम्बन्धमा व्यवस्था गरेको छ। परिषद् एवम् सो अन्तर्गतका कार्यालयहरूको जग्गा प्रयोगको अवस्थाको बारेमा तयार गरिएको प्रश्नावलीमा ४४ कार्यालयहरूबाट विवरण प्राप्त भएको र उक्त कार्यालयहरूको जम्मा जग्गा क्षेत्रफल १ हजार ३८६ हेक्टरमध्ये अनुसन्धानमूलक कार्यमा उपयोग भएको जग्गाको क्षेत्रफल ९६५ हेक्टर (६९.६३ प्रतिशत), घर/टहरा भएको १३५ हेक्टर (९.७४ प्रतिशत) र उपयोग नभएको जग्गामध्ये उपयोग गर्न मिल्ने जग्गाको क्षेत्रफल १०७ हेक्टर (७.७२ प्रतिशत) र उपयोग गर्न

नमिल्ने जग्गा क्षेत्रफल १७९ हेक्टर (१२.९१ प्रतिशत) रहेको छ। कृषि अनुसन्धानलाई सुदृढ बनाउन र उन्नत बिउ बिजन एवम् प्रविधिको विकासका लागि जग्गा महत्वपूर्ण भौतिक स्रोत भएकोमा यसको उपयोग प्रभावकारी देखिएन। जग्गाको पूर्ण उपयोग हुन नसक्दा जग्गा बाँझो वा झाडीमा परिणत हुने, अतिक्रमण वा अनाधिकृत वसोबास र सिमाना विवाद हुनाले अनुसन्धान कार्य समेत प्रभावित भई अपेक्षित प्रतिफल प्राप्तिमा समेत कठिनाई उत्पन्न भएको छ। उपलब्ध जग्गालाई बिउ वृद्धि, नमुना फार्म प्रदर्शन वा आयमूलक कृषि कार्यमा प्रयोग गरी संस्थागत आत्मनिर्भरता एवम् कृषि अनुसन्धान प्रवर्धन गर्न ठोस रणनीतिक योजना बनाई लागु गर्नुपर्दछ।

(जग्गासम्बन्धी विस्तृत विवरण अनुसूची ४ मा राखिएको छ।)

२१.१. **जग्गा विवाद -** नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गत ललितपुर जिल्लास्थित गोदावरीमा रहेको मत्स्य विकास केन्द्रको लागि अधिग्रहण गरिएको कित्ता नं १५,१६ र १७ का सम्बन्धमा २१-१४-० रोपनी जग्गामा मुआब्जा विवाद देखिएको छ। कृषि अनुसन्धान र विकासमा उपयोग गर्नुपर्ने जग्गामा नै विवाद उत्पन्न हुँदा कृषि अनुसन्धान कार्य समेत प्रभावित भएको अवस्था छ। विवाद समाधानको संयन्त्र विकास गरी यथाशिघ्र जग्गा विवाद समाधान गरी उक्त जग्गालाई कृषि अनुसन्धानमा उपयोग गर्नुपर्दछ।

२२. **भोगाधिकार -** सरकारी सम्पत्ति व्यवस्थापन मापदण्ड, सरकारी सम्पत्ति वा जग्गा कुनै विशिष्ट प्रयोजनका लागि निश्चित शर्तसहित भोगाधिकार दिइएकोमा सो प्रयोजन समाप्त भएपछि स्वतः फिर्ता हुनुपर्ने वा त्यस्तो सम्पत्ति प्रयोग गरेवापत कानुनबमोजिम शुल्क वा राजस्व भुक्तान गर्नुपर्ने व्यवस्था छ। नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको कृषि अनुसन्धान केन्द्र (बागवानी), मालेपाटन, पोखराको नाममा २०४२।१०।४ मा तत्कालिन श्री ५ को सरकार, अर्थ मन्त्रालय अन्तर्गत मालपोत कार्यालय, कास्कीमा दर्ता भएको जग्गामध्ये ३३७ रोपनी, १७ आना, २ पैसा, ३ दाम जग्गा कास्कीका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा २०६१।१२।३ मा बसेको "सरकारी सम्पत्ति व्यवस्थापन समिति" को बैठकबाट निर्णय भई सशस्त्र प्रहरी बल, कालिका गणलाई पछि फिर्ता हुने गरी निश्चित शर्तसहित भोगाधिकार प्रदान गरेकोमा उक्त प्रयोजन सकिएपश्चात समेत हालसम्म जग्गा फिर्ता नगरी पेट्रोल पम्पलगायत् अन्य संरचना निर्माण गरेको र भोगचलन गरेबापत राजस्व वा शुल्क भुक्तानी गरेको छैन। उक्त जग्गा कृषि अनुसन्धानमा जग्गा प्रयोग हुन नसकी बागवानी विकास र नवीन कृषि उत्पादकत्व वृद्धिमा बाधा पुगेको अवस्था छ। कृषि अनुसन्धानका लागि उपलब्ध जग्गा सोही प्रयोजनमा प्रयोग हुनुपर्दछ।

२३. **प्रयोगशालाको सञ्चालन -** नेपाल कृषि अनुसन्धान परिषद्, आर्थिक प्रशासन विनियम, २०४९ ले परिषद्को स्वामित्वमा रहेका भौतिक सम्पत्तिको उपयोग, सम्भार एवम् संरक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। कार्यालयबाट प्राप्त विवरणअनुसार, कार्यालयमा रहेका तर प्रयोग नभएका प्रयोगशालाहरूको विवरण यसप्रकार रहेको छः

क्र.स.	प्रयोगशालाको विवरण	सञ्चालन गर्ने निकाय	प्रयोगशालामा काम गर्ने जनशक्ति	प्रयोगशालाको अवस्था	प्रयोगमा नआएको कारण
१	प्याथोलोजी ल्याब	कृषि अनुसन्धान निर्देशनालय, खजुरा, बाँके	-	सञ्चालनमा नरहेको	जनशक्ति अभाव
२	स्वायल ल्याब		-		
३	एन्टोमोलोजी ल्याब	कृषि अनुसन्धान निर्देशनालय, लुम्ले, कास्की	-		
४	प्याथोलोजी ल्याब		-		
५	बायो-टेक्नोलोजी ल्याब		-	सञ्चालनमा नरहेको	जनशक्ति अभाव
६	एनिमल न्युट्रिशन ल्याब		-		

क्र.स.	प्रयोगशालाको विवरण	सञ्चालन गर्ने निकाय	प्रयोगशालामा काम गर्ने जनशक्ति	प्रयोगशालाको अवस्था	प्रयोगमा नआएको कारण
७	भेटेरिनरी ल्याब		-		
८	हिस्टोप्याठोलोजी	राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान केन्द्र, खुमलटार	-	सञ्चालनमा नरहेको	सबै उपकरण पुराना र नचल्ने अवस्थामा रहेको
९	प्लान्ट प्याथोलोजी	कृषि अनुसन्धान निर्देशनालय, सुर्खेत	-	सञ्चालनमा नरहेको	जनशक्ति अभाव
१०	बाली संरक्षण प्रयोगशाला	राष्ट्रिय सुन्तलाजात अनुसन्धान कार्यक्रम, पारीपात्ले, धनकुटा	-	सञ्चालनमा नरहेको	जनशक्ति अभाव
११	बाली रोग विश्लेषण प्रयोगशाला	राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम	३	आंशिक सञ्चालनमा रहेको	अटोक्लेभ बिग्रेको, आईसोलेसन र कल्चर रूम बिग्रेको
१२	प्लान्ट फिजियोलोजी प्रयोगशाला		३		पोस्टहार्भेस्ट फिजियोलोजी बाहेक अन्य काम हुन नसकेको
१३	बाली संरक्षण सम्बन्धी प्रयोगशाला	कोसेबाली अनुसन्धान कार्यक्रम, खजुरा, बाँके	१	आंशिक सञ्चालनमा रहेको	विषय विज्ञताको अभावले पूर्ण सञ्चालन हुन नसकेको।
१४	माटो विज्ञान सम्बन्धी अनुसन्धान प्रयोगशाला	राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथ, धनुषा	-	सञ्चालनमा नरहेको	जनशक्ति अभाव

प्रस्तुत तालिकाअनुसार, परिषद्बाट प्राप्त विवरणअनुसार, विभिन्न कार्यालयमा रहेका १४ प्रयोगशालाहरूमध्ये ११ सञ्चालनमा नरहेको र ३ आंशिक रूपमा सञ्चालनमा रहेको देखिएको छ। प्रयोगशाला सञ्चालनका लागि आवश्यक प्राविधिक जनशक्तिको अभाव हुनु, जटिल र आधुनिक प्रयोगशाला सञ्चालनमा विशेषज्ञताको कमी हुनु, मेसिन उपकरणको मर्मत सम्भार समयमा हुन नसक्नु लगायतका कारण रहेका छन यसले गर्दा अनुसन्धानको गुणस्तर र गतिमा प्रत्यक्ष असर परेको देखिन्छ। स्रोतसाधनको उच्चतम प्रयोग गरी दक्ष तथा विशेषज्ञ जनशक्तिको व्यवस्थापन एवम् मेसिन उपकरणको उचित मर्मत सम्भार गरी प्रयोगशाला सञ्चालनमा ल्याउनुपर्दछ।

२४. **आवधिक योजना तथा कृषि विकास रणनीति -** पन्ध्रौं आवधिक योजनामा समसामयिक नीति तथा कानुन संशोधनका साथै कृषि शिक्षा, अनुसन्धान र प्रसारलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषद्को अगुवाइमा मानित विश्वविद्यालय स्थापना गर्ने लक्ष्य रहेकोमा उक्त विश्वविद्यालय स्थापना भएको देखिएन। त्यसैगरी कृषि विकास रणनीति, २०१५-२०३५ अनुसार नेपाल कृषि अनुसन्धान परिषद्लाई कृषि प्रणालीको सर्वोच्च निकायको रूपमा पुनर्गठन गर्ने, कृषि अनुसन्धान कोषको स्थापना गर्ने, विकेन्द्रिकृत अनुसन्धान प्रणालीका लागि नयाँ राष्ट्रिय अनुसन्धान स्थानहरूको स्थापना गर्ने लक्ष्य रहेकोमा सो कार्यको प्रगति सन्तोषजनक देखिँदैन। तोकिएबमोजिमको लक्ष्य हासिल गर्न उपलब्ध साधनस्रोतको अधिकतम उपयोग गरी प्रगति हासिल गर्नुपर्दछ।

२५. **कुल ग्रार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान -** कृषि क्षेत्रको विविधीकरण र व्यवसायीकरण गर्दै कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने नेपाल सरकारको नीति रहेको सन्दर्भमा नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान र कृषि क्षेत्रको वार्षिक वृद्धिदर यसप्रकार रहेको देखिन्छ:

क्र.सं.	आ. व.	कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान (%)	कृषि क्षेत्रको वार्षिक वृद्धिदर
१	२०७०।७१	३०.३१	४.४९
२	२०७१।७२	२९.३९	१.२
३	२०७२।७३	२८.४३	- ०.०८
४	२०७३।७४	२६.८१	५.१७
५	२०७४।७५	२५.६३	२.६१
६	२०७५।७६	२४.९२	५.१६
७	२०७६।७७	२५.१६	२.४३
८	२०७७।७८	२५.८	२.८५
९	२०७८।७९	२४.६७	२.२४
१०	२०७९।८०	२३.९३	२.७६
११	२०८०।८१	२४.०९	३.०५



उल्लिखित तालिकाअनुसार विगत १० वर्षमा कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान आ.व. २०७०।७१ मा ३०.३१ प्रतिशत रहेकोमा आ.व. २०८०।८१ मा २४.०९ प्रतिशत रहेको छ। वार्षिक वृद्धिदर औसत ३ प्रतिशतको न्यून विन्दुमा सीमित रहनुले कृषि क्षेत्रमा गरिएका लगानी र अनुसन्धान एवम् प्रसारको कमजोर अवस्थालाई प्रतिबिम्बित गर्दछ। कृषि क्षेत्रको विकासका लागि नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना भएको भएतापनि परिषद्को अनुसन्धान र प्रसार तथा कृषि उत्पादनको वृद्धिदर बीच सामञ्जस्यता देखिएन। नेपाल कृषि अनुसन्धान परिषद्को सबलीकरण र सुदृढीकरणमार्फत कृषि उत्पादन वृद्धि गर्ने रणनीति लागू गर्नुपर्दछ।

२६. **बिउ विजनको जातीय विकास -** राष्ट्रिय बिउ बिजन नीति, २०५६ ले गुणस्तरीय बिउ उत्पादन गरी निर्यात प्रवर्धन गर्ने उद्देश्य राखेको छ। उच्च गुणस्तरको बिउ बिजनको उत्पादन गरी प्रभावकारी वितरण

गर्न नेपाल कृषि अनुसन्धान परिषद्को जातीय विकासमा भएको खर्च र स्रोत बिउ उत्पादनको अवस्था देहायबमोजिम रहेको छः

रु. हजारमा

आर्थिक वर्ष	कृषि अनुसन्धानमा भएको खर्च	जातीय विकासमा भएको खर्च	जातीय विकासको खर्च प्रतिशत	स्रोत बिउ उत्पादन (मेट्रिकटन)	जात पञ्जीकरण/उन्मोचन सङ्ख्या
२०७७।७८	३७०३६८	५७६८३	१५.५७	१००३.६२	२१
२०७८।७९	४३१५००	५९६२४	१३.८२	९७५.५४	१२
२०७९।८०	४७००००	६०७१४	१२.९२	९९७.३२	१८
२०८०।८१	५२८०००	५०४३२	९.५५	७५०.०४	२५
२०८१।८२	४८००००	६०९०४	१२.६९	९००	२१





उल्लिखित विवरण अनुसार, आ.व. २०७७।७८ मा रु. ५ करोड ७६ लाख ८३ हजार खर्च भएकोमा २०८१।८२ मा रु. ६ करोड ९ लाख ४ हजार पुगेको छ। तर सोही अवधिमा स्रोत बिउ उत्पादन २०७७।७८ मा १ हजार ३ मेट्रिक टन रहेकोमा २०८१।८२ मा ९०० मेट्रिक टन रहेको देखिन्छ। बिउ विजनको जातीय लगानी वृद्धि भएतापनि प्रतिफलमा वृद्धि भएको देखिँदैन। बिउ उत्पादन घट्दा स्वदेशी बिउको अभाव सिर्जना भई बिउ आयात वृद्धि भएको र कुल अनुसन्धान खर्चको तुलनामा जातीय विकासमा खर्चको हिस्सा कम हुँदा त्यसको प्रत्यक्ष असर स्रोत बिउ उत्पादनमा परेको छ। जातीय विकासमा हुने खर्चको अनुपात बढाई परिषद्द्वारा उन्मोचित जातलाई स्रोत बिउको रूपमा विकास गर्नुपर्दछ।

२७. **रासायनिक मलको आयात -** देशमा प्राङ्गिक तथा जीवाणु मलको उत्पादन तथा प्रयोग बढाउन र बिक्री वितरण कार्यलाई सहज, व्यवस्थित, पारदर्शी एवम् प्रभावकारी बनाई कृषि उत्पादन र उत्पादकत्व बढाउन प्राङ्गरिक तथा जीवाणु मल निर्देशिका, २०७८ जारी भई निर्देशिकाको दफा ४ मा प्राङ्गरिक तथा जीवाणु मल व्यवस्थापनको लागि एक समिति रहने जसमा नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गतको राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्रको प्रमुख समेत सदस्य रहने र सो समितिले प्राङ्गारिक मल तथा जीवाणु मलको उत्पादन, सूचीकरण र बिक्री वितरणलाई व्यवस्थित बनाउन सहयोग र सहजीकरण गर्ने व्यवस्था छ। माटोको स्वास्थ्य सुधार्ने र मल आयात प्रतिस्थापन गर्ने उद्देश्यले निर्देशिका जारी भएतापनि कार्यान्वयन पक्ष कमजोर हुँदा सरकारले रासायनिक मल आयात र यसमा दिइने अनुदानको भार बर्षेनी बढ्दो छ।

जसले मुलुकको अर्थतन्त्रमा समेत ठूलो वित्तीय चाप सिर्जना गरिरहेको छ। ५ आ.व. मा नेपाल सरकारले आयात गरेको रासायनिक मल आयातको अवस्था यसप्रकार रहेको छः

आ.ब.	रासायनिक मलको नाम	आयात (मे.ट.)	विक्रि (मे.ट.)
२०७७।७८	**युरिया**	**२५२३२९।७५**	**२२५१२०।९६**
	डिएपी	१३२५०५	१४०९७४।७३
	पोटास	१५३७३।९५	१३१०२।७०
२०७८।७९	युरिया	१०५०७२।३०	१४३५१८।२०
	डिएपी	६४८४८।५०	७७७१९।८७
	पोटास	७६०२।४५	६६३३।८५
२०७९।८०	युरिया	२५३९०३।६५	२२६१४५।४३
	डिएपी	१४६०६६।२५	११०११८।६५
	पोटास	७३९३।६५	६४५३।५५
२०८०।८१	युरिया	३०८१९६।२५	२५८१९६।१
	डिएपी	२०००२४।९०	१८४००२।४०
	पोटास	१५५४५।०५	१६६२४।२५
२०८१।८२	युरिया	२५७७४०।२०	२७०१५१।१०
	डिएपी	१७११५३।७	१५४४३९।४०
	पोटास	१५२६४।४५	१६७१४।६
	कुल जम्मा	**१९५३०२०।०५**	**१८४९९१५।७९**

पाँच आर्थिक वर्षको रासायनिक मल आयातको विश्लेषण गर्दा, आ.व. २०७७।७८ मा २ लाख ५२ हजार ३३० मेट्रिक टन युरिया, १ लाख ३२ हजार ५०५ मेट्रिक टन डिएपी र १५ हजार ३७४ मेट्रिक टन पोटास समेत ४ लाख २०९ मेट्रिक टन आयात गरेकोमा, २०८१।८२ मा २ लाख ५७ हजार ७४० मेट्रिक टन युरिया, १ लाख ७१ हजार १५३ मेट्रिक टन डिएपी र १५ हजार २६४ मेट्रिक टन पोटास समेत ४ लाख ४४ हजार १५७ मेट्रिक टन आयात भएबाट रासायनिक मलप्रतिको परनिर्भरता बढेको देखिन्छ। नेपालकै रैथाने वनस्पति, जैविक विविधता तथा पशु नश्लहरूको प्रयोग गरी उच्च गुणस्तरको जैविक मल र जैविक विषादी प्रसोधन केन्द्र स्थापना गर्न सकिने सम्भावना रहेको छ। जीन बैङ्कले सङ्कलन गरेका सुक्ष्म जीवाणु र पशुजन्य आनुवंशिक स्रोतलाई जैविक मल उत्पादनसँग जोड्ने विशिष्ट कार्ययोजना नहुँदा उपलब्ध स्रोतसाधनको समेत बहुआयमिक उपयोग हुन सकेको देखिँदैन। पशु आनुवंशिक स्रोतको सुदृढीकरण र स्थानीय गौशालाबाट उत्पादित मल व्यवस्थापनलाई एकीकृत गरी जैविक मलमा आत्मनिर्भरता हासिल गर्न राष्ट्रिय जीन बैङ्कलाई बिउ संरक्षणमा मात्र सीमित नराखी यसको कार्यक्षेत्र विस्तार गर्ने तथा राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्रलाई समेत माटो सुहाउँदो जिवाणु मलको विकास एवम् माटो परीक्षणमार्फत माटोको गुणस्तर र उत्पादकत्व सुधार गरी जिवाणु मल विकास गर्ने नीति अवलम्बन गर्नुपर्दछ।

२८. **कृषि अनुसन्धानमा जीन बैङ्क -** राष्ट्रिय कृषि नीति, २०६१ को उद्देश्य तथा कृषि जैविक विविधता नीति, २०६३ अनुरूप बि.सं. २०६७ सालमा जीन बैङ्कको स्थापना भएको हो। यसमा बिउ बैङ्क, फिल्ड जीन बैङ्क, तन्तु बैङ्क, डी.एन.ए. बैङ्क, सामुदायिक बिउ बैङ्क, पोखरी/ताल जीन बैङ्क, पशुधन जीन बैङ्क, क्रायो बैङ्क लगायतका बैङ्कहरू, मध्यम र लामो अवधि बिउ संरक्षण/भण्डारण सुविधा रहेको छ। सीड स्टोरेजका लागि दीर्घकालीन भण्डारणको क्षमता १ लाख सीड सङ्कलन रहेकोमा १२ हजार र मध्यकालिन भण्डारणको क्षमता ५० हजार सीड सङ्कलन रहेकोमा १२ हजार संरक्षण गरिएको छ। जीन संरक्षणमा आकस्मिक जोखिम न्यूनीकरणका लागि जेनेरेटर, डुप्लिकेट स्टोरेज लगायतका व्यवस्था भएतापनि ठूला विपद जोखिमबाट सुरक्षाका लागि आवश्यक पूर्वाधारको व्यवस्था हुन सकेको छैन। नेपालका रैथाने र

लोकप्रिय जातहरू लगायत कृषि तथा पशुपंक्षीको वंश संरक्षण गरी कृषि अनुसन्धानलाई प्रभावकारी बनाउन महत्वपूर्ण भुमिका रहेको जीन बैङ्कको क्षमता विकास र सुदृढीकरण गर्नुपर्दछ। यसका अतिरिक्त विश्वकै सुरक्षित मानिने नर्वेको स्वालबार्ड ग्लोबल सीड भल्टलगायत अन्तर्राष्ट्रिय रूपमा निःशुल्क प्रयोग गर्न सकिने जीन बैङ्कमा समेत बिउको सुरक्षित भण्डारण गरी वैकल्पिक उपाय अवलम्बन गर्नुपर्दछ।

२९. **आनुवंशिक पदार्थ र स्रोत संरक्षण र लाभको बाँडफाँट -** कृषि जैविक विविधता नीति, २०६३ (पहिलो संशोधन, २०७१) ले कृषि जैविक विविधताको स्थानीय तहदेखि नै संरक्षण, सम्वर्धन र विकासको सुनिश्चितताको लागि स्थानीय योजना तर्जुमा प्रक्रियामा कृषि जैविक विविधता मूल प्रवाहीकरण गर्नुपर्ने र स्थानीय निकायबाट हुन सक्ने कामका लागि सोही निकायलाई जिम्मेवार बनाइने, आनुवंशिक पदार्थ र स्रोतको चोरी वा बिउ बिजनको गैरकानुनी बिक्री वितरण र प्रयोग वा परम्परागत ज्ञानको दुरूपयोगका कारण कृषकलाई कुनै हानी नोक्सानी भएमा पीडकबाट क्षतिपूर्ति भराउने व्यवस्था गर्ने, कृषि आनुवंशिक पदार्थ र स्रोत एवम् परम्परागत ज्ञानमाथिको पँहुचबाट सिर्जित लाभको बाँडफाँटमा कृषकको हिस्सा सुनिश्चित गर्ने, जीन संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिअन्तर्गतको बहुपक्षीय पद्धतिको कार्यान्वयन गर्ने र सो का लागि कानुनी व्यवस्था गरी राष्ट्रियस्तरमा सक्षम निकायको व्यवस्था गर्ने एवम् सो निकायलाई अधिकार र स्रोतसम्पन्न बनाउनेलगायतका व्यवस्था गरेको भएतापनि यससम्बन्धी ठोस राष्ट्रिय नीति नियम नभएकोले आनुवंशिक पदार्थ र स्रोतको संरक्षणमा चुनौती देखिएको छ। अन्तर्राष्ट्रिय सन्धी कार्यान्वयनको सन्दर्भमा अन्तर्राष्ट्रिय बिउ बैङ्कमा नेपाली बिउ संरक्षण गर्दा आउन सक्ने जोखिम सम्बोधन तथा स्थानीय आनुवंशिक पदार्थमा हकाधिकारको सुनिश्चितता, संरक्षित जीनको दुरूपयोग भएमा हुने सजायँ र कृषि जैविक विविधताको संरक्षण, सदुपयोग तथा लाभको बाँडफाँटको विषयमा राष्ट्रिय ऐन नियम नभएकोले जैविक विविधताको संरक्षण र कृषि अनुसन्धान समेत प्रभावकारी बन्न सकेको देखिँदैन। आवश्यक नीति नियमको तर्जुमा गरी जीन बैङ्कको सबलीकरणमार्फत् कृषि अनुसन्धान प्रभावकारी बनाउनुपर्दछ।

३०. **भौगोलिक संकेत -** फ्रान्स, इटाली, ग्रीस, भारत, अमेरिका, चिन लगायत विश्वका धेरै देशहरूमा बौद्धिक सम्पत्ति अधिकार अन्तर्गत धेरै कृषि उत्पादनहरूलाई भौगोलिक सङ्केत (जि.आई.) मार्फत संरक्षण गरिँदै आएको छ। नेपालको मौलिक उत्पादनहरूलाई भौगोलिक संकेत गरी बौद्धिक सम्पत्ति अधिकार अन्तर्गत व्यवस्थित गर्न उपयुक्त कानुनी व्यवस्था नभएकोले तिनीहरूको संरक्षण चुनौतीपूर्ण देखिन्छ। नेपालको अन्नको राजाको रूपमा मानिने रैथाने बासमती चामललाई सन् २०१८ जुलाईमा भारतले आफ्नो उत्पादनका रूपमा युरोपेली संघमा जि. आई. ट्यागको आवेदन दर्ता गऱ्यो। ई.यु. ले ११ सेप्टेम्बर २०२० मा आफ्नो आधिकारिक जर्नलमा उक्त आवेदन प्रकाशन गरेपश्चात नेपालले ९ डिसेम्बर २०२० मा बासमती चामलको उत्पत्ति, विविधता, खेती तथा प्रयोगसम्बन्धी प्रमाणसहित भारतको दाबी खारेज गर्नुपर्ने वा नेपाली बासमतीलाई पनि समान अधिकार प्रदान गर्नुपर्ने माग राखेतापनि उक्त माग पुरा भएको छैन। पर्याप्त अनुसन्धानको अभाव तथा औपचारिक जि.आई. कानुनको अभावले अन्तर्राष्ट्रिय स्तरमा आफ्ना मौलिक उत्पादनहरूको पहिचान जोगाउन कठिन रहेको देखिन्छ। नेपालका रैथाने र परम्परागत उत्पादनको संरक्षणका लागि कानुनी व्यवस्था गर्नुपर्दछ।

३१. **डाटाबेसको सुरक्षा -** नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८, तथ्याङ्क ऐन, २०७९, दीर्घकालिन कृषि विकास रणनीति (२०१५-२०३५) लगायतले कृषि क्षेत्रमा अध्ययन, अनुसन्धान लगायत कृषि सूचना प्रणालीको सुदृढीकरण र अनुसन्धानका उपलब्धिहरूलाई डिजिटल माध्यमबाट प्रसार गर्ने रणनीतिगत व्यवस्था गरेको छ। परिषद्ले हालसम्म भौतिक सम्पत्ति (जग्गा, भवन), प्रयोगशाला लगायत उपकरणहरूको एकमुष्ठ विवरण, अनुसन्धानमा खर्च, लगानी र प्रतिफल, अनुसन्धान प्रविधि विकास र प्रसार लगायतलाई एकीकृत केन्द्रिकृत डाटाबेस प्रणाली विकास गरेको देखिएन। नेपाल कृषि अनुसन्धान परिषद्को जग्गा अतिक्रमण र मुद्दा वा विवादको केन्द्रिकृत विवरण नभएकोले साधनस्रोतको उपयोग

स्थिति, दोहोरोपना वा आवश्यक पर्ने बजेट कार्यक्रमको प्रभावकारिता लगायतका विषयमा यकिन गर्न सकिएन। परिषद्मा सञ्चालित विभिन्न प्रणालीहरू समेतलाई एकआपसमा आबद्ध गरी केन्द्रीकृत र विद्युतीय तथ्याङ्क सूचना प्रणाली विकास गरी कार्यान्वयन गर्नुपर्दछ।

३२. **कृषि बिउ आयात** - राष्ट्रिय बिउ बिजन नीति, २०५६ को बुदाँ नं. २.२ मा गुणस्तरीय बिउ उत्पादन गरी निर्यात प्रवर्धन गर्ने एवम् बुँदा नं. ३.२.२ मा उच्च मूल्यका बिउहरू उत्पादन गरी निर्यात प्रवर्धन गर्ने व्यवस्था रहेको छ। बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्रका अनुसार विगत ५ आर्थिक वर्षको बिउ आयातको अवस्था देहायबमोजिम रहेको छः

(रकम रु. हजारमा)

आर्थिक वर्ष	अन्नबिउ (धान र मकै)		तरकारीको बिउ		घाँसको बिउ	
	परिमाण (मेट्रिक टन)	रूपैयाँ	परिमाण (मेट्रिक टन)	रूपैयाँ	परिमाण (मेट्रिक टन)	रूपैयाँ
२०७७।७८	६३५४।६५	२१२४९८४	१४४।४९	५४८१४१	-	-
२०७८।७९	५०६९	१८५२१७७	२४६।२७	८६४६००	१९१	३०६३२
२०७९।८०	५२७०	१९९९४०८	२४४	५९२५७८	२६०	४२७२०
२०८०।८१	५९८९	२२६०३२२	५७०	९०३७८५	१८३	३६४०९
२०८१।८२	६७५६	२६६३७४२	८६२	१४७४३३६	४०८	६४२५६
जम्मा	**२९४३८।६५**	**१०९००६३३**	**२०६६।७६**	**४३८३४४०**	**१०४२**	**१७४०१७**



उल्लिखित विवरण अनुसार, २०७७।७८ मा अन्नको बिउ (धान र मकै) को आयात परिमाण करिब ६ हजार ३५५ मेट्रिक टन, मूल्य रु. २ अर्ब १२ करोड ४९ लाख ८४ हजार, तरकारीको बिउ करिब १४५ मेट्रिक टन, मूल्य रु. ५४ करोड ८१ लाख ४१ हजार रहेकोमा २०८१।८२ मा अन्नबिउ ६ हजार ७५६ मेट्रिक टन, मूल्य रु. २ अर्ब ६६ करोड ३७ लाख ४२ हजार, तरकारीको बिउ ८६२ मेट्रिक टन, मूल्य रु. १ अर्ब ४७ करोड ४३ लाख ३६ हजार र घाँसको बिउ ४०८ मेट्रिक टन, मूल्य रु. ६ करोड ४२ लाख ५६ हजार बिउ आयात भएको तथ्याङ्कले नेपाल कृषि अनुसन्धान परिषद्ले कृषकको माग र आवश्यकता अनुसार स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने जातहरूको विकास गर्न सकेको देखिदैंन। बिउ विकासका लागि जीन बैङ्कमा संरक्षित रैथाने जातहरूलाई व्यवसायिक बिउ उत्पादनसँग जोड्न नसक्दा बिउ आयात गर्नुपरेको देखिन्छ। परिषद्लाई बिउ उत्पादनका लागि

भौतिक लगायत अन्य पूर्वाधारको व्यवस्था, उपलब्ध स्रोतको पूर्ण उपयोग र बिउ अनुसन्धान नतिजालाई किसानसम्म पुऱ्याउन प्रसार संयन्त्र प्रभावकारी बनाउनुपर्दछ।

३३. **पन्ध्रौं आवधिक योजनाको लक्ष्य र प्रगति अवस्थाको विश्लेषण -** पन्ध्रौं आवधिक योजना (२०७६।७७ – २०८०।८१) मा नेपाल कृषि अनुसन्धानसँग सम्बन्धित लक्ष्य र प्रगतिको अवस्था देहायबमोजिम छः

नतिजा सूचक	एकाइ	आधार वर्ष (२०७५।७६)	लक्ष्य (२०८०।८१)	२०८०।८१ सम्मको प्रगति
कृषिको उत्पादकत्व (प्रमुख बाली)	मेट्रिक टन प्रति हेक्टर	३.१	४	३.४३
कृषि श्रम उत्पादकत्व (अमेरिकी डलर)	प्रतिव्यक्ति प्रति हेक्टर	५४९	७१५	१०२४
कृषियोग्य जमिनको उत्पादकत्व	अमेरिकी डलर प्रति हेक्टर	३१३४	४३४८	४१४३
प्रमुख बालीहरूको बिउ प्रतिस्थापन दर	प्रतिशत	१६	२५	२३.१४
माटोमा जैविक पदार्थको मात्रा	प्रतिशत	१.९६	२.४	-
प्रतिफल				
कृषि अभिमुखीकरण सूचकाङ्क	सूचकाङ्क	-	०.३	-
व्यवसायिक कृषि फर्म	संख्या (हजारमा)	२४.२	३५	-
मलखाद आपूर्ति (रासायनिक/प्राङ्गारिक)	मेट्रिक टन (हजारमा)	३६४	६००	४७२.२
उन्नत जातका बिउ उत्पादन	मेट्रिक टन (हजारमा)	३४.६	४५.५	-
घाँसको बिउ उत्पादन	मेट्रिक टन	७८३	१३००	-

स्रोतः कृषि तथा पशुपन्छी मन्त्रालय, वार्षिक प्रतिवेदन, २०८१

उल्लिखित विवरणअनुसार प्रमुख बालीहरूको बिउ प्रतिस्थापन दर, मलखाद आपूर्तिलगायतमा लक्ष्यअनुरूप उत्पादन बढेको देखिएन। माटोमा जैविक पदार्थको मात्रा, कृषि अभिमुखीकरण सुचकाङ्क, व्यवसायिक कृषि फर्म, उन्नत जातका बिउ उत्पादन र घाँसको बिउ उत्पादनको लक्ष्य तोकिएकोमा सोको प्रगति अवस्था खुलाएको छैन। नेपाल कृषि अनुसन्धान परिषद्ले जातीय विकासमा खर्च बढाउँदा समेत स्वदेशमा स्रोत बिउ उत्पादनमा उल्लेख्य वृद्धि नहुनुले उन्नत बिउ र खाद्यान्नका लागि अन्य मुलुकहरूसँगको परनिर्भरता बढेको देखिन्छ। स्वदेशी तथा जलवायु अनुकूलन, स्रोत बिउको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्यान्नमा आत्मनिर्भरताको लागि नेपाल कृषि अनुसन्धान परिषद्को क्षमता विकास र स्रोतको सही परिचालन गर्नुपर्दछ।

३४. **सेवाग्राहीको प्रतिक्रिया -** कृषि अनुसन्धान सम्बन्धमा बारा जिल्लाका केही सरोकारवाला किसानहरूसँग सोधिएको प्रश्नावली र छलफलबाट प्राप्त प्रतिक्रिया विश्लेषण गर्दा, अधिकांश किसानहरूले कृषि अनुसन्धानका नतिजाले उनीहरूको आवश्यकता र मागलाई पूर्ण रूपमा समेट्न नसकेको बताएका छन्। विशेषगरी उन्नत बिउबिजनको उपलब्धता र प्रविधि हस्तान्तरणमा कृषि अनुसन्धान केन्द्रहरूको भूमिका कम प्रभावकारी रहेको देखियो। परिषद्ले स्रोतसाधनको पूर्ण उपयोगका साथ किसानको मागबमोजिमको सेवा प्रवाह गरी किसानको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउन भूमिका खेल्न सक्नुपर्दछ। सेवाग्राहीबाट सङ्कलित केही सुझावहरूको नमुना यसप्रकार रहेका छनः









३५. कार्यमूलक लेखापरीक्षणको सुझाव कार्यान्वयनको अवस्था - महालेखापरीक्षकको कार्यालयबाट वि.सं. २०७५ मा कृषि अनुसन्धानको उपलब्धि विषयको कार्यमूलक लेखापरीक्षण गरी लेखापरीक्षणबाट देखिएका बेहोराहरू र सुझावहरू प्रस्तुत गरेको छ। प्रतिवेदनमा उल्लेख सुझावहरू कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको छः।

क.स.	सुझावहरू	कार्यान्वयनको अवस्था
१	अनुसन्धान कार्यमा खटिने वैज्ञानिक तथा प्राविधिक जनशक्तिको अभावमा पर्ने असरलाई मूल्याङ्कन गरी समयमै पदपूर्तिको व्यवस्था गर्नुपर्ने	समयमै दरबन्दी पदपूर्ती हुन नसकि धेरै पद रिक्त हुँदा अनुसन्धान कार्यमा प्रतिकुल प्रभाव परेको।
२	कृषि अनुसन्धान परिषद्को उपलब्ध स्रोत र उपलब्धिबीचको अन्तर विश्लेषण गरी जग्गाको पूर्ण उपयोग, मानव स्रोत प्राप्ति र उपयोग तथा सिफारिस, मापदण्ड र उत्पादन दरबीच तादात्म्यता कायम गर्नुपर्ने	जग्गाको उपलब्धता र उपयोगबीच अन्तर रहेको तथा अन्य विषयमा समेत उल्लेख्य सुधार नभएको।
३	कृषि अनुसन्धान तथा विकास कोषबाट प्राप्त नतिजाको सम्बद्ध पक्षसँग समन्वय गरी कार्यान्वयनमा ल्याउनुपर्ने	वि.स. २०७५ श्रावणमा कृषि सूचना तथा सञ्चार केन्द्र र राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषलाई एक ठाउँमा गाभी कृषि सूचना तथा प्रशिक्षण केन्द्रको रूपमा रहेतापनि कृषि अनुसन्धानमूलक कार्य सञ्चालन नभएको।
४	परिषद्ले गरेको निर्णयहरूको यथार्थ कार्यान्वयन गरी अनुसन्धानको प्रभावकारिता बढाउनुपर्ने	जात विकास, प्रविधि विकास साथै अनुसन्धान प्रसारसँग सम्बन्धित निर्णयहरूको कार्यान्वयन सकारात्मक देखिएको
५	कृषकको मागमा आधारित अनुसन्धान प्रणाली अवलम्बन गरिनुपर्ने	कृषकको हित तथा सहजताको लागि रेडियो/टि.भी. कार्यक्रम प्रशारण, कृषि तालिम, कृषि मौसम सल्लाह बुलेटिन प्रकाशन, एस.एम.एस. परामर्श, टोल-फ्री टेलिफोन परामर्श, नार्क प्रविधि गाउँ सञ्चालनलगायतका कार्यक्रम गरिएको
६	राष्ट्रिय उत्पादनमा सकरात्मक प्रभाव ल्याउनका लागि कृषि प्रविधिको प्रचार प्रसार तथा सेवाको सहज र सुलभ पहुँच अभिवृद्धिका लागि प्रभावकारी कदम चाल्नुपर्ने	कृषि प्रविधि विकासतर्फ लक्षित प्रतिफल ७५ प्रतिशत तोकिएकोमा ९३ प्रतिशत हासिल भएको

क्र.स.	सुझावहरू	कार्यान्वयनको अवस्था
७	कृषि अनुसन्धान विकास कोष लगायत सरकारी गैरसरकारी संघसंस्थाले समेत अनुसन्धान कार्य गरेको देखिएकोमा उचित समन्वय नहुँदा एकै प्रकृतिको अनुसन्धान विभिन्न निकायबाट समेत हुन गई दोहोरो खर्च हुने तथा अनुसन्धानको एकीकृत अभिलेख नरहने हुँदा अनुसन्धानमा एकद्वार प्रणालीको स्थापना गरिनुपर्ने	कृषि अनुसन्धान सम्बन्धी कार्य नेपाल कृषि अनुसन्धान परिषद् र सो अन्तर्गतका कार्यालयहरूद्वारा हुने गरेको
८	मुलुक अन्य क्षेत्रमा समेत पछाडि परेको अवस्थामा कृषिप्रधान मुलुकको कुल गार्हस्थ उत्पादनमा कृषि तथा वन क्षेत्रको अंशलाई वृद्धि गरिनुपर्ने	कुल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदान खासै वृद्धि नभएको
९	कृषि अनुसन्धानमा भएको खर्च वृद्धि अनुसार उपलब्धि हासिल गर्नुपर्ने	बीउ उन्मोचन/पञ्जीकरण, प्रविधि विकास, जात विकास लगायतका क्षेत्रमा प्रगति हुँदै गएको
११	युवा श्रमशक्तिलाई कृषिमा आकर्षण गर्ने वातावरण तथा युवामैत्री र सजिला कृषियन्त्रको अनुसन्धान गरी प्रयोगमा जोड दिनुपर्ने	कृषिमा आकर्षण गर्न वातावरण सिर्जना गर्ने ठोस योजना लागू नभएको
१२	कृषि अनुसन्धानबाट जमिन तथा बालीको उत्पादकत्वमा उल्लेख्य सुधार गर्नुपर्ने	उपलब्ध जग्गाको पूर्ण उपयोग नहुँदा बाली उत्पादनमा धेरै प्रगति हुन नसकेको
१३	भौगोलिक धरातल अनुसारका खनजोत गर्ने, बाली रोप्ने तथा स्याहार्ने, सजिलो सस्तो र कृषकमैत्री यन्त्र उपकरणको अनुसन्धान गरी कृषकको पहुँच सहज बनाउनुपर्ने	कृषकमैत्री यन्त्र उपकरणहरूको विकास र उपलब्धता पर्याप्त नरहेको
१४	परिषद्को ननअपरेटिभ खातामा रहेको मौज्दात उत्पादनशील क्षेत्रमा प्रयोग गरी स्रोत साधनको दक्षतापूर्वक परिचालन हुनुपर्ने	ननअपरेटिभ खातामा मौज्दात रकम जम्मा गरी परिचालन नगरिएको
१५	परिषद्को मौज्दातमा रहेको उत्पादित बिउ तथा अन्य उत्पादन लामो समयसम्म मौज्दात राखिँदा अनुसन्धानमा गरिएको खर्च तथा बिउको उत्पादकत्व समेत नष्ट हुने हुँदा सरोकारवाला तथा कृषकहरूसँग समन्वय गरी समयमै बिउ प्रसारमा जोड दिनुपर्ने	स्रोत सामाग्री बिक्रीमा आ.व. २०८०।८१ (१५.४१ प्रतिशत) को तुलनामा आ.व. २०८१।८२ (१७.३७ प्रतिशत) मा सुधार भएतापनि उल्लेख्य सुधार हुन नसकेको
१६	कृषि अनुसन्धान लागत र भौतिक उपलब्धि तथा गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको अंश वृद्धिका लागि कृषि अनुसन्धान क्षेत्रमा लगानी अभिवृद्धि अन्तर्राष्ट्रिय स्थापित मान्यता अनुरूप गरिनुपर्ने	-
१७	कुल गार्हस्थ उत्पादनको कम्तिमा १ प्रतिशत कृषि अनुसन्धानमा लगाउनुपर्ने मान्यता अनुरूप गर्नुपर्ने	-
१८	बिउबिजनको नियमन र व्यवस्थापनमा सहजीकरण गर्नुपर्ने	बिउ विजन ऐन, २०४५ र नियमावली २०८१ मार्फत नियमन गर्दै डिजिटल प्रणाली मार्फत वासलात तयार गरी व्यवस्थापन भएको।
१९	परिषद्बाट उत्पादित प्रजनन बिउ र मुल बिउले नेपालको समग्र बिउ आवश्यकतालाई सम्बोधन गर्ने गरी उत्पादन र वितरण व्यवस्थापन गर्नुपर्ने	आवश्यकताबमोजिम बिउ उत्पादन र वितरण नभएको
२०	बिउ आयातमा कमी आउने गरी बिउ उत्पादन वृद्धि गर्नुपर्ने	बिउ आयात बढ्दै गएको
२१	प्रसार र अनुसन्धान गर्ने निकायबीच समन्वय गर्ने स्पष्ट कानुनी व्यवस्था गर्नुपर्ने	समन्वय गर्ने स्पष्ट कानुनी व्यवस्था नभएको
२२	कृषि अनुसन्धान तथा विकासको क्षेत्रमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संस्था एवम् विश्वविद्यालयहरूसँग सहकार्य गरी नयाँ जात र प्रविधिको आदान प्रदानद्वारा कृषि उत्पादनमा वृद्धि गर्नुपर्ने	सहकार्य र प्रविधि आदानप्रदानमा सुधार हुँदै गएको
२३	कृषि अनुसन्धान भई प्रतिस्थापन गरिएका तर लोकप्रिय जातहरूको संरक्षण र कृषि तथा पशुपंक्षीको वंश संरक्षणका लागि जर्मप्लाज्मको आदानप्रदानसम्बन्धी ठोस नीति नियम बनाई जैविक विविधताको संरक्षण, सदुपयोग तथा लाभको बाँडफाँटको लागि राष्ट्रिय ऐन बनाई कार्यान्वयनमा ल्याउनुपर्ने	राष्ट्रिय ऐन नबनाइएको।

क्र.स.	सुझावहरू	कार्यान्वयनको अवस्था
२४	किसानको मागमा आधारित अनुसन्धानमा जोड दिई लोकप्रिय बालीको प्रचार प्रसारमा जोड दिनुपर्ने	लोकप्रिय बालीहरू जस्तैः धान, मकै, स्याउ, एभोकाडो, मेकाडेमिया नटलगायतको अनुसन्धान र प्रसार हुँदै गएको
२५	पटक पटक संस्थाको नेतृत्व परिवर्तन गर्ने र वैज्ञानिकहरू विदेशमा गई सेवामा नफर्किने प्रवृत्ति अन्त्य गरिनुपर्ने	नेतृत्व छिटोछिटो परिवर्तन र वैज्ञानिक विदेशमा गई सेवामा फर्किने प्रवृत्तिमा सुधार नआएको

तालिकामा प्रस्तुत गरिएअनुसार कार्यमूलक लेखापरीक्षण प्रतिवेदनमा प्रस्तुत सुझावहरूको कार्यान्वयन पूर्ण रूपमा भएको देखिएन। प्रतिवेदनमा दिइएको सुझावअनुसार केही सकरात्मक सुधार भएतापनि ८ वर्षअघि दिएका सुझावहरू उल्लेख्य रूपमा कार्यान्वयन हुन नसक्दा कृषि अनुसन्धानमा धेरै समस्याहरू र चुनौतीहरू विद्यमान रहेका छन्। प्रतिवेदनमा दिइएका सुझावहरूको समयमै पूर्ण रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकाय र पदाधिकारी जिम्मेवार हुनुपर्दछ।

परिच्छेद – ४
निष्कर्ष तथा सुझाउ

जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा परेका समस्या र जनताको जीवनशैली परिवर्तनसँगै खाद्यान्नमा आएको संरचनागत परिवर्तनलाई सम्बोधन गर्न पूर्वाधार, जनशक्ति र अनुसन्धानमा परिषद्ले प्रयास गरिरहेको छ। यद्यपि विद्यमान कृषि अनुसन्धान प्रणाली अपर्याप्त देखिएका कृषि अनुसन्धानको लागि स्थापित नेपाल कृषि अनुसन्धान परिषद्मा वैज्ञानिकलगायत जनशक्ति पर्याप्त नहुनु, वित्तीय स्रोतको व्यवस्थापन प्रभावकारी नहुनु, जग्गाको पूर्ण उपयोग नहुनु, कृषि विकासमा लगानी भित्र्याउन नसक्नु, अन्तर्राष्ट्रिय अभ्यासलाई अनुसरण गर्ने सबल संयन्त्र विकास गर्न नसक्नु, कानुनी तथा नीतिगत एकरूपता कायम गर्न नसक्नु साथै कृषि अनुसन्धान र विकास सरकारको प्राथमिकतामा नपर्नु जस्ता समस्याले नेपालको कृषि अनुसन्धान कार्य प्रभावकारी बन्न सकेको देखिँदैन।

नेपालको संविधानको अनुकूल हुने गरी संघीय स्वरूपको कृषि अनुसन्धान ऐन तर्जुमा तथा मौजुदा कानुनहरूको समयसापेक्ष परिमार्जन, सरकारको वार्षिक नीति तथा कार्यक्रम, योजना र बजेटको उद्देश्यबमोजिम कृषि अनुसन्धान निकायको क्षमता विकास, राष्ट्रिय कृषि नीतिलाई राष्ट्रिय कृषि अनुसन्धान नीतिका रूपमा तर्जुमा गरी लागु गर्नु, कर्मचारी उत्प्रेरित वा विकास गरी जनशक्तिको प्रभावकारी व्यवस्थापन, उपलब्ध जग्गा पूर्वाधार एवम् क्षमताको प्रभावकारी उपयोग, निष्क्रिय रहेको कोष परिचालन, जातीय विकास प्रवर्धन रणनीति लागु, रैथाने र परम्परागत जात संरक्षण लगायतका उपाय अवलम्बन गरी नेपाल कृषि अनुसन्धान परिषद्को उपलब्ध स्रोत साधनको प्रभावकारी रूपमा परिचालन गर्नुपर्दछ। कार्यमूलक लेखापरीक्षणबाट देखिएका परिच्छेद ३ मा उल्लिखित बेहोराको सुधारका लागि देहायबमोजिमको सुझाउ प्रस्तुत गरिएको छः

- नेपालको संविधानको अनुकूल हुने गरी संघीय स्वरूपको कृषि अनुसन्धान ऐन तर्जुमा तथा अन्य पुराना कानुनहरूको समयसापेक्ष परिमार्जन गर्नुपर्दछ।
- सरकारको वार्षिक नीति तथा कार्यक्रम, योजना र बजेटको उद्देश्यबमोजिम कृषि अनुसन्धान निकायको क्षमता विकास गर्नुपर्दछ।
- राष्ट्रिय कृषि नीतिलाई राष्ट्रिय कृषि अनुसन्धान नीतिका रूपमा तर्जुमा गरी लागू गर्नुपर्दछ।
- परिषद्को आम्दानी तथा राजस्वलाई मौज्दात नराखी कृषि अनुसन्धानका क्षेत्रमा प्रभावकारी हुने गरी परिचालन गर्नुपर्दछ।
- परिषद्बाट जनशक्ति पलायन हुने प्रवृत्तिलाई अन्त्य गर्न कर्मचारी टिकाउने रणनीति बनाई लागू गर्नुपर्दछ।
- समयमा नै जनशक्तिको पदपूर्ती गर्न ठोस जनशक्ति योजना तयार गरी लागू गर्नुपर्दछ।
- अध्ययन भ्रमणमा गई सेवामा नफर्कने प्रवृत्तिलाई रोक्न कडा कानुनी प्रावधान बनाई लागू गर्ने तथा सो को कारण पत्ता लगाई सुधार गर्नुपर्दछ।
- उपलब्ध जग्गा एवम् अन्य भौतिक पूर्वाधारको प्रभावकारी र पूर्ण उपयोग गरी कृषि अनुसन्धान र विकास गर्नुपर्दछ।
- विवादित र मुद्दा भएको सम्पत्तिको सम्बन्धित निकायसँग वार्ता र छलफलमार्फत् समस्या समाधान गर्नुपर्दछ।
- जातीय विकास र प्रविधि विकासमा गरेको लगानीको प्रतिफल हासिल हुन नसक्नुका कारण पत्ता लगाई सो को निवारण गर्दै यसमा प्रगति हासिल गर्नुपर्दछ।

- जीन बैङ्कलाई कृषि अनुसन्धानमा भरपुर प्रयोग गर्दै रैथाने र लोकप्रिय जात तथा नश्लको विकास गर्ने तथा जीन बैङ्कको वैकल्पिक भण्डारणको व्यवस्था गर्नुपर्दछ।
- अन्न, तरकारी तथा अन्य बिउ आयात प्रतिस्थापन गर्ने गरी नवीन र उन्नत जात विकासमा लगानी वृद्धि गर्नुपर्दछ।
- रासायनिक मल आयातको विकल्पको रूपमा स्थानीय नश्ल एवम् गौशाला सुधार कार्यक्रम मार्फत् जैविक मल उत्पादन रणनीति बनाई लागू गर्नुपर्दछ।
- खाद्यान्नको आयात घटाउन कृषि क्षेत्रमा विद्यमान समस्यालाई अध्ययन गरी सो को निवारणको कार्ययोजना बनाई खाद्यान्न वृद्धि गर्ने बिउ र कृषि प्रविधि विकास गरी लागू गर्नुपर्दछ।
- किसानको माग र आवश्यकतामा आधारित प्रविधि विकास गरी सो को प्रवर्धन गर्नुपर्दछ।
- कृषि अनुसन्धानलाई प्राथमिकतामा राखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र सहकार्यमार्फत कृषि विकासमा योगदान दिनुपर्दछ।

अनुसूचि

अनुसूची - १

राजस्वको लक्ष्य र प्रगति

क्र.सं.	कार्यालयको नाम	आर्थिक वर्ष									
		२०७७।७८		२०७८।७९		२०७९।८०		२०८०।८१			२०८१।८२
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
१	नेपाल कृषि अनुसन्धान परिषद्	_	३१३३२३०	_	२४७९२७१	_	१९७४५६९७	_	२०३६०४३	_	४८७४८३२
२	राष्ट्रिय धानबाली कार्यक्रम, हर्दिनाथ, धनुषा	१४६९७०००	९८७०९५४	९०१५०००	११३७५९८५	८९६२०००	११७०८४८५	११३०००००	११८४७३९१	१०६७५०००	११३९४६३२
३	राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रम, भैरहवा, रूपन्देही	५७३०००००	७०३३८८६	७२६८०००	८१५६८६८	८३५२०००	७१०८८८८	८३५२०००	१०१६६०९४	९०२०००००	११८३१२१७
४	कृषि अनुसन्धान निर्देशनालय, लुम्ले, कास्की	१९०००००	३०३०६३३	१९०००००	३२८५५२५	१९०००००	४७४२४३४	१९०००००	३०७०३०७	१९०००००	२९६४०२६
५	राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम, खुमलटार, ललितपुर	_	३३११७१७	_	१८०८७०२	_	१९९८४८०	_	१६५११२५	_	१४९३०११
६	राष्ट्रिय बिउ विज्ञान प्रविधि अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर	_	७०७०७	_	७४१६९	_	८३७०७	_	१२६०५८	_	१२३१९०
७	कृषि अनुसन्धान निर्देशनालय, दिपायल, डोटी	_	१२११०१५	_	९५२४१०	८८८०००	१३६०७००	९७९०००	१५६९४०४	११५०५००	१४९११९४
८	राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान, खुमलटार	_	३४६०८	_	४३४५२१	_	२२४५	_	१२९०००	_	८३१४९६
९	राष्ट्रिय कृषि नीति अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर	_	_	_	_	_	_	_	_	_	_
१०	कृषि अनुसन्धान निर्देशनालय, दशरथपुर, सुर्खेत	_	३४५९३०९	_	३६२३००४	_	४९९८९५७	_	३८१४१८२	_	४८२२७०६
११	राष्ट्रिय खाद्य अनुसन्धान केन्द्र, ललितपुर	_	८,५४,८२३	_	३,७३,००९	_	६,६४,३००	_	५,०३,६००	_	३,५५,२००
१२	राष्ट्रिय कृषि ईन्जिनियरिङ अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर	_	२२६१००	_	३८३९७०	_	१११९४५२	_	१६५७१९	_	११८०८०
१३	राष्ट्रिय भैंसी अनुसन्धान कार्यक्रम, तरहरा, सुनसरी	२४२००००	३८६०१८८	२८३०००००	४१०६५३३	२९२५०००	४३४१८१०	३४२२०००	४१४८७९९	३६२५०००	५७४३०३४
१४	राष्ट्रिय बाली प्रजनन् तथा आनुवंशिक अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर	६५५४५०	८५०५५१	५५०२५०	७७२५०२	५०९०९०	७७२४६४	५५५६५०	१०१९०२७	५२८६७५	१३०२१६५
१५	राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, सातदोबाटो, ललितपुर	५६६०८२१	५६६०८२१	४७६८७८२	४७६८७८२	३६९४५९०	३६९४५९०	४३२६४७०	४३२६४७०	४८९६८३८	४८९६८३८
१६	बागवानी अनुसन्धान केन्द्र, किमुगाउँ, दैलेख	९७०००००	१५०९०००	१००००००	१६३१३४०	९५०००००	१४३७२०७	९८०००००	१५०९५६४	९७५०००	१४८९०२१
१७	कृषि अनुसन्धान निर्देशनालय, तरहरा, सुनसरी	_	१५२४५२७०	_	१४६४६०६०	_	१२५२७९७६	_	१७९९३८०३	_	२०२०३५१७
१८	राष्ट्रिय बाखा अनुसन्धान कार्यक्रम, बन्दीपुर, तनहुँ	३००००००	४०७३१७२	३०१००००	४७५९४९१	३६२००००	४७६७६५०	३७३०००००	६५७५१२१	४००००००	९०३९६२१
१९	कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्र, नवलपुर, सर्लाही	_	३३६४२९	_	१७४०२०	_	१९३५९०	_	१८७२२५	_	२३२५९०
२०	कृषि अनुसन्धान निर्देशनालय, खजुरा, बाँके	_	६१४५०५८।५३	_	८५३७०४२।५९	_	८५४७८३६।९३	_	८२२०४८९।७६	_	७६२९४७०।०५
२१	राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रम, जितपुर, बारा	१९७८७५६	२०५०५३६।३४	२६८५९४४	२८५६२४४।३०	२६८२६३७	२७६७१७७।७२	३७७०२७७	३८८६७४९।०४	३०३७०८७	३२८०९२९।३५
२२	राष्ट्रिय सुन्तलाजात अनुसन्धान कार्यक्रम, पारिपाल्ले, धनकुटा	३६५०००००	१७८२१३४।७५	४१५०००००	४३६५२९४।२५	४३५०००००	४५०८३७९।५०	४२५०००००	४३४११४०।५०	४४५०००००	४५८६७३८
२३	राष्ट्रिय व्यवसायिक कृषि अनुसन्धान कार्यक्रम, पाखिवास, धनकुटा	१२००००	१८०९७७	१२००००	४९०९१९	१३००००	४३२६५०	१५०००००	३४८८९०	१५०००००	४६५७४०

अनुसूची -२

कर्मचारी दरबन्दी र पदपूर्ती

सि.न	पदको नाम	तह	परिषद्को स्वीकृत समूह	स्वीकृत दरबन्दी संख्या	स्थायी कार्यरत कर्मचारी	विशेष बढुवा भइ कार्यरत कर्मचारी	जम्मा कार्यरत कर्मचारी	करार/ अस्थायी कर्मचारी	रिक्त दरबन्दी
१	कार्यकारी निर्देशक	विशिष्ट	वैज्ञानिक	१	१		१		०
२	मुख्य वैज्ञानिक	एस.६	वैज्ञानिक	१	१		१		०
३	मुख्य वैज्ञानिक	एस.५	वैज्ञानिक	३३	८		८		२५
४	वरिष्ठ वैज्ञानिक	एस.४	वैज्ञानिक	४४	४४		४४		०
५	वरिष्ठ वैज्ञानिक	एस.३	वैज्ञानिक	१६५	८		८		१५७
६	वैज्ञानिक	एस.२	वैज्ञानिक	१०८	१०८		१०८		०
७	वैज्ञानिक	एस.१	वैज्ञानिक	६१	१५		१५		४६
	वैज्ञानिक जम्मा			**४१३**	**१८५**	**०**	**१८५**	**०**	**२२८**
८	मुख्य प्राविधिक अधिकृत	टि.९	प्राविधिक	७			०		७
९	ब. प्राविधिक अधिकृत	टि.८	प्राविधिक	९	९		९		०
१०	ब. प्राविधिक अधिकृत	टि.७	प्राविधिक	३६	१५	०	१५		२१
११	प्राविधिक अधिकृत	टि.६	प्राविधिक	२४९	१०५	१४	११९		१३०
१२	कम्प्युटर अधिकृत	टि.६	प्राविधिक	११	३	८	११		०
१३	सिभिल इन्जिनियरिंग	टि.६	प्राविधिक	६	३	१	४		२
१४	मेकानिक्स इन्जिनियरिंग	टि.६	प्राविधिक	२	१	१	२		०
१५	पुस्तकालय अधिकृत	टि.६	प्राविधिक	२		२	२		०
	प्राविधिक अधिकृत जम्मा			**३२२**	**१३६**	**२६**	**१६२**	**०**	**१६०**
१६	जे.टि	टि.५	प्राविधिक	१७८	४२		४२		**१३६**
१७	कम्प्युटर सहायक	टि.५	प्राविधिक	६	०		०		**६**
१८	ओभरसियर	टि.५	प्राविधिक	९	६		६		**३**
१९	ड्राफ्ट म्यान	टि.५	प्राविधिक	१	१		१		**०**
२०	इलेक्ट्रिसियन	टि.५	प्राविधिक	९	२		२		**७**
२१	मेकानिक्स	टि.५	प्राविधिक	५	२		२		**३**
२२	प्लम्बर	टि.५	प्राविधिक	४	२		२		**२**
२३	पुस्तकालय सहायक	टि.५	प्राविधिक	२	०		०		**२**
२४	प्राविधिक सहायक	टि.४	प्राविधिक	१३९	९८		९८		**४१**
२५	प्राविधिक सहयोगी		प्राविधिक	३४०	१९७		१९७		**१४३**
	प्राविधिक जम्मा			**६९३**	**३५०**	**०**	**३५०**	**०**	**३४३**
२६	मुख्य लेखा अधिकृत	ए.९	**लेखा**	२	२		२		**०**
२७	वरिष्ठ लेखा अधिकृत	ए.८		४	४		४		**०**

सि.न	पदको नाम	तह	परिषद्को स्वीकृत समूह	स्वीकृत दरबन्दी संख्या	स्थायी कार्यरत कर्मचारी	विशेष बढुवा भइ कार्यरत कर्मचारी	जम्मा कार्यरत कर्मचारी	करार/ अस्थायी कर्मचारी	रिक्त दरबन्दी
२८	वरिष्ठ लेखा अधिकृत	ए.७		०	०		०		०
२९	लेखा अधिकृत	ए.६		३९	५	२९	३४		५
३०	लेखापाल	ए.५		३४	७		७		२७
३१	सह लेखापाल	ए.४		४	२		२		२
	लेखा जम्मा			**८३**	**२०**	**२९**	**४९**	**०**	**३४**
३२	मुख्य प्रशासकीय अधिकृत	ए.९	**प्रशासन**	३	१	०	१		२
३३	वरिष्ठ प्रशासकीय अधिकृत	ए.८	,,	४	४		४		०
३४	वरिष्ठ प्रशासकीय अधिकृत	ए.७	,,	२	१	०	१		१
३५	कानुनी सल्लाहकार	ए.७	,,	१	१		१		०
३६	प्रशासकीय अधिकृत	ए.६	,,	३९	५	२५	३०		९
३७	सम्पादक अधिकृत	ए.६	,,	१			०		१
३८	प्रशासकीय अधिकृत (कानुन)	ए.६	,,	१		१	१		०
३९	प्रमुख प्रशासन सहायक	ए.५	,,	३८	११	१	१२		२६
४०	प्रशासन सहायक	ए.४	,,	१४	५		५		९
४१	प्रशासनीक सहयोगी		,,	११३	५०		५०		६३
४२	टाइपिष्ट	ए.५	,,	११		५	५		६
४३	टाइपिष्ट	**ए.४**	,,	१६	१		१		१५
४४	कम्प्युटर टाइपिष्ट	ए.५		२		२	२		०
४५	भारी सवारी चालक		,,	२२	४		४		१८
४६	हलुका सवारी चालक		,,	४५	१७		१७		२८
	प्रशासन जम्मा			**३१२**	**१००**	**३४**	**१३४**	**०**	**१७८**
	कूल जम्मा			**१८२३**	**७९१**	**८९**	**८८०**	**०**	**९४३**

अनुसूची -३

अध्ययन बिदा समाप्त भई सेवामा फिर्ता नभएका कर्मचारी विवरण

सि.नं.	कर्मचारीको नाम, थर	कार्यरत पदस्तह	कार्यरत कार्यालय	अध्ययन बिदा अवधि	अध्ययन संस्थानस्देश, विषय र उपाधि	सेवाबाट हटाउने मिति	कैफियत
१	अच्युत मिश्र (का.नं. १२३७)	वैज्ञानिक, ए.स. २	राष्ट्रिय खाद्य अनुसन्धान केन्द्र, खुमलटार	२०७४।५।१ देखि २०७७।४।३० सम्म	South Dakota State University, U.S.A. PhD .Dairy and food Science	२०७४।५।१	२०७७।२।२८ गतेको निवेदनबाट २०७७।३।१ गतेदेखि लागू हुनेगरी राजीनामा पेश
२	नविन कुमार दंगाल (का.नं. १२३९)	वैज्ञानिक, ए.स. २	कृषि अनुसन्धान निर्देशनालय, कोशी	२०७६।५।१ देखि २०७९।४।३० सम्म	क्यगतज म्वपयतब क्तबतभ ग्लष्खभचकप्तथ, गब्बाद्व। एजा.म. एबिलत एबतजययिनथ	२०७६।५।१	२०७९।४।२२ गतेको निवेदनबाट २०७९।४।१ गतेदेखि लागू हुनेगरी राजीनामा पेश
३	होमन रेग्मी (का.नं. १३२१)	वैज्ञानिक, ए.स. १	राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र, खुमलटार	२०७३।१०।१७ देखि २०७६।१०।१६ सम्म	ग्लष्खभचकप्तथ, या डयिचष्मब गब्बाद्व। एजा.म. ल्फबतययिनथ	२०७३।१०।१७	२०७६।५।२३ गतेको निवेदनबाट २०७६।६।१ गतेदेखि लागू हुनेगरी राजीनामा पेश
४	सञ्जिव गौतम (का.नं. १५१२)	वैज्ञानिक, ए.स. १	राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम, खुमलटार	२०७५।५।१ देखि २०८०।४।३० सम्म	त्भहबक द्व ७ : ग्लष्खभचकप्तथ, गब्बाद्व। एजम ज्यचतष्अगतिगचबर्ि क्बअष्मलअभ	२०७५।५।१	२०८०।८।२० गतेको निवेदनबाट २०८०।५।१ गतेदेखि लागू हुनेगरी राजीनामा पेश
५	देवराज चालिसे (का.नं. १४८४)	वैज्ञानिक, ए.स. १	राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम, रामपुर, चितवन	२०७३।१२।६ देखि २०७६।१२।५ सम्म	ग्लष्खभचकप्तथ, या ल्भध्य भ्लनबिलम, द्वगकतचबष्बि। एजम क्यर्ष क्बअष्मलअभ	२०७३।१२।६	२०७७।३।३ गतेको निवेदनबाट २०७६।१२।६ गतेदेखि लागू हुनेगरी राजीनामा पेश
६	प्रतिष्ठा अधिकारी (का.नं. १५४२)	वैज्ञानिक, ए.स. १	राष्ट्रिय बागवानी अनुसन्धान केन्द्र, खुमलटार	२०७४।८।१९ देखि २०७९।८।१८ सम्म	द्वङग्र रामपुर एजम एबिलत एबतजययिनथ	२०७४।८।१९	२०७८।११।२३ गतेको निवेदनबाट २०७८।११।२५ गतेदेखि लागू हुनेगरी राजीनामा पेश
७	दिनेश बाबु थापा (का.नं. १२६३)	वैज्ञानिक, ए.स. १	राष्ट्रिय कृषि नीति अनुसन्धान केन्द्र, खुमलटार	२०७५।४।८ देखि २०७९।४।७ सम्म	त्जभ ग्लष्खभचकप्तथ, या ध्भकतभचल द्वगकतचबष्बि। एजम :बलबनभ्कभलत द्वनचष भ्अयलकष्अक	२०७५।४।८	२०७९।४।८ गतेको निवेदनबाट २०७९।९।५ सम्म घरविदा र मिति २०७९।९।४ को निवेदनबाट मिति २०७९।९।६ गतेदेखि लागू हुनेगरी राजीनामा पेश
८	डा. सुमन कार्की (का.नं.१५७२)	प्राविधिक अधिकृत, टि. ६	कृषि अनुसन्धान केन्द्र, पाखिवास, धनकुटा	२०७७।११।२ देखि २०८०।११।१ सम्म	द्वङग। ररामपुर एजम द्वलष्बर्ि ल्गतचप्तथ्यल	२०७७।११।२	२०७८।१२।२८ गतेको निवेदनबाट २०७८।१२।३० गतेदेखि लागू हुनेगरी राजीनामा पेश

सिानं	कर्मचारीको नाम, थर	कार्यरत पदस्तह	कार्यरत कार्यालय	अध्ययन बिदा अवधि	अध्ययन संस्थानस्देश, विषय र उपाधि	सेवाबाट हटाउने मिति	कैफियत
९	उज्ज्वल सुवेदी (कासानं। १५६०)	प्राविधिक अधिकृत, टि। ६	राष्ट्रिय खाद्य अनुसन्धान केन्द्र, खुमलटार	२०७८।५।१५ देखि २०८०।५।१४ सम्म	ग्लष्खभचकष्तथ, या :बचथबिलम, गबाद्व। :ाक। ङयथम क्बअष्मलअभ।	२०७८।५।१५	२०८०।९।८ गतेको निवेदनबाट लागू हुने मिति उल्लेख नगरी राजीनामा पेश
१०	अतित पराजुली (कासानं। १५७७)	प्राविधिक अधिकृत, टि। ६	राष्ट्रिय बाली प्रजनन् तथा आनुवंशिक अनुसन्धान केन्द्र, खुमलटार	२०७५।१०।१ देखि २०८०।९।३०	ध्बकजष्लनतयल क्तबतभ ग्लष्खभचकष्तथ, गबाद्व। एजम् एबिलत द्यचभभमष्लन।	२०७५।१०।१	२०८०।१०।३ गतेको निवेदनबाट २०८०।१०।३० गतेदेखि लागू हुनेगरी राजीनामा पेश
११	अस्मिता श्रेष्ठ (कासानं। १८१९)	प्राविधिक अधिकृत, टि। ६	राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान, खुमलटार	२०८०।४।३० देखि २०८३।४।२९ सम्म	त्भहबक त्भअज ग्लष्खभचकष्तथ, गबाद्व। एजम् रूभतभचष्लबचथ क्बअष्मलअभ ।	२०८०।४।३०	२०८१।१२।३० गतेको निवेदनबाट २०८१।१२।३० गतेदेखि लागू हुनेगरी राजीनामा पेश
१२	विनिता थापा (कासानं। १३४०)	प्राविधिक अधिकृत, टि। ६	राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार	२०७२।४।२५ देखि २०७५।४।२४ सम्म	ध्बनभलष्लनभल ग्लष्खभचकष्तथ, ल्भतजभचबिलमक, :ाक्अा, द्वना ष्ल यचनबलष्ब द्वनचष्कगतिगचभ	२०७२।४।२४	२०७५।११।१९ गतेको निवेदनबाट मिति उल्लेख नगरी सशर्त राजीनामा पेश
१३	किरण बराल (कासानं। १३३६)	वैज्ञानिक, एस। १	पहाडी बाली अनुसन्धान कार्यक्रम, काब्रे, दोलखा	२०७१।११।२२ देखि २०७६।५।१४ सम्म	ग्लष्खभचकष्तथ या क्बकपबतअजभध्यबल, ऋबलबमब, एजम् ष्ल उबिलत कअष्मलअभ	२०७१।११।२२	२०७६।१०।१३ गतेको निवेदनबाट लागू हुने मिति उल्लेख नगरी राजीनामा पेश
१४	राजु चौधरी (कासानं। १३६०)	वैज्ञानिक, एस। १	राष्ट्रिय व्यवसायिक बाली अनुसन्धान केन्द्र, खुमलटार	२०७३।५।२१ देखि २०७७।५।२० सम्म	ग्लष्खभचकष्तथ या क्बकपबतअजभध्यबल, ऋबलबमब, एजम् ष्ल उबिलत द्यचभभमष्लन	२०७३।५।२१	२०७९।४।१६ गतेको निवेदनबाट लागू हुने मिति उल्लेख नगरी राजीनामा पेश
१५	विकास घिमिरे (कासानं। १३६३)	प्राविधिक अधिकृत, टि। ६	बागवानी अनुसन्धान केन्द्र, किमुगाउँ, दैलेख	२०७२।४।३१ देखि २०७४।४।३० सम्म	ध्बकजष्लनतयल क्तबतभ ग्लष्खभचकष्तथ, ग्बद्व, :ाक्अा ष्ल ऋचयउ क्बअष्मलअभ	२०७२।४।३१	२०७७।३।१५ गतेको निवेदनबाट २०७४।४।३१ गतेदेखि लागू हुनेगरी राजीनामा पेश
१६	शुसिल कुमार गैरे (कासानं। १५०९)	प्राविधिक अधिकृत, टि। ६	राष्ट्रिय किट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार	२०७४।२।१८ देखि २०७९।२।१७ सम्म	:बअत्रगष्चभ ग्लष्खभचकष्तथ, द्वगकतचबष्धि, एजम्	२०७४।२।१८	
१७	बुद्धि बहादुर अछामी (कासानं। १२१७)	प्राविधिक अधिकृत, टि। ६	बागवानी अनुसन्धान केन्द्र, किमुगाउँ, दैलेख	२०७२।११।१ देखि २०७५।१०।३०	:यलतबलब क्तबतभ ग्लष्खभचकष्तथ, एजम् ष्ल भ्अययिनथ बलम भ्लखष्चयल्कभलतबवि क्बअष्मलअभ	२०७२।११।१	२०७५।६।१८ गतेको निवेदनबाट २०७५।११।१ गतेदेखि लागू हुनेगरी राजीनामा पेश

अनुसूची - ४

परिषद् तथा अन्तर्गतका कार्यालयको जग्गा विवरण

क्र.सं.	कार्यालयर रहेको स्थान	जग्गाको क्षेत्रफल (हेक्टर)	घरटहराको विवरण		कृषिमा उपयोग भएको जग्गाको क्षेत्रफल (हे.)	उपयोग नभएको जग्गा	
			संख्या	ओगटेको क्षेफ (हे.)		उपयोग गर्न मिल्ने क्षेफ (हे.)	उपयोग गर्न नमिल्ने क्षे.फ. (हे.)
१	नेपाल कृषि अनुसन्धान परिषद्, सिंहदरबारप्लाजा, काठमाडौं	०.६	१	०.६			
२	कृषि अनुसन्धान निर्देशनालय, लुम्ले, कास्की	६६	११८	११	१९.५५	.	३५.४५ (जङ्गल क्षेत्र)
३	राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम, खुमलटार, ललितपुर	२.८	५	०.१५	२.३	.	०.३५ (बाटो, नहर आदि०)
४	राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथ, धनुषा	४२.५९	२१	३.९०	३८.६९	.	.
५	राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रम, भैरहवा, रूपन्देही	३५	४१	१०	२५	.	.
६	राष्ट्रिय बिउ विज्ञान प्रविधि अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर	०.४२४४	४	०.०९२५	०.३३१९	.	.
७	कृषि अनुसन्धान निर्देशनालय, दशरथपुर, सुर्खेत	३८.५	३२	४	३०	१.५	३
८	कृषि अनुसन्धान निर्देशनालय, दिपायल, डोटी	४.९४	२३	०.५४	४.४	.	.
९	राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान, खुमलटार, ललितपुर	०.२०	१	०.०५०९	०.१४९१	.	.
१०	बागवानी अनुसन्धान केन्द्र, किमुगाउँ, दैलेख	११.०९२५	१५	१.०	८.०	१.०	१.०९२५
११	राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, सातदोबाटो, ललितपुर	१६	१३	८.५२	७.४८	.	.
१२	राष्ट्रिय बाली प्रजनन तथा आनुवंशिक अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर	६ (सम्पूर्ण जग्गा राष्ट्रीय बाली विज्ञान अनुसन्धान केन्द्रको नाममा रहेको)	६	२	४	.	.
१३	राष्ट्रिय भैंसी अनुसन्धान कार्यक्रम, तरहरा, सुनसरी	२०	२४	२	१८	.	.
१४	राष्ट्रिय खाद्य अनुसन्धान केन्द्र, ललितपुर	०.१४८६	३	०.०५१४	०.०९७२	.	.
१५	राष्ट्रिय कृषि ईन्जिनियरिङ अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर	०.३५	३	०.२५	०.०५	०.०५	.
१६	राष्ट्रिय कृषि नीति अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर	राष्ट्रिय आलुबाली अनुसन्धान केन्द्रको भवनको					

क्र.सं.	कार्यालयमा रहेको स्थान	जग्गाको क्षेत्रफल (हेक्टर)	घरघटहराको विवरण		कृषिमा उपयोग भएको जग्गाको क्षेत्रफल (हे.)	उपयोग नभएको जग्गा	
			संख्या	ओगटेको क्षेत्रफल (हे.)		उपयोग गर्न मिल्ने क्षेत्रफल (हे.)	उपयोग गर्न नमिल्ने क्षे.फ. (हे.)
		माथिल्लो तलामा रहेको					
१७	राष्ट्रिय बाखा अनुसन्धान कार्यक्रम, बन्दीपुर, तनहुँ	८०	३३	१.५	२	६८.५	८
१८	कृषि अनुसन्धान निर्देशनालय, तरहरा, सुनसरी	१०५	८३	१५	८०	१०	०
१९	राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रम, जीतपुर, बारा	२०	२२	५	१५	.	.
२०	कृषि अनुसन्धान निर्देशनालय, खजुरा, बाँके	६६.७	७५	४.५	६२.२	.	.
२१	राष्ट्रिय सुन्तलाजात अनुसन्धान कार्यक्रम, पारिपात्ले, धनकुटा	२०.३३	२५	०.७१	९.५६	४.९८	५.०८
२२	राष्ट्रिय व्यवसायिक कृषि अनुसन्धान कार्यक्रम, पाखिबास, धनकुटा	२.५	७	०.२५	०.२५	०.५	१.५
२३	कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्र, नवलपुर, सर्लाही	१२.५	११	४	८.५	.	.
२४	अदुवाबाली अनुसन्धान केन्द्र, कपुरकोट, सल्यान	४.३५		०.८	२.०५		१.५
२५	कृषि अनुसन्धान निर्देशनालय, परवानीपुर, बारा	६०	७६	१४.५	४५	०.५	
२६	कृषि अनुसन्धान केन्द्र, पाखिवास, धनकुटा	१०५	१०१	७.१५	२७.४४		७०.४
२७	कृषि अनुसन्धान केन्द्र, बेलाचापी, धनुषा	१२.६	२५	३.६	७		२
२८	कृषि औजार अनुसन्धान केन्द्र, राघाट, बिरगञ्ज	१२.५	११	४	८.५		
२९	कृषि अनुसन्धान केन्द्र, बिजयनगर, जुम्ला	२.६५		१	१.६५		
३०	चरन तथा घाँसे बाली अनुसन्धान केन्द्र, रसुवा,धुन्चे	४.९५		०.८५	२		२.१
३१	जुट अनुसन्धान कार्यक्रम, इटहरी, सुनसरी	३३	१६	३.५	१८		११.५
३२	तेलबाली अनुसन्धान कार्यक्रम, नवलपुर, सर्लाही	४.५४८	१४	१.३३७	३.२१		
३३	पहाडी बाली अनुसन्धान कार्यक्रम, काब्रे, दोलखा	१५.८	१४	१.५	१०		४.३
३४	बागवानी अनुसन्धान केन्द्र, मालेपाटन, पोखरा	१८.२३	१७	१.६५	८.४८		८.१
३५	बागवानी अनुसन्धान केन्द्र, किमुगाउँ, दैलेख	११.०९२५	१५	१	८	१	१.०९२५
३६	भेडा तथा बाखा अनुसन्धान कार्यक्रम, गुठिचौर, जुम्ला	३८७	१२	०.२०३	३८६.७९७		
३७	मत्स्य अनुसन्धान केन्द्र, त्रिशुली, नुवाकोट	७.४७८	२३	०.२५२		७.२२६	
३८	मत्स्य अनुसन्धान केन्द्र, बेगनास, पोखरा	८.५		१.१	५.७१		१.६९
३९	राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रम, जितपुर, बारा	२०	२२	५	१५		
४०	राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी, ललितपुर	६.५		६.५			
४१	राष्ट्रिय पन्छी अनुसन्धान कार्यक्रम, परवानीपुर, बारा	कार्यालयको नाममा जग्गा नभएको					
४२	राष्ट्रिय बङ्गुर अनुसन्धान कार्यक्रम, पाखीवास, धनकुटा	कृ.अ.के पाखिबासको जग्गामा रहेको					
४३	राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम, रामपुर, चितवन	१००.१७	५२	३.९	७८.३९		१७.८८
४४	रेन्बोट्राउट मत्स्य अनुसन्धान केन्द्र, धुन्चे, रसुवा	१८	१३	०.०२५	१.५	१२	४.४
जम्मा		**१३८५.२६**		**१३४.२७**	**९६४.२९**	**१०७.२६**	**१७९.४४**

सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता

परिच्छेद : एक

परिचय

१. **पृष्ठभूमि -** मानव अधिकार सम्बन्धि विश्वव्यापी घोषणापत्रको धारा २२ ले प्रत्येक व्यक्तिलाई समाजको एक सदस्यको हैसियतले सामाजिक सुरक्षाको अधिकार हुने व्यवस्था गरेको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपले पछाडि परेका वर्ग तथा समुदायलाई राज्यले प्रदान गर्ने विशेष सेवा, नगद तथा अन्य सुविधा नै सामाजिक सुरक्षा हो। नेपालको संविधानको धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षा भत्ताको हक हुने व्यवस्था गरेको छ। सामाजिक सुरक्षा भत्ता लोकप्रिय कार्यक्रम मध्ये एक हो र यो "सामाजिक सहायता" अन्तर्गत नगद प्रवाह कार्यक्रम हो। लाभग्राहीले यस्तो भत्ता रकम बुझेकोमा कुनै दायित्व बहन गर्नु नपर्ने भएकाले यो निःशर्त अनुदानको रूपमा रहेको छ।

प्रमुख कार्यसम्पादन सूचकहरू (KPI)

- लक्षित वर्गको पहिचान
- सामाजिक सुरक्षा भत्तामा पहुँच
- सूचना प्रणालीको अन्तरआबद्धता
- बैंकिङ माध्यमबाट भत्ता वितरण

नेपालमा औपचारिक रूपमा वि.स.१९९१ मा सैनिक द्रव्य कोषमार्फत् सामाजिक सुरक्षाको अवधारणा सुरु भएको हो। त्यसैगरी वि.स.२००१ मा निजामती कर्मचारीका लागि "निजामती प्रोभिडेन्ट फन्ड" को व्यवस्था गरी सेवाबाट निवृत कर्मचारीहरूलाई आर्थिक सहयोगको व्यवस्था गरियो। आर्थिक वर्ष २०५२।५३ को बजेटमा ज्येष्ठ नागरिकको सम्मान गर्दै जीवनयापनमा टेवा पुऱ्याउन ७५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई प्रति महिना रु.१०० का दरले ज्येष्ठ नागरिक भत्ता दिने व्यवस्था मिलाइएको थियो। ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षाको रूपमा न्यूनतम मानवोचित जीवनयापनका लागि आरम्भ भएको यस कार्यक्रमको दायरा विस्तार भई आर्थिक वर्ष २०८१।८२ सम्म ३८ लाख भन्दा बढी लाभग्राही रहेको र सरकारले बजेट तथा कार्यक्रम मार्फत् रु.१ खर्ब १४ अर्बभन्दा बढी खर्च गर्ने गरेको छ। नेपालमा विभिन्न आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेटले सामाजिक सुरक्षा भत्ता दर बढाउने र भत्ता पाउने उमेरमा फेरबदलले लाभग्राहीको संख्या बढ्दै गएको तर सोही अनुपातमा आर्थिक वृद्धि र राजश्व स्रोतको वढोत्तरी हुन नसक्दा दिगो रूपमा स्रोत व्यवस्थापन चुनौतिपूर्ण बन्दै गएको छ। नेपालमा नगद प्रवाहमा आधारित सामाजिक सुरक्षा भत्ता कार्यक्रमहरू ज्येष्ठ नागरिक, ज्येष्ठ नागरिक दलित, ज्येष्ठ नागरिक एकल महिला, विधवा महिला, पूर्ण अपाङ्गता, अति अशक्त अपाङ्गता, लोपोन्मुख समुदाय, दलित बालवालिका र क्षेत्र तोकिएका बालबालिका भत्ता वितरण हुने गरेको छ।

२. **निकायको परिचय -** राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले राष्ट्रिय परिचयपत्र, पञ्जीकरण र सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी तथ्याङ्क व्यवस्थापनको कार्य गर्दै आएको छ। यस विभागले पहिलो कानुनी अधिकार स्थापना गर्ने "व्यक्तिगत घटना दर्ता" कार्य साथै नेपाल सरकारका दुई प्रमुख कार्यक्रमहरू; सामाजिक सुरक्षाअन्तर्गत "नगद प्रवाह" र व्यक्तिहरूको डिजिटल पहिचान स्थापना गर्ने बहुउपयोगी "राष्ट्रिय परिचयपत्र" वितरण कार्यको जिम्मेवारी सम्हाल्दै आएको छ। स्थानीय तहले सम्पूर्ण लाभग्राही विवरण व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP-MIS) मा प्रविष्टि गर्ने, कानुन बमोजिम नाम दर्ता, लगतकट्टा र नवीकरण गर्ने, सामाजिक सुरक्षा भत्ता वितरण गर्ने र सोको अनुगमन गर्ने कार्य गर्दै आएका छन्।

३. **संवैधानिक तथा नीतिगत व्यवस्था**

सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता र उपयोग सम्बन्धमा संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था देहाय बमोजिम छन्।

३.१. **संवैधानिक व्यवस्था**

- **मौलिक हकमा भएका व्यवस्था**
  - धारा ४०(३) मा दलित सुमदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानुन बमोजिम विशेष व्यवस्था गरिने।
  - धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने।
  - धारा ४२(२) मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने।
  - धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख समुदायका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।
- **राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व र अनुसूचीमा भएका व्यवस्थाहरू**
  - धारा ५१(ञ)(१२) मा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,
  - अनुसूची ५, ६ र ९ मा सामाजिक सुरक्षा सम्बन्धी कार्य क्रमशः सङ्घको एकल अधिकार, सङ्घ र प्रदेशको साझा अधिकार र सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा राखिएको छ।

३.२. **कानुनी व्यवस्था**

- **सामाजिक सुरक्षा ऐन, २०७५**

  नेपालको संविधान बमोजिम आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सामाजिक सुरक्षा ऐन, २०७५ निर्माण गरिएको।

- **सामाजिक सुरक्षा नियमावली, २०७६**

सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रिया देखि सोको अनुगमन मूल्याङ्कन सम्मको व्यवस्था गरी सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज र व्यवस्थित बनाउन सामाजिक सुरक्षा नियमावली, २०७६ निर्माण गरिएको।

- **सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४**
  राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको दीर्घकालीन योजना समेतको आधारमा नेपाल सरकार र विश्व बैक बीच भएको सम्झौता अनुसार सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था भएको।
- **विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४**
  बैंक खाता मार्फत् विद्युतीय प्रणालीद्वारा भत्ता प्रदान गर्न, लाभग्राही पहिचान, प्रमाणीकरण र भुक्तानी वितरणलाई पारदर्शी बनाउन, स्थानीय सरकारले बैंक तथा वित्तीय संस्थाहरू छनौट गरी सम्झौता गर्न, लाभग्राही र सम्झौता गरेका बैंक तथा वित्तीय संस्थाहरूको अनुगमन, मुल्याङ्कन, सहजीकरण तथा सूचना प्रणाली सुदृढीकरण गरी पारदर्शिता कायम गर्न र लाभग्राहीहरूलाई वित्तीय सेवामा सहज पहुँच प्रदान गर्न यो रणनीति लागु गरिएको।
- **एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०**
  सामाजिक सुरक्षा, सामाजिक सहायता र संरक्षणको नीति एवं कार्यक्रमहरू विभिन्न निकायबाट कार्यान्वयन हुँदा दोहोरोपन देखिएकोले साधन स्रोतको उपयुक्त एवं औचित्यपूर्ण उपयोग हुनेगरी त्यस्तो दोहोरोपना हटाउन एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।
- **सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२**
  सामाजिक सुरक्षा भत्ता वितरणमा अपनाउनुपर्ने प्रक्रियालाई व्यवस्थित गर्न हाल सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०८२ निर्माण गरी कार्यान्वयन गरिएको।

४. आवधिक योजना

४.१. प्रन्धौं योजना

रणनीति

- सामाजिक सहयोग र संरक्षणका कार्यक्रम विस्तार गरी आर्थिक सामाजिकरूपले वञ्चितीकरण तथा जोखिममा परेका क्षेत्र, लिङ्ग, वर्ग र समुदायको पहुँच बढाउने।
- सामाजिक सुरक्षा, सहयोग र सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन अन्तरसरकारी सूचना प्रणालीको विकास गर्ने।

कार्यनीति

- जीवनयापन गर्ने आयस्रोत नभएका, सरकारले तोकेको भन्दा न्यून आय भएका, श्रम गर्न नसक्ने अशक्त र असहाय, एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको पहिचान गरी सामाजिक संरक्षणको व्यवस्था गरिने
- सामाजिक सुरक्षा सम्बन्धी विषयलाई सहज र पारदर्शी बनाइने,
- सामाजिक सुरक्षा एकीकृत सूचना प्रणालीको विकास गरी सामाजिक सुरक्षा योजना वितरणको प्रतिवेदन प्रणाली विकास गरिने,

- सामाजिक सुरक्षा सम्बन्धी विश्वव्यापी अवधारणा र अभ्यासका बारेमा अध्ययन अनुसन्धान गरी उपयुक्त योजना, प्रारूप तथा प्याकेज प्रयोगमा ल्याइने,
- सङ्घीय प्रणाली अनुरूपको सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन ढाँचा विकास गर्न अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन तथा अन्तरसरकार तहगत समन्वय र सहकार्यलाई प्रभावकारी बनाइने,

४.२. **सोह्रौं योजना**

रुपान्तरणकारी रणनीति - सामाजिक सुरक्षालाई प्रभावकारी बनाउन सामाजिक सुरक्षासँग सम्बन्धित ऐन र नियममा समयानुकूल सुधार एवम् परिमार्जन गर्ने, सामाजिक सुरक्षाको संस्थागत संरचना र प्रणालीलाई एकीकृत र व्यवस्थित गरी सबैको जीवनयापनलाई सहज बनाउने कार्य गरिने।

प्रमुख कार्यक्रम - सामाजिक सुरक्षाको दायरा विस्तार, व्यापक आबद्धता र दिगोपनासम्बन्धी कार्यक्रम अन्तर्गत छरिएका सामाजिक सुरक्षा कार्यक्रमहरूलाई एकीकृत गरी एकीकृत सामाजिक सुरक्षा संरचनाको कार्यान्वयन तथा दिगोपना प्रवर्द्धन गरिने। सुरक्षा योजनाका सुविधाको स्तर वृद्धि गरिने र औपचारिक क्षेत्रमा भर परिरहेको अनौपचारिक रोजगारीलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याइने। साथै, सम्पन्न तथा बेरोजगार नागरिकलाई रोजगारी सृजनासम्बन्धी विशेष कार्यक्रम र बेरोजगारका लागि सीप तथा उद्यमशीलता विकाससम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिने।

५. **दिगो विकास लक्ष्य -** राष्ट्रिय योजना आयोगले प्रकाशन गरेको दिगो विकास लक्ष्यहरूको लक्ष्य नम्बर १.३.१ मा सामाजिक सुरक्षण प्रणालीहरूद्वारा समेटिएका जनसंख्याको अनुपात (लिङ्ग, बालबालिका, बेरोजगार व्यक्तिहरू, ज्येष्ठ नागरिकहरू, अपाङ्गता भएका, गर्भवती महिला, शिशु, कार्यस्थलमा लागेको चोटपटक र गरिब तथा सङ्कटग्रस्त/ कमजोर वर्गअनुसार) सन् २०३० सम्म ८० प्रतिशत पुऱ्याउने र कुल बजेटमा सामाजिक सुरक्षा खर्च १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ।

६. **वार्षिक नीति तथा कार्यक्रम**

आर्थिक वर्ष	बजेटमा उल्लेख भएका प्रमुख व्यवस्थाहरू
२०७९।८०	• सामाजिक सुरक्षा भत्ता ७० वर्षबाट घटाएर ६८ वर्षमाथिलाई दिने व्यवस्था, भत्ता नलिनेलाई सरकारबाट सम्मान गरिने, • सामाजिक सुरक्षा र संरक्षण कार्यक्रम एकद्वार प्रणालीबाट सञ्चालन गर्न एकीकृत लगत राखिने, • ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका, दलित ज्येष्ठ नागरिक, लोपोन्मुख जनजाति, २५ जिल्लाका ५ वर्षमुनिका बालबालिका, दलित बालबालिकालाई भत्ता, उपचार, आर्थिक सहायताका लागि रु. १ खर्ब ३४ अर्ब १ करोड विनियोजन, • वित्तीय कारोबार विद्युतीय प्रणालीमा, सामाजिक सुरक्षा भत्ता अनिवार्य बैंकिङ प्रणालीबाट,
२०८०।८१	• ६८ वर्षमाथिका ज्येष्ठ नागरिकलाई मासिक ४ हजार भत्ता निरन्तरता, ६० वर्ष पुरा गरेका दलित, एकल महिला, विपन्न, सीमान्तकृत, बालबालिकालाई भत्ता, छात्रवृत्ति, स्वास्थ्योपचार, स्वास्थ्य बीमा निरन्तर, सामाजिक सुरक्षा कार्यक्रमका लागि रु. १ खर्ब ५७ अर्ब ७३ करोड विनियोजन, • दिगो स्रोत व्यवस्थापन, दोहोरोपन हटाई लक्षित वर्गमा केन्द्रित, स्रोत विस्तारसँगै सुविधा र दायरा विस्तार, • व्यक्तिगत घटना दर्ता वडास्तरबाट विद्युतीय प्रणालीमा रूपान्तरण, सामाजिक सुरक्षा सूचना प्रणालीलाई विद्युतीय लेखा र एकल खाता कोषमा आबद्ध गरी भत्ता सिधै लाभग्राहीको बैंक खातामा,

२०८१।८२	• सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र अनिवार्य यसलाई राहदानी, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता, स्थायी लेखा नम्बर, भूमि व्यवस्था, सवारी दर्ता, चालक अनुमति, बैंकिङ, निवृत्तभरण (पेन्सन) र स्वास्थ्य बीमासँग आबद्ध गरिने। • ज्येष्ठ नागरिक र लक्षित समूहलाई सामाजिक सुरक्षा भत्ता निरन्तर, यसका लागि रु. १ खर्ब ९ अर्ब विनियोजन।

७. **विश्वव्यापी अभ्यास** - विश्वका विभिन्न राष्ट्रहरूमा सामाजिक सुरक्षा र यसको दायरा तथा सञ्चालित कार्यक्रम एवम् क्रियाकलापको प्रकृतिमा भिन्नता रहेको पाइन्छ। विकसित देशहरूमा यस्ता कार्यक्रम सीमित समुदायका लागि लक्षित रहेको छ। विकासशील राष्ट्रहरूमा लक्षित एवम् सामान्य कार्यक्रमको रूपमा राज्यको प्रमुख भूमिकामा नै यस्ता कार्यक्रमहरू सञ्चालित रहेको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनद्वारा प्रकाशित विश्व सामाजिक संरक्षण प्रतिवेदन, २०२४-२०२६ का अनुसार हाल विश्वको आधा भन्दा बढी जनसंख्या (५२.४ प्रतिशत) कम्तीमा एक सामाजिक संरक्षणको कार्यक्रमबाट लाभान्वित भएका छन्। उच्च आय भएका देशमा करिब ८५.९ प्रतिशत जनसंख्या, उच्च मध्यम आय भएका देशमा ७१.२ प्रतिशत, निम्न मध्यम आय भएका देशमा ३२.४ र निम्न आय भएका देशहरूमा ९.४ प्रतिशत जनसंख्या कम्तीमा एक सामाजिक संरक्षणको कार्यक्रमबाट लाभान्वित छन्।

८. **विषय छनोटको औचित्य** - सामाजिक सुरक्षालाई राज्यको नागरिकप्रतिको दायित्व निर्वाहको साधनका रूपमा लिने गरिन्छ। नेपालमा संविधानले परिकल्पना गरेको सामाजिक सुरक्षा सहितको समाजवाद उन्मुख राज्य निर्माणका लागि गरिबी, वञ्चितीकरण तथा जोखिममा परेका व्यक्ति, परिवार तथा समुदायलाई लक्षित गरी सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। सामाजिक सुरक्षा भत्ताको वर्षेनी दायित्त्व थपिदै गएको र सामाजिक सुरक्षा प्रणालीमा आधारित तथ्याङ्क व्यवस्थापन, सेवा वितरण, लक्षित वर्गको पहुँचको विश्लेषण, गरी सोको मूल्याङ्कन गर्न आवश्यक देखिएको साथै सामाजिक सुरक्षा भत्ता कार्यक्रममा देखिएको समस्या तथा चुनौतिको विश्लेषण गरी दिगो, पूर्ण र उत्पादनशील बनाउन आगामी दिनमा गर्नुपर्ने नीतिगत, संरचनागत तथा प्रणालीगत सुधारका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न लेखापरीक्षणमा यो विषय छनोट गरिएको हो।

परिच्छेद-२
लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति एवं सीमा

९. **लेखापरीक्षणको उद्देश्य -** नेपालमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमहरूको प्रभावकारिता (तथ्याङ्क व्यवस्थापन, सेवा वितरण र नागरिकहरूको पहुँच) र उपयोग सम्बन्धमा भएका कानुनी तथा नीतिगत, संस्थागत एवं कार्यगत व्यवस्थाको परीक्षण तथा विश्लेषण गरी उपयुक्त सुझाव दिने लेखापरीक्षणको उद्देश्य रहेको छ। अन्य सहायक उद्देश्य देहायबमोजिम रहेका छन्:

- सामाजिक सुरक्षा भत्ता कार्यक्रममा लक्षित वर्गको पहिचान र नागरिक पहुँचको विश्लेषण र मूल्याङ्कन गर्नु,
- व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली विकास, स्तरोन्नति र सञ्चालनको अवस्थाको विश्लेषण र प्रभावकारिताको मूल्याङ्कन गर्नु,
- सामाजिक सुरक्षा भत्ताको आवश्यकता, प्रर्याप्तता, वञ्चितिकरणमा परेका समुदाय, वर्ग र लोपोन्मुख जातिको मूलप्रवाहीकरण, दोहोरोपना र राज्यकोषमा पर्ने असरको मूल्याङ्कन तथा विश्लेषण गर्नु,

१०. **लेखापरीक्षणको क्षेत्र -** लेखापरीक्षणको क्रममा राष्ट्रिय पञ्जीकरण विभाग, विभिन्न १५ स्थानीय तहलाई प्रश्नावलीबाट जवाफ माग गरी अध्ययन गरिएको र विभागले तयार गरेको विगत ३ वर्षको प्रगति प्रतिवेदनका विवरणलाई आधार लिईएको छ। लेखापरीक्षणका क्रममा नागरिक समाज संस्थालाई परिचालन गरी ११० लाभग्राहीको प्रतिक्रिया अध्ययन गरिएको र प्रतिवेदनमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमको तथ्याङ्क व्यवस्थापन, सेवा वितरण र नागरिकहरूको पहुँच र उपयोगको क्षेत्र समावेश गरिएको छ।

१०.१. **लेखापरीक्षण पद्धति -** नेपाल सरकारी लेखापरीक्षण मान, समिक्षा पत्र, लेखापरीक्षण योजना, २०८२ र महालेखापरीक्षक तथा कार्यालयको निर्देशन, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८१ को आधारमा लेखापरीक्षण कार्यान्वयन गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण र विस्तृत विवरणको परीक्षण विधि अवलम्बन गरिएको छ। लेखापरीक्षण कार्य पद्धतिमूलक एवं नतिजामूलक प्रक्रिया अपनाई सम्पन्न गरिएको छ। लेखापरीक्षण आधारको रूपमा नेपालको संविधान, प्रचलित ऐन, कानुन, नीतिमा उल्लेख भएका विषयलाई लेखापरीक्षणको आधार मानिएको छ। लेखापरीक्षणबाट देखिएका बेहोराहरूमा परीक्षण गरिएका निकायका पदाधिकारीसँग आवश्यक छलफल गरी यो प्रतिवेदन तयार गरिएको छ।

सामाजिक सुरक्षा भत्ता कार्यक्रम मूलुकको ठूलो जनसङ्ख्यामा जोडिएको विषय भएकोले सूचना संकलन, पृष्ठपोषण लगायताका कार्यका लागि महालेखापरीक्षकको कार्यालयको स्वीकृत योजना अनुसार नागरिक समाज सङ्गठनलाई समेत सहभागिता गराई लेखापरीक्षण गरिएको छ।

११. **लेखापरीक्षणका सीमा -** लेखापरीक्षणको क्रममा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, स्थानीय तह तथा विभिन्न निकायहरूबाट प्राप्त तथ्याङ्कहरूको आधारमा प्राप्त सूचना, अभिलेख, विवरण, सेवाग्राहीसँगको अन्तर्वार्ता, नागरिक समाजबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ। सामाजिक सुरक्षा कार्यक्रमहरू धेरै निकाय/मन्त्रालय तथा तीनवटै तहका सरकारबाट सञ्चालन गरिए पनि यो कार्यमूलक लेखापरीक्षणमा सङ्घीय सरकारबाट सञ्चालित सामाजिक सुरक्षा भत्ता कार्यक्रम मात्र छनोट गरी कार्यमूलक लेखापरीक्षण गरिएको छ।

लेखापरीक्षणको लागि उपलब्ध समय सीमा, संलग्न जनशक्ति, सूचना तथा तथ्याङ्क सङ्कलन, स्थलगत अवलोकनको लागि स्रोतको अभाव, सूचना प्राप्तिमा कठिनाई समेतले लेखापरीक्षणको दायरालाई सीमित गरेको छ। लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, कारोबारको नियन्त्रण जोखिमको मात्रा तथा लागतको दृष्टिकोणबाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने हुँदा लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनोट गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिने निकायबाट उपलब्ध भएका विवरण, तथ्याङ्क, सूचनाको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ।

परिच्छेद : तीन

लेखापरीक्षणबाट देखिएका बेहोरा

सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभाकारीता सम्बन्धी कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका बेहोरा निम्नानुसार छन् :

सकारात्मक पक्षहरू

- सामाजिक सुरक्षा भत्ता कार्यक्रमको दायरा विस्तार भई ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका र लोपोन्मुख समुदायलाई समावेश गरिएको।
- लाभग्राहीको बायोमेट्रिक भेरिफिकेशन मार्फत् पहिचान गरी हाल सम्म ३८ लाख ६ हजार ६ सय ३४ लाभग्राहीको डिजिटल अभिलेख तयार गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गरिएको,
- सामाजिक सुरक्षा भत्ता ७५३ स्थानीय तहबाट विद्युतीय प्रणाली मार्फत् भुक्तानी हुने गरेको,
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई प्रभावकारी बनाउन राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली र व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीबीच अन्तरआबद्धता गरिएको,

सुधार गर्नुपर्ने पक्षहरू

१२. **लाभग्राही र खर्च अवस्था -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ मा ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, लोपोन्मुख समुदायले सामाजिक सुरक्षा प्राप्त गर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७२।७३ देखि २०८१।८२ सम्म १० वर्षको अवधिमा सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको सङ्ख्या २२ लाख ६५ हजार ५३५ बाट ३८ लाख ६ हजार ६३४ पुगेको छ। त्यस्तै सामाजिक सुरक्षा भत्ता खर्च रु.१६ अर्ब ५२ करोड २२ लाख ७४ हजारबाट वृद्धि भई रु.१ खर्ब १४ अर्ब ४१ करोड २ लाख पुगेको छ। विगत १० वर्षको अवधिमा सामाजिक सुरक्षा भत्ताको व्ययभार रु. ९७ अर्ब ८८ करोड ८० लाखले अर्थात् ५९२ प्रतिशतले बढेको छ।

क्र.स.	आर्थिक वर्ष	जम्मा लाभग्राहीको सङ्ख्या	नेपाल सरकारको जम्मा बजेट खर्च (रु.लाखमा)	सामाजिक सुरक्षा भत्तामा जम्मा खर्च (रु.लाखमा)	खर्च प्रतिशत
१.	२०७२/०७३	२२६५५३५	६०१०१३३	१६५२२७	२.७५
२.	२०७३/०७४	२२५५५४७	८३४२४७७	३५४६७४	४.२५
३.	२०७४/०७५	२५६०१३९	१०८४६८२१	३९७८९२	३.६७
४.	२०७५/०७६	२८२७५१८	१११०४५७१	४०२१९६	३.६२
५.	२०७६/०७७	३०६२२२७	१०९११३५२	६६२२१७	६.०७
६.	२०७७/०७८	३४५५४४६	११९६६७६०	६८६५२७	५.७४
७.	२०७८/०७९	३६०२७०५	१३१००००	९६०५९१	७.३३
८.	२०७९/०८०	३८००२७७	१४२१३२७०	१०८३७०२	७.६२
९.	२०८०/०८१	३८२९४८९	१३९३४०१६	१११८२४७	८.०३
१०.	२०८१/०८२	३८०६६३४	१५२३१०६८	११४४१०२	७.५१



सरकारको कुल बजेट खर्चको तुलनामा सामाजिक सुरक्षा भत्ता खर्च २०८१।८२ मा ७.५१ प्रतिशत पुगेको छ। प्रदेश र स्थानीय तहले समेत वितरण गर्दै आएको सामाजिक सुरक्षा भत्ता र तीनै तहका सरकारले उपलब्ध गराएका अन्य सामाजिक सुरक्षा कार्यक्रममा भएको खर्च समावेश गर्दा खर्चको आँकडा अझै बढ्ने अवस्था छ। प्रत्येक वर्ष लाभग्राही संख्या बढ्दै जानु, लाभग्राहीको उमेर र समूहमा फेरबदल, भत्ता दरमा परिवर्तन तथा सामाजिक सुरक्षा भत्तालाई आवश्यकतामा आधारित बनाउन नसक्नु लगायत कारणले सामाजिक सुरक्षाको दायित्व बढ्दै गएको छ। सामाजिक सुरक्षा दायित्वलाई दिगो बनाउन सरकारले उपयुक्त अध्ययन, विश्लेषण गरी यसमाथि रहेको बढ्दो आर्थिक भारलाई राज्यको वित्तीय क्षमता अनुरूप व्यवस्थित गर्नुपर्दछ।

१३. **सेवा विविधिकरण** - सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ मा नेपाल सरकारले हाल ८ वर्गको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गरेको छ। सरकारले २०८१।८२ मा वितरण गरेका सामाजिक सुरक्षा भत्ताको अवस्था देहाय अनुसारका छन्। यस सम्बन्धमा देखिएका बेहोरा निम्न अनुसारका छन्।

सि.न.	लाभग्राही किसिम	भत्ताको आधार	लाभग्राही संख्या	मासिक भत्ता दर	खर्च रकम (रु. हजारमा)	खर्च (प्रतिशत)
१	अन्य ज्येष्ठ नागरिक भत्ता	६८ वर्ष देखि पाउने	१७१९८००	४०००	७६८६२२५१	६७.२३
२	ज्येष्ठ नागरिक भत्ता दलित	६० वर्ष देखि पाउने	१५७८८७	२६६०	४७७००९९	४.१७
३	ज्येष्ठ नागरिक एकल महिला	६० वर्ष देखि पाउने	१५९३१०	२६६०	६४२२०२१	५.६२
४	ज्येष्ठ नागरिक क्षेत्र तोकिएका	६० वर्ष देखि पाउने	१६९५०	२६६०	५०८६७२	०.४४
५	विधवा	जुनसुकै उमेरका	४१६६८७	२६६०	११२९५०४९	९.८८
६	क वर्ग पूर्ण अपाङ्ग	जुनसुकै उमेरका	६९९५२	३९९०	३०४९४४२	२.६७
७	ख वर्गअति अशक्त अपाङ्ग	जुनसुकै उमेरका	१५०८८३	२१२८	३४२४४९२	३
८	क्षेत्र तोकिएका बालबालिका	५ वर्ष मुनी	७५६४०९	५३२	४७५०१०७	४.१६
९	दलित बालबालिका	५ वर्ष मुनी	३३६७०६	५३२	२१८८२४३	१.९१
१०	लोपोन्मुख जाति	जुनसुकै उमेरका	२२०५०	३९९०	१०५१८४२	०.९२
कुल जम्मा			**३८०६६३४**		**११४३२२२१८**	**१००.००**

- **ज्येष्ठ नागरिक भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ४ मा ६८ वर्ष उमेर पुगेका नागरिकले ज्येष्ठ नागरिक भत्ता पाउने साथै दलित, एकल महिला र सरकारले कुनै निश्चित क्षेत्र तोकी सो क्षेत्रमा बसोबास गर्ने ६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने उल्लेख छ। आर्थिक वर्ष २०८१।८२ मा २० लाख ५३ हजार ज्येष्ठ नागरिकलाई रु. ८८ अर्ब ५६ करोड ३० लाख सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ जुन जम्मा सामाजिक सुरक्षा खर्चको ७७.४७ प्रतिशत हो। सरकारद्वारा सञ्चालित कार्यक्रमहरू ब्याङकेट एर्पोचमा रहेका र कार्यक्रमहरू आवश्यकतामुखी भन्दा पनि अधिकारमुखी तवरले ग्रहण गरिएका छन्। जसले गर्दा ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ताको दायित्व वर्षेनी बढ्दै गएको छ। पारिवारिक लगत तयार गरी सम्पत्तिको स्वामित्व, गरिबीको अवस्था, पारिवारिक संरक्षण, आर्थिक तथा सामाजिक बहिष्करण र रोजगारीको अवस्था लगायतका विषयलाई आधार बनाई ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी बनाउनुपर्दछ।
- **अपाङ्गता भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ८ मा पूर्ण (क वर्ग) र अति अशक्त (ख वर्ग) अपाङ्गता भएका नागरिकले अपाङ्गता भत्ता पाउने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा २ लाख २१ हजार अपाङ्गता भएका नागरिकलाई रु. ६ अर्ब ४७ करोड ३९ लाख भत्ता भुक्तान गरेको छ। अपाङ्गता वर्गीकरणको (क वर्ग र ख वर्ग) स्पष्ट मापदण्ड नहुँदा गलत वर्गीकरणमा, प्रशासनिक झन्झट, प्रमाणीकरणमा समस्या र वास्तविक लाभग्राहीको पहुँच सुनिश्चित नहुने जस्ता समस्या रहेका छन्। जसले वर्सेनी यस्तो भत्ता दायित्व बढ्दै गएको छ। अपाङ्गता वर्गीकरणको स्पष्ट मापदण्ड तयार गरी वास्तविक लाभग्राहीलाई मात्र भत्ता उपलब्ध गराउनुपर्दछ।

- **बालबालिका पोषण भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ९ मा बालपोषण भत्ता पाउने उल्लेख छ। नेपाल सरकारले तोकेका २५ जिल्ला तथा देशभरका दलित परिवारका ५ वर्ष मुनिका बालबालिका लागि बालपोषण भत्ता मासिक रु. ५३२ का दरले वितरण गर्दै आएको छ। २०८१।८२ मा १० लाख ९३ हजार बालबालिकालाई रु.६ अर्ब ९३ करोड ८३ लाख बालपोषण भत्ता वितरण गरेको छ।

आर्थिक वर्ष	दलित बालबालिका संख्या	क्षेत्र तोकिएका बालबालिका संख्या	जम्मा खर्च
२०७७/७८	४२१३४३	६९९८५५	५३८१७५०४००
२०७८/७९	४१०१२०	८०६२५७	४५२६४५३८९०
२०७९/८०	३८११०७	८२०७९०	६७४७७६६३५३
२०८०/८१	३६०३११	८०००३६	६८४१२१७१७२
२०८१/८२	३३६७०६	७५६४०९	६९३८३४९९७२

उक्त भत्ता रकम सबै वर्गका बालबालिकालाई समान रूपमा वितरण भएको, भत्ता रकम निश्चित क्षेत्र र वर्गमा मात्र सीमित भएको तथा भत्ता रकम न्यूनसमेत भएकोले कार्यक्रमको प्रभावकारिता अपेक्षित हुन सकेको छैन। आर्थिक रूपले विपन्न एवं गरिबीको आधारमा आवश्यकता मूल्याङ्कन गरी बालपोषण भत्तालाई लक्षित वर्ग केन्द्रित बनाउनुपर्दछ।

- **विधवा भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ७ मा विधवा महिला भत्ताको व्यवस्था गरेको छ। नेपाल सरकारले विधवा महिलालाई मासिक रु.२६६०।०० का दरले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यवस्था अनुसार आर्थिक वर्ष २०८१।८२ मा ४ लाख १६ हजार ६८७ लाभग्राहीलाई रु. ११ अर्ब २९ करोड ५० लाख ४८ हजार भत्ता वितरण गरेका छन।

आर्थिक वर्ष	लाभग्राही उमेर समूह(वर्ष)				जम्मा लाभग्राही	वितरण रकम
	२०-३०	३०-४०	४०-५०	५० माथि		
२०७८/७९	१०६५०	४५९७३	१२०१२६	१८३७५३	३६०५०२	१११११८८७५५५०
२०७९/८०	९६५५	४६५८१	११९८०१	१८५१२४	३६११६१	१०७३३२६५५४३
२०८०/८१	९९८२	५२८४३	१२१३३०	२०५०५५	३८९२१०	११३२१४८७८७२
२०८१/८२	१०९१६	५९०३६	१२७९५६	२१८७७९	४१६६८७	११२९५०४८६१४

विधवा महिलाहरूले भत्ता पाउने मध्ये उमेर समुहका आधारमा ५० वर्ष मुनिका १ लाख ९७ हजार ९०८ रहेको छन। सक्रिय उमेर समूहका एकल महिलाहरूलाई भत्ताका अतिरिक्त विभिन्न सिपमूलक तथा सशक्तीकरण सम्बन्धी कार्यक्रममा सहभागी गराई आर्थिक र सामाजिक तवरले सबल बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

- **लोपोन्मुख भत्ता -** संविधानले आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक सुनिश्चित गरेको छ। आदिवासी जनजाति उत्थान प्रतिष्ठान ऐन, २०५८ को दफा २ बमोजिम नेपालका ६० जनजातिलाई सूचीकृत गरिएको छ। सो मध्ये १० समुदाय (किसान, कुसुन्डा, पथरकट्टा, कुशबडिया मेचे, राउटे, राजी, लेप्चा, सुरेल र हायु) लाई लोपोन्मुख समुदाय भनी वर्गीकरण गरेको छ। सरकारले लोपोन्मुख समुदायलाई संरक्षण गर्नको लागि परिवारको प्रत्येक सदस्यलाई भत्ताको व्यवस्था गरेको छ।

सि.न.	लोपोन्मुख जातजातिको नाम	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२
१	किसान	१२३८	११८७	११३६	१११५	१००८
२	कुसुन्डा	१७१	१६९	१६५	१६१	१५३
३	पथरकट्टा/कुशबडिया	१७३९	१७३६	१७९५	१९००	१९१७
४	मेचे	५०३२	५३४६	५२६१	५२२६	५१३०
५	राउटे	७०२	६६६	६४६	६५४	६३५
६	राजी	६०८७	६१६१	६१३५	६१७१	६१२१
७	लेप्चा	३२४०	३२८८	३२१८	३२०८	३१५१
८	सुरेल	२१०	२२९	२१२	२१२	२१४
९	हायु	३६७९	३६९१	३६३०	३७१४	३७१५
	जम्मा	२२०९८	२२४७३	२२१९८	२२३६१	२२०५०

प्राप्त विवरण अनुसार लोपोन्मुख समुदायका लाभग्राही २०७७।७८ मा २२ हजार ९८ रहेकोमा २०८१।८२ मा २२ हजार ४४ पुगेको छ। सरकारले लोपोन्मुख समुदायलाई संरक्षण गर्न परिवारका प्रत्येक सदस्यलाई भत्ताको व्यवस्था गरे तापनि बर्सेनि रूपमा उक्त समुदायको सङ्ख्या घट्दै गई रहेको र परनिर्भरता बढ्दै गएको छ। लोपोन्मुख समुदायको उत्थान तथा सशक्तिकरणको लागि शिक्षा, स्वास्थ्य, रोजगारी र बजारमा पहुँच बढाउने तथा सांस्कृतिक संरक्षण तथा परम्परागत ज्ञानको संरक्षण तथा सहभागिताको लागि परम्परागत सीपमा आधारित उद्यम प्रवर्द्धन गर्ने, समुदाय विशेष जीविकोपार्जन कार्यक्रम सञ्चालन गर्ने, स्थानीय सिप विकास हुने र सशक्तिकरण हुने कार्यक्रम सञ्चालन गरी यस्तो भत्ता जीविकोपार्जन एवं उपभोगमा केन्द्रित नभई लोपोन्मुख समुदायको मूलप्रवाहीकरणमा योगदान पुग्नेगरी दिगो र प्रभावकारी बनाउनुपर्दछ।

१४. **विपन्न तथा अशक्त र असहाय भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ मा अशक्त र असहाय अवस्थामा रहेको व्यक्ति र आर्थिक रूपले विपन्न नागरिकलाई सामाजिक सुरक्षा भत्ताको अधिकार हुने व्यवस्था छ। नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोके भन्दा न्यून आय भएका व्यक्ति भनिएकोमा हालसम्म त्यस्तो सूचना

प्रकाशन गरिएको छैन। अशक्त र असहायलाई सम्बन्धित ऐनले परिभाषित गरेतापनि विपन्नको स्पष्ट मापदण्ड बनाई कार्यान्वयन नगरेकोले सामाजिक सुरक्षा खर्च बढ्दो देखिएको छ। सामाजिक सुरक्षा भत्ता वितरणको लागि उमेर र निर्धारित क्षेत्रलाई मुख्य आधार लिनुभन्दा चल तथा अचल सम्पत्तिको स्वामित्व, पिछडिएको क्षेत्र तथा सीमान्तकृत जाति, पारिवारिक वार्षिक आम्दानी र परिवारमा रोजगारीको अवस्था जस्ता विषयमा आधार र मापदण्ड बनाई यस्तो भत्ता आवश्यकताका आधारमा प्रभावकारी ढङ्गले वितरण हुने व्यवस्था मिलाउनुपर्दछ।

१५. **क्षेत्र निर्धारण भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ४ को उपदफा २ मा नेपाल सरकारले पिछडिएको क्षेत्र साथै कुनै निश्चित क्षेत्र तोकी सो क्षेत्रमा बसोबास गर्ने ६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने उल्लेख छ। नेपाल सरकारले कर्णाली प्रदेशका ५ जिल्ला (कालिकोट, जुम्ला, हुम्ला, मुगु, डोल्पा) लाई पिछडिएको तोकी भत्ता वितरण गर्दै आएको छ।

आर्थिक वर्ष	क्षेत्र तोकिएका ज्येष्ठ नागरिक भत्ता	
	लाभग्राहीको संख्या	वितरण रकम रु.
२०७७/७८	२०२६२	४८६२८८०००
२०७८/७९	२१०६८	६२८७६६१४७
२०७९/८०	१६६६२	६२७९४०९८५
२०८०/८१	१६४८०	५२११६४०१२
२०८१/८२	१६९५०	५०८६७१८१८

सरकारले क्षेत्र निर्धारण गरी भत्ता वितरण गर्दा ६० बर्ष माथिका ज्येष्ठनागरिकलाई आर्थिक वर्ष २०८१।८२ मा १६ हजार ९ सय लाभग्राहीलाई रु.५० करोड ८६ लाख रकम वितरण गरेको छ। सरकारले क्षेत्र तोकिएको भत्ता पिछडिएको क्षेत्रमा बसोबास गर्ने नागरिकलाई मात्र वितरण गर्ने भनेतापनि सो क्षेत्रबाट स्थायी रूपले अन्यत्र सुगम क्षेत्रमा सरेर गएका नागरिकले बसाईसराई नगरी तथा सो क्षेत्रमा बसोबास गरेको जनाई उक्त जिल्लाबाट सामाजिक सुरक्षा भत्ता बुझ्ने गरेको जानकी गाउँपालिका, कैलाली र गेरुवा गाउँपालिका, बर्दियाले जनाएको छ। भौगोलिक विकटता, गरिबी एवं विकासको वञ्चितिमा परेका कारण राज्यले प्रदान गर्ने यस्ता सुविधा सुगममा बस्नेले समेत उपयोग गरेको अवस्था छ। बसाईँसराइको तथ्याङ्कीय प्रणाली प्रभावकारी बनाई सम्बन्धित क्षेत्रमा बसोबास गर्ने ज्येष्ठ नागरिकलाई मात्र यस्तो सुविधा उपलब्ध गराउनुपर्दछ।

१६. **प्रस्तावना र मूल दफाबीच स्पष्ट सामञ्जस्यताको अभाव -** सामाजिक सुरक्षा ऐन, २०७५ को प्रस्तावनामा सामाजिक सुरक्षा व्यवस्था आर्थिक रूपमा विपन्न, अशक्त तथा असहाय अवस्थाका व्यक्तिहरू जस्तैः असहाय एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आत्मनिर्भर रूपमा हेरचाह गर्न नसक्ने नागरिक तथा लोपोन्मुख जातिका समूहलाई लक्षित गरी निर्माण गरिएको उल्लेख छ। प्रस्तावना अनुरूप मूल दफाले बिना कुनै अवस्थागत मापदण्ड अनुसार सबै ज्येष्ठ नागरिकलाई अधिकार प्रदान गरेको हुँदा ऐनको प्रस्तावना र कार्यकारी दफाबीच असंगति देखिएको छ। कानुनी सिद्धान्ततः कानुनको दफा बाध्यकारी हुने भएकाले सरकारले हालसम्म Blanket Approach मार्फत् भत्ता पाउन योग्य सबै ज्येष्ठ नागरिकलाई भत्ता वितरण गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको छ। जसकारण राज्यको सीमित स्रोतको वितरण न्यायोचित हुन नसकेको अवस्था छ। सामाजिक सुरक्षाको प्रभावकारिता र परिणाममुखी उपयोग र वास्तविक कमजोर वर्गको सशक्तिकरण गर्न ऐनको प्रस्तावना र मूल दफाबीच पूर्ण सामञ्जयता कायम हुने गरी कानुनमा पुनरावलोकन गरी सामाजिक सुरक्षा भत्ता वास्तविक रूपमा अशक्त र असहाय अवस्थामा रहेका ज्येष्ठ नागरिकमा सीमित गर्ने स्पष्ट नीति अवलम्बन गर्नुपर्दछ।

१७. **सामाजिक सुरक्षा नलिनेलाई सम्मान -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२(क) मा सामाजिक सुरक्षा पाउने व्यक्तिले सामाजिक सुरक्षा भत्ता नलिने स्वेच्छिक घोषणा गरेमा निजलाई प्रशंसापत्रसहित सम्मान गर्ने व्यवस्था छ। स्थानीय तह र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट उपलब्ध विवरण अनुसार हाल सम्म कुनै लाभग्राहीलाई सम्मान गरिएको छैन। सामाजिक सुरक्षा भत्ता नलिनेलाई अन्य प्रकारका सहुलियत प्रदान गरी भत्ता नलिन अनुभूति गराउने चेतनामुलक कार्यक्रम प्रभावकारी बन्न सकेको देखिएन। सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई प्रभावकारी र दिगो बनाउन आर्थिक रूपमा सम्पन्न वृद्धवृद्धा, सक्रिय उमेर समूहका नागरिकलाई सरकारले स्वास्थ्य बीमामा थप सुविधा, सहुलियतपूर्ण यातायात शुल्क, सार्वजनिक स्थलमा विशेष छुट सुविधा लगायत जीवनस्तर सुधार तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरी सामाजिक सुरक्षा भत्तालाई वैकल्पिक आधार बनाई कार्यक्रमलाई प्रभावकारी बनाउने पहल गर्नुपर्दछ।

१८. **भत्ता पाउने उमेर र रकममा फेरबदल** - सरकारले सुरूमा ७५ वर्षभन्दा माथिका उमेर समूहलाई ज्येष्ठ नागरिक (वृद्ध भत्ता) उपलब्ध गराउने भएता पनि भत्ता पाउने समूह (विधवा महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, लोपोन्मुख समुदाय, कुनै निश्चित समुदाय र क्षेत्रका बासिन्दा) र उमेर समय समयमा फेरबदल गर्दै आएको छ।

आर्थिक वर्ष	सामाजिक सुरक्षा भत्तामा फेरबदल
२०५१।५२	७५ वर्ष वा सोभन्दा बढी उमेर भएका वृद्धलाई रु. १०० का दरले भत्ता वितरण गर्न शुरु।
२०५३।५४	६० वर्ष भन्दा वढी उमेरका विधुवा महिलालाई विधुवा भत्ता र अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता भत्ताको व्यवस्था रु. १०० वाट सुरुवात
२०५६।५७	१०० रुपैयाँको वृद्धभत्तालाई १५० रुपैयाँ पुऱ्याएको
२०६१।६२	वृद्धभत्ता रु. १५० वाट १७५ पुगेको
२०६५।६६	वृद्धभत्तालाई १७५ रुपैयाँबाट एकैपटक ५०० रुपैयाँमा पुर्याइएको
२०६५।६६	एकल महिला, लोपोन्मुख समुदाय, कर्णाली बासी, दलित बासीलाई ६० बर्षमा वृद्ध भत्ता प्रदान गरिदै आईरहेको
२०६६।६७	बाल संरक्षण अनुदान सुरुवात, कर्णाली अञ्चलका सबै परिवारका ५ वर्ष मुनिका २ जना वालवालिका र अन्य जिल्लाका विपन्न दलित परिवारका ५ वर्षमुनिका २ जना वालवालिकालाई रु २०० का दरले अनुदान उपलब्ध गराउन सुरु भएको
२०७२।७३	वृद्धभत्ता ५०० रुपैयाँबाट १ हजार पुर्‍याइएको
२०७४।७५	वृद्धभत्ता मासिक ५०० वाट मासिक २००० पुगेको
२०७६।७७	वृद्धभत्ता मासिक ३ हजार रुपैयाँ पुर्याइएको
२०७८।७९	वृद्धभत्ता मासिक ४ हजार पुगेको
२०७९।८०	वृद्ध भत्ता पाउने उमेर ७० वर्ष वाट ६८ वर्ष कायम

सरकारले २०५१।५२ देखि ७५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई वृद्धभत्ता उपलब्ध गराउन सुरु गरेकोमा उक्त भत्तालाई विस्तार गरी २०५३।५४ देखि विधवा र अपाङ्गता भएका व्यक्तिलाई वितरण गर्दै आएको छ। २०६५।६६ देखि भत्ता वितरण समूहको विस्तार गरी उक्त व्यवस्थालाई समावेशी बनाउन एकल महिला, लोपोन्मुख समुदाय, कर्णाली क्षेत्रका र दलित समुदायका ६० वर्ष माथिका ज्येष्ठ नागरिक र २०६६।६७ देखि बाल संरक्षण कार्यक्रम अन्तर्गत बालबालिका भत्ता वितरण गर्दै आएको छ। हाल कर्णाली प्रदेशका ५ जिल्ला र क्षेत्र तोकिएका २५ जिल्लामा सामाजिक सुरक्षा भत्ता वितरण भई रहेको छ। सुरुमा ७५ वर्ष नाघेका ज्येष्ठ नागरिकलाई रु.१०० वृद्ध भत्ता उपलब्ध गराइएकोमा २०७२।७३ मा रु. १००० पुऱ्याईएकोमा २०७८।७९ देखि रु.४००० पुऱ्याईएको छ। सरकारले २०७९।८० मा भत्ता पाउने उमेर ७० वर्षबाट ६८ कायम गर्दा ३ लाख ५ हजार लाभग्राही थप भई सो वर्ष १३ अर्ब १२ करोड व्ययभार थप भएको थियो। दीर्घकालिन असर पर्ने नीतिगत विषय अर्थात भत्ता पाउने समूहका साथै ज्येष्ठ नागरिक भत्ता पाउने उमेर र रकममा पनि फेरबदल गर्दा सरकारको व्ययभार

बढदै गएको छ। सामाजिक सुरक्षा भत्तालाई दिगो प्रभावकारी र वास्तविक दायित्व बहन गर्न स्रोतको सुनिश्चितताका गरी आवश्यकता पहिचान गरी सरकारलाई अल्पकालीन र दीर्घकालीन लाभ र असर समेतको अध्ययन विश्लेषणबाट मात्र सामाजिक सुरक्षा भत्ता पाउने उमेर र रकममा फेरबदल गर्नुपर्दछ।

१९. **दोहोरो सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ मा कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति, निर्वाचित, मनोनित व्यक्ति, सरकारी कोषबाट पारिश्रमिक, निवृत्तिभरण, अवकाश सुविधा वा अन्य सुविधा पाउने व्यक्तिले सामाजिक सुरक्षा नपाउने उल्लेख छ। तर ऐनमा नेपाल सरकारको पेन्सन सुविधा बाहेक एकमुष्ट उपदान लगायतको सुविधा लिने र अन्य देशका सरकारी कोषबाट जस्तैः भारतीय सेना, ब्रिटिश सेना, सिंगापुर प्रहरीमा सेवा गरी निवृत्तिभरण पाउने नेपालीहरूको र अन्य विभिन्न संस्थाहरूबाट दिइने निवृत्तिभरण पाउने सन्दर्भमा स्पष्ट व्यवस्था गरेको छैन। सिरानचोक गाँउपालिका, गोरखा र धुर्कोट गाउँपालिका, गुल्मीले पेश गरेको विवरण अनुसार विदेशी सरकारबाट निवृत्तिभरण तथा तलब भत्ता बुझ्ने व्यक्तिहरूले पनि सामाजिक सुरक्षा भत्ता लिने गरेको देखिँदा ऐनको अस्पष्टताले तथा दोहोरो सुविधा उपयोग गर्दा राज्यकोषमा व्ययभार परेको छ। दुई स्थानीय तहले पेश गरेको विवरण अनुसार मासिक रुपमा ६३३ लाभग्राहीका लागि रु.२५ लाख ३२ हजार वितरण गरेको छ।

स्थानीय तह	विदेशी सरकारी कोषबाट निवृतिभरण बुझ्नेको संख्या	मासिक भत्ता दर	मासिक रूपमा भुक्तानी रकम
सिरानचोक गाँउपालिका	३३८	४०००	१३५२०००
धुर्कोट गाउँपालिका	२९५	४०००	११८०००
जम्मा	६३३		२५३२०००

नेपाल सरकारबाट तलब सुविधा तथा निवृतिभरण पाउनेलाई सरकारले सामाजिक सुरक्षा भत्ताबाट वञ्चित गरेको अवस्थामा सामाजिक सुरक्षा भत्ता वितरणमा सामञ्जस्यता कायम गर्न र सरकारको बढ्दो सामाजिक सुरक्षा भार न्यूनीकरण गर्न यसरी अन्य निकायहरूबाट एकमुष्ट सुविधा र निवृतिभरण पाउने र सामाजिक सुरक्षा भत्ता समेत लिने लाभग्राहीहरूको तथ्याङ्कन सङ्कलन गरी त्यस्तो लाभग्राहीलाई प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता सम्बन्धमा पुनरावलोकन गर्नुपर्दछ।

२०. **तथ्याङ्क व्यवस्थापन -** राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम २९ मा विभागले तथ्याङ्क भण्डारको विकास, स्थापना तथा सञ्चालन गर्ने र नियम ३० को उपनियम ६ मा विभागले सामाजिक सुरक्षा सम्बन्धमा विद्युतीय प्रणाली मार्फत् राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीमा पहुँच उपलब्ध गराउने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन् :-

२०.१. **सूचना सङ्कलन, प्रशोधन र भण्डारण -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा २६ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको अभिलेख व्यवस्थापन तथा भत्ता वितरणको अनुगमन सम्वन्धी व्यवस्था अन्तरगत व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीले नागरिकको जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्धविच्छेद जस्ता घटना सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने काम गर्दछ। यसरी संकलित तथ्याङ्क प्रशोधित गरी एकीकृत डाटा व्यवस्थापन केन्द्र (GIDC) ले विभिन्न स्रोतबाट प्राप्त डाटालाई सरकारी डाटा भण्डारण र व्याकअप गर्ने काम गर्दछ। अझै पनि कतिपय विकट वडाहरूमा ईन्टरनेटको पहुँच नभएको र अपलोड गरेका कागजातहरू स्वतः हट्ने, संरक्षकको विवरण हराउने, मृतकको मृत्यु दर्ता मिति प्रणालीबाट हराउने, सर्भरमा समस्या भई रुजु नहुने कारणले गर्दा लाभग्राहीले बारम्बार कार्यालय धाउनुपर्ने, पटक पटक कागजात पुनः उपलब्ध गराउनुपर्ने, डाटा प्रविष्टि गर्दा समयको खर्च हुने, सेवा प्रवाहमा ढिलासुस्ती हुने कारणले, तथ्याङ्कीय र सेवाको विश्वसनीयता बढ्न सकेको छैन। दुर्गम क्षेत्रमा ईन्टरनेट पहुँच सुनिश्चित गरी प्रणालीगत अन्तर-आबद्धतालाई पूर्ण रूपले कार्यान्वयन गर्ने, रेटिना स्क्यान

सहित बायोमेट्रिक भेरिफिकेसन, बहु-विधि बायोमेट्रिक प्रणालीको प्रयोग गरी लाभग्राहीको भेरिफिकेसन गर्ने, कृतिम बुद्धिमता सञ्चालित केन्द्रीय तथ्याङ्क भण्डार स्थापना गरी सूचना प्रणालीको प्रभावकारी उपयोग गर्नुपर्दछ।

२०.२. **सूचना प्रणालीबीच अन्तरआबद्धता -** व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सूचना व्यवस्थापन प्रणाली लाई महालेखा नियन्त्रकको कार्यालयले सञ्चालन गरेको कम्प्युटरकृत लेखा प्रणाली(C-GAS), कन्सुलर सेवा विभागसँग अन्तरआबद्धता भई VERSPMIS प्रणालीबाट रूजु गर्ने कार्य भईरहेको, राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) सँग सेवा आबद्धता भई सेवा प्रवाह भईरहेको र केन्द्रीकृत नागरिकता सूचना व्यवस्थापन प्रणाली (CCIMS) सँग अन्तर आवद्धता गरिएको छ। साथै अन्य विभिन्न सरकारी कार्यालयका थप सूचना प्रविधिसँग अन्तरआवद्धता कायम गरिएको र कतिपय कार्यालयको प्रविधिसँग अन्तरआवद्धताको प्रक्रियामा रहेको विभागले जनाएको छ। व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सूचना व्यवस्थापन प्रणालीसँग अन्य विभिन्न सूचना प्रणालीसँग अन्तरआवद्धता कायम गर्दा सामाजिक सुरक्षा भत्तामा रहेको दोहरो लाभग्राही तथा अवास्तविक लाभग्राही संख्या घटाएको, दोहरो सुविधा लिने लाभग्राही पहिचानमा सहयोग पुर्‍याई भत्ता वितरणलाई प्रभावकारी तथा मित्वययी बनाउन सहयोग गरेको विभागले जनाएको छ। व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सूचना व्यवस्थापन प्रणालीलाई अन्य थप आवश्यक सूचना प्रविधिसँग अन्तर आवद्धता कायम गरी सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई थप प्रभावकारी बनाउनुपर्दछ।



२०.३. **सूचना प्रणालीको सुरक्षा -** व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापनसँग सम्बन्धित प्रणालीलाई समयसापेक्ष विकास एवं सुधार गर्दै जानुपर्नेमा सूचना प्रणाली पुरानो प्रविधि मा आधारित हुनु, राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीसँगको Real-Time अन्तर-आबद्धता पूर्ण रूपले कार्यान्वयन हुन नसक्नु, विगत ३ वर्षदेखि सूचना प्रणालीको लाईसेन्स नवीकरण नहुँनु तथा तथ्याङ्क भण्डारको विकास र स्थापना नहुनु, ABIS को नियमित मर्मतसम्भार तथा अद्यावधिकको अभाव, रेटिना स्क्यान डिभाइस (IRIS Scanner) को VERSP-MIS सँग आबद्धता नभएको, दीर्घकालीन सफ्टवेयर मर्मतसम्भार तथा पूर्वाधार विकास नभएको कारणले व्यक्तिगत सूचना तथा प्रणालीहरू साइबर सुरक्षाको जोखिममा रहेका छन्। सूचना प्रणालीहरूको सुरक्षा तथा प्रभावकारीता सुनिश्चित गर्न नियमित मर्मतसम्भार, प्रणालीको नवीकरण गरी सेवा सञ्चालन गर्नुपर्दछ।

२१.**जनशक्ति व्यवस्थापन -** विभागले पेश गरेको जनशक्ति पदपूर्ति विवरण अनुसार विभाग अन्तर्गत रहेका स्थायी दरबन्दी ५६ जना मध्ये ५४ पदपूर्ति भएको र अस्थायी दरबन्दी तर्फ १०८९ मध्ये ७७२ पूर्ति भई ३१७ रिक्त रहेको छ। रिक्त रहेको पद मध्ये १ तथ्याङ्क अधिकृत, १८९ विवरण दर्ता अपरेटर, ११८ विवरण दर्ता सहायक रहेको छ। यसरी भएको पदपूर्तिमा विवरण दर्ता अपरेटर र सहायक अपरेटर ठुलोमात्रामा रिक्त रहेकोले सेवा प्रवाहमा असर परेको देखिन्छ। स्थानीय तहहरूले विभागसँग समन्वय नगरी सेवा इकाईमा कार्यरत एम.आई.एस. अपरेटर र फिल्ड सहायकलाई तोकिएको जिम्मेवारीभन्दा फरक काममा समेत खटाउने गरेको विभागले जनाएको छ। आवश्यक दरबन्दी अनुसार पदपूर्ति नहुनु र भएको पदपूर्तिको जनशक्ति समेत फरक काममा खटाउँदा सेवा प्रवाहमा असर परेको देखिन्छ। विभागले आर्थिक वर्ष २०८१।८२ मा क्षमता अभिवृद्धि लगायत अन्य विषयगत कार्यक्रम जस्तैः विवरण सङ्कलन अभियान ७५ जिल्ला र ७३८ स्थानीय तहमा सम्पन्न गरेको छ। यसका साथसाथै सामाजिक सुरक्षा भत्ता वितरणमा दोहोरोपना तथा अनियमितता हटाउन बायोमेट्रिक प्रणाली प्रयोगका लागि सबै प्रदेशका १५०६ जनालाई तालिम एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको उल्लेख छ। कार्यरत जनशक्तिलाई तोकिएको जिम्मेवारी भन्दा फरक काममा लगाउने प्रवृतिमा सुधार गरी वास्तविक आवश्यकताका आधारमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति हुने गरी जनशक्ति व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

२२. **विद्युतीय भुक्तानी प्रणाली**- सामाजिक सुरक्षा भत्ता नियमावली, २०७६ को नियम १० मा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रक्रिया एवं माध्यमको सम्बन्धमा बैङ्किङ प्रणाली अनिवार्य गरेको छ। बैङ्किङ प्रणाली अनिवार्य हुँदा दुर्गम क्षेत्रमा बैङ्क तथा वडा कार्यालय एक देखि तीन घण्टाको पैदल यात्रा गर्नुपर्ने हुँदा वृद्ध, अपाङ्गता भएका र असक्त व्यक्तिहरूका लागि भत्ता वितरणमा असुविधा रहेको विभाग तथा स्थानीय तहले जनाएका छ। विभागले दिएका जानकारी अनुसार भौगोलिक रूपमा दुर्गम तथा बैङ्किङ पहुँच टाढा भएको र सेवा लिन असक्षम लाभग्राहीको सेवा सहजीकरणको लागि बैंकको समन्वयमा स्थानीय तहको प्रतिनिधि सहितको घुम्ती शिविर सञ्चालन गरी घरमै गएर समेत सेवा दिने गरेको अवस्था छ। ८ स्थानीय तह अनुसार वडा कार्यालयबाट बैङ्कको दुरी २ कि.मि. देखि ३० कि.मि. सम्म भएको, एक भन्दा बढी वडाको लागी एउटा बैङ्क भएकोले लाईन बसेर सेवा लिनु परेको लगायतका समस्याहरू रहेकोमा भत्ता वितरणमा भौगोलिक अवस्था तथा दुरी र बैङ्किङ पहुँच तथा लाभग्राहीको अवस्था समेतको विश्लेषण गरी विद्युतीय भुक्तानी प्रणालीमार्फत् सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनुपर्दछ।

२३. **नवीकरण**- सामाजिक सुरक्षा भत्ता नियमावली, २०७६ को नियम ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले प्रत्येक वर्ष सम्बन्धित वडा कार्यालयमा उपस्थित भई परिचयपत्र नवीकरण गर्नुपर्ने उल्लेख छ। नवीकरणको लागि सम्बन्धित स्थानीय तहमा भौतिक रूपमा उपस्थित हुनुपर्ने र ज्येष्ठ नागरिकको औँठाको रेखाङ्कन रूजु नहुने कारणले सामाजिक सुरक्षा भत्ताबाट वञ्चित हुनुपर्ने र सेवा प्रवाहको प्रभावकारिता उल्लेख्य हुन सकेको छैन। रेटिना स्क्यानर लगायतका उपकरण जडान गरी र अनलाईन मार्फत परिचयपत्र नवीकरण गर्ने व्यवस्था गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

२४. **लगत कट्टा**- सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १९ मा असहाय एकल महिलाले विवाह गरेमा, मृत्यु भएमा, बसाईसरी गएमा, भत्ता पाउन अयोग्य भएमा त्यस्तो व्यक्तिको नाम सामाजिक सुरक्षा भत्ताको नामावलीबाट हटाउनुपर्ने व्यवस्था छ। भत्ता लिने एकल महिलाले विवाह गरे पनि समयमा विवाह दर्ता गर्न नआउने, लाभग्राहीको मृत्यु भएको अवस्थामा समयमा मृत्यु दर्ता नगर्ने कारणले सामाजिक सुरक्षा भत्ता भुक्तानी भईरहने विभागले जनाएको छ। यसले सामाजिक सुरक्षा भत्ताको व्ययभार बढाउने तथा रकम सम्बन्धितको बैंक खातामा होल्ड भएर बस्ने अवस्था देखिन्छ। नियमानुसार एकल महिलाले विवाह गरेको तथा सामाजिक सुरक्षा भत्ता पाउनेको हकमा मृत्यु दर्ता गर्दा राष्ट्रिय

परिचयपत्र नम्बर अनिवार्य गरी घटना दर्ता भएको स्थानीय तहबाट सूचना प्राप्त भएमा स्वचालित रूपमा लाभग्राही सूचीबाट लगत कट्टा हुने व्यवस्था हुनुपर्दछ।

२५. **नागरिकता, प्रमाणपत्र तथा पहिचानमा जटिलता -** नेपालको संविधानको धारा १० मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने व्यवस्था छ। विशेष गरी लोपोन्मुख, सीमान्तकृत जनजाति, पिछडिएको क्षेत्र र मधेशी समुदायमा नागरिकताको वञ्चितिकरणको कारणले नागरिकले राज्यबाट पाउनुपर्ने आधारभूत सेवा सामाजिक सुरक्षाबाट वञ्चित हुनु परेको छ। सूचना तथा सचेतनाको अभावले पिछडिएका समुदाय तथा वर्गले समयमा विवाह दर्ता, मृत्यु दर्ता र जन्मदर्ता जस्ता आधारभूत कागजात तयार नगरेकोले भत्ता प्राप्त गर्न सकेका छैनन्। नाबालिक महिला तथा आमाको हकमा विवाह दर्ता, बच्चाको जन्मदर्ता र बैंक खाता खोल्न समेत नमिल्ने तथा झन्झट हुँदा भत्ता रकमबाट वञ्चित हुन बाध्य रहेका छन्। स्थानीय तहहरूले व्यक्तिगत घटना दर्ताको सन्दर्भमा आवश्यक सूचना तथा सचेतना कार्यक्रमहरू सञ्चालन गरी तथा अपाङ्गताको हकमा स्पष्ट मापदण्ड तयार गरी नागरिक तथा बालबालिकाको सामाजिक सुरक्षा पाउने हक सुनिश्चित गर्नुपर्दछ।

२६. **सूचना तथा सचेतनाको जानकारी -** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २१ मा विभाग, प्रदेशको सामाजिक सुरक्षा विषय हेर्ने निकाय वा स्थानीय तहले सामाजिक सुरक्षा भत्ताको उपलब्धता तथा उपयोग सम्बन्धमा जानकारी गराउनको लागि सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले आर्थिक वर्ष २०७९।८०, २०८०।८१ र २०८१।८२ मा भत्ता वितरण सम्बन्धमा लाभग्राहीको विचार तथा राय बुझ्न महोत्तरीको वर्दिबास नगरपालिका, नुवाकोटको विदुर नगरपालिका र सुर्खेत जिल्लामा सामाजिक सुनुवाई कार्यक्रम र सूचना तथा जानकारी सम्प्रेषणको मोबाइल एप्लिकेशन "डोनिडिसिआर" सञ्चालनमा ल्याएको जानकारी दिएको छ। विभागले लाभग्राहीहरू बीच सर्वेक्षण गर्दा लाभग्राहीले सूचनाको बारेमा अनौपचारिक (नर्स, छिमेकी, स्वास्थ्य स्वयं सेविका) माध्यमबाट जानकारी पाएको, भत्ताको लागि आवश्यक कागजात तथा मापदण्डको सम्बन्धमा एकल महिला, क्षेत्र तोकिएका ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिबीच जानकारीको अभाव रहेको, आम नागरिक, सम्बन्धित निकाय र स्थानीय पञ्जिकाधिकारीहरूमा व्यक्तिगत घटना दर्ता, राष्ट्रिय परिचयपत्र, र सामाजिक सुरक्षाको महत्त्वबारे सचेतनाको अभावले नवीकरण तथा लगत कट्टा समयमा हुन नसकेको, गरिबी, अनविज्ञता, नियमित सार्वजनिक सुनुवाई, शिक्षा र वित्तीय साक्षरताको कमिले भत्ता रकमको उपयोगबारे जानकारीको कमी रहेको छ। स्थानीय तहले नियमित रूपमा सार्वजनिक सुनुवाई र अभिमुखीकरण कार्यक्रम गर्ने, वडा कार्यालय, सामाजिक परिचालिका, स्वास्थ्य चौकीलाई प्रमुख सूचना केन्द्रको रूपमा विकसित गर्ने, वडा स्तरमा सूचना डेस्क स्थापना, स्थानीय रेडियो, सामाजिक सञ्जाल सहित लक्षित समुदायका लागि विशेष सूचना अभियान सञ्चालन गर्ने र सुरक्षित आप्रवासन कार्यक्रम(सामी) र जनप्रतिनिधिमार्फत् भत्ता रकमको लागि वित्तीय साक्षरता, एटीएमको प्रयोग, बचत खाता सञ्चालनका लागि तालिमहरू सञ्चालन गरी सामाजिक सुरक्षा भत्तामा पहुँच अभिवृद्धि गरी कार्यक्रमको प्रभावकारिता बढाउन सम्बन्धित निकायको ध्यान जानु पर्दछ।

२७. **भत्ता उपयोग -** सामाजिक सुरक्षा राज्यद्वारा प्रदान गरिने एक महत्वपूर्ण सामाजिक सुरक्षा उपकरण हो, जसको मूल उद्देश्य गरिबी न्यूनीकरण, सामाजिक समावेशीकरण तथा आधारभूत आवश्यकताको पूर्ति गर्नु हो। यस सन्दर्भमा लेखापरीक्षणमा नागरिक सहभागिता मार्गदर्शन २०७९ बमोजिम नागरिक समाजको सहयोगमा काठमाडौं उपत्यकाका ११५ लाभग्राहीमा गरिएको सर्वेक्षण अनुसार अधिकांश लाभग्राहीहरूले भत्ता रकम दाल, चामल तथा लत्ताकपडा जस्ता आधारभूत सामग्री र स्वास्थ्य तथा औषधी उपचारमा खर्च गर्ने गरेको देखिएको छ भने १३ जनाले धार्मिक संस्था वा पूजापाठमा दान गर्ने, ५ जनाले घुमफिर तथा मनोरञ्जनमा खर्च गर्ने र ३४ जनाले माथि उल्लिखित सबै क्षेत्रमा भत्ता खर्च गर्ने गरेको जनाएका छन्। त्यस्तै, ४५० जनासँग गुगल फर्मबाट लिएको प्रतिक्रिया मध्ये ६४

जनाबाट प्राप्त प्रतिक्रिया अनुसार १५% (८ जना) ले आधारभूत सामग्रीमा, ३१% (१७ जना) ले स्वास्थ्य तथा औषधी उपचारमा, ८% (४ जना) ले धार्मिक दानमा, ६% (३ जना) ले घुमफिर तथा मनोरञ्जनमा तथा ४१% (२२ जना) ले माथि उल्लिखित सबै क्षेत्रमा भत्ता खर्च हुने गरेको उल्लेख गरेका छन्। भत्ता रकम मुख्यतः जीवन निर्वाह र स्वास्थ्य सम्बन्धी आवश्यकतामा केन्द्रित रहेको देखाए पनि बहुआयामिक आवश्यकताहरू पूरा गर्न प्रयोग भइरहेको स्पष्ट गर्दछ। यस आधारमा भत्तालाई स्वास्थ्य बीमा वा निःशुल्क उपचार सेवासँग एकीकृत गर्ने, लाभग्राहीलाई प्राथमिकतामुखी खर्चबारे सचेतना अभिवृद्धि गर्ने, भत्ता रकमको पर्याप्तता पुनरावलोकन गर्ने, तथ्याङ्कीय तथा अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्दछ।

२८. **लक्षित वर्गको पहिचान -** सामाजिक सुरक्षा ऐन, २०७५ को दफा ३ मा ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका व्यक्ति, असहाय एकल महिला, अपाङ्गता भएका(क र ख वर्ग), बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने र लोपोन्मुख जातिलाई सामाजिक सुरक्षा भत्ता पाउने अधिकार हुने व्यवस्था छ। हाल सञ्चालित सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली Blanket Approach (सबैलाई एउटै डालोमा राख्ने) र कार्यक्रम लक्षित वर्गको आवश्यकता पहिचान भन्दा पनि अधिकारका रूपमा स्थापित भएको छ। कार्यक्रमको प्रभाव र दिगो स्रोत व्यवस्थापन सुनिश्चित नगरी भत्ता रकममा वृद्धि, लोकप्रियताको आधारमा भत्ता पाउने उमेरमा हेरफेर र बहुतह एवं बहुनिकायबाट सञ्चालित कार्यक्रमहरूबीच एकरूपता र सामञ्जस्यता नभएको कारणले राज्यकोषमा वर्षेनी भार बढ्दो छ। पारिवारिक लगतमा आधारित Proxy Means Testing (PMT) लागू गरी household-level targeting सुनिश्चित गर्ने, सरकारले समयसमयमा सार्वजनिक गरेको प्रतिवेदन जस्तैः चौंथो जीवनस्तर सर्वेक्षण २०२२/२३, स्मल एरिया इस्टिमेसिन अफ पोभर्ट्री (Small Area Estimation of Poverty) २०२३ जस्ता सर्वेक्षणमार्फत् वास्तविक आर्थिक रूपले विपन्न, असहाय र लक्षित वर्ग, समुदाय र पिछडिएको क्षेत्रको पहिचान गर्नु पर्ने देखिन्छ।

क्र.स.	आवश्यकता निर्धारका आधारहरू	आवश्यकताका पहिचानका सहायक आधार
१.	पारिवारिक संरक्षण	एकल पुरुष, एकल महिला, एकल वृद्धवृद्धा, संयुक्त परिवार, छोराछोरी नभएको
२.	औपचारिक क्षेत्रमा सन्ततीको रोजगारी र संलग्नता	सरकारी तथा संगठित संस्थामा आबद्धता, निजी औपचारिक क्षेत्रमा आबद्धता, व्यवसायमा संलग्नताको स्थिति
३.	जग्गा तथा सम्पत्तिको स्वामित्व	उर्वर कृषि भुमि (हिमाल, पहाड, तराई), अन्य चल तथा अचल सम्पत्तिको स्वामित्व
४.	पिछडिएको तथा सीमान्तकृत जाति तथा समुदाय	पिछडिएको तथा वहिष्करणमा परेको जाति, भौगोलिक विकटता, प्रशासनिक सुगमता, क्षेत्रगत पोषण तथा गरिबीको अवस्था, मानव विकास सूचाकाङ्क, शिक्षा, स्वास्थ्य तथा पूर्वाधारमा पहुँच
५.	पारिवारिक वार्षिक आम्दानी	विकसित देशमा पारिवारक सदस्यको उपस्थिति, पारिवारिक लगत, रहनसहन तथा परिवेश

चल तथा अचल सम्पत्तिको स्वामित्व, पिछडिएको क्षेत्र तथा सीमान्तकृत जाति, पारिवारिक वार्षिक आम्दानी र परिवारमा रोजगारीको अवस्था जस्ता तपसिलका विषयलाई आधार लिई सामाजिक सुरक्षा भत्ता लक्षित वर्ग केन्द्रित बनाउनुपर्दछ।

२९. **कार्यक्रमको दिगोपना -** सामाजिक सुरक्षा ऐन, २०७५ द्वारा सञ्चालित कार्यक्रमहरू नगद हस्तान्तरणमा आधारित छन् अर्थात् प्रत्येक नागरिकका आवश्यकता सम्बोधन गर्न एउटै किसिमको कार्यक्रमहरू सञ्चालनमा रहेको र कार्यक्रम Blanket Approach मा सञ्चालन भएकोले राज्यको दायित्व बढ्दै गएको छ। कार्यक्रमले लोपोन्मुख जाति, अपाङ्गता भएका नागरिक, विधवाको सशक्तिकरण र मूलप्रवाहीकरणमा उल्लेखनीय योगदान पुऱ्याएको देखिदैन। नागरिकलाई दीर्घकालिन सामाजिक सुरक्षाको प्रत्याभुति गराउन, आर्थिक तथा सामाजिक जोखिम न्यूनीकरण गर्न

लक्षित वर्गको पहिचान, स्वास्थ्य बीमा कार्यक्रमसँग आबद्धता, र औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई अनिवार्य रूपमा योगदानमा आधारिक सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउने, आर्थिक तथा सामाजिक रूपले सम्पन्न, सरकारी तथा सङ्गठित संस्था, औपचारिक क्षेत्रमा रोजगारीमा आबद्ध कर्मचारीमा आश्रित ज्येष्ठ नागरिकलाई प्रत्यक्ष रुपमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने प्रणालीमा सुधार गरी सार्वजनिक स्थलमा विशेष छुट र भत्ता नलिनेलाई सम्मान गरी नगद भत्ताको सट्टा अन्य तवरले सामाजिक सुरक्षाको अनूभुति हुने गरी सामाजिक सुरक्षा भत्ताको उपयुक्त व्यवस्थापन हुनुपर्दछ।

३०. **एकीकृत प्रणालीको विकास**- सामाजिक सुरक्षा र संरक्षणलाई दिगो, सर्वव्यापी र पहुँचयोग्य बनाई गर्भावस्थादेखि मृत्यु संस्कारसम्म जीवन चक्रका सबै चरणमा सामाजिक सुरक्षा प्रत्याभुत गराउने उद्देश्य अनुरूप कार्यगत नीति, लक्षित वर्ग पहिचान, एकीकृत सूचना प्रणाली, आर्थिक र प्रशासनिक संरचना तयार गरी सामाजिक संरक्षण प्रणालीलाई सुदृढ गर्न एकीकृत सामाजिक सुरक्षा संरचना, २०८० कार्यान्वयनमा ल्याइएको छ। हाल सङ्घ, प्रदेशका विभिन्न मन्त्रालय, बोर्ड, कोष र स्थानीय तहबाट सामाजिक सुरक्षा सम्बन्धि विभिन्न नगद तथा प्रोत्साहन कार्यक्रमहरू सञ्चालित छन। सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरू एकीकृत ढाँचामा सञ्चालन हुन नसक्दा विभिन्न निकायबाट प्रदान गरिने सेवा सुविधामा दोहोरोपना, एकरूपता र सामञ्जयताको अभाव रहेको छ। तीनै तहको सरकार बीच समन्वय र सहकार्य नभएको र एकीकृत प्रणाली लागु भई नेपाल सरकारको तीनै तहबाट वितरण हुने भत्ता तथा सुविधाहरूमा वार्षिक रुपमा हुने गरेको खर्चको एकीकृत सूचना प्रणाली रहेको छैन। सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने व्यक्ति तथा समूहको एकीकृत सूचना प्रणाली तयार गरी लक्षित वर्ग पहिचान गर्ने र त्यस्ता कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्दै आवश्यकताका आधारमा कार्यक्रम सञ्चालन एवं व्यवस्थापन गर्नुपर्दछ।

३१.**सुविधाको सार्वजनिकीकरण -** सामाजिक सुरक्षा भत्ता र सार्वजनिक सहायता प्राप्त गर्ने लाभग्राहीको सुविधाको सार्वजनिक गर्ने संयन्त्रको विकास भएको छैन। राज्यले स्वास्थ्य, शिक्षा, कृषि, रोजगारी लगायतका क्षेत्रमा गैरयोगदानमूलक विभिन्न २७ कार्यक्रमबाट ८८ प्रकारको स्किम (योजना) सञ्चालन गरी भुक्तानी भएका cash plus service जस्ता सामाजिक सहायताको कार्यक्रम सञ्चालन गरेको विषयको तथ्याङ्क संकलन गर्ने सो तथ्याङ्कको सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्दछ।

परिच्छेद -४

निष्कर्ष तथा सुझाउ

सामाजिक सुरक्षा भत्ताले ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा जोखिममा रहेका समूहहरूको न्यूनतम जीवनस्तर सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेको छ। यसले आधारभूत आवश्यकताहरू पूरा गर्न सहयोग गर्नुका साथै सामाजिक न्याय र समावेशीताको आधारलाई बलियो बनाएको छ। सामाजिक सुरक्षा भत्ता सबै वर्ग समूहलाई एउटै किसिमले हुँदा अपेक्षित उपलब्धि हासिल नहुनुका साथै आर्थिक भार बढाएको छ। कार्यक्रमको पूर्ण प्रभावकारिता हासिल गर्न लक्षित समूहको सही पहिचान, पारदर्शी वितरण प्रणाली, दुरुपयोग नियन्त्रण तथा दीर्घकालीन वित्तीय स्रोत व्यवस्थापन आवश्यक देखिन्छ। त्यसैले, वैज्ञानिक आधारमा लाभग्राही छनोट, प्रविधिको प्रयोगमार्फत वितरण प्रणाली सुदृढीकरण, नीतिगत सुधार र अनौपचारिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई अनिवार्य रूपमा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्धतामार्फत् सामाजिक सुरक्षा भत्तालाई थप दिगो र प्रभावकारी बनाउन सकिन्छ। सामाजिक सुरक्षा भत्ता र सामाजिक सहायतका सूचनाहरूमा पारदर्शिता प्रवर्धन गर्ने लगायतका कार्यक्रम मार्फत् सामाजिक सुरक्षा भत्तालाई थप प्रभावकारी बनाउन देहाय अनुसारको सुधार गर्न आवश्यक देखिन्छ।

- हालको Blanket Approach लाई सुधार गरी वास्तविक लक्षित वर्ग सम्म भत्ता पुऱ्याउने लक्षित वर्ग उन्मुख बनाउनु आवश्यक छ। यसलाई अधिकारमा आधारितबाट आवश्यकतामा आधारित बनाउनु पर्दछ।
- पारिवारिक लगत तयार गरी सोही लगतको आधारमा Proxy Means Testing (PMT) लागु गरी household-level targeting माध्यमबाट सामाजिक सुरक्षा भत्तालाई आर्थिक रुपमा विपन्न तथा अशक्त र असहाय अवस्थामा रहेको नागरिक केन्द्रित गर्नुपर्दछ।
- सामाजिक सुरक्षा कार्यक्रमबीच सामञ्जयता कायम गरी नगद भत्तालाई स्वास्थ्य बीमा, पोषण तथा सामाजिक सेवासँग एकीकृत गरी cash plus service मोडेलमा कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्दछ।
- लाभग्राहीहरूको आवश्यकता पहिचान गरी आवश्यकता अनुसार नगद बाहेक अन्य तवरले सामाजिक सुरक्षा उपलब्ध गराउने, उमेर समूहको आधारमा वर्गीकरण गरी काम गर्न सक्षम वर्गलाई भत्तामा निर्भरता घटाई सीप विकास, सशक्तिकरण, उद्यमशीलता प्रवर्द्धन जस्ता कार्यक्रममा प्राथमिकता दिई कार्यक्रमलाई graduation approach मा लैजानुपर्ने देखिन्छ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सूचना व्यवस्थापन प्रणालीलाई नयाँ र आधुनिक प्रविधिमा रूपान्तरण गरी प्रविधिलाई नियमित रुपमा स्तरोन्नति तथा मर्मत सुधारका काम गर्ने र डेटा सुरक्षाका लागि व्याकअप तयार गरी प्रणालीमा अनाधिकृत पहुँचबाट जोगाउन उच्च स्तरको सुरक्षा प्रणालीको व्यवस्था गरी VERSP-MIS प्रणालीलाई सुरक्षित र प्रभावकारी बनाउनुपर्दछ।
- सामाजिक सुरक्षा भत्तामा दोहोरा सुविधा न्यूनीकरण गर्न र अनाधिकृत लाभग्राही घटाई थप व्यवस्थित र प्रभावकारी बनाउन VERSP-MIS प्रणालीलाई सरकारको अन्य निकायहरूमा समाञ्जस्यता हुने सबै किसिमका प्रणालीसँग अन्तरआबद्धता कायम गर्नुपर्दछ।
- लाभग्राही नवीकरणमा देखिएका समस्या सामाधान गर्न लाभग्राहीले अनलाईन माध्यमबाटै नवीकरण गर्न सकिने व्यवस्था गर्नुपर्दछ। साथै बायोमेट्रिक प्रणालीबाट हुने नवीकरणमा उच्च स्तरको प्रविधिको प्रयोग गरी प्राविधिक समस्याले हुने नवीकरण समस्या सामाधान गर्नुपर्दछ।
- वर्षेनी रूपमा बढ्दै गएको सामाजिक सुरक्षा भत्ता दायित्व न्यूनीकरण गर्न तथा कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन सुधार योजना तयार गरी प्रभावकारी नियमनमा जोड दिनुपर्दछ।

पुष्पलाल मध्यपहाडी लोकमार्गको निर्माण अवस्था

परिच्छेदः एक

परिचय

१. **पृष्ठभूमि** - नेपालको मध्य पहाडी भूभागका जिल्लाहरूलाई यातायात सञ्जालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सास्कृतिक, पर्यटकीय र शैक्षिक लगायतका समग्र क्षेत्रको सन्तुलित विकास गर्ने अभिप्रायले पुष्पलाल मध्यपहाडी लोकमार्गको निर्माण आर्थिक वर्ष २०६४/६५ बाट शुरू भएको हो। आर्थिक वर्ष २०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य राखी भौतिक योजना तथा निर्माण मन्त्रालयले तयार गरेको मध्यपहाडी क्षेत्रको पूर्वमा पाँचथर जिल्लाको चियोभञ्याङ्ग (नेपाल भारत सीमाना) देखि पश्चिममा बैतडी जिल्लाको झुलाघाट (महाकाली नदी) सम्म पुग्ने गरी करीब १ हजार ७७६ किलोमिटर लम्बाईको रेखाङ्कन प्रस्ताव नेपाल सरकारको आन्तरिक श्रोतवाटै सम्पूर्ण खर्च व्यहोर्ने गरी २०६५ फाल्गुन २६ गतेको मन्त्रिपरिषद्को बैठकले अनुमोदन गरेकोमा विभिन्न समयमा रेखाङ्कनमा परिवर्तन गरी हाल आयोजनाको लम्बाई १ हजार ८७९ किलोमिटर रहेको छ। लोकमार्ग निर्माण सम्पन्न भएपछि विद्यमान आर्थिक सामाजिक सूचकहरूमा उल्लेख्य रुपमा परिवर्तन ल्याइ यो लोकमार्ग एउटा रुपान्तकारी योजना हुनसक्ने अपेक्षाका साथ नेपाल सरकारले आ.व.२०६९।०७० देखि पुष्पलाल मध्यपहाडी लोकमार्ग निर्माण आयोजनालाई "राष्ट्रिय गौरवको आयोजना" घोषणा गरेको छ। आयोजनालाई आ.व. २०६७/६८ देखि २ खण्डमा विभाजन गरी मध्यपहाडी पूर्व खण्ड (करिब ७२१ कि.मि.) र मध्यपहाडी पश्चिम खण्ड (करिब ११५८ कि.मि.) गरी २ वटा आयोजनाबाट निर्माण कार्य भइरहेकोमा आ.व. २०७५/७६ देखी पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना निर्देशनालय र निर्देशनालय अन्तर्गत पाँचवटा योजना कार्यालयहरू (पाँचथर, रामेछाप, गोरखा, पर्वत र दैलेख) बाट निर्माण कार्य भैरहेको छ।

प्रमुख कार्यसम्पादन सूचकहरू (KPI)

- पूर्व तयारी तथा ठेक्का व्यवस्थापन
- सडक तथा पुल निर्माणको अवस्था
- रुग्ण तथा निर्माणाधिन योजनाहरूको व्यवस्थापन
- ठेक्का व्यवस्थापन हुन बाँकी योजनाहरू

पूर्वको चियोभन्ज्याङ देखि पश्चिमको झुलाघाटसम्म पुग्दा यो लोकमार्गले पहाडका ३९ जिल्लामध्ये २६ जिल्ला पार गर्छ। ती जिल्लामध्ये पनि १९ जिल्लाका सदरमुकाम छिचोलेर वा छोएर जान्छ। महाभारत श्रृंखला भन्दा माथि मध्य पहाडका २६ जिल्लाहरू तथा २१५ वस्तीहरूलाई जोड्ने गरी रेखाङ्कन भएको छ। यसबाट हुने सुविधाका कारण उक्त क्षेत्रको आर्थिक-सामाजिक विकासमा प्रगति हुनुका साथै सो क्षेत्रबाट हुने बसाइँसराइ निरुत्साहित भई भौगोलिक तथा वातावरणीय सन्तुलन कायम हुने अपेक्षा गरिएको छ। आयोजनाको प्रारम्भिक लागत अनुमान रु. ३३ अर्ब ३६ करोड रहेकोमा संशोधित लागत रु. ८४ अर्ब ३३ करोड पुगेको छ। आयोजनाको संशोधित अनुमान अनुसार कुल १८७९ किलोमिटर कालोपत्रे सडक र १३७ वटा पुल २०७४।७५ सम्म सम्पन्न हुने लक्ष्य राखिए तापनि २०८१।८२ सम्म आयोजनाको भौतिक प्रगति ८२ प्रतिशत तथा वित्तीय प्रगति ८४ प्रतिशत रहेको छ। यस अन्तर्गत १५१०.८५ किलोमिटर कालोपत्रे सडक र ९२ वटा पुल निर्माण सम्पन्न भएको तथा २६२ किलोमिटर सडक र २७ वटा पुल निर्माणधीन अवस्थामा रहेको छ। त्यस्तै १०७ किलोमिटर कालोपत्रे सडक तथा १८ पुलहरूको ठेक्का व्यवस्थापन गर्न बाँकी रहेको देखिन्छ।

२. संवैधानिक तथा नीतिगत व्यवस्था

२.१. **संवैधानिक व्यवस्था -** नेपालको संविधानको भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको धारा ५१ (च) मा विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिँदै सन्तुलित, वातावरण अनुकुल, गुणस्तरीय तथा दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्ने व्यवस्था छ। संविधानको अनुसूचीमा राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन सम्बन्धी अधिकार संघको हुने संवैधानिक व्यवस्था छ।

२.२. **कानुनी व्यवस्था**

- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- सार्वजनिक सडक ऐन, २०३१
- जग्गा प्राप्ति ऐन, २०३४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- सरकारी रूख हटाउने सम्बन्धी मापदण्ड, २०७१
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७६

२.३. **नीतिगत व्यवस्था**

- राष्ट्रिय यातायात नीति, २०५८ : मध्य पहाडी क्षेत्रबाट पूर्व पश्चिम लोकमार्गको क्रमिक विकास र विस्तार हुने गरी पूर्व-पश्चिम सहायक मार्ग तथा जिल्लामार्गहरूको चरणबद्ध निर्माण स्तोरन्नति गर्दै जाने नीति लिएको छ।
- पूर्वाधार विकास आयोजनाका लागि जग्गा प्राप्ति, पुनर्वास तथा पुनर्स्थापना सम्बन्धिनीति, २०७१

३. **आवधिक योजना -** सोह्रौं योजनामा राष्ट्रिय लोकमार्ग आयोजनाको लागि लिएको परिणात्मक लक्ष्यहरू देहाय अनुसारका रहेका छन् :-

सि.न.	सूचक	एकाइ	आ.व.२०७९।८० सम्मको उपलब्धी	आ.व.२०८५।८६ सम्मको लक्ष्य
१.	राष्ट्रिय लोकमार्ग (दुई लेनसम्म कालोपत्रे)	कि.मि.	७६७५	१३६७५
२.	राष्ट्रिय लोकमार्ग (दुई लेनमाथि कालोपत्रे)	कि.मि.	२३०	१०८०
३.	सडक पुल निर्माण	संख्या	३२१७	५०१७

४. दिगो विकासको लक्ष्य

- नेपालले लिएका १७ वटा दिगो विकास लक्ष्य मध्ये लक्ष्य ९ मा आर्थिक विकास र मानवको सुख समृद्धिलाई सहयोग गर्ने क्षेत्रिय सीमापार संरचनाहरू लगायत गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील पूर्वाधार विकास गर्ने लक्ष्य लिएको छ।
- सन २०३० सम्ममा सडक घनत्व बढाएर १.३ कि.मि. प्रति वर्ग कि.मि पुऱ्याउने र पक्की सडक घनत्वलाई वृद्धि गरी ०.२५ कि.मि. प्रति वर्ग कि.मि. पुऱ्याउने परिणात्मक लक्ष्य लिएको छ।

५. **वार्षिक नीति तथा कार्यक्रम :** सरकारको आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रममा देहायको व्यवस्था गरीएको छः-

- पुष्पलाल मध्यपहाडी लोकमार्ग निर्माण तथा स्तरोन्नति कार्यलाई तीव्रता दिइने।
- पुष्पलाल मध्यपहाडी लोकमार्गलाई समृद्ध कोरिडोरका रुपमा विकास गर्न विद्युत, सञ्चार, पर्यटन, शिक्षा, स्वास्थ्य र खानेपानी लगायतका पूर्वाधार विकास गरी उत्पादन, उत्पादकत्व, उद्यमशिलता र रोजगारी सिर्जना गरिने"

६. **बजेट वक्तव्य -** नेपाल सरकारको आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको वार्षिक बजेटमा पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजनासँग सम्बन्धित भएको व्यवस्था देहायबमोजिम छन् :-

आ.व. २०८१/८२	बुँदा नं. २२० मा मध्यपहाडी लोकमार्ग अन्तर्गत निर्माणाधीन कटुञ्जे-आरूघाट सडक खण्ड समेत गरी ७५ किलोमिटर कालोपत्रे र १० वटा पुल निर्माण कार्य सम्पन्न गरिने। सो कार्यको लागि रु ३ अर्व ६८ करोड बजेट विनियोजन भएको।
आ.व. २०८०/८१	बुँदा नं २९२ मा निर्माणधीन मध्यपहाडी लोकमार्गको पाँचथर, रामेछाप, नुवाकोट, पर्वत, बाग्लुङ्ग र जाजरकोट लगायतका विभिन्न १२ खण्डको निर्माण तथा स्तरोन्नति गर्न रु ३ अर्व ९६ करोड बजेट विनियोजन भएको।
आ.व. २०७९/८०	बुँदा नं २१८ मा मध्य पहाडका २६ जिल्लाहरूलाई सडक सञ्जालमा आवद्ध गर्न निर्माणाधीन पुष्पलाल मध्यपहाडी लोकमार्गको २३५ किलोमिटर कालोपत्रे र १६ वटा पुल निर्माण गरिने। सोको लागि रु.९ अर्ब ३३ करोड बजेट विनियोजन भएको तथा बुँदा नं.२१३ मध्य पहाडी लोकमार्गबाट जुम्ला-रारा-छायाँनाथ-लिमिसम्म नयाँ प्रविधिमा आधारित पर्यटकीय मार्ग निर्माणको लागि निजी क्षेत्रलाई आव्हान गर्ने।

७. **वित्तीय व्यवस्था -** आयोजनाको हाल सम्मको बजेट विनियोजन र खर्चको अवस्था देहाय अनुसार रहेका छनः।

(रकम रु. हजारमा)

आर्थिक वर्ष	प्रस्तावित बजेट	विनियोजित बजेट	निकासा खर्च	खर्च प्रतिशत
२०८१/०८२	३,३३३,९४८	३,३३३,९४८	३,१७८,१२१	९५.३३
२०८०/०८१	४,४७८,४१४	४,४७८,४१४	४,२०६,०२२	९३.९१
२०७९/०८०	६,०९१,७२९	६,०९१,७२९	५,९७५,८५१	९८.०९
२०७८/०७९	७,३०१,८६०	७,३०१,८६०	५,३६७,८९९	७३.५१
२०७७/०७८	८,८२३,४७४	८,८२३,४७४	८,३४६,२४१	९४.५९
२०७६/०७७	८,६६३,४३४	८,६६३,४३४	३,९५४,९०९	४५.६५
२०७५/०७६	११,३८९,२००	११,३८९,२००	१०,५९२,१२६	९३.००
२०७४/०७५	८,२९०,५२३	८,२९०,५२३	७,९७७,४१२	९६.२२
२०७३/०७४	५,३८९,७७१	५,३८९,७७१	५,१८९,७९५	९६.२९
२०७२/०७३	३,२००,३६९	३,२००,३६९	३,१९३,६१६	९९.७८
२०७१/०७२	३,३९९,८३१	३,३९९,८३१	३,३९२,५२५	९९.७८
२०७०/०७१	२,३०५,७९६	२,३०५,७९६	२,३०३,२४७	९९.८८
२०६९/०७०	२,०२९,४६५	२,०२९,४६५	२,०२८,४४०	९९.९५
२०६८/०६९	१,८५३,५१८	१,८५३,५१८	१,८३७,३५३	९९.१२
२०६७/०६८	१,३४६,७१०	१,३४६,७१०	१,३३१,४३३	९८.८६
२०६६/०६७	२,०७४,४४९	२,०७४,४४९	१,८९५,०२७	९१.३५
२०६५/०६६	३२७,८७५	३२७,८७५	२९७,५२४	९०.७४
२०६४/०६५	३९,२१८	३९,२१८	३१,१६३	७९.४६
जम्मा	**८०,३३९,५८५**	**८०,३३९,५८५**	**७१,०९८,७०४**	**८८.५०**

८. **निकायको परिचय -** सडक सञ्जालको विकासलाई आत्मसात गर्दै, नेपालको मध्य पहाडी भुभागका जिल्लाहरूलाई यातायात सञ्जालमा जोडी उक्त क्षेत्रको आर्थिक, सामाजिक, सास्कृतिक, पर्यटकीय र शैक्षिक लगायतका समग्र क्षेत्रको सन्तुलित विकास गर्ने अभिप्रायले तराईका जिल्लाहरू समेटेर निर्माण गरिएको पूर्व पश्चिम राजमार्ग जस्तै पहाडी क्षेत्रको पूर्वमा पाँचथर जिल्लाको चियोभञ्याङ्ग (नेपाल भारत सिमाना) देखि पश्चिममा बैतडी जिल्लाको झुलाघाट (महाकाली नदी) सम्म पुग्ने गरी करीब १८७९ कि.मि. लम्बाईको वैकल्पिक राजमार्ग निर्माण गर्ने उद्देश्यका साथ नेपाल सरकारको आन्तरिक श्रोतवाटै सम्पूर्ण खर्च व्यहोर्ने गरी आ.व. २०६४/०६५ देखि मध्यपहाडी लोकमार्ग आयोजना सञ्चालनमा रहेको छ।

८.१. निकायका लक्ष्य र उद्देश्य :

लक्ष्यः पुष्पलाल मध्यपहाडी लोकमार्गकोकुल लम्बाई १८७९ किलोमिटर सडक र सो सडकमा पर्ने पुल समेत निर्माण तथा स्तरोन्नति गर्ने लक्ष्य रहेको छ।

उद्देश्यः आयोजनाको उद्देश्य देहाय अनुसार रहेका छन् :-

- महाभारत श्रृंखला भन्दा माथि मध्य पहाडका २६ जिल्लाहरू तथा २१५ वस्तीहरूलाई जोड्ने गरी रेखाङ्कन भएको यस लोकमार्गले करिब ५० लाख जनताहरूलाई प्रत्यक्ष यातायात सुविधा पुऱ्याउने।
- यसबाट हुने सुविधाका कारण उक्त क्षेत्रको आर्थिक सामाजिक विकासमा प्रगति हुनुका साथै सो क्षेत्रबाट हुने बसाईसराई निरुत्साहित भई भौगोलिक तथा वातावरणीय सन्तुलन कायम गर्ने।
- यस लोकमार्ग आसपास रहेका विभिन्न पर्यटकीय स्थलहरू समेत यातायात पूर्वाधारको अभावमा यथेष्ट प्रचार प्रसार एवं विकास हुन नसकेको परिप्रेक्षमा लोकमार्गको निर्माणसँगै आन्तरिक तथा बाह्य पर्यटकहरूको आवागमनमा वृद्धि भई अर्थतन्त्र थप चलायमान हुने।
- यो सडक नेपालको सडक यातायात क्षेत्रमा मेरुदण्डको रुपमा स्थापित भई विकासका सबै सम्भावनाहरूको ढोका खोल्न कोसेढुङ्गा सावित हुने।

८.२. आयोजनाको कार्यक्षेत्र

यस आयोजना अन्तर्गत मध्यपहाडका २६ जिल्लाहरूका सडक तथा पुलहरूको स्तरोन्नती तथा निर्माणको कार्य सञ्चालनमा छन्। यस लोकमार्गको प्रदेशगत रुपमा कार्यक्षेत्र निम्नानुसार छन् :-

कोशी प्रदेश : चियोभञ्याङ्ग, च्याङ्गथापु, ओयाम, थर्पु, गणेशचोक, गोपेटार, जोरसाल, तमोर नदी, सक्रान्ति बजार, म्याङ्गलुङ्ग, बसन्तपुर, हिले, लेगुवाघाट, भोजपुर, दिक्तेल, हलेसी, हिलेपानी, टोक्सेलघाट (घुर्मी)

बागमती प्रदेश : घुर्मी, खुर्कोट, राकाथुम, चौरीखोला, दोलालघाट, बाहुनेपाटी, पाति भञ्याङ्ग-सानो कार्तिके, छहरे, त्रिशुली, सल्यानटार, गोरखा सीमाना (आरूघाट)

गण्डकी प्रदेश : गोरखा सीमाना (आरुघाट), पालुङ्गटार, भोर्लेटार, भगवतीटार, भैसे, पोखरा, बाग्लुङ, बुर्तिवाङ्ग, बाग्लुङ्ग (रुकुम सीमाना)

लुम्बिनी प्रदेशः रुकुम सीमाना, लुकुमगाँउ, रुकुमकोट

कर्णाली प्रदेशः मुसिकोट, चौरजहारी, जगातीपुर, बेस्ताडा, दैलेख, दुल्लु, जम्बुकाँध, सातला, साइजिउला, बेलखेत

सूदुर पश्चिम प्रदेशः बेलखेत, विनायक, साफेबगर, सिलगढी, डडेलधुरा, पाटन, सतबाँझ, झुलाघाट



९. **विषय छनोटको औचित्य** - सरकारको राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको यस लोकमार्गले सो क्षेत्रमा आर्थिक गतिविधिमा वृद्धि भई रोजगारीका थप अवसरहरू सिर्जना हुने र सर्वसाधरण जनताको जीवनस्तरमा उल्लेख्य सुधार आउने लक्ष्य राखेकोमा लोकमार्गको प्रगति अवस्था सन्तोषजनक नभएको र निर्माण समय तथा लागत बढदै गएको देखिएकोले आयोजनाको कार्यसम्पादनको अवस्था अध्ययन विश्लेषण गरी भविष्यमा सुधारोन्मुख सुझाव सहितको प्रतिवेदन पेश गर्न यो विषय कार्यमूलक लेखापरीक्षणको लागी छनौट गरिएको छ।

परिच्छेद : दुई

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

१०. **लेखापरीक्षणको उद्देश्य -** पुष्पलाल मध्यपहाडी लोकमार्ग निर्माण आयोजनाको सञ्चालन, कार्यक्रमको व्यवस्थापन, स्रोत र साधनको परिचालन, पुल तथा सडक निर्माण अवस्था सम्बन्धको परीक्षण, अध्ययन तथा विश्लेषण गरी देखिएका बेहोराहरू सुधार गर्नका लागि उपयुक्त सुझाव सहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ।

११. **लेखापरीक्षणको क्षेत्र**

- लेखापरीक्षण गर्दा पुष्पलाल मध्यपहाडी लोकमार्गको पूर्वतयारी चरण, स्वीकृति ,व्यवस्थापन, सम्झौता व्यवस्थापन, अनुगमन विषयहरू परीक्षण गरियो।
- पुष्पलाल मध्यपहाडी लोकमार्ग निर्देशनालय र यस निर्देशनालय अन्तर्गतका योजना कार्यालयहरू (पाँचथर, रामेछाप, गोरखा, पर्वत र दैलेख) लाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ।
- लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार मन्त्रालय, विभाग लगायत अन्य सम्बन्धित निकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ।

१२. **लेखापरीक्षणको संवैधानिक तथा कानुनी क्षेत्राधिकार -** नेपालको संविधान, २०७२ को धारा २४१ मा व्यवस्था भएको महालेखापरीक्षकको काम कर्तव्य र अधिकार भित्र महालेखापरीक्षकले लेखापरीक्षण गर्न सक्ने संवैधानिक अधिकार प्रदान गरेको छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा वित्तीय तथा विविध विषयको लेखापरीक्षण अन्तर्गत वित्तीय लेखापरीक्षणको अतिरिक्त छनोटको आधारमा कार्यमूलक विषयको लेखापरीक्षण गर्नसक्ने उल्लेख छ। सो लेखापारीक्षणको विधि, तरीका, क्षेत्र, अवधि, परीक्षण र प्रतिवेदन गर्ने कुरा महालेखापरीक्षकले तोकिदिए बमोजिम हुने व्यवस्था रहेको छ।

१३. **लेखापरीक्षण पद्धति तथा आधार -** लेखापरीक्षणको उद्देश्यहरू प्राप्त गर्नका लागि प्रक्रियामूलक एवं नतिजामूलक पद्धतिको अवलम्बन गरी सडक तथा पुलहरू निर्माण सम्बन्धमा गरिएको नीतिगत तथा कानुनी व्यवस्था, कार्य सञ्चालन प्रक्रिया, वार्षिक प्रगति प्रतिवेदन परीक्षण गर्ने तथा योजना कार्यालयबाट आवश्यक तथ्याङ्क, सूचना एवम् जानकारी सङ्कलन गरिनुका साथै अभिलेख तथा कागजातको परीक्षण र विश्लेषण गरिएको छ। योजना कार्यालयबाट सञ्चालित कार्यहरूको जोखिम निर्धारण विवरणको विश्लेषण गरी देखिएका जोखिम क्षेत्र एवं तात्विक महत्वका विषयहरूलाई थप पुष्ट्याई प्राप्त गर्न प्रश्नावली एवं विवरणबाट जानकारी लिइने, केही निर्माणस्थलहरूको स्थलगत भ्रमण गरी कामको अवलोकन गरिने र लेखापरीक्षणको क्रममा सम्बन्धित पदाधिकारीसँग छलफल समेत गरिएको छ। साथै नेपाल सरकारी लेखापरीक्षण मान, कार्यमूलक लेखापरीक्षण सिद्धान्त (इसाई ३००), कार्यमूलक लेखापरीक्षण मानदण्ड (इसाई ३०००), कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८१ बमोजिम लेखापरीक्षण सम्पन्न गरिएको छ।

१४. **लेखापरीक्षणको सीमा -** लेखापरीक्षणका लागि उपलब्ध स्रोत, साधन र समयको सीमा, नियन्त्रण जोखिमको मात्रा तथा लागत लाभको दृष्टिकोणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिएको हुँदा लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनोट गरी लेखापरीक्षण गरिएको छ। निकायहरूबाट प्राप्त सूचना, अभिलेख, विवरण, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिवेदनहरूलाई लेखापरीक्षणको आधारको रुपमा लिइएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा र न्यून जनशक्ति, कार्यालयबाट उपलब्ध भएका न्यूनतम स्रोत साधन, आयोजनाको ५ वटा कार्यक्षेत्र योजना कार्यालय पाँचथर, रामेछाप, गोरखा, पर्वत र दैलेख मध्ये पाँचथर र रामेछाप योजना कार्यालय अन्तर्गत आंशिक रुपमा र गोरखा र पर्वतको मात्रै लेखापरीक्षण क्रममा स्थलगत अनुगमन गरी लेखापरीक्षण सम्पन्न गरिएको छ।

परिच्छेद : तीन

लेखापरीक्षणबाट देखिएका बेहोरा

पुष्पलाल मध्यपहाडी लोकमार्गको निर्माण अवस्थाका सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन् :

सकारात्मक पक्षहरू

- राष्ट्रिय तथा स्थानीय आवश्यकता अनुसार राष्ट्रिय गौरवको आयोजनाको रूपमा पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना छनोट गरी कार्यान्वयनमा ल्याइएको छ।
- मध्य पहाडको पूर्व देखि पश्चिम सम्म कुल १ हजार ८७९ कि.मि. सडक मध्ये यस आयोजनाबाट १ हजार ४८.८६ कि.मि, अन्य योजना र डिभिजनबाट ४६२ कि.मि गरी आर्थिक वर्ष २०८१।८२ को अन्त्य सम्ममा १ हजार ५१०.८६ कि.मि. कालोपत्रे सडक निर्माण सम्पन्न भएको,
- लोकमार्ग भित्र पर्ने कुल १३७ वटा पुल मध्ये ९२ वटा पुल निर्माण सम्पन्न भएको।
- सडक सुरक्षाको लागि त्र्याश ब्यारियर हाल सम्म ७९ हजार ३१५ मिटर मा निर्माण सम्पन्न भएको।
- सम्पन्न भएका सडक खण्डहरू सम्बन्धित अख्तियार प्राप्त सडक डिभिजनसँग समन्वय गरी हस्तान्तरणको प्रक्रिया अगाडि बढाएको।

सुधार गर्नुपर्ने पक्षहरू

१५. **आयोजनाको लक्ष्य तथा प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ को ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी मन्त्रालयमा पेस गर्नुपर्ने र नियम ३६ मा मन्त्रालयले त्रैमासिक प्रगति विवरण प्राप्त भएपछि भौतिक र वित्तीय पक्षको कार्यालयगत तथा मन्त्रालयगत समीक्षा गर्नुपर्ने र समीक्षा गर्दा कम प्रगति देखिएमा सोको कारण पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदमहरू समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। निर्देशनालयले त्रैमासिक रुपमा तोकिएको ढाँचामा प्रगति विवरण तयार गरी नराखेको तर राष्ट्रिय गौरवको आयोजनाको हकमा प्रधानमन्त्री कार्यालयमा तोकिएको ढाँचामा मासिक रुपमा प्रगति विवरण बुझाउने गरेको जवाफ प्राप्त भएको छ। राष्ट्रिय गौरवको आयोजनाको रुपमा २०६४।६५ देखि निर्माण कार्य शुरू भएको यस लोकमार्गको कार्य सम्पन्न गर्ने संशोधित अवधि २०८४।८५ सम्म राखेकोमा हालसम्म आयोजनाको प्रगति देहाय अनुसार रहेको छ :-

क्र. सं.	विवरण	इकाई	सम्पन्न गर्नुपर्ने लक्ष्य			२०८१।८२ सम्पन्न कार्य सम्पन्न परिमाण			काम सम्पन्न प्रतिशत
			यस आयोजना बाट	अन्य निकायबाट	जम्मा	यस आयोजना कार्यालयबाट	अन्य निकायबाट	जम्मा	
१	कालोपत्रे सडक निर्माण	कि.मि.	१४७९	४६२	१८७९	१०४८.८६	४६२	१५१०.८६	८०.४
२	पुल निर्माण	संख्या	१३७	०	१३७	९२	०	९२	६७

आयोजनाको सडक निर्माण तर्फ जम्मा निर्माण सम्पन्न गर्नुपर्ने १ हजार ८७९ कि.मि. सडक मध्ये आर्थिक वर्ष २०८१।८२ सम्ममा १ हजार ५१० कि.मि. निर्माण सम्पन्न भएको जुन कुल लक्ष्यको ८०.४० प्रतिशत रहेको छ। पुल निर्माण तर्फ जम्मा १३७ वटा पुल निर्माण गर्नुपर्नेमा हाल सम्म ९२ वटा पुल निर्माण सम्पन्न भएको छ। जुन पुल निर्माणको कुल लक्ष्यको ६७ प्रतिशत मात्र रहेको छ। आयोजना निर्माण शुरू भएको १८ वर्ष

समाप्त हुँदा सडक निर्माण तर्फ ८१ प्रतिशत र पुल निर्माण तर्फ ६७ प्रतिशत मात्र प्रगति भएको देखिन्छ। ठेक्का व्यवस्थापन कार्य प्रभावकारी कार्यान्वयन हुन नसक्दा निर्माण कार्यको कार्यतालिका अनुसार कार्यसम्पादन नहुनु, स्रोत सहमति समयमा सहमति प्राप्त नहुनु, कार्यालयबाट निरन्तर अनुगमन नहुनु, पटक-पटक म्याद थप तथा भेरिएशन लगायतका कारणले समयमा निर्माण कार्य सम्पन्न नभएको स्थिति छ। लक्ष्य अनुसार प्रगति नहुँदा आयोजनाको लागत तथा समय वृद्धिभई अपेक्षित प्रतिफल प्राप्त नहुने देखिएकोले लक्ष्य अनुरुपको प्रगति हासिल गर्नुपर्दछ।

१६. **आयोजनाको लागत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको र मातहतका जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। आयोजनाको २०६४।६५ देखि २०८१।८२ सम्मको विनियोजित बजेट र खर्चको स्थिति देहाय बमोजिम छ :-

(रकम रु. हजारमा)

आर्थिक वर्ष	प्रशतावित बजेट	विनियोजित बजेट	निकासा खर्च	प्रतिशत
२०८१/०८२	३,३३३,९४८	३,३३३,९४८	३,१७८,१२१	९५.३३
२०८०/०८१	४,४७८,४१४	४,४७८,४१४	४,२०६,०२२	९३.९१
२०७९/०८०	६,०९१,७२९	६,०९१,७२९	५,९७५,८५१	९८.०९
२०७८/०७९	७,३०१,८६०	७,३०१,८६०	५,३६७,८९९	७३.५१
२०७७/०७८	८,८२३,४७४	८,८२३,४७४	८,३४६,२४१	९४.५९
२०७६/०७७	८,६६३,४३४	८,६६३,४३४	३,९५४,९०९	४५.६५
२०७५/०७६	११,३८९,२००	११,३८९,२००	१०,५९२,१२६	९३.००
२०७४/०७५	८,२९०,५२३	८,२९०,५२३	७,९७७,४१२	९६.२२
२०७३/०७४	५,३८९,७७१	५,३८९,७७१	५,१८९,७९५	९६.२९
२०७२/०७३	३,२००,३६९	३,२००,३६९	३,१९३,६१६	९९.७८
२०७१/०७२	३,३९९,८३१	३,३९९,८३१	३,३९२,५२५	९९.७८
२०७०/०७१	२,३०५,७९६	२,३०५,७९६	२,३०३,२४७	९९.८८
२०६९/०७०	२,०२९,४६५	२,०२९,४६५	२,०२८,४४०	९९.९५
२०६८/०६९	१,८५३,५१८	१,८५३,५१८	१,८३७,३५३	९९.१२
२०६७/०६८	१,३४६,७१०	१,३४६,७१०	१,३३१,४३३	९८.८६
२०६६/०६७	२,०७४,४४९	२,०७४,४४९	१,८९५,०२७	९१.३५
२०६५/०६६	३२७,८७५	३२७,८७५	२९७,५२४	९०.७४
२०६४/०६५	३९,२१८	३९,२१८	३१,१६३	७९.४६
जम्मा	**८०,३३९,५८५**	**८०,३३९,५८५**	**७१,०९८,७०४**	**८८.५०**

आयोजनाको २०६४।६५ देखि २०८१।८२ सम्मको विनियोजित बजेट र खर्चको स्थिति अध्ययन गर्दा २०८१।८२ सम्म रु. ८० अर्ब ३३ करोड ९६ लाख बजेट विनियोजन भएकोमा रु. ७१ अर्ब ९ करोड ८७ लाख खर्च भएको छ। आयोजनाको प्रारम्भिक लागत अनुमान रु. ३३ अर्ब ३६ करोड रहेकोमा संशोधित लागत रु. ८४ अर्ब ३३ करोड पुगेकोले आयोजनाको प्रस्तावित संशोधित लागत शुरू लागत अनुमानको तुलनामा १५२.७८ प्रतिशतले वृद्धि भएको देखिन्छ। यस लोकमार्गको शुरू लम्बाई १ हजार ७७६ किलोमिटर रहेकोमा विभिन्न समयमा रेखाङ्कन परिवर्तन भई हाल लम्बाई १ हजार ८७९ किलोमिटर पुगेको छ। रेखाङ्कन फरक तथा थप गरेकोले आयोजनाको लागत थप भएको छ। संशोधित कार्यतालिका अनुसार २०८४।८५ सम्ममा आयोजना सम्पन्न गर्न रु. ८४ अर्ब ३३ करोड खर्च हुने अनुमान रहेकोमा २०८१।८२ सम्ममा भौतिक प्रगति ८२ प्रतिशत र आयोजना लागतको तुलनामा वित्तीय प्रगति ८४ प्रतिशत रहेको छ। समयमै आयोजना सम्पन्न नहुँदा आयोजनाको लागत शुरू लागत भन्दा रु. ५० अर्ब ९७ करोडले बढेको छ। आयोजना निर्माण कार्यमा कार्यदक्षता बढाई निर्धारित समयमै सम्पन्न गर्नुपर्दछ।

१७. **विस्तृत आयोजना प्रतिवेदन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन भएका आयोजना प्रस्ताव गर्नुपर्दछ। तर सडक खण्ड एवं पुलहरूको अलग-अलग विस्तृत आयोजना प्रतिवेदन स्वीकृत भए तापनि लोकमार्ग आयोजनाको एकमुष्ट रूपमा विस्तृत परियोजना प्रतिवेदन तयार भएको छैन। सम्भाव्यता अध्ययन/विस्तृत आयोजना प्रतिवेदनबेगर आयोजना स्वीकृति र कार्यान्वयन गर्दा आयोजनाको क्षेत्र यकिन नभएको, आयोजना प्रभावित तथा सरोकारवालाको आवश्यकता सम्बोधन नहुँदा निर्माणमा अवरोध हुने गरेको, आयोजनाका क्रियाकलाप स्पष्ट नभई व्यवस्थापनमा अन्यौलता रहेको छ। आयोजना अन्तर्गतका ३ सडक खण्ड तथा ५ पुलको विस्तृत परियोजना प्रतिवेदन हालसम्म तयार भएको छैन। आयोजनाको म्याद अन्तिम चरणमा रहेको अवस्थामा हालसम्म विस्तृत अध्ययन प्रतिवेदन तयार हुन नसकेकोले उक्त सडक खण्ड तथा पुलहरूको ठेक्का व्यवस्थापन समेत सम्पन्न भएको छैन। यसले आयोजनाको समय र लागत दुबै बढ्ने देखिन्छ। आयोजनाको विस्तृत अध्ययन गर्न बाँकी सडक खण्ड तथा पुल एंव समग्र लोकमार्गको त्यस्तो प्रतिवेदन तयार गरी सोबमोजिम समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।

क्र. सं.	सडक खण्ड	दुरी
१.	बाहुनेपाटी - दोलालघाट - चौरीखोला सडक खण्ड (चेनेज ३६+४९२ देखि ५३+०३० सम्म)	१६.५४ कि.मि.
२.	पलासे - नेपालथोक - रामेछाप सडक खण्ड (चेनेज १३+५०० देखि २७+५०० सम्म), रामेछाप	१४ कि.मि.
३.	रामबजार माटे खोला सडक खण्ड	१.७ कि.मि.
४.	सुनकोशि नदी पुल खुर्कोट	३३४ मिटर
५.	झ्यादी खोला पुल	२०० मिटर
६.	सुनकोशी नदि पुल, दोलालघाट	२४० मिटर
७.	बिजयपुर खोला पुल	५० मिटर
८.	साई खोला पुल	२५ मिटर

आयोजनाको क्षेत्राधिकारमा पर्ने लोकमार्गको सडक खण्डको पटक-पटक विस्तृत अध्ययन भएतापनि ठेक्काहरू व्यवस्थापन गर्न बाँकी रहेका बाहुनेपाटी–दोलालघाट- चौरीखोला सडक खण्ड (चेनेज ३६+४९२ देखि ५३+०३० सम्म) र पलासे – नेपालथोक - रामेछाप सडक खण्ड (चेनेज १३+५०० देखि २७+५०० सम्म), रामेछाप खण्डहरूमा कालोपत्रेको काम गर्ने गरी ठेक्का व्यवस्थापन गर्नको लागी Quantity Re- Estimate गर्न आवश्यक रहेकोमा Revised DPR नभएको तथा रामबजार माटेखोला सडक खण्ड, सनुकोशी नदी पुल, बिजयपुर खोला पुल, साई खोला पुलको विस्तृत अध्ययन प्रतिवेदन तयार नभएको र पातिखोला पुल डिजाइन एण्ड बिल्ड अन्तर्गत ठेक्का व्यवस्थापन भएकोमा हाल सम्म डिजाइन स्वीकृत भएको छैन। आयोजनाको म्याद अन्तिम चरणमा रहेको अवस्थामा हाल सम्म विस्तृत अध्ययन प्रतिवेदन तयार हुन नसकेकोले उक्त सडक खण्ड तथा पुलहरूको ठेक्का व्यवस्थापन हालसम्म भएको छैन। यसले आयोजनाको समय र लागत दुबै बढ्ने देखिन्छ। आयोजनामा ढिलाई हुँदा लिएको लक्ष्य तथा त्यसबाट नागरिकले लिन सक्ने लाभ प्रभावकारी हुने नदेखिएकोले आयोजनाको विस्तृत अध्ययन गर्न बाँकी सडक खण्ड तथा पुलहरूको सयममै अध्ययन गराई निर्धारित समयमै आयोजनाको कार्य सम्पन्न गराउनु पर्ने देखिन्छ।

विस्तृत आयोजना प्रतिवेदनका आधारमा ठेक्का व्यवस्थापन गरी निर्माण कार्य भएकोमा निबेल-पालुङ्गटार सडक खण्डको चेनेज १२+३०० देखि २८+५०० को ठेक्कामा हाल सम्म ७० प्रतिशत काम सम्पन्न भई सकेको तर विभिन्न ठाउँमा जंगल छेउमा रिटेनिङ्ग वाल नलगाई सडक निर्माण कार्य हुन नसक्नेमा सोको आईटम लागत अनुमानमा नरहेकोले काम हुन सकेको छैन। त्यस्तै देउढी सामरी भरयाङ्गभुरुङ्ग सडक खण्ड अन्तर्गत कागुनीमा ठुलो पहिरो तथा पानी बग्ने गरेको, चेनेज ०+७०० मा निरन्तर पानि बग्ने अवस्थामा उपयुक्त स्ट्रक्चर नखुलाएको

र चेनेज ५+२०० देखि ७+३०० सम्म पनि भित्रबाट पानी बग्ने समस्या बारे अध्ययन प्रतिवेदनमा नखुलाएकोले निर्माण कार्य हुन सकेको छैन। विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा भौगोलिक अवस्थितिको अध्ययन आवश्यक परेको ठाउँमा भौगोलिक अध्ययन नगरेकोले निर्माण कार्यमा समस्या देखिएको छ। उक्त क्षेत्रमा पुनः भौगोलिक अवस्थाको अध्ययन नगराई काम गराउँदा निर्माण कार्य प्रभावकारी नहुने देखिन्छ। पुनः अध्ययन गर्दा निर्माण कार्यको समय र लागत समेत बढ्ने देखिन्छ। विस्तृत अध्ययन प्रतिवेदन र निर्माणकार्य बीच रहेको अवरोध समयमै निराकरण गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

१८. **रेखाङ्कन तथा वन क्षेत्र विवाद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम ३ अनुसार सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रूख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको व्यवस्था नगरी निर्माण कार्यको ठेक्का बन्दोवस्त गर्न नहुने उल्लेख छ। निर्देशनालयले देहाय अनुसारको सडक खण्डमा निर्माण स्थलको पूर्ण सूनिश्चितता नभई ठेक्का व्यवस्थापनको कार्य गरेकोले विवाद उत्पन्न हुँदा उक्त ठेक्का कार्यान्वयन नभई निर्माण कार्य अलपत्र परेको छ। आयोजना अन्तर्गतका पिपलटार देखि गंगटे २० कि.मि. सडक खण्ड मध्ये १० कि.मि. सडक खण्डमा वनक्षेत्र पर्नेमा रुख काट्ने आदेश प्राप्त नभई ठेक्का व्यवस्थापनको कार्य भएको र हाल सम्म वन काट्ने आदेश नभएकोले सडक निर्माण कार्य हुन नसकेको, रातामाटा देखि मादी नदी सम्म ७ कि.मि. सडक खण्ड मध्ये १.७ कि.मि. खण्डमा रेखाङ्कन विवाद रहेको, कर्पुटार देखि रूदी खोला ६.१ कि.मि. सडक खण्ड मध्ये ३ कि.मि. सडक खण्डमा रुख काट्ने आदेश प्राप्त नभएकोले सडक निर्माण हुन नसकेको, कटुन्जे देखि खहरे २९ कि.मि. सडक खण्ड बुढी गण्डकी जलविद्युत आयोजना डुवानक्षेत्रमा पर्ने कारण निर्माण हुन नसकेको र भैसे देखि जौबारी पुल ३८.८ कि.मि. सडक खण्ड मध्ये १२ कि.मि.मा स्थानीय अवरोध सिर्जना भई काम हुन सकेको छैन। आयोजनाको रेखाङ्कन तथा वनक्षेत्र विवादका कारण निर्माण कार्य हुन नसकेका केही उदाहरकण देहाय अनुसारका रहेका छन। उक्त विवादको उपयुक्त व्यवस्थापन गरी निर्माण कार्य निर्धारीत समयमै सम्पन्न गर्नुपर्दछ।

सि.न.	सडक खण्डको नाम	लम्बाई (कि.मि.)	अवरोध तथा विवादको अवस्था र कारण
१.	पिपलटार गंगटे सडक	२०	१० कि.मि. सडक खण्डमा वनक्षेत्र पर्नेमा वन काट्ने आदेश नभएकोले सडक निर्माण कार्य हुन नसकेको।
२.	रातामाता देखि मादी नदी सम्म सडक	७	१.७ कि.मि. खण्डमा रेखाङ्कन विवाद रहेकोले काम हुन नसकेको।
३.	कर्पुटार देखि रूदी खोला सडक खण्ड	६.१	३ कि.मि. सडक खण्डमा वन काट्ने आदेश प्राप्त नभएकोले सडक निर्माण हुन नसकेको।
४.	भैसे देखि जौबारी पुल सडक खण्ड	३८.८	१२ कि.मि.मा स्थानीय अवरोधले काम हुन नसकेको
५.	पौडिढिक, सुन्दरबजार किरिन्चे सडक	८	२ कि.मि. खण्डमा जग्गा मुआब्जा विवादले गर्दा काम हुन नसकेको।
६.	आरुघाट ओखले सडक खण्ड	१३	५०० मिटरमा रेखाङ्कन विवादले काम नभएको।
७.	कटुन्जेदेखि खहरे सडक खण्ड	२९	बुढी गण्डकी जलविद्युत आयोजना डुवान क्षेत्रपर्ने हुनाले काम हुन नसकेको।

१९. **घर जग्गा क्षतिपूर्ति विवाद -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ बमोजिम मुआब्जा निर्धारण समितिले कायम गरेको दरमा जग्गाको मुआब्जा तथा दफा ७ मा नोक्सानि वापत क्षतिपूर्ति वितरण गर्नुपर्ने व्यवस्था छ। आयोजना अन्तर्गत पर्ने निजी जग्गाको मुआब्जा वितरण नगर्ने र शहरी क्षेत्रमा पर्ने घर जग्गा नोक्सानी बापत क्षतिपूर्ति रकम भुक्तानी गर्ने गरिएको छ। आयोजना अन्तर्गत योजना कार्यालयहरूबाट हालसम्म रु १९ करोड ५६ लाख २६ हजार क्षतिपूर्ति वितरण भएको छ। आयोजना अन्तर्गत पर्ने निजि जग्गाको मुआब्जा वितरण नहुँदा लम्जुङ जिल्लाको सुन्दरबजार खण्डको सडक निर्माण कार्य, बाग्लुङ जिल्लाको बाग्लुङ देखि उपल्लाचौर सम्मको सडक निर्माण कार्य अवरुद्ध रहेको छ। जग्गाको मूल्याङ्कन तथा क्षतिपूर्ति भुक्तानी सम्बन्धमा विवाद उत्पन्न हुने र अदालतमा मुद्दा दायर समेत गर्ने प्रवृतिले आयोजना कार्यान्वयनमा समस्या परेको देखिन्छ। घरजग्गा क्षतिपूर्ति सम्बन्धी विवादका

कारण रोकिएको निर्माण कार्यहरूको केही उदाहरण देहाय अनुसारका रहेका छन। विवाद समयमै टुङ्गो लगाई आयोजनाको निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ।

क्र.सं.	सडक खण्ड	लम्बाई (कि.मि.)	कैफियत
१	पौडिढीक, सुन्दरबजार किरिन्चे सडक	८	२ कि.मि. खण्डमा जग्गा मुआब्जा विवादले गर्दा काम हुन नसकेको।
२	भैसे देखि जौबारी पुल सडक खण्ड	३८	१२ कि.मि. खण्डमा जग्गा मुआब्जा विवादले गर्दा काम हुन नसकेको।
३	मालढुंगा उपल्लाचौर सडक खण्ड	५.१	मुआब्जा विवादले ठेक्का व्यवस्थापन हुन नसकेको।

२०. **सडक सीमा -** सार्वजनिक सडक ऐन, २०३१ (संसोधन सहित) को दफा (२) अनुसार सडक सीमा भन्नाले सार्वजनिक सडक र त्यस्तो सडकको केन्द्र रेखाको दायाँ बायाँ दफा (३) बमोजिम तोकिएको जग्गाको क्षेत्र उल्लेख छ। उक्त ऐनको दफा (३) मा सार्वजनिक सडकहरूको वर्गीकरण, सडक सीमा र जग्गा प्राप्तिको प्रावधान रहेको छ। नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक सडकलाई लोकमार्ग, सहायक मार्ग, जिल्ला मार्ग र शहरी मार्ग भनी वर्गीकरण गरी त्यस सडकको केन्द्र रेखादेखि दाँया/बाँया दुवैतिर ३१ मिटरसम्म नबढाई सडक सीमा तोक्ने व्यवस्था छ। तर एकै किसिमको सडकको सम्पूर्ण लम्बाइमा पनि भौगोलिक स्थिति (टोपोग्राफी) र वस्तीको कारण त्यस्तो सडक सीमा कम बढी गर्न वा पुल तथा पुलको वरिपरि नदीको तटबन्ध सुरक्षाको लागि चार किल्ला समेत खोली आवश्यक सीमा तोक्न सक्ने व्यवस्था छ। आर्थिक वर्ष २०६४।६५ देखि निर्माण शुरू भएको यस लोकमार्गको सडक सीमा तोकी राजपत्रमा प्रकाशित गरेको देखिएन। राष्ट्रिय गौरवको आयोजनाको रूपमा सञ्चालित यस आयोजनाको सडक सीमा तोकी सुरक्षाको लागि उपयुक्त प्रवन्ध मिलाउनु पर्दछ।

२१. **सडक निर्माणको लक्ष्य प्रगतिको अवस्था -** यस लोकमार्गको रेखाङ्कन अनुसार निर्माण सम्पन्न गर्नुपर्ने जम्मा सडक खण्ड १ हजार ८७९ कि.मि. मध्ये योजना कार्यालयहरूबाट निर्माण सम्पन्न गर्नुपर्ने १ हजार ३९३ कि.मि. र अन्य निकायको कार्यक्षेत्र भित्र पर्ने सडक खण्ड ४८६ कि.मि. मध्ये २०८१।८२ सम्ममा योजना कार्यालयहरूबाट १ हजार ४८ कि.मि, अन्य योजना र सडक डिभिजन कार्यालयहरूबाट ४६२ कि.मि गरी जम्मा १ हजार ५१० कि.मि. कालोपत्रे सडक निर्माण सम्पन्न भएको निर्देशनालयले जानकारी गराएको छ। उक्त निर्माण सम्पन्न सडक खण्ड मध्ये १७ वटा सडक खण्डको ४०७ कि.मि. सडक खण्ड निर्माण सम्पन्न भई सम्बन्धित सडक डिभिजनलाई हस्तान्तरण भई सकेको, ३८ वटा सडक खण्डको १ हजार ३८ कि.मि. सडक खण्ड योजना कार्यालयबाटै हेर्ने गरी निर्माणाधिन अवस्थामा रहेको, ८ वटा सडक खण्डको ३२२ कि.मि. सडक खण्ड अन्य सडक डिभिजन कार्यालयबाट पहिला नै निर्माण सम्पन्न भई सकेको, ५ वटा सडक खण्डमा २२ कि.मि. सडक खण्ड अन्य लोकमार्ग तथा सडकसँग ओभरल्याप भएको र ४ वटा सडक खण्डमा ११५ कि.मि. सडक खण्ड एडिबि र रोड इम्प्रुभमेन्ट प्रोजेक्ट अन्तर्गत निर्माण सम्पन्न भएको छ। जसको विस्तृत विवरण अनूसुचि १ देखि ५ सम्ममा उल्लेख गरिएको छ। निर्माण सम्पन्न गर्न बाँकी सडक खण्डको काम निर्धारित समयमै सम्पन्न गरी आयोजनाले लिएको लक्ष्यलाई प्रभावकारी बनाउनुपर्दछ।

सि.नं.	योजना कार्यालय	कुल सडक लम्बाई (कि.मि.)	निर्माण सम्पन्न गर्नुपर्ने सडक खण्ड(कि.मि.)		आ.व. २०८१।८२ सम्म निर्माण सम्पन्न (कि.मि.)			निर्माण बाँकी (कि.मि.)
			सम्बन्धित योजना कार्यालयबाट	कार्यक्षेत्र भित्र अन्य निकायले	सम्बन्धित योजना कार्यालयबाट	कार्यक्षेत्र भित्र अन्य निकायले	जम्मा निर्माण सम्पन्न	
१.	पाँचथर	३८१	२५३	१२८	१८५	१२८	३१३	६८
२.	रामेछाप	३४०	२९०	५०	१९७	५०	२४७	९३
३.	गोरखा	२५५	२३८	१७	१८८	१७	२०५	५०

४.	पर्वत	२५०	२४५	५	२१४	५	२१९	३१
५.	दैलेख	६५३	३९१	२६२	२६४	२६२	५२६	१२७
जम्मा		**१८७९**	**१४१७**	**४६२**	**१०४८**	**४६२**	**१५१०**	**३६९**

२२. **ठेक्का व्यवस्थापन नभएको सडक खण्ड -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ मा यस ऐन बमोजिमको कार्यविधि पुरागरी खरिद सम्बन्धि कार्य गर्ने गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकाय प्रमुखको हुने व्यवस्था छ। निर्माणाधिन चरणमा रहेको यस आयोजनाको जम्मा सडक खण्ड १ हजार ८७९ कि.मि. मध्ये देहाय अनुसारको १०७ कि.मि. सडक खण्डमा हालसम्म ठेक्का व्यवस्थापन भएको छैन। आयोजनाको संशोधित निर्माण सम्पन्न मिति २०८४।८५ सम्म रहेको अवस्थामा हाल सम्म ८ वटा सडक खण्डमा १०७ कि.मि. सडक खण्डको ठेक्का व्यवस्थापन भएको छैन। जस मध्ये २ वटा सडक खण्डमा ठेक्का तोडिएको र सो खण्डका पुनः अध्ययन हुन नसकेको, ४ वटा सडक खण्डहरूमा बजेट सुनिश्चितता नभएको, १ सडक खण्डमा बुढी गण्डकी परियोजनाको डुवानमा पर्ने र अन्य १ सडक खण्डमा मुआब्जा वितरणको विवाद रहेकोले ठेक्का व्यवस्थापन कार्य हुन सकेको छैन। आयोजनाको ८२ प्रतिशत भौतिक प्रगति भई सकेको अवस्थामा उक्त सडक खण्डहरूमा ठेक्का व्यवस्थापन हुन नसकेकोले आयोजनाको काम निर्धारित समयमै सम्पन्न नहुने देखिन्छ। निर्धारित समयमै आयोजनाको काम सम्पन्न नहुँदा आयोजनाको लागत बढदै जाने मात्र नभई लोकमार्गको समुच्चा खण्डमा यातायात सहज रुपमा सञ्चालन गर्न सकिने देखिँदैन। उक्त सडक खण्डहरूको अवरोधहरू समाधान गरी आयोजनाको काम निर्धारित समयमै सम्पन्न गर्नुपर्दछ।

सि.नं.	**सडक खण्ड**	**कार्यक्षेत्र**	**जिल्ला**	**लम्बाई (कि.मि.)**	**कैफियत।कारण**
१.	जोरसाल संक्रान्ति म्याङ्गलुंग सडकखण्ड	पाँचथर	तेह्थुम	१३.७	तोडिएको ठेक्काको प्रकृया पुरा नभएको र Revised DPR नभएको।
२.	चखेवा भञ्ज्याँग जागरपुर	रामेछाप	खोटांङ्ग	१०	तोडिएको ठेक्काको प्रकृया पुरा नभएको र Revised DPR नभएको।
३.	पलासे राकाथुम सडक खण्ड	रामेछाप	रामेछाप	१४	बजेट सुनिश्चितता नभएको।
४.	जोरधारा चौरीखोला	रामेछाप	रामेछाप/काभ्रे	१४.५	बजेट सुनिश्चितता नभएको।
	चौरीखोला दोलालघाट	रामेछाप	काभ्रे	१५.३	बजेट सुनिश्चितता नभएको।
५.	कटुन्जे आरुघाट सडकखण्ड	गोरखा	गोरखा	२९.७३	बुढीगण्डकी परियोजनाको दुवानक्षेत्र भित्र पर्ने कारण ठेक्का व्यवस्थापन हुन नसकेको ।
६.	रामबजार माटे खोला सडकखण्ड	गोरखा	लम्जुंङ्ग	१.७	डिजाइन तयार भएको।
७.	मालढुंगा उपल्लोचौर सडक (०+००० देखि ५+४६५ सम्म)	पर्वत	बारलुंङ्ग	५.४३५	मुआब्जा विवादका कारण ठेक्का व्यवस्थापन हुन नसकेको।
८.	साईगाउँ बेल्खेत सडकखण्ड	दैलेख	दैलेख	२.५	बजेट सुनिश्चितता नभएको।
जम्मा				**१०७**	

२३. **मापदण्ड विपरित घर टहरा निर्माण -** सार्वजनिक सडक ऐन, २०३१ को दफा १९ मा सडक विभागको अनुमति नलिई कसैले पनि सार्वजनिक सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, सडक सीमा भित्र खाल्डा, कुलो खन्न वा भत्काउन, किल्ला, लठ्ठा, तगारो हाल्न तथा कुनै किसिमको घर, छाप्रो तथा संरचना बनाउन नहुने व्यवस्था छ। साथै लोकमार्गको हकमा दायाँबायाँ ३१ मिटरसम्म संरचना बनाउन रोकेको छ। बाग्लुङ जिल्लाको निसीखोला गाउँपालिकामा बनेका घर अधिकांश सडक छेवैमा जोडिएका छन्। लोकमार्गले ती घरटहरा निर्माण नियन्त्रण गर्न सकेको छैन। गलकोट, बडिगाड र काठेखोलामा पनि सडक नजिकै बनेका घर तथा अन्य संरचनाले सडक चौडा बनाउन समस्या देखिएको छ। यसमा आयोजनाले पहल गरेको छैन। निर्माण शुरू भएदेखि नै मापदण्ड अनुसारको सडक बन्नै नसकेकाले बजार क्षेत्रमा अवरोध हुने गरेको छ। सदरमुकाम बागलुङ बजारका केही स्थानदेखि

काठेखोला, गलकोट, बडिगाड र निसीखोलासम्म सडक विस्तार गर्ने ठाउँ नै नराखी संरचना बनेको छ। त्यस्तै निसीखोला-६ को भलकोटमा मानिस हिँड्दा पनि सवारीसाधनलाई साइड नपुग्ने गरी सडक छेवैमा हाईड्रोपावरको पेनस्टोक पाईपको संरचना राखिएको छ। पेनस्टोकको पाईप फुटेमा दूर्घटना हुन सक्ने बाटो बगाउन सक्ने र सो पेन स्टोकको संरचना निर्माण गरेपछि बाटो विस्तार गर्न नसक्ने गरी निर्माण गरिएको यस्तो संरचनाले बाटोको मापडण्ड पालना गरेको देखिएन।





मापदण्डविपरित घरटहरा निर्माणबाट साँघुरिएको सडक। **सडक छेवैमा निर्माण भएको विद्युत संरचना।**

मापडण्ड विपरीत लोकमार्गको सडक पेटीमा संरचना निर्माण भए नभएको यकिन गरी त्यस्ता संरचना व्यवस्थापन गर्नुपर्ने र लोकमार्गको छेउमा एउटा मापडण्ड तोकी घर टहरा लगायतका संरचना बनाउन नदिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

२४. **सडक हस्तान्तरण** - योजना कार्यालयहरूबाट निर्माण सम्पन्न भएको जम्मा १ हजार ५१० कि.मि.सडक खण्ड मध्ये २०८१।८२ सम्ममा जम्मा ४०७ कि.मि. सडक खण्ड सम्बन्धित सडक डिभिजन कार्यालयमा हस्तान्तरण भएको छ। हाल निर्माण सम्पन्न सडक खण्ड मध्ये १ हजार १०३ कि.मि. सडक खण्ड सम्बन्धित योजना कार्यालयबाट हेर्ने गरिएको छ। धेरै जसो ठेक्काका कार्यहरू अधुरो र अन्तिम चरणमा ठेक्केदारहरूले काम नगरी दिने साथै ठेक्काको काम समयमा नहुँदा बनेको सडक खण्डमा समेत मर्मत गर्नुपर्ने अवस्था आई पर्ने र सो मर्मत कार्य सम्बन्धित निर्माण व्यावसायीबाट गर्न आनाकानी गर्ने हुनाले निर्माण सम्पन्न सडक मध्ये हस्तान्तरण न्यून भएको जवाफ प्राप्त भएको छ। यसरी विभिन्न सडक खण्डमा निर्माण सम्पन्न भई हस्तान्तरण नभएको सडक खण्डहरू जीर्ण अवस्थामा पुगेको छ भने खुर्कोट-घुर्मि सडक खण्ड, गंगटे-ढिकुरे सडक खण्ड, बुर्तिबाङ-पातिहाल्ने सडक खण्ड, हटिया मनेवापाटा सडक खण्डहरूमा निर्देशनालयले सडक हस्तान्तरण नगरी मर्मतको ठेक्का लगाई मर्मतको कार्य समेत गरेको छ। जसले गर्दा आयोजनाको कार्य प्रगति समग्र रुपमा अपेक्षित रुपमा भएको छैन। निर्माण सम्पन्न सडक खण्डको अवस्था मूल्याँकन गरी समयमै सम्बन्धित डिभिजनलाई हस्तान्तरण गर्नुपर्दछ।

सि.नं.	योजना कार्यालय	कुल सडक लम्बाई (कि.मि.)	निर्माण सम्पन्न भएको कुल सडक लम्बाई (कि.मि.)	हस्तान्तरण भएको सडक खण्ड(कि.मि)	हाल योजना कार्यालयले हेर्ने कुल लम्बाई(कि.मि.)
१	पाँचथर	३८१	३१३	७४	२३९
२	रामेछाप	३४०	२४७	७१	१७६

३	गोरखा	२५५	२०५	०	२०५
४	पर्वत	२५०	२१९	१२२	९७
५	दैलेख	६५३	५२६	१४०	३८६
जम्मा		**१८७९**	**१५१०**	**४०७**	**११०३**

२५. अखरा भीर-भैसे सडक खण्ड - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धि सम्पूर्ण कार्य एउटै खरिद सम्झौताबाट हुन सक्ने गरी लागत अनुमान तयार गर्नपर्ने र उपनियम ६ मा यस नियम बमोजिम तयार भएको निर्माण कार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने भन्दा एक तह माथिको प्राविधिक तथा प्राविधिकहरूको समुहलाई ड्रइङ्ग डिजाइन जाँच गर्न लगाई त्रुटी देखिएमा सच्याउन लगाउनुपर्ने व्यवस्था छ। योजना कार्यालय, पर्वत अन्तर्गत पर्ने रुदी खोला देखि भैसे सम्मको १५ कि.मि. सडक खण्डको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्दा १५ कि.मि. ९५० मिटर लम्बाई सडक खण्डको जम्मा रु १ अर्व ३० करोडको लागत अनुमान तयार गरेको छ। लागत अनुमान तयार भए बमोजिम २०७७।१०।२३ मा रु ५३ करोड ६१ लाखमा ठेक्का सम्झौता गरी २०८१।७।१५ सम्ममा रु ५७ करोड ५२ लाख भुक्तानी गरेको छ। उक्त सडक खण्डको अखरा भीरमा ६०० मिटर सडकको खोला किनारमा पर्खाल लगाई बाटो उँचो गर्नुपर्नेमा शुरू लागत अनुमानमा सो कार्यको आइटम समावेश नगरेको ले सो खण्डमा निर्माण कार्य हुन सकेको छैन। कार्यालयले उक्त ६०० मिटर सडक खण्डको परिमाण घटाई ठेक्का फरस्यौंट गरेको छ। फिल्डको वास्तविक अवस्था अनुसारको आयोजना विस्तृत प्रतिवेदन र लागत अनुमान तयार नभएकोले निर्माण कार्य अधुरो रहेको र सडक सञ्चालनमा समस्या देखिएको छ। सडकको बाँकी निर्माण कार्य सम्पन्न गरी सडक सञ्चालन प्रभावकारी बनाउनुपर्दछ।



२६. पिपलटार - देउदी सडक खण्ड - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम ३ अनुसार सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रूख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको व्यवस्था नगरी निर्माण कार्यको ठेक्का बन्दोवस्त गर्न नहुने व्यवस्था छ। योजना कार्यालय, गोरखाले पिपलटार देखि देउदी सम्मको २०.८ कि.मि. सडक खण्डलाई दुई खण्डमा विभाजन गरी चेनेज ०+००० देखि १०+००० सम्म १० कि.मि. सडकको लागत अनुमान रु १ अर्व ११ करोड ३१ लाख तयार गरी २०७७।१०।२२ मा रु ५४ करोड ४५ लाख २० हजारमा निर्माण सम्झौता गरेको छ। अर्को खण्ड चेनेज १०+००० देखि २०+८७५

अर्थात १०.८ कि.मि. सडक खण्डको लागत अनुमान रु १ अर्ब २९ करोड ८९ लाख तयार गरी २०७७।१०।२१ मा रु ६४ करोड २६ लाख ५२ हजारमा सम्झौता गरेको छ। उक्त दुबै ठेक्काको शुरू कार्य सम्पन्न गर्नुपर्ने म्याद २०७९।१०।२१ सम्म रहेकोमा २०८१।८२ सम्ममा क्रमशः २३ र १६ प्रतिशत भौतिक प्रगति भएको छ। सम्झौता अनुसार निर्माण व्यवसायीलाई क्रमश रु ५ करोड ४४ लाख र रु ६ करोड २१ लाख गरी रु ११ करोड ६५ लाख पेश्की दिएको छ। बटार देखि देउदी सम्म १० कि.मि. वन क्षेत्रमा रूख कटान अनुमतिमा ढिलाई हुँदा ट्रयाक खुलेको छैन। पूर्व तयारी पुरा नभई ठेक्का व्यवस्थापन हुँदा निर्माण व्यवसायीले लामो समय सम्म पेश्की रकमको सम्बन्धित काममा उपयोग गरेको देखिएन। निर्माण कार्यमा देखिएको अवरोध निरुपण गरी निर्धारित समयमै निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।



२७. **हरिचोक-याम्दी सडक खण्ड -** सडक ऐन, २०३१ को दफा १९ मा सडक विभागको अनुमति नलिई कसैले पनि सार्वजनिक सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, सडक सीमा भित्र खाल्डा, कुलो खन्न वा भत्काउन, किल्ला, लठ्ठा, तगारो हाल्न तथा कुनै किसिमको घर, छाप्रो तथा संरचना बनाउन नहुने व्यवस्था छ। स्वीकृत रेखाङ्कन भन्दा फरक परेमा स्विकृती लिनुपर्ने हुन्छ। योजना कार्यालय, पर्वत अन्तर्गत हरिचोक देखि याम्दी सम्म २.२ कि.मि. सडक खण्ड स्वीकृत रेखाङ्कन भित्र नपर्नेमा उक्त खण्डमा ठेक्का व्यवस्थापन गरी निर्माण कार्य भईरहेको गराएको छ। रेखाङ्कन क्षेत्र भित्र नपर्ने सडक निर्माणका लागि २०७९।०४।१५ मा रु ४८ करोड ५ लाख ३२ हजारमा एक निर्माण व्यवसायिसँग सम्झौता गरी २०८१।८२ सम्म रु ३१ करोड ७९ लाख ३७ हजार खर्च गरेको छ। स्वीकृत रेखाङ्कन भन्दा फरक हुने गरी निर्माण गरेको सडकको स्वीकृती लिएको देखिएन। उक्त सडकको आवश्यकता एकीन गरी लाभ लागत विश्लेषणको आधारमा स्वीकृतिको प्रकृया पुरा गरी निर्माण कार्यको प्रभावकारिता पुष्टि हुनुपर्दछ।

२८. **कर्पुटार - रुदीखोला सडक -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धि सम्पूर्ण कार्य एउटै खरिद सम्झौताबाट हुन सक्ने गरी लागत अनुमान तयार गर्नुपर्ने र उपनियम ६ मा यस नियम बमोजिम तयार भएको निर्माण कार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने भन्दा एक तह माथिको प्राविधिक तथा प्राविधिकहरूको समुहलाई ड्रइङ्ग डिजाइन जाँच गर्न लगाई त्रुटी देखिएमा सच्याउन लगाउनुपर्ने व्यवस्था छ। योजना कार्यालय, गोरखाको कर्पुटार देखि रुदी खोला सम्मको ६.१२० कि.मि. सडकको लागत अनुमान रु ३५ करोड ८८ लाख ८५ हजार रहेकोमा २०७७।१०।२३ मा

एक जे.भि.सँग रु १९ करोड ८५ लाख १६ हजारमा २०७९।१०।२२ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ। २०८१।८२ को अन्त सम्ममा ४० प्रतिशत भौतिक प्रगति भएको उक्त सडक मध्ये ३ कि.मि. सडक खण्डमा वन क्षेत्र विवाद रहेको र अर्को ७०० मिटर बाटो रुदी खोलाले बगाएकोले हाल उक्त क्षेत्रमा सडक निर्माण सम्पन्न हुन सकेको छैन। उक्त सडकको विस्तृत अध्ययन गर्दा रुदी खोला खण्डमा भिरबाट ट्रयाक खोल्नुपर्ने र खोला गहिरो भएकोले लेबल अनुसार सडकको उचाई मिलाउन सो अनुसारको डिजाईन र परिमाण नभएकोले आवश्यकता अनुसार निर्माण हुन नसकेको प्राविधिकले जनाएको छ। तर ठेक्का सम्झौता बमोजिम विवाद बाहेकको क्षेत्रमा समेत निर्माण व्यवसायी फिल्डमा परिचालित भएको देखिएन। वास्तविक विस्तृत परियोजना प्रतिवेदन तयार नगरेको र निर्माण स्थलको पूर्ण सुनिश्चितता नभई ठेक्का व्यवस्थापन गरेकोले निर्माण कार्य अधुरो हुन गई यातायात सुचारू हुने अवस्था देखिएन। सो सडक खण्डसँगै जोडिएर निर्माण सम्पन्न सडकमा समेत सवारी सञ्चालन हुन सकेको छैन। पूर्व तयारी तथा विस्तृत परियोजना प्रतिवेदन तयारीमा देखिएको कमजोरी सुधार गरी उत्पन्न विवादको उपयुक्त टुङ्गो लगाई निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।



२९. **डोजर डाँडा दोलालघाट सडक -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ ले बजेट प्रस्ताव गर्दा नै विस्तृत आयोजना प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्था गरेको छ। विस्तृत आयोजना प्रतिवेदनमा सम्बन्धित विज्ञको संलग्नतामा आयोजनाको वित्तीय, भौगोलिक, सामाजिक र वातावरणीय लगायतका अध्ययन गरी आयोजनाको स्पष्टता गर्नुपर्ने हुन्छ। योजना कार्यालय, रामेछाप अन्तर्गत डोजर डाँडादेखि दोलालघाट सम्मको सडक निर्माणको भौगोलिक अवस्थितिको विस्तृत अध्ययन नगर्दा १ कि.मि. पुलले बाटोको २० कि.मि. लम्बाई घटन सक्ने अवस्था छ। रु. ९० करोड ३१ लाख लागतमा २१ कि.मि. सडक निर्माण गर्ने विस्तृत अध्ययन भई निर्माण कार्य भई रहेको छ। सुनकोशी मरिण डाइभर्सन आयोजना अन्तर्गत निर्माण हुने डयामको माथिबाट करिब १ कि.मि. लामो उच्च प्रविधिको पुल निर्माण गर्ने अध्ययन हुन सकेकोमा २१ कि.मि. सडक खण्ड छोटो बनाउन सकिने जानकारी प्राविधिकले दिएको छ। उक्त पुल निर्माण गर्दा पुलको लागत सडक निर्माण खर्च भन्दा बढी लागत पर्ने भएता पनि समय, इन्धन र सडक सञ्चालन खर्च मितव्ययी हुने देखिन्छ। यस सम्बन्धमा आयोजनाको रेखाङ्कन गर्दा अध्ययन नभएको निर्देशनालयले जनाएको छ। विस्तृत आयोजना प्रतिवेदनले वैकल्पिक लाभ लागत समेतको विश्लेषण गर्ने कार्यमा थप सुधार गर्नुपर्दछ।



रातो रेखामा पुल नहुँदा निलो रंगमा बनेको सडक

३०. **पुल निर्माण अवस्था** - सडक र सो सडकमा निर्माण गर्नुपर्ने पुल लगायत संरचना समानान्तर समयमा निर्माण सम्पन्न हुनुपर्दछ। लोकमार्ग अन्तर्गत निर्माण सम्पन्न गर्नुपर्ने १३७ पुल मध्ये आर्थिक वर्ष २०८१।८२ सम्म ९२ पुल निर्माण सम्पन्न भएको, २७ वटा निर्माणाधीन चरणमा रहेको र १८ पुलको हाल सम्म ठेक्का व्यवस्थापन हुन बाँकी रहेको छ। पुल निर्माण नहुँदा निर्मित सडकमा सवारी सञ्चालन हुन सकेको छैन। योजना कार्यालय, रामेछाप अन्तर्गत पर्ने सडक निर्माण कार्य सम्पन्न भई सकेको अवस्थामा समेत उक्त सडक जोडने पुलहरू निर्माण हुन नसकेकोले सो सडक उपयोग नहुँदा निर्माण कार्यदक्षता र प्रभावकारीता देखिएको छैन। आयोजना निर्देशनालयका अनुसार योजना कार्यालय, पाँचथर अन्तर्गतका २ वटा पुल बाढीले असर पुर्‍याएको, योजना कार्यालय रामेछाप अन्तर्गत २ वटा पुलको ठेक्का तोडिएको पुलहरूको स्तरोन्नति तथा निर्माणको कार्य बाँकी रहेको जानकारी प्राप्त भएको छ। निर्माणाधिन अवस्थामा रहेको पुल र ठेक्का व्यवस्थापन हुन बाँकी रहेको पुलको निर्माण कार्य निर्धारित अवधि भित्र सम्पन्न गर्नुपर्दछ। पुल निर्माण सम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छन् :-

सि.नं.	योजना कार्यालय	निर्माण गर्नुपर्ने पुल संख्या	निर्माण सम्पन्न पुल	निर्माणधीन पुल	ठेक्का व्यवस्थापन गर्न बाँकी पुल संख्या
१	पाँचथर	१९	१५	२	२
२	रामेछाप	४६	२५	१०	११
३	गोरखा	२५	१६	८	१
४	पर्वत	२१	१२	७	२
५	दैलेख	२६	२४	०	२
जम्मा		**१३७**	**९२**	**२७**	**१८**



३१. **ठेक्का व्यवस्थापन हुन बाँकी पुल -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ मा यस ऐन बमोजिमको कार्यविधि पूरागरी खरिद सम्बन्धि कार्य गर्ने गराउने जिम्मेवारी सम्बन्धित सार्वजनिक निकाय प्रमुखको हुने व्यवस्था छ। लोकमार्ग अन्तर्गत निर्माण गर्नुपर्ने १३७ पुल संख्या मध्ये देहाय अनुसारको १८ वटा पुलको हाल सम्म ठेक्का व्यवस्थापन हुन सकेको छैन।

सि.नं.	पुलको नाम	कार्यक्षेत्र	जिल्ला	लम्बाई (मि.)	कैफियत
१.	फलामे खोला पुल	पाँचथर	पाँचथर	२५	बाढीले क्षेतिग्रस्त (डिजाइन भैरहेको)
२.	ओयम खोला पुल	पाँचथर	पाँचथर	२०	बाढीले क्षेतिग्रस्त (डिजाइन भैरहेको)
३.	पंखु खोला पुल	रामेछाप	खोटांग	१५	तोडिएको ठेक्का पुनः व्यवस्थापन गर्नुपर्ने (चालु आ.व. मा बहुबर्षीय ठेक्का सहमतिको लागि पठाइएको)
४.	दफ्का/जगेनी खोला पुल	रामेछाप	रामेछाप	५०	चालु आ.व. मा बहुबर्षीय ठेक्का सहमतिको लागि पठाइएको
५.	सुनकोशी नदि पुल, खुर्कोट	रामेछाप	सिन्धुली/रामेछाप	३३४	विस्तृत आयोजना प्रतिवेदन तयार नभएको
६.	झ्यादी खोला पुल	रामेछाप	सिन्धुपाल्चोक	२००	विस्तृत आयोजना प्रतिवेदन तयार नभएको
७.	सुनकोशी नदि पुल, दोलालघाट	रामेछाप	काभ्रे/सिन्धुपाल्चोक	२४०	विस्तृत आयोजना प्रतिवेदन तयार नभएको
८.	कान्ले खोला १	रामेछाप	सिन्धुपाल्चोक	६५	चालु आ.व. मा बहुबर्षीय ठेक्का सहमतिको लागि पठाइएको
९.	कान्ले खोला २	रामेछाप	सिन्धुपाल्चोक	३५	चालु आ.व. मा बहुबर्षीय ठेक्का सहमतिको लागि पठाइएको
१०.	रिपेनी खोला पुल	रामेछाप	सिन्धुपाल्चोक	१५	चालु आ.व. मा बहुबर्षीय ठेक्का सहमतिको लागि पठाइएको
११.	सोखु खोला पुल	रामेछाप	सिन्धुली	१००	तोडिएको ठेक्का पुनः व्यवस्थापन गर्नुपर्ने
१२.	खांगसांग खोला पुल	रामेछाप	सिन्धुलि	५०	तोडिएको ठेक्का पुनः व्यवस्थापन गर्नुपर्ने

१३.	खार खोला पुल, गोरखा	गोरखा	गोरखा	२०	चालु आ.व. मा बहुबर्षीय ठेक्का सहमतिको लागि पठाइएको
१४.	पिस्ती खोला पुल, लम्जुंग	गोरखा	लम्जुंग	५०	चालु आ.व. मा बहुबर्षीय ठेक्का सहमतिको लागि पठाइएको
१५.	खांडू खोला पुल	पर्वत	बारलुंग	४०	चालु आ.व. मा बहुबर्षीय ठेक्का सहमतिको लागि पठाइएको
१६.	विजयपुर खोला पुल	पर्वत	कास्की	५०	विस्तृत आयोजना प्रतिवेदन तयार नभएको
१७.	साई खोला पुल	दैलेख	दैलेख	२५	विस्तृत आयोजना प्रतिवेदन तयार नभएको
१८.	भेरी नदि पुल	दैलेख	रुकुम/जाजरकोट	९८.५०	तोडिएको ठेक्का पुनः व्यवस्थापन गर्नुपर्ने (चालु आ.व. मा बहुबर्षीय ठेक्का सहमतिको लागि पठाइएको)

ठेक्का व्यवस्थापन हुन बाँकी पुलहरू मध्ये विजयपुर खोला पुल, पर्वत र साई खोला पुल, दैलेखको हाल सम्म विस्तृत आयोजना प्रतिवेदन तयार नभएको, ३ वटा पुलको सम्भाव्यता अध्ययन मात्र भएको, साथै ठेक्का तोडिएको कतिपय पुलहरूको पनि पुनः ठेक्का व्यवस्थापन हुन नसकेको र ७ पुलमा स्रोत सहमति प्राप्त नभएकोले ठेक्का व्यवस्थापन हुन नसकेको जानकारी निर्देशनालयबाट प्राप्त भएको छ। आयोजनाको संसोधित निर्माण सम्पन्न मिति २०८४।८५ सम्म रहेको अवस्थामा हालसम्म ठेक्का व्यवस्थापन हुन नसकेको पुलहरू निर्धारित समयमा सम्पन्न हुने अवस्था देखिएन। उल्लिखित पुल निर्माणमा रहेको अवरोध निरुपण गरी ठेक्का व्यवस्थापन कार्य पुरा गरी पुल निर्माण कार्य निर्धारित समयमै सम्पन्न गरी सडक पूर्वाधारको उपयोग गर्नुपर्दछ।

३२. **अधुरो निर्माण कार्य -** योजना कार्यालय, दैलेखको चौरजहारी र जाजरकोट जिल्लाको कुदु जोडने रु. १४ करोड ८४ लाख २८ हजार लागत अनुमान भएको भेरी पुल निर्माण कार्यका लागि एक निर्माण व्यवसायीसँग २०७२।२।२८ सम्ममा सम्पन्न गर्ने गरी रु. १३ करोड १३ लाख ५२ हजारको २०६९।३।२९ मा सम्झौता भएकोमा निर्माण चरणमा पुलको डिजाईन रिभ्यूले निर्माण अवधि २०८०।३।३१ सम्म थप भएको देखियो। निर्माण व्यवसायीले सम्झौताको कार्य तालिका बमोजिम निर्माण कार्य नगर्दा १८ प्रतिशत मात्र भौतिक प्रगति भएकोले २०७९।८।७ को विभागीय निर्णय बमोजिम ठेक्का अन्त्य गरेको छ। निर्माण व्यवसायीले पुलको (एबुटमेन्ट, फुटिङ्ग टावर/लेफ्ट एंकर बल्क) निर्माण सम्पन्न गरेकोमा सो काम वापत रु. २ करोड ३६ लाख ४३ हजार भुक्तानी भएको छ। पुलको बाँकी निर्माण कार्यको लागि रु.२१ करोड ८७ लाख ५२ हजारको लागत अनुमान तयार गरी २०८०।७।२ मा बोलपत्र आहवान गरेकोमा एकमात्र बोलपत्र दाताले लागत अनुमान भन्दा ४९.७४ प्रतिशत बढी कबोल गरेकोले सो प्रक्रिया अन्त्य गरी पुनः रु. २२ करोड ६४ लाख ७० हजार लागत अनुमान स्वीकृत गरी दोस्रो पटक २०८१।१।२८ मा बोलपत्र आव्हान गरेकोमा बोलपत्र नै पेश नभएको निर्देशनालयले जनाएको छ। निर्माण सम्पन्न कार्यको तेस्रो पक्षबाट प्रावधिक परीक्षण कार्य गराई रु.१० लाख ६३ हजार भुक्तानी दिएको देखियो। पुनः ठेक्का व्यवस्थापन हुन नसक्दा पुल निर्माणको लागि निर्माण कार्य अगाडि बढ्न नसकेको र निर्मित सडकमा यातायात सञ्चालन हुने अवस्था छैन।



३३. **सित्खा खोला पुल -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२०(१) अनुसार काबू बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यवस्था छ। रामेछाप सडक खण्डमा एक स्पानको ३५ मिटर लम्बाइको पुल २०७८।११।२४ सम्ममा निर्माण कार्य सम्पन्न गर्नका लागि एक जे.भि.सँग २०७७।०२।२५ मा सम्झौता गरेकोमा २०८१।७।३० सम्म म्याद थप भएको छ। उक्त निर्माण कार्य गर्न रु. ४ करोड ३ लाख ६८ हजारको सम्झौता भएकोमा हालसम्म ४१ प्रतिशत भौतिक प्रगति भई रु. १ करोड ६५ लाख ७४ हजार भुक्तानी भएको छ। सम्झौताको म्याद समाप्त भएता पनि पुलको काम सम्पन्न भएको छैन। पुलको पायर तथा एब्युटमेन्टको डन्डीमा खिया लागेको, निर्माण व्यवसायी निर्माण स्थलमा समेत उपस्थित नभई निर्माण कार्य अलपत्र रहेको स्थलगत अवलोकनमा देखियो। निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार पूर्वनिर्धारित क्षतिपूर्तिको व्यवस्था समेत कार्यान्वयन गरी निर्माण कार्यदक्षतामा सुधार गर्नुपर्दछ।



३४. **याम्दी खोला पुल -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ ले बजेट प्रस्ताव गर्दा नै विस्तृत आयोजना प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्था गरेको छ। विस्तृत आयोजना प्रतिवेदनमा सम्बन्धित विज्ञको

संलग्नतामा आयोजनाको वित्तीय, भौगोलिक, सामाजिक र वातावरणीय लगायतका अध्ययन गरी आयोजनाको स्पष्टता गर्नुपर्ने हुन्छ। योजना कार्यालय, पर्वतको याम्दी खोलामा दुई र पानी विहाड खोलामा १ पुल समेत ३ वटा पुल निर्माणको लागि रु २६ करोड ३० लाख १३ हजारको लागत अनुमान तयार गरी २०७९।४।१५ मा रु २१ करोड ५९ लाख ७९ हजारमा सम्झौता गरी निर्माण कार्य भई रहेको छ। अप स्ट्रिम तर्फको सुपर स्ट्रक्चरको काम सम्पन्न भई सकेको र डाउन स्ट्रिम तर्फ सुपर स्ट्रक्चरको काम सम्पन्न भएको छ। सो स्थानमा एउटा पुल पहिले चालु अवस्थामा रहेको छ। लोकमार्ग दुई लेनको रहेको अवस्थामा पुरानो चालु अवस्थामा रहेको पुलको प्राविधिक अवस्था जाँच गराई सोही पुल प्रयोगमा ल्याउन सकिने नसकिने अध्ययन भएको देखिएन। निर्देशनालयले भौगोलिक अवस्थिति र उपलब्ध संरचना विश्लेषण नगरी समानान्तर दुई पुल निर्माण गर्दा झण्डै रु ८ करोड ७६ लाख ७१ हजार खर्च हुने अवस्था छ। विस्तृत आयोजना प्रतिवेदन तयारी कार्यमा यस्ता चालु अवस्थाका संरचनालाई अध्ययन गरी सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ।



३५. **सिती खोला पुल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा खरिद सम्बन्धि सम्पूर्ण कार्य एउटै खरिद सम्झौताबाट हुन सक्ने गरी लागत अनुमान तयार गर्नपर्ने र उपनियम ६ मा यस नियम बमोजिम तयार भएको निर्माण कार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने भन्दा एक तह माथिको प्राविधिक तथा प्राविधिकहरूको समुहलाई ड्रइङ्ग डिजाइन जाँच गर्न लगाई त्रुटी देखिएमा सच्याउन लगाउनुपर्ने व्यवस्था छ। योजना कार्यालय, गोरखाको कर्पुटार रुदी खोला सडक खण्डमा पर्ने सिती खोला र रुदी खोलामा पुल निर्माणको लागि एउटै प्याकेज बनाई रु २६ करोड ८५ लाख ९५ हजारको लागत अनुमान भएको प्याकेज बनाई बोलपत्र मार्फत् २०७८।११।२५ मा रु १४ करोड ७६ लाख २८ हजारमा सम्झौता गरेको छ। लागत अनुमान भन्दा ४२.७५ प्रतिशत न्यूनमा कार्य सम्पन्न सम्झौता भएका उक्त निर्माण कार्य २०८१।५।२४ सम्म निर्माण सम्पन्न हुनुपर्नेमा आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्म १३ प्रतिशत मात्र भौतिक प्रगति भएको छ। उक्त दुई वटा पुल मध्ये रुदी खोला पुलको काम शुरूनै नभएको र सिती खोला पुलको फाउन्डेसन निर्माण गरेकोमा सडकको रेखाङ्कनसँग मेल खाने देखिएन। सोही स्थानमा सडक र नालाको काम पुलसँग फरक परेकोले पुल निर्माण स्वीकृत डिजाईन भन्दा फरक भएको अथवा डिजाइनमा भिन्नता परेकोले पुल निर्माणमा कार्यदक्षता देखिएको छैन। पुल निर्माण गर्न निर्माण व्यवसायीलाई दिएको पेश्की रु.६० लाख निर्माण अवधि समाप्त हुँदा सम्म फर्स्यौट नभएको र काम शुरू गरेको पुलको न्यून प्रगति र अर्को शुरू नै नगरेकोले ठेक्का व्यवस्थापन प्रभावकारी नदेखिएका साथै समय बढदै जाँदा बढने लागत र प्रतिफल मितव्ययी समेत नदेखिएकोले निर्माण व्यवसायीलाई जिम्मेवार बनाई सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नु पर्दछ।



३६. **म्याद थप** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ तथा नियमावली, २०६४ को नियम १२०(१) अनुसार काबुबाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि बढाउनुपर्ने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकार प्राप्त अधिकारीले कारण खुलाई म्याद थप गर्न सक्ने व्यवस्था छ। आयोजनाको म्याद थप भएका ठेक्कामध्ये ४७ ठेक्काको म्याद थप सम्बन्धी विवरण विश्लेषण गर्दा ६ ठेक्काको सुरू सम्झौताको ५० प्रतिशतसम्म र बाँकी ४१ ठेक्कामा सुरू सम्झौताको ५१ प्रतिशत भन्दा बढी म्याद थप भएको पाइयो। सुरू सम्झौताभन्दा बढी अवधि थप भई ठेक्का समाप्त भएका ठेक्काको काम समयमा सम्पन्न नहुँदा लागत बढेको छ।

सि.न.	ठेक्का विवरण	शुरू कार्य सम्पन्न गर्नुपर्ने मिति	कार्य सम्पन्न मिति	शुरू सम्झौता रकम रु.	कुल ठेक्का खर्च रु.
१.	Patibhanjyang-Chahare Road section, Nuwakot	२०७२।०२।०७	२०७६।११।२९	५९०४८९८१.३१	५३५०३६०३.७१
२.	Dhikure gangate Section Nuwakot	२०७६।०६।३०	२०७८।०६।२८	१८७१७८२४३.५८	२०८३९३०५८.५८
३.	Construction Singal span 20m Long RCC Bridge Over Bohore Khola,	२०७६।०१।१८	२०८१।०४।१३	३६५१९२२२.५२	३८४५६४६२.००
४.	RCC bridge (1no. 15m span) Over Samari (Thopal)	२०७४।०८।०४	२०७६।०२।०४	२४४१२६१२.९६	२४५४०५६३.३३
५.	RCC bridge (1no. 25m span) Over Bharyangbhurung khola at Nuwakot District	२०७४।०७।३०	२०७६।०९।२९	३६६२०८७४.८७	३६७०८१२४०
६.	30m Long pre-Stressed RCC Bridge Over Jarang Khola, Ghyampesal-Khahare	२०७६।०३।२५	२०७८।०८।२९	७७९४८७९०.१९	७५९९११००.३०
७.	Lohore-Dailekh-Chakatra-Rawatkot Road (0+000 - 10+000)	२०७९/०३/२८	२०८१/०६/२९	३८१९२२२३८.२६	४२८१०४८९०.९८
८.	Sitalpokhari - Khopichaur Road (Ch 00 + 000 to 14 + 140)KM,	२०७९/११/३०	२०८१/०३/२४	३१६४२९०६.३६	३०१६३०९८.००

९.	Rawatkot Dullu-Paduka-jammukadh-Ramaghat (0+000-13+300).	२०७७/०३/२४	२०८०/०६/२०	३०६१७९३७१.६०	३५१६६४३७०.९९
१०.	Rawatkot Dullu-Paduka-jammukadh-Ramaghat (13+300-29+168)	२०७७/०३/०४	२०८०/०६/१८	४७७८२६८९०.३०	५४८०३५२०२.४३

पटक पटक म्याद थप गर्ने परिपाटी अन्त्य गर्दै तोकिएको समयमै काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई नियमानुसार कारबाहीको दायरामा ल्याई ठेक्का सम्झौता गर्दा वस्तुनिष्ठ आधारमा समय र लागत निर्धारण गरी आयोजनाको काम निर्धारित समय र लागतमा सम्पन्न गर्नुपर्दछ।

३६.१. आयोजनाको म्याद थपको अध्ययन गर्दा एक निर्माण कार्यमा ७ पटक सम्म म्याद थप तथा शुरू म्याद भन्दा २०० देखि ३०० प्रतिशत सम्मको म्याद थप भएको देखिन्छ। काबुबाहिरको परिस्थितिका कारण कार्य सम्पन्न गर्न नसकेको भनि निवेदन गरेको आधारमा म्याद थप हुने गरेकोमा म्याद थपका कारण खर्चमा भएको वृद्धिका सम्बन्धमा विश्लेषण हुने गरेको छैन। निर्माण स्थलको भौगोलिक अवस्था, कार्य वातावरण, अनुकूल अवधि, कार्य सम्पन्न गर्न आवश्यक पर्ने दक्ष जनशक्ति र विशेष यन्त्र उपकरणको प्रयोगको सुनिश्चितता, Program Evaluation Review Technique (PERT) र Critical Path Method (CPM) लगायतका विधि सहितको वस्तुनिष्ठ आधार तयार गरी निर्माण कार्यको अवधि निर्धारण गर्ने व्यवस्था गर्नुपर्दछ।

३६.२. ठेक्काको म्याद थप गर्दा थपहुने व्ययभार र शुरू सम्झौता अवधि भित्र निर्माण सम्पन्न नहुँदा सेवा प्रवाहमा पर्ने असरको सम्बन्धमा विश्लेषण हुने गरेको देखिएन। म्याद थपका कारणहरूमा कोभिड-१९ को महामारी, स्थानीयको अवरोध, स्थानीय स्तरबाट बालुवा, गिट्टी उत्खनन्मा रोक तथा क्रसर उद्योग सञ्चालनमा रोक, बिजुलीका पोलहरू समयमा स्थानान्तरण नहुनु, बजार क्षेत्र तथा सडक किनारामा रहेको घर टहराले साईट क्लियरेन्स समयमा हुन नसक्नु, निर्माण सामग्रीको अभाव तथा मूल्य वृद्धि, चाडपर्व, वर्षा, चुनाव, जग्गा प्राप्तिमा समस्या, सम्मानित अदालतबाट विभिन्न स्थानमा निषेधाज्ञा, वन तथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा अवरोध, दैविक प्रकोपले निर्माणाधीन संरचनाहरूमा क्षति, ड्रइङ तथा डिजाइनमा परिवर्तन आदि उल्लेख गरेको देखिन्छ। निर्माण कार्यतालिका (Work Schedule) पूरा नगर्ने, निर्माण कार्यमा आवश्यक पर्ने प्राविधिक तथा ज्यामी, इक्युपमेन्ट तथा निर्माण सामग्रीको यथोचित व्यवस्थापन गर्न नसक्दा समेत निर्माण कार्य सम्पन्न नभएको अवस्थामा समेत माथिका कारण देखाई म्याद थप भएको छ। आयोजना तयारी पूर्वका कार्यहरू सम्पन्न नगरी निर्माण कार्यका लागि खरिद सम्झौता हुनु, आयोजनाको लागि आवश्यक समयावधि यथार्थ रूपमा निर्धारण नगरिनु, शुरू सम्झौता अवधिमा कार्य सम्पन्न गर्न निर्माण व्यवसायीलाई प्रोत्साहन नगरिनु जस्ता कारणहरूले आयोजनामा पटक पटक म्याद थप हुनाले ठेक्का व्यवस्थापन प्रभावकारी देखिएको छैन। यस्तो अवस्थामा सुधार हुनुपर्दछ।

३७. भेरिएसन - कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपनियम (१) बमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसिकएको परिस्थिति सम्झौता कार्यान्वयनका क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्न सक्ने उल्लेख छ। निर्देशनालयबाट प्राप्त विवरण अनुसार १८ वटा ठेक्कामा १० प्रतिशत भन्दा बढी भेरिएसन गरी शुरू लागत रु ८ अर्ब ५६ करोड ६६ लाख २२ हजार भन्दा रु ८० करोड ५३ लाख २७ हजारले थप भएको छ। भेरिएसन आदेश जारी गर्दा अधिकांशमा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न सकिने अवस्थामा समेत भेरिएसन आदेश जारी गरेको छ।

क्र. सं.	ठेक्का संख्या	ठेक्का रकम रु. (हजारमा)	भेरिएसन आदेशको संख्या			भेरिएसनका कारण लागत वृद्धि रु. (हजारमा)
			१०% सम्मको	१०-१५% सम्मको	१५ - २५ % सम्मको	
	सडक तर्फ					

१	Patihalne Rukumkot Road to Blacktop Standard (0+000-13+000)	३७४५३०		√		५५३७३
२	Shitalpokhari-Khopichour-Rukumkot Road to Blacktop Standard(14+140-33+150)	७७००५०	√			७५७०५
३	Kudu-Jgatipur-Karkigaun-Kanda-Jhapra Road(35+500-45+760),	४२०१८९	√			३७६८
४	Kudu-Jagatipur-Karkigaun-Kanda-Jhapra-Road (Ch 45+760 to 55+383 Km),	४०५७८२	√			२६८०
५	Kudu-Jgatipur-Karkigaun-Kanda-Jhapra Road (0+000-17+000),	४८५८४२		√		६७५०७
६	Kudu-Jgatipur-Karkigaun-Kanda-Jhapra Road(17+000-35+500), Jajarkot	५०२७८४		√		७१५४०
७	Manghar-Sweda Road(CH 0+000 - 10+869 km), Dailekh	४३१७७०	√			३९८७६
८	Bahunepati-Dolalghat Sector(ch 0+000~14+500), Sindhupalchowk	५२०५३३		√		२३८५१
९	Bahunepati-Dolalghat Sector (ch 14+500~31+030), Sindhupalcok	५५१८७९	√			४७१६४
१०	Jayaramghat-Halesi Road Section, Khotang	११९००४		√		१४१२१
११	Khurkot-Ghurmi Road Section, Sindhuli	१९९००३		√		१६७१७
१२	Seleghat-Puchighat-Sitkha Road Section (chainage 0+000 (Seleghat Bridge Site)-11+019 KM), Ramechap	३८३४७४	√			१००७
१३	ChauriKhola-Dolalghat Road (Chainage 0+000 to 25+580) Kavrepalanchok	९१४४५७		√		११५९७१
१४	Pauwa-bandeu Road Section of Midhill Highway (Ch: 0+000 to 07+470 km), Kavrepalanchok	३११३४२	√			२८९७८
१५	Pati Bhanjyang-Bahunepati Road (Ch. 0+000 to 21+103 km), Sindhupalchowk	१९७१२८७		√		२१८८५८
	पुल तर्फ					
१	Construction of Amaune Khola Bridge(RCC 1*15m), Mangsire Khola Bridge (RCC 1*15m) & Sisne Khola Bridge (RCC 1*15m) along Bahunepati-Dolalghat Section, Sindhupalchok	८८७९२		√		१२११४
२	Construction of Khahare Khola Bridge along Chauri Khola-Dolalghat Road Section of Midhill Highway, Kavrepalanchowk (RCC 1*20 m)	५३९५२	√			४५६५

३	Construction of Gatte Khola Bridge (Span: 1x20 m) Rakathum-Dolalghat Road, Kavrepalanchok	६१९५२	√			५५३२
	जम्मा	**८५६६६२२**				**८०५३२७**

उल्लिखित ठेक्कामा साविकमा रहेको परिमाणमा थप गरी भेरिएसन भएको देखिन्छ। भेरिएसन बगेर निर्माण कार्य सम्पन्न नहुने भए तापनि सम्झौता रकममा बढोत्तरी हुने गरी उल्लेख्य प्रतिशतमा भेरिएसन हुने गरेको छ। कार्यान्वयन गर्ने निकायहरूसँग भेरिएसनका कारणहरू माग गर्दा निर्मित क्षेत्रमा कालोपत्रे सडकको चौढाइ बढेको, स्लाब कल्भर्ट थप गर्नुपर्ने, नालाको लम्बाइ बढाउनुपर्ने, रेखाङ्कनमा परिवर्तन, अन्य सडकद्वारा ओभरल्याप, पहुँच सडकको लम्बाइ, चौडाइ तथा उचाइमा परिवर्तन, नापजाँचको क्रममा स्वीकृत भेरिएसनको परिमाणमा केही थपघट भएको, नयाँ आइटम थप गर्नुपर्ने आदि रहेका। निर्माण चरणमा आयोजनाको ड्राइङ, डिजाइन तथा लागत परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना नुहने गरी पर्याप्त अध्ययन गरी आयोजनाको डिजाइन तथा लागत अनुमान तयार गर्नुपर्दछ।

३८. **संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८(७क) मा निर्माण कार्यमा संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने र त्यस्तो कार्यको जिम्मेवारी संयुक्त उपक्रमका कुनै एक सदस्य वा सीमित सदस्य वा अन्य कसैलाई हस्तान्तरण गर्न नपाइने व्यवस्था छ। लोकमार्गमा २०८१।८२ सम्म सञ्चालनमा रहेका ६३ निर्माण कार्य मध्ये ५६ संयुक्त उपक्रमका रहेका छन्। संयुक्त उपक्रमका कुनै एक पक्ष मात्र निर्माण कार्यमा सहभागी हुने गरेको कारण निर्माण कार्यका लागि योग्य हुन तोकिएको क्षमता, अनुभव र तिनको संलग्नता पर्याप्त अवधि नरहनाले निर्माण कार्य समयमा सञ्चालन नहुने र गुणस्तरमा ह्रास आइरहेको अवस्था छ। संयुक्त उपक्रमका मुख्य फार्मले अग्रसरता देखाई ज्ञान हस्तान्तरण हुने व्यवस्था सहित सबै पक्षको निर्माण कार्यमा सहभागिता हुने व्यवस्था गर्नुपर्दछ।

३९. **एउटै संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) कम्पनिबाट निर्मित रुग्ण ठेक्का -** योजना कार्यालय, रामेछाप अन्तर्गत पर्ने देहाय अनुसार २ वटा पुलको निर्माण कार्य एउटै ज्वाईन्ट भेन्चर कम्पनिलाई एउटै आर्थिक वर्षमा ठेक्का सम्झौता गरेको छ। उक्त दुई वटा पुल मध्ये २०८१।८२ सम्ममा सम्झौता म्याद भन्दा ८ वर्ष वढी अवधिमा होस्ते खोला पुलको निर्माण कार्य १९ प्रतिशत र अर्को सित्खा खोला पुलको निर्माण कार्य ४१ प्रतिशत मात्र सम्पन्न भएको र हाल निर्माण व्यवसायी निर्माण स्थलमा परिचालित नभएको र उक्त पुलहरू रुग्ण अवस्थामा रहेको छ। साथै निर्माण कार्य समयमै नहुँदा योजनाको समय र लागत दुवै बढ्दै गएको छ। अतः यसरी ८ वर्ष सम्म ठेक्का कार्य अलपत्र पार्ने निर्माण व्यवसायीलाई जिम्मेवार बनाई सम्झौता अनुसार प्रक्रिया पुऱ्याई निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

सि.न.	सडक खण्डको नाम	पुलको नाम	निर्माण व्यवसायिको नाम	ठेक्का नम्बर	सम्झौता मिति	सम्झौता रकम	२०८१।८२ सम्मको भुक्तानी रकम	२०८१।८२ सम्म सम्पन्न प्रतिशत
१	बाहुनपाटे दोलालघाट सडक खण्ड	होस्ते खोला पुल (१*१५)	खम्पाचे-नाइल जे.भि. रामेछाप	२०२-२०७६।७७	२०७७।२।२६	४२६८७९११	८१८५६०५	१९
२	सेलेघाट राकाथुम सडक खण्ड	सित्खा खोला पुल (१*३५)	खम्पाचे-नाइल जे.भि. रामेछाप	२०३-२०७६।७७	२०७७।२।२५	४०३६७७७८	१६५७४५९५	४१

४०. **सम्झौताको अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिमको कार्य पुरा नगरेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले

त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र दफा ५९(८) मा उपदफा ७ अनुसार सम्झौता अन्त भएमा सो काम वापत राखिएको पुरै जमानत जफत गरी सम्झौता बमोजिम बाँकी रहेको काम पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम काम नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गरी दफा ६३ बमोजिम कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउने व्यवस्था छ। आयोजना कार्यालयले २०८१।८२ सम्ममा विभिन्न ६ वटा निर्माण सम्झौता अन्त्य गरेको छ। सम्झौता अन्त्य गरेको ठेक्काको बाँकी कार्य गर्न लाग्ने रकम निर्धारण तथा यो वर्ष सम्म निर्माण कार्यको पुनः ठेक्का सम्झौता भएको देखिएन। बाँकी निर्माण कार्यको यथार्थ मूल्याङ्कन गरी सम्बन्धित निर्माण व्यवसायीबाट असुलगरी समयमै निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।

सि.नं.	सडक खण्ड	ठेक्का तोडने बेलाको काम सम्पन्न प्रतिशत	ठेक्का तोडिएको मिति
१.	Panchami-Khorunga Khola, Cn no-MIDHLKTM/3371384/072/071-101	६५	२०८०/०२/१४
२.	Panchami-Khorunga Khola, Cn no-MIDHLKTM/3371384/072/071-102	७६	२०८०/०२/१४
३.	Panchami-Khorunga Khola, Cn no-MIDHLKTM/3371384/072/071-107	५४	२०८०/०२/१४
४.	Bhojpur-Diktel Sector ch. 42+000 to 52+000), Bhojpur District, Contract no- MIDHLKTM/3371384/2072/073-205	३५	२०७९/९/१२
५.	Construction of RCC Bridge over Pankhu Khola, Bhojpur-Diktel Sector(ch 66+500km), Khotang, contract no MIDHLKTM/3371384/2071/072-209	४०	२०७९/९/१२
६.	रुकुम जाजरकोट जोड्ने भेरी नदि पुल	१८	२०७९-०८-०७

४१. **अन्तर निकाय समन्वय -** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलमा रहेको रूख बिरुवा तथा संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा तथा क्षतिपूर्ति तिर्नुपर्नेमा त्यसको लागि बजेटको सुनिश्चित नगरी, कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आब्हान गर्न नहुने व्यवस्था रहेको छ। योजना कार्यालय, गोरखा अन्तर्गतको कटुन्जे आरुघाट २९.७३ कि.मि. सडक खण्ड निर्माणको लागि रु १ अर्ब ८७ करोडको लागत अनुमान सहितको सूचना प्रकाशन गरी प्राविधिक मूल्याङ्कन पश्चात आर्थिक प्रस्ताव खोलने प्रकृयामा रहँदा उक्त सडक खण्ड बुढीगण्डकी जलविद्युत आयोजनाको डुवान क्षेत्रमा परेकोले प्रक्रिया रोकिएको निर्देशनालयले जनाएको छ। उक्त डुवान क्षेत्रमा परेको सडक निर्माण कार्यको वैकल्पिक रेखाङ्कनको खोजी भई रहेको निर्देशनालयले जनाएतापनि हाल सम्म बैकल्पिक रेखाङ्कन सम्बन्धमा अध्ययन कार्य नभएकोले लोकमार्गको उक्त खण्ड निर्माण सम्पन्न नभई अन्य सडक खण्डमा यातायात जोडिने अवस्था छैन। जसले गर्दा उक्त सडक खण्डसँगै जोडिएका सडकहरूमा सवारी सञ्चालन हुन सकेको छैन। सडक तथा विद्युत दुवै आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयारी र योजना छनोटमा सामाञ्जस्यता नहुँदा विस्तृत अध्ययन प्रतिवेदन तयारी खर्च, बोलपत्र व्यवस्थापन खर्च र समयमै निर्माण कार्य हुन नसक्दा थप व्यय पर्ने देखिएकोले सडक निर्माण मितव्ययी देखिएको छैन। डुवान क्षेत्रको सडक खण्डको विकल्प सम्बन्धमा अध्ययन सहित लोकमार्ग निर्माण कार्य पूर्णता हुने तथा सडक सञ्चालनमा ल्याउने कार्य यथाशिघ्र गर्नुपर्दछ।

योजना कार्यालय, गोरखाको आरुघाट देखि ओखले सडकको १३ कि.मि. मध्ये झण्डै ४ कि.मि. सडक खण्ड बुढीगण्डकी जलविद्युत आयोजनाले डुबानमा पार्ने देखिन्छ। उक्त खण्डमा रु ५० करोड ३ लाख ८ हजारको लागत अनुमान तयार गरी २०७१।९।२३ मा रु २५ करोड ४२ लाख ४ हजारमा सडक निर्माण सम्झौता भई डुबान क्षेत्रमा पर्ने सडक खण्डको निर्माण कार्य सम्पन्न भई सकेको छ। आयोजनासँग समयमा समन्वय नहुँदा

सडक निर्माण सम्झौताको औषत दर अनुसार डुबान क्षेत्रमा निर्माण गर्न रु. ७ करोड ८२ लाख १० हजार व्ययभार परेको अवस्था छ। निर्माण खर्चको उपयोग हुने गरी उक्त खण्डको लागि वैकल्पिक सडक रेखाङ्कन गरी सडक सञ्चालन गर्न सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

४२. **रेखाङ्कन विवाद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलमा रहेको रूख बिरुवा तथा संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा तथा क्षतिपूर्ति तिर्नुपर्नेमा त्यसको लागि बजेटको सुनिश्चित नगरी, कानुन बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र अहवान गर्न नहुने व्यवस्था रहेको छ। उल्लेखित प्रक्रिया पुरा नगरी निर्माण कार्य शुरू गर्दा आयोजनामा विविध समस्या देखिएको छ। योजना कार्यालय, पर्वत खण्डको कुर्पुटार देखि तल्लो हेम्जा ४९ कि.मि. सडक खण्ड (कर्पुटार-तल्लोबेसी- भगवटीटार- भैसे- ठुलो स्वरा- वाझपाटन- मल्पी -लामाचौर हुँदै तल्लो हेम्जा सम्म) मध्ये रुदी खोला देखि भैसे सम्म १६ कि.मि. सडक खण्डमा ठेक्का व्यवस्थापन भई कार्य सम्पन्न भई सकेको र अर्को ६ कि.मि. सडक निर्माण कार्य भैरहेको छ। रेखाङ्कन अनुसार बाँकी २६.८ कि.मि. सडक निर्माण गर्दा शहरी क्षेत्र परेकोले निर्मित संरचना भत्काउनुपर्ने, नागरिक घरबार बिहिन हुने बेहोरा उल्लेख गरी मिति २०७८।११।२६मा रेखाङ्कन परिवर्तन गरेको छ। परिवर्तित रेखाङ्कन अनुसार (भैसे-ब्यत्यानी-ज्याम्दु-मेलेबोटे-पानिघाट-आटीघाट- अर्मलाकोट-अर्मलाटारी-यार्ले-महेन्द्रगुफा-मलाविसौनी-लामाचौर हुँदै सेती नदी जेवारी पुल) सम्मको ३८.८ कि.मि. रहेको छ। उक्त नयाँ रेखाङ्कन बमोजिम सडक निर्माण गर्दा जग्गा सम्बन्धि कुनै विवाद नहुने, जग्गा प्राप्त गर्दा मुआब्जा उपलब्ध गराउन नपर्ने, क्षतिपुर्ति रकम समेत न्यून हुने गरी सम्बन्धि रेखाङ्कनमा पर्ने पोखरा महानगरपालिकाका वडा न. ३,४,७,१६ र २० का तत्कालिन वडा अध्यक्षहरूले सहमति दिएको टिप्पणीमा उल्लेख छ। परिवर्तित रेखाङ्कन २०७८।११।२६ को मन्त्रिपरिषद बैठक संख्या ६८-०७८ बाट स्वीकृत भए पश्चात् २०७९ भाद्रमा नयाँ रेखाङ्कन अनुसारको विस्तृत आयोजना प्रतिवेदन तयार गरी मिति २०७९।१०।१७ मा रु ३ अर्ब ४४ करोड १२ लाखको खरिद सम्झौता भई निर्माण कार्य भई रहेको अवस्था छ। ठेक्का सम्झौता भएपछी अर्मलाकोट देखि सेती खोलाको जौबारीपुल सम्मको १२ कि.मि. सडकमा स्थानीय बासिन्दाहरूको अवरोधका कारण निर्माण कार्य नभएको योजना कार्यालयले जनाएको छ। मिति २०७८।११।२६ मा रेखाङ्कन परिवर्तन गरी २६ कि.मि. बाट ३८.८ कि.मि. बनाउँदा जग्गा विवाद नहुने उल्लेख गरेकोमा हाल जग्गा विवादको कारण देखाई निर्माण कार्य हुन नसकेकोले रेखाङ्कन परिवर्तन गर्दा प्रयाप्त अध्ययन गरेको देखिएन। जसबाट उक्त योजनाको लागत र समय दुवै बढेको छ। प्रभावकारी पूर्व तयारी नभई कार्य शुरू गर्दा विवाद भई दोहोरो विस्तृत अध्ययन प्रतिवेदन तयारी र ठेक्का व्यवस्थापन गर्दा सरकारलाई बढी व्ययभार पर्नुका साथै विवादित १२ कि.मि. क्षेत्रमा निर्माण कार्य हुन नसकेकोले आयोजना निर्माण अलपत्र परेको छ। उक्त विवादको उपयुक्त सामाधान गरी समयमा निर्माण कार्य सम्पन्न गर्नु पर्दछ।

४३. **लोकमार्ग मापदण्ड -** लोकमार्गको विस्तृत अध्ययन प्रतिवेदन अनुसार सडकको चौडाई ७ मिटर सहित ९ मिटर कायम रहेको छ। यस लोकमार्गको निर्माणाधिन सडक चौडाई कम्तिमा ७ मिटर हुनुपर्नेमा निम्न खण्ड भन्दा मापदण्ड न्यून चौडाईको रहेकोमा स्तरोन्नती गर्ने कार्य भएको छैन। त्यस्तै अन्य निकायले निर्माण गरेको सडक खण्डको चौडाई ३.७५ मिटरको भएकोमा आयोजनाबाट ७ मिटर चौडाईको बनाएको देखिन्छ। राष्ट्रिय लोकमार्गको सडकको मापदण्ड अनुसार सडक निर्माण हुनुपर्नेमा फरक पारेको सम्बन्धमा कुनै निर्णय भएको देखिएन। जसवाट स्वीकृत मापदण्ड भन्दा घटी चौडाइको सडक निर्माणवाट लोकमार्ग निर्माण र यातायात सञ्चालन उद्देश्य अनुरूप हुने अवस्था छैन। स्वीकृत डिजाइन तथा मापडण्ड अनुसार सडक खण्डको स्तरोन्नती गरी राष्ट्रिय लोकमार्ग अनुरुप एकरुपता कायम गर्नुपर्दछ।

सि.न.	सडक खण्ड	लम्बाई (कि.मि.)	बिधमान चौडाई (मि.)
१.	दिक्तेल देखि हलेसी सम्मको सडक खण्ड	३५	५.५
२.	हलेसी देखि जयरामघाट सडक खण्ड	३१	४.
३.	जयराम देखि हिलेपानी सडक खण्ड	८	४.५ देखि ५
४.	बसन्तपुर देखि हिले सम्मको सडक खण्ड	२२	५.५

सि.न.	सडक खण्ड	लम्बाई (कि.मि.)	बिधमान चौडाई (मि.)
५.	सैजिउला बेलखेत सडक खण्ड दैलेख	२	४.
६.	मंगलसेन कैलाशखोला सडक खण्ड अछाम	८	३.७५
७.	बयलपाटा साँफेबगर सडक खण्ड	९	३.७५
८.	साँफेबगर चौखुट्टे सडक खण्ड	२६	३.७५
९.	चौखुटे सिलगढी देखी त्रिपुरसुन्दरी सडक खण्ड	२०२	३.७५
१०.	त्रिपुरासुन्दरी देखि झुलाघाट सडक खण्ड	१५	३.७५

४४. **अन्य निकायबाट सडक निर्माण -** राष्ट्रिय राजमार्ग सम्बन्धी मन्त्रिपरिषदको निर्णय मिति २०७६।२।६ अनुसार राष्ट्रिय राजमार्ग केन्द्र सरकारको अधिकार क्षेत्र भित्र पर्ने छ। त्यस्तै सडक ऐन, २०३१ को दफा १९ मा सडक विभागको अनुमति नलिई कसैले पनि सार्वजनिक सडकसँग जोडिने गरी प्रवेश मार्ग बनाउन, सडक सीमा भित्र खाल्डा कुलो खन्न वा भत्काउन, किल्ला, लठ्ठा, तगारो हाल्न तथा कुनै किसिमको घर, छाप्रो तथा संरचना बनाउन नहुने व्यवस्था छ। योजना कार्यालय, गोरखा अन्तर्गत पर्ने कटुन्जे देखि खहरे सम्म १५ कि.मि. क्षेत्रमा बुढीगण्डकी जलबिद्युत आयोजनाको डुवान क्षेत्रमा पर्ने भएकोले यस निर्देशनालयबाट हालसम्म ठेक्का व्यवस्थापनको कार्य नभएकोमा उक्त सडक खण्डमा अन्य निकायबाट कालोपत्रे तथा ढलान सडक निर्माण कार्य भएको पाईयो। राष्ट्रिय लोकमार्गको रुपमा रहेको यस आयोजनाको सम्पूर्ण सडक खण्डको मापडण्ड अनुसारको विस्तृत अध्ययन गराई सकेको अवस्थामा उक्त लोकमार्गको रेखाङ्कन भित्र अन्य निकायले सडक निर्माण गर्दा आयोजना निर्देशनालयबाट अनुमति लिएको देखिएन। साथै उक्त रेखाङ्कन खण्डमा अन्य निकायले सडक निर्माण गर्दा पुनः अर्को विस्तृत अध्ययन गराउँदा थप व्ययभार पर्नका साथै लोकमार्ग मापडण्ड अनुसारको सडक नबन्ने अवस्था छ। अनुमति नलिई लोकमार्गको रेखाङ्कनमा अन्य कुनै निकायले आफू अनुसारको सडक निर्माण गर्दा निर्देशनालयबाट अनुगमन समेत नगरेको तथा पुनः त्यो क्षेत्रमा लोकमार्गको मापदण्ड अनुसारको सडक विस्तार गर्नुपर्दा दोहोरो व्ययभार समेत पर्ने देखिन्छ। निर्देशनालयले लोकमार्गको रेखाङ्कन भित्र अन्य निकायले सडक निर्माण गरे नगरेको सुनिश्चित गरी दोहोरोपना नहुने गरी सडक निर्माण कार्य गर्नुपर्दछ।

४५. **रुग्ण तथा न्यून प्रगति -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिमको कार्य पुरा नगरेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र दफा ५९(८) मा उपदफा ७ बमोजिम सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत जफत गरी सम्झौता बमोजिम बाँकी रहेको काम पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम काम नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गरी दफा ६३ बमोजिम कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाउने व्यवस्था छ। आयोजना अन्तर्गत ठेक्का व्यवस्थापन भएका आर्थिक वर्ष २०८१।८२ मा निर्माण कार्य भई रहेको ६३ वटा ठेक्काहरूको वर्तमान अवस्थावारे अध्ययन गर्दा ३३ वटा ठेक्कामा निर्माण कार्य रुग्ण तथा न्यून प्रगति रहेको छ। रुग्ण तथा न्यून प्रगति ठेक्काको सम्बन्धमा निर्देशनालयसँग छलफल हुँदा लागत अनुमान भन्दा ४० प्रतिशत र सो भन्दा बढी घटीमा ठेक्का कबुल गरेको तथा निर्माण व्यवसायिले सम्झौता अनुसार समयमा काम नगरी छाडेर ठेक्कालाई अलपत्र पार्ने गरेको जवाफ प्राप्त भएको छ। निर्माण कार्य सम्पन्न नहुँदा आयोजनाको समग्र प्रगतिमा असर परेको छ। यसरी लामो समय देखि रुग्ण एवं न्यून प्रगतिमा रहेको ठेक्काहरू सम्बन्धमा अध्ययन गराई सम्झौता बमोजिम काम गराउनुपर्दछ अन्यथा नियमानुसार ठेक्का फरफाराक गर्नुपर्दछ। रुग्ण तथा न्यून प्रगति भएका ठेक्का विवरण अनूसुची ६ मा संलग्न छन्।

४६. **जनशक्ति व्यवस्थापन र फेरबदल -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(५) मा बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि विभागिय प्रमुख वा जिम्मेवार व्यक्तिले सचिवसँग र कार्यालय प्रमुख तथा जिम्मेवार व्यक्तिले विभागिय प्रमुख सँग आवश्यक प्रतिफल सूचक सहित कार्यसम्पादन करार गर्नुपर्ने व्यवस्था

छ। यस आयोजनामा आयोजना निर्देशक र योजना कार्यालय प्रमुखबीच कार्य सम्पादन करार गर्ने गरेको देखिएन। आर्थिक वर्ष २०७४।७५ सम्म निर्माण सम्पन्न गर्ने उद्देश्यले २०६४।६५ मा स्थापित यस आयोजनाको हाल २०८४।८५ (प्रस्तावित)सम्म पनि म्याद थप भई रहेको छ। आयोजना स्थापनादेखि हालसम्म १८ वर्षमा १७ जना आयोजना निर्देशक फेरबदल भई नेतृत्वमा अस्थिरता देखिएको छ। यसबाट आयोजनाको प्रभावकारी कार्यान्वयनमा ढिलाइ भइरहेको देखिएको छ। जनशक्तिको कार्यसम्पादनलाई नतिजामुखी तुल्याउन कार्यसम्पादन करार गरी आयोजना अवधिभर फेरबदल नगर्ने नीति अवलम्बन गरी नतिजासँग आवद्ध गर्नुपर्दछ।

४७. **निर्माण कार्यको गुणस्तर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने र निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको समान्य सर्तमा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था छ। सम्झौताको Technical Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट गुणस्तर आस्वस्तता योजना (QAP) पेश गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्यामा गुणस्तर परीक्षण गरी निर्माण गरिएको संरचनाहरूको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ। योजना कार्यालयहरूबाट सिलबन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा गुणस्तर परीक्षण गर्दा गुणस्तरियतामा आश्वस्यता हुने अवस्था छैन। निर्माण सामग्री उत्खनन् गर्ने स्थल निर्धारण गरी गुणस्तर परीक्षण गरिएका सामग्रीमात्र प्रयोग गर्नुपर्नेमा सो गरेको देखिएन। खरिद सम्झौतासाथ पेश गरेको गुणस्तर आश्वस्तता योजनामा पुलहरूको क्युव टेष्ट, सडकको फिल्ड डेन्सिटी टेष्ट, सव बेस/बेसमा प्रयोग गरिएका सामग्रीहरूको नमुना स्थल यकिन नभएकोले परीक्षण गरेको नमुनाले निर्माण स्थलमा प्रयोग भएको सामग्रीको गुणस्तर प्रतिनिधित्व गरेको यकिन हुने अवस्था नरहेकोले निर्मित संरचनाको गुणस्तरमा आश्वस्त हुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

४८. **नतिजामूलक अनुगमन तथा मूल्याङ्कन -** आयोजना सञ्चालनको विद्यमान स्थिति, समस्या र चुनौती तथा अवसरको पहिचान गर्नका लागि तालुक निकायबाट आयोजनाको निरन्तर अनुगमन मूल्याङ्कन गर्नुपर्दछ। स्रोत परिचालन, क्रियाकलापको कार्यान्वयन, समस्याको बाधा अड्काउ फुकाउन वैकल्पिक मार्ग पहिचानको लागि आयोजनाको अनुगमन महत्वपूर्ण रहेको हुन्छ। आयोजनाको कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्न तथा अनुगमन प्रणालीलाई लक्षित परिमाण, गुणस्तर, लागत र समयसँग संयोजन गरी प्रतिवेदनमूलक बनाउन जरुरी छ। प्रतिवेदन सहितको नतिजामूलक अनुगमन पद्धति प्रयोगमा आउनुपर्दछ। आयोजना कार्यान्वयनको सिलसिलामा निर्देशनालय तथा योजना कार्यालयहरूबाट सञ्चालनरत विभिन्न कार्यक्रमहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, संसदीय समिति, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागबाट अनुगमन हुने गरेको देखिन्छ। संसदीय समिति बाहेक अन्य निकाय तथा पदाधिकारीले आयोजनाको क्रियाकलापसँग सम्बन्धित सुधार गर्नुपर्ने विषयमा लिखित प्रतिवेदन दिने अभ्यास रहेको देखिएन। अनुगमन प्रणाली मूल्याङ्कनसँग आवद्ध हुनेगरी प्रतिवेदन प्रणाली विकास गर्दै बहुनिकायबाट हुने अनुगमन प्रणालीलाई व्यवस्थित गरी एकिकृत अनुगमन तथा पृष्ठपोषणको व्यवस्था हुनुपर्दछ।

परिच्छेद -४

निष्कर्ष तथा सुझाउ

मध्यपहाडी जिल्लाहरूमा यातायातको सहज पहुँच विस्तार गरी आर्थिक रूपमा न्यून आय भएका बस्तीहरूलाई सडक सञ्जालसँग जोड्दै व्यापार, कृषि, पर्यटन तथा आर्थिक विकास प्रवर्धन गर्ने उद्देश्यका साथ सञ्चालित आयोजनाले अपेक्षाकृत उपलब्धि हासिल गर्न नसकेको अवस्था छ। संशोधित कार्यतालिकाअनुसार २०८४।८५ भित्र आयोजना सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८१।८२ सम्ममा आयोजनाको भौतिक प्रगति ८२ प्रतिशत रहेको छ। पर्याप्त पूर्व तयारी नभई आयोजना कार्यान्वयन हुनु, कार्यतालिका पालना नहुनु, स्थानीय अवरोध तथा विवाद समयमै समाधान गर्न नसक्नु, बारम्बार म्याद थप हुनु, अन्तरनिकाय समन्वय कमजोर हुनु, राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रमा रेखाङ्कनको टुङ्गो नहुनु लगायतका समस्या र कारणहरूले आयोजना निर्धारित अवधिमा सम्पन्न नभई समय र लागतमा वृद्धि भएको अवस्था छ। आयोजनाको पर्याप्त पूर्व तयारी, अन्तरनिकाय समन्वय, आयोजनामा प्रभावित बासिन्दा तथा सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य, खरिद सम्झौता तथा निर्माण कार्यतालिका कार्यान्वयन स्थितिको प्रभावकारी अनुगमन लगायतका कार्य गरी निर्धारित (संशोधित) समय र लगायतमा आयोजना कार्यान्वयन गर्नुपर्दछ। कार्यमूलक लेखापरीक्षणको आधारमा आयोजनाको कार्यसम्पादन अवस्था सम्बन्धमा आवश्यक सुधारका लागि देहायबमोजिमको सुझाव उल्लेख गरिएको छ।

- आयोजना सम्भाव्यता अध्ययन, विस्तृत आयोजना अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गरिएका र निर्माण स्थल पूर्व तयारीको कार्य सम्पन्न पश्चात् मात्र बोलपत्र आह्वान तथा निर्माण सम्झौता गर्नुपर्दछ।
- आयोजनाहरूको ड्रइङ, डिजाइन तथा लागत अनुमान स्थलगत अवलोकन सहित प्रर्याप्त अध्ययन तथा सबै पक्षको संलग्नतामा तयार गर्नुपर्दछ। परामर्शदाताबाट तयार गरिएको कागजातहरूको पूर्ण र पर्याप्त अध्ययन गर्नुपर्दछ। खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा मात्र भेरिएसन आदेश जारी गर्नुपर्दछ।
- आयोजनाको प्रभावकारी सञ्चालनका लागि संघ, प्रदेश, स्थानीय तह बिच समन्वय र सहकार्य गरी विभिन्न खण्डमा रहेको मुआब्जा तथा क्षतिपूर्ति विवाद समयमै निराकरण हुनुपर्दछ।
- लोकमार्ग निर्माणमा रहेको रेखाङ्कन सम्बन्धी विवादलाई समयमै टुङ्गो लगाई खरिद सम्झौता अवधिभित्र निर्माण कार्य सम्पन्न गराउनुपर्दछ।
- ठेक्का व्यवस्थापन भई लामो समय देखि निर्माण व्यवसायि निर्माण स्थलमा परिचालन नभएको सडक तथा पुल खण्डको अध्ययन गरी नियमानुसार ठेक्का सम्झौता अनुसार काम गराउनुपर्दछ। अन्यथा नियमानुसार ठेक्का तोडी क्षतिपूर्ति असुल गरी बाँकी निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्दछ।
- आयोजनाको अनुगमन गर्दा निश्चित समय, लागत तथा सूचकसहित जिम्मेवार निकाय तोकी स्पष्ट अनुगमन कार्यान्वयन कार्ययोजना लागु गरी प्राप्त सुझावलाई पृष्ठपोषणको रुपमा उपयोग गरी आयोजनाको कार्यान्वयन गर्नुपर्दछ।
- गुणस्तर परीक्षणलाई प्राथमिकता दिई निर्मित सडक तथा पुलहरूको गुणस्तर सुनिश्चित गर्नुपर्दछ।
- म्याद थपको लागि पेश गरिएका निवेदनमा उल्लेखित कारणहरूको विश्लेषण गर्ने, उपरोक्त कारण निवारण गर्दै एउटै कारणमा पटक पटक म्याद थप गर्ने अभ्यास निरूत्साहित गर्दै समयमा कार्य सम्पन्न गर्न निर्माण व्यवसायीलाई प्रोत्साहित गर्नुपर्दछ।
- निर्माण सम्पन्न भइ सकेका सडक खण्ड समयमा डिभिजन सडक कार्यालयलाई हस्तान्तरण नहुँदा मर्मत सम्भारको अभावमा जिर्ण हुने सम्भावना रहेको हुनाले हस्तान्तरण गर्ने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

अनुसूचिहरू

१. निर्माण सम्पन्न भई हस्तान्तरण भएका सडक खण्ड :-

क्र. सं.	सडक खण्ड	लम्बाई (कि.मी.)
१.	जोरसाल तमोर सडक खण्ड, पाँचथर	११
२.	भोजपुर चखेवा सडक खण्ड, भोजपुर	४२
३.	चखेवा भन्ज्याङ्ग दिक्तेल सडक खण्ड, खोटांग	३६
४.	जयरामघाट हिलेपानी, ओखलढुंगा	८
५.	हिलेपानी घुर्मी सडक खण्ड, ओखलढुंगा / उदयपुर	७
६.	याम्दी पुल नयाँ पुल सडक खण्ड, कास्की	३७
७.	नयाँ पुल मालढुंगा सडक खण्ड, पर्वत	२४
८.	हटिया बुर्तिबांग सडक खण्ड, बारलुंग	४३
९.	बुर्तिबांग निसी पाटिहाल्ने सडक खण्ड, बारलुंग/ पूर्वी रुकुम	४१
१०.	खोपीचौर शितलपोखरी सडक खण्ड, पश्चिम रुकुम	१४
११.	शितलपोखरी शेरीगाउँ सडक खण्ड, पश्चिम रुकुम	२
१२.	शेरीगाउँ हसीबांग सडक खण्ड, पश्चिम रुकुम	१२
१३.	हसीबांग चौरजहारी सडक खण्ड, पश्चिम रुकुम	३१
१४.	मनघर लोहोरे सडक खण्ड, दैलेख	२२
१५.	लोहोरे रावतकोट सडक खण्ड, दैलेख	२९
१६.	रामागाध सैजिउला सडक खण्ड, दैलेख	३४
१७.	त्रिपुरासुन्दरी झुलाघाट सडक खण्ड, बैतडी	१५
	जम्मा	४०८

२. निर्माणाधिन सडक खण्ड :-

क्र. सं.	सडक खण्ड	लम्बाई (कि.मी.)	वर्तमान अवस्था
१	चियोभन्ज्यांग गणेशचोक सडक खण्ड, पाँचथर	५९.६	निर्माणाधिन अवस्थामा रहेको जस मध्ये चेनेज ० देखि १६+०० सम्म जमेमा २६ प्रतिशत काम सम्पन्न भएको र चेनेज १६+०० देखि ३३+०० सम्म १५ प्रतिशत मात्र काम सम्पन्न भएको त्यसतै चेनेज ३३+०० देखि ५०+६४७ सम्मको सडक खण्डमा ५० प्रतिशतमात्रै काम सम्पन्न भएको छ।
२	संक्रान्ति म्यांग्लुंग, तर्हथुम	६४.	पञ्चमि देखि यावरा सम्म १४ कि.मि सडक खण्डको ठेक्का अन्त्य गरिएको र पुनः ठेक्का व्यवस्थापन नभएको, यावरा देखि खरुङ्ग खोला सम्म १० कि.मि. सडक निर्माणाधिन रहेको र अन्यको निर्माण कार्य सम्पन्न भएको।
३	म्यांग्लुंग बसन्तपुर सडक खण्ड, तेर्हथुम	२५.५	निर्माण सम्पन्न भई सकेको जस मध्ये १० कि.मि. सडक खण्ड DLP अवस्थामा रहेकोले हस्तान्तरण नभएको।
४	हिले लेगुवाघाट सडक खण्ड, धनकुटा	२६.	१३ कि.मि. निर्माण सम्पन्न भई सकेको र बाँकी १३ कि.मि. निर्माण कार्य अन्तिम चरणमा रहेको
५	चखेवा भन्ज्याङ्ग दिक्तेल सडक खण्ड, खोटांग	४६.	३६ कि.मि.सडक खण्ड निर्माण सम्पन्नभै सडक डिभिजन हर्कपुरलाई हस्तान्तरण भैसकेको। र बाँकी खण्ड चखेवा देखि

क्र. सं.	सडक खण्ड	लम्बाई (कि.मी.)	वर्तमान अवस्था
			झगरपुर सम्म १० कि.मि सडक खण्डको ठेक्का अन्त्य गरिएको हुँदा पुनः ठेक्का व्यवस्थापन हुनु बाँकी रहेको।
६	हलेसी जयरामघाट सडक खण्ड, खोटांग	३१.	निर्माण सम्पन्न भै सडक मर्मतको कार्य चालु रहेको
७	घुर्मी खुर्कोट सडक खण्ड, उदयपुर/ सिन्धुली	६०.	५५.५ कि.मि. निर्माण सम्पन्न भै सकेको तर हस्तान्तरण नभएको र सडक मर्मतको ठेक्का लगाई मर्मत कार्य चालु रहेको,
			सोखु खोला देखि सुनकोसी हर्कपुर सम्म ४.५ कि.मि सडक खण्डको ठेक्का अन्त्य गरिएको हुँदा पुनः ठेक्का व्यवस्थापन नभएको।
८	खुर्कोट चौरिखोला सडक खण्ड, सिन्धुली/ रामेछाप	५५.	६ कि.मि. सडक खण्ड बि.पि लोकमार्ग र खुर्कोट मन्थली सडक खण्डसंग ओभरल्याप,
			११.२ कि.मि. को ठेक्का काम अन्तिम चरणमा रहेको।
			कुचिघार देखि राकाथुम सम्म १४ कि.मि.मा अपग्रडिङ्गको ठेक्का लगाउन बाँकी रहेको।
			राकाथुम देखि डोजरडाँडा सम्म ११.३ कि.मि. निर्माण सम्पन्न भई सकेको तर हस्तान्तरण हुन बाँकी रहेको।
९	चौरिखोला वनदेउ सडक खण्ड, काभ्रेपलान्चोक/ सिन्धुपाल्चोक	४८.७३	२.६५ कि.मि सडक खण्ड अरनिको लोकमार्ग र वनदेउ चौतारा सडक खण्डसंग ओभरल्याप रहेको।
			चौरीखोला देखि काभ्रेनाकसम्म १.५ कि.मि. ठेक्का व्यवस्थान गर्न बाँकी रहेको।
			काभ्रेनाक देखि भेलबारी सम्म २५.५८ कि.मि. निर्माण कार्य भै रहेको हाल सम्म ७० प्रतिशत जति काम सम्पन्न भएको।
			भेलबारी देखि पौवा सम्म बाटो खोलने कार्य भैसकेको र पिचको लागि ठेक्का व्यवस्थापनको कार्य गर्न बाँकी रहेको।
			पौवा देखि वनदेउ सम्म ७.५० कि.मि. निर्माण सम्पन्न भैसकेको तर हस्तान्तरण नभएको।
१०	वनदेउ बाहुनेपाटी सडक खण्ड, सिन्धुपाल्चोक	३१.	२.७५ कि.मि. सडक डिभिजन चरिकोटले हेर्ने र बाँकी खण्डमा निर्माण कार्य भैरहेको। ३ प्याकेजमा निर्माण कार्य भैरहेकोमा कुनै पनि प्याकेजको निर्माण कार्य सम्पन्न नभएको।
११	बाहुनेपाटी पाटिभन्ज्यांग सडक खण्ड, सिन्धुपाल्चोक	२१.	४०० मि. मेलम्ची सडक खण्डसंग ओभरल्याप, बाँकी खण्ड निर्माणाधिन चरणमा रहेको।
१२	पाटिभन्ज्यांग छहरे सडक खण्ड, नुवाकोट	२७.५	निर्माण कार्य अन्तिम चरणमा रहेको।
१३	बराहफेदि गंगटे सडक खण्ड, नुवाकोट	५.३	निर्माण कार्य सम्पन्न भै मर्मतको कार्य चालु रहेको।
१४	पिपलटार देउडी सडक खण्ड, नुवाकोट	२०.८७	ठेक्का व्यवस्थापनको कार्य भएको तर ८ देखि १० कि.मि. निर्माण क्षेत्रमा वन क्षेत्र विवादले निर्माणाधिन काम नभएको।
१५	देउडी भरयांगभुरुङ सडक खण्ड, नुवाकोट	१३.५	ठेक्का व्यवस्थापन भई निर्माणाधिन चरणमा रहेको तर निर्माण व्यवसायिले काम ढिलाई गरेको।
१६	भरयांगभुरुङ कटुन्जे सडक खण्ड, धादिंग	१२.१८	ठेक्का व्यवस्थापन भई निर्माण कार्य अन्तिम चरणमा रहेको।
१७	कटुन्जे खहरे सडक खण्ड, धादिंग	१३.	बुढीगण्डकी जलविधुत आयोजनाको डुबान क्षेत्रमा पर्ने यस खण्डको विस्तृत अध्ययन प्रतिवेदन तयार भएको र ठेक्का व्यवस्थापन कार्यभैसके पछी डुबानक्षेत्रमा निर्माण कार्य नगर्न पत्र आएकोले निर्माण कार्य हुन नसकेको।
१८	खहरे आरुघाट सडक खण्ड, धादिंग	१६.	
१८	आरुघाट ओखले सडक खण्ड, गोरखा	१३.	यस क्षेत्रको ४ कि.मि. सडक खण्ड बढीगण्डकी जलविधुत आयोजनाको डुवान क्षेत्रमा पर्दा समेत निर्माण कार्य सम्पन्न भएको र बाँकी खण्डमा निर्माण कार्य निर्माणाधिन चरणमा रहेको।
२०	ओखले घ्याम्पेसाल निबेल सडक खण्ड, गोरखा	१६.१४	निर्माण कार्य सम्पन्न भई सकेको तर हस्तान्तरण हुन बाँकी रहेको।
२१	निबेल नयाँसाँघु पालुंगटार सडक खण्ड, गोरखा	२८.	१२.३ कि.मि सडक खण्डको निर्माण सम्पन्न भई सकेको तर हस्तान्तरण नभई मर्मतको ठेक्का लगाएको।

क्र. सं.	सडक खण्ड	लम्बाई (कि.मी.)	वर्तमान अवस्था
			११ किलो छेपेटार सडक खण्डसंग ओभरल्याप रहेको।
			चेनेज १२+३०० देखि १२+५०० सडक खण्डमा जंगल छेउमा पर्खाल नलगाई काम हुन नसकने भनाई रहेको र हाल उक्त क्षेत्रमा काम नभएको अवस्था रहेको।
२२	पालुंगटार चेपे पाउँदीधिक सडक खण्ड, गोरखा/ लम्जुंग	१६.२६	निर्माणाधिन
२३	पाउँदीधिक सुन्दरबजार किरिंचे सडक खण्ड, लम्जुंग	७.५६	यस खण्डमा २ कि.मि. रेखाङ्कन विवाद रहेको र सुन्दरबजार एरियामा जग्गा मुआब्जा विवाद रहेकोले निर्माण कार्य नभएको।
२४	किरिंचे रातामाता भोर्लेटार करापुटार सडक खण्ड, लम्जुंग	२३.२२	ठेक्का व्यवस्थापनको कार्य भई निर्माण कार्य भएकोमा भर्लेटार रानीपानी बजार दखि मिदि खोला सम्म रेखाङ्कन विवाद रहेकोले उक्त क्षेत्रमा निर्माण कार्य हुन नसकेको।
२५	करापुटार रुदीखोला सडक खण्ड, लम्जुंग	६.११२	ठेक्का व्यवस्थापनको कार्य भएको तर वन क्षेत्र विवाद र खोलाको क्षेउमा बाटो बगाएकोले निर्माण कार्य हुन नसकेको।
२६	रुदिखोला याम्दी पुल सडक खण्ड, कास्की	५५	भैसे देखि जौबारी पुलसम्म १२ कि.मि. खण्डमा निर्माण कार्य बिबादित रहेको र बाँकी क्षेत्रमा निर्माण कार्य भै रहेको।
२७	मालढुंगा बारलुंग बजार सडक खण्ड, पर्वत/ बारलुंग	५	सडक डिभिजन बारलुंग अन्तर्गत पर्ने निर्माण कार्य नभएको।
२८	बारलुंग बजार घोडाबाँधे सडक खण्ड, बारलुंग	२६	१३ कि.मि. खण्डमा ठेक्का तोडिएको र अर्को ठेक्का व्यवस्थापन कार्य नभएको।
			अर्को १३ कि.मि. खण्डमा ठेक्का तोडीएको र पुनः अर्को ठेक्का लगाई कार्य भैरहेको।
२९	घोडाबाँधे हटिया सडक खण्ड, बारलुंग	१९	निर्माणाधिन
३०	पाटिहाल्ने लुकुमगाउँ रुकुमकोट सडक खण्ड, पूर्वी रुकुम	४५	रुग्ण अवस्थामा रहेको
३१	रुकुमकोट खोपीचौर सडक खण्ड, पूर्वी रुकुम	१९	निर्माणाधिन अवस्थामा रहेको
३२	कुदु कार्की गाउँ सडक खण्ड, जाजरकोट	३५	निर्माणाधीन
३३	कार्की गाउँ थलाहा बजार सडक खण्ड, जाजरकोट	१८	निर्माणाधीन
३४	थलाहा बजार स्वेदा सडक खण्ड, जाजरकोट/ दैलेख	३०	निर्माण सम्पन्न हस्तान्तरण नभएको
३५	स्वेदा मनघर सडक खण्ड, दैलेख	१०	निर्माणाधीन
३६	रावतकोट रामागाध सडक खण्ड, दैलेख	२९	"
३७	बेल्खेत मंगलसेन सडक खण्ड, अछाम	५०	निर्माण सम्पन्न हस्तान्तरण नभएको
३८	कैलाशखोला बयलपाटा सडक खण्ड, अछाम	११	निर्माण सम्पन्न हस्तान्तरण नभएको
	जम्मा	**१०३८**	

३. अन्य सडक डिभिजनले निर्माण गरेका सडक खण्ड

क्र. सं.	सडक खण्ड	लम्बाई (कि.मी.)	कैफियत
१	गणेशचोक जोरसाल सडक खण्ड, पाँचथर	४०.	सडक डिभिजन इलाम
२	बसन्तपुर हिले सडक खण्ड, तेर्हथुम/ धनकुटा	२२.	सडक डिभिजन धनकुटाले हेर्ने पहिलानै निर्माण सम्पन्न भएको।
३	जयरामघाट हिलेपानी, ओखलढुंगा	८.	पहिलानै निर्माण सम्पन्न सडक रहेको र सडक डिभिजन हर्कपुरले हेर्ने।

क्र. सं.	सडक खण्ड	लम्बाई (कि.मी.)	कैफियत
४	हिलेपानी घुर्मी सडक खण्ड, ओखलढुंगा / उदयपुर	७.	पहिलानै निर्माण सम्पन्न सडक रहेको र सडक डिभिजन हर्कपुरले हेर्ने।
५	मंगलसेन कैलाशखोला सडक खण्ड, अछाम	८	सडक डिभिजन साँफेबगर
६	बयलपाटा साँफेबगर सडक खण्ड, अछाम	९	सडक डिभिजन साँफेबगर
७	साँफेबगर चौखुट्टे सडक खण्ड, अछाम	२६	सडक डिभिजन साँफेबगर
८	चौखुट्टे सिलगढी स्याउले अनारखोली पाटन त्रिपुरासुन्दरी सडक खण्ड, अछाम/ डोटी/ डडेलधुरा/ बैतडी	२०२	सडक डिभिजन डोटी/ बैतडी
	जम्मा	**३२२**	

४. अन्य लोकमार्ग संग ओभरल्याप भएको सडक खण्ड :-

क्र. सं.	सडक खण्ड	लम्बाई (कि.मी.)	कैफियत
१	चौरिखोला वनदेउ सडक खण्ड, काभ्रेपलान्चोक/ सिन्धुपाल्चोक	२.७	२.६५ कि.मि सडक खण्ड अरनिको लोकमार्ग र वनदेउ चौतारा सडक खण्डसंग ओभरल्याप रहेको।
२	बाहुनेपाटी पाटिभन्ज्यांग सडक खण्ड, सिन्धुपाल्चोक	०.४०	४०० मि. मेलम्ची सडक खण्डसंग ओभरल्याप, बाँकी खण्ड निर्माणाधिन चरणमा रहेको।
३	गंगटे पिपलटार सडक खण्ड, नुवाकोट	५.५	गल्छी स्याफ्रुबेसी सडक खण्ड संग ओभरल्याप भएको।
४	निबेल नयाँसाँघु पालुंगटार सडक खण्ड, गोरखा	११	११ कि मि छेपेटार सडक खण्डसंग ओभरल्याप रहेको।
५	सैजिउला बेल्खेत सडक खण्ड, दैलेख/ अछाम	२	कर्णाली लोकमार्गसंग ओभरल्याप
	जम्मा	**२१.६**	

५. एडिबि तथा अन्य निकायले निर्माण गरेको सडक खण्ड

क्र. सं.	सडक खण्ड	लम्बाई (कि.मी.)	कैफियत
१	लेगुवाघाट भोजपुर सडक खण्ड, भोजपुर	६६.	एडिबि ले निर्माण गरेको
२	दिक्तेल हलेसी सडक खण्ड, खोटांग	३५.	एडिबि ले निर्माण गरेको
३	छहरे ढिकुरे सडक खण्ड, नुवाकोट	११.	Road Improvement Project अन्तर्गत निर्माण सम्पन्न भएको।
४	ढिकुरे बराहफेदि सडक खण्ड, नुवाकोट	२.५	Road Improvement Project अन्तर्गत निर्माण सम्पन्न भएको।
	जम्मा	**११४.५**	

६. रुग्ण तथा न्यून प्रगति रहेका ठेक्का विवरण :-

सि. नं.	निर्माण कार्यकोविवरण	ठेक्का नं.	लागत अनुमान (रकम रु. हजारमा)	लागत अनुमान भन्दा घटी प्रतिशत	सम्झौता मिति	शुरु कार्य सम्पन्न गर्नु पर्ने मिति	२०८१/८२ सम्मको भौतिक प्रगति (%)	हालको अवस्था
१	Chiyobhanjyang-Ganesh chowk road section (Chainage 0+000 to 16+000 KM)	MIDHLKTM/337 1384/072/73-101	९९९,३७२	४४	२०७७-१०-१९	२०७९-१०-१८	२७	चालु
२	Chiyobhanjyang-Ganesh chowk road section (Chainage 16+000 to 33+000 KM)	MIDHLKTM/337 1384/072/73-102	९११,६१०.७५	४७	२०७७-१०-१९	२०७९-१०-१८	१४	चालु
३	Chiyobhanjyang-Ganesh chowk road section (Chainage 33+000 to 50+647 KM)	MIDHLKTM/337 1384/072/73-103	८९७,४२५.८३	४५	२०७७-१०-१९	२०७९-१०-१८	४९	चालु
४	Bridge at Khanduwa Khola along Ganeshchowk-Chiobhanjyang Road, Pachthar (RCC 1*20m)	MIDHLKTM/337 1384/073/74-104(Re)	४४,८१८.०४	९	२०७४-०२-३१	२०७५-०६-३१	६०	रुग्ण
५	Blacktop & Roadway Improvement works (Ch. 83+000- 93+000) at Terathum District	MIDHLKTM/337 1384/071/72-108	५३०,५६०.९३	१३	२०७२-०५-३१	२०७४-१२-१५	७५	रुग्ण
६	Hoste Khola Bridge (RCC 1*15m) along Bahunepati-Dolalghat Section, Sindhupalchok	MIDHLPD/33701 1144/2076/77-202	५६,२५४	२१	२०७७-०२-२६	२०७८-११-२५	१८	रुग्ण
७	Sitkha Khola Bridge (RCC 1x35m), Pre Stressed Bridge) along Khurkot/Seleghat-Rakathum Section, Ramechhap	MIDHLPD/33701 1144/2076/77-203	४६,०७६	९	२०७७-०२-२५	२०७८-११-२४	४१	रुग्ण
८	Design and Build of Tamakoshi River Bridge at Seleghat, Ramechap	MIDHLPD/33701 1144/2076/77-206	२८७,६६४	४१	२०७७-०३-२६	२०८०-०३-२६	१७	चालू
९	Jarremane Khola bridge , Sindhupalchock(RCC 1 X 25m)	MIDHLPD/33701 1144/077/78-201	६२,३७९	३५	२०७७-१०-२९	२०७९-०६-२९	४४	चालू
१०	Seleghat-Puchighat-Sitkha Road Section (chainage 0+000 (Seleghat Bridge Site)-11+019 KM), Ramechap	MIDHLPD/33701 1144/078/79-201	८७६,७३३	५४	२०७८-१२-२८	२०८०-१२-२८	६५	चालू
११	Lubhu Khola Bridge Dolalghat Road, Ramechhap	MIDHLPD/33701 1144/078/79-202	३४४,०७५	४५	२०७९-०३-२२	२०८२-०३-२२	४४	चालू
१२	RBahunepati-Dolalghat Sector(ch 0+000~14+500), Sindhupalchowk	MIDHLKTM/337 1384/2073/074-003	७८३,१४१	३१	२०७४-०२-१६	२०७७-०२-१६	८९	रुग्ण
१३	Bahunepati-Dolalghat Sector (ch 14+500~31+030), Sindhupalcok	MIDHLKTM/337 1384/073/074-04	८६२,५११	३४	२०७४-०२-१६	२०७७-०२-१६	८३	रुग्ण

सि. नं.	निर्माण कार्यको विवरण	ठेक्का नं.	लागत अनुमान (रकम रु. हजारमा)	लागत अनुमान भन्दा घटी प्रतिशत	सम्झौता मिति	शुरु कार्य सम्पन्न गर्नु पर्ने मिति	२०८१/८२ सम्मको भौतिक प्रगति (%)	हालको अवस्था
१४	Arughat-Okhle Secrion at Gorkha District	MIDHLDNG/337 1384/2071-72/008	५००,३०८	४७	२०७१-०९-०३	२०७३-०९-०३	९७	रुग्ण
१५	(Palungtar-Chepe Paudidhik Section at Gorkha, Lamjung District	MIDHLDNG/337 1384/2072-73/005	७०४,०७७	४८	२०७२-११-२३	२०७५-११-२२	९४	रुग्ण
१६	kirinche (Satrasaiphat), Ratamata road, Lamjung to blacktop Standard	MIDHLDNG/337 1384/2072-73/008	७०४,२९४	४७	२०७३-०२-०९	२०७६-०२-०८	९३	चालु
१७	Ratamata-madi river road lamjung to blacktop Standard		२७६,५५२	-४२	२०७३-०२-१२	२०७५-०२-११	७८	रुग्ण
१८	Patibhanjyang-Chhahare Road Section to Blacktop standard in Nuwakot District	MIDHLDNG/337 1384/2073-74/022	९२६,७२३	४	२०७४-०६-०२	२०७७-०६-०१	९७	चालु
१९	Deudi - Samaribhanjyang - Katunje Road Section Nuwakot/Dhading	MIDHLDNG/337 1384/2074-75/002	८१२,३४७	३५	२०७५-०३-०६	२०७८-०३-०५	६६	चालु
२०	Nibel-Naya Sanghu-Palungtar Road Section (Chainage 12+300-28+000 KM), Gorkha	MIDHLPD/33701 1144/2076-77/303	९७१,९०२	४१	२०७७-०३-२६	२०७९-०३-२५	७०	चालु
२१	karaputar-Tallobesi-Bhaise - Tallo Hemja Road (Chainage : 0+000(Karaputar) to Km 6+120(Rudi Khola), Lamjung	MIDHLPD/33701 1144/2077-78/301	३५८,८८५	४२	२०७७-१०-२३	२०७९-१०-२२	४०	रुग्ण
२२	Pipaltar-deudi Road (Chainage : 0+000-10+000KM), Nuwakot	MIDHLPD/33701 1144/2077-78/302	१,११३,०५८	४२	२०७७-१०-२२	२०७९-१०-२१	२५	चालु
२३	pipaltar-Deudi Road (10+000 20+872KM), Nuwakot	MIDHLPD/33701 1144/2077-78/303	१,२९८,८६४	४२	२०७७-१०-२१	२०७९-१०-२०	१७	रुग्ण
२४	Construction of Likhu Khola Bridge along Patibhanjyang Chhahare Road Section of Mid Hill Highway, Nuwakot (RCC 1*25m)	MIDHLPD/33701 1144/2077-78/305	६९,८१६	२८	२०७७-१०-२९	२०७९-०६-२८	७१	रुग्ण
२५	Samari Khola Bridge along Deudi-Samaribhanjyang Road Section of Mid Hill Highway, Nuwakot	MIDHLPD/33701 1144/2077-78/306	५७,०६७	४०	२०७८-०८-०८	२०८०-०२-०८	४३	चालु
२६	Design and Build of I) Siti River bridge & II) Rudi Khola bridge along karaputar-Rudi Khola road Section of Midhill Highway, Lamjung	MIDHLPD/33701 1144/2078-79/301	२६८,५९८	४३	२०७८-११-२५	२०८१-०५-२४	१३	चालु

सि. नं.	निर्माण कार्यको विवरण	ठेक्का नं.	लागत अनुमान (रकम रु. हजारमा)	लागत अनुमान भन्दा घटी प्रतिशत	सम्झौता मिति	शुरु कार्य सम्पन्न गर्नु पर्ने मिति	२०८१/८२ सम्मको भौतिक प्रगति (%)	हालको अवस्था
२७	Widening & Improvement of Pushpalal (Midhill) Highway along paudidhik Sundarbazar-Kirinche Road Section, Lamjung	MIDHLPD/33701 1144/2078-79/303	७६५,१४३	४९	२०७८-१२-२९	२०८०-१२-२८	७२	रुग्ण
२८	Upgrading works of Baglung-Burtibang Road (Km 0+000 to 12+896)	MIDHLDNG/337 1384/073/74-01			२०७३-१०-१४	२०७६-१०-१३	७५	रुग्ण
२९	Upgrading of Patihalne Rukumkot Road to Blacktop Standard,Rukum District	MIDHLDNG/337 1384/2072/73-011	६१३,८५१	३६	२०७३-०२-१३	२०७६-०२-१२	७९	रुग्ण
३०	, Kudu-Jgatipur-Karkigaun-Kanda-Jhapra Road , Jajarkot	MIDHLDNG/337 1384/2074/75-004	९५५,०७६	४७	२०७५-०४-०४	२०७७-१०-०३	९२	चालु
३१	Kudu-Jgatipur-Karkigaun-Kanda-Jhapra Road, Jajarkot	MIDHLDNG/337 1384/2074/75-005	९६२,३५३	४६	२०७५-०४-०४	२०७७-१०-०३	६४	रुग्ण
३२	Kudu-Jgatipur-Karkigaun-Kanda-Jhapra Road, Jajarkot	MIDHLPD/33701 11444/2076/77-501	८०३,६१९	४६	२०७६-१०-२८	२०७९-०४-२७	७०	चालु
३३	,Kudu-Jagatipur-Karkigaun-Kanda-Jhapra-Road ,Jajarkot	MIDHLPD/33701 11444/2076/77-502	७७७,९२०	४६	२०७६-१०-२९	२०७९-०४-२७	७३	चालु

राष्ट्रिय राजमार्गहरूको मर्मत, सम्भार स्थिति सम्बन्धी

परिच्छेद-१

परिचय

१. **पृष्ठभूमी -** नेपालको भौगोलिक जटिलता र विविधतायुक्त बनावटमा सडक यातायात विकासको मेरुदण्ड मात्र नभई राष्ट्रिय एकता र समृद्धिको मुख्य संवाहक पनि हो। परापूर्व कालदेखि नै उपलब्ध स्थानीय श्रोत, साधन र सीपको प्रयोग गरी परम्परागत भौतिक संरचनाहरू निर्माण हुने गरे तापनि आधुनिक सडक इन्जिनियरिङको संस्थागत इतिहास राणाकालीन समयदेखि सुरू भएको पाइन्छ। वि.सं. १९८० को दशकमा काठमाडौं उपत्यकाभित्र पहिलो सडक निर्माणसँगै सुरू भएको यो यात्रा, उपत्यका बाहिर ४२ किलोमिटर लामो अमलेखगञ्ज-भिमफेदी सडक र वि.सं. २००९ मा भारतीय सहयोगमा निर्मित पहिलो लामो दुरीको सडक त्रिभुवन राजपथ हुँदै आजको आधुनिक सञ्जालसम्म आइपुगेको छ। सडक निर्माण र मर्मत कार्यलाई व्यवस्थित गर्न ऐतिहासिक रूपमा 'बाटो काज गोश्वारा', 'छम्भडेल अड्डा' र 'समरजंग कम्पनी' जस्ता निकायहरू सक्रिय थिए। वि.सं. २००७ को राजनीतिक परिवर्तनपछि नयाँ र पुराना अड्डाहरूलाई एकीकृत गरी सार्वजनिक निर्माण विभागको स्थापना गरियो भने वि.सं. २०१४ मा सडकको नीतिगत र पूर्वाधार तयारीका लागि रोड ट्रान्सपोर्ट अर्गनाइजेसन खडा गरियो। यसै सिलसिलामा वि.सं. २०१९ मा पूर्व-पश्चिम राजमार्गको शिलान्यास र वि.सं. २०२७ मा 'नेपाल सडक मापदण्ड' (NRS 2027) को जारी सँगै नेपालले सडक विकासलाई व्यावसायिक र योजनाबद्ध दिशा प्रदान गऱ्यो।

प्रमुख कार्यसम्पादन सूचक)KPI(

- नीतिगत तथा कानुनी अवस्थाको अध्ययन
- स्रोत साधन व्यवस्थापन र उपयोग
- खरिद व्यवस्थापन
- मर्मत सम्भारको गुणस्तर, अनुगमन तथा सुपरीवेक्षण
- सडक सुरक्षा र संरक्षण
- जनसन्तुष्टि मापन र मूल्याङ्कन

हाल नेपाल सरकारले सडक सञ्जाललाई विस्तार गर्दै ८० वटा राष्ट्रिय राजमार्गहरू निर्धारण गरेको छ, जसले देशको हिमाल, पहाड र तराईलाई आपसमा जोडेका छन्। आर्थिक वर्ष २०८०।८१ सम्मको तथ्याङ्क अनुसार १८ हजार ८०८ किलोमिटर कालोपत्रेसहित कुल ३५ हजार ४९० किलोमिटर सडक निर्माण सम्पन्न भएको छ। पूर्वाधारको योजना, निर्माण र मापदण्ड सुनिश्चित गर्ने जिम्मेवारी 'सडक विभाग' मा निहित छ भने सडकको मर्मत सम्भार गरी दिगोपन कायम गर्नका सडक बोर्ड ऐन, २०५८ बमोजिम 'नेपाल सडक बोर्ड' स्थापना भएको छ। गुणस्तरीय मर्मत र समयमै पुनर्निर्माण सुनिश्चित गरी राष्ट्रिय राजमार्ग सञ्जाललाई देशको समग्र आर्थिक वृद्धिको स्थायी आधार बनाउनु आजको प्रमुख आवश्यकता हो।

२. **नीतिगत तथा कानुनी व्यवस्थाः**

२.१ **नेपालको संविधान -** नेपालको संविधानको अनुसूची ५ मा संघको अधिकार सूचीमा राष्ट्रिय लोकमार्गको व्यवस्थापन, अनुसूची ६ मा प्रदेशको अधिकार सूचीमा प्रदेश लोकमार्ग, अनुसूची ७ मा संघ र प्रदेशको साझा हुने गरी भौतिक पूर्वाधार, अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीमा स्थानीय सडक, ग्रामीण सडक र कृषि सडक हुने गरी व्यवस्था गरिएको छ।

२.२ **आवधिक योजनाः**

२.२.१ **सोह्रौं आवधिक योजना :**

रुपान्तरणकारी रणनीतिहरुः

- **सडक तथा यातायात पूर्वाधार क्षेत्रको सुदृढीकरण गर्ने -** राष्ट्रिय राजमार्ग र रणनीतिक सडकहरूको विस्तार र दिगोपना अभिवृद्धिका लागि यातायात पूर्वाधार विकाससम्बन्धी कानुनलाई संशोधन र एकीकरण गरी दिगो र उत्थानशील बनाउने; उत्पादन पद्धतिसँग प्रत्यक्ष जोड्ने पक्षहरूलाई प्राथमिकतामा राख्ने; सडक पूर्वाधारहरूको मर्मत सम्भार कार्यलाई नियमित तथा व्यवस्थित गर्न सडक बोर्डको क्षमता विकास गर्ने, स्रोत परिचालन तथा व्यवस्थापन गर्ने; सडकलाई सुरक्षित र पहुँचयोग्य बनाउन राष्ट्रिय सडक सुरक्षा योजनालाई पुनरावलोकन गरी लागु गर्ने।
- **स्रोत परिचालनलाई व्यवस्थित गर्ने -** सडक बोर्डलाई स्रोत परिचालनका लागि स्वायत्त रूपमा स्रोत प्राप्त हुने व्यवस्था गर्ने।

प्रमुख कार्यक्रमः

- **एकीकृत यातायात प्रणाली विकास कार्यक्रम -** काठमाडौं उपत्यकामा एकीकृत यातायात प्रणाली विकास गरी आधुनिक र किफायती साधनको व्यवस्थापन गरी बाहिरी चक्रपथ एवम् उत्तर-दक्षिण नदी कोरिडोरमा वैकल्पिक मार्गहरू तयार गर्ने; राष्ट्रिय राजमार्गको स्तरोन्नति, कोरिडोर राजमार्गको निर्माण सम्पन्न गर्ने, रणनीतिक महत्वका सडकको निर्माण अघि बढाउने र सम्पन्न भएका आयोजनाको सडक बोर्ड मार्फत नियमित सम्भार गर्ने।
- **सडक पूर्वाधार मर्मत सम्भार कार्यक्रम -** निर्मित सडकको दिगो व्यवस्थापन गर्न उच्च भारवहन क्षमताका सवारी साधनको नियमनको लागि हेभी सवारी व्यवस्थापन नीतिलाई तत्काल लागु गर्ने; विद्यमान सडक सञ्जालहरूको नियमित मर्मत सम्भार, सवारी भारको आधारमा स्तरवृद्धि (सडक विस्तार, सुरूङ्ग मार्ग, फ्लाई ओभर, बाईपास, अन्डर पास निर्माण) गर्ने; सडक पूर्वाधारहरूमा आवश्यकतानुसार पूर्ण सबलीकरण प्रणाली लागु गर्ने; सडक बोर्ड नेपाललाई सशक्त, संगठित र अधिकार सम्पन्न बनाउने; सङ्घीय निकायबाट निर्माण भई प्रदेश तथा स्थानीय तहमा हस्तान्तरित पूर्वाधारहरूको नियमित मर्मत-सम्भार एवम् सम्पत्ति व्यवस्थापनका लागि सडक मर्मत सम्भार रणनीतिको आधारमा कार्यान्वयन गर्ने।
- **भौतिक पूर्वाधार सम्पत्ति व्यवस्थापन प्रणाली विकास कार्यक्रम -** विद्यमान सडक लगायत भौतिक पूर्वाधारका सम्पत्ति व्यवस्थापन प्रणाली, सडक मर्मत खर्च प्रणाली, सडक पुल व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण गरी प्रभावकारीता अभिवृद्धि गर्ने; प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने सडक सम्पत्तिको व्यवस्थापन गर्न डिजिटल सडक सम्पत्ति व्यवस्थापन प्रणालीसँग अन्तर-आबद्ध गर्ने।

२.२.२ पन्ध्रौं आवधिक योजनाः

सोच - सघन, सन्तुलित, सुलभ, सुरक्षित, गुणस्तर एवम् दिगो सडक पूर्वाधारको विकास।

लक्ष्य - राष्ट्रिय सडक सञ्जालको विस्तार गरी आर्थिक-सामाजिक विकास, व्यापार सहजीकरण मार्फत आर्थिक समृद्धि हासिल गर्ने।

उद्देश्यः

- कुल यातायात खर्च न्यूनतम हुने गरी सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार गर्नु।
- सडक पूर्वाधारहरूको उचित संरक्षण, मर्मत सम्भार र सडक सुरक्षा गरी सहज सवारी आवागमन सुनिश्चित गर्नु।

रणनीतिः सडकको डिजाइन, निर्माण, मर्मत सम्भार तथा सडक सुरक्षाका लागि आधुनिक प्रविधिको उपयोग तथा यन्त्रीकरणमा जोड दिने।

कार्यनीतिः

- सडक सम्भार कार्यको मापदण्ड तथा तहगत जिम्मेवारी तोकी सोहि अनुरूप मर्मत सम्भार कार्यको नियमित अनुगमन गरिनेछ।
- संलग्न संस्थागत संरचनाको पुनरावलोकन गरी उपयोगकर्ता प्रति उत्तरदायी आवश्यक संस्थागत सुधार गरिनेछ।
- सडक पूर्वाधारको विकास, विस्तार, मर्मत सम्भार तथा सञ्चालनसँग सम्बन्धित सम्पूर्ण सूचनाहरूको पहुँचमा सहजता ल्याई संस्थागत कार्य-प्रभावकारितालाई आधुनिक स्तरको बनाउनका लागि सूचना-प्रविधिको अधिकतम प्रयोग गरी पूर्ण-स्वचालित विद्युतीय पद्धतिको विकास गरिनेछ।
- बायो-इन्जिनियरिङ लगायतका उपयुक्त पद्धतिलाई सतही भू-क्षय नियन्त्रण कार्यमा प्रभावकारी ढङ्गले लागू गरिनेछ।
- दुर्घटना न्यूनीकरण तथा सुरक्षित राष्ट्रिय रणनीतिक सडक सञ्जालको लागि डिजाइन तथा निर्माणका विभिन्न चरणमा सडक सुरक्षा जाँचको व्यवस्था गरिनेछ।
- सडक बोर्ड मार्फत सडक सम्भारको लागि स्रोत जुटाउने कार्यलाई व्यवस्थित बनाइनेछ।

२.३ **नीति तथा कार्यक्रम** - सरकारको आर्थिक नीति तथा कार्यक्रम २०८१।८२ मा राष्ट्रिय राजमार्गका सडकखण्ड तथा पुल मर्मत सम्भार कार्यलाई निरन्तरता दिने र यातायात व्यवस्थापनमा डिजिटल प्रणाली लागु गरी सार्वजनिक यातायात सेवालाई सर्वसुलभ, सुरक्षित र पहुँचयोग्य बनाउने नीति लिएको छ।

२.४ **वार्षिक बजेट** - नेपाल सरकारको पछिल्लो ५ आर्थिक वर्षको बजेटमा राष्ट्रिय राजमार्गहरूको मर्मत, सम्भार स्थिति सम्बन्धमा भएको मुख्य व्यवस्थाहरू यस प्रकार छन् :

आर्थिक वर्ष	बजेट वक्तव्यको		विनियोजित बजेट रु.
	बुँदा नं.	व्यहोरा	
२०८१।८२	२२८	राष्ट्रिय राजमार्गको २ सय ५० किलोमिटर र अन्य राजमार्गको ७ हजार ८ सय किलोमिटर सडकको मर्मत सम्भार गर्न	६ अर्ब ५४ करोड
२०८०।८१	२९६	बाढी पहिरोबाट क्षतिग्रस्त कर्णाली राजमार्गलाई पुनर्स्थापना एवं स्तरोन्नति गरिने	उल्लेख नभएको
	३०८	राजमार्ग र रणनीतिक सडक अन्तर्गत १५० पुल निर्माण गर्ने	२ अर्ब ८ करोड
	३१२	राष्ट्रिय राजमार्गलाई दुरुस्त राख्न करिब ३५० किलोमिटर सडकको आवधिक मर्मत र स्तरोन्नति गर्नका साथै करिब ७ हजार ८ सय किलोमिटर राजमार्गको नियमित मर्मत सम्भार गर्न आवश्यक बजेट विनियोजन	उल्लेख नभएको
२०७९।८०	२३२	सडकको नियमित मर्मत सम्भार, संरक्षण तथा सम्बर्द्धनका कार्यहरू सञ्चालन गर्न	७ अर्ब ९४ करोड
२०७८।७९	२८८	संघीय सरकारको क्षेत्राधिकार भित्रका सडक तथा पुलको मापदण्ड निर्धारण, ड्राइङ्ग, डिजाइन, निर्माण, मर्मत सम्भार, सम्भावित लगानीको वैकल्पिक उपकरणहरूको प्रयोग, वित्तीय स्रोत परिचालन एवम् अभिलेखीकरण समेतका लागि राष्ट्रिय राजमार्ग प्राधिकरण स्थापना गर्न विज्ञ सहितको अध्ययन कार्यदल गठन गरिनेछ।	उल्लेख नभएको

२०७७।७८	२३९	निर्माण सम्पन्न भई सञ्चालनमा रहेका सडक सम्पत्तिको आवश्यक मर्मत सम्भार तथा स्तरोन्नति गरी सडक यातायातलाई आरामदायी र सुरक्षित बनाउन सडक बोर्ड मार्फत कार्यान्वयन हुने गरी विनियोजन गरिएको र थप सडकमा मर्मत सम्भार शुल्क लगाई सङ्कलित रकमबाट समयमा नै सडक मर्मत हुने व्यवस्था मिलाइएको।	१६ अर्ब ३० करोड

२.५ **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य (२०१६ देखि २०३०) को लक्ष्य नं. ९ मा उद्योग, नवीन खोज र पूर्वाधार शिर्षक अन्तर्गत वित्तीय तथा प्राविधिक सहयोग र सहकार्य मार्फत पूर्वाधारहरूको स्तरवृद्धि गर्ने तथा बलियो पूर्वाधार निर्माण गर्न सहयोग र सहजीकरण गर्न धान्न एवम् बेहोर्न सकिने र सबैका लागि न्यायोचित पहुँच हुन सकोस् भन्ने कुरामा केन्द्रित रहेर आर्थिक विकास र मानव सुख समृद्धिलाई सहयोग गर्ने क्षेत्रीय र सीमापार संरचनाहरू लगायत गुणस्तरीय, भरपर्दो, दिगो र उत्थानशील पूर्वाधारहरूको विकास गर्ने लक्ष्य रहेको छ।

२.६ **कानुनी व्यवस्था -** राष्ट्रिय राजमार्गहरूको निर्माण, सुरक्षा र मर्मतको लागि निम्न कानुनी व्यवस्था गरिएका छनः

- सार्वजनिक सडक ऐन, २०३१
- सडक बोर्ड ऐन, २०५८
- सडक बोर्ड नियमावली, २०६०
- सार्वजनिक खरिद ऐन, २०६३
- सार्वजनिक खरिद नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- सडक बोर्ड निर्देशिका, २०६१

३. **निकायगत व्यवस्था -** नेपालमा राष्ट्रिय राजमार्गहरूको व्यवस्थापनका लागि प्रमुख जिम्मेवार निकायहरू निम्म छन :

निकाय/विभाग/संस्था	काम र कर्तव्य
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	• राष्ट्रिय राजमार्गहरूको विकास, मर्मत तथा सम्भार सम्बन्धी नीति तथा कानुन तर्जुमा र नियमन, • वार्षिक कार्यक्रम तथा बजेट मार्फत बजेट विनियोजन तथा मार्गदर्शन,
सडक बोर्ड नेपाल	• सडक दस्तुर उठाउने, • सडक मर्मत सम्भारको लागि एकीकृत वार्षिक कार्यक्रम बनाई सोही बमोजिम सडक मर्मत सम्भार गराउने, • ऐनमा तोकेको अन्य कार्य गर्ने गराउने
सडक बिभाग	• राजमार्ग तथा सडक सञ्जालको निर्माण तथा मर्मत समभार गर्ने, • मन्त्रालय तथा सडक बोर्डबाट स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन गर्ने गराउने, • मातहतका निकायहरूको कार्यको सुपरीवेक्षण तथा अनुगमन गर्ने,
सडक डिभिजन कार्यालयहरू	• सडक बोर्डबाट प्राप्त हुने कार्यक्रमको व्यवस्थापन तथा कार्यान्वयन गर्ने,
निजी क्षेत्र/ निर्माणकर्ता कम्पनीहरू	• सडक निर्माण कार्यको जिम्मेवारी लिने, • सडक सञ्जालको निर्माण कार्य गर्ने, • पूर्वाधार विकासका लागि सरकारसँग हातेमालो गर्ने।

४. **वित्तीय व्यवस्था-** नेपालमा राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भारको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रायल मातहतमा रहेको सडक बोर्ड, नेपाललाई वित्तीय व्यवस्थापन गर्ने जिम्मेवारी दिएको छ। राजमार्गहरूको मर्मत सम्भारका लागि सडक बोर्डले गरेको विगत पाँच वर्षको वित्तीय व्यवस्थापन देहायबमोजिम तालिकामा प्रस्तुत गरिएको छ।

आर्थिक वर्ष	स्वीकृत बजेट (रु. लाखमा)	रकम निकासा (रु. लाखमा)
२०७७।०७८	१६५२४२	११९८०४
२०७८।०७९	१४९१०८	११७१३७
२०७९।०८०	१६८४१५	१४२२८
२०८०।०८१	११९२४४	१०६१०६
२०८१।०८२	८५४८१	७४३१२

५. **विषय छनोटको औचित्यता** - राष्ट्रिय राजमार्गहरू देशको जीवनरेखा हुन्। मर्मत र पुनर्निर्माण कार्यमा ढिलाइका कारण सार्वजनिक सम्पत्तिको मूल्य ह्रास, दुर्घटनाको जोखिम र आर्थिक क्षति बढ्दै गएको अवस्था छ। सरकारको ठूलो खर्च यसै क्षेत्रमा केन्द्रित भइरहे पनि अपेक्षित परिणाम हासिल हुन सकेको छैन्। उक्त परिस्थितिमा कार्यमूलक लेखापरीक्षणद्वारा नीतिगत, संस्थागत, वित्तीय र कार्यान्वयनगत पक्षको मूल्याङ्कन गरी देखिएका समस्या उपर सरोकारवाला पक्षसँग छलफल गरी सुधारका व्यावहारिक सुझाव प्रस्तुत गर्ने उद्देश्यले यो विषय छनोट गरिएको हो।

परिच्छेद-२
लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

६. **लेखापरीक्षणको उद्देश्य -** राष्ट्रिय राजमार्गहरूको मर्मत, सम्भार स्थिति विषयमा भएको नीतिगत तथा कानुनी व्यवस्था, व्यवस्थापन तथा कार्यान्वयन पक्षको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नु यस कार्यमूलक लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। यसका सहायक उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

- राष्ट्रिय राजमार्ग मर्मत सम्बन्धी नीतिगत तथा कार्यक्रमगत व्यवस्थाको परीक्षण गर्नु।
- राजमार्ग मर्मत, सम्भार र पुनर्निर्माणमा भएका ढिलाइ र अव्यवस्थाका कारणहरू पहिचान गर्नु।
- सडक सम्बन्धी निकायहरूबीचको समन्वय तथा नियमन कार्यको मूल्याङ्कन गर्नु।
- मर्मत कार्यको गुणस्तर, लागत, समय र दिगोपनाको मूल्याङ्कन गर्नु।

७. **लेखापरीक्षणको क्षेत्र -** राष्ट्रिय राजमार्गहरूको मर्मत, सम्भार स्थितिसम्बन्धी कार्यमूलक लेखापरीक्षणको क्षेत्र मुख्यतः नीति, वित्तीय व्यवस्थापन, कार्यान्वयन र अनुगमन पक्षमा केन्द्रित रहेको छ। लेखापरीक्षणमा अन्तर्गत भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक बोर्ड नेपाल, सडक विभाग र सडक डिभिजन कार्यालयहरूबीचको जिम्मेवारी तथा समन्वय प्रणालीको प्रभावकारिता मूल्याङ्कन, वित्तीय पक्षमा सडक बोर्ड नेपालद्वारा सङ्कलित इन्धन कर, सडक प्रयोग शुल्क तथा अन्य स्रोतहरूको पारदर्शिता, वितरण प्रणाली, बजेट उपयोग र लेखा व्यवस्थापनको मूल्याङ्कन गरिएको छ। लेखापरीक्षणको लागि आर्थिक वर्ष २०७७।७८ देखि २०८१।८२ सम्मको तथ्याङ्क विश्लेषण गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि सडक बोर्ड नेपाल, सडक विभाग र सडक डिभिजन कार्यालयहरूलाई आधार लिइएको छ।

८. **लेखापरीक्षणको पद्धति र आधार -** लेखापरीक्षणमा आवश्यकता अनुसार नतिजामुलक र प्रकृयामूलक पद्धतिको अवलम्बन गरिएको छ। योजनाले तोकेको उद्देश्य तथा अपेक्षित नतिजा हाँसिल भए नभएको, असर प्रभाव तथा दिगोपना जस्ता विषयको सन्दर्भमा विश्लेषण गरिएको छ। लेखापरीक्षणको प्रमाण सङ्कलनको लागि स्थलगत निरीक्षण, मन्त्रालय, विभाग तथा बोर्डका जिम्मेवार पदाधिकारीसँग छलफल, कागजात भिडान, प्रश्नावली लगायत विधिको प्रयोग गरिएको छ। विषयसँग सम्बन्धित जोखिमको मुल्याङ्कन गरी पहिचान गर्ने विषयहरूको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त र सान्दर्भिक प्रमाण सङ्कलन गर्न आवश्यकताअनुसार नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि, विस्तृत विवरणको परीक्षण विधि समेत प्रयोग गरिएको छ। लेखापरीक्षण आधारको रूपमा नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षण सिद्धान्त (ISSAI ३००), लेखापरीक्षण मानदण्ड (ISSAI ३०००), कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८१ (Performance Audit Guide, २०२५), लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादनको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, विश्लेषण समेतको प्रक्रियामूलक विधि समेत अवलम्बन गरिएको छ। लेखापरीक्षण कार्यमा दुई नागरिक समाज समेत परिचालन गरिएको छ।

९. **लेखापरीक्षणको सीमा -** यो कार्यमूलक लेखापरीक्षण नेपालको राष्ट्रिय राजमार्गहरूको मर्मत, सम्भार स्थिति विषयवस्तुमा केन्द्रित रहेको र सडक बोर्ड, नेपाल राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भारको लागि स्थापना भएको जिम्मेवार निकाय हुँदा सडक बोर्ड नेपाललाई कार्यमूलक लेखापरीक्षणको प्रमुख निकाय मानिएको छ। लेखापरीक्षणको लागि प्राप्त सूचनाको विश्वसनियता, सूचना विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्ति तथा विषयगत ज्ञान, नियन्त्रण जोखिमको मात्रा, कार्यालयबाट लेखापरीक्षणमा प्रयोग गरिएको स्रोत साधन आदि लेखापरीक्षणका सीमाका रूपमा रहेका छन्।

परिच्छेद-३
लेखापरीक्षणबाट देखिएका बेहोरा

नेपालको राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भारको क्षेत्रमा क्रियाशील निकायहरू तथा सरोकारवाला पक्षहरूको समन्वय, सहकार्य र सहयोगबाट राष्ट्रिय राजमार्हरूको मर्मत सम्भारमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन् :

सकारात्मक पक्षहरू

- राजमार्ग मर्मत सम्भारका लागि सडक बोर्ड, नेपाल स्थापना भई मर्मत कार्य प्रभावकारी भएको।
- भैरहवा-भूमही सडक अन्तर्गत भैरहवाको बसन्तपुरस्थित टोलबुथबाट विद्युतीय माध्यमद्वारा सडक उपभोग दस्तुर सङ्कलन भएको।
- स्तरोन्नतीका लागि तयारी चरणमा रहेका राजमार्ग अन्तर्गत टोल प्लाजा निर्माण गर्ने कार्य भइरहेको।
- विगत पाँच वर्षमा राजमार्गहरूको मर्मत सम्भारको लागि रु. ५६ अर्ब ३६ करोड ५३ लाख ९ हजार १० बजेट विनियोजनको ८८.२६ प्रतिशतले हुने रु. ४९ अर्ब ७४ करोड ६५ लाख ६३ हजार ७४२ निकासा भएको।
- लेन्थवर्करको व्यवस्थापन गरी नियमित रूपमा सडक र नालीहरूको सरसफाइ गर्ने, पात पतिङ्गर हटाउने लगायतका नियमित मर्मत सम्भार गर्ने गरिएको।
- मर्मत कार्य भइरहेको सडक खण्डहरूमा उड्ने धुलो कम गर्न नियमित पानी छर्कने; गिट्टी, बालुवा र माटो बोक्ने ट्रिपरहरूलाई अनिवार्य रूपमा त्रिपालले छोपेर मात्र ढुवानी गर्न लगाउने तथा कालोपत्रे मिश्रण गर्ने अस्फाल्ट प्लान्टहरूलाई मानव बस्तीभन्दा टाढा राख्न लगाई धुलो र वायू प्रदुषणमा नियन्त्रण गर्नमा जोड दिएको।
- मर्मतको क्रममा हुने जाम र दुर्घटना न्यूनीकरण गर्न पर्याप्त ट्राफिक चिह्न, डाइभर्जन बोर्ड र सुरक्षा गार्ड खटाउनुका साथै सहरी क्षेत्रका व्यस्त सडकहरूमा जनजीवन प्रभावित नहोस् भनी रातीको समयमा मर्मत कार्य गर्ने अभ्यास बढाइएको।
- पहाडी सडकका भिरहरूमा पहिरो रोक्न र वातावरण जोगाउन स्थानीय प्रजातिका घाँस र बिरुवाहरू रोप्ने र सडक विस्तार वा ठूला मर्मतका क्रममा काटिएका रुखहरूको क्षतिपूर्ति स्वरुप सडकका किनाराहरूमा नयाँ बिरुवा रोप्ने कार्यक्रम सञ्चालन गरी बायो इन्जिनियरिङ को प्रयोग गर्ने गरिएको।
- सडकको आवधिक मर्मत कार्य अन्तर्गत वातावरण तथा सामाजिक योजना तयार गरी वातावरण तथा मानवीय जन-जीवनमा परेको प्रभावलाई न्यूनीकरण गरिएको।

सुधार गर्नुपर्ने पक्षहरू

१०. **कानुनी व्यवस्थाको कार्यान्वयन -** सडक बोर्ड ऐन, २०५८ मा उल्लेख भएअनुसार मर्मत खर्च न्यूनीकरणका लागि कार्ययोजना बनाउने, कोषको रकम प्राथमिकताअनुसार सडक सुरक्षा आयोजनामा खर्च गर्ने, सवारी साधनको भारवाहन मापदण्ड कार्यान्वयन गर्ने, अनुसन्धान गर्ने तथा नियम उल्लङ्घनमा जरिवाना गर्ने व्यवस्था व्यवहारमा लागु भएको पाइएन। सडक बोर्ड नियमावली, २०६० बमोजिम छुट्टाछुट्टै मर्मत कार्यक्रम तयार गर्ने, बहुवर्षीय योजना बनाउने तथा सडक उपभोग दस्तुरको अधिकांश रकम सोही सडकको मर्मतमा खर्च गर्ने प्रावधान प्रभावकारी रूपमा कार्यान्वयन भएको देखिएन। सडक बोर्ड निर्देशिका, २०६१ मा उल्लेख भएअनुसार आर्थिक विश्लेषणमा आधारित कार्यविधि तयार भएको देखिएन। यसका कारण अनुगमन तथा मूल्याङ्कन प्रणाली कमजोर रहनुका साथै स्रोतको प्रभावकारी उपयोग हुन नसकेको, सडक सुरक्षा जोखिम बढेको, राजस्व सङ्कलन कमजोर भएको तथा प्राथमिकतामा आधारित बजेट खर्च हुन नसकेको अवस्था

देखिएको छ। विद्यमान कानुनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन, संविधानअनुसार ऐन तथा नियमावलीको समयानुकूल परिमार्जन तथा आवश्यक विशिष्टीकृत कानुन निर्माण गर्नुपर्दछ।

११. **कर्मचारी व्यवस्थापन -** सडक बोर्ड ऐन, २०५८ को दफा २३ मा कर्मचारी व्यवस्थापनको विषयमा उल्लेख छ। बोर्डबाट प्राप्त जानकारी बमोजिम बोर्डको कार्य सञ्चालनका लागि स्वीकृत स्थायी दरवन्दी संख्या १७ जना रहेको छ। बोर्डले उपलब्ध गराएको विवरण अनुसार बरिष्ठ प्रशासकीय अधिकृत १ जना, बरिष्ट इन्जिनियर सहित २ जना, इन्जिनियर १ जना, बरिष्ठ अधिकृत वित्त १ जना, कार्यालय सचिव प्रशासन १ जना र रनर २ जना समेत गरी जम्मा ८ जना कर्मचारी दरवन्दी रिक्त रहेको छ। बोर्डको स्थापना देखि नै हालसम्म सोही दरबन्दी कायम रहेको तर सङ्घीयता पश्चात स्थानीय तहहरूको सङ्ख्या बढेकोले कार्यबोझ अत्यधिक मात्रामा थपिएको, कर्मचारीहरूको सेवा अवधि ४ वर्षे करार सम्झौता रहेको, बढुवा तथा वृत्ति विकासको व्यवस्था नभएको लगायतका गुनासाहरूले समेत कर्मचारीहरूको कार्यदक्षतामा असर पर्न सक्ने बोर्डको भनाइ रहेको छ। यसरी सीमित जनशक्तिले अत्यधिक कार्य सम्पादन गर्नु पर्दा सोचे बमोजिम लक्ष्य प्राप्त गर्न नसकिने र सेवा सुरक्षाको प्रत्याभूति नहुदाँ कर्मचारीहरूको कार्यसम्पादनमा असर परेको देखिन्छ। बोर्डको उद्देश्य र आवश्यकता बमोजिम कर्मचारीहरूको सेवा सुरक्षाको प्रत्याभूति हुने गरी रिक्त दरबन्दी पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

१२. **सडक दस्तुर सङ्कलन -** सडक बोर्ड ऐन, २०५८ को दफा ६(२) मा नेपाल सरकारले नेपाल राजपत्रमा बोर्डबाट सुचना प्रकाशन गरी सडक दस्तुर उपभोग गरे वापतको दस्तुर उठाउन सक्ने व्यवस्था रहेको छ। बोर्डबाट प्राप्त विवरण अनुसार विगत पाँच वर्षमा सडक उपभोग दस्तुर, सवारी साधनमा प्रयोग हुने इन्धनमा लगाइएको दस्तुर र सडक मर्मत तथा सम्भारका लागि बोर्डलाई प्राप्त अनुदान देहायबमोजिम रहेको छः

आर्थिक वर्ष	सडक उपभोग र मर्तम तथा सुधार दस्तुर (रकम रु. लाखमा)	सडक बोर्डलाई अनुदान (रकम रु. लाखमा)	कुल सङ्कलनको तुलनामा अनुदानको प्रतिशत
२०७७।०७८	१७७७६३	७२५००	४०.७८
२०७८।०७९	१८३८६०	७२५००	३९.४३
२०७९।०८०	१०२२२३	७१२०७	६९.६६
२०८०।०८१	१२८१९८	३६६५०	२८.५९
२०८१।०८२	१६१२६४	४३७००	२७.१०
जम्मा	**७५३३११**	**२९६५५७**	**३९.३७**

स्रोतः सडक बोर्ड नेपालको वा र्षक प्रतिवेदन



उल्लिखित विवरणअनुसार सडक बोर्ड, नेपाललाई उपलब्ध हुने अनुदान रकम सङ्कलित सडक उपभोग र मर्मत तथा सुधार दस्तुरको ५० प्रतिशत भन्दा न्यून रहेकोले सडक मर्मतमा बजेटको अभाव रहेको देखिन्छ। समयमै सडक मर्मत नहुँदा सडक जीर्ण भई पुननिर्माणमा बढी खर्च लाग्ने सवारी सञ्चालन खर्च र दुर्घटना बढ्ने अवस्था सिर्जना भएको छ। निश्चित उद्देश्यका लागि सङ्कलित राजस्व रकम सोही उद्देश्यका लागि प्रयोग गरी सडक मर्मत सम्भार प्रभावकारी बनाउनु पर्दछ।

१३. **बजेट तथा निकासा** - सडक बोर्ड ऐन, २०५८ को दफा १५ मा सडक बोर्डले आवश्यकता अनुसार पुनरावलोकन गरी सडक मर्मत सम्भार सम्बन्धी एकीकृत वार्षिक कार्यक्रम बनाउनुपर्ने व्यवस्था छ। बोर्डले आफ्नो कार्य क्षेत्रमा पर्ने सम्पूर्ण सडक सञ्जाललाई रणनैतिक सडक तथा स्थानीय सडक समेत दुई भागमा विभाजन गरी कार्यक्रम तयार गर्ने गरेको देखिन्छ। बोर्डले विगत पाँच वर्षमा सडक मर्मत सम्भारका लागि देहायबमोजिम बजेट विनियोजन र निकासा गरेको छः

आर्थिक वर्ष	स्वीकृत बजेट (रु. लाखमा)	निकासा (रु. लाखमा)	निकासा %	खर्च (रु. लाखमा)	खर्च %
२०७७।०७८	१६५२४२	११९८०४	७२.५०	६०५९९	५०.५८
२०७८।०७९	१४९१०८	११७१३७	७८.५६	७७८२८	६६.४४
२०७९।०८०	१६८४१५	१४२२८४	८४.४८	८०९१३	५६.८७
२०८०।०८१	११९२४४	१०६१०६	८८.९८	९२७७१	८७.४३
२०८१।०८२	८५४८१	७४३१२	८६.९३	६६८९६	९०.०२
जम्मा	**६८७४९०**	**५५९६४३**	**८१.४०**	**३७९००७**	**६७.७२**

स्रोतः सडक बोर्ड नेपाल



राजमार्गहरूको मर्मत सम्भारका लागि सडक बोर्ड, नेपालले विगत पाँच वर्षमा कुल विनियोजित बजेट रु. ६८ अर्ब ७४ करोड ९० लाख को ८१.४ प्रतिशत अर्थात ५५ अर्ब ९६ करोड ४३ लाख निकासा भई सोको ६७.७२ प्रतिशत अर्थात् रु. ३७ अर्ब ९० करोड ७ लाख खर्च भएको छ। सडक सञ्जाल वृद्धि हुँदै गए तापनि बजेटको आकार घट्दो रहेको तथा निकासाबमोजिम खर्चसमेत हुन नसकेको देखिन्छ। सडक मर्मत सम्भारमा संलग्न निकायबीच समन्वय अभाव, न्यून बजेट विनियोजन, योजना स्वीकृति, ठेक्का प्रक्रिया र भुक्तानीमा ढिलाइका कारण स्वीकृत बजेट लक्ष्य अनुसार खर्च हुन सकेको देखिएन। सडक सञ्जालहरूको योजनाबद्ध नियमित मर्मत सम्भार नहुँदा सडक थप जीर्ण भई पुनर्निर्माणको भार बढ्ने, दुर्घटना वृद्धि हुने लगायतका जोखिम बढेको छ। आवश्यकता अनुसार बजेट विनियोजन तथा मर्मत सम्भार गर्ने निकायबीच आवश्यक समन्वय मार्फत योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाई सडक मर्मत सम्भारमा कार्यदक्षता अभिवृद्धि गर्नुपर्दछ।

१३.१ रणनैतिक सडक मर्मत सम्भारका लागि बोर्डले विगत पाँच वर्षमा सडक सम्बन्धी निकायहरू (सडक विभाग तथा मातहतका महाशाखा, सङ्घीय सडक अनुगमन तथा सुपरीवेक्षण कार्यालय, सडक डिभिजन कार्यालय, हेभि इक्विपमेन्ट डिभिजन, यान्त्रिक कार्यालय) मा देहायबमोजिम बजेट विनियोजन र निकासा गरेको देखिन्छः

आर्थिक वर्ष	स्वीकृत बजेट (रु. लाखमा)	निकासा (रु. लाखमा)	निकासा %	खर्च (रु. लाखमा)	खर्च %	खर्च गर्ने निकाय/कार्यालय सङ्ख्या
२०७७।७८	१३५२७४	११३९८८	८४.२६	५२२२०	४५.८१	५५
२०७८।७९	१२५०००	१०४३७९	८३.५०	६२८९९	६०.२६	५७
२०७९।८०	१४५५८३	१२४८३२	८५.७४	६३६६३	५१.००	६३
२०८०।८१	९५११६	९२१२१	९६.८५	७५३६४	८१.८१	६२
२०८१।८२	६२६८१	६२१४६	९९.१५	४७२६८	७६.०६	६०
जम्मा	५६३६५४	४९७४६६	८८.२६	३०१४१४	६०.५९	

स्रोतः सडक बोर्ड नेपाल



उल्लिखित विवरण अनुसार बोर्डले विगत पाँच वर्षमा स्थानीय सडक मर्मत सम्भारका लागि कुल बजेट विनियोजन रु. ५६ अर्ब ३६ करोड ५४ लाख को ८८.२६ प्रतिशत अर्थात् रु. ४९ अर्ब ७४ करोड ६६ लाख निकासा भई सोको ६०.९१ प्रतिशत अर्थात् ३० अर्ब १४ करोड १४ लाख खर्च भएको छ। रणनीतिक सडक मर्मत सम्भारका लागि खर्च गर्ने निकाय/कार्यालयहरू ५५ देखि क्रमशः बढ्दै ६३ सम्म पुगे तापनि बजेटको आकार घट्दो रहेको तथा निकासाबमोजिम खर्चसमेत हुन सकेको छैन। रणनीतिक सडक मर्मत सम्भारको आवश्यकता, सडकको वास्तविक अवस्था, यातायात चाप तथा कार्यान्वयन निकायहरूको सङ्ख्या समेतलाई आधार मानी बजेटको पर्याप्तता पुनरावलोकन गरी आवश्यकतानुसार बजेट वृद्धि तथा यथोचित पुनर्विनियोजन गरिनुपर्दछ।

१३.२ स्थानीय सडक मर्मत सम्भारका लागि बोर्डले विगत पाँच वर्षमा निम्न स्थानीय तहहरूलाई देहायबमोजिम बजेट विनियोजन तथा निकासा गरेको पाइयोः

आर्थिक वर्ष	स्वीकृत बजेट (रु. लाखमा)	रकम निकासा (रु. लाखमा)	निकासा %	खर्च गर्ने निकाय/कार्यालय सङ्ख्या
२०७७/७८	२९९६८	५८१६	१९.४१	२६७
२०७८/७९	२४१०८	१२७५८	५२.९२	३३१
२०७९/८०	२२८३२	१७४५२	७६.४४	४३९
२०८०/८१	२४१२८	१३९८५	५७.९६	५५०
२०८१/८२	२२८००	१२१६६	५३.३६	५८३
जम्मा	**१२३८३६**	**६२१७७**	**५०.२१**	

स्रोतः सडक बोर्ड नेपाल



उल्लिखित विवरण अनुसार बोर्डले विगत पाँच वर्षमा स्थानीय सडक मर्मत सम्भारका लागि कुल बजेट विनियोजन रु. १२ अर्ब ३८ करोड ३५ लाख को ५०.२१ प्रतिशत अर्थात् रु. ६ अर्ब २१ करोड ७७ लाख निकासा भएको छ। खर्चको यथार्थ अवस्था यकिन हुने तथ्याङ्क बोर्डबाट उपलब्ध हुन नसक्दा सोको विश्लेषण गर्न सकिएन। स्थानीय सडकहरूको मर्मत सम्भार समयमै हुन नसकी सडकको अवस्था कमजोर हुने, यातायात सेवा तथा जनसुरक्षामा प्रतिकूल असर पर्ने र सार्वजनिक स्रोतको प्रभावकारी उपयोग नहुने अवस्था सिर्जना भएको छ। त्यसैले योजना तथा बजेट तयारी यथार्थपरक बनाउने, पूर्वतयारी सम्पन्न योजनामात्र कार्यक्रममा समावेश गर्ने, खरिद तथा निकासा प्रक्रिया सरलीकरण गर्ने र कार्यान्वयन निकायको क्षमता अभिवृद्धि गरी बजेट कार्यान्वयन प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

१४. **आम्दानी र खर्च** - सडक बोर्ड ऐन, २०५८ को दफा २४ मा कोष र र दफा २५ मा कोषमा प्राप्त रकमको प्रयोग गर्ने व्यवस्था रहेको छ। सोही बमोजिम बोर्डले विगत पाँच वर्षमा गरेको आम्दानी र खर्च देहायबमोजिम रहेको छः

आर्थिक वर्ष	आम्दानी (रु. लाखमा)	खर्च (रु. लाखमा)	बचत/(न्यून) (रु. लाखमा)
२०७७/७८	७३७५९	६११७६	१२५८३
२०७८/७९	७३८६९	७८५८२	-४७१३
२०७९/८०	७०५३०	८२०६०	-११५३०
२०८०/८१	३८७५१	९३४२३	-५४६७२
२०८१/८२	४४५९७	६७७०८	-२३१११
जम्मा	**३०१५०६**	**३८२९४९**	**-८१४४३**

स्रोतः सडक बोर्ड नेपाल

बोर्डबाट प्राप्त विवरण अनुसार विगत पाँच वर्षमा बोर्डको कुल आम्दानी रु. ३० अर्ब १५ करोड ६ लाख र खर्च रु. ३८ अर्ब २९ करोड ४९ लाख हुँदा आम्दानी भन्दा खर्च रु. ८ अर्ब १४ करोड ४३ लाख बढी भएको देखिन्छ। आम्दानीका स्रोतको वृद्धि खर्चको अनुपातमा हुन नसक्नु, मर्मत दायित्व विस्तार हुँदै जानु तथा व्यय नियन्त्रण प्रभावकारी नहुनु यसको प्रमुख कारण देखिन्छ। यसबाट कोषको वित्तीय दिगोपनामा जोखिम उत्पन्न भई भविष्यमा आवश्यक सडक मर्मत सम्भार कार्यक्रम प्रभावित हुन सक्ने अवस्था रहन्छ। त्यसैले आम्दानीका स्रोत, शुल्क दर तथा खर्च संरचनाको पुनरावलोकन गरी कोषको आय-व्यय सन्तुलन कायम हुने व्यवस्था गर्नुपर्दछ।

१५. **लक्ष्य तथा प्रगति** - सडक बोर्ड नियमावली, २०६० को नियम ६ मा बोर्डले एकीकृत वार्षिक कार्यक्रम तर्जुमा गर्दा सडकको नियमित, पटके तथा आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार, पुनर्निर्माण तथा पुनर्स्थापनालगायतका कार्यक्रम समेट्नुपर्ने उल्लेख छ। बोर्डले विगत पाँच आर्थिक वर्षमा रणनीतिक सडकहरूको नियमित मर्मत, पटके मर्मत, आवधिक मर्मत, पुनःस्थापना तथा पुनर्निर्माण, विशेष मर्मत, आकस्मिक मर्मत लगायतको मर्मत सम्भार कार्य गर्दा लिइएको लक्ष्य र सोको प्रगति देहाय बमोजिम रहेको छः

क्रस	सडक मर्मत तथा सम्भार शीर्षक	आ.व. २०७७/७८			आ.व. २०७८/७९			आ.व. २०७९/८०			आ.व. २०८०/८१			आ.व. २०८१/८२		
		लक्ष्य (कि.मि)	प्रगति (कि.मि.)	प्रगति %	लक्ष्य (कि.मि)	प्रगति (कि.मि.)	प्रगति %	लक्ष्य (कि.मि.)	प्रगति (कि.मि.)	प्रगति %	लक्ष्य (कि.मि.)	प्रगति (कि.मि.)	प्रगति %	लक्ष्य (कि.मि.)	प्रगति (कि.मि.)	प्रगति %
१	नियमित	९५६४	९५६४	१००	७८८२	७८८२	१००	८२५४	८२५४	१००	७७९५	७७९५	१००	७९३६	७९३६	१००
२	पटके	५५६२	५५६२	१००	५१४५	५१४५	१००	५३१४	५३१४	१००	४८६५	४८६५	१००	३९२९	३९२९	१००
३	आवधिक मर्मत	८११	४२३	५२	६८४	३००	४४	७१९	३००	४२	९२६	६८७	७४	५०५	३६९	७३
४	पुनःस्थापना तथा पुनर्निर्माण	१८९	४०	२१	११५	३०	२६	१३०	६०	४६	१२२	९२	७५	७५	३९	५२
५	विशेष मर्मत	१००	७०	७०	१००	७०	७०	१००	८५	८५	१००	९०	९०	१००	९०	९०
६	आकस्मिक मर्मत	१००	१००	१००	१००	१००	१००	१००	६०	६०	१००	७०	७०	१००	८०	८०
७	सडक सुरक्षा	१००	१००	१००	१००	१००	१००	१००	८५	८५	१००	९५	९५	१००	९५	९५

स्रोतः सडक बोर्ड नेपाल



सडक बोर्ड नियमावली, २०६० को नियम ३ बमोजिमको बोर्डको कार्यक्षेत्रभित्र पर्ने सडक मर्मत सम्भार कार्य गर्ने व्यवस्था छ। बोर्डले विगत पाँच आर्थिक वर्षमा रणनीतिक सडकहरूको नियमित मर्मत पटके मर्मत, आवधिक मर्मत, पुनःस्थापना तथा पुनर्निर्माण, आकस्मिक मर्मत लगायतको मर्मत सम्भार कार्य गर्दा लिइएको लक्ष्य अनुसार नियमित र पटके मर्मतको प्रगति शत प्रतिशत रहेको भएपनि आवधिक मर्मतको औसत प्रगति ५७ प्रतिशत र पुनर्स्थापना तथा पुनर्निर्माणको औसत प्रगति ४४ प्रतिशत रहेको छ। योजनाबद्ध आवधिक मर्मत र पुनर्स्थापना तथा पुनर्निर्माणले सडकको आयु बढाउने भएकोले आवधिक मर्मत र पुनर्स्थापना तथा पुनर्निर्माण कार्यलाई जोड दिनुपर्दछ।

१६. **कार्यक्षेत्रमा दोहोरोपना** - सडक बोर्ड नियमावली, २०६० को नियम ४ मा सडकहरूलाई राजमार्ग, सहायक राजमार्ग, शहरी मार्ग, जिल्ला मार्ग, ग्रामीण तथा कृषि सडक र अन्य सडक गरी वर्गीकरण गरिएकोमा

राजमार्ग तथा सहायक राजमार्ग सडक विभाग अन्तर्गतको क्षेत्रमा रहेको उल्लेख छ। बोर्डबाट प्राप्त विवरण अनुसार विशेष महत्त्वका सडक मर्मत कार्यक्रममा रु. ४ अर्ब १७ करोड ४५ लाख ४६ हजार विनियोजन भएको छः

क्र.सं.	आर्थिक वर्ष	विनियोजित वजेट (रु. हजारमा)	कुल योजना संख्या	सडक डिभिजन कार्यालय	योजना संख्या	योजना स्वीकृत (रु. हजारमा)	प्रतिशत
१	२०७७।७८	६०००००	उल्लेख नभएको	काठमाडौं	उल्लेख नभएको	२०००००	३३.३३
२	२०७८।७९	७१००००	उल्लेख नभएको	पोखरा	उल्लेख नभएको	८५०००	११.९७
३	२०७९।८०	८६५७४६	५०	काठमाडौं	१६	८७०४६	१०.०५
४	२०८०।८१	१४९८८००	१६३	दाङ	२५	१५९५००	१०.६४
५	२०८१।८२	५०००००	१०४	दमक	२५	१२७०००	२५.४०
	जम्मा	**४१७४५४६**				**६५८५४६**	

स्रोतः सडक बोर्ड नेपाल

बोर्डले स्थानीय तहको सडक मर्मत सम्भारमा लागत सहभागिता हुने गरी अनुदान दिने गरे तापनि विशेष महत्त्वका सडक मर्मत शीर्षकअन्तर्गत स्थानीय तहको कार्यक्षेत्रमा पर्ने सडक मर्मतका लागि सडक डिभिजन कार्यालयहरूबाट मर्मत कार्यक्रम कार्यान्वयन गरेको देखियो। स्थानीय तह अन्तर्गतको सडक मर्मत सम्भार सडक डिभिजन कार्यालयहरूबाट गराउँदा कार्यक्षेत्रमा दोहोरोपना हुनुको साथै स्थानीय तहबाट हुनुपर्ने लागत सहभागिता समेत भएको देखिँदैन। सडक मर्मत सम्भारको स्पष्ट कार्यक्षेत्र तोकिनुपर्दछ।

१७. **एकद्वार प्रणाली** - सडक बोर्ड ऐन, २०५८ मा नेपाल सरकारले राज्यको सम्पूर्ण सडक सञ्जालहरूको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भार गर्न सडक बोर्ड नेपाल स्थापना गरेको छ। सडक बोर्ड नियमावली, २०६० को नियम ६ मा बोर्डले सडकको पुनर्स्थापना सडकको पुननिर्माण र सडकको स्तरवृद्धि लगायतका कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सडक मर्मत सम्भारका लागि वार्षिक विकास कार्यक्रममा सडक मर्मत सम्भारका लागि सडक बोर्डलाई अनुदान दिनुका साथै राजमार्ग स्तरोन्नति तथा पुनर्स्थापना कार्यक्रमका लागि छुट्टै बजेट विनियोजन गरी सम्बन्धित सडक डिभिजन कार्यालयहरूलाई निकासा दिने गरेको छ। मन्त्रालयको विगत ५ वर्षको मर्मत सम्भार शीर्षकको विनियोजन देहाय अनुसार छः

क्र.सं.	आर्थिक वर्ष	कार्यक्रम/आयोजना	बिनियोजित बजेट (रु. लाखमा)	कार्यक्रम/आयोजना	सडक बोर्डलाई अनुदान (रु. लाखमा)
१	२०७७।७८	राजमार्ग स्तरोन्नती तथा पुनर्स्थापना कार्यक्रम (बजेट उपशिर्षक नं. ३३७०११३८)	१०९६७८	सडक बोर्ड (बजेट उपशिर्षक नं. ३३७३१०१)	७२५००
२	२०७८।७९		९१०८०		७२५००
३	२०७९।८०		८०३६७		७१२०७
४	२०८०।८१		३७८५१		३६६५०
५	२०८१।८२		६५४२८		४३७००
	जम्मा		**३४८४०४**		**२९६५५७**

स्रोतः भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

मर्मत-सम्भार कार्य सडक बोर्डबाट सम्बन्धित डिभिजन कार्यालयहरू मार्फत गराउने गरेको छ। सडक बोर्ड र सडक विभाग मार्फत निकासा दिने कार्यले योजना छनोट र बजेट निकासा प्रणालीमा समेत

दोहोरोपना देखिएको छ। बोर्डको काम कर्तव्यलाई स्पष्ट गरी सडक मर्मत सम्भार कार्यमा एकद्वार प्रणाली अपनाउनु पर्दछ।

१८. **एकीकृत वार्षिक सडक मर्मत सम्भार योजना -** सडक बोर्ड ऐन, २०५८ को दफा १४ मा सडक सम्बन्धी निकायले प्रत्येक वर्ष आफुले मर्मत सम्भार गर्न चाहेको सडक त्यसका लागि आवश्यक पर्ने रकम लगायत तोकिए बमोजिमका अन्य विवरण खुलाई वार्षिक सडक मर्मत सम्भार योजना पेश गर्नुपर्ने र दफा १५ बमोजिम सोको पुनरावलोकन गरी एकीकृत वार्षिक कार्यक्रम बनाई सडक बोर्डले सडकहरूको मर्मत सम्भार गराउने व्यवस्था रहेको छ। उक्त योजना निर्माणको लागि सम्बन्धित सडक डिभिजन कार्यालयहरूबाट सडक बोर्डमा पेश भई सडकहरूको अवस्था, सवारी चापको अवस्था, बोर्डलाई प्राप्त अनुदान आन्तरिक आय र अन्य आयको आधारमा पुनरावलोकन गरी कार्यक्रम स्वीकृत हुने गरेको छ। डिभिजन कार्यालयहरूबाट पहिचान गरी माग गरेको योजनाहरू क्षेत्रीय, विभाग मार्फत सडक बोर्डसम्म संशोधित हुँदै आउँदा डिभिजनहरूबाट तयार गरी पठाइएको वार्षिक सडक मर्मत सम्भार योजना बमोजिमको माग सम्बोधन हुन सकेको देखिँदैन। एकीकृत वार्षिक सडक मर्मत सम्भार योजना लाई स्वचालित अनलाईन प्रणाली अवलम्बन गरी योजना छनोटमा सुधार गर्नुपर्दछ।



१९. **सडक भार क्षमता -** सडक बोर्ड ऐन, २०५८ को दफा १७ मा सडकको मर्मत सम्भार गर्दा कायम गर्नु पर्ने गुणस्तर तोक्ने अधिकार सडक बोर्डलाई हुने व्यवस्था छ। नमूना छनौटका आधारमा सडक डिभिजन कार्यालयहरूको स्थलगत अवलोकन गर्दा त्रिभुवन राजमार्गको पथलैया-अमलेखगञ्ज सडक खण्ड महेन्द्र राजमार्गको हेटौंडा-चितवन सडक खण्डमा बढि भारवहन भएका सवारी साधन आवत जावत गरेका कारण सडकमा अपेक्षित आयुभन्दा अगावै क्षति पुगेको देखियो। सडक डिजाइन गर्दा निश्चित अक्ष भारलाई आधार मानी संरचना तयार गरिने हुँदा सो भन्दा बढी भार प्रयोग हुँदा सडक सतह तथा संरचनात्मक तहमा चिरा पर्ने, धसिने तथा खाडल पर्ने लगायतका समस्या देखिएको छ। सडक निर्माण गर्दा तोकिएको भार सीमा कडाइका साथ कार्यान्वयन गर्ने, तौल मापन प्रणाली प्रभावकारी बनाउने तथा सम्बन्धित निकायबीच समन्वय गरी सडक भार क्षमता मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

२०. **म्याद थप -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था छ। सडक बोर्डको रणनीति अनुसार मर्मत सम्भार कार्य सोही वर्षको बजेट र समयसीमा भित्र सम्पन्न गर्नुपर्नेमा मर्मत सम्भार कार्यहरूमा म्याद थप भएको देखिन्छ। मर्मत तथा सम्भार कार्यक्रमहरू अन्तर्गत पटके मर्मत, आवधिक मर्मत, पुनर्स्थापना तथा पुननिर्माणको कार्यान्वयनको क्रममा ३ पटकसम्म म्याद थप भएको देखिन्छ। कार्यालयहरूले बेमौसमी वर्षा, स्थानीय विवाद, निर्माण सामाग्रीको अभाव, अप्रयाशित मूल्य वृद्धि, विभिन्न चाडपर्वले कामदारहरूको अभाव, बाढी, पहिरो लगायतका कारणहरू जनाई म्याद थप गरेको अवस्था छ। बोर्डको नीति अनुसार वास्तविक समयावधिमा सम्पन्न गर्नुपर्ने मर्मत सम्भार कार्यको म्याद थप गर्दा सेवा प्रवाहमा पर्ने असर र प्रभाव विश्लेषण गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

(म्याद थप सम्बन्धी विस्तृत विवरण अनुसूची १ मा राखिएको छ ।)

२१. **आवधिक एकीकृत कार्यक्रम तयार नभएको -** सडक बोर्ड नियमावली, २०६० को नियम ७ बमोजिम बोर्डले सडकको पुनर्स्थापना, पुननिर्माण, स्तरवृद्धि र सुरक्षाको विषयमा तीन वा पाँच वर्षको लागि आवधिक ऐकीकृत कार्यक्रम तर्जुमा गर्न सक्ने व्यवस्था छ। बोर्डले हालसम्म आवधिक एकीकृत कार्यक्रमहरू तयार गरी कार्यान्वयन गरेको देखिएन। बोर्डले पुनर्स्थापना, पुननिर्माण र स्तरोन्नत्तिका लागि आवधिक कार्यक्रम कार्यान्वयन गर्न स्रोत सुनिश्चितता नहुने हुँदा त्यस्ता कार्यक्रम सम्बोधन गर्न नसकिएको जनाएको छ। नियमावलीमा भएको व्यवस्था बमोजिम आवधिक एकीकृत कार्यक्रम तयार गरी कार्यान्वयन गर्नु पर्दछ।

२२. **पुलको मर्मत -** सडक बोर्ड नियमावलीको नियम ६ मा बोर्डको एकीकृत वार्षिक कार्यक्रममा पुल मर्मतको सम्बन्धमा छुट्टै कार्यक्रम तयार गर्नुपर्ने व्यवस्था छ। बोर्डबाट प्राप्त विवरण अनुसार एकीकृत वार्षिक कार्यक्रममा पुल मर्मतका लागि कार्यक्रम तयार हुने गरेको देखिएन। पुल मर्मतको लागि बोर्डबाट डिभिजन कार्यालयहरूलाई रकम निकासा नहुने हुँदा पुलको मर्मत कार्य नियमित रूपमा हुने गरेको देखिएन। पुलहरूको नियमित मर्मत सम्भार नहुँदा संरचनात्मक क्षति बढ्ने, उपयोग आयु घट्ने, सवारी तथा यात्रुको सुरक्षामा जोखिम उत्पन्न हुने, यातायात सेवा अवरुद्ध भई आर्थिक-सामाजिक गतिविधिमा प्रतिकूल प्रभाव पर्ने तथा विपद् प्रतिरोध क्षमता कमजोर हुने गर्दछ। पुलहरूको अवस्था मूल्याङ्कनका आधारमा आवश्यक मर्मत कार्यक्रमहरू एकीकृत वार्षिक मर्मत सम्भार योजनामा समावेश गरी पर्याप्त बजेट विनियोजनसहित कार्यान्वयन गर्नुपर्दछ।

२३. **निकासा तथा खर्च -** सडक बोर्ड ऐन, २०५८ को दफा १६ मा एकीकृत वार्षिक कार्यक्रममा समावेश भएका सडकहरूको मर्मत सम्भारका लागि सम्बन्धित निकायहरूलाई रकम उपलब्ध गराउने व्यवस्था रहेको छ। कार्यालयको आवश्यकता तथा सम्पन्न निर्माण कार्यको आधारमा बजेट निकासा नभई किस्ताबन्दी रूपमा निकासा हुने गरेको छ। कुनै निकायमा बजेट अपुग हुँदा सम्पन्न कार्यको भुक्तानी हुन नसक्ने, आवश्यक नभएको निकायमा बजेट विनियोजन हुँदा खर्च नभई प्रगति समेत नदेखिने अवस्था रहेको छ। सम्पन्न भइसकेका आयोजनाहरूमा समेत समयमै निकासा हुन सकेको छैन। निकायहरूबीच समन्वय गर्दै निकासा व्यवस्थापनलाई छिटो सरल र प्रभावकारी बनाउनु पर्दछ।

२४. **सडक सुरक्षाको अवस्था -** सडक बोर्ड निर्देशिका, २०६० को दफा २६ मा सडक सुरक्षा सम्बन्धी व्यवस्था छ। बोर्डबाट प्राप्त विवरण अनुसार २०७७।७८ देखि २०८१।८२ सम्म सडक सुरक्षाका लागि देहायबमोजिम बजेट विनियोजन भएको देखिन्छः

(रु. लाखमा)

आर्थिक वर्ष	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
कुल विनियोजन	१३५२७३	१२५०००	१४५५८२	९५११५	६२६८०
सडक सुरक्षा	८९५	१२२९	३३९८	१२२०	१७०८
प्रतिशत(%)	०.६६	०.९८	२.३३	१.२८	२.७२

स्रोतः सडक बोर्ड नेपाल

सडक सुरक्षाका लागि न्यून बजेट विनियोजन हुने गरेकोले सडक सुरक्षा प्रभावकारी देखिएको छैन्। सडक बोर्डले सडक सुरक्षा सम्बन्धी कार्यक्रमहरू प्रायः अन्य मर्मत कार्यहरूसँग एकीकृत रूपमा कार्यान्वयन गरिने भएकाले छुट्टै शीर्षकमा पर्याप्त बजेट विनियोजन हुन नसकेको जनाएको छ। सडक सुरक्षामा न्यून बजेट विनियोजन र कमजोर कार्यान्वयनका कारण दुर्घटनाको जोखिम बढ्नुका साथै सडकको दिगो प्रयोग, जनधनको सुरक्षा र संस्थागत विश्वसनीयतामा नकारात्मक प्रभाव परेको छ। सडक सुरक्षालाई उच्च प्राथमिकता दिई पर्याप्त बजेट विनियोजन, प्राविधिक मापदण्डमा आधारित योजना छनौट, प्रभावकारी अनुगमन तथा समन्वय सुदृढ गर्दै सडक सुरक्षा सुनिश्चित गर्नुपर्दछ।



२५. **खर्च न्यूनीकरण कार्ययोजना -** सडक बोर्ड निर्देशिका, २०६० को दफा २८ मा बोर्डले सडक मर्मत अन्तर्गत लाग्ने खर्च न्यूनीकरण गर्ने सम्बन्धमा कार्ययोजना बनाउनु पर्ने व्यवस्था छ। सो सम्बन्धमा सडक डिभिजन कार्यालय, बुटवल, सडक डिभिजन कार्यालय, कपिलवस्तु कार्यालयहरूलाई यस विषयमा केही जानकारी नरहेको, सडक डिभिजन कार्यालय, हेटौंडा, इलाम र सिन्धुली अनुसार बोर्डद्वारा कार्ययोजना तयार गरे तापनि समय समयमा सुपरीवेक्षण तथा अनुगमन गर्ने गरिएको देखिएन। सडक बोर्डले खर्च न्यूनीकरणका लागि कुनै खास संयन्त्र निर्माण गरेको नभए तापनि खर्च न्यूनीकरणका लागि कार्यसम्पन्न प्रतिवेदन माग गरी खर्चको यथार्थता बुझेर मात्र निकासा दिने, समयमै मर्मत गरी पुनर्स्थापनाको लागत बचाउने जस्ता कार्य गरेको जनाएको छ। खर्च न्यूनीकरण सम्बन्धी स्पष्ट कार्ययोजना र समन्वयको अभावका कारण मर्मत कार्यको प्रभावकारिता घट्नुका साथै लागत नियन्त्रण प्रभावकारी देखिएको छैन। खर्च न्यूनीकरणका लागि स्पष्ट कार्ययोजना तथा संयन्त्र विकास गरी सबै डिभिजन कार्यालयमा प्रभावकारी रूपमा कार्यान्वयन, अनुगमन र समन्वय सुदृढ गर्नुपर्छ।

२६. **जनसन्तुष्टि मापन र मूल्याङ्कन -** राष्ट्रिय राजमार्गहरूको मर्मतको स्थिति विषयमा सर्वसाधारण जनताहरू तथा सडक प्रयोगकर्ताहरूसँग प्रश्नावली मार्फत् सूचना सङ्कलन गर्न १०० जनालाई प्रश्नावली पठाउँदा सो मध्ये ४० जनाबाट मात्र जवाफ प्राप्त भएको छ। प्राप्त प्रतिक्रियाहरूको विश्लेषण गर्दा, उत्तरदाताहरूको धारणा मिश्रित प्रकृतिको रहेको देखियो। केही प्रमुख मापनहरू यस प्रकार छन् :

- सेवा उपलब्धता तथा प्रभावकारिता सम्बन्धमा सोधिएको प्रश्नमा १० प्रतिशतले राजमार्गको अवस्था राम्रो, ५० प्रतिशतले सन्तोषजनक, ३० प्रतिशतले कमजोर र १० प्रतिशतले अत्यन्त कमजोर रहेको बताएका छन्। त्यस्तै, सडकमा खाल्डाखुल्डी र धुलोको सम्बन्धमा १० प्रतिशतले धेरै, ६० प्रतिशतले केही र ३० प्रतिशतले न्यून रहको बताए।
- समय व्यवस्थापन तथा कार्यक्षमता सम्बन्धमा सोधिएको प्रश्नमा ४० प्रतिशत उत्तरदाताले मर्मत कार्य समयमै सम्पन्न हुने, ३० प्रतिशतले कहिले समयमा त कहिले ढिलो हुने र ३० प्रतिशतले सधैं ढिलो

हुने प्रतिक्रिया दिए। साथै ६० प्रतिशतले मर्मत कार्य भैरहदा वैकल्पिक मार्गको व्यवस्थापन भएको प्रतिक्रिया दिएका छन।

- स्रोत उपयोग सम्बन्धमा सोधिएको प्रश्नमा ६० प्रतिशत उत्तरदाताले एउटै सडक पटक पटक मर्मत गरिएको प्रतिक्रिया दिएको र ५० प्रतिशतले मर्मत कार्य गुणस्तरयुक्त नभएको प्रतिक्रिया दिएका छन।
- पारदर्शिता र जवाफदेहिता बारेमा सोधिएको प्रश्नमा ६० प्रतिशत उत्तरदाताले पारदर्शिता रहेको, २० प्रतिशतले पारदर्शिता पर्याप्त नभएको र २० प्रतिशतले केही प्रतिक्रिया नदिएको देखियो।
- प्रभाव तथा असर सम्बन्धी प्रश्नको जवाफमा यात्रामा ढिलाई हुने ५० प्रतिशत, सवारी साधनमा क्षति हुने ३० प्रतिशत, दुर्घटनाको जोखिम हुने १० प्रतिशत र आर्थिक असर १० प्रतिशतलाई परेको देखियो।

प्रस्तुत जवाफ मूल्याङ्कन गर्दा सडक मर्मत व्यवस्थापनको अवस्था सन्तोषजनक रहेको देखिएन्। केही क्षेत्रमा सकारात्मक पहलहरू भए तापनि ती अझ सुदृढ, दिगो र प्रभावकारी बनाउन आवश्यक छ।

परिच्छेद-४

निष्कर्ष तथा सुझाउ

राजमार्ग तथा सडकहरू कुनै पनि देशको आर्थिक, सामाजिक तथा भौगोलिक एकीकरणका आधारभूत पूर्वाधार हुन्। यी सडक सञ्जालहरूले उत्पादन क्षेत्रलाई बजारसँग, ग्रामीण क्षेत्रलाई सहरी केन्द्रसँग तथा देशलाई अन्तर्राष्ट्रिय व्यापारिक मार्गसँग जोड्ने काम गर्छन। नेपालको भौगोलिक जटिलता र विविधतायुक्त बनावटमा सडक विकासको मेरुदण्ड मात्र नभई राष्ट्रिय एकता र समृद्धिको मुख्य संवाहक पनि हो। सडक मर्मतका लागि वित्तीय स्रोत व्यवस्थापन तथा कार्यक्रम समन्वय गर्ने उद्देश्यले सडक बोर्ड नेपाल स्थापना गरिएको छ, जसले इन्धन कर तथा सडक प्रयोग शुल्कबाट सङ्कलित स्रोतलाई विभिन्न सडक निकायहरूमा वितरण गरी मर्मत कार्य गर्दै आएको छ। सडक मर्मत सम्भार कार्यका लागि नीतिगत तथा कानुनी व्यवस्था स्थापना नहुनु, नियमित मर्मत भएतापनि सडक मर्मत कार्यमा संलग्न निकायहरूबीच समन्वयको कमी, जिम्मेवारीको अस्पष्टता, योजना निर्माण तथा प्राथमिकता निर्धारणमा कमजोरी, पर्याप्त बजेट नहुनु तथा उपलब्ध स्रोतको प्रभावकारी उपयोग नहुनु लगायतका चुनौतीहरू देखिएका छन। साथै, मर्मत कार्यहरू समयमै सम्पन्न नभई बारम्बार म्याद थप हुने प्रवृत्ति, अनुगमन तथा गुणस्तर नियन्त्रण प्रणाली कमजोर हुनु र आधुनिक प्रविधिमा आधारित सडक सम्पत्ति व्यवस्थापन प्रणालीको अभावले पनि समग्र कार्यसम्पादनमा नकारात्मक प्रभाव परेको छ।

राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भारका क्षेत्रमा देखिएका समस्याहरूलाई सुधार गर्न देहायबमोजिमका सुझावहरू कार्यान्वयन हुनु पर्दछः

- मौजुदा कानुनहरूमा भएका कमी कमजोरीहरूलाई परिमार्जन गरी संविधान सम्मत बनाई कार्यान्वयन गर्ने तथा सडक मर्मत सम्भारका लागि विशिष्टीकृत कानुन निर्माणमा ध्यान दिनुपर्दछ।
- बोर्डको उद्देश्य र आवश्यकता अनुरूप स्पष्ट कार्यक्षेत्र निर्धारण गरी सोही बमोजिम कर्मचारी व्यवस्थापन, बजेट तथा निकासा व्यवस्थापन र कार्य योजना तयार गरी खर्च न्यूनीकरण गरी प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।
- नियमित मर्मत, पटके मर्मत र आकस्मि मर्मत अनुसार आवधिक मर्मतलाई समेत प्राथमिकतमा राखी सोको कार्यान्वयनमा जोड दिनुपर्दछ।
- बोर्डको काम कर्तव्यलाई स्पष्ट एवम् निकायबीच समन्वय सुदृढ गरी कार्यप्रणालीलाई एकद्वार बनाउनुपर्दछ।
- नियमावलीमा भएको व्यवस्था बमोजिम आवधिक एकीकृत कार्यक्रम तयार गर्दा स्वचालित अनलाईन प्रणाली अवलम्बन गर्नुपर्दछ।
- सडकको सुरक्षा र गुणस्तरलाई उच्च प्राथमिकता दिई पर्याप्त बजेट विनियोजन, प्राविधिक आधारमा योजना छनौट र प्रभावकारी अनुगमन तथा समन्वय सुदृढ गर्दै सडक भार क्षमता मापदण्ड कार्यान्वयन प्रभावकारी बनाउनुपर्दछ।
- बोर्डको नीति अनुसार वास्तविक समयावधिमा सम्पन्न गर्नुपर्ने मर्मत सम्भार कार्यको म्याद थप गर्दा परेको असर र प्रभाव विश्लेषण गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ।
- खर्च न्यूनीकरणका लागि स्पष्ट कार्ययोजना तथा संयन्त्र विकास गरी प्रभावकारी कार्यान्वयन, अनुगमन र समन्वय सुदृढ गर्नुपर्दछ।

अनुसूचीहरू

म्याद थप भएका योजनाहरू

अनुसूची-१

सि.नं.	योजनाको नाम	सम्झौता मिति	सम्पन्न हुनुपर्ने मिति	सम्पन्न भएको मिति	म्याद थप संख्या	म्याद थप हुनुका कारण
१	Recurrent Maintenance of Mechi Highway(Ranke-Kabeli Seciton)	२०७७-०७-०६	२०७८-०१-०६		१	कोभिड १९/ लकडाउन/निषेधाज्ञा
२	Reccurrent Maintenance of Mechi Highway(Kabeli-Seketar Section)	२०७७-०७-०६	२०७८-०१-०६		२	कोभिड १९/ लकडाउन/निषेधाज्ञा
३	Periodic Maintenance works of Mechi Highway (Maikhola-Biblyate Section)	२०७७-१२-२३	२०७८-०३-२५		१	कोभिड १९/ लकडाउन/निषेधाज्ञा
४	Periodic Maintenance of Mechi Highway (Phidim-Gopetar Section)	२०७७-१०-२६	२०७८-०३-१५		३	कोभिड १९/ लकडाउन/निषेधाज्ञा
५	Reactive Maintinance works of Mechi Highway (Chihanedanda-Fikkal Section)	२०७७-१२-१०	२०७८-०३-२५		२	कोभिड १९/ लकडाउन/निषेधाज्ञा
६	Reactive Maintenance of Fikkal- Chhabise, Fikkal Pashupatinagar and Mechi Highway (Fikkal-Ranke Section)	२०७७-०९-२८	२०७८-०३-२५		१	कोभिड १९/ लकडाउन/निषेधाज्ञा
७	Reactive Maintinance of Mechi Highway (Ranke-Phidim Section	२०७७-१०-०८	२०७८-०३-२५		२	कोभिड १९/ लकडाउन/निषेधाज्ञा
८	Reactive maintenance of Mechi Highway Phidim Gopetar kaveli section	२०७७-१०-०८	२०७८-०३-२५		२	निर्वाचन, कामदार अभाव
९	Reactive maintenance works Of Mechi Highway (Kabeli-Suketar Section)	२०७७-१०-०७	२०७८-०३-२५		१	कोभिड १९/ लकडाउन/निषेधाज्ञा
१०	Specific Maintenance Of Fikkal-Antu Road, Fikkal-Pashupatinagar Road And Mechi Highway (Maikhola-Ranke Section)	२०७७-०९-२८	२०७८-०३-२५		१	कोभिड १९/ लकडाउन/निषेधाज्ञा
११	Rehabilitation of Phidim Bazar Roads Panchthar	२०७७/१२/३२	२०७८-०३-२५		२	कोभिड १९/ लकडाउन/निषेधाज्ञा
१२	Rehabilitation of Roads in Ilam Municipality	२०७७-१२-२६	२०७८-०३-२५		१	कोभिड १९/ लकडाउन/निषेधाज्ञा

सि.नं.	योजनाको नाम	सम्झौता मिति	सम्पन्न हुनुपर्ने मिति	सम्पन्न भएको मिति	म्याद थप संख्या	म्याद थप हुनुका कारण
१३	Road Marking and Road furniture painting works at Mechi Higway (Fikkal-Phidim Section)	२०७८-०२-०३	२०७८-०३-२५		१	कोभिड १९/ लकडाउन/निषेधाज्ञा
१४	Reactive Maintenance Of Mechi Highway (Maikhola Biblyate Section)	२०७८/०२/३१	२०७८-०३-२५		१	कोभिड १९/ लकडाउन/निषेधाज्ञा
१५	Emergency maintenance works at Mechi Highway (Ch ११६+९५० at zero chowk Ilam Dhobidhara Section)	२०७८-०८-०७	२०७८-०९-२२		१	साइटको कन्डिसन परिवर्तन भएकोले
१६	Reccurrent Maintenance of Mechi Highway(Ranke-Phidim Section	२०७८-१०-२४	२०७९-०३-२०		१	निर्वाचन, अत्याधिक मूल्य वृद्धि
१७	Reccurrent Maintenance of Mechi Highway(Phidim-Gopetar Section	२०७८-११-०१	२०७९-०३-२०		१	निर्वाचन, अत्याधिक मूल्य वृद्धि
१८	Reccurrent Maintenance of Mechi Highway(Kabeli-Suketar Section	२०७८-११-२०	२०७९-०३-२०		१	निर्वाचन, अत्याधिक मूल्य वृद्धि
१९	Recurrent Maintenance of Fikkal Shreeantu Chabishe Road	२०७९-०३-२५	२०७८-१२-१८		१	निर्वाचन, अत्याधिक मूल्य वृद्धि
२०	Specific Maintenance of Mechi Highway Ilam Dhobidhara Section	२०७८-११-१५	२०७९-०३-२५		१	निर्वाचन, अत्याधिक मूल्य वृद्धि
२१	Rehabilitation works along Mechi Highway (Ranke-Gopetar Section)	२०७८-१२-१६	२०७९-०३-२५		१	निर्वाचन, अत्याधिक मूल्य वृद्धि
२२	Rehabilitation works along Mechi highway (Gopetar to Suketar Section)	२०७८-११-०४	२०७९-०३-२५		१	निर्वाचन, अत्याधिक मूल्य वृद्धि
२३	Rehabilitation Maintinance Works Along Mechi Highway (Ranke-Gopetar Section)	२०७९-०१-२९	२०७९-०३-२४		१	निर्वाचन, अत्याधिक मूल्य वृद्धि
२४	Rehabilitation works along Fikkal Pashiupatinagar Road	२०७९-०२-१९	२०७९-०३-२४		१	निर्वाचन, अत्याधिक मूल्य वृद्धि
२५	Rehabilitation works along mechi highway (chanedada-ranke section	२०७९-०१-२९	२०७९-०३-२५		१	बर्षात, अत्याधिक मूल्य वृद्धि

सि.नं.	योजनाको नाम	सम्झौता मिति	सम्पन्न हुनुपर्ने मिति	सम्पन्न भएको मिति	म्याद थप संख्या	म्याद थप हुनुका कारण
२६	Road Side maintenance of Mechi Highway (Biblyate Ranke Section)	२०७९-०६-२४	२०७९-१२-३०		२	निर्वाचन, ऋसर बन्द र कामदार अभाव
२७	Rehabilitataion Works along Mechi Highway (Phidim Suketar Section	२०८०-०१-३१	२०८०-०३-२०		१	हेवाखोलाको बेलीबृज बगाएकोले
२८	Periodic Maintenance Works along Mechi Highway (Kabeli Taplejung) Section	२०८०-०७-२१	२०८१-०३-२०	२०८२-०३-२०	१	बेमौसमी बर्षा,मनसुनको प्रभाव, चाडपर्व,कामदार अभाव
२९	Periodic Maintenance of Mechi Highway (Taplejung-Gharilla) Section	२०८०-०९-२२	२०८१-०३-२०	२०८२-०३-२५	१	बर्षाको कारण कालोपत्रे नभएको
३०	Periodic Maintenance Works Along Mechi Highway (Chihanedada Fikkal Section)	२०८०-११-१४	२०८१-०३-१५	२०८१-१२-०३	१	मनसुनको प्रभाव चाडपर्व,कामदार अभाव
३१	Periodic Maintenance Works along Mechi Highway (Phidim Gopetar Section)	२०८०-११-०९	२०८१-०३-१५	२०८१-०७-३०	१	मनसुनको प्रभाव चाडपर्व,कामदार अभाव
३२	Rehabilitation Maintinance Works Along Mechi Highway (Puwakhola Ranke Section)	२०८०-११-१८	२०८१-०३-१५	२०८१-१२-१०	१	मनसुनको प्रभाव चाडपर्व,कामदार अभाव
३३	Rehabilitation Maintinance Works Along Mechi Highway (Gopetar Kaveli Section)	२०८०-११-१८	२०८१-०३-१५	२०८२-०१-२६	२	हेवाखोलाको बेलीबृज बगाएकोले,
३४	Periodic Maintenance Works along Mechi Highway (Kabeli to Taplejung Section)	२०८०-११-१८	२०८१-०३-२०		२	हेवाखोलाको बेलीबृज बगाएकोले,बजेट अभाव
३५	Specific Maintenance of Mechi Highway (Chihanedanda Maikhola) Section	२०८०-११-१८	२०८१-०३-२०		१	मनसुनको प्रभाव चाडपर्व,कामदार अभाव
३६	Reactive Maintenance Works Along Mechi Highway (Ranke Phidim Section)	२०८०-१२-१४	२०८१-०३-१५		१	बेमौसमी बर्षा
३७	सडक पुर्नस्थापना कार्य	२०८०-०१-२५	१२ महिना	२०८१-०४-२४	१	वर्षात, चाडपर्वको कारण मुख्य सडकमा कटिङ्गको समस्या र ऋशर

सि.नं.	योजनाको नाम	सम्झौता मिति	सम्पन्न हुनुपर्ने मिति	सम्पन्न भएको मिति	म्याद थप संख्या	म्याद थप हुनुका कारण
						उधोग बन्द भइ निर्माण सामग्रीको अभाव आदि
३८	सडक पुर्नस्थापना कार्य	२०८०-०१-२६	१२ महिना	२०८१-०६-१४	१	निर्माण स्थलको वातावरणीय अवस्था, वर्षात, पहिरो र निर्माण सामग्रीको अभाव आदि
३९	सडक पुर्नस्थापना (फ्लोड सड्यामेज)कार्य	२०८०-०१-०३	२०८०-०३-२०	२०८०-१२-२९	१	बेमौसमी वर्षात र निर्माण सामग्रीको अभाव आदि
४०	सडक पुर्नस्थापना (फ्लोड सड्यामेज)कार्य	२०८०-०१-०७	२०८०-०३-२०	२०८०-१२-१०	१	निरन्तर वर्षा, निर्माण सामग्रीको अभाव आदि
४१	सडक पुर्नस्थापना कार्य	२०७८-०३-०६	३ महिना	२०७९-०९-२९	२	विश्वव्यापी रुपमा फैलिएको कोभिड १९, चाडपर्व महङ्गी आदि
४२	Specific Maintenance Works along Lamidanda-Simbhanjyang, Makwanapur	२०८१-११-२५	२०८२-०३-१५	२०८२-१२-२७ सम्म सम्पन्न गर्नु पर्ने	२	निर्माण सामग्रीको अभाव, अत्यधिक चिसो, स्थानीय विवाद आदि
४३	Reconstruction & Rehabilitation Works Along Triveni-Sanai Gandak Road at Belaspur-Gobarhiya-Majhauni-Gopigunj	२०८१-१०-२८	२०८२-०७-२८	२०८२-०७-२८	१	बेमौसमी वर्षा, सामग्री अभाव
४४	खौलापास-मुसिकोट सडक खण्ड	२०८०-०२-१४	२०८१-०२-१३	२०८२-०३-२८	१	अत्यधिक वर्षात र भुकम्पको असर

खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति

परिच्छेद -१

परिचय

१. **पृष्ठभूमि -** खेलकुद नेपालको सामाजिक, सांस्कृतिक र आर्थिक विकाससँग प्रत्यक्ष रूपमा सम्बन्धित क्षेत्र हो। देशमा खेलकुदको औपचारिक विकास वि.सं. २०१७ सालमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) स्थापनासँगै भएको हो। त्यसैगरी, वि.सं. २०२१ सालमा खेलकुद ऐनमार्फत औपचारिक रूपमा शुरू भएको खेलकुद विकासको माध्यमबाट युवाको विकास र विस्तार एवं राष्ट्र निर्माणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्न वि.स. २०६५ भाद्र १५ मा युवा तथा खेलकुद मन्त्रालयको स्थापना गरिएको छ। नेपालले अन्तर्राष्ट्रिय खेलकुदमा पहिलो सहभागिता सन् १९५२ हेलसिन्की ओलम्पिकमा पर्यवेक्षकका रूपमा जनाए पनि प्रतिस्पर्धात्मक सहभागिता भने सन् १९६४ टोकियो ओलम्पिकबाट शुरू गरेको हो। साथै घरेलु प्रतियोगिता मार्फत फुटबल विकास कार्यक्रम सञ्चालन गर्न खेलाडी प्रशिक्षण गरी अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउन अखिल नेपाल फुटबल संघ (ANFA) वि.सं. २००८ मा र नेपाल क्रिकेट संघ (CAN) वि.सं. २००४ स्थापना गरिएको हो। यसपश्चात् नेपालले खेलकुद, राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतियोगितामा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ। हाल काठमाडौं, पोखरा, विराटनगर, भरतपुर लगायतका ठूला शहरहरूमा रंगशाला, खेलमैदान र प्रशिक्षण केन्द्रहरू निर्माण भएका छन्।

प्रमुख कार्यसम्पादन सूचक (KPI)

- नीति, बजेट, र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा समन्वयको अवस्था,
- निर्माण गरिएका पूर्वाधारहरू सञ्चालनको अवस्था
- खेलकुद पूर्वाधार निर्माण, मर्मत, र उपयोगको अवस्थाको
- पूर्वाधारको पहुँच, समावेशिता, र दीर्घकालीन उपयोगको अवस्था

नेपालमा खेलकुद पूर्वाधार विकासलाई राष्ट्रिय प्राथमिकता दिइएको छ। काठमाडौंको दशरथ रंगशाला नेपालको प्रमुख राष्ट्रिय खेल मैदानको रूपमा परिचित छ। पछिल्ला वर्षहरूमा प्रदेश र स्थानीय सरकारहरूले खेल पूर्वाधार विकासमा बजेट छुट्याउने कार्य आरम्भ गरेका छन्। राष्ट्रिय खेलकुद परिषद्ले २०६७ सालको खेलकुद नीति मार्फत पूर्वाधार विस्तारमा जोड दिएको छ। विशेष, देख सकिने गरी क्रिकेट खेलको लागि केही खेल मैदानहरू (त्रि.वि. क्रिकेट खेल मैदान, मूलपानी क्रिकेट रंगशाला लगायत) निर्माण र उपयोगमा आएका छन्। साथै, सन् २०१९ मा आयोजना गरिएको दक्षिण एसियाली खेलकुद (SAG) जस्ता प्रतियोगिताले नेपालमा खेल पर्यटन र पूर्वाधार सुधारमा सकारात्मक प्रभाव पारेका छन्। अन्ततः नेपालमा खेल पूर्वाधार विकास क्रमिक रूपमा भइरहेको भए पनि यसको सन्तुलित वितरण, नियमित उपयोग र दिगो व्यवस्थापन अझै पनि चुनौतीपूर्ण विषय बनेको छ। प्रभावकारी परिणामका लागि सरकार, निजी क्षेत्र र समुदायबीच सहकार्य आवश्यक छ, जसले गर्दा खेलकुद क्षेत्रको समग्र विकास र राष्ट्रिय गौरव बढाउन सकिन्छ।

२. **निकायको परिचय -** खेलकुद पूर्वाधार विकासमा प्रत्यक्ष-परोक्ष रूपमा राष्ट्रिय खेलकुद परिषद् संलग्न रहेतापनि खेलकुदसम्बन्धी नीति निर्माणमा युवा तथा खेलकुद मन्त्रालयको महत्वपूर्ण भूमिका रहेको छ। मन्त्रालयले नियमनको काम समेत गर्दछ भनें राष्ट्रिय खेलकुद परिषद्ले खेल सञ्चालन र व्यवस्थापन गर्दछ। संघ, प्रदेश

र स्थानीय तहले संविधानप्रदत्त आ-आफ्नो क्षेत्राधिकारभित्र रही खेलकुद पूर्वाधार विकास र खेल सञ्चालन र व्यवस्थापनका कार्यहरू गर्दछन्।

२.१. **युवा तथा खेलकुद मन्त्रालय -** नेपाल सरकारको कार्यविभाजन नियमावली, २०७४ अनुसार युवा तथा खेलकुद मन्त्रालयका कार्यक्षेत्रमा युवा, खेलकुद र स्काउटसम्बन्धी नीति निर्माण, कानुन तथा नियमन; राष्ट्रिय खेलकुद संघहरूको समन्वय, राष्ट्रिय, प्रादेशिक तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना, युवा जागरण तथा विकास, राष्ट्रिय खेलकुद परिषद्, राष्ट्रिय युवा परिषद्, नेपाल स्काउट, एन्टिडोपिङ एजेन्सी जस्ता निकायहरूको व्यवस्थापन, खेल पूर्वाधार विकास तथा अन्तर्राष्ट्रिय सन्धि-सम्झौता र समन्वय समावेश छन्।

खेलकुदको माध्यमबाट शारीरिक, मानसिक, बौद्धिक, सकारात्मक र नैतिकवान मानव संसाधन विकास गरी अनुशासित र मर्यादित समाज निर्माण गर्दै खेलकुदलाई रोजगारीमूलक व्यवसायको रूपमा समेत स्थापित गर्न स्थानीय तहदेखि नै कार्यक्रम सञ्चालन गरी "सबैको लागि खेलकुद" भन्ने अभियानलाई साकार पार्न खेलकुदसँग सम्बन्धित पूर्वाधार निर्माण, प्रशिक्षण, प्रतियोगिता र प्रोत्साहनका कार्यक्रमहरू कार्यान्वयन गर्न मन्त्रालय क्रियाशील छ।

२.२. **राष्ट्रिय खेलकुद परिषद् -** खेलकुदको माध्यमबाट स्वस्थ, सक्षम, मर्यादित, अनुशासित खेलाडी र सिर्जनशील नागरिक तयार गर्न, राष्ट्रिय एकता प्रवर्द्धन तथा राष्ट्रको प्रतिष्ठा अभिवृद्धि गर्न, खेलकुदको क्षेत्रमा अध्ययन र अनुसन्धान गर्न तथा खेलकुद विकास, विस्तार र प्रवर्द्धन गरी खेलकुदको सञ्चालन तथा व्यवस्थापन गर्न राष्ट्रिय खेलकुद परिषद्को स्थापना भएको हो।

२.३. **प्रदेश सरकार -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २४(२) मा प्रदेश सरकारले प्रदेश स्तरमा खेलकुदको विकास, विस्तार र प्रवर्धन गरी खेलकुदको सञ्चालन र व्यवस्थापन गर्नका लागि प्रदेश कानुनमा व्यवस्था भए बमोजिमको खेलकुद संरचना निर्माण गर्न सक्ने व्यवस्था छ। राष्ट्रिय स्तरमा खेलकुद पूर्वाधारको निर्माण र विस्तार संघीय सरकारको नीतिगत मार्गदर्शनमा भए पनि, त्यसको कार्यान्वयन र स्थानीय आवश्यकताअनुसार व्यवस्थापन मुख्यतः प्रदेश सरकारमार्फत सम्पन्न हुने गर्दछ। प्रदेश सरकारले आफ्नो भौगोलिक क्षेत्र, जनसंख्या, र खेल प्रतिभाको आधारमा खेलकुद कार्यक्रम, पूर्वाधार योजना र बजेट विनियोजन गर्ने गरेको छ। हाल प्रत्येक प्रदेशमा प्रदेश खेलकुद परिषद् तथा खेल विकास समिति गठन गरिएको छ, जसले प्रदेशस्तरका खेलकुद गतिविधि सञ्चालन, प्रशिक्षण, प्रतियोगिता आयोजना तथा पूर्वाधारको मर्मतसम्भारका जिम्मेवारी वहन गर्छ।

२.४. **स्थानीय सरकार -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २४(५) स्थानीय तहले स्थानीय तहमा हुने खेलकुदको सञ्चालन, प्रवर्धन तथा विकास सम्बन्धी कार्य गर्न स्थानीय कानुनमा व्यवस्था भए बमोजिमको संरचना निर्माण गर्न सक्ने र स्थानीय सरकार सञ्चालन ऐन, २०७७ को दफा ११(४, क) मा संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार अनुसूची-९ को सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी संघ र प्रदेश कानुनको अधिनमा रही स्थानीयस्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण, सञ्चालन र विकास, स्थानीयस्तरका खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय, खेलकुदको विकास र प्रवर्धन लगायतका कार्य गर्नुपर्ने व्यवस्था छ। स्थानीय सरकारले खेल मैदान, इनडोर हल, र अन्य खेल पूर्वाधार निर्माण गरी तिनको संरक्षण र उपयोगमा ध्यान दिएका छन्। विद्यालयदेखि समुदायस्तरसम्म खेलकुद कार्यक्रम सञ्चालन गरी खेलकर्मीको क्षमता विकास, प्रतियोगिता आयोजना, र जनसहभागितालाई प्रोत्साहन दिदै आएका छन्। यसले राष्ट्रिय खेलकुदको आधार बलियो बनाउने र स्थानीयस्तरमै खेल प्रतिभा पहिचान गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

३. **संवैधानिक तथा नीतिगत व्यवस्था -** खेल पूर्वाधार विकास तथा उपयोगका सम्बन्धमा भएका संवैधानिक तथा नीतिगत व्यवस्था देहाय बमोजिम छन्:

३.१. **नेपालको संविधान -** नेपालको संविधानले खेलकुद विकास तथा पूर्वाधारका लागि लिएका नीति देहाय बमोजिम रहेका छन्:

- मौलिक हकभित्र बालबालिकाको हक (धारा ३९) मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ भन्ने व्यवस्था छ।
- नेपालको संविधानको भाग ४, नीति निर्देशक सिद्धान्त र दायित्वहरू अन्तर्गत, धारा ५१ (घ) मा खेलकुदलाई सामाजिक न्यायको माध्यमका रूपमा मानिएको र राज्यले खेलकुदको प्रवर्द्धन, पूर्वाधार विकास, र अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागिता सुनिश्चित गर्ने उल्लेख छ।
- नेपालको संविधानको अनुसूची ५ देखि ९ सम्म खेलकुद पूर्वाधार विकास र उपयोगलाई संयुक्त अधिकार क्षेत्र अन्तर्गत राखिएको छ। यसले संघीय सरकार, प्रदेश सरकार, र स्थानीय तहलाई खेलकुद पूर्वाधार निर्माण, सञ्चालन, र व्यवस्थापनमा सहकार्य गर्नुपर्ने व्यवस्था गरेको छ। साथै यसले खेलकुदलाई केवल मनोरञ्जन नभई शारीरिक स्वास्थ्य, सामाजिक एकता, र राष्ट्रिय गौरवसँग जोडिएको क्षेत्रका रूपमा मान्यता दिएको छ।

३.२. **राष्ट्रिय खेलकुद नीति, २०६७**

राष्ट्रिय खेलकुद नीति, २०६७ ले खेलकुद पूर्वाधारलाई दीर्घकालीन, समावेशी र प्रभावकारी बनाउने उद्देश्य राखेको छ। यस नीति अन्तर्गत खेलकुद पूर्वाधार विकास तथा उपयोग सम्बन्धी प्रमुख प्रावधानहरू देहाय बमोजिम छन्:

३.२.१. **खेल पूर्वाधार विकास सम्बन्धी प्रावधान -** राष्ट्रिय खेलकुद नीति, २०६७ मा खेल पूर्वाधार विकास सम्बन्धी प्रावधानहरूमा राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माणको प्राथमिकता, भौगोलिक सन्तुलन र जनसंख्याको आधारमा पूर्वाधारको स्थान निर्धारण, बहुउद्देश्यीय खेलकुद भवन, रंगशाला, प्रशिक्षण केन्द्र, ट्रयाक, स्वीमिङ पुल आदिको निर्माण, पूर्वाधार निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन अनिवार्य, निजी क्षेत्र, सहकारी, संघसंस्था तथा अन्तर्राष्ट्रिय सहयोगमार्फत पूर्वाधार निर्माणमा लगानीको प्रोत्साहन र अपांगता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित हुने पूर्वाधार डिजाइन गर्नुपर्ने लगायत रहेको छ।

३.२.२. **खेल पूर्वाधारको उपयोग सम्बन्धी प्रावधान -** राष्ट्रिय खेलकुद नीति, २०६७ मा खेल पूर्वाधार उपयोग सम्बन्धी प्रावधानहरूमा निर्मित पूर्वाधारको नियमित मर्मतसम्भार र व्यवस्थापनका लागि स्थानीय तह वा सम्बन्धित निकायलाई जिम्मेवारी, पूर्वाधारको बहुपक्षीय उपयोग सुनिश्चित गर्न विद्यालय, समुदाय, संघसंस्थालाई पहुँच दिने व्यवस्था, खेलकुद गतिविधि बाहेक अन्य सांस्कृतिक वा सामाजिक कार्यक्रमका लागि पूर्वाधारको उपयोग सम्भव भएमा अनुमति, पूर्वाधारको उपयोगबाट प्राप्त आम्दानीलाई पुनः खेलकुद विकासमा लगानी गर्ने नीति र पूर्वाधारको दुरुपयोग रोक्न निगरानी तथा अनुगमन प्रणालीको विकास लगायत रहेको छ।

३.३. **राष्ट्रिय खेलकुद नीति, २०८२**

नेपालमा खेलकुद पूर्वाधारको समान पहुँच, समावेशीता र व्यवसायीकरणलाई प्राथमिकता दिई पूर्वाधार विकास, समावेशी सहभागिता, र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार प्रमुख लक्ष्यका साथ नेपाल सरकार मन्त्रीपरिषद्बाट मिति २०८२।०३।०९ मा स्वीकृत गरी राष्ट्रिय खेलकुद नीति २०८२ जारी गरिएको

छ। खेलकुद पूर्वाधार विकास र उपयोग सम्बन्धी रणनीति तथा सम्बन्धित कार्यनीतिहरू देहाय बमोजिम रहेका छन्:

रणनीति	कार्यनीति
संघीय संरचनाअनुसार अधिकार प्रत्यायोजन	• संघ, प्रदेश, स्थानीय तहबीच स्पष्ट कार्यविभाजन • स्थानीय तहलाई प्राथमिक पूर्वाधार निर्माणको जिम्मेवारी
समान पहुँच र समावेशिता	• ग्रामीण, सुदूर र पिछडिएको क्षेत्रलाई प्राथमिकता • सबै समुदायलाई पूर्वाधारमा पहुँच सुनिश्चितता
सार्वजनिक-निजी साझेदारी	• निजी क्षेत्रको लगानी प्रोत्साहन • खेल पर्यटन र व्यावसायिक खेलकुदका लागि पूर्वाधार विकास
प्रविधि र नवप्रवर्तनको प्रयोग	• डिजिटल डाटाबेस र अनलाइन अनुगमन प्रणालीको विकास • स्मार्ट उपकरणद्वारा पूर्वाधारको उपयोग सुधार
पूर्वाधारको वर्गीकरण र मापदण्ड निर्धारण	• खेल मैदान, स्टेडियम, प्रशिक्षण केन्द्र आदिको मापदण्ड तय • गुणस्तर र सुरक्षा मूल्यांकन
पूर्वाधारको दिगो उपयोग र मर्मत	• नियमित मर्मतसम्भारको व्यवस्था • स्थानीय समुदाय र संस्थालाई उपयोगमा सहभागी गराउने
खेलकुद शिक्षा र प्रशिक्षणसँग पूर्वाधारको समायोजन	• विद्यालय/विश्वविद्यालयसँग समन्वय • प्रशिक्षक र प्राविधिक जनशक्ति उत्पादनमा पूर्वाधारको प्रयोग
अनुगमन, मूल्यांकन र पारदर्शिता	• पूर्वाधार निर्माण/उपयोगमा पारदर्शिता • नागरिक सहभागिता र सामाजिक उत्तरदायित्व प्रोत्साहन

४. **कानुनी व्यवस्था -** खेलकुद पूर्वाधार विकास तथा उपयोग सम्बन्धमा भएका कानुनी व्यवस्थाहरू देहायबमोजिम छन्:

४.१. राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ अनुसार खेलकुद क्षेत्रको समग्र विकास, पूर्वाधार निर्माण, खेलाडीको हक-हित संरक्षण, र संस्थागत संरचना निर्माणको व्यवस्था रहेको छ।

४.२. राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ मा खेल पूर्वाधार विकास तथा उपयोग सम्बन्धमा भएका कानुनी व्यवस्थाहरूमा स्थानीय, प्रदेश र संघीय तहमा खेलकुद पूर्वाधार निर्माणको प्राथमिकता निर्धारण गरिने, खेलकुद पूर्वाधारको मापदण्ड निर्धारण गरी गुणस्तरीय निर्माण सुनिश्चित गरिने, बहुउद्देश्यीय खेल मैदान, प्रशिक्षण केन्द्र, स्टेडियम, जिम, पौडी पोखरी आदि पूर्वाधारको विकास गरिने, सार्वजनिक तथा निजी क्षेत्रको सहकार्यमा पूर्वाधार निर्माण गरिने, पूर्वाधारको नियमित मर्मतसम्भार र उपयोगको अनुगमन गरिने, स्थानीय समुदाय, विद्यालय, खेल संघहरूलाई पूर्वाधारको उपयोगमा प्राथमिकता दिइने, पूर्वाधारको दुरुपयोग रोक्न स्पष्ट नियम र दण्डको व्यवस्था गरिने, खेलकुद पर्यटन प्रवर्द्धनका लागि पूर्वाधारको उपयोग गर्ने नीति अवलम्बन गरिने लगायत रहेको छ।

४.३. १५ औं योजना(२०७६/७७-२०८०/८१)ले खेलकुदलाई समावेशी सामाजिक विकास, स्वास्थ्य प्रवर्द्धन, राष्ट्रिय गौरव र आर्थिक समृद्धिको माध्यमका रूपमा हेरेको छ। खेलकुद पर्यटन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना, र खेलकुदमा रोजगारी सिर्जना जस्ता विषयहरूलाई जोड दिएको छ। यस योजना अन्तर्गत खेलकुद पूर्वाधार विकास तथा उपयोग सम्बन्धी प्रमुख प्रावधानहरू देहाय बमोजिम छन्:

४.३.१. खेल पूर्वाधार विकास सम्बन्धी प्रावधानहरूमा राष्ट्रिय, प्रदेश र स्थानीय स्तरमा खेलकुद पूर्वाधार निर्माणलाई प्राथमिकता, रंगशाला, बहुउद्देश्यीय खेल मैदान, प्रशिक्षण केन्द्र, स्वीमिङ पुल, जिम हल आदिको निर्माण, भौगोलिक सन्तुलन र जनसंख्याको आधारमा पूर्वाधारको स्थान निर्धारण, निजी क्षेत्र, सहकारी तथा अन्तर्राष्ट्रिय साझेदारीमार्फत पूर्वाधार निर्माणमा लगानीको प्रोत्साहन, अपांगता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित हुने पूर्वाधार डिजाइन, पूर्वाधार निर्माणमा वातावरणीय प्रभाव मूल्यांकन र दीर्घकालीन टिकाउपन लगायतका छन्।

४.३.२. खेल पूर्वाधारको उपयोग सम्बन्धी प्रावधानहरूमा निर्मित पूर्वाधारको नियमित मर्मतसम्भार र व्यवस्थापनका लागि स्थानीय तह वा सम्बन्धित निकायलाई जिम्मेवारी, विद्यालय, समुदाय, संघसंस्थालाई पूर्वाधारको पहुँच सुनिश्चित गरी बहुपक्षीय उपयोग, खेलकुद गतिविधि बाहेक अन्य सामाजिक, सांस्कृतिक कार्यक्रमका लागि पूर्वाधारको उपयोग सम्भव भएमा अनुमति, पूर्वाधारको उपयोगबाट प्राप्त आम्दानीलाई पुनः खेलकुद विकासमा लगानी गर्ने नीति, पूर्वाधारको दुरुपयोग रोक्न निगरानी तथा अनुगमन प्रणालीको विकास गर्ने लगायतका छन्।

४.४. १६ औं योजना(२०८१/८२-२०८५/८६)ले खेलकुद क्षेत्रलाई सामाजिक समावेशिता, स्वास्थ्य प्रवर्धन र आर्थिक विकाससँग आवद्ध गरेको छ। यस योजनाले खेलकुद पूर्वाधारको निर्माण, स्तरोन्नति, र प्रभावकारी उपयोगलाई प्राथमिकतामा राखेको छ। यसमा व्यवस्था भएको रणनीति तथा कार्यनीतिहरू देहाय बमोजिम छन्:

रणनीति	कार्यनीति
खेलकुद पूर्वाधारको सुदृढीकरण	• राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा खेल मैदान, स्टेडियम, प्रशिक्षण केन्द्र निर्माण गरिने। • पूर्वाधारको मापदण्ड निर्धारण गरिने।
खेलकुदमा निजी क्षेत्रको सहभागिता प्रोत्साहन	• सार्वजनिक-निजी साझेदारी मार्फत पूर्वाधार निर्माण र व्यवस्थापन गरिने। • खेल पर्यटन प्रवर्द्धन गरिने।
समावेशी खेलकुद विकास	• महिला, अपांगता भएका व्यक्ति, दलित, जनजाति लगायत सबै समुदायलाई खेल पूर्वाधारमा पहुँच सुनिश्चित गरिने।
प्रविधि र नवप्रवर्तनको प्रयोग	• डिजिटल डाटाबेस, अनलाइन अनुगमन प्रणाली र स्मार्ट उपकरणद्वारा पूर्वाधारको उपयोग सुधार गरिने।
खेलकुद शिक्षा र जनशक्ति विकास	• विद्यालय, विश्वविद्यालय र खेल संस्थासँग समन्वय गरी पूर्वाधारको उपयोग गरिने। • प्रशिक्षक, व्यवस्थापक र प्राविधिक जनशक्ति उत्पादन गरिने।
पूर्वाधारको दिगो उपयोग र मर्मत	• नियमित मर्मतसम्भारको व्यवस्था गरिने। • स्थानीय तह र समुदायलाई पूर्वाधारको उपयोगमा सहभागी गराइने।
अन्तर्राष्ट्रिय प्रतिस्पर्धाका लागि पूर्वाधार विकास	• अन्तर्राष्ट्रिय मापदण्डअनुसार खेलकुद संरचना निर्माण गरिने। • अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्न पूर्वाधार सुदृढ गरिने।

४.५. वार्षिक नीति तथा कार्यक्रम र वजेट वक्तव्य २०८१/८२ मा खेलकुद पूर्वाधार र उपयोगको अवस्थाबारे मुख्यतः सुधार, विस्तार र उपयोग सुनिश्चित गर्ने योजनाहरू देहायबमोजिम रहेको छ:

४.५.१. खेल पूर्वाधार निर्माण र सुधार सम्बन्धमा राष्ट्रिय तथा प्रदेशस्तरीय खेलकुद पूर्वाधारको निर्माण, मर्मत र स्तरोन्नति गरिने, राष्ट्रिय खेलकुद परिषद् मार्फत रंगशाला, खेल मैदान, प्रशिक्षण केन्द्र लगायतका संरचनाहरूको निर्माण र पुनःसंरचना गरिने, स्थानीय तहमा खेलकुद पूर्वाधारको पहुँच विस्तार गर्न सहकार्य कार्यक्रम सञ्चालन गरिने व्यवस्था छ।

४.५.२. खेल पूर्वाधारको उपयोग र व्यवस्थापन सम्बन्धमा निर्मित पूर्वाधारको प्रभावकारी उपयोग सुनिश्चित गर्न सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय तह वा निजी क्षेत्रलाई दिने नीति लिइएको, खेलकुद गतिविधि सञ्चालन गर्न वार्षिक कार्ययोजना बनाइने जसमा पूर्वाधारको नियमित उपयोग सुनिश्चितता लगायत छन्।

४.६. दिगो विकास लक्ष्यसँग खेलकुद पूर्वाधार विकासको तादाम्यता

- **सामाजिक आयाम** - दिगो विकास लक्ष्य (SDGs) को "स्वास्थ्य र कल्याण" (लक्ष्य ३) तथा "गुणस्तरीय शिक्षा" (लक्ष्य ४) मा प्रत्यक्ष योगदान पुऱ्याउने गरी खेलकुदले सामाजिक समावेशिता, स्वास्थ्य, र युवाहरूको सहभागितालाई उजागर गर्ने।
- **आर्थिक आयाम** - आर्थिक आयामको रूपमा खेलकुद पूर्वाधार (स्टेडियम, खेलमैदान, जिम) को विकासले रोजगारी सिर्जना, खेल पर्यटनप्रतिको आकर्षण र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँछ, जसले "श्रम Decent work र आर्थिक वृद्धि" (लक्ष्य ८) लाई सहयोग गर्ने।

उल्लिखित संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्थाले खेल पूर्वाधारलाई केवल संरचना निर्माणमा मात्र सीमित नराखी, सञ्चालन, उपयोग र दीर्घकालीन व्यवस्थापनमा जोड दिएको छ। युवा तथा खेलकुद मन्त्रालयले २०८२।०७।१८ मा मन्त्रालयको तत्काल सुधार कार्ययोजना, २०८२ समेत तयार गरेको छ। कार्ययोजनामा भएको खेल पूर्वाधार विकास र उपयोगको अवस्था सम्बन्धी विवरण देहाय बमोजिम छ:

क्र.सं.	क्रियाकलाप	समयसीमा	जिम्मेवार निकाय	कैफियत
१	खेलकुद पूर्वाधारको वर्गीकरण र कार्यान्वयन जिम्मेवारीलाई तहगत सरकारमा बाँडफाँटसम्बन्धी कार्यविधि/मापदण्ड निर्माण गर्ने।	२ महिना	मन्त्रालय	
२	गैरसरकारी निकाय र निजीको संस्थागत सामाजिक उत्तरदायित्वको रकमलाई खेलकुद पूर्वाधार, प्रशिक्षण र कार्यक्रम सञ्चालनमा उपयोगका लागि कार्यविधि/मापदण्ड तय गर्ने।	२ महिना	Focal शाखा र राष्ट्रिय खेलकुद परिषद्	
३	मन्त्रालय र मन्त्रालय सम्बद्ध निकायहरू एवं खेल संघहरूबाट गरिने आर्थिक कारोबारमा विद्युतीय माध्यमको प्रयोग गर्ने।	१ महिना	आ.प्र. शाखा र सबै मातहतका निकाय	
४	स्थानीय तह, जिल्ला तह, प्रदेश तह र राष्ट्रिय तहका खेलाडीहरूको खेलकुद सम्बद्ध जानकारी समेटिएको विद्युतीय अभिलेख तयार गरी खेलाडी परिचयपत्रका आधारमा व्यवस्थापन गर्ने प्रक्रियाका लागि तयारी शुरू गर्ने।	२० दिन	Focal शाखा र राष्ट्रिय खेलकुद परिषद्	
५	राष्ट्रिय खेलकुद परिषद् र नेपाल स्काउट जस्ता स्वायत्त संस्थाहरूको आन्तरिक श्रोत पहिचान र परिचालन			
	क. आन्तरिक श्रोत पहिचान गर्ने।	१ महिना	स्वायत्त संस्थाहरू	
	ख. आन्तरिक श्रोत परिचालन कार्यविधि निर्माण गर्ने।	१५ दिन	स्वायत्त संस्थाहरू	
	ग. कोषमा श्रोत संकलन गर्ने।	तुरुन्त	स्वायत्त संस्थाहरू	

क्र.सं.	क्रियाकलाप	समयसीमा	जिम्मेवार निकाय	कैफियत
	घ. आन्तरिक श्रोतको बजेट नियमानुसार स्वीकृत गरी कार्यान्वयनमा लैजाने।	तुरुन्त	स्वायत्त संस्थाहरू	
	ङ. नियमानुसार खोलिएका बैंक खाता मार्फत कारोबार गर्ने र यसका लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयद्वारा खाताको पहिचानको सुनिश्चितता गराउने।	१५ दिन	आ.प्र. शाखा र सबै मातहतका निकाय	
६	खेल संघ/महासंघलाई देहायका विषयमा पारदर्शी सूचना सम्प्रेषण गरी आफ्ना गतिविधिमा जवाफदेही हुने गरी परिचालन गर्ने।			
	क. स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र प्रगति सार्वजनिक गर्ने।	७ दिन	राष्ट्रिय खेलकुद परिषद्	
	ख. नियमानुसार आन्तरिक आम्दानी विद्युतीय माध्यमबाट अभिलेख राख्ने।	१५ दिन	राष्ट्रिय खेलकुद परिषद्	
	ग. नियमानुसार खोलिएको बैंक खाता बाहेक कुनै पनि आर्थिक कारोबार नगरिएको सुनिश्चितता गर्नेः (यसका लागि राष्ट्रिय खेलकुद परिषद्को अनुमतिमा मात्र बैंक खाताको प्रबन्ध मिलाउने।)	१५ दिन	राष्ट्रिय खेलकुद परिषद्	
	घ. कुनै पनि प्रकारका बैदेशिक सहायता र प्राप्तिलाई कोषमा आम्दानी जनाएर मात्र खर्च गर्ने व्यवस्था मिलाउने।	७ दिन	राष्ट्रिय खेलकुद परिषद्	
७	अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि खेलाडी छनौट गर्दा मापदण्ड बमोजिम खुल्ला प्रतियोगिता गराएर मात्र छनौट गर्ने कार्यविधि सार्वजनिक गर्ने।	१५ दिन	राष्ट्रिय खेलकुद परिषद्	

परिच्छेद -२

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

५. **लेखापरीक्षणको उद्देश्य -** खेलकुद पूर्वाधारमा भएका विकास र उपयोगको अवस्थाबारे अध्ययन विश्लेषण गरी देखिएका बेहोराहरूमा सुधारका लागि उपयुक्त सुझावसहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। लेखापरीक्षणको मुख्य उद्देश्य अनुरुप परीक्षण गर्न देहायबमोजिम लेखापरीक्षणका सहायक उद्देश्यहरू निर्धारण गरिएको छः

- नीति, बजेट, र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा समन्वयको अवस्था परीक्षण गर्नु,
- निर्माण गरिएका पूर्वाधारहरू सञ्चालनमा आउन सके नसकेको विश्लेषण गर्नु,
- खेलकुद पूर्वाधार निर्माण, मर्मत, र उपयोगको अवस्थाको विश्लेषण गर्नु,
- पूर्वाधारको पहुँच, समावेशिता, र दीर्घकालीन उपयोगको अवस्था विश्लेषण गर्नु।

६. **लेखापरीक्षणको संवैधानिक तथा कानुनी क्षेत्राधिकार -** महालेखापरीक्षकको कार्यालयले यस विषयमा लेखापरीक्षण गर्ने आधारहरूलाई देहायबमोजिम उल्लेख गरिएको छ-

६.१. **संवैधानिक क्षेत्राधिकार -** नेपालको संविधानको धारा २४१ मा महालेखापरीक्षकको काम, कर्तव्य र अधिकारमा महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण गर्न सक्ने संवैधानिक व्यवस्था छ।

६.२. **कानुनी क्षेत्राधिकार -** लेखापरीक्षण ऐन, २०७५ को ५ को (१) र (२) मा वित्तीय तथा विविध विषयको लेखापरीक्षण गर्न सक्ने कानुनी व्यवस्था छ। त्यसैगरी लेखापरीक्षणको अन्य व्यवस्थामा नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (इसाइ ३००) र लेखापरीक्षण मानदण्ड (इसाइ ३०००) एवं कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८२ रहेका छन्।

७. **लेखापरीक्षणका क्षेत्रहरू -** यस लेखापरीक्षणको लागि छनोटको आधारमा राष्ट्रिय खेलकुद परिषद्बाट प्राप्त तथ्याङ्क एवम् विवरणलाई लेखापरीक्षणको क्षेत्रभित्र समावेश गरिएको छ। लेखापरीक्षणका लागि मुलभूत रुपमा २०७९।८० देखि २०८१।८२ सम्मका विवरण एवम् तथ्याङ्कहरू सङ्कलन गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकताअनुसार अन्य सम्बन्धित निकायबाट समेत आवश्यक सूचना एवम् जानकारी सङ्कलन गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा देहायबमोजिमका क्षेत्रहरू समेटिएका छन्:

- **नीति कार्यान्वयन र संस्थागत समन्वय -** खेलकुद विकास सम्बन्धी विद्यमान कानुनी व्यवस्थाको कार्यान्वयन भए नभएको, खेलकुद पूर्वाधार निर्माणमा तीनै तहका सरकारकाबीचमा समन्वय भए नभएको, पूर्वाधार सञ्चालनका लागि आवश्यक कार्यविधि बने नबनेको।
- **बजेट तथा वित्तीय व्यवस्थापन -** बजेट विनियोजन र खर्च, पूर्वाधार निर्माणको ठेक्का प्रक्रियामा हुन सक्ने अनियमितता र बजेट दुरुपयोग, पूर्वाधारबाट हुने आम्दानी र खर्चको विश्लेषण
- **भौतिक पूर्वाधारको अवस्था -** निर्माणको गुणस्तर (मापदण्ड बमोजिम भए नभएको), निर्माणको अवस्था (निर्माणाधीन वा निर्माण सम्पन्न), उपयोगको अवस्था (प्रयोगमा आएको, नआएको), संरक्षण (निर्माण भएको संरचनाको नियमित मर्मतसम्भार र रेखदेख भए नभएको)
- **उपयोगको अवस्था -** निर्माण भएको संरचनामा खेल सञ्चालन भए नभएको, खेलाडीको सहज पहुँच रहे नरहेको, खेल अभ्यास, प्रतियोगिता र प्रशिक्षणका लागि उपयुक्त भए नभएको, पूर्वाधार नियमित रूपमा प्रयोग भए नभएको।

८. **लेखापरीक्षण पद्धति तथा आधार** - लेखापरीक्षणमा निम्नानुसार पद्धति तथा विधि अवलम्बन गरिएको छः

८.१. **लेखापरीक्षणमा प्रयोग गरिएको पद्धति/विधि** - महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजनाले निर्दिष्ट गरेबमोजिम कार्यमूलक लेखापरीक्षणको क्रममा खेलकुद विकास तथा उपयोगसम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था, खेलकुद भौतिक पूर्वाधारको स्थिति तथा सो सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डको तुलनात्मक अध्ययन, मूल्याङ्कन र विश्लेषणका अतिरिक्त कार्यसञ्चालन प्रक्रिया, वार्षिक प्रगति प्रतिवेदन तथा योजना सम्बन्धित कार्यालयहरूबाट आवश्यक तथ्याङ्क, सूचना एवं जानकारी संकलन गरिनुका साथै अभिलेख तथा कागजातको परीक्षण र विश्लेषण गरिएको छ।

खेलकुद पूर्वाधारको अवस्थाको सम्बन्धमा २०७७ सालमा गरिएको कार्यमूलक लेखापरीक्षणको सुझावहरू कार्यान्वयनको अवस्थाको विश्लेषण सँगसँगै लेखापरीक्षण उद्देश्य र अनुशीलन श्रृंखला अन्तर्गत सम्बन्धित निकायबाट प्राप्त सूचना, विवरण, समीक्षा प्रतिवेदनको आधारमा अन्तरनिहित जोखिम, जोखिम नियन्त्रण वातावरण तथा अवशिष्ट जोखिमको मूल्याङ्कन र विश्लेषण गरी लेखापरीक्षण मानदण्ड र लेखापरीक्षण योजना बमोजिमका संकलित सूचना एवं प्रतिवेदनहरूको अध्ययन, छलफल, प्रश्नावली, प्राथमिक तथा दोश्रो स्रोतको तथ्याङ्क, प्रमाणहरूको विश्लेषणको आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। साथै लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादनको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल गरी नियन्त्रण वातावरणको परीक्षण, विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण विधि अवलम्बन गरिएको छ। लेखापरीक्षणको सुरूमा लेखापरीक्षणको उद्देश्य, प्रक्रिया लगायतका बिषयमा प्रवेश बैठक र लेखापरीक्षण सम्पन्न भएपश्चात् देखिएका बेहोराउपर व्यवस्थापनसँग छलफल गरी निष्कर्ष सहितको प्रतिवेदन तयार गरिएको छ।

८.२. **लेखापरीक्षणमा प्रयोग गरिएका कानुनी आधार** - खेलकुद पूर्वाधार विकास तथा उपयोग सम्बन्धमा भएका संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्थाहरूमा देहायबमोजिमका आधार लिइएका छन्:

- नेपालको संविधान,
- राष्ट्रिय खेलकुद नीति, २०६७,
- राष्ट्रिय खेलकुद नीति, २०८२,
- राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ र नियमावली, २०७९,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७,
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४,
- आवधिक योजना, बजेट तथा वार्षिक कार्यक्रम लगायतका विषयहरू

९. **लेखापरीक्षणको सीमा** - लेखापरीक्षणको क्रममा परिषद् लगायत विभिन्न निकायबाट प्राप्त तथ्याङ्कहरूको आधारमा खेलकुद पूर्वाधारमा सरकारले गरेको क्रियाकलापको मितव्ययिता एवं कार्यदक्षता विश्लेषण गरिएको छ। उपलब्ध तथ्याङ्कहरूको पर्याप्ततामा कमी हुनसक्ने, लेखापरीक्षणको लागि उपलब्ध समय सीमा, संलग्न जनशक्ति, सूचना प्राप्तिमा कठिनाई लगायत समस्याले लेखापरीक्षणको दायरालाई सीमित गरेको छ। लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, कारोबारको नियन्त्रण जोखिमको मात्रा तथा लागतको दृष्टिकोणबाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने हुँदा लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनौट गरी परीक्षण गरिएको छ।

परिच्छेद -३

लेखापरीक्षणबाट देखिएका बेहोरा

खेलकुदको भौतिक पूर्वाधार निर्माण मापदण्ड, निर्माणको अवस्था, पर्याप्तता, उपयोग, संरक्षण तथा पूर्वाधार व्यवस्थापनमा संलग्न निकायहरूको भूमिका लगायतका विषयहरूमा केन्द्रित भई गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका बेहोरा देहाय बमोजिम छन्:

सकारात्मक पक्षहरू

- **नीतिगत/कानुनी पक्ष** - राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ तथा नियमावली, २०७९ लागू भएपश्चात् तत्कालिन समयको कानुनको आधारमा स्वीकृत भएको राष्ट्रिय खेलकुद परिषद् आर्थिक प्रशासन नियमावली, २०६२ र राष्ट्रिय खेलकुद परिषद् कर्मचारी सेवा शर्त सम्बन्धी नियमावली, २०६८ (दोस्रो संशोधन) को लागि परिषद्को मिति २०८१/०८/२१ को ११८ औं बैठकले पारित गरी मन्त्रलयमा पेश गरेको,
- **संस्थागत/संरचनागत** - परिषद्मा नेपाल सरकारबाट स्वीकृत दरबन्दी १००० जना रहेकोमा अर्थ मन्त्रालयको मिति २०७५/७/२५ को निर्णयले कार्यबोझ र वार्षिक कार्यक्रमका लागि आवश्यक कर्मचारी यकिन गरी पदसंख्या मिलान गर्ने र साविकको श्रेणी अनुरुप नै १००० दरबन्दीमा वृद्धि नगर्ने तथा थप आर्थिक दायित्व नपर्ने गरी संरचना मिलानको सहमति प्राप्त भएकोमा मिति २०८१/०८/२१ को परिषद्को ११८ औं बैठकको निर्णयले संगठन संरचना तथा कार्यविवरण तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गरेको,
- **युवा तथा खेलकुद मन्त्रालयको तत्काल सुधार कार्ययोजना, २०८२** - नेपालमा खेलकुद पूर्वाधारको समान पहुँच, समावेशिता र व्यावसायीकरणलाई प्राथमिकता दिई पूर्वाधार विकास, समावेशी सहभागिता र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारको प्रमुख लक्ष्य राखी स्वीकृत भएको राष्ट्रिय खेलकुद नीति, २०८२ लाई कार्यान्वयन गर्नका लागि मिति २०८२।०७।१८ का दिन युवा तथा खेलकुद मन्त्रालयले खेल सम्बन्धमा तत्काल सुधार कार्ययोजना, २०८२ लागू गरेको छ जसमा खेलकुद पूर्वाधारको वर्गीकरण र कार्यान्वयन जिम्मेवारीलाई तहगत सरकारमा बाँडफाँटसम्बन्धी कार्यविधि/मापदण्ड निर्माण गर्नेदेखि विद्युतीय अभिलेख तयार गरी खेलाडी व्यवस्थापन गर्ने, आन्तरिक श्रोतको परिचालन लगायतका विषयहरू समेटिएको,
- **पूर्वाधार निर्माण** - गिरिजाबाबु क्रिकेट रंगशाला, विराटनगरको विस्तृत परियोजना प्रतिवेदन सम्पन्न तथा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत भएको, कीर्तिपुर क्रिकेट मैदानमा अङ्क तालिका/स्कोर बोर्ड जडान लगायतका अन्य काम सम्पन्न भएको, कोहलपुर क्रिकेट रंगशाला तथा महिला क्रिकेट एकेडेमीको "एच" ब्लकको प्यारापिटको निर्माण सम्पन्न र त्रिपुरेश्वरस्थित बहुउद्देश्यीय कभर्डहलको स्तरोन्नति तथा सबलीकरणको कार्य भएको, त्रिपुरेश्वरमा नै हाई परफर्मेन्स सेन्टर र सातदोबाटोमा स्पोर्टस् साइन्स ल्याब निर्माण भई परीक्षण तथा प्रशिक्षण सुचारू भएको,
- **पूर्वाधार उपयोगको पक्ष** - निर्माण भएका विभिन्न पूर्वाधारहरूमा अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिताहरू आयोजना तर्फ काभा महिला/पुरुष भलिबल, इ-स्पोर्टस, कबड्डी, रग्वी, गल्फ, म्याराथन, साफ महिला फुटवल प्रतियोगिता, साफ यु २० फुटवल लगायतका १९ वटा प्रतियोगिताहरू सफलतापूर्वक आयोजना भएका, राष्ट्रिय स्तरका प्रधानमन्त्री कप क्रिकेट, प्रधानमन्त्री कप भलिवल, कराते, तेक्वान्दो, एथलेटिक्स, बक्सिङ्ग, रग्वी, विभिन्न गोल्डकप फुटबलहरू, कबड्डी, खो-खो, इ-स्पोर्ट्स, बास्केटबल, कुस्ती, टेनिस, मौलिक तथा परम्परागत खेलकुद, साहसिक खेलकुदहरू साइक्लिङ्ग, मोटर स्पोर्ट्स लगायत लक्ष्य अनुरुपका राष्ट्रिय स्तरका ८२ वटा

प्रतियोगिताहरू सफलतापूर्वक सम्पन्न भएका, खेलाडीहरूको उदगम स्थलका रुपमा रहेको विद्यालयस्तरमा अध्ययनरत विद्यार्थीहरूको खेलकुदमा स्तरोन्नतिका लागि विभिन्न स्थानीय स्तरका विद्यालय शिक्षकहरूलाई तालिम प्रदान गरिएको, मिसन २०२६ मा आयोजना हुने २०औं एशियाली खेलकुदमा कम्तिमा दोहोरो अंकको पदकका लागि विभिन्न १० खेलका १०४ खेलाडीहरूलाई विशेष प्रशिक्षण प्रदान गरिएको।

सुधार गर्नुपर्ने पक्षहरू

१०. **कानुन तथा कार्यविधि निर्माण -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९(ङ) मा परिषद्ले यस ऐनको प्रतिकूल नहुने गरी खेलकुद सञ्चालनसम्बन्धी कार्यविधि तथा निर्देशिका बनाई लागू गर्नु गराउनुपर्ने व्यवस्था छ। ऐन लागूभएपश्चात् पौडीपोखरी सञ्चालन निर्देशिका स्वीकृत भएको, तपसीलमा उल्लेख भएका ९ वटा कार्यविधिको मस्यौदा तयार गरी मन्त्रालयमा पेश भएकोमा भौतिक पूर्वाधार उपयोग तथा सञ्चालन कार्यविधि अस्वीकृत भएको छ। त्यसैगरी, परिषद्ले भौतिक पूर्वाधार व्यवस्थापन सम्बन्धी कार्यदल गठन गरी सोको प्रतिवेदन कार्यान्वयनको चरणमा रहेको जनाएको छ। यसका अतिरिक्त परिषद्ले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ सँग सामञ्जस्यता कायम गर्न राष्ट्रिय खेलकुद परिषद् आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६२ र कर्मचारी सेवा शर्त सम्बन्धी नियमावली, २०६८(दोस्रो संशोधन) को लागि मिति २०८१/०८/२१ को परिषद्को ११८ औं बैठकबाट पारित गरी मन्त्रालयमा पेश गरेकोमा स्वीकृत भएको छैन। परिषद्ले पेश गरेको विवरण अनुसार तपशील बमोजिमका अन्य विभिन्न निर्देशिका/कार्यविधिहरूको मस्यौदा तयार गरी मन्त्रालयमा स्वीकृतिको लागि पेश गरेको भएतापनि पूर्णरूपमा स्वीकृत भएको देखिंदैन।

क्र.सं.	कार्यविधि र निर्देशिकाको विवरण	सम्बन्धित खेल	स्वीकृतिको अवस्था	कैफियत
१	भौतिक पूर्वाधार व्यवस्थापन सम्बन्धी कार्यदल २०७८ को प्रतिवेदन अनुसार	सम्पूर्णका लागि	सदस्य सचिवबाट स्वीकृत भइ हाल कार्यान्वयनमा रहेको	२०८१/०८/२१ मा स्वीकृत
२	भौतिक पूर्वाधार उपयोग तथा सञ्चालन कार्यविधि २०८२	सम्पूर्ण खेल तथा कार्यक्रमका लागि	स्वीकृत नभएको	
३	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन कार्यविधि	प्रचलित कानुन बमोजिम दर्ता भई कृयाशिल तहको सम्पूर्ण खेल संघ/महासंघ	मस्यौदा तयार गरी मन्त्रालयमा पेश भएको	२०८२/०४/१९ मा पेश भएको
४	अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता तालिम सेमिनारमा सहभागी कार्यविधि	प्रचलित कानुन बमोजिम दर्ता भई कृयाशिल तहको सम्पूर्ण खेल संघ/महासंघ	परिषद्को १२४ औं बोर्ड वैठकबाट स्वीकृत	२०८२/०९/०९ मा स्वीकृत
५	विदेशी प्रशिक्षक एवम् खेलाडी झिकाउने सम्वन्धी कार्यविधि	प्रचलित कानुन बमोजिम दर्ता भई कृयाशिल तहको सम्पूर्ण खेल संघ/महासंघ	मस्यौदा तयार गरी मन्त्रालयमा पेश भएको	२०८२/०४/१९ मा पेश भएको
६	खेलकुद संस्था एवम् क्लवहरूलाई प्रतियोगिता सञ्चालन सहयोग मापदण्ड	प्रचलित कानुन बमोजिम दर्ता भई कृयाशिल तहको सम्पूर्ण खेल संघ/महासंघ	मस्यौदा तयार गरी मन्त्रालयमा पेश भएको	२०८२/०४/१९ मा पेश भएको
७	राष्ट्रिय खेल संघलाई खेलकुद कार्यक्रम सञ्चालन अनुदान कार्यविधि	प्रचलित कानुन बमोजिम दर्ता भई कृयाशिल तहको सम्पूर्ण खेल संघ/महासंघ	मस्यौदा तयार गरी मन्त्रालयमा पेश भएको	२०८२/०४/१९ मा पेश भएको
८	आन्तरिक श्रोत परिचालन कार्यविधि		मस्यौदा तयार गरी मन्त्रालयमा पेश भएको	२०८२/०४/१९ मा पेश भएको

क्र.सं.	कार्यविधि र निर्देशिकाको विवरण	सम्बन्धित खेल	स्वीकृतिको अवस्था	कैफियत
९	बैठकसम्बन्धी कार्यविधि		मस्यौदा तयार गरी मन्त्रालयमा पेश भएको	२०८२/०४/१९ मा पेश भएको
१०	खेलाडी भत्ता मापदण्ड		मस्यौदा तयार गरी मन्त्रालयमा पेश भएको	२०८२/०४/१९ मा पेश भएको
११	खेल सामाग्री वितरण मापदण्ड		मस्यौदा तयार गरी मन्त्रालयमा पेश भएको	२०८२/०४/१९ मा पेश भएको
१२	विद्यालय स्पोर्ट्स एकेडेमी सञ्चालन कार्यविधि		मस्यौदा तयार गरी मन्त्रालयमा पेश भएको	२०८२/०४/१९ मा पेश भएको
१३	अनुसन्धान केन्द्रको सञ्चालन र व्यवस्थापन कार्यविधि		मस्यौदा तयार गरी मन्त्रालयमा पेश भएको	२०८२/०४/१९ मा पेश भएको

समयमा नै कानुन, निर्देशिका, कार्यविधि एवम् मापदण्डहरू निर्माण नहुँदा कार्यसम्पादनमा अन्यौलता कायम हुने र संघीय संरचनामा गएपश्चात् पुराना कानुनबाटै कार्यसञ्चालन गर्दा कानुन उल्लङ्घन हुन सक्ने हुँदा संघ, प्रदेश र स्थानीय तह सबैले खेल विधा अनुसारको खेलकुद कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आवश्यक कानुन निर्माण र परिमार्जन गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउनुपर्दछ।

११.संगठन संरचना - नेपालको संविधानको अनुसूची ९ मा खेलकुद क्षेत्र संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा रहेको छ। हाल नेपालको समग्र खेलकुद क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि केन्द्रीय निकायको रूपमा युवा तथा खेलकुद मन्त्रालय रहेको छ। राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३ मा राष्ट्रिय खेलकुद परिषद्को स्थापना, दफा ९ मा परिषद्को काम, कर्तव्य र अधिकारको साथै दफा १९ मा परिषद्को दैनिक प्रशासनिक कार्यका लागि आवश्यक कर्मचारीसम्बन्धी संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षणको प्रतिवेदन नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएबमोजिम हुने र सोही दफाको उपदफा ६ मा परिषद्मा कार्यरत कर्मचारीलाई यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र नेपाल सरकारले एकपटकका लागि संघ, प्रदेश र स्थानीय तहका खेलकुदसम्बन्धी संरचनामा समायोजन गर्न सक्ने व्यवस्था छ।परिषद् अन्तर्गत ७ क्षेत्रीय खेलकुद विकास समिति तथा ७७ जिल्ला खेलकुद विकास समिति रहेका छन्। प्रदेशस्तरमा खेलकुदसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद पूर्वाधार विकास र प्रवर्द्धन, राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजनाको कार्य सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दछ।स्थानीय तथा जिल्लास्तरका खेलकुद विकास, प्रवर्द्धन तथा प्रतियोगिता सञ्चालन लगायतका कार्य स्थानीय तहको क्षेत्राधिकारभित्र पर्दछ।

आ-आफ्नो क्षेत्राधिकारभित्रको कार्यसम्पादनका लागि ऐनमा भएको व्यवस्था अनुरुप कर्मचारी व्यवस्थापन हुनुपर्नेमा अर्थ मन्त्रालयको मिति २०७५/७/२५ को निर्णयले संख्या मिलान गर्ने र साविकको श्रेणी अनुरुप नै १००० दरबन्दीमा वृद्धि नगर्ने तथा थप आर्थिक दायित्व नपर्ने गरी संरचना मिलानको सहमति प्राप्त भएकोमा मिति २०८१/०८/२१ को परिषद्को ११८ औं बैठकको निर्णयले संगठन संरचना तथा कार्यविवरण तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पेश गरेको छ तर मन्त्रालयबाट स्वीकृति प्राप्त भएको छैन।

मुलुकको संघीय संरचनासँग तादाम्यता राख्ने गरी बनेको कानुनबमोजिम प्रदेश सरकारसँग समन्वय गरी राष्ट्रिय खेलकुद परिषद्ले अन्तर्गतका संगठनहरू पुनर्संरचना गर्नुपर्दछ। साथै संघ, प्रदेश, स्थानीय तह, राष्ट्रिय

खेलकुद परिषद् तथा प्रदेश खेलकुद विकास बोर्ड/परिषद्हरूले खेलकुद विकासका लागि सञ्चालन गर्ने कार्यक्रम तथा पूर्वाधार निर्माणको कार्यक्षेत्र स्पष्ट निर्धारण गर्नुपर्छ।

१२.पूर्वाधार मापदण्ड - राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९ मा परिषद्को काम, कर्तव्य र अधिकार र दफा ९(ञ) मा राष्ट्रिय खेलकुद परिषद्ले खेलकुद पूर्वाधार विकास गर्दा कायम गर्नुपर्ने न्यूनतम मापदण्ड निर्धारण गर्ने र सोको अनुगमन गर्नु गराउनुपर्ने व्यवस्था छ। सो अनुसार राष्ट्रिय खेलकुद परिषद्ले खेलकुद क्षेत्र पूर्वाधार विकासका लागि गुरुयोजना र खेलकुद संरचना निर्माणका लागि आवश्यक मापदण्ड तयार गरेको छैन। त्यस्तै, राष्ट्रिय खेलकुद नियमावली, २०७९ को नियम २०(५) मा परिषद्ले सार्वजनिक निजी क्षेत्रको साझेदारी र लगानीमा खेलकुद पूर्वाधार निर्माणको कुनै परियोजना कार्यान्वयन गर्दा मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था भएकोमा सो कार्यलाई अनिवार्य गरेको देखिएन। मापदण्ड तयार नहुँदा खेल प्रतियोगिता आयोजना सुनिश्चितता पश्चात् नीतिगत निर्णयका आधारमा खेल संरचनाहरू निर्माण हुने गरेको देखिन्छ। मापदण्ड अनुसारका खेलकुद पूर्वाधार निर्माण नभएका कारण निर्मित पूर्वाधारको दिगो उपयोग नहुने जोखिम रहन्छ। खेलकुद पूर्वाधार विकास र उपयोगमा दीर्घकालीन टिकाउका लागि संघ, प्रदेश र स्थानीय तहले खेलको विधा अनुसारको संरचना निर्माणको गुरुयोजना बनाउनुपर्ने, खेलकुद पूर्वाधार निर्माण तथा सञ्चालनको लागि न्यूनतम मापदण्ड तयार गरी अनिवार्य रूपमा लागु गर्नुपर्ने र नेपाल सरकार बाहेक अन्य निकायबाट निर्माण हुने खेलकुद संरचना निर्माणका लागि मन्त्रालयबाट निर्माण स्वीकृति लिनुपर्ने व्यवस्थाको पूर्णपालना हुनुपर्छ।

१३.बजेट सुनिश्चितता - बजेट तर्जुमा दिग्दर्शनको आधारमा बजेट तथा स्रोतको अनुमान, तर्जुमा तथा विनियोजन हुने व्यवस्था छ। राष्ट्रिय खेलकुद नीति, २०८२ अनुसार खेलकुद पूर्वाधार विकास तथा उपयोगलाई व्यवस्थित, दिगो र सर्वसुलभ बनाउने उद्देश्य राखिएको छ। जसअन्तर्गत संघीय, प्रदेश र स्थानीय तहबीच समन्वय गरी रंगशाला, खेलमैदान, प्रशिक्षण केन्द्र तथा बहुउद्देश्यीय कभर्ड हलहरूको निर्माण, स्तरोन्नति र संरक्षण गरिने, विद्यमान पूर्वाधारको अधिकतम उपयोग सुनिश्चित गर्न तालिका व्यवस्थापन, सार्वजनिक-निजी साझेदारी र सामुदायिक सहभागिता प्रवर्द्धन गरिने व्यवस्था गरिएको छ। परिषद्ले पेश गरेको विवरण अनुसार विगत ३ वर्षको बजेट विनियोजनको प्रवाह र खर्चको स्थिति देहाय बमोजिम देखिन्छः

रु. हजारमा

आ.व.	विनियोजित बजेट		खर्च		खर्च प्रतिशत		कैफियत
	पूर्वाधार निर्माण	मर्मतसम्भार	पूर्वाधार निर्माण	मर्मतसम्भार	पूर्वाधार निर्माण	मर्मतसम्भार	
२०७९/८०	८४,५६,००.००	२,४०,००.००	२१,३२,७९.९९	२,३८,७२.६५	२५	११	
२०८०/८१	६६,०५,००.००	१,९५,००.००	३०,६०,२०.८१	१,९४,२९.०८	४६	६	
२०८१/८२	४३,१३,७०.००	७,००,००.००	३८,०९,४५.०६	६,५८,८४.६३	८८	१७	

खेलकुद नीति अनुसार भौगोलिक सन्तुलन, खेल विशेष आवश्यकताहरू तथा प्रतिभा पहिचान केन्द्रित प्राथमिकताका आधारमा बजेट विनियोजन गर्नुपर्ने र सोही बमोजिम खर्च गर्नुपर्नेमा परिषद्ले पेश गरेको विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा पूर्वाधारतर्फ रु. ८४ करोड ५६ लाख र मर्मततर्फ रु. २ करोड ४० लाख विनियोजन भएको देखिन्छ भने खर्चतर्फ क्रमशः २५ र ११ प्रतिशत भएको छ। आर्थिक वर्ष २०८०/८१ मा रु. ६६ करोड ५ लाख पूर्वाधार निर्माणतर्फ र मर्मततर्फ रु. १ करोड ९५ लाख विनियोजन भएको छ। खर्चतर्फ क्रमशः ४६ र ६ प्रतिशत खर्च भएको छ। त्यसैगरी आर्थिक वर्ष २०८१/८२ मा पूर्वाधार निर्माणतर्फ रु. ४३ करोड १३ लाख र मर्मततर्फ रु. ७ करोड विनियोजन भएको छ र खर्च क्रमशः ८८ र १७ प्रतिशत रहेको छ। एकातर्फ बजेट विनियोजन हेर्दा खेलकुद पूर्वाधार विकास

र मर्मततर्फ क्रमशः बजेट विनियोजनको प्रवाह घट्दै गएको देखिन्छ भने अर्कोतर्फ राष्ट्रिय खेलकुद परिषद्ले समेत विनियोजित बजेट उपयोग गर्न नसकेको अवस्था छ। खेलकुद क्षेत्रमा बजेटको प्रवाह घट्दै गएको तथा पूर्वाधार निर्माण गर्दा योजनागत रूपमा नभई टुक्रे रूपमा बजेट विनियोजन गरी निर्माण कार्य हुने गरेको देखिन्छ। बहुवर्षीय आयोजनाहरूमा आवश्यक बजेटको सुनिश्चितता नहुँदा पूर्वाधार निर्माण कार्य समयमा सम्पन्न नहुने, निर्माणकार्य समेत दीगो नहुने र मर्मतसम्भारमा अतिरिक्त व्ययभार पर्ने देखिन्छ। खेलकुद क्षेत्रको विकास गर्ने सम्बन्धमा युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् तथा खेलकुद क्षेत्र समेट्ने प्रदेशस्तरीय मन्त्रालयहरूले खेल विधा, क्षेत्र र पूर्वाधारको वास्तविक आवश्यकता पहिचान गरी सोको आधारमा बजेट विनियोजन हुने व्यवस्था मिलाउनुपर्छ। साथै बजेटको पूर्ण उपयोग हुन नसकेकोमा सोको कारण, समस्या र समाधानका उपायहरूको अध्ययन गरी शतप्रतिशत नतिजा हासिल गर्नेतर्फ पहल गर्नुपर्छ।

१४.**अभिलेख र संरक्षण** - राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १४ मा परिषद्को कामकारबाहीको लागि एक कार्यकारी समिति रहने र दफा १५(ङ) मा कार्यकारी समितिले परिषद्को कोष, खेलाडी कल्याणकारी कोष, चल, अचल सम्पत्तिको संरक्षण, परिचालन र रेखदेख गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय खेलकुद परिषद्को अभिलेखमा रहेका जग्गा र सो जग्गामा निर्मित खेलकुदका भौतिक पूर्वाधारहरू तपशील बमोजिमको रहेको देखिन्छः

क्र.सं.	जिल्ला	जग्गाको क्षेत्रफल (रोपनी)	खेल संरचना	कैफियत
१	कोशी प्रदेश	५८३.६८	३३	
२	मधेश प्रदेश	६८०.८९	९	
३	बागमती प्रदेश	९६७.९७	३२	
४	गण्डकी प्रदेश	७०३.०६	२२	
५	लुम्बिनी प्रदेश	१४८५.६९	२५	
६	कर्णाली प्रदेश	२०२.००	१४	
७	सुदूरपश्चिम प्रदेश	९०४.८७	१९	
जम्मा		**५५२८.१६**	**१५४**	

प्रदेशगत रूपमा भौतिक पूर्वाधार तथा सम्पत्तिको विवरण हेर्दा देहायबमोजिमको अवस्था देखिन्छः

१४.१. कोशी प्रदेशमा विभिन्न स्थानमा रहेको ५८३.६८ रोपनी जग्गामा खेल संरचना ३३ रहेकोमा मेची रंगशाला जीर्ण अवस्थामा रहेको, झापा जिल्ला खेलकुद विकास समितिको नाममा रहेको ३.६७ रोपनी जग्गा हुलाक कार्यालयको उपभोगमा रहेको, पाँचथरमा स्थानीय विद्यालयको नाममा रहेको १९ रोपनी जग्गा ३० वर्षको लागि लिजमा लिई पाँचथर जिल्ला खेलकुद विकास समितिले खेलकुद पूर्वाधार निर्माण गरिरहेको र मोरङ्गमा अदालतको निर्णयबाट फिर्ता आएको बिर्ता १३.०७ रोपनी जग्गा प्रयोगमा नआई खाली मैदानको रूपमा रहेको छ। त्यसैगरी, नेपाल सरकार कृषि मन्त्रालयको नाममा सुनसरीमा रहेको ९९.६७ रोपनी जग्गाको भोगाधिकार प्राप्त गरी खेलकुद संरचना निर्माण भईरहेको, धनकुटा नगरपालिकाको नाममा रहेको १९ रोपनी जग्गा २५ वर्षको लागि भोगचलन गर्ने गरी प्राप्त जग्गामा फूटबल मैदान चालु अवस्थामा रहेको छ।

१४.२. परिषद्ले पेश गरेको विवरण अनुसार मधेश प्रदेशमा जम्मा ६८०.८९ रोपनी जग्गा र ९ खेलकुद संरचना रहेकोमा सार्वजनिक जग्गामा निर्माण भएको तेक्वान्दो खेलको संरचना चालु अवस्थामा रहेपनि अधिकांश संरचनाहरू पुरानो भई मर्मत गर्नुपर्ने देखिन्छ। धनुषामा रहेको ८१.४० रोपनी जग्गामा बहुउद्देश्यीय

कभर्डहल निर्माण गरी जिल्ला खेलकुद विकास समितिले प्रयोग गरेको र जिल्ला खेलकुद विकास समितिको नाममा रहेको २.९६ रोपनी जग्गा जिल्ला प्रहरी कार्यालयले प्रयोग गरेको देखिन्छ।

१४.३. बागमती प्रदेशमा जम्मा जग्गा ९६७.९७ रोपनी र खेल संरचना ३२ रहेकोमा रामेछाप जिल्ला खेलकुद विकास समितिको नाममा रहेको एक रोपनी जग्गामा दुबैतर्फ बाटोको मापदण्डले भौतिक संरचना बनाउन नसकिने अवस्थामा छ भने ललितपुर महानगरपालिकाको नाममा रहेको च्यासल फुटबल रंगशालामा प्याराफिट समेत निर्माण भएको छ। त्यसैगरी, परिषद्ले दोलखामा जिल्ला खेलकुद विकास समितिको नाममा रहेको ८ रोपनी जग्गा र संरचना नेपाली सेनाको मातहतमा रहेको खुलाएको छ।

१४.४. परिषद्ले पेश गरेको विवरण अनुसार गण्डकी प्रदेशमा जम्मा ७०३.०६ रोपनी जग्गा र २२ खेलकुद संरचना रहेकोमा मनाङ जिल्ला खेलकुद विकास समितिमा नाममा रहेको जग्गामा कभर्डहल बन्दै गरेको र फुटबल मैदान प्रयोगमा रहेको छ। म्याग्दीमा रहेको भूमि सुधार मन्त्रालयको नाममा रहेको जग्गामा पूर्वाधार निर्माण भई पूर्वाधारको स्वामित्व म्याग्दी खेलकुद विकास समितिलाई रहेको छ। त्यसैगरी स्याङ्जा जिल्लामा रहेको भलिबल कोर्ट मर्मत गर्नुपर्ने अवस्थामा छ।

१४.५. परिषद्ले पेश गरेको विवरण अनुसार लुम्बिनी प्रदेशभित्र जम्मा १४८५.६९ रोपनी जग्गा र २५ खेलकुद संरचना रहेकोमा दाङमा खेल विकास समितिको नाममा रहेको ७८५.२५ रोपनीमा फैलिएको जग्गाभित्र अनाधिकृत ढङ्गबाट जग्गा अतिक्रमण गरी पक्की घर बनाई बसोबास गरिरहेकोमा तत्काल जग्गा खाली गर्नुपर्ने विवरण पेश गरेपनि कति जग्गा अतिक्रमित भएको हो भन्ने बारेमा केही खुलाएको छैन। त्यसैगरी नवलपरासी पश्चिममा जिल्ला खेल विकास समितिको नाममा १.३३ रोपनी जग्गामा निर्मित सेमिकभर्डहल चालु अवस्थामा रहेको छ।

१४.६. परिषद्ले पेश गरेको विवरण अनुसार कर्णाली प्रदेशभित्र जम्मा २०२.०० रोपनी जग्गा र १४ खेलकुद संरचना रहेकोमा जुम्लामा रहेको १० रोपनी जग्गा सटर व्यापारीको लागि भाडामा दिएको र जिल्लाको अन्य स्थानमा रहेको जग्गामा पूर्वाधार संरचना निर्माण भई चालु अवस्थामा नै रहेको देखिन्छ।

१४.७. सुदूरपश्चिम प्रदेशमा विभिन्न स्थानमा रहेको ९०४.८७ रोपनी जग्गामा खेल संरचना १९ रहेकोमा बाजुरामा जिल्ला खेलकुद विकास समितिको नाममा रहेको जग्गामा बनेको संरचना २०८१ को भूकम्पबाट क्षतिग्रस्त भएको, वनको जग्गामा निर्माण भएको खेल संरचना जीर्ण भई सिंचाई डिभिजन कार्यालयलाई हस्तान्तरण गर्ने कार्य अगाडि बढेको र दार्चुलामा रहेको ६.६८ रोपनी जग्गा र सो क्षेत्रमा बनेको संरचनाको ८० प्रतिशत भू-भाग बाढीले बगाएको विवरण परिषद्बाट प्राप्त भएको छ।

परिषद्ले उपलब्ध गराएको विवरण अनुसार नेपालभर परिषद्को नाममा रहेको र भोगचलन गरेको गरी जम्मा ५५२८.१६ रोपनी जग्गा र १५४ खेल संरचनाहरू रहेको देखिन्छ। अधिकांश संरचनाहरू मर्मत गर्नुपर्ने, कतिपय जीर्ण अवस्थामा रहेको परिषद् स्वयंले जानकारी दिएको छ। परिषद् तथा अन्तर्गतका जिल्ला खेलकुद विकास समितिको नाममा रहेको कतिपय जग्गा अन्य निकाय/कार्यालयहरूले प्रयोग गर्दै आएको तथा अनाधिकृत ढङ्गबाट अतिक्रमण गरेको जानकारी प्राप्त भएको छ। परिषद्को स्वामित्वमा रहेको जग्गा तथा खेलकुद संरचनाको अभिलेख राख्ने, निर्मित संरचनाको उपयोगको अवस्थाको अनुगमन गरी स्थानीय प्रशासनको सहयोगमार्फत निर्मित संरचनाको प्रयोग पश्चात् सरसफाइ र मर्मतसम्भार गर्न लगाउने, नवलपरासी पश्चिममा रहेको ५४.५७ रोपनी जग्गाको पुर्जा बाढीले बगाई लगेको भनेकोमा मालपोत कार्यालयबाट जग्गाधनी पुर्जाको प्रतिलिपि लिने तथा परिषद्ले आफ्नो पूर्वाधार र सम्पत्तिको अभिलेख व्यवस्थित गरी सोको उचित व्यवस्थापन गर्नुपर्दछ।

१५.खेलकुद पूर्वाधार निर्माण - राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ४८ को खेलकुद पूर्वाधार निर्माण अन्तर्गत ठूला तथा राष्ट्रिय स्तरका खेलकुद पूर्वाधारको निर्माण एवं मर्मतसम्भार मन्त्रालय आफैंले गर्न वा परिषद्मार्फत गराउन सक्ने, प्रदेश स्तरका खेल पूर्वाधारहरूको निर्माण प्रदेशबाट र स्थानीयस्तरका खेल पूर्वाधार स्थानीय तहबाट गर्ने तथा खेलकुद पूर्वाधार निर्माण, विकास तथा प्रतियोगिता सञ्चालन गर्न आवश्यकता अनुसार निजी क्षेत्र, गैरसरकारी, सहकारी र सामुदायिक संघसंस्थासँग साझेदारी गर्न सकिने व्यवस्था छ। परिषद्ले यस वर्ष खेलकुद पूर्वाधार निर्माणतर्फ विभिन्न आयोजनाहरूमा जम्मा रु. ३८ करोड ९ लाख र पूर्वाधार मर्मततर्फ रु. ६ करोड ५८ लाख गरी जम्मा रु. ४४ करोड ६७ लाख खर्च गरेको छ। केही उदाहरण देहाय बमोजिम छन्:

रु. हजारमा

क्र.सं.	पूर्वाधार आयोजनाको विवरण	विनियोजन	खर्च	खर्च प्रतिशत	कैफियत
१	मूलपानी क्रिकेट एकेडेमी निर्माण काठमाण्डौ	३०,०००.००	११,१७६.८८	३७.२६	
२	धनगढी प्रादेशिक रंगशाला निर्माण कैलाली	१०,०००.००	३,०२३.९२	३०.२४	
३	पोखरा क्रिकेट रंगशाला कास्की	१०,०००.००	७,४०३.१९	७४.०३	
४	कीर्तिपुर क्रिकेट रंगशाला फ्लडलाइट तथा स्कोरबोर्ड निर्माण	३७,०८४.००	२,९९,७७.९९	८०.८४	
५	गिरिजाबाबु क्रिकेट रंगशाला बैजनाथपुर मोरङ्ग	१०,०००.००	४,९५८.५८	४९.५९	
६	विभिन्न स्थानका खेल पूर्वाधार निर्माण तथा स्तरोन्नती	१०,०००.००	९,२१०.९८	९२.११	
७	दशरथ रंगशाला सातदोबाटो तथा लैनचौर मर्मत सम्भार	१०,०००.००	९,८४४.६३	९८.४५	
८	राष्ट्रिय तालिमकेन्द्र निर्माण	५०,०००.००	०	०.००	
९	बहुउद्देश्यीय कभर्डहल त्रिपुरेश्वर स्तरोन्नती तथा सवलीकरण	५०,०००.००	४६,८२९.०२	९३.६६	
१०	राष्ट्रिय स्मृति कभर्डहल सुनापानी ३ रामेछाप	१५,०००.००	९,३०५.५१	६२.०४	

१५.१. सोह्रौं योजना (२०८१/८२ - २०८५/८६) ले खेलकुद पूर्वाधार निर्माणलाई राष्ट्रिय विकासको महत्त्वपूर्ण आधारका रूपमा स्वीकार गर्दै देशभर सन्तुलित र पहुँचयोग्य खेल संरचना विकास गर्ने व्यवस्था गरेको छ। योजनाले संघ, प्रदेश र स्थानीय तहबीच समन्वयमा अन्तर्राष्ट्रियस्तरका रंगशाला, बहुउद्देश्यीय कभर्ड हल, प्रशिक्षण केन्द्र तथा स्थानीयस्तरका खेलमैदानहरूको निर्माण र स्तरोन्नतिमा जोड दिएको छ। साथै, विद्यमान पूर्वाधारको संरक्षण, मर्मत-सम्भार र प्रभावकारी उपयोग सुनिश्चित गर्दै ग्रामीण तथा दुर्गम क्षेत्रमा पनि खेलकुद पहुँच विस्तार गर्ने, निजी क्षेत्रको लगानी र सहकार्य प्रोत्साहन गर्ने तथा दीर्घकालीन योजनाअनुसार दिगो र समावेशी खेल पूर्वाधार विकास गर्ने लक्ष्यसमेत उल्लेख गरिएको छ।

१५.२. वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य, २०८१/८२ ले खेलकुद पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्दै संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा आधुनिक तथा स्तरीय रंगशाला, कभर्ड हल, खेलमैदान र प्रशिक्षण केन्द्रहरूको निर्माण तथा स्तरोन्नतिमा जोड दिएको छ। बजेटले राष्ट्रिय गौरवका आयोजनाका रूपमा ठूला खेल पूर्वाधार विकास गर्ने, प्रदेशस्तरमा बहुउद्देश्यीय रंगशाला विस्तार गर्ने र स्थानीय तहमा आधारभूत खेल संरचना निर्माणलाई निरन्तरता दिने व्यवस्था गरेको छ। साथै, विद्यमान पूर्वाधारको मर्मत—

सम्भार, प्रभावकारी उपयोग, निजी क्षेत्रको सहभागिता प्रोत्साहन तथा खेल पर्यटन प्रवर्द्धनसँग जोडिएका पूर्वाधार विकासमा पनि विशेष ध्यान दिने उल्लेख गरिएको छ।

राष्ट्रिय खेलकुद नीति, २०८२ नेपाल सरकार मन्त्रिपरिषद्बाट २०८२।०३।०९ मा मात्र स्वीकृत भएकोले वार्षिक नीति तथा कार्यक्रमले सो नीतिलाई सम्बोधन गरेको छैन। तथापी सोह्रौं योजनामा सुनिश्चित भएका विषय सम्बोधन हुने गरी वार्षिक नीति कार्यक्रम र बजेट सुनिश्चित हुनुपर्नेमा सो भएको छैन। साथै वार्षिक नीति कार्यक्रम तथा बजेट वक्तव्यमा उल्लेख भएका विषयहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने गरी बजेट विनियोजन समेत हुने गरेको छैन।

खेलकुद क्षेत्रको पूर्वाधार निर्माणमा परिषद्ले मुख्य भूमिका खेल्ने गरेकोमा प्रदेश र स्थानीय तहले निर्माण गरेका संरचनाहरूको विवरण परिषद्सँग नहुनु, पूर्वाधार निर्माणमा मन्त्रालय र परिषद्बीच आवश्यक समन्वय कमी हुनु लगायतका कारणले पूर्वाधार निर्माणका लागि वास्तविक आवश्यकता पहिचान हुन नसक्ने तथा अधुरा र बहुवर्षीय योजनाहरूको लागि बजेट विनियोजनका लागि पर्याप्त बजेट व्यवस्थापन गर्न नसकिएको देखिन्छ। खेलकुद पूर्वाधार निर्माण र उपयोगको सम्बन्धमा राष्ट्रिय खेलकुद नीतिले निर्धारण गरेका नीतिहरू र आवधिक योजनाले परिकल्पना गरेका विषयलाई समेटी वार्षिक नीति तथा कार्यक्रम तय गर्ने र वार्षिक नीति तथा कार्यक्रममा समेटिएका विषयहरू सम्बोधन हुने गरी आवश्यक बजेट विनियोजन गर्ने तथा सोको नियमित अनुगमन गरी लक्ष्य बमोजिमको प्रगति हासिल गर्नुपर्छ।

१६. **अन्तर्राष्ट्रिय मापदण्ड तथा मान्यता -** खेलकुद विकासका लागि सोह्रौं योजनामा समावेश भएको कार्यनीति अनुसार खेलकुदका स्थानीय तथा राष्ट्रियस्तरका भौतिक संरचना तथा पूर्वाधारहरू अन्तर्राष्ट्रियस्तरको मापदण्डबमोजिम निर्माण गरिने व्यवस्था छ। विभिन्न अन्तर्राष्ट्रिय खेलकुदसँग सम्बन्धित संस्थाहरूले खेल मैदान तथा संरचनाको मापदण्ड तयार गर्ने गरेको छ। अन्तर्राष्ट्रिय फुटबल महासंघ (FIFA) ले फुटबल, अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (ICC) ले क्रिकेट, अन्तर्राष्ट्रिय एथलेटिक्स महासंघ (IAAF) ले विभिन्न एथलेटिक्ससम्बन्धी खेल, अन्तर्राष्ट्रिय पौडी महासंघ (FINA) ले पौडीको मापदण्ड तयार गरी प्रतियोगिता सञ्चालन गर्ने अनुमति दिने गरेका छन्। नेपालमा हाल ७ अन्तर्राष्ट्रियस्तरको ४ राष्ट्रियस्तरको तथा ४ क्षेत्रीयस्तरको गरी कुल १५ क्रिकेट स्टेडियम निर्माणाधीन अवस्थामा रहेकोमा नेपालमा रहेको मुख्य दुई क्रिकेट स्टेडियम न्यूनतम अन्तर्राष्ट्रिय मापदण्डअनुसारको भौतिक पूर्वाधारको अवस्था निम्न छः

क्र.सं.	विवरण	खेल मैदान		कैफियत
		मूलपानी क्रिकेट रंगशाला	कीर्तिपुर क्रिकेट रंगशाला	
१	मेडिया सेन्टर, क्यामरा	नरहेको	रहेको	
२	नेट प्र्याक्टिस	नरहेको	रहेको	
३	ग्राउण्ड इक्युपमेन्ट (रोलर, पिच कभर आदि)	नरहेको	न्यूनतम रहेको	
४	मेडिकल रूम, एम्बुलेन्स	नरहेको	नरहेको	
५	डिजिटल स्कोरबोर्ड तथा फल्ड लाइट	नरहेको	रहेको	
६	दर्शक दीर्घा	रहेको	रहेको	
७	सुरक्षा व्यवस्था	सुधार गर्नुपर्ने	सुधार गर्नुपर्ने	

नेपालमा रहेको कुनै पनि रंगशालाको अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलबाट मान्यता प्राप्त (accredit ion Certification) भएको छैन। नेपालमा सञ्चालन हुने अन्तर्राष्ट्रिय प्रतियोगिताहरूका लागि अस्थाई मान्यता (Entering ODI Status For Ground) प्रदान गरी खेल सञ्चालन हुने गरेको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको नेपाल एशोसिइट तथा सदस्य राष्ट्र रहेकोमा २०७४।१२।४ मा अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलबाट एक दिवसीय प्रतियोगिताको लागि मान्यता प्राप्त गरेको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको

न्यूनतम मापदण्डअनुसारको खेल पूर्वाधारको कमीले गर्दा नेपालमा हालसम्म एक मात्र अन्तर्राष्ट्रियस्तरको क्रिकेट प्रतियोगिता क्रिकेट वर्ल्डकप लिग २ मिति २०७६ माघ २२ देखि २९ सम्म सञ्चालन भएको छ।

त्यसैगरी नेपालमा १ निर्माण सम्पन्न तथा २१ निर्माणाधीन फुटबल रङ्गशालामध्ये ७ अन्तर्राष्ट्रियस्तरको, ७ राष्ट्रिय स्तरको तथा ८ क्षेत्रीयस्तरको रहेका छ। अन्तर्राष्ट्रिय फुटबल महासंघ, एसियाली फुटबल महासंघ जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको नेपाल एशोसिएट सदस्य राष्ट्र रहेको छ। नेपालमा समय समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको फुटबल प्रतियोगिता उक्त रङ्गशालाहरूमा सञ्चालन हुँदै आएकोमा हालसम्म कुनै पनि रङ्गशाला अन्तर्राष्ट्रिय संस्थाहरूबाट मान्यता प्राप्त भएका छैनन्। दशरथ रङ्गशालामा लन्ज, मेडिकल चेन्जिङ्ग रूम, मेडिया सेन्टर, प्रि पोस्ट म्याच कन्फरेन्श रूम, सुरक्षा व्यवस्था, भि.भि.आई.पि. रूम, मैदानको घाँस, शौचालय जस्ता न्यूनतम मापदण्ड अनुसारको पूर्वाधार रहेतापनि अन्य रङ्गशालाहरूमा यस्ता सुविधाहरू रहेका छैनन्। नेपालमा सञ्चालन हुने खेल प्रतियोगिताका लागि सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाबाट सञ्चालन पूर्व फिल्ड एशेसमेन्ट/निरीक्षण गरी मौखिकरूपमा मान्यता दिने गरिएको परिषद्ले जानकारी दिएको छ। जसले गर्दा नेपालमा अन्तर्राष्ट्रिय खेल पर्याप्त मात्रामा सञ्चालन गर्न सकिएको छैन। मन्त्रालय, परिषद् तथा सम्बन्धित संघसंस्थाले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्नका लागि चाहिने आवश्यक मापदण्ड सहितको खेल पूर्वाधार निर्माण सम्पन्न गरी सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाबाट मान्यता लिनेतर्फ पहल गर्नुपर्दछ।

१७. **समन्वय र सहकार्य -** खेलकुद विकास ऐन, २०७७ को दफा ४९ मा खेल पूर्वाधारहरूको विकास र व्यवस्थापन तथा प्रतियोगिता सञ्चालनमा संघ, प्रदेश र स्थानीय तहबीच आपसमा सहकार्य र समन्वय गर्नुपर्ने व्यवस्था छ। सोही दफाको उपदफा २ मा खेल क्षेत्रमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य लगायतका विषय तोकिए बमोजिम हुने भन्ने छ तर सो कार्यको लागि कुनै कानुन निर्माण भएको देखिँदैन। कानुनको रिक्तताको कारणबाट तीन तहका सरकारका बीचमा कार्यविभाजनको खाका तयार नभएको र खेल पूर्वाधार निर्माण तथा खेल प्रतियोगिता सञ्चालनमा लागत साझेदारी भएको देखिँदैन। कतिपय पूर्वाधार निर्माणमा परिषद्को स्वीकृति र कानुनी व्यवस्थाबिना नै आ-आफ्नो हिसाबले प्रदेश र स्थानीय तहबाट नै खेल पूर्वाधार संरचनाहरू निर्माण भएको भएतापनि परिषद्सँग अभिलेखाङ्कन नगरेको कारणले के कति संरचना निर्माण भएको हो यकिन गर्न सकिएन। आफ्नो क्षेत्रमा निर्माण भएका पूर्वाधारको उपयोग र संरक्षणमा प्रदेश र स्थानीय तहको केही भूमिका देखिएतापनि सो कार्य कानुनी मार्गदर्शन बिना भएकाले समन्वय र सहकार्यको विषयलाई स्पष्ट गर्न सकिएन। प्रदेश र स्थानीय तहले निर्माण गरेका संरचना र खेल प्रतियोगिता सञ्चालनको विषयमा परिषद् अनभिज्ञ हुने र परिषद्ले निर्माण गरेका संरचनाहरू बजेट तथा कानुनको अभावले प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुन नसकेको अवस्था छ।

१७.१. राष्ट्रिय खेलकुद नीति, २०८२ ले खेलकुद क्षेत्रको समग्र विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय र सहकार्य आवश्यक रहेको स्पष्ट गरेको छ। यसले संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिमका विषयगत समितिलाई क्रियाशील बनाई खेल क्षेत्रको विकास र विस्तारमा तहगत समन्वय गर्ने रणनीति अवलम्बन गरेको छ। सो नीति कार्यान्वयन गर्नका लागि युवा तथा खेलकुद मन्त्रालयले तत्काल सुधार कार्ययोजना, २०८२ बनाई सो बमोजिम २ महिनाभित्र खेलकुद पूर्वाधारको वर्गीकरण र कार्यान्वयन जिम्मेवारीलाई तहगत सरकारमा बाँडफाँटसम्बन्धी कार्यविधि/मापदण्ड निर्माण गर्ने निर्णय गरेको भएतापनि यो प्रतिवेदन तयार गर्दासम्ममा सो सम्बन्धमा भएको प्रगति विवरण प्राप्त हुन सकेन।

१७.२. सोह्रौं योजना (२०८१/८२ - २०८५/८६) ले राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा खेल मैदान, स्टेडियम, प्रशिक्षण केन्द्र निर्माण गर्ने, पूर्वाधारको मापदण्ड निर्धारण गर्ने कार्यनीति सहित खेलकुद पूर्वाधारको सुदृढीकरण गर्ने रणनीति अवलम्बन गरेको छ भने स्थानीय तह र समुदायलाई पूर्वाधारको उपयोगमा सहभागी गराउने कार्यनीति सहितको पूर्वाधारको दिगो उपयोग र मर्मत सम्बन्धी रणनीति अवलम्बन गरेको छ। तर कार्यनीति कार्यान्वयन गर्ने विषयमा कुनै ठोस कदम चालेको देखिएन।

१७.३. वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य, २०८१/८२ ले समेत स्थानीय तहमा खेलकुद पूर्वाधारको पहुँच विस्तार गर्न सहकार्य कार्यक्रम सञ्चालन गर्ने, निर्मित पूर्वाधारको प्रभावकारी उपयोग सुनिश्चित गर्न सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय तह वा निजी क्षेत्रलाई दिने नीतिगत व्यवस्था गरेको छ तर सोको कार्यान्वयन गर्नका लागि कुनै कानुनी प्रक्रिया सुनिश्चित गरेको देखिँदैन र नीति तथा कार्यक्रमको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न बजेट विनियोजन समेत गरेको छैन। नीतिगत व्यवस्था कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने कानुन निर्माणका लागि युवा तथा खेलकुद मन्त्रालयलाई जिम्मेवार बनाउने र कार्यविभाजन सहितको जिम्मेवारीका आधारमा संघ, प्रदेश र स्थानीय तहबीचमा समन्वय र सहकार्यको भूमिका बढाउनुपर्छ। खेल क्षेत्रको समग्र विकासका लागि सम्बन्धित मन्त्रालय र परिषद्बीचमा निरन्तर संवाद, छलफल र सहकार्य हुनुपर्छ।

१८.लागत साझेदारी - राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ४८(३) मा खेलकुद पूर्वाधार निर्माण, विकास तथा प्रतियोगिता सञ्चालन गर्न आवश्यकता अनुसार निजी क्षेत्र, गैरसरकारी, सहकारी र सामुदायिक संघसंस्थासँग साझेदारी गर्न सकिने व्यवस्था छ भने राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम ५ मा परिषद्ले सार्वजनिक निजी क्षेत्रको साझेदारी तथा लगानीमा खेलकुद पूर्वाधार निर्माणको कुनै परियोजना कार्यान्वयन गर्दा मन्त्रालयको स्वीकृति लिई कानुनबमोजिम कार्यान्वयन गर्न सक्ने व्यवस्था छ। राष्ट्रिय खेलकुद नीति, २०८२ को कार्यनीति २.७.१०(२) मा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार खेलकुद पूर्वाधारहरू निर्माण गर्ने व्यवस्था छ। त्यस्तै, १६ औं योजनाले खेलकुदलाई मानव पुँजी निर्माणको अभिन्न अङ्गको रूपमा विकास गर्ने, खेलकुद पूर्वाधारको निर्माण र स्तरोन्नतिसँग प्रशिक्षणको व्यवस्था गर्ने, खेलकुदबाट आय आर्जन गर्न खेलकुद पर्यटनलाई प्रोत्साहन गर्ने र यस क्षेत्रलाई व्यावसायिक बनाउने रणनीति अवलम्बन गरेको छ। विश्वका विभिन्न देशहरूले सार्वजनिक निजी साझेदारीमा पूर्वाधार निर्माणको अवधारणा अवलम्बन गरी खेलकुद पूर्वाधार संरचनाहरू निर्माण गरेका छन्।

तर नेपालमा हालसम्म पनि कुनै पनि खेल पूर्वाधार संरचना निर्माणमा सार्वजनिक निजी साझेदारीमा निर्माण भएको छैन। संघ, प्रदेश र स्थानीय तहले समेत खेल पूर्वाधार संरचना निर्माणमा लागत साझेदारी गरेको पाइएन। सरकारको सीमित श्रोत साधन हुनु र अन्तर्राष्ट्रिय स्तरको खेल पूर्वाधार संरचना निर्माणमा लाग्ने खर्च बढी हुने कारणले बजेटको सीमितताकाबीच खेलकुदको व्यवसायीकरण खुम्चिन पुगेको देखिन्छ। प्रदेश र स्थानीय तहले आ-आफ्नै हिसाबले खेल संरचना निर्माण गर्ने गरेको भन्ने जानकारी परिषद्बाट प्राप्त भएको भएतापनि उनीहरूले निर्माण गरेका संरचनाहरूको विवरण परिषद्सँग छैन। पूर्वाधार निर्माणमा मन्त्रालय र परिषद्बीच आवश्यक समन्वय नभएका कारणले पूर्वाधार निर्माणमा लागत साझेदारीका विषयमा कुनै ठोस कदम चालेको देखिँदैन। लगानीको सुरक्षा र प्रतिफलको सुनिश्चितता गर्ने कार्यविधि र कार्यक्रम तयार गरी खेलकुद पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी र साझेदारी आकर्षित गर्नुपर्छ। आयोजनाको लगानी, जग्गाको उपलब्धता, निर्माण कार्य, मर्मतसम्भार, पूर्वाधारको उपयोगबाट प्राप्त मुनाफा लगायतका विषयको स्पष्टताका लागि निश्चित कार्यविधि बनाई सार्वजनिक निजी साझेदारीको आवधारणाका

आधारमा खेल पूर्वाधार संरचनाहरू निर्माण गर्नुपर्छ। साथै स्थानीय र प्रदेश तहले निर्माण गरेका खेल पूर्वाधार संरचनाहरूको विवरण माग गरी परिषद् र मन्त्रालयले विवरण समेत अद्यावधिक गर्नुपर्छ।

१९. **निर्मित संरचनाको उपयोग -** राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ९ मा परिषद्को काम, कर्तव्य र अधिकारमा खेलकुद पूर्वाधारको निर्माण, व्यवस्थापन तथा मर्मतसमम्भार गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्ने, गराउने, अन्तरप्रदेश, प्रदेश तथा स्थानीय तहमा खेलकुदको सञ्चालन, विकास तथा पूर्वाधार विकासको लागि प्रदेश सरकार तथा स्थानीय तहसँग समन्वय, सहयोग तथा सहकार्य गर्नुपर्ने व्यवस्था छ। नेपाल क्रिकेट संघको मिति २०८१।५।६ मा प्राप्त प्रस्ताव अनुसार नोभेम्बर ३० देखि डिसेम्बर २१, २०२४ (तदनुसार मिति २०८१ साल मंसीर १५ देखि पौष ६गते) सम्म काठमाडौंमा विभिन्न ८ वटा टिममा विभिन्न देशका ५० जना विदेशी खेलाडीहरू सहितको सहभागितामा त्रिभुवन विश्वविद्यालय स्थित कीर्तिपुर क्रिकेट मैदानमा नेपाल प्रिमियर लिग क्रिकेट प्रतियोगिताको पहिलो संस्करण आयोजना भएको, मूलपानी क्रिकेट रंगशालामा विभिन्न ७ वटा विद्यालयहरूले क्रिकेट प्रतियोगिता आयोजना गरेका, दशरथ रंगशालामा अखिल नेपाल फुटबल संघको आयोजनामा विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिता जस्तैः ए.एफ.सी. च्यालेन्ज कप फुटबल प्रतियोगिता, एशिया रग्बी सेभेन्स ट्रफी, २०२४, SAAF U-20 CHAMPIONSHIP, International Women Football Tournment, 2025 लगायत अन्य ११ वटा राष्ट्रिय स्तरका प्रतियोगिता सञ्चालन भएका, राखेप कभर्डहलमा अन्तर्राष्ट्रियस्तरका ४ र राष्ट्रियस्तरका १० प्रतियोगिता सञ्चालन भएका, राखेप सेमि कभर्डहलमा काठमाडौं जिल्ला खेल विकास समितिले १५ औं काठमाडौं जिल्ला राष्ट्रपति शील्ड उसु छनौट प्रतियोगिता सञ्चालन गरेको तथा च्यासल फुटबल मैदानमा रोयल मल्टिप्रपोज प्रा.लि. ले सांगितिक कार्यक्रम समेत सञ्चालन गरेको देखिन्छ। उपत्यका बाहेका पूर्वाधार संरचनामा के कति पूर्वाधारको उपयोग भएको छ, सोको तथ्याङ्क राष्ट्रिय खेलकुद परिषद्सँग छैन। निर्मित खेल संरचनाहरूको रेखदेख, संरक्षण र उपयोगको जिम्मा कानुनले राष्ट्रिय खेलकुद परिषद्लाई दिएकोले परिषद्ले प्रदेश र स्थानीय स्तरमा समेत निर्माण भएका खेल पूर्वाधार संरचनाहरूको उपयोग के कसरी भएको छ, अनुगमन गरी तथ्याङ्क संकलन गरी विवरण अद्यावधिक गर्नुपर्छ। खेल पूर्वाधार सञ्चालनका लागि खेलको प्रकृति र स्तरको मापदण्ड निर्धारण गरी आयसमेत पारदर्शी रूपमा खुलाउनुपर्छ।

२०. **खेलकुद संरचनाबाट आय -** राष्ट्रिय खेलकुद परिषद् आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६२ को नियम ८२ मा गोदामघर, पसल,कबल आदि भाडामा लिनु वा दिनुपरेमा वा परिषद् मातहतमा रहेका पौडीपोखरी, रंगशाला, कभर्डहलहरू भाडा वा होडिङ्ग बोर्ड भाडामा दिनका लागि परिषद्ले निर्देशिका बनाई भाडामा दिन सक्ने व्यवस्था छ। विद्यमान राष्ट्रिय खेलकुद नीति, २०८२ ले खेलकुद संरचनाबाट हुने आयको सम्बन्धमा उल्लेख गरेको छैन तथापी सो नीतिको कार्यनीति २.७.१७ मा खेलकुदलाई आयमूलक क्षेत्रको रूपमा विकास गर्न साहसिक तथा पर्वतीय खेलको मापदण्ड बनाई निजी क्षेत्रसमेतको लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिने व्यवस्था छ। राष्ट्रिय खेलकुद परिषद्ले निर्माण गरेका विभिन्न खेलकुद संरचना, स्टेडियम, रंगशाला, पौडी पोखरी, कबर्डहलहरूमा परिषद्मा दर्ता भएका संघ-संस्थाहरूले समय-समयमा राष्ट्रिय, क्षेत्रीय तथा जिल्लास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएका छन्। प्रतियोगिता आयोजना र संरचना उपयोगबाट प्राप्त हुने आम्दानी परिषद् र आयोजकबीच बाँडफाँट गर्ने सम्बन्धमा कार्यविधि बनेको पाइएन। परिषद्ले भौतिक पूर्वाधार व्यवस्थापन सम्बन्धी कार्यदल, २०७८ गठन गरी खेल संरचनाहरूको प्रयोगवापत केही निश्चित शुल्कहरू परिमार्जनका लागि प्रस्ताव गरेकोमा सो कार्यविधि सदस्य-सचिवबाट स्वीकृत भई

सोही बमोजिम शुल्क लिने गरेको छ। परिषद्ले पेश गरेको विवरण अनुसार खेल संरचनाहरूको प्रयोगमा आयोजकबाट तपशील बमोजिमको शुल्क उठाएको देखिन्छः

क्र.सं.	पूर्वाधार संरचनाको विवरण	खेल कार्यक्रम सञ्चालन भएको संख्या	खेल कार्यक्रमबाट उठेको शुल्क	शुल्क उठाउने आधार	कैफियत
१	मूलपानी क्रिकेट रंगशाला	७	४४००००	भौतिक पूर्वाधार व्यवस्थापन सम्बन्धी कार्यदल २०७८ ले पेश गरेको प्रतिवेदनका आधारमा सदस्य सचिव स्तरीय निर्णयानुसार।	परिषद्को कार्यकारी समितिको निर्णयानुसार समय सापेक्ष कार्यविधि तयार गर्न मिति २०८२।०१।२८ मा कार्यदल गठन भइ कार्यदलबाट तयार भएको मस्यौदा परिषद् मा पेश भएको
२	दशरथ रंगशाला	१५	४२२५०००		
३	रा.खे.प. कभर्डहल र सेमिकभर्डहल	१५	३२५०००		
४	च्यासल फूटबल मैदान	१	३०००००		
५	पार्किङ्ग र सटरभाडा		१७६९८१७		
६	विद्युत महशुल		२१७९८६.५		

परिषद्ले पेश गरेको विवरण अनुसार परिषद्को कार्यकारी समितिको निर्णयानुसार खेल संरचनाको प्रयोगलाई व्यवस्थित र समयसापेक्ष परिमार्जन गर्न सोसम्बन्धी कार्यविधि तयार गर्नका लागि कार्यदल गठन भई कार्यविधिको मस्यौदा परिषद्मा पेश भएको छ। हाललाई अगाडिकै भौतिक पूर्वाधार व्यवस्थापनसम्बन्धी कार्यदल, २०७८ को प्रतिवेदनकै आधारमा शुल्क उठाउने र राष्ट्रिय खेलकुद परिषद्को राष्ट्रिय वाणिज्य बैंकको टेकुस्थित खाता नं. १७००१०००२५०१००१ मा आम्दानी बाँध्ने र आ.व. २०८२/०८३ देखि उक्त आम्दानी सो खाताबाट कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको विविध खातामा जम्मा गरी नियमानुसार विनियोजित शीर्षकमा राखी खर्च गर्ने गरेको छ। मूलपानी क्रिकेट रंगशाला, दशरथ रंगशाला, रा.खे.प. कबर्डहल र सेमिकबर्डहल, च्यासल फूटबल मैदान, रा.खे.प. प्राङ्गणको पार्किङ र सटरभाडा र विद्युत महसुल बाहेक अन्य स्थानको खेल संरचनाको प्रयोगबाट आय भए नभएको सम्बन्धमा कुनै विवरण प्राप्त हुन सकेन। राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले खेलकुद पूर्वाधारलाई खेलकुद लगायत अन्य क्षेत्रमा प्रयोगमा लगाई आम्दानीको श्रोत पहिचान गर्न "शुल्क निर्धारण तथा व्यवस्थापन कार्यविधि" तयार गरी लागू गर्नुपर्छ, जसमा रंगशाला, कभर्ड हल, प्रशिक्षण केन्द्र आदि प्रयोग गर्दा लाग्ने शुल्क, छुट, र परिषद् र आयोजकबीचको आम्दानी बाँडफाँटको स्पष्ट मापदण्ड निर्धारण गर्नुपर्छ। साथै सबै खेल संरचनाहरूको एकीकृत डिजिटल दर्ता (Asset Registry System) तयार गरी अनलाइन बुकिङ र शुल्क भुक्तानी प्रणाली लागू गर्नुपर्छ, जसले पारदर्शिता र राजस्व वृद्धि दुवै सुनिश्चित गर्दछ।

२१.खेलकुदमा नेपालको उपलब्धि - विश्वस्तरमा खेल दर्शकहरूले सबैभन्दा बढी रुचाउने, लगानी हुने तथा खेल इभेन्टहरू सञ्चालन हुने अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा ग्रीष्मकालीन ओलम्पिक, शीतकालीन ओलम्पिक, विश्वकप फुटबल, विश्वकप क्रिकेट जस्ता प्रतियोगिताहरू पदर्छन्। नेपाल ओलम्पिक कमिटिको सन् १९६२ मा स्थापना पश्चात सन् १९६४ को टोकियो ओलम्पिकदेखि हालसम्म नेपाल १३ ग्रीष्मकालीन ओलम्पिकमा भाग लिईसकेको छ। त्यसै गरी सन् २००२ देखि हालसम्म नेपाल ४ शीतकालीन ओलम्पिकमा भाग लिइसकेको छ। यसरी विगत ५६ वर्षदेखि भाग लिँदै आएको विभिन्न १७ ओलम्पिक संस्करणका खेलमा नेपालले हालसम्म पदक हासिल गर्नसकेको छैन। त्यसै गरी १९५१ देखि विभिन्न संस्करणका एशियाली खेलकुदमा नेपालले हालसम्म जम्मा २४ पदक हासिल गरे तापनि हालसम्म स्वर्ण पदक हासिल गर्न नसकेको अवस्था छ। नेपालमा सञ्चालन भएका अन्तर्राष्ट्रियस्तरको प्रतियोगिताहरूमध्ये दक्षिण एसियाली खेलकुद सबैभन्दा ठुलो प्रतियोगिता हो। हालसम्म सञ्चालन भएका १३ दक्षिण एसियाली खेलकुद संस्करणमा नेपालको औसत स्थान चौथो रहेको छ। त्यसैगरी हाँसिल गरेको कुल स्वर्ण पदकको आधारमा नेपाल चौथो

स्थानमा पर्दछ भने कुल पदक तालिकामा पाँचौ स्थानमा पर्दछ। नेपालमा आयोजना भएको आठौं र तेह्रौं संस्करणमा नेपालको स्थान दोस्रो रहेतापनि बाहिरी मुलुकमा सञ्चालन भएका संस्करणहरूमा प्रदर्शन कमजोर रहेको छ। दक्षिण एशियाका जम्मा ८ राष्ट्र सहभागी हुने दक्षिण एसियाली खेलकुदमा समेत नेपालको प्रदर्शन कमजोर रहेको देखिन्छ।

त्यसैगरी क्रिकेट र फुटबल जस्ता खेलमा समेत नेपालको अन्तर्राष्ट्रियस्तरमा प्रदर्शन कमजोर रहेको देखिन्छ। अन्तर्राष्ट्रिय फुटबल महासंघको २०७६/११/३० को वरियाताक्रम अनुसार २१० राष्ट्रमध्ये नेपाल १७० औं स्थानमा पर्दछ भने नेपालको हालसम्मको औसत श्रेणी १६५ रहेको छ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको नेपाल एशोसिएट सदस्य राष्ट्र हो। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको २०७६/११/३० को वरियाताक्रमअनुसार एकदिवशीय मान्यता प्राप्त २० राष्ट्रमध्ये नेपाल १६ औं स्थामा पर्दछ भने टी. टवान्टीमा ८५ राष्ट्रमध्ये १५ औं स्थानमा पर्दछ। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको वरियताक्रममा नेपालको स्थान सुधारिँदै गएतापनि अन्तर्राष्ट्रिय स्तरको पूर्वाधारको कमीले गर्दा नेपालमा अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता सञ्चालन हुन नसकेको नेपाल क्रिकेट संघले जानकारी दिएको छ। आवश्यक खेल पूर्वाधारको कमी, अन्तर्राष्ट्रिय सुविधा सम्पन्न प्रशिक्षण केन्द्रको कमी, दक्ष प्रशिक्षकको कमी, खेलकुदमा लगानीको कमी जस्ता विभिन्न कारणले अन्तर्राष्ट्रियस्तरमा नेपालको प्रदर्शन कमजोर रहेको दर्शाउँछ। समग्र खेलकुद क्षेत्रको विकासका लागि आवश्यक पर्ने पूर्वाधारको योजनावद्ध ढङ्गले विकास नहुनाले नेपालको खेलस्तर बिग्रँदै गएको छ। खेलकुद क्षेत्रमा संलग्न युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद्, प्रदेश तथा स्थानीय तह, संघसंस्था तथा निजी क्षेत्र जस्ता सरोकारवालाहरू समर्पित भई आ-आफ्नो क्षेत्रमा योजनावद्ध ढङ्गले लगानी गर्दै अगाडि बढ्न आवश्यक देखिन्छ।

२२.**अनुगमन तथा मूल्याङ्कन** - राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा १८ को सदस्य-सचिवको काम कर्तव्य र अधिकारमा उपदफा (ग)मा परिषद्बाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन गर्नु गराउनुपर्ने व्यवस्था छ। परिषद्ले दिएको जानकारी अनुसार पूर्वाधार संरचना निर्माणका कतिपय आयोजनाको निर्माणको क्रममा समय-समयमा मन्त्रालय र परिषद्बाट अनुगमन भई प्रतिवेदन पेश हुने गरेको छ। साना-साना आयोजना तथा स्थान यकिन नभएका, डिपिआर नभएका, इआईए नभएका आयोजनामा समेत टुक्रे बजेट विनियोजन हुने, राष्ट्रिय गौरवका आयोजना, प्राथमिकतामा रहेका आयोजना तथा विगतदेखि चालु अवस्थामा रहेका अधुरा आयोजनामा न्यून बजेट विनियोजन हुने, पूर्वाधार निर्माण समेत मापदण्ड अनुरुप निर्माण नहुने, पूर्वाधार मर्मतका लागि पर्याप्त बजेट विनियोजन नहुने तथा प्राविधिक जनशक्ति उल्लेख्य मात्रामा नहुँदा पूर्वाधार विकासमा समस्या रहेको तथ्य अनुगमनका क्रममा आएको देखिन्छ भनें विभिन्न खेल संघहरूले आयोजना गर्ने खेलकुद प्रतियोगिता तथा कार्यक्रमको अनुगमनका लागि बजेट विनियोजन नहुने कारणले गर्दा सो खेलकुद प्रतियोगिता तथा कार्यक्रमहरूको प्रत्यक्ष अनुगमन गर्ने गरिएको छैन। यद्यपि अन्तर्राष्ट्रिय आवद्धता भएका संघहरूलाई अन्तर्राष्ट्रिय संघसंस्था र परिषद्बाट खेल प्रतियोगिता सञ्चालन गर्न, खेलाडी प्रशिक्षण गर्न, पूर्वाधार मर्मत लगायतका कार्यको लागि अनुदान र सहयोग रकम उपलब्ध हुने गरेको छ। अनुदान प्राप्त संघसंस्थाबाट खेल कार्यक्रम सञ्चालन गरेपश्चात आयोजकमार्फत नै कार्यक्रमको प्रतिवेदन लिने गरिएको छ। कार्यक्रम प्रतिवेदनको आधारमा मात्र हेर्दा खेलकुद कार्यक्रम सञ्चालन, व्यवस्थापन र संरचनाको उपयोग र अनुगमनको सही सदुपयोग भए/नभएको सम्बन्धमा यकिन हुन सकेको छैन। खेल संरचना निर्माणको न्यूनतम पूर्वाधार मापदण्ड तोकी सो मापदण्ड बमोजिम काम भए/नभएको र परिषद्बाट प्रतियोगिता सञ्चालन गर्न, खेलाडी प्रशिक्षण गर्न लगायतका विभिन्न शीर्षकहरूमा जाने अनुदान र सहयोग रकमको सम्बन्ध निश्चित

मापदण्ड बनाई सो बमोजिम भए/नभएको यकीन गरी अनुगमनका क्रममा स्पष्ट तोकी तत्काल सुधार गर्नुपर्ने र नियमित सुधार गर्नुपर्ने विषयसमेतका आधारमा प्रतिवेदन दिने र सो प्रतिवेदन कार्यान्वयन समेत गर्नुपर्छ।

२३.**खेल संघको भूमिका -** राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम २१(१) मा खेलकुद पूर्वाधारहरूको विकास, व्यवस्थापन र प्रतियोगिता संचालन गर्दा सम्बन्धित खेल संघसँग समन्वय गर्नुपर्ने व्यवस्था छ जसको लागि राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २२ मा खेल संघको गठन र दर्ता सम्वन्धी व्यवस्था छ। विशेष गरी निर्माण भएका पूर्वाधार संरचनामा खेल प्रशिक्षण कार्य र प्रतियोगिता सञ्चालन कार्यमा खेल संघको प्रत्यक्ष संलग्नता रहेको देखिन्छ। यसका लागि परिषद्बाट विभिन्न खेल संघहरूलाई प्रतियोगिता सञ्चालन र व्यवस्थापनका लागि अनुदान समेत जाने गरेको छ। आर्थिक वर्ष २०८०/०८१ का लागि मिति २०८१/०२/१६ को निर्णय बमोजिम विभिन्न २७ संघलाई न्यूनतम रु. १ लाख देखि ३४ लाखसम्म र विभिन्न १४ क्लबलाई रु. ५० हजार देखि ९ लाख सम्म अनुदान दिएको देखिन्छ। आर्थिक वर्ष २०८१/०८२ को लागि समेत मिति २०८२/०१/२८ को निर्णय बमोजिम परिषद्बाट विभिन्न २६ संघलाई जम्मा रु. २ करोड ४० लाख अनुदान दिएको देखिन्छ। परिषद्ले पेश गरेको विवरण अनुसार परिषद्मा दर्ता भएका राष्ट्रिय खेल संघ/महासंघ जम्मा ६५ वटा रहेकोमा राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २२ (२क) मा एक खेलको लागि एउटा मात्र खेल संघ गठन हुनुपर्ने व्यवस्था बमोजिम एकै प्रकृतिको एक खेलको एक संघ हुने गरी ५३ वटा खेल संघहरू परिषद्मा अद्यावधिक भएका छन् भने अन्य ३० खेल संघहरू कुनै अध्यावधिक हुने र कुनै नयाँ दर्ताको क्रममा रहेका छन्। खेल पूर्वाधार प्रयोगको प्रमुख पात्रको रूपमा रहने खेल संघको पूर्वाधार विकास तथा निर्माणमा कुनै लागत साझेदारी देखिएन। साथै प्रतियोगिता सञ्चालन के कति खेल संघहरूबाट भयो भन्ने विषयको अभिलेख समेत राष्ट्रिय खेलकुद परिषद्सँग रहेको पाइएन। अन्तर्राष्ट्रियस्तरको खेल पूर्वाधार संरचना निर्माण र अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता सञ्चालन र व्यवस्थापनमा हुने ठूलो रकमको व्ययभारमा सीमित श्रोत र साधनमा रहने सरकार एक्लैले गर्न कठिन हुने परिस्थितिलाई मध्यनजर गर्दै विभिन्न खेल संघहरूसँग लागत साझेदारी गर्न पहल गर्नुपर्छ। युवा तथा खेलकुद मन्त्रलय र परिषद्ले पूर्वाधार निर्माण र उपयोग सम्बन्धमा खेल संघलाई जिम्मेवार र लागत साझेदार बनाउने गरी निश्चित मापदण्ड निर्धारण गर्नुपर्छ। साथै खेल संघलाई दिने अनुदान समेत खेलको प्रकृति अनुसार हुने गरी मापदण्ड निर्धारण गरी पारदर्शी ढङ्गले प्रवाह गर्नुपर्छ।

२४.**सुझाव कार्यान्वयनको अवस्था -** महालेखापरीक्षकको कार्यालयको सन्ताउन्नौं वार्षिक प्रतिवेदनमा समावेश कार्यमूलक लेखापरीक्षण, २०७७ मा खेलकुद पूर्वाधार विकासको अवस्थाको कार्यमूलक लेखापरीक्षण गरी लेखापरीक्षणबाट देखिएका बेहोराको दफागत विवरण, सुझाव र सुझावहरू कार्यान्वयनको अवस्था सम्बन्धमा परिषद्सँग प्रगति विवरण माग गरिएकोमा परिषद्ले पेश गरेको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	दफाको विवरण	सुझाव	सुझाव कार्यान्वयनको अवस्था
१	संगठन संरचना सम्बन्धमा	संगठन संरचना अद्यावधिक गरी कार्यक्षेत्र स्पष्ट निर्धारण गर्नुपर्ने	कानुन संशोधनको क्रममा रहेको।
२	पूर्वाधार मापदण्ड सम्बन्धमा	न्यूनतम मापदण्ड तय गरी अनिवार्य लागू गर्नुपर्ने	हाल सुझाव अनुसार कार्यन्वयनमा जोड।
३	बजेट सुनिश्चितता	सम्भाव्यता अध्ययन गरी बजेट माग गर्नपर्ने	बजेट माग गर्दा पनि प्राप्त हुन नसक्नु

क्र.सं.	दफाको विवरण	सुझाव	सुझाव कार्यान्वयनको अवस्था
४	सार्वजनिक निजी साझेदारी	मन्त्रालय तथा परिषद्बाट निर्माण तथा सञ्चालन अनुमति अनिवार्य लिनुपर्ने	कार्यान्वयन भइ नसकेको।
५	पूर्वाधार तथा सम्पत्तिको अभिलेख र संरक्षण	डिजिटलाईज्ड एकीकृत सूचना अभिलेख प्रणालीमार्फत संरक्षण गर्नुपर्ने	कार्यान्वयन नभएको।
६	जग्गाको स्वामित्व	जग्गाको स्वामित्व प्राप्त गर्नुपर्ने	कानुन अनुसार प्राप्त गर्न कठिनाई भएको।
७	खेलकुद प्रतिष्ठान	खेलकुद प्रतिष्ठान निर्माण गर्नपर्ने	बजेट प्राप्त भएपछि निर्माण हुने।
८	खेलकुद पूर्वाधार निर्माण	कार्ययोजना बनाई निर्माण कार्य गर्नुपर्ने	कार्ययोजना बनाई निर्माण हुनु पर्नेमा सो अनुसार बजेट प्राप्त नभएकोले कार्यान्वयन हुन नसकेको।
९	खेल पर्यटन	खेल पर्यटन प्रवर्द्धनका लागि योजनामार्फत समन्वय र सहकार्य गर्नुपर्ने	विभिन्न खेल संघले आयोजना गरेका साहसिक एवंम पर्यटकीय खेल प्रतियोगिता आयोजना मार्फत सुझाव कार्यान्वयन भएको।
१०	अन्तर्राष्ट्रिय मापदण्ड र मान्यता	सम्बन्धित अन्तर्राष्ट्रिय मान्यता लिनेतर्फ पहल गर्नुपर्ने	पूर्वाधार निर्माणमा आवश्यकता अनुसार पहल भैरहेको। प्रतियोगिता स्तरका आधारमा अन्तर्राष्ट्रिय मान्यता लिईएको।
११	खेलकुद संरचनाबाट आय	पूर्वाधार प्रयोग शुल्क निर्धारण मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्ने	मापदण्डको मस्यौदा तयार गरी स्वीकृतिका लागि पेश भएको।
१२	अनुगमन	अनुदानको उपयोगको अनुगमन गरी विवरण अध्यावधिक गर्नुपर्ने	बजेटको व्यवस्थापन गरी अनुदानको अनुगमन गरिने।
१३	खेलकुदमा नेपालको उपलब्धि	संलग्न सबैले आ-आफ्नो क्षेत्रमा योजनाबद्ध ढङ्गले लगानी गर्दै अगाडि बढ्ने	अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा उल्लेखनिय उपलब्धिहरू हासिल गरेको।

परिषद्ले पेश गरेको प्रगति विवरण अनुसार कार्यमूलक लेखापरीक्षण प्रतिवेदनमा प्रस्तुत सुझावहरू पूर्णरूपमा कार्यान्वयन भएको देखिँदैन। परिषद्ले पेश गरेको विवरण अनुसार कार्यमूलक लेखापरीक्षण प्रतिवेदन, २०७७ मा दिइएका सुझावहरू कार्यान्वयन भएको छैन र पर्याप्त बजेट प्राप्त नभएकोले कार्यान्वयन गर्न नसकिएको भन्ने भनाइ परिषद्को छ। दिइएका सुझावहरू कार्यान्वयन हुन नसक्दा खेलकुद पूर्वाधार विकासतर्फका समस्याहरू विद्यमान् छन्। यसरी प्रतिवेदन प्राप्त भएपश्चात दिईएका सुझावहरू कार्यान्वयन गर्न सम्बन्धित पक्षले प्रतिवेदनका सुझावहरूलाई कार्ययोजनामा रूपान्तरण गरी स्पष्ट जिम्मेवारी, समयसीमा र मापनयोग्य सूचकसहित कार्यान्वयन गर्नुपर्छ।

परिच्छेद -३
निष्कर्ष र सुझाउ

उपलब्ध विवरणका आधारमा खेल पूर्वाधार विकास, उपयोग, व्यवस्थापन तथा समन्वयसम्बन्धी कार्यहरूमा केही सकारात्मक प्रगति भएतापनि समग्र प्रणालीगत कमजोरीहरू अझै विद्यमान रहेको देखिन्छ। कानुन, कार्यविधि तथा मापदण्ड समयमै स्वीकृत र कार्यान्वयन हुन नसक्नु, संघीय संरचनाअनुसार संगठन पुनर्संरचना नहुनु, पूर्वाधार निर्माणमा दीर्घकालीन योजना र मापदण्डको अभाव रहनु, बजेट विनियोजन र उपयोगबीच असन्तुलन देखिनु, तथा सम्पत्तिको अभिलेख र संरक्षणमा कमजोरी रहनु मुख्य समस्याका रूपमा देखिएका छन्। साथै अन्तर्राष्ट्रिय मापदण्डअनुसारका पूर्वाधार अभाव, समन्वय तथा सहकार्य कमजोर हुनु, निजी क्षेत्रको सहभागिता न्यून हुनु र अनुगमन प्रणाली प्रभावकारी नहुनुका कारण खेलकुद क्षेत्र अपेक्षित रूपमा विकास हुन सकेको छैन। यसबाट खेलकुद पूर्वाधार विकास र उपयोगमा नीतिगत, संस्थागत तथा कार्यान्वयन तहमा समन्वित सुधारको आवश्यकता स्पष्ट देखिन्छ।

सुझाउ - खेल पूर्वाधारको विकास र उपयोगको सम्बन्धमा देखिएका विद्यमान समस्याहरू समाधानका लागि देहाय बमोजिमको सुझावहरू दिइएको छः

- आवश्यक कानुन, कार्यविधि, निर्देशिका तथा मापदण्डहरू समयमै स्वीकृत गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्छ।
- संघीय संरचनाअनुसार संगठन पुनर्संरचना गरी संघ, प्रदेश र स्थानीय तहबीच कार्यक्षेत्र स्पष्ट रूपमा निर्धारण गर्नुपर्छ।
- खेल पूर्वाधार विकासका लागि दीर्घकालीन गुरुयोजना तयार गरी न्यूनतम मापदण्ड अनिवार्य रूपमा लागू गर्नुपर्छ।
- बजेट विनियोजनलाई आवश्यकता र प्राथमिकतासँग जोडेर प्रभावकारी खर्च व्यवस्थापन तथा पूर्ण उपयोग सुनिश्चित गर्नुपर्छ।
- खेलकुद पूर्वाधार तथा सम्पत्तिको एकीकृत अभिलेख प्रणाली विकास गरी संरक्षण, उपयोग र अनुगमनलाई सुदृढ बनाउनुपर्छ।
- अन्तर्राष्ट्रिय मापदण्डअनुसार पूर्वाधार निर्माण गरी सम्बन्धित अन्तर्राष्ट्रिय निकायबाट मान्यता प्राप्त गर्न पहल गर्नुपर्छ।
- संघ, प्रदेश र स्थानीय तहबीच स्पष्ट कानुनी आधारमा समन्वय र सहकार्य प्रणाली विकास गर्नुपर्छ।
- सार्वजनिक-निजी साझेदारी मार्फत खेल पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न आवश्यक नीति तथा कार्यविधि बनाउनु आवश्यक छ।
- निर्मित पूर्वाधारको उपयोग, आम्दानी व्यवस्थापन र पारदर्शिता सुनिश्चित गर्न स्पष्ट कार्यविधि लागु गर्नुपर्छ।
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउँदै नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्नुपर्छ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन अवस्था

परिच्छेद - १

परिचय

१ . **पृष्ठभूमि :** विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान र प्रवर्द्धन गर्न वैज्ञानिक तथा प्राविधिक क्रियाकलापका लागि उपयुक्त वातावरणको सिर्जना गर्न, विज्ञान तथा प्रविधिको क्षेत्रमा कार्यरत प्रतिभावान वैज्ञानिक तथा प्राविधिकहरूलाई प्रोत्साहन र कदर गर्न एक सङ्गठित निकायको रुपमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान स्थापना भएको छ।

विज्ञान तथा प्रविधिको अनुसन्धान तथा नवप्रवर्तनको लागि विशेष कोषको स्थापना गरी सञ्चालन गर्न देशको बजेटको दुई प्रतिशत रकम छुट्टाउने व्यवस्था गर्ने गरी राज्यका योजना तथा कार्यक्रम तयार भएका छन्। अनुसन्धान तथा प्रविधि विकासमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राष्ट्रिय लगानी २०७९/८० मा ०.३५ प्रतिशत रहेकोमा २०८५/८६ मा १ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। प्रतिष्ठानका अनुसन्धान केन्द्रहरू २०७९/८० मा १ वटा रहेकोमा उक्त केन्द्रहरूको विस्तार गरी २०८५/८६ मा ७ वटा पुऱ्याउने लक्ष्य रहेको छ। राष्ट्रिय/अन्तराष्ट्रिय पेटेण्ट दर्ता २०७९/८० सम्ममा ८६ संख्या रहेकोमा उक्त केन्द्रहरूको विस्तार गरी २०८५/८६ मा ५०० संख्या पुऱ्याउने लक्ष्य रहेको छ। प्रविधि परीक्षण एवम् प्रमाणीकरण भएका प्रविधिहरू २०७९/८० सम्ममा शुन्य संख्या रहेकोमा उक्त केन्द्रहरूको विस्तार गरी २०८५/८६ मा ५० पुऱ्याउने लक्ष्य रहेको छ। अनुसन्धान तथा प्रविधि विकासका राष्ट्रिय उत्कृष्ट केन्द्रहरूको २०७९/८० सम्ममा शुन्य रहेकोमा उक्त केन्द्रहरूको विस्तार गरी २०८५/८६ मा १० पुऱ्याउने लक्ष्य रहेको छ। नवप्रवर्तन प्रवर्द्धन संस्थाहरू (विज्ञान शहर/पार्क, इन्कुवेटर, एस्लेटर, ग्रामिण नवप्रवर्तनशाला, प्रविधि पार्क) स्थापना २०७९/८० सम्ममा शुन्य रहेकोमा उक्त केन्द्रहरूको विस्तार गरी २०८५/८६ मा २५० पुऱ्याउने लक्ष्य रहेको छ। अनुसन्धान तथा प्रविधि विकासमा कुल गार्हस्थ उत्पादनको अनुपातमा राष्ट्रिय लगानी आ.व. २०८५/८६ मा १ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)

- नीतिगत र कानूनी व्यवस्थाको अवस्था
- वित्तीय र प्रशासनिक अवस्था
- कार्यक्रम र क्रियाकलापको प्रभावकारिता (वैज्ञानिक अनुसन्धान, उपयोग र त्यसको प्रभाव)

राष्ट्रको सर्वाङ्गीण विकासका लागि देशमा विज्ञान तथा प्रविधिको विकास गर्नु, गराउनु, स्वदेशी प्रविधिको संरक्षण र आधुनिकीकरण गर्नु, गराउनु, विज्ञान तथा प्रविधिसम्बन्धी अनुसन्धान गर्नु गराउनु र देशको लागि उपयुक्त विदेशी प्रविधी पहिल्याउनु र सोको हस्तान्तरणको लागि सहयोग पुऱ्याउने मुख्य उद्देश्यका साथ यस प्रतिष्ठानको वि.सं २०३९ सालमा स्थापना भएको हो। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ स्वीकृत भएपछि ऐनद्वारा संस्थागत भएको यस प्रतिष्ठानको कार्य विज्ञान तथा प्रविधिका विभिन्न विषयहरूमा प्राथमिकताका आधारमा अध्ययन, अनुसन्धान तथा विकास र प्रवर्द्धन गर्नु रहेको छ।केन्द्रीय संरचनाको रुपमा मुख्य कार्यालय १ र प्रदेशस्थित ७ कार्यालयहरू रहेका छन्।

२. संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था :

२.१ संवैधानिक व्यवस्था -

नेपालको संविधान को धारा ५१(ग) मा राज्यको सामाजिक र सांस्कृतिक रुपान्तरण सम्वन्धी निम्नानुसारका नीतिहरू रहेका छन् :

- ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन तथा प्रचार प्रसार गर्ने,

नेपालको संविधान को धारा ५१(घ) मा राज्यको विकास सम्वन्धी निम्नानुसारका नीतिहरू रहेका छन्:

- वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने।

नेपालको संविधान को धारा ५१(ज) मा राज्यको नागरिकका आधारभूत आवश्यकता सम्वन्धी निम्नानुसारका नीतिहरू रहेका छन् :

- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने ,
- जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यन्नको दिगो उत्पादनलाई प्रोत्साहन गरी खाद्यन्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रमावकारी वितरणको व्यवस्था गर्ने।

२.२. कानुनी व्यवस्था - नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानसँग सम्बन्धित ऐन, नियम, नीति र कार्यविधिहरू देहाय वमोजिम रहेका छन् :

- ✓ नेपालको संविधान
- ✓ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८
- ✓ आर्थिक प्रशासन नियमावली, २०६६
- ✓ कर्मचारी प्रशासन नियमावली, २०६४ (छैटौ संशोधन सहित)
- ✓ पदाधिकारी, सेवा आयोग अध्यक्ष एवं सदस्यहरूको पारिश्रमिक तथा अन्य सुविधा एवं प्राज्ञ तथा सह-प्राज्ञहरूको सुविधा सम्बन्धी नियमावली, २०६६
- ✓ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान संगठन तथा व्यवस्थापन नियमावली, २०६६
- ✓ कर्मचारी नियुक्ती र बढुवा सम्बन्धी कार्य प्रणाली, २०६४
- ✓ नव प्रवर्तन कार्यक्रम अन्तर्गत प्रविधिको विकास तथा अनुसन्धानको लागि अनुदान वितरण सम्बन्धी निर्देशिका, २०७६ (प्रथम संशोधन २०७७)
- ✓ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान प्रदेशस्तरीय अनुसन्धान केन्द्र स्थापना एवं सञ्चालन सम्बन्धी नियमावली, २०७८
- ✓ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान विशिष्टीकृत अनुसन्धान केन्द्र सञ्चालन कार्यविधि, २०८०
- ✓ आवधिक योजना

✓ नेपाल सरकारको वार्षिक वजेट तथा कार्यक्रम

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको सञ्चालन तथा व्यवस्थापनको लागि प्रतिष्ठानसँग प्रत्यक्ष सम्बन्धित ऐन १, नियमावली ६, विनियम २, कार्यविधिहरू ३३, निर्देशिकाहरू २, कार्य प्रणालीहरू २ र अन्य प्रचलित कानुनहरू रहेका छन।

२.३. **नीतिगत व्यवस्था** - राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६ मा विज्ञान प्रविधि राष्ट्रको सामाजिक रुपान्तरण र आर्थिक विकासको प्रमुख संवाहक शक्ति रहेको र गुणस्तरीय जीवनस्तर र सुशासन कायम गर्न एवं सुरक्षा सुदृढ बनाउन समेत विज्ञान प्रविधिको उपयोग प्रभावकारी देखिनु साथै कुनै पनि राष्ट्रको समृद्धि उक्त देशले अपनाएको विज्ञान प्रविधि सम्बन्धी नीति, सोको समग्रतामा कार्यान्वयन, त्यसका लागि गरिएको राजनैतिक प्रतिवद्धता, अनुसन्धान तथा विकासमा गरिएको राज्यको लगानी र सोबाट प्राप्त सामाजिक आर्थिक प्रतिफलको आधारमा मापन गर्ने गरिएको तथ्य विकसित मुलुकको अनुभवले देखाएको कुरा उल्लेख गरी यस पक्षलाई आत्मसाथ गरिएको छ।

मुलुकको द्रुत एवम् दीगो आर्थिक विकास तथा समाजवाद उन्मुख राष्ट्र निर्माण, अनुसन्धानमा आधारित गुणस्तरीय शिक्षा, उत्पादनमुलक क्षेत्रमा नवप्रवर्तन सहितको प्रविधिको प्रयोग, वैज्ञानिक प्रतिभाहरूलाई अनुसन्धान गर्ने वातावारणको विकास, आविष्कार प्रदर्शन गर्ने अवसर, उद्यमशीलता अभिवृद्धिको सुनिश्चितता अनिवार्य हुन्छ। अतः यसका लागि संघीयता अनुरूप विद्यमान अनुसन्धानमुलक संस्थाहरूको संस्थागत पुनः संरचना, वैज्ञानिक अनुसन्धान र प्रविधिको लागि सहज वातावरणको विकास र अनुसन्धान तथा विकासमा राज्यको लगानीको सुनिश्चितता अपरिहार्य हुन्छ।

नेपालको संविधानले विज्ञान प्रविधिलाई देशको समग्र र दिगो विकाससँग आवद्ध गरेको छ। सो बमोजिम वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् विज्ञान र प्रविधिको उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने उद्देश्य सहित तिब्र रूपमा भईरहेको प्रविधिको विकासको भरपुर उपयोग गर्दै दिगो विकासको लक्ष्य प्राप्ति एवम् "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि मौजुदा नीतिमा समय सापेक्ष परिमार्जन गरि यो नीति तर्जुमा गरिएको छ।

२.४ **आवधिक योजना** -

सोह्रौ योजना (२०८१/८२ - २०८५/८६) मा उल्लेख भएका उद्देश्य, नीति तथा रणनीतिहरू :

- ✓ समष्टिगत आर्थिक आधारहरूको सवलीकरण र उच्च आर्थिक वृद्धि अन्तर्गत रुपान्तरणकारी रणनीतिको रुपमा वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप लगायतका क्षेत्रलाई प्राथमिकताका साथ प्रवर्द्धन गर्ने, अनुसन्धान अन्वेषण नवप्रवर्तन तथा उद्यमशीलता विकासलाई उत्पादनसँग आवद्ध गर्ने रहेको,
- ✓ प्रमुख कार्यक्रमको रुपमा वित्तीय संस्थाको कुल कर्जा प्रवाहको निश्चित रकम अनिवार्य रुपमा नवप्रवर्तन तथा खोज अनुसन्धानमा प्रवाह गर्ने रहेको,
- ✓ सवै बिषयगत क्षेत्रहरूको रुपान्तरणकारी रणनीतिको महत्वपूर्ण आयामको रुपमा अध्ययन, अनुसन्धान र विकासमा जोड दिने विषय उल्लेख,

- ✓ जलवायु परिवर्तनसम्बन्धी तथ्याङ्क र प्रमाण संकलन , अद्यावधिक र प्रमाणीकरण प्रणालीको स्थापना गर्ने,
- ✓ अध्ययन अनुसन्धानको लागि विश्वविद्यालय तथा अनुसन्धानमा संलग्न अन्य संस्थाहरूमा लगानी बढाउने र साझेदारी गर्ने।

विज्ञान तथा प्रविधितर्फ रुपान्तरणकारी रणनीति निम्नानुसार रहेको छ :

- ✓ उत्पादनका सबै क्षेत्रहरूमा अनुसन्धान तथा विकास र नवप्रवर्तनलाई अंगिकार गर्दै लैजान नीतिगत तथा कानुनी व्यवस्था गर्ने,
- ✓ वैज्ञानिक ज्ञानको व्यवस्थापन गर्ने, वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनको प्रवर्द्धन गर्न प्राज्ञिक संस्थाको रुपमा विशिष्टिकृत विश्वविद्यालय स्थापना गर्ने, अनुसन्धान निकाय, वैज्ञानिक पेशागत समाज तथा उद्योगबीच सहकार्य र साझेदारी विकास गर्ने,
- ✓ नवप्रवर्तन तथा उद्यमशीलता विकासको लागि ईन्क्युवेशन सेन्टर, एस्सीलेटर सेन्टर, प्रविधि पार्क, ग्रामीण नवप्रवर्तनशाला, आकाशीय पिण्डहरूको अवलोकन, उच्च धरातलीय अनुसन्धान, विज्ञान शिक्षाको प्रवर्द्धन गर्ने,
- ✓ विज्ञान प्रविधि तथा नवप्रवर्तनलाई प्रवर्द्धन, सहजीकरण र नियमनको लागि संस्थागत व्यवस्था गर्ने,
- ✓ अनुसन्धान तथा शैक्षिक सञ्जालको पहुँच विस्तार गर्ने,
- ✓ निजी क्षेत्र र सरकारी प्रतिष्ठानलाई प्रविधि र नवप्रवर्तनको सन्दर्भमा गरिएको खोज र अनुसन्धानका लागि उपयुक्त सहुलियत प्रदान गर्ने,
- ✓ सार्वजनिक तथा निजी क्षेत्रमा प्रविधि परीक्षण, प्रत्यायन, गुणस्तर व्यवस्थापन प्रणाली, नव-प्रवर्तन व्यवस्थापन प्रणाली लगायतका विभिन्न व्यवस्थापनका विधिको अवलम्वन तथा उदीयमान प्रविधिको प्रयोग गरी गुणस्तरमा सुधार तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।

विज्ञान तथा प्रविधितर्फ प्रमुख कार्यक्रम निम्नानुसार रहेको छ :

- ✓ विज्ञान तथा प्रविधिको अनुसन्धान तथा नवप्रवर्तनको लागि विशेष कोषको स्थापना गरी सञ्चालन गर्न देशको बजेटको दुई प्रतिशत रकम छुट्टाउने,
- ✓ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको पुनर्संरचना गर्ने,
- ✓ नवप्रवर्तन केन्द्र स्थापना र सञ्चालन गर्ने,
- ✓ प्रतिभावान वैज्ञानिक, प्राविधिज्ञ र युवा जनशक्तिलाई व्यवहारिक अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्यमा परिचालन तथा प्रोत्साहन गर्ने,
- ✓ उच्च धरातलीय अनुसन्धान केन्द्र, अन्तरिक्ष अध्ययन केन्द्र, आणविक अनुसन्धान केन्द्र स्थापना गर्ने
- ✓ वायुमण्डलीय अनुसन्धान केन्द्र, रोबोटिक्स तथा कृत्रिम वौद्धिकता अनुसन्धान केन्द्र लगायतका उदीयमान प्रविधिका क्षेत्रका अनुसन्धान केन्द्र सञ्चालन गर्ने,
- ✓ विज्ञान साक्षरता कार्यक्रम सञ्चालन गर्ने,
- ✓ नेपालको सबै प्रशासनिक काममा विज्ञान तथा सूचना प्रविधिको उच्चतम प्रयोग गरी Governance 4.0 लाई संस्थागत गर्ने,

- ✓ रोबोटिक्स तथा कृत्रिम बौद्धिकता, अन्तरिक्ष प्रविधिको प्रयोगलाई बढावा दिने,
- ✓ नेपालमा भएका परम्परागत प्रविधिमा अनुसन्धान गरी तिनीहरूको विकास, प्रवर्द्धन, उत्पादन पद्धतिमा उपयोग जस्ता कुरामा विशेष महत्वका साथ काम गर्ने ; यस्ता वस्तु र प्रविधिको विकास गर्नको लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मातहत रहने गरी "रैथाने वस्तु र प्रविधि विकास प्रतिष्ठान" गठन गर्ने,
- ✓ रैथाने वस्तु तथा प्रविधिको अन्तराष्ट्रियकरण र बौद्धिक अधिकार संरक्षण गर्ने।

२.५ बार्षिक नीति तथा कार्यक्रम - आर्थिक बर्ष २०८१।८२ को बजेट वक्तव्यमा उल्लेख भएका नीति कार्यक्रम तथा प्राथमिकताः

- ✓ उच्च शिक्षालाई अनुसन्धानमूलक, नवप्रवर्तनमुखी र व्यावसायिक बनाईने,
- ✓ अनुसन्धान र नवप्रवर्तनबाट सिर्जित ज्ञान र बौद्धिक सम्पत्तिको संरक्षण गर्ने,
- ✓ विश्वविद्यालयका अनुसन्धान केन्द्रलाई ज्ञान र प्रविधि हस्तान्तरण गर्ने सम्वाहकको रुपमा विकास गर्ने,
- ✓ सम्वत् २०८१ देखि २०९१ सम्मलाई विज्ञान प्रविधिको दशकको रुपमा कार्यान्वयन गरिने,
- ✓ सार्वजनिक नीति निर्माणलाई तथ्य र प्रमाणमा आधारित बनाउन व्यवहारिक अध्ययन अनुसन्धानमा जोड दिइने,
- ✓ अध्ययन अनुसन्धानसम्वन्धी राष्ट्रिय नीति तयार गरी कार्यान्वयन गर्ने र अध्ययन अनुसन्धान प्रतिवेदन राष्ट्रिय योजना आयोगमा एकीकृत रुपमा भण्डारण गर्ने व्यवस्था मिलाउने।

  अनुसन्धान र विकासमा संलग्न संस्थामा लगानी वृद्धि गर्दै लगी वार्षिक पुँजीगत वजेटको एक प्रतिशत रकम अनुसन्धान र विकासमा छुट्टयाउने व्यवस्था अनुसार रु १ अर्बको अनुसन्धान र विकास कोष स्थापना गर्ने बजेटमा व्यवस्था रहेको छ।

३. निकायगत व्यवस्था - यो प्रतिष्ठान ऐनबाट स्थापना भएको स्वशासित एवं संगठित संस्था हो। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान केन्द्रिय कार्यालय र मातहत ७ वटा प्रदेशमा ७ कार्यालयहरू रहेका छन्। यस प्रतिष्ठानमा कर्मचारी दरवन्दी २३१ रहेकोमा ११३ पदपूर्ति भई ११८ पद रिक्त रहेको छ।

४. वित्तीय व्यवस्था - आर्थिक बर्ष २०८१/८२ मा बजेट विनियोजन रु ५० करोड ७३ लाख ४८ हजार भएकोमा बजेट खर्च रु ३८ करोड ६१ लाख १० हजार रहेको छ।

५. विषय छनोटको औचित्य - विज्ञान तथा प्रविधिको विकास राज्यको समग्र रुपान्तरणको माध्यम र महत्वपूर्ण मानक हो। विज्ञान तथा प्रविधिको क्षेत्रमा हुने अनुसन्धान र विकास नवप्रवर्तनको मेरुदण्डको रुपमा रहेको छ। नवप्रवर्तनको मुख्य आधार विज्ञान तथा प्रविधिको क्षेत्रमा हुने अनुसन्धान र विकास रहेको अवस्थामा समेत मुलुकमा यसले यथार्थपरक ढंगवाट गति लिन सकेको छैन।

आवधिक योजनामा प्रतिभावान वैज्ञानिक, प्राविधिज्ञ र युवा जनशक्तिलाई व्यवहारिक अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्यमा परिचालन तथा प्रोत्साहन गर्ने, सवै बिषयगत क्षेत्रहरूको रुपान्तरणकारी

रणनीतिको महत्वपूर्ण आयामको रुपमा अध्ययन, अनुसन्धान र विकासमा जोड दिने, विज्ञान तथा प्रविधिको अनुसन्धान तथा नवप्रवर्तनको लागि विशेष कोषको स्थापना गरी सञ्चालन गर्न देशको बजेटको दुई प्रतिशत रकम छुट्टाउने विषय उल्लेख गरिएको छ। अनुसन्धान तथा प्रविधि विकासमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राष्ट्रिय लगानी आ.व. २०८५/८६ मा १ प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ।

विज्ञान तथा प्रविधिको क्षेत्रमा खोज, अनुसन्धान र विकास कार्यको व्यवस्थापन सम्बन्धमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको नीतिगत र कानुनी व्यवस्था, व्यवस्थापकीय दक्षता, उपलब्धि र परिणामको मूल्याङ्कन गरी देखिएका समस्या समाधानका लागि सुझाव सहितको प्रतिवेदन दिने उद्देश्यले कार्यमूलक लेखापरीक्षणका लागि यस "नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन अवस्था" बिषय छनोट गरिएको हो।

परिच्छेद - २

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

६. लेखापरीक्षणको उद्देश्य - विज्ञान तथा प्रविधिको क्षेत्रमा खोज, अनुसन्धान र विकास कार्यको व्यवस्थापन सम्वन्धमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको नीतिगत र कानुनी व्यवस्था, व्यवस्थापकीय दक्षता, उपलब्धि र परिणामको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि निष्कर्षमा पुग्न लेखापरीक्षणका देहायका विषयहरूमा केन्द्रीत रहेको छ :

- ✓ विद्यमान नीतिगत तथा कानुनी व्यवस्था
- ✓ आवधिक योजना र नेपाल सरकारको वार्षिक नीति, कार्यक्रम र बजेटको प्राथमिकता र कार्यान्वयन अवस्था
- ✓ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको रणनीतिक योजना, उद्देश्य, कार्यक्रम, कार्यान्वयन अवस्था, वैज्ञानिक अनुसन्धानको परिमाणको संरक्षण एवं उपयोग, प्रतिष्ठानको स्वायत्तता (आर्थिक र प्रशासनिक), अनुसन्धान तथा विकासका समस्या र समस्या समाधानका सम्भावित विकल्पहरू, अपेक्षित परिमाण तथा प्रतिफल प्राप्त नहुनुका कारणहरू, लक्ष्य तथा प्रगतिको अवस्था, जिम्मेवारी र जवाफदेहिता, कर्मचारीको वृत्ति विकास, वित्तीय उत्प्रेरणा, कर्मचारीको भर्ना र अवकाश दरको अवस्था।

७. लेखापरीक्षणको क्षेत्र - विज्ञान तथा प्रविधिको क्षेत्रमा खोज, अनुसन्धान र विकास कार्यको व्यवस्थापन सम्वन्धमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ। लेखापरीक्षणको निष्कर्षमा पुग्न बिगत ५ वर्षको सूचना, तथ्याङ्कहरूको विश्लेषण गरिएको छ।

८. लेखापरीक्षणको पद्धति तथा आधार - लेखापरीक्षण ऐन, २०७५ को दफा ५ को (१) र (२) मा वित्तीय तथा विविध विषयक लेखापरीक्षण गर्न सक्ने कानुनी व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०२३ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजना २०८१ ले निर्दिष्ट गरेको विधि प्रक्रियाहरू अवलम्बन गरी यो लेखापरीक्षण सञ्चालन गरिनेछ। साथै लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय संगठन इन्टोसाइले जारी गरेको कार्यमूलक लेखापरीक्षण सम्बन्धी मानदण्डहरू इसाई ३०० र ३००० बमोजिम लेखापरीक्षण सञ्चालन गरिएको छ।

लेखापरीक्षण गर्दा लेखापरीक्षणको उद्देश्यसँग सामञ्जस्य कायम गरी समस्यामूलक **(Problem Oriented)** तथा नतिजामूलक **(Result Oriented)** पद्धतिको मिश्रित विधि मार्फत सम्बन्धित कागजात र स्रेस्ता परीक्षण गर्ने, व्यवस्थापनसँग छलफल, प्रश्नावली तथा अन्तरवार्ता, सरोकारवालासँग छलफल गरी आवश्यक सूचना, विवरण तथा जानकारी प्राप्त गरिएको छ। मूल्याकंनका लागि आवश्यक सूचना, विवरण तथा जानकारी, निकायहरूबाट प्रकाशित विभिन्न प्रतिवेदन, विवरण आदिको माध्यमबाट जानकारी

तथा तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ। उपर्युक्त अनुसार प्राप्त सूचना, तथ्याङ्क, जानकारी र छलफलको आधारमा जोखिमको मूल्याङ्कन गर्ने र सोबाट तात्विक महत्वका विषयहरू पहिचान गरी त्यसको पर्याप्तता, सान्दर्भिकता, तात्विक एवं विश्वसनीयताको परीक्षण गर्न स्थलगत अवलोकन, प्रश्नावली, सोधपुछ समेतको आधार लिईएको छ। निकायको प्रमुख कार्य सम्पादन सूचकहरूको सेरोफेरोमा कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीको विश्लेषण एवं मूल्याकंन गरी सुधार गर्नुपर्ने विषयलाई सुझावको रुपमा प्रस्तुत गरिएको छ।

९. **लेखापरीक्षणको सीमा -** प्राप्त सूचना, अभिलेख, विवरण, प्रश्नावली, छलफल तथा वित्तीय स्रोतवाट संकलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ। सूचना प्राप्तिमा कठिनाई, प्राप्त सूचनाको विश्वसनियता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्ति तथा विषयगत ज्ञानको कमी जस्ता समस्याले लेखापरीक्षणको दायरालाई सीमित गरेको छ। लेखापरीक्षणको लागि उपलब्ध स्रोत साधन, कारोवारको नियन्त्रण जोखिमको मात्रा तथा लागत समेतको दृष्टिकोणवाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने हुँदा लेखापरीक्षण योजना वमोजिम सारभूत विषयको छनोट गरी परीक्षण गरिएको छ।

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका बेहोरा

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञ प्रतिष्ठानको कार्य सम्पादनका सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन् :

सकारात्मक पक्ष

नेपालको इतिहासमा पहिलो पटक प्रतिष्ठानले आफ्नै नानो-स्याटेलाइट (नेपाली स्याट-१) अन्तरिक्षमा प्रक्षेपण गरी नेपाललाई अन्तरिक्ष युगमा प्रवेश गराएको छ। युवा पुस्ता र विद्यार्थीहरूमा विज्ञानप्रति रुचि जगाउन स्थापना गरिएको नेपाल विज्ञान संग्राहलय एक महत्वपूर्ण शैक्षिक केन्द्र बनेको छ। प्लास्टिक फोहोरबाट पेट्रोल उत्पादन गर्ने प्रविधिको सफल परीक्षण, ग्रामीण क्षेत्रमा ऊर्जा दक्षता बढाउन र धुवाँमुक्त घर बनाउन सुधारिएको चुलो र बायो-ब्रिकेट प्रविधिको प्रवर्द्धन, नेपालका रैथाने वनस्पति र च्याउहरूको पहिचान, वर्गीकरण र संरक्षणमा प्रतिष्ठानको अग्रणी भूमिका रहेको छ। प्रतिष्ठानले सरकारलाई विज्ञान र प्रविधिका क्षेत्रमा नीतिगत सुझाव दिने, आफ्नै प्रयोगशालाहरू मार्फत् साना तथा मझौला प्रविधि विकास गर्ने, युवा वैज्ञानिकहरूलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने, स्थानीय र मौलिक प्रविधिहरूको संकलन र प्रदर्शन गर्ने कार्य गर्दै आएको छ।

प्रतिष्ठानसँग विभिन्न विधाका उच्च तहका वैज्ञानिक र प्राज्ञहरूको ठूलो सञ्जाल छ। यो सरकारको लागि विज्ञान र प्रविधिसँग सम्बन्धित विषयमा आधिकारिक थिङ्क ट्याङ्क (Think Tank) हो। प्रतिष्ठानले विभिन्न अन्तर्राष्ट्रिय वैज्ञानिक संस्थाहरूसँग सहकार्य गर्दै नेपाली वैज्ञानिकहरूलाई विश्वस्तरमा जोड्ने काम गरेको छ। विज्ञान र प्रविधिको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति र संस्थाहरूलाई वार्षिक रूपमा पुरस्कार प्रदान गरी अनुसन्धानकर्ताहरूको हौसला बढाउने काम गर्दै आएको छ। जैविक परिक्षण प्रयोगशाला, विश्लेषणात्मक केन्द्र, भौतिक विज्ञान केन्द्र, माइक्रोटक्सिन अनुसन्धान प्रयोगशाला, माइक्रोबायोलोजी, मोलिक्युल बायोलोजी, र वातावरणीय अनुसन्धानका लागि प्रयोगशालाहरू उपलब्ध रहेका छन्। नयाँ प्रविधिहरूलाई प्रदर्शन गरी उद्यमी र किसानहरूलाई तालिम दिने कार्य गर्दै आएको छ। जलवायु परिवर्तन, प्राकृतिक प्रकोप (भूकम्प मापन र पूर्वसूचना) र जैविक विविधता जस्ता राष्ट्रिय चुनौतीहरूमा प्रतिष्ठानले प्राविधिक सल्लाह प्रदान गर्दै आएको छ। युवा शोधकर्ता र विद्यार्थीहरूलाई शोधपत्र लेख्न र लघु-अनुसन्धान गर्न आर्थिक सहयोग पुऱ्याउदै अनुसन्धानको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

समस्या - अनुसन्धान र विकासकालागि पुराना कानुनी र संरचनागत आधार, वित्तीय र प्रशासनिक स्वायत्तताको कमी, राज्यको नीति अनुरुप नयाँ कानुन र संरचनाहरू निर्माण नहुनु, दक्ष जनशक्तीको कमी, प्रतिभा पलायन, राज्यले व्यवहारमा विज्ञान तथा प्रविधिको अनुसन्धान र विकासमा कम प्राथमिकता दिने लगायतका समस्याहरू विद्यमान देखिन्छन्।

सुधार गर्नुपर्ने पक्षहरू

पूर्वाधार र लगानीको अभावका बाबजुद प्रतिष्ठानले सीमित स्रोत साधनबाटै "नेपाली स्याट-१" जस्ता गौरवपूर्ण कार्यहरू गरेको छ। यदि राज्यले यसलाई उच्च प्राथमिकतामा राखी लगानी बढाउने हो भने यसले नेपालको आर्थिक रूपान्तरणमा ठूलो टेवा पुऱ्याउन सक्ने देखिन्छ। आन्तरिक आयका सम्भावित श्रोतहरूबारे अध्ययन हुनुपर्दछ। ऐनमा भएको स्वायत्त सम्बन्धी व्यवस्थालाई व्यवहारमा प्रभावकारी रुपमा लागू गर्न प्रतिष्ठानले दीर्घकालीन आय योजना तयार गर्नुपर्दछ। पेटेन्ट/लाइसेन्सिङ्ग क्षमता मजबुत वनाउनु पर्दछ। व्यवसायिक मोडेलको अवधारणा अनुसार सञ्चालन गर्नेतर्फ अध्ययन हुनुपर्दछ। प्रतिष्ठानले संकलन गर्ने सेवा शुल्क लाई समय सापेक्ष पुनरावलोकन गर्नुपर्दछ। प्रतिष्ठानले ऐकेडेमिक र अनुसन्धानमा केन्द्रित हुनका साथै आम्दानी प्राप्त गर्ने कार्यमा प्राथमिकता दिनुपर्दछ। शुल्क निर्धारण र व्यवसायिक सम्झौतामा स्वायत्तता दिने विषयमा अध्ययन गरी प्रतिष्ठानलाई आत्मनिर्भर गराउनेतर्फ विशेष ध्यान दिनुपर्दछ। बजार उपभोक्ता पहुँचमा विस्तार हुनुपर्दछ। वैज्ञानिकहरूका लागि विशेष सेवा सुविधाको व्यवस्था गरी 'ब्रेन ड्रेन' लाई 'ब्रेन गेन' मा बदल्ने रणनीति लिनु पर्दछ। आधुनिक प्रविधि र प्रयोगशालाको लागि पर्याप्त बजेट, दक्ष जनशक्ति, उपयुक्त संरचना र समय सापेक्ष कानुनको व्यवस्था हुनुपर्दछ।

नीतिगत तथा कानुनी व्यवस्था - नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको सञ्चालन तथा व्यवस्थापनको लागि प्रतिष्ठानसँग प्रत्यक्ष सम्बन्धित ऐन १, नियमावली ६, विनियम २, कार्यविधिहरू ३३, निर्देशिकाहरू २, कार्य प्रणालीहरू २ र अन्य प्रचलित कानुनहरू रहेका छन्। यस सम्बन्धी व्यहोराहरू निम्नानुसार रहेका छन् :

११. **राज्यको नीति -** नेपालको संविधान को धारा ५१(घ) मा राज्यको विकास सम्वन्धमा वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविस्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, वौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने नीति रहेको छ। यसका लागि राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ कार्यान्वयनमा आएको छ। सोह्रौ योजना र नेपाल सरकारको नीति कार्यक्रम र बजेटमा वैज्ञानिक अनुसन्धानले प्राथमिकता पाएको छ। प्रतिष्ठानले युवा वैज्ञानिकहरूलाई प्रोत्साहन गर्न पुरस्कार र फेलोसिपका कार्यक्रमहरू, 'ब्रेन ड्रेन' रोक्न 'फिर्ता' (ब्रेन पुलिङ्) कार्यक्रम, नवीकरणीय ऊर्जा, वायु गुणस्तर मापन, जलवायु अनुकुलन र स्थानीय प्रविधिको आधुनिकीकरण, भू-उपग्रह (नेपाली स्याट-१) प्रक्षेपण, बायोमास ब्रिकेट, र विद्युतीय सवारी साधनको अनुसन्धानमा प्रतिष्ठानले नेतृत्वदायी भूमिका खेलेको छ। भूकम्प प्रतिरोधी संरचनाको अध्ययन र परम्परागत प्रविधिको वैज्ञानिक प्रमाणीकरण, औषधिजन्य बिरुवाहरूको पहिचान र माटोको गुणस्तर सुधार, विभिन्न जडीबुटीको डिएनए बारकोडिङ र उच्च हिमाली क्षेत्रमा हुने खाद्यान्नको अनुसन्धानमा नास्टले कार्य गर्दै आइरहेको छ। कुल गार्हस्थ्य उत्पादन को तुलनामा अनुसन्धान र विकासमा बजेट न्यून हुनु, विश्वविद्यालय, सरकारी निकाय र निजी क्षेत्रबीच अनुसन्धानमा प्रभावकारी समन्वय नहुनु, संघीय ढाँचा अनुसार प्रदेश र स्थानीय तहसम्म वैज्ञानिक प्रयोगशाला र पहुँच पुग्न नसक्नु, प्रयोगशालामा गरिएका आविष्कारहरू सर्वसाधारणको दैनिकी वा व्यापारिक उत्पादनसँग जोडिन नसक्नु जस्ता कारणहरूले उद्देश्य बमोजिम उपलब्धी हासिल हुन सकेको छैन।

विज्ञान तथा प्रविधिको क्षेत्रमा राज्यले लिएको नीति अनुसार उपलब्धी हासिल गर्न प्रतिष्ठानले राज्यलाई विज्ञान र प्रविधिका क्षेत्रमा आवश्यक पर्ने दीर्घकालीन योजना बनाउन र प्रभावकारी कार्यान्वयनका लागि पहल गर्न 'थिङ्क ट्याङ्क' को रूपमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ। स्थानीय समुदायको सिर्जनशीलतालाई प्रविधिसँग जोड्न ग्रामीण प्रविधि केन्द्रहरूको विस्तार गर्ने, विदेशमा रहेका नेपाली वैज्ञानिकहरूलाई स्वदेशको विकासमा जोड्न र आन्तरिक रूपमा विश्वविद्यालयहरूसँग सहकार्य गरी रिशोर्स शेयरिङमा नेतृत्वदायी भूमिका खेल्ने, अनुसन्धानलाई व्यावसायिक रूप दिन इन्कुवेशन केन्द्र स्थापना गरी युवा उद्यमीहरूलाई प्राविधिक मेन्टरसिप प्रदान गर्ने, महामारी र जलवायु परिवर्तनका प्रभावहरू कम गर्न वातावरण अनुकूल प्रविधिको अनुसन्धानमा केन्द्रित हुने तर्फ प्रतिष्ठानले कार्य गर्नुपर्दछ। प्रतिष्ठानले केवल एउटा प्राज्ञिक संस्थाको रूपमा मात्र नभई, आम नागरिकको जीवनस्तर उकास्ने परिवर्तनको संवाहकको रूपमा आफ्नो भूमिकालाई स्थानीय तहसम्म विस्तार गर्न सक्नेगरी कानुनी र संरचनागत व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गर्नेतर्फ सम्बन्धित निकायले ध्यानदिनुपर्छ।

१२. **प्रत्यायोजित विधायन -** नेपाल विज्ञान प्रविधि तथा प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा २१(२) मा प्रज्ञा प्रतिष्ठान केन्द्रिय कार्यालयको सङ्गठन तोकिए बमोजिम हुने व्यवस्था छ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान संगठन तथा व्यवस्थापन नियमावली, २०६६ को नियम ३०(१) मा केन्द्रिय कार्यालय अन्तर्गत रहने संकाय, महाशाखा, शाखा, ईकाइ आदि परिषदले तोके बमोजिम हुने व्यवस्था छ। ऐनमा तोकिएबमोजिम भनिएका बिषयहरू नियममा व्यवस्थित गर्नुपर्नेमा सो नगरी व्यवस्थापन परिषदले तोके बमोजिम उल्लेख गरी व्यवस्थापन गर्ने कार्य प्रत्यायोजित विधायन प्रतिकुल देखिन्छ। प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजन गर्न मिल्दैन। ऐनमा तोकिएबमोजिम भनिएका बिषयहरू नियममा स्पष्ट व्यवस्था हुनुपर्दछ।

१३. **खरिद कानुन** - यस प्रतिष्ठानले आर्थिक कार्यविधि, भ्रमण खर्च, र सार्वजनिक खरिदका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०६६ र सार्वजनिक खरिद नियमावली, २०६४ समानान्तर रुपमा प्रयोग गर्ने गरेको देखियो। जस्तै : नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०६६ को नियम १७(ग) मा भएको शिलवन्दी दरभाउपत्र सम्बन्धी व्यवस्था प्रयोग नगरी प्रतिष्ठानले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा भएको व्यवस्था अनुसार शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरेको छ। आर्थिक प्रशासन नियमावलीलाई सार्वजनिक खरिद कानुन अनुसार तादात्म्यता हुने गरी संशोधन गर्नुपर्दछ।

१४. **आर्थिक कार्यविधि -** नेपाल विज्ञान प्रविधि तथा प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा १६(ख) मा प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट सम्बन्धी प्रस्ताव निर्णयार्थ परिषदले सभामा पेश गर्ने र दफा १३(ख,ग) मा प्रज्ञा प्रतिष्ठानको बार्षिक वा पुरक बजेट र प्रज्ञा प्रतिष्ठानको संचालन र व्यवस्थापन सम्बन्धी नियमहरू सभाले पारित गर्ने व्यवस्था छ। सभाले पास गरेको बजेट र नियमावली अनुसार आर्थिक कार्यविधि सञ्चालन हुने देखिन्छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्वन्धी ऐन, २०७६ को दफा १२(२) मा अर्थ मन्त्रालयको पूर्व स्वीकृति वेगर कुनै पनि कार्यालय वा बजेट प्रणाली बाहिर (एक्स्ट्रा बजेटरी) का सार्वजनिक निकायले नेपाल सरकारलाई आर्थिक दायित्व सिर्जना

हुनेगरी खर्चको प्रतिवद्धता जनाउन नहुने व्यवस्था छ। नास्टको बजेट विनियोजन, रोक्का र फुकुवा अर्थ मन्त्रालयवाट स्वीकृत भई खर्च शीर्षकको सीमा भित्र रही खर्च गर्नुपर्दछ। यी दुई कानुन परस्परमा बाँझिएको छ। समयानूकुल कानुनमा संशोधन गर्नुपर्दछ।

१५. **सेवा आयोग -** नेपालको संविधान (२०७२) को धारा १२६(२) मा अन्य संघीय सरकारी सेवा र संगठीत संस्थाको पदमा पदपूर्तिका लागि लिईने लिखित परीक्षा लोकसेवा आयोगले सञ्चालन गर्ने व्यवस्था छ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ (दोश्रो संशोधन २०६४) को दफा १८(१) मा प्रज्ञा-प्रतिष्ठानमा कर्मचारीहरूको स्थायी नियुक्ति र बढुवाको सिफारिस गर्न एक प्रज्ञा-प्रतिष्ठान सेवा आयोग रहने व्यवस्था छ। ऐनमा भएको उक्त व्यवस्था संविधान सँग बाझिएकोले नेपालको संविधान (२०७२) को धारा १ अनुसार वदरभागि हुने देखिन्छ। आयोगले २०७९।८० मा १६० जना कर्मचारीको खुला तथा बढुवामार्फत पदपूर्ति शुरु गरेको छ। उक्त आर्थिक वर्षभन्दा अगाडि करिब १४ वर्षसम्मको कर्मचारी रिक्ततले प्रतिष्ठानको समग्र कार्यसम्पादन र नतिजामा नकारात्मक प्रभाव परेको देखिन्छ। सेवा आयोग सञ्चालनका लागि विगत पाँच वर्षमा सेवा आयोगका पदाधिकारी पारिश्रमिक समेत कुल रु ३ करोड ३५ लाख १५ हजार खर्च भएको छ। प्रतिष्ठानको सेवा आयोग विद्यमान रहे तापनि कर्मचारी छनोटको लागि परीक्षा सञ्चालन लोक सेवा आयोगले गर्दै आएको छ। लोक सेवा आयोगबाट भर्ना तथा छनोटको कार्य भइरहेको हुँदा बिद्यमान सेवा आयोगको औचित्य सम्बन्धमा पुनरावलोकन हुनुपर्ने देखिन्छ।

१६. **वैदेशिक सहायता परिचालन** - वैदेशिक सहायता परिचालन नीति, २०८२ को बुँदा नं. ३.३.२ (ट) मा नेपाल सरकारको पूर्ण वा आंशिक अनुदानमा सञ्चालित संस्था, प्रतिष्ठान आदिले वैदेशिक सहायताको खोजी गर्न वा सहायताको लागि औपचारिक अनुरोध गर्न, प्रस्ताव राख्न, वार्ता गर्न, कुनै सूचना दिन, आयोजनाको अवधारणापत्र एवं प्रस्ताव सहित पत्राचार गर्न तथा समझदारीपत्र वा सम्झौतामा हस्ताक्षर गर्न अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने व्यवस्था रहेकोमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान संगठन तथा व्यवस्थापन नियमावली, २०६६ को नियम ३२(१.छ) मा उपकुलपतिले प्रज्ञा प्रतिष्ठान र विदेशी संस्था वा अन्तराष्ट्रिय संघ संस्थाहरूका बीच हुने सम्झौतामा प्रतिष्ठानका तर्फवाट सम्झौता गर्ने व्यवस्था छ। हाल प्रतिष्ठानले विदेशी संस्था र निकायहरूसँग अनुसन्धान सम्बन्धी सम्झौता र समझदारी गर्न अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने देखिन्छ। नीति र नियमावलीको व्यवस्था परस्परमा बाँझिएको छ। प्रतिष्ठानको उद्देश्य बमोजिम उपलब्धी हासिल हुने गरी समयानुकुल कानुनमा संशोधन गर्नुपर्दछ।

१७. **कार्यविधि स्वीकृति -** नेपाल विज्ञान प्रविधि तथा प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा १८(३) मा सेवा आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि तोकिएबमोजिम हुने व्यवस्था छ। सेवा आयोगको अन्य काम, कर्तव्य, अधिकार र कार्यविधि सभा वाट स्वीकृत नियमावलीमा व्यवस्थित हुनुपर्दछ। नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान नवप्रवर्तन अनुसन्धानकर्ता, नवप्रवर्तन सहायक अनुसन्धानकर्ता, नवप्रवर्तन परियोजना सहायक नियुक्ती सम्बन्धि कार्यविधि-२०७८ (प्रथम संसोधन २०८०) रहेकोमा यो कार्यविधि कुन कानुनले दिएको अधिकार प्रयोग गरी कुन अंगबाट कुन मितिमा स्वीकृत भएको हो कार्यविधिमा उल्लेख गरेको छैन। ऐनले प्रतिष्ठानलाई कार्यविधि बनाउने अधिकार दिएको छैन्।

प्रतिष्ठानले कानुनी अधिकार वेगर ३३ कार्यविधि तयार गरेको छ। ऐनले दिएको अधिकार स्पष्ट गरी कार्यविधि स्वीकृत गर्नुपर्दछ।

१८. नीति कार्यान्वयन : हाल राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६ कार्यान्वयनमा रहेको छ। यस सम्बन्धी देखिएको बेहोरा निम्नानुसार रहेको छ :

१८.१.विज्ञान तथा प्रविधिलाई उत्पादनका सबै क्षेत्रमा एकीकरण गर्ने सम्बद्ध कानुनी तथा सस्थागत संयन्त्रबीच प्रभावकारी समन्वय गरिने, उद्यमशिलता प्रवर्धन गर्ने प्रकृतिका वैज्ञानिक तथा प्राविधिक अनुसन्धान एवम् नवप्रवर्तन सम्बन्धी कार्यक्रमहरू संचालन गरिने, बाँयो, न्यानो तथा न्युक्लियर प्रविधिहरूको विकास र उपयोगबाट कृषि क्षेत्रको व्यावसायीकरण, विविधीकरण तथा आधुनिकीकरणमा सहयोग गरिने, सडक, विद्युत, पुल, भवन निर्माण लगायतका भौतिक पूर्वाधार विकासमा आधुनिक प्रविधिहरूको प्रयोग गरी पूर्वाधार निर्माणलाई छिटो, सहज र गुणस्तरीय बनाइने कार्यनीति रहेकोमा अनुसन्धान तथा विकासको क्षेत्रसँग सम्बन्धित पुराना कानुन र संरचनाले नीति कार्यान्वयनमा चुनौती थपेको छ।

१८.२.स्थानीय, प्रादेशिक र राष्ट्रिय स्तरमा विज्ञान मेला, प्रदर्शनी, ओलिम्पियाड, वैज्ञानिक प्रतिभा खोजी जस्ता कार्यक्रमहरू सञ्चालन गरिने, युवा वैज्ञानिक जनशक्तिलाई विद्यालय/स्थानीय तहमा आवद्ध गराई युवा वैज्ञानिक स्वयं-सेवा (जनतासँग युवा वैज्ञानिक) कार्यक्रम संचालन गरिने, प्रतिष्पर्धाको आधारमा अनुसन्धान वृत्ति, छात्रवृत्ति, प्रतिभा कदर प्रोत्साहन, सहुलियतपूर्ण विज्ञान प्रविधि तथा नवप्रवर्तन ऋण तथा पुरस्कारको व्यवस्था गरिने, समन्वय र सहकार्यमा मौलिक ज्ञान तथा सीपमा आधारित उद्योग स्थापना गरी त्यस्ता उद्योगहरूको व्यवसायीकरणका लागि सहुलियतपूर्ण ऋण उपलव्ध गराइने कार्यनीति रहेकोमा बजेटको कमी, छरिएका साना प्रकृतिको अनुसन्धान, प्रशासनिक ढिलासुस्ती, बौद्धिक सम्पत्ती संरक्षण सम्बन्धी कानुनको अभाव, निजी क्षेत्र प्रोत्साहित नहुनु लगायतका कारणले उपलब्धी हासिल गर्ने कार्य चुनौतिपूर्ण छ।

१८.३.वैज्ञानिक अनुसन्धान, विकसित प्रविधि तथा नव-प्रवर्तन सम्बन्धि सूचना एवं वैज्ञानिक र विज्ञहरूको व्यवस्थित अभिलेख राखी प्रविधि विकासमा उपयोग गर्न विज्ञान, प्रविधि तथा नव-प्रवर्तन डाटाबेसको विकास गरिने, देशभित्र र बाहिर सक्रीय रहेका नेपाली वैज्ञानिक तथा प्राविधिकहरूको विज्ञान प्रविधि तथा नव-प्रवर्तन सञ्जाल स्थापना गरी बौद्धिक सञ्चार (Brain Circulation) को माध्यमबाट प्रविधि विकासमा संलग्न गराईने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठान एवंम् विश्वविद्यालयहरूसित सम्पर्क विस्तार गरी वैज्ञानिकहरूको क्षमता र पहुँच अभिवृद्धि गरिने, उद्यमी वैज्ञानिक/प्राविधिक र राष्ट्रिय वा अन्तर्राष्ट्रिय लगानीकर्तावीच सम्पर्क तथा सहकार्य विस्तार गरी ज्ञान सीप र प्रविधि विकास गर्ने अनुकूल वातावरण बनाईने कार्यनीति रहेकोमा नास्टले स्वदेश र विदेशमा रहेका बैज्ञानिकहरूको प्रोफाइल तयार गरेको, डाटावेस तयार गर्ने कार्य भईरहेको, अन्तराष्ट्रिय संघ संस्थाहरूसँग समझदारी गरेको, बौद्धिक सञ्चारको वातावरण सिर्जना गरेको भएतापनि उक्त प्रयासहरू राज्यको आवश्यकता अनुसार उपयोग भएका छैनन्। नीतिको उद्देश्य अनुसारको नतिजा प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१८.४. संघीयता अनुरुप विज्ञान तथा प्रविधिको समानुपातिक विकास गर्न आवश्यकतानुसार विभागहरू स्थापना गरिने, अनुसन्धान कार्यमा संलग्न निकायहरूबाट नतीजामुलक प्रतिफल प्राप्त गर्न नेपाल विज्ञान तथा

प्रविधि प्रज्ञा-प्रतिष्ठानलाई वैज्ञानिक अनुसन्धानको सर्वोच्च निकाय (Apex Body) को रुपमा विकास गर्ने र संघीयता अनुरुप सांगठनिक सुदृढीकरण, सुधार एवंम् पुनर्संरचना गरिने, उच्च धरातलीय अनुसन्धानका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान अन्तर्गत International Research Centre for High Altitudes को गुरुयोजना तयार पारी संचालन गरिने कार्यनीति रहेको छ। यसका लागि आवश्यक कानुनी र संरचनागत व्यवस्थाको अभाव छ। उच्च धरातलीय अन्तराष्ट्रिय अनुसन्धान केन्द्रको गुरुयोजना तयार गरेको छैन्। नीतिले विज्ञान प्रविधि तथा नव प्रवर्तनलाई फड्को मार्ने गरी उपयोग गर्न संघीय एवंम् प्रादेशिक तहमा नीतिगत दिशा-निर्देश र प्रभावकारी समन्वयका लागि संघीय तहमा उच्चस्तरीय विज्ञान प्रविधि विकास तथा समन्वय परिषद् रहने संस्थागत व्यवस्था गरेकोमा कृयाशिल र नतिजामूलक हुन सकेको छैन।

१८.५.नीतिले विज्ञान तथा प्रविधि नीतिको कार्यान्वयनको लागि आवश्यकता अनुसार क्षेत्रगत नीति, ऐन, नियम, निर्देशिका बनाई लागु गरिने, वैज्ञानिक अनुसन्धान, प्रविधि विकास सम्बन्धी बौद्धिक सम्पति अधिकारलाई संरक्षण गर्ने कानुनहरू सम्बन्धित निकायबाट निर्माण गरी लागु गरिने, वैज्ञानिक अनुसन्धान, प्रविधि विकास तथा नव प्रवर्तन सम्बन्धी कार्यमा संलग्न हुन चाहने संघ संस्थाहरूलाई सहज दर्ता र नविकरणका लागि आवश्यक कानुनी व्यवस्था गरिने व्यवस्था छ।

नीति कार्यान्वनयको लागि आवश्यकतानुसार ऐन नियम र निर्देशिका बनाइनेछ भनिएकोमा यस नीतिको कार्यान्वयनको लागि कुनै कानुनी दस्तावेज तयार गरेको छैन। राष्ट्रिय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन यो नीति आउनु अघि नै आएको र प्रतिष्ठानले स्वतन्त्र किसिमले ऐनमा उल्लेखित कार्य सम्पादन गर्दै आएको छ। नीतिले विज्ञान प्रविधिको अनुसन्धान र विकासका लागि बौद्धिक सम्पत्ति संरक्षण कानुन बनाइने भनिएकोमा हालसम्म पनि यस्तो कानुन तयार भएको छैन। नेपाल विज्ञान तथा प्रविधिको क्षेत्रमा विदेशीहरूले अनुसन्धान अन्वेषण वा अध्ययन गर्न नेपालको कुन निकायबाट स्वीकृति सहमति लिनुपर्ने हो र त्यस्का शर्तहरू के हुनेछन् तथा यी संस्थाहरू दर्ता गर्ने निकाय र सहमतिका शर्त सम्बन्धमा नीतिगत र कानुनी रुपमा स्पष्टता हालसम्म पनि भएको देखिदैन।

१८.६. वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नव-प्रवर्तनलाई थप प्रवर्द्धन गर्न अनुसन्धान तथा विकासमा उपयुक्त रकम विनियोजन गरिने, नव-प्रतिभावान युवा वैज्ञानिकहरूका रणनीतिक अनुसन्धान, उद्यमशीलता र व्यवसायिकता विकासका लागि सरकारी तथा निजी क्षेत्रको योगदानमा विज्ञान प्रविधि तथा नव-प्रवर्तन कोष स्थापना गरी सञ्चालन गर्ने नीति रहेकोमा कार्यान्वयन भएको छैन्।

१८.७. प्रादेशिक विशिष्टता तथा उपलब्ध जनशक्ति अनुसार प्रविधि ज्ञान र सीपमा आधारित उद्यमशिलता विकास गर्न प्रोत्साहित गरिने, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान लगायतका अन्य अनुसन्धान प्रतिष्ठानहरूमा अनुसन्धानमा आधारित स्नातकोत्तर र विद्यावारिधी कार्यक्रम सञ्चालन गर्न विशिष्टताको आधारमा विभिन्न विश्वविद्यालयसँग सहकार्य गरिने, प्राकृतिक स्रोतको दिगो उपयोगलाई टेवा पुग्नेगरी औषधिजन्य जडिबुटी, सुगन्धित वनस्पति लगायतका उच्चमूल्यका वस्तु उत्पादन गर्न देशभित्रै कच्चा पदार्थको प्रशोधन गर्ने प्रविधि विकासमा प्रोत्साहन गरिने, वायु, पानी र माटो प्रदुषण न्यूनीकरण, सन्तुलित पारिस्थितिक प्रणाली कायम राख्न हरीत र चुस्त प्रविधि (Green and Smart Technology) को बहुआयामिक विकास र अधिकतम उपयोग गरिने, कृषिमा आधुनिकीकरण, माटो व्यवस्थापनका लागि जैविक, नानो र अन्य नव-प्रवर्तित प्रविधिको प्रयोग गरिने, राष्ट्रिय सुरक्षा र सम्वेदनशिलता कायम राख्न सम्बन्धित सुरक्षा निकायसँग परामर्श गरी आधुनिक प्रविधि एवंम् सूचना संयन्त्रको विकास गरिने, जैविक सूचना, आर्टिफिसियल इन्टेलिजेन्स, रोबोटिक्स, जस्ता उदीयमान र नविनतम् प्रविधिहरूको अधिकतम उपयोग गरी उद्योग, व्यवसाय र अन्य क्षेत्रहरूको तिव्र विकासमा सघाउ पुऱ्याईने, पारमाणविक, रासायनिक तथा जैविक पदार्थको वैज्ञानिक अनुसन्धान र शान्तिपूर्ण प्रयोगका लागि आवश्यक प्रविधिको विकास गरिने, विपद् जोखिम व्यवस्थापनका लागि वैज्ञानिक अनुसन्धान गरी उपयुक्त प्रविधिको विकास गरिने, परीक्षण, प्रमाणीकरण तथा क्यालिब्रेसनका लागि संघीय तहमा बहु-विधागत (Multi-Disciplinary) प्रयोगशाला र प्रदेशमा विशिष्टता अनुरुप विधागत अनुसन्धान तथा सेवा केन्द्रहरू स्थापना गरिने, प्रविधिको पछिल्लो क्रान्तिमा सहभागी हुँदै भौतिक विज्ञान (Physical Sciences) तथा जीव विज्ञानको अनुसन्धानशाला विकास गरिने जस्ता ठूलो लगानी, उच्चतम प्राविधिक ज्ञान आवश्यक पर्ने महत्वकाक्षी नीति रहेकोमा कार्यान्वयन पक्ष कमजोर छ।



- ऐन र नियमावलीहरू समयसापेक्ष परिमार्जन हुन नसक्नु। आवश्यकतानुसार नयाँ कानुनहरू नबन्नु ।
- विश्वविद्यालयहरू र अन्य अनुसन्धान केन्द्रहरूसँग प्रभावकारी समन्वय को कमी हुनु ।
- कुल गार्हस्थ उत्पादन (GDP) को तुलनामा विज्ञान र अनुसन्धानमा राज्यले गर्ने लगानी अत्यन्तै न्यून हुनु (न्यून बजेट विनियोजन)।
- आधुनिक प्रयोगशाला, उच्च स्तरीय उपकरण र प्रविधिमा पहुँच सीमित हुनु ।
- दक्ष वैज्ञानिक र अनुसन्धानकर्ताहरू सेवा सुविधा र अवसरको खोजीमा विदेश पलायन हुनु ।
- कार्यरत कर्मचारी र वैज्ञानिकहरूका लागि उत्प्रेरणा र वृत्ति विकासका योजनाहरू पर्याप्त नहुनु।
- प्रयोगशालामा गरिएका अनुसन्धानहरूलाई उद्योग वा सर्वसाधारणको दैनिक जीवनसँग जोड्न नसक्नु।
- अनुसन्धानबाट प्राप्त नतिजाको पेटेन्ट (Patent) दर्ता र व्यावसायिक उपयोग नहुनु ।
- राष्ट्रिय आवश्यकता (जस्तैः कृषि, ऊर्जा, जलवायु परिवर्तन) भन्दा पनि छरिएका र साना प्रकृतिका अनुसन्धानमा बढी ध्यान जानु ।
- वैज्ञानिक तथ्याङ्कहरूको भण्डारण र सुरक्षाका लागि आफ्नै क्लाउड वा भरपर्दो प्रणालीको अभाव हुनु ।

विज्ञान तथा प्रविधिको खोज, अनुसन्धान र विकास कार्यले राज्यको तर्फबाट व्यवहारिक रुपमा कम प्राथमिकता पाएको देखिन्छ। विज्ञान तथा प्रविधिको विकास र उपयोग विना देशको विकास द्रुत्तर गतिमा हुन नसक्ने हुनाले यसलाई राष्ट्रिय प्राथमिकता दिनका लागि संस्थागत व्यवस्था २०५३।२।२ मा विज्ञान तथा प्रविधि मन्त्रालय खडा गरिएकोमा ५ पटकसम्म छुट्टिने र गाभिने भई २०७४ सालमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रुपमा कार्य गर्दै आएको छ। मन्त्रालय गाभिनु वा छुट्टिनुको कुनै तर्क पूर्ण कारण छैन। एउटा संगठन खडा हुनु गाँभिनु, छुट्टिनु, पुनःगभिनुबाट कार्यसम्पादनमा प्रत्यक्ष असर परेको छ। कुनै संस्थागत निर्णयका दस्तावेजहरू उपलब्ध गराउन नसक्नु, संस्थागत स्मरणको अवस्था नहुनु, नीति तथा कार्यक्रमहरूमा सामन्जस्यता र नियमितता नहुनुका साथै मन्त्रालयले राष्ट्रिय प्राथमिकता र महत्व नपाउँदा उद्देश्य अनुसारको उपलब्धी हासिल हुने कुरा चुनौतिपूर्ण देखिन्छ। नीतिमा उल्लेखित बिषयहरू मूलुक रुपान्तरणको संवाहक हुने देखिएतापनि कार्यान्वयन पक्ष कमजोर हुँदा उपलब्धी आशाजनक रहेको छैन। नीतिले गरेका व्यवस्थाहरू प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

१९.आवधिक योजना (२०८१/८२ - २०८५/८६) : योजनाले रुपान्तरणकारी रणनीतिको रुपमा वैज्ञानिक तथा प्राविधिक कृयाकलाप लगायतका क्षेत्रलाई प्राथमिकताका साथ प्रवर्द्धन गर्ने, अनुसन्धान अन्वेषण नवप्रवर्तन तथा उद्यमशीलता विकासलाई उत्पादनसँग आवद्ध गर्ने, वित्तीय संस्थाको कुल कर्जा प्रवाहको निश्चित रकम अनिवार्य रुपमा नवप्रवर्तन तथा खोज अनुसन्धानमा प्रवाह गर्ने, सवै बिषयगत क्षेत्रहरूको रुपान्तरणकारी रणनीतिको महत्वपूर्ण आयामको रुपमा अध्ययन, अनुसन्धान र विकासमा जोड दिने, जलवायु परिवर्तनसम्बन्धी तथ्याङ्क र प्रमाण संकलन, अद्यावधिक र प्रमाणीकरण प्रणालीको स्थापना गर्ने, अध्ययन अनुसन्धानको लागि विश्वविद्यालय तथा अनुसन्धानमा संलग्न अन्य संस्थाहरूमा लगानी वढाउने र साझेदारी गर्ने प्रमुख उद्देश्य रहेका छन्। आवधिक योजनाको लक्ष्य तथा उपलब्धीको अवस्था निम्नानुसार रहेको छ :-

क्र.सं.	कार्यक्रम	आधार वर्ष (२०७९/८०)	लक्ष्य (२०८५/८६ सम्म)	कार्यान्वयन अवस्था
१	नाष्टका अनुसन्धान केन्द्र	१	७	७
२	कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राष्ट्रिय लगानी	०.३५ प्रतिशत	१ प्रतिशत	प्रगति नभएको
३	राष्ट्रिय/अन्तराष्ट्रिय पेटेण्ट दर्ता	८६	५००	प्रगति नदेखिएको
४	प्रविधि परीक्षण एवं प्रमाणीकरण भएका प्रविधिहरू	०	५०	प्रगति नदेखिएको
५	अनुसन्धान तथा प्रविधि विकासका राष्ट्रिय उत्कृष्ट केन्द्रहरू	०	१०	प्रगति नदेखिएको
६	नवप्रवर्तन प्रवर्द्धन संस्थाहरू स्थापना	०	२५०	प्रगति नदेखिएको

१९.१. नाष्टले प्रदेश स्तरमा आफ्ना सेवा र अनुसन्धान केन्द्रहरू विस्तार गर्न ७ वटै प्रदेशमा कार्यालयहरू स्थापना गरेको छ, यद्यपी केन्द्रीय कार्यालयबाटै बजेट खर्च लेख्रे गरेको छ। हालसम्म पनि प्रदेश कार्यालयको आफ्नो कार्यालय कोड नरहेकोले केन्द्रीय कार्यालयबाटै खर्च गर्नेगरी कार्यालयहरू सञ्चालनमा छन्। कार्यक्रम सञ्चालनका लागि भौतिक पूर्वाधार र वित्तीय लगानीको कमी छ। यसबाट

अनुसन्धानात्मको कार्य प्रभावकारी रुपमा सञ्चालन हुने देखिदैन। योजनाको उद्देश्य अनुसार यी केन्द्रहरूको सञ्चालन हुनुपर्दछ।

१९.२. अनुसन्धान तथा प्रविधि विकासमा कुल गार्हस्थ्य उत्पादनको अनुपातमा राष्ट्रिय लगानी १ प्रतिशत पुऱ्याउने लक्ष्य प्राप्तिका लागि २०८१/८२ को बजेटमा रु. १ अर्बको अनुसन्धान कोष स्थापना गर्ने घोषणा भएकोमा कार्यान्वयन भएको देखिएन। योजनामा विज्ञान तथा प्रविधि कार्यक्रम तर्फ विज्ञान तथा प्रविधिको अनुसन्धान तथा नवप्रवर्तनको लागि विशेष कोषको स्थापना गरी सञ्चालन गर्न देशको बजेटको दुई प्रतिशत रकम छुट्टाउने कार्यक्रम रहेकोमा कार्यान्वयन भएको छैन्। निजी क्षेत्रलाई अनुसन्धान र विकासमा आकर्षण नगरेसम्म सरकारी बजेटले मात्र १ प्रतिशत पुग्न कठिन देखिन्छ। यस तर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

१९.३. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बार्षिक प्रगति समीक्षा अनुसार राष्ट्रिय अन्तराष्ट्रिय पेटेन्ट दर्ता, प्रविधि परीक्षण एवं प्रमाणीकरण भएका प्रविधिहरू, अनुसन्धान तथा प्रविधि विकासका राष्ट्रिय उत्कृष्ट केन्द्रहरू र नवप्रवर्तन प्रवर्द्धन संस्थाहरू (विज्ञान शहर/पार्क, इन्कुवेटर, एस्लेटर, ग्रामिण नवप्रवर्तनशाला, प्रविधि पार्क) स्थापना, नियमनको २०८१/८२ सम्मको प्रगति उल्लेख गरेको देखिएन। परिमाणात्मक लक्ष्यहरूमा भएको प्रगति मापन गरी घटी प्रगति हुनुको कारण पहिल्याई सुधार गर्नुपर्दछ।

१९.४. राष्ट्रिय/अन्तराष्ट्रिय पेटेण्ट दर्ता ५०० संख्या पुऱ्याउने लक्ष्य रहेकोमा उक्त लक्ष्य प्राप्त गर्न 'बौद्धिक सम्पत्ति नीति' र 'पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन' मा परिमार्जन आवश्यक छ। नेपालमा अझै पनि "पेटेण्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२" क्रियाशील छ, जुन धेरै पुरानो भइसक्यो जसले डिजिटल युग र भौगोलिक संकेतका नयाँ आयामलाई समेटन सक्दैन। नयाँ बौद्धिक सम्पत्ति संम्बन्धी कानुन निर्माण गरी पेटेण्ट दर्तालाई थप आधुनिक र सहज बनाउनु पर्दछ। विश्वविद्यालयका अनुसन्धान र व्यक्तिगत आविष्कारलाई पेटेण्टमा बदल्नकालागि सरकारी प्रक्रियालाई सरल र स्पष्ट बनाउनुपर्दछ।

१९.५. प्रविधि परीक्षण एवम् प्रमाणीकरण भएका प्रविधिहरूको संख्या ५० पुऱ्याउने लक्ष्य रहेकोमा उक्त लक्ष्य प्राप्तिका लागि नेपालमा बनेका प्रविधिहरूको प्रमाणीकरण गर्ने स्पष्ट निकाय र ल्याबको व्यवस्था रहेको छैन्। प्रतिष्ठान र गुणस्तर तथा नापतौल विभागबीच समन्वय गरी प्रविधि प्रमाणीकरणको मापदण्ड (Standards) तयार गर्नुपर्ने देखिन्छ।

१९.६. अनुसन्धान तथा प्रविधि विकासका राष्ट्रिय उत्कृष्ट केन्द्रहरू १० पुऱ्याउने लक्ष्य रहेकोमा यस तर्फ प्रगति भएको देखिएन। उक्त लक्ष्य प्राप्तिका लागि विश्वविद्यालयका विशिष्ट विभागहरूलाई 'सेन्टर अफ एक्सीलेन्स' को रूपमा विकास गर्न अध्ययन गर्नुपर्दछ। यसका लागि प्रतिष्ठानले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ।

१९.७. नवप्रवर्तन प्रवर्द्धन संस्थाहरू (विज्ञान शहर/पार्क, इन्कुवेटर, एस्लेटर, ग्रामिण नवप्रवर्तनशाला, प्रविधि पार्क) को संख्या २५० पुऱ्याउने लक्ष्य लिएको छ। उक्त लक्ष्य अनुसार कार्य भएको छैन। विज्ञान शहर ललितपुरको अवधारणात्मक योजना तर्जुमा प्रतिवेदन तयार भएकोमा कार्यान्वयन भएको छैन्। प्रविधि पार्क (Tech Park) अवधारणा कार्यान्वयनका लागि प्रगति भएको छैन्।

१९.८.नवप्रवर्तन केन्द्र स्थापना र सञ्चालन गर्ने, प्रतिभावान वैज्ञानिक, प्राविधिज्ञ र युवा जनशक्तिलाई व्यवहारिक अनुसन्धान तथा नवप्रवर्तनात्मक कार्यमा परिचालन तथा प्रोत्साहन गर्ने, उच्च धरातलिय अनुसन्धान केन्द्र, अन्तरिक्ष अध्ययन केन्द्र, आणविक अनुसन्धान केन्द्र स्थापना गर्ने, वायुमण्डलिय अनुसन्धान केन्द्र, रोबोटिक्स तथा कृत्रिम वौद्धिकता अनुसन्धान केन्द्र लगायतका उदियमान प्रविधिका क्षेत्रका अनुसन्धान केन्द्र सञ्चालन गर्ने, विज्ञान साक्षरता कार्यक्रम सञ्चालन गर्ने, नेपालको सबै प्रशासनिक काममा विज्ञान तथा सूचना प्रविधिको उच्चतम प्रयोग गरी Governance 4.0 लाई संस्थागत गर्ने, रोबोटिक्स तथा कृत्रिम वौद्धिकता, अन्तरिक्ष प्रविधिको प्रयोगलाई बढावा दिने कार्यक्रम रहेको छ। Governance 4.0 का सम्बन्धमा सरकारी सेवाहरूमा डिजिटल प्रणाली विस्तार भइरहेको छ। डिजिटल प्रणाली पूर्ण संस्थागत हुनका लागि अन्तर-निकाय डाटा सेयरिङ र सुरक्षित साइबर सुरक्षा पूर्वाधार चुनौतीपूर्ण रहेको छ। Governance 4.0 लाई कार्यान्वयन गर्न सरकारका सबै मन्त्रालयले आफ्ना डेटालाई एकीकृत भण्डारण गर्ने व्यवस्था गर्नुपर्दछ।

यस प्रतिष्ठानलाई नेपालमा बन्ने नयाँ प्रविधि र सफ्टवेयर (AI/Robotics) को गुणस्तर जाँच र प्रमाणीकरण गर्ने आधिकारिक निकायको रुपमा विकास गर्ने, महँगा र उच्च प्रविधियुक्त मेसिनहरू (जस्तैः NMR, स्पेस डाटा ल्याब) नाष्टमा राखेर सबै विश्वविद्यालय र स्टार्टअपलाई प्रयोग गर्न दिने, अन्तरिक्ष अध्ययन र आणविक अनुसन्धानका लागि अन्तर्राष्ट्रिय अनुसन्धान संस्थाहरूसँग सहकार्य गर्ने "नोडल एजेन्सी" को रुपमा विकास गर्ने, र रैथाने प्रविधिलाई आधुनिक बनाउन र त्यसको व्यावसायिक उत्पादनका लागि साना उद्यमीलाई प्राविधिक मेन्टरसिप प्रदान गर्ने निकायको रुपमा विकास गर्न आवश्यक अध्ययन हुनुपर्दछ।

१९.९. नेपालमा भएका परम्परागत प्रविधिमा अनुसन्धान गरी तिनीहरूको विकास, प्रवर्द्धन, उत्पादन पद्धतिमा उपयोग जस्ता कुरामा विशेष महत्वका साथ काम गर्ने ; यस्ता वस्तु र प्रविधिको विकास गर्नको लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मातहत रहने गरी "रैथाने वस्तु र प्रविधि विकास प्रतिष्ठान" गठन गर्ने, रैथाने वस्तु तथा प्रविधिको अन्तराष्ट्रियकरण र बौद्धिक अधिकार संरक्षण गर्ने कार्यक्रमहरू रहेकामा कार्यान्वयन भएको छैन्। "रैथाने वस्तु र प्रविधि विकास प्रतिष्ठान" जस्ता नयाँ संरचना बनाउँदा प्रतिष्ठानसँग अधिकार क्षेत्र बाझिन सक्ने विषयमा ध्यान दिनुपर्दछ।

यी लक्ष्यहरू प्राप्त गर्न नाष्टलाई केवल एउटा अनुसन्धान संस्था मात्र नभई राष्ट्रिय प्रविधि केन्द्र (National Tech Hub) को रूपमा विकास गर्नेतर्फ सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ। सातै प्रदेशमा नाष्टका कार्यालय र प्रविधि प्रमाणीकरण केन्द्र प्रभावकारी रुपमा सञ्चालनमा आउनु पर्दछ। स्थानीय कच्चा पदार्थमा आधारित प्रविधि विकास गर्न स्थानीय तहहरूसँगको साझेदारीमा साना प्रयोगशालाहरू निर्माण गर्ने तर्फ ध्यान दिनुपर्दछ। यसकालागि पर्याप्त लगानी हुनुपर्दछ। निजी क्षेत्रको लगानी विना २५० वटा नवप्रवर्तन केन्द्र स्थापना गर्न कठिन हुने भएकाले 'सार्वजनिक निजी साझेदारी' (PPP) मोडलमा जोड दिनुपर्दछ। प्रतिष्ठानले 'प्रविधि बैंक' (Technology Bank) मार्फत साना आविष्कारकका प्रविधिलाई उद्योगसँग जोड्ने तर्फ काम गर्नुपर्दछ। यसका लागि आवश्यक कानुनी र संरचनागत व्यवस्था गरिनुपर्दछ।

२०. **बजेट निर्माण प्रक्रिया -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा १६(ख) बमोजिम बार्षिक कार्यक्रम र बजेट व्यवस्थापन परिषद्ले सभामा पेश गरी दफा १३(ख) बमोजिम सभाले पारित गर्ने व्यवस्था छ। आर्थिक कार्यविधि तथा उत्तरदायित्व ऐन, २०७६ को दफा ९(१),१०(१), १४ मा सम्बन्धित निकायले मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) मा बजेट प्रस्ताव तयार गर्ने, अर्थ मन्त्रालयले बजेट प्रस्ताव गरी प्रत्येक बर्षको जेठ महिनाको १५ गते सङ्घीय संसदका दुवै सदनको संयुक्त बैठकमा पेश गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ।

२०.१. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा ४ मा प्रज्ञा प्रतिष्ठान स्वशासित संस्था हुने उल्लेख छ। प्रज्ञा प्रतिष्ठान ऐनमा प्राज्ञ सभावाट बजेट पारित हुने स्वायत्त वजेट प्रणाली भएकोमा संघीय संसदबाट पारित नेपाल सरकारको वजेट प्रतिष्ठानले गर्ने खर्च LMBIS मा खर्च शीर्षकगत रुपमा प्रविष्टि गरी नेपाल सरकार अर्थ मन्त्रालय व्यय अनुमानको विवरण (खर्च शीर्षकगत र स्रोतगत समेत) उल्लेख भएको सीमाभित्र रहेर विनियोजित बजेट खर्च गर्दै आएको छ। नेपाल सरकार अर्थ मन्त्रालयको अभ्यास खर्च शीर्षकगत सूक्ष्म नियन्त्रण गर्ने प्रशासनिक पँहुच (Administrative Overreach) जस्तो देखिन्छ, जुन नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को मर्म सँग मेल खादैन। २०८१/८२ मा बजेट कार्यान्वयन सम्बन्धमा अर्थ मन्त्रालयको २०८१/१०/२८ को पत्रानुसार विनियोजित भएको बजेटमा २५ प्रतिशत रकम रोक्का भएको छ। प्रतिष्ठानले स्वीकृत वार्षिक कार्यक्रम तथा निर्धारित कार्यजिम्मेवारी अनुरुप कार्यसम्पादन गर्दा बजेट रोक्का अगावै दायित्व सिर्जना भई सकेको हुँदा विभिन्न १३ वटा क्रियाकलापहरू सम्पन्न गर्न रकम नपुग्ने भएकाले रोक्का बजेट मध्ये ९९ लाख ४६ हजार रुपैया फुकुवाका लागि अर्थ मन्त्रालयमा समन्वय गरिदिन भनी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा अनुरोध गरेको देखियो। संघीय संसदबाट पारित नेपाल सरकारको बजेट प्रणाली अन्तर्गत अर्थ मन्त्रालय र सम्वन्धित मन्त्रालयले बजेट रोक्का तथा फुकुवा गर्दा कार्यक्रम प्रभावित हुने गरेको छ।

२०.२. प्रतिष्ठानको बजेटमा नेपाल सरकार अर्थ मन्त्रालयको लाईन-आईटम नियन्त्रण हुने गरेकोले स्वायत्त संस्थाको मान्यता अनुसार आफ्ना कार्यक्रम, प्राथमिकता र खर्च संरचना प्रतिष्ठान आफैले तय गर्ने अवस्था छैन। यसवाट केन्द्रिकृत सूक्ष्म नियन्त्रण रहेको देखिन्छ। संघीय संसदबाट कुल रकम स्वीकृत गर्ने व्यवस्था छ तर कार्यान्वयन तहसम्म सूक्ष्म नियन्त्रण गर्नुपर्ने बाध्यत्मक अवस्था भने छैन। संसदले नीति र रकम स्वीकृत गर्ने गर्दछ। प्रतिष्ठानको कार्य विज्ञान तथा प्रविधि नीति/अनुसन्धान रहेको छ भने वित्तीय निर्णय नेपाल सरकार अर्थ मन्त्रालयले गर्दछ र त्यसको कार्यान्वयन प्रतिष्ठानले गर्ने गर्दछ। यसले गर्दा ठाडो वित्तीय असन्तुलन (Vertical Fiscal imbalance) अर्थात कार्य र वित्तीय श्रोत एकै ठाउँमा छैन। प्रतिष्ठान पूर्ण रुपमा नेपाल सरकारको बजेटबाट सञ्चालन हुँदा श्रोतको अभाव भएपनि संस्था चलिरहने (Soft Budget Constraints) अभ्यासले प्रश्रय पाउदै आइरहेको छ। Vertical Fiscal imbalance का कारण संस्थाको दीर्घकालीन योजना बनाउन समस्या हुन्छ, सरकारतर्फ अत्याधिक निर्भर हुनुपर्दछ र स्वायत्तता व्यवहारमा देखिदैन। Soft Budget Constraints का कारण संस्था आफ्नै आम्दानीमा निर्भर हुदैन भने खर्च अनुशासन कमजोर हुन जान्छ। प्रज्ञा प्रतिष्ठानको तलब, भत्ता, कार्यक्रम

र अन्य सञ्चालन खर्च नेपाल सरकारबाट आउने हुदाँ सञ्चालनका लागि श्रोतको अभाव नहुने कारणले खर्च घटाउने दबाब कमजोर हुने र दक्षता (Efficiency) भन्दा बजेट अधिकतमीकरण (Budget Maximization) को प्रवृत्ती हावी हुनसक्ने देखिन्छ। प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादनलाई विश्लेषण गर्दा जिम्मेवारी-अधिकार वीच वेमेल भएको केन्द्रिकृत वित्तीय नियन्त्रण रहेको एक अर्ध स्वायत्त निकायको रुपमा सञ्चालन भएको देखिन्छ।

सरकारको भूमिका लक्ष्य निर्माण (Goal Setting) र कार्यसम्पादन मूल्याङ्कन (Performance Evaluation) हुनुपर्दछ। प्रज्ञा प्रतिष्ठानको उद्देश्य अनुरुप स्वतन्त्र ढँगबाट कार्यसम्पादन गर्न नेपाल सरकारले एकमुष्ट अनुदान (Block Grant) प्रदान गरी कार्यसम्पादन जवाफदेहिता (Performance Accountability) को नीति अवलम्वन गर्ने तर्फ आवश्यक अध्ययन हुनुपर्दछ। आगतमा स्वायत्तता र व्यवस्थापकीय विवेकमा स्वायत्तता प्रदान गर्नुपर्दछ। स्वायत्त संस्थाको मान्यता अनुसार कार्य (Function) जहाँ छ, वित्तीय निर्णय पनि त्यही हुनुपर्दछ। बजेट निर्माण र कार्यान्वयनमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्थामा एकरुपता छैन। प्रतिष्ठानको स्वायत्तता र कार्य प्रकृति अनुसार तोकिएको उद्देश्य प्राप्त गर्न बजेट निर्माण र कार्यान्वयन सम्बन्धी कानुनमा समय सापेक्ष पुनरावलोकन गरिनुपर्दछ।

कार्यालयको भनाई - अनुसन्धानबाट प्राप्त परिमाणको कार्यान्वयनको लागि बजेटको उपलब्धताको अवस्था पर्याप्त नरहेको, पूर्व निर्धारित कार्यक्रम नहुनु, सफलता र असफलताको अनिश्चितता आदिले गर्दा अर्थ मन्त्रालयको LMBIS को प्रविष्टिको आधारमा कार्यक्रम गर्न पनि गाह्रो हुने प्रतिष्ठानको भनाई रहेको छ।

२१.बजेट वक्तव्य - बजेट वक्तव्यमा उल्लेखित नीतिहरू उद्देश्य अनुसार कार्यान्वयन हुनुपर्दछ। २०८१/८२ मा उल्लेखित नीति सम्बन्धमा देखिएको बेहोराहरू निम्नानुसार रहेका छन् :-

२१.१. बजेटले अनुसन्धान र विकासमा संलग्न संस्थामा लगानी वृद्धि गर्दै लगिने र वार्षिक पुँजीगत वजेटको एक प्रतिशत रकम अनुसन्धान र विकासमा छुट्टयाउने व्यवस्था अनुसार रु १ अर्बको अनुसन्धान र विकास कोष स्थापना गर्ने नीति लिएको छ। बजेटले पुँजीगत खर्चको १ प्रतिशत रकम अनुसन्धानमा खर्च गर्ने दीर्घकालीन लक्ष्यसहित तत्कालका लागि १ अर्बको कोष घोषणा गरेकोमा कार्यान्वयन भएको छैन। यस्तो कोषको प्रयोग गरी युवा वैज्ञानिक, स्टार्टअप र अनुसन्धानकर्ताहरूलाई आर्थिक सहायता प्रदान गरी "प्रविधि हस्तान्तरण" र "व्यावसायिक उत्पादन" मा जोड्नु पर्दछ। कोष स्थापना गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२१.२. सम्वत् २०८१ देखि २०९१ सम्मलाई विज्ञान प्रविधिको दशकको रुपमा कार्यान्वयन गरिने उल्लेख छ। सरकारले आर्थिक वर्ष २०८१/८२ लाई विज्ञान प्रविधि दशक को प्रस्थान विन्दु मानेको छ। यस अन्तर्गत विश्वविद्यालय र अनुसन्धान संस्थाहरूको सुदृढीकरण गर्नुपर्ने देखिन्छ। यो केवल एक वर्षको कार्यक्रम नभई १० वर्षको खाका भएकाले यसको सफलताका लागि राष्ट्रिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६ को प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ। राज्यले लिएको नीति तथा कार्यक्रम

कार्यान्वयन नहुँदा यस क्षेत्रसँग सम्बन्धित उपलब्धी हासिल हुन सक्दैन। नीति तथा कार्यक्रमलाई नतिजामुखी हुनेगरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२१.३.बजेटमा अध्ययन अनुसन्धानसम्वन्धी राष्ट्रिय नीति तयार गरी कार्यान्वयन गर्ने र अध्ययन अनुसन्धान प्रतिवेदन राष्ट्रिय योजना आयोगमा एकीकृत रुपमा भण्डारण गर्ने व्यवस्था मिलाउने उल्लेख छ। अध्ययन अनुसन्धान राष्ट्रिय नीति तयार भएको छैन। अध्ययन अनुसन्धान प्रतिवेदन राष्ट्रिय योजना आयोगमा एकीकृत रुपमा भण्डारण गर्न आयोगको पोर्टलमार्फत पुराना हजारौं प्रतिवेदनहरूलाई स्क्यान गरी भण्डारण गर्नु जनशक्ति र प्रविधिका हिसाबले चुनौतीपूर्ण छ। यस बाट एउटै विषयमा फरक-फरक निकायहरूले गर्ने दोहोरो खर्च (Duplication) नियन्त्रण गर्न सहयोग पुर्याउछ। यसका लागि मन्त्रालय र निकायहरू बीचको समन्वय र प्रतिवेदन साझा गर्ने संस्कृति (Data Sharing Culture) को विकास गर्नुपर्दछ।

२१.४.बजेटमा अनुसन्धान र नवप्रवर्तनवाट सिर्जित ज्ञान र बौद्धिक सम्पत्तिको संरक्षण गर्ने उल्लेख छ। नेपालमा पेटेन्ट दर्ता र बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी कानुन अझै पुरानो छ। बजेटको मर्म अनुसार नयाँ बौद्धिक सम्पत्ति नीति र कानुन निर्माण नभएसम्म अनुसन्धानकर्ताहरूले आफ्ना आविष्कार सुरक्षित महसुस गर्ने अवस्था देखिँदैन। समय सापेक्ष नयाँ कानुन तर्जुमा गर्नुपर्दछ। अनुसन्धान र विकास कार्यमा निजी क्षेत्रलाई आकर्षित गर्नुपर्दछ।

कार्यालयको भनाई - नेपाल सरकारको आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित विज्ञान र प्रविधिको क्षेत्रसँग सम्बन्धित व्यवस्था कार्यान्वयनका लागि पर्याप्त ध्यान दिएको देखिदैन। सरकारले विज्ञान र प्रविधिको क्षेत्रलाई प्राथमिकताका साथ ध्यान दिन नसक्नुको मुख्य कारणमा देशभित्र भौतिक पूर्वाधारको अभाबमा नागरिकको चाहना पूर्वाधार निर्माणमा रहनु, बिकास बजेट न्युन हुनु र राज्यको दृष्टिमा विज्ञान र प्रविधिले समृद्धि दिनसक्छ भन्ने भरोसा अझै नहुनु नै मुख्य कारक रहेको प्रतिष्ठानको भनाई रहेको छ।

२२. **बजेट, खर्च र आन्तरिक आयको स्थिति -** यस प्रतिष्ठानको स्थापन वि.सं. २०३९ मंसिर २० देखि हालसम्म अर्थात करिब ४२ बर्षमा कुल रु ५ अर्ब २७ करोड बजेट विनियोजन भएको छ। यस प्रतिष्ठानको विगत ५ बर्षको बजेट तथा खर्च स्थिति निम्नानुसार रहेको छ।

(रु हजारमा)

आर्थिक बर्ष	बजेट पारित मिति	बजेट बिनियोजन रु	बजेट खर्च रु	खर्च प्रतिशत	कार्यक्रम खर्च	कार्यक्रम खर्च प्रतिशत	आन्तरिक आय	कुल खर्चमा आन्तरिक आयको अंश
२०८१/८२	२०८१/०५/२५	५०७३४८	३८६११०	७६	१३४१६५	३४.७५	२०९१०	५.४१%
२०८०/८१	२०८०/०७/२३	४५२००१	२७९९२६	६२	९५३८१	३४.०७	२४०३६	८.५८%
२०७९/८०	२०७९/०७/२३	५२१९८९	२८७४३८	५५	४४२२२	१५.३८	२२०५५	७.६७%
२०७८/७९	२०७८/११/०६	३५१०८१	२२९०१९	६५	७१४२६	३१.१८	२३१४२	१०.१०%
२०७७/७८	२०७७/१२/२३	४१८७५९	३१५१६४	७५	६०५६८	१९.२१	१३६६३	४.३२%

प्रतिष्ठानको विगत ५ वर्षको बजेट तथा खर्च स्थिति विश्लेषण गर्दा न्यूनतम रु. ३५ करोड ११ लाख देखि अधिकतम रु ५२ करोड २० लाख सम्म बजेट विनियोजन भएको छ। विनियोजित बजेटको ५५.०७ प्रतिशत देखि ७६.१० प्रतिशतसम्म खर्च भएको देखिन्छ, जसले खर्च गर्ने क्षमतामा सुधारको आवश्यकता देखाउँछ। कुल खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.१९ देखि २८.५८ प्रतिशतसम्म रहेको छ। अर्थ मन्त्रालयबाट २०८१।८२ मा २५ प्रतिशत बजेट रोक्का हुँदा दायित्व सिर्जना भइसकेका १३ क्रियाकलाप प्रभावित भएका छन्। विगत तीन वर्षदेखि कार्यक्रम खर्चमा क्रमशः वृद्धि भए पनि कुल खर्चको १५.३८ देखि ३४.७५ प्रतिशतसम्म मात्र प्रत्यक्ष अनुसन्धान र कार्यक्रममा खर्च हुने गरेको छ। नेपाल सरकारको आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रम र वजेटमा वैज्ञानिक अनुसन्धान र उपयोगले खासै प्राथमिकता पाएको देखिदैन। आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र वजेटमा वैज्ञानिक अनुसन्धान र उपयोगको सैद्धान्तिक विषय उल्लेख भई बजेट विनियोजन भए पनि कार्यान्वयन पक्ष कमजोर रहेको छ। प्रतिष्ठानले आन्तरिक आयमा बृद्धी गरी खर्च क्षमता वढाउने तर्फ ध्यान दिनुपर्दछ। मुलुकमा अनुसन्धनात्मक गतिविधि विस्तार नभई नव प्रवर्तन हुन सक्दैन, नवप्रवर्तन नभई स्टार्ट अप र उद्यमशीलता विकास नहुने हुँदा अनुसन्धानको पर्यावरण निर्माण गरी नतिजालाई परिणाममुखी बनाँउदै प्रतिफल जनस्तरसम्म पुऱ्याउने लक्ष्य निर्धारण गर्नुपर्दछ।

२३. **अनुसन्धान कार्यान्वयन** - नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा ६(क) मा प्रतिष्ठानले विज्ञान तथा प्रविधिका विभिन्न विषयमा प्राथमिकताको आधारमा अध्ययन अनुसन्धान तथा विकास र प्रवर्धन गर्ने उल्लेख छ। नेपाली स्याट-१ को प्रक्षेपण पश्चात् डाँफे र मुनाल परियोजना सुरु गरिएको छ। साथै कृत्रिम बौद्धिकता र डिजिटल साक्षरतामा काम भइरहेको छ। लालीगुराँसबाट तेल प्रशोधन (०.२७ देखि ०.६५प्रतिशत), चुत्रो, अमरा, किम्बु र लालीगुराँसको जुसलाई व्यावसायिक उत्पादनका लागि प्रोडक्ट लञ्चको तयारी, पानीबाट अर्गानिक आर्सेनिक हटाउने विधि विकास, कालो झिँगाको लार्भा प्रयोग गरी कुहिने फोहोरबाट जैविक मल बनाउने प्रविधिको विकास, ५ प्रजातिका बीउहरूको बीज फिजियोलोजी अध्ययन गरी जलवायु परिवर्तनको प्रभावबारे अनुसन्धान, मुलुकभरका विकिरण पेशाकर्मीहरूलाई डोसिमेट्री सेवा उपलब्ध गराई जोखिम न्यूनीकरणमा योगदान, विगत ५ वर्षमा दुई दर्जन बढी अनुसन्धान कृति र २ वटा पुस्तक प्रकाशन गर्ने कार्य गरेको छ। साथै प्रतिष्ठानबाट विगत ५ वर्षमा जडिबुटी खेतीको लागि दिगो जडीबुटी खेती व्यवस्थापन, रासायनिक गुण र उपयोगिता सम्बन्धी पुस्तक प्रकाशन, १० वटा वनफलहरूको पोषणको मात्रा र एन्टिअक्सिडेन्ट क्षमता परीक्षण तथा ७ वटा फलहरूको मूल्य अभिवृद्धि गरेको, १० वटा प्रजातिको आनुवांशिक अध्ययन



गरी डीएनए अनुक्रमण गरेर लाइब्रेरीमा राखेको र २ वटा जडीबुटीहरू एन्टिअक्सिडेण्ट परीक्षण लगायतका कार्य गरेको छ।

अनुसन्धान तथा विकासको क्षेत्रसँग सम्बन्धित कानुन समयसापेक्षरुपमा संशोधन एवं पुनरावलोकन नहुनु, पुराना संगठनात्मक संरचना रहनु, कुल गार्हस्थ्य उत्पादनको तुलनामा अनुसन्धान र विकासमा न्यून बजेट विनियोजन हुनु, विश्वविद्यालय, सरकारी निकाय र निजी क्षेत्रबिच अनुसन्धानमा प्रभावकारी समन्वय नहुनु, प्रयोगशालामा गरिएका आविष्कारहरू सर्वसाधारणको दैनिकी वा व्यापारिक उत्पादनसँग जोडन नसक्नु लगायतका कारणहरूले अनुसन्धानको नतिजा उपयोग प्रभावित भएको छ। प्रतिष्ठानले प्रविधि र विधिहरूमा गरेका विकास तथा उपलब्धिलाई प्रभावकारी रुपमा उपयोग गर्न सकिएको छैन। अनुसन्धानका उपलब्धि समाज रुपान्तरणमा समेत उपयोग गर्नुपर्दछ। विगत पाँच बर्षमा प्रतिष्ठानबाट सञ्चालित मुख्य कार्यक्रम अनुसूची-१ मा संलग्न छ।

२४. **कार्यक्रम र उपलब्धी -** प्रतिष्ठानले निर्धारित कार्यक्रम अनुसार उपलब्धि हासिल गर्नुपर्दछ। प्रतिष्ठानले ऊर्जा, प्राकृतिक स्रोतको अध्ययन र उपयोग, प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण, कृषि अनुसन्धान, फोहोर मैला ब्यवस्थापन, अन्तरिक्ष विज्ञान, कृत्रिम बौद्धिकता, डिजिटल साक्षरता, जैविक विविधता र जलवायु परिवर्तन लगायतका विषयमा अनुसन्धान गतिविधि गर्दै आएको छ। प्रतिष्ठानका अनुसन्धान कार्यक्रमहरू स-साना छरिएर रहेकाले तिनले राष्ट्रियस्तरमा प्रभाव पार्न सकेका छैनन्। कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्न बजेट अपर्याप्त रहेको छ। बजेटको आकार बढाउन नेपाल सरकार बाट प्राप्त हुने अनुदानमा बढोत्तरीका अतिरिक्त निजी क्षेत्र संगको सहकार्य हुनु वाञ्छनीय रहेको प्रतिष्ठानको भनाई रहेको छ। अनुसन्धान देशको नीति निर्माण र समाज रुपान्तरणमा सहयोगी हुनुपर्दछ। निश्चित समयपछि ठोस परिणाम दिन सक्ने गरी स-साना अनुसन्धानलाई एकीकृत गरी ठूलो परियोजनाका रूपमा अगाडि बढाउनुपर्दछ। अनुसन्धानको उपलब्धिले समाजमा नयाँ बहस सिर्जना गर्न र राज्यका समस्या समाधानमा बाटो देखाउन सक्नु पर्दछ। प्रतिष्ठानले गरेका अनुसन्धानको गुणस्तर कायम गरी प्राप्त निष्कर्षलाई उपयोगयोग्य बनाई सम्बन्धित सरकारी निकायसँग छलफल पश्चात् नीति निर्माणमा उपयोग गर्नुपर्दछ।

२५. **राष्ट्रिय विज्ञान तथा प्रविधि सम्मेलन -** यस प्रज्ञा प्रतिष्ठानले २०४५ साल देखि हरेक ४/४ वर्षमा राष्ट्रिय विज्ञान तथा प्रविधि सम्मेलन आयोजना गर्दै आएको छ। सो अनुसार हालसम्म १० वटा सम्मेलनहरू आयोजना गरिसकिएको छ भने ११ औं सम्मेलन २०८४ मा आयोजना गर्ने लक्ष्य रहेको छ। प्रत्येक ४ बर्षमा विश्वका ख्यातीप्राप्त बैज्ञानिकहरू संलग्न गराई राष्ट्रियस्तरको बिज्ञान सम्मेलन, जनचासोका समसामयिक बिषयहरूमा बेला-बेला गोष्ठी आयोजना गराई गोष्ठी बाट प्राप्त सुझावहरूलाई प्रकाशनद्धारा आम जनतासम्म पुऱ्याई सुसूचित गराउने कार्य प्रज्ञा-प्रतिष्ठानबाट नियमित हुँदै आएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सहयोगमा International Youth Conference on Science, Technology and Innovation Volume-1 and Volume-2 सम्पन्न भई विभिन्न २४२ कार्यपत्र प्रस्तुतिकरण गरिएको छ। त्यस्तै Ninth National Conference on Science and Technology, Kathmandu (June 26-28, 2022) विभिन्न विषयका ४४३ वटा कार्यपत्र प्रस्तुत भएका छन्। यसाबाट विज्ञान, प्रविधि र नवप्रवर्तनको क्षेत्रहरूमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय विज्ञ, वैज्ञानिक र प्राविधिकहरूविच विचार आदान प्रदानको अवसर प्रदान हुने, युवा वैज्ञानिक, विद्यार्थी र अनुसन्धानकर्ता हरूलाई आफ्नो अनुसन्धान

प्रस्तुत गर्ने सुवर्ण अवसर प्राप्त हुने, भविष्यमा गर्न सकिने अनुसन्धान र परियोजनाहरूका लागि मार्ग निर्देशन प्राप्त हुने, आयोजना गरिएका सम्मेलनहरूका Proceedings/abstracts हरू प्रकाशन गरिने हुँदा यस्ता कार्यक्रमहरू विज्ञान र प्रविधिको क्षेत्रमा सरकारले लिएको उद्देश्य र लक्ष्य प्राप्त हुने गरी नियमित रुपमा सञ्चालन र उपयोग हुनुपर्दछ।

२६. **विज्ञान संवाद** - यस प्रतिष्ठानको प्रवर्द्धन महाशाखा अन्तर्गतको विज्ञान चेतना अभियान इकाईद्धारा विज्ञान तथा प्रविधि सम्बन्धि प्रवर्द्धनात्मक कार्यक्रमहरू गर्दै आएको छ। यसै सन्दर्भमा २०७७ सालदेखि प्रतिष्ठानले विज्ञान संवाद कार्यक्रम सुरु गरेको छ। जल्दोवल्दो विज्ञान तथा प्रविधि सँग सान्दर्भिक विषयलाई समेटिएर विज्ञान संवाद आयोजना गर्ने गरिएको छ। हालसम्म ११ वटा समसामयिक विषयहरूमा विज्ञान तथा प्रविधि संवाद कार्यक्रमको आयोजना सम्पन्न गरिएको छ। विज्ञान संवाद कार्यक्रमबाट प्राप्त निचोड तथा सुझावहरू समेटेर प्रतिवेदन तयार गरि महत्वपूर्ण कागजातको रुपमा भविष्यमा सो विषयका नीतिगत परिमार्जन, नीति निर्माण गर्नुका साथै नयाँ ठोस कार्यक्रम गर्नका लागि आवश्य सन्दर्भ सामग्री (Reference) को रुपमा राखिएको छ। सम्बन्धित नीति निर्माण, कानुन तर्जुमा र कार्यक्रमहरू छनोटमा उपयोग गर्नेतर्फ सम्बन्धित पक्षले ध्यान दिनुपर्दछ।

२७. **विज्ञान लेखमाला** - विज्ञान लेखमाला प्रतिष्ठानले २०७७ असोज १ गते देखि चौमासिक संगालो को रुपमा प्रकाशन गर्दै आएको छ। यो प्रकाशनको मुख्य उद्देश्य यसमा समेटिएका लेखहरू मार्फत् सञ्चारकर्मी, विज्ञान तथा प्रविधिसँग आबद्ध समाज, ग्रामिण तथा शहरी शैक्षिक क्षेत्र तथा आम जनमानसलाई विज्ञान तथा प्रविधि र "समाजको लागि विज्ञान, सम्वृद्धिको लागि नवप्रवर्तन" बारे ज्ञान दिने रहेको छ। हालसम्म ११ वटा विज्ञान लेखमाला प्रकाशन भएका छन।

यो लेखमाला देशका विभिन्न संघ संस्था, विद्यालय, विश्वविद्यालय, पुस्तकालय आदिमा निःशुल्क वितरण गर्दै विज्ञान, प्रविधि, आविष्कार तथा नवप्रवर्तन सम्बन्धी विषयवस्तुहरूलाई सरल र सहज नेपाली भाषामा प्रस्तुत गरी सञ्चारकर्मी, शिक्षक, विद्यार्थी तथा ग्रामीण र शहरी शैक्षिक समुदायसम्म पहुँच विस्तार गरेको छ। यसमा समेटिएका लेखहरूले दैनिक जीवनमा जोडेका विज्ञान र विज्ञान तथा प्रविधि सम्बन्धी आविष्कार र नवप्रवर्तनको ज्ञान प्रदान गर्नुका साथै त्यस्ता आविष्कार र नवप्रवर्तनले देशको सम्वृद्धिमा दिने योगदान समेतको जानकारी दिनसक्ने देखिदाँ यसको व्यवहारिक प्रयोग गरी उपलब्धी हासिल गर्न बिशेष जोड दिनुपर्दछ।

२८. **प्रकाशन** - प्रतिष्ठानमा भएका अनुसन्धान, प्रवर्द्धनात्मक कार्यक्रमहरू, सम्मेलन/गोष्ठी, समझदारी पत्र, महत्वपूर्ण बैठकहरू, ७ वटै प्रदेशमा रहेका विशिष्टिकृत अनुसन्धान केन्द्रका गतिविधि र कार्यक्रमहरू र गतिविधिहरू समेटी २०८१।०९।१७ (जनवरी १, २०२५) देखि प्रतिष्ठानले मासिक पत्रिका प्रकाशन गर्दै आएको छ। प्रतिष्ठानबाट २०७७/७८ मा Covid 19 Lockdown Effect on Status of Women Scientists "Regional Webinar Report July 19, 2020", देशको सम्वृद्धिमा महिला वैज्ञानिकको भूमिका (२०७८ माघ २८), विज्ञान संवाद वायु प्रदुषणः तुवालोको कारण समस्या तथा समाधान (२०७७ चैत्र २६), विज्ञान संवाद विज्ञान शिक्षा आजको आवश्यकता (२०७७ चैत्र २६), विज्ञान शहर (Science City) ललितपुरको अवधारणात्मक योजना तर्जुमा कार्यको प्रारम्भिक प्रतिवेदन तयार

भएको छ। प्रज्ञा-प्रतिष्ठानले नेपाल सरकारको आवश्यकता अनुसार विज्ञ जनशक्तिको बारेमा तत्काल जानकारी सहज तरिकाले उपलव्ध गराउने उद्देश्य सहित विज्ञान तथा प्रविधि विषयमा विद्यावारिधि गरेका विज्ञहरूको तथ्याङ्क संकलन गरी सन् २०२० मा Who is Who in Science, Technology and Innovation of Nepal -PhD Directory) प्रकाशन गरेको छ। १००० जना भन्दा बढी Phd गरेका वैज्ञानिक तथा प्राविधिज्ञहरूको Data collect गरी प्रकाशन गरी online गरिएको छ। सरकारले उक्त प्रकाशनलाई वैज्ञानिकहरूको रोष्टरको रुपमा प्रयोग गरी विज्ञान र प्रविधिको क्षेत्रमा राज्यको नीति निर्माण, खोज अनुसन्धान र कार्यान्वयन गर्न उपलब्ध जनशक्तीको दक्षता अभिवृद्धि र उपयोग गर्ने नीति अवलम्बन गर्नुपर्दछ। सरकारले प्रकाशित दस्तावेजलाई राज्यको सम्पत्तीको रुपमा ग्रहण गरी विज्ञान प्रविधि सम्बन्धी नीति निर्माण, कार्यक्रम छनोट र प्रभावकारी कार्यान्वयन लागि उपयोग गर्नुपर्दछ।

२९. **Nepal Journal of Science and Technology (NJST) -** नेपाल जर्नल अफ साईन्स एण्ड टेक्नोलोजी (NJST) प्रतिष्ठानद्धारा प्रकाशन गरिने एक समकक्षी-समीक्षित (Peer-review) र खुला पहुँच (Open Access) भएको जर्नल हो। विज्ञान तथा प्रविधिका क्षेत्रमा वैज्ञानिक तथा प्राविधिकहरूले गरेका अनुसन्धानहरूलाई प्रकाशनको माध्यमबाट विश्व जगत, नीति निर्माता र आम मानिस सम्म पुऱ्याउनु जर्नलको उद्देश्य रहेको छ। हाल जर्नलका सम्पूर्ण कार्यहरू अनलाईनवाट गर्न जर्नल अनलाइन सिस्टम तयार गरिएको छ। अन्तराष्ट्रियस्तरको जर्नल अनलाईन सिस्टम तयार गर्न ठुलो वजेटको आवश्यकता पर्ने हुनाले हाललाई सामान्य अनलाइन सिस्टम विकास गरिएको प्रतिष्ठानको भनाई रहेको छ। २०७७/७८ मा ३ अंकमा ४६ लेख, २०७८/७९ मा ३ अंकमा २८ लेख, २०७९/८० मा १ अंकमा १३ लेख, २०८०/८१ मा २ अंकमा ११ लेख, र २०८१/८२ मा १ अंकमा १६ लेखहरू प्रकाशन भएका छन। जर्नलले विज्ञान तथा प्रविधिका विविध विधाका राष्ट्रिय तथा अन्तराष्ट्रिय दायरा भएका अनुसन्धान पत्रहरूलाई प्राथमिकता दिई प्रकाशन गर्दछ। विज्ञान र प्रविधिको अनुसन्धान र खोजलाई राज्यले लिएको नीति अनुसार व्यहारमा रुपान्तरण गर्न आवश्यक कानुनी, संरचनागत र वित्तीय व्यवस्था गर्नुपर्दछ।

३०. **विज्ञान मेला -** नास्टले हरेक बर्ष विज्ञान मेला आयोजना गर्दै आएको छ। विद्यालयका विद्यार्थी र विज्ञान शिक्षकलाई मध्यनजर गरी आयोजना गरिने विज्ञान मेलाले विज्ञान प्रविधिको प्रचार-प्रसार र जनचासो जगाउने उद्देश्य लिएको छ। यो मेला नास्टमा भएका अनुसन्धान कार्यक्रमहरूलाई नास्टका परिसरबाट समाजसम्म पुऱ्याउने एक माध्यमको रुपमा कार्य गर्दै आएको छ। मेलामा स्याटेलाइट, रकेट आदि वनाउने तालिम, पानी परीक्षण सम्वन्धी ज्ञान र तालिम, विज्ञान प्रविधिसंग सम्बन्धित थिममा वक्तीत्वकला प्रतियोगिता, सूचना प्रविधि सम्वन्धी सेना, प्रहरी, विज्ञान शिक्षक आदिलाई जानकारी, स्थानीय सामग्री प्रयोग गरी बनाएका नमुनाहरूको प्रतियोगितात्मक प्रदर्शनी लगायतका पक्षहरूलाई समेटिने गरेको छ। विज्ञान मेलाको लागि न्युन बजेट उपलब्ध भएको कारण हाल जिल्लास्तरीय मेला मात्र आयोजना गरिएको र बजेटको उपलब्धता भएमा यो विज्ञान प्रविधिलाई समाजसँग जोडने महत्वपूर्ण औजार हुन सक्ने प्रतिष्ठानको भनाई रहेको छ। यस्ता कार्यक्रमहरू सानो संख्या र क्षेत्रमा सीमित हुँदा उपलब्धी

नगण्य मात्र रहेको छ। विज्ञान प्रविधिलाई राज्यले लिएको नीति अनुरुप राज्यका सबै पक्षसँग जोडन यस्ता कार्यक्रमहरूमा व्यापकता हुनु आवश्यक देखिन्छ।

३१. **श्रव्य दृश्य कार्यक्रम -** यस कार्यक्रमबाट हरेक हप्ता शनिवार विहान ७:३० देखि ८ बजेसम्म कान्तिपुर एफ.एम. बाट विज्ञान प्रविधि कार्यक्रम र शनिवार वेलुका ६ बजे विज्ञान प्रविधि टेलिभिजन कार्यक्रम निर्माण गरी प्रशारण गर्दै आएको छ। यसमा वैज्ञानिक सँगको अन्तर्वार्ता, जानकारीमूलक लेख, प्रतिष्ठान र अन्य वैज्ञानिक संघ संस्थामा भएका कार्यक्रमहरू समेटिन्छन। देशका विभिन्न स्थानमा रहेका मौलिक तथा परम्परागत प्रविधिको डकुमेन्ट्री तयार गरी प्रशारण गर्ने गरेको र युट्युवमार्फत समेत प्रशारित गरी ईडकुमेन्टेसन गर्दै आएको छ। हाल रहेको श्रव्य-दृश्य स्टुडियोलाई अन्तराष्ट्रियस्तरको वनाउन पर्याप्त बजेट उपलब्ध भएको खण्डमा अझ गुणस्तरीय र प्रभावमूलक कार्यक्रमहरू निर्माण गर्न सकिने प्रतिष्ठानको भनाई रहेको छ। यस्ता कार्यक्रमहरूका वारेमा नागरिक र सम्वन्धीत सरोकारवालाहरूलाई पर्याप्त जानकारी रहेको पाइएन। प्रशारणका अन्य माध्यमहरूको समेत व्यापक प्रयोग गरी नागरिक र सरोकारवालासम्म सूचना उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ।

३२. **संगठन संरचना -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन,२०४८ को दफा ११ मा प्रज्ञा प्रतिष्ठानको संगठन सम्बन्धी व्यवस्था रहेको छ। प्रतिष्ठानमा २३१ कर्मचारीको दरबन्दी रहेकोमा करार सेवाका २९ समेत १४२ कर्मचारीको पदपूर्ति भई विज्ञान/प्रविधि सेवाका विशिष्ट श्रेणी ३, अधिकृतस्तर प्रथम ५, अधिकृतस्तर द्वितीय २७ समेत ८९ दरबन्दी रिक्त रहेको छ। वैज्ञानिकहरूलाई विशिष्ट प्राविधिक जनशक्तिको रुपमा व्यवहार गर्दै सोही अनुरूपका सेवा सुविधा, बढुवाको व्यवस्था, नियुक्ति प्रक्रिया र तलबी सुविधा उपलब्ध गराई कर्मचारीका नियुक्ति बढुवा सेवा सुविधाका विषयमा राज्यले फरक किसिमको कानुन बनाई सम्वोधन गर्नुपर्ने आवश्यकता रहेको प्रतिष्ठानको भनाई रहेको छ। समयमा कर्मचारी पदपूर्ति नहुँदा कर्मचारीको वृत्ति विकास र उत्प्रेरणामा प्रत्यक्ष प्रभाव पर्नुका साथै प्रतिष्ठानको समग्र कार्यसम्पादन र नतिजामा समेत असर परेको छ। व्यवस्थापन परिषद्को २०७३।१०।२४ को निर्णयानुसार ७ प्रदेशमा कार्यालय स्थापना गर्ने निर्णयबमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी प्रत्येक प्रदेशमा ७ जनाका दरले ४९ दरबन्दी स्वीकृत गरिएको छ। संगठन व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी पुनरावलोकन गर्नुपर्दछ।

३३. **गुरुयोजना -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा १३ मा प्राज्ञ सभाले प्रज्ञा प्रतिष्ठानको लघुकालीन, दीर्घकालीन, समसामयिक र बार्षिक नीति, योजना तथा कार्यक्रम तयार गर्नुपर्ने व्यवस्था छ। यस प्रतिष्ठानले अनुसन्धान र उपयोग सम्बन्धी गूरुयोजना र रणनीतिक योजना तयार गरेको छैन।कुनै पनि संस्थाको गन्तव्य तय गर्ने आधार नै स्पष्ट योजना हो। गुरुयोजना नहुँदा प्रतिष्ठान कुन बाटोमा हिँड्ने र आगामी १० वा २० वर्षमा विज्ञान र प्रविधिको क्षेत्रमा अनुसन्धानबाट कस्तो उपलब्धी हासिल गर्ने भन्ने ठोस दृष्टिकोण बन्दैन। यसले गर्दा संस्था तदर्थवादमा चल्ने जोखिम रहन्छ। नेतृत्व परिवर्तन भएसँगै प्रतिष्ठानका प्राथमिकताहरू पनि बदलिने प्रवृत्ति देखिन्छ। दीर्घकालीन योजनाले नेतृत्व फेरिए पनि संस्थाको मूल एजेन्डालाई परिवर्तन हुन दिँदैन। जबसम्म निश्चित लक्ष्य र सूचकहरू हुँदैनन्, तबसम्म प्रतिष्ठानले के कति प्रगति गऱ्यो भन्ने मापन गर्न सकिँदैन। यसले गर्दा कर्मचारी र

प्राज्ञहरूको कार्यक्षमताको सही मूल्याङ्कन हुन पाउँदैन र जवाफदेहिता घट्छ। दातृ निकाय, अन्तर्राष्ट्रिय प्राज्ञिक संस्था वा निजी क्षेत्रसँग सहकार्य गर्नका लागि आगामी योजना स्पष्ट खाका सहितको दस्तावेज चाहिन्छ। गुरुयोजनाको अभावमा अन्य संस्थाहरूले विश्वास गरेर लगानी वा प्राज्ञिक साझेदारी गर्ने कार्यमा समस्या हुन सक्ने देखिन्छ। प्रज्ञा-प्रतिष्ठानका बैज्ञानिक अनुसन्धानसंग सम्बन्धित कार्यक्रमहरू नेपाल सरकारद्धारा स्वीकृत गुरुयोजनालाई सहयोग पुग्नेगरी संचालन गरिदै आएका र बजेटको सुनिश्चित नहुनु, सरकार फेरिए संगै प्राथमिकता फेरिँदै जानु, बिज्ञान प्रविधिको विकास बिना समृद्धि सम्भव छैन भन्ने कुरा अझै पनि स्वीकार गर्ने गरि योजना नबन्नु नै रणनैतिक योजना निर्माण गर्न बाधा पर्नुको कारण हुन भन्ने प्रतिष्ठानको भनाई रहेको छ। प्रतिष्ठानलाई सानातिना कार्यक्रम र अनुसन्धान गर्ने कार्यबाट माथि उठाएर एक जीवन्त प्राज्ञिक केन्द्र बनाउन स्पष्ट मार्गचित्र सहितको दीर्घकालीन गुरुयोजना र रणनीतिक योजना वनाउनुपर्दछ। यसले संस्थालाई व्यवस्थित, पारदर्शी र परिणाममुखी बनाउन मद्दत गर्दछ।

३४. **अभिलेखाङ्कन र उपयोग -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ को दफा ६(घ) मा विज्ञान तथा प्रविधिसम्वन्धी केन्द्रीय प्रलेख तथा सूचनाप्रणालीको विकास गरी सेवा प्रदान गर्ने उल्लेख छ। यस सम्बन्धी व्यहोरा निम्न छन्।

३४.१. अनुसन्धानवाट प्राप्त परिणाम प्रतिष्ठानको अभिलेखको साथै शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय र राष्ट्रिय योजना आयोगमा समेत रहने गरेको साथै प्राज्ञिक अभिलेखका रुपमा अनुसन्धान कृतिहरू बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलहरूमा प्रकाशित भइ अन्य बैज्ञानिक समुदाय बीच थप अनुसन्धानको लागि उपयोगमा रहेका छन्। बैज्ञानिक अनुसन्धान परिणामको संरक्षण र उपयोग सम्बन्धी स्पष्ट नीतिको अभाव छ। बिषय क्षेत्र र आवश्यकता अनुसार नेपाल सरकारका विभिन्न निकायहरूसँग अनुमतिका साथै समन्वय र सहकार्य गर्नुपर्ने कानुनी प्रावधान छ। प्रतिष्ठानले कार्यविधि नै निर्माण गरी अनुसन्धान अनुदान दिने व्यवस्था गरेको छ भने उद्योग मन्त्रालयले स्टार्टअपलाई सहुलियतमा ऋण उपलब्ध गराउने गरी कार्यविधि मार्फत ऋण प्रवाहा गर्न थालेको छ। प्रतिष्ठानसँगको समन्वय र सहकार्यमा नवप्रवर्तन र स्टार्टअपलाई जोडी अनुसन्धानको उपलब्धीलाई उपयोग गर्नेतर्फ ध्यानदिनुपर्दछ।

३४.२. प्रतिष्ठानको प्राविधिक सहयोगमा बिगत केही बर्षदेखि Academia-Industry partnership Program अन्तर्गत निजी क्षेत्र जस्तै मशरुम सीड नेपाल तथा अनुसन्धान केन्द्र सँग सहकार्य गरी औषधीय महत्वका च्याउका विभिन्न उत्पादनहरू जस्तै MSN Ganogreen, MSN Ganoco बजारमा ल्याइएको छ। फोहोरमैला व्यवस्थापनमा उपयोग हुनसक्ने प्रविधिको अध्ययन नतिजा उत्साहबर्धक भएको तर लगानीको अभावमा प्रयोगमा आउन भने अझै केहि समय लाग्ने देखिएको छ। वैज्ञानिक अनुसन्धानबाट प्राप्त उपलब्धीहरूको सार्थक उपयोगहरूका लागि नीजि क्षेत्रसँगको सहकार्य पर्याप्त हुन नसकेको वर्तमान अवस्थामा यसलाई प्रतिष्ठानले प्राथमिकताका आधारमा सञ्चालन गर्नुपर्दछ। वौद्धिक सम्पत्ती अधिकार (IPR) योग्य परिणामलाई सहायता कक्ष निर्माण गरेर छिटो र झन्झट बिना कानुनी तथा प्राविधिक परामर्श दिँदै अभिलेखाङ्कन र उपयोग सम्वन्धी व्यवस्था गर्नु पर्दछ।

कार्यालयको भनाई - प्रतिष्ठानमा अनुदान प्रदान गरि प्राप्त भएका थेसिस, अनुसन्धान प्रतिबेदन, प्रकाशित लेख रचना डिजिटल अर्काइभमा सुरक्षित राख्ने गरेको छ। यस प्रतिष्ठानमा मात्र होइन, नेपालमा नै अनुसन्धानबाट प्राप्त परिमाण र उपयोगको अभिलेखाकंन उपयुक्त तरिकाले लेखांकन गर्ने कार्य गरिएको छैन। ती नतिजाप्रति राज्यको भरोषा कमजोर हुनु, संकलन गर्नु पर्छ र उपयोग गर्नु पर्छ भन्ने धारणा स्थापित भई नसक्नु, र जनशक्ती, लगानी तथा पूर्वाधार कमजोर हुनु नै यसको मुख्य कारण हो।

३५. स्वदेशी तथा विदेशी सम्झौता एवं साझेदारी - यस प्रतिष्ठानले विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन एवं अनुसन्धानमूलक तथा सहयोगी कार्यका लागि आर्थिक बर्ष २०७७/७८ देखि २०८१/८२ सम्म ११ वटा विदेशी र ४२ वटा स्वदेशी गरी कुल ५३ वटा विभिन्न स्वदेशी एवं विदेशी अनुसन्धानमूलक र सहयोगी संस्थाहरूसँग समझदारी पत्रमा हस्ताक्षर गरेको छ। समझदारीमध्ये विदेशी ४ वटा र स्वदेशी ९ वटा गरी कुल १३ संस्थाहरूसँगको समझदारी निष्क्रिय भएको अवस्था छ।समझदारी पत्र आदानप्रदान मार्फत सम्पर्क विस्तार गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय सेमिनार तथा कार्यक्रमहरू आयोजना गरिंदै आएको छ। विश्वभरिका विज्ञान तथा प्रविधिसम्वन्धी संघ सस्थाहरूसित मिलेर संयुक्त रुपमा अनुसन्धान कार्यहरू सफलतापूर्वक सम्पन्न गरि प्राप्त नतिजाहरू प्रतिष्ठित अन्तरराष्ट्रिय वैज्ञानिक Journal हरूमा प्रकाशन गरिरहेको प्रतिष्ठानले जनाएको छ। समझदारी पत्रमा हस्ताक्षर गरेतापनि अध्ययन तथा अनुसन्धानमूलक कार्यका लागि महत्वपूर्ण पहल एवं उपलब्धी हासिल गरेको देखिएन। दुई पक्षवीच भएको सम्झौता एवं समझदारी अनुसार अध्ययन एवं अनुसन्धानलाई उपलब्धीमूलक वनाउनेतर्फ प्रतिष्ठानले ध्यान दिनुपर्दछ।

३६. प्रविधि हस्तान्तरण - प्रविधि हस्तान्तरणका लागि राष्ट्रको आबश्यकता, प्रविधिको पहिचान र प्रविधिको अनुकुलन तथा प्रचार प्रसार गर्नुपर्दछ। अनुसन्धानबाट प्राप्त उपलब्धी राज्यको नीति र आवश्यकता अनुसार हस्तान्तरण हुनुपर्दछ। यस सम्बन्धी देखिएका बेहोरा निम्न छन :-

३६.१. नेपालमा पहिलो पटक इमेल भित्र्याउन मर्कन्टाइललाई स्थापित गर्ने गरी प्राविधिक सहयोग पुर्याएको, सौर्य बत्ती र उर्जाको प्रयोग गरेर पम्प भित्र्याउने काम, बायोब्रिकेट उद्योग सञ्चालन गर्ने गरी प्राविधिक प्रशिक्षण सहित निरन्तर अनुसन्धानमा सहभागी, मेकर्स स्पेस अबधारणा अन्तर्गत स्याटेलाईट निर्माण जस्ता कार्यमा सहकार्य, सहयोग र प्रशिक्षण जस्ता काम प्रतिष्ठानबाट गरिंदै आएको छ। २ जना इन्जिनियरबाट शुरु गरिएको यो नानो स्याटेलाईट मिसनमा अहिले दर्जनौ जनशक्ती तयार भइसकेका छन्। सूचना प्रणाली अन्तर्गत परम्परागत पुस्तकालय र बिस्तारै डिजिटाइज्ड हुँदै गरेको पुस्तकालय, जलबायु परिवर्तनको ज्ञान व्यवस्थापन केन्द्र तथा सूचना पहुँच केन्द्र जस्ता विविध विधाका संरचनाले सुचना संकलन, व्यवस्थापन र उपयोग गराउने सोचका साथ २०८० मा स्थापित भएको छ र भविष्यमा यसले नेपालको बिज्ञान प्रविधिको ज्ञान संग्रह गर्ने, राष्ट्रको प्राविधिक जनशक्ती प्रक्षेपण जस्ता गहन जिम्मेवारी समेत बोक्ने गरि खडा भएको छ। राज्यको आवश्यकता अनुसार प्रतिष्ठानबाट अनुसन्धान गराई प्राप्त उपलब्धीको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

कार्यालयको भनाई - कोभिडको समयमा विविध प्रयोगका सामग्रीहरू बनाएर हस्तान्तरण गरिएको छ। Citrus greening परीक्षण गर्नलाई HLB परीक्षण सम्बन्धी तालिम दिईएको, Flora लेखन तालिमद्वारा

नेपाल सरकार र अन्य निकायहरूलाई सहयोग पुर्याईएको लगायतका कार्यवाट सरकार र समुदायलाई सहयोग पुऱ्याएको छ। नेपाल सरकारबाट राय सुझाव माग भएअनुसार प्रज्ञा-प्रतिष्ठानका तर्फबाट सहयोगी भूमिका निर्वाह गर्ने गरिएको छ।

३६.२. मानव सिर्जीत कृयाकलापबाट जलाबायु परिवर्तनजन्य विपद् बढदै गएका छन्। वेमौसमी बर्षा, न्युन/अति बर्षा, बाढी पहिरो लगायतका कारण अर्थतन्त्रको उत्पादन र उत्पादकत्वमा ह्रास आएको छ। मानिसको जीविकोपार्जनमा समेत नकारात्मक प्रभाव परेको छ। बाढी, पहिरो, हिमआँधी लगायत जलवायुजन्य प्रकोपका कारण नेपालको पर्यटन क्षेत्रमा वार्षिक करिब रु २५ अर्बको क्षति हुने गरेको अनुमान छ। संकटासन्नता तथा जोखिम विश्लेषण प्रतिवेदन, २०२१ अनुसार करीब ९० प्रतिशत बालीनालीको नोक्सानी जलवायु परिवर्तनजन्य घट्नका कारण हुने गरेका छन्। साथै यस्ता कारणले गर्दा कृषि उत्पादन, पशुपालन र मत्स्यपालनमा १०-३० प्रतिशतसम्म ह्रास आएको छ।

जलवायुसम्बन्धी सम्मेलनमा नेपाल र स्वीडेन बीच अन्तराष्ट्रिय कार्बन व्यापार सम्झौता भएको छ। अनुकुलन कोष वोर्डले ४४ औं बैठकबाट अनूकुलन कोषबाट प्रतिराष्ट्र प्राप्त हुने अनुदान अमेरिकी डलर ४० मिलियन पुर्याएसँगै नेपाललाई जलवायु अनुकूलनमा अन्तराष्ट्रिय वित्तमा पहुँचको थप अवसर सिर्जना भएको छ। प्रतिष्ठानले कार्वन तथा इकोलोजिकल प्यारामीटरहरू मापन गर्ने र जलवायु परिवर्तनका असरहरूको बारेमा अनुसन्धान गर्दै आएको छ। यस सम्बन्धमा नेपाल सरकारसँग सहकार्य र समन्वय गरी नीति तर्जुमा र आवश्यक तथ्याङ्क उपलब्ध गराई जलवायु अनुकूलनमा अन्तराष्ट्रिय वित्तमा पहुँच पुर्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ।

३७. **पिरामिड अनुसन्धान केन्द्र (Pyramid International Laboratory)** - नेपाल सरकार र इटालीको ईकेटुसिएनआर कमिटीबिच सन् १९९६ मा समझदारी पत्रमा हस्ताक्षर भए अनुसार पिरामिड अनुसन्धान केन्द्र सोलुखुम्बु जिल्लाको खुम्बु उपत्यका अन्तर्गत लोबुचे नजिकै ५ हजार ५० मिटरको उचाइमा स्थापना गरिएको छ। केन्द्रले विशेष गरी उच्च हिमाली क्षेत्रमा हुने विभिन्न प्राकृतिक र मानवीय प्रक्रियाहरू विश्वव्यापी जलवायु परिवर्तनले हिमाल र हिमनदीमा पारेको असरको अनुगमन, हिमालयन क्षेत्रको भौगर्भिक हलचल र प्लेट टेक्टोनिक्सको अध्ययन, उच्च उचाइ र कम अक्सिजन भएको स्थानमा चिकित्सा अनुसन्धान, हिमाली क्षेत्रमा वायु प्रदूषण र ब्ल्याक कार्बन को अवस्थाबारे अध्ययन गर्ने गरेको छ। अनुसन्धानले नेपालको जलवायु परिवर्तन अनुकूलनमा सहयोग पुऱ्याएको छ। संयुक्त साझेदारीमा सञ्चालन हुने, प्रयोगशालाको भौतिक संरचनाको सम्पूर्ण खर्च र प्रविधि इटालीको तर्फबाट उपलब्ध गराउने, संकलित तथ्याङ्क र अनुसन्धानका नतिजाहरूमा दुवै पक्षको पहुँच रहने र संयुक्त रूपमा प्रकाशन गरिने, नेपाली वैज्ञानिकहरूलाई तालिम दिने र प्रविधि हस्तान्तरण गर्ने विषयको व्यवस्था भएपनि यसको कार्यान्वयन पक्ष निकै कमजोर छ। यो केन्द्रमा प्रतिष्ठानले आफ्नो उपस्थिति देखाए पनि भौतिक र प्राविधिक नियन्त्रण



पिरामिड अनुसन्धान केन्द्र

गर्न सकेको छैन। सम्झौतामा ईकेटुसीएनआरले वैज्ञानिक तथा प्राविधिक सहयोग र विकासका लागि प्रति वर्ष न्यूनतम अमेरिकी डलर १० हजार तिर्नुपर्ने व्यवस्था रहेकोमा हालसम्म त्यस्तो रकम केन्द्रलाई भुक्तानी गरेको देखिएन। उक्त रकम प्राप्त गरी सम्झौतालाई पारस्परिक हितको आधारमा पुनरावलोकन गरी नेपालको पूर्ण पहुँच सुनिश्चित गरिनुपर्दछ।

सोह्रौं योजनामा पिरामिड केन्द्रलाई राष्ट्रिय प्राथमिकताको परियोजनामा रूपान्तरण गर्ने नीति रहेको छ। नेपालको सीमित प्राविधिक क्षमता र प्राप्त हुने कोरा तथ्याङ्कको विश्लेषणका लागि दक्ष जनशक्तिको कमीले गर्दा केन्द्रबाट प्राप्त जलवायु सम्बन्धी तथ्याङ्कलाई नेपालको प्रकोप नियन्त्रण, कृषि, जलविद्युत लगायत विषयमा उपयोग गर्न सकिएको छैन। केन्द्रहरूको तथ्याङ्क सुरक्षा र बौद्धिक सम्पत्तिका बारे कानुनी व्यवस्था छैन। नेपालले उच्च हिमाली क्षेत्रमा तथ्याङ्क भण्डारण गर्न आफ्नै सुरक्षित राष्ट्रिय तथ्याङ्क केन्द्र निर्माण गर्नु पर्दछ। नेपालको भू-भागबाट सङ्कलन गरिने हरेक तथ्याङ्क नेपालको केन्द्रीय सर्भरमा सुरक्षित राखेपश्चात् मात्र विदेशी साझेदारलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ। वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरूमा तथ्याङ्क सुरक्षाको आवधिक परीक्षण गर्ने व्यवस्था गर्नुपर्दछ।

३८. **जलवायु परिवर्तनको अनुसन्धान -** नेपाली आकाशमा जलवायु परिवर्तनसम्बन्धी अध्ययन गर्नेबारे नास्टले अल्फ्रेड वेग्नर इन्स्टिच्युट (AWI) सँग २०१७ जनवरी १७ मा सम्झौता गरेको थियो। उक्त समझदारीपत्रमा तत्कालीन जर्मन राजदूत र नास्टका तत्कालीन उपकुलपतिबाट हस्ताक्षर भएको थियो। जर्मन संस्था एडब्लूआई ले अनुसन्धानको नेतृत्व गरेको थियो। उक्त स्टार्टोक्लिम प्रोजेक्टमा युरोपेली, अमेरिका, नेपाल लगायतका अनुसन्धानकर्ता संस्था सामेल भएका थिए। त्यसमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) जोडिएको थियो। समझदारीपत्रमा अनुसन्धान सहजीकरण गरेबापत नेपाली वैज्ञानिकको सक्षमता अभिवृद्धि गर्ने र अनुसन्धानबाट प्राप्त सम्पत्तिमा नेपालको पनि स्वामित्व रहनेलगायत शर्त छन्। समझदारीमा संयुक्त रुपमा अनुसन्धान गर्ने उल्लेख भएकोमा त्यसअनुसार काम भएको देखिएन। एसियन मनसुन सिस्टम पृथ्वीकै ठूलो र ऊर्जावान् जलवायु प्रणाली रहेको र यस अनुसन्धानले मनसुन सिस्टमको उपल्लो तहमा अध्ययन गरेकोमा प्रतिष्ठानले यसबाट निकालिएको निष्कर्षका विषयमा कुनै जानकारी सार्वजनिक गरेको छैन।

नेपालको आकाशमा उक्त विमान अवतरण गरी करिब दुई हप्तासम्म (जुलाई २७ देखि अगस्ट ७ सम्म) २० किलोमिटरभन्दा माथिसम्म उडान गरी तथ्यांक, सूचना तथा तस्बिरहरू संकलन गरेकोमा स्ट्राटोक्लिम रिसर्च उपलब्धि नेपालले प्राप्त गर्न सकेको देखिएन। जलवायु अध्ययनका लागि भनिएका 'स्पेक्ट्रोमिटर' र 'सेन्सर'हरूले सुरक्षा वा रणनीतिक महत्त्वका सूचना पनि संकलन गर्न सक्ने क्षमता राख्ने हुदाँ सम्बन्धित पक्षले यस्तो बिषयमा ध्यान दिनुपर्दछ। विदेशी अनुसन्धान विमानहरूलाई अनुमति दिँदा नेपालको आफ्नै 'डाटा रिपोजिटरी' हुनुपर्ने र संकलित सबै कोरा तथ्याङ्क (Raw Data) मा नेपालको Real time monitoring हुनपर्ने, एक प्रति अनिवार्य रूपमा नेपालमा रहनुपर्ने, संवेदनशील उडानहरूमा 'नेपाली सुरक्षा प्राविधिक' अनिवार्य रूपमा संलग्न गर्नेतर्फ नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

३९. **Nuclear Magnetic Resonance (NMR) Bruker 400 MHz** - प्रतिष्ठानमा उपलब्ध मेशिन, उपकरणहरू मितव्ययी र उद्देश्य अनुरुप प्रतिफल प्राप्त हुने गरी सञ्चालन गर्नुपर्दछ। नेपालमा पहिलो पटक सन् २०२३ मा रु. ४ करोड ९४ लाखको लागतमा वैज्ञानिक अनुसन्धानका लागि न्युक्लियर म्याग्नेटिक रिजोनेन्स (एनएमआर) मेसिन जडान गरिएको छ। मेसिन जडान पश्चात् करिब ८०० वटा नमुनाको परीक्षण गरी निष्कर्ष निकालिएको छ। यस वर्ष मेसिन सञ्चालनका लागि रु. २७ लाख खर्च भएको छ। NMR को प्रयोग गरेर हाम्रा स्थानीय जडीबुटीहरूमा रहेका सक्रिय तत्वहरू (Active Compounds) पत्ता लगाउन र तिनको शुद्धता जाँच्न सकिन्छ। नयाँ औषधि बनाउँदा वा बनिसकेको औषधिको गुणस्तर मापन गर्दा यसको प्रयोग हुन्छ। यसले औषधिको प्रभावकारिता र संरचनाको ग्यारेन्टी गर्दछ। मह, तेल वा अन्य खाद्य पदार्थमा हुने मिसावट पत्ता लगाउन र तिनको पोषक तत्वको विश्लेषण गर्न NMR प्रभावकारी हुन्छ। माटोको उर्वरता, बालीमा लाग्ने कीटनाशकको अवशेष र वनस्पतिको आनुवंशिक गुणहरूको अध्ययनमा यसले मद्दत पुऱ्याउँछ। मेसिन सञ्चालन र तथ्याङ्क विश्लेषणका लागि आवश्यक पर्ने पर्याप्त उच्च स्तरीय प्राविधिक ज्ञानयुक्त जनशक्तिको कमी हुँदा सोको उपयोगपूर्ण रुपमा हुन सकेको छैन। प्रतिष्ठानले प्रयोगशालामा उक्त मेशिनरी उपकरण प्रयोग गरी प्राप्त गरेको तथ्याङ्क अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप प्रमाणीकरण गर्ने, भविष्यमा बौद्धिक सम्पत्ति संरक्षण हुनेगरी नेपालका जडीबुटीहरूको एनएमआर डाटाबेस तयार गर्ने कार्य गर्नुपर्दछ। मेशिनको सञ्चालन र उपयोग गर्न पर्याप्त दक्ष जनशक्तिको व्यवस्था गरी सोको बहुउपयोगी तथा वहुक्षेत्रीय लाभ प्राप्त गर्न प्रतिष्ठानले ध्यान दिनु पर्दछ।



४०. **Secondary Standard Dosimetry Laboratory, SSDL**: नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानमा रु १ करोड २९ लाख ५० हजारको लागतमा सेकेण्डरी स्टयाण्डर्ड डोजिमेट्री ल्याब्रोरेटरी भवन निर्माण गरिएको छ। यो प्रयोगशाला सञ्चालनमा आएपछि अस्पतालहरूमा क्यान्सर उपचारका लागि प्रयोग हुने रेडियोथेरापी मेसिन, एक्स-रे, र सीटी स्क्यान जस्ता उपकरणहरूले सही मात्रामा विकिरण दिएका छन् कि छैनन् भनेर जाँच (Calibration) गर्ने, स्वास्थ्यकर्मी र विकिरण क्षेत्रमा काम गर्ने प्राविधिकहरूले प्रयोग गर्ने TLD Badges (जसले शरीरमा कति विकिरण पर्यो भनेर नाप्छ) को रिडिङ र क्यालिब्रेसन गर्ने, नेपालको रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ बमोजिम उपकरणहरूको गुणस्तर प्रमाणीकरण गर्ने लगायतका कार्य गर्न मद्दत पुग्छ। आणविक प्रविधि र विकिरण मापनका लागि महत्वपूर्ण उक्त पूर्वाधार निर्माण सम्पन्न भए तापनि मेशिन उपकरण जडानयोग्य अवस्था नभई मर्मत कार्य भइरहेको छ। यो विशेष विकिरण सुरक्षा मापदण्ड अनुसार निर्माण गरिनु पर्दछ। यसमा आयनाइजिङ्ग विकिरण नियन्त्रण गर्नका लागि बाक्लो कंक्रिटका पर्खालहरू र विशेष बंकर शैलीको डिजाइन प्रयोग गर्नुपर्ने र अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको दिशा-निर्देशन र सुरक्षा मापदण्ड अनुरूप निर्माण कार्य हुनुपर्दछ। प्रतिष्ठानले निर्माण गरेको भवन विकिरण सुरक्षाका लागि आवश्यक गुणस्तर

अनुरुप भए नभएको सम्बन्धमा आश्वस्त हुनेगरी गुणस्तर परीक्षण गरेको देखिएन। क्यालिब्रेसनका लागि आवश्यक पर्ने उच्च गुणस्तरको विकिरण स्रोतको आयात गर्ने कार्य साथै भवनभित्र रहने संवेदनशील वैज्ञानिक उपकरण र सफ्टवेयरको जडान, सुरक्षा परीक्षण र लाइसेन्सिङ प्रक्रिया बाँकी रहेको देखिन्छ। भवन मर्मत कार्य सम्पन्न गरी दक्ष जनशक्ति व्यवस्थापन, पर्याप्त बजेट र विकिरण स्रोतको आयात लगायतका कार्यलाई प्राथमिकता दिई प्रयोगशाला सञ्चालनमा ल्याउनुपर्दछ।







४१. मेशिन र उपकरणको अवस्था र उपयोग -: प्रतिष्ठानमा उपलब्ध मेशिन, उपकरणहरू मितव्ययी र उद्देश्य अनुरुप प्रतिफल प्राप्त हुने गरी सञ्चालन गरी मेशिन उपकरणहरूको पर्याप्त संरक्षण र सम्भार गर्नुपर्दछ। यस प्रतिष्ठानमा अनुसन्धान र विकासको क्षेत्रमा उपयोगमा रहेको विभिन्न धातुहरूको परिमाण तथा अनुपात पत्ता लगाउन प्रयोग गरिने एब्जर्सन स्पेक्ट्रोफोटोमिटर, लिक्विड क्रोमेटोग्राफी मास स्पेक्ट्रोमेट्री लगायतका मेशिनरी तथा प्राविधिक उपकरणहरू दक्ष जनशक्तिको अभावमा उपयोगमा आएका छैनन्। केही इन्कुबेटर, पीसीआर लगायतका उपकरणहरू बिग्रिएको अवस्थामा छन्। आवश्यक उपकरणको अभाव र जनशक्तिको न्यूनताका कारण विज्ञान तथा प्रविधिको क्षेत्रमा अपेक्षित नवप्रवर्तनकारी कार्यहरू हुन सकेका छैनन्। खरिद गरिएका मूल्यवान् मेशिनरी तथा उपकरणहरू उद्देश्य अनुसार पूर्ण रुपमा उपयोगमा ल्याउनु पर्दछ। मौजुदा जनशक्तिलाई उच्च स्तरीय तालिम प्रदान गर्ने, प्रयोगशालामा रहेका मूल्यवान् उपकरणहरूको समयमै मर्मत, सम्भार र उचित संरक्षण गर्ने, खरिद गरिएका उपकरणहरूलाई उद्देश्य अनुरूप सञ्चालन गरी लगानीको तुलनामा अधिकतम प्रतिफल प्राप्त हुने गरी अनुसन्धान कार्यलाई प्रभावकारी बनाउनु पर्दछ। विज्ञान र प्रविधि क्षेत्रले गति लिन नास्टले केवल नयाँ उपकरण थप्ने भन्दा पनि भएकाको संरक्षण, दक्ष जनशक्तिको व्यवस्थापन र दिगो वित्तीय मोडेल अपनाउनेतर्फ विशेष ध्यान दिनुपर्दछ।

परिच्छेद - ४

निष्कर्ष तथा सुझाउ

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले पूर्वाधार र लगानीको अभावका बाबजुद सीमित स्रोत साधनबाटै नेपाली स्याट-१ नानो-स्याटेलाइट अन्तरिक्षमा प्रक्षेपण गरी नेपाललाई अन्तरिक्ष युगमा प्रवेश गराएको छ। विज्ञान संग्रहलय एक महत्वपूर्ण शैक्षिक केन्द्र बनेको छ। विज्ञान तथा प्रविधिको अनुसन्धान र विकासमा प्रतिष्ठानको अग्रणी भूमिका रहेको छ। राज्यले अनुसन्धान र विकासलाई उच्च प्राथमिकतामा राखी नेपालको आर्थिक रूपान्तरणमा टेवा पुऱ्याउन सक्ने देखिन्छ।

अनुसन्धान र विकासकालागि पुराना कानुनी र संरचनागत आधार, वित्तीय र प्रशासनिक स्वायत्तताको कमी, राज्यको नीति अनुरुप नयाँ कानुन र संरचनाहरू निर्माण नहुनु, दक्ष जनशक्तिको कमी, प्रतिभा पलायन, राज्यको न्यून प्राथमिकता लगायतका समस्याहरू विद्यमान देखिन्छन्। पेटेन्ट/लाइसेन्सिङ्ग क्षमता मजबुत बनाई व्यावसायिक मोडेलको अवधारणा अनुसार सञ्चालन गर्नेतर्फ अध्ययन हुनुपर्दछ। आधुनिक प्रविधि र प्रयोगशालाका लागि पर्याप्त बजेट, दक्ष जनशक्ति, उपयुक्त संरचना र समय सापेक्ष कानुनी व्यवस्था हुनुपर्दछ।

अनुसूची

अनुसूची-१

आर्थिक बर्ष	अनुसन्धानको बिषय	अनुसन्धानको निष्कर्ष/उपलब्धी
२०८१/८२	प्रकृतिसम्पदा अनुसन्धान, जैबिक बिबिधता सम्बन्धि अनुसन्धान, वातावरण अनुसन्धान।	• घंघारु, पाते अमला, अमला, भालु ऐसेलु, किम्बु, कुकुरडाइनो, दमाईफल, चुत्रो, कालिकाठको फल भौतिक, रसायनिक, पोषण, एन्टिअक्सिडेन्ट तथा एन्टिमाइक्रोबियल परीक्षण गरिएकोमा चुत्रो, अमरा, किम्बुको फल तथा लालिगुरासको फूलबाट प्रशोधित जुसको मूल्य अभिबृद्धि तथा विकास गरी व्यवसायिक रुपमा उत्पादन गर्न थप परीक्षण गरि Product Launch का लागि तयारी भएको छ। • मूल्य अभिबृद्धि गरिएका उत्पादनहरूबाट पोषणसुरक्षा, आयआर्जन, र रोजगारीका अवसरहरू सृजना गर्न सकिने अवस्था रहेको छ। • बिगत ५ बर्षमा दुई दर्जन बढी अनुसन्धान कृति र २ वटा पुस्तक प्रकाशन भएको छ।
२०८०/८१	चुरे क्षेत्रको माटो विश्लेषण, जंगली खाद्यफल अनुवांशिक अध्ययन र DNA Reference Library, जडीबुटीमा पाईने यौगिकहरूको पहिचान र गुण विश्लेषण, खानेपानी सम्बन्धी अध्ययन, कार्वन मापन सम्बन्धी अध्ययन अनुसन्धान, कालो झिंगाबाट जैविक मल बनाउने, बीउ विजन अध्ययन/अनुसन्धान, प्राकृतिक विकिरण सम्बन्धी अध्ययन, नेपाल फ्लोरा, नेपाल जलवायु परिवर्तन ज्ञान व्यवस्थापन, औषधी उत्पादन विधिको विकास, सौर्य उर्जा प्रविधि अनुसन्धान, पदार्थ विज्ञान तथा Nano Technology, जैविक उर्जा प्रविधि कार्यक्रम, बायुउर्जा अनुसन्धान, नविनतम अनुसन्धान प्रविधि	• जडीबुटी खेतीको लागि प्रजाति तथा क्षेत्र पहिचान गरेको, पौष्टिक तत्वहरूको आधारमा पेय पदार्थमा प्रयोग गर्न मिल्ने खाद्यफलको पहिचान गरेको। • लामखुट्टे Anopheles/Ades जातका २/२ वटा प्रजातिको आनुवांशिक अध्ययन गरी DNA Barcoding गरिएको, Otter species को पहिचान भएको (lutra lutra Eurasian otter)।साल र सतावरीको DNA Sequencing गरेर Library मा राखेको। • विभिन्न विधि प्रयोग गरि लालीगुँराश आकाशवेली र कालो बेसारको विश्लेषण, लालीगुँराशबाट ०.२७% देखि ०.६५% सम्म तेल प्रशोधन भएको (यसको प्रयोगबाट व्यापार घाटा कम गर्न सकिने)। • आकाशवेली र कालो बेसारको बिश्लेषणबाट Antioxidant Activity राम्रो देखिएको र यसलाई Cosmetics मा प्रयोग गर्न सकिने। • बैतडी काठमाण्डौ ललितपुर भक्तपुर चितवन आदि जिल्लाहरूबाट पानीको नमूना संकलन गरी प्राप्त/संकलित नमूनाहरूको परीक्षण गरी पिउन योग्य भए नभएको पत्ता लगाई जनमानसलाई जनचेतना प्रदान गरेको। • Adsorbents प्रयोग गरी पानीमा Organic Arsenic हटाउने विधि पत्ता लगाईएको। • नेपालका विभिन्न पर्यावरणीय क्षेत्रहरूमा कार्वन तथा इकोलोजिकल प्यारामीटरहरू मापन गर्ने र जलवायु परिवर्तनका असरहरूको बारेमा अनुसन्धान गरेको। • खेर गएको कुहिने फोहरलाई कालो झिंगाको लार्भाको प्रयोगबाट कुहाएर जैविक मल बनाउने प्रविधिको विकास गरेको। • आर्थिक तथा जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण वनस्पतिका बीउहरूको संकलन र संरक्षण गरी, संकलन गरी ल्याइएका ५ प्रजातिका विउ बिजन NARC मा अवस्थित Growth Chamber मा अंकुरण गराई Seed Physiology को अध्ययन गरी जलबायु परिवर्तनले अंकुरणमा पर्ने असर हेरी संकटापन्न बिरुवाको पहिचान गरिने निरन्तर रुपमा कार्य भइरहेको। • नेपालभरिका विकिरण पेशाकर्मीलाई Dosimetry सेवा उपलब्ध गराउने र अनुगमन गरी विकिरण जोखिम व्यवस्थापनमा योगदान दिएको। • फूल फुल्ने तथा उन्यू जातिका बिरुवाहरूको जानकारीका लागि वनस्पति सर्वेक्षण गरी Nepal Flora को भाग १०, ७ ,४ प्रकाशनको लागि विज्ञबाट सम्पादन तथा लेखनको कार्य निरन्तर भईरहेको।

	हस्तान्तरण, अन्तरिक्ष अनुसन्धान, राष्ट्रिय सूचना ज्ञान केन्द्र, प्राकृतिक प्रकोप जोखिम न्यूनिकरण।	• विद्यार्थीहरूलाई जलवायु परिवर्तन सम्बन्धी जनचेतना कार्यका साथै लेख प्रकाशन गरिएको। • जलवायु परिवर्तन सम्बन्धी ज्ञान वेभ पोर्टलमा अपलोड भएको। • Tertiary Alcohol हरूको Acetylation गर्न सकिने विधिको विकास गर्न सफल भएको। • Claisen-Schmidt Condensation विधिद्धारा १५ वटा Chalcone बनाएको। • Magnesium धातुको प्रयोग गरी Sugar Acetate बनाउन सकिने विधि विकास गरी ७ वटा Sugar हरूको अध्ययन भएको। • Nano Particles निर्माण गरी बायोडिजेलमा प्रयोग गर्ने काम गरिएको। • खेर गईरहेको स्रोतहरू जस्तै बोसो तेल प्रयोग गरेर बायो डिजेल निर्माण गर्न सकिन्छ भन्ने पुष्टि भएको। • बायो उर्जा अनुसन्धानको लागि Low cost meteorological station निर्माण गरी अध्ययन भईरहेको। • साधारण जनमानसलाई आवश्यक पर्ने उपयुक्त प्रविधि विकास गर्न ३ जनालाई अनुदान दिएको। • Satellite System र E-Cube संरचना तयार पार्न बिद्यार्थीहरूलाई अभिमुखिकरण प्रशिक्षण तथा Munal Satellite निर्माणको कार्यमा योगदान गरेको। • समाजमा भएको Digital Gap कम गर्ने, पिछडिएको समुदायमा सूचना प्रविधिको साक्षरता बढाउने कार्य गरेको, GPS Stations हरू मर्मत सम्भार गरी अध्ययन भईरहेको छ।
२०७९/८०	चुरे क्षेत्रमा पाईने MAPs हरूको खेती, जंगली खाद्यफल, आनुवांशीक अध्ययन र DNA Reference Library, जडीबुटीमा पाईने यौगिकहरूको पहिचान र गुण बिश्लेषण, खानेपानी सम्बन्धी अध्ययन, प्राकृतिक विकिरण सम्बन्धी अध्ययन, नेपाल फ्लोरा, नेपाल जलवायु परिवर्तन ज्ञान व्यवस्थापन, जैविक उर्जा प्रविधि, सौर्य उर्जा प्रविधि अनुसन्धान, पदार्थ विज्ञान तथा Nano Technology, बायु उर्जा अनुसन्धान, नविनतम अनुसन्धान प्रविधि हस्तान्तरण, अन्तरिक्ष अनुसन्धान,	• जडिबुटी खेतीको लागि दिगो जडीबुटी खेती व्यवस्थापन कृषिकरण रासायनिक गुण र उपयोगिता पुस्तक प्रकाशन भएको। • १० वटा बनफलहरूको पोषणको मात्रा र एन्टीअक्सिडेन्ट क्षमता परीक्षण तथा ७ वटा फलहरूको मूल्य अभिबृद्धि गरिएकोमा चुत्रोमा पोषणको मात्रा र एन्टीअक्सिडेन्ट क्षमता राम्रो पाईएको। • १० वटा प्रजातिको आनुवांशिक अध्ययन गरी DNA Sequencing गरेर Library मा राखेको। २ वटा जडीबुटीहरू Antioxidant परीक्षण भएको। • बैतडी काठमाण्डौ ललितपुर भक्तपुर चितवन आदि जिल्लाहरूबाट पानीको नमूना संकलन गरी प्राप्त/संकलित नमूनाहरूको परीक्षण गरी पिउन योग्य भए नभएको पत्ता लगाई जनमानसलाई जनचेतना प्रदान गरेको। • Adsorbents प्रयोग गरी पानीमा Organic Arsenic हटाउने विधि पत्ता लगाईएको। • बायोसोर्बेन्टहरू प्रयोग गरेर पानीमा प्रदुषक हटाउने अध्ययन अनुसन्धान गरिदैछ, वितरित पानी, भुमिगत पानी, ढलको पानीको नमूनाहरूमा एन्टिबायोटिक प्रतिरोधी किटाणुहरूको विविधता सम्बन्धी अध्ययन गरिदैछ, वितरित पानी, भुमिगत पानी, खोलाको पानी, ढलका पानीको नमूनाहरूमा एन्टिबायोटिक प्रतिरोधी किटाणुहरूको विविधता सम्बन्धी अध्ययन गरिदैछ, बजारमा पाइने प्रशोधित बोतलका पानीका माइक्रोप्लास्टिक सम्बन्धी अध्ययन गरेको। • नेपालका विकिरण पेशाकर्मीलाई Dosimetry सेवा उपलब्ध गराउने र अनुगमन गरि विकिरण जोखिम व्यवस्थापनमा योगदान दिएको। • फूल फुल्ने तथा उन्यू जातिका विरुवाहरूको जानकारीका लागि वनस्पति सर्वेक्षण गरी Nepal Flora को भाग १०, ७ ,४ प्रकाशनको लागि विज्ञबाट सम्पादन तथा लेखनको कार्य निरन्तर भईरहेको।

	राष्ट्रिय सूचना ज्ञान केन्द्र, प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण।	• विद्यार्थीहरूलाई जलवायु परिवर्तन सम्बन्धी जनचेतना कार्यका साथै लेख प्रकाशन गरिएको। • जलवायु परिवर्तन सम्बन्धी ज्ञान वेभ पोर्टलमा अपलोड भएको। • जर्ति तेल र अन्य बीउबाट प्राप्त तेललाई बायोडिजेलमा रुपान्तरण गरेको। • प्लाष्टिकबाट डिजेल/पेट्रोल निर्माण गर्ने प्रविधि बिकासको लागि पूर्वाधार तयार पारेको। • बायोचार निर्माण र उपयोग गर्ने गरि बिभिन्न अनुसन्धान कार्य गरेको। • प्रयोगशाला बिकास गर्ने र सौर्य उर्जा सम्बन्धि प्राविधिक प्रशिक्षण दिने कार्य भएको। • बायु उर्जा अनुसन्धानको लागि Low cost meteorological station निर्माण गरी अध्ययन भईरहेको। • साधारण जनमानसलाई आवश्यक पर्ने उपयुक्त प्रविधि विकास गर्न ३ जनालाई अनुदान दिएको। • नेपाली स्याट-१ को सफलतापछि डाँफे र मुनाल परियोजना (नेपाली अन्तरिक्ष अभियानलाई थप उचाइमा पुऱ्याउन) निर्माणको कार्यमा सहयोग र समन्वय गरेको। • समाजमा भएको Digital Gap कम गर्ने, पिछडिएको समुदायमा सूचना प्रविधिको साक्षरता बढाउने कार्य गरेको, GPS Station हरू मर्मत सम्भार गरी अध्ययन भईरहेको छ।
२०७८/७९	जंगली खाद्यफल, क्भभम द्यबलप, आनुवांशिक अध्ययन र म्ल्द्व च्भाभचभलअभ ीप्दचबचथ, खानेपानी सम्बन्धी अध्ययन	• बनजन्य खाद्यफलका नमूनाहरूको भौतिक, रसायनिक, पोषण सम्बन्धि परिक्षण गरि उत्कृष्ट नमुनाहरूको मूल्य अभिबृद्धि गरेको। • हिमाल पहाड र तराई क्षेत्रका रैथाने तथा लोपोन्मुख विरुवाका प्रजातिहरूको संरक्षण तथा भण्डारण गरिएको। • विभिन्न प्रजातिको आनुवांशिक अध्ययन गरी DNA Sequencing गरिएको। • बैतडी काठमाण्डौ ललितपुर भक्तपुर चितवन आदि जिल्लाहरूबाट पानीको नमूना संकलन गरी प्राप्त/संकलित नमूनाहरूको परीक्षण गरी पिउन योग्य भए नभएको पत्ता लगाई जनमानसलाई जनचेतना प्रदान गरेको छ।

विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि -** नेपालको संविधानको ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबै तहको शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने लक्ष्य लिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट विद्यालय क्षेत्र योजना, २०७९-२०८८ तर्जुमा भई कार्यान्वयनमा रहेको छ। यो योजना नेपालको संविधानले प्रत्याभूत गरे अनुसार आधारभूत तह र माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने, राष्ट्रिय शिक्षा नीति, २०७६ ले निर्दिष्ट गरेका नीतिको कार्यान्वयन गर्ने, सन् २०३० सम्म समावेशी र गुणस्तरीय शिक्षा तथा जीवनपर्यन्त सिकाइको सुनिश्चितता गर्न अन्तर्राष्ट्रिय समुदायले पहिचान गरेका दिगो विकास लक्ष्य-४ हासिल गर्नेतर्फ निर्देशित रहेको छ। यसरी शिक्षा क्षेत्रको घोषित लक्ष्य प्राप्तिको लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गर्न कार्यमूलक लेखापरीक्षण गरिएको छ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)

- ✓ विद्यालय शिक्षा क्षेत्र सम्बन्धी नीति तथा कानूनी व्यवस्था
- ✓ विद्यालय शिक्षा क्षेत्रमा खर्चको अवस्था
- ✓ दिवा खाजा सञ्चालनको अवस्था
- ✓ छात्रवृत्ति वितरणको अवस्था
- ✓ नमुना विद्यालय र अन्य विद्यालयको भौतिक पूर्वाधार निर्माण अवस्था
- ✓ विद्यालयको प्रतिक्रिया

२. **कार्यालयको परिचय -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको स्थापना साविकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेका तीन ओटा केन्द्रीय निकायहरू शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रलाई एकीकृत गरी २०७५ साल जेठ ६ गते नेपाल सरकारबाट भएको हो। विद्यालय शिक्षाको लागि आवश्यक मापदण्डहरूको विकास तथा विद्यालयहरूमा अनुदान रकम निकासा, शिक्षक तथा कर्मचारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन र साक्षरता तथा आजीवन सिकाइ कार्यमा सहयोग समेत केन्द्रले मुख्यतः ३ कार्यक्षेत्रमा काम गर्दछ। यसका साथै केन्द्रले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मातहतमा रही विभिन्न केन्द्रीय निकाय, प्रदेश सरकार तथा स्थानीय तह एवम् विभिन्न विकास साझेदार संस्थासँगको समन्वय र सहकार्यमा विद्यालय शिक्षा क्षेत्र योजना, वार्षिक कार्यक्रम तर्जुमा, विभिन्न मापदण्डहरूको विकास तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समन्वय, सहकार्य र सहजीकरणको काम गर्दछ।

३. **संगठनात्मक/संस्थागत व्यवस्था -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यालय सानोठिमी भक्तपुरमा रहेको छ। केन्द्रमा शैक्षिक योजना तथा विकास महाशाखा, मानव संसाधन विकास महाशाखा, शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा महाशाखा गरी तीनओटा महाशाखाहरू रहेका छन्। केन्द्रको प्रमुखको रूपमा महानिर्देशक रहने र प्रत्येक महाशाखाको नेतृत्व उपमहानिर्देशकबाट हुने व्यवस्था रहेको छ। केन्द्र अन्तर्गत सत्रओटा शाखाहरू रहेका छन् भने जिल्लामा केन्द्रको कामलाई सहयोग समन्वय र सहजीकरण गर्नको लागि

प्रत्येक जिल्लामा शिक्षा विकास तथा समन्वय इकाइहरू रहेका छन्। साथै विद्यालयको सञ्चालन तथा व्यवस्थापन र कार्यक्रम कार्यान्वयन गर्न सात प्रदेश र ७५३ वटा स्थानीय तह तथा सरकारी/सामुदायिक विद्यालय रहेका छन्। केन्द्रको संगठनात्मक ढाँचा अनुसार महानिर्देशक, उपमहानिर्देशक ३ जना, निर्देशक १७ जना, शाखा अधिकृत १७ जना, नायब सुब्वा ८ जना, प्राविधिक सहायक ८ जना, कम्प्युटर अपरेटर ६ जना लगायत लेखा अधिकृत, रेडियो इन्जिनियर, सहायक इलुस्ट्रेटर, रेडियो टेक्निसियन, भिडियो इडिटर, सब इन्जिनियर, क्यामेरामेन, पुस्तकालय अधिकृत, कम्प्युटर इन्जिनियर, तथ्याङ्क अधिकृत, लेखापाल गरी कुल १०१ जनाको दरबन्दी र १९ जनाको अस्थायी स्वीकृत दरबन्दी अनुरुप कुल १२० जना कर्मचारी कार्यरत रहेका छन।

४. संवैधानिक व्यवस्था तथा कानुनी व्यवस्था

४.१. **संवैधानिक व्यवस्था -** नेपालको संविधानको भाग ३ मौलिक हक अन्तर्गत धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपांगता र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, दृष्टिविहिन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने व्यवस्था गरेको छ। धारा ४०(२) बमोजिम दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिने, प्राविधिक तथा व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिने उल्लेख छ। धारा ४२(२) बमोजिम आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण उत्थान सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था छ। त्यसैगरी संविधानको धारा ५१ (ज)मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारीमूलक एवं जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ती तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज गुणस्तरिय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने व्यवस्था छ।

४.२. **कानुनी व्यवस्था -** विद्यालय शिक्षा क्षेत्र योजनासँग सम्बन्धित कानुनी व्यवस्था देहायबमोजिम रहेका छन्:-

- **राष्ट्रिय शिक्षा नीति, २०७६-** शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने, शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी, जीवनोपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गर्ने, नेपाललाई पूर्ण साक्षर मुलुक बनाइ अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्ने लगायतका व्यवस्था गरेको छ।
- **शिक्षा ऐन, २०२८-** विद्यालय खोल्नका लागि गाउँ शिक्षा समिति वा नगर शिक्षा समिति वा जिल्ला शिक्षा समितिको अनुमति लिने व्यवस्था भएकोमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई अधिकार प्रदान गरेको छ। यी दुई ऐनले माध्यमिक शिक्षा परीक्षाको सञ्चालन, समन्वय र व्यवस्थापनका

लागि राष्ट्रिय परीक्षा बोर्ड गठन गर्ने, समावेशी शिक्षाको लागि विद्यालयलाई स्वीकृति दिने, मातृभाषामा शिक्षा दिन सकिने, विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने काम समेतको लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र स्थापना गर्ने, विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक नेपाल सरकारले स्वीकृत गर्ने, शिक्षा मन्त्रालय अन्तर्गत शिक्षा विभाग स्थापना गर्ने, गाउँ शिक्षा वा नगर शिक्षा समितिको व्यवस्था गर्ने, अध्ययन अनुमतिपत्र नलिई शिक्षक पदका लागि उम्मेदवार हुन नपाउने, छात्रवृत्तिको व्यवस्था, सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न विद्यालय व्यवस्थापन समितिको गठन गर्ने, शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्ने लगायतका व्यवस्था छ।

- **अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५**- प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँचको अधिकार हुने, प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार हुने, शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने, आधारभूत तहको शिक्षा हासिल गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने, कुनै अभिभावले आफ्ना बालबालिकालाई आधारभूत तहसम्म शिक्षा प्राप्त गर्नका लागि पायक पर्ने विद्यालयमा अनुरोध गरेमा भर्ना गर्न इन्कार गर्न नहुने व्यवस्था छ। त्यसैगरी प्राविधिक शिक्षा प्रदान गर्ने, पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, दिवा खाजा, निजी लगानीका विद्यालय सेवामूलक बनाउने लगायतको व्यवस्था छ।
- **नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४**- नमुना विद्यालय निर्माणका लागि विद्यालयको छनोट गर्ने, शैक्षिक पूर्वाधारमा के कस्ता शीर्षकमा बजेट खर्च गर्न पाइने, भौतिक पूर्वाधार तर्फ के कस्ता पूर्वाधार निर्माण गर्न सकिने, नमुना विद्यालय निर्माणको लागि निर्देशक समितिको काम, कर्तव्य र अधिकार, स्थानीय तहको भूमिका, शिक्षा विकास तथा समन्वय इकाइको भूमिका, विद्यालय व्यवस्थापन समितिको काम, विद्यार्थी भर्नाका आधार, आवसीय विद्यार्थी छनोटको आधार, छात्रवृत्तिका लागि विद्यार्थी छनोटका आधार, शिक्षक कर्मचारी व्यवस्थापन र सेवा सुविधा, प्रधानाध्यापकको नियुक्ति र काम कर्तव्य र अधिकार, छात्रावास सम्बन्धि व्यवस्था, कोष सञ्चालन लगायतको व्यवस्था रहेको छ।
- **सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६**- दिवा खाजाको मापदण्ड, दिवा खाजाको पोषण स्तरको मापदण्ड, दिवा खाजा मेनु, दिवा खाजा तयारीका पूर्वाधारको मापदण्ड, खाजाको गुणस्तर र वितरणका मापदण्ड, खाद्य सामग्री खरिद व्यवस्थापनका तरिका, स्थानीय तह केन्द्रित खरिद व्यवस्थापन तरिका, दिवा खाजा कार्यक्रममा स्थानीय तह, अभिभावक आमा समूह, विद्यालय व्यवस्थापन समिति, प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षाका लागि खाद्य कार्यक्रम परियोजना, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आदिको भूमिकाको व्यवस्था छ। अनुगमन गर्ने निकाय र त्यसको भूमिका, खाद्य आपूर्तिमा आधारित खाजा कार्यक्रमको मापदण्ड, पोषणको मापदण्ड र नमुना मेनु लगायतको व्यवस्था छ।
- **कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२**- आर्थिक सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने, प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने, सबै नागरिकलाई आधारभूत सिपसहित साक्षर बनाउने र निरन्तर शिक्षाको गुणस्तर तथा सान्दर्भिकता बढाउने, तीनवटै तहका सरकारबिच समन्वय र सहकार्य सुदृढ बनाइ शैक्षिक सेवा प्रवाह प्रभावकारी बनाउने व्यवस्था छ। यसका साथै शिक्षकको तलबभत्ता, दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक

वितरण, प्रतिविद्यार्थी लागत अनुदान, नमुना माध्यमिक विद्यालय सञ्चालन लगायतका कार्यक्रमहरूको सञ्चालन र व्यवस्थापनको आधार र मापदण्डको व्यवस्था छ।

- **विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८)**- आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने, प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने, आधारभूत कार्यमूलक सिप सहित साक्षर बनाउने, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसर विस्तार गर्ने, विद्यालय तथा शिक्षाका सबै निकायमा सुशासन प्रवर्द्धन गर्ने, तीनओटै तहका सरकारबिच समन्वय र सहकार्य सुदृढ बनाई शैक्षिक सेवा प्रवाह प्रभावकारी बनाउने व्यवस्था छ।

- **विद्यालय शिक्षा क्षेत्र योजनासँग सम्बन्धित अन्य कानुनहरू**-
  - शिक्षा नियमावली, २०५९
  - अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७
  - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नियमावली, २०७५
  - सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
  - सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७
  - वार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६
  - वैदेशिक सहायता परिचालन नीति, २०८२
  - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
  - शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६
  - विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८०
  - श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादन निर्देशिका, २०७९
  - विपन्न लक्षित छात्रवृति कार्यन्वयन मापदण्ड, २०७८

४.३. **पन्ध्रौ आवधिक योजना (आ.व.२०७६।७७-२०८०।८१)** - पन्ध्रौं आवधिक योजनामा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अभुभवसहित शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय जीवनोपयोगी, प्रविधिमैत्री, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकास, वैज्ञानिक नवप्रवर्तनात्मक बनाउनका लागि देहायबमोजिमका रणनीतिहरू तय गरिएको थियोः

- अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई क्षमतावान र जवाफदेही बनाइने,
- विद्यालय शिक्षामा गुणस्तर मापदण्ड र प्रत्ययन प्रणाली विकास गरी विद्यालयमा समान गुणस्तर कायम गरिने,
- मानव संसाधन पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम मार्फत् सबै तहको शिक्षामा गुणस्तर अभिवृद्धि गरिने,
- निजी लगानीका विद्यालयको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रूपान्तरण गरिने,
- युवाका लागि स्थानीय तहमै प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्न व्यापक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको विस्तार गरिने,

- सिकाइका सबै विधि र मार्गहरू खुला गर्दै राष्ट्रिय योग्यता प्रणालीको माध्यमबाट साधारण शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको गतिशीलता र पारगम्यताको सिद्धान्तको आधारमा शिक्षा तालिम सीप र सिकाइको योग्यता निर्धारण गरिने,
- उच्च स्तरको प्राविधिक जनशक्ति उत्पादन गर्न उच्च शिक्षा प्रदायक शिक्षण संस्थालाई प्रतिस्पर्धी एवम् नतिजामुखी बनाइने।

४.४. **सोह्रौ आविधिक योजना (आ. व. २०८१।८२-२०८५।८६)** - विद्यालय शिक्षालाई प्रभावकारी बानाउन नीतिगत र संस्थागत सुधारलाई निरन्तरता प्रदान, भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था, पाठ्यक्रम र शैक्षिक कार्यक्रम समसामयिक र व्यवहारिक बनाउन, शैक्षिक प्रणालीको सुदृढीकरण, शिक्षा र सीपलाई उत्पादन र बजारसँग जोड्न र शैक्षिक सुशासन कायम गर्नका लागि देहायबमोजिमका प्रमुख कार्यक्रमहरूको व्यवस्था गरेको छः

- बजारको मागअनुसार सीपयुक्त जनशक्ति उत्पादन गर्नेगरी शिक्षाको गुणस्तर अभिवृद्धि कार्यक्रम,
- मानवस्रोतको आवश्यकता प्रक्षेपण र दक्ष जनशक्ति उत्पादन कार्यक्रम,
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम,
- विद्यालय शिक्षा सुधार कार्यक्रम,
- कक्षा १० पछिको दुई महिने जीवन उपयोगी शिक्षा सञ्चालन कार्यक्रम,
- उच्च शिक्षा सुधार कार्यक्रम,
- प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम,
- शैक्षिक संस्थाको भौतिक पूर्वाधार सुधार कार्यक्रम,
- अपाङ्गता भएका विद्यार्थी सहयोग कार्यक्रम,
- प्रारम्भिक बालविकासको चरणबाटै खेलकुद सञ्चालन कार्यक्रम,

४.५. **दिगो विकास लक्ष्यः** दिगो विकास लक्ष्य (२०१६—२०३०) को लक्ष्य नं. ४ ले समावेशी, समतामूलक र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइको अवसर प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ। यस अन्तर्गत सन् २०३० सम्ममा सबै बालबालिकालाई निःशुल्क र गुणस्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा प्रदान गर्ने, प्रारम्भिक बाल विकासमा पहुँच पुऱ्याउने र प्राविधिक, व्यावसायिक एवं उच्च शिक्षालाई सस्तो र सुलभ बनाउने लक्ष्य लिइएको छ। विशेष गरी रोजगारी र उद्यमशीलताका लागि युवाहरूमा आवश्यक सीप विकास गर्ने, शिक्षामा रहेको लैङ्गिक विभेद अन्त्य गर्ने र अपाङ्गता भएका व्यक्ति एवं सिमान्तकृत समुदायको समान पहुँच सुनिश्चित गर्ने कुरामा यसले जोड दिएको छ।
साथै, सबै युवा र प्रौढहरूमा साक्षरता र गणितीय सीप हासिल गराउने, दिगो जीवनशैली, मानव अधिकार र सांस्कृतिक विविधताको सम्मान गर्ने शिक्षाको प्रवर्द्धन गर्ने र अपाङ्गता एवं लैङ्गिक संवेदनशील सुरक्षित सिकाइ वातावरण निर्माण गर्ने यसको मुख्य प्राथमिकता हो। अन्तर्राष्ट्रिय सहयोगमार्फत विकासशील राष्ट्रहरूमा छात्रवृत्तिको सङ्ख्या बढाउने र योग्य शिक्षकको आपूर्ति तथा तालिममा वृद्धि गरी शैक्षिक गुणस्तर सुधार गर्ने वैश्विक संकल्प यस लक्ष्यले लिएको छ।

४.६. **वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यः** विद्यालय शिक्षा सुधारका सम्बन्धमा विगत पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट बक्तव्यमा उल्लेख भएका बेहोराहरू देहायबमोजिम रहेका छन्-

आर्थिक वर्ष	बार्षिक नीति तथा कार्यक्रम	बजेट वक्तव्य
२०७७।७८	• सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि 'राष्ट्रपति शैक्षिक सुधार कर्यक्रम' मार्फत पूर्वाधार विकास गर्ने। • अनलाइन शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने	• बुँदा नं. १६१ सबै स्थानीय तहका न्यूनतम एक विद्यालयमा प्राविधिक धारको पठनपाठन सञ्चालन गर्ने, • बुँदा नं १६७ कक्षा ५ सम्मका विद्यार्थीलाई विद्यालयमा टिकाई राख्न ४३ जिल्लामा लागू भएको दिवा खाजा देशभर सञ्चालन गर्ने,
२०७८।७९	नीति तथा कार्यक्रम नभेटिएको	• बुँदा नं. २१४ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई शैक्षिक क्षेत्रको पूर्वाधार निर्माणमा केन्द्रित गर्ने, • बुँदा नं. २१५ आधारभूत तहका विद्यार्थी भर्ना दरलाई शतप्रतिशत पुऱ्याई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा सुनिश्चित गर्ने, • बुँदा नं. २१८ शिक्षक-विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दीको मिलान गर्ने। प्राथमिक तहमा बढी हुने दरबन्दी माध्यमिक तहमा रूपान्तरण गरी बढी भएको दरबन्दी खारेज गर्ने,
२०७९।८०	• सातै प्रदेशका कम्तिमा १०० माध्यमिक विद्यालयहरूमा छानिएका विषयमा समान गुणस्तरको शिक्षा उपलब्ध गराउन सूचना प्रविधिको प्रयोग गर्ने, • दिवा खाजा कार्यक्रम कक्षा ८ सम्म लागू गर्ने,	• बुँदा नं. १६१ स्थानीय उत्पादनको उपभोगलाई प्राथमिकता दिई दिवा खाजा कार्यक्रमलाई क्रमशः ८ सम्म विस्तार गर्ने लक्ष्यका साथ आगामी आर्थिक वर्ष कक्षा ६ सम्म विस्तार गर्ने। • बुँदा नं. १६५ स्थानीय तहसँगको सहकार्यमा सामुदायिक विद्यालयहरूको नक्साङ्कन गरी विद्यालय समायोजन गरिने,
२०८०।८१	• विद्यालय तहको पाठ्यक्रममा समसामयिक पुनरावलोकन गर्ने, • शिक्षा क्षेत्रका छात्रवृत्तिलाई एकद्वार प्रणाली मार्फत वितरण गर्ने प्रबन्ध मिलाइने, • हरेक स्थानीय तहमा कम्तिमा एक विद्यालयलाई स्मार्ट विद्यालय बनाई प्रविधिको माध्यमबाट पठनपाठन हुने व्यवस्था मिलाउने,	• बुँदा नं. २०० दुर्गम तथा हिमाली क्षेत्रका छात्रछात्रालाई आवासिय क्षात्रवृत्तिको व्यवस्था गरिने। मातृभाषामा आधारभूत शिक्षा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिने, • बुँदा नं. २०२ दिवा खाजामा जङ्क फुड दिन नपाइने व्यवस्था गर्ने। स्थानीय तथा रैथाने कृषि उपजबाट तयार गरिएको पौष्टिक आहार उपलब्ध गराउने व्यवस्था गर्ने, • बुँदा नं. २०९ विद्यार्थी संख्या, भौगोलिक अवस्थिति लगायतका मापदण्डका आधारमा विद्यालय गाभ्न स्थानीय तहलाई प्रोत्साहन गरिने,
२०८१।८२	• स्थानीय उत्पादनको उपयोग हुनेगरी आधारभूत तहका विद्यार्थीलाई पोषिलो, ताजा र गुणस्तरिय खाजा उपलब्ध गराउन दिवा खाजा कार्यक्रममा परिमार्जन गर्ने, • विपन्न लक्षित छात्रवृत्ति १२ कक्षासम्म विस्तार गर्ने, • शिक्षकको सरूवा, बढुवा, कार्यसम्पादन मूल्यांकन, तालिम लगायतका विषयको वस्तुपरक	• बुँदा नं.१६१ अति विपन्न र सीमान्तकृत वर्गका बालवालिकाको शिक्षामा सहज पहुँचका लागि कक्षा ९ देखि १२ सम्म प्रदान गरिँदै आएको छात्रवृत्तिलाई कक्षा ६ देखि १२ सम्म विस्तार गर्न बजेट विनियोजन। • बुँदा नं. १६५ भूगोल, जनसाङ्ख्यिक परिवर्तन र विद्यालय संख्यालाई आधार मानी सबै विद्यालयको नक्साङ्कन गर्ने। स्थानीय तहसँगको समन्वयमा शिक्षक दरबन्दी मिलान तथा तहगत समायोजन गर्ने,

	जानकारी दिने एकीकृत प्रणालीको विकास गर्ने,	

५. **विश्वव्यापी अभ्यास**- विद्यालय शिक्षालाई जीवनोपयोगी, व्यावसायिक र प्रभावकारी बनाउन फिनल्याण्ड, भारत र चीनले अवलम्बन गरेका उपायहरू, बजेट व्यवस्था, शिक्षक-विद्यार्थी अनुपात र अन्य कार्यक्रमहरूको विस्तृत अनुसन्धानमा आधारित विवरण निम्न बमोजिम छः

- **फिनल्यान्डः** फिनल्याण्डको शिक्षा प्रणाली विश्वमै सबैभन्दा प्रभावकारी र समतामूलक मानिन्छ। यहाँ विद्यार्थीहरूले कम समय विद्यालयमा बिताउँछन र गृहकार्यको भार न्यून हुन्छ। ७ वर्षको उमेरबाट मात्र औपचारिक शिक्षा सुरू हुन्छ। यहाँ कक्षा १२ मा बाहेक विद्यालय तहमा कुनै राष्ट्रिय स्तरको परीक्षा हुँदैन। शिक्षकलाई उच्च सम्मान र स्वायतता दिइन्छ। माध्यमिक तहमा करिब ४५ प्रतिशत विद्यार्थीहरू व्यावसायिक धार रोज्छन, जुन कार्यस्थलको मार्गसँग जोडिएको हुन्छ। फिनल्याण्डले आफ्नो कुल गार्हस्थ उत्पादनको करिब ५.६ प्रतिशत बजेट शिक्षामा खर्च गर्छ। शिक्षा पूर्ण रूपमा निःशुल्क छ। प्राथमिक तहमा शिक्षक विद्यार्थीको अनुपात १:१३ हुने गर्दछ। विद्यार्थीहरूलाई पाठ्यपुस्तक, स्वास्थ्य सेवा, यातायात र दिवा खाजाको निःशुल्क व्यवस्था गरेको पाइन्छ।
- **भारतः** भारतले आफ्नो 'राष्ट्रिय शिक्षा नीति, २०२०' मार्फत शिक्षालाई सीपमूलक र बहुभाषिक बनाउने लक्ष्य लिएको छ। पाठ्यक्रम संरचना परिवर्तन गरी ५+३+३+४ मोडल अपनाइएको छ। भारतले शिक्षामा जीडीपीको करिब ४.४ प्रतिशत खर्च गरिरहेको छ र प्राथमिक तहमा शिक्षक-विद्यार्थी अनुपात १:३० भन्दा कम राख्ने व्यवस्था रहेको छ। सबै बालवालिकाहरूको नियमित स्वास्थ्य जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। भारतमा विश्वकै ठूलो दिवा खाजा कार्यक्रम 'पीएम पोषण' सञ्चालनमा छ, जसले करिब ११ करोडभन्दा बढी बालबालिकालाई समेट्छ। नयाँ नीति अनुसार भारतले कक्षा ६ देखि नै व्यावसायिक सीप र इन्टर्नसिपलाई पाठ्यक्रममा समावेश गरेको छ।
- **चीनः** चीनको शिक्षा प्रणाली भने 'प्रतिस्पर्धा र प्रविधि' मा आधारित छ, जहाँ सरकारले जीडीपीको ४ प्रतिशतभन्दा बढी रकम शिक्षामा खर्च गर्दै आएको छ। चीनमा प्राथमिक तहमा शिक्षक-विद्यार्थी अनुपात १:१६ रहेको छ र सरकारले ९ वर्षको आधारभूत शिक्षालाई पूर्ण रूपमा निःशुल्क र अनिवार्य बनाएको छ। चीनले माध्यमिक तहमा पुगेपछि ५० प्रतिशत विद्यार्थीलाई व्यावसायिक विद्यालयतर्फ लैजाने कडा नीति लिएको छ, जसले गर्दा बजारको माग अनुसारको जनशक्ति तयार हुने गर्दछ। ग्रामीण र विपन्न क्षेत्रका विद्यार्थीहरूका लागि चीनले प्रभावकारी पोषण सुधार कार्यक्रम र ठूलो मात्रामा छात्रवृत्तिको व्यवस्था गरेको छ।

६. **वित्तीय व्यवस्था** - नेपाल सरकारले प्रारम्भिक बालविकास देखि माध्यमिक सम्मको शिक्षालाई निःशुल्क, अनिवार्य बनाउँदै सबै प्रकारका शिक्षालाई पहुँचयोग्य, समावेशी, गुणस्तरीय, समयसापेक्ष एवं जीवनोपयोगी बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेकोमा आ. व. २०७९।८० देखि २०८१।८२ सम्म विभिन्न विद्यालयहरूलाई विद्यालय शिक्षा सुधारका लागि विनियोजित बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छः

(रू हजारमा)

आर्थिक वर्ष	विद्यालय शिक्षा क्षेत्र योजनाको वार्षिक वजेट	वार्षिक खर्च रकम	खर्च प्रतिशत
२०८१।८२	१४२२३६७४०	१२६९३३७७२	८९.२४
२०८०।८१	१३८३९८६२२	१२३९११५०१	८९.५३
२०७९।८०	१३९३२७९८४	१२९१६३१०४	९२.७०
जम्मा	**४१९९६३३४६**	**३८०००८३७७**	९०.४९

उल्लिखित विवरणअनुसार बजेटको तुलनामा खर्च न्यून देखिएको छ। यस सम्बन्धी थप व्याख्या पछाडि गरिएको छ।

७. **विषय छनोटको औचित्य -** विद्यालय शिक्षा राष्ट्रको जग र जनशक्ति विकासको मुख्य आधार भए तापनि यस क्षेत्रमा नीतिगत, संरचनात्मक र व्यवस्थापकीय चुनौतीहरू विद्यमान रहेका छन्। विद्यालय शिक्षाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको सिकाइलाई समेट्छ, जसमा पहुँच, गुणस्तर र समता सुनिश्चित गर्नु राज्यको प्राथमिक दायित्व हो। हाल यस क्षेत्रमा संघीय शिक्षा ऐनको अभाव, विनियोजित बजेटको प्रभावकारी उपयोगको अभाव, विद्यार्थी संख्या र दरबन्दीबीचको असन्तुलन, पूर्वाधारको अपूर्णता, दिवा खाजा, छात्रवृत्ति र पाठ्यपुस्तकको अप्रभावकारिता जस्ता समस्याहरूले शैक्षिक सुशासनमा अवरोध पुऱ्याएका छन्। यी बहुआयामिक समस्याहरूको पहिचान गरी सार्वजनिक खर्चको कार्यदक्षता, मितव्ययिता र प्रभावकारिता सुनिश्चित गर्दै विद्यमान कमजोरीहरूको वस्तुनिष्ठ समाधानका लागि सुधारका उपायहरू सिफारिस गर्न यो 'कार्यमूलक लेखापरीक्षण' को विषय छनोट गरिएको हो।

परिच्छेद -२
लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति

८. **लेखापरीक्षणको उद्देश्य -** विद्यालय क्षेत्र सुधार कार्यक्रमसँग सम्बन्धित स्रोतसाधनको मितव्ययी, प्रभावकारी र कार्यदक्षतासहितको उपयोग अवस्थाबारे अध्ययन विश्लेषण गरी देखिएका बेहोराहरूमा सुधारका लागि उपयुक्त सुझावसहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। लेखापरीक्षणको मुख्य उद्देश्य अनुरूप परीक्षण गर्न देहायबमोजिमका प्रश्नहरू निर्धारण गरिएको छः

- विद्यालय क्षेत्र सुधार कार्यक्रमसँग सम्बन्धित नीतिगत, कानुनी र संस्थागत व्यवस्थाको विश्लेषण गर्ने,
- विद्यालयहरूलाई उपलब्ध स्रोत र बजेटको प्रभावकारी प्रयोगको विश्लेषण गर्ने,
- विद्यालयहरूमा वितरित दिवा खाजा, छात्रवृत्ति र पाठ्यपुस्तकमा भएको खर्च र उपलब्धीको विश्लेषण गर्ने,
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इमिस) तथ्याङ्कको प्रभावकारिता विश्लेषण गर्ने,
- विद्यालयको भौतिक पूर्वाधार तथा नमुना विद्यालयको अवस्थाको विश्लेषण गर्ने,
- श्रव्यदृश्य सामग्रीमा भएको खर्च र सोको प्रभावकारिता विश्लेषण गर्ने,

९. लेखापरीक्षणको संवैधानिक तथा कानुनी क्षेत्राधिकार -

९.१. **लेखापरीक्षणको संवैधानिक तथा कानुनी क्षेत्राधिकार -** नेपालको संविधानको भाग २२ को धारा २४० को अधिनमा रही नेपालमा एक महालेखापरीक्षक हुने र धारा २४१ ले महालेखापरीक्षकको कार्यालयले नेपालका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्ने भन्ने व्यवस्थाबमोजिम कार्यमूलक लेखापरीक्षण गरिएको छ।

९.२. **लेखापरीक्षणको क्षेत्र -** यस लेखापरीक्षणको लागि छनोटको आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र तथा यसअन्तर्गतका निर्देशनालयहरूको तथ्याङ्क एवम् विवरणलाई लेखापरीक्षणको क्षेत्रभित्र समावेश गरिएको छ। लेखापरीक्षणका लागि मुलभूत रूपमा २०७७/७८ देखि २०८१/८२ सम्मका विवरण एवम् तथ्याङ्क सङ्कलन गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकताअनुसार अन्य सम्बन्धित निकायबाट समेत आवश्यक सूचना एवम् जानकारी सङ्कलन गरिएको छ।

१०. **लेखापरीक्षण पद्धति तथा आधार -** लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि स्रोत उपयोगको मूल्याङ्कन गर्न प्रक्रियामूलक पद्धति तथा उपलब्धि मूल्याङ्कन गर्न नतिजामूलक पद्धति अवलम्बन गरिएको छ। यो पद्धति कार्यान्वयनका क्रममा सम्बन्धित निकायबाट जानकारी तथा निकाय प्रमुखलगायत अन्य पदाधिकारीसँग छलफल, अवलोकनका माध्यमबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ। नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (इसाई ३००), लेखापरीक्षणका मानदण्ड (इसाई ३०००) र कार्यमूलक लेखापरीक्षण निर्देशिका, २०८० बमोजिम लेखापरीक्षण गरिएको छ।

११. **लेखापरीक्षणको सीमा -** लेखापरीक्षणका लागि उपलब्ध स्रोत, साधन र समयको सीमा, नियन्त्रण जोखिमको विश्लेषण तथा लाभ लागत विश्लेषणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न सम्भव नभएको लेखापरीक्षण योजना बमोजिमको सारभूत विषयको छनोट गरी लेखापरीक्षण गरिएको छ। नेपालभर २७ हजार २९८ सामुदायिक विद्यालय रहेकोमा नमुना विद्यालय घोषणा भएका ४२२ विद्यालयहरूलाई लेखापरीक्षणको

क्रममा सर्वेक्षणमा सहभागी गराएकोमा ५७ विद्यालयहरूबाट मात्र माग गरिएको विवरण फारम प्राप्त भएको छ भने काठमाडौं उपत्यकाको २ विद्यालयहरूको मात्र स्थलगत अवलोकन गरिएको छ। निकायहरूबाट प्राप्त सूचना, अभिलेख, विवरण, सरोकारवालासँगको छलफल, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिवेदन विश्लेषणका आधारमा लेखापरीक्षण निष्कर्ष तयार गरिएको छ। साथै नमुनाको रूपमा छनोट भएका ५७ नमुना विद्यालयहरूको मूल्याङ्कन नतिजाको आधारमा प्रतिवेदनको समग्र निष्कर्ष निर्धारण गरिएको छ। स्रोत, साधन र समयको सीमाका कारण स्थलगतरूपमा स्रोतको उपयोगको प्रभाव मूल्याङ्कन गर्न सम्भव नभएकोले जिम्मेवार निकायबाट गरिएका मूल्याङ्कन अध्ययन विश्लेषणलाई उपयोग गरी प्रतिवेदन तयार गरिएको छ।

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएको बेहोराहरू

शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत् सामुदायिक विद्यालयहरूमा सञ्चालित (दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक वितरण तथा भौतिक पूर्वाधार जस्ता) शैक्षिक कार्यक्रमको सञ्चालन हुँदै आएको छ। राज्यले यस संस्थालाई उपलब्ध गराएका सीमित वित्तीय, भौतिक र मानव संशाधनहरूको परिचालनबाट अपेक्षित नतिजा हासिल भयो वा भएन भन्ने विषय नै यस कार्यमूलक लेखापरीक्षणको केन्द्रविन्दु रहेको छ। केन्द्रले केवल इमिसको तथ्याङ्कको आधारमा अनुदानको निकासामा सीमित नराखि सबै विद्यालयहरूको भौतिक र शैक्षिक गुणस्तर कायम गर्नका लागि भएका सबल पक्ष र सुधार गर्नुपर्ने क्षेत्रहरूलाई यस प्रतिवेदनमा समावेश गर्ने प्रयास गरिएको छ। यस विषयको कार्यमूलक लेखापरीक्षणबाट देखिएका बेहोराहरू देहायबमोजिम रहेका छन्:

सकारात्मक पक्षहरू

- राष्ट्रिय जनगणना २०७८ अनुसार पाँच वर्षभन्दा माथि उमेरको साक्षरता दर ७६.२ प्रतिशत र १५ देखि २४ वर्ष उमेरको साक्षरता दर ९२ प्रतिशत पुगेको छ। गण्डकी, बागमती, कोशी, सुदरपश्चिम र लुम्बीनीसमेत ५ प्रदेश साक्षर प्रदेश घोषणा भएका छन्। विद्यालय शिक्षामा विभिन्न ३० मातृभाषामा पाठ्यक्रम विकास भएको छ। पूर्व प्राथमिक शिक्षाको भर्नादर ८५.५ प्रतिशत (४ वर्ष उमेर समूह), आधारभूत तह (कक्षा १-८) को खुद भर्नादर ९४.१ प्रतिशत र माध्यमिक तह (९-१२) को खुद भर्नादर ५५.८ प्रतिशत पुगेको छ।
- विद्यालयदेखि उच्च शिक्षाको भर्नामा लैङ्गिक समानता कायम भएको छ।
- नेपालमा विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क सङ्कलन, प्रशोधन, विश्लेषण, भण्डारण, सार्वजनिकीकरण र प्रयोगको सन्दर्भमा अनलाइनमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इमिस) को प्रयोग भई विद्यालयगत विद्यार्थी, शिक्षक विवरण केन्द्रसम्म डिजिटल रूपमा पुगेको छ।
- भूकम्पपछिको पुनर्संरचना र नमुना विद्यालय विकास कार्यक्रम अन्तर्गत विगत ३ वर्षमा सार्वजनिक विद्यालयको भौतिक पूर्वाधार निर्माणमा रु. २४ अर्ब १६ करोड १३ लाख ९ हजार खर्च भई ३२२ भूकम्प प्रतिरोधी बालमैत्री विद्यालय भवन निर्माण हुनु र प्रविधियुक्त साथै विज्ञान प्रयोगशाला, पुस्तकालय र कम्प्युटर ल्याबको विस्तार भई सामुदायिक विद्यालयको शैक्षिक वातावरणमा सुधार ल्याउने प्रयास गरेको छ।
- सबै विद्यालयहरूले विद्यालय सुधार योजना (SIP) र सामाजिक परीक्षण अनिवार्य रूपमा तयार गर्ने गरेका छन्।
- विद्यालय शिक्षा क्षेत्र सुधारको कार्यक्रमबाट हरेक वर्ष दिवा खाजामा २७ लाख ८७ हजार, पाठ्यपुस्तकमा ४६ लाख ४३ हजार र छात्रवृत्तिमा १६ लाख २२ हजार विद्यार्थीहरू लाभान्वित भैरहेका छन्।
- न्यून विद्यार्थी सङ्ख्या रहेका देशभरका ६१६ विद्यालयहरू मर्ज भई सञ्चालनमा रहेका छन्।
- डिजिटल माध्यमबाट विद्यालय शिक्षालाई सहज बनाउन र विद्यार्थीहरूको पहुँचमा वृद्धि गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा सञ्चालित 'सिकाई चौतारी' प्लेटफर्ममा हाल ३२ हजार फलोअर्स र २५ हजार सब्सक्राइबर आबद्ध रहेका छन्।

सुधार गर्नुपर्ने पक्षहरू

१२.**शिक्षा ऐन तथा नियमावली -** सोह्रौं योजनामा रुपान्तरणकारी रणनीतिअन्तर्गत शैक्षिक सुधारका लागि आवश्यक नीति, कानुन, निर्देशिका, कार्यविधि तथा मापदण्ड जारी गर्ने उल्लेख छ। नेपालको शिक्षा क्षेत्रलाई मार्गनिर्देशन गर्ने प्रमुख कानुनी आधारका रूपमा रहेको शिक्षा ऐन, २०२८ कार्यान्वयनमा आएको पाँच दशकभन्दा बढी समय व्यतीत भइसकेको र हालसम्म २१औं पटक र शिक्षा नियमावली, २०५९ आठौं पटक संशोधन भएको छ। संविधानले विद्यालय शिक्षाको अधिकार स्थानीय तहलाई प्रत्यायोजन गरिसकेको भए तापनि कतिपय विषयमा संघ, प्रदेश वा स्थानीय तहबिच सामञ्जस्यता कायम हुन सकेको देखिँदैन। हाल कार्यान्वयनमा रहेको शिक्षा ऐन तथा नियमावलीले शिक्षा क्षेत्रको सामुदायिक आवश्यकता र संवैधानिक भावनालाई उचित रूपमा सम्बोधन गर्न सकेको देखिँदैन। शिक्षाको अधिकारलाई स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र शिक्षा ऐन, २०२८ का प्रावधानबिच तालमेल नहुँदा विद्यालयको नियमन, शिक्षक दरबन्दी मिलान र गुणस्तर सुनिश्चितता सम्बन्धमा कानुनमा एकरूपता देखिँदैन। विद्यालय शिक्षामा देखिएका नीतिगत र संरचनात्मक समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न र संविधानमा उल्लेख भएअनुसार शिक्षा प्रणालीलाई दिशानिर्देश गर्न सङ्घीय शिक्षा ऐन जारी गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

१३.**विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयन** - अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को दफा ६ र २० बमोजिम कक्षा १ देखि १२ सम्मका बालबालिकालाई आधारभूत शिक्षा अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क हुनुपर्ने व्यवस्था गरेको छ। विद्यालय क्षेत्र विकास योजना (SSDP; २०७२-२०७९) ले मुख्यत शिक्षामा समतामूलक पहुँच, गुणस्तर सुधार, सुशासन र उत्थानशीलता कायम गर्ने उद्देश्यले निर्माण सुरू गरिएकोमा शिक्षाको संरचनालाई आधारभूत र माध्यमिक ढाँचामा सञ्चालन गर्नुका साथै नमुना विद्यालय विकासको अवधारणा अगाडि ल्याई नमुना विद्यालय निर्माण गर्नका लागि ५ वर्षसम्म भौतिक र शैक्षिक सुधारका लागि अनुदान उपलब्ध गराउन थालनी गरेको थियो। हाल १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) कार्यान्वयनको चरणमा रहेको छ। विद्यालय शिक्षामा सबै बालबालिका विशेषतः सामाजिक तथा आर्थिक कारणले सुविधा विहीन सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित, शिक्षाको गुणस्तर तथा जीवनोपयोगी र जीवनपर्यन्त सिकाईको सुनिश्चितता शिक्षाका सबै प्रणालीमा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले यो योजना तर्जुमा गरिएकोमा हाल कार्यान्वयनको चौथो वर्षमा रहेको छ। नतिजामा आधारित सूचकहरू (DLIs) को विभिन्न ९ सूचकहरू र त्यसका उपसूचकहरू तय गरिएका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले उक्त सूचकहरूको कार्यान्वयन अवस्थाको अनुगमन गर्दै विद्यालय शिक्षाको नतिजा र गुणस्तरमा सुधार गर्नुपर्दछ।

१४.**विद्यालय समायोजन तथा एकीकरण** - सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ को दफा ५ बमोजिम विद्यालय आवतजावत गर्न लाग्ने समय, विद्यार्थी सङ्ख्या, जनसङ्ख्या, विद्यालयको स्तरवृद्धि, माध्यमिक तहमा ठूला विद्यालय सञ्चालन, आवासिय विद्यालय सञ्चालन, नमुना विद्यालय विकास आदिका माध्यमबाट विद्यालय समायोजन तथा एकीकरण गर्नुपर्ने व्यवस्था छ। शिक्षा तथा मानव

स्रोत विकास केन्द्रबाट प्राप्त तथ्याङ्क बमोजिम विद्यार्थी संख्याको आधारमा विद्यालयको अवस्था देहायबमोजिम रहेको छ।



स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

प्राप्त विवरणअनुसार नेपालमा रहेका कुल २७ हजार २९८ सामुदायिक विद्यालयमध्ये १४ हजार ६३३ विद्यालयमा १०० जना भन्दा कम र १०७ विद्यालयमा २ हजार भन्दा बढी विद्यार्थी रहेको देखिन्छ। त्यसै गरी हालसम्म ६१६ विद्यालय समायोजन गरेको भए तापनि भूगोल र जनसङ्ख्याको आधारमा कार्यविधिमा भएको व्यवस्थाबमोजिम सार्वजनिक विद्यालयहरू समायोजन तथा एकीकरण हुन सकेका छैनन्। अतः पालिकाले विद्यालय सुधारका लागि कार्यविधिमा भएको व्यवस्था बमोजिम समायोजन तथा एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिई कार्यान्वयन गर्नुपर्दछ।

१५.बजेट र खर्चको स्थिति - वार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ को दफा ३, ५ र ६ का आधारमा विद्यालयहरूलाई अनुदान रकम उपलब्ध गराउने तथा बुँदा ८ र ९ बमोजिम खर्च गर्नुपर्ने व्यवस्था छ। साथै, कार्यविधिको बुँदा १८ बमोजिम अनुदानको काम तथा प्रगतिको सम्बन्धमा प्रतिवेदन तयार गरी विद्यालयहरूले चौमासिक रूपमा स्थानीय तह तथा इकाईमा पेश गर्नुपर्ने व्यवस्था छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले उपलब्ध गराएको तथ्याङ्क बमोजिम विद्यालय शिक्षा क्षेत्र योजनाको ३ वर्षको बजेट र खर्चको स्थिति देहायबमोजिम छः-

(रु. हजारमा)

आर्थिक वर्ष	विद्यालय शिक्षा क्षेत्र योजनाको वार्षिक वजेट	वार्षिक खर्च रकम	खर्च प्रतिशत
२०८१।८२	१४२२३६७४०	१२६९३३७७२	८९.२४
२०८०।८१	१३८३९८६२२	१२३९११५०१	८९.५३
२०७९।८०	१३९३२७९८४	१२९१६३१०४	९२.७०
जम्मा	**४१९९६३३४६**	**३८०००८३७७**	९०.४९

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

उल्लिखित विवरणअनुसार विगत तिन वर्षमा रु. ४ खर्च १९ अर्ब ९६ करोड ३३ लाख ४६ हजार बजेट विनियोजन भएकोमा विनियोजित बजेटको ९०.४९ प्रतिशत प्रतिशत खर्च गरेको छ। केन्द्रले यथार्थ बजेट विनियोजन गरी निकासा गर्नुपर्ने तथा विद्यालयहरूको खर्च गर्ने क्षमतामा अभिवृद्धि गर्नुपर्दछ।

१६.शीर्षकगत खर्च विवरण - विद्यालय शिक्षा क्षेत्र योजना, २०७९-८८ को बुँदा नं. ७.३ आर्थिक वर्ष २०७९।८० देखि २०८३।८४ सम्मको बजेट अनुमान गरेको छ। जस अनुसार पहिलो पाँच वर्षको अवधिमा कुल रू ९ खर्ब ७८ अर्ब ३ करोड प्रक्षेपण गरिएको छ। यस विद्यालय शिक्षा क्षेत्र योजना (SESP) को सुरूवात आर्थिक वर्ष २०७९।८० देखि भएको थियो। यसका लागि एसियाली विकास बैंक, विश्व बैंक, संयुक्त राष्ट्रसंघीय बालकोष, नर्वे सरकार फिनल्याण्ड सरकार, अमेरिकी अन्तराष्ट्रिय विकास नियोग, शिक्षाका लागि विश्वव्यापी साझेदारी, युरोपेली संघ गरी विभिन्न ८ दातृनिकायबाट देहायबमोजिम स्रोत प्राप्त भएको छ।विद्यालय शिक्षा क्षेत्र योजनामा आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्म भएको शीर्षकगत खर्च विवरण देहायबमोजिम रहेको छः

क्र.सं	खर्च शिर्षक	खर्च रकम (रू हजारमा)	कुल खर्चमा प्रतिशत
१	आधारभूत तहको शिक्षकको तलब	२१०८२१०२०	५५.४८
२	माध्यमिक तहको शिक्षकको तलब	५७४२१२०४	१५.११
३	विद्यालय शिक्षा सुधार कार्यक्रम (संघीय सरकार- चालु)	९६२१९०	०.२५
४	विद्यालय शिक्षा सुधार कार्यक्रम (संघीय सरकार- पुँजीगत)	२३४९३	०.०१
५	विद्यालय शिक्षा सुधार कार्यक्रम (प्रदेश सरकार)	९७१०२१	०.२६
६	विद्यालय शिक्षा सुधार कार्यक्रम (स्थानीय तह)	१०३१५८०७७	२७.१५
७	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम (चालु)	५३६९	०.००
८	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम (पुँजीगत)	६६६१३३८	१.७५
	जम्मा	**३८००२३७१२**	**१००.००**

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

उल्लिखित विवरणअनुसार योजनाको सुरू कार्यान्वयन वर्ष २०७८।७९ देखि २०८२ असार ३१ सम्म कुल रू ३ खर्ब ८० अर्ब २ करोड ३७ लाख १२ हजार खर्च भएकोमा सबैभन्दा बढी (आधारभूत तह ५५.४८ प्रतिशत र माध्यमिक तह १५.११ प्रतिशत) ७०.५९ प्रतिशत रकम शिक्षकको तलबमा खर्च भएको छ। त्यसपछि स्थानीय तहमार्फत विद्यालय सुधार योजना (शैक्षिक र भौतिक सुधार)को लागि २७.१५ प्रतिशत खर्च भएको छ। कुल खर्चको ७१ प्रतिशत भन्दा बढी खर्च चालु खर्च भएको र विद्यालयको भौतिक पूर्वाधार र शैक्षिक सुधारका कार्यक्रममा २९ प्रतिशत भन्दा कम खर्च भएको छ। केन्द्रले भौतिक र शैक्षिक सुधारका कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

१७.वैदेशिक सहायताको प्रतिवद्धता र प्राप्ति - वैदेशिक सहायता परिचालन नीति, २०८२ को कार्यनीति २.७.११ (ख१) बमोजिम आवधिक योजनाबाट निर्धारित परिमाणात्मक लक्ष्य समावेश गरी निकासा आबद्ध सूचक (डिस्बर्समेन्ट लिङ्क्ड इन्डिकेटर) निर्धारण गरी कार्यान्वयन गर्ने व्यवस्था छ। विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयनका लागि २०८१।८२ को अन्त्यसम्म देहायबमोजिम प्रतिवद्धता र खर्च भएको छ।

(रु. हजारमा)

क्र.सं.	दातृसंस्थाको नाम	दाताको प्रतिवद्धता	दाताबाट भएको प्राप्ति	शोधभर्ना हुन बाँकी रकम
१	एसियाली विकास बैंक (ऋण)	१३७५००१०	९५४६५२०	४२०३४९०
२	अन्तराष्ट्रिय विकास नियोग (ऋण)	६६०६९४४	६३६६४६५	२४०४७९
कुल ऋण		२०३५६९५४	१५९१२९८५	४४४३९६९
१	युरोपियन युनियन (अनुदान)	४७७०१५८	१९१३१२६	२८५७०३२
२	फिनल्याण्ड सरकार (अनुदान)	१५६३६७९	१५२३००५	४०६७४

क्र.सं.	दातृसंस्थाको नाम	दाताको प्रतिवद्धता	दाताबाट भएको प्राप्ति	शोधभर्ना हुन बाँकी रकम
३	शिक्षाका लागि विश्वव्यापी साझेदारी (अनुदान)	२२९९२५६	२२४१७०१	५७५५५
४	नर्वे सरकार (अनुदान)	२२९३६७१	२४७९७१७	-१८६०४६
५	संयुक्त राष्ट्रसंघीय बालकोष (अनुदान)	१७७०२३	४२३०४८	-२४६०२५
६	अमेरिकी अन्तराष्ट्रिय विकास नियोग (अनुदान)	५७०८१७	३१३९७१	२५६८४६
जम्मा अनुदान		**११६७४६०४**	**८८९४५६८**	**२७८००३७**
कुल जम्मा		**३२०३१५५८**	**२४८०७५५३**	**७२२४००५**

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

उल्लिखित विवरण अनुसार विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनका लागि २०८२ असार मसान्त सम्मका लागि रु. २० अर्ब ३५ करोड ६९ लाख ५४ हजार वैदेशिक ऋण र रु. ११ अर्ब ६७ करोड ४६ लाख ४ हजार वैदेशिक अनुदान गरी कुल ३२ अर्ब ३ करोड १५ लाख ५८ हजार सहयोगको प्रतिवद्धता भएकोमा रु. १५ अर्ब ९१ करोड २९ लाख ८५ हजार वैदेशिक ऋण र ८ अर्ब ८९ करोड ४५ लाख ६८ हजार वैदेशिक अनुदान समेत २४ अर्ब ८० करोड ७५ लाख ५३ हजार वैदेशिक सहायता प्राप्त भएको छ। २०८२ असार मसान्तसम्म रु. ७ अर्ब २२ करोड ४० लाख वैदेशिक सहायता शोधभर्ना हुन सकेको छैन्। निकासा सम्बद्ध सूचकमा प्रगति गर्दै कुटनीतिक पहलबाट वैदेशिक सहायता प्राप्ति र उपयोग गर्नुपर्दछ।

१८.कार्यक्रम कार्यान्वयन- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम २८ बमोजिम वित्तीय स्रोत आवश्यकता तथा सञ्चालन गर्न सकिने वा नसकिने अवस्था समेतको विचार गरी बजेट तथा कार्यक्रम स्वीकृत गर्नुपर्ने र स्वीकृत बजेट तथा कार्यक्रम तोकिएको अवधिमा लक्षित उपलब्धि हासिल गर्ने गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको विगत पाँच वर्षको वित्तीय लेखापरीक्षण प्रतिवेदनअनुसार देहायबोजिमका वर्षहरूमा विद्यालय शिक्षा सम्बन्धी विभिन्न कार्यक्रमहरूमा बजेट विनियोजन गरिएकोमा उक्त कार्यक्रम नै सञ्चालन गरेको देखिएन।

(रु.हजारमा)

आर्थिक वर्ष	कार्यक्रम संख्या	विनियोजन रकम
२०८१।०८२	६६	३८९६०७
२०८०।०८१	३०	५५१८७७
२०८९।०८०	३५	२२५३४६७
२०७८।०८९	२२	२७७३२
२०७७।०७८	१६	५१८६१९
जम्मा	**१६९**	**३७४१३०२**

स्रोतः महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

विगत पाँच वर्षको अवधिमा विभिन्न १६९ विद्यालय शिक्षा सम्बन्धी कार्यक्रमहरूमा विनियोजन भएको रु. ३ अर्ब ७४ करोड १३ लाख खर्च हुन नसकी फ्रीज भएको देखिन्छ। स्वीकृत कार्यक्रम सञ्चालन नहुँदा लक्षित वर्गले समयमा सेवा प्राप्त गर्नबाट वञ्चित भई शैक्षिक विकासमा असर पर्ने देखिएको छ।

सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट विनियोजन गर्ने र कार्यान्वयनयोग्य कार्यक्रम कार्यान्वयन नगर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

१९.**स्रोत र बजेटको प्रभावकारी उपयोग**- बार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि, २०७६ को परिच्छेद २ (३) बमोजिम अनुदान रकम प्राप्त गर्नका लागि विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकिय सुधारका पक्षहरू समेटिएको विद्यालय सुधार योजना तयारी र अद्यावधिक गरेको हुनुपर्ने, सुधार योजनाको आधारमा बार्षिक लक्ष्य र बजेट सहितको बार्षिक कार्ययोजना बनाउनुपर्ने, नियमित रूपमा लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। स्रोत र बजेटको प्रभावकारी प्रयोगको सम्बन्धमा लेखापरीक्षणको क्रममा गरिएको सर्वेक्षणको सहभागी ५७ विद्यालयबाट प्राप्त प्रतिक्रिया यस प्रकार रहेको छः

सि नं	शिर्षक	सूचक	विद्यालय संख्या	प्रतिशत
१	विद्यालयहरूमा बजेट खर्चको प्राथमिकता निर्धारण	विद्यालय सुधार योजना (SIP) को आधारमा	३३	५८
		व्यवस्थापन समितिको तत्कालको निर्णयमा	१३	२३
		केन्द्रबाट प्राप्त निर्देशन अनुसार	११	१९
२	निकासा भएको बजेट बढी खर्च हुने शिर्षक	शैक्षिक सामग्री र गुणस्तर सुधार	२८	४९
		प्रशासनिक र मसलन्द	६	११
		मर्मत सम्भार र भौतिक निर्माण	२३	४०
३	बजेट खर्च गर्दा खरिद ऐन नियम र खर्चको मापदण्डको पालनाको अवस्था	पूर्ण पालना गरिन्छ	३७	६५
		केही व्यवहारिक कठिनाईले गर्दा सामान्य विचलन हुन्छ	२०	३५
		नियमबारे प्रर्याप्त जानकारी छैन।	०	०
४	बेरूजू कम गर्न वा आर्थिक पारदर्शिता कायम गर्न विद्यालयले गरेको प्रयास	नियमित आन्तरिक लेखापरीक्षण गरी पालिकामा पेश	४७	८२
		लेखापाललाई विशेष तालिम	१०	१८
		केही गरेको छैन	०	०
५	विगत पाँच वर्षमा बजेट अभावका कारण सञ्चालन गर्न नसकिएको कार्यक्रम	प्रविधिमैत्री कक्षा कोठा	३९	६८
		खेलकुद तथा अतिरिक्त क्रियाकलाप	५	९
		भवन मर्मत र रंगरोगन	१३	२३

उल्लिखित विवरणअनुसार ३३ विद्यालयले मात्र विद्यालय सुधार योजनाको आधारमा बजेट खर्च गरेको, २३ विद्यालय अझैपनि भौतिक संरचना निर्माणकै चरणमा रहँदा शैक्षिक गुणस्तर सुधारमा प्रयाप्त बजेट केन्द्रित हुन नसकेको, २० विद्यालयले व्यवहारिक कठिनाई देखाइ सार्वजनिक खरिद ऐन नियम तथा खर्चको मापदण्ड पालना नगरेको स्वीकार गरेको, विगत ५ वर्षको अवधिमा ३९ विद्यालयले बजेट अभावको कारण प्रविधिमैत्री कक्षा कोठा निर्माण गर्न नसकेको अवस्था छ। कानुनमा भएको व्यवस्था बमोजिम बजेट र स्रोतको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२०. **दिवा खाजा कार्यक्रम**- शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित 'कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ अनुसार कर्णाली प्रदेशका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका विद्यार्थीहरूलाई प्रतिव्यक्ति दैनिक रु. २५ का दरले र अन्य जिल्लाका विद्यार्थीहरूलाई दैनिक रु. १५ का दरले १८० दिनको दिवा खाजा रकम उपलब्ध गराउने व्यवस्था छ। यस कार्यक्रममा सहभागी विद्यार्थीहरूको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

वर्ष	कक्षा १-५ सम्म	पूर्व प्राथमिक विद्यालय	जम्मा विद्यार्थी संख्या	कुल अनुदान निकासा रकम	कुल खर्च रकम	दैनिक रु. १५ का दरले कुल खर्च अनुसार दिवा खाजा वितरणको औसत दिन
२०८१।८२	२१८७४४९	६१८८५२	२८०६३०१	८४६९५३३	५८३३७००	१३९
२०८०।८१	२३६९७६३	६३९८७७	३००९६४०	८४५२३८०	६१०७५१०	१३६
२०७९।८०	२५२९११९	६६५५४४	३१९४६६३	८२७८६०३	७०६७४५४	१४८
२०७८।७९	२५६३२०५	६२७१४२	३१९०३४७	विद्यालय क्षेत्रविकास कार्यक्रम तर्फको विवरण उपलब्ध नभएको		
२०७७।७८	२६२८२०८	५५७६८६	३१८५८९४			
खर्च र विद्यार्थी संख्याको आधारमा औसत दिवा खाजा वितरण दिन						१४१

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

उल्लिखित तथ्याङ्कअनुसार २०७७।७८ मा पूर्व प्राथमिक विद्यालय र कक्षा १-५ सम्मका ३१ लाख ८५ हजार ८९४ जना विद्यार्थीहरूका लागि दिवा खाजाको रकम निकासा भएकोमा २०८१।८२ मा २८ लाख ६ हजार ३०१ विद्यार्थीका लागि निकासा भएको छ। केन्द्रका अनुसार फल्यास प्रतिवेदन २०८१ को औसत उपस्थिति दर १९६ दिन भएको उल्लेख गरेको भएतापनि दिवा खाजामा भएको खर्च र विद्यार्थीहरूको सङ्ख्या अनुसार ३ वर्षको औसत दिवाखाजा वितरण दर वार्षिक १४१ दिन मात्र रहेको छ। विद्यार्थीको नियमित उपस्थिति र भर्नादर वृद्धि गर्ने उद्देश्यका साथ यो कार्यक्रम कार्यान्वयन भए तापनि तथ्याङ्क विश्लेषणबाट विद्यार्थी भर्नादर र विद्यार्थीको उपस्थिति दरमा कमी आएको देखिन्छ। अतः कार्यक्रमको प्रभावकारिता पुनरावलोकन गरी पोषणयुक्त खाजाको माध्यमबाट दिवा खाजामा विद्यार्थीको उपस्थिति र भर्नादर वृद्धि गर्न थप पहल गर्नुपर्दछ।

२१. दिवा खाजा कार्यक्रमको प्रभावकारिता - कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई स्थानीय कृषि उत्पादनमा आधारित दिवा खाजा खुवाउने व्यवस्था गरेको पाइन्छ। अनुसूची ४ बमोजिम दिवा खाजाका लागि ४ वर्ष देखि १२ वर्ष सम्मका विद्यार्थीहरूलाई आवश्यक पर्ने पोषक तत्व र दैनिक आवश्यक पर्ने पोषक तत्वको मापदण्डको व्यवस्था गरेको छ। दिवा खाजाको स्रोत र बजेटको प्रभावकारी प्रयोगको सम्बन्धमा लेखापरीक्षणको क्रममा गरिएको सर्वेक्षणमा सहभागी ५७ विद्यालयहरूबाट देहायबमोजिम प्रतिक्रिया प्राप्त भएको छः

सि नं	शिर्षक	सूचक	विद्यालय संख्या	प्रतिशत
१	दिवा खाजाको लागि रकम निकासा हुने समय	मासिक रूपमा	९	१६
		त्रैमासिक रूपमा	४६	८१
		वर्षको अन्त्यमा मात्र	२	३
२	विद्यालयमा दिवा खाजाको मेनु र गुणस्तर निर्धारण	सरकारले तोकेको मेनु अनुसार	१७	३०
		अभिभावक र विद्यालयको सल्लाहमा	३८	६७
		बजारमा जे सजिलो उपलब्ध हुन्छ सोहि अनुसार	२	३
३	खाजा कार्यक्रम सुरू भएपछि विद्यार्थीको दैनिक उपस्थिति दरमा परिवर्तनको अवस्था	१५ प्रतिशत भन्दा बढीले सुधार	२८	४९
		५-१० प्रतिशत सम्म सुधार	२४	४२
		कुनै उल्लेख्य परिवर्तन छैन	५	९
४	खाजा पकाउने र खुवाउने ठाउँको अवस्था	छुट्टै सफा भवन र भान्सा	३५	६२
		सामान्य टहरा वा खुला ठाउँ वा कक्षा कोठा	२०	३५
		बाहिरको निजी होटल	२	३

५	खाजाको लागि आवश्यक सामग्री खरिद प्रक्रिया	स्थानीय उत्पादकबाट सिधै खरिद	१२	२१
		बजारबाट टेन्डर/कोटेशन मार्फत	५	९
		खुद्रा पसलबाट आवश्यकता अनुसार	४०	७०

विद्यालयहरूबाट प्राप्त उल्लिखित प्रतिक्रियाबाट केवल ९ विद्यालयले मात्र मासिक रूपमा रकम प्राप्त गरेका, १७ विद्यालयले सरकारले तोकेको मेनु अनुसार दिवा खाजा मेनु तयार गरेको, ४ विद्यालयमा दिवा खाजा कार्यक्रमले विद्यार्थी उपस्थितिमा कुनै प्रभाव नपारेको, ३५ विद्यालयहरूको मात्रै छुट्टै भान्सा रहेको, २२ विद्यालयमा भान्छा व्यवस्थित र प्रभावकारी नभएको, १२ विद्यालयले मात्रै स्थानीय उत्पादनलाई प्रयोग गरी दिवा खाजा तयार पारेको अवस्था छ। दिवा खाजा कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन दिवा खाजाको रकम मासिक रूपमा निकासा दिने, दिवा खाजामा सहभागी विद्यार्थीहरूको दैनिक अभिलेख राख्ने, विद्यालयहरूमा छुट्टै सफा भान्सा बनाउने, स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजाको व्यवस्थापन मिलाउने गर्नुपर्दछ।

२२. **मेनु व्यवस्थापन र गुणस्तर निर्धारण**- सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिकरण पुस्तिका, २०७६ को २.२ बमोजिम टोकरी खाद्य तथा दिवा खाजा मेनु तयार गर्दा स्थानीय स्तरमा उपलब्ध नहुने नुन, चिनी, तेल, मसला जस्ता खाद्य सामग्री मात्र बाहिरबाट आपूर्ति गर्ने र अन्य खाद्यवस्तु स्थानीय कृषि उत्पादनमा आधारित हुनुपर्ने व्यवस्था छ।त्यस्तै स्थानीय संस्कृति र खाद्य व्यवहार समेत अनुरूप हुनेगरी प्राविधिक तथा पोषण अधिकारीहरूको परामर्शमा स्थानीय तहले विद्यालय व्यवस्थापन समिति अभिभावक तथा शिक्षक लगायत अन्य सरोकारवालाहरूको सहयोगमा आफ्नो मातहतका विद्यालयहरूका लागि अनुकुल हुनेगरी दिवा खाजा मेनु तयार गरी उपलब्ध गराउनुपर्ने व्यवस्था छ। मेनु तयार गर्दा प्रत्येक दिनको खाजा अलग अलग हुनेगरी साप्ताहिक मेनु बनाउनुपर्ने व्यवस्था छ। विद्यालयहरूले दिवा खाजाको मेनु र गुणस्तर निर्धारणको सम्बन्धमा सर्वेक्षणमा सहभागी ५७ विद्यालयबाट प्राप्त विवरण अनुसार १७ विद्यालयले तोकेको मेनु अनुसार मेनु तयार गरेको र ३८ विद्यालयले अभिभावक र विद्यालयको सहयोगमा तयार गरेको प्रतिक्रिया प्राप्त भएको छ। स्थानीय उत्पादनको न्यून प्रयोग भएको कारण बालवालिकाले प्राप्त गर्नुपर्ने क्यालोरी र प्रोटिनको मात्रामा कमी हुने जोखिम कायमै रहेको छ। स्थानीय सरकारले विद्यालयमा सबै विद्यालयहरूलाई लागू हुनेगरी स्थानीय उत्पादनमा आधारित दिवा खाजा मेनु तयार गरी उपलब्ध गर्ने तथा मेनुको पालना भए नभएको सम्बन्धमा अनुगमन गरी मापदण्डको पालना हुनुपर्दछ।

२३. **निःशुल्क पाठ्यपुस्तक वितरण**- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ बमोजिम विद्यालयको विद्यार्थी सङ्ख्यालाई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट तथ्याङ्कसँग विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गर्नुपर्ने र सोको आधारमा आवश्यक पाठ्यपुस्तकको सङ्ख्या यकिन गरी निःशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउने व्यवस्था छ। विगत ५ वर्षमा सामुदायिक विद्यालयमा रहेका विद्यार्थी सङ्ख्या एवं निःशुल्क पाठ्यपुस्तक अनुदान निकासा खर्चको स्थिति देहायबमोजिम रहेको छः

(रु. हजारमा)

वर्ष	तहगत सामुदायिक विद्यालय विद्यार्थी संख्या					पाठ्यपुस्तकमा भएको कुल निकासा अनुदान	पाठ्यपुस्तकमा भएको खर्च
	कक्षा १-५ सम्म	कक्षा ६-८ सम्म	कक्षा ९-१० सम्म	कक्षा ११-१२ सम्म	जम्मा		
२०८१	२१८७४४९	१२७४१५४	७२९५६९	४५१५५७	४६४२७२९	३८१४४८०	२९२९०४०
२०८०	२३६९७६३	१३०४२००	७७३९९७	५०८०८०	४९५६०४०	३५७९९००	२९९९३४०
२०७९	२५२९११९	१३१४२९२	८१७१७२	५४२६३१	५२०३२१४	३४०४२८६	३११७७५९
२०७८	२५६३२०५	१३१६२३२	८३३४७२	४९७५८३	५२१०४९२	विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फको विवरण उपलब्ध नभएको	
२०७७	२६२८२०८	१३८१३१२	८३९२०८	४८७११५	५३३५८४३		

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

उल्लिखित तथ्याङ्कअनुसार सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्म २०७७ मा कुल ५३ लाख ३५ हजार ८४३ विद्यार्थी रहेकोमा २०८१ मा यो सङ्ख्या करिब १२ प्रतिशतले न्यून भई ४६ लाख ४२ हजार ७२९ रहेको छ। विद्यार्थी सङ्ख्यामा कमी भएतापनि पाठ्यपुस्तकका लागि निकासा हुने अनुदानको रकम बढेको छ। तथापि विगत ३ वर्षको निःशुल्क पाठ्यपुस्तकमा भएको खर्चको विवरण विश्लेषण गर्दा खर्च रकम क्रमशः घट्दै गएको देखिन्छ। इमिस प्रणालीमा प्रविष्टि गरिएको विवरण र वास्तविक भौतिक उपस्थितिबिच नियमित सत्यापन नहुँदा घटेको विद्यार्थी सङ्ख्या अनुसारको वास्तविक तथ्याङ्क प्रतिवेदनमा नदेखिने समस्या छ।उल्लिखित समस्या समाधानका लागि स्थानीय तहले विद्यालयको विद्यार्थी सङ्ख्याको अनिवार्य भौतिक सत्यापन गरेपछि मात्र इमिस तथ्याङ्कलाई अन्तिम रूप दिने र सोही प्रमाणित सङ्ख्याको आधारमा मात्र बजेट निकासा गर्ने पद्धतिको विकास गर्नुपर्दछ।

२४. **पाठ्यपुस्तक वितरणको प्रभावकारिता** - कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.४.६.२ को ३.१ (५) बमोजिम विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि शैक्षिक सत्र शुरु हुनुभन्दा ३ महिना अगावै विद्यालयको खातामा अनुदान दिने व्यवस्था छ। यसै क्रियाकलापको ३.१ (५) बमोजिम स्थानीय तहबाट स्वीकृत मातृभाषाको पाठ्यपुस्तक मातृभाषामा अध्ययन गर्ने प्रत्येक विद्यार्थीलाई पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत मूल्यसूचीमध्ये न्यूनतम मूल्य सङ्गीय अनुदान उपलब्ध हुने व्यवस्था छ। साथै विद्यालयले स्थानीय तहबाट प्राप्त अनदान रकमबाट शैक्षिक सत्रको सुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था छ। पाठ्यपुस्तक वितरण र प्रयोगको प्रभावकारिता सम्बन्धमा ५७ विद्यालयहरूबाट देहायबमोजिम प्रतिक्रिया प्राप्त भएको छः

सि नं	शिर्षक	सूचक	विद्यालय संख्या	प्रतिशत
१	नयाँ शैक्षिक सत्र सुरू भएको पहिलो हप्ताभित्र पाठ्यपुस्तक प्राप्त हुने विद्यार्थी	१०० प्रतिशत विद्यार्थीले	१६	२८
		८० देखि ९० प्रतिशत विद्यार्थीले	३३	५८
		५० भन्दा कम विद्यार्थीले	८	१४
२	मातृभाषाका पाठ्यपुस्तक माग गर्दा लाग्ने समयावधि	समयमै प्राप्त हुने	१७	३०
		आधा शैक्षिक सत्र बितेपछि	६	११
		माग गरेपनि आउँदैन	११	१९
		मातृभाषाको पाठ्यपुस्तक आवश्क नपर्ने	२३	४०

३	पुरानो पाठ्यपुस्तक संकलन र पुनः प्रयोगको अभ्यासको अवस्था	छ गरिब विद्यार्थीलाई दिइन्छ	७	१२
		केहि पुस्तक पुस्तकालयमा राखिन्छ	३७	६५
		यस्तो कुनै अभ्यास छैन	१३	२३

नयाँ शैक्षिक सत्रमा भर्ना गर्दा तथा शैक्षिक सत्र शुरु गर्दाको पहिलो हप्ताभित्रै सबै विद्यार्थीको हातमा पाठ्यपुस्तक पुग्नुपर्ने सरकारी लक्ष्य रहेकोमा केवल १६ विद्यालयले मात्र सो उपलब्ध हासिल गर्न सकेको छ। ३३ विद्यालयमा ८० देखि ९० प्रतिशत विद्यार्थीहरूले मात्र पहिलो हप्ता पाठ्यपुस्तक प्राप्त भएको अवस्था छ। मातृभाषामा पढाइ हुने विद्यालयमा १७ विद्यालयले मात्र समयमै मातृभाषाको पाठ्यपुस्तक उपलब्ध गराउन सकेको, २३ विद्यालयमा मातृभाषामा पठनपाठन नभएको तथा १३ विद्यालयमा पाठ्यपुस्तक पुनः प्रयोगको कुनै अभ्यास नभएको अवस्था छ। शैक्षिक सत्रको सुरुमै हुनुपर्ने शतप्रतिशत उपलब्धताको राष्ट्रिय लक्ष्य अझै पनि चुनौतीपूर्ण रहेको छ, जसले शिक्षण सिकाइको प्रारम्भिक गतिमा अवरोध पुऱ्याएको छ। कानुन बमोजिम पालिकाले शैक्षिक सत्र शुरुहुनुभन्दा ३ महिना अगावै विद्यालयलाई निकासा दिने, विद्यालयले भर्ना समयमै पाठ्यपुस्तक उपलब्ध गराउने साथै पाठ्यपुस्तकको पुनः प्रयोगको अभ्यास सुरू गर्नुपर्दछ।

२५. छात्रवृत्ति प्रकार - कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ बमोजिम सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको लागि स्थानीय तहले एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेको अद्यावधिक तथ्याङ्कका आधारमा मागलाई रुजु गरी विद्यालयमा आवासिय तथा गैरआवासीय छात्रवृत्ति अनुदान निकासा गर्ने व्यवस्था छ। हरेक वर्ष नेपाल सरकारबाट खर्च गरिने छात्रवृत्तिको प्रकार र खर्च विवरण देहायबमोजिम रहेको छः

क्र. सं.	छात्रवृत्तिको प्रकार	दर	वार्षिक विद्यार्थी संख्या	बार्षिक बजेट तथा खर्च (रू हजारमा)
क	**आवासिय छात्रवृत्ति कक्षा १-१२**			
१	अपाङ्गता भएका विद्यार्थीहरूका लागि छात्रवृत्ति	प्रतिविद्यार्थी बार्षिक ५० हजार	८१८२	४०९१००
२	मुक्त कमलरी छात्रवृत्ति	प्रतिविद्यार्थी बार्षिक ५० हजार	३०३	१५१५०
३	फिडर छात्रावासमा अध्ययनरत छात्रालाई छात्रवृत्ति	प्रतिविद्यार्थी बार्षिक ५० हजार	४००	२००००
४	सार्वजनिक निजी साझेदारीमा सञ्चालित नमुना विद्यालयमा स्वीकृत कोटामा अध्ययनरत छात्रछात्रालाई छात्रवृत्ति	प्रतिविद्यार्थी बार्षिक ५० हजार	५३०	२६५००
५	हिमाली आवासिय छात्रवृत्ति	प्रतिविद्यार्थी बार्षिक ५० हजार	२०८२	१०४१००
६	अति सिमान्तकृत समुदायका विद्यार्थीका लागि छात्रवृत्ति	प्रतिविद्यार्थी बार्षिक ५० हजार	५०	२५००
७	सडक बालबालिका तथा बालश्रमिकका लागि आवासिय शैक्षिक प्रबन्धका लागि छात्रवृत्ति	प्रतिविद्यार्थी बार्षिक ५० हजार	२८०	१४०००
८	HIV प्रभावित बालबालिका तथा वादी समुदायका विद्यार्थीका लागि छात्रवृत्ति	प्रतिविद्यार्थी बार्षिक ५० हजार	२७८	१३९००
ख	**गैर आवासिय छात्रवृत्ति कक्षा १-१२**			

९	छात्रा छात्रवृत्ति (कक्षा १-५) कर्णाली प्याकेज समेत	मुगु डोल्पा हुम्ला जुम्ला र कालिकोट जिल्लाको हकमा कक्षा १-५ मा अध्ययनरत छात्राका लागि वार्षिक रू १०००। र अन्य जिल्लाको हकमा प्रति विद्यार्थी वार्षिक रू ४०० का दरले	१११९५४७	४४७८१९
१०	दलित विद्यार्थी छात्रवृत्ति (कक्षा १-५)	प्रति विद्यार्थी वार्षिक रु.४००	५००१७५	२०००७०
११	मुक्त कमलरी छात्रवृत्ति	आधारभूत तहका लागि १५००। माध्यमिक तह (कक्षा ९-१०) को लागि १८००। र माध्यमिक तह (कक्षा ११-१२) को लागि रू ५०००।	२९०	११६०
१२	आधारभूत तह (कक्षा १-५) मा अध्ययनरत लक्षित समूहका २२ जनजाति तथा सिमान्तकृत समूह मुक्त कमैया बादि हलिया चरूवाका सन्तती समेतका विद्यार्थीको लागि छात्रवृत्ति	प्रति विद्यार्थी वार्षिक रू ५००	५१८८९	२५९४५
ग	**विपन्न लक्षित क्षात्रवृत्ति**			
१३	कक्षा ११-१२ मा विज्ञान विषय र प्राविधिक धार समेत (छात्र/छात्रा)	वार्षिक रू २४ हजार		
१४	कक्षा ११-१२ मा अन्य विषय (छात्र/छात्रा)	वार्षिक रू १८ हजार		
१५	कक्षा ६-१० (छात्र/छात्रा)	वार्षिक रू ६ हजार	६६६९२	४००१५२
	कुल वार्षिक खर्च			**१६८०३९६**

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट आवासिय गैरआवासिय र विपन्न लक्षित गरी अन्तर्गत १५ प्रकारका छात्रवृत्ति वितरण हुँदै आएको छ। जसबापत नेपाल सरकारले आर्थिक वर्षमा छात्रवृत्ति वापत रू १ अर्ब ६८ करोड ३ लाख ९६ हजार खर्च हुने देखिन्छ। केन्द्रबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०८१।८२ मा कुल रू १ अर्ब ९४ करोड ४७ लाख ६० हजार बजेट विनियोजन गरेकोमा कुल रू १ अर्ब ३५ करोड २२ लाख ७० हजार खर्च गरेको छ। छात्रवृत्ति वितरण गर्दा मुख्य जिम्मेवार निकाय सम्बन्धित विद्यालय, विद्यालय व्यवस्थापन समिति र स्थानीय तह रहेका छन्। उक्त निकायहरूले छात्रवृत्ति पाउन योग्य विद्यार्थी छनोट गरे नगरेको, छनोट भएका विद्यार्थीको विद्यालयमा नियमित उपस्थित भई अध्ययन गरे नगरेको सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट नियमित रूपमा अनुगमन गरी कार्यसञ्चालनको अवस्था र प्रभावकारिता विश्लेषण गरी प्रतिवेदत तयार गरेको देखिएन। अतः नियमित अनुगमनद्वारा छात्रवृत्तिको प्रभावकारिता र नतिजाको अवस्था विश्लेषण गरी राज्यलाई अतिरिक्त व्ययभार नपर्नेगरी कार्यक्रममा समसामयिक सुधार गर्नुपर्दछ।

२६. छात्रवृत्ति वितरण - कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ बमोजिम स्थानीय तहले इमिसमा रहेको अद्यावधिक तथ्याङ्कका आधारमा लक्षित वर्गको पहिचान गरी समयमै छात्रवृत्ति वितरण गर्नुपर्ने व्यवस्था छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट आवासीय, गैरआवासीय र विपन्न लक्षित गरी अन्तर्गत १५ प्रकारका छात्रवृत्ति वितरण हुँदै आएको पाइन्छ। विगत ५ वर्षमा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या र विगत ३ वर्षमा छात्रवृत्तिमा भएको खर्चको प्रवृति देहायबमोजिम छः

(रु.हजारमा)

आर्थिक वर्ष	कक्षा १-५ सम्मका छात्रा	कक्षा १-५ का दलित	कक्षा १-१२ का अपाङ्गता भएका विद्यार्थी	जम्मा छात्रवृत्ति पाउने विद्यार्थी संख्या	गत आ. भन्दा घटेको विद्यार्थी संख्या	विद्यालयलाई छात्रवृत्तिमा निकासा अनुदान	कुल खर्च रकम
२०८१।८२	१११९५४७	५००१७५	२७५६०	१६४७२८२	१४४३६८	१,९५,४७,६०	१,३५,२२,७०
२०८०।८१	१२१२५५१	५५२७९१	२६३०८	१७९१६५०	११७८७९	१,७६,९४,१०	१,३६,५३,७०
२०७९।८०	१२९०२९३	५९१५६७	२७६६९	१९०९५२९	१२९२०	१,७२,१८,६१	१,४०,४६,०७
२०७८।७९	१३०६६२७	६०२२९१	१३५३१	१९२२४४९	७८९७८	विद्यालय क्षेत्र विकास कार्यक्रम तर्फको विवरण उपलब्ध नभएको	
२०७७।७८	१३८७४४४	६१३९८३	-	२००१४२७	-		

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

उल्लिखित तथ्याङ्कअनुसार २०७७।७८ मा २० लाख १ हजार ४२७ विद्यार्थीले छात्रवृत्ति पाएकोमा २०८१।८२ मा सो सङ्ख्यामा कमी आई १६ लाख ४७ हजार २८२ कायम भएको छ। विद्यालयमा छात्रवृत्ति पाउने विद्यार्थीको सङ्ख्यामा कमी हुँदै गए तापनि छात्रवृत्तिमा भएको खर्च सोही अनुपातमा घटेको देखिँदैन। विपन्न लक्षित छात्रवृत्ति कार्यक्रमको खर्च रकममा चाप परेको केन्द्रको भनाइ रहेको छ। अतः केन्द्रले इमिस तथ्याङ्कलाई आधार बनाएर छात्रवृत्ति वितरणमा बजेट निकासा गर्नुको साथै लक्षित वर्गअनुसार छात्रवृत्ति वितरण भएको सुनिश्चित गर्न अनुगमन गर्नुपर्दछ।

२७. **छात्रवृत्ति वितरणको प्रभावकारिता**- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ बमोजिम स्थानीय तहले विद्यालयबाट माग भएको विवरण र इमिसमा रहेको अद्यावधिक तथ्याङ्कको रुजु गरी विद्यालयलाई छात्रवृत्तिको लागि अनुदान निकासा गर्ने तथा स्थानीय तहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको अनुगमन गर्ने व्यवस्था छ। छात्रवृत्ति वितरणको सम्बन्धमा ५७ विद्यालयबाट देहायबमोजिम प्रतिक्रिया प्राप्त भएको छः

सि नं	शिर्षक	सूचक	विद्यालय संख्या	प्रतिशत
१.	इमिस (IEMIS) मा अपलोड गरिएको विद्यार्थी विवरण र वास्तविक उपस्थितिको अन्तर	ठ्याक्कै मेल खान्छ	३४	५८
		५ प्रतिशत सम्म फरक छ	२२	३८
		डाटा अपडेट नभएर ठूलो अन्तर छ	१	२
२.	छात्रवृत्ति रकम पाउने माध्यम	व्यक्तिगत बैंक खाता मार्फत	६	११
		विद्यालयमा नगद वितरण	४८	८४
		सामग्रीको रूपमा (पोषाकझोला)	३	५
३.	समयमा छात्रवृत्ति रकम नआउँदा विद्यालयले कसरी व्यवस्थापन गर्छ	बजेट आएपछि मात्र दिने गरि पर्खेर	४४	७७
		विद्यालयको आन्तरिक स्रोतबाट सापटी लिएर	१०	१८
		अन्य	३	५
४.	छात्रवृत्ति पाएका विद्यार्थीको सिकाइ उपलब्धी (GPA) मा विगत ५ वर्षमा भएको सुधार	उल्लेख्य सुधार	११	१९
		सामान्य सुधार	४१	७२
		स्थिर (कुनै परिवर्तन छैन)	५	९

उल्लिखित विवरण बमोजिम ३४ विद्यालयमा मात्र इमिस तथ्याङ्क मेल खाएको, ४८ विद्यालयमा छात्रवृत्ति रकम नगद वितरण भएको, ४४ विद्यालयले केन्द्रबाट छात्रवृत्तिको रकम प्राप्त भएपछिमात्र विद्यार्थीलाई वितरण गर्ने गरेको, ११ विद्यालयमा मात्र छात्रवृत्ति रकमले नतिजामा उल्लेख्य सुधार ल्याएको र ४१ विद्यालयमा नतिजामा सामान्य सुधार गरेको अवस्था छ। विद्यालयमा विद्यार्थीको भौतिक उपस्थितिको आधारमा सत्यापान गरी इमिस तथ्याङ्कलाई विश्वसनिय बनाउने र बैंक खाताबाट छात्रवृत्ति उपलब्ध गराउने प्रणालीको शुरुवात गरी छात्रवृत्ति वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्दछ।

२८. **विद्यार्थी भर्ना विवरण**- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ६ बमोजिम प्रत्येक स्थानीय तहमार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्था छ। त्यस्तै, दफा ७ मा आधारभूत तहमा प्रत्येक बालबालिकालाई निजको उमेर अनुसारको कक्षामा निजलाई पायक पर्ने विद्यालयमा सम्बन्धित अभिभावकले भर्ना गराउनुपर्ने व्यवस्था छ। सामुदायिक र संस्थागत विद्यालयमा रहेको विद्यार्थी भर्नाको प्रवृत्ति देहायबमोजिम छः



स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त इमिस तथ्याङ्कअनुसार वि.सं २०७७ सालमा सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मको भर्नादर ५३ लाख ३५ हजार ८४३ अर्थात ७५.३२ प्रतिशत र संस्थागत विद्यालयमा १७ लाख ४८ हजार १४६ अर्थात २४.६८ प्रतिशत रहेको थियो। ५ वर्षपछि वि.स.२०८१ मा सामुदायिक विद्यालयमा सोही कक्षाका कुल विद्यार्थी भर्नादर सामुदायिक विद्यालयमा ४६ लाख ४२ हजार ७२९ अर्थात ६६.२२ प्रतिशत र संस्थागत विद्यालयमा २३ लाख ६८ हजार ७९ अर्थात ३३.७८ प्रतिशत रहेको छ। जस अनुसार हरेक वर्ष १.८२ प्रतिशत विद्यार्थी सामुदायिक विद्यालयमा कम हुँदै जाने र संस्थागत विद्यालयमा थप हुँदै जाने गरेको तथ्याङ्कले देखाएको छ। यसो हुनुमा सार्वजनिक विद्यालयमा गुणस्तरिय शिक्षा प्रदान नहुनु, दिवा खाजा, छात्रवृत्ति जस्ता कार्यक्रमले विद्यार्थी आकर्षण हुन नसक्नु, खेलकुद मनोरञ्जन र अतिरिक्त क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन नहुनु, सामुदायिक विद्यालयको नतिजामा सुधार नहुनु जस्ता कारणहरू रहेका छन्। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्दै सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना तथा अध्ययन आकर्षण बढाउनुपर्दछ।

२९. **बढी विद्यार्थी सङ्ख्या भएका नेपालका प्रमुख दश सामुदायिक विद्यालय**- शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को ३क बमोजिम हिमाली, पहाडी र तराईको लागि शिक्षक विद्यार्थी अनुपात क्रमशः चालीस, पैतालीस र पचास हुनुपर्ने व्यवस्था छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त २०८१।८२ को इमिस तथ्याङ्कअनुसार स्थायी दरबन्दी अनुसार विद्यालयको विद्यार्थी क्षमता देहायबमोजिम रहेको छ।

क्र. सं.	विद्यालयको नाम	कुल स्थायी शिक्षक दरबन्दी	विद्यालयको निजी स्रोतबाट शिक्षक	विद्यार्थी संख्या	स्थायी दरबन्दी अनुसार विद्यालय क्षमता	स्थायी दरबन्दी अनुरूप शिक्षक विद्यार्थी अनुपात

१	कालिका मानवज्ञान मावि, रुपन्देही	५८	२३७	८२३९	२९००	१ः१४२
२	शान्ति नमुना मावि, रुपन्देही	३५	१९०	७१२०	१७५०	१ः२०३
३	जनता नमुना मावि, धनुषा	२६	०	६२६६	१३००	१ः२४१
४	कान्ति मावि, रुपन्देही	२८	१०१	६०३४	१४००	१ः२१५
५	नवीन औद्योगिक कदरबहादुर रिता मावि, रुपन्देही	३४	११८	५३४०	१७००	१:१५७
६	ज्ञानोदय मावि, काठमाडौं	६७	५८	४७४६	३०१५	१:७१
७	सुकुना मावि, मोरङ	६८	२९	४६४२	३४००	१:६८
८	विश्वनिकेतन मावि, काठमाडौं	५७	७९	४३०१	२५६५	१:७५
९	वागिश्वरी मावि, भक्तपुर	६०	१५२	४१८५	२७००	१:७०
१०	नेपाल आदर्श मावि, कपिलवस्तु	७२	४	४११४	३६००	१:५७

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

उल्लिखित विवरणअनुसार सबै विद्यालयहरूमा कार्यविधिमा भएको व्यवस्थामा भएको स्थायी दरबन्दीको मापदण्ड भन्दा बढी शिक्षक दरबन्दी अनुपात रहेको छ। विद्यालयहरूले निजी स्रोतबाट शिक्षक राखेर शिक्षक दरबन्दी सन्तुलन गर्ने प्रयास गरेका छन भने जनता नमुना माविको इमिसमा अपडेट हुन नसकेकेको कारण निजि स्रोतबाट के कति शिक्षा राखेको यकीन हुन सकेन। विद्यार्थीको बढी आकर्षण हुने तर विद्यालयको दरबन्दी, भौतिक तथा शैक्षिक पूर्वाधारको कमीले गर्दा चाहेजति विद्यार्थी भर्ना लिन नसक्ने तथा बढी क्षमतामा विद्यार्थी राखि कक्षा सञ्चालन गर्नुपर्ने अवस्था देखिएको छ। केन्द्रले विद्यार्थीको बढी आकर्षण हुने विद्यालयको पहिचान गरी सोही अनुरूप दरबन्दी हेरफेर, भौतिक तथा शैक्षिक पूर्वाधारमा लगानी बढाई गुणस्तर नियन्त्रणमा ध्यान दिनुपर्दछ।

३०. विद्यालयको प्रकार र शिक्षक तथा विद्यार्थी- शिक्षा ऐन, २०२८ को दफा ३ मा अनुमति लिएर विद्यालय खोल्न सकिने व्यवस्था छ। साथै शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को ३क बमोजिम हिमाली, पहाडी र तराईको लागि शिक्षक विद्यार्थी अनुपात क्रमशः चालीस, पैतालीस र पचास हुनुपर्ने व्यवस्था छ। २०८१।८२ को इमिस तथ्याङ्क विश्लेषण गर्दा देहायबमोजिम सामुदायिक, संस्थागत र धार्मिक विद्यालयमा विद्यालयको संख्या, विद्यार्थी संख्या र शिक्षक संख्याबीच फरक फरक अवस्था रहेको छः

विवरण	विद्यालयको प्रकार	बाल विकास/ पूर्व प्राथमिक विद्यालय	आधारभूत विद्यालय (१-८)	माध्यमिक विद्यालय (९-१२)	जम्मा	प्रतिशत
विद्यालय संख्या	सामुदायिक	३२९४३	१८७५३	७१२१	५८८१७	७६.६५
	संस्थागत	७८१४	३८२०	४३२९	१५९६३	२०.८
	परम्परागत	५२७	१३३२	९२	१९५१	२.५४
	जम्मा	**४१२८४**	**२३९०५**	**११५४२**	**७६७३१**	**१००**
विद्यार्थी संख्या	सामुदायिक	५९९७९४	३४६१६०३	११८११२६	५२४२५२३	६२.१६
	संस्थागत	६८२५७६	१८८५४६५	४८२६१४	३०५०६५५	३६.१७
	परम्परागत	१९०५८	११८१४३	३२३९	१४०४४०	१.६७
	जम्मा	**१३०१४२८**	**५४६५२११**	**१६६६९७९**	**८४३३६१८**	**१००**
शिक्षक संख्या	सामुदायिक	३३६९१	१५४०६४	३२७०५	२२०४६०	६७.१५
	संस्थागत	१३००१	६३९४२	२७२९९	१०४२४२	३१.७५
	परम्परागत	४६३	२७७२	३८८	३६२३	१.१
	जम्मा	**४७१५५**	**२२०७७८**	**६०३९२**	**३२८३२५**	**१००**



स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सरकारी मापदण्ड अनुसार शिक्षक-विद्यार्थीको अनुपात सन्तुलित हुनुपर्ने र परम्परागत तथा संस्थागत विद्यालयलाई पनि राष्ट्रिय शिक्षाको मूलधारमा प्रभावकारी रूपमा जोड्नुपर्ने व्यवस्था छ। उपलब्ध तथ्याङ्क विश्लेषण गर्दा नेपालको विद्यालय शिक्षामा सामुदायिक, संस्थागत (निजी) र परम्परागत (मदरसा, गुरूकुल, गोन्पा) विद्यालयको उपस्थिति र तिनमा आश्रित विद्यार्थी तथा शिक्षक संख्यामा ठूलो भिन्नता देखिएको छ। सामुदायिक तर्फ ७६.६५ प्रतिशत विद्यालयमा ६२.१६ प्रतिशत विद्यार्थी र ६७.१५ प्रतिशत शिक्षक रहेका छन्। संस्थागत विद्यालयतर्फ २०.८० प्रतिशत विद्यालय रहँदा ३६.१७ प्रतिशत विद्यार्थी र ३९.७५ प्रतिशत शिक्षक रहेका छन्। परम्परागत विद्यालयतर्फ २.५४ प्रतिशत विद्यालयमा १.६७ प्रतिशत विद्यार्थी र १.१ प्रतिशत शिक्षक रहेका छन्। केन्द्र र स्थानीयको समन्वयमा हालसम्म ६१६ विद्यालय मर्ज भएतापनि प्रयास देखिदैन। सामुदायिक विद्यालयको संख्या र शिक्षक दरबन्दीको अनुपातमा विद्यार्थी संख्या वृद्धि गर्न विद्यालय समायोजन र गुणस्तर सुधारका कार्यक्रमहरूलाई कडाइका साथ लागु गरी सामुदायिक विद्यालयमा मापदण्ड बमोजिम शिक्षक वितरण हुनुपर्दछ। साथै परम्परागत (मदरसा, गुरूकुल, गोन्पा) विद्यालयलाई भौतिक र शैक्षिक रूपमा सुदृढ गर्दै उनीहरूको अभिलेख र सिकाइ उपलब्धिलाई राष्ट्रिय प्रणालीमा पूर्ण रूपमा एकीकृत गर्नुपर्दछ।

३१. **प्रदेशगत रूपमा शिक्षक दरबन्दी र विद्यार्थी संख्या** - शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधी, २०७६ को ३(क) बमोजिम विद्यालयका विद्यार्थी सङ्ख्या र हिमाल पहाड तथा तराइको लागि शिक्षक विद्यार्थी अनुपात क्रमशः चालीस पैंतालीस र पचासलाई हुनुपर्ने व्यवस्था गरेको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले उपलब्ध गराएको तथ्याङ्कअनुसार प्रदेशगत रूपमा शिक्षक दरबन्दी र विद्यार्थी संख्या देहायबमोजिम रहेको छ।

सि.नं	प्रदेशको नाम	कुल विद्यालय संख्या	स्वीकृत कुल शिक्षक दरबन्दी	दरबन्दी अनुसार स्थायी पदपूर्ति	पदपूर्ति मध्ये करार शिक्षक	कुल विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	कोशी प्रदेश	५२६८	३०९२६	१८३३२	१२५९४	६६३२१४	१:२२
२	मधेश प्रदेश	३४६९	१७६०६	१००२८	७५७८	१२३०८१२	१:७०

३	बागमती प्रदेश	४५८४	३१४८६	१७२८०	१४२०६	६५०८९९	१:२१
४	गण्डकी प्रदेश	३२४७	२२३०४	१३२६३	९०४१	३१३१७४	१:१४
५	लुम्बिनी प्रदेश	४४३९	२५१७०	१३८०८	११३६२	८४७५२८	१:३४
६	कर्णाली प्रदेश	२९३३	१२८१९	६२६१	६५६८	४२२९५१	१:३३
७	सुदुरपश्चिम प्रदेश	३३५८	१७४०८	८०७०	९३९१	५१४१५१	१:३०
जम्मा		**२७२९८**	**१५७७१९**	**८७०४२**	**७०७४०**	**४६४२७२९**	१:३०

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

३१.१. उल्लिखित विवरणअनुसार नेपालका कुल २७ हजार २९८ विद्यालयमा स्वीकृत शिक्षक दरबन्दी १ लाख ५७ हजार ७१९ रहेकोमा कुल ८७ हजार ४२ जनाको मात्र स्थायी पदपूर्ति गरेको छ भने ७० हजार ७४० जना अर्थात ४५ प्रतिशत शिक्षक करारमा कार्यरत रहेका छन्। परिच्छेद-५ मा भएको व्यवस्था बमोजिम सम्बन्धित निकायले दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापन गर्नेतपर्फ ध्यान दिनुपर्दछ।

३१.२. कार्यविधिमा उल्लिखित शिक्षक विद्यार्थीको अनुपात क्रमशः १:४०, १:४५ र १:५० कायम हुनुपर्ने व्यवस्था भन्दा फरक सबै भन्दा बढी शिक्षक विद्यार्थी अनुपात मधेश प्रदेशमा १ शिक्षक बराबर ७० जना विद्यार्थी रहेको छ भने सबैभन्दा कम गण्डकी प्रदेशमा जम्मा १४ जना विद्यार्थी रहेको छ। मधेश प्रदेशमा शिक्षक विद्यार्थी अनुपात भन्दा बढी शिक्षक विद्यार्थी अनुपात छ भने अन्य प्रदेशमा शिक्षक विद्यार्थी अनुपात कम छ। विद्यार्थी संख्या न्यून भएका विद्यालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रले मर्ज गर्ने नीति लिएको भए तापनि कार्यान्वयन हुन सकेको छैन। केन्द्रले विद्यार्थी संख्या ज्यादै न्यून भएका विद्यालय भूगोल र विद्यार्थीको घनत्वलाई सम्बोधन हुनेगरी उचित व्यवस्थापन गर्नुपर्दछ।

३२. शिक्षक विद्यार्थी अनुपात- शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २० बमोजिम जनसांख्यिक संरचना परिवर्तन भएको कारण स्वीकृत मापदण्डअनुसार शिक्षक विद्यार्थी अनुपात थपघट हुन गई दरबन्दी मिलान तथा पुनर्वितरण गर्न आवश्यक देखिएमा यस्तो कार्य देशभर गर्नुपर्ने भएमा मन्त्रालय वा मन्त्रालयले तोकेबमोजिम केन्द्रले, प्रदेशभित्र मात्र गर्नुपर्ने भएमा सम्बन्धित प्रदेश मन्त्रालयले तथा कुनै खास स्थानीय तहले नयाँ शैक्षिक सत्र सुरू हुनु अगावै आफ्नो क्षेत्रभित्र आवश्यकता अनुसार दरबन्दी मिलान तथा पुनर्वितरण गर्नुपर्ने व्यवस्था छ। प्रदेशगत रूपमा शिक्षक विद्यार्थीको अनुपात देहायबमोजिम छः

प्रदेश	हिमाली क्षेत्र				पहाडी क्षेत्र				उपत्यका तथा तराई क्षेत्र			
	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)	आधारभूत (१-५)	आधारभूत (६-८)	माध्यमिक (९-१०)	माध्यमिक (११-१२)
कोशी	१:११	१:२०	१:१७	१: ५७	१:१२	१:२०	१:१७	१:५५	१:२६	१:६४	१:२०	१:७८
मधेश	-	-	-	-	-	-	-	-	१:५३	१:१०९	१:४१	१:१०८
बागमती	१:११	१:१९	१:१६	१:४१	१:२०	१:५०	१:१३	१:५६	१:२१	१:५१	१:१८	१:६५
गण्डकी	१: १०	१:२०	१:१५	१:२९	१:१२	१:२५	१:१३	१:३२	-	-	-	-
लुम्बिनी	१:१६	१:२५	१:२१	१:६९	१:१३	१:२३	१:१८	१:४७	१:३१	१:६१	१:२४	१:७९
कर्णाली	१:२१	१:३२	१:२९	१:५३	१:२२	१:३३	१:३३	१:८८	-	-	-	-
सुदुरपश्चिम	१:१७	१: २५	१:२५	१:३३	१:१८	१:२५	१:२२	१:३२	१:२५	१:४८	१:२६	१:६०
औषत	१:१४	१:२३	१:२१	१:४७	१:१६	१:२९	१:१९	१:५१	१:३१	१:६७	१:२६	१:७८

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शिक्षा नियमावलीअनुसार शिक्षक-विद्यार्थी अनुपात हिमाली पहाडी र तराई क्षेत्रमा क्रमशः १:४०, १:४५ र १:५० कायम हुनुपर्ने व्यवस्था छ।शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट उपलब्ध तथ्याङ्कअनुसार गण्डकी प्रदेशको हिमाली क्षेत्रमा आधारभूत (१-५) को शिक्षक विद्यार्थी अनुपात १:१० र मधेश प्रदेशको तराई क्षेत्रमा आधारभूत (६-८)को अनुपात १:१०९ सम्म पुगेको देखिन्छ। यो तथ्याङ्कले भौगोलिक आधारमा शिक्षक विद्यार्थीको अनुपातमा असन्तुलन देखाउँछ।शिक्षक विद्यार्थी अनुपात भूगोलगत रूपमा पुनर्वितरण र मिलान कार्य प्रभावकारी नहुँदा शैक्षिक गुणस्तरमा ह्रास आएको छ। अतः बसाइँसराइको प्रवृत्तिको विश्लेषण गर्दै दरबन्दी मिलान कार्यलाई प्रभावकारी बनाउनुपर्दछ।

३३. **शिक्षक दरबन्दी**- शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ३, ८, १४ र २० बमोजिम शिक्षकको दरबन्दी मिलान गर्नुपर्ने, पुलमा रहेका दरबन्दी पुनर्वितरण गर्ने, जनसाङ्ख्यिक संरचना परिवर्तन भएको कारण स्वीकृत मापदण्ड अनुसार शिक्षक विद्यार्थी थपघट भएमा नयाँ शैक्षिक सत्र अगावै दरवन्दी मिलान तथा पुनर्वितरण गर्नुपर्ने व्यवस्था छ। साथै, शिक्षक पेशागत विकास प्रारूप, २०८० बमोजिम शिक्षकको पेसागत दक्षता अभिवृद्धिका लागि कार्यक्रमको व्यवस्था गरेको छ। विद्यालयको दरबन्दी, शिक्षक विद्यार्थी अनुपात र शिक्षण व्यवस्थापन सम्बन्धमा ५७ विद्यालयबाट देहायबमोजिम प्रतिक्रिया प्राप्त भएको छः

सि नं	शिर्षक	सूचक	विद्यालय संख्या	प्रतिशत
१	शिक्षक दरबन्दी र विद्यार्थी संख्याबीचको सन्तुलन मिलाउन चुनौती	विद्यार्थी धेरै तर दरबदी कम	२७	४७
		दरबन्दी छ तर विषयगत शिक्षक छैनन	१३	२३
		दरबन्दी मिलानको नीति अस्पष्ट छ	१७	३०
२	विषयगत शिक्षक अभावमा विद्यालयले कक्षा सञ्चालन गर्ने तरिका	निजी स्रोतमा शिक्षक राखेर	४५	७९
		एकै शिक्षकले बहु-विषय पढाएर	१२	२१
		माथिल्लो कक्षाका विद्यार्थी वा स्वयंसेवक प्रयोग गरेर	०	०
३	शिक्षकको उपस्थिति र कक्षा समय पालनाको अवस्था	डिजिटल हाजिरी र सि.सि.टि.भी निगरानी	२९	५१
		प्र.अ.को दैनिक निरीक्षण	२४	४२
		विद्यार्थीको प्रतिक्रियाको आधारमा	४	७
४	शिक्षकहरूले वार्षिक शैक्षिक योजना (Lesson Plan) पालनाको अवस्था	अनिवार्य रूपमा सबैले गर्छन	२५	४४
		केहीले मात्र गर्छन्	२९	५१
		मौखिक रूपमा मात्र योजना बन्छ	३	५
५	शिक्षकको तालिम र कार्यक्षमता बढाउन विद्यालयले गरेको प्रयास	वार्षिक रूपमा तालिम गर्ने	३१	५४
		स्रोत केन्द्रको तालिममा भर पर्ने	१०	१८
		तालिमको लागि बजेट अभाव	१६	२८

विद्यालयबाट प्राप्त उल्लिखित प्रतिक्रिया बमोजिम २७ नमुना विद्यालयमा विद्यार्थीको चाप उच्च भएतापनि दरबन्दी कम रहेको, ४५ नमुना विद्यालयले निजी स्रोतमा शिक्षक राखेर अध्यापन गराएको, १२ विद्यालयमा एकै शिक्षकले बहु-विषय अध्यापन गराउनुपर्ने बाध्यता रहेको, २५ विद्यालयमा मात्र शिक्षकले अनिवार्यरुपमा पाठ योजना बनाएर अध्यापन गराउने गरेको, २६ विद्यालयले आफ्नै पहलमा शिक्षकलाई तालिम प्रदान गर्न नसकेको अवस्था देखिएको छ। विद्यालयमा दरबन्दी पुनर्वितरण मार्फत् शिक्षक व्यवस्थापन गर्दै शिक्षकलाई समसामयिक तालिम र पाठयोजना तयार गरी लागू गर्नुपर्दछ।

३४. **विद्यालय छाड्ने दर**- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २०, २१, २२, २३, २४ र २५ बमोजिम विद्यालय छोड्ने दर नियन्त्रण गरी विद्यालयमा निरन्तरताका लागि निःशुल्क शिक्षा प्रदान गर्ने,

समयमै पाठ्यपुस्तक उपलब्ध गराउने, बालवालिकालाई आवश्यक पर्ने शैक्षिक सामग्री उपलब्ध गराउने, मानव विकास सूचकाङ्कको दृष्टिकोणले पछाडि परेको समुदायको बालवालिकालाई छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध मिलाउने र दिवा खाजा उपलब्ध गराउने व्यवस्था छ। इमिस तथ्याङ्कअनुसार विगत ४ वर्षको विद्यालय छाड्ने दर देहायबमोजिम रहेको छः

वर्ष	कक्षा छाडने दर (प्रतिशत)		
	कक्षा १- ५	कक्षा ६ -८	कक्षा ९-१०
२०८१	८.२	५.४	४.७
२०८०	३.२	२.८	१.९
२०७९	२.६	३.३	०.७
२०७८	३	३.४	५.५



स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सामुदायिक विद्यालयमा विद्यार्थीलाई टिकाइराख्न दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक र छात्रवृत्ति जस्ता कार्यक्रम सञ्चालन भए तापनि तथ्याङ्कले विद्यालय छाड्ने दर (Drop-out Rate) मा अस्वभाविक वृद्धि भएको देखाएको छ। प्राप्त विवरणअनुसार २०८० सालमा कक्षा १-५ को विद्यालय छाड्ने दर ३.२ प्रतिशत रहेकोमा २०८१ सालमा ८.२ प्रतिशत पुगेको छ। त्यसैगरी कक्षा ६-८ मा ५.४ प्रतिशत र कक्षा ९-१० मा ४.७ प्रतिशत पुगेको छ। यो तथ्याङ्कले आधारभूत तहमै विद्यार्थी टिकाउपनको स्थिति कमजोर रहेको पुष्टि गर्दछ। विद्यार्थीले विद्यालय छाड्नुको प्रमुख कारणको गहन खोजी गरी समाधान गरेको देखिदैन। यसले गर्दा साक्षरताको राष्ट्रिय लक्ष्य प्राप्तिमा अवरोध पुग्नुका साथै सार्वजनिक शिक्षाको साख र विश्वसनीयतामा प्रश्न गर्नुपर्ने स्थिति छ। विद्यालय छाड्ने दर कम गर्न सामुदायिक विद्यालयमा विद्यालय छाड्ने कारणको गहन अध्ययन गरी समाधान गर्नुपर्दछ।

३५. शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इमिस)को प्रभावकारिता - कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को १.७ कार्यक्रम कार्यान्वयन सम्बन्धी मागर्दर्शन (५) बमोजिम स्थानीय तहका लागि निर्धारण हुने अनुदान विद्यालयबाट भरिने शैक्षिक व्यवस्थापन सूचना प्रणाली (इमिस)मा आधारित हुने र विद्यालयले तथ्याङ्क नभरेका/अद्यावधिक नगरेका कारणबाट स्थानीय तहले पाउने अनुदानमा फरक पर्न जाने भएकाले आफ्नो मातहतका सबै सामुदायिक विद्यालयलाई इमिस अनिवार्य भर्न/अद्यावधिक गर्न लगाउने व्यवस्था छ। विद्यालयमा भैरहेको

इमिसको प्रयोग र प्रभावकारिताको सम्बन्धमा लेखापरीक्षणको क्रममा गरिएको सर्वेक्षणमा सहभागी ५७ विद्यालयबाट देहायबमोजिम प्रतिक्रिया प्राप्त भएको छः

सि नं	शिर्षक	सूचक	विद्यालय संख्या	प्रतिशत
१	विद्यालयमा विद्यार्थीको भर्नादर तथा विद्यार्थी विवरणका लागि इमिसको प्रभावकारिता	निकै प्रभावकारी छ, तथ्याङ्क व्यवस्थित भएको छ।	३५	६१
		प्रभावकारी छैन झन्झटिलो छ।	०	०
		थप सुधार गरी शिक्षक विद्यार्थीको हाजिरी सिस्टम बजेट अनुदान माग र निकासा समेत यसैमा थप गर्नुपर्दछ।	२२	३९
२	विद्यालयले प्रत्येक शैक्षिक सत्रको तथ्याङ्क तोकिएको समयमा प्रविष्टि गरे नगरेको	गरेको छ	४०	७०
		गरेको छ तर सफ्टवेयरमा समस्या छ	१७	३०
३	इमिसमा प्रविष्टि गरिएको विद्यार्थी संख्या र विद्यालयको हाजिरी रजिष्टरमा भएको भौतिक संख्याको तालमेलको अवस्था	तालमेल मिल्दछ	२१	३७
		सामान्य फरक (सफ्टवेर नचल्ने, विद्यालय विचमा छाड्ने संख्या)	३६	६३
४	इमिस सत्यापनको अवस्था	नियमित	२०	३५
		त्रैमासिक रूपमा	१२	२१
		अर्धवार्षिक	७	१२
		वार्षिक	९	१६
		नगरेको	९	१६

विद्यालयमा इमिस प्रणाली प्रभावकारी छ तथापि २२ विद्यालयले यसलाई थप प्रभावकारी बनाउनु आवश्यक रहेको, १७ विद्यालयले सफ्टवेयर समयमा नखुल्ने/ढिलो चल्ने समस्या रहेको, ३६ विद्यालयहरूमा भौतिक तथ्याङ्क र इमिस तथ्याङ्क विद्यार्थीले विद्यालय छाड्ने र सफ्टवेयर समस्याका कारण हुबहु नमिलेको, ३५ विद्यालयमा नियमित रूपमा इमिसको सत्यापन नभएको आदि समस्याहरू छन्। उल्लिखित समस्याको समाधान गरी शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाई अनुदान निकासा कार्यविधि अनुसार गर्नुपर्दछ।

३६. विद्यालय भौतिक पूर्वाधार निर्माण- विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को बुँदा नं. ४ बमोजिम विद्यालयमा निर्माण हुने भौतिक पूर्वाधारको प्राविधिक लेखाजोखा गरी मापदण्डबमोजिम भए नभएको हेर्ने र मापदण्डबमोजिम हुने गरी गर्ने गराउने दायित्व विद्यालयको हुने एवं विद्यालयहरूको भौतिक एवं प्राविधिक पक्षको अध्ययन, अनुगमन, विद्यालय निर्माण एवं पुनर्सबलीकरण सम्बन्धित स्थानीय तहबाट हुने व्यवस्था छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त तथ्याङ्कअनुसार विगत तीन आर्थिक वर्षमा नमुना माध्यमिक तथा सबै सामुदायिक विद्यालयमा कक्षाकोठा, शौचालय, विज्ञान प्रयोगशाला, पुस्तकालय, खेलकुद मैदान, प्रशासनिक भवन निर्माण, कम्प्युटर ल्याब सञ्चालन जस्ता भौतिक पूर्वाधार निर्माण गर्न देहायबमोजिम पुँजिगत रकम निकासा भई खर्च भएको विवरण भएको छः

(रु. हजारमा)

आर्थिक वर्ष	कुल निकासा अनुदान	कुल खर्च
२०८१।८२	४४८४७००	३८३८१९०
२०८०।८१	२०९३९००	१९०८७१०
२०७९।८०	१६५२१२००	११५५९४०९
जम्मा	**२३०९९८००**	**१७,३०,६३,०९**

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

विद्यालयको भौतिक निर्माणमा कुल रु. २३ अर्ब ९ करोड ९८ लाख बजेट निकासा भएकोमा रु. १७ अर्ब ३० करोड ६३ लाख ९ हजार खर्च भई ७४.९२ प्रतिशत वित्तीय प्रगति भएको देखिन्छ। विद्यालयको भौतिक पूर्वाधारको निर्माण गर्दा विद्यालयमैत्री तथा मापदण्ड अनुरूप डिजाइन गरी निर्माण गर्नुपर्दछ।

३७. भौतिक पूर्वाधार निर्माणको प्रभावकारिता - विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० को बुँदा नं. ३ बमोजिम विद्यालयले मापदण्ड बमोजिम हुनेगरी भौतिक पूर्वाधार निर्माण सम्बन्धी कार्य गर्नुपर्ने, मापदण्ड लागू हुनुअघि निर्माण भएका विद्यालयका भौतिक पूर्वाधारको पुनर्निर्माण, मर्मत एवं पुनर्सवलीकरण गर्दा यसै मापदण्डलाई आधार बनाउनुपर्ने व्यवस्था छ। बुँदा नं. ४ मा मापदण्ड बमोजिम भए नभएको हेर्ने र मापदण्ड बमोजिम हुनेगरी गर्ने गराउने दायित्व विद्यालयको हुने व्यवस्था छ। विद्यालयको भौतिक निर्माण र यसको उपयोगको सम्बन्धमा ५७ विद्यालयबाट देहायबमोजिम विवरण प्राप्त भएको छ।

सि नं	शिर्षक	सूचक	विद्यालय संख्या	प्रतिशत
१	केन्द्रबाट प्राप्त २४ कोठे, ४ कोठे वा २ कोठे भवनको डिजाइन विद्यालयको आवश्यकता अनुरूप भए नभएको	पूर्ण उपयुक्त छ	२९	५१
		ठीक छ तर अलि साँघुरो	१७	३०
		हाम्रो भूगोल र आवश्यकता सुहाउँदो छैन	११	१९
२	भवन निर्माणका क्रममा गुणस्तर नियन्त्रणका लागि विद्यालयले गरेको कार्य	निर्माण समितिको दैनिक रेखदेख	२५	४४
		इन्जिनियरको नियमित प्राविधिक जाँच	३१	५४
		निर्माण व्यवसायीको जिम्मामा छोडेको	१	२
३	नवनिर्मित भवनमा खानेपानी शौचालय र बिजुलीको व्यवस्था	सबै सुविधायुक्त छ	३२	५६
		भवन छ तर पानी र शौचालयको समस्या छ	२३	४०
		बिजुली र प्रविधिको पहुँच छैन	२	४
४	नमुना विद्यालय विकासका लागि प्राप्त विशेष बजेट बढी खर्चको क्षेत्र	भौतिक संरचना निर्माण	४०	७०
		शैक्षिक सुधार र ल्याब	१२	२१
		घेराबार र बगैचा निर्माण	५	९
५	भवन निर्माण सम्पन्न भएपछि मर्मत सम्भारका लागि छुट्टै कोष वा योजना	छ नियमित मर्मत हुन्छ	१३	२२
		मर्मतका लागि केन्द्रकै बजेट पर्खनुपर्दछ	२२	३९
		मर्मत सम्भारको कुनै योजना छैन	२२	३९

विद्यालयबाट प्राप्त विवरणमा २८ विद्यालय भवनको डिजाइनमा सन्तुष्टि नभएको, २५ विद्यालयमा भवन भएपनि पानी, शौचालय, बिद्युत र प्रविधि जस्ता आधारभूत सुविधा नभएको, ४० विद्यालय शैक्षिक गुणस्तर सुधार भन्दा पनि भौतिक पूर्वाधार सुधारमा केन्द्रित रहेको, ४४ विद्यालयहरूमा भौतिक पूर्वाधार नियमित मर्मत हुन नसकेको अवस्था छ। विद्यालयको भौतिक पूर्वाधारको निर्माण गर्दा विद्यालयमैत्री तथा मापदण्ड अनुरुप डिजाइन एवम् निर्माण गर्नुपर्दछ।

३८. नमुना विद्यालय - नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४ मा प्रत्येक स्थानीय तहमा क्रमिक रूपमा कम्तिमा एक नमुना माध्यमिक विद्यालय छनोट गर्ने, छनोट भएका विद्यालयको स्थलगत सर्वेक्षण गरी शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि गुरूयोजना तर्जुमा गर्ने र गुरूयोजनाको आधारमा क्रमशः ५ वर्षभित्र नमुना विद्यालयको रूपमा विकास गरिने उल्लेख छ। केन्द्रबाट प्राप्त विवरणअनुसार नमुना विद्यालयको लागि निकासा भएको रकमको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

स्वीकृत नमुना विद्यालयको संख्या	कार्यसम्पन्न भएको विद्यालयको संख्या	सम्पन्न हुन बाँकी विद्यालयको संख्या	हालसम्म निकासा भएको रकम			
			आ.व.	भौतिक संरचना तर्फ	शैक्षिकतर्फ	जम्मा
४२२	३२२	१००	०७८/७९	३,९२,१०,००	१,१६,६०,००	५,०८,७०,००
			०७९/८०	३,०२,५०,००	१,६६,६०,००	४,६९,१०,००

स्वीकृत नमुना विद्यालयको संख्या	कार्यसम्पन्न भएको विद्यालयको संख्या	सम्पन्न हुन बाँकी विद्यालयको संख्या	हालसम्म निकासा भएको रकम			
			आ.व.	भौतिक संरचना तर्फ	शैक्षिकतर्फ	जम्मा
			०८०८१	२,००,००,००	१,६०,५०,००	३,६०,५०,००
			०८१८२	१,८३,००,००	१,३८,२१,००	३,२१,२१,००
जम्मा				१०,७७,६०,००	५,८१,९१,००	१६,५९,५१,००

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

विद्यालय क्षेत्र सुधार योजना (२०७३।७४-२०७९।८०) ले देशभर एक हजार नमुना विद्यालय निर्माण गर्ने लक्ष्य लिएकोमा सो अवधिमा ४२२ नमुना विद्यालय निर्माण गर्ने कार्य अगाडी बढाएको छ। निर्माणका लागि अनुमति प्राप्त गरेका ४२२ नमुना विद्यालयमध्ये हालसम्म ३२२ विद्यालयको निर्माण कार्य सम्पन्न भई १०० विद्यालयको निर्माण सम्पन्न हुन बाँकी रहेको छ। नमुना विद्यालय कार्यक्रम सञ्चालनको लागि स्थानीय तहमार्फत् यो वर्ष रु.३ अर्ब २१ करोड २१ लाख र हालसम्म रु.१६ अर्ब ५९ करोड ५१ लाख निकासा गरेको छ। कार्यक्रमको अवधि समाप्त हुँदा समेत नमुना विद्यालय निर्माण सम्पन्न नहुनुको कारण विश्लेषण गर्दा कार्यक्रमको उद्देश्य पूरा हुने अवस्था देखिएन। लक्षित समयमा नमुना विद्यालय निर्माण सम्पन्न नहुनुका कारण विश्लेषण गरी निर्धारित समयमा कार्यक्रमको लक्ष्य पूरा गर्नुपर्दछ।

३९. **नमुना विद्यालयको अभिलेखमा भिन्नता**- कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलापन नं. ११.१.२.२९८० बमोजिम केन्द्रबाट छनोट भएका नमुना विद्यालयलाई विद्यालयको स्वीकृत गुरुयोजना अनुरूप भौतिक पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर सुधार गर्नका लागि बार्षिक रूपमा भौतिक तर्फ रु. १ करोड र शैक्षिक तर्फ रु. १० लाख देखि रु. ६० लाख सम्म अनुदान निकासा गर्ने व्यवस्था छ। तर शिक्षा तथा मानव स्रोत विकास केन्द्र र विद्यालयबाट प्राप्त विवरणअनुसार कुनै वर्ष भौतिक तर्फ रू १ करोड ५० लाख र शैक्षिक तर्फ रू ९० लाख सम्म निकासा भएको छ। लेखापरीक्षणको क्रममा नमुना सर्वेक्षणमा सहभागी भएका ४२ विद्यालयमध्ये विभिन्न २४ विद्यालयको आर्थिक वर्ष २०८१।८२ को अन्त्यको निकासा र खर्च विवरण विश्लेषण गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्र र विद्यालयले उपलब्ध गराएको तथ्याङ्क फरक फरक देखिएको छ। सर्वेक्षणबाट विश्लेषण गरिएको २४ विद्यालयको विवरणअनुसार ६ विद्यालयमा शिक्षा तथा मानव विकास केन्द्रबाट निकासा भएको रकमभन्दा विद्यालयले प्राप्ति गरेको रकम कम देखिएको छ। त्यसैगरी १३ विद्यालयहरूमा केन्द्रबाट उपलब्ध विवरण भन्दा बढी रकम प्राप्ति गरेको छ। यसरी एकै विद्यालयलाई निकासा भएको रकम र खर्च विवरण फरक निकायले फरक फरक अभिलेख राख्दा वास्तविक आम्दानी र खर्च यकीन हुन सकेन। केन्द्र, स्थानीय तह र विद्यालयले वास्तविक निकासा र खर्चको यकीन गरी यथार्थ अभिलेख राख्नुपर्दछ। यस सम्बन्धी विवरण **अनुसूची-१** मा उल्लेख गरिएको छ।

४०. **नमुना विद्यालयको प्रभावकारिता विश्लेषण**- नमुना विद्यालय विकास तथा सञ्चालन निर्देशिका, २०७४ को ४.१ (ख) बमोजिम नमुना विद्यालय सञ्चालनका लागि छनोट भएका विद्यालयको स्थलगत सर्वेक्षण गरी शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि गुरूयोजना तर्जुमा गर्ने र गुरूयोजनाका आधारमा क्रमशः ५ वर्षभित्र नमुना विद्यालयको रूपमा विकास गरिने व्यवस्था गरेको छ। तर कार्यविधिमा गुरूयोजनाको न्यूनतम र अधिकतम लागत सीमा तोकेको छैन। शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार ५ वर्षमा नमुना विद्यालयलाई अधिकतम भौतिक तर्फ रु. ६ करोड ५० लाख र शैक्षिक तर्फ रु. ३ करोड रकम निकासा गर्ने जनाएको छ। केन्द्रले आफूँले तोकेको अधिकतम सिमाको रकम उपलब्ध गराएपछि ३२२ विद्यालयलाई नमुना विद्यालय सम्पन्न भएको सूचीमा उपलब्ध गराउँदै आएको भौतिक तथा शैक्षिक अनुदान रोकेको छ। नमुना विद्यालय सञ्चालन गरिरहेका ४२ विद्यालयबाट प्राप्त प्रतिक्रिया देहायबमोजिम रहेको छः

क्र.सं	विवरण	विद्यालय संख्या	इकाई	संख्या, रकम, प्रतिशत
१	गुरुयोजना अनुसार १०० प्रतिशत प्रगति नभएका विद्यालय संख्या	३५	सङ्ख्या	३५
२	भौतिक तथा शैक्षिक अनुदान रकम खर्च नभई विद्यालय खातामा रहेको विद्यालय रु. ५,५८,८९,०६४	६	रकम	रु.५,५८,८९,०६४
३	नमुना पश्चात विद्यार्थी घटेको विद्यालय	१५	संख्या	२१९३
४	नमुना पश्चात शिक्षक बढेको विद्यालय सङ्ख्या	१८	सङ्ख्या	१५६
५	नमुना पश्चात बढेको करार शिक्षक सङ्ख्या	२०	सङ्ख्या	३३२
६	घटेको (विद्यालय छोड्ने विद्यार्थी)	१८	औषत प्रतिशत	४.३९ प्रतिशत
७	विषयगत शिक्षक प्राप्त नभएको विद्यालय	१८	सङ्ख्या	४३ प्रतिशत

४०.१. विद्यालयबाट प्राप्त विवरणमा ३५ विद्यालयले गुरूयोजना अनुरुप प्रगति पुरा नगरेका, ६ विद्यालयहरूले भौतिक तथा शैक्षिक अनुदान रकम खर्च नभएपश्चात विद्यालयको खातामा राखेको, १५ विद्यालयमा नमुना विद्यालय स्थापना पश्चात पनि विद्यार्थी संख्या २ हजार १९३ ले घटेको, १८ विद्यालयमा शिक्षक दरबन्दी र २० विद्यालयमा करार शिक्षकमा वृद्धि भएको, १८ विद्यालयमा विद्यालय छाड्ने विद्यार्थीहरू ४.३९ प्रतिशतले कमी आएको, १८ विद्यालयमा विषयगत शिक्षक अभाव रहेको जानकारी प्राप्त भएको छ। नमुना विद्यालयहरू निर्माणका लागि गुरुयोजनाको सीमा निर्धारण गर्ने, भौतिक पूर्वाधार निर्माण शुरु भएपश्चात सम्पन्न नभएसम्म अनुदान प्रदान गर्ने, विद्यालयको खातामा रोक्का रहेको रकम स्थानीय तहको अनुगमनबाट फिर्ता गराउने, नमुना विद्यालयमा विद्यार्थीको आकर्षण बढाउन शैक्षिक गुणस्तरमा सुधार गर्नुपर्दछ।

४०.२. सार्वजनिक विद्यालयमा समान शैक्षिक पहुँच नविनतम सूचना प्रविधिको अधिकतम प्रयोग सहित आधुनिक शिक्षण विधिमार्फत शैक्षिक गुणस्तर तथा जवाफदेही व्यवस्थापन सुनिश्चित गरी सुशासनका पक्षहरूलाई प्रभावकारी बनाइ विद्यार्थीको सिकाइ उपलब्धी उच्च बनाउन विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकास गर्दै सार्वजनिक विद्यालयलाई अभिभावक र बालबालिकाको पहिलो रोजाइको विद्यालयको रूपमा विकास गर्न नमुना विद्यालयको अवधारणा कार्यान्वयन गरेको छ। तर नमुना विद्यालयमा शिक्षक तालिमको कमी, भौतिक पूर्वाधार मर्मतको समस्या, करार शिक्षक व्यवस्थापन, नमुना गुरूयोजना र लगानीमा अन्तर, स्कुल बस सञ्चालनमा समस्या, विद्युत महसुल भुक्तानीमा समस्या, शैक्षिक व्यवस्थापन तथा सञ्चालन खर्च अपुग, अभिभावकको अपनत्वमा कमी, आर्थिक वर्षको अन्त्यमा बजेट निकासा, विषयगत शिक्षकको अभाव, खेल मैदानको अभाव, समयमा बजेट निकासा नहुनु, महत्वकांक्षी योजना बन्नु, अनुगमन संयन्त्र कमजोर हुनु, लगायतका समस्या रहेको सर्वेक्षणमा सहभागी नमुना विद्यालयले जनाएका छन्। सम्बन्धित निकायले विद्यालयबाट औल्याइएका समस्या समाधान गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४१. **दुर शिक्षा** - विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७ दफा ११ मा शैक्षिक सत्रको समयावधि तथा महामारीलगायतको विषम परिस्थितिको अवस्था हेरी विद्यालयको आवश्यकताअनुसार दुर शिक्षा वा प्रत्यक्ष साक्षात्कार माध्यमबाट सिकाइ सहजीकरण गर्दा विभिन्न शिक्षण विधि अवलम्बन गर्न सक्ने व्यवस्था छ। केन्द्रले कोभिड १९ लगायतको विषम परिस्थितिको समयमा विद्यालयको नियमित पठनपाठनलाई सुचारू गर्न टेलिभिजन रेडियो तथा एफ.एम. र अन्य छापा माध्यमबाट शैक्षिक सिकाइ कार्यक्रम सञ्चालन गरिएकोमा हालसम्म सो को निरन्तरता रहेको छ। यो वर्ष केन्द्रले देहायबमोजिमका विभिन्न माध्यमबाट शैक्षिक सामग्री निर्माण प्रकाशन तथा प्रसारण गरी

तीन वर्षको अवधिमा रु. ७ करोड ४६ लाख ७० हजार खर्च गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम रहेको छः

(रु. हजारमा)

आर्थिक वर्ष	रेडियो नेपालमा भएको खर्च	नेपाल टेलिभिजन प्लस मा भएको खर्च	गोरखापत्रमा भएको खर्च	जम्मा खर्च
०८१/८२	७७८०	९३६७	८६७८	२५८२५
०८०/८१	९२५०	२६२००	४९४२	४०३९२
०७९/८०	१८९८	६५५५	विवारण प्राप्त नभएको	८४५३
जम्मा	१,८९,२८	४,२१,२२	१,३६,२०	७,४६,७०

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र

यस कार्यक्रमबाट लाभान्वित भएको विद्यार्थी संख्या विषयवस्तुको सान्दर्भिकता र कार्यक्रमको आवश्यकता सम्बन्धमा पृष्ठपोषण लिई कार्यक्रम प्रभावकारिताको मूल्याङ्कन गरेको छैन। कार्यक्रमको सम्बन्धमा विद्यार्थीबाट सुझाब सङ्कलन गरी आवश्यकताअनुसार पाठ परिमार्जन तथा सम्पादन गरी कक्षा सञ्चालन गर्नुपर्नेमा एकतर्फी रूपमा वर्षेनी खर्च भएको छ। अहिले भौतिक रूपमा नै कक्षामा अध्यापन गराउन सकिने तथा युट्युब फेसबुकलगायतका निःशुल्क प्लेटफर्मको प्रयोग गर्न सकिने अवस्थामा रेडियो, टेलिभिजन तथा छापा माध्यमबाट सिकाइ सामग्री प्रकाशन तथा प्रसारण गर्दा ठूलो धन राशी खर्च हुने तर सोबाट विद्यार्थीहरूले प्रतिफल लिए नलिएको सम्बन्धमा मूल्याङ्कन नहुने अवस्था देखिएकोले सो को लाभ लागत विश्लेषण गरी कार्यक्रमको निरन्तरता सम्बन्धमा उचित निर्णय लिनुपर्दछ।

४२. **श्रव्यदृश्य सामग्री प्रसारणको प्रभावकारिता** - श्रव्य तथा श्रव्यदृश्य सामग्री उत्पादन निर्देशिका, २०७९ को दफा ३ बमोजिम सबै उमेरका बालवालिका वा विद्यालय शिक्षा आर्जन गर्न चाहने जिज्ञासुलाई दूर तथा खुला शिक्षाको माध्यमबाट पाठ्यक्रममा आधारित शिक्षा प्रदान गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ। दफा ३९ बमोजिम श्रव्य तथा श्रव्यदृश्य सामग्री प्रसारणको लागि प्रसारण सम्झौता गरी प्रसारण गर्ने र दफा ४० बमोजिम श्रव्यदृश्य पाठलाई केन्द्रले आफ्नो युट्युब च्यानल वा लर्निङ पोर्टलमध्ये कुनै एक वा सबैमा अपलोड गर्नुपर्ने व्यवस्था छ। निर्देशिका बमोजिम केन्द्रले एनसिइडि भर्चुअल (NCED Virtual) युट्युव च्यानलबाट शैक्षिक सामग्री प्रसारण गरेको, २५ हजार भन्दा बढी शिक्षकहरू अनलाईन सर्टिफिकेसनमा आवद्ध भएको, ग्रामिण तथा दुर्गम क्षेत्रमा कार्यक्रम केही प्रभावकारि देखिएको छ तथापि रेडियो टेलिभिजनबाट प्रसारण हुँदै आएको श्रव्य वा श्रव्यदृश्य सामग्रीको सम्बन्धमा लेखापरीक्षणको क्रममा सर्वेक्षणमा सहभागी ५७ विद्यालयबाट देहायबमोजिम प्रतिक्रिया प्राप्त भएको छः

सि नं	शिर्षक	सूचक	विद्यालय संख्या	प्रतिशत
१	विद्यार्थीहरूले रेडियो नेपाल र नेपाल टेलिभिजन (प्लस) बाट प्रशारण हुने श्रव्यदृश्य सामग्री सुन्ने र हेर्ने गरेको अवस्था	सबै विद्यार्थीले सुन्ने र हेर्ने गरेका	०	०
		आंशिक विद्यार्थीले सुन्ने र हर्ने गरेका	४५	७९
		जानकारीमा छैन	१२	२१
२	CEHRD बाट प्रसारित श्रव्यदृश्य सामग्री विद्यालयलाई शिक्षण सिकाइमा भएको सहयोगको अवस्था	सहयोगी भएको	१३	२३
		खासै प्रभावकारी छैन	२५	४४
		युट्युव र एआईले गर्दा श्रव्यदृश्य सामग्री प्रभावहिन भएको	१९	३३
३		आवश्यक छैन युट्युव र एआईले प्रर्याप्त सामग्री उपलब्ध गराउने	६	१०

	CEHRD बाट रेडियो टेलिभिजनमा प्रसारित सामग्री निरन्तरताको आवश्यकता	आवश्यक छ विद्यार्थीहरूको सिकाईलाई महत्वपूर्ण भूमिका खेलेको छ	१४	२५
		आगामी दिनमा युट्युव तथा शैक्षिक सिकाई सम्बन्धि एप्लिकेशन बनाई भिडियोहरू राख्नु उपयुक्त हुने	३७	६५

उल्लिखित प्रतिक्रियामा रेडियो टेलिभिजनबाट सबै विद्यार्थी सहभागी भएको विद्यालय कुनै पनि नभएको, ४५ विद्यालयका आंशिक विद्यार्थीले मात्र रेडियो टेलिभिजनबाट सामग्री सुन्ने वा हेर्ने गरेको विद्यालयले जनाएको छ, १२ विद्यालयलाई यस कार्यक्रमबारे जानकारी नै नभएको प्रतिक्रिया दिएका छन्। त्यसैगरी ४४ विद्यालयले शिक्षण सिकाइको लागि सहयोगी नभएको उल्लेख गरेका छन्, ३७ विद्यालयले आगामी दिनमा युट्युव तथा शैक्षिक सिकाई सम्बन्धी लर्निङ्ग पोर्टल वा एप्लिकेशन तयार गरी राखुपर्ने प्रतिक्रिया प्राप्त भएको छ। केन्द्रले रेडियो टेलिभिजनबाट प्रसारण हुँदै आएको शैक्षिक सामग्री प्रभावकारी नभएको प्रतिक्रिया प्राप्त भएको सन्दर्भमा श्रव्यदृश्य सामग्री प्रसारण गर्दा धेरै भन्दा धेरै लाभान्वित हुने प्रणालीबाट प्रसारण गर्नुपर्दछ।

४३. स्थलगत अवलोकन तथा दुर लेखापरीक्षण - विद्यालयको स्थलगत अवलोकन दुर लेखापरीक्षण विधि (वित्तीय लेखापरीक्षण प्रतिवेदनको आधारमा तथा तथ्याङ्कको प्रस्तुतिकरण) द्वारा देखिएका समस्या देहायबमोजिम रहेका छन्

४३.१. अमर कल्याण माध्यमिक विद्यालय माईजोगमाई-१ इलाम



अमर कल्याण माध्यमिक विद्यालय माईजोगमाई-१ इलाम

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(४) तथा नियमावली, २०६४ को नियम १२७ (१) मा सार्वजनिक हितको लागि सुविस्ताको आधारमा ठेक्का अन्त्य गर्दा स्वीकार्य रूपमा सम्पन्न भई सकेको कार्य वापत गर्नुपर्ने भुक्तानी सहित अन्त्य गर्न सकिने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ मा खरिद सम्झौता निर्माण व्यवसायीले उल्लंघन गरी समयमा कार्यसम्पादन हुन नसकेमा सार्वजनिक निकायले पूर्वनिर्धारित क्षतिपूर्ति असूल गरी उपचार प्राप्त गर्ने सम्झौताको अन्त्य गर्ने र सम्झौता वमोजिमको काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने व्यवस्था छ। केन्द्रबाट छनोट भएको नमुना माध्यमिक विद्यालय भवन निर्माण अन्तर्गत यस विद्यालयको 'ब्लक ए' र 'ब्लक बी' को फिनिसिङ कार्यको लागि ठेक्का नं. MJRM/NCB/WORKS / २०७९/८० - १५ बाट निर्माण व्यवसायी आर. एन. कन्स्ट्रक्सनसँग मिति २०८०।२।२३ भित्र सम्पन्न गर्ने गरी रु.५६ लाख ६६ हजार ५८० (मु.अ. कर समेत) मा सम्झौता भएको छ। सम्झौता पश्चात निर्माण व्यवसायीले पेश्की स्वरूप रू ४ लाख ७५ हजार लिएको र विद्यालयको खातामा नगद रु. ८९ लाख ६६ हजार २०४ पालिकाबाट रोक्का राखिएको छ तर यस खरिद सम्झौताको म्याद पटक पटक थप भए तापनि निर्माण व्यवसायीले ठेक्काको म्याद समाप्त भैसक्दा समेत कार्यारम्भ गरेको देखिदैन। विद्यालय व्यवस्थापन समितिको मिति २०८०।६।१८ को निर्णयमा विद्यालयको ब्लक ए र ब्लक बी को फिनिसिङको कामको सुरूवात नै नभएकोले पठनपाठन गर्ने भवनको अभाव भएको कारण सम्झौता वमोजिमको काम तत्काल सुरू गराउन गाउँपालिका कार्यालय समक्ष अनुरोध गरेको छ। तोकिएको समयमा निर्माण

व्यवसायीले कार्यप्रारम्भ नगरेकाले पालिकाबाट सम्झौताको शर्त अनुसार कार्यसम्पन्न गराउने अन्यथा कार्य सम्पन्न नभए कानुनी कारबाही अगाडि बढाउनुपर्दछ।

४३.२. **विश्व निकेतन माध्यमिक विद्यालय, त्रिपुरेश्वर काठमाडौं**- विश्व निकेतन माध्यमिक विद्यालयको स्थापना वि.सं. २०१३ माघ १९ गते "विश्व निकेतन स्कुल" को नामले भएको थियो। यस विद्यालयमा ७ वटा विद्यालय भवन र ५८ वटा कक्षाकोठा रहेका छन्। वि.सं. २०८१ को तथ्याङ्क हेर्दा यस विद्यालयमा बालविकास देखि कक्षा १२ सम्म कुल ४२१८ विद्यार्थी र १६२ शिक्षक रहेको पाइयो। यस विद्यालयमा २०८० को एस.ई.ई. मा २७३ जना सहभागी भएकोमा ३.६ देखि ४ जि.पि.ए. ल्याउने ९२ जना, ३.२ देखि ३.६ जि.पि.ए. ल्याउने ८३ जना, २.८ देखि ३.२ जि.पि.ए. ल्याउने ५८ र २.४ देखि २.८ जि.पि.ए. ल्याउने १४ जना रहेका थिए। त्यसैगरी वि. सं. २०८१मा कक्षा १२ को परीक्षामा १ हजार ११४ जना विद्यार्थी सहभागी भएकोमा ९७७ जना विद्यार्थीले २.४ देखि ४ जि.पि.ए. ल्याएर पास गरेका छन्। यस विद्यालयमा विज्ञान, व्यवस्थापन, मानविकी, कानुन र इलेक्टिकल विषयमा कक्षा ११ र १२ को अध्ययन अध्यापन हुने गरेको पाइयो। विद्यालयले खेलकुदका लागि बाग्मती किनारको जग्गालाई खेलकुद ग्राउन्डको रूपमा विकास गरी प्रयोग गर्दै आएको, महानगरपालिकाको आर्थिक सहयोगमा कक्षा १० सम्मका विद्यार्थीलाई निःशुल्क दिवा खाजा उपलब्ध गराएको, शिक्षक विद्यार्थीको दैनिक ई-हाजिरी सञ्चालन गरी त्यसको रेकर्ड सोझै महानगरपालिकालाई जाने जनाएको छ। यस विद्यालयको क्षमता २ हजार ६०० जना विद्यार्थी रहेको भएतापनि शैक्षिक गुणस्तरको कारण विद्यालयमा विद्यार्थीको चाप बढ्न गई वार्षिक करिब ४ हजार ४०० विद्यार्थीलाई अध्यापन गराउनुपरेको विद्यालयले जनाएको छ।





विश्व निकेतन माध्यमिक विद्यालय र यसको विज्ञान प्रयोगशाला

यस विद्यायलको स्थलगत अवलोकन गर्दा विज्ञान प्रयोगशाला तथा अन्य प्रयोगशालामा सरसफाईको कमी रहेको छ। प्रयोगशालामा रहेका केही सामग्रीहरू बिग्रेका, खिया लागेका तथा प्रयोगशालामा प्रयोग गरिसकेपछि सफा नगरी छोडिएको अवस्थामा रहेको छ।

४३.३. **कंकाली माध्यमिक विद्यालय, नैकाप, काठमाडौं**- कंकाली माध्यमिक विद्यालयको स्थापना वि.सं. २०४० सालमा भएको थियो। ९ रोपनी क्षेत्रफलमा फैलिएको यस विद्यालयमा हाल ८४ वटा कक्षा कोठा, ४ वटा स्कुल बस रहेका छन्। यस विद्यालयमा वि.सं.२०८१ को इमिस तथ्याङ्कअनुसार कक्षा १ देखि १२ सम्म ८८८ विद्यार्थीहरू रहेका छन्। नमुना विद्यालय अनुदानबाट प्राप्त रकमबाट २४ कोठे भवन, ४ कोठे भवन, फर्निचर, नृत्य कक्षा, पुस्तकालय, प्रयोगशाला, हरेक शिक्षकलाई ल्यापटप, सामाजिक संग्राहलय, शिक्षक तालिम लगायतको कार्यक्रम सञ्चालन गरेको विद्यालयले जनाएको छ। विद्यालयमा स्थानीय विद्यार्थीको उपस्थिति करिब २० प्रतिशत रहेतापनि

सेवा सुविधाको हिसाबले गुणस्तरिय भएकाले ६२ जिल्लाका विद्यार्थी आएर अध्ययन गरेको विद्यालयले जानकारि दिएको छ। विद्यालयमा दिवा खाजामा विद्यार्थीको सहभागिता कमजोर रहेको, अप्ठ्यारो भूगोलको कारण खेलकुद पूर्वाधार निर्माणमा कठिनाई रहेको, खानेपानीको समस्या रहेको विद्यालयले जनाएको छ। साथै हरेक नमुना विद्यालयमा विज्ञान विषयको अध्ययन गराउने व्यवस्था गरेको भएतापनि यस विद्यालयले विज्ञान विषयमा कक्षा ११ र १२ को शिक्षा सुरू गरेको छैन।




श्री कंकाली माध्यमिक विद्यालय र दिवा खाजामा सहभागी विद्यार्थी

स्थलगत अवलोकनका क्रममा यस विद्यालयले विद्यार्थीका लागि टेवलटेनिस बाहेक अन्य खेलकुदका लागि व्यवस्थित खेलकुद ग्राउण्ड व्यवस्थापन गर्न नसकेको, नमुना माध्यमिक विद्यालयबाट प्राप्त रकमबाट बैठक कक्ष बनाएकोमा सोको सिलिङबाट पानी रसाएको, दिवा खाजा खुला ठाउँमा वितरण गर्ने गरेको र दिवा खाजा वितरण गर्दा कार्यविधिमा भएको मेनु तथा पोषणका लागि आवश्यक खाद्य सामाग्रीहरूको प्रयोग नभएकाले सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिकरण पुस्तिका २०७६ बमोजिमको पोषण गुणस्तर पुग्नेगरी खाजा वितरण नभएको जस्ता समस्याहरू छन्।

४३.४. **श्री कालीदेवी माध्यमिक विद्यालय, महाभारत, काभ्रेपलान्चोक** - नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मान्त्रालय र केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा) ज्ञानेश्वर, काठमाडौं मार्फत एसियाली विकास बैंकको ऋण सहयोग तथा महाभारत गाउँपालिकाको समन्वयमा आ.व. २०७९/०८० मा सम्पन्न हुनेगरी भ्याट बाहेक रू ६ करोड ९६ लाख ६१ हजारमा १८ कोठे भवन तत्कालिन प्रदेश मुख्यमन्त्रीबाट शिल्यान्यास भएकोमा निर्माण व्यावसायीले सम्झौता अनुसार भवन समयमै सम्पन्न नगर्दा विद्यार्थीहरू जस्ता पाताले बारेको कोठामा बस्ने र अध्ययन गर्ने गरेकोमा सोही कक्षा कोठा पनि हावाहुरी तथा वर्षाले प्रभावित पारेको अवस्था छ। सम्झौता अनुसार भवन निर्माण कार्य समयमै गराई पठनपाठनलाई सरल बनाउनु पर्दछ।




अस्थायी रूपमा जस्ता पाताले बारेर बनाएको कक्षाकोठा हावाहुरीले गर्दा क्षति पुगेको अवस्था, र अलपत्र परेको निर्माणाधिन विद्यालय

४३.५. **गोकुले माध्यमिक विद्यालय, महाभारत, काभ्रेपलान्चोक -** यस विद्यालयको भौतिक निर्माणका लागि २०७८ मंसिर १० गते सम्झौता भई २ वर्षभित्र करिब ६ करोड ५० लाखमा सम्पन्न गर्ने लक्ष्य रहेकोमा निर्माण कम्पनीको लापरबाहीले २०८२ चैत्र सम्म सम्पन्न हुन सकेको छैन। विद्यालयले दिएको जानकारी अनुसार उक्त निर्माण कम्पनीलाई पटक पटकको ताकेतापश्चात हाल कार्य सुरू गरेको जानकारी प्राप्त भएको छ।





निर्माणाधिन गोकुले माध्यमिक विद्यालय भवन र हाल अध्यापन हुँदै आएको विद्यालय भवन

विद्यालयले लामो समयदेखि विद्यालय भवनको अभावमा विद्यालयको ल्याब, पुस्तकालय, वैठक कक्ष आदि स्थानमा विद्यार्थीहरूलाई राखि कक्षा सञ्चालन गर्दै आएको जनाएको छ। सम्झौता अनुसार विद्यालय भवनको निर्माण कार्य सम्पन्न गरी विद्यार्थीहरूलाई सहज वातावरणमा अध्ययन गराउनुपर्दछ।

४४. **विद्यालयको प्रतिक्रिया** - विद्यालयलाई हाल सामुदायिक विद्यायलयमा शैक्षिक गुणस्तर सुधारका लागि हुने गरेका समस्या र त्यसको समाधानका उपायहरू सोधिएकोमा अधिकांश विद्यालयहरूले विद्यालयको दरबन्दी मिलान हुन नसकेको, शिक्षकलाई प्रयाप्त तालिमको अभाव, विद्यालय सञ्चालन र व्यवस्थापन खर्चमा कमी, शिक्षकको पारिश्रमिकमा कमी, विद्यालयमा अत्याधिक राजनीतिकरण, थोरै विद्यार्थी भएका विद्यालयलाई अन्य विद्यालयमा गाभ्न नसक्नु, प्रविधिको उपयोगमा कमी, खेलकुद पूर्वाधारमा कमी, ल्याको अभाव, अस्पष्ट कानुन हुँदा विद्यालयका कार्यक्रम कार्यान्वयनमा अलमल हुनु, विषयगत शिक्षकको अभावमा एकै शिक्षकले धेरै विषय पढाउनुपर्ने वाध्यता, कमजोर अनुगमन मूल्याङ्कन हुनु जस्ता समस्याहरू उजागर गरेका छन्। यसको समाधानका लागि विद्यालयले संघीय शिक्षा ऐन जारी गर्ने, विद्यालयको सञ्चालन र व्यवस्थापन खर्चमा वृद्धि गर्नुपर्ने, नमुना र व्यवस्थित रुपमा संचालित विद्यालयमा थोरै विद्यार्थी हुने विद्यालय मर्ज गर्नुपर्ने, शिक्षक तालिम र सुविधा बढाउनुपर्ने, विद्यार्थी अनुसार दरबन्दी मिलान गर्नुपर्ने, विद्यालयमा निशुल्क पानी बिजुलीको व्यवस्था मिलाउनुपर्ने, प्रविधिमैत्री कक्षा व्यवस्थापन गर्नुपर्ने, स्कुल बसको व्यवस्था गर्नुपर्ने लगायतका सुझावहरू दिएका छन्। विद्यालयबाट सङ्कलित केही नमुना समस्या र सुझाव यसप्रकार रहेका छन्:



प्रमुख समस्याहरू

१. पाठ्यभार शिक्षक र विद्यार्थीको भार बनेकाले गुणात्मक शिक्षाको पाठ्यभार घटाइ अनिवार्य हुन गर्ने र परियोजनामा आधारित कोराकाग्दले स्वःरोजगारी शिक्षा नगएको, शिक्षकको पुनर्तालिम।

२. विद्यार्थी अनुपातमा धेरै विद्यार्थी भएका विद्यालयमा शिक्षक दरबन्दी हुँदा तर सञ्चालनिक खर्चका लागि दरबन्दीमा सेडिङ्केट।

३. कार्यक्रम गर्ने, अभिलेखकतर्फ शिक्षा दिने हुन हुँदा।

४. कमी र खुबी अनुसारको मार्गमा विद्यार्थी डिइन पाएन।

४२. विद्यालयमा देखा परेका समस्या समाधानका उपायहरू के हुन सक्छन्, उल्लेख गर्नुहोस् ।

१. मिनेट, मिनेटको आठाना हुनेगरी शिक्षकलाई कार्य दिनेतर आवश्यक सुदृढीकरण ऊर्जाशिर हुनेगरी सेवा सुविधा दिने।

२. project based र अभ्यासमा शिक्षा विद्यार्थीलाई

३. विद्यालयका कक्षा ८ का विद्यार्थीहरूलाई अनिवार्य वृत्तिमूलक निर्देशन कार्यक्रम सञ्चालन गर्ने,

४. दरबन्दी मिलान र विद्यालय तर्ज कार्यक्रम लागू गरी विषयगत दरबन्दी व्यवस्थापन गर्ने,

५. माथिवाट विद्यार्थीलाई निश्चित तहपासरेपछि विना लाइसेन्स शिक्षकमा छिड्न दिने।

६. सबै विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्ने

७. पानीकाजे नाडामा सबै विद्यार्थीलाई स्कुलवस्सम्म

८. कार्यक्रम हल, खेलमैदान, पुस्तकालय निर्माण गर्नुपर्ने दायित्व।



(i) खानेपानी तथा शौचालयको अभाव
(ii) छुट्टै प्रयोगशाला कक्ष नभएको
(iii) क्यान्टिन नभएको (व्यवस्थाको माग)
(iv) बस (यातायात) सुविधाको अभाव
(v) मूसलन्ढ खर्च अपुग
(vi) विद्युत महशुल, ले.प. दस्तूर, आन्तरिक परीक्षा खर्च संघ/स्थानीय तहबाट प्राप्त नहुनु
(vii) तलब बाहेक अन्य सबै बजेट समयमा प्राप्त नहुनु

४२. विद्यालयमा देखा परेका समस्या समाधानका उपायहरू के हुन सक्छन्, उल्लेख गर्नुहोस् ।

(i) संघ/प्रदेश/गै.स.सं. मार्फत शौचालय निर्माण तथा खानेपानी को उचित प्रबन्ध
(ii) स्थानीय पालिकाबाट क्यान्टिनको निर्माण
(iii) दीवा खाजाको जिम्मेवारी पूर्णतया स्थानीय पालिकालाई हुनुपर्ने
(iv) ०-१२ यस सञ्चालित विद्यालयहरूलाई प्रति वर्ष मसलन्द खर्च का लागि कम्तीमा रु १,००,०००/- अक्षरेपि रु एकलाख मात्र अथवा विद्यार्थी संख्याको आधारमा निर्धारण गर्नुपर्ने
(v) विद्युत महशुल, ले.प. दस्तूर, आन्तरिक परीक्षा खर्च स्थानीय पालिकाबाट व्यवस्थापन गर्नुपर्ने
(vi) यातायातको व्यवस्थापन कृषि निकायबाट गरिनुपर्ने
(vii) संघीय बजेट पुष मसान्तमा विद्यालय खातामा निकासा हुनुपर्ने
(viii) शिक्षक तलब मासिक निकासा हुनुपर्ने

४५. विद्यालयको अनुगमन- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को १.१ बमोजिम आर्थिक वर्ष २०७९।८० देखि कार्यान्वयनमा आएको विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) लाई नेपाल सरकार लगायत विभिन्न दातृ निकायको सहायतामा कार्यान्वयनमा ल्याएइको छ। योजना कार्यान्वयनका लागि प्राप्त हुने वैदेशिक सहायता नतिजामा आधारित रहेकाले तोकिएको नतिजामा आधारित सूचक (DLI) तथा योजनाको कार्यक्रमको नतिजा ढाँचा (PRF) मा उल्लेख भएका परिमाणात्मक लक्ष्यहरूको नतिजाको सत्यापन तेस्रो स्वतन्त्र सत्यापन निकाय (IVA) बाट हुने तथा सोका आधारमा विकास साझेदारबाट तोकिएको रकम सोधभर्ना हुने व्यवस्था रहेको छ। त्यस्तै, कार्यविधिको दफा १.७ (६) बमोजिम योजना कार्यान्वयनको निरीक्षण अनुगमन स्थानीय तहले संघ, प्रदेश र स्थानीय तह तथा विभिन्न सङ्घ संस्था र निकायबाट विभिन्न शिर्षकहरूमा गरिएको निकासाको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने, शिक्षा विकास तथा समन्वय इकाइले संघीय सरकारबाट स्थानीय तहमार्फत शशर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरण भई सञ्चालित भएका दिवा खाजा, पाठ्यपुस्तकको वितरण, छात्रवृत्ति वितरण, शिक्षण सिकाइ अनुदान, भौतिक पूर्वाधार निर्माण लगायतका समग्र कार्यक्रमको जिल्ला भित्रको कार्यान्वयनको अवस्था अनुगमन गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई पठाउने तथा संघीय निकाय, शिक्षा विकास तथा समयन्वय इकाइ र प्रदेश सरकारले स्थानीय सरकारको सहयोग लिइ अनुगमन गर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा सर्वेक्षणमा सहभागी ५७ विद्यालयहरूबाट विद्यालयमा हुने गरेको अनुगमनको सम्बन्धमा देहायबमोजिम प्रतिक्रिया प्राप्त भएको छः

सि नं	शिर्षक	सूचक	विद्यालय संख्या	प्रतिशत
१	विद्यालयमा विभिन्न निकायबाट हुने गरेको अनुगमनको अवस्था	स्थानीय तहबाट मात्रै अनुगमन	१२	२१
		केन्द्र, जिल्ला शिक्षा समन्वय इकाइ र स्थानीय तहबाट नियमित अनुगमन	८	१४
		कहिलेकाँही, औपचारिकतामा सिमित	२२	३९
		अनुगमन नै नगरेको	१५	२६

उल्लिखित विद्यालयहरूको प्रतिक्रिया बमोजिम ४२ विद्यालयमा नियमित तथा कहिलेकाँही अनुगमन हुने गरेकोमा २२ अनुगमन औपचारिकताका लागि मात्र हुने गरेको खुलेको छ। १५ विद्यालयहरूमा अनुगमन नै नभएको अवस्था छ। अनुगमन गर्ने निकायहरूले विद्यालयहरूको नियमित अनुगमन गरी विद्यालयको शैक्षिक तथा भौतिक सुधारका लागि आवश्यक योजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

परिच्छेद - ४

निष्कर्ष र सुझाउ

विद्यालय क्षेत्र विकास कार्यक्रममार्फत भौतिक पहुँचमा क्रमिक सुधार देखिए तापनि संघीय शिक्षा ऐनको अभावमा विनियोजित बजेटको न्यून परिचालन, शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्क र वास्तविक उपस्थितिबिचको अन्तरले छात्रवृत्ति, दिवा खाजा र पाठ्यपुस्तकको बजेट खर्च, विद्यालयको समायोजन तथा एकीकरण, विद्यालयको भौतिक पूर्वाधार निर्माण, वर्तमान अवस्थामा दूर शिक्षा कार्यक्रमको सान्दर्भिकता र नियमितितामा चुनौती थपिएको छ। तसर्थ सङ्घीय संरचना र संविधानको भावना अनुकूल हुने गरी शिक्षा ऐनमा परिमार्जन, इमिस तथ्याङ्कका आधारमा छात्रवृत्ति, पाठ्यपुस्तक तथा दिवाखाजाको व्यवस्थापन, विद्यार्थी र शिक्षकको अनुपातका आधारमा विद्यालयको समायोजन तथा एकीकरण, विद्यालय भवन निर्माण र विद्यार्थीको सङ्ख्या सञ्चार माध्यमको प्रयोगद्वारा कार्यान्वयन भएका दूर शिक्षा कार्यक्रमको पुनरावलोकन गरी विद्यालय शिक्षा क्षेत्र योजनालाई व्यवस्थित र प्रभावकारी बनाउनुपर्दछ।

कार्यमूलक लेखापरीक्षणबाट देखिएका परिच्छेद ३ मा उल्लिखित बेहोराको सुधारका लागि देहायबमोजिमको सुझाव प्रस्तुत गरिएको छः

- संघीय संविधानको भावना अनुरूप संघीय शिक्षा ऐन जारी गरी तीनै तहको कार्यक्षेत्रमा स्पष्टता ल्याउने र विद्यालय भवन निर्माणमा एकीकृत मापडण्ड र एकद्वार प्रणाली लागू गर्ने।
- विद्यार्थी संख्या र भूगोलका आधारमा दरबन्दी पुनरावलोकन गर्ने, 'शिक्षक बैंक' को अवधारणा कार्यान्वयन गर्ने र पालिका मार्फत मासिक तलब भुक्तानीको सुनिश्चितता गर्ने।
- परम्परागत प्रसारणका बजेट कटौती गरी एआई, मोबाइल एप र युट्युब जस्ता 'अन-डिमाण्ड' सामग्रीमा लगानी गर्ने तथा कक्षाकोठामा स्मार्टबोर्ड र डिजिटल हाजिरी अनिवार्य गर्ने।
- विद्यालय सुधार योजनाका आधारमा मात्र बजेट विनियोजन गर्ने र इमिसको विवरणलाई स्थानीय तहबाट भौतिक रूपमा प्रमाणित गरेर मात्र अनुदान निकासा गर्ने पद्धति बसाल्ने।
- भवन निर्माण गर्दा खानेपानी, विद्युतीकरण र अपाङ्गतामैत्री शौचालय सहितको 'पूर्ण भवन' प्याकेज मात्र हस्तान्तरण गर्ने र निर्माण कार्य विद्यालयको साटो पालिका मार्फत प्रतिस्पर्धात्मक विधिबाट गर्ने।
- न्यून विद्यार्थी भएका विद्यालयको समायोजन गर्ने र नमुना विद्यालय लगायतका संरचनाहरूको दिगोपनका लागि स्थानीय तहले मर्मत-संभार कोषको व्यवस्था गर्ने।
- दिवा खाजालाई विद्यार्थी उपस्थितिको आधार बनाउने र विद्यार्थीको आकर्षण बढी भएका विद्यालयहरूमा थप शिक्षक र प्रविधिको प्राथमिकताका साथ व्यवस्थापन गर्ने।

अनुसूची १- नमुना विद्यालयको सर्वेक्षणबाट विद्यालयहरूले उपलब्ध गराएको आम्दानी र खर्चको विवरण र शिक्षा तथा मानव स्रोत केन्द्रले उपलब्ध गराएको निकासा र खर्चको विवरण।

सि.नं	विद्यालयको नाम	जिल्ला	पालिका	नमुना विद्यालयबाट प्राप्त विवरण अनुसार २०८२ असार मसान्त सम्म		शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त विवरण अनुसार २०८२ असार मसान्त सम्म		कुल निकासामा भएको फरक	खर्चमा भएको फरक
				कुल प्राप्ति	कुल खर्च	कुल निकासा	कुल खर्च		
१	अमर ज्योति (प्राविधिक) मा वि	नुवाकोट	तादी	६००००	५४०००	४३०००	४३०००	१७०००	११०००
२	जनता मा वि	मकवानपुर	वागमती	५६०००	५६०००	४४९००	३४१३८	१११००	२१८६२
३	जनहित मा वि	मुस्ताङ	जोमसोम	७३३४२	६९८७९	६८१४७	६८१४२	५१९५	१७३७
४	त्रिवेणी मा वि	रुकुम पश्चिम	त्रिवेणी	७५०५०	७५०५०	७४६५०	७०१५०	४००	४९००
५	पुनर्वास जनता मा वि	कञ्चनपुर	पुनर्वास	५०००००	५०००००	५४०००	४३०००	-४०००	७०००
६	महेन्द्र मा वि	गुल्मी	रेसुङ्गा	६०४२५	६०४२५	६०६०१	६०६०१	-१७६	-१७६
७	वहाकी मा वि	पर्वत	विहादी	५४०००	४९४०९	५४०००	३९३००	०	१०१०९
८	हिमालय मा वि	पर्वत	कुश्मा	७०७६०	५०१३३	६०७६०	४२६०१	१००००	७५३२
९	क्षेत्रपाल मा वि	नुवाकोट	लिखु	७१५४४	६२४२९	७०५४४	६४६२९	१०००	-२२००
१०	विद्योदय मा वि	भोजपुर	भोजपुर	६२९९०	६२९६१	५२३००	५२३००	१०६९०	१०६६१
११	देवनारायण वैद्यनाथ जनता नमुना मा वि	धनुषा	मुखियापट्टी मुसहरनिया	७२१०८	४२७४१	६००००	२९९७४	१२१०८	१२७६७
१२	जनता मा वि	इलाम	चुलाचुली	५४०००	५२३००	५४०००	५१०२२	०	१२७८
१३	जमुनाखर्क मा वि	म्याग्दी	बेनी	६४१००	५०८००	४२३६८	४०८९३	२१७३२	९९०७
१४	पञ्चकृष्ण मा वि	धनकुटा	सहिदभूमि	५४०००	४४०००	५४०००	४२५५४	०	१४४६
१५	पब्लिक हाइ स्कुल	सुनसरी	धरान	७४९१८	७४३०८	५८९१८	५८३०८	१६०००	१६०००
१६	फिक्कल मा वि	इलाम	सुर्योदय	७२०००	७२०००	७२०००	६९७५०	०	२२५०
१७	महेन्द्र मा वि	नुवाकोट	ककनी	७१५६०	७१५६०	१६२३६०	७०५६०	-९०८००	१०००
१८	माछापुछ्रे मा वि	कास्की	अन्नपूर्ण	७४६००	७५४४३	७१६००	६९५११	३०००	५९३२
१९	सिनाम मा वि	ताप्लेजुङ	सिरिजंघा	५०००००	५०००००	५३०००	५३०००	-३०००	-३०००
२०	हिमालय मा वि	रुकुम पश्चिम	चौरजहारी	७४०००	७४०००	७४०००	६४०००	०	१०००००
२१	पुण्य मा वि	धनकुटा	चौविसे	६९०००	६६७९५	६६०००	६३७९९	३०००	२९९६
२२	पञ्चायत मा वि	मोरङ	पथरी शनिश्चरे	६५०००	६५०००	७५८७६	६९८७६	-१०८७६	-४८७६
२३	केरवानी मा वि	रुपन्देही	देवदह नपा	५२८९४	५२८९४	५३३६२	४१७७१	-४६८	१११२३
२४	कन्काई मा वि	झापा	कनकाई नपा	६४९५०	६४९५०	६४१७५	६४१७५	७७५	७७५
जम्मा				१५४७२४१	१४४७०७७	१५४४६६१	१३०७०५४	२६८०	१४००२३

व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि** - संयुक्त राष्ट्र सङ्घको महासभाले अनुमोदन गरे अनुसार नेपाल सन् २०२६ देखि अतिकम विकसित देशको समूहबाट विकासशील मुलुकमा स्तरोन्नती हुँदा उत्पादन र रोजगारीको सम्बन्ध सुदृढ गर्नुपर्ने आवश्यकता छ। सरकारले आ.व. २०८२।८३ देखि २०९१।९२ सम्मलाई आन्तरिक रोजगारीको दशक घोषणा गरी कार्यान्वयनमा ल्याएको छ। नेपालको जनगणना, २०७८ ले जनसंख्याको उमेरगत समूह अनुसार १५ देखि ५९ वर्षको क्रियाशील श्रमशक्तिको जनसंख्या ६१.९६ प्रतिशत रहेको अवस्थामा जनसांख्यकीय लाभका लागिसमेत व्यावसायिक सिप विकास तालिमको आवश्यकता रहेको छ। शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग र श्रमलाई उत्पादनसँग जोडी मुलुकको समग्र आर्थिक विकासमा श्रम शक्तिको योगदान गर्नसक्ने दक्ष जनशक्ति उत्पादनका लागि गुणस्तरीय तालिमको आवश्यकता छ। सिप विकासमार्फत् रोजगार वा व्यवसाय गर्न सकिने कौशलता सिर्जना गर्न व्यावसायिक सिप विकासको महत्वपूर्ण भूमिका रहन्छ। आयआर्जन र रोजगारीसँग प्रत्यक्ष जोडिएको जनरल मेकानिक्स, विद्युत जडान, प्लम्बिङ्ग, केश श्रृङ्गार, सिलाई कटाई, कम्प्युटर तथा इलेक्ट्रोनिक्स मर्मत, मोबाईल फोन मर्मत, मोटरसाईकल मर्मत, अटोमेकानिक्स, कुक, हाउसकिपिङ, क्लिनर लगायतका सिपमूलक तालिमहरूले व्यक्तिलाई तत्काल रोजगारीमा जोड्ने भएकोले अर्थतन्त्रका लागि समेत यस्ता तालिमको आवश्यकता रहेको छ।

प्रमुख कार्यसम्पादन सूचक (KPI)

- व्यावसायिक सिप तथा तालिम नीति निर्माण र कार्यान्वयन
- व्यावसायिक सिप तथा तालिम पाठ्यक्रम निर्माण
- तालिम आवश्यकता पहिचान
- व्यावसायिक सिप तथा तालिम सञ्चालन
- तालिम कार्यशाला व्यवस्थापन
- सिप परीक्षण तथा प्रभाव मूल्याङ्कन

२. **निकायको परिचय** - विराटनगर जुट मिल परिसरमा वि.सं. २०१६ सालमा व्यावसायिक प्रशिक्षण केन्द्रको स्थापना भएकोमा तत्पश्चात क्रमश: २०३९ सालमा ईटहरी, वि.सं. २०६१ सालमा विराटनगर, कटारी, ओखलढुङ्गामा सिप विकास तालिम केन्द्र स्थापना भएको थियो। श्रम तथा रोजगार मन्त्रालयअन्तर्गत देशका विभिन्न १६ स्थानमा व्यावसायिक तथा सिप विकास तालिम केन्द्र रहेकोमा वि.सं. २०७५ सालमा पुनर्संरचना गरी व्यावसायिक तथा सिप विकास तालिम केन्द्र भैसेपाटी, बुटवल र इटहरीमा तालिम सञ्चालन हुँदै आएकोमा २०८०।०८।११ देखि व्यावसायिक तथा सिप विकास तालिम प्रतिष्ठान गठन आदेश जारी भई केन्द्रलाई प्रतिष्ठान बनाइएको छ। प्रतिष्ठानले जनरल मेकानिक्स, विद्युत जडान, प्लम्बिङ्ग, केश श्रृङ्गार, सिलाई कटाई, इलेक्ट्रोनिक्स मर्मत, मोबाईल फोन मर्मत, मोटरसाईकल मर्मत, अटोमेकानिक्स, कम्प्युटर, कुक, हाउसकिपिङ, क्लिनर लगायत तालिमहरू सञ्चालन गर्दै आएको छ।

३. **नीतिगत व्यवस्था** - सिप विकास तालिमका लागि निम्न अनुसारका नीतिगत तथा योजनाबद्ध रणनीति र बजेट बक्तव्य रहेको देखिन्छ।

३.१. **प्रमुख नीतिहरू**

- सिप विकास प्रणालीको मापदण्ड, निर्देशिका र कार्यदिशमा सामाञ्जस्यता तथा स्पष्ट सुधार ल्याउने, श्रम तथा रोजगार मन्त्रालयलाई स्रोत साधन सम्पन्न बनाई श्रम बजार सूचना बिश्लेषण इकाई स्थापना गर्ने उद्देश्य सहित राष्ट्रिय रोजगार नीति, २०७१ कार्यान्वयनमा रहेको छ।

- प्रतिस्पर्धात्मक क्षमता सहितका सिपयुक्त जनशक्ति विकास गरी बैदेशिक रोजगारको लाभलाई अधिकतम गर्ने उद्देश्यले वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयनमा ल्याइएको छ।
- अनुसन्धान र विकासमा प्रतिवद्ध प्रतिस्पर्धी जनशक्ति विकास गर्न विद्यालय तथा बिश्वविद्यालय, तालिम प्रदायक संस्था र अनुसन्धानमूलक निकायको क्षमता अभिबृद्धि गर्न राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्धन नीति, २०७६ कार्यान्वयनमा रहेको छ।
- प्राविधिक तथा व्यवसायिक सिप विकास तालिम कार्यक्रमहरू सञ्चालनमा सरकारी निकायका साथै सहकारी संस्थाहरू, गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू र निजी क्षेत्रलाई समेत परिचालन गर्ने रणनीति सहित गरिवी निबारण नीति, २०७६ कार्यान्वयनमा रहेको छ।

३.२. **आवधिक योजना** – नेपाल सरकारको सोह्रौं योजना (२०८१।८२ - २०८५।८६) ले रोजगारी तथा व्यवसायिक सिपसँग सम्बन्धित लिएका मुख्य रणनीतिहरू देहाय अनुसार रहेका छन्:

- नीतिगत र संस्थागत सुधार गर्ने
- भौतिक तथा अन्य पूर्वाधारको व्यवस्था गर्ने
- राष्ट्रिय जनशक्ति विकास योजना तर्जुमा गर्ने
- शिक्षा र सिपलाई उत्पादन र बजारसँग आबद्ध गर्ने

उपरोक्त रणनीति अनुरूप सञ्चालन हुने प्रमुख कार्यक्रम देहाय अनुसार रहेका छन्:

- बजारको माग अनुसार सिपयुक्त जनशक्ति उत्पादन गर्ने गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने
- मानव स्रोतको आवश्यकता प्रक्षेपण र दक्ष जनशक्ति उत्पादनका कार्यक्रम सञ्चालन गर्ने
- कक्षा १० पछिको दुई महिना जीवन उपयोगी शिक्षा सञ्चालन कार्यक्रम

३.३. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्यमा व्यावसायिक सिप विकासका लागि उल्लेख भएका लक्ष्य प्राप्तिका लागि नेपाल सरकारबाट सञ्चालन हुने क्रियाकलाप देहाय अनुसार रहेका छन्।

लक्ष्य	क्रियाकलाप
४.समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता र जीवनपर्यान्त सिकाइका अवसरहरू प्रदान गर्ने.	• व्यावसायिक तथा सिपमूलक तालिम सञ्चालन गर्ने, • सिपमूलक तालिम (वैदेशिक रोजगारीमा जाने श्रमशक्तिका लागि सिपमूलक तालिम सञ्चालन), • सिप परीक्षण गरी सिप प्रमाणीकरणसम्बन्धी कार्यक्रम, • रोजगारमूलक व्यावसायिक तथा सिप विकास कार्यक्रमहरू, • औद्योगिक क्षेत्रसँग काम गर्दै सिक्ने इन्टर्न कार्यक्रमहरू। • स्थानीय आवश्यकता एवं सम्भावनामा आधारित व्यावसायिक शिक्षा, • स्थानीय अवसर तथा परम्परागत अनुकूलका उद्यम, ज्ञान तथा सिप अनुकूलका तालिमहरू।
८. भरपर्दो समावेशी र दिगो आर्थिक बृद्धि तथा उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने	• उद्यमशीलता विकास र प्रवर्धन सम्बन्धी कार्यक्रम • समभाव्य क्षेत्रमा उद्यमशीलतासम्बन्धी अनुशिक्षण, अध्यायन भ्रमण तथा अन्तरक्रिया कार्यक्रम

३.४. **बजेट वक्तव्य** - सिप विकास सम्बन्धमा विगत ३ वर्षको बजेट बक्तव्यमा देहाय बमोजिम रहेका छन्।

आर्थिक वर्ष	बजेट वक्तव्यमा भएको बेहोरा
२०७९।८०	• मर्यादित श्रम र उत्पादित रोजगारीको माध्यमबाट श्रम बजारमा प्रवेश गर्न योग्य जनशक्तिलाई रोजगारी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्यमा सिपमूलक व्यावसायिक तालिम कार्यक्रमहरू सञ्चालन गरिने, • सबै सिपमूलक तालिम प्राप्त व्यक्तिको अभिलेख व्यवस्थित गरिने, रोजगार सम्बद्ध कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाई दोहोरोपना हटाउन र सिपमूलक तालिमलाई समन्वयात्मक ढङ्गले सञ्चालन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको नेतृत्वमा उच्चस्तरीय समन्वय समिति गठन गरिने, • सातै प्रदेशमा बहुउद्देश्यीय तालिम केन्द्र स्थापना गरी सञ्चालन गरिने, विद्यार्थीलाई कक्षा कोठाबाटै व्यावसायिक ज्ञान र सिप प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिने।
२०८०।८१	• स्थानीय सिप कला साहित्य र संस्कृतिको सम्बर्धन र प्रवर्धन गर्न वडास्तरमा मौलिक कार्यक्रम सञ्चालन गरिने, • वैदेशिक रोजगारबाट फर्किएका प्रवर्धन गर्न रिटर्नी उद्यमशील कार्यक्रम सञ्चालन गरिने, • तालिम प्रतिष्ठानलाई अन्तर्राष्ट्रिय स्तरको बहुउद्देशीय तालिम केन्द्रको रूपमा विकास गरिने, • अध्ययनका क्षेत्र र पेशा छनोट गर्न करियर काउन्सिलिङ कार्यक्रम सञ्चालन गरिने, • श्रम बजारको मागमा आधारित प्राविधिक शिक्षालयको नक्साङ्कन गरिने, सिपयुक्त प्राविधिक जनशक्ति उत्पादन गरिने।
२०८१।८२	• स्थानीय सिप, कला, साहित्य र संस्कृतिको सम्बर्धन र प्रवर्धन गर्न वडास्तरमा मौलिक कार्यक्रम सञ्चालन गरिने, • वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सिपयुक्त बनाइने, तालिम प्रतिष्ठानलाई अन्तर्राष्ट्रिय स्तरको बहुउद्देश्यीय तालिम केन्द्रको रूपमा विकास गरिने, • साथीबाट सिक्ने र साथीलाई सिकाउने कार्यक्रम सञ्चालन गरी विद्यार्थीहरूको सिकाई अभिवृद्धि तथा शैक्षिक नेतृत्व विकास गरिने, • श्रम बजारको मागमा आधारित प्राविधिक शिक्षालयको नक्साङ्कन गरिने, उच्च माग तथा पारिश्रमिक भएका क्षेत्र पहिचान गरी सिपयुक्त प्राविधिक जनशक्ति उत्पादन गरिने।

४. **कानुनी व्यवस्था** - सिप विकास तालिमसँग सम्बन्धित निम्न अनुसारका कानुनहरू रहेको छन् :

- राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन)आदेश, २०८० मा प्रतिष्ठानको काम कर्तव्य र अधिकार व्यवस्थित गरिएको।
- व्यावसायिक तथा सिप विकास तालिम सञ्चालन निर्देशिका, २०७७ ले तालिम सञ्चालन प्रक्रियालाई व्यवस्थित गरिएको।
- रोजगारिको हक सम्बन्धी ऐन तथा नियमावली, २०७५ अनुसार प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्ने, आफ्नो क्षमता अनुसारको रोजगारी छनोटको अवसर प्रदान गर्ने तथा बेरोजगार सहायता सम्बन्धमा आवस्यक व्यवस्था गरिने उल्लेख छ।
- वैदेशिक रोजगार ऐन, २०६४, सिपमूलक तालिम आवश्यक पर्ने काम गर्न बैदेशिक रोजगारमा जाने कामदारले नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट तालिम लिनुपर्ने र दफा ३०क ले ६ महिनासम्मको तालिमको सिप परीक्षण राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानले गर्ने व्यवस्था।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ ले बजेट व्यवस्थापन, खर्च प्रक्रिया तथा अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था गरेको।
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले तालिम परामर्श सेवा खरिद तथा अन्य खरिद व्यवस्थापन सम्बन्धी विविध व्यवस्था गरेको।

५. **वित्तीय व्यवस्था -** व्यावसायिक सिप विकास तालिमका लागि राष्ट्रिय व्यावसायिक प्रतिष्ठानबाट आर्थिक वर्ष २०७७।७८ देखि २०८१।८२ सम्म भएको विनियोजन तथा खर्चको विवरण निम्न बमोजिम देखिएको छ।

(रकम रु हजारमा)

आर्थिक वर्ष	विनियोजित बजेट		खर्च		खर्च प्रतिशत	
	चालु	पुँजीगत	चालु	पुँजीगत	चालु	पुँजीगत
२०७७।७८	२०६५६५	१२७०	२७५४२	११८८	१३.३३	९३.५८
२०७८।७९	१६६९५१	४१७०	१३१६९९	३६८४	७८.८८	८८.३३
२०७९।८०	१४८०२६	३३१०	१०२६८८	२३९१	६९.३७	७२.२४
२०८०।८१	१५३२०३	१०००	२८०६६	४२	१८.३२	४.२४
२०८१।८२	१४५७७०	१४४७००	८९०३५	१४७७	६१.०८	१.०२

६. **लेखापरीक्षणको औचित्य -** आर्थिक वर्ष २०८१।८२ फाल्गुणसम्मको आर्थिक सर्वेक्षणमा नेपाली श्रम बजारमा वार्षिक ४ लाख भन्दा बढी जनशक्ति उपलव्ध हुँदै आएपनि पर्याप्त तालिम तथा सिपको अभावले उपयुक्त रोजगारी प्राप्त नभएको तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालले प्रकाशित गरेको प्रतिवेदन अनुसार ७४३ स्थानीय तहबाट प्राप्त तथ्याङ्क अनुसार ७ लाख ९८ हजार बेरोजगार सूचीकृत भएको उल्लेख छ। साथै सङ्घ, प्रदेश र स्थानीय निकाय एवं विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले छोटो अवधिको तालिम सञ्चालन गर्न प्रत्येक वर्ष श्रोत, साधन परिचालन गर्दै आएको देखिन्छ। सरकारले व्यावसायिक सिप विकास तथा तालिम प्रतिष्ठानलाई उपलब्ध गराएको श्रोत र साधनको उपयोग गर्दा मितव्ययिता, कार्यदक्षतापूर्वक परिचालन गरी दक्ष जनशक्ति उत्पादनमा प्रभावकारिता अभिवृद्धि भए नभएको सम्बन्धमा स्वतन्त्र एवं वस्तुगत मूल्याङ्कन गर्न यो विषयको छनोट गरिएको हो।

परिच्छेद - २

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

७. **लेखापरीक्षणको उद्देश्य** - प्रतिष्ठानबाट सञ्चालित व्यावसायिक तथा सिपयुक्त जनशक्ति उत्पादन गर्ने कार्यमा प्रयोग भएको स्रोत साधनको उपयोग र उत्पादित जनशक्तिको दक्षता तथा तालिमको उपलब्धिको प्रभावकारिता मूल्याङ्कन गर्ने लेखापरीक्षणको मुख्य उद्देश्य रहेको थियो। लेखापरीक्षणका सहायक उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

- तालिम सम्बन्धी नीतिगत, कानुनी व्यवस्था र वार्षिक कार्यक्रमबीच सामाञ्जस्यता,
- तालिमको आवश्यकता पहिचान तथा पाठ्यक्रम समय सापेक्ष भए नभएको,
- तालिम सञ्चालनका लागि स्रोत साधनको प्राप्ति तथा उपयोग मूल्याङ्कन,
- सञ्चालित तालिमबाट रोजगारीको अवसर प्राप्त गरे नगरेको अवस्था पहिचान,

८. **लेखापरीक्षणको क्षेत्र** - प्रतिष्ठानले सञ्चालन गरेको व्यावसायिक सिप विकास तालिमसँग सम्बन्धित ३ बर्षको क्रियाकलापहरूलाई लेखापरीक्षणको क्षेत्रमा समाबेश गरी उपलव्ध तथ्याङ्क तथा सूचनालाई लेखापरीक्षणको क्षेत्र मानिएको छ। साथै प्रतिष्ठानबाट तालिम लिएका १०० पूर्व/प्रशिक्षार्थीलाई समेत प्रश्नालीमार्फत् समावेश गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आबश्यकता अनुसार सम्बन्धित नियकायबाट तथ्याङ्क, सूचना एवं जानकारी लिई बिश्लेषण गरिएको छ।

९. **लेखापरीक्षण पद्धति** - नेपाल सरकारी लेखापरीक्षण मान एवं कार्यमूलक लेखापरीक्षण निर्देशिका, २०८२ बमोजिमका लेखापरीक्षण पद्धति अवलम्बन गरिएको छ। लेखापरीक्षण कार्यमा विषयसँग सम्बन्धित समीक्षा पत्र, लेखापरीक्षण मानदण्ड र लेखापरीक्षण योजना बमोजिमका छलफल, प्रश्नावली, प्राथमिक तथा दोश्रो स्रोतको तथ्याङ्क बिश्लेषणको आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादनको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल गरी नियन्त्रण वातावरणको परीक्षण, विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण विधि अवलम्बन गरी प्रक्रियामूलक र नतिजामूलक बिश्लेषण गरिएको छ। प्रदेशगत/तालिमगत नमूना छनोट गरी १०० जना पूर्व प्रशिक्षार्थीसँग टेलिफोन संवाद, गुगलफर्म तथा ह्वाट्सएपमार्फत् प्रश्नावली भराई तालिम प्रभावकारिता मूल्याङ्कन गरिएको छ। लेखापरीक्षणको उद्देश्य, प्रक्रिया लगायतका बिषयमा प्रवेश बैठक र लेखापरीक्षण सम्पन्न भएपश्चात् देखिएका बेहोरा उपर प्रतिष्ठान पदाधिकारीसँग छलफल गरी यो प्रतिवेदन तयार गरिएको छ।

१०. **लेखापरीक्षणको सीमा** - नेपाल सरकारले व्यावसायिक सिप विकासका लागि शिक्षा, विज्ञान तथा प्रविधि, उद्योग, वाणिज्य तथा आपूर्ति र श्रम, रोजगार तथा सामाजिक सुरक्षा गरी ३ मन्त्रालय अन्तर्गत र ७५३ स्थानीय तहहरूले यस्ता तालिम सञ्चालन गर्दै आएकोमा यस प्रतिवेदनमा प्रतिष्ठानबाट सञ्चालित तालिमको विषयलाई मात्र कार्यमूलक लेखापरीक्षणमा सीमित गरी प्रभावकारिता विश्लेषण गरिएको छ। लेखापरीक्षणका लागि उपलव्ध स्रोत साधन र समयको सीमा, तथ्याङ्कहरूको अपर्याप्तता, कारोबारको नियन्त्रण जोखिमको मात्रा तथा लागतको दृष्टिकोणबाट सबै क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिएकोले लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनोट गरी परीक्षण गरिएको छ।

परिच्छेद – ३

लेखापरीक्षणबाट देखिएका बेहोराहरू

व्यावसायिक सिप विकास तालिमको प्रभावकारीता सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन् :

सकारात्मक पक्षहरू

- रोजगार सम्बन्धी व्यवस्थालाई मौलिक हकको रुपमा कायम गरेको।
- अन्तर्राष्ट्रिय श्रम सङ्गठनका विभिन्न अभिसन्धिहरूले मर्यादित काम र सुरक्षित रोजगारी, सर्वव्यापी सामाजिक सुरक्षा र श्रमको उत्पादकत्वको प्रत्याभूति गरेको।
- दिगो विकास लक्ष्य (२०१५-२०३०) नं.४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका लागि जीवन पर्यन्त सिकाईको अवसर प्रवर्धन गर्ने र बुदा ४.४ मा रोजगारी, मर्यादित काम, उद्यमशीलताका लागि प्राविधिक तथा व्यावसायिक सिप सहितको सान्दर्भिक सिप भएका युवा तथा प्रौढको संख्या उल्लेख्य रुपमा बढाउने लक्ष्य तय भएको।
- राष्ट्रिय रोजगार नीति, २०७१ तथा राष्ट्रिय सिप विकास नीति, २०७६ जारी भई कार्यान्वयनमा रहेको।
- प्रतिष्ठानले स्थापना देखि हालसम्म ३ लाख २५ हजार ८१ जनालाई विभिन्न ट्रेडमा सिपमूलक तालिम प्रदान गरेको।
- विभिन्न ट्रेडका लागि तालिम सञ्चालन गर्न हालसम्म ११३ पाठ्यक्रम निर्माण/परिमार्जन गरेको।
- त्रिभुवन विश्वविद्यालयसँग समन्वय गरी तालिम आवश्यकता पहिचान अध्ययन तथा तालिम प्रभावकारिता अध्ययन गरेको।
- सिप परीक्षण कार्य सुरू गरेको।

सुधार गर्नुपर्ने पक्षहरू

११. **नीतिगत सामञ्जस्यता** - राष्ट्रिय रोजगार नीति, २०७१ ले सिप विकास प्रणाली सुधारका लागि मापदण्ड, निर्देशिका र कार्यदिशमा सामाञ्जस्यता ल्याउने नीति लिएको छ। साथै राष्टिय विज्ञान प्रविधि तथा नव-प्रवर्तन नीति, २०७६ ले तालिम प्रदायक संस्था र अनुसन्धानमूलक निकायको क्षमता अभिवृद्धि गर्ने नीति लिएको छ। त्यस्तै चालु १६औं आवधिक योजनाले वजारको माग अनुसार सिपमूलक जनशक्ति उत्पादन गर्ने गरी शिक्षाको गुणस्तर अभिबृद्धि, मानव स्रोतको आवश्यकता प्रक्षेपण सहितको जीवन उपयोगी शिक्षा कार्यक्रममार्फत् तालिम सम्बन्धी नीतिगत र संस्थागत सुधारसहितको पूर्वाधार निर्माणमा जोड दिने रणनीति लिएको छ। तर वार्षिक कार्यक्रम तथा बजेटमा उक्त नीतिहरूको सामञ्जस्यता हुनेगरी कानुन निर्माण, क्षमता अभिबृद्धि, मानव स्रोतको आवश्यकता प्रक्षेपण लगायतलाई समावेश गरेको देखिएन। आवधिक योजनाले जनशक्ति विकासका लागि श्रम बजार अनुकुलको व्यावसायिक तथा सिपमूलक तालिम कार्यक्रममार्फत देशभित्र २० प्रतिशत युवालाई सिपमूलक तालिम दिनुका साथै स्थानीय तहमा तालिम केन्द्रहरू स्थापना गरी बार्षिक ८५ हजार जनालाई तालिम र १५ लाख जनालाई रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको भएपनि वार्षिक कार्यक्रम र बजेटमा उक्त लक्ष्य अनुसार कार्यक्रम तथा बजेट निर्धारण गरेको देखिएन। विगत २ आर्थिक वर्षको बजेटमा तालिम प्रतिष्ठानलाई अन्तराष्ट्रिय स्तरको बहुउद्धेश्यीय तालिम केन्द्र बनाउने उल्लेख भएपनि कार्यान्वयन भएको छैन। उल्लिखित नीतिहरूमा एकरुपता नहुनु, नीति अनुसार वार्षिक कार्यक्रम र बजेट व्यवस्था नहुनु एवं वार्षिक कार्यक्रममा समावेश भएका बजेट कार्यान्वयन नहुनु लगायतका कारण नीतिगत सामञ्जस्यता रहेको देखिएन। आवधिक योजना नीति तथा कार्यक्रम र बजेट बक्तव्यको कार्यान्वयनमा नीतिगत सामञ्जस्यता कायम गर्नुपर्छ।

१२. **तालिम नीति** - राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा ४(१क) मा काम कर्तव्य र अधिकार अन्तर्गत दक्ष प्रतिष्पर्धी, सिपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्नका लागि

आवश्यक पर्ने प्रशिक्षण कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी दीर्घकालीन तथा अल्पकालीन नीति तर्जुमा गर्ने व्यवस्था छ। उक्त लक्ष्य प्राप्तिका लागि व्यावसायिक सिप तथा तालिमसँग सम्बन्धित नीति कार्यान्यवन सम्बन्धमा देखिएका बेहोराहरू निम्न छन् :

१२.१.राष्ट्रिय रोजगार नीति, २०७१ ले सार्वजनिक-निजी साझेदारीमार्फत सिप विकास तथा तालिम केन्द्रहरूको सञ्चालनलाई प्रवर्द्धन गर्ने र औद्योगिक क्लस्टरहरसँग तालिम र रोजगारीलाई एकीकृत गर्ने नीति लिएकोमा सङ्घ, प्रदेश र स्थानीय सरकारहरूबीच समन्वय र श्रम, शिक्षा, उद्योग, कृषि, पर्यटन लगायत सम्बन्धित मन्त्रालय तथा निकायहरूबीच सहकार्यका आधारमा तालिम कार्यक्रम सञ्चालन भएको देखिएन। त्यस्तै राष्ट्रिय दक्षता मापदण्ड(National Competency Standard)को आधारमा पाठ्यक्रमहरू विकास गरी श्रम बजारमा आधारित व्यावसायिक, दक्ष, प्रतिस्पर्धात्मक र उत्पादक जनशक्ति तयार गरी स्वदेशी तथा वैदेशिक रोजगारीका अवसरहरूमा पहुँच विस्तार गर्ने प्रमुख लक्ष्य सहित राष्ट्रिय प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम नीति, २०६९ कार्यान्वयनमा रहेको छ। उक्त नीति कार्यान्वयनका लागि सरकारी संयन्त्र, निजी क्षेत्र, तालिम प्रदायक संस्था र रोजगारदाताबीच समन्वयात्मक सहकार्य हुने गरेको देखिएन। नीति कार्यान्वयनमा प्रदेश र स्थानीय सरकारलाई सिप आवश्यकताको पहिचान, तालिम सञ्चालन र अनुगमनमा जिम्मेवार बनाएकोमा निजी क्षेत्र, व्यवसायिक तालिम संस्थान, सामुदायिक क्षेत्र र अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँगको सहकार्य हुने गरेको देखिएन।

१२.२.प्रदेश तथा स्थानीय सरकारहरूले आ-आफ्ना सामाजिक-आर्थिक आवश्यकता, जनशक्ति व्यवस्थापन र क्षेत्रीय श्रम बजारको मागका आधारमा विभिन्न सिप सम्बन्धी तालिम तथा कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्। बागमती प्रदेशले व्यावसायिक शिक्षा ऐन, २०७८ ल्याई सूचना प्रविधि, पर्यटन, निर्माण लगायतका उच्च रोजगारीका सम्भावना भएका क्षेत्रमा विद्यालय बाहिर रहेका युवा, अपाङ्गता भएका व्यक्तिहरू र रोजगारी खोजी गरिरहेका व्यक्तिहरूलाई लक्षित गरी १५ वटा तालिम केन्द्र सञ्चालन गरेको, कोशी र लुम्बिनी प्रदेशले कृषि, हाइड्रोपावर र गार्मेन्ट उद्योगका लागि विशेष सिप विकास कार्यक्रम सञ्चालन गरेको, सुदूरपश्चिम प्रदेशले महिला, दलित, आदिवासी जनजाति आदि लक्षित तालिम कार्यक्रम सञ्चालन गरी तालिमपछि स्वरोजगारीको सुरुवाती गर्न रु.५ लाखसम्मको स्टार्टअप कोष उपलब्ध गराउने नीति अपनाएको छ। यस्ता प्रादेशिक नीति तथा कार्यक्रमको अलावा विभिन्न स्थानीय तहहरूले समेत व्यावसायिक तालिम तथा सिप विकास सम्बन्धी नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्दै आएका छन्। सङ्घीय, प्रदेश सरकार र स्थानीय तहको समन्वयमा रणनीतिक योजना बनाई राष्ट्रिय लक्ष्य प्राप्तिका लागि स्पष्ट आधार तयार गरी व्यावसायिक सिप तालिम कार्यक्रमका लागि एकीकृत नीति तथा कानुन बनाई कार्यान्वयन गरेको देखिएन।

व्यावसायिक सिप विकासको लागि गठन आदेश, छरिएको नीतिबीच तादात्म्यता नहुँदा तालिम तथा रोजगारीका लागि सरकारले लिएको लक्ष्य अनुसार प्रगति प्राप्त भएको देखिएन। आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रममा सामञ्जस्यता कायम गर्न व्यावसायिक सिपमूलक तालिम सञ्चालनका लागि एकीकृत नीति तयार गरी व्यावसायिक सिप विकास तालिम सञ्चालनलाई प्रभावकारी बनाउनु पर्दछ।

१३. विनियमावली - राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति(गठन) आदेश, २०८० को दफा १७ मा यस आदेशको कार्यान्वयन गर्न समितिले आवश्यक नियम बनाई नेपाल सरकारबाट स्वीकृत गराई कार्यान्वयन गर्ने उल्लेख छ। प्रतिष्ठानले प्रतिष्ठान सञ्चालन नियमावली, आर्थिक कार्यविधि नियमावली लगायत प्रतिष्ठानसँग सम्बन्धित तालिम कार्यक्रम, पाठ्यक्रम निर्माण, अध्ययन, अनुसन्धान लगायत कार्यक्रम सञ्चालनका लागि आवश्यक विनियमावली तथा आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको छैन। प्रतिष्ठानको कार्यविधि नहुँदा पाठ्यक्रम तयारीका लागि मस्यौदा समिति, पाठ्यक्रम विकास समिति जस्ता विभिन्न समिति बनाई बैठक भत्ता वितरण गरेको, होटलहरूमा गोष्ठी, अन्तरक्रिया आयोजना गरेको खर्चहरू नियमित र मितव्ययी देखिएको छैन। प्रतिष्ठानले राष्ट्रिय व्यावसयिक प्रशिक्षण प्रतिष्ठान नियमावली, २०८२ स्वीकृत गराए पनि २०८० को

गठन आदेशले स्थापना भएको तालिम प्रतिष्ठानले तालिम सञ्चालन निर्देशिका, २०७७ बमोजिम तालिम सञ्चालन गर्दै आएको छ। प्रतिष्ठानले आफ्नो कार्य प्रकृति अनुसारको कानुनहरू तर्जुमा तथा स्वीकृत गराई खर्च गर्नुपर्दछ।

१४. **जनशक्ति व्यवस्था** – राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति(गठन)आदेश, २०८० को दफा ८ मा समितिलाई आवश्यक पर्ने कर्मचारी सङ्घीय निजामती सेवाको कर्मचारी मन्त्रालयमार्फत उपलब्ध गराउने तथा त्यस्तो कर्मचारीको पद, संख्या तथा समितिको सङ्गठन संरचना मन्त्रालय र अर्थ मन्त्रालयको सहमति लिई समितिले स्वीकृत गरे बमोजिम हुने व्यवस्था छ। प्रतिष्ठानका लागि कार्यकारी निर्देशक बाहेक १ निर्देशक(उपसचिव) समेत विभिन्न तहका २० कर्मचारी दरबन्दी व्यवस्था गरेको भएपनि विषय विज्ञ लगायतका जनशक्ति व्यवस्था गरेको छैन। सङ्गठन संरचना अनुसार २ प्राविधिक पद रहेपनि उक्त पद रिक्त रहेको छ। वि.सं. २०१६ सालमा व्यासायिक प्रशिक्षण केन्द्रको स्थापना भएदेखि देशका विभिन्न १६ स्थानमा तालिम केन्द्र रहेकोमा व्यावसायिक तथा सिप विकास तालिम प्रतिष्ठान भएपश्चात हाल भैसेपाटी, बुटवल र इटहरीमा रहने गरी ३ (तीन) वटा तालिम केन्द्रमात्र बनाएकोमा उक्त संरचना अनुसार सङ्गठन तथा व्यवस्थापन मापन गरी दरबन्दी निर्धारण तथा परिपूर्ति गर्ने कार्य भएको छैन। विगत ६६ वर्षदेखि तालिम दिंदै आएको यस संस्था हाल प्रतिष्ठानमा रुपान्तरण भएपनि दरबन्दी स्वीकृत नहुँदा तालिम प्रशिक्षकहरू परामर्श सेवा एवं करारमार्फत् लिई तालिम सञ्चालन हुँदै आएको छ। प्रतिष्ठानले २०८२ मंसिरमा संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी मन्त्रालयमा पेस गरेकोमा लेखापरीक्षण अवधिसम्म स्वीकृत भएको देखिएन। प्रतिष्ठानका लागि आवश्यक जनशक्ति यकिन गरी कार्यसम्पादन प्रभावकारी बनाउनु पर्दछ।

१५. **बजेट व्यवस्था** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति विवरण तयार गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने तथा नियम ३६ अनुसार प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानले आर्थिक वर्ष २०७७।७८ देखि २०८१।८२ सम्म वर्षमा गरेको बजेट खर्च विवरण निम्न बमोजिम रहेको छ।

(रकम रु.हजारमा)

आर्थिक वर्ष	विनियोजित बजेट		खर्च		खर्च प्रतिशत	
	चालु	पुँजीगत	चालु	पुँजीगत	चालु	पुँजीगत
२०७७/७८	२०६५६५	१२७०	२७५४२	११८८	१३.३३	९३.५८
२०७८/७९	१६६९५१	४१७०	१३१६९९	३६८४	७८.८८	८८.३३
२०७९/८०	१४८०२६	३३१०	१०२६८८	२३९१	६९.३७	७२.२४
२०८०/८१	१५३२०३	१०००	२८०६६	४२	१८.३२	४.२४
२०८१/८२	१४५७७०	१४४७००	८९०३५	१४७७	६१.०८	१.०२

उल्लिखित विवरण अनुसार प्रतिष्ठानको बजेट खर्च गर्ने क्षमता सन्तोषजनक देखिएको छैन। व्यावसायिक तालिम तथा सिप विकासका लागि विगत वर्षहरूको बजेट बक्तव्यमा उल्लेख भएका बेरोजगार जनशक्तिको योग्यता, क्षमता र सिप समेत उल्लेख हुनेगरी तथ्याङ्क व्यवस्थित गर्ने, मुलुक भरका सबै सिपमूलक तालिम प्राप्त व्यक्तिको अभिलेख व्यवस्थित गर्ने, सातै प्रदेशमा बहुउद्देश्यीय तालिम केन्द्र स्थापना गरी सञ्चालन गर्ने, रिटर्नी उद्यमशील कार्यक्रम सञ्चालन गरी रिटर्नी स्वरोजगार कार्यक्रम सञ्चालन, श्रम बजारको मागमा आधारित प्राविधिक शिक्षालयको नक्साङ्कन गर्ने, तालिम प्रतिष्ठानलाई अन्तर्राष्ट्रिय स्तरको बहुउद्देश्यीय तालिम केन्द्रको रूपमा विकास गर्ने, विद्यालय शिक्षादेखि रूची र क्षमता अनुरूप भावी अध्ययनका क्षेत्र र पेशा छनोट गर्न करियर काउन्सिलिङ कार्यक्रम सञ्चालन गर्ने लगायतका कार्यक्रमको प्रगति शून्य रहेको अवस्था छ। महोत्तरीको बर्दीबासमा निर्माण गरिने भवनका लागि साउदीफण्डको अनुदान खर्च नहुँदा पुँजीगत खर्च प्रगति

हुन नसकेको प्रतिष्ठानले जनाएको छ। बास्तविकतामा आधारित बजेट अनुमान गरी बजेट बक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू प्रभावकारी कार्यान्वयन गर्न बजेट खर्च दक्षता सुधार गर्नुपर्दछ।

१६.तालिम सञ्चालन स्थिति - श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष, सिपयुक्त र उत्पादनशिल मानव संसाधनको विकास गरी रोजगारीका अवसर सिर्जना, असल श्रम सम्बन्धको विकास, बालश्रमको निवारण तथा सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै सामाजिक न्याय सहितको आर्थिक बिकासमा सघाउ पुऱ्याउने दीर्घकालीन सोचसहित प्रतिष्ठानको स्थापना भएको छ। प्रतिष्ठानले आधारभूत, उद्यमशीलता विकास, प्रशिक्षक प्रशिक्षण तथा पूर्व प्रस्थान प्रशिक्षण लगायत तालिमहरू सञ्चालन गर्दै आएकोमा विगत ५ वर्षमा निम्न अनुसार तालिम प्रदान गरेको विवरण प्राप्त भएको छ।

क्र. सं	तालिमको किसिम	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२	जम्मा
१	मोटर साइकल मर्मत	१९	४०	३५	-	-	९४
२	अटोमोवाइल मेकानिक्स	१९	३७	३८	२१	३९	१५४
३	इलेक्ट्रिकल	१९	३८	३५	१८	४१	१५१
४	ब्युटिपार्लर	१९	४४	३९	२३	४०	१६५
५	टेलरिङ्ग	१८	३७	३६	१९	३८	१४८
६	प्लम्बिङ्ग	-	-	-	१६	२९	४५
७	एड्भान्स इलेक्ट्रिकल	-	-	-	-	१७	१७
८	एड्भान्स टेलर	-	-	-	-	१९	१९
	जम्मा	९४	१९६	१८३	९७	२२३	७९३

स्रोत : राष्ट्रिय सिप विकास तालिम प्रतिष्ठान, भैसेपाटी।

यस सम्बन्धमा देखिएको बेहोरा निम्न छन्:

१६.१. प्रतिष्ठानले इटहरी र बुटवल कार्यालयको तथ्याङ्क पेस नगरेकोले लेखापरीक्षणमा उक्त तथ्याङ्क बिश्लेषण गरिएको छैन। त्यस्तै प्रशिक्षार्थीहरूको उमेरगत र शैक्षिक योग्यता अनुसारको विवरण माग गरेकोमा उक्त विवरण पेस भएन। प्रतिष्ठानका कर्मचारी छिटो छिटो परिवर्तन भएको कारण संस्थागत अभिलेख व्यवस्थापन कमजोर रहेकोले विगतका तालिम विवरण व्यवस्थित गरेको देखिएन। प्रतिष्ठानले प्रदान गरेको तालिमसँग सम्बन्धित सबै प्रकारको सूचना सहितको सहभागीको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

१६.२. गठन आदेशले प्रतिष्ठानलाई व्यावसायिक प्रशिक्षणमा एकरुपता तथा गुणस्तरीयता कायम गर्नका लागि सूचीकरण अनुगमन र समितिसँग आबद्धता समेतको लागि आवश्यक मापदण्ड निर्धारण गर्ने जिम्मेवारी समेत दिएको छ। प्रतिष्ठानबाट उपलव्ध विवरण अनुसार उल्लिखित ५ वर्षमा प्रतिष्ठानबाट तालिम दिएको ७९३ र अन्य तालिम प्रदायक संस्थासँग बाह्य पक्ष सेवा खरिद(आउट सोर्सिङ्ग) गरी १२ हजार १९२ जना समेत हालसम्म कूल १२ हजार ९८५ जनालाई तालिम दिएको छ। प्रतिष्ठानले आफ्नो जिम्मेवारी पुरा गर्न स्थानीय निकायसमेत बिभिन्न तालिम प्रदायक संस्थालई तालिम सञ्चालन गर्ने जिम्मेवारी दिएको छ। यसबाट प्रतिष्ठानले तालिम सञ्चालनका लागि समन्वयात्मक भूमिका निर्बाह गर्ने काममात्र गरेको देखिंदा प्रतिष्ठानको जिम्मेवारी पुरा गरेको देखिएन।

१६.३. प्रतिष्ठानले आफनो नियमित कार्यलाई सुधार गरी बढाउदै लैजानु पर्नेमा विगत ५ वर्षको तालिम प्रशिक्षार्थी संख्या बिश्लेक्षण गर्दा तालिम सञ्चालन कार्य सन्तुलन देखिएको छैन। प्रतिष्ठानले तालिम सम्बन्धी स्पष्ट नीति तय नगरेकोले तालिमको विषय छनोट तथा अवधी यकिन हुने अवस्था छैन। आर्थिक वर्ष २०७९।८० सम्म दिंदै आएको मोटर साइकल मर्मत तालिम हाल बन्द गरी सोही आर्थिक वर्ष देखि प्लम्बिङ्ग तालिम सुरुवात गरेको छ। प्रतिष्ठानबाट आर्थिक वर्ष २०८१।८२ देखि इलेक्ट्रिकल एड्भान्स १७ जना र टेलरिङ्ग एड्भान्स १९ जनालाई मात्र दिएको छ। तालिमको पर्यासता सन्दर्भमा तालिममा सहभागीहरूलाई सोधिएको

प्रश्नमा २१.५ प्रतिशत सहभागीले एडभान्स तालिम दिनुपर्ने सुझाव दिएको अवस्थाले प्रतिष्ठानले आधारभूतमात्र नभई एड्भान्स तालिम समेतको व्यवस्थापन गर्नु पर्ने आवस्था देखिन्छ। प्राप्त बजेट अनुसारमात्र तालिम सञ्चालन गर्दा तालिमको आवश्यकता, प्रतिष्ठानको सोच र नेपाल सरकारको नीति कार्यक्रमबीच मेल खाने गरी बजेट व्यबस्था गरी तालिम कार्यक्रम सञ्चालन गर्ने गरेको देखिएन।

१६.४. प्रतिष्ठानले हरेक वर्ष एकै प्रकृतिको तालिम दिँदै आएकोमा तालिमको अवधी र ट्रेड अनुसार प्रशिक्षार्थी लागत फरक रहने गरेको छ। बजेट अनुसार तालिम कार्यक्रम निर्धारण गर्ने, कुनै वर्ष प्रतिष्ठन आफैले मात्र र कुनै वर्ष सेवा खरिदमार्फत समेत तालिम सञ्चालन गर्दा प्रतिष्ठानले गरेको कुल चालु खर्च र तालिम प्रशिक्षार्थी संख्याका आधारमा समेत लागत फरक परेको देखियो। आर्थिक वर्ष २०७७।७८ र २०८०।८१ मा प्रतिष्ठान स्वयंले क्रमश: ५६३ र ९७ जनालाई तालिम दिएको छ भने आर्थिक वर्ष २०७८।७९ र २०७९।८० मा सेवा खरिदसमेत क्रमश: ६ हजार ३५४ र ३ हजार ५६५ लाई तालिम प्रदान गरेको छ। प्रतिष्ठानले दिएको तालिमको लागत यकिन नभएबाट तालिम खर्चको बिश्लेषण गर्न र तालिमको बास्तविक लागत भिडान गर्ने स्पष्ट आधार भएन। बजेट तथा कार्यक्रमसँग सामाञ्जस्यता कायम हुनेगरी तालिमको प्रकृति अनुसार लागत मितव्ययी र चालु खर्च नियन्त्रण गर्नुपर्दछ।



आर्थिक वर्ष	चालु खर्च(रु. हजारमा)	तालिम प्रशिक्षार्थी संख्या(जना)	लागत(रु. हजारमा)
२०७७।७८	२७५४२	५६३	४९
२०७८।७९	१३१६९९	६३५४	२१
२०७९।८०	१०२६८८	३५६५	२९
२०८०।८१	२८०६६	९७	२८९
२०८१।८२	८९०३५	२४०६	३७

स्रोत : राष्ट्रिय सिप विकास तालिम प्रतिष्ठान, भैसेपाटी।

१६.५. राष्ट्रिय युवा नीति, २०७२ ले सबै लिङ्ग, वर्ग र क्षेत्रको युवाहरूको विविधतालाई दृष्टिगत गर्दै सशक्तिकरण र विकासको लागि समान अवसर सिर्जना गर्ने नीति अवलम्बन गरेको सन्दर्भमा प्रतिष्ठानले सञ्चालन गरेको तालिम कार्यक्रममा आर्थिक वर्ष २०७७।७८ देखि २०८१।८२ सम्मको तथ्याङ्क बिश्लेषण गर्दा महिला ४२ तथा पुरुष ५८ प्रतिशत रहेको छ। जातिगत विवरण चार्टमा देखाइएको छ भने वर्गीय तथा प्रादेशिक विवरण उपलब्ध हुन सकेन। प्रतिष्ठानले गर्ने सम्पूर्ण क्रियाकलाप नीतिको अपेक्षा अनुसार सञ्चालित भई तोकिएबमोजिम तथ्याङ्क बिशेलेषण गर्न सकिने गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ।



व्यावसायिक सिपमूलक तालिमका लागि नेपाल सरकारको प्रतिनिधित्व स्वायत्त संस्थाको रुपमा प्रतिष्ठानको स्थापना भएपनि काम, कर्तव्य र अधिकारमा उल्लिखित कामको अभिलेख व्यवस्थित नहुनु, तालिमको बढी कार्यक्रम अन्य तालिम प्रदायक संस्थाबाट सञ्चालन हुनु, सन्तुलित रुपमा तालिम सञ्चालन गर्न नसक्नु, तालिम कार्यक्रमलाई सम्बन्धित नीतिसँग सामञ्जस्यता कायम गर्न नसक्नु लगायतका कारण प्रतिष्ठानको कार्य प्रभावकारीता यकिन हुने अवस्था छैन। प्रतिष्ठानको गठन आदेशले दिएको काम, कर्तव्य सम्बन्धी क्रियाकलापहरू राष्ट्रिय नीतिसँग सामाञ्जस्यता गर्नुपर्दछ।

१७.एकीकृत राष्ट्रिय रोजगार प्रणाली - रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ नियम १७ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले रोजगार व्यवस्थापन सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने व्यवस्था छ। राष्ट्रिय योजना आयोगले एकीकृत राष्ट्रिय रोजगार प्रणालीको ढाँचा सम्बन्धी अध्ययन गरी रोजगार सूचना व्यवस्थापन, श्रम आपूर्ति/मागको सन्तुलन, तालिम तथा सिप विकास, श्रमिकको सामाजिक सुरक्षा, सङ्घीय तहमा समन्वय र प्रविधिको उपयोगजस्ता विषय समेटी २०७९ मा प्रतिवेदन दिएतापनि मन्त्रालयले यो वर्षसम्म रोजगार सूचना प्रणाली व्यवस्था गरी कार्यान्वयन गरेको छैन। जसका कारण व्यावसायिक सिप सम्बन्धी नीति, योजना र कार्यक्रमहरूलाई एकीकृत गरी दिगो रोजगार प्रवर्द्धनमा सहयोग पुऱ्याउन, रोजगारमूलक तथा सिपमूलक तालिमका लागि अन्य क्षेत्रसँग साझेदारी एवं सहकार्य गर्न, श्रम बजार अनुगमन, सिप नक्साङ्कन (Skill Mapping) र अनुगमन (Tracer Studies) नियमित रूपमा सञ्चालन गरी सिपको माग र आपूर्तिको अन्तर पहिचान लगायत सिप विकासका लागि प्रयाप्त पूर्वाधार तयार हुन सकेको देखिएन। प्रतिष्ठानले अन्तर निकाय समन्वय सहित आन्तरिक रोजगारी सिर्जनाका लागि प्रदेश तथा स्थानीय तहहरूले स्थानीय सिप उपयोगमार्फत रोजगार प्रर्वद्धन, प्रविधि र उत्पादनलाई केन्द्रमा राखी रोजगारमूलक तथा सिपमूलक तालिममा लगानी गरेको तथा बैदेशिक रोजगारबाट फर्किएका नागरिकको पुँजी, सिप र अनुभवको उपयोग गर्न समेत राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१८.संस्थागत व्यवस्था तथा अभिलेख - राष्ट्रिय रोजगार नीति, २०७१ को १५.४ मा श्रम तथा रोजगार मन्त्रालयलाई स्रोत साधन सम्पन्न बनाई श्रम बजार सूचना बिश्लेषण इकाई स्थापना गरिने नीति लिइएको छ। प्रतिष्ठानले सो बमोजिम एकीकृत सूचना बिश्लेषण इकाईको लागि संस्थागत व्यवस्था गरी तालिम विवरण अभिलेखाङ्कन गरी सरकाले रोजगारी, गरिवी निबारण, श्रम उपलव्धता लगायत नीति निर्माण तथा बिश्लेषण प्रयोजनमा उपयोग गर्ने गरेको छैन। सरकारको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको यो प्रतिष्ठान र बैदेशिक रोजगार बोर्डको सचिवालय समेतबाट आन्तरिक र बाह्य तालिम प्रदायक संस्थामार्फत सिपमूलक तालिम प्रदान हुँदै आएको छ। यस बाहेक शिक्षा मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायतका बिषयगत मन्त्रालयहरूबाट समेत बिभिन्न प्रकारका तालिम कार्यक्रमहरू सञ्चालन गर्ने गरिएको छ। तर श्रम बजारमा सीपुयक्त जनशक्तिको माग र माग अनुसारको तालिम सञ्चालनबाट सिपयुक्त जनशक्तिको आपुर्ति गरी रोजगारीको दिगोपनाको अनुगमन सहितको एकीकृत अभिलेख राखेको देखिएन।

प्रतिष्ठानले स्थापना देखि हालसम्म ३ लाख २५ हजार ८१ जनालाई विभिन्न ट्रेडको सिप तालिम प्रदान गरेको विवरण उपलव्ध गराएपनि तालिम पश्चात सिपको उपयोग र प्रशिक्षार्थीको अवस्था बिश्लेषण हुने गरी अभिलेख राखेको छैन। काठमाडौ महानगरपालिकाले २०८१ सालको सिप मेलामा ६८ हजार ८६६ जनाले आवेदन दिएका मध्ये २ हजार ५७५ जनाले तालिम पाएकोमा ५० प्रतिशत भन्दा बढीले रोजगारी प्राप्त गरे वा स्वरोजगारमा लागे भन्ने महानगरबाट भएको अध्ययनले देखाएको छ। जनशक्ति विकासको सन्दर्भमा भएको यस्ता तालिमको अभिलेख संस्थागत नगर्दा सार्वजनिक तथा नीजी क्षेत्रबाट उत्पादित जनशक्ति र यसको उपदेयता यकिन हुने अवस्था छैन। नेपाल सरकारले सबै निकायबाट प्रदान गरिएको तालिमहरूको सूचना प्रविधिमा आधारित एकीकृत अभिलेख राखी सरकारी खर्चको उपलब्धी यकिन हुने अभिलेख सहितको संस्थागत विकास गर्नुपर्दछ।

१९.जनसंख्या र सिप विकास - दिगो विकास लक्ष्य (२०१५-२०३०) को लक्ष्य नं. ४.४ मा रोजगारी, मर्यादित काम, उद्यमशीलताका लागि प्राविधिक तथा व्यावसायिक सिप सहितको सान्दर्भिक सिप भएका युवा तथा प्रौढहरूको संख्या उल्लेख्य रुपमा बढाउने लक्ष्य रहेको छ। नेपालको २०७८ को जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेकोमा १५ देखि ६४ वर्षसम्मको काम

गर्ने उमेर समूह ६५.२ प्रतिशत रहेको उल्लेख गरेकोमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सन् २०२२ को अध्ययन प्रतिवेदन अनुसार काम गर्ने उमेर समूहको जनसंख्याको ४८ प्रतिशतले मात्र प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त गरेको उल्लेख गरेको छ । जनसांख्यिक लाभ उपयोगका लागि सरकारले बहुमन्त्रालय अन्तर्गत रहनेगरी बहुनिकाय संस्थागत व्यवस्था गरेपनि तालिम ट्रेडहरूमा विविधिकरण तथा सिपसँग शिक्षा र तालिमलाई मिलान गर्न सकेको देखिंदैन। हाउसवायरिङ्ग, ब्युटिसियन, सिलाई कटाई, मोबाइल मर्मत, मोटरसाइकल तथा गाडी मर्मत(अटोमेकानिक्स) जस्ता तालिमहरू घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र प्रतिष्ठान गरी तीनै निकायबाट तालिम प्रदान हुने गरेको छ। श्रम बजारमा आएको नवीनतम प्रविधिको माग अनुसार डिजिटल मार्केटिङ, टुर गाइड, इ-कमर्स, डिजिटल स्किल्स, हरित सिप, चौथो औद्योगिक क्रान्ति सम्बन्धी विषयहरू समेटिएका पाठ्यक्रम निर्माण र प्रयोगात्मक तालिम विधि विकास गरी जनसंख्या र सिपमा तालमेल नगरेको कारण जनसाख्यीय लाभ लिन सक्ने अवस्था देखिएन। सरकारले राष्ट्रिय मानब जनशक्ति योजना बनाई सूचना प्रविधि, पर्यटन र दिगो कृषि जस्ता उच्च माग भएका क्षेत्रहरूको प्राविधिक शिक्षा र तालिममा लगानी गरी युवा जनसंख्यालाई प्रतिस्पर्धी बनाउने गरी प्रतिष्ठानको संस्थागत क्षमता विकास गर्नुपर्दछ।

२०.तालिम आवश्यकता पहिचान - व्याबसायिक तथा सिप बिकास तालिम सञ्चालन निर्देशिका, २०७७ को दफा ४ मा स्थानीयस्तरबाट माग भई आएका कार्यक्रमको सम्बन्धमा कार्यक्रमको आवश्यकता, संभाव्यता तथा उद्योग स्थापनाको अवस्था तथा रोजगारीको सम्भावना, रोजगारी एवं बैदेशिक रोजगारीको अवसर समेतका आधारमा तालिमको आवश्यकता पहिचान गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा (४) को काम कर्तव्य र अधिकारमा कार्यक्रम बनाउने, कार्यक्रमको मापदण्ड निर्धारण गर्ने लगायतका व्यवस्था रहेको छ। प्रतिष्ठानले तालिम आवश्यकता मूल्याङ्कनलाई वैज्ञानिक र श्रम बजारमूलक बनाउन सरोकारवालाबाट माग संङ्कलन गर्ने, माग भएका तालिमको आवश्यकता पहिचान सम्बन्धी अध्ययन सर्वेक्षण गरी सूचनाको बिश्लेषण, सरोकारबालासँग अन्तरक्रिया गर्ने लगायत प्रक्रिया पुरा नगरी विगतको तालिम कार्यक्रमलाई निरन्तरता दिने गरेको पाइयो। साथै तालिमको आवश्यकता पहिचान गर्न निजी क्षेत्र, व्यावसायिक संघसंस्था र स्थानीय तहसँग सहकार्य गर्ने गरेको देखिएन। यस सम्बन्धमा प्रतिष्ठानले रोजगारदाताहरूको सङ्घ/महासङ्घका प्रतनिधिहरूसँग अन्तरक्रियाको सुरूवात गरेको, हाल Center for Economic Development Administration(CEDA) बाट तालिम आवश्यकता पहिचान भएको जनाएतापनि प्रतिवेदन बोर्डबाट स्वीकृत गरी कार्यान्वयन भएको छैन।

तालिमको आवश्यकता पहिचान प्रभावकारी नहुँदा प्रतिष्ठानले दिने प्लम्बिङ्ग तालिममा चालु वर्ष आवश्यक प्रशिक्षार्थी नहुँदा तालिम सञ्चालन भएको छैन। तालिम पाठ्यक्रमहरूलाई निरन्तर अद्यावधिक गरी प्रतिस्पर्धात्मक बनाउन अन्तर्राष्ट्रिय मापदण्ड अनुसार प्रमाणीकरण बढाउन, साउदी अरब, युएई, कतारलगायतका प्रमुख श्रम गन्तव्य देशहरूमा कार्य गर्न चाहने श्रमिकका लागि आवश्यक भाषा तथा कार्यास्थल सिप तालिमको आवश्यकता पहिचान गर्ने गरेको देखिएन। दक्षिण कोरियामा इपियस अन्तर्गत रोजगारीका लागि दिनुपर्ने परीक्षाको तयारी निजी संस्थाहरूबाट मात्र हुने गरेकोमा सरकार तथा प्रतिष्ठानले शुल्क निर्धारण तथा नियमन सम्बन्धी कार्य तथा सोही प्रकारको भाषा र सिप विकास तालिम सञ्चालन गरेको देखिएन। बजारको माग हरित सिप, चौथो औद्योगिक युगजस्ता डिजिटल स्किल्स रहेपनि प्रतिष्ठान अभिमुखीकरण तालिम प्रदानमा सीमितरहेको देखिंदा तालिम प्रभावकारी देखिएको छैन। समयसापेक्ष तालिम आवश्यकता पहिचान गरेर दीर्घकालीन श्रम उपयोग हुनेगरी तालिम कार्यक्रम सञ्चालन गर्नुपर्छ।

२१.तालिमको क्षेत्र(Trade) – राष्ट्रिय व्यावसयिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा ४ मा श्रम बजारको माग अनुरुप दक्ष जनशक्ति उत्पादन गर्नको लागि आवश्यक प्रशिक्षणको बिषय

पहिचान तथा छनोट समितिले गर्ने व्यवस्था छ। प्रतिष्ठानले आर्थिक वर्ष २०८१।८२ मा आधारभूत सिपमूलक २,१९० जना सिप अभिवृद्धि ३१६, उद्यमशीलता विकास १४८, प्रशिक्षक प्रशिक्षण ६०, कोरिया जाने कामदारका लागि पूर्व प्रस्थान अभिमुखीकरण तालिम ७,३९९ तथा कार्यस्थलमा आधारित तालिम सञ्चालन गरेको विवरण पेस गरेतापनि हालसम्मको एकीकृत अभिलेख राख्ने गरेको छैन। व्यावसायिक तालिमका अवसरहरूको विकास र विस्तार गरी अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने श्रमशक्तिको उत्पादनमार्फत स्वदेशमै रोजगारका अवसरहरू सृजना गरी बेरोजगारी न्यूनीकरण गर्न व्यावसायिक, सिपयुक्त तथा उद्यमशीलता विकास तालिमहरू सञ्चालन तथा व्यवस्थापन भएतापनि पूर्व प्रशिक्षार्थीमा गरिएको सर्वेक्षणमा ४९ प्रतिशतले रोजगारी प्राप्त गर्न सकेको जवाफ दिएको छ। अटोमेकानिक्स, मोटरसाइकल मर्मत, इलेक्ट्रिकल जस्ता प्राविधिक तालिम लिएका मध्ये ६ प्रतिशत(१०० जनामा ६ जना) सुरक्षा गार्ड लगायतका काममा बिदेश गएको देखिँदा तालिमको बिषयअन्तर रोजगारी गरेको अवस्था छ। अभिमुखीकरण तालिममार्फत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र उच्च प्रतिफलयुक्त बनाउन तथा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई उत्पादनमूखी क्षेत्रमा परिचालनका साथै आन्तरिक श्रम बजारको मागअनुसार व्यावसायिक सिपमूलक तालिम कार्यक्रमहरूको क्षेत्र निर्धारण गर्नुपर्ने देखिएको छ। प्रतिष्ठानले स्थानीय तहको समन्वयमा श्रम बजारमा आधारित तालिम कार्यक्रम बिस्तार गरी तालिम क्षेत्रको विविधिकरण गर्ने प्रयास भएको जनाएको छ। उद्योग स्थापनाको अवस्था, रोजगारी तथा स्वरोजगारी र वैदेशिक रोजगारीका आवश्यकता, सम्भाव्य अवसरहरूका आधारमा आवश्यक अध्ययन गरी तालिमको क्षेत्र र आवश्यकता पहिचान गरी सो अनुरूप तालिम सञ्चालन गर्नुपर्ने देखिन्छ।

२२.तालिमको पाठ्यक्रम - व्यावसायिक तथा सिप बिकास तालिम सञ्चालन निर्देशिका, २०७७ को दफा ९(१) मा प्रतिष्ठान, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, वैदेशिक रोजगार बोर्ड तथा नेपाल सरकारको मान्यता प्राप्त अन्य संस्थाबाट निर्माण भई स्वीकृत भएको पाठ्यक्रमलाई तालिम पाठ्यक्रम मानिने उल्लेख छ। तालिम पाठ्यक्रम निर्माण सम्बन्धमा देखिएका बेहोराहरू निम्न अनुसार छन् :

२२.१. व्यावसायिक तथा सिप विकास तालिम सञ्चालन निर्देशिका, २०७७ को दफा १०(१) बमोजिम कार्यकारी निर्देशक संयोजक रहने समितिले नयाँ पाठ्यक्रम निर्माण तथा भएका पाठ्यक्रम परिमार्जन गर्न सिफारीस गर्ने व्यबस्था छ। प्रतिष्ठानले हालसम्म ११३ तालिम पाठ्यक्रम निर्माण/परिमार्जन गरी प्रकाशन गरेको विवरण पेस भएको छ। निर्देशिकाले उक्त समितिले नयाँ पाठ्यक्रम निर्माण तथा भएका पाठ्यक्रम परिमार्जन गर्ने व्यवस्था गरेपनि गतवर्ष प्रतिस्पर्धा बेगर सोझै खरिद गरी परामर्शदाताको बिजकमार्फत ५ पाठ्यक्रम निर्माण गर्न रु.१९ लाख ५१ हजार खर्च गरेकोमा यो वर्ष(२०८१।८२) स्वीकृत वार्षिक कार्यक्रम अनुसार वेटर, वेट्रेस, कुक, केयरगिभर, गार्मेन्ट, मेशिन अपरेटर, प्लम्बिङ्ग, विद्युत जडान, सुन गाल्ने गालीगढ सेवा, मोवाइल मर्मत, ल्यापटप मर्मत, व्यूटिसियन र सिलाइकटाइ लगायत १९ ट्रेडका लागि पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्न १९ उपसमिति बनाई ५ देखि १९ वैठक र सोको खाजा खर्चबापत रु.३६ लाख ६८ हजार खर्च गरेको छ।

२२.२. प्रतिष्ठानले १९ उप-समितिले तयार पारेको पाठ्यक्रमको मस्यौदा उपर छलफल गरी वैधता दिने प्रयोजनका लागि २०८२।३।१७ मा एक होटलमा तथा पाठ्यक्रम स्वीकृत गर्नको लागि मिति २०८२।३।२८ र २९ गते एक रिसोर्टमा गोष्ठी आयोजना गरेको देखियो। गठन आदेशमा १३ सदस्यीय समितिले पाठ्यक्रम स्वीकृत गर्ने स्पष्ट व्यवस्था भएको तथा प्रतिष्ठानमा नै हल समेत रहेको सन्दर्भमा उक्त खर्च नियमित देखिएको छैन। प्रतिष्ठानले कार्यविधिमा उल्लिखित अन्य निकायबाट स्वीकृत भएको पाठ्यक्रमलाई मान्यता दिई तालिम सञ्चालन गर्ने गरेको छैन। तालिम कार्यक्रमको उपयुक्त प्रक्रिया पूरागरी तालिम आवश्यकता पहिचान गर्ने र सोको आधारमा नवीनतम प्रविधिमा आधारित दीर्घकालीन तालिम नीति बनाई पाठ्यक्रम

विकास गर्नुपर्नेमा अन्य निकायले तयार गरिसकेको तालिम पाठ्यक्रम समेत प्रतिष्ठानबाट पुन:तयार भएको अवस्था छ।

२२.३. प्रतिष्ठानले आफ्नो पाठ्यक्रम बाहेक श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को बारिष्टा, कम्प्यूटर रिपेरियरिङ्ग तथा मेन्टिनेन्स, केयर गिभर, बार टेण्डर, कपाल कटाई, जुनियर फिसरी टेक्निसियन, फ्रिज/ए.सि. मर्मत, मन्टेश्वरी, एक्साभेटर अपरेटर, फेसन डिजाइनर, कम्प्यूटर अपरेटर, टायल मार्वल फिटिङ्ग, इलेक्ट्रिकल मोटर रिवाइन्डिङ्ग र नर्सरी तथा गार्डेन व्यवस्थापन विषयका तथा श्री वैदेशिक रोजगार बोर्डको सचिवालयको हाउस पेन्टर, स्कार्फफोल्डिङ्ग, हाउस किपिङ्ग र वेटर/वेट्रेश विषयका पाठ्यक्रम प्रयोग गर्दै आइरहेको प्रतिष्ठानले जनाए तापनि प्रतिष्ठानबाट त्यस्ता तालिम सञ्चालन गरेको छैन।

प्रतिष्ठानले गतवर्ष देखि रोजगारदाता संस्थाको समन्वयमा आवश्यकता र विज्ञताका आधारमा National competency skills अनुसारका पाठ्यक्रम बनाउने प्रयास सुरू गरेको जनाएको छ। निर्देशिकामा उल्लिखित अन्य संस्थाबाट निर्माण भई स्वीकृत भएको पाठ्यक्रमलाई समेत आधार मानी तथा तोकिएको समितिलाई जिम्मेवार बनाई श्रम वजारको माग उपयोगी पाठ्यक्रम निर्माण तथा परिमार्जन गरी एकरूपता कायम गर्दै मितव्ययी तवरले पाठ्यक्रम निर्माण गर्ने व्यवस्था गर्नुपर्दछ।

२३. **तालिम मापदण्ड** - राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति(गठन) आदेश, २०८० को ४ (ज) मा श्रम प्रधान तालिम प्रदायक संस्थाको लागि समेत आवश्यक मापदण्ड निर्धारण गर्ने तथा सोको कार्यान्वयनको बिषयमा मन्त्रालयमा प्रतिवेदन पेस गर्ने व्यवस्था छ। प्रतिष्ठानले व्यावसायिक तथा सिप बिकास तालिम सञ्चालन निर्देशिका, २०७७ मार्फत् तालिम सञ्चालन गर्दै आएको छ। निर्देशिकाले तालिमको आवश्यकता पहिचान, तालिमको किसिम र तालिमको ट्रेड अनुसार तालिम अवधि १६० देखि ७३० घण्टासम्मको हुनुपर्ने, तालिमको समय दैनिक ६ घण्टा र साप्ताहिक ३४ घण्टा हुनुपर्ने, सिपमूलक तालिममा २० प्रतिशत सैद्धान्तिक र ८० प्रतिशत प्रयोगात्मक सिकाई विधि प्रयोग गर्नुपर्ने, प्रशिक्षार्थीले कम्तिमा ८० प्रतिशत उपस्थिति हुनुपर्ने लगायतको व्यवस्था गरेको छ। प्रतिष्ठानले तालिमको गुणस्तर नियन्त्रण, सिप परीक्षण, विभिन्न निकायबाट हुने तालिमको न्यूनतम गुणस्तर मापदण्ड निर्धारण हुने गरी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याएको छैन। साथै तालिम प्रदायक संस्थाहरूको सूचीकरण एवं अनुगमन गर्ने अन्य निकायसमेत नभएको अवस्थामा प्रतिष्ठानले त्यस्ता संस्थाहरूको नियमन गर्ने मापदण्ड बनाई कार्यान्वयन नगरेको कारण अन्य संस्थाहरूले दिएको तालिममा एकरूपता देखिएको छैन। यस सम्बन्धमा मन्त्रालयबाट एकीकृत मापदण्ड तयार भइरहेको प्रतिष्ठानको भनाई रहेको छ। प्रतिष्ठान एवं अन्य निकायले दिने तालिमअनुसार आवश्यकता पहिचान, सञ्चालन, गुणस्तर नियन्त्रण एवं सिप परीक्षण समेतमा एकरुपता हुने व्यवस्था गरी तालिम मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ।

२४. **रणनीति तथा वार्षिक कार्यतालिका** - राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति(गठन) आदेश, २०८० को दफा ४ मा तालिम सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन नीति तर्जुमा गर्ने, वार्षिक कार्ययोजना स्वीकृत गरी कार्यन्वयन गर्ने कार्य तोकिएको छ। प्रतिष्ठानले आफ्नो नीति तथा रणनीति र सो अनुसारको वार्षिक कार्यतालिका बमोजिम तालिम सञ्चालन गर्ने गरेको छैन। प्रतिष्ठानले वार्षिक लक्ष्य सहितको तालिम र प्रशिक्षार्थी संख्या प्रकाशित गरी कार्य सम्पादन समीक्षा गर्ने गरेको छैन। कार्यतालिकाको पूर्व जानकारी गराई सो बमोजिम तालिम सञ्चालन नगरेको कारण प्लम्बिङ्ग(आ.व. २०८२।८३ मा ९ जनामात्र) लगायतका नियमित सञ्चालन हुने तालिममा समेत लक्ष्य बमोजिम प्रशिक्षार्थी सहभागी हुन आएको देखिएन। प्रतिष्ठानको लक्ष्य अनुसार वार्षिक बजेट तथा कार्यक्रम बन्नुपर्नेमा बजेटको आधारमा तालिम ट्रेड र संख्या निर्धारण हुने गरेको छ। प्रतिष्ठानले तालिम प्रशिक्षक करार सेवामार्फत परिचालन गर्ने गरेकोमा वार्षिक कार्य तालिका नहुँदा प्रशिक्षकको समेत एकिन हुने अवस्था छैन। प्रतिष्ठानको रणनीतिक योजना तयार गरी १ महिनाभित्र स्वीकृत गरी आर्थिक वर्ष २०८२।८३ बाट ५ वर्षे योजना लागु गर्ने तयारीमा रहेको प्रतिष्ठानले जनाएको

छ। प्रतिष्ठानले आफ्नो दुरदृष्टि(Vision), गन्तब्य(Mission), मूल्य मान्यता(Core values) सहितको तालिम रणनीति तथा बार्षिक कार्यतालिका बनाई तालिम कार्यक्रम प्रभावकारी बनाउनु पर्दछ।

२५.**प्रशिक्षार्थी छनोट** - व्यवसायिक तथा सिप विकास तालिम संचालन निर्देशिका, २०७७ को परिच्छेद ६ मा प्रशिक्षार्थीको छनोट समिति र आवश्यक योग्यता अनुसार अनुसूची-३ बमोजिम प्रशिक्षार्थी छनोट गर्नुपर्ने व्यवस्था छ। अनुसूचीमा व्यावसायिक व्यक्तित्व, उद्यमशीलता लक्षण जस्ता अमूर्त आधार समावेश गरेकोले छनोट प्रक्रिया सापेक्ष रुपमा स्पष्ट र उपयुक्त देखिएको छैन। प्रश्नावली निर्माण लगायतका सन्दर्भमा लिएको अन्तरवार्तामा केही प्रशिक्षार्थीले पहिला देखि नै काम गरेको तर प्रमाण पत्रका लागिमात्र तालिममा संलग्न भएको पाइयो। त्यस्तै व्यावसायिक प्रतिवद्धता अनुसार छनोट भएका प्रशिक्षार्थीले अटोमेकानिक तालिम लिएर हाइड्रो कम्पनी तथा होटल लाइनमा समेत काम गरेको पाइयो। प्रशिक्षार्थीलाई तालिमको जनाकारी सम्बन्धमा सोधिएको जवाफमा ८१ प्रतिशतले साथीमार्फत, ४ प्रतिशतले रेडियो/टेलिभिजन, ६ प्रतिशतले पत्रपत्रिका र ९ प्रतिशतले अन्य(फेसबुक तथा इन्टरनेट) मार्फत जानकारी पाएको उल्लेख गरेका छन्। तालिम आवश्यकता पहिचान प्रभावकारी नहुँदा बजार, प्रविधि तथा सम्भाव्यताको पहिचानबाट प्राप्त प्रतिवेदनका आधारमा सम्भाव्य लघु उद्यमीको पहिचान र छनोट भएको भन्ने अवस्था छैन। उद्यमी पहिचान गर्दा गरिबीका रेखामुनि रहेका (महिला, दलित, जनजाति, मुस्लिम, थारु, मधेसी, सीमान्तकृत, पिछडा वर्ग, आपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक) परिवारका लक्षित समूहको अनुपातमा छनोट गरी उद्यमशीलता र सिपमूलक तालिम प्रदान गर्नुपर्दछ।

२६. **तालिम कार्यशाला व्यवस्थापन** – व्यावसायिक तथा सिप विकास तालिम संचालन निर्देशिका, २०७७ को दफा १५ मा तालिमको विषय वस्तुको व्यवहारिक ज्ञानका लागि प्रयोगात्मक विधिमार्फत प्रशिक्षण गराउने व्यवस्था छ। प्रतिष्ठानबाट सञ्चालन हुने निम्न तालिमका लागिमात्र कार्यशाला व्यवस्था गरिएको छ।

भैसेपाटी,इटहरी र बुटवल	भैसेपाटी र इटहरी	भैसेपाटी र बुटवल	इटहरी र बुटवल	भैसेपाटी	इटहरी	बुटवल
• केश श्रृंगार तथा सौन्दर्य • सिलाई कटाई	विद्युत जडान	प्लम्बिङ्ग	मन्टेश्वरी	• अटोमोबाइल • मोटरसाइकल	• कुक • कम्प्यूटर	• केयर गिभर • फ्रिज/एसी मर्मत

व्यावसायिक तथा सिप विकासका लागि कम्तिमा ८० प्रतिशत तालिम प्रयोगात्म रहने प्रतिष्ठानको मापदण्ड रहेकोमा पर्याप्त कार्यशाला व्यवस्था नहुँदा आर्थिक वर्ष २०८१।८२ मा मात्र प्रतिष्ठानबाट अटोमोबाइल, ब्यूटिसियन, इलेक्ट्रिसियन र टेलरिङ्गको २२७ जनालाई तालिम दिई रु.४३ लाख ४१ हजार खर्च गर्दा बाह्य संस्थामार्फत रु.३ करोड ८५ लाख ६६ हजार खर्च गरी २ हजार १९० जनालाई तालिम दिएको छ। प्रतिष्ठानको भैसेपाटी स्थित तालिम कार्यशाला सम्बन्धमा देखिएको थप बेहोरा निम्न छन्:

२६.१. अटोमेकानिकल तालिमका लागि ४ वटा इन्जिनसहितको कार्यशाला रहेपनि वास्तविक कार्यस्थल झल्कने गरी व्यवस्थित गर्न सकेको देखिएन। बजारमा विद्युतीय सवारीको चाप बढेपनि सोको लागि कार्यशाला व्यवस्थापन हुन नसकेको साथै पुरानो इन्जिन अनुसार तालिम प्रदान गरेको अवस्थाले कार्यशाला आधुनिकीकरण गर्नुपर्ने देखिएको छ। अटोमेकानिकल तालिम प्रशिक्षार्थीले तालिम लिए अनुसारको भन्दा फरक वातावरण रहेको तथा



सो तालिमले कार्यस्थलमा काम गर्न पर्याप्त नभएकोले बजारको आवश्यकता अनुसार कार्यशालामा सुधार गर्नुपर्ने, चलिरहेको सवारीको पनि प्रयोगात्मक गर्न पाउनु पर्ने, मर्मत गर्नुपर्ने अवस्थाका सरकारी सवारी साधनहरू तालिम केन्द्रमा ल्याई मर्मत गराउने व्यवस्था गर्दा सरकारी खर्च मितव्ययी र प्रयोगात्मक तालिम पनि प्रभावकारी हुने लगायतका सुझाव दिएको छ। प्रतिष्ठानले बजेट अभावका कारण आधुनिकीकरण हुन ढिलाई भएको साथै सुधारको प्रयास स्वरुप यसै आर्थिक वर्ष देखि इभी गाडीको समेत थप व्यवस्थापन गर्ने प्रतिष्ठानले जवाफ दिएको छ।

२६.२. इलेक्ट्रिकल तथा व्युटिसियन सम्बन्धी तालिमका लागि प्रयोगात्मक र सैद्धान्तिक विधिमार्फत तालिम सञ्चालन हुने भएपनि स्थान अभावका कारण एकै स्थानमा तालिम दिन नसक्दा सैद्धान्तिक र प्रयोगात्मक ज्ञान फरक स्थानमा दिने गरेको देखियो। प्रयोगशाला बाहेक कार्यस्थल वातावरणाकुलित तालिमका लागि आवश्यकता अनुसार अवलोकन भ्रमण समेत लैजानु पर्ने व्यवस्था निर्देशिकामा भएपनि तालिमका प्रशिक्षार्थी र प्रशिक्षकले आफ्नो खर्चमा अवलोकन भ्रमण गर्ने गरेको बाहेक प्रतिष्ठानबाट कुनै पनि सुविधा दिने नगरेको प्रतिष्ठानले जनाएको छ। यस्तो अवस्थामा वास्तविक कार्यस्थल अनुरुप कार्यशाला व्यवस्थापन गर्ने प्रयास भइरहेको प्रतिष्ठानले जनाएको छ। साथै सहभागीहरूले केमिकल सम्बन्धी जानकारी दिने पाठ्यक्रममा व्यवस्था गर्नुपर्ने, पेडिकेयर/मेडिकेयर, डमी जस्ता सामानहरू सबै सहभागिलाई छुट्टाछुट्टै व्यवस्था गर्नुपर्ने, निर्मलीकरण सामान पनि उपलव्ध हुनुपर्ने जस्ता सुझाव दिएका छन्। इलेक्ट्रिसियन तालिमका लागि कार्यस्थल ज्यादै सानो भएकोले सबैले एकैपटक सिक्ने वातावरण नभएकोले कार्यस्थल व्यवस्थापन गर्नुपर्ने, डिजिटल बेसमा आधुनिक साधनमार्फत सिप सिकाउनुपर्ने लगायतका सुझाव दिएका छन्। प्रतिष्ठानले उक्त सुझावहरू बमोजिम सुधार गर्नुपर्दछ।



ब्युटीपार्लर कार्यशालामा



प्रति तालिम २० जनालाई तालिम दिने इलेकट्रिकल कार्यशाला

२६.३. सिलाई कटाई तालिमको कार्यशाला अवलोकन गर्दा पुरानो प्रविधि अनुसारको मेशिनबाट सिलाउने तथा कटिङ्ग गर्ने तालिम दिएको अवस्था छ। प्रशिक्षार्थीले आधारभूत तालिम मात्र भएकाले आफुले व्यवसाय गर्न नसकिने हुँदा तत्काल काम पाउनका लागि बजारको माग अनुसार इलेक्ट्रिक मेशिन चलाउने सिप हुनुपर्नेमा पुरानो मेशिनहरूबाट काम सिक्नु पर्ने अवस्था रहेकोले सिपलाई रोजगारीसँग जोड्ने अवस्था नभएको जनाएको छ। बजारमा बुटिक लगायत अन्य फेशनका कपडा सिलाउनु पर्ने तर प्रयोगशाला सो अनुसार आधुनिकीकरण नभएको प्रशिक्षकबाट स्वीकार भएको अवस्थामा प्रयोगशालालाई आधुनिकीकरणका लागि बजेट व्यवस्थापन गर्ने प्रयास भई रहेको प्रतिष्ठानले जवाफ दिएको छ। साथै अवलोकन समयमा ८ जना प्रशिक्षार्थी अनुपस्थित रहेको समेत देखियो।




सिलाई कार्यशाला

तालिमलाई जीवन्त बनाउन प्रयोगशालाको भूमिका महत्वपूर्ण हुनेमा पर्याप्त सुविधा सहितको कार्यशाला नहुँदा तालिम सञ्चालन प्रभावकारी देखिएको छैन। नियमित सञ्चालन हुने तालिमहरूको लागि आधुनिक र बजार माग अनुसारको सिप प्रदान गर्न सक्ने गरी उपयुक्त कार्यशाला व्यवस्था गर्नुपर्दछ।

२७. **सिप परीक्षण** - राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० को दफा (४)मा सिप परीक्षण सम्बन्धी व्यवस्था रहेको छ। प्रतिष्ठानबाट बाह्य तालिम प्रदायक संस्थाबाट प्रदान गरेका तालिमको कार्यक्षेत्रगत सर्तमा ३९० घण्टा बराबर वा सो भन्दा बढी अवधिको तालिमको सम्बन्धमा सिप परीक्षण अनिवार्य समेत गरिएको छ। प्रतिष्ठानले विगत ३ वर्षमा गरेको सिप परीक्षण देहाय बमोजिम रहेको छ।

आर्थिक वर्ष	कुल सहभागी संख्या	सिप परीक्षणमा सहभागी	उतिर्ण संख्या	उतिर्ण प्रतिशत
२०७९।८०	१८३	-	-	-
२०८०।८१	९७	३६	२७	७५.०
२०८१।८२	१८७	१२३	१०३	८३.७४

स्रोतः राष्ट्रिय सिप विकास तालिम प्रतिष्ठान, भैसेपाटी ।

प्रतिष्ठानले सिप परीक्षणका लागि प्रतिसहभागी रु.२ हजार १९० का दरले शुल्क भुक्तानी गरी पछिल्लो आर्थिक वर्षमा अन्य निकायमार्फत सिप परीक्षण गर्दै आएको छ। विगतमा नेपाल सरकारको प्रतिष्ठान नभएको सन्दर्भमा अन्यत्रबाट सिप परीक्षण गर्दै आएपनि गठन आदेशले उक्त कार्यसमेत गर्ने अधिकार प्रतिष्ठानलाई दिएतापनि आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्था नगरी अन्यत्रबाट सिप परीक्षण हुँदै आएको नियमसम्मत देखिएको छैन। निजी क्षेत्रबाट सञ्चालित मदरल्याण्ड स्किल डेभलपमेन्ट सेन्टर, Aecor International World Net Skill Training जस्ता निकाय तथा हेल्भाटास अन्तर्गत सामी परियोजना समेतले सिप प्रमाणीकरण (Accreditation) गरी सम्बन्धित विदेशी संस्थाले समेत मान्यता दिँदै आएतापनि सरकारी निकायबाट परीक्षण संस्थाहरूको अनुगमन तथा समन्वय गर्ने संयन्त्र तयार गरेको छैन। पूर्व प्रशिक्षार्थीलाई

सिप परीक्षण सन्दर्भमा सोधिएको प्रश्नमा ६२ प्रतिशतले सिप परीक्षणमा भाग नलिएको जवाफ दिएका छन्। सिप सिकेको केही समय व्यतित भएपछिमात्र सिप परीक्षण हुने हुँदा थाहा नपाएको, समय नमिलेको जस्ता कारण प्रशिक्षार्थीको सिप परीक्षण हुन नसकेको अवस्था उल्लेख गरेको छ। सबै संस्था/निकायबाट प्रदान भएको सिपको मापनमा एकरुपता कायम गर्न समेत सिप सिकाईको प्रमाणीकरण गर्ने निकायको स्पष्टता गरी प्रतिष्ठानको भूमिकालाई प्रभावकारी बनाइनु पर्दछ।

२८. **प्रशिक्षार्थी सिप अपग्रेडिङ्ग** - आधारभूत तालिम लिएकाहरूलाई अपग्रेडिङ्ग, एड्भान्स र स्पेसलाइजेसन गरी स्वरोजगारमार्फत् अर्थतन्त्रमा टेवा पुऱ्याउने प्रतिष्ठानको मुख्य लक्ष्य रहेको छ। प्रतिष्ठानले विगतमा दिएका तालिमहरूको व्यवस्थित अभिलेख नराखेको तथा तालिमको निरन्तर प्रभाव मूल्याङ्कन नभएको कारण तालिमले अर्थतन्त्रमा पारेको प्रभाव विश्लेषण भएको छैन। अभिलेख तथा मूल्याङ्कन नहुँदा तालिम लिएकाहरूको स्थिति एकीन गरी उद्यमशीलता विकास(Entrepreneurship), अपग्रेडिङ्गको आवश्यकता, स्पेसलाइजेसनका क्षेत्रहरू पहिचान गरी तालिमको प्रभाव विस्तार गर्न सकेको देखिएन। आर्थिक वर्ष २०८१।८२ मा प्रतिष्ठानबाट कुल २२७ जनालाई तालिम दिएकोमा १९ जनालाई सिलाई कटाई र १७ जनालाई विद्युत जडान गरी कुल ३६ जनालाई मात्र एडभान्स तालिम दिएको विवरण पेस भएबाट तालिम पश्चात प्रशिक्षार्थीहरूको सिप अपग्रेडिङ्गमा प्रतिष्ठानको ध्यान पुगेको देखिएको छैन। पूर्व प्रशिक्षार्थीलाई तालिममा सुधारका लागि सुझाव दिन तथा रोजगारीको अवस्था सम्बन्धमा सोधिएको प्रश्नको जवाफमा २८ जनाले सिप अपग्रेडिङ्ग तथा एडभान्स तालिमको आवश्यकता रहेको जनाएका छन्। अर्थतन्त्रमा टेवा पुऱ्याउने प्रतिष्ठानको मुख्य लक्ष्य पूरा गर्न आधारभूत तालिमका साथै अनिवार्य अपग्रेडिङ्ग र स्पेसलाइजेसनमा जोड दिनुपर्दछ।

२९. **तालिमको प्रभाव** - राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति(गठन) आदेश, २०८० को दफा ४ उपदफा(१)(ठ) मा समितिले सञ्चालन गरेको प्रशिक्षण कार्यक्रमको प्रभावकारिता तथा प्रतिफलको अनुगमन मूल्याङ्कन र समीक्षा गराउने व्यवस्था छ। त्यस्तै व्यावसायिक तथा सिप विकास तालिम सञ्चालन निर्देशिका, २०७७ ले समेत तालिम कार्यक्रमलाई समयानुकूल परिमार्जन गर्न भौतिक स्थिति, तालिमबाट प्राप्त भएको उपलब्धि तथा त्यसले बेरोजगारी र गरिबी घटाउन पुऱ्याएको योगदान समेत विचार गरी प्रतिष्ठानले सञ्चालन गरेका सिपमूलक तालिम कार्यक्रमबाट सामाजिक, आर्थिक, व्यावसायिक प्रभाव तथा व्यक्तिगत वस्तुस्थिति समेत झल्कने गरी तालिम प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानले आर्थिक वर्ष २०८१।८२ मा तालिमको प्रभाव मूल्याङ्कन गर्न Research Center for Educational Innovation and Development (CERID) सँग २०८१ चैत्र २५ मा रु.२२ लाख ५० हजारमा सम्झौता गरी रु.१५ लाख ७० हजार भुक्तानी भएकोमा अन्तिम प्रतिवेदन स्वीकृत भएको देखिएन। प्रतिष्ठानले सञ्चालन गरेको व्यावसायिक तथा सिप विकास तालिमको प्रभावकारिता सम्बन्धमा प्रशिक्षार्थीलाई सोधिएको प्रश्नावलीको निम्न अनुसार जवाफ प्राप्त भएको छ।

२९.१. तालिम प्रदान गर्ने विधि कस्तो लाग्यो भनि सोधिएकोमा ४० प्रतिशतले अतिउपयुक्त, ५५ प्रतिशतले उपयुक्त र ५ प्रतिशतले उपयुक्त नभएको जवाफ दिएको छ।

२९.२. तालिमको पाठ्यक्रम तथा सामग्री सन्दर्भमा सोधिएकोमा २४ प्रतिशतले अति उपयुक्त ५५ प्रतिशतले उपयुक्त १६ प्रतिशतले मध्यम र ५ प्रतिशतले उपयुक्त नभएको जवाफ दिएका छन्।

२९.३. तालिम कार्यक्रमसँग सम्बन्धित भौतिक संरचनाका सन्दर्भमा सोधिएको जवाफमा २८ प्रतिशतले पर्याप्त, ६२ प्रतिशतले ठिकै र १० प्रतिशतले कम भएको जवाफ दिएका छन्।

२९.४. तालिमको पर्याप्तता छ कि छैन भनि सोधिएको प्रश्नको जवाफमा ४३ प्रतिशतले पर्याप्त, ४६ प्रतिशतले ठिकै र ११ प्रतिशतले पर्याप्त नभएको जवाफ दिएको छ।

२९.५. तालिम कार्यक्रमबाट सिप प्राप्त भए नभएको प्रश्नमा ८५ प्रतिशतले प्राप्त भएको, १६ प्रतिशतले ठिकै जानेको भन्ने जवाफ दिएका छन्।

२९.६. तालिम कार्यक्रम प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ भन्ने जवाफमा २४ अति सन्तुष्ट, ७० प्रतिशतले सन्तुष्ट र ६ प्रतिशतले सन्तुष्ट नभएको जवाफ दिएको छ।

२९.७. तालिम कार्यक्रम कति उपयोगी छ भनि सोधिएको जवाफमा ५७ प्रतिशतले उपयोगी, १३ प्रतिशतले मध्यम, ४ प्रतिशतले उपयोगी नभएको जनाएका छन्।

२९.८. तालिम कार्यक्रमबाट स्वरोजगार हुन सहयोग गऱ्यो कि गरेन भन्ने जवाफमा २३ प्रतिशतले गऱ्यो र बाँकीले गरेन भन्ने जवाफ दिएको छ। साथै स्वरोजगार पश्चात भएको आयआर्जन र जीविकोपार्जन सम्बन्धमा सोधिएको प्रश्नमा अधिकांश सहभागीले खुलाउन नचाहेको अवस्था छ।

२९.९. तालिम पश्चात अनुगमन भए नभएको सन्दर्भमा सोधिएको उत्तरमा ४१ प्रतिशतले तालिम अवधिमा अनुगमन भएको जवाफ दिएका छन्।

२९.१०. समग्रमा प्रतिष्ठानबाट प्रदान गरिने सेवाको मापन कस्तो छ भनि सोधिएको जवाफमा १६ प्रतिशतले अतिउपयुक्त, ५९ प्रतिशतले उपयुक्त र २५ प्रतिशतले ठिकै भएको जवाफ दिएका छन्।

तालिम कार्यक्रमलाई प्रभावकारी बनाउन सुधार गर्नुपर्ने सुझावका सन्दर्भमा एड्भान्स तालिम थप गर्नुपर्ने, तालिम पछि रोजगारका लागि समेत सम्बन्धित निकायसँग इन्टर्नसिप गर्न समन्वय गरिदिनु पर्ने, तालिमसँग सम्बन्धित कम्तिमा १ सेट उपकरण पनि वितरण गर्नुपर्ने, स्टर्टअप ऋण व्यवस्थापन सहजिकरण गर्नुपर्ने, पुरानो पाठ्यक्रम र अपर्याप्त शैक्षिक सामग्रीमा सुधार गर्नुपर्ने लगायतका सुझाव दिएको छ। प्रतिष्ठानले उक्त नतिजा तथा सुझाव अनुसार तालिम कार्यक्रममा सुधार गर्नुपर्दछ।

परिच्छेद–४

निष्कर्ष तथा सुझाउ

नेपाल सरकारको सोह्रौं योजनाले योजना अवधिभर छोटो अवधिको रोजगार उन्मुख व्यावसायिक सिपमूलक तालिम १९ हजार ६०० बाट ८५ हजार पुऱ्याउने लक्ष्य राखेको छ। यसका लागि प्रतिष्ठान लगायत तालिम प्रदायक संस्थाले रणनीतिक रुपमा ठोस कार्य योजना बनाई परिमाणात्मक लक्ष्य सहित तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता छ। स्वायत्त संस्थाको रुपमा प्रतिष्ठानको स्थापना भएपनि यसका क्रियाकलाप व्यवस्थित गर्ने एकीकृत नीति तथा कार्यसञ्चालन विनयमावली व्यवस्थित नभएको, बजेट तथा जनशक्ति पर्याप्त नभएको, सञ्चालन गरेका तालिमको प्रभावकारिता मूल्याङ्कन हुन नसकेको लगायतका कारण उद्देश्य अनुसार तालिम सञ्चालन गर्न सकेको छैन। तालिम पश्चात सहभागीहरूको रोजगारी प्राप्तिको दर, आय वृद्धि, व्यवसाय स्थापनाको स्थिति तथा उद्यम सञ्चालनको दिगोपन जस्ता बिषय नियमित रूपमा अनुगमन गरी तालिम पश्चात् स्वरोजगारी र रोजगारमा संलग्न प्रशिक्षार्थीहरूको विस्तृत प्रोफाइल तयार नभएकोले अर्थतन्त्रमा पुऱ्याएको योगदान मापन गर्न सकिएको छैन। तालिमबाट प्राप्त नतिजाको लेखाजोखा गर्न, तालिम कार्यक्रमहरूको गुणस्तर सुधार गर्न, स्रोतको सही उपयोग र नीतिगत सुधारको मार्गदर्शन गर्न, प्रशिक्षार्थी ट्रेसिङ प्रणाली स्थायी रूपमा लागू गरी उनीहरूको पेशागत अवस्थाको निरन्तर अनुगमन गर्नुपर्दछ। यसका लागि प्रतिष्ठान एवं तालिम प्रदायक संस्थाहरूले Follow-up Surveys र Impact Assessments को उपयोग गर्नुका साथै मोबाइल एप्लिकेसन वा अनलाइन प्लेटफर्ममार्फत् प्रशिक्षार्थीहरूबाट तालिमको वास्तविक प्रभावकारिता र उपयोगिता मापन गर्ने नतिजामूलक मूल्याङ्कन प्रणालीको विकास र कार्यान्वयन गर्नुपर्दछ।

यस प्रतिवेदनको परिच्छेद – ३ मा उल्लिखित बेहोरा सुधारका लागि देहायबमोजिमका सुझाव प्रस्तुत गरिएको छ।

- आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रममा सामञ्जस्यता कायम गर्न व्यावसायिक सिपमूलक तालिम एकीकृत नीति तयार गरी कार्यान्वयन गर्नुपर्दछ।
- प्रतिष्ठानको कार्य प्रकृति अनुसारको कार्यविधि,खर्च नर्म्स तथा आन्तरिक नियन्त्रण प्रणाली जस्ता विनियमावलीहरू स्वीकृत गराएर मात्र खर्च गर्नु पर्दछ।
- उपयुक्त स्रोत साधनको व्यवस्था गर्नुपर्दछ।
- गठन आदेश बमोजिमको काम, कर्तव्य सम्बन्धी क्रियाकलाप व्यवस्थित बनाई राज्यले अवलम्बन गर्ने नीतिसँग सामाञ्जस्यता गर्नुपर्दछ।
- राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली तयार गरी अभिलेख व्यवस्थापनमा सुधार गर्नुपर्दछ।
- दीर्घकालीन श्रम उपयोग हुनेगरी तालिम आवश्यकता पहिचान गरेर तालिम सञ्चालन गर्नुपर्छ।
- समय सापेक्ष पाठ्यक्रम निर्माण तथा परिमार्जन गरी प्रभावकारी पाठ्यक्रम बनाउने व्यवस्था गर्नुपर्दछ।
- प्रतिष्ठान एवं अन्य निकायले दिने तालिमको आवश्यकता पहिचान, सञ्चालन, गुणस्तर नियन्त्रण एवं सिप परीक्षण समेतमा एकरुपता हुने गरी तालिम मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ।
- नियमित सञ्चालन हुने तालिमहरूको लागि आधुनिक र बजार माग अनुसारको सिप प्रदान गर्न सक्ने गरी उपयुक्त कार्यशाला व्यवस्था गर्नुपर्दछ।
- आधारभूत तथा उद्यमशील विकास तालिमका साथै अनिवार्य अपग्रेडिङ्ग र स्पेसलाइजेसनमा जोड दिनुपर्दछ।

निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि** - संयुक्त राष्ट्र संघको महासभाले अनुमोदन गरे अनुसार नेपाल सन् २०२६ देखि अतिकम विकसित मुलुकबाट विकासशील मुलकमा प्रवेश गर्दै गरेको सन्दर्भमा देशको अर्थतन्त्रमा स्वस्थ्य जनशक्ति व्यवस्थापनको महत्व बढ्दै गएको छ। नेपालको संविधानमा स्वास्थ्य सम्बन्धी अधिकारलाई मौलिक हकको रूपमा स्वीकार गरी प्रत्येक नेपाली नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलव्ध गराउनु पर्ने, सबै नागरिकलाई आकस्मिक स्वास्थ्य सेवा उपलव्ध गराउने, स्वास्थ्य उपचारको जानकारी दिने तथा स्वास्थ्य सेवामा समान पहुँच र स्वच्छ खानेपानी तथा सरसफाईको पहुँच सुनिश्चित गर्ने गरी स्वास्थ्यसम्बन्धी हकको ब्यवस्था गरेको छ। सोह्रौं आवधिक योजना (२०८१।८२-२०८५।८६)मा आधारवर्षको व्यक्तिगत तहमा हुने कुल स्वास्थ्य खर्च ५४.२ प्रतिशतबाट योजना अन्त्यसम्ममा ३८ प्रतिशतमा झार्ने, ३० मिनेटको दुरीमा स्वास्थ्य संस्था भएको घरधुरी ७७ प्रतिशतबाट योजना अन्त्यसम्ममा ८६ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ।

मुख्य कार्यसम्पादन सूचक (KPI)

- अन्तरङ्ग तथा बहिरङ्ग सेवा सञ्चालन
- आकस्मिक उपचार सेवा
- रेडियोलोजी सेवा प्रदान
- शल्यक्रिया व्यवस्थापन
- स्वास्थ्य उपकरण खरिद तथा व्यवस्थापन
- प्रयोगशाला व्यवस्थापन
- फार्मेसी सेवा सञ्चालन
- फोहोरमैला व्यवस्थापन

बिक्रम सम्वत् १९९० मा नेपाली सेनाका लागि वीरेन्द्र सैनिक अस्पतालको स्थापना भयो। बि.स. २०४० चैत्र २७ मा वीरेन्द्र प्रहरी अस्पतालको स्थापना गरी नेपाल प्रहरीको स्वास्थ्य उपचारको ब्यवस्था गरियो। निजामती कर्मचारीका लागि चीन सरकारले टर्नकी सम्झौतामा अस्पतालको भौतिक संरचना निर्माण गरी २०६५ कार्तिक ११ मा नेपाल सरकारलाई हस्तान्तरण भएकोमा २०६६ जेठ १६ देखि स्वास्थ्य उपचार सम्बन्धी सेवाको सुरूवात भएको छ।

२. **निकायको परिचय** - चीन सरकारको सहयोगमा नेपाल सरकारका बहालवाला तथा सेवा निवृत्त निजामती कर्मचारी तथा तिनका परिवारको स्वास्थ्य उपचार गर्ने उद्देश्यले काठमाडौंको मिनभवनमा यस अस्पतालको स्थापना भएको हो। अस्पताल निर्माण कार्य २०६५ कार्तिक ११ मा सम्पन्न भई हस्तान्तरण भएपनि नेपाल सरकारको मिति २०६६/११/२४ को निर्णय अनुसार अस्पताल विकास समितिको गठन पश्चात २०६६ जेठ १६ देखि अस्पताल सेवा सुरूवात भएकोमा २०६६ माघ ७ देखि अन्तरङ्ग, आकस्मिक र शल्यक्रिया सेवा अस्पतालबाट उपलब्ध हुँदै आएको छ। अस्पताल विकास समिति (गठन) आदेश, २०६४ को दफा ४(३) को ब्यवस्था अनुसार निजामती कर्मचारी र निजका परिवार बाहेकका सर्वसाधारणलाई पनि यस अस्पतालबाट ग्यास्ट्रोएन्टेरोलजी, न्यूरोलोजी, क्लिनिकल हेमाटोलोजी, ओन्कोलोजी, डर्माटोलोजी, मनोचिकित्सा, आन्तरिक चिकित्सा, कार्डियोलोजी इकाइ तथा एनेस्थेसियोलोजी, ओ.बि.एस/स्त्री रोग, अर्थोपेडिक्स, रेडियोलोजी र इमेजिङ, दन्त चिकित्सा, प्याथोलोजी, बाल रोग, नर्सिङ सम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्नुका साथै फिजियोथेरापी सेवा समेत उपलब्ध गराउँदै आएको छ।

३. **नीतिगत ब्यवस्था** - अस्पतालसँग सम्बन्धित प्रमुख नीति, आवधिक योजना र बजेटमा उल्लिखित बेहोराहरू निम्न रहेका छन् :

३.१. प्रमुख नीतिहरू

राष्ट्रिय स्वास्थ्य नीति, २०७६

नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०७९।८० -२०८७।८८)

३.२. आवधिक योजना

सोह्रौ आवधिक योजना, (२०८१/८२- २०८५/८६) मा उल्लिखित स्वास्थ्य क्षेत्रका रणनीति

- ✓ आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गर्ने,
- ✓ गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने,
- ✓ समग्र स्वास्थ्य प्रणालीको अत्याधिक र उच्चतम प्राविधिकरण गर्ने,
- ✓ गुणस्तरीय भरपर्दो तथा एकीकृत स्वास्थ्य प्रणाली विकास गर्ने,
- ✓ अध्ययन अनुसन्धान तथा तथ्यमा आधारित स्वास्थ्य व्यवस्थापन प्रणालीको विकास गर्ने,
- ✓ स्वास्थ्य क्षेत्रमा सुशासन तथा सामाजिक न्याय कायम गर्ने।

उक्त नीति कार्यान्वयनका लागि सञ्चालित हुने कार्यक्रमहरू

- ✓ आधारभूत र सामुदायिक स्वास्थ्य सेवा सुदृढीकरण,
- ✓ स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको गुणस्तर अभिवृद्धि गर्ने,
- ✓ विशिष्टीकृत सेवा अस्पताल सञ्चालन कार्यक्रम,
- ✓ स्वास्थ्य क्षेत्र एकीकृत व्यवस्थापन सूचना प्रणाली कार्यक्रम,
- ✓ सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य सम्बन्धी कार्यक्रम,
- ✓ जनस्वास्थ्य प्रयोगशाला सुदृढीकरण,
- ✓ अध्ययन अनुसन्धानमा आधारित स्वास्थ्य तथा जनसङ्ख्या व्यवस्थापन प्रणाली,
- ✓ औषधी र औषधी जन्य सामग्री उत्पादन तथा व्यवस्थापन।

३.३. बजेट वक्तव्य – नेपाल सरकारको विगत ४ वर्षको बजेट बक्तव्यमा अस्पतालसँग सम्बन्धित बेहोराहरू निम्न छन्।

आर्थिक वर्ष	बजेट वक्तव्यका व्यहोरा
२०७८।७९	▪ प्रादेशिक तहका अस्पतालसँगको सहकार्यमा निजामती अस्पतालको सेवा विस्तार गर्ने, ▪ सङ्कलित सामाजिक सुरक्षा करको ५०% रकम निजामती सेवा अस्पतालको पूर्वाधार विकास तथा सेवा विस्तारका लागि उपलब्ध गर्ने, ▪ निजामती कर्मचारीहरूको लागि सैयाको संख्या निश्चित गरी डेडिकेटेड बहिरङ्ग सेवा सञ्चालन गर्ने।
२०७९।८०	▪ आधारभूत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच सर्वसुलभ र गुणस्तरीय बनाउने, ▪ नेसनल सेन्टर फर डिजिज कन्ट्रोल तथा राष्ट्रिय स्वास्थ्य प्रत्यायन बोर्ड स्थापना गर्न आवश्यक कानुनी व्यवस्था गर्ने।
२०८०।८१	▪ आधारभूत स्वास्थ्य सम्बर्धन सर्वसुलभ र गुणस्तरीय बनाइ विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच बढाइने, ▪ सङ्घीय अस्पतालमा रहेको जनस्वास्थ्य प्रयोगशाला स्तर उन्नति गर्ने, ▪ सरकारी अस्पतालमा काम गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीलाई प्रोत्साहित गर्न सबै सङ्घीय अस्पतालमा एक चिकित्सक स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्था कार्यक्रम सञ्चालन गर्ने।
२०८१।८२	▪ आधारभूत र आकस्मिक स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाइने, ▪ सङ्घीय अस्पतालमा जेरीएटिक वार्ड सञ्चालन गरी जेष्ठ नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने।

४. **कानुनी ब्यवस्था -** अस्पताललाई नियमित सञ्चालन तथा व्यवस्थापनका लागि निम्न कानुनी ब्यवस्था रहेको छ।

- अस्पतालको काम कर्तव्यलाई नियमित र व्यवस्थित गर्न निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ कार्यान्वयनमा रहेको।
- अस्पतालमा कार्यरत जनशक्ति प्राप्ति, उपयोग र सेवा सुविधा भुक्तानी नियमित गर्न निजामती कर्मचारी अस्पताल (कर्मचारीहरूको सेवाका शर्त र सुविधा) विनियमावली, २०७० कार्यान्वयनमा रहेको।
- अस्पतालमा कार्यरत करार जनशक्ति व्यवस्थापनका लागि निजामती कर्मचारी अस्पताल करार सेवा कार्यविधि, २०७८ कार्यान्वयनमा रहेको।
- अस्पतालको सेवा गुणस्तरीय बनाउन स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने कार्यविधि, २०७९ कार्यान्वयनमा रहेको।
- वित्तीय कारोबार व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ कार्यान्वयनमा रहेको।
- अस्पतालको खरिद व्यवस्थापनका लगि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ कार्यान्वयनमा रहेको।
- जनस्वास्थ्य सेवा ऐन, २०७५
- फोहरमैला व्यवस्थापन ऐन, २०६८ नियमावली, २०७०

५. **वित्तीय ब्यवस्था -** अस्पतालका लागि विकास समितिको लगानी समेत आर्थिक वर्ष २०७७।७८ देखि २०८१।८२ सम्म भएको आम्दानी तथा तथा खर्चको विवरण निम्न बमोजिम देखिएको छ।

(रु.हजारमा)

आर्थिक वर्ष	अनुमानित बजेट	वास्तविक आय		वास्तविक व्यय		मौज्दात बाँकी
		आन्तरिक	ने.स. अनुदान	आन्तरिक तर्फ	ने.स. अनुदान	
२०७७/७८	५४५,८१७	३३४,५३१	४९६,०००	२४४,६००	३०९,८००	८९,९३१
२०७८/७९	६३०,५०७	६११,५९०	५४३,१००	५५४,४८४	९५,०००	५७,१०६
२०७९/८०	१,४५४,९०१	६६९,८९२	२९९,६००	६५४,८७२	६४,८००	१५,०२०
२०८०/८१	१,३८१,०७४	८१६,५५३	२११,०००	९४०,६४७	७५,०००	-१२४,०९४
२०८१/८२	१,१७१,६१८	९३३,९१७	२१९,५००	९०९,७७०	१२८,६०३	२४,१४७

६. **लेखापरीक्षणको औचित्य -** स्वास्थ्य क्षेत्र सरकारको प्राथमिकताको क्षेत्रमा परेको छ। सो मध्ये नेपाल सरकारको बहालवाला तथा सेवानिवृत्त निजामती कर्मचारी र तिनका परिवारको स्वास्थ्य उपचार सेवा सर्वसुलभ र बिशिष्टिकृत हुनुपर्दछ। अस्पताल स्वयंम आम सरोकारको क्षेत्र रहेकोले दक्ष जनशक्ति, आधुनिक प्रविधियुक्त उपकरण, स्मार्ट ल्याब व्यवस्थापन, उपयुक्त मापदण्डको औषधी उपचार, स्वास्थ्य संस्थाको फोहरमैलाको उचित व्यवस्थापन आजको जनअपेक्षा रहेको छ। यसै सन्दर्भमा निजामती कर्मचारी अस्पतालको समग्र सेवा प्रवाहको मूल्याङ्कन गरी सुधारको क्षेत्रहरू पहिचान गरी सुझाव दिने उद्देश्यले निजामती अस्पतालको सेवा प्रवाह विषयको छनोट गरिएको हो।

परिच्छेद - २

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

७. **लेखापरीक्षणको उद्देश्य -** निजामती कर्मचारी अस्पताल बहालवाला तथा सेवा निवृत्त निजामती कर्मचारी र तिनका परिवारमात्रको नभई आम नागरिक सरोकारको विषय रहेकोले अस्पतालमा रहेको जनशक्ति, उपकरण, फोहरमैला व्यवस्थापन, ल्याब व्यवस्थापन, औषधी लगायतका समग्र सेवा प्रवाहको मूल्याङ्कन गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। अस्पतालले सञ्चालन गरेको स्वास्थ्य क्रियाकलाप सम्बन्धमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता माध्यमबाट समस्या बिश्लेषण गरी सुधारको क्षेत्रहरू पहिचान एवं सुधारका लागि उपयुक्त सुझाव दिने कार्यमूलक लेखपरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षणको अन्य सहायक उद्देश्यहरू निम्न रहेका छन् :-

- अस्पतालले प्रदान गर्ने विभिन्न सेवाहरूको कार्य प्रभावकारिता बिश्लेषण गर्ने,
- अस्पतालको खरिद व्यवस्थापनमा मितव्ययिता, कार्यदक्षता एवं प्रभावकारी रहे नरहेको बिश्लेषण गर्ने,
- अस्पतालमा रहेको स्वास्थ्य उपकरण तथा औषधी लगायतको उपयुक्त व्यवस्थापन भए नभएको एकिन गर्ने,
- अस्पतालबाट सङ्कलन हुने स्वास्थ्यजन्य फोहोर व्यवस्थापन अवस्थाको बिश्लेषण गर्ने।

८. **लेखापरीक्षणको क्षेत्र -** अस्पताल आम सरोकारको क्षेत्र रहेको, जनशक्ति, स्वास्थ्य उपकरण, अनलाईन ओपिडि टिकट, टोकन प्रणाली, फिजियोथेरापी व्यवस्थापन, रेडियोलोजी सेवा, फोहरमैला व्यवस्थापन, ल्याब व्यवस्थापन, औषधी खरिद तथा बिक्री, जिन्सी व्यवस्थापन तथा समग्र सेवा प्रवाहसँग सम्बन्धित क्रियाकलापहरूलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। अस्पतालबाट उपलव्ध भएसम्म बिगत ३ देखि ५ बर्षको क्रियाकलापहरूको तथ्याङ्क तथा सूचनालाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। सेवाग्राहीसँगको अन्तरवार्ता, स्थलगत निरीक्षण, अनुगमन समेतलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ।

९. **लेखापरीक्षण पद्धति -** नेपाल सरकारी लेखापरीक्षण मान बमोजिम लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण कार्यमा लेखापरीक्षण समीक्षा पत्र, लेखापरीक्षण योजना र लेखापरीक्षणका मानदण्ड (इसाई ३०००), कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८२, छलफल, प्रश्नावली, प्राथमिक तथा दोश्रो स्रोतको तथ्याङ्क विधिको आधारमा लेखापरीक्षण कार्यान्वयन गरी लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि र विस्तृत विवरणको परीक्षण विधि अवलम्बन गरिएको छ। लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादनको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल समेत गरिएको छ। समग्रमा प्रक्रियामूलक र नतिजामूलक विधि उपयोग गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणको अवधी र लेखापरीक्षण सम्पन्न भएपश्चात देखिएका बेहोरा उपर व्यवस्थापनसँग छलफल गरी प्रतिवेदन तयार गरिएको छ।

१०. **लेखापरीक्षणको सीमा -** लेखापरीक्षणको क्रममा अस्पतालबाट प्राप्त तथ्याङ्कहरूको आधारमा अस्पताल सेवा प्रबाहको विश्लेषण गर्ने प्रयास गरिएको छ। उपलब्ध तथ्याङ्कहरूको अपर्याप्तता, लेखापरीक्षणको लागि उपलब्ध समय सीमा, संलग्न जनशक्तिको क्षमता, सूचना प्राप्तिमा कठिनाई लगायत समस्याले लेखापरीक्षणको दायरालाई केही सीमित गरेको छ। लेखापरीक्षणका लागि उपलव्ध स्रोत साधन र समयको सीमा, कारोबारको नियन्त्रण जोखिमको मात्रा तथा लागतको दृष्टिकोणबाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने हुँदा लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनोट गरी लेखापरीक्षण गरिएको छ।

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएको बेहोराहरू

बहालवाला तथा सेवा निवृत्त निजामती कर्मचारी एवं तिनका परिवार र सर्वसाधारण समेतको उपचार हुने यस अस्पतालमा उपलव्ध जनशक्ति, स्वास्थ्य उपकरण, औषधी व्यवस्थापन, फोहरमैला व्यवस्थापन लगायतका समग्र सेवा प्रवाहको मूल्याङ्कन गर्दा देखिएका बेहोराहरू निम्न छन् :

सकारात्मक पक्षहरू

- आपतकालीन उपचारका लागि ३० सहित ३ सय ९ सैय्याको अस्पताल सञ्चालननमा रहेको छ। स्रोत साधनको सीमितता भएपनि कोभिड सङ्क्रमण, बिभिन्न आन्दोलन लगायत बिपद्मा क्षमता भन्दा बढी बिरामीहरूले सेवा पाएको छ।
- काठमाडौको केन्द्रमा रहेको र पहुँच सहजताका कारण आर्थिक वर्ष २०८१।८२ मा मात्र ३२ हजार कर्मचारी सहित ३ लाख ४८ हजार ८५५ जनाले बहिरङ्ग सेवा लिएको देखिंदा बिरामीको चाप अत्यधिक बढ्दै गएको छ।
- निजामती कर्मचारीलाई सेवा दिने प्रमुख उद्देश्यले अस्पताल स्थापना भएतापनि सर्वसाधारणले समेत उपचार प्राप्त गरेका छन्।
- अस्पतालमा प्रयोगशाला सेवा, सिटी स्क्यान, एमआरआई, एमआरसीपी, एक्स-रे, अल्ट्रा साउन्ड, ईसीजी/इइजी/पीएफटी/ईएमजी, इको कार्डियोग्राफी, इन्डोस्कोपी, कोलोनोनस्कोपी, स्पीच थेरापी, हल्टर मोनिटर र ट्रेड मिल टेस्ट सञ्चालनमा रहेका छन्।
- जटिल प्रकृतिको रोगको Multi Specialist समूहबाट समेत उपचार हुने व्यवस्था रहेको छ।
- अस्पतालले रेडियो थेरापी सहित माइक्रोबायोलोजी, इम्युनोलोजी, बायोकेमेस्ट्री, हेमाटोलोजी, फ्लोसाइट्रोमेट्रीसहितको मोलिक्युलर तथा जेनेटिक अत्याधुनिक प्रयोगशाला, पीसीआर प्रयोगशालाबाट सेवा दिइरहेको अवस्था छ।
- अन्य सरकारी अस्पतालमा उपलव्ध नभएको बोनम्यारो प्रत्यारोपण र घुँडा प्रत्यारोपण जस्ता बिषेश सेवा समेत अस्पतालले सञ्चालन गर्दै आएको छ।

सुधार गर्नुपर्ने पक्षहरू

११. **अस्पताल विनियमावली** – अस्पताल सञ्चालनका लागि निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ र कर्मचारी व्यवस्थापनका लागि निजामती कर्मचारी अस्पताल (कर्मचारी सेवाका सर्त र सुविधा) बिनियमावली, २०७० कार्यन्वयनमा रहेको छ। अस्पताल स्थापना भएको १६ वर्षसम्म पनि गठन आदेशमा उल्लिखित काम कर्तव्य र अधिकारलाई व्यवस्थित गर्न आवश्यक ऐन, नियमावली तथा कार्यविधि निर्माण गरेको छैन। त्यस्तै निजामती कर्मचारी अस्पताल (कर्मचारी सेवाका सर्त र सुविधा) बिनियमावली, २०७० ले अस्पतालमा कार्यरत जनशक्तिलाई स्वास्थ्य सेवा ऐनसँग मिलान नगर्दा कर्मचारीको वृत्ति विकासका लागि स्तर वृद्धि हुन नसकी व्यवस्थापन जटिल हुन गएको छ। पद अनुसार योग्यता र दरबन्दी स्पष्ट व्याख्या नहुँदा कर्मचारी कार्य विवरण तयार गरी कार्यान्वयन हुन सकेको छैन। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण नभएको कारण कर्मचारी दरबन्दी संख्या एकिन नहुँदा करार कर्मचारीको लागत बिश्लेषण हुन सकेको छैन। पटके आन्दोलनबाट स्वास्थ्य सेवाका कर्मचारीको तलव स्केलको चिकित्सकले ७५ तथा अन्य कर्मचारीलाई ५० प्रतिशत थप भत्ता र ल्यावमा कार्यरत कर्मचारीले २५ प्रतिशत हाजार्ड भत्ता लिएतापनि सेवाको स्थायित्व र भविस्यमा दिने अन्य सुविधा व्यवस्थित गरेको छैन। आवश्यक विनियमावली कार्यान्वयनमा ल्याई निर्धारित कर्मचारी लोकसेवामार्फत पदपूर्ति हुने व्यवस्था गरी नीतिगत तथा कानुनी समस्यामा सुधार गर्नुपर्दछ।

१२. **बजेट तथा खर्च क्षमता** - निजामती कर्मचारी अस्पताल विकास समिति(गठन) आदेश, २०६४ को दफा ४ को (ग) मा अस्पताल विकास समितिलाई नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा गरी स्वीकृत गर्ने र सोको

कार्यान्वयन गर्ने गराउने काम कर्तव्य तोकिएको छ। अस्पतालको विगत ५ वर्षको बजेट व्यवस्था र खर्च स्थिति देहायबमोजिम रहेको छ।

(रु.हजारमा)



अस्पतालको आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्मको विवरण विश्लेषण गर्दा देखिएका उल्लेखनीय बेहोरा निम्न छन्:

१२.१. अस्पतालको आर्थिक वर्ष २०७७।७८ को आन्तरिक आम्दानी रु.३३ करोड ४५ लाख ३१ हजार रहेकोमा आर्थिक वर्ष २०८१।८२ सम्ममा १७९.३२ प्रतिशतले बृद्धि भएको छ। त्यस्तै नेपाल सरकारको अनुदान क्रमश: घट्दै गई आर्थिक वर्ष २०७७।७८ को तुलनामा ५५.७४ प्रतिशतले घटी देखिएको छ। अस्पतालले आन्तरिक आम्दानी बढाउँदै र नेपाल सरकारको अनुदान घटाउदै जाँदा कार्यसम्पादन सकारात्मक देखिएको छ। तर अस्पतालको भौतिक संरचना निर्माण, स्वास्थ्य उपकरण तथा मेसिनरी औजार खरिदमा लगानी सन्तोषजनक देखिएको छैन। आर्थिक वर्ष २०८०/८१ मा अस्पतालले स्वास्थ्य उपकरण खरिदमा रु.९ करोड ७६ लाख समेत पुँजीगत खर्च रु.१० करोड ३६ लाख ७६ हजार विकास समितिको बजेटबाट खर्च गर्दा रु.१ करोड २४ लाख ऋणात्मक देखिएको छ। आन्तरिक आय र नेपाल सरकारबाट प्राप्त अनुदानको बजेट अनुमान अनुसार आय व्यवस्थापन सन्तुलन नगर्दा यो वर्ष अघिल्ला आर्थिक वर्षको मौज्दात रकम प्रयोग भएको अवस्थाले बजेट एवं खर्च व्यवस्थापन नियमित र प्रभावकारी देखिएको छैन।

१२.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा स्वीकृत बजेट लक्ष्यअनुसार खर्च नभएमा त्यसको जिम्मेवार लेखा उत्तरदायी अधिकृतको हुने, बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। अस्पतालले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ देखि २०८१।८२ सम्मको अनुमानित बजेट, वास्तविक आय र खर्च देहाय अनुसार रहेको छ:

आर्थिक वर्ष	अनुमानित	कुल प्राप्त	फरक	प्रतिशत	प्राप्त मध्ये खर्च	खर्च प्रतिशत
२०७७।७८	५४५,८१७	८३०,५३१	-२८४,७१४	-५२.१६	५५४,४००	६६.७५
२०७८।७९	६३०,५०७	१,१५४,६९०	-५२४,१८३	-८३.१४	६४९,४८४	५६.२५
२०७९।८०	१,४५४,९०१	९६९,४९२	४८५,४०९	३३.३६	७१९,६७२	७४.२३
२०८०।८१	१,३८१,०७४	१,०२७,५५३	३५३,५२१	२५.६०	१,०१५,६४७	९८.८४
२०८१।८२	१,१७१,६१८	१,१५३,४१७	१८,२०१	१.५५	१,०३८,३७३	९०.०३

वार्षिक कार्यक्रम र बजेट अनुमान गर्दा यथार्थ आधार एवं बिश्लेषण नगरेको कारण आर्थिक वर्ष २०७७।७८ देखि २०८१।८२ को बजेट खर्च बिश्लेषण गर्दा अनुमानित बजेटको ५२ प्रतिशतमात्र यथार्थ प्राप्ति भएको देखियो। त्यस्तै उपलब्ध बजेट ५६.२५ प्रतिशत मात्र खर्च गरेको समेत देखिंदा बजेट तथा खर्च क्षमतामा सुधार गर्नुपर्ने देखिएको छ। नेपाल सरकारको अनुदानसमेतका अनुमान, उपलब्धता र खर्च तादात्मकता देखिएको छैन। बजेट अनुमान यथार्थ नजिक नहुनु र उपलब्ध बजेट खर्च नहुँदा अस्पताललाई उपलब्ध स्रोतको उपयोग प्रभावकारी देखिएको छैन। बजेट अनुमान एवं खर्च प्रणालीमा सुधार गर्नुपर्दछ।

१२.३. नेपाल सरकारको आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यमा निजामती प्रादेशिक तहका अस्पतालसँगको सहकार्यमा निजामती अस्पतालको सेवा विस्तार गर्ने, निजामती कर्मचारीबाट सङ्कलन भएको सामाजिक सुरक्षा कर बापतको ५०% रकम निजामती सेवा अस्पतालको पूर्वाधार विकास तथा सेवा विस्तारका लागि उपलब्ध गराइने घोषणा भएपनि अस्पताललाई नियमित दिने बाहेक थप अनुदान ब्यवस्था गर्न सकेको देखिएन। अस्पतालले नेपाल सरकारको अनुदानबाट ल्याब रिएजेन्ट, स्वास्थ्य उपकरण तथा भौतिक संरचना निर्माणमा खर्च गर्दै आएको छ। बहालवाला तथा सेवा निर्बृत्त निजामती कर्मचारी र तिनका परिबारलाई स्वास्थ्य सेवा दिने उद्देश्यले अस्पतालको स्थापना भएपनि नेपाल सरकारको अनुदान वा नाफामूलक संस्थाको रूपमा सञ्चालन गर्ने भन्ने वित्तीय ब्यवस्था सम्बन्धी निर्णयमा स्पष्टता छैन। अस्पतालको भौतिक पूर्वाधार तथा स्वास्थ्य उपकरण सुरूमा चीन सरकारको अनुदानमा प्राप्त भएकोमा समयक्रमसँगै अस्पतालको आधुनिकीकरणमा सरकारले लगानी बढाउन सकेको छैन। विगत ५ वर्षमा नेपाल सरकारको अनुदान र बहालवाला तथा सेवा निवृत्त निजामती कर्मचारी र तिनका परिबारलाई अस्पतालले दिएको छुट चार्टमा देखाइएको छ। उक्त चार्ट अनुसार नेपाल सरकारले दिने अनुदान घट्दै गएको तर अस्पतालले दिएको छुट सुविधामा बृद्धि हुँदै गएको अवस्था छ। निजामती कर्मचारीलाई दिएको उल्लिखित चार्टमा देखिएको छुटले अस्पतालको नगद प्रबाहमा दबाव बढ्दै गएको अवस्था छ। बजेट वक्तव्यमा उल्लिखित ब्यवस्था लगायत नेपाल सरकार तथा अस्पताल विकास समितिलाई दीर्घकालीन दायित्व नबढ्ने गरी अन्य स्रोत व्यवस्थापन गर्ने उपाय अबलम्वन गर्नुपर्ने देखिएको छ।



अस्पतालको बजेट तथा कार्यक्रमलाई यथार्थपरक र प्रभावकारी बनाई अस्पतालको वित्तीय ब्यवस्था सम्बन्धमा नीतिमा स्पष्टता गर्दै प्राविधिक जनशक्ति, स्वास्थ्य उपकरण एवं आर्थिक स्रोतको उपयुक्त व्यवस्थापनमार्फत् आन्तरिक आय वृद्धिका उपाय अवलम्बन गर्दै खर्च क्षमता सुदृढ बनाउनतर्फ ध्यान दिनु पर्दछ।

१३. **जनशक्ति व्यवस्थापन** - निजामती कर्मचारी अस्पताल (कर्मचारीको सेवा शर्त र सुविधा) विनियमावली, २०७० को विनियम ७ मा सेवामा प्रशासन र प्राविधिक रहने तथा विनियम ८ मा उपसमूह रहने ब्यवस्था छ। अस्पतालले उपलब्ध गराएको विवरणअनुसार स्वीकृत दरबन्दी ४६१ मध्ये ३५७ स्थायी तथा २५ करार सेवा गरी ३८२ पदपूर्ति भई ७९ पद रिक्त रहेको विवरण पेस भएको छ। अस्पतालको २०८२ असारको तलव खर्च अनुसार ३३९ जना स्थायी, करार सेवाका ३१, सेसन/ज्यालादारी ३६९ र नेपाल सरकारको निजामती सेवाबाट १७ कर्मचारीलाई तलव खर्च भुक्तानी गरेको छ। निजामती कर्मचारी अस्पताल (कर्मचारीहरूको सेवाका शर्त र सुविधा) विनियमावली, २०७० को २७ (ख) स्थायी पूर्ति नभएसम्मका लागि

अस्पताललाई तत्काल कर्मचारीको आवश्यकता परेमा एक पटकमा एक बर्षमा नबढाई समितिको स्वीकृति लिइ कार्यकारी निर्देशकले करार सेवामा नियुक्त गर्न सक्ने व्यवस्था अनुसार कन्सल्टेन्ट्स तथा स्टाफ नर्स लगायत २५ करार सेवाका कर्मचारीका लागि रु.३ करोड ४७ लाख २८ हजार खर्च गरेको छ।

त्यस्तै निजामती कर्मचारी अस्पताल (कर्मचारीहरूको सेवाका शर्त र सुविधा) विनियमावली, २०७० को ३९मा कार्यकारी निर्देशकले कुनै व्यक्तिलाई बढीमा छ महिना अवधि सम्मको लागि ज्यालादारीमा काममा लगाउने ब्यवस्था रहेकोमा यो बर्ष दैनिक ज्यालादारीतर्फ २०८ कर्मचारीलाई र स्वीकृत दरबन्दी बाहेकका कार्डियोलोजी दशौं- १, नवौं-१, नेफ्रोलोजी दशौं- १, नवौं-१, कार्डियोथोरासिक एण्ड भाष्कुलर नवौं-१, प्रमुख मेडिकल फिजिसिष्ट आठौं-२ मेडिकल अफिसर छैठौं- ६५ लगायतलाई करार सेवा गरी रु.१६ करोड ७६ लाख ५४ हजार भुक्तानी गरेको छ। अस्पताललाई बिशिष्टीकृत अस्पतालको रूपमा विकास गर्न चाहिने उच्च दक्षतायुक्त बिषेशज्ञ डाक्टर सहितको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण २०७६।७७ मा गरेकोमा वर्तमानमा सेवा बिस्तारसँगै दरबन्दी परिमार्जन हुनुपर्नेमा तत्पश्चात् सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरेको छैन। विस्तारित सेवा अनुरूप आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन सर्वेक्षण गरी जनशक्ति व्यवस्थापन गर्नुपर्नेमा सो नगरी प्राविधिक एवं अप्राविधिक जनशक्ति दैनिक ज्यालादारीमा नियुक्त गरी खर्च लेखेको मनासिव देखिएन। यस सम्बन्धमा अस्पतालले १६ वर्षदेखि करारमा काम लगाउँदै आएकोले हाल व्यवस्थापन तथा सर्वेक्षण गरी बोर्डबाट स्वीकृति प्रक्रियामा रहेको जनाएको छ। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सोहीअनुरूप आवश्यकताका आधारमा जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।

१४. **सेवा प्रवाह** – निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ को दफा ४ अनुसार निजामती कर्मचारी र तिनका परिवार तथा सर्वसाधारणलाई स्वास्थ्य सेवा उपलब्ध गराउने उल्लेख छ। हाल अस्पतालमा सर्वसाधारणको समेत सेवामा पहुँच रहेको छ। अस्पतालको उपचार सेवामा निजामती सेवा राजपत्राङ्कित कर्मचारीका लागि ४० प्रतिशत र राजपत्र अनङ्कित कर्मचारी तथा सेवा निवृत्त कर्मचारीहरू र निजको परिवारको सदस्यहरूको लागि ५० प्रतिशत छुट र औषधी खरिदमा सर्वसाधारण एवं निजामती कर्मचारी सबैलाई १० प्रतिशत छुट दिने ब्यवस्था रहेको छ। अस्पतालमा विगत ५ वर्षको सेवा प्रवाह विवरण देहाय अनुसार रहेको छ।

क्र. सं.	सेवाको किसिम	२०७७।७८		२०७८।७९		२०७९।८०		२०८०।८१		२०८१।८२	
		कर्मचारी	सर्वसाधरण	कर्मचारी	सर्वसाधरण	कर्मचारी	सर्वसाधरण	कर्मचारी	सर्वसाधरण	कर्मचारी	सर्वसाधरण
१	बहिरङ्ग सेवा	११७७९	६४२५४	३३७७४	१७२३५०	२७८९१	२६११५०	३२६९४	२९४१५३	३२००९	३१६८४६
२	प्रयोगशाला परीक्षण	१७७६००	४०२२०५	७९२०	९३२६१०	३६३९५१	६८९७९८	३९५६१७	७०९३४१	४२७१९०	७५३५६५
३	एक्स-रे	८६०४	२४०९३	३९२	६२६५१	१९४२४	४६८६२	२२०६१	५४४६५	२२५५८	५६०४९
४	आकस्मिक सेवा	७२०	१०९६९	१०२२	१७७७७	९३७	२००१३	१०६२	१७६६५	१४१०	१९०२६
५	USG	४७०१	१३१३८	२७३	३६३९९	६९५८	४९८४	१६२९१	३२५२०	१७८९१	३७४०४
६	Endoscopy	१६८	५८८	१५	२७३२	८४४	१८७०	७३२	१६७९	५६७	१५१७
७	अपरेसन	४१५	१५९८		१८१९	७१५	१७३५	१०९०	२५३०	१०७८	२८४५
९	सी.टी. स्क्यान	९८४	३८३३	३३	६७३९	७९६	२५४४	१५२०	४३७७	२१५८	५६९७
८	भर्ना भई उपचार	५६३	३३६५	९०२	४३९२	९२२	३३३४	११०३	३८५५	११६७	४४५२
९	एम आर आई	८१७	१३३६	११०६	१०४७	४६२	६५५	१८६३	२३१८	२२९९	३०९३

उल्लिखित तालिका अनुसार अस्पताल पहुँचमा सहज र अत्याधुनिक प्रयोगशालाका कारण ओपीडी, प्रयोगशाला परीक्षण, अल्ट्रासाउण्ड, अपरेसन तथा सिटी स्क्यानलगायत सबै सेवामा अघिल्लो वर्षको तुलनामा वृद्धि हुँदै गएको देखिन्छ। तथापि निजामती कर्मचारीका सन्दर्भमा निजामती किताव खानाको २०८०।८१ को विवरण अनुसार कुल ८५ हजार ३२८ कर्मचारी कार्यरत रहेकोमा जम्मा ३२ हजारले मात्र सेवा लिएको

अवस्था छ। उक्त तथ्याङ्कमा पनि बिरामी कोड एकीकृत नहुँदा एकै कर्मचारी पटके गणना भएको अवस्थाले तथ्य सहि मान्न सकिने आधार छैन। सेवा लिनेको संख्या वर्षेनी बढ्दै गए अनुसार चिकित्सक लगायतको प्राविधिक जनशक्ती तथा अपरेसन कक्षको क्षमता बिस्तार, स्वास्थ्य उपकरणको पर्याप्तता, औषधी खरिद तथा आपूर्ति व्यवस्थापन प्रणाली सुदृढ बनाउनु लगायतमा चुनौती थपिदै गएको अस्पतालले जनाएको छ। सर्जरी सेवाका लागि बिरामी र रोगअनुसार ६ महिना भन्दा बढी प्रतिक्षा गर्नुपर्ने तथा चिकित्सकले सिफारिस गरेका औषधी फार्मेसीमा उपलब्ध नहुँदा बिरामीले बाहिरबाट खरिद गर्नुपर्ने लगायतका अवस्था विद्यमान रहेको छ। यस सम्बन्धमा अस्पतालले अपरेसन थियटर १ थप गरी सञ्चालनमा रहेको तथा अर्को थप गर्ने प्रक्रियामा रहनुका साथै कोशी र सुदुरपश्चिम प्रदेशमा सेवा बिस्तार गर्न प्रादेशिक अस्पतालसँग MOU गरी प्रादेशिक स्तरमा सेवा बिस्तार गरी चाप घटाउने प्रयास भएको, औषधी बितरणका लागि छुट्टै कक्ष व्यवस्थापन भइरहेको जनाएको छ। औषधी खरिद तथा आपूर्ति प्रणालीलाई माग पूर्वानुमानमा आधारित इन्भेन्टरी व्यवस्थापनलाई डिजिटल प्रणालीमार्फत प्रभावकारी बनाई सेवा बिस्तार गर्नु पर्दछ।

१५. **आकस्मिक उपचार** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ४ ले प्रत्येक स्वास्थ्य संस्थाले आकस्मिक(इमर्जेन्सी) उपचार सेवा प्रदान गर्नुपर्ने अनिबार्य व्यवस्था गरेको छ। अस्पतालमा नर्सिङ विभाग अन्तर्गत इमर्जेन्सी वार्डमा ३० बेड उपलब्ध छन्। आकस्मिक उपचार सेवा प्रबाहमा चिकित्सक पर्याप्त भएतापनि नर्सिङ जनशक्ति कमी रहेको अस्पतालले जनाएको छ। इमर्जेन्सीको लागि छुट्टै भिडियो एक्सरे मेसिन उपलब्ध नभएको, सिटी स्क्यान मेसिन बारम्बार बिग्रिने अवस्था रहेको र इमर्जेन्सीका लागि छुट्टै ल्याबको व्यवस्था नगरिएको लगायत समस्या रहेको अस्पतालले जनाएको छ। उपयुक्त चिकित्सक तथा नर्सिङ जनशक्ति, इमर्जेन्सी उपकरण तथा ल्याबको विशेष व्यवस्था र आवश्यक पूर्वाधार विस्तार नहुँदा आकस्मिक अवस्थाका बिरामीको उपचारमा ढिलाइ हुने, सेवाको गुणस्तरमा असर पर्ने, बिरामीको प्रतीक्षा समय बढ्ने र स्वास्थ्य जोखिम उच्च हुने जस्ता कारण आकस्मिक उपचार सेवा प्रभावकारी देखिएको छैन। इमर्जेन्सी वार्डका लागि आवश्यक चिकित्सक तथा नर्सिङ जनशक्ति व्यवस्थापन गर्नुका साथै भौतिक पूर्वाधार लगायत मेसिनरी औजार तथा बिशेष सेवा सहितको ल्याब स्थापना गरी आकस्मिक उपचार सेवालाई थप प्रभावकारी बनाउनु पर्दछ।

१६. **अन्तरङ्ग बेड भर्ना** - स्वास्थ्य सेवा सञ्चालन मापदण्ड, २०७७ अनुसार अस्पतालले भर्ना, रिफर, निदान र मृत्यु सम्बन्धी सम्पूर्ण विवरण ICD(International Classification of Diseases) कोडसहित व्यवस्थित रूपमा अभिलेख राख्नुपर्ने व्यवस्था छ। अस्पतालले अन्तरङ्ग सेवाका लागि बेड भर्ना हुन आएका र बेड भर्ना भएका बिरामीहरूको भर्ना, रेफरल, निदान र मृत्यु लगायतको विवरण अद्यावधिक राखेको छैन। अन्तरङ्ग बेड भर्नाको विवरण माग गरेकोमा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्म निदान भएको, अन्यत्र रेफरल गरिएको र मृत्यु भएको विरामीको विवरण प्राप्त भएन। अस्पतालमा भर्ना भई उपचार गरेका विरामीको विगत ५ वर्षको बेड भर्ना विवरण निम्नानुसार छ।



यस सम्बन्धमा देखिएको बेहोरा निम्न छन्:

१६.१. अस्पतालमा साधारण, विशेष (ICU), निजामती कर्मचारी तथा सर्वसाधारण समेत गरी कुल २४७ बेड उपलब्ध रहेको छ। अस्पतालबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७७/७८ मा ५,२५० बिरामी भर्ना भएकोमा आर्थिक वर्ष २०८१/८२ मा १०,२२१(दोब्बर) बिरामी भर्ना भएको देखिंदा अस्पतालमा बिरामीको चाप अत्यधिक बढेको देखिन्छ। बिरामीको संख्या बृद्धिले सेवाको गुणस्तर, पहुँच र व्यवस्थापनमा दबाब सिर्जना गरेको छ। अस्पतालको क्षमताभन्दा विरामीको चाप बढी भएर केही विरामीहरू बेड नपाएर फर्किनु परेको अस्पताल एवं सेवाग्रहीलले जनाए पनि सोको अभिलेख राखेको छैन। अस्पतालमा न्यूरो र कार्डियो सर्जन जस्ता सेवाहरू उपलब्ध नभएकोले भर्ना नलिने गरेको अस्पतालको भनाई रहेको छ। अस्पताल आएका बिरामीले बेड नपाउँदा उपचारमा ढिलाइ हुने, स्वास्थ्य जोखिम बढ्ने, गम्भीर अवस्थामा आएका बिरामी झन जटिल हुने, सेवा पहुँचमा असमानता हुने लगायत अवस्था रहन्छ। अस्पतालले बेड तथा आवश्यक विशेषज्ञ सेवा बिस्तार गराउने तथा रिफर र ICD कोडसहितको व्यवस्थित सूचना प्रणाली विकास गर्न आवश्यक देखिन्छ।

१६.२. अन्तरङ्ग विभाग अन्तर्गत १०० सेवाग्राहीलाई बेड भर्ना सम्बन्धी प्रश्नावली भराएकोमा ५२ बहिरङ्ग सेवा(OPD) मार्फत् भर्ना भएका, २८ अन्यत्रबाट रेफरल भएका, १५ पहिले समय लिएर भर्ना भएका र २५ बिरामी अन्य तरिकाबाट भर्ना भएका छन्। भर्ना हुन प्रतिक्षा समयका आधारमा ६७ जनाले कुर्नु नपरेको, २५ जनाले १ हप्ता, २५ जनाले १ महिना र ३ जनाले १ महिनाभन्दा बढी कुर्नुपरेको बताएका छन्। अस्पतालको बहिरङ्ग सेवा बाहेक अन्यत्रबाट रेफरल भएका २८ प्रतिशत बिरामीको चाप समेत धान्नु पर्ने अवस्थाले अस्पतालमा अन्तरङ्ग सेवाको माग तीव्र रूपमा बढिरहेको देखाउँछ। बिरामीको चाप अनुसार अन्तरङ्ग सेवा व्यवस्थापन गर्न नसक्दा अस्पतालको आम्दानी र सेवा प्रबाह दुबैमा असर परेको छ। अस्पतालले दिने सेवाको बिश्लेषण गरी अन्तरङ्ग सेवा सहज बनाउनुपर्दछ।

१७. **कर्मचारी बेड** - नेपाल सरकारको आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यमा निजामती अस्पतालमा निजामती कर्मचारीहरूको लागि सैय्याको संख्या निश्चित गरिनुका साथै डेडिकेटेड बहिरङ्ग सेवा सञ्चालन गरिने उल्लेख छ। अस्पतालबाट निजामती कर्मचारीका लागि विरामी टिकट काट्ने स्थान, प्रयोगशाला सेवा, नमुना दिने र प्रतिवेदन लिने ब्यवस्था निजामती कर्मचारीका लागि अलग भए तापनि अन्तरङ्ग सेवामा निजामती र सर्वसाधारणका लागि बेड संख्या वा प्राथमिकता हालसम्म तोकिएको छैन। अन्तरङ्ग सेवामा निजामती कर्मचारीका लागि बेड प्राथमिकता वा कोटा निर्धारणसम्बन्धी स्पष्ट नीति तथा लिखित कार्यविधि नभएकोले सर्वसाधारणले बेड भर्ना लिदा कतिपय अवस्थामा निजामती कर्मचारीलाई बेड नपाई अन्यत्र जानुपर्ने अवस्था समेत देखिएको छ। निजामती कर्मचारी लक्षित अस्पतालमा कर्मचारीले उद्देश्यअनुसार लाभ नपाउँदा अस्पतालप्रतिको विश्वास र सेवाग्राही सन्तुष्टि प्रतिकूल असर परेको अवस्था छ। अन्तरङ्ग सेवामा निजामती कर्मचारीका लागि बजेट बक्तव्यमा उल्लिखित सैय्याको संख्या निश्चित गरिनुका साथै डेडिकेटेड बहिरङ्ग सेवा सञ्चालन गरी उद्देश्य अनुरूप सेवा व्यवस्थापन गर्नुपर्दछ।

१८. **रेडियोलोजी सेवा -** निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ ले ब्यवस्था गरेअनुसार निजामती कर्मचारी, तिनका परिवार तथा सर्वसाधारणलाई समयमै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने ब्यवस्था रहेको छ। अस्पतालले रेडियोलोजी निदान र इमेजिङ विभाग अन्तर्गत सिटी स्क्यान, अल्ट्रासाउन्ड साथै मेमोग्राफी, डेक्सा स्क्यान, डी.आर एण्ड सी.आर, एक्सरे सेवा प्रवाह गर्दै आइरहेको छ। विगत ५ वर्षमा देहायको संख्यामा सेवाग्राहीले यस विभागमार्फत् सेवा लिएका छन्।

		२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२

क्र सं	सेवाको किसिम	निजामती कर्मचारी	सर्वसाधरण	निजामती कर्मचारी	सर्वसाधरण	निजामती कर्मचारी	सर्वसाधरण	निजामती कर्मचारी	सर्वसाधरण	निजामती कर्मचारी	सर्वसाधरण
१	एक्सरे	८६०४	२४०९३	३९२	६२६५१	१९४२४	४६८६२	२२०६१	५४४६५	२२५५८	५६०४९
२	USG	४७०१	१३१३८	२७३	३६३९९	६९५८	४९८४	१६२९१	३२५२०	१७८९१	३७४०४
३	सि.टी स्क्यान	९८४	३८३३	३३	६७३९	७९६	२५४४	१५२०	४३७७	२१५८	५६९७

उल्लिखित तालिका अनुसार आर्थिक वर्ष २०७९।८० बाहेक अन्य रेडियोलोजी सेवा लिनेको संख्या बढ्दै गएको छ। सिटी स्क्यान र एक्सरे सेवा तत्काल र अल्ट्रासाउण्ड(USG) सोही दिन वा भोलिपल्ट उपलब्ध हुने गरेको छ। सीमित मेडिकल उपकरणका कारण सिटी र एमआरआइ सेवा दोस्रोदिन मात्र उपलब्ध हुने गरेको छ। सेवाग्राहीको माग विश्लेषण अभाव, एमआरआइ १, सिटी १ मात्र रहेको, बिरामीमा पूर्वतयारी सचेतना कमी लगायतका कारण भोलिपल्टमात्र सेवा पाउने गरेको छ। एक्सरे, अल्ट्रासाउण्ड र सिटिस्क्यान सेवामा तीव्र वृद्धि भई रेडियोलोजी सेवामा चाप बढेकोले तथ्याङ्कमा आधारित माग आपूर्ति बिश्लेषित योजना अनुसार आवश्यक उपकरण र जनशक्ति व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

१९. **शल्यक्रिया सेवा** – निजामती कर्मचारी अस्पताल विकास समिति (गठन) आदेश, २०६४ को दफा ४ को (ङ) मा अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विकासको लागि आवश्यक पर्ने स्रोत साधनको ब्यवस्था गर्ने पहिचान गरी परिचालन गर्ने समितिको काम कर्तव्य तोकिएको छ। अस्पतालले शल्यक्रिया सेवा प्रदान गर्दा सामान्य सर्जरीका लागि १ देखि डेढ महिना र ल्याप्रोस्कोपी सर्जरीका लागि करिब ६ महिनासम्म प्रतिक्षा गर्नुपर्ने अवस्था छ। बिरामी चाप अत्यधिक भए तापनि १ मात्र अपरेसन थिएटर सञ्चालन भएको कारण नाक, कान, घाँटीका बिरामीले हप्तामा १ दिन मात्र तथा अन्य विभागहरूमा हप्तामा २ दिन मात्र शल्यक्रिया सुविधा दिने गरेको छ। अस्पतालले आकस्मिक तथा जटिल शल्यक्रिया सोही दिन गर्दै आएपनि जनरल सर्जरी सोमबार र बिहीबार, गाइनो-अब्स मंगलबार र शुक्रबार, अर्थोपेडिक आइतबार र बुधबार, युरोलोजी मंगलबार र बिहीबार तथा नाक, कान, घाँटी बुधबार मात्र गर्ने समयतालिका रहेको छ। अस्पतालबाट प्राप्त विगत ३ आर्थिक वर्षको शल्यक्रिया सेवा विवरण देहायबमोजिम छ।

२०७९।८०		२०८०।८१		२०८१।८२	
निजामती कर्मचारी	सर्वसाधरण	निजामती कर्मचारी	सर्वसाधरण	निजामती कर्मचारी	सर्वसाधरण
७१५	१७३५	१०९०	२५३०	१०७८	२८४५

सेवा प्रवृत्तिको नियमित विश्लेषण गरी पूर्वाधार र जनशक्ति विस्तारतर्फ समयमै योजना नबनाइनु, अपरेसन थिएटरको अभाव, सीमित शल्यचिकित्सक, एनेस्थेसिया तथा नर्सिङ जनशक्ति, र आधुनिक उपकरणको कमीको कारणले गर्दा कार्डियो र न्युरो सर्जरीजस्ता विशिष्टीकृत सेवा अस्पतालबाट उपलब्ध हुन सकेका छैनन्। यसको परिणामस्वरूप नियमित शल्यक्रियामा लामो प्रतिक्षा अवधि सिर्जना भई बिरामीहरू बाहिरी अस्पताल वा निजी स्वास्थ्य संस्थामा शल्यक्रिया गराउन बाध्य हुने अवस्था आएको छ। बिरामीको चाप अनुसार सीमित दिनमा धेरै शल्यक्रिया गर्नुपर्ने दबाबले सेवा गुणस्तर र बिरामीको स्वास्थ्य सुरक्षामा समेत चुनौती देखिएको छ। यसमा सुधार हुनुपर्दछ।

आर्थिक वर्ष	खरिद रकम रु.

२०. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ तोकिएको रकमसम्मको फुटकर खरिद भएमा सोझै खरिद गर्न सकिने व्यवस्था अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ ले रु.१० लाख सम्मको सोझै खरिद गर्न सकिने गरी सीमा निर्धारण गरेको छ। अस्पतालका लागि आवश्यक सामानहरू खरिद गर्दा नियमको उक्त व्यवस्था पालना नगरी तीनवटा फर्मसँग दररेट लिई औषतवाट लागत अनुमान तयार गरी खरिद दररेट माग गर्ने र न्यून दर पेस गर्नेसँग सम्झौता गरी बिगत ४ आर्थिक वर्षमा रु.११ करोड ७६ लाख ६ हजारको सोझै खरिद गरेकोमा रकम सीमा क्रमश: बढ्दै गएको छ। ऐन नियमानुसार आवश्यकता पहिचान तथा बार्षिक खरिद एवं गुरूयोजना बेगर सोझै खरिद गर्दा खरिद कार्य मितव्ययी र प्रतिस्पर्धा भएको देखिएको छैन। प्रोपाइटरी मर्मत तथा खरिद, अस्पतालको कार्य प्रकृति अनुसार दिनुपर्ने आकस्मिक सेवा, औषधीजन्य सामान, रिएजेन्ट खरिद लगायतमा आवश्यकता स्पष्ट मापन गर्न नसकिने भएकोले सोझै खरिद गर्नुपरेको अस्पतालले जनाएतापनि सोझै खरिद गर्ने कार्य नियन्त्रण गरी कानुन पालना हुनुपर्दछ।

२०७८।७९	८४,७३,८७०
२०७९।८०	७९,५१,०००
२०८०।८१	४,८७,७६,२०५
२०८१।८२	५,२४,०५,०००
जम्मा	११,७६,०६,०७५

२१. **भुक्तानी बाँकी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(१) मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही सुरु गर्न नहुने व्यवस्था छ। अस्पतालले आर्थिक वर्ष २०७६।७७ मा खरिद गरेको क्यान्सर उपचार सम्बन्धी लिन्याक मेसिनको ३ लाख २४ हजार डलर, आर्थिक वर्ष २०७८।७९ मा खरिद गरेको एम.आर.आइ मेसिनको ३ लाख ४४ हजार ५८० यूरो मूल्यको डलरको दर परिवर्तनका कारण विवाद उत्पन्न भई भुक्तानी बाँकी रहेको छ। त्यस्तै आर्थिक वर्ष २०८०।८१ मा प्याथोलोजी विभागमा ब्लड क्यान्सर पिडित बिरामीहरूको लागि Flow Cytometer लगायत अन्य विभागको लागि विभिन्न ५ ठेक्काबाट खरिद गरेको उपकरणको रु.४ करोड ९२ लाख बजेट अभाव भएको कारण जनाई भुक्तानी वाँकी रहेको छ। बजेट व्यवस्था बेगर खरिद सम्झौता गरेकोले स्वास्थ्य उपकरण खरिदको भुक्तानी नहुँदा अस्पतालको खरिद व्यस्थापन नियमित र मितव्ययी देखिएको छैन। मुद्रा दर परिवर्तनका सन्दर्भ सम्झौतामा स्पष्ट उल्लेख नगर्ने तथा आवश्यक बजेट व्यवस्था नगरी स्वास्थ्य उपकरण खरिद सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई भुक्तानी दायित्व फरफारक गर्नुपर्दछ।

२२. **भवनमा तला थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा पूर्वतयारीको काम सम्पन्न गरी नियम ७ बमोजिमको गुरूयोजना समेत स्वीकृत गरेर नियम ९(१) अनुसार सम्पन्न गर्न लाग्ने अधिकतम अवधि खुलाई खरिद सम्झौता गर्नुपर्ने व्यवस्था छ। अस्पतालको Radiotherapy/Oncology भवनमा तला थप गर्न भवन विभागबाट मूल्य अभिबृद्धि करसहित रु.३ करोड ४९ लाख ८२ हजारको गुरूयोजना वेगर लागत अनुमान तयार गरी १२ निर्माण व्यावसायीबाट बोलपत्र दर्ता भएकोमा सारभूतरूपमा प्रभावग्राही न्यून कबोल गर्ने एक प्रा.लि.सँग मूल्य अभिबृद्धि करसहित रु.२ करोड ४ लाख ९ हजारमा ३ महिना भित्र निर्माण कार्य सक्ने गरी २०८२।०३।१५ मा कार्यादेश दिएको देखियो। निर्माण व्यवसायीले २०८२।०३।१७ मा बिगतमा भएको Retrofitting Design Analysis तथा प्रवलीकरण सम्बन्धी कामको विवरण खुल्ने कागजात र २०८२।०३।२२ मा भवनको नक्सा माग गरेको देखिँदा पूर्व तयारी एवं निर्माण सम्पन्न संरचनाको प्राविधिक बिश्लेषण भएको देखिएन। अस्पतालले निर्माण कार्य सम्पन्न गर्न जम्मा ३ महिना समय दिई सम्झौता गरेकोमा २०८२ फाल्गुणसम्म नक्सा उपलव्ध नगराएको लगायत कारण देखाई साइट सफा गर्ने बाहेक निर्माण कार्य सुरू भएको छैन। खरिद गुरूयोजना बेगर निर्माण कार्यको वास्तविक समय आङ्कलन नगरी सम्झौता गर्ने निकाय र निर्माण व्यवसायीलाई जिम्मेवार बनाई खरिद नियमावली बमोजिमको प्रक्रिया अबलम्वन गरी निर्माण कार्य सम्पन्न गर्नु गराउनु पर्दछ।

२३. **स्वास्थ्य उपकरण मर्मत सम्भार** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ उपनियम २ मा जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत सम्भार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण खुलाउनुपर्ने व्यवस्था छ। अस्पतालको स्वास्थ्य उपकरण सम्बन्धमा बायोमेडिकल शाखाबाट प्राप्त मेसिन औजार सम्बन्धी विवरण अनुसार देहायका उपकरणहरू हाल चालू नरहेकोले मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेको उल्लेख छ।

क्र.सं.	मेसिन/उपकरण	उपकरण / मोडेल नाम	प्रयोजन/विभाग	उपयोगमा नआउनुको कारण
१	Anesthesia Machine	Morpheus	OT	REPAIR
२	Anesthesia Machine	Blease 700/900 series	G. Surgery	damage
३	Autoclave	WG-0.36J5F	OT	heater
४	BIPAP	Stella		damage
५	BIPAP	Stella		damage
६	BIPAP	Stella		damage
७	C-Arm Machine	SireMobil Compact	Orthopedics	memoscope
८	Central Vacuum Pump			motor
९	Central Vacuum Pump			motor
१०	Centrifuge Machine	PRP ULTRA	Pain Clinic	REPAIR
११	CO2 Incubator			REPAIR
१२	Flow Cytometer	FacsCalibur Cytometer	Laboratory	laser
१३	Fumigation Machine		OT	carbon brush
१४	Fumigation Machine		OT	carbon brush
१५	Holmium Laser	Mega Tower 30+pulse	G. Surgery	power board, water system
१६	Infusion Pump		MICU	lock
१७	Infusion Pump		MICU	power board
१८	Mammograph		Radiology	generator
१९	Microdebrider	W035	OT	motor
२०	Microscope	E200	Laboratory	damage
२१	Microtome	A 550	Laboratory	board
२२	Microtome	Thermoscientific	Laboratory	REPAIR
२३	Orthopedic Power Drill	Hall M Power 2/pro06202m	OT	motor
२४	OT Table			SMPS
२५	OT Table	UNIBASE 30	OT	REMOTE
२६	OT Table	HYBASE-6100	Pain Clinic	SMPS
२७	Oxygen Generator Plant	100 NM3		REPAIR
२८	Patient Monitor	Q5	General Surgery	Software problem (ECG only)
२९	Phototherapy	Brilliance Pro		repair
३०	Portable Ventilator	PB560	MICU	ok (missing)
३१	Rapid Sterilizer		OT	heating rod
३२	Slit Lamp	Chinese	Eye OPD	power issue
३३	Suction / Irrigation Pump	Hamouendomat 26331020	General Surgery	roller
३४	Syringe Pump		Ward	power supply
३५	Syringe Pump		Ward	sensor
३६	Syringe Pump	Agilia SP Tiva In	Ward	keyboard

क्र.सं.	मेसिन/उपकरण	उपकरण / मोडेल नाम	प्रयोजन/विभाग	उपयोगमा नआउनुको कारण
३७	Ultrasound Machine	TUS-A400	Radiology	probe, keyboard, panel
३८	Ultrasound Machine	Mysono U6-EXP	Radiology	back & front cover
३९	Ultrasound Machine	Mysono U6-EXP	Radiology	back & front cover
४०	X-Ray	HF525-Plus	Radiology	board

स्वास्थ्य उपकरण मर्मत सम्भार सम्बन्धी देखिएको बेहोरा निम्नानुसार छन् :

२३.१. उपलब्ध विवरणको विश्लेषण गर्दा अस्पतालका विभिन्न महत्वपूर्ण सेवा क्षेत्रहरू अपरेसन थिएटर, जनरल सर्जरी, MICU, रेडियोलोजी, प्रयोगशाला, Pain Clinic, Eye OPD तथा Ward मा प्रयोग हुने अत्यावश्यक मेडिकल उपकरणहरू लामो समयदेखि non-functional अवस्थामा रहेको देखिन्छ। २०७७ देखि २०८२ सम्मको अवधिमा एनेस्थेसिया मेसिन, अटोक्लेव, C-Arm, OT टेबल, अल्ट्रासाउन्ड, एक्स-रे, भेन्टिलेटर, इन्फ्युजन पम्प, अक्सिजन जेनेरेटर प्लान्ट जस्ता उपकरणहरू कार्बन ब्रस सिद्धिएको, कभर बिग्रिएको, पावर सप्लाई नभएको जस्ता सानातिना मर्मत अभावमा प्रयोगमा आउन नसकेको अवस्था छ। स्वास्थ्य उपकरणहरूको एएमसी, सिएमसी मर्मत, वारेन्टी-ग्यारेन्टी अवस्था यसको आयु लगायत अभिलेख व्यवस्था प्रभावकारी बनाई आवश्यक पार्टर्सम्बन्धी सर्त, उपलव्धता र आवश्यकता यकिन गरी उचित बजेट व्यवस्था गरी समयमा मर्मत सम्भार गरी स्वास्थ्य उपकरण नियमित चालु हालतमा राख्ने व्यवस्था गर्नुपर्दछ।

२३.२. **एक्सरे मेसिन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ अनुसार सरकारी सम्पत्ती तथा जिन्सी माल सामानको निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भएका मर्मत गर्नुपर्ने जिन्सी सामानहरू तीन महिना भित्र मर्मत गर्नुपर्ने व्यवस्था छ। अस्पतालमा २ वटा पोर्टेवलसहित ५ एक्सरे मेसिन रहेकोमा ECORAY कम्पनीको HF125 मोडलको मेसिन विगत १ वर्ष देखि बिग्रिएकोमा पार्ट्स अभावका कारण मर्मत नहुँदा उक्त मेसिन सञ्चालनमा रहेको छैन। उक्त मेसिनको सट्टा हाल पोर्टेवल मेसिनबाट एक्सरे सेवा प्रदान गर्दा मेसिन उपयोग भएको छैन। सो मेसिन मर्मत गरी सेवा प्रवाह प्रभाकारी बनाउनु पर्दछ।



२३.३. **सिटी मेसिन** - अस्पताल र म्याक्स मेडिटेक सिस्टम प्रा.लि.बीच २०७५।३।२९ मा भएको सम्झौताको बुँदा नं. ६ मा अस्पतालमा आपूर्ति गरिने सिटी स्क्यान मेसिनको न्यूनतम ५ वर्षको Comprehensive Warranty period हुने र वारेन्टी पिरिएड समाप्त भएपछि थप ५ वर्ष free maintenance and preventive maintenance service period हुनुका साथै बोलपत्रदाताले संलग्न पेस गरेबमोजिमको स्पेयर पार्टको दररेटको आधारमा दोस्रो पक्षले स्पेयर पार्टस् उपलब्ध गराउने गरी रु.१७ करोड २८ लाखमा सिटी स्क्यान मेसिन(256slice) खरिद गरी दैनिक औषत २५ जना बिरामीको सिटी स्क्यान सेवा प्रदान गर्दै आएको छ। उक्त मेसिनको Wolverine CB Assembly र collimator, wolverine 2.0, FRU Asm लगायतका स्पेयरपार्टस विग्रिएर २०८२ माघ देखि मेसिन बन्द हुँदा हाल सिटिस्क्यान सेवा पूर्णरूपमा बन्द रहेको छ। टेक्निकल स्पेशिफिकेसनको बुदाँ नं १३.८ मा The bidder must provide accessories and spare parts free of the cost if their name and price list has not been coated as maintain in 13.4 उल्लेख भएको र सर्त बमोजिमको संलग्न लिष्टमा १८ आइटममा मात्र मूल्य खुलाएकोमा बाँकी उल्लेख नभएको आइटम निशुल्क उपलब्ध गराउने गरी विड डकुमेन्ट पेस गरेको देखिन्छ।

सम्झौता अनुसार अस्पतालले २०८२।५।१२, २०८२।९।१० र २०८२।१०।६ मा ३ पटकसम्म उक्त मेसिनको Wolverine CB Assembly र collimator, wolverine 2.0, FRU Asm पार्टस विग्रदा सेवा प्रवाह प्रभावित भएकोले मर्मत गरिदिन अनुरोधपत्र पठाएको देखिन्छ। जवाफमा सप्लायर्सले उक्त मेसिनमा एक हजार स्पेयर्स पार्टस हुने र सबै आइटम उल्लेख गर्न नसकिने हुँदा १८ वटा मात्र समावेश गरिएको जवाफ दिएको छ। सम्झौता बाहेकका अन्य आइटमहरू समेत नि:शुल्क उपलब्ध गराउने गरी सम्झौता भएकोमा मेसिन बन्द हुँदा सिटिस्क्यान गर्नुपर्ने इमर्जेन्सी बिरामी र रेडियोथेरापी लगायतका सोसँग सम्बन्धित अन्य सेवाहरू प्रभावित हुँदा अस्पतालको सेवा प्रबाहमा प्रत्यक्ष असर परेको छ। अस्पतालको सेवा प्रबाह र आम्दानीमा समेत असर परेकोले सम्झौता अनुसार आवश्यक स्पेयरपार्ट्स उपलव्ध गराई उक्त मेसिन यथाशिघ्र सञ्चालन गर्नुपर्दछ।



२३.४. **एमआरआई मेसिन** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ अनुसार सरकारी सम्पत्ती तथा जिन्सी माल सामानको निरीक्षण गरी प्रतिवेदनमा उल्लेख भएका मर्मत गर्नुपर्ने जिन्सी सामानहरू तीन महिना भित्र मर्मत गर्नुपर्ने उल्लेख छ। अस्पतालमा ०.३५ टेस्ला र ३ टेस्ला क्षमताका २ एमआरआइ मेसिन रहेकोमा चीन सरकारबाट अनुदान प्राप्त ०.३५ टेस्ला मेसिन हाल बन्द अबस्था रहेको पाइयो। इमेज रिजोलुसन कम भएकोले २०८०।०२।२९ मा रु.२२ करोडमा नयाँ प्रविधिको टेस्ला(3.Tesla) मेसिन खरिद भएपश्चात उक्त मेसिन हाल चालु हालतमा नरहेको अस्पतालले जनाएको छ। उक्त मेसिन सामान्य मर्मत गरी बिकल्पका रूपमा प्रयोग गर्ने वा पुरानो प्रविधि प्रतिस्थापन गर्न लिलाम गर्न उपयुक्त हुने सन्दर्भमा अस्पतालबाट निर्णय हुनुपर्ने देखिन्छ।



२३.५. **अक्सिजन प्लान्ट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ उपनियम (४) अनुसार सरकारी सम्पत्ती तथा जिन्सी माल सामानको निरीक्षण गरी प्राप्त प्रतिवेदनमा उल्लेख भएका मर्मत गर्नुपर्ने जिन्सी सामानहरू तीन महिना भित्र मर्मत गर्नुपर्ने व्यवस्था छ। अस्पतालमा रहेको २ अक्सिजन प्लान्ट मध्ये २०७६ असारमा रु.८३ लाखमा खरिद गरेको प्रतिदिन ५० सिलिण्डर अक्सिजन उत्पादन गर्ने अक्सिजन प्लान्ट मात्र सञ्चालनमा रहेको पाइयो। अर्को एक प्रा.लि.को रु.२ करोड अनुदानमा २०७८।७९ प्रतिदिन ३५० सिलिण्डर अक्सिजन उत्पादन गर्ने क्षमता भएको प्लान्ट १ वर्षसम्म सञ्चालन भएपनि सो पश्चात मर्मत सम्भार नहुँदा बन्द रहेको छ। अस्पतालले उक्त प्लान्ट मर्मत नगरी आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्ममा २ सप्लायर्सबाट रु.२ करोड ७६ लाख ६ हजारको अक्सिजन ग्यास खरिद गरेको छ। अस्पताललाई प्रतिदिन औषतमा ७५ देखि ८० सिलिण्डर अक्सिनज आवश्यक पर्ने तर प्लान्ट पूर्ण क्षमतामा सञ्चालन गर्दा आवश्यकता भन्दा वढी उत्पादन हुँदा सञ्चालन लागत बढ्ने भएकोले प्लान्ट सञ्चालन नगरेको अस्पतालले जनाएको छ। अस्पतालमा जडान भएको अक्सिजन प्लान्टको थप क्षती हुन नदिन नियमित मर्मत सम्भार गरी चालु हालतमा राखी खरिद कार्यमा समेत मितव्ययिता कायम गर्नुपर्दछ।




२३.६. **एम्बुलेन्स मर्मत** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम(४) अनुसार सरकारी सम्पत्ती तथा जिन्सी माल सामानको निरीक्षण गरी प्राप्त प्रतिवेदन अनुसार ३ महिना भित्र लिलाम विक्री तथा मर्मत कारबाही गर्नुपर्ने व्यवस्था छ। चीन सरकारबाट प्राप्त २ सहित हाल अस्पतालमा ५ एम्बुलेन्स रहेकोमा १ मात्र चालु हालतमा रहेको पाइयो। अनुदान प्राप्त २ एम्बुलेन्स हाल मर्मत नहुने गरी बिग्रिएको र बाँकी २ एम्बुलेन्स आकस्मिक प्राविधिक उपकरण, अक्सिजन प्रयोग लगायतमा समस्या रहेकाले बिरामी बोक्न असुबिधा भएकोले कर्मचारी यातायात प्रयोजनमा प्रयोग गरेको पाइयो। एम्बुलेन्स मर्मतका लागि नेपालमा पार्टपुर्जा नपाइएकोले मर्मत गरी सञ्चालन गर्न नसकेको तथा मूल्य निर्धारण समस्याले लिलाम गर्न नसकिएको अस्पतालले जनाएको छ। आवश्यक प्रक्रिया पुरा गरी उक्त एम्बुलेन्सहरूको उचित व्यवस्थापन गर्नुपर्दछ।



अस्पतालले मर्मतयोग्य उपकरणहरूलाई प्राथमिकताका साथ तत्काल मर्मत गरी सञ्चालनमा नल्याउँदा शल्यक्रिया, आकस्मिक उपचार, गहन उपचार (ICU/MICU), रेडियोलोजी तथा प्रयोगशाला सेवामा प्रत्यक्ष असर पारेको छ। यस्ता समस्या दोहोरिन नदिन AMC/CMC, स्पेयर पार्ट्स स्टक, नियमित प्राविधिक परीक्षण लगायत बायो–मेडिकल उपकरण मर्मत व्यवस्थापन प्रणाली सुदृढ बनाइ मर्मत नहुने उपकरणको प्रतिस्थापनका लागि बजेट तथा खरिद योजना अनुसार खरिद व्यवस्थापन सुधारमा ध्यान दिनुपर्दछ।

२४. **रिएजेन्ट व्यवस्थापन** - सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को प्रस्तावनामा सार्वजनिक खरिद कार्यलाई मितव्ययी, प्रतिस्पर्धी, पारदर्शी र उत्तरदायी बनाउने उल्लेख छ। नियमावलीको नियम २५, २६ र २७ अनुसार बोलपत्रको प्राविधिक मूल्याङ्कन वस्तुनिष्ठ, कारणसहित र प्रतिस्पर्धा सीमित नहुने गरी गर्नुपर्ने व्यवस्था छ। साथै नियम ८५(३) अनुसार प्रोपराइटरी (Close) आइटम खरिद केवल एकमात्र आपूर्तिकर्ताबाट मात्र आपूर्ति सम्भव हुने अवस्थामा मात्र सोझै खरिद गर्न सकिने

व्यवस्था छ। सार्वजनिक स्रोतको उपयोग गर्दा लागत-लाभ विश्लेषण, खपत आङ्कलन र वित्तीय अनुशासन कायम गरी गर्नुपर्दछ। अस्पतालबाट प्राप्त विवरण अनुसार विगत ५ आर्थिक वर्षको रिएजेन्टको विवरण देहायबमोजिम छ।

मेसिन उपकरणको नाम	रिएजेन्ट खरिद आर्थिक वर्ष					५ बर्षमा खरिद जम्मा मूल्य रु.
	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२	
Fully Automated Immunochemistry Analyzer	११३४०२९१	१९४९०८९८	१६९१५८१९	२५५०९४४७	२८१७३९४५	१०१४३०४००
Immunoassay Analyser(clia analyser)	०	४१५०१७२	३५४२८५६	४९२३२५५	४५६९२६८	१७१८५५५०
Fully Automated Bio-Chemistry Analyzer	७९४४८१३	९७८१०३३	१११७१२७४	१३०२३७५९	१५९४०३०४	५७८६११८३
Fully Automaed Haematology Analyzer	३४९९३०७	५२५८६८०	४९१४९००	४९२४१६९	६१९१७५६	२४७८८८१२
Fully Automated Haematology Analyser DH76	०	०	९२६९०५१	३०४१९६०	०	१२३११०११
Fully Automaed Liquid Based Cytologysystem	४८८१६०	१९५२६४०	९७६३२०	१७०८५६०	१९२८२३२	७०५३९१२
Fully AutomatedCclinical Flowcytometry Analyser	२८३९८७८	१४८२४४६	१९७४६६१	०	२८२२५७१	९१११९५५६
Fully Automated Automated Blood c/s Machine	१२६६२२८	२६०७५८९	२९४६०८०	२९४१७७९	३४७१८७	१०१०८८६२
Apheresis Machine	३८४१२७०	१७२४१५४	२४५९७८४	२७९०६४८	३४०८०८०	१४२२३९३६
Hba1c H100 Machine	०	०	०	२९७५९६८	४४१२८७६	७३८८८४४
H9 Hba1c Liftronic Machine	२२१४८००	४८५९००	०	०	०	२७००७००
Biorad D10 Hba1c Machine	०	२८३६३००	३४३९७२०	१४४१८८०	०	७७१७९००
Fully Automated ESR Analyser	०	०	७०१६२	६३२८००	८५४२८०	१५५७२४२
WONDFO Blood Gas Analyser	१०२५४७५	०	०	०	०	१०२५४७५
EDAN Blood Gas Analyser Machine	२४८६००	२१७५२५०	२७१३१३०	२९४९३००	४०२८४५०	१२११४७३०
Semi Automated Blood grouping & Cross Match Biovue	५२८३६५	६४७३७७	४८६५७८	७२४६६९	६८०८०२	३०६७७९१
GPP100 Goldsite	१३१०८०	११०४९५४	६६९७५१	४१४५९७	०	२३२०३८२
PA54 Protein Analyser	१६१३१७७	०	०	०	०	१६१३१७७
ACL ELITE PRO Coagulation Analyser	४४८६०३२	८८२१५७	०	०	०	५३६८१८९
ACL ELITE PRO Coagulation Analyser	०	०	१०९९८०४	७२३२४५५	४४८९०९०	१२८२१३४९
SYSMEX Coagulation Analyser	०	१३७५६६२	२७४७२५६	०	०	४१२२९१८
Microbiology System	०	०	०	०	६२३९०६९	६२३९०६९
TOTAL AMT	४१४६७४७६	५५९५५२१२	६५३९७१४५	७५२३५२४६	८४०८५९१०	३२,२१,४०,९८९

रिएजेन्ट खरिद सम्बन्धमा देखिएको बेहोरा निम्नानुसार छन्:

२४.१. निजामती कर्मचारी अस्पतालमा Fully Automated Immunochemistry Analyzer, Bio-Chemistry Analyzer, Haematology Analyzer, Hba१c Machine, Blood Gas Analyzer लगायत विभिन्न मेसिनका लागि आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म रिएजेन्ट खरिद गरेको छ। उक्त अवधिमा रिएजेन्ट खरिदमा जम्मा रु.३२ करोड २१ लाख ४१ हजार खर्च भएको देखिन्छ। तर, अधिकांश मेसिनहरूमा हालको मौज्दात शून्य देखिएको, रिएजेन्ट खरिद निरन्तर रूपमा बढ्दो क्रममा रहेको, केही मेसिनहरू (Biorad D10 Hba1c, ESR Analyzer, WONDFO Blood Gas Analyzer, GPP100 Goldsite, PA५४ Protein Analyzer आदि) Rental Reagent Basis मा सञ्चालन भएको भएतापनि त्यस सम्बन्धी स्पष्ट सम्झौता, लागत–लाभ विश्लेषण तथा अभिलेख अपर्याप्त देखिएको छ। साथै, केही मेसिन सहायता (DOHS donation) मार्फत् प्राप्त भएको भएतापनि सोसँग सम्बन्धित रिएजेन्ट खरिद र प्रयोगको सम्बन्धमा समन्वय भएको देखिएन। यसमा सुधार हुनुपर्दछ।

२४.२. आर्थिक वर्ष २०८१/८२ मा रिएजेन्ट खरिद गर्दा अस्पतालले प्याथालोजी विभागको लागि २१३ र मोलिक्युलर ल्यावका लागि २ गरी २१५ किसिमका ल्याब रिएजेन्ट खरिदका लागि रु.२ करोड ६९ लाख ८७ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र आव्हान गर्दा १५ आपूर्तिकर्ता सहभागी भएतापनि प्राविधिक मूल्याङ्कनपछि १२५ आइटम खरिदका लागि एक मात्र आपूर्तिकर्ता छनोट भएको देखियो। झण्डै ५० प्रतिशतभन्दा बढी आइटममा स्पष्ट कारण नखुलाई "Not Accepted" उल्लेख गरिएको पाइयो। मूल्याङ्कन समितिले सानातिना र सारभुत रूपमा तात्त्विक प्रभाव नपर्ने विषयमा बोलपत्र पेस गर्दा छुट भएको कागजात प्राविधिक मूल्याङ्कनको समयमा पुनः माग गरी मूल्याङ्कन नगरेकोले प्राविधिक मूल्याङ्कनमा १० आपूर्तकर्ताको १२५ आइटम मध्ये ९७ प्रतिशत आइटममा एक मात्र आपूर्तिकर्ता एसेप्टेड हुँदा आर्थिक प्रस्तावमा उल्लिखित मूल्य स्वीकार भएको अवस्था छ। न्यून मूल्य कबोल गर्ने आपूर्तिकर्ता प्राविधिक मूल्याङ्कनमा कारणवेगर नट एसेप्टेड गरिंदा रिएजेन्ट खरिदमा प्रतिश्पर्धा भएको देखिएन।

२४.३. प्रोपराइटरी (क्लोज) आइटमको रिएजेन्ट खरिद गर्दा अस्पतालले अधिकांश रिएजेन्ट(किट)हरू बोलपत्र नगरी मेसिन खरिद गर्दा गरिएको सम्झौतामा रिएजेन्ट ३ देखि ५ वर्षसम्म उपलब्ध गराउनुपर्ने व्यवस्था गरी Close items अन्तर्गत सोझै र वारेन्टी अवधी सकिएपछि रिएजेन्टको प्रतिइकाइ मूल्यमा निश्चित प्रतिशत थप गरी सोझै वार्ताको माध्यमबाट खरिद गरी आर्थिक वर्ष २०७७/७८ देखि २०८०/८१ सम्म रु.३२ करोड १० लाख र चालु वर्ष २०८१।८२ मा ७ आपूर्तिकर्ताबाट रु.८ करोड ५१ लाख ९ हजारको रिएजेन्ट खरिद गरेको छ। मेसिन खरिदको मूल्याङ्कनमा रिएजेन्टको खपतलाई मूल्याङ्कन नगरी स्वास्थ्य उपकरण खरिद गर्दा रिएजेन्ट खरिद मितव्ययी देखिएन। स्वास्थ्य उपकरण खरिद गर्दा सोमा प्रयोग हुने रिएजेन्ट आङ्कलन नहुँदा निकायलाई वित्तीय भार परेको छ। अस्पतालले खुला अन्तराष्ट्रिय बोलपत्रको माध्यमबाट वा मेसिन उपकरण भाडामा लिई रिएजेन्ट समेत समावेश गरी प्रति रिपोर्ट बेस्ड (टेस्ट नतिजा) अनुसारको भुक्तानी गर्ने गरी खरिद कार्य गर्नु उपयुक्त हुने देखिन्छ।

२४.४. Dry hard copy Radiographic film for CR System मेसिन आपूर्तिकर्ता टाइटन इन्टरनेशनलले २०७३ मा जडान भएको मेसिनका लागि आवश्यक रिएजेन्ट सप्लाई गरिरहेकोमा सम्झौता अनुसारको वारेन्टी अवधी ५ वर्ष समाप्त भएकोले चालु वर्षको लागि क्लोज आइटममा ४०,००० सिट रिएजेन्ट खरिद गर्न प्रतिसिट रु.९७।५ का दरले लागत अनुमान तयार गरी राष्ट्रिय स्तरको बोलपत्र आवह्वान भएको देखियो। बोलपत्रमा एक इन्टरप्राइजेजले प्रतिसिट रु.६८।५०, एक इन्टरनेशनलले प्रतिसिट रु.८३।-, अर्को एक इन्टरनेशनलले प्रतिसिट रु.११५(लागत अनुमानको लागि दर रेट मागदा प्रतिसिट रु.१०० पेश गरेको) र मेडिप्लसले मूल्य अभिबृद्धि कर समेत प्रतिसिट रु.१००।– दर पेस गरेको देखिन्छ। अस्पतालको बोलपत्र प्राविधिक मूल्याङ्कन समितिले ४ वटै आपूर्तिकर्तालाई कवोल गरेको मूल्यमा फुजी फिल्म सिआरमा प्रिन्टर जडान, सञ्चालन तथा प्रणाली कम्पेक्टाविलिटी सम्बन्धी आवश्यक पर्ने हार्डवयर तथा सफ्टवयर जडान गर्न प्रतिवद्धता माग भएकोमा टाइटन वाहेक अन्य आपूर्तिकर्ताले जडान भएको मेसिनको सोर्स कोड वा सर्भिस पासवर्ड उपलब्ध भएमा तोकिएको दरमा सेवा दिने र ५ वर्ष सम्म निशूल्क मर्मत समेत गर्ने प्रतिवद्धता पेस गरेको देखिन्छ। अस्पतालले एक इन्टरनेशनलसँग सोर्स कोड वा सर्भिस पासवर्ड माग नगरी प्राविधिक मूल्याङ्कन गर्दा एक इन्टरनेशनलको लागत अनुमान भन्दा वढी कवोल गरेको र अन्य ३ को सर्भिस पार्सवर्ड नभएकोले प्राविधिक प्रस्तावमै फेल भएको देखिन्छ। बोलपत्रवाट कुनै आपूर्तिकर्ता छनोट नभए पश्चात सोही इन्टरनेशनलसँग सोझै बार्ताबाट रु.९७।- मा खरिद गरेको देखिन्छ। सुरु सम्झौता र मेसिनको वारेन्टी अवधि सकिए पश्चातसमेत सोर्स कोड तथा सर्भिस पासवर्ड माग नगर्दा अर्को इन्टर प्राइजेजले पेस गरेको मूल्य भन्दा प्रतिसेट रु.२८।५ बढी मूल्यमा रिएजेन्ट खरिद गर्दा रु. ५ लाख ८० हजार थप आर्थिक व्ययभार परेको देखिन्छ।

२४.५. अस्पतालको ल्यावरोटरी विभागमा Fully Automated BIO-Immunochemistry analyzer, Fully automated hematology analyzer र Fully automated liquid Based cytology system लगायत ३ मेसिन ५ वर्षको वारेन्टी

र ५ वर्ष निशुल्क मर्मत गर्ने गरी २०७६।०२।३ मा एक ट्रेडलिङ्कसँग खरिद सम्झौता भएकोमा २०८१।०१।०२ देखि अमेरिकी डलरमा भएको वृद्धिले रिएजेन्टको मूल्यमा २० प्रतिशत थपका लागि आपूर्तिकर्ताले निवेदन पेस गरेको देखिन्छ। अस्पतालवाट ५ वर्ष देखि खरिद गरिएको रिएजेन्ट र टेष्ट संख्याको तुलनात्मक अध्ययन गरी के कस्तो नतिजा हासिल भयो सो सम्बन्धमा प्रतिवेदन पेस गर्न गठन भएको प्राविधिक समितिले नेगोसियसनको आधारमा सम्झौता नविकरण गर्न टिप्पणी उठाएको देखिन्छ। प्राविधिक समितिले पेस गरेको प्रतिवेदनमा उल्लिखित ३ मेसिनको रिएजेन्ट टेष्ट भेरिएसन निम्न अनुसार देखिएको छ।

सि.नं	Hematology analyzer (३ वटा रिएजेन्ट प्रयोग)		BIO-Immunochemistry analyzer (२४ वटा रिएजेन्ट प्रयोग)		Liquid Based cytology system	
	टेष्टको नाम	भेरिएसन प्रतिशत	टेष्टको नाम	भेरिएसन प्रतिशत	टेष्टको नाम	भेरिएसन प्रतिशत
१	diluent	-17.3	CA125	-23	Magnesium	-70.1
२			FHS	-21.1	AST	-24.1
३			HIV	-21.6	CK-NAC	78.3
४			CA 15.3	-75.5	Gamma GT	-82.3
५			CEA	22.9	LDH	-22.7
६			Folic Acid	-26.9	Phosphorus	-21.8
७			Estradial	-41	U microalburli	-33.4
८			Progestcron	-56	TIBC	-23.2
९			AMH	-35	ASO	-79
१०			Teatostcron	-19.3	Total Igc	-21
११					Ferittion	-26.9
१२					Variation Iron	-16.35
१३					LDL	-17.9
कैफियत	१५ प्रतिशत भन्दा वढी भेरिएसन भएको आइटम समावेश गर्दा तीनवटा मात्र रिएजेन्ट प्रयोग भएकोमा सवै भन्दा वढी टेष्ट वढी भेरिएसन आएको diluent को रहेको।		१५ प्रतिशत भन्दा वढी भेरिएसन भएको आइटम समावेश गर्दा समेत ५० प्रतिशत भन्दा वढी आइटममा १५ प्रतिशत भन्दा वढी मेरीएसन देखिएको।		१५ प्रतिशत भन्दा वढी भेरीएसन भएको आइटम मात्र समावेश छ।	

चालु वर्षको २ देखि ४ महिना अवधिको उल्लिखित नतिजा अनुसार प्राविधिक समितिले भेरिएसन फरक परेको सम्बन्धमा उक्त ट्रेड लिङ्कसँग जवाफ माग गरेकोमा २०८१।८।२७ मा जवाफ पेस गर्दा Q/C Run/System calibration/System self-cleaning कार्यमा ८ देखि १० प्रतिशत सम्म र Repeat Run मा ३ देखि ४ प्रतिशत रिएजेन्ट खर्च हुने जवाफ दिएको छ। आपूर्तिकर्ताले प्रति आइटम अधिकतम रिएजेन्ट खर्च हुने प्रतिशत १४ प्रतिशत भन्दा वढी नहुने जनाएकोमा उल्लिखित तालिकामा अधिकतम ८२ प्रतिशतसम्म भेरिएसन भएको देखिन्छ। एक प्याकेटमा धेरै रिएजेन्ट हुने तर एकमात्र विरामीको टेष्टका लागि प्याकेट खोल्नु पर्ने भएकोले वाँकी रिएजेन्टको म्याद सकिएर खेर जाने गरेको अस्पतालको भनाई रहेको छ। तर कुन कुन आइटम त्यस्तो कतिपटक भएको हो भन्ने अभिलेख व्यवस्थित नहुँदा थप प्रमाण पेस भएन। जडान भएको ३ मेसिनबाट ठूलो मात्रामा भेरिएसन आएको विषयमा अस्पतालले आपूर्तिकर्तासँग भेरिएसन भएको रिएजेन्टको सोधभर्ना माग गर्ने, भेरिएसन हुनुको कारण स्पष्टिकरण लिने तथा मेसिनको कारणले भए मर्मत

वा अन्य आवश्यक निर्णय गर्नुपर्नेमा गरेको छैन। आपसी सम्झौतामा रिएजेन्टको प्रति आइटममा १५ प्रतिशत मूल्य वृद्धि गरी आगामी २ वर्षसम्म मूल्य अभिबृद्धि करसमेत रु.६ करोड ४९ लाख ५१ हजारको रिएजेन्ट थप आपूर्तिका लागि खरिद सम्झौता गरेको छ। तोकिएभन्दा वढी भेरिएसन भएका रिएजेन्टको कारण पहिचान गरी मूल्य वृद्धिलाई समेत नियमित हुनेगरी आवश्यक सुधार गर्नुपर्ने देखिन्छ।

रिएजेन्ट खरिद अघि परीक्षणको माग र विगतको प्रयोग तथ्याङ्कको आधारमा यथार्थपरक वार्षिक आवश्यकता निर्धारण गर्ने, मौज्दात व्यवस्थापन प्रणाली सुदृढ गरी न्यूनतम र अधिकतम मौज्दात सीमा निर्धारण गर्ने, Rental Reagent Basis मा सञ्चालन हुने मेसिनहरूको हकमा स्पष्ट सम्झौता, लागत-लाभ विश्लेषण तथा नियमित अनुगमन गर्ने, अनुदान सहायतामा प्राप्त मेसिन र खरिद गरिएका रिएजेन्टबीच समन्वय कायम गर्ने तथा खरिद प्रक्रियालाई प्रतिस्पर्धात्मक, पारदर्शी र मितव्ययी बनाउने गरी सुधार गर्नुपर्दछ।

२५. **प्रयोगशाला व्यवस्थापन** - स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्ड सम्बन्धी निर्देशिका, २०७३ अनुसार आफ्नो प्रयोगशाला स्थापना गर्नुपर्ने ब्यवस्था अनुसार अस्पतालले प्रयोगशाला नमुना सङ्कलन, परीक्षण र प्रतिवेदन हुने ब्यवस्था गरेको छ। प्रयोगशाला व्यवस्थापन सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् :-

२५.१. अस्पतालको प्रयोगशालाबाट निजामती कर्मचारी र सर्वसाधारणको लागि बायोक्यामेष्ट्री, इम्युनोलोजी, हेमाटोलोजी, माइक्रोबायोलोजी, मलिकुलर, हिस्ट्रो साइटो प्याथोलोजी अन्तर्गत ३०० बढी परीक्षण सेवा प्रदान गर्दै आएकोमा क्यान्सर पहिचानका लागि इम्युनो हिस्टो क्यामेष्ट्री, गर्भवती महिलाको डियोर र ट्रिपल मार्कर टेष्ट, ल्युकेमिया र हेमाटोको फिस टेष्ट जस्ता आवश्यक उच्च प्राविधिक परीक्षणहरू उपलब्ध नहुँदा बिरामीले अन्य निकायको प्रयोगशालामा परीक्षण गर्नुपर्ने अवस्था छ। जनशक्ति उपलव्ध भए तापिन उपकरणको अभाव र पर्याप्त प्राविधिक पूर्वाधार नहुनुका कारण केही महत्वपूर्ण परीक्षण सञ्चालन गर्न नसकिएको अस्पतालले जनाएको छ। रोग पहिचान एवं निदानका लागि प्रयोगशाला परीक्षण सेवा प्रभावकारी बनाउनु पर्दछ।

२५.२. अस्पतालले आकस्मिक र साधारण बिरामीका नमुना छुट्टाछुटै सङ्कलन गरी २४, ४८ र ७२ घण्टा राख्नुपर्ने कल्चर बाहेकको प्रयोगशाला प्रतिवेदन साधारण बिरामीको नमुनाको प्रतिवेदन ५ घण्टाभित्र र आकस्मिक बिरामीको नमुना २ घण्टाभित्र प्रिन्ट दिने गरेको छ। प्रयोगशाला प्रतिवेदन मिडास सफ्टवेयरमार्फत् मोबाइलबाट प्राप्त रिपोर्ट प्रिन्ट गर्न सकिने ब्यवस्था गरेको भएतापनि मोवाइलमा एसएमएसबाट प्राप्त रिपोर्ट प्रिन्ट हुने गरेको छैन। मिडास सफ्टवेयरको प्रतिवर्ष रु.८ लाख ६८ हजार भुक्तानी गरेतापनि सफ्टवेयरमा प्रिन्ट सुविधा नदिंदा मोबाइल रिपोर्ट प्रिन्ट गर्न समस्या रहेको छ। सफ्टवेयर खरिदका लागि भएको सम्झौता अनुसार प्रिन्ट हुनेगरी प्रतिवेदन प्रणालीमा सुधार गर्नु पर्दछ।

अस्पतालको आवश्यकता अनुसार उच्च प्रविधियुक्त स्वास्थ्य उपकरण ब्यवस्था गरी प्रयोगशाला परीक्षण सेवा विस्तार गरी प्रतिवेदन प्रणालीलाई नियमित र प्रभावकारी बनाउनु पर्दछ।

२६. **औषधी व्यवस्थापन** - जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २९ को उपदफा ४ मा प्रत्येक सरकारी अस्पतालले आफ्नै फार्मेसी सञ्चालन गरी सुपथ मूल्यमा औषधीहरूको नियमित उपलव्धता सुनिश्चित गर्नु पर्ने ब्यवस्था छ। अस्पतालले बिक्री मूल्यमा १० प्रतिशत छुटमा औषधी बिक्री वितरणका लागि फार्मेसी सञ्चालन गर्दै आएको छ। औषधी व्यवस्थापनमा देखिएका बेहोराहरू निम्नानुसार छन्:-

२६.१. **स्तरीय सञ्चालन कार्यविधि (Standard Operation Procedure) -** अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८ को निर्देशिकाको दफा ९ मा कुशल फार्मेसी अभ्यास (Good Pharmacy Practice) अनुकूल हुने गरी औषधी खरिद, भण्डारण, औषधीको गुणस्तर कायम गर्ने, मौज्दात व्यवस्थापन, लागु तथा मनोद्वीपक औषधीहरूको भण्डारण, औषधीको गुज्रने म्याद, फोहोर व्यवस्थापन, किरा तथा मुसाको नियन्त्रण सम्बन्धमा अस्पतालले स्तरीय सञ्चालन कार्यविधि निर्माण गर्नुपर्ने र सो को कार्यान्वयन गर्नु फार्मेसी प्रमुखको कर्तव्य हुने उल्लेख

छ। अस्पतालले स्तरीय सञ्चालन कार्यविधि तर्जुमा गरी कार्यन्वयन गरेको छैन। औषधी भण्डारण र बिक्री वितरण कक्षको पर्याप्त स्थान नरहेको, इन्फेक्सन कन्ट्रोल हेर्न १ जना मात्र नर्सको व्यवस्था रहेको, फोहोर व्यवस्थापन लागि छुट्टै व्यवस्था नभई फार्मेसिष्टले हेर्ने गरेकोले स्तरीय सञ्चालन कार्यविधि पूर्ण रूपमा लागु गर्न नसकिएको अस्पतालले जनाएको छ। अस्पतालले कार्यविधि निर्माण गरी फार्मेसी सञ्चालन र व्यवस्थापनलाई व्यवस्थित बनाउनु पर्दछ।

२६.२. **औषधी उपलब्धता** - अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८ अनुसार बिरामी तथा सेवाग्राहीलाई सुलभ, गुणस्तरीय र निरन्तर औषधी सेवा उपलब्ध गराउन अस्पतालले आफ्नै फार्मेसी सेवा सञ्चालन गरी उपचारमा आवश्यक पर्ने सबै प्रकारका औषधी समयमै उपलब्ध गराउनुपर्ने व्यवस्था छ। अस्पताल फार्मेसीमा विगतका वर्षहरूमा आवश्यक पर्ने विभिन्न प्रकारका औषधी उपलब्ध नभएको देखियो। आर्थिक वर्ष २०७९।८० मा ११४ प्रकारका, २०८०।८१ मा २९ प्रकारका र २०८१।८२ मा १७४ प्रकारका मुटु सम्बन्धी, उच्च रक्तचाप, उच्चतहका एन्टिवायोटिक, ब्लड डिसअर्डर, बालबालिका तथा महिलामा हुने हर्मोनल रोगसँग सम्बन्धित औषधी फार्मेसीमा उपलब्ध भएको पाइएन। माग विश्लेषण यथार्थपरक नभएको, बोलपत्र आह्वान भएपनि उक्त आइटम नपरेको, प्राविधिक मापदण्ड वा दररेट बढी भएको कारण छनोट नभएको तथा आपूर्तिकर्ताले कबुल गरेको औषधी समयमा आपूर्ति नगरेको लगायतका कारण औषधी उपलब्धता प्रभावकारी देखिएको छैन। अस्पताल फार्मेसीमा कतिपय औषधी उपलब्ध नहुँदा बिरामी तथा सेवाग्राहीले बढी मूल्य तिरेर बजारबाट औषधी खरिद गर्नुपरेको अवस्था छ। औषधीको उपलब्धता सम्बन्धमा १०० सेवाग्राहीलाई सोधिएको प्रश्नमा ४९ प्रतिशतले मात्र चिकित्सकले लेखेको औषधी अस्पतालभित्रको फार्मेसीबाट प्राप्त गरेको जवाफ प्राप्त भएको छ। औषधीको उपलब्धता सुलभ हुनपर्दछ।







२६.३. **औषधीको म्याद** - अस्पतालले औषधी आपूर्तिकर्तासँग गरेको सम्झौतामा औषधीको म्याद समाप्ति अवधी सामान्यतया ७० देखि ८० प्रतिशत हुनुपर्ने र म्याद समाप्ति अवधी ६ महिना मात्र बाँकी रहेकोमा मौखिक वा लिखित जानकारीमार्फत औषधी शोधभर्ना गर्ने र सो नगरेमा उक्त मूल्य बराबर रकम धरौटीबाट कट्टा गरी असुल गरिने उल्लेख छ। फार्मेसीले प्रयोग गरेको सफ्टवेयर अनुसार आर्थिक वर्ष २०८१।८२ मा ५६६ आइटमको रु.२६ लाख ७२ हजार मूल्यको औषधीको म्याद समाप्त भएको औषधी मौज्दात देखिन्छ।

आर्थिक वर्ष	गत वर्षको अल्या रु.	यस वर्ष खरिद रु.	यस वर्षको खर्च रु.	बाँकी मौज्दात रु.
२०७७/७८	४,०४,६६,५५९	७,७४,८६,०५३	९,५०,५५,८८७	४,७०,४८,८४३
२०७८/७९	४,७०,४८,८४३	८,३४,६५,५८४	१२,६८,७८,८२९	३,५८,७८,४१४
२०७९/८०	३,५८,७८,४१४	१०,६७,७९,१९२	१३,४७,३१,४२२	५,०५,५०,९५३
२०८०/८१	५,०५,५०,९५३	१४,५५,४०,९४१	१८,८५,६३,०७९	५,८८,१८,९१३
२०८१/८२	५,५०,९८,९६७	१८,७४,२१,८१२	२४,५३,३२,७०९	५,५२,३५,४६७

विगत पाँच वर्षको तथ्याङ्क अनुसार प्रत्येक वर्ष खरिद, खर्च र बाँकी मौज्दातको विवरण अनुसार म्याद सकिएको औषधीको विवरण उपलब्ध नभएको, भौतिक र सिस्टम मौज्दात भिडान नियमित नगर्नु, म्याद समाप्त औषधीको निगरानी नहुनु, प्रभावकारी गुणस्तर परीक्षण नहुँदा मौज्दातमा फरक परेको अवस्था छ। प्रत्येक वर्ष भौतिक रूपमा रहेको र म्याद गुज्रिएको औषधी फिर्ता गरी क्रेडिट नोट काटिएको र गुणस्तर चिन्ह प्राप्त गरेको औषधीहरू मात्र टेन्डरमा छनोट गर्ने गरिएको अस्पतालले जनाएतापनि सो बमोजिम भएको देखिएन। भौतिक र प्रणाली मौज्दातको नियमित भिडान गर्ने, SOP अनुसार म्याद समाप्त औषधीको समयमै फिर्ता र अभिलेख सुनिश्चित गर्ने, औषधी भण्डारणको पर्याप्त स्थान उपलब्ध गराउने, गुणस्तर परीक्षण र निगरानी नियमित गर्ने, फार्मेसी प्रमुखद्वारा SOP कार्यान्वयन अनुगमन सुनिश्चित गर्ने र मौज्दात व्यवस्थापन प्रणाली व्यवस्थित र सुदृढ बनाउन आवश्यक छ।

२६.४. **औषधी मौज्दात भिडान** - अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७८ को निर्देशिकाको दफा ६ मा फार्मेसीको समग्र जिम्मेवारी फार्मेसी प्रमुखको हुने व्यवस्था छ। फर्मेसीका लागि औषधी खरिद, भण्डारण लगायतका कार्य गरी अस्पतालका लागि आवश्यक औषधी तथा सामग्रीको निरन्तर व्यवस्थापन गर्ने सन्दर्भमा मौज्दात व्यवस्थापन प्रभावकारी देखिएको छैन। औषधीको प्रणालीगत अभिलेख तथा मुख्य एवं इण्डोर स्टोर डिस्पेन्सरीमा देखिएको वास्तविक मौज्दात बीच भिडान हुने अवस्था छैन। मुख्य स्टोरको रु.१ करोड ७४ लाख ८ हजार मूल्यको औषधी प्रणालीगत अभिलेखमा मौज्दात देखिएकोमा उक्त औषधी मौज्दात रहेको छैन। भौतिक परीक्षणमा भेटिएको रु.१६ लाख १४ हजार मूल्यको औषधी भौतिक परीक्षणमा देखिए पनि प्रणालीगत अभिलेखमा प्रविष्टी रहेको छैन। त्यसैगरी, डिस्पेन्सरीतर्फको रु.१ करोड ९३ लाख ३१ हजार मूल्यको औषधी प्रणालीगत अभिलेखमा मौज्दात देखिएकोमा उक्त औषधी मौज्दातमा छैन। भौतिक परीक्षणमा भेटिएको रु.१ करोड ७ लाख ९० हजार मूल्यको औषधी प्रणालीगत अभिलेखमा देखिएको छैन।

औषधी मौज्दातमा हुने निगरानी र आन्तरिक नियन्त्रण कमजोर हुनु, प्राप्त वा वितरण तुरुन्त प्रणालीमा प्रविष्टि नगर्नु, Receive, Issue वा Adjustment गर्ने क्रममा गलत वा अपूर्ण प्रविष्टि हुनु, सम्बन्धित शाखाबीच समन्वयको कमी, प्रक्रिया पालना नगरी औषधी वितरण हुनु, औपचारिक अनुमति बिना प्रयोग भएको हुन सक्ने लगायत कारण भौतिक मौज्दातमा देखिएको औषधी प्रणालीमा दर्ता नभएका, कुनै औषधी प्रणालीमा देखिए पनि भौतिक मौज्दातमा उपलब्ध नभएको अवस्थाले औषधीको मौज्दात भिडान प्रभावकारी देखिएको छैन। औषधी प्राप्त भएपछि बिलमा भएको परिमाण र भौतिक परिमाण भिडान गरी सिस्टममा दाखिला गर्ने गरेको, मौज्दात फरक भएकोमा अस्पताल स्थापनाकालदेखिनै प्रत्येक वर्ष मौज्दात भिडान गर्नुपर्नेमा नभएकोले विगतदेखिनै मौज्दात भिडानमा समस्या रहेको तथा भुकम्पको समयमा निशुल्क औषधी वितरण गर्दा विलिङ गर्न छुट भएको, २०७६।९।११ देखि १९ सम्म ९ दिनसम्म अभिलेख नभेटिएको, कोभिड १९ मा निशुल्क औषधी वितरण गरिएको परिमाण यकिन गर्न नसकिएको, हाल जेनजी आन्दोलनमा निशुल्क वितरण गरिएको औषधी यकिन गर्न नसकिएको जस्ता कारणले गर्दा स्टकमा फरकपन आएको अस्पतालको भनाइ रहेको छ। उल्लिखित बेहोरामा सुधार गरी अस्पतालको प्रणाली तथा भौतिक परीक्षणबाट मौज्दात भिडान नभएको औषधीहरूको यकिन गरी औषधी मौज्दातको अभिलेख अद्यावधिक गरिनु पर्दछ।

२७. **सरसफाई** - स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा १६ मा सरसफाई तथा शौचालय व्यवस्थासम्बन्धी निर्धारित मापदण्डमा अस्पतालको सम्पूर्ण क्षेत्र, वार्ड संधै सफा राख्नुपर्ने तथा सबै किसिमका उपचार कक्ष वा क्लिनिकमा शौचालयको व्यवस्था, साबुन पानीको उचित व्यवस्था गर्नुपर्ने गरी निर्धारण गरेको छ। अस्पतालबाट दैनिक निस्कने फोहोरका अतिरिक्त शल्यक्रियाबाट निस्कने फोहोर व्यवस्थापनका लागि अस्पतालले २ इन्सिनेटर मेसिन प्रयोगमा ल्याएनुका साथै जैविक तथा पुनर्प्रयोग जन्य फोहोर काठमाडौ महानगरसँगको समन्वयमा नगद आम्दानी समेत गर्ने गरेको छ। अस्पतालमा

सामान्यतया वार्ड र अन्य स्थानको भुई तथा शौचालय दिनको २ पटक र सघन उपचार वार्डहरूमा दिनको ३ पटक, ओ.टी.मा अपरेसन सकिना साथ सफा गर्ने गरेको छ। ओपिडी तथा सामान्य आगन्तुकहरूका लागि जेष्ठ नागरिक मैत्री र सफा शौचालयको व्यवस्था भएको पाइएन। शौचालयको सरसफाइको अवस्था सम्बन्धमा २२० जना सेवाग्राहीमध्ये ३९ जनाले शौचालय प्रयोग नगरेको, ६ जनाले धेरै फोहोर रहेको, १०७ जनाले सफा रहेको र ६८ जनाले धेरै सफा रहेको उत्तर दिएका छन्। समग्र अस्पतालको सरसफाइको अवस्थाबारे २२० सेवाग्राहीको जवाफ अनुसार २५ जनाले धेरै फोहोर रहेको, ४५ जनाले अलि फोहोर रहेको, ११० जनाले सफा रहेको र ४० जनाले धेरै सफा रहेको बताएका छन्। अस्पताल व्यवस्थापनले सरसफाईलाई उच्च महत्व दिई विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड अनुसार शौचालयमा नियमित सरसफाइ तथा अनुगमन गर्नुपर्दछ। साथै लाउण्ड्री सेवा अन्तर्गत लत्ता कपडाको निसङ्क्रमित रहेको प्रमाणिकरण गर्ने समेत व्यवस्था हुनुपर्दछ।



फोहोर सङ्कलन



इन्सिनेटर

२८. **सङ्क्रमण रोकथाम तथा नियन्त्रण -** नेपालमा स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा ४ (ख) अनुसार स्वास्थ्य संस्थामा विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डबमोजिम सङ्क्रमण नियन्त्रणको व्यवस्था हुनुपर्ने र सोको नियमित र प्रभावकारी अनुगमन गर्नुपर्ने व्यवस्था छ। विश्व स्वास्थ्य सङ्गठनको स्वास्थ्य संस्थामा सङ्क्रमण नियन्त्रणसम्बन्धी निर्देशिका अनुसार अस्पतालमा सृजना हुनसक्ने सङ्क्रमण सम्पर्कबाट, ड्रपलेटबाट, हावाजन्य, ओसारपसारका साधन र भेक्टरजन्य कारणबाट हुने जनाएको छ। मापदण्डअनुसार अस्पतालले सङ्क्रमण रोकथाम तथा नियन्त्रण कमिटी गठन गरी दिग्दर्शन, सङ्क्रमण नियन्त्रण फ्रेमवर्क, परीक्षण सूची, फोकल पर्सन तोकी दैनिक अनुगमन गरी प्रतिवेदन तयार गर्ने गरेको छैन। निर्देशिका पालना नगर्दा सङ्क्रमण नियन्त्रणको लागि हुनु पर्ने न्यूनतम आवश्यकताहरूको उचित व्यवस्थापनमा ध्यान नपुगेको कारण सङ्क्रमण नियन्त्रण कमजोर देखिएको छ। मापदण्ड अनुसार सङ्क्रमण नियन्त्रणको उचित व्यवस्था हुनुपर्दछ।

२९. **हातधुने वा निसङ्क्रमण गर्ने प्रचलन -** विश्व स्वास्थ्य सङ्गठनको मापदण्डअनुसार बिरामी जाँच्न वा उपचार गर्नु पूर्व साबुन पानीले हात धोएर वा ह्याण्ड स्यानीटाइजरले राम्ररी हातलाई निर्मलीकरण गरी सर्जिकल पञ्जाको प्रयोग गर्ने र पञ्जाको प्रयोग गरी फुकाल्दा पुन साबुन पानीले हात धुनुपर्ने व्यवस्था छ। बिरामीको पिप, खकार, रगत तथा रगतजन्य, ड्रेसिङ्ग गरेको गजहरू तथा स्वाबहरू लगायत अन्य सङ्क्रमित बस्तुहरू पञ्जा लगाएर मात्र छुने र उपचार पछि पञ्जा निकाली राम्ररी साबुन पानीले हात धुने प्रचलनको अनुपालनमा अप्रेशन कक्ष तथा आइ.सी.यु.मा मात्र बढी केन्द्रित भएको र ओ.पि.डी. तथा वार्डहरूमा आंशिक रूपमा हुने गरेको छ। ओ.पि.डी. तथा वार्डहरूमा हातधुने व्यवस्था तथा ह्याण्ड स्यानिटाइजरको पर्याप्त मात्रामा व्यवस्था नभएको कारण सम्पर्कजन्य सङ्क्रमणको असर विरामीलाई र बिरामीलाई भेटन आउने आगन्तुकबाट तथा

आगन्तुकलाई मात्र नभई स्वास्थ्यकर्मीलाई समेत जोखिम हुनसक्ने भएकोले सङ्क्रमण जोखिम हुनसक्ने देखिन्छ। राउण्ड भिजिटमा डाक्टरहरूले मास्क तथा पञ्जा अनिवार्य रूपमा लगाउने व्यवस्थाको पूर्ण पालना भएको पाइएन। यसमा सुधार गर्नुपर्दछ।

३०. **मेडिकल तथा क्लिनिकल अडिट** - क्लिनिकल अडिट सञ्चालन कार्यविधि निर्देशिका, २०७७ अनुसार अस्पतालले प्रत्येक वर्ष क्लिनिकल अडिट गर्नु पर्ने व्यवस्था छ। रोगको पहिचान, उपचार प्रक्रिया, अप्रेसन केस, विरामीको अस्पताल बसाई अवधिसम्बन्धी अभिलेखहरूको परीक्षण गरी कमी कमजोरी पहिल्याई सुधारात्मक कारबाही गर्न अस्पतालले मेडिकल अडिटको व्यवस्था गरेको छैन। अडिट प्रतिवेदन नहुँदा अस्पतालले संक्रमणको जोखिमलाई कम गर्न, सरसफाईमा ध्यान दिन, सेवाको स्तरमा गुणस्तरीयता ल्याउन, कर्मचारीको कार्य सम्पादनस्तरको मूल्याङ्कन, लागतको विश्लेषण गर्न, अस्पतालले सञ्चालन गरेका विभिन्न सेवा तथा कार्यक्रमको समकक्षी पुनरावलोकन भइ सेवा प्रवाह मूल्याङ्कन हुने अवस्था छैन। निर्देशिकाअनुसार मेडिकल तथा क्लिनिकल अडिट गरी सेवा प्रवाह अवस्थिति मापन गर्नुपर्दछ।

३१. **गुनासो व्यवस्थापन** - सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३१ मा सरकारी निकाय वा कार्यालयले सम्पादन गरेको काम कारवाहीको गुणस्तर प्रभावकारीता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने ठाउँमा गुनासो पेटिका राख्नुपर्ने, जिम्मेवार अधिकृतले प्रत्येक ३ दिनमा एकपटक अन्य कर्मचारीको रोहवरमा गुनासो पेटिका खोल्नुपर्ने, पेटिकामा प्राप्त गुनासो तथा सुझाव मनासिव रहेको पाइएमा त्यसको समुचित व्यवस्थापन गर्न आवश्यक कारवाही गर्नुपर्ने, कार्यालय प्रमुखको आचरणसँग सम्बन्धित गुनासो भएमा सो को विवरण माथिल्लो निकायमा पठाउनु पर्ने व्यवस्था छ। अस्पतालले गुनासो पेटिका तथा गुनासो सुनुवाइ अधिकारीको व्यवस्था गरे तापनि सेवाग्राही सन्तुष्टि सर्वेक्षणबाट गुनुसो सुनुवाइ प्रभावकारी देखिएको छैन। अस्पतालले राखेको गुनासो पेटीकाको सम्बन्धमा १०० जना सेवाग्राहीलाई सोधिएको प्रश्नको जवाफमा ४४ जनाले गुनासो बाकस देखेको, २६ जनाले नदेखेको, १६ जनालाई गुनासो बाकसको विषयमा थाहा नभएको र १४ जनाले गुनासो लेखेर बाकसमा खसालेको प्रतिक्रिया दिएको छ। सेवाग्राहीको जवाफमा १४ प्रतिशतले गुनासो लेखेर बाकसमा खसालेको उत्तर दिएतापनि अस्पतालले गुनासो बाकस खोली सम्बोधन गर्ने गरेको छैन।

त्यस्तै सेवा नपाएकोमा गुनासो सुन्ने अधिकारी समक्ष गुनासो राखे/नराखेको सम्बन्धमा १०० सेवाग्राहीलाई प्रश्न गरिएकोमा ३७ जनाले राखेको, ७ जनाले राखेको गुनासो नसुनेको, ४४ जनाले नराखेको र १२ जनालाई गुनासो राख्नुपर्छ भन्ने थाहा नभएको जनाएको छ। गुनासो बाकस सबैले देख्ने ठाउँमा नराख्ने र गुनासोको उपयुक्त सम्बोधन नगर्दा सेवाग्राही सन्तुष्ट देखिएको छैन। अस्पतालले गुनासो व्यवस्थापन प्रभावकारी बनाउँन यस आर्थिक वर्षबाट गुनासो पेटिका प्रत्येक विभागमा राख्ने व्यवस्था गरेको तथा गुनासो सुनुवाई अधिकारीको व्यवस्था गरेको जनाएको छ। अस्पतालको सेवा प्रवाहमा निरन्तर सुधारका लागि सेवाग्राहीको गुनासो व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ।

३२. **सार्वजनिक सुनुवाइ** - सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने निकायले कार्यालयको काम कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाको कानुनसम्मत सरोकारलाई सम्बोधन गर्न विषय विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारी समेतलाई आमन्त्रण गरी तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था छ। अस्पतालले सार्वजनिक सुनुवाइ गर्ने गरेको छैन। सार्वजनिक सुनुवाइ नगर्दा अस्पतालको

सेवा प्रवाह गुणस्तर, विश्वास, पारदर्शिता र जवाफदेहिता लगायतको सार्वजनिक मूल्याङ्कन हुन सकेको छैन। अस्पतालले नियमित सार्वजनिक सुनुवाइ गरी प्रभावकारी सेवा प्रवाह र सुशासनको प्रत्याभुति गर्नु पर्दछ।

३३. **नागरिक वडापत्र** - सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २५ अनुसार प्रत्येक सार्वजनिक निकायले प्रदान गरिने सेवाको प्रकार, सेवा प्राप्त गर्ने प्रक्रिया, लाग्ने समय, शुल्क, जिम्मेवार पदाधिकारी तथा गुनासो सुन्ने अधिकारीको विवरण विवरण खुल्ने गरी नागरिक वडापत्र तयार गरी सेवाग्राहीले सजिलै देख्न सक्ने स्थानमा राख्नुपर्ने ब्यवस्था छ। अस्पतालले नागरिक वडापत्र राखेको भए तापनि अपेक्षा अनुरूप जानकारी प्रवाह भएको देखिएन। नागरिक बडापत्रका सन्दर्भमा १०० जना सेवाग्राही मध्ये ३६ जनाले देखेर पढेको, ४३ जनाले देखेको तर नपढेको, ११ जनाले नदेखेको तथा १० जनाले नागरिक बडापत्र राखिएको छ भन्ने नै थाहा नभएको उत्तर दिएका छन्। नागरिक वडापत्र सेवाग्राहीको सहज पहुँच हुने स्थानमा स्पष्ट र आकर्षक रूपमा नटाँस्नु, अक्षर सानो वा जानकारी धेरै भएर पढ्न कठिन हुनु, सेवाग्राहीलाई नागरिक बडापत्रतर्फ सचेत गराउने ब्यवस्थाको अभाव लगायत कारणले वडापत्रको उद्देश्य अनुरूप उपयोग देखिएको छैन। नागरिक बडापत्र प्रभावकारी रूपमा पढ्न र बुझ्न नसक्दा सेवाग्राहीले सेवा प्राप्त गर्ने प्रक्रिया, लाग्ने समय, शुल्क तथा जिम्मेवार निकायबारे स्पष्ट जानकारी नपाउँदा सेवामा अन्योलता, अनावश्यक सोधपुछ, ढिलाइ र असन्तुष्टि जस्ता प्रभाव देखिएको छ। अस्पतालले नागरिक बडापत्र नियमित एवं अद्यावधिक सुधार गरी सेवाग्राहीलाई श्रब्य दृश्य माध्यम, डिजिटल डिस्प्ले, फ्लेक्स बोर्ड लगायतको प्रयोग गरी यसको प्रभावकारिता अभिबृद्धि गर्नुपर्दछ।

३४. **उपचार सहुलियत डाटाबेस** - अस्पतालले सेवा निवृत्त वहालवाला तथा निजामती कर्मचारीलाई सेवा प्रवाह गर्न उपचार सहुलियत कार्ड वितरण गरी अस्पताल सेवा लिन जाँदा हरेक पटक उक्त कार्ड देखाउनुपर्ने ब्यवस्था छ। कर्मचारीले पटकै पिच्छे कार्ड देखाइ उपचार गर्दा प्रत्येक पटक पेसेन्ट नं. सिर्जना भएको अवस्थाले कुन कर्मचारीले कुन कुन बिमारमा के कति सुविधा उपयोग गरेको अभिलेखबाट देखिने अवस्था छैन। पहिलोपटक सेवा लिन अस्पताल आएपछि विद्युतीय रूपमा कर्मचारीको कार्ड वा फोटो समेत राखी प्रणालीबाट सिर्जित नम्बर दिने र सोही नम्बरबाट सेवा प्रवाह गरी एकीकृत डाटाबेस निर्माणमार्फत पटक पटक कार्ड बोक्नुपर्ने वा देखाउनुपर्ने अवस्थाको अन्त्य गर्नुपर्दछ।

३५. **विद्युतीय टिकट** - नेपाल सरकारद्वारा स्वीकृत डिजिटल नेपाल फ्रेमवर्क (२०७६) को Digital Governance स्तम्भ तथा स्वास्थ्य क्षेत्रसम्बन्धी रणनीतिअनुसार स्वास्थ्य सेवामा सूचना प्रविधिको प्रयोग गरी सेवाग्राहीलाई सहज, समान पहुँचयुक्त र प्रभावकारी सेवा प्रवाह गर्ने उल्लेख छ। अस्पतालले ओपिडि टिकट व्यवस्थापनका लागि MIDAS सफ्टवेयर प्रयोग गरेकोमा उपयोगी देखिएको छैन। एक दिनमा एक डाक्टरले ३० जना बिरामी हेर्ने ब्यवस्था रहे पनि निजमती कर्मचारी र सर्वसाधारणलाई अनलाइनमा १० मात्र टिकट उपलब्ध गराएको छ। प्रणालीमा बिरामीले चाहेको चिकित्सक छनोट गर्न पाउने ब्यवस्था छैन। सफ्टवेयर प्रणाली प्रभावकारी नहुँदा बिरामीहरू टिकटका लागि बिहान ५ बजेदेखि लाइन बस्नुपर्ने अवस्था छ। सेवाग्राहीमा सफ्टवेयर प्रणालीको ज्ञानको कमी तथा सूचना प्रवाह कमजोर हुँदा सबैले अनलाइन सेवा सहज रूपमा प्रयोग गर्न नसकेको अवस्था रहेको छ।

अस्पतालमा सेवा लिन आएका १०० जना सेवाग्राही सर्वेक्षण गर्दा ४८ जनाले अनलाइनबाट टिकट लिएको बताएका छन् भने ३३ जनाले अस्पतालमै लाइन लागेर, १२ जनाले अरूको सहयोगमा र ७ जनाले अन्य माध्यमबाट टिकट लिएको उल्लेख गरेका छन्। अस्पतालमा OPD टिकट प्राप्तिको समयसम्बन्धी अवस्थाबारे १०० जना सेवाग्राहीसँग गरिएको सर्वेक्षणअनुसार ५४ जनाले ३० मिनेटभित्र टिकट प्राप्त गरेको बताएका छन् भने २५ जनाले १ घण्टामा, १८ जनाले २ घण्टामा र ३ जनाले २ घण्टाभन्दा बढी समय

लागेको बताएका छन्। यसबाट झण्डै आधाभन्दा बढी सेवाग्राहीले ३० मिनेटभन्दा बढी समय कुर्नु परेको देखियो। OPD टिकटमार्फत सेवाग्राहीले आफूले चाहेको चिकित्सकको सेवा पाए/नपाएको अवस्थाबारे १०० जनासँग सोधिएको प्रश्नमा ५७ जनाले आफूले भनेको चिकित्सकको टिकट पाएको बताएका छन् भने ३७ जनाले नपाएको, ५ जनाले कुनै पनि चिकित्सकको टिकट नपाएको र १ जनाले टिकट सेवा बन्द भइसकेको अवस्थामा पुगेको उत्तर दिएका छन्। यसबाट उल्लेख्य संख्यामा सेवाग्राहीले इच्छाएको चिकित्सकबाट सेवा लिन नसकेको अवस्था देखिन्छ।

सेवाग्राहीलाई अनलाइन प्रणाली प्रयोगबारे सूचना तथा सहजीकरण गरी चिकित्सकअनुसार ओपिडि टिकटको स्पष्ट कोटा र समयतालिका अनलाइन प्रणालीमै देखिने ब्यवस्था मिलाउने, टिकट उपलब्धता र सेवा बन्द हुने समयबारे रियलटाइम सूचना दिने, सम्पूर्ण टिकट अनलाइनमार्फत उपलव्ध गराउने ब्यवस्था गरी अस्पतालमा हुने भिडभाड न्यून गर्नुपर्ने देखिन्छ।

३६. **सेवाग्राही सन्तुष्टि**- अस्पतालको सेवालाई अझ प्रभावकारी बनाउन के कस्तो सुधार गर्नुपर्ला भनि अन्तरङ्ग र बहिरङ्ग बिभागमा उपस्थित २२० जना सेवाग्राहीसँग खुला सुझाव मागिएकोमा केहीले सामान्य तर महत्वपूर्ण सुझाव दिएका छन्। दिएका मध्य केही उल्लेखनीय सुझाव निम्नअनुसार रहेका छन्।

- अस्पतालमा बेड भर्ना भएका १० जना विरामीले साइलाजन्य किराहरू रहेकोले नियन्त्रणमा अस्पतालको ध्यान जानुपर्ने सुझाव दिएको छ।
- प्रश्नावलीमा सहभागी १३ जनाले शौचालय फोहोर रहेको र अत्यान्तै दुर्गन्ध रहेको, शौचालयको प्रयोगपश्चात सरसफाइको लागि सावुन र पानीको ब्यवस्था नभएको, कुनै शौचालयका धाराहरू विग्रिएर पानी चुहिने, अशक्त र अपरेसन गरेका बिरामीमैत्री कम्वोर्ड ट्वाइलेट नभएको र ट्वाइलेट कुर्सीको ब्यवस्था नभएकोले सुधार हुनुपर्ने जनाएका छन।
- सहभागी ११ जना विरामीले स्वास्थ्यकर्मीको विरामीप्रतिको व्यवहार राम्रो नभएको बताएका छन। नर्सद्धारा रूखो व्यवहार महसुस गरेकोले सुधार गर्नुपर्ने सुझाव दिएका छन।
- प्रश्नावलीमा मागिएको सुझावमा १३ जना विरामीले महङ्गा औषधी अस्पतालको फार्मेसीमा उपलब्ध नभएको, डाक्टरले अनावश्यक औषधी लेख्ने गरेको र फार्मेसी शाखामा सवै झ्यालहरू खुल्ला नरहेको, लामो लाइन हुने, सेवा प्रवाह ढिलो हुने गरेको बताएका छन्।
- सहभागी मध्ये ८ विरामीले निजामतीका लागि छुट्टै टिकट, लाईन, उपचारको समय र बेडको ब्यवस्था हुनुपर्ने बताएका छन्।
- सुझावमा सहभागी जनाएका ५ विरामीले अस्पतालमा ब्लड वैक नभएको र बल्ड नपाइएको गुनासो गरेका छन्।
- प्रश्नावली भर्ने मध्ये ९ जना सेवाग्राहीले गर्भवती महिलाको लागि हरेक सेवामा छुट्टै लाइनको व्यवस्थापन गर्नुपर्ने जनाएका छन्।
- सुझाव उल्लेख गर्ने मध्ये ६ सेवाग्राहीले ओपिडीमा डाक्टर समयमा नआउदा लामो समय पर्खनु परेको बताएका छन।

सेवाग्राहीको केही जस्ताको त्यस्तै सुझावहरू























परिच्छेद – ४

निष्कर्ष र सुझाउ

मानव स्वास्थ्य सम्बन्धी अधिकारलाई नेपालको संविधानले मौलिक हकको रूपमा स्वीकार गरी प्रत्येक नेपाली नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउनु पर्ने, स्वास्थ्य उपचारको जानकारी दिने तथा स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने गरी स्वास्थ्यसम्बन्धी हकको व्यवस्था गरेको छ। उक्त मौलिक हकको परिपूर्ति गर्न अस्पतालले खेलेको भूमिका महत्वपूर्ण रहेको छ। अस्पतालको बजेट तथा कार्यक्रम वास्तविक र नियमित बनाउनु नसक्नु, उपयुक्त मानव विकास एवं उपयोग

नहुँनु, बिरामीको चाप अनुसार अन्तरङ्ग तथा बहिरङ्ग सेवा उपलव्ध गराउनु नसक्नु, निजामती कर्मचारी र सर्वसाधारणको अलग अलग सेवा प्रबाह गर्न नसक्नु, स्वास्थ्य उपकरणको अप्रयाप्तता र नियमित मर्मत सम्भार नहुनु, फार्मेसी, ल्याव तथा खरिद व्यवस्थापन प्रभावकारी नहुनु लगायतका कारण समग्र सेवा प्रवाहमा सुधार गर्नुपर्ने देखिएको छ। अस्पतालको सेवा प्रबाहलाई अझ प्रभावकारी बनाउन निम्नानुसार नीतिगत तथा कार्यगत सुझाउहरू प्रस्तुत गरिएको छ।

नीतिगत सुझाउहरू

- अस्पतालको कार्यक्षेत्र, भूमिका, अस्पतालले पुऱ्याउने सेवा समेतका बिषयमा नीतिगत स्पष्टता सहित यथार्थपरक बनाई प्रभावकारी कार्यान्वयन गर्दै खर्च क्षमता सुदृढ बनाउनु पर्ने।
- विस्तारित सेवा अनुरूप आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन सर्वेक्षण गरी प्राविधिक एवं अप्राविधिक जनशक्ति व्यवस्थापनका लागि गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्ने।
- अन्तरङ्ग सेवामा लक्षित समुहलाई सैय्याको संख्या निश्चित गर्नुका साथै डेडिकेटेड बहिरङ्ग सेवा सञ्चालन व्यवस्थापन गर्नु पर्ने।
- स्वास्थ्य उहपकरणहरूको AMC/CMC, स्पेयर पाट्र्स स्टक, नियमित प्राविधिक परीक्षण लगायत बायोमेडिकल उपकरण मर्मत व्यवस्थापन प्रणाली सुदृढ बनाइ मर्मत नहुने उपकरणको प्रतिस्थापनका लागि बजेट तथा खरिद योजना अनुसार खरिद व्यवस्थापन मितव्ययी र प्रभावकारी बनाउनु पर्ने।
- सरकारी तथा निजी कलेजहरूसँग समन्वयमा सिफ्टमा आधारित कोटा निर्धारण गरी इन्टर्नसिपमार्फत कर्मचारी उपयोग गरी कर्मचारी व्यवस्थापन गर्ने।
- आकस्मिक सेवाका लागि आवश्यक उपयुक्त चिकित्सक तथा नर्सिङ जनशक्ति, भौतिक पूर्वाधार लगायत स्वास्थ्य उपकरण तथा बिशेष सेवा सहितको ल्याब स्थापना गरी आकस्मिक उपचार सेवालाई थप प्रभावकारी बनाउनु पर्ने।

कार्यगत सुझाउहरू

- अस्पतालको बहिरङ्ग सेवामा आएका बिरामीहरूको ICD कोड उल्लेख गर्ने, इमर्जेन्सीबाट रेफरल तथा बेड नपाएर बिरामी फर्किएकाको समेत अभिलेख देखिने गरी तथ्याङ्क व्यवस्थापन प्रणाली सदृढ बनाउनु पर्ने।
- अस्पतालको प्राविधिक/बिशिष्टकृत जनशक्ती, स्वास्थ्य उपकरण एवं आर्थिक स्रोतको उपयुक्त व्यवस्थापन र प्रभावकारी उपयोग गर्नुपर्ने।
- रेडियोलोजी सेवा प्रबाहका लागि तथ्याङ्कमा आधारित माग आपूर्ति बिश्लेषित योजना अनुसार उपयुक्त उपकरण र जनशक्ति व्यवस्थापन गर्नुपर्ने।
- शल्यक्रिया गर्नुपर्ने बिरामीको चाप अनुसार सेवा बिस्तारमा सुधार गरी गुणस्तर र बिरामीको स्वास्थ्य सेवा प्रभावकारी बनाउनु पर्ने।
- रिएजेन्ट खरिद गर्दा माग र यथार्थपरक वार्षिक आवश्यकता निर्धारण गर्ने, मौज्दात व्यवस्थापन प्रणाली सुदृढ गरी न्यूनतम र अधिकतम मौज्दात सीमा निर्धारण गर्ने, Rental Reagent Basis मा सञ्चालन हुने मेसिनहरूको हकमा स्पष्ट सम्झौता, लागत–लाभ विश्लेषण तथा नियमित अनुगमन गर्ने, अनुदान सहायतामा प्राप्त मेसिन र खरिद गरिएका रिएजेन्टबीच समन्वय कायम गर्ने तथा खरिद प्रक्रियालाई प्रतिस्पर्धात्मक, पारदर्शी र मितव्ययी बनाउनु पर्ने।
- उच्च प्रविधियुक्त स्वास्थ्य उपकरण ब्यवस्था गरी प्रयोगशाला परीक्षण सेवा विस्तार गरी प्रतिवेदन प्रणालीलाई नियमित र प्रभावकारी बनाउनु पर्ने।

- औषधी व्यवस्थापनका लागि SOP तयार गरी कार्यन्वयन गर्नु पर्ने, अस्पताल फार्मेसीमा पर्याप्त औषधी उपलव्ध हुने व्यवस्था गर्नुपर्ने, मौज्दात भिडान एवं म्याद सकिएका औषधीहरू समयमा व्यवस्थापन गर्नुपर्ने।
- सेवाग्राहीलाई अनलाइन प्रणाली प्रयोगबारे सूचना तथा सहजीकरण गरी चिकित्सकअनुसार ओपिडि टिकटको स्पष्ट कोटा र समयतालिका अनलाइन प्रणालीमै देखिने व्यवस्था मिलाउने।
- ओपिडि लगायत सबै टिकट अनलाइनमार्फत उपलव्ध गराउने व्यवस्था गरी अस्पतालमा हुने भिडभाड न्यून गर्ने
- सरसफाई एवं गुनासो व्यवस्थापन गरी सेवाग्राही सन्तुष्टी अभिबृद्धि गर्नुपर्ने।

स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि -** नेपालको संविधानले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने व्यवस्था गरेको छ। संविधानको अनुसूची-८ मा स्थानीय तहको राजस्वसम्बन्धी एकल अधिकारहरूको व्यवस्था गर्नुको साथै स्थानीय सरकार सञ्चानलन ऐन, २०७४ मा वित्तीय अधिकारहरूको व्यवस्था छ। स्थानीय सरकारको सेवा प्रवाह र विकास निर्माणका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान दिने व्यवस्था स्थानीय तहको आन्तरिक आय सुधारका उपाय पहिचान गरी राजस्व प्रक्षेपण यथार्थपरक एवं व्यवहारिक बनाउनु पर्ने तथा स्थानीय तहमा राजस्व प्रशासन र सङ्कलन प्रणाली प्रभावकारी बनाई मितव्ययिता एवं नियमितता कायम गर्नुपर्ने आवश्यकता देखिएको छ। आर्थिक सर्वेक्षण २०८१।८२ मा कुल सङ्कलित राजस्वमध्ये सङ्घबाट सङ्कलित राजस्वको हिस्सा ९२ प्रतिशत र प्रदेश तथा स्थानीय तहबाट सङ्कलित राजस्वको हिस्सा ८ प्रतिशत रहेको उल्लेख छ। कुल सङ्कलित राजस्वमध्ये कर राजस्व ८७.१ प्रतिशत र गैरकर राजस्व १२.९ प्रतिशत रहेको छ भने स्थानीय तहको बाँडफाँट सहितको कुल राजस्व रु.३ खर्ब ७६ अर्ब ८ करोड मध्ये आफैले सङ्कलन गरेको राजस्वको अंश ३६.७४ प्रतिशत रहेको छ। उल्लिखित अवस्थामा स्थानीय तहको आन्तरिक आय सुधारका क्रियाकलापहरू पहिचान गरी राजस्व प्रशासन र सङ्कलन प्रणालीको कार्यसम्पादन प्रभावकारी बनाई आन्तरिक आयको अभिवृद्धि मार्फत स्थानीय तहलाई आत्मनिर्भर बनाउन चुनौतिपूर्ण देखिन्छ।

<u>प्रमुख कार्यसम्पादन सूचक (KPI)</u>

- राजस्व प्रशासन र सङ्कलन प्रणाली सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थाहरूको कार्यान्वयन अवस्था।
- राजस्व प्रक्षेपण, यथार्थ सङ्कलन र वक्यौता अवस्था ।
- स्थानीय राजस्वमा प्रविधि, जनशक्ति र अभिलेख व्यवस्थापन।

२. **संवैधानिक नीतिगत तथा कानुनी व्यवस्था**

२.१. **संवैधानिक व्यवस्था -** संविधानको अनुसूची-८ मा उल्लिखित स्थानीय तहको अधिकार क्षेत्रअन्तर्गत स्थानीय कर, दस्तुर शुल्कको विषय र अनुसूची-९ मा स्थानीय तहले सङ्घ तथा प्रदेशसँगको समन्वय र सहकार्यमा प्रयोग गर्न साझा अधिकारसम्बन्धी व्यवस्था रहेको छ। सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानीय तहलाई कानुन बनाई निक्षेपण गर्नसक्नेसमेत व्यवस्था छ।

२.२. **कानुनी व्यवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई एकीकृत सम्पत्ति कर, भूमि तथा घरजग्गा कर, सेवा शुल्कहरू र दस्तुरहरू सङ्कलन गर्न पाउने अधिकार प्रदान गरेको छ। साथै प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी तथा प्रदेश सरकारले प्राप्त गर्ने विभिन्न कर तथा दस्तुर बाँडफाँट गरी आय प्राप्त गर्न सक्ने व्यवस्था छ। स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था रहेको छ। यसका अत्तिरिक्त स्थानीय तहको राजस्व सम्बन्धमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँटलगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषदको समेत व्यवस्था रहेको छ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले एकल कर प्रशासनको मान्यता अनुरूप अनुसूची-६ र ८ को साझा सूचीमा रहेका आयलाई समानुपातिक सिद्धान्त अनुसार बाँडफाँट गर्दा मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन अन्तशुल्क सङ्घीय सरकारले सङ्कलन गरी प्रदेश र स्थानीय तहमा पन्ध्र प्रतिशत हस्तान्तरण गरी, सत्तरी प्रतिशत सङ्घीय सञ्चित कोष दाखिला गर्ने, प्रदेश सरकारले सवारी साधन कर सङ्कलन गरी चालिस प्रतिशत स्थानीय निकायलाई हस्तान्तरण गरी साठी प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्ने र घरजग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन, मनोरञ्जन कर स्थानीय तहले सङ्कलन गरी चालिस प्रतिशत प्रदेश सञ्चित कोष दाखिला गरी साठी प्रतिशत स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। रोयल्टीबापत स्थानीय तहले सङ्कलन गरी पचास प्रतिशत सङ्घ र पच्चीस प्रतिशत प्रदेश र पच्चीस प्रतिशत स्थानीय तहलाई बाडफाँड हुन व्यवस्था रहेको छ।

२.३. **आवधिक योजना -** सोह्रौ योजनामा नेपालको राजस्व प्रणालीलाई आन्तरिक उत्पादन र सेवा क्षेत्रमा आधारित बनाई संरचनात्मक रूपान्तरण गर्न प्रविधिमैत्री सूचना प्रणाली, बैंकिङ कारोबारको प्रोत्साहन र अनुसन्धानात्मक कर परीक्षणमार्फत राजस्व चुहावट नियन्त्रण गर्दै करको दायरा विस्तार गरिने उल्लेख छ। साथै अन्तरसरकारी वित्त व्यवस्थापनलाई कार्यसम्पादनमा आधारित र अनुमानयोग्य बनाउने तथा कर निर्धारणमा संसदको भूमिकालाई सुदृढ गर्दै डिजिटल अर्थतन्त्रमार्फत दिगो र आत्मनिर्भर राजस्व संयन्त्र निर्माण गर्ने संकल्प गरेको छ। यसका लागि राजस्व प्रशासनलाई पुनर्संरचना गर्दै ठूला करदाता र उच्च सम्पत्ति भएका व्यक्तिहरूमाथि विशेष निगरानी बढाउने र करका दरहरूको समयानुकूल पुनरावलोकन गर्ने लक्ष्य छ। साथै कृत्रिम बौद्धिकता र विद्युतीय प्रणालीमार्फत मानवीय सम्पर्कविहीन र कागजातविहीन 'एक-द्वार' सेवा प्रवाह गरी कर परिपालना लागत घटाउँदै समग्र प्रणालीलाई आधुनिक र पारदर्शी बनाउने योजनाको लक्ष्य रहेको छ।

२.४. **वार्षिक नीति तथा कार्यक्रम -** संङ्घीय सरकारको विगत ३ आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा राजस्वसम्बन्धी समावेश भएका विषयहरू निम्नानुसार छन्:

<u>आर्थिक वर्ष २०७९।८० मा भएको व्यवस्थाहरू</u>

- विद्यमान कर प्रणालीको पुनरावलोकन गरी स्वच्छ पारदर्शी र लगानी एवं व्यवसायमैत्री बनाइने,
- स्थानीय तहको राजस्व परिचालन सहज बनाउन आवश्यक नीति तथा मापदण्ड बनाइने,
- वैदेशिक सहायतालाई राष्ट्रिय प्रणाली मार्फत उच्च प्रतिफलयुक्त रणनीतिक एवं रूपान्तरणकारी आयोजनामा परिचालन गरिने,
- डिजीटल बैंकिङ्गको अवधारणा अनुरूप राष्ट्रिय भुक्तानी प्रणाली सुदृढ गरी सबै वित्तीय कारोबार विद्युतीय माध्यमबाट हुने व्यवस्था मिलाइने।

<u>आर्थिक वर्ष २०८०।८१ मा भएको व्यवस्थाहरू</u>

- राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाइने,
- विद्यमान करप्रणालीमा पुनरावलोकन गरिने,
- राजस्वको दायरा विस्तार गरिने,
- सबै प्रकारका आर्थिक क्रियाकलापलाई औपचारिक प्रणालीमा आबद्ध गरिने,

- राजस्व चुहावट, न्यून बिजकीकरण, हुन्डी, अवैध कारोबारमा लगानी तथा राष्ट्रिय पुँजी पलायनलाई कडाइका साथ नियन्त्रण गरिने,
- खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय हस्तान्तरण गरिने,
- राजस्व चुहावटलाई कडाइका साथ नियन्त्रण गरिने।

<u>आर्थिक वर्ष २०८१।८२ मा भएको व्यवस्थाहरू</u>

- राजस्व बाँडफाँटलाई समन्यायिक सन्तुलित र अनुमानयोग्य बनाइने,
- खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय हस्तान्तरण गरिने,
- वस्तुगत मापदण्डका आधारमा ससर्त अनुदान हस्तान्तरण गरिने,
- तीन तहका सरकारबीच प्राकृतिक स्रोतको परिचालन एवम् बाँडफाँट लगानी तथा प्रतिफलको हिस्सा निर्धारण तथा विवाद निरूपणका लागि एकीकृत कानुन तर्जुमा गरिने,
- तीनै तहका विद्युतीय प्रणालीहरूबीच अन्तर-आबद्धता कायम गर्दै सार्वजनिक वित्त व्यवस्थापनलाई सुदृढ तुल्याइने।

३. सङ्गठनात्मक/संस्थागत व्यवस्था

३.१. निकायको परिचय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-२ मा गाउँपालिका तथा नगरपालिकाको संख्या, सीमाना तथा केन्द्र परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था अनुसार कोशीमा १३७, मधेशमा १३६, बागमतीमा ११९, गण्डकीमा ८५, लुम्बिनीमा १०९, कर्णालीमा ७९ र सुदूरपश्चिममा ८८ स्थानीय तह रहेका छन्। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका रहेका छन्। गाउँपालिकामा ५ देखि १५ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी ६ हजार ७४३ वडा रहेका छन्।

यो वर्ष कार्यमूलक लेखापरीक्षणमा लागि निम्नानुसार २२ स्थानीय तह छनौट गरिएको छ।

क्र. सं.	प्रदेश	स्थानीय तह
१	कोशी प्रदेश	बराहक्षेत्र नगरपालिका, लिखु गाउँपालिका
२	मधेश प्रदेश	जनकपुरधाम उपमहानगरपालिका, सखुवा प्रसौनी गाउँपालिका पर्सा
३	बाग्मती प्रदेश	काठमाडौं महानगरपालिका, महालक्ष्मी नगरपालिका, थाक्रे गाउँपालिका, गल्छी गाउँपालिका, चन्द्रागिरी नगरपालिका, घुलिखेल नगरपालिका, बनेपा नगरपालिका, बकैया गाउँपालिका, सूर्यविनायक नगरपालिका, सुनकोशी गाउँपालिका
४	गण्डकी प्रदेश	बागलुङ नगरपालिका, घरपझोङ् गाउँपालिका
५	लुम्बिनी प्रदेश	तुलसीपुर नगरपालिका र मदाने गाउँपालिका
६	सुदुरपश्चिम प्रदेश	धनगढी उपमहानगरपालिका, बेलडाँडी गाउँपालिका
७	कर्णाली प्रदेश	दुल्लु नगरपालिका, वीरेन्द्रनगर नगरपालिका

३.२. स्थानीय तहका सङ्गठनात्मक संरचना र जनशक्ति - स्थानीय कार्यपालिकाले आफ्नो प्रशासन सञ्चालन गर्न आवश्यकता अनुसार कानुन बमोजिम विभिन्न सरकारी सेवाहरूको गठन र सञ्चालन गर्न सक्ने व्यवस्था छ। सम्वत् २०७६ सालमा समायोजन हुँदाका बखत स्थानीयतहमा स्वीकृत दरवन्दी र कर्मचारी समायोजनको

विवरण अनुसार ६६ हजार ९ सय ८ दरबन्दी सिर्जना गरी ४४ हजार ३ सय २१ कर्मचारीहरू स्थानीयतहमा समायोजन भएको देखिन्छ।

४. **वित्तीय व्यवस्था -** महालेखानियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरण अनुसार आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्म ७५३ स्थानीय तहले सङ्कलन गरेको कुल आन्तरिक राजस्व र कुल खर्चको स्थिति निम्नानुसार छः

(रकम रु.लाखमा)

क्र. सं	आर्थिक वर्ष	कुल स्थानीय राजस्व अनुमान (घर जग्गा रजिष्ट्रेशन दस्तुर सहित)	यथार्थ स्थानीय राजस्व सङ्कलन (घर जग्गा रजिष्ट्रेशन दस्तुर सहित)	अनुमानको तुलनामा सङ्कलन प्रतिशत	कुल खर्च	कुल खर्चमा स्थानीय राजस्वको योगदान प्रतिशतमा
१	२०८१।८२	५२२६५०	५१४६८७	९८.४८	४३७३९८१	११.७६
२	२०८०।८१	४६९७९९	४५८६२५	९७.६२	४२३७९०२	१०.८२
३	२०७९।८०	४०२८०८	३९०४१५	९६.९२	४५३८१७७	८.६

(स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरण)

५. **विषय छनोटको औचित्य -** स्थानीय तहलाई संविधान र प्रचलित कानुनद्वारा आन्तरिक स्रोत परिचालन तथा राजस्व सङ्कलनको अधिकार प्रदान गरिएको भएतापनि आन्तरिक स्रोतको पहिचान, कराधार विस्तार तथा राजस्व सङ्कलन गरी स्थानीय तह वित्तीय रूपमा आत्मनिर्भर हुन सकेका छैनन्। स्थानीय तहका आयका प्रमुख स्रोतको पहिचान, कराधार विस्तार र करको दर निर्धारणमा नीतिगत अस्पष्टता देखिएको, करसम्बन्धी कानुनी प्रावधानहरूको कार्यान्वयन हुन नसकेको र स्थानीय तहमा राजस्व परिचालन एंव कार्यसम्पादन, व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखिएकाले स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणालीको कार्यसम्पादन परीक्षण गरी वित्तीय पारदर्शिता, जवाफदेहिता र आत्मनिर्भरता अभिवृद्धि गर्न आवश्यक सुधारका सिफारिसहरू प्रस्तुत गर्न लेखापरीक्षणमा यो विषय छनोट गरिएको छ।

परिच्छेद - २

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति एवं सीमा

६. **लेखापरीक्षणको उद्देश्य -** स्थानीय तहको राजस्व प्रशासन र विद्यमान नीतिगत तथा कानुनी व्यवस्था कार्यान्वयनको अवस्था विश्लेषण, राजस्व प्रक्षेपणको यथार्थता, सङ्कलन र बक्यौता अवस्थाको विश्लेषण तथा स्थानीय राजस्व व्यवस्थापनमा प्रविधि, जनशक्ति र अभिलेख व्यवस्थापनको अवस्थाको मूल्याङ्कन गरी सुधारका लागि सुझाव प्रदान गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

७. **लेखापरीक्षणको क्षेत्र -** लेखापरीक्षणको लागि बागमती प्रदेशका १० र अन्य ६ प्रदेशबाट २/२ स्थानीय तह समेत जम्मा २२ स्थानीय तहको नमुना छनोट गरिएकोमा १७ स्थानीय तहबाट प्राप्त तथ्याङ्क र मुलुकका सबै स्थानीय तहबाट सङ्कलन भएको राजस्व स्थितिलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गर्ने प्रयास गरिएको छ।

८. **लेखापरीक्षणको पद्धति -** यस विषयको लेखापरीक्षणका लागि समस्यामूलक तथा नतिजामूलक दुवै पद्धतिको अबलम्बन गरिएको छ। स्थानीय राजस्वसँग सम्बन्धित संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका निकायबाट प्रकाशित प्रतिवेदनहरू, लेख रचनाहरूको सङ्कलन गरी अध्ययन गरिएको छ। साथै महालेखापरीक्षकको बार्षिक प्रतिवेदनहरू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प्रकाशनहरू, महालेखानियन्त्रक कार्यालयको वार्षिक प्रतिवेदनहरू साथै नागरिक समाज संस्थाबाट प्राप्त सूचना तथा तथ्याङ्क र छनौट भएका मध्ये १७ स्थानीय तहबाट प्राप्त सूचना तथा तथ्याङ्क लिई विश्लेषण गरिएको छ।

९. **लेखापरीक्षणको सीमा -** प्राप्त सूचना अभिलेख विवरण प्राथमिक तथा द्वितीयक स्रोतबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ। सूचनाको पहुच र पर्याप्तता, विश्वसनियता, समय सीमितता, जनशक्तिको सीमितता, तथा विषयगत ज्ञान कार्यालयबाट लेखापरीक्षणमा उपलब्ध स्रोत साधन लगायत लेखापरीक्षणको सीमा रहेका छन्।

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका बेहोराहरू

१०. **सकारात्मक पक्षहरू -** स्थानीय तहले वार्षिक रूपमा सभाबाट आर्थिक ऐन पारित गरी कर, दस्तुर र शुल्क निर्धारण गरिरहेका छन। राजस्व अभिलेखलाई व्यवस्थित बनाउन महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लेखाफारामहरू प्रयोगमा ल्याइएको र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मार्फत डिजिटल सङ्कलनको सुरूवात र अधिकांश स्थानीय तहले आन्तरिक आय व्यवस्थापनका लागि छुट्टै शाखा र कर्मचारी व्यवस्था गरेका छन्। साझा अधिकार अन्तर्गतका कर तथा दस्तुर सङ्कलनगरी नियमानुसार बाँडफाँट गरी कानुनी व्यवस्थाको अभ्यासले अन्तर-सरकारी वित्तीय सम्बन्धलाई समेत थप प्रभावकारी बनाएको देखिन्छ।

सुधार गर्नुपर्ने पक्षहरू - कार्यमूलक लेखापरीक्षणबाट देखिएका सुधार गर्नुपर्ने बेहोराहरू निम्नानुसार छनः

११. **आन्तरिक राजस्व अनुमान र सङ्कलन-** स्थानीय तहको आन्तरिक राजस्वको अनुमान र सङ्कलन अवस्था निम्नानुसार छः

११.१. **आन्तरिक राजस्व** - नेपालको संविधानको धारा-५९ मा सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र सोको कार्यान्वयन गर्ने व्यवस्था छ। विगत ५ वर्षमा ७५३ स्थानीय तहले आफैले सङ्कलन गरेको राजस्व र बाँडफाँटबाट प्राप्त गरेको राजस्वको अवस्था निम्नानुसार छः

(रकम रु.लाखमा)

आर्थिक वर्ष	स्थानीय तह आफैले सङ्कलन गरेको राजस्व	बाँडफाँटबाट प्राप्त राजस्व	कुल राजस्व	कुल राजस्वमा आन्तरिक सङ्कलनको हिस्सा प्रतिशतमा
२०८१।८२	५१४६८७	८८७०५७	१४०१७४४	३६.७२
२०८०।८१	४५८६२५	७५०८६१	१२०९४८६	३७.९२
२०७९।८०	३९०४१५	७०३५१६	१०९३९३२	३५.६९
२०७८।७९(म.ले.प साठिऔं वार्षिक प्रतिवेदन,२०७९ अनुसार ७४९ स्थानीय तह)	३५७५०६	९०२९६६	१२६०४७२	२८.३६
२०७७।७८(म.ले.प उनन्साठिऔं वार्षिक प्रतिवेदन,२०७९ अनुसार ७४४ स्थानीय तह)	३५२८५६	६९०१६९	१०४३०२५	३३.८३

(स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरण तथा महालेखापरीक्षकको कार्यालयको वार्षिक प्रतिवेदन)

उल्लिखित विवरणअनुसार २०७७।७८ मा ७४४ स्थानीय तह आफैले सङ्कलन गरेको राजस्व कुल स्थानीय राजस्वको ३३.८३ प्रतिशत रहेकोमा २०७९।८० देखि २०८१।८२ सम्म ७५३ स्थानीय तहको त्यस्तो हिस्सा ३५.६९ देखि ३६.७२ सम्म रहेको छ। यसबाट विगत वर्षमा स्थानीय तहको आन्तरिक राजस्व सङ्कलनको अंशमा वृद्धि हुँदै गएको छ। स्थानीय तहले सङ्कलन गर्ने राजस्व मुलतः सेवामूलक प्रकृतिको रहेको र राजस्वका सम्भावित स्रोतहरूको पहिचान र परिचालन पक्ष कमजोर हुँदा आन्तरिक आयको हिस्सा न्यून रहेको देखिन्छ। स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्रको आर्थिक गतिविधि प्रवर्धन गर्न र व्यावसायिक वातावरण निर्माण गर्न केन्द्र, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्य गर्ने वातावरण निर्माण गर्नुपर्दछ।

११.२. **स्थानीय तहको चालु खर्चमा आन्तरिक राजस्वको योगदान -** नेपालको संविधानमा स्थानीय तहको वित्तीय स्रोतमा आन्तरिक राजस्वका अतिरिक्त सङ्घ र प्रदेश सरकारबाट हुने वित्तीय हस्तान्तरण र राजस्व

बाँडफाँटको व्यवस्था छ। विगत ३ वर्षमा ७५३ स्थानीय तहले सङ्कलन गरेको आन्तरिक राजस्व र चालु खर्चको स्थिति निम्नानुसार छः

(रकम रु.लाखमा)

आर्थिक वर्ष	आफैले सङ्कलन गरेको आन्तरिक आय	चालु खर्च	पुँजीगत खर्च	चालु खर्चमा आन्तरिक आयको योगदान
२०८१।८२	५१४६८७	२८५३६२२	१५१६५३३	१८.०४
२०८०।८१	४५८६२५	२७९६८३७	१४३७५६३	१७.४७
२०७९।८०	३९०४१५	२८४७४६२	१६८६४१६	१३.७१
जम्मा	**१३६३७२७**	**८४९७९२१**	**४६४०५१२**	**१६.५१**

(स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरण)

उल्लिखित विवरणअनुसार २०७९।८० मा स्थानीय तहको चालु खर्चमा आन्तरिक आयको योगदान १३.७१ प्रतिशत रहेकोमा २०८१।८२ सम्म स्थानीय तहको त्यस्तो हिस्सा वृद्धि हुँदै १८.०४ प्रतिशत कायम भएको छ। ७५३ स्थानीय तहले विगत ३ वर्षमा गरेको कुल चालु खर्चको तुलनामा आन्तरिक आय औसत १६.५१ प्रतिशत रहेको छ। नागरिकको न्यून कर सहभागिता र स्थानीय स्रोत परिचालन हुन नसक्दा आन्तरिक आय सङ्कलन न्यून रहेको छ। स्थानीय तहले आन्तरिक आयको दायरा फराकिलो पार्नुका साथै आयमा वृद्धि गर्ने गरी कार्य व्यवस्थापन तथा सुधार गर्नुपर्दछ।

११.३. **अनुमान र यथार्थता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा गाउँपालिका तथा नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। विगत ३ वर्षमा स्थानीय तहले प्राप्त गरेको अनुदान र राजस्व बाँडफाँट बाहेकको आन्तरिक आय अनुमान र यथार्थ सङ्कलनको अवस्था निम्नानुसार छः

(रकम रु.लाखमा)

आर्थिक वर्ष	आन्तरिक आय अनुमान	यथार्थ सङ्कलन	अनुमानको तुलनामा सङ्कलन प्रतिशत
२०८१।८२	५२२६५०	५१४६८७	९८.४८
२०८०।८१	४६९७९९	४५८६२५	९७.६२
२०७९।८०	४०२८०८	३९०४१५	९६.९२
जम्मा	**१३९५२५७**	**१३६३७२७**	**९७.७४**

स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरण)

उल्लिखित विवरणअनुसार २०७९।८० मा स्थानीय तहको अनुमानको तुलनामा सङ्कलन ९६.९२ प्रतिशत रहेकोमा २०८१।८२ सम्म स्थानीय तहको त्यस्तो हिस्सा वृद्धि हुँदै ९८.४८ प्रतिशतसम्म रहेको छ। अघिल्लो वर्षमा भन्दा पछिल्ला वर्षहरूमा आन्तरिक आय अनुमान र सङ्कलन यथार्थपरक बन्दै गएको र आय सङ्कलन वृद्धि भएको देखिन्छ। आय अनुमानलाई यथार्थपरक बनाउने र स्थानीय क्षेत्राधिकार भित्र रहेका प्राकृतिक स्रोतहरूको परिचालनलाई प्रभावकारी बनाई आन्तरिक आय वृद्धि गर्नुपर्दछ।

११.४. **कर्मचारी पारिश्रमिक -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(२) मा स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको सर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको

कानुनबमोजिम हुने व्यवस्था छ। विगत ३ वर्षमा स्थानीय तहबाट सङ्कलन भएको आन्तरिक आय र कर्मचारीको पारिश्रमिक खर्चको तुलनात्मक अवस्था निम्नानुसार छः

(रकम रु.लाखमा)

आर्थिक वर्ष	पारिश्रमिक कर्मचारी	आन्तरिक आय	आन्तरिक आयको तुलनामा कर्मचारी पारिश्रमिक प्रतिशत
२०८१।८२	१२२३९५३	५१४६८७	२३७.५७
२०८०।८१	१२२५८५५	४५८६२५	२६७.२९
२०७९।८०	१३५६५४४	३९०४१५	३४७.४६
जम्मा	**३८०६३५३**	**१३६३७२७**	**२७९.०१**

(स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरण)

उल्लिखित विवरणअनुसार २०७९।८० मा आन्तरिक आयको तुलनामा कर्मचारी पारिश्रमिकमा ३४७.४६ प्रतिशत रहेकोमा पछिल्ला वर्षहरूमा यसमा क्रमिक सुधार हुदैं २०८१।८२ मा २३७.५७ प्रतिशत रहेको देखिन्छ। साथै स्थानीय तहले आफैले सङ्कलन गरेको आयभन्दा कर्मचारी पारिश्रमिकमा बढी खर्च गर्ने गरेकोले कर्मचारी खर्च मितव्ययी तवरवाट भएको देखिएन।स्थानीय तहले प्रविधिको प्रयोग गरी न्यून लागतमा गुणस्तरीय सेवा प्रवाह गर्ने सक्ने गरी चुस्त प्रशासन निर्माण गर्ने तथा आयका दायरा विस्तार गरी आन्तरिक आय सङ्कलन वृद्धि गर्ने र प्रशासनिक खर्चमा नियन्त्रण गर्नुपर्दछ।

११.५. **सवारी साधन खरिद खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (२) मा स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको सर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुनबमोजिम हुने व्यवस्था छ। विगत तीन आर्थिक वर्षमा स्थानीय तहको आन्तरिक आय र सवारी साधन तथा मेशिनरी औजार खरिदमा भएको खर्चको तुलनात्मक अवस्था निम्नानुसार छः

(रकम रु. लाखमा)

आर्थिक वर्ष	सवारी साधन खरिद	आन्तरिक आय	आन्तरिक आयको तुलनामा सवारी साधन खरिद प्रतिशत
२०८१।८२	१३३२१	५१४६८७	२.५९
२०८०।८१	१३३४०	४५८६२५	२.९१
२०७९।८०	१६८८९	३९०४१५	४.३३
जम्मा	**४३५५०**	**१३६३७२७**	**३.१९**

(स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरण)

उल्लिखित विवरणअनुसार २०७९।८० मा आन्तरिक आयको ४.३३ प्रतिशत रकम सवारी साधन खरिदमा खर्च भएकोमा आर्थिक वर्ष २०८१।८२ सम्म २.५९ प्रतिशत रहेको देखिन्छ। स्थानीय तहले सवारी साधनको प्रयोगमा मितव्ययिता, पुराना सवारीको मर्मत गरी प्रयोग गर्नेमा क्रमिक रूपमा सुधार हुदै गएको कारणले आन्तरिक आयको हिस्सा सवारी साधन खरिदमा घट्दै गएको देखिन्छ। स्थानीय तहले सवारी साधन खरिदमा हुने ठुलो हिस्साको खर्च गर्ने कार्यलाई नियन्त्रण गरी उक्त रकमलाई उत्पादनमूलक क्षेत्र र स्थानीय पूर्वाधार विकासमा विनियोजन तथा खर्च गर्नुपर्दछ।

११.६. **इन्धन तथा सवारी साधन मर्मत खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(२) मा स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको सर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुनबमोजिम हुने व्यवस्था छ। विगत ३ वर्षमा स्थानीय तहले इन्धनमा गरेको खर्च र आन्तरिक आयको तुलनात्मक स्थिति निम्नानुसार छः

(रकम रु.लाखमा)

आर्थिक वर्ष	इन्धन (पदाधिकारी, कार्यालय र अन्य प्रयोजन)	सवारी साधन मर्मत खर्च	जम्मा	आन्तरिक आय	आन्तरिक आयको तुलनामा इन्धन तथा सवारी साधन मर्मत खर्च प्रतिशत
२०८१।८२	५३५८१	२२०९३	७५६७४	५१४६८७	१४.७०
२०८०।८१	३५५०४	१९१५४	५४६५८	४५८६२५	११.९२
२०७९।८०	३५८२९	१७७३८	५३५६७	३९०४१५	१३.७२
जम्मा	**१२४९१४**	**५८९८५**	**१८३८९९**	**१३६३७२७**	**१३.४९**

(स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरण)

उल्लिखित विवरण अनुसार २०७९।८० मा आन्तरिक आयको १३.७२ प्रतिशत इन्धन तथा मर्मत खर्च भएकोमा २०८१।८२ मा १४.७० प्रतिशत खर्च गरेको देखिन्छ। आन्तरिक आयको अनुपातमा खर्च प्रतिशत घटेको देखिएतापनि इन्धन तथा मर्मतमा हुने कुल खर्चको रकम भने वर्षेनी वृद्धि भइरहेको देखिन्छ।

स्थानीय तहले सवारी साधनको लगबुक व्यवस्थापनलाई प्रभावकारी रुपमा नगरेको, अनावश्यक भ्रमणलाई निरूत्साहित नगरेको र मर्मत खर्चको उचित अनुगमन नगरेको लगायतका प्रशासनिक खर्चहरूलाई नियन्त्रण गर्ने कार्य प्रभावकारी रूपमा नगरेको देखिन्छ। सवारी साधन प्रयोगका लागी निश्चित मापदण्ड र कार्यविधि बनाई इन्धन तथा सवारी साधन मर्मत खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

११.७. **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा मितव्ययी तवरले विविध खर्च गर्नुपर्ने व्यवस्था छ। विगत ३ वर्षमा स्थानीय तहको आन्तरिक आय र विविध खर्च बीचको तुलनात्मक अवस्था निम्नानुसार छः

(रकम रु.लाखमा)

आर्थिक वर्ष	विविध खर्च	आन्तरिक आय	आन्तरिक आयको तुलनामा अन्य खर्च प्रतिशत
२०८१।८२	४९१७७	५१४६८७	९.५५
२०८०।८१	५५७४८	४५८६२५	१२.१७
२०७९।८०	५८८७४	३९०४१५	१५.०८
जम्मा	**१६३७९९**	**१३६३७२७**	**१२.०१**

(स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरण)

उल्लिखित विवरणअनुसार २०७९।८० मा आन्तरिक आयको तुलनामा विविध खर्च १५.०८ प्रतिशत रहेकोमा २०८१।८२ मा ९.५५ प्रतिशत खर्च गरेको देखिन्छ। तीन वर्षको कुल औसत विविध खर्च आन्तरिक आयको १२.०१ प्रतिशत रहेको छ। स्थानीय तहले विविध खर्चमा नियन्त्रण गरी आन्तरिक राजस्वको हिस्सा विकास निर्माण र आयमूलक कार्यमा केन्द्रित गरी वित्तीय अनुशासन र मितव्ययिता कायम गर्नुपर्दछ।

१२. **प्रमुख राजस्व शीर्षकहरू** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा गाउँपालिका र नगरपालिकाको वित्तीय अधिकार क्षेत्रको व्यवस्था छ। सोही वित्तीय अधिकार क्षेत्रअन्तर्गत स्थानीय तहले विगत ३ वर्षमा सबैभन्दा बढी सङ्कलन गरेको आन्तरिक आयको प्रमुख ९ शीर्षकहरू निम्नानुसार छन्:

(रकम रु.लाखमा)

राजस्व संकेत	प्रमुख शीर्षक	२०७९।८०	२०८०।८१	२०८१।८२
११३१७	बहाल कर	६०१५८	६५७५९	७६४४०
११३१३	सम्पत्ति कर	-	३४९७५	४१८८२
१४२४२	नक्सापास दस्तुर	२९०७९	२०५०६	२६९१०
१४५२९	अन्य राजस्व	२२३४१	३२६८९	२४०३४
१४२४३	सिफारिश दस्तुर	२१५९७	२२८७९	२६०७८
११३१४	भुमिकर/मालपोत	१८०८६	२१८१४	२०६४६
११६९१	अन्य कर	१८०२२	२३५९४	-
१४२४९	अन्य दस्तुर	११५४८	-	-
१४६११	व्यवसाय कर	-	-	१३८९१
१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	११५४०	११७०४	१३२२७
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	१०३०५	१३०७०	१३७८२

(स्रोतः महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरण)

उल्लिखित विवरणअनुसार स्थानीय तहमा विगत ३ वर्षमा आन्तरिक राजस्वको प्रमुख ९ शीर्षकमा बहाल कर, सम्पत्ति कर, सिफारिस दस्तुर र व्यवसाय रजिष्ट्रेसन दस्तुरमा सामान्य वृद्धि भएतापनि भूमिकर/ मालपोत र अन्य राजस्व गत वर्षका तुलनामा २०८१।८२ मा घटेको देखिन्छ। मुख्यतः सेवामूलक प्रकृतिको विषय नै स्थानीय राजस्वको प्रमुख आधार रहेको र स्थानीय विकास तथा प्राकृतिक स्रोत परिचालनबाट राजस्वमा उल्लेखनीय प्रभाव परेको देखिएन। स्थानीय स्रोत परिचालनबाट स्थानीय अर्थतन्त्र स्वतन्त्र र आत्मनिर्भर बनाउने सन्दर्भमा स्थानीय तहलाई प्राप्त राजस्व अधिकारको प्रभावकारी उपयोग हुन सकेको देखिदैंन। नागरिकको कर सहभागितामा वृद्धि र प्राकृतिक स्रोत परिचालन सहित सक्षम सङ्कलन प्रणाली विकास गरी राजस्व परिचालनलाई प्रभावकारी बनाउनुपर्दछ।

१३. **राजस्व अधिकारको कार्यान्वयन -** नेपालको संविधानको अनुसूची-८ ले स्थानीय तहलाई विभिन्न विषयमा कर, दस्तुर र शुल्क लगाउने र ती विषयहरूबाट कर उठाउन सक्ने अधिकार दिएको छ। लेखापरीक्षणका लागि नमुना छनोट गरिएका २२ स्थानीय तहमध्ये १७ स्थानीय तहबाट प्राप्त विवरणअनुसार स्थानीय तहको राजस्व अधिकारको कार्यान्वयन स्थिति निम्नानुसार छः

करको प्रकार	पूर्ण कार्यान्वयन गर्ने स्थानीय तह संख्या	आँशिक कार्यान्वयन गर्ने स्थानीय तह संख्या	कार्यान्वयन नगर्ने स्थानीय तह संख्या	प्रतिक्रिया नदिने स्थानीय तह संख्या
सम्पत्ति कर	११	२	१	३
घर बहाल कर	१०	७	०	०
घर जग्गा रजिष्ट्रेशन शुल्क	६	०	८	३
पर्यटन शुल्क	१	२	११	३
विज्ञापन कर	८	३	५	१
व्यवसाय कर	१२	३	२	०
भूमिकर (मालपोत)	१५	२	०	०
दण्ड जरिबाना	१२	५	०	०
मनोरञ्जन कर	५	४	७	१
बहाल बिटौरी कर	९	३	४	१
पार्किङ् शुल्क	२	२	११	२
जडीबुटी कवाडी र जीवजन्तु कर	३	५	८	१
साहसिक खेलकुद सेवा शुल्क	०	०	१४	३

करको प्रकार	पूर्ण कार्यान्वयन गर्ने स्थानीय तह संख्या	आँशिक कार्यान्वयन गर्ने स्थानीय तह संख्या	कार्यान्वयन नगर्ने स्थानीय तह संख्या	प्रतिक्रिया नदिने स्थानीय तह संख्या
स्थानीय पूर्वाधार सेवा शुल्क	१	२	१२	२
फोहोरमैला सेवा शुल्क	६	४	६	१
अन्य सेवा शुल्क	१२	३	२	०
ढुङ्गा गिटी बालुवा बिक्री दस्तुर	४	४	८	१
दहत्तर बहत्तर बिक्री दस्तुर	२	२	९	४
सामूदायिक वनको वन पैदावर बिक्री रकम	०	२	१३	२

उल्लिखित विवरणअनुसार स्थानीय तहले आफूले प्राप्त गरेको राजस्व अधिकारहरू पूर्ण रूपमा कार्यान्वयन गरेको देखिएन। प्राकृतिक स्रोतहरू उत्खनन् र परिचालन हुन नसक्नु, दण्ड जरिबाना कडाइका साथ लागु नहुनु, स्थानीय तहले खर्च गरेअनुरूप व्यावासायिक क्रियाकलापमा वृद्धि हुन नसक्नु र स्थानीय जनप्रतिनिधि तथा कर्मचारीमा स्थानीय राजस्व अभिवृद्धि कम प्राथमिकतामा पर्नुलगायतका कारणले राजस्व सङ्कलन प्रभावकारी हुन सकेको देखिदैंन। स्थानीय तहले प्रदेश सरकारसँगको समन्वयमा एकीकृत सूचना प्रणाली विकास गर्ने र संविधान प्रदत्त अधिकारहरूको पूर्ण कार्यान्वयन गर्न राजस्व सुधार कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

१४. **करको दर निर्धारण -** नेपालको संविधानको धारा २२६(१) मा गाउँसभा र नगरसभाले अनुसूची-८ र ९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउन सक्ने र धारा २२८ मा स्थानीय तहले कानुनबमोजिम कर लगाउन सक्ने व्यवस्था छ। नमुना छनोट गरिएका स्थानीय तहमध्ये १६ स्थानीय तहले आर्थिक ऐन तर्जुमा गरेकोमा करको दर निर्धारणका आधार निम्नानुसार पाइयोः

१४.१. **सम्पत्ति कर -** सम्पत्ति करको दर निर्धारण गर्दा १२ स्थानीय तहले सम्पत्ति मूल्याङ्कनको रकमलाई आधार मानी न्यूनतम र अधिकतम दर निर्धारण गरेको, १ स्थानीय तहले प्रति घरको आधारमा र १ स्थानीय तहले प्रति वर्ग फिटको आधारमा दर निर्धारण गरेको छ भने २ स्थानीय तहले सम्पत्ति करसम्बन्धी कुनै व्यवस्था गरेको देखिएन।

१४.२. **सम्पत्ति मूल्याङ्कनमा ह्रास** - सम्पत्ति मूल्याङ्कनमा ह्रास कट्टी सम्बन्धमा नमुना छनोट गरिएका १६ स्थानीय तहमध्ये ८ स्थानीय तहले ह्रास कट्टीसम्बन्धी स्पष्ट कार्यविधि वा दरहरू उल्लेख गरेका छन् भने बाँकी ८ स्थानीय तहले यस सम्बन्धी कुनै व्यवस्था लागू गरेको छैनन्।

१४.३. **भूमिकर (मालपोत) -** भूमिकर (मालपोत) सम्बन्धमा नमुना छनोट गरिएका स्थानीय तहले कर निर्धारण गर्दा फरक फरक आधारहरू लिएको देखिन्छ। काठमाडौं र ललितपुर महानगरपालिकाले जग्गा वर्गीकरण गरी कर तोकेका छन। सूर्यविनायक नगरपालिका र सुनकोशी गाउँपालिकाले एकीकृत सम्पत्ति कर लागू गरेका कारण छुट्टै भूमिकर लगाएका छैनन्। त्यस्तै, लिखु र मदाने गाउँपालिकाले जग्गाको क्षेत्रफल र गुणस्तर (अब्बल, दोयम आदि) आधारमा कर निर्धारण गरेका छन। वीरेन्द्रनगर नगरपालिका र धनगढी उपमहानगरपालिकाले जग्गाको मूल्याङ्कनको आधारमा कर निर्धारण गरेका छन।

१४.४. **सवारी साधन कर** - अन्तर सरकारी वित्त व्यवस्यापन ऐन, २०७४ को दफा ५(क) मा सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने, तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने सक्ने व्यवस्था छ। नमुना छनोट गरिएका

१६ मध्ये ८ स्थानीय तहले आर्थिक ऐनमा सवारी साधनको कर तोकेका छैनन् भने स्थानीय तहले अटो, रिक्सा, टाँगा जस्ता साधनमा करको दर तोकेका छन। तर बागलुङ्ग नगरपालिका र लिखु गाउँपालिकाले बस, ट्रक जस्ता हेभी सवारीमा पनि करको दर तोकेको देखिन्छ।

१४.५. **व्यक्तिगत घटना दर्ता -** राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ७ अनुसार ३५ दिनभित्र परिचयपत्रको लागि निवेदन नदिने व्यक्तिले सो अवधिपछि परिचयपत्र माग गरी निवेदन दिएमा त्यस्तो व्यक्तिले तोकिएबमोजिमको विलम्ब शुल्कसमेत बुझाउनु पर्ने व्यवस्था छ। नमुना छनोट गरिएका स्थानीय तहमा व्यक्तिगत घटना दर्ता शुल्कको विश्लेषण गर्दा काठमाडौं महानगरपालिकामा २०७९।८० देखि २०८१।८२ सम्म ३५ दिन नाघेपछि प्रति घटना रु.५०, लिखु गाउँपालिकामा रु.१५०, गल्छी गाउँपालिका, घोरपझाङ गाउँपालिका, थाक्रे गाउँपालिकामा रु.२००, चन्द्रागिरि र बागलुङ नगरपालिकामा रु.२०० देखि रु.३०० र सूर्यविनायक नगरपालिकामा २०७९।८० देखि २०८१।८२ सम्म रु.५० बाट रु.२०० कायम गरेको देखिन्छ।

उल्लिखित अवस्था हेर्दा स्थानीय तहमा कर निर्धारणको आधारमा विभिन्नता देखिएको छ। यसबाट अधिकांश स्थानीय तहको करको आधार निश्चित सिद्धान्त वा विधिको आधारमा हुन नसकी कर प्रणाली दक्षतापूर्ण र प्रभावकारी हुन सकेको देखिदैंन। सम्पत्तिको मूल्याङ्कन निर्धारण गर्दा परिसूचक र मापदण्ड बजारमूल्य, मुद्रास्फीती लगायतलाई आधार बनाई वैज्ञानिक, पारदर्शी र अनुमानयोग्य बनाउनुपर्दछ। साथै समानता, सम्भाव्यता, तिर्न सक्ने क्षमता, सेवाको प्रतिफल र लागतजस्ता निश्चित सिद्धान्तको आधारमा करको दर र दायरा निर्धारण गरी कर प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्दछ।

१५. **राजस्व सङ्कलनमा जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारको २०७६ को स्वीकृत दरवन्दी र कर्मचारी समायोजनको विवरण अनुसार करिब ६७ हजार दरबन्दी सिर्जना गरी ४४ हजार कर्मचारीहरू स्थानीयतहमा समायोजन गरेको देखिन्छ। तत्पश्चात स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कायम गरेको दरबन्दी र सो अनुसारको पदपूर्तिको स्थिति खुल्ने गरी तथ्याङ्क अद्यावधिक गरेको पाइएन। नमूना छनौट गरिएका २२ स्थानीय तहबाट राजस्व प्रशासनमा संलग्न कर्मचारीहरूको विवरण माग गरिएकोमा विवरण पठाउने १० स्थानीय तहमा स्थिति निम्नानुसार छः

स्थानीय तह	राजस्वमा प्रशासनमा कार्यरत कर्मचारीहरू			कैफियत
	पालिका कार्यालय	वडा कार्यालय	जम्मा	
काठमाडौं महानगरपालिका	१५	३२	४७	स्थायी ४७
सूर्यविनायक नगरपालिका	२	१०	१२	स्थायी ३ र करार ९ रहेको
बनेपा नगरपालिका	३	१४	१७	स्थायी १७
धुलिखेल नगरपालिका	२	१२	१४	स्थायी १४
बागलुङ्ग नगरपालिका	४	१४	१८	स्थायी ४ र करार १४
बराहक्षेत्र नगरपालिका	२	११	१३	स्थायी १ करार १२
सुनकोशी गाउँपालिका	१	७	८	दरबन्दी नभई प्रशासन तर्फका कर्मचारी खटाइएको।

सखुवाप्रसौनी गाउँपालिका	१	-	१	प्रत्येक वडामा वडा सचिव द्वारा राजस्व सङ्कलन
बकैया गाउँपालिका	१	-	१	प्रत्येक वडामा वडा सचिव द्वारा राजस्व सङ्कलन
बेलडाँडी गाउँपालिका	-	-	-	दरबन्दी नभएको कम्प्युटर अपरेटर र वडा सचिवद्वारा राजस्व सङ्कलन

उल्लिखित विवरण अनुसार राजस्व प्रशासनको लागि २ स्थानीय तहमा वडातहसम्म स्थायी कर्मचारी कार्यरत रहेका छन् भने ४ स्थानीय तहमा स्थायी र करार दुवै कर्मचारी कार्यरत छन्। त्यस्तै, १ स्थानीय तहले राजस्व शाखाको लागि दरबन्दी नभई प्रशासनतर्फका कर्मचारी खटाएको देखिन्छ भने बाँकी ३ ले वडामा सचिवबाट राजस्व प्रशासनको कार्य गर्ने गरी जिम्मेवारी तोकेको देखिन्छ। यसबाट कतिपय स्थानीय तहमा राजस्व प्रशासनमा स्थिरता कायम गरी कर्मचारीहरूको दक्षतापूर्ण परिचालन भएको देखिदैन। स्थानीय तहमा राजस्व परिचालन क्षमताका आधारमा दरबन्दी कायम गरी दरबन्दी अनुसारको पदपूर्ति गर्ने र पद अनुसारको जिम्मेवारी दिई कर्मचारी प्रशासनलाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्दछ।

१६. **विद्युतीय प्रणालीको प्रयोग -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरणको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको एकीकृत वित्तीय विवरणले २०८०।८१ देखि राजस्व सङ्कलन एवं लेखाङ्कनको लागि स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनिवार्य प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ। आर्थिक वर्ष २०८०।८१ र २०८१।८२ मा राजस्व सङ्कलन तथा अभिलेखनमा सुत्र प्रणाली प्रयोगको स्थिति निम्नानुसार छः

प्रयोग स्थिति	स्थानीय तह संख्या	
	२०८१।८२	२०८०।८१
सुत्र प्रणाली प्रयोग गरी राजस्व सङ्कलन	७३०	६५७
सुत्र प्रणाली पूर्ण प्रयोग	४७३	२९६
सुत्र प्रणाली आंशिक प्रयोग	२५७	३६१
सुत्र प्रणाली प्रयोग नगर्ने	२३	९६

(स्रोतः स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली)

उल्लिखित विवरणअनुसार २०८०।८१ मा सुत्र प्रणाली प्रयोग गरी राजस्व सङ्कलन गर्ने ६५७ रहेकोमा २०८१।८२ मा ७३० पुगेको छ। २३ स्थानीय तहले राजस्व सङ्कलनमा सुत्र प्रयोग गरेका छैनन्। त्यस्तै २०८१।८२ मा प्रणालीको पूर्ण प्रयोग गर्ने ४७३ र आंशिक प्रयोग गर्ने २५७ रहेका छन्। काठमाडौं महानगरपालिकाले राजस्व सङ्कलनमा आफ्नो छुट्टै सफ्टवेयर र सुत्र दुवै प्रयोग गरिरहेको छ भने आंशिक प्रयोग गर्ने स्थानीय तहले सुत्र र वडागत राजस्व म्यानुअल विधिबाट सङ्कलन गर्ने गरी विद्युतीय र म्यानुअल दुवै विधि प्रयोग गरेको देखिन्छ। प्रणाली प्रयोग सम्बन्धमा अनुगमन नहुनु र सबै स्थानीय तहको वडासम्म इन्टरनेट पूर्वाधारको भरपर्दो व्यवस्था नहुनु लगायतका कारणले सुत्र प्रणाली पूर्ण रूपमा प्रयोगमा आउन नसक्दा स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रभावकारी हुन सकेको छैन। स्थानीय तहको सबै वडाहरू समेतमा एकल विद्युतीय प्रणालीको रूपमा सुत्र प्रणाली प्रयोग गर्न सक्ने गरी पूर्वाधारको विकास गर्ने र सुत्रमार्फत राजस्व सङ्कलन, अभिलेखन र प्रतिवेदन गर्ने गरी प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

१७. **अभिलेख व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने र नेपालको संविधानको धारा २४१ को उपधारा ४ मा तीनैतहको सरकारको लेखा संङ्घीय कानुन वमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा रहने व्यवस्था छ। सोही बमोजिम राजस्व अभिलेख प्रयोजनको लागि म.ले.प.फा.नं १०१ देखि ११८ सम्म फारामहरू स्वीकृत गरी लागू गरिएको छ। प्राप्त विवरणअनुसार १७ स्थानीय तहमध्ये १५ स्थानीय तहले दैनिक, मासिक र वार्षिक अभिलेख स्वीकृत ढाँचा बमोजिम राख्ने गरेको, १ स्थानीय तहले आंशिक रूपमा राख्ने गरेको र १ स्थानीय तहले कुनै प्रतिक्रिया दिएको छैनन्। त्यस्तै, १७ स्थानीय तहमध्ये ४ स्थानीय तहले कम्प्युटर विधिबाट तयार गर्ने र १३ स्थानीय तहले कम्प्युटर र म्यानुअल दुवै विधि अपनाउने रहेका छन् भने १७ स्थानीय तहमध्ये ११ स्थानीय तहले बैङ्क भौचर प्राप्त भएपछि रसिद जारी नगरी भौचरको आधारमा सिधै आम्दानी खातामा प्रविष्टि गर्ने, ५ स्थानीय तहले आंशिक रसिद प्रयोग गर्ने र १ स्थानीय तहले रसिद जारी गरेको देखिन्छ। यसरी स्थानीय तहले तोकिएको फारामहरू पूर्ण प्रयोग नगरेको, विद्युतीय र म्यानुअल दुवै विधि अस्तित्वमा रहेको र रसिद प्रयोग गर्ने व्यवस्था पनि पूर्ण रूपमा कार्यान्वयन नभएकोले राजस्व अभिलेख व्यवस्थापन प्रणालीको प्रभावकारी हुन सकेको छैन। यस्तो हुनुमा स्थानीय तहमा सुत्र प्रणालीको पूर्ण प्रयोग नहुनु, तोकिएका म.ले.प.फारामहरू प्रयोगमा अनुगमन गरी लागू गराउने अनुगमनकारी संयन्त्र नहुनु लगायतका कारण रहेका छन्। प्रयोगमा आएको विद्युतीय प्रणालीले कारोबारको शुरु प्रविष्टि हुनासाथ आवश्यक फारामहरू तोकिएको ढाँचामा नै तयार हुने गरी प्रणालीमा थप परिमार्जन गर्ने, राजस्व अभिलेखमा कतिपय स्थानीय तहले दोहोरो सफ्टवेयर प्रयोग गरेकोमा सो हटाउने र तोकिएका फारामहरू अनुसार अभिलेख तयार भए नभएको अनुगमन गरी कार्यान्वयन गर्नुपर्दछ।

१८. **नगद बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा सरकारी कार्यालयमा सङ्कलन भएको नगद सोही दिन वा सोको भोलिपल्ट बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयको साठिऔँ देखि बासाट्ठिऔँ वार्षिक प्रतिवेदनअनुसार स्थानिय तहले २०७८।७९ रु. ८ करोड १० लाख, २०७९।८० मा रु. ९ करोड ६१ लाख, २०८०।८१ मा रु.४ करोड ७८ लाख बैङ्क दाखिला गरेका छैनन्। हाल सबै स्थानीय तहको केन्द्रमा विद्युत इन्टरनेट तथा बैंकिङ सेवा उपलब्ध भइसकेतापनि सङ्कलित राजस्व समयमा बैङ्क दाखिला नगरी नगद मौज्दात बाँकी रहन गएको देखिन्छ। विद्युतीय प्रणालीको पूर्ण प्रयोग हुन नसक्नु, भौगोलिक विकटताका कारण समयमै बैङ्क दाखिला हुन नसक्नुको साथै सहज अवस्थामा पनि बैङ्क दाखिला नगर्ने सम्बन्धित कर्मचारीलाई कारवाहीको दायरामा ल्याउन नसक्नु लगायतका कारणले गर्दा राजस्व नगद मौज्दात बाँकी रहन गएको विवरणवाट देखिन्छ। राजस्व कारोबारमा पारदर्शिता अभिवृद्धि गर्न र राजस्व व्यवस्थापनलाई चुस्त बनाउन सबै वडातहसम्म नियमित सञ्चालन हुन सक्ने विद्युत इन्टरनेट बैंक जस्ता आवश्यक पूर्वाधारको व्यवस्था गरी सुत्र प्रणालीलाई थप व्यवस्थित बनाउनुपर्दछ।

१९. **उठ्न बाँकी आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद - ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का व्यवस्थापनसम्बन्धी व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयको साठिऔँ देखि बासट्ठिऔँ वार्षिक प्रतिवेदनअनुसार स्थानीय तहले व्यवस्थापन गरेका आय ठेक्काबाट

सम्झौताअनुसार २०७८।७९ मा रु.१ अर्ब ७ करोड ६१ लाख, २०७९।८० मा ३० करोड ३७ लाख तथा २०८०।८१ मा रु.४२ करोड ६३ लाख असुल गर्न बाँकी आय रहेको छ। स्थानीय तहले ठेक्का सम्झौताका सर्त बमोजिम समयमै किस्ता रकम असुल नगर्नु, ठेकेदारको कार्यसम्पादनको प्रभावकारी अनुगमन नहुनु, धरौटी जफत वा कानुनी कारबाहीको प्रक्रिया अगाडि नबढाउनु र प्रदेश आर्थिक ऐन बमोजिम बाँडफाँट हुने राजस्वको सम्बन्धमा प्रभावकारी समन्वय नहुनु लगायतका कारणले स्थानीय राजस्व समयमै सङ्कलन भएको देखिदैँन। आन्तरिक नियन्त्रण प्रणाली र ठेक्का अनुगमन प्रणालीमा सुधार गरी ठेक्का सम्झौताको पूर्ण कार्यान्वयन गर्नुपर्दछ।

२०. **बक्यौता असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद - ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काबापत बक्यौता रकमसमेत असुल गर्ने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयको साठिऔँ देखि बासाट्ठिऔँ वार्षिक प्रतिवेदनअनुसार स्थानीय तहबाट सम्पत्ति करलगायत २०७८।७९ मा रु.३३ करोड ३५ लाख, २०७९।८० मा रु.७२ करोड ४ लाख तथा २०८०।८१ मा रु.२ अर्ब ७५ करोड २३ लाख असुल गर्ने बाँकी बक्यौता छ। करदाता प्रोत्साहन वा सचेतना कार्यक्रमको कमी हुनु, विद्युतीय कर प्रणाली पूर्ण रूपमा प्रयोग नहुनु, स्थानीय तहले सम्झौताका सर्तहरूबमोजिम समयमै किस्ता रकम असुल नगर्नु र धरौटी जफत वा कानुनी कारबाहीको प्रक्रिया अगाडी नबढाउनु लगायतका कारणले स्थानीय राजस्व बक्यौता रहन गएको देखिन्छ। नागरिक सचेतना अभिवृद्धि गरी कर सहभागिता दर बढाउने, कर कानुनको कडाइकासाथ कार्यान्वयन गर्नुका साथै कर प्रणालीमा थप आधुनिकीकरण गरी बक्यौता असुलीलाई प्रभावकारी बनाउनुपर्दछ।

२१. **राजस्व छुट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा दहत्तर बहत्तरको राजस्व छुटसम्बन्धमा स्पष्ट व्यवस्था भएको छैन। स्थानीय तहले आय ठेक्का सम्झौतामा कार्यपालिकाबाट निर्णय गरी २०७८।७९ मा रु.१२ करोड २९ लाख, २०७९।८० मा रु.५३ लाख तथा २०८०।८१ मा रु.१ करोड ८७ लाख राजस्व छुट दिएका छन्। साथै नमुना छनोट गरिएका १७ स्थानीय तहमध्ये ९ स्थानीय तहले राजस्व छुटसम्बन्धी छुट्टै नीति तयार गरेको जनाएतापनि बाँकी ८ स्थानीय तहले कानुनी व्यवस्था नगरी राजस्व छुट दिएको छ। राजस्व छुटसम्बन्धी स्पष्ट नीति, कानुन, प्रक्रिया र अभिलेख प्रणाली निर्माण गरी छुट दिएको विषय, पाउने व्यक्ति/निकाय, रकम आदिको विस्तृत विवरण तयार गरी स्थानीय सभामा वर्षेनी पेश गर्ने कानुनी प्रबन्ध गर्नुपर्दछ। साथै राजस्व छुटको विवरण केन्द्र तथा प्रदेश सरकारको सूचना प्रणालीसँग आवद्ध गर्ने एकीकृत प्रणाली निर्माण गर्नुपर्दछ।

२२. **राजस्व बाँडफाँट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा प्रदेश र गाउँपालिका वा नगरपालिकाको दोहोरो अधिकारक्षेत्रभित्रका कर निर्धारण, सङ्कलन तथा बाँडफाँटसम्बन्धी व्यवस्था छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट आर्थिक वर्ष २०८१।८२ मा स्थानीय सञ्चित कोषमा सङ्कलन भएको राजस्व सोही आर्थिक वर्षभित्र बाँडफाँट नभई बाँकी रहेको स्थिति निम्नानुसार छः

(रकम रु.लाखमा)

शीर्षक	२०८१।८२					
	गत आ.ब.को मौज्दात	विभिन्न कोषमा सङ्कलन भएको रकम	बाँडफाँट भएको रकम			बाँडफाँट हुन बाँकी रकम
			सङ्घ	प्रदेश	स्थानीय	
मनोरञ्जन कर	४७	१४९८	३	४७४	८२६	२४२
विज्ञापन कर	२०८	१७३४	२५	५८४	१०४५	२८८
दहत्तर बहत्तर शुल्क	७३३४	५२१५८	३०७८	१३१६७	३८८६५	४३८३

अन्य बाँडफाँट हुने राजस्व सङ्कलन	६४	१५८२	८०	९३९	४७१	१५६
जम्मा	**७६५३**	**५६९७२**	**३१८६**	**१५१६४**	**४१२०७**	**५०६९**

(स्रोतः स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली)

उल्लिखित विवरणअनुसार स्थानीय सञ्चित कोषमा सङ्कलन भएको रकममध्ये रु.५० करोड ६९ लाख आर्थिक वर्षको अन्त्यसम्म पनि बाँडफाँट नगरी बाँकी रहेको देखिन्छ। बाँडफाँट गर्नुपर्ने राजस्व समयमै बाँडफाँट नहुँदा राजस्व व्यवस्थापन प्रणाली दक्षतापूर्वक सञ्चालन हुन सकेको देखिदैंन। कानुनमा भएको व्यवस्थाको समयमै पालना गरी स्थानीय राजस्व प्रशासनलाई चुस्त र प्रभावकारी बनाउनुपर्दछ।

२३. **राजस्व सम्भाव्यता अध्ययन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत सम्भाव्य प्राकृतिक स्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन गर्ने विषय रहेको छ। लेखापरीक्षणको क्रममा नमुना छनोट गरिएका १७ स्थानीय तहमध्ये ५ ले पार्किङ्ग शुल्क, फोहोरमैला व्यवस्थापन शुल्कजस्ता आन्तरिक रूपमा राजस्व परिचालन हुन सक्ने नयाँ स्रोत पहिचान गरेको उल्लेख गरेका छन भने बाँकी १२ स्थानीय तहले आन्तरिक रूपमा नयाँ स्रोत खोजी गरेका छैनन्। धनगढी उप-महानगरपालिकाले युएनडिपीको सहयोगमा, बागलुङ नगरपालिकाले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोगमा राजस्वको दायरा विस्तार र वैज्ञानिक कर निर्धारणका लागि बाह्य परामर्शदाता प्रयोग गरी कार्यान्वयन गरेकोमा सखुवा प्रसौनी गाउँपालिकाले करिब रु.१ लाख खर्च गरेतापनि सीमा विवादको कारणले कार्यान्वयन नभएको उल्लेख छ। बाँकी १४ स्थानीय तहले हालसम्म राजस्व सम्भाव्यता अध्ययन सम्बन्धमा कुनै ठोस कदम चालेको देखिदैंन। यसबाट स्थानीय राजस्वको नयाँ स्रोत खोजी गर्ने र सोको परिचालनमार्फत राजस्व अभिवृद्धि गर्ने विषयमा स्थानीय राजस्व प्रशासन प्रभावकारी हुन सकेको देखिदैंन। संविधान प्रदत्त अधिकार क्षेत्रभित्र रही सम्भाव्य नयाँ स्रोत खोजी गरी राजस्व अभिवृद्धि मार्फत स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर बनाउनको लागि राजस्व प्रशासनलाई क्षमतावान् जनशक्ति र प्रविधियुक्त बनाई सो को प्रभावकारी परिचालन गर्नुपर्दछ।

२४. **कर प्रतिको धारणा** - संविधानको धारा २२८ मा कानुन बमोजिम बाहेक कुनै कर लगाइने र उठाइने छैन भन्ने व्यवस्था गरेको छ। त्यस्तै धारा २५ मा नागरिकले कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने र बेचबिखन गर्ने हकको व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ ले कानुन बमोजिम बाहेक गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्र कुनै कर लगाउन र उठाउन नपाउने व्यवस्था गरेको छ। नागरिक समाजमार्फत प्राप्त २४ स्थानीय तहका १८३ करदाताहरूलाई प्रश्नावली मार्फत सङ्कलन गरिएको विवरण अनुसार करदाताको कर प्रतिको धारणा निम्नानुसार छः

२४.१. **कर दर्ता र जानकारी** - सहभागी करदातालाई कर दर्ता सम्बन्धी प्रश्न सोधिएकोमा प्रश्न सम्बन्धमा ९०.७१ प्रतिशतले दर्ता भएको र ९.२९ प्रतिशतले दर्ता नभएको उल्लेख गरेका छन्। कर दर्ता प्रक्रिया सम्बन्धमा ४५ प्रतिशतले सजिलो, ३४.४३ प्रतिशतले मध्यम र २०.५७ प्रतिशतले दर्ता प्रक्रिया जटिल रहेका उल्लेख गरेका छन। त्यस्तै करसम्बन्धी जानकारी सम्बन्धमा ४८.६३ प्रतिशतले पूर्ण, २७.३२ प्रतिशतले आंशिक र २४.०४ प्रतिशतले अस्पष्ट रहेको उल्लेख गरेका छन्। करको दर तथा भुक्तानी विधिको सूचना सम्बन्धमा ५०.८१ प्रतिशतले वडा कार्यालयबाट, १७.४९ प्रतिशतले पालिका कार्यालयबाट, २३.५० प्रतिशतले वेवसाइटबाट, ७.१० प्रतिशतले सूचना पार्टीबाट तथा १.०९ प्रतिशतले अन्य माध्यमबाट प्राप्त गर्ने गरेको उल्लेख गरेका छन्। करको दायरामा नआएका कर दातालाई दायरामा ल्याउन, दर्ता गराउन, समयभित्र व्यवसाय/ फर्म नविकरण गराउन र कर सङ्कलनमा प्रभावकारिता अभिवृद्दि गर्न सङ्घीय कर प्रशासनसँग समन्वय गर्नुपर्दछ। साथै करदाता/ नागरिक सचेतना वृद्धि कार्यक्रम मार्फत कर सहभागिता

अभिवृद्धि गर्ने र नागरिकले तिरेको कर सदुपयोगको अनुभुति गर्ने गरी पारदर्शी र जवाफदेही कर प्रशासनको निर्माणमा सबै स्थानीय तहले जोड दिनुपर्दछ।

२४.२. **कर निर्धारण र कर न्याय** - सहभागीहरूलाई करको दरलाई उचित मान्ने प्रश्नमा ४१ प्रतिशतले उचित, २२.९५ प्रतिशतले अनुचित र ३६.०५ प्रतिशतले ठिकै वा केही भन्न नचाहेको उल्लेख गरेका छन्। त्यस्तै कर निर्धारण गर्दा नागरिकको सुझाव लिइने पश्न सम्बन्धमा ३९.३५ प्रतिशतले सुझाव लिइने गरेका, ३०.६० प्रतिशतले सुझाव लिइने नगरेका, ३०.६० प्रतिशतले आंशिक सुझाव लिइने गरेका उल्लेख गरेकाले कर निर्धारणमा नागरिक सहभागिता कमजोर रहेको देखिन्छ। करका दरहरू वार्षिक रूपमा हेरफेर हुने गरेका विषयमा ४२.६२ प्रतिशतले पूर्ण सहमत, १९.१३ प्रतिशतले पूर्ण असमत र ३८.२५ प्रतिशत आंशिक सहमत उल्लेख गरेका छन्। कर तोक्दा नागरिकको तिर्न सक्ने क्षमतालाई ध्यान दिइएको विषयमा ३८.८० प्रतिशतले सकारात्मक प्रतिक्रिया, २७.३२ प्रतिशतले क्षमताको कदर नभएको र ३३.८८ प्रतिशतले यसबारे जानकारी नै नभएको उल्लेख गरेका छन्। कर प्रणालीलाई न्यायोचित र विश्वासिलो बनाउन कर निर्धारण प्रक्रियामा नागरिकको राय सुझावलाई समेट्दै करदाताको तिर्न सक्ने क्षमताका आधारमा समान र पारदर्शी कर नीति अवलम्बन गर्नुपर्ने देखिन्छ।

२४.३. **कर भुक्तानी प्रक्रिया** - सहभागीहरूलाई कर भुक्तानी प्रक्रियाको सहजता र प्रभावकारितासम्बन्धी प्रश्नमा स्थानीय तहमा कर सङ्कलनको अवस्था अझै पनि परम्परागत पद्धतिमा बढी निर्भर रहेको देखिन्छ। कर तिर्ने माध्यम सम्बन्धमा ५०.२७ प्रतिशतले नगदमार्फत कर तिर्ने गरेका, १५.३० प्रतिशतले बैंङ्क मार्फत, १६.४० प्रतिशतले अनलाइन मार्फत र १८.०३ प्रतिशतले मोबाइल वालेट मार्फत कर भुक्तानी गर्ने गरेकोञ उल्लेख गरेका छन्। स्थानीय तहमा कर तिर्ने प्रक्रिया सम्बन्धमा ३९.३४ प्रतिशतले छिटो र सहज, ३१.१५ प्रतिशतले आंशिक झन्झटिलो र २९.५१ प्रतिशतले पूर्ण झन्झटिलो उल्लेख गरेका छन्। साथै, कर तिर्ने समय सम्बन्धमा ३२.७९ प्रतिशतले एक घण्टा भन्दा कम समय लागेको, ३४.४३ प्रतिशतले १ देखि ३ घण्टा समय लागेको र ३२.७८ प्रतिशतले ३ घण्टाभन्दा बढी समय लागेको जनाएका छन्। यसबाट सेवाग्राहीको समय र लागतमा प्रतिकूल असर पार्नुका साथै डिजिटल भुक्तानी र प्रविधिमैत्री सेवाको पहुँच अझै पनि न्यून रहेको अवस्था छ। कर भुक्तानीलाई प्रविधिमैत्री बनाउन डिजिटल र अनलाइन प्रणाली लागू गरी कार्यालय धाउनुपर्ने र नगद बोक्नुपर्ने वाध्यतालाई पूर्ण रूपमा हटाउनुपर्छ। झन्झटिलो प्रक्रियामा सुधार गरी तत्काल रसिद प्राप्त हुने सुनिश्चितता मार्फत सेवा प्रवाहमा कार्यदक्षता र पारदर्शिता अभिवृद्धि गर्नुपर्दछ।

२४.४. **सेवा गुणस्तर र कर्मचारी व्यवहार** - सहभागीहरूलाई राजस्व शाखाको कर्मचारीको व्यवहारसम्बन्धी प्रश्नमा ३०.०५ प्रतिशतले राम्रो, ३५.५२ प्रतिशतले सामान्य र ३४.४३ प्रतिशतले कमजोर मानेको उल्लेख गरेका छन्। साथै सेवाग्राहीको समस्या सम्बोधनसम्बन्धमा ३५.५२ प्रतिशतले तत्काल हुन्छ, ६४.४८ प्रतिशतले तत्काल नभई ढिलासुस्ती वा बेवास्ता हुने गरेका गुनासो गरेका छन्। राजस्व शाखाको कर्मचारीको व्यवहारलाई मर्यादित र सेवाग्राहीमैत्री बनाउन नियमित रूपमा आचरण सुधार-सम्बन्धी तालिम र कार्यसम्पादनको अनुगमन गर्नुपर्दछ। सेवा प्रवाहमा हुने ढिलासुस्तीलाई पूर्ण रूपमा अन्त्य गर्न प्रभावकारी गुनासो सुनुवाइ संयन्त्रको विकास गरी सेवाग्राहीका समस्या र सूचनाको तत्काल सम्बोधन गर्ने पद्धति विकास गर्नुपर्दछ।

परिच्छेद-४

निष्कर्ष र सुझाउ

नेपालको संविधानले राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने गरी कार्यजिम्मेवारी बाँडफाँट गरेको वित्तीय संङ्घीयताको सिद्धान्त अनुरूप स्थानीय तहलाईसमेत कर तथा गैर-कर राजस्व सङ्कलनको संवैधानिक अधिकार प्रदान गरिएको भएतापनि अधिकांश स्थानीय तहले आफ्नै स्रोत परिचालन गरी आत्मनिर्भर हुन सकेको देखिएन। अधिकांश स्थानीय तहले आर्थिक ऐनमा स्थानीय कर, दस्तुर तथा शुल्कसम्बन्धी व्यवस्था गरी कार्यान्वयन गर्ने गरेका छन। राजस्वको अभिलेख सम्बन्धी म.ले.प.फारामहरूको व्यवस्थाको साथै स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रणालीबाट स्थानीय राजस्व सङ्कलन गर्ने सक्ने व्यवस्था भएकोमा अधिकांश स्थानीय तहले सो को पूर्ण कार्यान्वयन गरेका पाइएन। अधिकांश स्थानीय तहको आन्तरिक आयले चालु खर्च धान्न नसकेको, आय अनुमान अनुरूप यथार्थ सङ्कलन हुन नसकेको, राजस्वका करका दर निर्धारणको आधारमा वैज्ञानिक विधि प्रयोग नगरी फरक फरक प्रयोग हुँदा एकै प्रकृतिको भौगोलिक क्षेत्र र अवस्थामा रहेका स्थानीय तहको राजस्व सङ्कलनमा विविधता रहेको, राजस्व सङ्कलनमा नगद कारोबार पनि हुने गरेको, राजस्व छुटसम्बन्धी व्यवस्था कानुनद्वारा व्यवस्थित नगरिएको, आर्थिक कारोबार गर्दा भुक्तानीमा करकट्टी गर्ने व्यवस्था पूर्ण रूपमा कार्यान्वयनमा नआएको, प्रत्येक वर्ष बक्यौता राजस्व असुली पूर्ण रूपमा हुन नसकेको, अधिकांश स्थानीय तहमा राजस्व प्रशासनको लागि जनशक्ति व्यवस्थापन स्थिर तथा अनुमानयोग्य नरहेको र राजस्वको सम्भाव्यता अध्ययन सहित दायरा विस्तार गर्ने कार्य गर्न नसकेको देखिन्छ। यसबाट स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली दक्षतापूर्ण र प्रभावकारी हुन नसक्दा अपेक्षित राजस्व अभिवृद्धि हुन सकेको छैन।

कार्यसम्पादन लेखापरीक्षणबाट देखिएका परिच्छेद-३ मा उल्लिखित बेहोराको सुधारका लागि देहायबमोजिमको सुझाव प्रस्तुत गरिएको छः

१. आय अनुमानलाई यथार्थपरक बनाइ स्थानीय क्षेत्राधिकार भित्र रहेका प्राकृतिक स्रोतहरूको परिचालनलाई प्रभावकारी बनाई आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
२. प्रदेश सरकारसँगको समन्वयमा एकीकृत सूचना प्रणाली विकास गर्ने र संविधान प्रदत्त अधिकारहरूको पूर्ण कार्यान्वयन गर्ने राजस्व सुधार कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।
३. स्थानीय तहमा राजस्व परिचालन क्षमताका आधारमा दरबन्दी कायम तथा पदपूर्ति गरी सो को प्रभावकारी परिचालन गर्नुपर्दछ।
४. नागरिकको कर सहभागितामा अभिवृद्धि सहित सक्षम सङ्कलन प्रणाली विकास गरी राजस्व परिचालनलाई प्रभावकारी बनाउनुपर्दछ।
५. सबै स्थानीय तहको वडाहरू समेतमा एकल विद्युतीय प्रणालीको रूपमा सुत्र प्रणाली र तोकिएका अभिलेख फारामहरूको पूर्ण प्रयोग गर्नुपर्दछ।
६. सबै वडातहसम्म इन्टरनेट जस्ता आवश्यक पूर्वाधारहरूको व्यवस्था गरी राजस्व सङ्कलन नगदमा गर्ने परिपाटिको पूर्ण अन्त्य गर्नुपर्दछ।
७. उठ्न बाँकी आय र बक्यौता रकम समयमै असुल गर्ने कानुनी व्यवस्थाको कडाइकासाथ कार्यान्वयन गर्नुपर्दछ।
८. बाँडफाँट गर्नुपर्ने राजस्वलाई समयमै बाँडफाँट गर्ने र राजस्व नियन्त्रण तथा अनुगमन प्रणाली सुदृढ बनाई सक्षम र पारदर्शि राजस्व व्यवस्थापन प्रणाली बनाउनुपर्दछ।
९. प्राकृतिक स्रोत साधन परिचालन जस्ता राजस्वका नयाँ सम्भाव्य क्षेत्रहरू खोजी गरी आन्तरिक राजस्व अभिवृद्धि गर्नुपर्दछ।

काठमाडौं उपत्यका भित्रको सम्पदाको अभिलेख र व्यवस्थापन

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि** – काठमाडौं उपत्यकामा प्राचीन कला एवं वास्तुकला विशेष गरी पत्थरको स्तम्भ तथा शिलालेख, चाँगुनारायण, पशुपति जस्ता शिखर तथा प्यागोडा शैलीको देवालयहरू लिच्छवीकालमा निर्माण भएको पाइन्छ। त्यस्तै काठमाडौं उपत्यकाका मल्ल राजाहरूले प्रतिस्पर्धात्मक रूपमा मन्दिर, दरबार, पोखरी, धारा, विहार, पौवा जस्ता वास्तु तथा मूर्तिकला स्थापना गरेको इतिहास रहेको छ। सो पश्चात हालसम्म सम्पदाहरूको निरन्तर संरक्षण एवं उपयोग भई रहेको छ।

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले मानव निर्मित प्राचीन स्मारक र पुरातात्त्विक वस्तुहरूलाई सांस्कृतिक सम्पदाको रूपमा लिएको छ। काठमाडौं उपत्यका भित्र लिच्छवीकालीन चाँगुनारायण मन्दिर देखि सातौं शताब्दीमा निर्माण भएको बौद्धनाथ स्तुपा, पच्चीस सय वर्षभन्दा पुरानो मानिने स्वयम्भूनाथ स्तुपा, तेह्रौं शताब्दीको मल्लकालीन कलाको जीवन्त सङ्ग्रहालय भक्तपुर दरबार स्क्वायर, सोह्रौं शताब्दीमा निर्माण भएको मल्लकालीन कृष्ण मन्दिर रहेको पाटन दरबार स्क्वायर लगायत विश्व सम्पदा सूचीमा रहेको ७ समेत ३ हजार १७८ सम्पदा रहेका छन्। सांस्कृतिक सम्पदाहरू पर्यटकीय गन्तव्यस्थल बन्दै गएको सन्दर्भमा नेपालको पर्यटन नीति, २०८२ ले सम्पदा संरक्षणलाई पर्यटन विकासका लागि ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाको खोज अन्वेषण, संरक्षण, संवर्धन र विकासमा जोड दिनु पर्ने, धार्मिक पर्यटकीय गन्तव्यहरूलाई पर्यटकीय परिपथको रूपमा विकास गरी पर्यटन प्रवर्धन गर्ने कार्यनीति लिएको छ। साथै सम्पदा संरक्षणमा जनचासोसमेत बढ्दै गएको छ।

मुख्य कार्यसम्पादन सूचक (KPI)

- पुरातात्त्विक सम्पदा सम्बन्धी नीति, ऐन, नियम, मापदण्ड तथा निर्देशिका निर्माण तथा कार्यान्वयन
- सम्पदा संरक्षण तथा व्यवस्थापनका लागि वार्षिक नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयन
- पुरातात्त्विक महत्त्वका सम्पदाहरूको अन्वेषण, अध्ययन, संरक्षण, अभिलेखाङ्कन
- पुरातात्त्विक सम्पदा संरक्षण र व्यवस्थापन

२. **निकायको परिचय** – नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलको नीति तथा कार्यक्रम अनुसार प्राचीन स्मारकहरूको संरक्षण, पुरातात्त्विक वस्तुहरूको व्यापार र ऐतिहासिक वा कलात्मक वस्तुहरूको उपलब्धि संरक्षण लगायत ऐतिहासिक सम्पदाहरू सम्बन्धी कार्य गर्न वि.सं. २००९ मा पुरातत्त्व विभागको स्थापना भएको छ। सम्पदा संरक्षण सम्बन्धी नीति, ऐन, नियम कार्यान्वयनका लागि विभागमा सम्पदा संरक्षण, क्यूरियो जाँचपास, रसायन, इन्जिनियरिङ्ग र प्रशासन तथा योजना शाखा गरी ५ शाखाका लागि महानिर्देशक सहित विभिन्न पदमा ६४ कर्मचारी कार्यरत रहेका छन्। सम्पदा अभिलेख र व्यवस्थापनमा स्थानीय निकाय तथा सम्बन्धित क्षेत्र विकास समिति, कोष लगायतले समेत कार्य गर्दै आएको छ।

३. **नीतिगत व्यवस्था** – सम्पदा सम्बन्धमा सरकारले तर्जुमा गरेको नीति, आवधिक योजना र बजेट वक्तव्यमा भएको व्यवस्थाहरू निम्नानुसार रहेका छन् :

३.१. सम्पदाको अभिलेख र व्यवस्थापनका सम्बन्धमा राष्ट्रिय संस्कृति नीति, २०६७ मा भएका प्रमुख व्यवस्थाहरू निम्न छन् :

- देशका विभिन्न भागमा बसोबास गर्ने विभिन्न जाति र समुदायका बारेमा वैज्ञानिक अध्ययन र अनुसन्धान गरी उनीहरूको इतिहास र संस्कृति प्रकाशमा ल्याउने,

- भौतिक एवं अभौतिक नेपाली सांस्कृतिक सम्पदाहरूको सर्वेक्षण, अध्ययन एवं अनुसन्धान गरी सोको वैज्ञानिक तथा प्रामाणिक सूची र विवरण प्रकाशमा ल्याउने,
- भौतिक अभौतिक सांस्कृतिक सम्पदाहरूको स्वामित्वको पहिचान र अभिलेखीकरण गर्ने,
- सांस्कृतिक सम्पदाहरूको संरक्षण र व्यवस्थापनका लागि उपयुक्त उपाय र प्रविधिहरूको पहिचान गर्ने, स्रोत, साधन र जनसहभागिता जुटाउने र तिनीहरूको उचित संरक्षण गरी भावी पुस्तालाई हस्तान्तरण गर्ने,
- सांस्कृतिक सम्पदाहरूका माध्यमबाट देशको पर्यटन उद्योगमा टेवा पुऱ्याई समाजमा रोजगारी र आयआर्जनका अवसरहरू वृद्धि गर्ने,

३.२. सम्पदाको अभिलेख र व्यवस्थापनका सम्बन्धमा पर्यटन नीति, २०८२ को कार्यनीतिमा भएको प्रमुख व्यवस्थाहरू निम्न छन् :-

- मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाको खोज, अन्वेषण तथा संरक्षण गरिने,
- ऐतिहासिक,धार्मिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण, सम्वर्धन र विकास गरिने,
- धार्मिक पर्यटकीय गन्तव्यहरूलाई पर्यटकीय परिपथको रूपमा विकास गरी पर्यटन प्रवर्धन गरिने,
- प्राकृतिक, धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक पर्यटकीय स्थलहरूमा नेपाली पर्यटकहरूलाई भ्रमण गर्न प्रोत्साहित गरिने,
- जलवायु परिवर्तनबाट पर्यटकीय सम्पदामा पर्न सक्ने जोखिम र प्रभाव न्यूनीकरणका बारेमा व्यापक प्रचार प्रसार गरिने,

३.३. सम्पदाहरूको संरक्षण र व्यवस्थापन सम्बन्धमा पन्ध्रौं आवधिक योजनामा निम्न विषय समेटिएको देखिन्छ।

रणनीति	कार्यनीति
काठमाडौं उपत्यकालाई आकर्षक, समृद्ध र वातावरणमैत्री अत्याधुनिक सुविधायुक्त सांस्कृतिक राजधानी शहरको रूपमा विकास गर्ने।	•काठमाडौं उपत्यकाको ऐतिहासिक, प्राकृतिक एवम् सांस्कृतिक सम्पदाको जगेर्ना गर्दै सङ्घीय राजधानी शहरको रूपमा संरक्षण र विकास गरिनेछ। •नेपालको प्राचीन सभ्यतासँग जोडिएका शान्ति तथा आध्यात्मिकता, ज्ञान तथा दर्शन, किल्ला, धार्मिक तथा पुरातात्त्विक महत्त्वका सम्पदाको पहिचान र विकास गरिनेछ।
भूकम्पबाट क्षतिग्रस्त निजी आवास र सार्वजनिक भौतिक संरचनाहरूको भूकम्प प्रतिरोधी हुनेगरी पुनर्निर्माण र सुधार गर्ने।	•धार्मिक तथा सांस्कृतिक सम्पदा एवम् परम्परागत शैलीका निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा यथाशक्य स्थानीय सीप, सामग्री र प्रविधिको उपयोग गरिनेछ। •विश्वसम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदाको एकीकृत गुरूयोजनाका आधारमा पुनर्निर्माण सम्पन्न गरिनेछ।
धार्मिक, सांस्कृतिक एवम् पुरातात्त्विक सम्पदाहरूको संरक्षण र क्षतिग्रस्त संरचनाको पुनर्निर्माण गर्नुका साथै प्रवर्धन गरी पर्यटकीय उपजको रूपमा विकास गर्न सरकार, निजी क्षेत्र र समुदायबीच सहकार्य गर्ने।	•विश्वसम्पदा सूचीमा परेका क्षेत्रको उचित संरक्षण र संवर्द्धन गर्नुका साथै अन्य सम्भावित स्थललाई समेत विश्वसम्पदा सूचीमा समावेश गराउन पहल गरिनेछ।
ऐतिहासिक, धार्मिक एवम् पुरातात्त्विक सम्पदाहरूको अन्वेषण, उत्खनन्, संरक्षण, जगेर्ना र प्रवर्धनमा तहगत सरकारबीच समन्वय र सहकार्य गर्ने।	•मूर्त तथा अमूर्त संस्कृतिको संरक्षणका लागि गहन अध्ययन, अनुसन्धान तथा अन्वेषण कार्य सञ्चालन गरिनेछ। •विभिन्न धार्मिक सम्पदा एवम् तीर्थस्थललाई आत्मनिर्भर बनाउन ती क्षेत्रमा उठ्ने भेटीघाटी लगायत स्रोतहरूको उचित व्यवस्थापन गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ। •काठमाडौं उपत्यका लगायतका सांस्कृतिक एवम् ऐतिहासिक महत्त्वका पर्यटकीय स्थानको प्रवर्धन गरी जीवित खुला सङ्ग्रहालयको रूपमा विकास गरिनेछ।

३.४. सोह्रौं आवधिक योजना, (२०८१/८२– २०८५/८६) ले संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्र अन्तर्गत उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिको प्रमुख कार्यक्रम तर्फको २२औं बुँदामा निम्न कार्यक्रम हुने उल्लेख छ ;–

- धार्मिक, सांस्कृतिक सम्पदाहरू संरक्षण तथा संवर्धन गर्ने।
- पर्यटकीय सम्पदामा स्थानीय समुदायको सक्रियता र सहभागिता गराउने।
- सम्पदाबाट प्राप्त आयको सुव्यवस्था, बाँडफाँट तथा वितरण

३.५. सम्पदाहरूको संरक्षण र व्यवस्थापन सम्बन्धमा विगत ३ वर्षको वार्षिक बजेट वक्तव्यमा निम्न बेहोरा उल्लेख रहेको छ ;–

आर्थिक वर्ष	बुँदा नं. सम्पदा सम्बन्धमा बजेटमा उल्लेख भएका प्रमुख बेहोराहरू
२०७९/८०	८९. ऐतिहासिक तथा पुरातात्त्विक स्थलहरूको उत्खनन् कार्यलाई निरन्तरता दिइने।
२०८०/८१	१७९. सांस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्धन गरी पर्यटकीय क्षेत्रको रूपमा विकास गरिने। १८०. नेपालको प्राकृतिक धार्मिक ऐतिहासिक तथा सांस्कृतिक सम्पदा लगायत पर्यटकीय स्थल र सेवाको अन्तर्राष्ट्रिय स्तरमा सघन प्रचारप्रसार गरिने। १८३. पशुपति क्षेत्रको बृहत् गुरूयोजना कार्यान्वयनमा ल्याइने तथा लुम्बिनी गुरूयोजनाको बाँकी कार्यलाई निरन्तरता दिइने। १८५. ऐतिहासिक पुरातात्त्विक स्थलहरूको अन्वेषण उत्खनन् र संरक्षण कार्यलाई निरन्तरता दिइने। १८६. भूकम्पबाट क्षति भएका भक्तपुर दरबार क्षेत्र, हनुमान ढोका, नुवाकोटको दरबार लगायत २५ सांस्कृतिक सम्पदाको पुनर्निर्माण सम्पन्न गरिने। १८८. सिन्धुलीगढी लगायत नेपालको एकीकरणसँग सम्बद्ध ऐतिहासिक र पुरातात्त्विक महत्त्वका सम्पदा, गढी र स्थलहरूको संरक्षण सम्वर्धन र प्रवर्धन गरिने।
२०८१/८२	६७. निजी क्षेत्रसँगको सहकार्यमा नेपाल भारत सीमानाकाबाट पशुपतिनाथ, स्वर्गद्वारी र मुक्तिनाथ दर्शन यातायात सेवा सञ्चालन गरी तीर्थयात्रीलाई सहज रूपमा प्रमुख धार्मिक स्थल दर्शन गर्ने व्यवस्था मिलाइने, ७१. नेपालमा वैवाहिक समारोह आयोजना गर्न आउने पर्यटकलाई सहजीकरण गरी सांस्कृतिक तथा पर्यटकीय गन्तव्यलाई विवाह गन्तव्यको रूपमा विकास गरिनेछ। राम जानकीको विवाह स्थल जनकपुरलाई वेडिङ्ग हबको र गौतम बुद्ध जन्मस्थल लुम्बिनीलाई बर्थिङ्ग हबको रूपमा प्रवर्धन गरिने। १०४. गैरआवासीय नेपालीका सन्ततिलाई नेपालको भूगोल कला र संस्कृतिसँग परिचित हुन पुख्यौंली थलो भ्रमण गर्न आह्वान गरिने। १२१. समुदायसँगको सहकार्यमा पुराना बस्ती भएका कीर्तिपुर, बन्दीपुर, बुङ्मती, थिमी, गोर्खा, जनकपुर र मटिहानी लगायतका स्थानको इतिहास, संस्कृति, भाषा र सभ्यतालाई संरक्षण संवर्धन गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने। १२२. भाषा, साहित्य, कला, संस्कृति, दर्शन, संगीत, नाट्यकला लगायतका अमूर्त सांस्कृतिक क्षेत्रको विकास र प्रवर्धन गरिने।

४. **कानुनी व्यवस्था** – सांस्कृतिक सम्पदाहरूको अन्वेषण, अध्ययन, संरक्षण र व्यवस्थापन सम्बन्धी कार्यलाई नियमित र प्रभावकारी बनाउन निम्न कानुनी व्यवस्था रहेको छ ;

४.१. **प्राचीन स्मारक संरक्षण ऐन, २०१३** : प्राचीन स्मारकहरूको संरक्षण, पुरातात्त्विक वस्तुहरूको व्यापार र प्राचीन स्मारकहरू भएका ठाउँको खनाई समेतमा नियन्त्रण राखी प्राचीन स्मारकहरू र पुरातत्त्व सम्बन्धी, ऐतिहासिक वा कलात्मक वस्तुहरूको उपलब्धि र संरक्षण गर्ने लगायतको व्यवस्था रहेको छ।

४.२. **प्राचीन स्मारक संरक्षण नियमावली,२०४६** : पुरातात्त्विक एवं प्राचीन स्मारकलाई स्वामित्व र महत्वको दृष्टिले आधार तयार गरी वर्गीकरण गर्ने, संरक्षित स्मारक क्षेत्रभित्र टेलिफोन वा विद्युत लाइन जडान गर्न, खानेपानी वा ढलको लागि जमीन खन्न, सडक बनाउन वा मर्मत गर्न, पर्व, मेला मनाउन, नाचगान गर्न वा सवारी साधन पार्किङ्ग गर्न, पोष्टर वा तस्वीर टाँस्न चाहने व्यक्ति वा संस्थाले पुरातत्त्व विभागको स्वीकृति लिनुपर्ने, पुरातात्त्विक उत्खनन् गर्न चाहने व्यक्ति वा संस्थाले पुरातत्त्व विभागको पूर्व स्वीकृति लिनुपर्ने, प्राचीन स्मारकको मर्मत तथा जीर्णोद्धार गर्दा स्मारकको मौलिकता, संवेदनशीलता, राष्ट्रिय कला र संस्कृतिको संरक्षण गरी अनुसन्धानमूलक ढङ्गबाट स्मारकको मर्मत तथा जीर्णोद्धार गर्नु गराउनु पर्ने लगायतका कार्य व्यवस्थित गर्ने व्यवस्था रहेको छ।

४.३. **स्थानीय सरकार सञ्चालन ऐन,२०७४** : गाउँपालिका तथा नगरपालिकालाई भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन, पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्धन र विकास, परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन, प्रचलित कानुन विरूद्धका कुरीति तथा कुसंस्कार विरूद्ध सामाजिक परिचालन सम्बन्धी कार्य लगायतको अधिकार दिएको छ।

४.४. **प्राचीन स्मारक संरक्षण सम्बन्धी कार्यविधि,२०६४** : प्राचीन स्मारक संरक्षणका आधारभूत सिद्धान्त, संरक्षण गर्दा अपनाउनुपर्ने कार्यविधि, पुरातत्त्व विभागको पूर्व स्वीकृतिमा गर्न सकिने जिर्णोद्धारका कार्य जस्ता विषय समेटिएको छ।

४.५. आर्थिक कारोबार गर्दा पालना गर्नुपर्ने विविध व्यवस्था तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ कार्यान्वयनमा रहेको छ।

४.६. सम्पदा पुनर्निर्माण, संरक्षण गर्दा हुने खरिद सम्बन्धी कार्यलाई व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ कार्यान्वयनमा रहेको छ।

५. **वित्तीय व्यवस्था** – विभागले नेपालभरका पुरातात्त्विक सम्पदाहरूको संरक्षण, पुनर्निर्माण, अनुगमन लगायतमा गतविगत देखि विभिन्न क्रियाकलापमा बजेट निकासा गरी नियमित खर्च गर्दै आएको छ। विभागबाट आर्थिक वर्ष २०७७।७८ देखि २०८१।८२ सम्म भएको कुल विनियोजन तथा खर्चको विवरण निम्न बमोजिम रहेको छ :–

(रु.हजारमा)

आर्थिक वर्ष	विनियोजित बजेट	खर्च	खर्च प्रतिशत
२०७७।७८	१७२७५८३	११३५०४२	६५.७
२०७८।७९	१३७३७९५	८५४६७७	६२.६
२०७९।८०	२६१६३००	१२०६६२९	४६.१२
२०८०।८१	१३०८७५०	८५९६६५	६५.७
२०८१।८२	८७१४३०	६२०२८८	७१.१८

६. **लेखापरीक्षणको औचित्य -** नेपालको संविधानको धारा ५१ ग (२) मा ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन् तथा प्रचार प्रसार गर्ने राज्यको नीति रहेको छ। सांस्कृतिक सम्पदा राष्ट्रका धरोहरमात्र नभई आर्थिक तथा सामाजिक दृष्टिले महत्वपूर्ण रहेको साथै यसको संरक्षणमा जनचासोमा अभिबृद्धि भएको अवस्थामा यसको संरक्षण, संवर्धन र उपयोगको अवस्था कार्यदक्षतापूर्ण भए नभएको बारे सोसँग सम्बन्धित नीतिगत, कानुनी एवं प्रक्रियागत विषयको मूल्याङ्कन तथा विश्लेषण गर्न यस विषयको कार्यमूलक लेखापरीक्षण गरिएको हो।

परिच्छेद - २
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

७. **लेखापरीक्षणको उद्देश्य -** प्राचीन स्मारक लगायतका सम्पदाहरूको अभिलेख व्यवस्थापन, सम्पदा संरक्षण, पुनर्निर्माण तथा व्यवस्थापनको अध्ययन विश्लेषणबाट सुधारका क्षेत्रहरू पहिचान गरी सुझावसहितको प्रतिवेदन जारी गर्ने लेखापरीक्षणको उद्देश्य रहेको छ। अन्य थप उद्धेश्य निम्न रहेका छन् :

- सम्पदाको अभिलेखाङ्कन व्यवस्थित र प्रभावकारी भएनभएको यकिन गर्ने,
- सम्पदा संरक्षणमा भएको खर्च नियमित एवं प्रभावकारी भएनभएको विश्लेषण गर्ने,
- सम्पदा संरक्षण तथा व्यवस्थापन कार्यको प्रभावकारिता विश्लेषण गर्ने

८. **लेखापरीक्षणको क्षेत्र -** सम्पदा अभिलेख र संरक्षणमा पुरातत्त्व विभागले सञ्चालन गरेको बिगत ३ बर्षको कार्यक्रम तथा सोसँग सम्बन्धित अभिलेख एवं तथ्याङ्क तथा सूचनाहरूको विश्लेषण गरिएको छ। सांस्कृतिक सम्पदाको क्षेत्र भित्र पर्ने प्राचीन परम्परा, कला, संस्कृति, मूर्त र अमूर्त सम्पदा मध्ये लेखापरीक्षणमा प्राचीन स्मारक तथा वास्तुकलासँग सम्बन्धित मूर्त सम्पदा सम्बन्धी सूचना, तथ्याङ्कको विश्लेषण गरिएको छ। विश्व सम्पदा सूचीमा सूचीकृत रहेका काठमाडौं उपत्यका भित्र रहेका श्री पशुपतिनाथ मन्दिर, चाँगुनारायण मन्दिर, बौद्धनाथ स्तुपा, स्वयम्भूनाथ स्तुपा, भक्तपुर दरबार स्क्वायर, पाटन दरबार स्क्वायर, हनुमान ढोका व्यवस्थापन गर्ने महानगरपालिका, समिति वा संस्थाहरू तथा आवश्यकता अनुसार अन्य सम्बन्धित निकायलाई समेत लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ।

९. **लेखापरीक्षण पद्धति -** लेखापरीक्षणको उद्देश्यहरू प्राप्त गर्नका लागि प्रक्रियामुलक एवम् नतिजामूलक पद्धतिको अवलम्बन गरी अभिलेख तथा सम्पदा संरक्षणसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्था, कार्य सञ्चालन प्रक्रिया, वार्षिक प्रगति प्रतिवेदन तथा योजना सम्बन्धित कार्यालयहरूबाट आवश्यक तथ्याङ्क, सूचना एवम् जानकारी सङ्कलन गरिनुका साथै अभिलेख तथा कागजातको परीक्षण र विश्लेषण गरिएको छ।

नेपाल सरकारी लेखापरीक्षण मान एवं कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८२ बमोजिमका लेखापरीक्षण पद्धति अवलम्बन गरिएको छ। लेखापरीक्षण कार्यमा विषयसँग सम्बन्धित समीक्षा प्रतिवेदन, लेखापरीक्षण मानदण्ड र लेखापरीक्षण योजना बमोजिमका सङ्कलित सूचना एवं प्रतिवेदनहरूको अध्ययन, छलफल, प्रश्नावली, प्राथमिक तथा दोश्रो स्रोतको तथ्याङ्क, प्रमाणहरूको विश्लेषणको आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादनको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल गरी नियन्त्रण वातावरणको परीक्षण, विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण विधि अवलम्बन गरिएको छ। नागरिक समाज समेतको सहभागितामा लेखापरीक्षणको उद्देश्य, प्रक्रिया लगायतका विषयमा प्रवेश बैठक र लेखापरीक्षण सम्पन्न भएपश्चात देखिएका बेहोराउपर व्यवस्थापनसँग छलफल गरी निष्कर्ष सहितको प्रतिवेदन तयार गरिएको छ।

१०. **लेखापरीक्षणको सीमा -** लेखापरीक्षणको क्रममा विभाग लगायत विभिन्न निकायबाट प्राप्त तथ्याङ्कहरूको आधारमा सम्पदा संरक्षण एवं व्यवस्थापनमा भए गरेका सरकारी क्रियाकलापको मितव्ययिता एवं कार्यदक्षता विश्लेषण गरिएको छ। पर्याप्त तथ्याङ्कहरूको उपलव्धता, उपलब्ध समय सीमा, संलग्न जनशक्ति, पर्याप्त सूचना प्राप्तिमा कठिनाई लगायत समस्याले लेखापरीक्षणको दायरालाई सीमित गरेको छ। लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, कारोबारको नियन्त्रण जोखिमको मात्रा तथा लागतको दृष्टिकोणबाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिएकोले लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनोट गरी परीक्षण सम्पन्न गरिएको छ।

परिच्छेद – ३
लेखापरीक्षणबाट देखिएका बेहोरा

सम्पदाको संरक्षण, संवर्धन र उपयोगको सामाजिक, सांस्कृतिक तथा आर्थिक दृष्टिले महत्वपूर्ण रहेपनि यसको अभिलेखाङ्कन, व्यवस्थापन र उपयोग कार्यदक्षतापूर्ण भए नभएको बारे सोसँग सम्बन्धित नीतिगत, कानुनी एवं प्रक्रियागत विषयको मूल्याङ्कन तथा विश्लेषण गरी कार्यमूलक लेखापरीक्षणबाट देखिएका बेहोराहरू देहायबमोजिम रहेको छ।

सकारात्मक पक्षहरू

- संविधानमा ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन् तथा प्रचारप्रसार गर्ने राज्यको नीति रहने तथा तहगत सरकारको एकल तथा साझा अधिकारको व्यवस्था,
- सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र व्यवस्थापनका लागि राष्ट्रिय संस्कृति नीति, २०६७, प्राचीन स्मारक संरक्षण ऐन, २०१३(संशोधन सहित) र नियममावली २०४६, अभिलेख संरक्षण ऐन २०४६, स्वीकृत भई कार्यान्वयनमा रहेको,
- ऐतिहासिक पहिचान तथा पुर्खाको नासो मूर्त तथा अमूर्त सम्पदाहरूको संरक्षण तथा संवर्धनमा जनचासो वृद्धि भएको,
- ऐतिहासिक सम्पदाहरू सम्बन्धी कार्य गर्न वि.सं. २००९ मा पुरातत्त्व विभागको स्थापना गरी संस्थागत व्यवस्था भई उत्खनन्, सूचीकरण, संरक्षण र पुनर्निर्माण हुदै आएको,
- अन्तराष्ट्रिय मान्यता प्राप्त UNESCO, ICOMOS, ICCROM लगायत संस्थासँग सहकार्यको अवसर,
- सम्पदा प्रतिको धार्मिक आस्था, सामाजिक स्वामित्व र जनसहभागिता बढेको,
- सम्पदा संरक्षणमा नागरिक समाज, सञ्चार जगत लगायतको चासो बढेको,

सुधार गर्नुपर्ने पक्षहरू

सम्पदा संरक्षण र व्यवस्थापनका लागि मुख्य कानुनी आधार प्राचीन स्मारक संरक्षण ऐन, २०१३ भएपनि धार्मिक एवं सांस्कृतिक सम्पदाहरूको संरक्षणमा गुठी संस्थान एवं सम्पदा व्यवस्थापनसँग सम्बन्धित विभिन्न संस्थाहरूको अझ सक्रिय भूमिका देखिएको छ। लेखापरीक्षणबाट यस सम्बन्धमा देखिएका सुधारका पक्षहरू निम्नअनुसार रहेका छन्।

११. **दिगो विकासका लक्ष्य** - संयुक्त राष्ट्र सङ्घबाट अनुमोदन भए अनुसार नेपालको दिगो विकासको लक्ष्य ११.४ मा सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको संरक्षण तथा सुरक्षाबाट सम्पदालाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने लक्ष्य अन्तर्गत भूकम्पबाट क्षति भएका सम्पदाहरूको पुनर्निर्माण कार्य सन् २०२० सम्ममा पूरा गरिसक्ने, सांस्कृतिक सम्पदाहरूका लागि विनियोजन गरिने बजेटलाई सन् २०१५ को १.१५ प्रतिशतबाट बढाएर सन् २०२५ सम्म १.७२ प्रतिशत र सन् २०३० सम्ममा २ प्रतिशत पुऱ्याउने लगायतका परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएको छ। उक्त लक्ष्य अनुसार सन् २०२५(आर्थिक वर्ष २०८१।८२) मा कुल बजेटको १.७२ प्रतिशतले हुने रु.३३ अर्ब ७८ करोड बजेट व्यवस्था हुनुपर्नेमा विभागले यस वर्ष रु.८७ करोड १४ लाख बजेट विनियोजन गरी ६२ करोड २ लाख मात्र खर्च गरेको छ। क्षति भएका गुम्वा लगायत अन्य निकायबाट पछि थप भएका २०० भन्दा बढी सम्पदा पुनर्निर्माणको काम अझ सुरु भएको छैन। सरकारले दिगो विकास लक्ष्य अनुसार बजेट कोड तयार नगरेकोले तहगत सरकारले सम्पदा

संरक्षणमा गरेको बजेट, खर्च र उपलब्धि सम्बन्धी एकीकृत तथ्याङ्क विश्लेषण गर्ने आधार छैन। हस्तान्तरण भएका १०५ गुम्वा पुनर्निर्माण कार्य चालु आर्थिक वर्षबाट सुरू भएको विभागले जनाएको छ। दिगो विकास लक्ष्य प्राप्तिका लागि तोकिएबमोजिम बजेट तथा क्रियाकलाप प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ।

१२. **रणनीतिक योजना -** मन्त्रीपरिषद्बाट २०७३।२।३१ मा स्वीकृत भएको पर्यटन क्षेत्रको विकासको लागि नेपालको राष्ट्रिय पर्यटन रणनीतिक योजना, (२०१६-२०२५)को ५ वर्षे कार्ययोजनाको बुँदा न.९ मा क्षेत्रीयस्तरमा सांस्कृतिक पर्यटन गन्तव्य विकास तथा प्रवर्द्धनका लागि ७ प्रदेशका पर्यटन विकास क्षेत्रमा मूर्त र अमूर्त सम्पदाको विस्तृत अध्ययन-सर्वेक्षण गर्ने उल्लेख छ। अध्ययन-सर्वेक्षणबाट पहिचान तथा वर्गीकरण भएका सम्पदा-स्थलहरूको विस्तृत विवरण तथा अभिलेख तयार गरी विभिन्न स्तरका बजारका लागि उपयुक्त रणनीति तय गर्ने र त्यसैअनुरुप प्याकेज तयारी तथा बजारीकरण गर्ने, विश्व सम्पदास्थल, पुरातात्त्विक स्थल र पर्यटकीय स्थलहरू सहित विभिन्न १५ स्थानहरूमा सौर्य बत्ती जडानका लागि विस्तृत संभाव्यता अध्ययन सम्पन्न गरी सौर्य बत्ती जडान गर्ने रणनीति रहेको छ। रणनीतिक योजना प्रथम चरणको लागि गरिएकोमा उक्त अवधि व्यतित भइसकेकोमा कार्ययोजनाका उपलब्धि समीक्षा गरेको देखिएन। साथै दोस्रो चरणमा गर्नुपर्ने क्रियाकलाप समेटी सोको लक्ष्य, रणनीतिक क्रियाकलाप निर्धारण नगरेको तथा कार्ययोजनासमेत तयार गरेको नदेखिंदा योजना कार्यान्वयन प्रभावकारी देखिएको छैन। सौर्य वत्ती जडान कार्यबाहेक रणनीतिक योजना कार्यान्वयन युनेस्को, वर्ल्ड हेरिटेज कम्युनिटी समेतको प्राविधिक समितिबाट अनुगमन प्रणाली बनाई मूल्याङ्कन भइरहेको विभागले जनाएको छ। मन्त्रालयबाट १० वर्षको लागि तयार गरिएको उक्त रणनीतिक योजनाको लक्षित उपलब्धि हासिल गर्नुपर्दछ।

१३. **अधिकार क्षेत्र** - संविधानको अनुसूची- ५(३४) मा सङ्घको अधिकार सूची अन्तर्गत पुरातात्त्विक महत्वका स्थान र प्राचीन स्मारक सङ्घको अधिकार सूचीमा रहेको छ भने अनुसूची- ९(१२) सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा पुरातत्त्व, प्राचीन स्मारक र सङ्ग्रहालय सम्वन्धी अधिकार क्षेत्रको व्यवस्था गरी "संस्कृति" सङ्घको एकल अधिकारमा र "पुरातत्त्व" साझा अधिकारमा सूचीकृत गरेको छ। कार्य विस्तृतीकरण प्रतिवेदन पुनरावलोकन नभएको, संविधानको अधिकार सूची अनुसार सम्पदाको संरक्षण र व्यवस्थापनमा तहगत सरकारको काम, कर्तव्य र जिम्मेवारी किटान नभएको, सम्पदाको संरक्षण र व्यवस्थापनमा सङ्घीय सरकारले प्रदेश र स्थानीय सरकारको लागि मापदण्ड नबनाएको लगायत कारणले सम्पदा संरक्षणको कार्यमा अस्पष्टता देखिएको छ। अधिकार क्षेत्र स्पष्ट नहुँदा सम्पदा संरक्षणको कार्यमा दोहोरोपना देखिएको, लागत र समय वढेको, समयमा निर्णय हुन नसकेको, अन्तरनिकाय समन्वय हुन नसकेको जस्ता कारण सम्पदा संरक्षण कार्यदक्षतापूर्ण देखिएको छैन। हाल अधिकार क्षेत्र स्पष्टता गरी प्राचीन स्मारक संरक्षण ऐन संशोधनको प्रक्रियामा रहेको विभागले जनाएको छ। संवैधानिक व्यवस्था अनुसारको स्पष्ट क्षेत्राधिकार मापदण्ड तर्जुमा गरी तहगत सरकारबीचको भूमिका, दायित्व, स्वीकृतिको प्रक्रिया, निरीक्षण, रिपोर्टिङ्ग लगायतको विषय सङ्घीयता अनुकूल बनाउनुपर्दछ।

१४. **कानुनी अस्पष्टता** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(घ) मा प्राचीन स्मारक स्थल तथा पुरातात्त्विक स्थलको संरक्षण पुरातत्त्व विभागले गर्ने तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) र (३) मा पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास लगायत परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन कार्य स्थानीय पालिकाको काम, कर्तव्य र अधिकार हुने व्यवस्था छ। पुरातात्त्विक सम्पदा क्षेत्रका मठ, मन्दिर, देवालय जस्ता मूर्त सम्पदा संरक्षण विभागले र जात्रा, पर्व, बाजागाजा जस्ता अमूर्त सम्पदा सम्बन्धी कार्यहरू स्थानीय गुठी, सम्बन्धित पालिका, सम्बन्धित क्षेत्र विकास समिति तथा सम्बन्धित कार्यालयले खर्च व्यवस्थापन गर्दै आएको छ। मठ, मन्दिर निर्माण र संरक्षण तथा पूजा, पर्व, जात्राका लागि स्थानीय पालिकाबाट रकम समेत विनियोजन

भई खर्च हुदै आएको छ। सङ्घीय मन्त्रालय र स्थानीय तहको कार्यक्षेत्र तथा कानुनी अस्पष्टता हुँदा संरक्षणमा दोहोरोपना, सञ्चालन तथा उपयोग बिवाद देखिनुका साथै संरक्षण कार्यालय, हेरचाह अड्डा, कोष, समिति जस्ता संस्था स्थापना भएको अवस्थाले सम्पदा संरक्षण सन्दर्भमा कानुनी स्पष्टता देखिएको छैन। पुरातात्त्विक स्थान एवं प्राचीन स्मारक सम्बन्धी नीति, कानुन र मापदण्डमा एकरुपता कायम गरी सम्पदा संरक्षण तथा व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

१५. **सम्पदा हस्तान्तरण** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(ज) मा नेपाल सरकारले संरक्षण र व्यवस्थापन गरेका प्राचीन स्मारक मध्ये प्रादेशिक महत्त्वका प्राचीन स्मारक सम्बन्धित प्रदेश सरकारलाई र स्थानीय महत्वका प्राचीन स्मारक सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्ने, हस्तान्तरण भएका प्राचीन स्मारकको संरक्षण तथा व्यवस्थापन विभागले तोकेको मापदण्ड बमोजिम सम्बन्धित प्रदेश र स्थानीय तहले गर्ने साथै प्राचीन स्मारकको संरक्षणको लागि प्रदेश सरकार वा स्थानीय तहले संरक्षित स्मारक क्षेत्र घोषणा गर्न सक्ने व्यवस्था छ। विभागले हालसम्म प्रादेशिक र स्थानीय महत्वका प्राचीन स्मारकको वर्गीकरण गरी हस्तान्तरण भएको अभिलेखिकरण गरेको छैन। हस्तान्तरण एवं संरक्षण र व्यवस्थापनको मापदण्ड तयार गरी स्वीकृत नगरेकोले प्रादेशिक र स्थानीय महत्वका सम्पदा प्रदेश तथा स्थानीय तहमार्फत् सञ्चालन तथा व्यवस्थापन हुन सकेको छैन। प्राचीन स्मारकको स्वमित्वकरण, अवस्थितीको पहिचान र वर्गीकरण गरी सम्पदा संरक्षण र व्यवस्थापनमा प्रदेश र स्थानीय सरकारको स्वामित्व र अपनत्व बढाउनु पर्दछ।

१६. **सम्पदाको स्वामित्व**- सम्पदा निर्माण र पुनर्निर्माणको कार्य पुरातत्त्व विभाग, प्रदेश सरकार र स्थानीय निकायले गर्ने गरेको छ। उक्त निकायहरूले निर्माण/पुनर्निर्माण गरेको सम्पदाहरूको जग्गा स्वामित्व गुठी संस्थान अन्तर्गत रहेको छ। गुठी संस्थानले दिएको विवरण अनुसार देशभरी ७१७ मठ मन्दिर लगायतका सम्पदाको जात्रा, पर्व र पूजापाठका लागि उपत्यका भित्रका १ हजार ११२ समेत ६८ जिल्लामा २ हजार ८२ राजगुठी अन्तर्गत पहाडी क्षेत्रमा ५ लाख ६१ हजार ९९० रोपनी र तराई क्षेत्रमा ६६ हजार ३३० विगाहा गुठी जग्गा रहेको छ। गुठी संस्थानले काठमाडौमा १ हजार २८२, भक्तपुरमा ३०९ र ललितपुरमा ४२२ गरी उपत्यकाभित्र मात्र २ हजार ३३ अमूर्त सम्पदा अन्तर्गत रहेको जात्रा, पर्व र पूजा पाठ सञ्चालन सोही गुठीको आम्दानीबाट गर्ने गरेको छ। जात्रा, पर्व र पूजा पाठलगायतका अमूर्त सम्पदाका लागि स्थानीय निकाय र सम्बन्धित हेरचाह अड्डा, विकास समिति तथा कोषले समेत खर्च गर्दै आएको देखिन्छ। गुठी संस्थानका अनुसार देशभरीका मठ मन्दिर लगायत सम्पदाको जग्गा स्वामित्व(पूर्जा) गुठी संस्थानको भएपनि पशुपति क्षेत्र, स्वयम्भु, वौद्धनाथ स्तुपा लगायतका सम्पदाको जग्गा सम्बन्धित समिति र सो स्थानमा सञ्चालित गुठीबीच स्वामित्व विवाद रहने गरेको छ। गुठी संस्थान ऐन, प्राचीन स्मारक संरक्षण ऐन तथा सम्बन्धित क्षेत्र विकास समितिको ऐन, नियमबीच सामान्जस्यता कायम गरी मूर्त तथा अमूर्त सम्पदाको स्वामित्व किटान गरी स्पष्ट बनाउनु पर्दछ।

१७. **जनशक्ति व्यवस्था** - निजामती सेवा नियमावली, २०५० को नियम १३ र १३(क) वमोजिम निजामती कर्मचारीको पदपुर्ती हुनुपर्ने व्यवस्था छ। सम्पदा सम्बन्धी कार्यका लागि पुरातत्त्व विभागमा पछिल्लो पटक २०७५।२।६ मा सङ्गठन संरचना स्वीकृत गरी महानिर्देशक समेत पुरातत्त्व समूहका १६, सिभिल, आर्किटेक्ट लगायत इन्जिनियरिङ्ग समूहका १३, रसायन सम्बन्धी ७ र कला सम्बन्धी २ लगायत प्राविधिक कर्मचारी समेत ६४ जनाको दरबन्दी स्वीकृत भएकोमा देशभरका सम्पदाको अन्वेषण, उत्खनन, संरक्षण तथा व्यवास्थापनका लागि पर्याप्त नभएकोले २०८०।८।२० मा विभाग अन्तर्गत ७२ र कोशी, मधेश प्रदेश, लुम्बिनी, गण्डकी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा प्रदेश कार्यालय खोल्ने गरी नयाँ दरवन्दी

स्वीकृतिको लागि मन्त्रालयमा पेस भएकोमा हाल सम्म स्वीकृत भएको छैन। कार्य प्रकृति अनुसार सङ्गठन संरचना स्वीकृत नहुँदा विभागमा स्थायी तथा करार गरी ६ इन्जिनियर, ३ सव-इन्जिनियर, रसायनविद् ३ र चित्रकला/कलाविद २ समेत जम्मा १४ कर्मचारीबाट देशभरिका पुरातात्त्विक सम्पदाहरूको अन्वेषण, उत्खनन्, संरक्षण तथा व्यवस्थापनका कार्य हुँदै आएको छ। कार्यबोझ र कार्य प्रकृतिका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

१८. **बजेट खर्च –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा तोकिएको लक्ष्यअनुसार कार्य सम्पन्न गरे/नगरेको प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। चालु खर्च बाहेक पुरातात्त्विक स्थल संरक्षणका लागि विगत ५ वर्षमा विभागले गरेको खर्च विवरण निम्न छः

सि.न	आर्थिक वर्ष	कुल बजेट व्यवस्था	खर्च रकम	खर्च प्रतिशत
१	२०८१।८२	२११२	१५०६	-७१.३
२	२०८०।८१	४०६१	२२२२	-५४.७२
३	२०७९।८०	५०००	२४९७	-४९.९५
४	२०७८।७९	४७९०	२५९४	-५४.१७
५	२०७७।७८	३७३८	२४७३	-६६.१८

स्रोत : पुरातत्व विभाग

पुरातात्विक स्थल संरक्षणको लागि विभागले आर्थिक वर्ष २०७७।७८ मा रु.३७ करोड ३८ लाख बजेट विनियोजन भएकोमा आर्थिक वर्ष २०८१।८२ सम्ममा घट्दै गई रु.२१ करोड १२ लाख विनियोजन हुँदापनि लक्ष्य अनुसार खर्च गर्न सकेको देखिएन। आर्थिक वर्ष २०८१।८२ को कार्यक्रम विवरण अनुसार रु.१० लाख सम्मका कार्यक्रमको संख्या २८७ र रु.२० लाख सम्मका कार्यक्रमको संख्या ३४, रु.३० लाख सम्मको ४, रु.५० लाख माथिको १ कार्यक्रम रहेको छ। डडेल्धुराको रु.४० हजारको काण वेताल मन्दिर समेत विभागबाटै योजना सञ्चालन भएको अवस्था छ। बिगत वर्षमा जस्तै आर्थिक वर्ष २०८१।८२ मा पुरातात्त्विक स्थल संरक्षण आयोजनामा ३२६ कार्यक्रम स्वीकृत भएकोमा ८५ क्रियाकलापको रु.४ करोड ६५ लाखका कार्यक्रम कार्यान्वयन भएका छैनन्। पूर्वतयारी सम्पन्न नभएका योजना छनोट तथा बजेट निर्माण प्रक्रियाको पूर्ण पालना नहुँदा सम्पदा निर्माण स्थल पत्ता नलागेको, कार्यक्रम दोहोरो परेको, स्थानीयको अवरोध, विगत वर्षमा निर्माण सम्पन्न भइसकेको, प्रदेश तथा स्थानीय सरकारबाट निर्माण सम्पन्न भइसकेको, सम्पदाहरू निजी स्वामित्वमा रहेको, मापदण्ड विपरित रहेको लगायत समस्याले तोकिएबमोजिम कार्यक्रम कार्यान्वयन हुन सकेका छैनन्। सम्पदाको महत्व र कार्य प्रकृति अनुसार साना कार्यक्रमसमेत विभागबाट गर्नुपर्ने परिस्थिति रहेको, योजना संख्या घटाई समन्वय र सहकार्यमार्फत् खर्च प्रणालीमा सुधार गरिने विभागले जनाएको छ। बजेट निर्माणमा देखिएको समस्या पहिचान गरी यथार्थपरक बजेट बनाई कार्य सम्पादन दक्षतामा सुधार गर्नुपर्दछ।

१९. **बजेट प्रस्ताव एवं विनियोजन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २१ मा कार्यालयले नियम १६ बमोजिम बजेट तर्जुमा गरी तालुक निकायमा पठाउनु पर्ने व्यवस्था छ। पुरातत्त्व विभागले ७७ वटै जिल्लाको प्राचीन स्मारक, पुरातात्त्विक स्थलहरू, ऐतिहासिक स्थलहरूको अध्ययन अनुसन्धान, सूचीकरण, वर्गीकरण, संरक्षण, व्यस्थापन र विश्व सम्पदा स्थल, सम्भावित विश्व सम्पदा स्थल र सङ्ग्रहालयको व्यवस्थापनको कार्य गर्न बजेट माग गर्ने गरेकोमा पर्याप्त बजेट विनियोजन हुने गरेको छैन। मन्त्रालयले सम्पदा संरक्षण र व्यवस्थापनका लागि प्रत्येक वर्ष बजेट सिलिङ तोकिदिने र सोही आधारमा विभागले बजेट प्रास्ताव गर्दा समेत मन्त्रालयले प्रत्येक वर्ष बजेट थप/घट तथा नयाँ योजना थप गरेर पठाउने गरेको छ। विभागले आर्थिक वर्ष २०८१।८२ मा पुरातात्त्विक स्थल आयोजनाको लागि रु.५० करोड भन्दा बढी बजेट माग गरेकोमा मन्त्रालयले रु.२१ करोडको मात्र विनियोजन गरेको

छ। उदाहरणका लागि भुकम्प पछिको पुनर्निर्माण शीर्षकमा परिवर्तन भएको बजेटको निम्न अवस्था देखिएको छ।

योजनाको नाम	प्रस्तावित बजेट	कायम बजेट
पशुपतिनाथ मन्दिर संरक्षणको लागि Seismic Vulnerability Assessment सहितको डिपिआर तयार	२५ लाख	२२ लाख ५० हजार
काठमाडौंका भूकम्प पछिका सम्पदाको मर्मत	१ करोड २० लाख	६० लाख
दोर्जे छोलिङ गुम्बा संरक्षण	५० लाख	४० लाख
टासी उर्गेलिङ गुम्बा संरक्षण	५० लाख	४० लाख
गोम्बु देक्षेन छ्योइलिङ्ग गुम्बा संरक्षण	४५ लाख	२५ लाख

मन्त्रालयले दिएको सीमाभित्र रहेर बजेट प्रस्ताव गरी पेस गरेकोमा विभिन्न १९ आयोजनाबाट बजेट घटाइ विभागले माग नगरेको श्री ७ मननारायण मन्दिर रुपन्देहीको पूर्वाधार विकासलाई रु.३ करोड, र मणिमुकुन्द सेन दरवार सङग्रहालय रुपन्देहीको भवन निर्माणलाई रु.३ करोड समेत रु.६ करोड बजेट विनियोजन गरेको छ। लागत अनुमान तथा पूर्वतयारी नभएको आयोजनामा माग बेगर बजेट विनियोजन भएको कारण लागत अनुमान तयार गरी माग गरेको आयोजनाको बजेट कटौती हुँदा सम्पदा निर्माण तथा संरक्षण योजना कार्यान्वयनमा समस्या देखिएको विभागले जनाएको छ। सम्पदाको इतिहास, पूर्व जीर्णोद्धार अवस्था, खरिद पूर्व तयारी सम्पन्न भएका योजना, योजना निरन्तरता जस्ता कानुनी तथा प्राविधिक पुष्टयाई समेतलाई आधार मानि बजेट प्रस्ताव र स्वीकृतिलाई यथार्थपरक र विश्वसनीय बनाउनु पर्दछ।

२०. **विनियोजनमा समन्वय -** प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(घ) मा प्राचीन स्मारक स्थल तथा पुरातात्त्विक स्थलको संरक्षण पुरातत्त्व विभागले गर्ने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा फ(२ र ३) अनुसार पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्धन, विकास र व्यवस्थापन गर्ने काम कर्तव्य र अधिकार पालिका अन्तर्गत रहेको छ। आर्थिक वर्ष २०८१।८२ मा काभ्रेको गणेश पाटी(रु.२४ लाख), गुल्मीको सत्यवती वडा नं.४ स्थित भयरथान संरक्षण कार्य(रु.४ लाख), गुल्मीकै रुपाकोट शिवालय मन्दिर(रु.४ लाख), अर्घाखाँचीको दुर्गा मन्दिर(रु.८ लाख) लगायत विभिन्न ८ सम्पदा निर्माणका लागि विभागले बजेट तथा कार्यक्रम स्वीकृत गरेकोमा उक्त सम्पदाहरू स्थानीय तहबाट निर्माण सम्पन्न भई विभागको बजेट खर्च भएको छैन। पुरातत्त्व विभाग र सम्बन्धित स्थानीय तहबीच दोहोरो कार्य क्षेत्राधिकार रहेको अवस्थामा कार्यक्रम तथा बजेट निर्माणमा समन्वय भएको छैन। साना योजनासमेत विभागबाट सञ्चालन गर्दा कार्यन्वयनमा दोहोरोपना हुने तथा दुर्गम स्थानसम्म गई काम गर्नुपर्दा लागत समेत बढेको छ। पुरातात्त्विक सम्पदाको वर्गीकरण गरी संङ्घ, प्रदेश र स्थानीय सरकारबीच अभिलेख, संरक्षण र व्यवस्थापनको विषयमा नीति, योजना, बजेट र कार्यक्रम तर्जुमा लगायतको कार्यमा समन्वय गर्दै सम्पदा संरक्षण र व्यवस्थापन गर्नुपर्दछ।

२१. **डिजिटल अभिलेख -** राष्ट्रिय संस्कृति नीति, २०६७ को बुँदा नं.७.३ मा भौतिक एवं अभौतिक दुवै किसिमका नेपाली सांस्कृतिक सम्पदाहरूको स्वामित्वको पहिचान र अभिलेखीकरण गर्ने उल्लेख छ। विभागवाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०६९।७० सम्म देशभर कुल ५ हजार १७८ सम्पदाको सूचीकरण भएकोमा काठमाडौंमा १ हजार २२७, ललितपुरमा १ हजार २१४ र भक्तपुरमा ७३७ गरी काठमाडौं उपत्यकामा ३ हजार १७८ सम्पदाको विवरण पुस्तकको रुपमा तयार गरी प्रकाशन गरेको भएतापनि उक्त विवरण डिजिटलाइज्ड गरी वेबसाइटमा राख्ने काम भएको छैन। पहिचान, महत्व, ऐतिहासिकताको आधारमा सम्पदाको संरक्षण र व्यवस्थापनको लागि सम्पदाको नाम, अभिलेख कोड, प्रकार, श्रेणी, वर्ग र स्थिति समेत देखिने गरी भौतिक तथा संरचनागत विवरण(Listed, Protected, Registered Architecture/

Engineering description) देखिने गरी डिजिटल अभिलेख अवधिक नगर्दा सम्पदाहरूको उचित व्यवस्थापन हुन सकेको छैन। हाल विभागबाट CHIMS Software तयार गरी १२ हजार भन्दा बढी सम्पदा विवरण प्रविष्टी भइसकेको जनाएको छ। स्थानीय देखि सङ्घीय निकायले समेत निर्माण मिति वा कालखण्ड, इतिहास, परम्परा वा सांस्कृतिक प्रयोगको अवस्था र जोखिमको अवस्था देखिने गरी क्यूआर कोड तथा वार कोड सहितको डिजिटल अभिलेख (MIS/Heritage Management System) तयार गरी जिपियसमार्फत अनुगमन गर्न सकिने व्यवस्था गर्नुपर्दछ।

२२. **नक्साङ्कन** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ बमोजिम प्राचीन स्मारक तथा धरोहरहरूको संरक्षण गर्न गठित विभिन्न सङ्घ, संस्था, कोष, समिति लगायतले पुरातात्त्विक महत्वका स्मारक तथा धरोहरहरूको संरक्षण र क्षति भएको अवस्थामा समेत प्राचीन स्वरुपमा परिवर्तन नहुने गरी पुनर्निर्माण गर्नका लागि आवश्यक व्यवस्था गर्नुपर्ने व्यवस्था छ। उक्त कार्यका लागि यस्ता सम्पदाहरूको सही नक्साङ्कन गरी राख्नु पर्नेमा सम्पदाहरूको उचित नक्साङ्कन गरी राखेको देखिएन। सुरु देखिनै सम्पदाको नक्साङ्कन नभएको कारण भक्तपुर दरबार क्षेत्रभित्र खौम स्थित जगन्नाथ मन्दिर, अरनिको सभा स्थित जगन्नाथ मन्दिर, भक्तपुरमा मल्लकालीन तथा महादेव मन्दिर, गोकर्णेश्वर स्थित भिमसेन थापाले निर्माण गरेको सेतो सत्तलहरू मल्लकालीन मौलिक संरचना यकिन हुन नसकेकै कारणबाट पुनर्निर्माणमा ढिलाई भएको अवस्था छ। प्राचीन तथा सांस्कृतिक महत्वका धरोहरहरूको संरक्षणको जिम्मा पाएका विभिन्न संघसंस्था, कोष, समितिले समेत सो सम्बन्धमा पर्याप्त ध्यान दिएको पाईएन। पुरातात्त्विक सम्पदाहरूको वास्तविक नक्साङ्कनको आवश्यक व्यवस्था गर्नुपर्दछ।

२३. **सम्पदा संरक्षण एकीकृत गुरुयोजना -** पुरातत्त्व विभागको मुख्य काम सम्पदा संरक्षण सम्बन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तथा कार्यक्रम तर्जुमा गरी नेपाल सरकारबाट स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने रहेको छ। सम्पदा संरक्षण व्यवस्थापन कार्य गर्न विभिन्न सरकारी निकाय, सङ्घ, संस्था, कोष, समितिहरू अलग रुपमा सक्रिय रहेकोमा सम्पदाहरूको विकास, संरक्षण, संवर्धन र व्यवस्थापनको लागि एकीकृत गुरुयोजना तयार गरेको समेत पाइएन। त्यस्ता निकायबीचमा समन्वय नभई हरेक निकायले अलग अलग क्रियाकलापहरू गर्ने गरेकोले सम्पदा संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापनले अपेक्षित नतिजा प्राप्त गर्न सकेको छैन। ऐतिहासिक, प्राचीन स्मारक तथा सम्पदाहरूको एकीकृत संरक्षण, संवर्धन तथा व्यवस्थापनका लागि एकीकृत गुरुयोजना/रणनैतिक योजना बनाई कार्यान्वयनमा ल्याउनुपर्दछ।

२४. **सम्पदा वर्गीकरण (Inventory) -** प्राचीन संमारक संरक्षण ऐन,२०१३ को दफा ३(क) मा स्वामित्वको दृष्टिले प्राचीन स्मारकलाई सार्वजनिक र निजी प्राचीन स्मारक तथा महत्वको दृष्टिले अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रादेशिक र स्थानीय महत्व गरी चार किसिमले वर्गीकरण गर्नुका साथै संरक्षण गर्ने दायित्व विभागको हुने व्यवस्था छ। विभागले देशभरीका कुन स्थानमा के सम्पदा कति र कुन अवस्थामा रहेका छन् भन्ने विस्तृत विवरण(Inventory) एकीकृत गरेको छैन। विभागले उपलव्ध गराएको विवरण अनुसार २०६९।७० सम्म काठमाडौं उपत्यकाका ३ हजार १७८ समेत ७४ जिल्लाको कुल ५ हजार १७८ सम्पदाको सूचीकरण गरेकोमा कर्णाली प्रदेशका तीन जिल्लाको सूची अद्यावधिक कार्य चालु वर्षवाट गरिएको जनाएतापनि अन्य जिल्लाको सम्पदाको सूची अद्याबधिक भएको छैन। सूचीकृत भएका उपत्यका बाहिरका ८०० सम्पदाको वर्गीकरण गरेतापनि उपत्यका भित्रका सम्पदाको वर्गीकरण हालसम्म गरेको छैन। सम्पदाको सर्भेक्षण, अध्ययन र अनुसन्धान गरी विस्तृत विवरण(Inventory) तयार गर्न स्रोत, साधन र समय अभावका कारण चरणबद्ध रुपमा कार्य गर्नु परेको विभागले जनाएको छ। आवश्यक स्रोत साधनको व्यवस्था गरी सम्पदाको पहिचान, पहिचान भएका सम्पदाको अभिलेखिकरण र वर्गीकरण गरी भौतिक

अवस्था र जोखिम समेतको आधारमा प्राथमिकीकरण गरी सम्पदाको संरक्षण, उपयोग र व्यवस्थापन गर्नुपर्दछ।

२५. **सम्पदा संरक्षण, मर्मत तथा पुनर्निर्माण -** प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(ख) मा सार्वजनिक प्राचीन स्मारकहरूको संरक्षण, मर्मत तथा जिर्णोद्धार पुरातत्त्व विभागले गर्ने उल्लेख छ। विभागले स्थापना देखि सार्वजनिक प्राचीन स्मारकहरूको संरक्षण, मर्मत तथा पुनर्निर्माण कार्य निरन्तर गर्दै आएको छ। विभाग मात्र नभई हाल प्रदेश सरकार तथा स्थानीय निकायबाट समेत यस्ता कार्य हुने गरेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्न छन्:

२५.१. उपत्यका भित्र विगत ५ वर्षमा सम्पदा संरक्षणमा देहायका निकायबाट भएको खर्चको विवरण देहायबमोजिम रहेको छ।

(रकम रु. लाखमा)

सि.न	खर्च गर्ने निकाय	लागत अनुमान	खर्च रकम	कैफियत
१	पुरातत्त्व विभाग	३३७१	३२८४	हनुमानढोका दरवार क्षेत्र,चांगुनारायण मन्दिर लगायत सत्तल संरक्षण
२	काठमाडौं महानगरपालिका	विवरण नआएको	विवरण नआएको	
३	भक्तपुर महानगरपालिका	१०३	८३	मर्मत र छाना मर्मत कार्य।
४	मध्यपुर थिमि नगरपालिका	१५७६	१२४१	दाची अपा,बुट्टा अपा,कशिमो अपा,बुट्टा काठको कार्य।
५	ललितपुर महानगरपालिका	१७३	१३३	पोखरी संरक्षण,तामाको छाना राख्ने कार्य।
६	वागमति प्रदेश पर्यटन विकास आयोजना इकाइ कार्यालय	१७४१	४३३	मन्दिर,पाटी तथा सत्तल निर्माण
	जम्मा	६९६४	५१७४	

तालिका अनुसार विभाग, प्रदेश कार्यालय र उल्लिखित पालिकाले विगत ५ वर्षमा मन्दिर निर्माण, पोखरी संरक्षण तथा मर्मत संभार लगायतको कार्यमा रु.६९ करोड ६४ लाखको लागत अनुमान तयार गरेकामा रु.५१ करोड ७४ लाख खर्च गरेका छन। उपत्यका भित्रका १४ स्थानीय तहसँग २०८२।०६।१२ मा इमेलमार्फत पत्र पठाई सम्पदा संरक्षणको खर्च विवरण माग गरेकोमा र पटक पटक फोन ताकेता तथा कार्यालयमा गई छलफल गर्दा समेत मौखिक रूपमा व्यवस्थित अभिलेख नभएको कारण जनाई काठमाडौं महानगरपालिका लगायत ९ स्थानीय तहबाट विवरण प्राप्त हुन सकेन।

२५.२. विगत ५ वर्षमा उपत्यकामा निम्न निकायबाट सम्पदा पुनर्निर्माणमा भएको खर्च विवरण निम्नअनुसार रहेको छ।

(रकम रु. लाखमा)

सि.न	खर्च गर्ने निकाय	लागत अनुमान	खर्च रकम	कैफियत
१	पुरातत्त्व विभाग	१३८२७	१००१७	मन्दिर,पोखरी,पर्खाल पुनर्निर्माणको कार्य
२	काठमाडौं महानगरपालिका	१६३९	९७७	मन्दिर,पोखरी,पर्खाल पुनर्निर्माणको कार्य
३	भक्तपुर महानगरपालिका	२३९३	१६४२	मन्दिर,पोखरी,पर्खाल पुनर्निर्माणको कार्य
४	मध्यपुर थिमि नगरपालिका	११२२	१००९	पाटी,सत्तल,महाविहार पुनर्निर्माण।
५	ललितपुर महानगरपालिका	२४१	१२८	पाटी,सत्तल,महाविहार पुनर्निर्माण।
	जम्मा	**१९२२२**	**१३७७३**	

उल्लिखित तालिका अनुसार विगत ५ वर्षमा काठमाडौं उपत्यका भित्रका सम्पदाको पुनर्निर्माण गर्न पुरातत्त्व विभाग, काठमाडौं र ललितपुर महानगरपालिका, भक्तपुर र मध्यपुर थिमी नगरपालिकाबाट प्राप्त

विवरण अनुसार रु.१ अर्ब ९२ करोड २२ लाखको लागत अनुमान तयार गरी रु.१ अर्ब ३७ करोड ७३ लाख अर्थात ७१.६५ प्रतिशत बजेट खर्च गरेका छन्। उपत्यका भित्रका १४ स्थानीय तहसँग सम्पदा पुनर्निर्माणको खर्च विवरण माग गरेकोमा माथि उल्लिखित बाहेक अन्य स्थानीय तहबाट विवरण प्राप्त भएन।

सरकारले दिगो विकास लक्ष्य उपलब्धी मूल्याङ्कनका लागि समेत बजेट कोड तयार गरी सम्पदा संरक्षण, मर्मत तथा पुनर्निर्माण अभिलेख राख्नु पर्नेमा सो नराखेकोले सम्पदा संरक्षणमा सरकारले गरेको खर्चको एकीकृत विवरण तयार हुन सकेका छैनन्। प्रदेश तथा स्थानीय तहले समेत सम्पदा संरक्षण, मर्मत तथा पुनर्निर्माण अभिलेख नराखेकोले तथ्याङ्क उपलब्ध गराउन सकेको छैन। सम्पदाको नक्साङ्कन गरी पूर्ण डाटाबेशका आधारमा रणनीतिक योजना बनाई दीर्घककालीन तथा अल्पकालीन योजना स्वीकृत गरी सो अनुसार बजेट तथा कार्यक्रम निर्धारणका आधारमा खर्च गरी एकीकृत अभिलेखाङ्कन हुनुपर्दछ।

२६. **भूकम्प पछिको पुनर्निर्माण** - पन्ध्रौं योजनामा भूकम्पबाट क्षति भएका विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदाको एकीकृत गुरूयोजनाका आधारमा पुनर्निर्माण सम्पन्न गरिने उल्लेख छ। विभागले पुनर्निर्माण गुरूयोजना बेगर निर्माण कार्य गर्दै आएको छ। विभागबाट प्राप्त विवरण अनुसार विश्व सम्पदा क्षेत्रमा सूचीकृत सम्पदामध्ये २०७२ बैशाख १२ मा गएको भूकम्पबाट प्रभावित ३१ जिल्ला मध्ये २९ जिल्लाका १७०, उपत्यकाका ३ जिल्लाका ४०६, बाहिरी जिल्लाका ३४४ समेत ९२० सम्पदा र २१५ गुम्वा गरी ११३५ सम्पदा क्षतिग्रस्त भएकोमा २०८१।८२ सम्म ८१५ सम्पदा पुनर्निर्माण भएको, १३० पुनर्निर्माणको चरणमा रहेको र १९० सम्पदाको पुनर्निर्माण हालसम्म सुरू भएको छैन। विभागले विगत ५ वर्षमा भूकम्प पछिको सम्पदा पुनर्निर्माणमा गरेको खर्च देहायबमोजिम रहेको छ।

(रकम रु.लाखमा)

सि.न	आर्थिक वर्ष	कार्यक्रम संख्या	विनियोजन	खर्च रकम	खर्च प्रतिशत	कार्यान्वयन नभएका कार्यक्रम
१	२०७७।७८	२७८	१७२७५	११३५०	६५.७	१४०
२	२०७८।७९	१३०	१३७३७	८५४६	६२.२	४६
३	२०७९।८०	८२	२६१६३	१२०६६	४६	६८
४	२०८०।८१	१२९	८०७९	५५४१	६८.५९	१२
५	२०८१।८२	२०२	५६३१	३८३१	६८.०४	१५
	जम्मा		**७०८८५**	**४१३३४**		**१८१**

तालिका अनुसार पछिल्लो ५ वर्षमा भूकम्प पश्चातको पुनर्निर्माणका लागि रु.७ अर्ब ८ करोड ८५ लाख बजेट विनियोजन भएकोमा रु.४ अर्व १३ करोड ३४ लाख खर्च गरेको छ। भूकम्प,२०७२ देखि हालसम्म जम्मा रु.६ अर्ब ९८ करोड ५८ लाख खर्च गरी ८१५ सम्पदा पुनर्निर्माण गरेको छ। विश्व सम्पदा सूचीमा सूचीकृत ४ सम्पदा सहित २०० सम्पदामा पुनर्निर्माण कार्य भएको छैन। विश्व सम्पदा सूचीमा सूचीकृत लगायत सम्पदा पुनर्निर्माणमा कार्य योजना बनाई आवश्यक स्रोत व्यवस्था गरी बाँकी पुनर्निर्माणको कार्य सम्पन्न गर्नुपर्दछ।

२७. **विश्व सम्पदामा सूचीकरण** - पन्ध्रौं योजनामा विश्वसम्पदा सूचीमा परेका क्षेत्रको उचित संरक्षण र संवर्द्धन गर्नुका साथै अन्य सम्भावित स्थललाई विश्व सम्पदा सूचीमा समावेश गराउन पहल गरिने उल्लेख छ। युनेस्कोको वेवसाइट अनुसार नेपालका निम्न १५ पुरातात्त्विक तथा प्राचीन सम्पदालाई विश्व सम्पदाको सम्भावित सूची (Tentative List) मा समावेश गरेको देखिन्छ।

सन् १९९६ मा सूचीकरणको लागि पेस भएका सम्पदाहरूको सूची	सन् २००८ मा सूचीकरणको लागि पेस भएका सम्पदाहरूको सूची
पनौतीको प्रारम्भिक मध्यकालीन वास्तुकला समुह	राम जानकी मन्दिर (जनकपुर)
तिलौराकोट शाक्य राज्यका प्राचीन सभ्यताका अवशेष	वज्रयोगिनी क्षेत्र तथा साँखुको प्रारम्भिक बस्ती

मुस्ताङको मुक्तिनाथ उपत्यका गुफा वास्तु (Cave Architecture)	किर्तिपुरको मध्यकालीन ऐतिहासिक बस्ती
गोरखाको मध्यकालीन दरबार क्षेत्र	रूरूक्षेत्रको ऋषिकेश मन्दिरसमूह
रामग्राम भगवान बुद्धको अवशेष स्तुपा	नुवाकोट दरबार क्षेत्र
खोकना मौलिक बस्ती तथा तोरी-तेल उद्योग सम्बन्धी सांस्कृतिक सम्पदा	लोमान्थाङको मध्यकालीन माटोको पर्खालले घेरिएको शहर
	तानसेन मध्यकालीन शहर
	सिंजा उपत्यका कर्णाली सभ्यताको केन्द्र
	दैलेखको भुर्ती मन्दिर समुह

सन् १९९६ देखि विश्व सम्पदाको सम्भावित सूचीमा समावेश गरी हालसम्म नेपालका ८ सांस्कृतिक सम्पदा विश्व सम्पादाको सूचीमा समावेश रहेकोमा फ्रान्सको पेरिसमा सन् २०२५ मा भएको युनेस्कोको ४७ औं सत्रमा तिलौराकोटलाई विश्व सम्पदा सूचीमा राख्ने पहल भएकोमा थप प्रमाण माग भएकोले हाल थप प्रमाणका लागि पुन उत्खनन् कार्य सुरू भएको विभागले जनाएको छ। विश्व सम्पदामा सूचीकृत गर्नको लागि आवश्यक विश्व सम्पदा प्रतिवेदन (डोसेयर) तयार गर्न विज्ञ जनशक्ति र उपयुक्त बजेट अभावका कारण विश्व सम्पदा सूचीकरण गर्न ढिलाई भएको अवस्था छ। सम्पदाको वैज्ञानिक प्रमाण सङ्कलन, कूटनीतिक पहल र आवश्यक स्रोतसाधन व्यवस्था गरी सम्भावित सूचीमा रहेका सम्पदालाई भावी पुस्ताका लागि सुरक्षित गर्न विश्व सम्पदा सूचीमा सूचीकृत गर्न निरन्तर पहल गर्नुपर्छ।

२८. **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(५) मा बहुवर्षीय खरिद कारबाही गर्दा बजेटको सुनिश्चितता गरेर मात्र खरिदको कारबाही सुरू गर्नु पर्ने, ७(१) मा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजनाको लागि खरिदको गुरूयोजना तयार गर्नु पर्ने व्यवस्था छ। विभागले सम्पदा पुनर्निर्माण तथा संरक्षणमा एकमुष्ट लागत अनुमान तयार नगरी एकै निर्माण कार्यको लागि प्रत्येक वर्ष विनियोजित बजेट अनुसार छुट्टा छुट्टै लागत अनुमान तथा ठेक्का बन्दोवस्त गरेको कारण एउटै सम्पदा पुनर्निर्माण गर्न विभिन्न निर्माण व्यवसायीबाट कार्य गर्दा न्यूनतम ५ देखि ७ वर्षमा सम्पन्न हुने गरेको साँखुमा भएको स्थलगत अनुगमनबाट देखिएको छ।

आर्थिक वर्ष/ योजना	धुल्ला सत्तल		तलेजु मन्दिर		घोछे पुन निर्माण	
	बजेट	क्रियाकलाप	बजेट	क्रियाकलाप	बजेट	क्रियाकलाप
२०७९।८०	रु.५० लाख	भुँइ तलाको काम	रु.४० लाख	भुँइ तलाको काम	रु.५ लाख	भत्काउने काम गर्ने
२०८०।८१	रु.८० लाख	पहिलो तला बनाउने	रु.९० लाख	पहिलो तला	रु.२५ लाख	पहिलो तला बनाउने
२०८१।८२	रु.४० लाख	दोस्रो तला बनाउने	रु.४० लाख	दोस्रो तला बनाउने	रु.३५ लाख	दोस्रो तला बनाउने
२०८२।८३	रु.१५ लाख	कार्य सम्पन्न गर्न बजेट नपुग	रु.१५ लाख	काठको काम कार्य सम्पन्न गर्न बजेट नपुग	रु.१ करोड ५० लाख अनुमान	बाँकी काम गर्न

गुरुयोजना तथा एकमुष्ट लागत अनुमान तयारी बेगर विनियोजित बजेट अनुसार निर्माण कार्य गर्दा एक वर्ष जगको कार्य, अर्को वर्ष निर्माण कार्यको थप काम गर्ने गरेको छ। हरेक वर्ष एउटै सम्पदा निर्माण कार्यका लागि लागत अनुमान तयारी, बोलपत्रको सूचना प्रकाशन, खरिद इकाई र बोलपत्र मूल्याङ्कन बैठक लगायत प्रशासनिक खर्च वर्षेनी हुने गरेको छ। बजेट अनुसारको ठेक्का सम्पन्न गरी पुनः अर्को वर्षका लागि त्रिपाल, प्लास्टिक लगायतले छोपेर राख्ने गर्दा त्रिपाल छोप्ने कार्य, बीमा, साइट तयार गर्ने तथा सफा गर्ने, गुणस्तर परीक्षण जस्ता प्रोभिजनल समका रकम पटकै पिच्छे पुन: भुक्तानी हुँदा अनावश्यक लागत बढ्ने साथै वर्षेनी ठेक्का वन्दोवस्त गर्दा प्रतिस्पर्धा सीमित हुने, कुनै वर्ष बजेट विनियोजन नभएको अवस्थामा निर्माण कार्य अलपत्र पर्ने, लामो समयसम्म छाना लगाउने काम नहुँदा घामपानीले काठको गुणस्तरमा असर पर्ने, पुराना काठको

उचित संरक्षण नगरेको र समयमै निर्माण नसकिँदा जात्रा मेला सञ्चालन गर्न समस्या भएको स्थानीयको गुनासो रहेकोले निर्माण कार्य प्रभावकारी एवं दक्षतापूर्ण भएको छैन। आयोजनाको प्राथमिकीकरणका आधारमा एकमुष्ट लागत अनुमान तयार गरी उपयुक्त बजेट व्यवस्थामार्फत पुनर्निर्माण कार्य सम्पन्न गर्नुपर्दछ। विभागले यस वर्षबाट निर्माणाधीन कार्य सम्पन्न गरेर मात्र नयाँ योजना थप गर्ने गरी बजेट तथा कार्यक्रम स्वीकृत गर्न प्रयास भइरहेको जनाएको छ।



साँखुको तलेजु मन्दिरमा प्रयोग भएको काठको संरचना

साँखुको तलेजु मन्दिरमा छोपिएको त्रिपाल

२९. **जगत नारायण मन्दिर** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा ठेक्का अन्त्य र उपचार सम्बन्धी व्यवस्था छ। भूकम्पबाट क्षति भएको ललितपुरको जगत नारायण मन्दिर निर्माण गर्न ठेक्का नं. १६/०७२/०७३ बाट रु.९ करोड ४१ लाख ४९ हजारमा २०७६।३।३० सम्ममा निर्माण सम्पन्न गर्ने गरी एक जे.भीसँग २०७३।०९।०३ मा सम्झौता गरी पुनर्निर्माण सुरू भएकोमा २०७७ सम्म रु.५ करोड ७ लाख ९७ हजार भुक्तानी भएको छ। निर्माण व्यवसायीलाई सम्झौताको ५३.९५ प्रतिशत रकम भुक्तानी भएतापनि मन्दिर परिसरका सत्तल निर्माणको आधा काम बाहेक मन्दिरको काम सुरू भएको छैन। सम्झौता अनुसार समयमा निर्माण कार्य सम्पन्न गर्न पटक पटक ताकेता गर्दा समेत निर्माण नभएकोले २०७७।१२।१२ मा ठेक्का तोड्ने निर्णय गरी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सिफारिस गरेकोमा निर्माण व्यावसायीले कानुनी उपचारका लागि सर्वोच्च अदालतमा मुद्दा दायर गरेको मुद्धा फैसला नभएको कारण निर्माण कार्य अलपत्र अवस्थामा रहेको छ।




अलपत्र छाडिएको निर्माणस्थल नभएको

३०. **विवाद व्यवस्थापन** – सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी गुनासो व्यवस्थापन गर्ने, विभिन्न निकायलाई प्राविधिक सहयोग एवं सल्लाह उपलब्ध गराउने उद्देश्यले पुरातत्त्व विभागको स्थापना भएको छ। कार्य क्षेत्रको अस्पष्टताले गर्दा स्थानीय तहले गरेको कामलाइ केन्द्रले मान्यता नदिएको, केन्द्रले गरेको कामलाई स्थानीय तहले सहयोग नगरेको तथा स्थानीय समुदायले आफ्नै तरिकाले काम गर्दा विभिन्न विवाद भएको देखियो। पुरातत्त्व विभागले भद्रकाली मन्दिर राणाकालीन स्वरुपमा पुनर्निर्माण गर्न निर्णय गरेकोमा काठमाडौं महानगरपालिकाले मल्लकालीन शैलीमा निर्माण गरेको, काष्ठमण्डपमा रहेको गोरखनाथको मुर्ति फुटेपश्चात नयाँ बनाउने वा पुरानो राख्ने भन्ने विषय नटुङ्गिएको, कीर्तिपुरको नारायण मन्दिरलाई गुम्बज शैलीमा बनाउन सहमति दिएकोमा प्रदेश सरकारले तल्ले शैलीमा निर्माण गरेको जस्ता विवादले सम्पदा संरक्षण सहज देखिएको छैन। सम्बन्धित मन्त्रालय, पुरातत्त्व विभाग, प्रदेश मन्त्रालय र स्थानीय तहको उचित समन्वयमा विवाद समाधान हुने गरी स्पष्ट कार्यविधि(SOP) तयार गरी सम्पदा संरक्षण प्रभावकारी बनाउनु पर्दछ।

३१. **सम्पदा र पर्यटन** - पर्यटन नीति,२०८२ को बुँदा न.२.७.३(ग) मा धार्मिक पर्यटकीय गन्तव्यहरूलाई परिपथको रूपमा विकास गरी पर्यटनको प्रवर्द्धन गरिने उल्लेख छ। पछिल्लो २ आर्थिक वर्षमा बसन्तपुर दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायर र पाटन दरबार स्क्वायरमा अवलोकनको लागि आएका पर्यटकको विवरण निम्न रहेको छ।

पुरातात्त्विक स्थल	२०८१।८२	२०८०।८१
बसन्तपुरदरबार स्क्वायर	२१९९२८	२०६६१
भक्तपुर दरबार स्क्वायर	२४४८६८	२४५५९३
पाटन दरबार स्क्वायर	१५३७१२	१४८५४८

स्रोत: सम्बन्धित कार्यालय

काठमाडौं उपत्यकाका ७ विश्व सम्पदा लगायत अन्य पुरातात्त्विक क्षेत्रहरूले मात्र नेपालमा आउने पर्यटकको ठूलो हिस्सा आकर्षित गरी डेस्टिनेसन ब्राण्डिङ, राजश्व वृद्धि लगायत आर्थिक र सामाजिक विकासमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ। विभागमा दर्ता भएको गुनासो अनुसार पर्यटकलाई सम्पदाको एकीकृत सूचना प्राप्त नभएको, पर्यटक र सेवाप्रदायकको आचारसंहिता बनाई कार्यान्वयन नगरेको, पर्यटकको सुरक्षा व्यवस्थामा समन्वय नभएको लगायत कारण सम्पदालाई प्रभावकारी रुपमा पर्यटनसँग जोड्न सकिएको छैन। सम्पदालाई पर्यटनसँग जोडेर आर्थिक एवं सामाजिक विकास गर्न सम्पदाहरूको विशेषता झल्काउने श्रव्यदृश्य सामग्री बहुभाषामा प्रकाशन, पर्यटन सम्बन्धी सम्पूर्ण सूचना सहज गराउन एकीकृत विद्युतीय प्रणालीको विकास, सेवाप्रदायकको आचारसंहिता कार्यान्वयन लगायतमा सुधार गर्नुपर्दछ।

३२. **सम्पदा चोरी तस्करी** - राष्ट्रिय सांस्कृतिक नीति, २०६७ को बुँदा नं. ९.५७ मा अवैध रूपमा विदेश पुगेका चलायमान प्राचीन सम्पदाहरूलाई स्वदेशमा फिर्ता ल्याउने प्रयास जारी राखिने उल्लेख छ। विभागका अनुसार सन् १९८६ देखि नेपालबाट हराएका पुरातात्त्विक तथा कलात्मक वस्तु विदेशबाट फर्काउने प्रक्रिया सुरु भएकोमा हालसम्म बेलायत, अस्ट्रेलिया, अमेरिका, चीन, भारत, जर्मनी, इटली लगायत मुलुकबाट ३८ वर्षमा २०१ थान मूर्ति तथा कलात्मक वस्तु नेपाल फिर्ता गरिएतापनि विभिन्न कालखण्डमा नेपालबाट चोरी तथा तस्करीका माध्यमबाट विभिन्न समयमा विदेशका सङ्ग्रहालयमा पुगेका र फोटोसहित नेपालको भनि प्रमाणित भएका निम्न ९६ मूर्ति लगायतका ऐतिहासिक वस्तु फिर्ता नभएको विवरण विभागमा रहेको छ। विदेशका म्युजियम घुमेका नेपाली, सम्पदा क्षेत्रका स्थानीयवासी, सम्पदा प्रेमी, सम्पदा विद्लगायतले विभागलाई विभिन्न मन्दिर र गुम्बाबाट हराएको वा चोरी भएको मूर्ति तथा ऐतिहासिक वस्तु बारे जानकारी दिएको आधारमा ४०० भन्दा बढी मुर्ति, कलाकृति तथा ऐतिहासिक वस्तुको सूचीकरण गरेको देखिन्छ।

देश	हराएका वस्तु र स्थान	परिणाम
बेलायत	ब्रिटिस म्युजियममा उमामहेश्वरको मूर्ति	२४ थान
फ्रान्स	बोन्हाम्स अक्सन म्युजियममा पाटनस्थित तलेजु मन्दिरको पाँच थान तोरण, दुई थान काठका टुँडाल, छुस्याःवहाल विहारको चार कुनाका झल्लरहरू, बसन्तपुर महाविहार पाटनको दिपंकर गुप्तको एक थान शिर, विष्णुको गरुडासन मूर्ति र भैरवको मूर्ति	१६ थान
अमेरिका	आर्ट इन्स्टिच्युट अफ सिकागोमा रहेका हनुमानढोकास्थित तलेजु मन्दिरको कण्ठेहार, झन्डु ग्यालरीमा रेहेको कीर्तिपुरस्थित कालभैरव मन्दिरमा रहेको गणेशको मूर्ति, क्रिस्ट्रिज अक्सन हाउसमा ऐतिहासिक बुद्धको मूर्ति साथै महिसासुर र शिवजीको वानको मूर्ति, नृत्यदेवीको काठको मूर्ति मेट्रोपोलियन म्युजियममा	६ थान
सिंगापुर	फर्पिङमा रहेको अगरेश्वर (निलबाराही)को मूर्ति	१ थान
स्वीडेन	विभिन्न	३१ थान
अष्ट्रेलिया	चतुर्महाराज र वासुदेव कमलजा (लक्ष्मीनारायण)को मूर्ति	२ थान
चीन	डोल्पाको शाक्यमुनि बुद्धको मूर्ति	१ थान
स्वीट्जरल्याण्ड	भक्तपुर दरबार क्षेत्रमा अवस्थित उमामहेश्वरको मूर्तिसहित १५ थान ऐतिहासिक वस्तु	१५ थान
जम्मा		**९६**

नीति अनुरुप सम्पदाहरूलाई स्वदेशमा फिर्ता ल्याउने प्रभावकारी संयन्त्र तथा कूटनीतिक प्रयास नहुँदा सूचीकरणमा परेका सम्पदाको फिर्ता हुन सकेको छैन। युनेस्को प्रोटोकल अनुसार हस्ताक्षर नगरेका मुलुक तथा फ्रान्सको सम्पदा सम्बन्धी कडा कानुनी व्यवस्था भएकोले कठिनाई भएपनि फिर्ताका लागि थप प्रयास गरिरहेको विभागले जनाएको छ। विदेश स्थित कूटनीतिक नियोग र नेपाली डायस्पोरा परिचालन गरी चोरी तस्करीमा परेका सम्पदाको खोजी तथा सोको दस्तावेज र स्वामित्व प्रमाणिकरण गरी इन्टरपोल, युनेस्कोलगायत निकायसँग कूटनीतिक पहल गरी फिर्ता तथा पुनर्स्थापनाको कार्य गर्नुपर्दछ।

३३. **रसायनद्वारा सम्पदा संरक्षण** - प्राचीन स्मारक संरक्षण ऐन,२०१३ को दफा ३(ख) मा प्राचीन स्मारकको संरक्षण मर्मत तथा जिर्णोद्वार पुरातत्त्व विभागवाट हुने व्यवस्था छ। सम्पदाहरूको क्षयीकरण हुन नदिन रसायनिक तथा भौतिक संरक्षण गर्ने कार्यका लागि विभागबाट विगत ३ वर्षमा निम्नानुसार २२ कार्यक्रममा रु.६४ लाख विनियोजन भएकोमा उपत्यकाका सम्पदामा रसायन संरक्षण गर्न रु.६० लाख खर्च भएको छ। रसायनद्वारा संरक्षण कार्य उपत्यका केन्द्रित हुँदा उपत्यका बाहिरका सम्पदा रसायन संरक्षण अभावले प्राचीन स्वरुप, आकार, ऐतिहासिक तथा मौलिक सौन्दर्य परिवर्तन हुने जोखिमतर्फ विभागको ध्यान पुगेको देखिदैन। विभागले रसायनको प्रयोगद्वारा संरक्षण गर्नुपर्ने सम्पदाहरूको अभिलेख राखी संरक्षण योजना तयार गरेको छैन। संरक्षण गर्नुपर्ने सम्पदाहरूको अभिलेख तयार गरी बजेट व्यवस्थापन गर्ने प्रयास

भइरहेको विभागले जनाएको छ। न्यून बजेट, प्रयाप्त जनशक्तिको अभाव लगायतको कारण आवश्यकताको आधारमा भन्दा पनि बजेट तथा कार्यक्रमको आधारमा संरक्षण कार्य गर्दा संरक्षण कार्य प्रभावकारी देखिएको छैन।

रसायनद्धारा संरक्षण गर्नुपर्ने सम्पदाको लगत तयार गरी सो सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने र योजनाबद्ध रसायन संरक्षणका लागि पर्याप्त बजेट र जनशक्तिको व्यवस्था गरी प्राचीन सम्पदालाई आवश्यकताका आधारमा रसायनद्धारा संरक्षण गर्नुपर्दछ।

(रु. हजारमा)

आर्थिक वर्ष	कार्यक्रम संख्या	विनियोजन बजेट	खर्च रकम
२०७९।८०	६	२०	१७
२०८०।८१	४	१०	१०
२०८१।८२	१२	३४	३३
जम्मा	२२	६४	६०

३४. **भेटी व्यवस्थापन** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(ङ) मा धार्मिक, मन्दिर गुम्बा आदिको सञ्चालकले त्यस्तो मन्दिर वा गुम्बामा चढाइएको दान दक्षिणा रकममध्ये ५० प्रतिशतसम्म रकम सोही मन्दिर तथा गुम्बाको संरक्षण तथा पर्यावरणको सुधारमा लगाउनु पर्ने व्यवस्था छ। साथै गुठी संस्थान ऐन, २०३३ को दफा १७(६क) मा मठ मन्दिरमा चढ्ने भेटीघाटीको व्यवस्था गुठी संस्थानले गर्ने संस्थानको काम कर्तव्यमा उल्लेख भएपनि संस्थानले भेटीघाटी व्यवस्थापन सम्बन्धमा हालसम्म कुनै निर्देशिका बनाएको छैन। बौद्धनाथ स्तुपाको भेटी व्यवस्थापन मेलम्ची घ्याङ्ग गुठीले गरेको, दक्षिणकाली, बुढानिलकण्ठ, चाँगुनारायण मन्दिर लगायतका मन्दिरको भेटी व्यवस्थापन सम्बन्धित स्थानीय गुठीले उठाउने गरेपनि ऐनको दफा ९ अनुसार आय व्यय हिसाबको अनुगमन नभएको तथा ऐन बमोजिम ५० प्रतिशत रकम सम्बन्धित सम्पदाको संरक्षण र पर्यावरण सुधारमा खर्च भएको छैन। ऐन बमोजिम भेटीघाटी व्यवस्थापन नहुँदा प्राप्त भेटीघाटीको यथार्थता एवं पारदर्शी एकीन भएको देखिएन। ऐनले तोकेको रकम धार्मिक स्थलको जीर्णोद्धार र पुनर्निर्माण कार्यमा खर्च गरी निर्देशिका बमोजिम काम गर्ने गराउने व्यवस्था हुनुपर्दछ।

३५. **क्षमता विकास र प्रविधि हस्तान्तरण** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले सांस्कृतिक सम्पदालाई पुरानै स्थितिमा जोगाइ राख्नु पर्ने व्यवस्था गरेको छ। प्राचिन सम्पदाको मौलिक पहिचान जोगाई राख्न संरक्षण विज्ञ, कन्सर्भेटर, आर्किटेक्चरल हिस्टोरियन, रिस्टोरेसन विशेषज्ञ र रसायनविद् लगायत दक्ष र प्राविधिक जनशक्तिको आवश्यकता पर्दछ। सम्पदा संरक्षणमा अप्पा इटा, कुदिएको काठ र ढुङ्गा, धातु र बज्र प्रयोग हुने गर्दछ। क्षेत्रीय स्तरमा सो सम्बन्धी प्रशिक्षित र विज्ञ जनशक्ति नहुँदा सम्पदा पुन निर्माण र संरक्षणको लागि काठमाडौंमा केन्द्रित जनशक्तिमा मात्र निर्भरता बढेको छ। दक्ष जनशक्तिको रोष्टर तयार गरी निर्माण कार्य गराउने प्रयास गरेको विभागले जनाएको छ। तसर्थ सङ्घीय सरकार र पुरातत्त्व विभागले स्थानीय तहमा सक्षम जनशक्ती विकास गरी आधुनिक संरक्षण प्रविधि र ज्ञानको हस्तान्तरणका लागि तालिम तथा विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३६. **सम्पदा संरक्षण स्वीकृती** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(७) मा नगरपालिका क्षेत्रभित्र पर्ने संरक्षित स्मारक क्षेत्रमा घर वा भवनको निर्माण, मर्मत, थपघट वा पुनर्निर्माण गर्न चाहने व्यक्तिले पेस गरेको नक्सा नगरपालिकाले प्रचलित कानुनबमोजिम पास गर्नुभन्दा अगावै त्यस्तो नक्सामा पुरातत्त्व विभागको स्वीकृति लिनुपर्ने र नगरपालिकाबाट स्वीकृतिको लागि प्राप्त नक्सा अध्ययन गरी पुरातत्त्व विभागले स्वीकृति दिन, नदिन वा संशोधन सहित स्वीकृति दिन सक्ने व्यवस्था छ। विभागले आर्थिक वर्ष

२०८१।८२ मा विभिन्न स्थानीय तहलाई पुरातात्त्विक स्थलको संरक्षण, उत्खनन्, ड्रइङ्ग डिजाइन लगायत ३९ कार्यको सहमति दिएको छ। सहमति प्रदान गर्दा न्यूनतम १ महिना देखि महांकाल मन्दिर पुनर्निर्माण, काठमाडौं महानगरपालिका लगायतलाई अधिकतम १० महिनासम्म लगाएको देखिन्छ। स्वीकृतिका लागि तोकिएको कागजात समयमा उपलव्ध नहुँदा ढिलाई हुनेगरेको विभागले जनाएको छ। सहमति प्रदान गर्ने कार्यलाई स्वचालित प्रणालीको विकास गरी छिटो छरितो वनाउनुपर्दछ।

३७. **निजी भवन स्वीकृति** - पाटन दरवार, स्वयम्भू, हनुमानढोका र बौद्ध संरक्षित स्मारक क्षेत्रमा हुने संरक्षण एवं निर्माण सम्बन्धी मापदण्ड, २०६४ को बुदा नं ४.४ मा निजी घर वा भवनको अधिकतम उचाई ३५ फिट अर्थात अधिकतम चार तल्लासम्मको बनाउन सकिने व्यवस्था छ। विभागले पछिल्लो २ आर्थिक वर्षमा ८२ निजी घर निर्माण तथा पुनर्निर्माणको लागि नक्सा सिफारिस सहमति दिएको देखिन्छ। सिफारिस मापदण्ड अनुसार भवन निर्माण कार्य भए नभएको सम्बन्धमा अनुगमन भएको देखिएन। हनुमान ढोकास्थित कुमारी घरसँगैको लाखे रेष्टुरेन्ट लगायत भवन मापदण्ड विपरित रहेको जानकारी विभागलाई रहेकोमा विभागले अर्धन्यायिक कार्य नगर्ने भएकोले सम्बन्धित निकायलाई आवश्यक कारबाहीका लागि पत्राचार भएपनि निर्णय कार्यान्वयन गर्न नसकिएको अवस्था छ। विभागले प्राचीन स्मारक क्षेत्रभित्र मापदण्ड विपरित निर्माण भएका संरचनाको विवरण सङ्कलन गर्ने, पुन निर्माण र तला थपको पूर्व स्वीकृति दिनु पूर्व स्थलगत अनुगमन गर्ने, निर्माण सम्पन्न पश्चात मापदण्ड अनुसार भए नभएको सम्बन्धमा अनुगमन कार्यलाई प्रभावकारी बनाई मापदण्ड विपरितका निर्मित संरचना भत्काउन वा आवश्यक कानुनी कारवाहीका लागि सम्बन्धित पालिका र जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी सम्पदा संरक्षण कार्य प्रभावकारी वनाउनु पर्दछ।



पाटन दरवार परिसरमा मापदण्ड विपरित ३५ फिट भन्दा अग्लो बनाउदै गरेको भवन

३८. **कौटीलिङ्गेश्वर मन्दिर** – प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(घ) मा प्राचीन स्मारक स्थल तथा पुरातात्त्विक स्थलको संरक्षण पुरातत्त्व विभागले गर्ने व्यवस्था छ। हनुमान ढोका दरबार क्षेत्रभित्र पर्ने कौटीलिङ्गेश्वर मन्दिर जीर्ण भई पुनर्निर्माण गर्नुपर्ने देखियो। विगतमा उक्त मन्दिर पुनर्निर्माणका लागि प्रयास भएपनि पुरानो मन्दिरको डिजाइन एकीन नभएकोले निर्णय हुन नसकी पुनर्निर्माण कार्य सुरु हुन सकेको छैन। दरबार क्षेत्रको हेरचाह र रेखदेखका लागि गुठी संस्थान, काठमाडौं महागरपालिका, दरबार हेरचाह अड्डा, सार्दुलजङ्ग गुल्म लगायतका सरकारी निकाय कार्यरत रहेपनि उक्त स्थान खुला शौचालयको रुपमा समेत प्रयोग भइरहेको देखियो। सो सम्बन्धमा हाल काठमाडौं महानगरपालिकाबाट बजेट विनियोजन भएको मौखिक जानकारी प्राप्त भएको छ। निकायगत समन्वय गरी उक्त मन्दिरको तत्काल सुरक्षा एवं संरक्षण गरी मन्दिरको वास्तविक डिजाइन एकीन गरी पुनर्निर्माणको कार्य गर्नुपर्दछ।



जिर्ण अवस्थाको सम्पदा



खुला शौचालय स्थल

३९. **कुमारी घर छाना मर्मत** – प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(घ) मा प्राचीन स्मारक स्थल तथा पुरातात्त्विक स्थलको संरक्षण पुरातत्त्व विभागले गर्ने व्यवस्था गरेको छ। हनुमान ढोका दरबार क्षेत्रको कुमारी घर २०७२ सालको भूकम्पबाट क्षति भएकोमा गुठी संस्थान, पुरात्तत्व विभाग र काठमाडौं महानगरपालिकाबाट झण्डै १।१ महिना लगाई छुट्टा छुट्टै प्राविधिक अध्ययन गरेतापनि हालसम्म पुनर्निर्माणको कार्य भएको देखिएन। जयप्रकाश मलल्ले निर्माण गरेको कुमारी घरको भूकम्प अघि नै बाहिरबाट चिल्लो इटाको पर्खाल लगाएकोले भवन नयाँ देखिएतापनि मुख्य भवन जिर्ण अवस्थामा रहेको पाइयो। पुरानो पर्खालहरू जिर्ण हुँदा भवनको पश्चिमतर्फको केही कोठा समेत प्रयोग गर्न छाडेको तथा पूर्वतर्फ बसन्तपुर डबलीतर्फको पर्खाल काठको टेकोले अड्याइराखेको अवस्था छ। काठमाडौं महनगरपालिकाबाट तीन वर्ष अघि पुनर्निर्माणका लागि रु.३ करोड भन्दा बढी लागतको लागत अनुमान तयार गरी रु.५० लाख विनियोजन गरेतापनि काम सुरू गर्न सकेको देखिएन। दोस्रो वर्ष पुनः थप रु.१ करोड बजेट व्यवस्था गरेतापनि थप स्रोत सुनिश्चितता नभएकोले पुनर्निर्माण हुन सकेको देखिएन। गतवर्षको बर्षातमा छाना जीर्ण भई पानी चुहिएको कारण भवन थप जीर्ण हुने भएकोले छानामा प्लाष्टिकले छोपेर राखेको अवस्था छ। हाल काठमाडौं महानगरपालिकाबाट छानामात्रका लागि रु.१ करोड २५ लाख ४८ हजारको लागत अनुमान तयार गरी खरिद सम्झौताको प्रक्रियामा रहेको विभागले जनाएको छ। भवनको एकमुष्ट लागत सहितको पुनर्निर्माण गर्नुपर्नेमा छानामात्र मर्मतले सम्पदा संरक्षण प्रभावकारी हुने अवस्था देखिंदैन। जीर्ण संरचनामा थप क्षतिहुन नदिन समेत उक्त सम्पदाको एकमुष्ट पुनर्निर्माण योजना बनाई उपयुक्त बजेट व्यवस्था गरी समयमा कार्यान्वयन गर्नुपर्दछ।



४०. **बिष्णु मन्दिर संरक्षण कार्य** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(घ) मा प्राचीन स्मारक स्थल तथा पुरातात्त्विक स्थलको संरक्षण पुरातत्त्व विभागले गर्ने व्यवस्था गरेको छ। हनुमान ढोका दरबार क्षेत्रभित्र पर्ने बिष्णु मन्दिर तथा सोमा रहेको लक्ष्मी नारायण सत्तल जीर्ण भई पुनर्निर्माणको लागि पुरातत्त्व विभागले एक निर्माण व्यवसायीलाई रु.२७ लाख १६ हजारमा २०७९ असार १५ भित्र कार्य सम्पन्न गर्नेगरी २०७९।०१।२२ मा कार्यादेश दिएको देखियो। निर्माण व्यवसायीले काम सुरु गर्नका लागि सत्तलमा रहेको पसल कवलहरू खाली गराउन नसकेको कारण निर्माण कार्य अवरोध भएकोले काम नगर्ने पत्र विभागमा २०७९।०२।०९ मा दर्ता भएको देखियो। पूर्व तयारी वेगर सम्झौता भएको उक्त संरक्षण कार्य स्थगन भएकोमा उक्त पसल कवलमा रहेको गुठीयारहरूको बैकल्पिक व्यवस्थापन नगरेको कारण हाल उक्त संरचना थप जिर्ण भएको देखिएकोले विवादको उपयुक्त समाधान गरी सम्पदा संरक्षण कार्य प्रभावकारी बनाइनु पर्दछ।



जिर्ण अवस्थामा रहेको सम्पदा



हटाउन नसकिएको पसल

४१. **उजुरी व्यवस्थापन** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३घ मा प्राचीन स्मारक तथा पुरातत्त्विक स्थलहरूको संरक्षण पुरातत्त्व विभागले गर्ने उल्लेख छ। सम्पदा अतिक्रमणको सम्बन्धमा विभाग लगायत निम्न निकायमा दर्ता भएको उजुरी व्यवस्थापन सम्बन्धमा देहाय अनुसार विवरण पेस भएको छ।

क्र.स.	उजुरी दर्ता भएको निकाय	उजुरी संख्या	उजुरीको व्यहोरा	कार्यान्वयनको अवस्था
१	पुरातत्त्व विभाग	३०	पर्सागढी अतिक्रमण, कालिका भगवती मन्दिरमा पदमार्ग मापदण्ड विपरित वनेको, स्यूचाटार पुरातात्त्विक महत्वको राजकुलोमा प्लटिङ्ग गरेको लगायत	सम्वन्धित निकायमा पत्राचार गरेको, स्थलगत निरीक्षण गरेको।
२	काठमाडौं महानगरपालिका	१	सत्तल पुनर्निर्माण	अदालतमा मुद्धा परेको कारण निर्माण कार्य रोकिएको।
३	मध्यपुर थिमि नगरपालिका	१	चैत्य पुनर्निर्माण	निर्णय हुन वाँकी
४	ललितपुर महानगरपालिका	२	पाटीको जग्गा संरक्षण गर्ने	७ महिना पछि निर्णय भएको।

सम्पदा स्थलको अतिक्रमणले विभागको जिम्मेवारीलाई थप चुनौती थपिएको छ। प्राप्त उजुरीहरू विभागले सम्बन्धित निकायसँग समन्वय गरी तत्काल फर्स्यौट गर्नुपर्दछ। साथै सम्पदा स्थलहरूको आधुनिक प्रविधिको प्रयोगमार्फत विद्युतीकरण गरी अतिक्रमण नियन्त्रणका उपायहरू अवलम्बन गर्नुपर्दछ।

४२. **पशुपतिनाथको जग्गा लगत -** पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को १०.१.४घ मा पशुपति क्षेत्रभित्र वा बाहिर रहेका सबै जग्गाको क्षेत्र समेत खुलाई लगत राख्नुपर्ने व्यवस्था छ। पशुपतिनाथको सम्पत्ति तथा गुठी जग्गा अध्ययन तथा छानबिन समितिको प्रतिवेदन, २०७५ अनुसार श्री पशुपतिनाथ गुठीतर्फ अमालकोट, पशुपति भण्डार तहबिल र जयबागेश्वरी भण्डार तहबिलको लगतअनुसार कुल ५ हजार ६० रोपनी गुठी जग्गा रहेकोमा २३१ रोपनी १० आना १ पैसा जग्गा दर्ता बाँकी रहेको र १ हजार १६१ रोपनी १४ आना ३ पैसा जग्गा सम्झौताबमोजिम त्रिभुवन विमानस्थलले प्रयोग गरिरहेको छ। त्यसैगरी पशुपति क्षेत्र भित्रका मन्दिर, देवालय, शिवालय तथा विभिन्न गुठीको १० हजार १९ रोपनी १५ आना १ पैसा र श्री पशुपतिनाथको महास्नान पोता गुठीको १ हजार २४१ रोपनी १ आना २ पैसासमेत गुठी संस्थान मातहत कुल ११ हजार २६१ रोपनी ३ पैसा जग्गा रहेको छ। पशुपति क्षेत्रभित्र गुठी संस्थानअन्तर्गत सञ्चालन र व्यवस्थापन हुँदै आएका १९५ राजगुठी, श्री पशुपतिनाथ र यस क्षेत्रका मठ मन्दिर, पूजाआजा, पर्व एवं जात्रा, छुट गुठी र निजी गुठीसमेतका सम्पूर्ण गुठी जग्गाको अद्यावधिक लगत अभिलेख कोषले तयार गरेको छैन। लगत व्यवस्थित नगर्दा कोषको जग्गा एकीन भएको छैन। पशुपतिनाथ र यस क्षेत्रका गुठीको जग्गा निक्यौंल गरी संरक्षण गर्नुपर्दछ।

४३. **पशुपतिनाथको जग्गा अतिक्रमण -** पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ को १०.१.४ग मा पशुपति क्षेत्रभित्रका सबै सम्पत्तिको संरक्षण गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकार मन्त्रीपरिषद्को २०४७।१।५ को निर्णयबमोजिम काठमाडौं जिल्लाको गोठाटारस्थित ५३५ रोपनी ३ आना जग्गा कोषको नाममा प्राप्त भएको छ। साबिक गोठाटार ३(क) को कित्ता नम्बर ५९ को १९ रोपनी ४ आना क्षेत्रफलको ट्रायल चेकबाट क्षेत्रफल ७ हजार ६२९.०६ वर्गमिटर कायम भएकोमा हाल नापीमा वडा नं. ३ सिट नम्बर १०६९-१५ को कित्ता नम्बर १ र २ को क्षेत्रफल क्रमशः २ हजार १७१.०५ वर्गमिटर र ५ हजार ९०.६६ वर्गमिटरसमेत ७ हजार २६१.७१ वर्गमिटर देखिएको छ। डिजिटल प्रविधिबाट नापी हुँदा गोठाटारमा रहेको जग्गा ३६७.३५ वर्गमिटर घटी हुन गएको देखिन्छ। बालुवा खानीका कारण पटक-पटक विवादमा आएको उक्त जग्गा कोषले संरक्षण नगर्दा ११ पक्की घर, ४० टहरा र एक सामुदायिक विद्यालयले पनि कोषकै जग्गामा विद्यालय भवन बनाएको लगायतका अवस्था रहेकोले साबिकको भन्दा जग्गा घटी भएको साथै उक्त जग्गाको हाल-साबिकसमेत हुन सकेको छैन। सम्पदाको अतिक्रमित जग्गा कोष मातहत ल्याई उचित उपयोग गर्नुपर्दछ।

४४. **बौद्धनाथ स्तुपा जग्गा स्वामित्व विवाद** – बौद्धनाथ क्षेत्र विकास समिति (गठन) आदेश, २०५३ को दफा ४(च) मा बौद्धनाथ क्षेत्र भित्रका प्राकृतिक सम्पदाहरूको संरक्षण गर्नुपर्ने काम कर्तव्य तोकिएको छ। बौद्धनाथ स्तुपा र स्तुपाले चर्चेको जग्गाहरूको लगत तयार गरी संरक्षण गरेको देखिएन। नापी कार्यालय, चावहिलको मोठ श्रेष्ता अनुसार कित्ता न.४७ को ३ रोपनी १ आना २ पैसा जग्गा स्तुपा पोखरीको नाममा र कित्ता न.१९० को १५ रोपनी २ आना ३ पैसा बौद्ध मन्दिरको नाममा रहेको देखिन्छ। बौद्धनाथ क्षेत्र विकास समितिले च.न ४७९ मिति २०८२।७।२८ मा कित्ता न.४७ र १९० को जग्गा हालसाविक गरी जग्गाधनी प्रमाण पुर्जा र स्रेस्ता तयार गरी जग्गा धनी श्रेस्ता बौद्धनाथ विकास समितिमा पठाई दिन अनुरोध गरेकोमा सोही अनुसार मालपोत कार्यालय चावहिलले च.न.१४४७, २०८२।७।३० को पत्रसाथ मोठ रोक्का भिडाई पठाई दिने सम्बन्धमा नापी कार्यालयमा पत्र पठाएकोमा नापी कार्यालयले च.न.१७९, २०८२।८।३ मा मोठ ५।११८७ मा बौद्ध ३ कि.न. ४७ श्री ५ को सरकारका नाममा मोठ कायम रहेको जनाएको देखिन्छ।

मोहीको महलमा कि.न. ४७ पोखरी र १९० मा बौद्ध मन्दिर उल्लेख भएको र कित्ता न.१९० रातो मसीले काटेर कालो मसीले टिक लगाएको र काटेको सम्बन्धी कैफियत देखिएन भनि जवाफ

पठाएको देखिन्छ। गुठी संस्थान शाखा कार्यालय काठमाडौं, कालमोचनको विवरण अनुसार उक्त कित्ता वौद्य घ्याङ् गुठीको जग्गा धनी रहेको भनि २०७१।१।२३ मा प्रतिलिपि जग्गाको पुर्जा समेत पेस गरी च.न. १११३, २०८२।९।२० को पत्रानुसार सोही कित्ताको जग्गा धनी श्री बौद्ध घ्याङ्ग गुठीको नाममा रहेकोले जग्गाको हालसाविक हुँदा कायम क्षेत्रफल र कित्ता खुलाइ पठाउनको लागि नापी कार्यालय,चावहिलमा पत्र पठाएको देखिंदा जग्गा स्वामित्वको विषयमा विवाद रहेको देखिन्छ। यस सम्बन्धमा छानविन गरी सम्पदाको जग्गा अभिलेख अद्यावधिक गर्नुपर्दछ।

४५. **पुरातात्त्विक बस्तुको खरिद बिक्री** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा १३ उपदफा(२) मा कुनै व्यक्ति वा संस्थाको व्यक्तिगत, परम्परागत वा पुख्यौंली सङ्ग्रहमा सय वर्षभन्दा पुरानो पुरातात्त्विक वस्तु रहेको छ भने त्यस्तो सङ्ग्रहको धनीले सो वस्तु नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको कार्यालयमा म्याद भित्र दर्ता गराउनुपर्ने व्यवस्था छ। साथै उपदफा (३) मा क्युरियोको उत्पादन वा विक्री व्यवसाय गर्न चाहने वा त्यस्तो उत्पादन वा बिक्री व्यावसाय गरिरहेको कुनै व्यक्ति वा संस्थाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको म्यादभित्र तोकिएको कार्यालयमा आफ्नो नाम दर्ता गरी इजाजत पत्र लिनुपर्ने प्रावधान रहेको छ। पुरानो सम्पदाहरूबाट निस्किएका ऐतिहासिक निर्माण सामग्री लगायत कलात्मक वस्तुहरूको फोटोग्राफिक्स डकुमेन्टेसन गरी संरक्षण गर्नुपर्नेमा बिक्री वितरण गर्न स्वीकृति दिंदा निर्माण हुने भवनको शैली र पद्धति समेतमा फरकपना आउने देखिएको छ। पुरातात्त्विक भवनहरूबाट निस्किएका निर्माण सामग्रीहरू प्रयोग नहुने भएमा व्यावसायिक विक्री नगरी संरक्षण एवं पुनःप्रयोग गर्ने व्यवस्था गर्नुपर्दछ।

परिच्छेद – ४

निष्कर्ष र सुझाउ

साँस्कृतिक सम्पदा आर्थिक तथा सामाजिक दृष्टिले राष्ट्रका लागि महत्वपूर्ण रहेको छ। सम्पदाको कार्यदक्षतापूर्ण उपयोग गर्न यसको संरक्षण, संवर्धन र प्रवर्धनमा जोड दिनु आवश्यक छ। सोही आवश्यकतालाई पुरा गर्न नेपालको संविधानमा समेत ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन् तथा प्रचार प्रसार गर्ने नीति रहेको छ। राष्ट्रका महत्वपूर्ण यी सम्पदासँग सम्बन्धित नीतिगत, कानुनी एवं प्रक्रियागत सामञ्जस्यता नभएको, सम्पदाहरूको अभिलेख, वर्गीकरण व्यवस्थित हुन नसकेको, सम्पदा संरक्षणका लागि रणनीतिक/गुरुयोजना बनाई प्रभावकारी कार्यान्वयन नगरेको, उपयुक्त स्रोतसाधन व्यवस्था गर्न नसकेको, चोरी तस्करी एवं अतिक्रमण नियन्त्रण चुनौती रहेको लगायत समस्याले सम्पदा संरक्षण र उपयोग प्रभावकारी देखिएको छैन। सम्पदा संरक्षण तथा व्यवस्थापन कार्यलाई नियमित र प्रभावकारी बनाई कार्यदक्षतापूर्वक उपयोग गर्न माथि उल्लिखित सुधारका क्षेत्रमा सम्बन्धित निकायले ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। लेखापरीक्षणको सिलसिलामा देखिएका बेहोरा सुधारका लागि निम्नबमोजिम सुझाउको पालना हुनु पर्दछ।

- नेपाल सरकारबाट सम्पदा संरक्षण तथा व्यवस्थापनका दिगो विकासको लक्ष्य ११.४ प्राप्तिका लागि तोकिए अनुसार उपयुक्त स्रोत साधन व्यवस्था गर्नुपर्ने,
- सम्पदासँग सम्बन्धित नीतिगत, कानुनी एवं प्रक्रियागत सामञ्जस्यता कायम हुनेगरी समय सान्दर्भिक बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने,
- गुठी संस्थान ऐन, प्राचीन स्मारक संरक्षण ऐन तथा सम्बन्धित क्षेत्र विकास समिति ऐनबीच सामान्जस्यता कायम गरी मूर्त तथा अमूर्त सम्पदाको स्वामित्व किटान गरी स्पष्ट वनाउनु पर्ने,
- स्थानीय देखि सङ्घीय निकायले सम्पदाको निर्माण मिति वा कालखण्ड, इतिहास, परम्परा वा सांस्कृतिक प्रयोगको अवस्था र जोखिमको अवस्था देखिने गरी क्यूआर कोड तथा वार कोड सहितको डिजिटल अभिलेख (MIS/Heritage Management System) तयार गरी जिपियसमार्फत् अनुगमन गर्न सकिने व्यवस्था गर्नुपर्ने,
- सम्पदाको नक्साङ्कन गरी पूर्ण डाटाबेसका आधारमा रणनीतिक योजना बनाई दीर्घककालीन तथा अल्पकालीन योजना स्वीकृत गरी सो अनुसार बजेट तथा कार्यक्रम व्यवस्था गरी भएको खर्चको एकीकृत अभिलेखाङ्कन गर्नुपर्ने,
- सम्पदाको बैज्ञानिक प्रमाण सङ्कलन, कूटनीतिक पहल र आवश्यक स्रोतसाधन व्यवस्था गरी सम्भावित सूचीमा रहेका सम्पदालाई भावी पुस्ताका लागि सुरक्षित गर्न विश्व सम्पदा सूचीमा आवद्ध गर्न पहल गर्नुपर्ने,
- अतिक्रमणमा परेका सम्पदाहरूको संरक्षण गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकायहरूबाट गरिएको प्रतिबद्धता र सम्झौताबमोजिम सम्पदाहरूको पुनर्निर्माण र संरक्षण गर्नुपर्ने,
- प्राचीन सम्पदालाई आवश्यकताका आधारमा रसायनद्वारा संरक्षण गर्नुपर्ने,
- विभागबाट स्वीकृति दिएका क्रियाकलापको प्रभावकारी अनुगमन गर्ने।

स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग

परिच्छेद -१

परिचय

१. **पृष्ठभूमि** - नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने मौलिक हकको व्यवस्था छ। स्वास्थ्य सेवा कुनै पनि राष्ट्रको सामाजिक, आर्थिक विकासको आधारभूत सूचक हो। गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न दक्ष मानव स्रोतसँगै उपयुक्त, आधुनिक र सुरक्षित स्वास्थ्य उपकरण (Medical Equipment) को उपलब्धता अनिवार्य मानिन्छ। जनसंख्या वृद्धि, रोगको बदलिँदो स्वरूप, शहरीकरण तथा जीवनशैलीसँग सम्बन्धित रोगहरूको बढ्दो चापका कारण अस्पतालहरूमा प्रयोग हुने स्वास्थ्य उपकरणको महत्व बढ्दै गएको छ। रोगको निदान, उपचार, निगरानी र पुनर्स्थापनाका लागि स्वास्थ्य उपकरणको गुणस्तर र प्रभावकारी उपयोग महत्वपूर्ण रहेको छ। केन्द्रीय अस्पतालहरूमा सेवाग्राहीको बढ्दो चापका कारण स्वास्थ्य उपकरणको क्षमता तथा गुणस्तरले समग्र स्वास्थ्य सेवाको गुणस्तरमा प्रभाव परेको हुन्छ। सही उपकरणको सही समयमा खरिद तथा प्राप्ति, प्रभावकारी उपयोग, नियमित मर्मतसम्भार र सुरक्षित व्यवस्थापन हुन आवश्यक हुन्छ।

कार्य सम्पादन सूचक)KPI(

- स्वास्थ्य उपकरणहरूको खरिदमा कानुन परिपालना
- स्वास्थ्य उपकरणहरूको प्राप्ति तथा उपयोगको अवस्था
- स्वास्थ्य सेवा प्रवाहमा स्वास्थ्य उपकरणको प्रभावकारिता

२. **निकायको परिचय**

२.१. **वीर अस्पताल** - चिकित्सा विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी दक्ष जनशक्ति उत्पादन गर्न र सर्वसाधारण जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ बमोजिम प्रतिष्ठानलाई अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रूपमा रहने व्यवस्था छ। वि.सं. १९४७ श्रावण १२ गते श्री ३ वीर शम्शेरको पहलमा स्थापित नेपालको सबै भन्दा पुरानो ऐतिहासिक अस्पताल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अन्तर्गत केन्द्रीय अस्पतालको रूपमा वीर अस्पताल सञ्चालनमा रहेको छ। अस्पतालको विकास सँगै प्रत्यक्ष उपचारात्मक सेवा प्रवाह गरी राष्ट्रियस्तरमा दक्ष जनशक्ति समेत उत्पादन गर्नको लागि २०६३ सालमा नेपाल सरकारले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन,२०६३ जारी गरी वीर अस्पताल चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको रूपमा विकास गरेको छ। हाल प्रतिष्ठानबाट एम.डी., एम.एस., एम.सी.एच., डी.एम., बिएस्सी नर्सिङ, बि.एम.एस., एम.एन. जस्ता विभिन्न शैक्षिक क्रियाकलाप तथा अनुसन्धानमूलक पद्धतिसमेत सञ्चालनमा रहेका छन्। अस्पतालले अति गरिब, बेवारिसे, हिंसा पीडित महिला, असहाय, निमुखा, अपाङ्ग, जेष्ठ नागरिक, अल्पसंख्यक, जनआन्दोलनका घाइते जस्ता बिरामीहरूको लागि सर्वसुलभ तथा निःशुल्क रूपमा गुणस्तर कायम गरी विशेषज्ञता सेवासहितको सेवा प्रवाह गर्दै आएको छ। अस्पतालमा हाल नयाँ सर्जिकल भवनबाट थप सेवा सुरु भएसँगै ९६० शय्या सञ्चालनमा रहेको छ। प्रतिष्ठानबाट उपलब्ध विवरण अनुसार प्रतिष्ठानमा विभिन्न पदको ६८७ दरबन्दी स्वीकृत भएकोमा ५०१ जना कार्यरत रही १८६ पद रिक्त रहेको देखिन्छ। प्रतिष्ठानको समिति तर्फ विभिन्न पदको ७२६ दरबन्दी स्वीकृत भएकोमा ५३१ पदपूर्ति भई १९५ पद रिक्त रहेको देखिन्छ।

२.२. **ट्रमा सेन्टर**- नेपालमा पनि दैविक विपत्ति, प्राकृतिक प्रकोप, आकस्मिक दुर्घटना, हिंसा वा यस्तै अन्य कारणले घाईते भएका विरामीलाई उपचार गरी सामान्य अवस्थामा फर्काउने मुख्य उद्देश्य राखी दक्षिण

एसियामै नमुना सेन्टर बनाउने सोचका साथ वि.सं. २०५४ साल जेठ २४ गते शिल्यान्यास भएको र करिव १७ वर्षपछि वि.सं. २०७१ मंसिरमा औपचारिक रूपमा यो सेन्टर सञ्चालनमा आएको हो। ट्रमा सेन्टरलाई स्वास्थ्य मन्त्रालय मातहत लगेर २०६९ कार्तिक १६ देखि नै निर्देशक नियुक्ति गरिए तापनि जनशक्ति लगायत अन्य आवश्यक तयारी नहुँदा पूर्ण रूपले सञ्चालनमा आउन नसकेकोमा २०७२ सालको भुकम्प पश्चात् आकस्मिक ट्रमा उपचारका लागि शल्यक्रिया सेवा सहित सञ्चालनमा आएको हो। ट्रमा सम्बन्धी विशेषज्ञ सेवा प्रदान गर्ने नेपालको एकमात्र केन्द्रीय रिफरल अस्पतालको रूपमा रहेको छ। सेन्टरले २०० शय्याको पूर्ण क्षमतामा अर्थो, न्यूरो, स्पाईन, वर्न र प्लाष्टिकसम्बन्धी ७७ जिल्लाका दैनिक ३५० भन्दा बढी विरामीलाई बहिरंग सेवा सहित सरदर २० देखि २५ विरामीको शल्यक्रिया गर्दै आएको छ। प्राप्त विवरण अनुसार सेवा करारमा कार्यरत ३४, मासिक ज्यालादारीमा २३४, छात्रवृति करारमा ३, सामाजिक सेवा इकाइमा ११ र मन्त्रालय करारमा ८ समेत २९० जना कार्यरत रहेका छन। रिक्त पदमा कन्सल्टेन्ट प्लाष्टिक सर्जन नवौं तह १, कन्सल्टेन्ट स्पाइन सर्जन नवौं १, मेडिकल अधिकृत आठौं ५, नर्सिङ अधिकृत सातौ १ र स्टाफ नर्स पाँचौं १४ रहेका छन्।

३. संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था

३.१. संवैधानिक व्यवस्था

- नेपालको संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने व्यवस्था छ।
- धारा ५१ मा नागरिकलाई स्वस्थ्य बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ, र सामान पहुँच सुनिश्चित गर्ने, लगायतका नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिको व्यवस्था छ।
- संविधानको अनुसूची-५ मा स्वास्थ्य सेवा, स्वास्थ्य मापदण्ड, गुणस्तर र अनुगमन, राष्ट्रिय वा विशिष्ट सेवा प्रदायक अस्पताल, परम्परागत उपचार सेवा, सरूवा रोग नियन्त्रण सङ्घको अधिकार क्षेत्र अन्तर्गत रहेको छ भने अनुसूची - ८ मा स्थानीय अधिकारको सूची अन्तर्गत आधारभूत स्वास्थ्य र सरसफाई रहेको छ।

३.२. कानुनी व्यवस्था

- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले खरिद गरिने मालसामानको विवरण तयार गर्नुपर्ने, खरिद गुरूयोजना तथा खरिद योजना तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्नुपर्ने, कानुन अनुसारको खरिद विधि अपनाउनुपर्ने लगायतका बिषयहरू उल्लेख छन्।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ ले अस्पतालमा खरिद भएका मेसिनरी औजारहरूको जिम्मा, लगत र संरक्षण सम्बन्धी कानुनी व्यवस्था अन्तर्गत जिन्सी लेखाङ्कन, सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण तथा प्रतिवेदन, जिन्सी सामग्रीको लिलाम बिक्री लगायतका व्यवस्था छ।
- जनस्वास्थ्य ऐन, २०७५ को दफा ७ मा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सङ्घ, प्रदेश तथा स्थानीय तहले आवश्यकताको आधारमा तोकिएको मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थाको स्थापना गरी त्यस्ता संस्थामा आवश्यक जनशक्ति, प्रविधि तथा उपकरणको व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ।

- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ ले चिकित्सा विज्ञानको क्षेत्रमा उच्चस्तरिय अध्ययन तथा अनुसन्धान गर्ने काम समेतको लागि चिकित्साविज्ञान प्रतिष्ठान एक अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुने र अध्ययन, अध्यापन, तालिम, अनुसन्धान, गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने जनशक्ति उत्पादन गर्ने तथा गुणस्तरीय सेवा प्रवाह गर्ने काम र कर्तव्य तोकेको छ।
- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ मा लगत खडा गरी राखेको प्रतिष्ठानको जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरूको राम्रो सम्भार गरी चालु अवस्थामा राख्ने, जिन्सी सम्पतिको संरक्षण गर्ने कर्तव्य भएका कर्मचारीले आफ्नो कर्तव्य पूरा नगरेको कारणबाट कुनै मालसामानको हानी नोक्सानी हुन गएमा त्यसको जिम्मेवारी बहन गर्नुपर्ने प्रतिष्ठानको प्रयोगमा आएको मेसिन, उपकरण सम्बन्धित प्राविधिकबाट मर्मत सम्भार गर्न चाहिने स्पेयर पार्टसको लिष्ट तथा लागत अनुमान तयार गर्न लगाई स्वीकृत गरी मर्मत गर्न लगाउनु पर्ने व्यवस्था छ।

३.३. नीतिगत व्यवस्था

३.३.१. **स्वास्थ्य नीति, २०७६** - स्वास्थ्य क्षेत्रभित्रका समस्या र चुनौतीहरू, उपलब्ध स्रोत साधन र तीन तहका सरकारका अधिकार सूचीलाई आधार लिई गुणस्तरीय सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुऱ्याउन राष्ट्रिय स्वास्थ्य नीति, २०७६ जारी गरेको छ। यसमा गुणस्तरीय औषधी तथा प्रविधिजन्य स्वास्थ्य सामग्रीको आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्दै, कुशल उत्पादन, आपूर्ति, भण्डारण, वितरणलाई नियमन तथा प्रभावकारी व्यवस्थापनमार्फत पहुँच एवं समुचित प्रयोग सुनिश्चित गरिने उल्लेख छ। सो नीति कार्यान्वयनका लागि देहायका रणनीति उल्लेख गरिएको छ।

- औषधी, उपकरण र प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूको मूल्य र गुणस्तर सङ्घीय ढाँचाअनुरूप संरचना विस्तार गर्दै लैजानुका साथै जेनेरिक प्रिस्क्रिप्सन (Generic Prescription) र दक्ष प्राविधिकसहितको अस्पताल फार्मेसीको सञ्चालनलाई कार्यान्वयन गरिने,
- अत्यावश्यक औषधी तथा प्रविधिजन्य स्वास्थ्य सामग्रीको उत्पादनलाई प्रोत्साहित गरी आत्मनिर्भरता बढाइने,
- खाद्यपदार्थ सुरक्षा, औषधीको गुणस्तर तथा बजार मूल्य नियन्त्रणको नीति अनुरूप सङ्घीय स्वास्थ्य मन्त्रालय तथा प्रदेशको सामाजिक विकास मन्त्रालयमा औषधी तथा खाद्यपदार्थ व्यवस्थापन महाशाखाको व्यवस्था गर्ने तथा आन्तरिक उत्पादन हुने वा आयात गरिने औषधी वा औषधीजन्य सामग्रीहरूको राष्ट्रिय मापदण्ड तयार गरी गुणस्तर सुनिश्चित गरिने,
- औषधी तथा औषधीजन्य सामग्रीहरूको निर्दिष्टीकरण (specification) तयार गरी खरिद, ढुवानी, गुणस्तरीय भण्डारण तथा वितरण पद्धतिलाई प्रभावकारी तया व्यवस्थित बनाइने,
- निश्चित कार्यविधि र मापदण्डको विकास गरी अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय सरकारी, गैर-सरकारी तथा निजी निकायबाट प्राप्त हुने औषधी, उपकरण र औषधीजन्य सामग्रीहरू आवश्यकताका आधारमा ग्रहण तथा उपयोग गरिने,
- औषधी आयात, निर्यातलाई व्यवस्थित गर्न राष्ट्रिय औषधीय सतर्कता कार्यलाई सबै तहमा विस्तार गरी प्रभावकारी बनाइने,

३.३.२. **खरिद सुधार मार्गदर्शन, २०८१** - स्वास्थ्य मन्त्रालयको मिति २०८१।०९।२८ को मन्त्रीस्तरको निर्णयबाट मातहतका निकायबाट हुने औषधी, औजार, उपकरणको खरिद तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन खरिद मार्गदर्शन, २०८१ स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको मार्गदर्शनका मुख्य बेहोरा देहाय बमोजिम छन्:-

- औजार उपकरण राख्ने र जनशक्तिको सुनिश्चितता नभई उपकरण खरिदका लागि बजेटको विनियोजन गर्न नपाईने,
- अधिकतम प्रतिस्पर्धा हुने गरी Packaging and Slicing गरी बोलपत्र आव्हानको व्यवस्था गर्ने,
- औजार उपकरणहरूको कम्तीमा ५ वर्षसम्म मर्मत संभारको दायित्व सम्बन्धित आपुर्तिकर्ताले लिने गरी दिगो उपयोग र टिकाई राख्ने व्यवस्था गर्ने,
- देश बाहिरबाट आपूर्ति हुने मालसामान तथा मेसिनरी उपकरणको आवश्यकता अनुसार प्रि-शिपमेन्ट इन्सपेक्सनको व्यवस्था मिलाई तोकिएको गुणस्तर सुनिश्चितता गर्ने,
- हस्तान्तरण वा अन्य प्रकृयाबाट प्राप्त भएका उपकरणहरू बढीमा दुई महिनाभित्र सञ्चालनमा ल्याउन सक्ने जनशक्ति तथा भौतिक पूर्वाधार भएका निकायहरूलाई मात्र उपकरण हस्तान्तरण गर्ने,
- स्वास्थ्य संस्थाले तालिम तथा अनुभव प्राप्त जनशक्तिलाई मात्र औजार उपकरण सञ्चालन गर्ने जिम्मेवारी प्रदान गर्ने,
- कार्यालयमा रहेका औजारहरूलाई लामो समयसम्म प्रयोग बिहीन बनाउने र पुनः नयाँ खरिद गर्न उद्धत हुने परिपाटीलाई निरूत्साहित पार्न सम्बन्धित शाखा/महाशाखालाई जिम्मेवार बनाउने,

३.४. **आवधिक योजना** - स्रोह्रौ योजनाले संरचनात्मक रूपान्तरणका प्रमुख क्षेत्रको रूपमा स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माणलाई लिएको छ। योजनाले स्वास्थ्य क्षेत्रमा नवीनतम प्रविधि विकास, यन्त्र उपकरणको व्यवस्थापन तथा जनशक्तिको विकासलाई जोड दिएको छ। प्रविधि तथा सामग्रीको व्यवस्थापन, भौतिक पूर्वधार, नवीनतम प्रविधि, मेसिन उपकरण तथा सामग्रीको व्यवस्था गर्नु, उपलब्ध भौतिक संरचना तथा उपकरणको कुशलतापूर्ण उपयोग गर्नु, सबै तहका सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा प्रदायकहरूको सेवालाई गुणस्तरीय तथा विश्वसनीय बनाउन तथा संस्थागत क्षमता अभिवृद्धि गर्नुलाई प्रमुख चुनौतीको रूपमा लिएको छ। गुणस्तरीय स्वास्थ्य सेवाको उपभोग अभिवृद्धि गर्न नवीनतम प्रविधि तथा कृत्रिम बौद्धिकताको उच्चतम प्रयोग गर्ने र वैकल्पिक उपायहरूको उपभोग गर्ने, सरकारी तथा निजी क्षेत्रका सङ्घ सस्थाहरूको समन्वय, साझेदारी र सहकार्यमा देशभित्र खपत हुने औषधीजन्य सामग्री तथा खोपको उत्पादनमा आत्मनिर्भर हुने रणनीति लिएको छ।

३.५. **दिगो विकासको लक्ष्य** - संयुक्त राष्ट्रसङ्घको महासभाले स्वीकृत गरेको दिगो विकास को लक्ष्य नं. ३.मा सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ। नेपालले सो लक्ष्यको Needs Assements, Costing and Financing अनुसार देहायका मातृमृत्युदर प्रति लाख जन्ममा २५८ बाट ११०, बालमृत्युदर ३८ बाट २८ मा झार्ने, आत्महत्यादर प्रति १ लाख १६.५ बाट ४.७ मा झार्ने, स्वास्थ्य बिमामा आवद्ध जनसख्या १०० प्रतिशत, स्वास्थ्य सस्थामा प्रसुति गराउने महिला ५५.२ बाट ९० प्रतिशत, गराउने लगायत ५० सूचक तय गरेको छ। दिगो विकासका निर्धारित लक्ष्य तथा सूचक हाँसिल गर्न सङ्घ, प्रदेश तथा स्थानीय तहको बजेट तथा कार्यक्रममा आन्तरिकीकरण गर्दै लगेको छ।

३.६. **वार्षिक नीति तथा कार्यक्रम र बजेट** - नेपाल सरकारले वार्षिक नीति तथा कार्यक्रम २०८१ मा सङ्घीय अस्पताललाई कार्यबोझका आधारमा पुनर्संरचना गर्ने वीर अस्पताल तथा ट्रमा जस्ता जनशक्ति भएका अस्पतालहरूमा दुई सिफ्टमा बहिरङ्ग सेवा सञ्चालन गर्ने नीति लिएको तथा आर्थिक वर्षको बजेटमा आधारभुत र आकस्मिक स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय बनाउन स्वास्थ्य संस्थामा अत्यावश्यक उपकरण, औषधी र दक्ष जनशक्तिको सुनिश्चित गर्ने, सङ्घीय अस्पतालमा जेरियाट्रिक वार्ड सञ्चालन गर्ने, वीर अस्पतालमा जलनको सघन उपचारका लागि आधुनिक कक्ष विस्तार गरिने, नयाँ निर्माण हुने ट्रमा सेन्टरलाई नजिकका स्वास्थ्य संस्था सँगको समन्वयमा सञ्चालन गर्ने व्यवस्था मिलाईने उल्लेख छ। सङ्घीय बजेटमा ३ वर्षमा वीर अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरको सेवा सुधार/विस्तार सम्बन्धी व्यवस्था निम्नानुसार छः-

आर्थिक वर्ष	बजेट वक्तव्यमा
२०७९।८०	• जेष्ठ नागरिकलाई विशिष्टकृत स्वास्थ्य सेवा सुनिश्चित गर्न थप २० वटा केन्द्रीय र प्रादेशिक अस्पतालमा ज्येष्ठ नागरिक वार्ड स्वास्थ्य गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाइएको, • गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान मार्फत सुपर स्पेसिलिटी सेवा सहितको स्वास्थ्य सेवा प्रदान गर्न अस्पताल स्थापना गर्ने कार्य अगाडि बढाइने, • क्यान्सर रोगको निदान गरी स्वदेशमै उपचार सेवा दिन आवश्यक पर्ने पेट स्क्यान मेशिन तथा साइक्लोटोन उत्पादन गर्ने मेसिन खरिद गर्न रु. ५० करोड बजेट व्यवस्था गरिएको,
२०८०।८१	• आधारभुत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाईने र विशिष्टकृत स्वास्थ्य सेवामा नागरिक पहुँच बढाईएको, • काठमाडौंको वीर अस्पतालमा रहेको वर्न युनिटलाई स्तरोन्नति गरी सुविधा सम्पन्न वर्न सेन्टरको रूपमा विकास गर्न आवश्यक वजेट व्यवस्थापन गरिएको, • सङ्घीय अस्पतालमा रहेका जनस्वास्थ्य प्रयोगशालाको स्तरोन्नती प्रयोगशालाको भवन निर्माण, उपकरण,परीक्षण किट्स, केमिकल, रियजेन्ट लागायतका सामग्री गर्न बजेट व्यवस्था गरिएको, • चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान लगायतका सबै सङ्घीय स्वास्थ्य विज्ञान प्रतिष्ठानको सञ्चालन र व्यवस्थापनमा एकरूपता कायम गर्न एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन तर्जुमा गरी सबै सङ्घीय अस्पताललाई विशिष्टीकृत स्वास्थ्य सेवा प्रदान गर्न सक्ने गरी सुपरस्पेसियालिटि सुविधा सहितको शिक्षण अस्पतालको रूपमा विकास गर्ने।
२०८१।८२	• वीर अस्पतालमा जलनको सघन उपचारका लागि आधुनिक कक्ष विस्तार गरिने, • सङ्घीय अस्पतालहरूमा जेरियाटिरक वार्ड सञ्चालनमा गरी जेष्ठ नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

४. **वित्तीय व्यवस्था र खर्च प्रगति**- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अन्तर्गत सञ्चालन हुँदै आएको वीर अस्पताल र ट्रमा सेन्टरको विगत पाँच आर्थिक वर्षको विनियोजित बजेट तथा खर्चको विवरण देहाय बमोजिम रहेको छः-

(रु. हजारमा)

कार्यालय	वीर अस्पताल			राष्ट्रिय ट्रमा सेन्टर		
आर्थिक वर्ष	विनियोजित बजेट	खर्च	खर्च प्रतिशत	विनियोजित बजेट	खर्च	खर्च प्रतिशत
२०७७।७८	२५,५३,५७६	२५,३६,१०३	९९।३२	७,८०,४३४	७,९९,२७५	१०२।४२
२०७८।७९	३३,९१,०८१	३५,००,००५	१०३।२२	८,१४,८०१	७,९१,९४६	९७।२०
२०७९।८०	२८,२६,६४८	३१,३६,४८६	११०।९६	१०,९८,७२४	११,१७,८६६	१०१।७४
२०८०।८१	२५,८५,४६६	२६,२८,४७६	१०१।६६	१२,४०,००३	११६९५४१	९४।३२
२०८१।८२	४४,०३,००७	४४,००,६९६	९९।९५	११,७६,२८४	११,४७,५३२	९७।५६
जम्मा	१,५७,५९,७७८	१,६२,०१,७६६	१०२।८०	५१,१०,२४६	५०,२६,१६०	९८।३५

५. **विषय छनोटको औचित्य** - गुणस्तरीय स्वास्थ्य सेवालाई सुदृढ गर्ने विषयलाई निरन्तरता दिई, प्राथमिकताको सम्बोधन गर्न ज्ञान, विज्ञान तथा प्रविधिमा भएको विकास र परिवर्तनलाई आत्मसात् गरी स्वास्थ्य उपकरणहरूको प्रभावकारी प्राप्ति तथा उपयोग गर्न आवश्यक छ। नेपाल सरकारले स्वास्थ्य यन्त्र उपकरणमा प्रयास लगानी गरे तापनि अपेक्षित रूपमा सेवा प्रवाह प्रभावकारी देखिएको छैन। त्यसैले स्वास्थ्य यन्त्रउपकरणहरूको प्राप्ति तथा उपयोगमा सुधारका सम्भावना पहिचान गरी मितव्ययी एंव प्रभावकारी स्वास्थ्य सेवा प्रवाह सुनिश्चितताका लागि सुधारका क्षेत्र पहिचान गरी सुझाव दिन कार्यमूलक लेखापरीक्षणमा यो विषय छनोट गरिएको हो।

परिच्छेद -२

लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

६. **लेखापरीक्षणको उद्देश्य** - अस्पतालमा स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोगको अवस्था विश्लेषण गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ भने सहायक उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- **स्वास्थ्य उपकरणहरूको खरिदमा कानुन परिपालनाको परीक्षण गर्नु**: प्रतिष्ठानले स्वास्थ्य उपकरणको खरिद कार्य गर्दा वार्षिक खरिद योजना तथा खरिद गुरूयोजनाको अवलम्बन गरी प्रचलित खरिद कानुन र विधिको पालना गरेको छ कि छैन मूल्यांकन गर्नु,
- **स्वास्थ्य उपकरणहरूको प्राप्ति तथा उपयोगको अवस्था विश्लेषण गर्नु**: प्रतिष्ठानले स्वास्थ्य सेवा सञ्चालनका लागि खरिद गरेका तथा अन्य निकायबाट प्राप्त गरेका स्वास्थ्य यन्त्रउपकरणहरूको सही सदुपयोग भए नभएको नमूना परीक्षण गर्नु,
- **स्वास्थ्य सेवा प्रवाहमा स्वास्थ्य उपकरणको प्रभावकारिता विश्लेषण गर्नु**: प्रतिष्ठानमा स्वास्थ्य यन्त्रउपकरणको प्रयोगको अवस्था के कस्तो रहेको छ? बिरामीहरूले समयमा स्वास्थ्य सेवा पाए, नपाएको सम्बन्धमा मूल्याङ्कन गर्नु,

७. **लेखापरीक्षणको क्षेत्र** - वीर अस्पताल तथा राष्ट्रिय ट्रमा सेन्टरसँग सम्बन्धित स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग सम्बन्धी कार्यसम्पादन प्रकृया, नीतिगत तथा कानुनी व्यवस्था, कार्यप्रगति विवरण तथा प्रतिवेदनलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार अन्य सम्बन्धित निकायबाट आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ। आर्थिक वर्ष २०७७।७८ देखि २०८१।८२ सम्मका क्रियाकलापहरू लेखापरीक्षणमा समावेश गरिएको छ। सम्बन्धित अस्पतालहरूले उपलब्ध गराएको अद्यावधिक तथ्याङ्कमा आधारित भएर लेखापरीक्षण सम्पन्न गरिएको छ।

८. **लेखापरीक्षणको पद्धति तथा आधार** - नेपाल सरकारी लेखामान बमोजिम र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजना, २०८२, लेखापरीक्षण मानदण्ड (ईसाइ ३०००), कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८१ बमोजिम कार्यमूलक लेखापरीक्षण गर्दा स्वास्थ्य यन्त्रउपकरणको प्राप्ति तथा उपयोगको अध्ययन तथा विश्लेषण गरिएको छ। लेखापरीक्षणको प्रमाण सङ्कलनको लागि सरोकारवालासँग छलफल, कागजात भिडान, प्रश्नावली सङ्कलन आदि विधि अपनाइएको छ। विषयसँग सम्बन्धित जोखिम मुल्याङ्कन गरी पहिचान भएका विषयको परीक्षण गर्ने सन्दर्भमा प्रर्याप्त सान्दर्भिक प्रमाण सङ्कलन गर्न आवश्यकता अनुसार नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि, विस्तृत विवरणको परीक्षण विधि समेत अवलम्बन गरिएको छ। समग्रमा प्रक्रियामूलक तथा नतिजामूलक विधिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणका आधारका रूपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्थाहरूमा उल्लेख भएका विषयहरूलाई लिइएको छ। लेखापरीक्षणको उद्देश्य, क्षेत्र, र तरिका सम्बन्धमा जानकारी दिन लेखापरीक्षण प्रवेश वैठक र लेखापरीक्षण सम्पन्न भएपश्चात देखिएका बेहोराउपर व्यवस्थापनसँग दफावार छलफल गरी सम्बन्धित निकायको प्रतिकृयाको समेतलाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ।

९. **लेखापरीक्षणको सीमा** - स्वास्थ्य यन्त्रउपकरण प्रयोगको अवस्थाको लेखापरीक्षण गर्दा प्राप्त सूचना विवरण र तथ्याङ्क तथा कार्यालयबाट अनुसूची फाराममार्फत प्राप्त तथ्याङ्कलाई प्रमुख स्रोतको रूपमा उपयोग गरी औपचारिक तथा अनौपचारिक रूपमा कार्यालयका पदाधिकारी, कर्मचारीसँग भएको

छलफल तथा बिरामीहरूबाट प्राप्त जनाकारी समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ। कतिपय सम्बद्ध सूचना, जानकारी तथा तथ्याङ्कका लागि औपचारिक वेभसाईटलाई प्रमुख आधारका रूपमा लिईएकोमा उपलब्ध तथ्याङ्कको पर्यासतामा कमी हुन सक्ने, लेखापरीक्षणका लागि उपलब्ध जनशक्ति र समयको सीमा, सूचना प्राप्तिका कठिनाइ लगायतका समस्याले लेखापरीक्षणको दायरालाई सीमित गरेको छ। लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, कारोवारको नियन्त्रण जोखिमको मात्रा तथा लागतको दृष्टिकोणबाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनोट गरी परीक्षण गरिएको छ।

परिच्छेद -३
लेखापरीक्षणबाट देखिएका बेहोरा

अस्पतालमा गुणस्तरीय उपकरणको प्रयाप्तता, उपयोग, र व्यवस्थापन तथा अन्तर अस्पताल समन्वय गरी स्वास्थ्य सेवा प्रवाहमा सीमित स्रोत र साधनको उचित उपयोगमार्फत सुधार ल्याउन वीर अस्पताल तथा राष्ट्रिय ट्रमा सेन्टरमा स्वास्थ्य उपकरणको खरिद/प्राप्ति तथा उपयोग सम्बन्धमा कार्यमूलक लेखापरीक्षणबाट देखिएका बेहोरा देहायबमोजिम छन्।

सकारात्मक पक्षहरू

- वीर अस्पतालले बिरामीको चाप कम गर्न र लाइन बस्नुपर्ने झन्झट हटाउन २०८० देखि अनलाइन टिकेटिङ्ग प्रणाली लागू गरेको,
- अस्पतालले नयाँ अत्याधुनिक सर्जिकल भवन पूर्ण रूपमा सञ्चालनमा ल्याएको, जसले गर्दा अस्पतालको कुल शय्या क्षमता ९६० सम्म पुगेको,
- राष्ट्रिय ट्रमा सेन्टरले स्पाइन इन्डोस्कोपी मेसिनबाट मेरूदण्डको जटिल शल्यक्रियालाई सानो प्वालबाट गर्न सक्ने गरी अत्याधुनिक प्रविधिको प्रयोगबाट उपचार सुरूवात गरेको,
- आधुनिक प्रविधि र उच्च स्तरको सरसफाइ कायम सहितको आधुनिक शल्य चिकित्सा पद्धति बाट अपरेटिभ सेवा सञ्चालनमा ल्याएको,
- वीर अस्पतालले क्यान्सर विरामीबाट अत्याधुनिक टोमोथेरापी मेसिनबाट सेवा प्रदान सुरु गरेको,
- वीर अस्पतालले न्यूरो सर्जरीका लागि VEEG Deep Brain Stimulation जस्ता अत्याधुनिक प्रविधीहरूको पहिलोपटक सरकारी अस्पतालमा सुरूवात गरेको,
- वीर अस्पताल तथा राष्ट्रिय ट्रमा सेन्टरमा सरकारी जिन्सी व्यवस्थापन प्रणाली PAMA V_2 कार्यान्वयनमा आएको,

सुधार गर्नुपर्ने पक्षहरू

१०. **खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोड भन्दा बढि रूपैयाँभन्दा बढिको खरिद गर्नुपर्नेमा खरिद गुरूयोजना र नियम ८ मा वार्षिक १० लाख रूपैयाँभन्दा बढिको खरिद गर्नुपर्ने भएमा खरिद योजना तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ। अस्पतालले करोडौं मूल्यका टोमोथेरापी मेसिन, भेन्टिलेटर, डायलाइसिस मेसिन र मोडुलर ओटी सेट जस्ता स्वास्थ्य उपकरण खरिद गर्दा गुरूयोजना तयार गरेको देखिएन। उपकरण जडान गरिने स्थानको उपलब्धता, आवश्यक विद्युतीय पूर्वाधार र मेसिन सञ्चालन गर्ने विशेषज्ञ जनशक्तिको पूर्व-सुनिश्चितता बिना नै खरिद प्रक्रिया अघि बढाएको देखिन्छ। खरिद योजना/गुरूयोजना स्वीकृत गराई स्वास्थ्य उपकरणको उपयोगी आयु र वारेन्टी पश्चातको वार्षिक मर्मत लगायतका सर्त योजनामा समावेश नगर्दा उपकरणहरू सामान्य प्राविधिक समस्या देखिनासाथ प्रयोगमा आउन नसकेको अवस्था छ। खरिद योजना र अस्पतालको वास्तविक सेवा प्रवाहको आवश्यकताबिच तादात्म्यता हुन नसकेको उपकरणहरू पुरानो भई राज्यको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन। वीर अस्पतालमा खरिद योजना/ गुरूयोजना बनाइ कार्यान्वयन हुन नसक्दा ३ आर्थिक वर्षमा खरिदका लागि आवह्वान भएका ठेक्काको सम्झौता विवरण देहायबमोजिम देखियो।

आर्थिक वर्ष	दोस्रो चौमासिक	तेस्रो चौमासिक	असार महिनामा	रद्द भएका	जम्मा
२०७९।८०	२५	१९	७	१	४५
२०८०।८१	१२	३१	१७	१	४४
२०८१।८२	२९	३८	९	७	७४

अस्पतालमा आर्थिक वर्ष ०७९।८० मा ४५ मध्ये ७, ८०।८१ मा ४४ मध्ये १७, ८१।८२ मा ७४ मध्ये ९ वटा ठेक्का असारमा सम्झौता भएको देखियो। त्यस्तै आर्थिक वर्ष ७९।८०, ८०।८१ र ८१।८२ मा क्रमशः१,१,७ वटा ठेक्का रद्द भएको देखियो। समयमै गुरूयोजना स्वीकृत नगराई खरिद सम्झौता तथा स्वास्थ्य उपकरणहरूको आपुर्ति तथा ठेक्का रद्द भएको देखिन्छ। बजेट सुनिश्चितता बिना स्वास्थ्य उपकरणहरू असार महिनामा खरिद गर्ने प्रवृत्तिले पछिल्लो वर्षका लागि थप दायित्व सर्ने गरेको देखियो। खरिद गर्दा नियमानुसार योजना/गुरूयोजना स्वीकृत गराई योजना चरणमै जनशक्ति र पूर्वाधारको सुनिश्चितत गरी सार्वजनिक खरिदमा कार्यदक्षता र प्रभावकारिता कायम गर्नुपर्दछ।

११. **उपकरण मर्मत-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७, को नियम ९९(६) मा मर्मत संभार गर्नुपर्ने, भनी उल्लिखित जिन्सी मालसामानको मर्मत सम्भारको लागि आवश्यक पर्ने रकम बजेट तर्जुमा गर्दाको बखत बार्षिक बजेटमा समावेश गर्ने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। ट्रमा सेन्टरमा शल्यक्रिया गर्दा बिरामीको शरीरको भित्री भागको वास्तविक त्रि-आयामिक तस्बिरहरू प्रदान गरी शल्यक्रियाहरूमा मस्तिष्क, मेरुदण्ड, र हड्डी लगायत उच्च स्तरको उपचारमा सुनिश्चिता गर्न उपयोग हुने रू २० करोड ४० लाखको इन्ट्राअपरेटिभ सिटी र नेभिगेसन उपकरण २०७९।०६।२८ मा नेपाल सरकारबाट हस्तान्तरण भएकोमा उक्त मेसिन विग्रिएकोले सञ्चालन भएको देखिएन। त्यस्तै भारत सरकारबाट २०७६।०९।१३ अनुदान प्राप्त भएको रू ८६ लाख १० हजारको सि आर्म मेशिन, २०७३।०९।१५ मा प्राप्त भएको मूल्य रू ९९ लाख ६६ हजार Bacmancounter पनि विग्रिएको अवस्थामा छ। जिम्मेवार व्यक्तिले समयमा मर्मत संभार लागायतका उपयुक्त व्यवस्था नगर्दा सम्पति सदुपयोग विना स्वास्थ्य उपकरणमा थप ह्रास भई सेवा प्रवाहमा असर परेको छ। स्वास्थ्य उपकरणको उपयुक्त व्यवस्थापन गरी नियमित मर्मत संभार र सोको सदुपयोग गर्नुपर्दछ।



ट्रमा सेन्टरमा विग्रिएर मर्मत नभएको इन्ट्राअपरेटिभ सिटी र नेभिगेसन उपकरण

१२. **सञ्चालन नभएका अक्सिजन प्लान्टहरू** - सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ९९(४) मा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएको मर्मत संभार गर्नुपर्ने सम्पति तथा मालसामान ३ महिना भित्र मर्मत संभार गर्नुपर्ने व्यवस्था छ। वीर अस्पतालमा २ वटा अक्सिजन प्लान्ट रहेको भएतापनि

अक्सिजन प्लान्ट सञ्चालन नगरी प्रत्येक वर्ष आवश्यक अक्सिजन सप्लायर्सबाट खरिद गरी प्रयोग गर्ने गरेको देखियो। वीर अस्पताल र मेडि अक्सी प्रालि सँग २०७३।३।३१ को सम्झौता बमोजिम मूल्य अभिवृद्धि करबाहेक रु.२ करोड ३५ लाख मा Oxygen Plant with Container खरिद गरेको देखियो। आपुर्तिकर्तासँग भएको सम्झौतामा मेसिन जडान गरेको २ वर्षको वारेण्टि अवधि समयभित्र निशुल्क सर्भिसिङ्ग र वारेण्टिको अवधि सकिए पश्चात १० वर्ष सम्म स्पेयर पार्ट उपलब्ध गराउनुपर्ने उल्लेख छ, तर नियमित मर्मत सम्भारको अभावले २०७७।०१।०२ देखि अक्सिजन प्लान्ट बन्द भएको अवस्था छ।

प्लान्टको Air end को Coupling को लागि प्रयोग हुने Hilux Gayer,Gasket For Hilux Gayer, Elastic Ring Dylex बदल्न पर्ने देखिएकोले सो कार्यको लागि रु. १३ लाख ९० हजार को लागत अनुमान गरेको भएता पनि कार्य अगाडि बढेको देखिएन। राष्ट्रिय आविष्कार केन्द्रले गरेको मर्मतले एक महिना सञ्चालन भएतापनि हाल प्लान्ट बन्द रहेको छ।




हाल सञ्चालनमा नरहेका अक्सिजन प्लान्टहरू

नबिल बैंकले वीर अस्पताललाई २०७८।०७।०१ मा ८ करोड रूपैंयाको दैनिक रूपमा १५० (४० लिटर क्षमताका) सिलिन्डर भर्न सक्ने अक्सिजन प्लान्ट औपचारिक रूपमा अस्पताललाई हस्तान्तरण भएकोमा हाल उक्त प्लान्ट पनि बन्द रहेको छ। अस्पतालको दुवै प्लान्ट बन्द भएकोले आर्थिक वर्ष २०८१।०८२ मा मात्र शंकर ग्यास सप्लायर्सलाई रु.३ करोड ९४ हजार Liquid Oxygen Gas खरिदको भुक्तानी गरेको छ। अस्पतालको प्लान्ट मर्मत गरी सञ्चालन नगराई अक्सिजन खरिद गर्दा थप व्यभार परेको, लामो समय मर्मत नहुँदा मूल्यह्रास हुँदै जाने देखिएकोले अक्सिजन प्लान्टहरूको कार्यक्षमतामा नियमित सञ्चालन गरी स्रोतको प्रभावकारी उपयोग गर्नुपर्दछ।

१३. **PAMS दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा हस्तान्तरण भई प्राप्त भएको सम्पति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। नेपाल सरकारको २०७७ कार्तिक २० मा भएको निर्णयअनुसार सबै तहको सरकारी कार्यालयको सार्वजनिक कोषको खर्चमा वित्तीय पारदर्शिता र जबाफदेहिता साथै विद्युतीय सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता, गुणस्तरीयता र प्रभावकारिता कायम गर्न सबै तहका सरकारले लागू गर्नुपर्ने गरी सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) प्रयोगमा ल्याएको छ। कार्यालयको जिन्सी व्यवस्थापनको प्रतिवेदन अध्ययन गर्दा अस्पतालमा आर्थिक वर्ष २०८०।८१ मात्र जिन्सी व्यवस्थापन प्रणाली (PAMS) लागु गरी अभिलेखाङ्कन गरेको देखिएतापनि गत विगतका खर्च भएर नजाने जिन्सी सामानको प्रविष्टि गरेको देखिएन। वीर अस्पतालमा २०७७।७८ देखि २०८१।८२ सम्म जिन्सी व्यवस्थापन प्रणाली (PAMS) मा आम्दानी अद्यावधिक गर्न बाँकी टिएमजे अर्थोस्कोपी, डर्माटोमी, इलेक्ट्रोफोरेसिस मेशिन लगायतका रु.१५ लाख भन्दा बढी मुल्यका स्वास्थ्य उपकरणहरू रहेका छन्।

यसको विस्तृत विवरण अनुसूची -१ मा रहेको छ। कार्यालयले सरकारी सम्पति व्यवस्थापन प्रणाली (PAMSv2)मा सम्पूर्ण स्वास्थ्य यन्त्र उपकरणको मूल्य, मोडेल, स्पेसिफिकेसन, वारेण्टी ग्यारेण्टी अवधि, आयु, खुल्ने गरी जिन्सी अभिलेखाङ्कन गरी जिन्सी सम्पति अभिलेख अध्यावधिक गर्नुपर्दछ।

१४. **मालसामानको लगत**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानको निरीक्षण गरी गराई प्रतिवेदन लिनु पर्ने व्यवस्था छ। वीर अस्पतालको आर्थिक वर्ष २०८१।०८२ को जिन्सी निरीक्षणका लागि समिति गठन भएतापनि लेखापरीक्षण अवधिसम्म निरीक्षण प्रतिवेदन प्राप्त भएन। विगतको निरीक्षण प्रतिवेदनमा खर्च भएर नजाने मालसामान तथा स्वास्थ्य उपकरण को विवरण, मालसामानको मूल्य, मर्मत संभार गर्नुपर्ने तथा, लिलाम विक्री गर्नुपर्ने जिन्सी मालसामान तथा स्वास्थ्य उपकरण समावेश गरी प्रतिवेदन दिनुपर्नेमा सम्बन्धित वर्षमा खरिद भएका जिन्सी उपकरणको मात्र विवरण समावेश गरी जिन्सी निरीक्षण प्रतिवेदन दिएको कारण अस्पतालमा स्वास्थ्य उपकरणहरूको अद्यावधिक विवरण प्राप्त हुन सकेन। मेसिन तथा उपकरणको खरिद र उपयोग व्यवस्थापन एंव संरक्षण सम्वर्धन गर्न स्वीकृत ढाँचा बमोजिम अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

१५. **स्वास्थ्य उपकरणको आवधिक मर्मत**- सार्वजनिक खरिद ऐन २०६३, को दफा ४१ (ग) मा खरिद गरिने मालसामान आपूर्ति गर्ने अधिकार एक मात्र आपूर्तिकर्तासँग भएको र अन्य उपयुक्त विकल्प नभएमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली २०६४, को ८५(५) नियम मा प्रोपाइटरी मालसामान खरिद गर्दा साविक सम्झौता मूल्यको तीस प्रतिशत मूल्यसम्म खरिद गर्न सकिने र सोही नियमावलीको नियम ८६(घ) बमोजिम आपूर्तिकर्ताबाट प्रस्तावित मूल्य उचित भए नभएको सम्बन्धमा यकिन गर्नुपर्ने व्यवस्था छ।कार्यालयले वार्षिक मर्मत र व्यापक वार्षिक सम्झौता गर्दा आपूर्तिकर्ताबाट प्रस्तावित मूल्य उचित भए नभएको सम्बन्धमा यकिन गरेको देखिएन।

२(रु. हजारमा)



अस्पतालले २०७७/७८ मा MRI 1.5 Slice मेसिनको CMC प्रतिवर्ष रु. ९१ लाख ९४ हजार र त्यसपछि प्रतिवर्ष ५ प्रतिशतको दरले वृद्धि गर्दै आर्थिक वर्ष २०८१।०८२ मा रु.१ करोड ५ लाखमा सम्झौता गरेको देखियो। आर्थिक वर्ष २०७९/८० मा 128 Slice को CT Scan Machine रू ७० लाख र प्रतिवर्ष ५ प्रतिशत वृद्धि गर्दै २०८१/८२ मा रु.७७ लाख दिने सम्झौता गरेको छ। यन्त्र उपकरणहरूको मर्मतसम्भार तथा सञ्चालन निरन्तरताका लागि वार्षिक मर्मत/व्यापक मर्मत सम्झौता गरेको देखिएता पनि उक्त सम्झौताहरू लागत-लाभ विश्लेषणको आधारमा नगरी सामान्य प्रक्रियामै आपूर्तिकर्ताबाट प्रस्तावित मूल्यमा सम्झौता थप गर्दै गरेको पाइयो। उपकरण प्रयोगको अवस्था, मर्मतको आवृत्ति तथा वास्तविक आवश्यकता मूल्याङ्कन नगरी वार्षिक मर्मत/व्यापक मर्मत सम्झौता गरिएको कारण आर्थिक भार परेको, व्यापक मर्मत अन्तर्गत समावेश हुने स्पेयर पार्ट्स, सेवा स्तर तथा प्रतिक्रिया, समय सम्झौतामा उल्लेख भएतापनि सोको सेवा अवरूद्धका सम्बन्धमा अभिलेख प्राप्त नभएकोले सम्झौता कार्यान्वयन भए नभएको यकिन हुन सकिएन। यसले खर्चको प्रभावकारिता घटाउनुका साथै सेवा गुणस्तरमा पनि असर पर्ने सम्भावना रहने हुँदा वार्षिक मर्मत/व्यापक मर्मत सम्झौता खरिद अघि उपकरण प्रयोग अवस्था, मर्मत गर्नुपर्ने अवस्था विश्लेषण अनिवार्य गर्ने, स्पष्ट कार्यदायित्व तथा सेवा मापदण्ड सहित सम्झौता गर्ने, लाभ लागत विश्लेषण गर्ने, प्रतिकृया समयको कार्यान्वयन गर्न लगाउनुको साथै यन्त्र उपकरण पूर्ण क्षमतामा सञ्चालन हुने व्यवस्था मिलाउनुपर्छ।

१६. **टोमोथेरापी मेसिन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को १(ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था छ। चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल) ले अङ्कोलोजी विभागको लागि सिटी स्क्यान र रेडियोथेरापीको सम्मिश्रण सहित क्यान्सरको ट्युमरमा मात्र सटिक रूपमा विकिरण पठाउन सकिने अत्याधुनिक टोमोथेरापी मेसिन खरिद गर्न रु.३९ करोड ९९ लाख ८२ हजारमा लाइफलाइन ट्रेड इन्टरनेशनल प्रालिसँग मिति २०७४।३।२९ मा सम्झौता गरी हालसम्म रु.३३ करोड ५ लाख ६० हजार मात्र भुक्तानी गरेको छ। मेसिन पूर्ण क्षमतामा सञ्चालन हुँदा दैनिक ५० देखि ६० बिरामीलाई सेवा दिने क्षमता रहेको भनिएता पनि २० देखि २५ विरामीले सेवा प्राप्त गर्न सकेको कारण बिरामीले पालो पाउन दुईदेखि तीन महिनासम्म कुर्नुपर्ने अवस्था छ। उक्त मेसिन सन् २०२४ मा ४ हप्ता र २०८२।७।१३ देखि २०८२।१०।२६ सम्म दुई पटक बिग्रिएको अवस्थामा व्यापक मर्मत सम्झौता अनुसार समयमै मर्मत भएको देखिएन। लामो समय सेवा अवरूद्ध हुँदा बिरामीहरू निजी अस्पतालमा चर्को शुल्क तिर्ने अवस्था सिर्जना भएको गुनासो रहेको छ। मेसिन मर्मत गर्ने सक्ने जनशक्ति नेपालमा नहुँदा उत्पादक कम्पनीमा भर पर्नुपर्ने तथा आवश्यक पार्टपुर्जा विदेशबाट मगाउँदा लाग्ने प्रक्रियाले गर्दा मेसिनको प्रयोगविहिन अवधि अत्याधिक बढेको देखिन्छ। आपुर्तिकर्तालाई व्यापक मर्मत सम्झौताको पूर्ण कार्यान्वयन गर्न उत्तरदायी बनाई उपलब्ध स्वास्थ्य उपकरणको नियमित र प्रभावकारी उपयोग गर्नुपर्दछ।

१७. **स्वास्थ्य उपकरणको उपयोग** - जनस्वास्थ्य ऐन, २०७५ को दफा ७ मा नेपाल सरकारले प्रत्येक नागरिकलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। कार्यालयमा उपलब्ध भएका ठूला स्वास्थ्य यन्त्र उपकरणको सञ्चालन स्थिति तथा मासिक विवरण वीर अस्पताल र ट्रमा सेन्टरले व्यवस्थित अभिलेखाङ्कन नगरेकोले उपकरणको क्षमता र कार्यसम्पादन स्थिति विश्लेषण गर्न सकिएन। वीर अस्पतालको सेवा प्रवाह विवरणअनुसार सिटी स्क्यान, एम.आर.आइ, कोलोनस्कपी, इन्डोस्कपी सम्बन्धी सेवा प्राप्त गर्ने विरामीको सङ्ख्या विश्लेषण गर्दा २०७८/७९ मा CT Scan ११,५८३ ले गरेकोमा हाल यो संख्या २०८१/८२ मा करिब १६,९९९ पुगेको छ भने MRI सेवा

६,०४९ बाट ८,०२० सम्म वृद्धि भएको छ। त्यस्तै Endoscopy सेवा ३,७०४ बाट ६,६१० सम्म पुगेको देखिंदा सेवा प्रवाह वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०८१/८२ मा Colonoscopy सेवा भने १,३०५ बाट १,८७६ पुगेको छ।



वीर अस्पतालमा यन्त्र उपकरणकणबाट आर्थिक वर्ष अनुसार सेवा प्राप्त गर्ने सेवाग्राही

अस्पतालको अपोईन्टमेन्ट अभिलेख अनुसार अस्पतालको सेवा प्राप्त गर्ने बिरामीको संख्यामा वृद्धि भए पनि उच्च प्रविधियुक्त सेवामा MRI का लागि कम्तिमा पनि १ देखि २ महिना र CT Scan का लागि कम्तिमा ५ देखि ७ दिनमा पर्खनुपरेको स्थिति छ। यसले बिरामीको उपचार ढिलो हुने, रोग जटिल बन्ने तथा निजी क्षेत्रमा महँगो सेवा लिन बाध्य हुने अवस्था सिर्जना भएको छ। कार्यालयमा रहेको CT Scan Machine (16 Slice) हाल प्रयोगमा नरहेको कारण पनि बिरामीको चाप बढ्न गएको देखिन्छ। उपलब्ध भएका स्वास्थ्य उपकरणको समयमै मर्मत संभार गरी गरी सञ्चालन गर्ने, आवश्यक जनशक्ति व्यवस्थापन गर्ने, व्यवस्थित अपोइन्टमेन्ट प्रणाली मार्फत् प्राथमिकताका आधारमा सेवा व्यवस्थापन गरी सेवाप्रवाहमा प्रभावकारिता ल्यानुपर्दछ।

१८. **जनशक्ति व्यवस्थापन**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५५ मा सरकारी सम्पतिको संरक्षण तथा तोकिएको काममा खर्च गर्नुपर्ने व्यवस्था छ। भारत सरकारबाट २०७२।०९।१२ मा रु.५ करोड ३७ लाख ८२ हजारको नसा सम्बन्धी रोगको पहिचान गरी सुरक्षित र भरपर्दो उपचार गर्ने डिजिटल सवस्ट्राक्सन एन्जियोग्राफी प्रविधिको क्याथल्याव मेसिन अनुदान प्राप्त भएकोमा जनशक्ति अभावले उक्त मेसिन सञ्चालन गर्न सकेको देखिएन। अनुदान प्राप्त स्वास्थ्य उपकरण प्रयोग नहुँदा नागरिकले उक्त सेवाबाट वञ्चित हुनुपरेको देखिएकोले मेसिन सञ्चालनको लागि आवश्यक जनशक्ति व्यवस्था गरी सेवा प्रवाहमा थप सुधार ल्याउनुपर्दछ।



जनशक्ति अभावमा प्रयोगविहीन अवस्थामा रहेको क्याथल्याव मेसिन

१९. **स्वास्थ्य उपकरणको मर्मत सम्भार**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४(१) मा बमोजिमको प्रतिवेदन प्राप्त भए पछि मर्मत सम्भार गर्नु पर्ने सम्पत्ति तथा जिन्सी मालसामानको हकमा तीन महिनाभित्र मर्मत सम्भार गरी सक्नुपर्ने व्यवस्था छ। ट्रमा सेन्टरमा रहेका सघन उपचार कक्ष, अपरेसन थिएटर र रेडियोलोजी विभागका विभिन्न स्वास्थ्य उपकरणहरू समयमा मर्मत गरी सञ्चालन हुन नसक्दा सेवा प्रवाहमा प्रत्यक्ष असर परेको छ। उच्च मूल्यका मेसिनहरू वारेन्टी अवधि समाप्त भएपश्चात् वार्षिक मर्मत सम्झौताको अभावमा वा आवश्यक पार्टपूर्जा समयमै उपलब्ध नहुँदा लामो समयदेखि थन्किएको छ। राष्ट्रिय ट्रमा सेन्टरको विगत पाँच आर्थिक वर्षको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत गर्नुपर्ने केही मुख्य उपकरणहरू निम्नअनुसार रहेका देखियो।

उपकरणको नाम	आर्थिक वर्षसंख्या				
	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
द्वलभकतजभकष्व	५	८	८	४	२
ऋ.द्वच: :बअजप्लभ	६	६	६	१	२
ख्भलतर्पबितयच	१०	०	०	७	८
रक्न :बअजप्लभ	३	३	३	२	३
भ्ऋन :बअजप्लभ	३	३	३	०	३
ह्.च्वथ :बअजप्लभ	१	१	१	०	३
ऋत.क्अबल	०	०	०	१	१
ऋबतज बिद धप्तज म्द्ब	०	०	०	१	१
म्भक्बतकभ ९म्ड०० च्वततभचथ	०	०	०	२	२
क्ष्ऋर भभिअतचष्ञ च्वततभचथ	०	०	०	०	५
छ्.ङगलअतष्यलबि भभिअतचष्ञ च्वभम ९:भमष्ञबि०	०	०	०	०	४
एबतष्मलतक :यलप्तयच	६	१२	१२	०	३०
क्थचप्लनभ एगलभत	१८	१८	१८	०	२०
द्वद्यन :बअजप्लभ	२	२	२	१	१
द्वचतजयकअयउथ क्थकतभ्क	०	०	०	१	१

उक्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ देखि नै एनेस्थेसिया, भेन्टिलेटर र सिरिन्ज पम्प जस्ता स्वास्थ्य उपकरणहरू निरन्तर मर्मतको सूचीमा रहनुले यस्ता उपकरणहरूको प्रयोग हुन नसकेको अवस्था छ। आर्थिक वर्ष २०८१/८२ मा मात्रै ३० वटा पेसेन्ट मोनिटर र २० वटा सिरिन्ज पम्प मर्मत नहुँदा अस्पतालको आकस्मिक र सघन उपचार कक्षको सेवा प्रवाहमा असर परेको देखिन्छ। शल्यक्रियाका लागि अनिवार्य मानिने सी-आर्म र एनेस्थेसिया मेसिनहरू वर्षेनी मर्मतको सूचीमा दोहोरिनुले अस्पताल कार्यसम्पादन दक्षता कमजोर देखिएको छ। सेन्टरले स्वास्थ उपकरणहरूको मर्मत, सम्भार र अभिलेखीकरणमा जोड दिँई स्वास्थ्य उपकरणको कार्यदक्षतामा सुधार ल्याई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्छ।

२०. **लिलाम बिक्री**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ मा प्रयोग नहुने वा मर्मत हुन नसक्ने सरकारी सम्पत्तिको समयमै लिलाम बिक्री गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय ट्रमा सेन्टरको निम्न आर्थिक वर्षको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार लिलाम गर्नुपर्ने केही मुख्य उपकरणहरूको अवस्था निम्मानुसार रहेको छ।

उपकरणको नाम	आर्थिक वर्षसंख्या		
	२०७९।८०	२०८०।८१	२०८१।८२
ख्भलतर्पबितयच	०	१९	०
रक्न :बअजप्लभ	०	४	६
भ्क्ष्न :बअजप्लभ	०	८	५
ह्.च्वथ :बअजप्लभ	०	२	५
क्ष्त.क्अबल	०	०	०
क्ष्बतज बिद ध्तज म्क्द्व	०	०	१
म्भकबतकभ ९म्डण० द्यबततभचथ	०	०	२
ध्क्ष्र भभिअतचष्ञ द्यबततभचथ	०	०	५
छ्.ङगलअतष्यलबि भभिअतचष्ञ द्यभम ९:भमष्ञबठ०	०	०	४

आर्थिक वर्ष २०८०/८१ मा १९ वटा भेन्टिलेटर, ८ वटा ई.सी.जी. र ४ वटा यु.एस.जी. मेसिनहरू एकैपटक लिलामको सूचीमा परेको देखिन्छ। उल्लिखित आर्थिक वर्षको जिन्सी निरीक्षण प्रतिवेदनको विश्लेषण गर्दा २०८१/८२ मा पनि निरन्तर रहँदै यु.एस.जी., ई.सी.जी. र एक्स-रे मेसिनका अतिरिक्त क्याथ ल्याब, डर्माटोम ब्याट्री र इलेक्ट्रिक बेड जस्ता आधुनिक उपकरणहरू काम नलाग्ने अवस्थामा पुग्नुले सेवा प्रवाहमा असर परेको छ। लिलाम विक्रीगर्नुपर्ने स्वास्थ्य उपकरणहरूको समयमै लिलाम बिक्री गर्ने गरेको पाइएन। अस्पतालको स्थलगत निरीक्षण गर्दा अस्पतालका करिडोर, छत र खुल्ला स्थानमा उपकरणहरू असुरक्षित रूपमा रहेका देखिन्छन्। प्रतिष्ठानले तत्काल मर्मत हुन नसक्ने र काम नलाग्ने उपकरणहरूको विवरण तयार पार्ने, ती सामग्रीहरूको न्यूनतम लिलाम मूल्य तोकी प्रचलित कानुन बमोजिम लिलाम बिक्री प्रक्रिया सम्पन्न गरी सामग्रीको लगत कट्टा गर्ने कार्य अघि नबढाउँदा उपकरणहरूको ह्रास मूल्य समेत घट्दै गएको छ। लिलाम विक्री गर्नुपर्ने स्वास्थ्य उपकरणहरूको कानुनी प्रक्रिया बमोजिम लिलाम गरी जिन्सी व्यवस्थापनमा सुधार गर्नुपर्दछ।

२१. **निजामती अस्पताल, काठमाडौंका स्वास्थ्य उपकरणहरू -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम २ मा जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत संभार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण खुलाउनु पर्ने व्यवस्था छ। अस्पतालबाट प्राप्त विवरण अनुसार देहायका स्वास्थ्य उपकरणहरू सञ्चालनमा नरहेको देखिन्छ।

२१.१. अस्पतालमा चीन सरकारबाट अनुदानमा प्राप्त एम. आर. आई. मेशिन १ थान (०.३५ टेस्ला) हाल बन्द अवस्थामा रहेको पाइयो। इमेज रिजोलुसन कम भएकोले नयाँ प्रविधिको ३.टेस्ला मेशिन खरिद भएपश्चात् उक्त मेशिन कम प्रयोगमा रहेकोले मर्मत नगरिएको अस्पतालले जनाएको छ।

२१.२. सिटी स्क्यान मेशिन १ थानको वल्भेराईन सिबी एसेम्बली र कोलीमेटोर, वल्भेराईन २.०, एफआरयु ए एस एम लगायतका स्पेयरपार्टस बिग्रिएर २०८२ माघ देखि मेशिन बन्द हुँदा हाल सिटी स्क्यान सेव पूर्णरूपमा बन्द रहेको छ। मेशिन बन्द हुँदा सिटी स्क्यान गर्नुपर्ने इमर्जेन्सी बिरामी र रेडियोथेरापी लगायतका सोसँग सम्बन्धित अन्य सेवाहरू प्रभावित हुँदा अस्पतालको सेवा प्रवाहमा प्रत्यक्ष असर परेको छ।

२१.३. अस्पतालमा रहेको २ थान अक्सिजन प्लान्ट मध्ये २०७६ असारमा रु.८३ लाखमा खरिद गरेको प्रतिदिन ५० सिलिण्डर अक्सिजन उत्पादन गर्ने अक्सिजन प्लान्ट मात्र सञ्चालनमा रहेको पाइयो। अर्को सूर्य नेपाल प्रालिको रु.२ करोड अनुदानमा प्रतिदिन ३५० सिलिण्डर अक्सिजन उत्पादन गर्ने क्षमता भएको प्लान्ट १ वर्ष सम्म सञ्चालन भए पनि सो पश्चात् मर्मत संभार नहुँदा बन्द रहेको छ। अस्पतालले

उक्त प्लान्ट मर्मत नगरी आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्ममा रु.२ करोड ७६ लाख ६ हजारको अक्सिजन ग्याँस खरिद गरेको छ।

२१.४. अस्पतालमा रहेका २ वटा पोर्टेवलसहित ५ एक्सरे मेशिन रहेकोमा ईकोरे कम्पनीको एचएफ १२५ मोडेलको मेशिन विगत १ वर्ष देखि बिग्रिएकोमा उक्त मेशिन सञ्चालनमा रहेको छैन। उक्त मेशिनको सट्टा हाल पोर्टेवल मेशिनबाट एक्सरे सेवा प्रदान गर्दा मेशिन उपयोग भएको छैन।

२१.५. अस्पतालका विभिन्न महत्वपूर्ण सेवा केन्द्रहरू अपरेशन थिएटर, जनरल सर्जरी, एम आई सि यू, रेडियोलोजी, प्रयोगशाला, पेन क्लिनिक तथा वार्डमा प्रयोग हुने अत्यावश्यक अन्य मेडिकल उपकरणहरू लामो समयदेखि प्रयोग विहिन अवस्थामा रहेको देखिन्छ। २०७७ देखि २०८२ सम्मका अवधिमा एनेस्थेसिया मेशिन, अटोक्लेव, सि आर्म, ओ टी टेवल, अल्ट्रासाउण्ड, भेन्टिलेटर जस्ता ४० उपकरणहरू कार्वन ब्रस सिद्धिएको, कभर बिग्रिएको, पावर सप्लाई नभएको जस्ता सानातिना मर्मत अभावमा प्रयोगमा आउन नसकेको अवस्था छ।

अस्पतालले मर्मतयोग्य उपकरणहरूलाई प्राथमिकताका साथ तत्काल मर्मत गरी सञ्चालनमा नल्याउँदा शल्यक्रिया, आकस्मिक उपचार, गहन उपचार, रेडियोलोजी तथा प्रयोगशाला सेवामा प्रत्यक्ष असर पारेको छ। यस्ता समस्या दोहोरिन नदिन बार्षिक मर्मत सम्झौता र व्यापक मर्मत सम्झौता, स्पेयर पार्टस स्टक, नियमित प्राविधिक परीक्षण लगायत बायो मेडिकल उपकरण मर्मत-व्यवस्थापन प्रणाली सुदृढ बनाइ मर्मत नहुने उपकरणको प्रतिस्थापनका लागि बजेट तथा खरिद योजना अनुसार खरिद व्यवस्थापन सुधारमा ध्यान दिनु पर्दछ।

२२. **अन्य अस्पतालका प्रयोगविहीन उपकरण**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ को उपनियम (५) मा कार्यालयले आवश्यकता भन्दा बढि हुने तथा प्रयोगमा नआउने मालसामान भएमा सरकारी कार्यालयमा हस्तान्तरण गर्न सकिने व्यवस्था छ। स्वास्थ्य उपकरणहरूको सङ्ख्या उच्च रहेतापनि कानुन बमोजिम अन्तरकार्यालय स्वास्थ्य यन्त्र उपकरण हस्तान्तरण भएको देखिएन। यसको विस्तृत विवरण अनुसूची-२ मा रहेको छ। आर्थिक वर्ष २०८१।८२ को वित्तीय लेखापरीक्षण अनुसार कोशी, लुम्बिनी तथा सुदुरपश्चिम प्रदेश र सङ्घीय केहि अस्पतालमा प्रयोगविहीन स्वास्थ्य उपकरणहरू रहेको देखिएकोमा उक्त स्वास्थ्य उपकरणहरूको अवस्था देहायबमोजिम छन्:

२२.१. जिल्ला अस्पताल ओखलढुङ्गाले रु.७२ लाख ३९ हजारमा खरिद गरेको १ थान अक्सिजन प्लान्ट, मेथिनकोट अस्पतालमा मूल्य नखुलेको कान्ति बाल अस्पतालबाट हस्तान्तरण भई प्राप्त भएको सिटी स्क्यान मेसिन १ थान ट्रान्समिटर जडान नभएको, जडानको लागि प्रयाप्त स्थान नभई सञ्चालनमा आएको देखिएन। जिल्ला अस्पताल तेह्रथुममा २०८२ असारमा रु.१ करोड ७४ लाख ५६ हजारमा खरिद गरी हालसम्म जडान नभएको देखियो।

२२.२. जनशक्ति अभावले आइसियु नै सञ्चालनमा नरहेका कारण जिल्ला अस्पताल ओखलढुङ्गामा रु.७२ लाख ३२ हजार लागत भएका २ तथा मेथिनकोट अस्पतालमा मूल्य नखुलाएको १ थान भेन्टिलेटर सञ्चालनमा आउन सकेको देखिएन।

२२.३. कोभिड-१९ मा खरिद गरिएका वा प्राप्त भएका अक्सिजन प्लान्ट तथा अक्सिजन कन्सन्ट्रेटरहरू हाल उपयोगमा रहेको पाइदैन। त्यस्ता उपकरणहरू जिल्ला अस्पताल ओखलढुङ्गामा अक्सिजन प्लान्ट १ थान, जिल्ला अस्पताल भोजपूरमा अक्सिजन कन्सन्ट्रेटर १२ थान, जिल्ला अस्पताल तेह्रथुममा २ थान, प्रसुती गृह, थापाथलीमा लिक्विड अक्सिजन प्लान्ट १ थान, भरतपूर अस्पतालमा अक्सिजन कन्सन्ट्रेटर

५ थान, भक्तपूर अस्पतालमा अक्सिजन प्लान्ट १ थान र मेथिनकोट अस्पतालमा अक्सिजन प्लान्ट १ थान प्रयोग विहिन अवस्थामा रहेको छ।

२२.४. त्यसैगरी, जिल्ला अस्पताल भोजपुरमा पोर्टेवल युएसजी २ थान र सिटीजी मेशिन २ थान, जिल्ला अस्पताल, तेह्रथुममा भेन्टिलेटर मेशिन २ थान, मर्चरी फ्रिज १ थान, महाकाली अस्पतालमा भेन्टिलेटर १ थान, इसिजी ४ थान, यूएसजी मेशिन १ थान र सी आर्म मेशिन १ थान, पृथ्वीचन्द्र अस्पताल विकास समिति, नवलपरासी बर्दघाट सुस्ता पश्चिममा ईसिजी मेशिन २ थान, पोर्टेवल एक्सरे मेशिन २ थान, ईलेक्ट्रोलाईट एनलाईजर ३ थान, सिम्योटोएनलाईजर २ थान, सि-आर्म १ थान र रेडियन्ट वार्मर १ थान प्रयोग विहिन अवस्थामा रहेको छ।

उल्लिखित विवरण अनुसार स्वास्थ्य उपकरणहरू केही अस्पतालहरूमा प्रयोगविहीन अवस्थामा थन्किएको तथा केही अस्पतालहरूमा त्यस्ता उपकरणको अभावले सेवा प्रभावित भएको देखिन्छ। स्रोतको असमान उपयोग र सेवा गुणस्तरमा कमी देखिएकोले नियमावलीको व्यवस्था बमोजिम प्रयोगविहीन उपकरणहरू आवश्यक जनशक्ति र स्रोतसाधनको व्यवस्था गरी सोहि अस्पतालमा सञ्चालनमा ल्याउने अथवा आवश्यक पर्ने अस्पतालहरूमा हस्तान्तरण गरी उपलब्ध स्रोतको उपयोगको सुनिश्चितता गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।

परिच्छेद -४

निष्कर्ष र सुझाउ

नेपालको संविधानको मौलिक हकको रूपमा नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने व्यवस्था कार्यान्वयन गर्न सरकारी अस्पतालको भूमिका महत्वपूर्ण रहेको छ। जनस्वास्थ्य ऐन, २०७५ ले प्रत्येक स्वास्थ्य संस्थाले योग्य सेवा प्रदायकबाट मात्र स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने व्यवस्था गरेकाले स्वास्थ्य उपकरणको व्यवस्थापन अस्पतालको स्वास्थ्य सेवा प्रवाहसँग प्रत्यक्ष जोडिएको देखिन्छ। प्रचलित कानुन बमोजिम वस्तुनिष्ठ खरिद योजना र खरिद गुरुयोजना तयार नगरी खरिद गर्ने गरेको, स्वास्थ्य उपकरण हस्तान्तरण तथा प्राप्ति अघि सञ्चालन गर्ने जनशक्ति व्यवस्थापन नभएको कारण उपकरणको प्रयोग हुन नसकेको, टोमोथेरापी मेसिन र क्याथल्याब जस्ता विशिष्टीकृत उपकरणहरू पूर्ण क्षमतामा सञ्चालन हुन नसकेको, सिटी स्क्यान, भेन्टिलेटर जस्ता उपकरणहरू प्राविधिक मर्मतबाट सञ्चालन गर्न सकिने भएपनि मर्मत गरी सञ्चालनमा नल्याएको, उपकरणको वार्षिक मर्मत सम्झौता (AMC/CMC) प्रभावकारी नभएको लगायतका कारण स्वास्थ्य उपकरण प्राप्ति तथा उपयोग मितव्ययी एंव प्रभावकारी नभएको देखियो। मर्मत गर्नुपर्ने तथा लिलाम विक्री गर्नुपर्ने उपकरण यकिन हुने एकीकृत अभिलेखीकरण गरी व्यवस्थापन नहुनुले अस्पतालको कार्यदक्षतामा ह्रास आई सेवा प्रवाहमा असर परेको छ। उल्लिखित समस्याहरूको समाधान गरी स्वास्थ्य यन्त्रउपकरणहरूको प्राप्ति र उपयोगलाई नियमित, मितव्ययी र व्यवस्थित बनाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नुपर्दछ।

कार्यमूलक लेखापरीक्षणबाट देखिएका परिच्छेद ३ मा उल्लिखित बेहोराको सुधारका लागि देहायबमोजिमको सुझाव प्रस्तुत गरिएको छः

- खरिद योजना तथा गुरूयोजनालाई अस्पतालको दीर्घकालीन सेवा विस्तारको लक्ष्यसँग आबद्ध गर्नुपर्ने, अस्पतालको वास्तविक सेवा प्रवाहको आवश्यकता बिच तादात्म्यता गरी, बजेट सुनिश्चितता बिना खरिद गर्ने प्रवृत्तिलाई अन्त गरी खरिद योजनाको कार्यान्वयन सुनिश्चिता गर्नुपर्दछ।
- खरिद योजनालाई यन्त्रउपकरणको Life Cycle Cost मर्मत संभार विवरण ५ देखि १० वर्षको अनिवार्य मर्मत सम्झौता सहितको एकीकृत स्वास्थ्य प्रविधि गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी सम्पति व्यवस्थापन प्रणाली (PAMSV2) मा कार्यालयमा रहेका पुरान मेसिनरी उपकरणको मूल्य, मोडेल, स्पेसिफिकेसन, वारेण्टी ग्यारेण्टी अवधि, आयु, खुल्ने गरी जिन्सी अभिलेखाङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ।
- मेसिन तथा उपकरणको खरिद र उपयोग व्यवस्थापन कार्यलाई सहजता प्रदान गर्ने तथा मेसिन यन्त्र उपकरण संरक्षण सम्वर्द्धन गर्न महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा जिन्सी निरीक्षण गरी जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वयन गर्नुपर्दछ।
- अस्पतालमा नयाँ उपकरण खरिद गर्नु अघि मेसिन मर्मत कार्यतालिका निर्माण गरी सञ्चालन गर्न सकिने उपकरण मर्मत गरी सञ्चालन गर्ने र अति आवश्यक उपकरण मात्र खरिद गर्ने परिपाटीको विकास गर्नुपर्दछ।
- आन्तरिक उत्पादनमार्फत दीर्घकालीन रूपमा लागत न्यून गर्न अक्सिजन प्लान्टहरूको तत्काल मर्मत तथा नियमित सञ्चालन सुनिश्चित गर्ने, पूर्वनियोजित मर्मत प्रणाली लागू गर्ने तथा नयाँ खरिद

वा बाह्य निर्भरता अघि लाभ लागत विश्लेषण अनिवार्य गरी आर्थिक अनुशासन तथा स्रोतको समुचित व्यवस्थापन गर्नुपर्दछ।

- उपकरणहरूको अवस्था ट्र्याक गर्न डिजिटल इन्भेन्टरी म्यानेजमेन्ट सिस्टम लागू गर्ने र मेसिन बिग्रिएपछि मात्र मर्मत गर्ने परिपाटीको सट्टा नियमित निवारक मर्मत सम्भार तालिका बनाई कार्यान्वयन गरी उपकरणको डाउन टाईम न्यूनिकरण गर्नुपर्दछ।
- मर्मत हुन नसक्ने पुराना उपकरणहरूलाई तत्काल लिलाम बिक्री गरी अस्पताल परिसरलाई अनावश्यक सामग्रीमुक्त गरी व्यवस्थित बनाउनु पर्दछ।
- यन्त्र उपरकणको AMC/CMC खरिद अघि उपकरणको प्रयोग अवस्था, मर्मत गर्नुपर्ने अवस्था विश्लेषण अनिवार्य गर्ने, स्पष्ट कार्यदायित्व तथा सेवा मापदण्ड सहित सम्झौता गर्ने, लागत विश्लेषण गर्ने गरी आधिकारिक विक्रेताबाट मूल्य सम्बन्धमा लाभ लागत विश्लेषण गरी मात्र खरिद गर्ने तथा सम्झौता पूर्ण कार्यान्वयन गर्न आपुर्तिकर्तालाई उत्तरदायी बनाउनुपर्छ।
- उपलब्ध स्रोत र साधनको समुचित उपयोग सुनिश्चित गर्न जनशक्तिको उपलब्धता तथा सञ्चालन हुन सक्ने सुनिश्चितता भएपछि मात्र सहयोग स्वीकार गर्ने तथा आवश्यक नभएका यन्त्रउपकरणको हस्तान्तरण गर्नुपर्दछ।
- जटिल प्रकृतिका मेसिन यन्त्र उपकरणको प्रतिकृया समय सम्बन्धमा सम्झौता स्पष्टता सहित कार्यान्वयन गर्ने, उपकरण मर्मत, सेवा अवरूद्ध, उपकरणको प्रयोग अवस्था विश्लेषण गरी यन्त्र उपकरणको अधिकतम उपयोग सुनिश्चिता गर्नुपर्दछ।
- उपलब्ध यन्त्रउपकरणको समयमै मर्मत संभार गरी गरी सञ्चालन गर्ने, सेवा समय विस्तार गर्ने, आवश्यक जनशक्ति तथा उपकरण थप गर्ने, व्यवस्थित अपोइन्टमेन्ट प्रणाली, प्राथमिकताका आधारमा सेवा व्यवस्थापन गर्री प्रतीक्षा समय घटाउने, यन्त्रउपरणको क्षमता तथा सेवाग्राहीको संख्या अनुपातलाई मध्यनजरगरी स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारी गराउनुपर्दछ।
- बिरामीको अत्यधिक चाप र लामो प्रतीक्षा सूची कम गर्न उपलब्ध उपकरणहरूलाई बिहान, दिउँसो र रात्रीकालीन सिफ्टमा सञ्चालन गरी सेवाको पहुँच र उपकरणको उपयोगितालाई अधिकतम बनाउनु पर्दछ।
- सेवाग्राहीको संख्या अनुपातलाई मध्यनजर गरी यन्त्रउपकरणको क्षमता अनुसार उपयोग गर्न जनशक्ति व्यवस्थापन तथा नयाँ मेसिन एंव स्वास्थ्य उपकरणको व्यवस्थापन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

अनुसूची - १

सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी दाखिला

क्र.स.	स्वास्थ्य उपकरण	परिमाण	खरिद मूल्य रु.	खरिद गरेको वर्ष
१.	त:ढ द्वचतजचयकअयउथ	१	५८९८	२०७९।८०
२.	ज्भबचत ागिलन :बअजष्लभ धष्तज जभबतभच अययभिच गलष्त ायच यउभल जभबचत कगचनभचथ	१	१६९१९	२०७९।८०
३.	ज्कन्ज भ्लम ऋइीइच म्इएीभ्च भ्ऋज्इ ऋद्वच्क्इन्च्द्वएज– :द्रऋज्कल्भ	१	४३२७	२०७८।७९
४.	एइच्त्द्वचीभ भ्ऋज्इऋद्वच्क्इन्च्द्वएज– :द्रऋज्कल्भ	१	१९३८	२०७८।७९
५.	चीइइम चद्वल्प ीद्वतभ्भ द्वन्क्तद्वत्इच ऋर: क्ल्ऋरचद्वत्इच	१	२१९९	२०७८।७९
६.	क्ल्त्च्द्वद्वइएभ्चद्वतभ्म ऋत ळ्क्त्ज ज्कन्ज भ्ल:बण्ज्ञज्ञाण्द्वण लद्वन्क्न्द्वत्क्इल ब–बत्भ: ९ऋ:ड०	१	३२५७	२०७८।७९
७.	म्भच:द्वत्इ:भ	१	१६५०	२०७८।७९
८.	चीइइम ऋइ:एइल:भ्लत बभएद्वच्द्वत्इच च्भच्छन्भच्द्वतभ्म ऋभ्लत्च्क्ड्रन्भ	१	२१८५	२०७८।७९
९.	एीद्व:द्व ङ्चभ्भभ्भच	१	३५२४	२०७८।७९
१०.	एइळ्भच म्च्क्षी द्वल्म बद्वळ ९चभ्ऋभएच्इऋद्वत्क्ल्न, इबऋक्षीद्वत्क्ल्न द्वल्म बद्वन्क्त्द्वी०	१	४३२३	२०७८।७९
११.	द्वच्ज्इबऋइए– बभ्त	१	७७११	२०७८।७९
१२.	क्ष्कभ्इ द्यच्इल्ऋज्इबक्सइएभ ध्द्वऋऋ	१	२२७३	२०७८।७९
१३.	त्जभ्च्द्वएभ्तत्क्ऋ भ्मभ्इल्इबक्सइएभ	१	३९६५	२०७८।७९
१४.	त्जभ्च्द्वएभ्तत्क्ऋ ऋइीइल्इबक्सइएभ	१	३९५३	२०७८।७९
१५.	त्जभ्च्द्वएभ्तत्क्ऋ भ्लइबक्सइएभ	२	३९५८	२०७८।७९
१६.	लद्वब्इ एज्द्वच–ल्न्इ ीद्वच–ल्नबक्सइएभ ब–बत्भ: ड्इच भ्लत	१	५९५०	२०७८।७९
१७.	ज्कन्ज भ्लम क्कन्क्त्ती भ्लम्इबक्सइए– ळ्क्त्ज द्रण्ण्घघछ्ळ्द्वण एच्इक्ष्क्ल्इ ड्इच भ्द्रची– म्तभ्ऋत्क्ल्इल इङ ऋद्वल्ऋभ्च ९रनष.द्र, निक्ष.ज्ञ, मगयमभ. ज्ञ०	१	१५५७४	२०७८।७९
१८.	भीभ्ऋत्च्इएज्इच्भक्ष्क :द्रऋज्कल्भ	१	५७४०	२०७८।७९
१९.	ऋइीइच म्इएीभ्च रक :द्रऋक्ल्भ ९घएच्इद्यभ०	२	२३००	२०७८।७९
२०.	क्ष्कभ्इ न्द्वक्त्च्इबक्सइएभ भ्नघछ्ण ब्च	१	१५९०	२०७८।७९
२१.	ज्म क्ष्कभ्इ भ्लम्इबक्सइए– ब–बत्भ: ळ्क्त्ज त्जभ्च्द्वएभ्तत्क्ऋ द्यच्इल्ऋज्इबक्सइएभ	१	३९९९	२०७८।७९
२२.	भ्म.छ्घण हृत्य क्ष्कभ्इ म्रइभ्लइबक्सइएभ	१	१७६३	२०७७।७८

अन्य अस्पतालका प्रयोग विहीन उपकरण

क्र.स.	अस्पताल	उपकरणको नाम	परिमाण	जम्मा लागत रु.	प्राप्त स्रोत
१.	जिल्ला अस्पताल, ओखलढुङ्गा	अक्सिजन प्लान्ट	१	७२,३८,७८०।-	प्रदेश सभाको अनुदान
		भेन्टिलेटर मेशिन	२	७२,३२,०००।-	प्रदेश सभाको अनुदान
३.	जिल्ला अस्पताल, भोजपुर	एयचतबदभि रकन	२	२२,३०,०००।-	
		ऋत्न :बअजष्लभ	२	१९२१००।-	-
		इहथनभल अयलअभलतचबतयच	१२	८१६०००।-	
४.	जिल्ला अस्पताल, तेह्रथुम	द्वद्यन :बअजष्लभ	१	९०,४००।-	प्रदेश सभाको अनुदान
		ख्भलतषबितयच :बअजष्लभ .द्द	२	४५,२०,०००।-	प्रदेश सभाको अनुदान
		मर्चरी फ्रिज	१	७९५५२०।-	खरिद
		अक्सिजन कन्सट्रेक्टर	२	१०,२२०।३२।-	प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
		एनेस्थिया मेशिन	१	१,७४,५५,८५०।-	
६.	महाकाली अस्पताल	ज्भयमष्बथिकष्क भ्त्रगष्ऊभलत	२	-	-
		द्वलबककतजभकष्ब क्तबतष्यल	१	-	-
		ङयभतबि :यलष्तभच	१	-	-
		ख्भलतषबितयच	१	-	-
		एवतष्भलत :यलष्तयच	१५	-	-
		भ्ऋन्न	४	-	-
		ऋ.द्वक :बअजष्लभ	१	-	-
		एयचतबदभि म्च हृ.चबथ रबअजष्लभ	१	-	-
		रकन :बअजष्लभ	१	-	-
		न्भलभचबतयच टद्दष्छ्ध	१		-
७.	पृथ्वीचन्द्र अस्पताल विकास समिति, नवलपरासी बर्दघाट सुस्ता पश्चिम	पोर्टेल एक्सरे मेशिन	२	नखुलेको	-
		ईसिजी मेशिन	२	नखुलेको	-
		सक्सन मेशिन	१२	नखुलेको	-
		डेन्टल एक्सरे मेशिन	१	नखुलेको	-
		डेन्टल मेशिन	१	नखुलेको	-
		ईलेक्ट्रोलाईट एनलाईजर	३	नखुलेको	-
		सिम्योटोएनलाईजर	२	नखुलेको	-
		सि-आर्म	१	नखुलेको	-
		रेडियन्ट वार्मर	१	नखुलेको	-
८.	प्रसुतिगृह, थापाथली	द्वगतय ऋबखिभ :बअजष्लभ	१	नखुलेको	-
		द्वगतकबतष्अ द्वलबथिशभच :बअजष्लभ	१	२,२५,५००।-	खरिद
		गतिचबयिध तभकउभचबतगचभ ङचभभशभचष्.ङण्ऋ०	१	नखुलेको	-
		:कयनचबउजथ हृ.चबथ :बअजष्लभ	१	२६,७६,९३०।-	-
		रकन :बअजष्लभ	१	३,९७,०००।-	-
		ष्िवगष्म इहथनभल एबिलत त्वलप द्दण्ट	१	नखुलेको	-
९.	भरतपुर, अस्पताल	इहथनभल ऋयलअभलतचबतयच	५	नखुलेको	-
		ऋच्च्त	२	नखुलेको	कोशी अस्पताल
१०.	सिन्धुली अस्पताल, सिन्धुली	Fully Bio-Chemistry Analyzer-	१		
११.	भक्तपुर अस्पताल, भक्तपुर	C-Arm Machine	१		
		ECG Machine	१		
		Portable X-ray machine	१		
		भेन्टिलेटर	१		
		Broncoscope	१		

		Patient Monitor	१		
		CR Reader	१		
		Indoscope Tower	१		
		जेनेरेटर	१		
		अक्सिजन प्लान्ट	१		
१२.	मेथिनकोट अस्पताल, काभ्रेपलाञ्चोक	हेमोडायलाइसिस मेशिन	४		प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र
		CR X-Ray मेशिन	१		विगतदेखि रहेको
		CT Scan मेशिन	१		कान्ती बाल अस्पताल
		अक्सिजन प्लान्ट	१		प्रदेश स्वास्थ्य आपूर्ति केन्द्र
		भेन्टिलेटर	१		विगतदेखि रहेको
		इलेक्ट्रोलाइट एनालाईजर	१		विगतदेखि रहेको
		सेमी अटो केमेस्ट्री एनालाईजर	१		विगतदेखि रहेको

स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता

परिच्छेद -१

परिचय

१. **पृष्ठभुमि** – नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने उल्लेख छ। यस संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सरकारले सञ्चालन गरेका निःशुल्क कार्यक्रमहरूबाट नसमेटिएका सेवाहरू स्वास्थ्य बिमा कार्यक्रममार्फत् उपलब्ध गराउँदै सन् २०३० सम्ममा सर्वव्यापी स्वास्थ्य पहुँच हासिल गर्ने लक्ष्य लिएको छ। साथै, दिगो विकास लक्ष्यअन्तर्गत लक्ष्य ३ मा सबै उमेर समूहका नागरिकको स्वास्थ्य सुरक्षासहित जीवनस्तर सुधार गर्ने उल्लेख छ। प्रारम्भिक चरणमा बिमा कार्यक्रम सीमित वर्गलाई लक्षित गरिएकोमा हाल प्रतिकारात्मक, प्रवर्धनात्मक, उपचारात्मक, आकस्मिक तथा पुनःस्थापनात्मक सेवाहरू समेट्ने आधुनिक प्रणालीका रूपमा विस्तार हुने क्रममा छ। नेपालमा २०७२ सालदेखि सामाजिक स्वास्थ्य बिमाको अवधारणाअनुसार स्वास्थ्य बिमा कार्यक्रम सुरु गरिएको हो। यस कार्यक्रमको उद्देश्य स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय सेवा सर्वसुलभ बनाउनु, विपन्न तथा जोखिममा रहेका समूहलाई प्राथमिकता दिनु तथा व्यक्तिगत स्वास्थ्य खर्च घटाउनु रहेको छ। यसरी स्वास्थ्य बिमा कार्यक्रमलाई नागरिकको स्वास्थ्यसम्बन्धी मौलिक हक कार्यान्वयन गर्ने प्रभावकारी माध्यमका रूपमा लिइएको छ।

कार्यसम्पादन सूचक (KPI)

- बिमा कोषको उपयोग
- सूचिकृत औषधीको उपलब्धता र पहुँच
- बीमामा आवद्ध जनसङख्या र लाभको उपयोग
- प्रिमियमको सङ्कलन र दाबी भुक्तानी

जनसङख्याको उल्लेखनीय हिस्सा अझै स्वास्थ्य बिमाको दायराभित्र समेट्न नसकिनु, राष्ट्रसेवक कर्मचारी, सङ्गठित क्षेत्रका कामदार र वैदेशिक रोजगारीमा रहेका परिवार लगायतको लक्षित समूह पूर्णरूपमा आबद्ध हुन नसक्नु, बिमा दाबी भुक्तानीका लागि आवश्यक स्रोतको ठूलो हिस्सा सरकारी अनुदानमा निर्भर हुनु, आन्तरिक स्रोत परिचालन सीमित हुनु जस्ता समस्याहरू देखिएका छन्। सीमित जनशक्ति र बढ्दो कार्यचापका कारण दाबी भुक्तानीमा ढिलाइ हुनु, सेवा प्रवाहसम्बन्धी जनगुनासोहरू बढ्नु, सबै स्वास्थ्य प्रदायक संस्थाहरूमा सूचिकृत सबै औषधी नियमित रूपमा उपलब्ध हुन नसक्नु र कतिपय सेवाग्राहीले बाहिरबाट औषधी खरिद गर्नुपर्ने अवस्था सिर्जना भई बिमितलाई अतिरिक्त आर्थिक भार परेको देखिन्छ। उल्लिखित समस्याहरूको प्रभावकारी तथा कुशल व्यवस्थापन गर्न सकेमा स्वास्थ्य बिमा कार्यक्रमको दायरा, सेवा गुणस्तर र वित्तीय दिगोपनमा सुधार भई भविष्यमा नेपालको स्वास्थ्य बिमा कार्यक्रम थप सुदृढ र प्रभावकारी हुने अपेक्षा गर्न सकिन्छ।

२. **संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था** - स्वास्थ्य बिमा कार्यक्रमसम्बन्धी संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था निम्नानुसार रहेको छः

२.१. **संवैधानिक व्यवस्था** - नेपालको संविधानको भाग ४, धारा ५१(ज) राज्यका नीतिहरू अन्तर्गत नागरिकको स्वास्थ्य बिमा सुनिश्चित गदै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने उल्लेख छ।

२.२. **कानुनी व्यवस्था** - स्वास्थ्य बिमा कार्यक्रमसम्बन्धी कानुनी व्यवस्था निम्नानुसार रहेको छः

- **स्वास्थ्य बिमा ऐन, २०७४** को प्रस्तावनामा प्रत्येक नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराई गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बिमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बिमितको आर्थिक जोखिम न्युनिकरण गर्ने तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहिता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्ने उल्लेख छ। ऐनले स्वास्थ्य बिमा कार्यक्रममा समावेश हुने सेवा, योगदान तथा सह-भुक्तानी, बोर्डको गठन तथा काम कर्तव्य, कार्यकारी निर्देशक तथा कर्मचारी र स्वास्थ्य बिमा कोषसम्बन्धी व्यवस्था गरेको छ।
- **स्वास्थ्य बिमा नियमावली, २०७५** मा कार्यक्रममा आबद्धताको प्रक्रिया, दर्ता अधिकारी तथा दर्ता सहयोगी, योगदान रकम र प्राप्त हुने सुविधा, सेवा प्रदायक स्वास्थ्य संस्था सूचिकरण, औषधी आपूर्ति तथा वितरण, विभिन्न तहका समितिहरू, उजुरी तथा विवाद समाधान लगायतका विविध व्यवस्थाहरू रहेको छ।
- **जनस्वास्थ्य सेवा ऐन, २०७५** मा नेपालको संविधानले प्रत्याभूत गरेका निःशुल्क आधारभूत स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित, प्रभावकारी, गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्ने उल्लेख छ।

२.३. **नीतिगत व्यवस्था** - स्वास्थ्य बिमा कार्यक्रमसम्बन्धी नीतिगत व्यवस्थाहरू निम्नानुसार रहेका छन्;

- **राष्ट्रिय स्वास्थ्य बिमा नीति, २०७१** मा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोगमा सुधार ल्याई सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने व्यवस्था छ।
- **राष्ट्रिय स्वास्थ्य नीति, २०७६** मा नागरिकको मौलिक अधिकारको रूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गदै राज्यद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरिब सीमान्तकृत र जोखिममा रहेका समुदायको पहुँच सुनिश्चित गर्नका लागि समतामुलक र सामाजिक न्यायको सिद्धान्तका आधारमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने उल्लेख छ।

२.४. **अन्य कानुनी व्यवस्था** - बिमा सम्बन्धमा अन्य कानुनी व्यवस्थाहरू निम्नानुसार छनः

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- स्वास्थ्य सेवा ऐन, २०५३ र नियमावली, २०५५
- बोर्डबाट जारी विभिन्न कार्यविधि
- स्वास्थ्य बिमा कार्यक्रममा प्रेषण सेवा सम्बन्धी कार्यविधि, २०८०
- स्वास्थ्य बिमा कार्यक्रममा सहभुक्तानी प्रणाली लागू गर्ने कार्यविधि, २०८०
- कैदी तथा थुनुवालाई स्वास्थ्य बिमाकार्यक्रममा आबद्ध गर्ने कार्यविधि, २०७९
- वैदेशिक रोजगारमा जाने कामदारका परिवारलाई स्वास्थ्य बीमामा आबद्ध गर्ने कार्यविधि, २०७८
- सेवा प्रदायक संस्थाहरूको सुचिकरण सम्बन्धी कार्यविधि, २०७८
- राष्ट्रिय स्वास्थ्य बित्त रणनीति,(२०८०-९०)

३. **आवधिक योजना** - स्वास्थ्य बिमा सम्बन्धमा पन्ध्रौं र सोह्रौं आवधिक योजनामा भएका व्यवस्थाहरू निम्नानुसार छन् :-

३.१. **पन्ध्रौं योजनाः**

- पन्ध्रौं योजनाले स्वास्थ्य बिमामा आबद्ध जनसङख्या ६० प्रतिशत पुऱ्याउने, स्वास्थ्य उपचारमा व्यक्तिगत खर्च घटेर ४० प्रतिशतमा पुऱ्याउने तथा स्वास्थ्य बिमामा सर्वव्यापी र गुणस्तरीय पहुँच

तथा उपभोगमा वृद्धि भएको हुने उल्लेख छ। पन्धौं योजनाले लिएका सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति देहायबमोजिम रहेका छन् :-

- **सोचः** स्वस्थ, उत्पादनशील, जिम्मेवार र सुखी नागरिक।
- **लक्ष्यः** सबै तहमा स्वास्थ्य प्रणालीको विकास र विस्तार गदै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने।
- **उद्देश्यः** सङ्घ प्रदेश र स्थानीय तहमा सबै किसिमका स्वाथ्य सेवाहरूको सन्तुलित विकास र विस्तार गर्नु।
- **रणनीतिः** स्वास्थ्यमा राष्ट्रिय लगानी वृद्धि गर्दै दिगो स्वस्थ्य वित्तीय प्रणालीको विकास गर्ने।
- **कार्यनीतिः-**गुणस्तरीय स्वास्थ्य सेवा लगायत अन्य स्वास्थ्य सेवालाई समतामूलक स्वास्थ्य बिमामार्फत उपलब्ध गराईनेछ।

३.२. सोह्रौ योजनाः

- योजनाले स्वास्थ्य बिमामा आबद्ध जनसङख्या ७० प्रतिशत पुऱ्याउने, स्वास्थ्य उपचारमा व्यक्तिगत खर्च घटाएर ३८ प्रतिशतमा पुऱ्याउने, स्वास्थ्य बिमा कार्यक्रममा नवीकरण दर ९० प्रतिशत पुऱ्याउने तथा स्वास्थ्य बिमामा सर्वव्यापी र गुणस्तरीय पहुँच तथा उपभोगमा वृद्धि भएको हुने व्यवस्था छ।
- **रूपान्तरणकारी रणनीति-** विद्यमान स्वास्थ्य बिमा प्रणालीको दायरा औपचारिक एवं अनौपचारिक क्षेत्र दुवैमा विस्तार गर्न, दोहोरोपन हटाउन, सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम लगायतलाई एकीकृत गर्न पुनर्संरचना गर्ने।
- **प्रमुख कार्यक्रम-** स्वास्थ्य बिमा कार्यक्रमलाई पुनरावलोकन गरी यस सम्बन्धी नीति, कानुन, नियमावली तथा संस्थागत व्यवस्थामा आमूल परिवर्तन गर्ने सबै नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गरी विशेषज्ञ, विशिष्टीकृत र आकस्मिक स्वास्थ्य सेवा बिमामार्फत् स्वास्थ्य क्षेत्रमा रहेका विद्यमान सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत गर्दै स्वास्थ्य बिमामा आबद्धता कार्यक्रम तथा एकीकृत स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी सेवा विस्तार गर्ने लाभथैली एवंम् प्रिमियम समयानुकुल परिवर्तन गर्दै लैजाने र निरन्तर अध्ययन अनुसन्धानमा अनुबन्धन गर्दै लैजाने।

३.३. दिगो विकास लक्ष्य- दिगो विकास लक्ष्य (२०१६-२०३०) मा उल्लिखित १७ लक्ष्यहरू मध्ये लक्ष्य -३ मा सबै उमेर समुहका व्यक्तिको लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्धन गर्ने उल्लेख छ।

३.४. वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा भएको व्यवस्थाहरूः बिमा सम्बन्धमा विगत ३ वर्षको बजेट वक्तव्यमा भएका मुख्य बेहोराहरू निम्नानुसार रहेका छन् :-

<u>आर्थिक वर्ष २०८१।८२ को बजेट वक्तव्यका मुख्य बेहोराहरू</u> :-

- एकीकृत सामाजिक सुरक्षाको अवधारणाअनुरूप सामाजिक सुरक्षा कोष र स्वास्थ्य बिमा कार्यक्रमबीच अन्तरआबद्धता कायम गरी कोषमा आबद्ध योगदानकर्ताको स्वास्थ्य बिमा सामाजिक सुरक्षाकोष मार्फत् हुने व्यवस्था मिलाइने।
- स्वास्थ्य बिमा कार्यक्रम विस्तार गरी स्वास्थ्य सेवामा आम नागरिकको पहुँच सुनिश्चित गरिनेछ। स्वास्थ्यसँग सम्बन्धित सामाजिक सुरक्षाका कार्यक्रम र स्वास्थ्य बिमाबीचको दोहोरोपना हटाइने।

<u>आर्थिक वर्ष २०८०।८१ को बजेट वक्तव्यका मुख्य बेहोराहरू</u> - सबै नागरिकलाई न्यूनतम आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य बिमा लगायतका सामाजिक सुरक्षाका

कार्यक्रमलाई निरन्तरता दिईने, सरकारी, सामुदायिक र सहकारी अस्पतालबाट स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरिने, स्वास्थ्यसँग सम्बन्धित सामाजिक सुरक्षाका कार्यक्रम र स्वास्थ्य बिमाका बीच दोहोरोपन नहुने गरी चालु आर्थिक वर्षभित्रै कार्यविधि तर्जुमा गरिने, यस्ता सामाजिक सुरक्षाका कार्यक्रमलाई क्रमशः स्वास्थ्य बिमाको दायरामा ल्याइने, स्वास्थ्य बिमा कार्यक्रमलाई पुनर्संरचना गरी दिगो बनाइने उल्लेख छ।

आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यका मुख्य बेहोराहरू - आर्थिक वर्ष २०७९।८० को वार्षिक बजेटमा स्वास्थ्य बिमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन लाभग्राहीहरूलाई सामुदायिक तथा सरकारी अस्पतालहरूबाट मात्र उक्त सेवा प्रदान गर्ने व्यवस्था मिलाईने, यसका लागि सबै सामुदायिक तथा सरकारी अस्पतालहरूमा सामाजिक स्वास्थ्य इकाई स्थापना गरिने,स्वास्थ्य बिमा कार्यक्रमलाई दिगो बनाउन बिमा कम्पनीमार्फत् सञ्चालन गर्न आवश्यक तयारी गरिने उल्लेख छ।

४. **संगठनात्मक/संस्थागत व्यवस्थाः**

४.१. **निकायको परिचय**- गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकार संरक्षण गर्न, स्वास्थ्य बिमामार्फत् पूर्व भुक्तानीको माध्यमबाट बिमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहिता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यले स्वास्थ्य बिमा ऐन,२०७४ जारी भई स्वास्थ्य बिमासम्बन्धी काम कारबाही गर्न स्वास्थ्य बिमा बोर्ड गठन भएको छ। त्यस्तै, सो ऐनले बोर्डसँग सम्झौता गरी सेवा उपलब्ध गराउने सेवा प्रदायक स्वास्थ्य संस्थाहरूको पनि व्यवस्था गरेको छ।

४.२. **निकायको संगठनात्मक संरचना र जनशक्ति** - नेपाल सरकारद्वारा नियुक्त अध्यक्ष तथा कम्तिमा ३ महिलासहित ९ सदस्यीय स्वास्थ्य बिमा बोर्ड रहेको छ। बोर्डको कार्यकारी निर्देशक सदस्य सचिव रहने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा मन्त्रालयबाट स्वीकृत ४०२ अस्थायी दरबन्दीमध्ये ३२५ पदपूर्ति भई बाँकी ७७ पदहरू रिक्त रहेका छन। रिक्त पदहरू मध्ये अधिकांश दर्ता अधिकारी रहेका छन्। त्यसैगरी सङ्कलित प्रिमियमबाट निश्चित प्रतिशत प्रोत्साहन रकम पाउने गरी प्रत्येक स्थानीय तहका वडा कार्यालयबाट नियुक्त भएका ७ हजार ९०९ दर्ता सहयोगी छन्।

४.३. **काम, कर्तव्य र अधिकार** - स्वास्थ्य बिमा ऐन, २०७४ मा स्वास्थ्य बिमा सम्बन्धी नीति, रणनीति, योजना, कार्यक्रम तथा बजेट स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने, सेवाको स्तर निर्धारण गर्ने, सेवा उपलब्ध गराए बापत भुक्तानीको विधि र दर तोक्ने, कोषको व्यवस्थापन, संरक्षण तथा सुरक्षित लगानीको नीति तय गर्ने, बोर्डको सङ्गठनात्मक संरचना र दरवन्दी स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्ने, सेवा प्रदायकको काम कारवाहीको अनुगमन, नियमन र मूल्याङ्कन गर्ने गराउने र तोकिएबमोजिम अन्य कार्य गर्ने गरी बोर्डको काम, कर्तव्य र अधिकार तोकिएको छ।

५. **कार्यक्रम प्रगति** - स्वास्थ्य बिमा योजनाको विगत ५ वर्षको सेवा विस्तारको अवस्था निम्नानुसार छ।

आर्थिक वर्ष	आबद्ध जिल्ला	प्रक्षेपित जनसङख्या*	बिमित परिवार	बिमित संख्या	जनसङख्याको आधारमा बिमित प्रतिशत
२०७७।७८	७५	२८८९६२६३	११०६२७९	३४९२२०९	१२.०८
२०७८।७९	७७	२९१६४५७८	१४३२५५५	४३२९३८१	१४.८४
२०७९।८०	७७	२९४३२८९२	१६४७३१४	४७२५०३५	१६.०५
२०८०।८१	७७	२९७०३६७४	१८७४२२८	५०१२२१३	१७.०
२०८१।८२	७७	२९९७६९४९	२१२८८३०	५९७०४०३	२०.०

स्रोत - स्वास्थ्य बिमा बोर्ड बार्षिक प्रतिवेदन

नोटः कूल जनसङ्ख्या २०६८ र २०७८ को जनगणनाअनुसार जनसङ्ख्या बृद्धिदर समावेश गरिएको।

६. **वित्तीय व्यवस्था -** स्वास्थ्य बिमा बोर्डको २०७८।७९ देखि २०८१।८२ सम्मको आम्दानी खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु. हजारमा)

आ.व.	आय रकम (मौज्दात बाहेक)	खर्च रकम	खर्च प्रतिशत
२०७८।७९	१०९६९८००	१००५९७००	९१.७०
२०७९।८०	१३५६८०२२	१७५२१४२३	१२९.१४
२०८०।८१	१०५९११५३	१३१६०५००	१२४.२६
२०८१।८२	१४२३२३००	१३४८९३००	९४.७८

स्रोत - स्वास्थ्य बिमा बोर्ड बार्षिक प्रतिवेदन

७. **विषय छनौटको औचित्य -** नेपाल सरकारले सामाजिक स्वास्थ्य सुरक्षा स्वास्थ्य बिमा कार्यक्रम लागु गरी सबैमा स्वास्थ्य बिमाको पहुँच पुऱ्याउने नीति लिएको सन्दर्भमा स्वास्थ्य बिमा बोर्डको २०८१।८२ को बार्षिक प्रतिवेदनअनुसार हाल २० प्रतिशत जनसङ्ख्या स्वास्थ्य बिमामा सक्रिय सहभागी रहेको, बिमा कार्यक्रम सञ्चालनको लागि बिमितको उपचारमा राज्यकोषबाट ठूलो परिमाणको लगानी रहेको, सेवा प्रदायक स्वास्थ्य संस्थाबाट दाबी रकम समयमै प्राप्त गर्न नसकेको, बिमा सुविधा अन्तर्गतका सबै औषधी नियमित आपूर्ति नभई बिमितले बाहिरबाट खरिद गर्नुपर्ने गुनासोहरू सुनिने गरेको सन्दर्भ समेतलाई मध्यनजर गर्दै स्वास्थ्य बिमा कार्यक्रमबाट लाभग्राहीले पाउनुपर्ने औषधी र सेवाग्राहीले खरिद गर्ने औषधीको अवस्था विश्लेषण गर्ने उद्देश्यले लेखापरीक्षणमा विषय छनौट गरिएको हो।

परिच्छेद – २

लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति र सीमा

८. **लेखापरीक्षणको उद्देश्य -** स्वास्थ्य बिमा कार्यक्रममा बिमा प्रिमियम सङ्कलन, औषधीको लागि दाबी भुक्तानी अवस्थाको विश्लेषण गर्नु, बिमामा सूचीकृत औषधीहरू स्वास्थ्य सेवा प्रदायक संस्थामा उपलब्धता अवस्था र कार्यक्रमअन्तर्गत बिमितलाई उपलब्ध गराउनुपर्ने औषधीको सहज उपलब्धता र प्रभावकारीता मूल्याङ्कन गर्नु तथा स्वास्थ्य बिमा कार्यक्रममा सूचीकृत औषधीहरूमा बिमित सेवाग्राहीको औषधीमा पहुँच र लागतको विश्लेषण गरी सुझावहरू सिफारिस गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

९. **लेखापरीक्षणको क्षेत्र** – लेखापरीक्षण ऐन, २०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८१ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजना, २०८२ बमोजिम कार्यमूलक लेखापरीक्षण गर्दा स्वास्थ्य बिमा कार्यक्रमको अवधारणा र विकासक्रम, सो सम्बन्धी विद्यमान संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्थाको अध्ययन तथा विश्लेषण गरिएको छ। अध्ययनको लागि उपलब्ध भएसम्म विगत ५ वर्षको सूचना तथा तथ्याङ्क लिई विश्लेषण गरिएको छ।

१०. **लेखापरीक्षणको पद्धति** - लेखापरीक्षणको लागि समस्यामूलक तथा नतिजामूलक दुबै पद्धतिको अवलम्वन गरिएको छ। लेखापरीक्षणको प्रमाण सङ्कलनको लागि सरोकारवालासँग छलफल, कागजात भिडान, प्रश्नावली वितरण आदि विधि प्रयोग गरीएको छ। लेखापरीक्षणका आधारका रूपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्थालाई लिइएको छ। महालेखापरीक्षकको कार्यालयले जारी गरेको नागरिक सहभागिता लेखापरीक्षण निर्देशिका, २०७९ वमोजिम नागरिक समाजका प्रतिनिधि समेतको सहभागितामा १५० बिमित सेवाग्राहीहरूसँग प्रश्नावलीमार्फत् सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ भने १० सेवा प्रदायक अस्पतालमा प्रश्नावलीमार्फत् तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ। लेखापरीक्षणको क्रममा र लेखापरीक्षण सम्पन्न भएपश्चात व्यवस्थापनसँग देखिएका बेहोरा उपर दफावार छलफल गरी सम्बन्धित निकायको प्रतिक्रियाको आधारमा प्रतिवेदन तयार गरिएको छ।

११. **लेखापरीक्षण सीमा -** प्राप्त सूचना, अभिलेख, विवरण, प्रश्नावली तथा द्वितीयक स्रोतबाट सङ्कलित तथ्याङ्कका आधारमा प्रतिवेदन तयार गरिएको छ। अधिकांश तथ्याङ्कगत सूचनाहरू स्वास्थ्य बिमा बोर्डबाट प्राप्त गरी विश्लेषण गरिएको र बिमा दाबी गर्ने सबै अस्पतालबाट सूचना प्राप्त नहुनु र १५० जना मात्र सेवाग्राही सर्वेक्षण गरिनु यस प्रतिवेदनको सीमा रहेको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समय, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, लेखापरीक्षणको लागि उपलब्ध साधन स्रोत आदि लेखापरीक्षणका सीमा रहेका छन्।

परिच्छेदः तीन

लेखापरीक्षणबाट देखिएका बेहोरा

१२. **सकारात्मक पक्षहरू -** स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनमा देखिएका सकारात्मक पक्षहरू देहायअनुसार रहेका छन् :

- स्वास्थ्य बिमा ऐन तथा नियमावली जारी भएसँगै बोर्डको गठन भई केन्द्रदेखि प्रदेश र जिल्लास्तरसम्म संगठन संरचना कायम भएको,
- बिमा कार्यक्रम व्यवस्थापनका लागि सूचना प्रविधिमा आधारित बिमा व्यवस्थापन सूचना प्रणाली कार्यान्यवनमा आएको,
- यस कार्यक्रममा कुल परिवार संख्याको करिब ३० प्रतिशत र कुल जनसङ्ख्याको २० प्रतिशत सक्रिय रूपमा आबद्ध भएको,
- बिमितहरूको विवरण सङ्कलन, सेवा प्रदायक संस्थाहरूको दावी सङ्कलन तथा भ्यवस्थापन, नयाँ दर्ता नवीकरण तथा प्रतिवेदनसम्बन्धी कार्यहरू सूचना प्रणालीबाट हुने गरेको,
- प्रत्येक वर्ष बिमामा सहभागी परिवार संख्या तथा बिमित जनसङ्ख्या क्रमश वृद्धि हुँदै गएको,
- बिमा प्रिमियमबाट नपुग बिमितको दाबी भुक्तानीको लागि नेपाल सरकारबाट निःशर्त अनुदान प्राप्त हुने गरेको,
- स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयसम्बन्धी विभिन्न कार्यविधिहरू जारी भएको,
- बिमामा आबद्ध सेवाग्राहीलाई सहज रूपमा स्वास्थ्य सेवा तथा औषधी प्राप्त हुने व्यवस्था विकास गर्ने प्रयास भएको,
- बिमाबाट उपलब्ध गराइने आवश्यक औषधीको सूची सहितको सुविधा थैली तयार गरिएको।

सुधार गर्नुपर्ने पक्षहरू - लेखापरीक्षणको क्रममा देखिएका सुधार गर्नुपर्ने पक्षहरू निम्नानुसार छन् :

१३. **कार्यकारी निर्देशक फेरबदल -** स्वास्थ्य बिमा ऐन, २०७४ को दफा २० मा स्वास्थ्य बिमा बोर्डको कार्यकारी निर्देशकको कार्यकाल ४ वर्षको हुने तथा पुनः नियुक्ति हुन सक्ने व्यवस्था छ। स्थापनाकाल २०७२ देखि करिब १० वर्षको अवधिमा निमित्त तथा कायम मुकायमसमेत १० कार्यकारी निर्देशक कार्यरत रहेको पाइयो। बोर्डको प्रमुख नेतृत्व छिटो छिटो परिवर्तन हुँदा निर्णय प्रक्रियामा अनिश्चितता हुनुका साथै सेवा प्रवाहमा प्रतिकूल असर परी समग्रमा बिमा सम्बन्धी नीति तथा कार्यक्रमहरूको प्रभावकारितामा कमी आएको देखिन्छ। कार्यकारी निर्देशकको कार्यकाल सुनिश्चित गरी स्वतन्त्र कार्यवातावरण कायम गर्न तालुक निकायबाटै ध्यान दिनुपर्दछ।

१४. **जनशक्ति व्यवस्थापन -** स्वास्थ्य बिमा ऐन २०७४ को दफा १४ अनुसार स्वास्थ्य बिमा बोर्ड एक स्वशासित संस्था हुने तथा दफा २६ मा बोर्डमा आवश्यक संख्यामा कर्मचारी रहने, तिनको नियुक्ति, पारिश्रमिक, सेवा सर्त तथा सुविधा तोकिएबमोजिम हुने व्यवस्था छ। बोर्ड स्थापना भएको करिब १० वर्ष व्यतीत हुँदासमेत संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी आवश्यक दरबन्दीअनुसार पदपूर्ति गर्ने र कर्मचारी व्यवस्थापनसम्बन्धी नियमावली जारी गर्ने जस्ता कार्यहरू सम्पन्न भएको छैन। हालसम्म प्रत्येक आर्थिक वर्षमा मन्त्रालयबाट अस्थायी दरबन्दी स्वीकृत गराई सोही आधारमा निजामती सेवाबाट काज सरूवा तथा करार सेवामार्फत् पदपूर्ति गरी सेवा सञ्चालन हुँदै आएको छ। आर्थिक वर्ष २०८१।८२ मा मन्त्रालयबाट स्वीकृत ४०२ अस्थायी दरबन्दीमध्ये ३२५ पदपूर्ति भएको मध्ये १३ जना काज दरबन्दी रहेका छन् भने ३१२ जना करार सेवामार्फत् कार्यरत छन्। यसबाट बोर्डमा

जनशक्ति व्यवस्थापन प्रभावकारी रूपमा हुन सकेको देखिँदैन। बोर्डको कार्य प्रकृतिअनुसार आवश्यक जनशक्ति व्यवस्थापन नहुँदा कार्य सम्पादनमा असर परेको देखिएकोले जनशक्ति व्यवस्थापनलाई मितव्ययी र प्रभावकारी बनाउनुपर्दछ।

१५. **कोषको उपयोग -** स्वास्थ्य बिमा ऐन, २०७४ को दफा २७ मा स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनको लागि एक स्वास्थ्य बिमा कोष रहने, बोर्डको सबै प्रकारका आम्दानी सोही कोषमा जम्मा गरिने, बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च कोषबाट बेहोरिने तथा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि कोषको रकम फ्रिज नहुने व्यवस्था छ। स्वास्थ्य बिमा कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७८ स्वीकृत हुनु अघि बिमा प्रिमियमबापत सङ्कलन भएको रकम विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयको ख६ विविध खातामा जम्मा हुने गरेको र बोर्डको कार्य सञ्चालन खर्चसमेत नेपाल सरकारको अनुदानमा निर्भर रहेकोमा कार्यविधि स्वीकृतिपश्चात् बिमा प्रिमियमबापतको रकम बोर्डको केन्द्रीय आय खातामा सिधै जम्मा हुने र सञ्चालन खर्च बिमा कोषको रकमबाट हुने गरेको छ। विगत ३ वर्षमा बोर्डको आम्दानी र खर्चको स्थिति निम्नानुसार छः

(रु. हजारमा)

आर्थिक वर्ष	बिमितबाट प्राप्त प्रिमियम योगदान	सरकारबाट प्राप्त अनुदान रकम	जम्मा आय (मौज्दात बाहेक)	कुल खर्च रकम	खर्च प्रतिशत	खर्चमा प्रिमियमको योगदान प्रतिशत
२०७९।८०	२५८९९२२	१०९७८१००	१३५६८०२२	१७५२१४२३	१२९.१४	१४.७८
२०८०।८१	३०९११५३	७५०००००	१०५९११५३	१३१६०५००	१२४.२६	२३.४८
२०८१।८२	३७३२२२६	१०५०००००	१४२३२३००	१३४८९३००	९४.७८	२७.६७

स्रोत - स्वास्थ्य बिमा बोर्ड बार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार २०७९।८० मा कुल आम्दानीको तुलनामा खर्च १२९.१४ प्रतिशत रहेकोमा २०८०।८१ मा १२४.२६ प्रतिशत र २०८१।८२ मा ९४.७८ प्रतिशत रहेको देखिन्छ। कुल खर्चमा बिमितको योगदानको हिस्सा २०७९।८० मा १४.७८ प्रतिशत रहेकोमा २०८१।८२ मा २७.६७ प्रतिशत रहेको छ। कुल जनसंख्याको २० प्रतिशत नागरिक मात्र बिमामा सक्रिय सहभागी रहनु, निःशुल्क बिमितको संख्या बढ्दै जानु र बिमा दाबी गर्नेको संख्या उच्च हुनुले सङ्कलित रकम र खर्चबीचको खाडललाई फराकिलो बनाएको छ। योगदानमा आधारित स्वास्थ्य बिमा कार्यक्रम भए तापनि अनुदानमाथिको अत्यधिक निर्भरताले दीर्घकालीन वित्तीय भारको जोखिम बढ्ने हुँदा बोर्डले कार्यक्रममा सहभागिताको दायरा विस्तार गरी कुल खर्चमा प्रिमियमको योगदान बढाउने र खर्च नियन्त्रणका प्रभावकारी उपाय अवलम्बन गर्न उपयुक्त नीति निर्धारण गरी स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ।

१६. **स्वास्थ्य बिमामा सहभागिता -** स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ४ मा स्वास्थ्य बिमा कार्यक्रममा सबै नेपालीको अनिवार्य आबद्धता हुने भनिएको छ। राष्ट्रिय स्वास्थ्य बिमा नीति, २०७१ को कार्यान्वयन गर्न सामाजिक सुरक्षा विकास समितिको गठन आदेश, २०७१ जारी भई आर्थिक वर्ष २०७२।७३ देखि ३ जिल्लाबाट सामाजिक स्वास्थ्य सुरक्षाको नामबाट सञ्चालित कार्यक्रम हाल ७७ वटै जिल्लामा विस्तार भएतापनि बिमित परिवार र व्यक्तिहरूको संख्या अपेक्षाकृत रूपमा बृद्धि हुन सकेको छैन। यस कार्यक्रममा नागरिकको सहभागिता सम्बन्धमा देखिएका अन्य बेहोरा देहाय बमोजिम छन्:-

१६.१. **बिमामा आबद्ध जनसङ्ख्या -** बोर्डको आर्थिक वर्ष २०७९।८० को वार्षिक नीति तथा कार्यक्रममा स्वास्थ्य बीमामा आबद्ध जनसङ्ख्या ५० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २०८२ आषाढ मसान्त

सम्म बिमामा आबद्ध सक्रिय जनसङ्ख्या ५९ लाख ७० हजार ४०३ अर्थात् कुल जनसङ्ख्याको २० प्रतिशत रहेको छ। त्यसैगरी राष्ट्रिय जनगणना, २०७८ अनुसार कुल घर परिवार संख्या ६६ लाख ६६ हजार ९३७ रहेकोमा बिमामा आबद्ध घरपरिवार २१ लाख २८ हजार ८३० अर्थात कुल घर परिवार संख्याको करिब ३० प्रतिशत रहेको छ। स्वास्थ्य बिमामा विगत ५ वर्षको सेवा विस्तारको अवस्था निम्नानुसार छः

आर्थिक वर्ष	आबद्ध जिल्ला	प्रक्षेक्षित कुल जनसङ्ख्या*	बिमित परिवार	सक्रिय बिमित संख्या	प्रति परिवार औषत बिमित संख्या	जनसङ्ख्याको आधारमा बिमित प्रतिशत
२०७७।७८	७५	२८८९६२६३	११०६२९	३४९२२०९	३.१६	१२.०८
२०७८।७९	७७	२९१६४५७८	१४३२५५	४३२९३८१	३.०२	१४.८५
२०७९।८०	७७	२९४३२८९२	१६४७३४	४७२५०३५	३.०	१६.०५
२०८०।८१	७७	२९७०३६७४	१८७४२८	५०१२२१३	२.८	१७.०
२०८१।८२	७७	२९९७६९४९	२१२८८०	५९७०४०३	२.८	२०.०

स्रोत - स्वास्थ्य बिमा बोर्ड बार्षिक प्रतिवेदन

**(कूल जनसङ्ख्या २०६८ र २०७८ को जनगणनाअनुसार जनसङ्ख्या बृद्धिदर समावेश गरिएको)*

उल्लिखित तथ्याङ्क अनुसार २०७७।७८ देखि २०८१।८२ सम्म बिमा कार्यक्रममा आबद्ध परिवार र बिमित संख्या वार्षिक रूपमा क्रमिक बढेको देखिए तापनि कुल जनसङ्ख्याको तुलनामा आबद्धताको प्रतिशत अझै न्यून रहेको र लक्ष्य अनुसारको विस्तार हुन सकेको देखिँदैन। २०७७।७८ मा ७५ जिल्लामा विस्तार भई १२.०८ प्रतिशत जनसङ्ख्या सक्रिय रुपमा आबद्ध भएकोमा राष्ट्रिय जनगणना २०७८ को प्रक्षेपित कुल जनसङ्ख्याका आधारमा विश्लेषण गर्दा २०८१।८२ मा त्यस्तो जनसङ्ख्या २० प्रतिशत देखिन्छ। पाँच वर्षको अवधिमा ७७ वटै जिल्लामा कार्यक्रम सञ्चालन भए तापनि कुल जनसङ्ख्याको करिब ८० प्रतिशत हिस्सा अझै बिमाको दायरा बाहिर रहनुले कार्यक्रमको पहुँच र प्रभावकारितामा कमी रहेको पुष्टि गर्दछ। नेपाल सरकारको सोह्रौं योजनामा योजना अवधिभर ७० प्रतिशत जनसङ्ख्यालाई स्वास्थ्य बिमामा आबद्ध गर्ने लक्ष्य राखिएको भएतापनि विगतको वृद्धि प्रतिशत हेर्दा उक्त लक्ष्य चुनौतीपूर्ण देखिन्छ। यसको लागि स्वास्थ्य बिमा कार्यक्रमको प्रचार-प्रसार, जनचेतना अभिवृद्धिमा तीव्रता, सेवाको गुणस्तरमा सुधार गरी कार्यक्रममा जनताको पहुँच र सहभागिता विस्तारतर्फ थप प्रभावकारी पहल आवश्यक देखिन्छ ।

१६.२. **प्रदेशगत सहभागिता -** स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ३ मा प्रत्येक नेपाली नागरिक स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुनुपर्ने, नवजात शिशु, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असक्तलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गर्न निजको संरक्षक तथा अभिभावकको कर्तव्य हुने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ सम्म लक्षित वर्ग समेत स्वास्थ्य बिमामा आबद्धताको प्रदेशगत अवस्था निम्नानुसार रहेको छ।

क्र.स.	प्रदेश	जम्मा जनसङ्ख्या	कार्यक्रममा आबद्ध परिवार	आबद्ध जनसङ्ख्या	प्रतिशत (आबद्ध जनसङ्ख्याको)
१	कोशी प्रदेश	४९६१४१२	५४६५९८	१७१३१९३	३४.५३
२	मधेश प्रदेश	६११४६००	२४३८९२	४६३३८६	७.५८
३	बागमती	६११६८६६	५०२४१३	१६१९०९८	२६.४७
४	गण्डकी	२४६६४२७	३१३९९२	८८१०८३	३५.७२

५	लुम्बिनी	५१२२०७८	२९६३८६	७५०८६५	१४.६६
६	कर्णाली	१६८८४१२	८३७५०	२४२३७२	१४.३६
७	सुदूरपश्चिम	२६९४७८३	१४१७९९	३००४०६	११.१५
	जम्मा	**२९१६४५७८**	**२१२८८३०**	**५९७०४०३**	**२०.०**

स्रोत - स्वास्थ्य बिमा बोर्ड बार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार प्रदेशको जनसंख्याको आधारमा सबैभन्दा बढी गण्डकी प्रदेशमा ३५.७२ प्रतिशत र सबैभन्दा कम मधेश प्रदेशमा ७.५८ प्रतिशत कुल क्रियाशील बिमित जनसंख्या मात्र बिमा कार्यक्रममा आबद्ध रहेको देखिन्छ। परिवार संख्याको आधारमा सबैभन्दा बढी बिमित परिवार कोशी प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा रहेको देखिन्छ। सात प्रदेशमध्ये दोस्रो बढी जनसंख्या भएको मधेश प्रदेशमा बिमामा आबद्ध संख्या न्यून रहनुले कार्यक्रमको पहुँच, जनचेतना र सेवा उपलब्धता सम्बन्धमा प्रश्न गर्नुपर्ने स्थिति छ। प्रदेशगत विषमताको स्थितिलाई ध्यान दिई बिमा साक्षरता अभियानलाई सशक्त बनाउने, प्रथम सेवा बिन्दुलाई थप पूर्वाधारयुक्त बनाउने साथै जिल्ला अस्पताल तथा आधारभूत अस्पतालहरूमा स्वास्थ्य सेवालाई थप सहज र सरल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१६.३. **बिमितको निरन्तरता -** स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम ८ मा स्वास्थ्य बिमा कार्यक्रममा क्रियाशिल भएको एक वर्षपश्चात नवीकरण गर्नुपर्ने व्यवस्था छ। विगत ५ वर्षको बिमित दर्ता तथा नवीकरणको स्थिति निम्नानुसार रहेको छः

आर्थिक वर्ष	बिमित संख्या		जम्मा बिमित संख्या	नवीकरण प्रतिशत
	नयाँ	नवीकरण		
२०७७।७८	१३८०७७५	२१११४३४	३४९२२०९	-
२०७८।७९	१३७७१७३	२९५२२०८	४३२९३८१	८४.५४
२०७९।८०	११२४२४५	३६००७९०	४७२५०३५	८३.१७
२०८०।८१	११५१६०५	३८६०६०८	५०१२२१३	८१.७१
२०८१।८२	१२२७९८७	४७४२४१६	५९७०४०३	९४.६२

स्रोत - स्वास्थ्य बिमा बोर्ड बार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार कुल सक्रिय बिमितमध्ये २०७८।७९ मा नवीकरण गर्ने बिमितको संख्या ८४.५४ प्रतिशत रहेकोमा २०८१।८२ मा ९४.६२ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०८१।८२ मा नवीकरण गराएका ४७ लाख ४२ हजार ४१६ बिमितमध्ये १५ लाख २ हजार २६ अर्थात् ३१.६७ प्रतिशत स्वतः नवीकरण हुने लक्षित समूह रहेको देखिन्छ। एकपटक स्वास्थ्य बिमामा आबद्ध भएका बिमितलाई ऐच्छिक रुपमा पुनःनवीकरणको लागि आकर्षित गर्न सेवा प्रवाहमा देखिएका कमी कमजोरीमा सुधार गर्ने, कार्यक्रमको प्रचार–प्रसार, छुट तथा प्रोत्साहन सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र सेवाग्राहीमैत्री सेवा प्रवाह सुनिश्चित गर्नुपर्दछ।

१७. **कार्यक्रममा दोहोरोपना -** स्वास्थ्य बिमा नीति, २०७१ मा नेपाल सरकारले तर्जुमा गरेको स्वास्थ्य वित्त रणनीतिले विभिन्न लगानी संयन्त्रबीचमा अन्तरसम्बन्धको मार्गनिर्देश गर्ने व्यवस्था छ। नेपाल सरकारले सर्वसाधारण तथा लक्षित वर्गलाई आधारभूत स्वास्थ्य सेवा, आमा सुरक्षा, महिलाको आङ् खस्ने रोगको निःशुल्क उपचार सेवा उपलब्ध गराउँदै आएको छ। यसका साथै बिरामीलाई सबै स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा आर्युवेदिक औषधालयबाट ९८ प्रकारका औषधीहरू निःशुल्क उपलव्ध गराउँदै आएको छ। मुटु, मृगौला, क्यान्सर लगायत ८ प्रकारका कडा रोग लागेका

विपन्न नागरिकलाई तोकिएका अस्पतालबाट एक लाखसम्मको निःशुल्क उपचारको व्यवस्था गरेको एवं नेपाल सरकारले स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध परिवारलाई एक लाखसम्म उपचार सेवा उपलब्ध गराउँदै आएको छ। सामाजिक सुरक्षा कोषले योगदानकर्ताको दम्पत्तिलाई एक लाख रूपैयाँसम्म र घातक रोगको लागि बढीमा दश लाख रुपैयाँसम्मको स्वास्थ्य उपचार सेवा उपलब्ध गराउँदै आएको छ। त्यसैगरी सञ्चय कोषमा आबद्ध सञ्चयकर्ताको दम्पत्तिलाई अस्पतालमा भर्ना भई उपचार गराएकोमा एक लाखसम्मको उपचार सुविधा उपलब्ध गराउने गरेकोले सामाजिक सुरक्षा कार्यक्रममा विविधता रहेको देखिन्छ। समन्वयात्मक तवरले यस्ता कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१८. **प्रिमियमको सङ्कलन र दाबी भुक्तानी -** स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ७ मा स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध हुँदा लाग्ने योगदान रकम, सहभुक्तानी तथा भुक्तानी सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने उल्लेख छ। स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम १५ सँग सम्बन्धित अनुसूची १ मा पाँच जनासम्मको परिवारको लागि वार्षिक तीन हजार पाँच सय रूपैयाँ र सो भन्दा बढी भए थप प्रत्येक व्यक्तिको (अधिकतम १० जना) लागि वार्षिक सात सय रूपैयाँ योगदान रकम तोकिएको छ। स्वास्थ्य बिमा बोर्डले दर्ता सहयोगी तथा अधिकारीमार्फत् नागरिकहरूलाई स्वास्थ्य बिमाको दायरामा ल्याउने र प्रिमियम सङ्कलन गरेको देखिन्छ। विगत ४ वर्षको प्रिमियम सङ्कलन र दाबी भुक्तानी स्थिति निम्नानुसार छ-

(रकम रु.हजारमा)

आर्थिक वर्ष	सःशुल्क बिमित संख्या	प्रिमियम सङ्कलन	दाबी भुक्तानी	दाबी भुक्तानीमा प्रिमियमको योगदान (प्रतिशत)
२०७९।८०	३२३४५९१	२५८९९२२	१३५००४००	१९.१८
२०८०।८१	३९११५१३	३०९११५३	१२६२०१००	२४.४९
२०८१।८२	४४६८३७७	३७३२२२६	१२८१५४००	२९.१२

स्रोत - स्वास्थ्य बिमा बोर्ड बार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार लक्षित समूहबाहेक सःशुल्कतर्फ २०७९।८० मा सङ्कलित प्रिमियमबाट करिब १९.१८ प्रतिशत बिमा दाबी भुक्तानी भएकोमा सो अंश २०८०।८१ मा २४.४९ प्रतिशत र २०८१।८२ मा २९.१२ प्रतिशत रहेको छ। बिमित संख्या र सङ्कलित प्रिमियम रकम बढ्दो क्रममा रहेपनि दाबी भुक्तानीमा प्रिमियमको योगदान न्यून देखिन्छ। लक्षित समूहको नयाँ बिमा पोलिसी वा नवीकरण गर्दा लाग्ने प्रिमियम रकम सरकारबाट बोर्डलाई भुक्तानी हुनुपर्ने व्यवस्था रहेकोमा सो अनुसार प्राप्त नहुँदा बिमित संख्याको तुलनामा बिमा प्रिमियम सङ्कलन न्यून रहेको देखिन्छ। त्यसैगरी सेवाग्राहीबाट सह-भुक्तानीको व्यवस्था रहे तापनि यसको दायरा तथा दर न्यून रहेका कारण सेवा उपयोगमा अपेक्षित नियन्त्रण कायम हुन सकेको देखिँदैन। नागरिकले गर्ने योगदानको तुलनामा सेवा उपयोगको शोधभर्ना अत्यधिक रहेको हुँदा कार्यक्रमको दीर्घकालीन स्थायित्व, निरन्तरता र दिगोपनामा प्रश्न उठ्ने गरेको छ। कार्यक्रमको दिगोपना सुनिश्चित गर्न बिमाको दायरा विस्तारसँगै बिमा शुल्कको समयानुकूल पुनरावलोकन, सह-भुक्तानी व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा स्रोतको विविधीकरणमार्फत् वित्तीय व्यवस्थापन सुदृढ गर्नुपर्दछ।

१९. **दाबी भुक्तानीमा ढिलाइ र भुक्तानी दायित्व -** स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम २१(३) मा दाबी रकमको मूल्याङकन सम्पन्न गरेको १५ दिनभित्र दाबी रकम बैंङ्किङ प्रणाली मार्फत सेवा प्रदायकलाई भुक्तानी गरिने व्यवस्था छ। बोर्डको विगत ३ वर्षको खर्च प्रवृत्ति हेर्दा अधिकांश खर्च रकम सेवाप्रदायकको सोधभर्नामा हुने गरेको छ। बोर्डले प्रकाशित गरेको वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७९।८० मा सेवा प्रदायक स्वास्थ्य संस्थालाई दाबी भुक्तानी गर्नको लागि सिर्जना

भएको दायित्व २०८०।८१ मा भुक्तानी भएको र २०८०।८१ मा सिर्जित दायित्वलाई २०८१।८२ मा भुक्तानी गरेको र २०८१।८२ को लागि अनुमानित रु.१९ अर्ब ४२ करोड ९८ लाख भुक्तानी दिन बाँकी दायित्व सिर्जना भएको उल्लेख छ। सङ्कलित प्रिमियम रकम भन्दा दाबीको आकार ठूलो हुँदा नेपाल सरकारबाट भुक्तानी गर्नुपर्ने दायित्व बढ्दै गएको सो दायित्व पूर्ति हुने गरी बजेट कमीको कारण स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको माग दाबीबमोजिमको रकम समयमै भुक्तानी गर्न ढिलाई भएको देखिन्छ। प्राप्त विवरणअनुसार २०८२ को कार्तिक मसान्तसम्म उच्च दाबी भुक्तानी बाँकी रहेका १० सेवा प्रदायक संस्थानिम्नानुसार रहेका छनः

(रु. हजारमा)

क्र.सं	सेवा प्रदायक संस्थाको नाम	भुक्तानी बाँकी दायित्व
१	भरतपुर अस्पताल चितवन	२५५९२२
२	नोबेल मेडिकल कलेज मोरङ्	२४९९३६
३	विराट मेडिकल कलेज मोरङ्	२१३०२४
४	धुलिखेल अस्पताल काभ्रपलाञ्चोक	२०१७१९
५	वेस्टर्न रिजनल हस्पिटल पोखरा	१७३२६८
६	वि पि कोइराला इन्स्टिच्युट अफ हेल्थ एण्ड साइन्स धरान	१६९४३९
७	वि एण्ड सि मेडिकल कलेज झापा	१५५६७३
८	विर अस्पताल काठमाडौं	१५११५२
९	शिक्षण अस्पताल महाराजगञ्ज	१४१४३७
१०	लुम्बिनी प्रादेशिक अस्पताल बुटवल	१३२२६९

***स्रोत** - स्वास्थ्य बिमा बोर्ड*

त्यस्तै कोशी प्रदेश सरकार अन्तर्गत वित्तीय लेखापरीक्षणको क्रममा निम्न अस्पतालहरूको शोधभर्ना हुन बाँकी रहेको छ।

क्र.सं	अस्पताल	दाबी रकम जम्मा रु	शोधभर्ना भएको रकम रु	शोधभर्ना बाँकी रकम रु	शोधभर्ना बाँकी प्रतिशत
१	जिल्ला अस्पताल उदयपुर	११९२१६	६८७८४	५०४३२	४२.३०
२	जिल्ला अस्पताल पाँचथर	४०५३२	२३१२९	१७४०३	४३.०
३	जिल्ला अस्पताल तेह्थुम	३४४२३	१६७४४	१७६७९	५१.३६
४	जिल्ला अस्पताल संखुवासभा	४६३१६	९५३८	३६७७८	७९.४१
५	जिल्ला अस्पताल खोटाङ्	६७७१९	३२९३३	३४७८६	५१.४
६	कटारी अस्पताल उदयपुर	१६३२९	६२४८	१००८१	६१.७३
जम्मा		३२४५३५	१५७३७६	१६७१५९	५१.५१

बोर्डले दाबी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउँदै, प्राप्त स्रोत र सिर्जित दायित्वबिच सन्तुलन कायम गरी नियमावलीले तोकेको समयभित्रै भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ।

२०. **सेवाग्राहीको प्रतिक्रिया** - स्वास्थ्य बिमा कार्यक्रममा बिमाबाट पाउनुपर्ने औषधी र सेवाग्राहीले खरिद गर्ने औषधीको अवस्था मूल्याङ्कनको सन्दर्भमा उपत्यकाका वीर अस्पताल, पाटन अस्पताल, शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल लगायतका अस्पतालमा आएका बिमित सेवाग्राहीमध्ये १५० सेवाग्राहीसँग प्रश्नावलीमार्फत् जवाफ माग गरिएको थियो। यसबाट देखिएको बेहोरा निम्नानुसार छन्:

२०.१. **औषधी प्राप्तिको अवस्था** - सर्वेक्षणमा सहभागीहलाई अस्पताल वा स्वास्थ्य संस्थामा चिकित्सकले सिफारिश गरेका सबै औषधी बिमाबाट प्राप्त भए नभएको सम्बन्धमा सोधिएको प्रश्नमा सहभागीमध्ये १९ प्रतिशतले सबै प्राप्त भएको, ७३ प्रतिशतले आंशिक रूपमा प्राप्त भएको र ८ प्रतिशतले कुनै पनि औषधी प्राप्त नभएको उल्लेख गरेका छन्। यसबाट अस्पतालले माग बमोजिमको औषधी उपलब्ध गराउन नसकेका कारण बिमितहरूले बिमाबाट पूर्ण लाभ लिन सकेको देखिँदैन। औषधीको नियमित तथा प्रभावकारी

आपूर्ति व्यवस्थापन गरी बिमितको माग बमोजिम बिमा योजनाले समेटेका सबै औषधी उपलब्ध गराउने व्यवस्था हुनुपर्दछ।

२०.२. **औषधी प्राप्तिमा असहजता** - सर्वेक्षणमा सहभागीहरूलाई बिमाअन्तर्गत औषधी प्राप्त नगर्नुको कारण सोधिएकोमा औषधी प्राप्त नभएको र आंशिक प्राप्त भएको जवाफ दिने १२१ सहभागीमध्ये ५७ प्रतिशतले औषधी उपलब्ध नभएको, २१ प्रतिशतले मौज्दात सकिएको, १७ प्रतिशतले बिमा लागु नहुने र ५ प्रतिशतले प्रणाली सञ्चालनमा समस्या रहेको लगायतका कारण उल्लेख गरेका छन्। यसबाट स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत औषधीको पर्याप्त उपलब्धता र व्यवस्थापनमा कमजोरी रहेको देखिन्छ। बीमाअन्तर्गत प्रदान गरिने औषधीको सहज आपूर्ति व्यवस्थापन गरी प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

२०.३. **औषधी खरिद** - सहभागी बिमितलाई वार्षिक रुपमा बाहिरबाट खरिद गरेको औषधी सम्बन्धमा सोधिएकोमा रकम खुलाउने १२६ सहभागी मध्ये ७६ प्रतिशतले रु.२० हजारसम्मको, १६ प्रतिशतले रु.२० हजार देखि रु.५० हजारसम्मको र ८ प्रतिशतले रु.५० हजार देखि रु.१ लाखसम्मको औषधी बाहिरबाट खरिद गरेको उल्लेख गरेका छन्। आवश्यक औषधी अस्पतालमा नपाउँदा बाहिरबाट खरिद गर्नुपरेको कारण बिमितलाई थप आर्थिक भार पर्न जाँदा सेवाप्रतिको सन्तुष्टि र स्वास्थ्य बिमा कार्यक्रमप्रतिको विश्वसनीयता घट्न सक्ने देखिन्छ। सूचीकृत औषधी उपलब्ध गराई औषधी खरिदमा बिमितको अतिरिक्त भार कम गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२०.४. **उपचार खर्चमा स्वास्थ्य बिमाको योगदान** - सहभागीलाई स्वास्थ्य बिमाले उपचार खर्च घटाउन सहयोग गरे नगरेको सम्बन्धमा सोधिएकोमा ८० प्रतिशतले रु.२० हजार रूपैयाँसम्म खर्च घटाउन सहयोग गरेको, १३ प्रतिशतले रु.५० हजार रूपैयाँसम्म र ७ प्रतिशतले वार्षिक रु.१ लाख रूपैयाँसम्म खर्च घटाउन सहयोग गरेको उल्लेख गरेका छन्। यसबाट स्वास्थ्य बिमाले उपचार खर्च घटाउन सकारात्मक योगदान गरेको देखिन्छ। औषधी तथा उपचार सेवाको पहुँच र गुणस्तर सुधार गरी बिमितले ऐनले तोकेबमोजिमको अधिकतम लाभ प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नुपर्दछ।

२१. **सूचीकृत औषधीको उपलब्धता** - स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम २४ अनुसार सेवा प्रदायक संस्थाले बिमाअन्तर्गत सूचीकृत औषधीहरू अनिवार्य रूपमा उपलब्ध गराई सेवाग्राहीलाई प्रदान गर्नुपर्ने व्यवस्था छ। बिमा सूचीमा रहेका औषधीहरूमध्ये कति प्रतिशत औषधी नियमितरूपमा उपलब्ध छन् भन्ने सम्बन्धमा उपत्यकाका १० अस्पतालहरूमा प्रश्नावलि पठाइएकोमा ७ अस्पतालबाट मात्र विवरण प्राप्त भएको छ। प्राप्त विवरण अनुसार ३ अस्पतालमा ७५ प्रतिशतभन्दा बढी औषधीहरू नियमित रूपमा उपलब्ध रहेको, ४ अस्पतालमा २५ देखि ५० प्रतिशतसम्म मात्र औषधीहरू नियमितरूपमा उपलब्ध रहेको उल्लेख छ। यसबाट बिमा सूचीमा रहेका औषधीहरूको नियमित उपलब्धतामा अस्पतालहरूबीच उल्लेखनीय भिन्नता रहेको देखिन्छ। सूचीकृत औषधीहरू पर्याप्त उपलब्ध नभएमा सेवाग्राहीहरूले बिमाबाट पाउनुपर्ने औषधीहरू बाहिरबाट खरिद गर्नुपर्ने अवस्था सिर्जना हुँदा उनीहरूलाई अतिरिक्त आर्थिक भार पर्नुका साथै स्वास्थ्य बिमा कार्यक्रमको उद्देश्य अनुरूप सेवा प्रवाह हुन नसक्ने जोखिम रहने हुँदा सूचीकृत औषधीहरूको नियमित उपलब्धता सुनिश्चित गर्न सम्बन्धित निकायले प्रभावकारी व्यवस्थापन तथा अनुगमन गर्ने व्यवस्था मिलाउनु आवश्यक छ।

२२. **औषधी व्यवस्थापन तथा आपुर्ति प्रणालीमा कमजोरी** - स्वास्थ्य बिमा नियमावली, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ अनुसार सेवा प्रदायक संस्थाले औषधीको माग योजना, खरिद, भण्डारण तथा आपूर्ति व्यवस्थापन प्रभावकारी रूपमा सञ्चालन गरी सूचीकृत औषधीहरूको नियमित उपलब्धता सुनिश्चित गर्नुपर्ने

व्यवस्था रहेको छ। औषधीको आपूर्ति समयमै हुन नसकेको अवस्थामा त्यसको कारण खुलाउन उपत्यकाका १० अस्पतालहरूमा प्रश्नावलि पठाइएकोमा ७ अस्पतालबाट मात्र विवरण प्राप्त भएकोमा प्राप्त विवरण अनुसार ५ अस्पतालहरूले औषधीको अभाव हुनुमा मुख्यतया आपूर्तिकर्ताहरूको समस्या र खरिद प्रक्रियामा हुने प्रशासनिक ढिलाइलाई प्रमुख कारणका रूपमा उल्लेख गरेका छन्। सेवा प्रदायक संस्थाहरूले औषधीको माग प्रक्षेपण र मौज्दात व्यवस्थापनमा वस्तुनिष्ठ योजना बनाउन नसक्दा कतिपय बिमितहरूले चिकित्सकले सिफारिस गरेका सूचीकृत औषधीहरू अस्पतालको फार्मेसीबाट नपाई बाहिरबाट खरिद गर्नुपर्ने अवस्था देखिएको छ। अतः बोर्ड तथा सेवा प्रदायक संस्थाहरूले खरिद प्रक्रियालाई सरलीकृत गर्दै, आपूर्तिकर्ताको जवाफदेहिता सुनिश्चित गरी सूचीकृत औषधीहरूको निरन्तर र सहज उपलब्धता कायम गर्नुपर्दछ।

२३. **औषधी दाबी** – स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम ३० मा बोर्डले सेवाको गुणस्तर, अनुगमन तथा नियन्त्रण कार्यक्रमअन्तर्गत तोकिएका औषधीहको अधिकतम मूल्य सीमा निर्धारण गर्न सक्ने व्यवस्था छ। बोर्डले २०८१ मा सुविधा थैली अन्तर्गत १ हजार २८९ प्रकारका औषधीको दररेट तोकेको देखिन्छ। विगत ३ वर्षमा कुल बिमा दाबीमध्ये औषधी खर्चमा मात्र भएको शोधभर्ना दाबी निम्नानुसार छः

(रकम रु. हजारमा)

आर्थिक वर्ष	कुल बिमा दाबी रकम	कुल दाबीमध्ये औषधी खर्च दाबी रकम	औषधी दाबी मध्ये बोर्डबाट अस्वीकृत रकम	कुल दाबीमा औषधीको प्रतिशत	औषधी दाबी मध्ये अस्वीकृत प्रतिशत
२०७९।८०	१४३२७९३७	४५२३३५३	३१७१४५	३१।५७	७।०१
२०८०।८१	१३९३९८९६	६३५९८८३	६५५७७३	४५।६	१०।३१
२०८१।८२	२३८१७४९०	८३२४३४१	२०१३४६९	३४।९५	२४।१९
जम्मा	**५२०८५३२३**	**१९२०७५७७**	**२९८६३८७**	**३६.८८**	**१५।५५**

स्रोत - स्वास्थ्य बिमा बोर्ड बार्षिक प्रतिवेदन

उल्लिखित तालिकाअनुसार विगत ३ वर्षमा कुल बिमा दाबी रकम रु.५२ अर्ब ८ करोड ५३ लाख रहेकोमा औषधी दाबीको हिस्सा ३६.८८ प्रतिशत अर्थात् रु.१९ अर्ब २० करोड ७५ लाख रहेको छ। औषधी दाबीमध्ये रु.२ अर्ब ९८ करोड ६३ लाख अर्थात् १५.५५ प्रतिशत अस्वीकृत भएको देखिन्छ। यस कार्यक्रम अन्तर्गत औषधीको हिस्सा उल्लेखनीय रहेको र बोर्डले औषधीको दररेट निर्धारण गर्दा कार्यदल बनाई सो को सिफारिसबमोजिम दर कायम गर्नुका साथै बिमितको प्रत्येक पटकको लागि औषधीको सीमा पनि उल्लेख गरेको छ। यसरी मुलुकभरि एकै किसिमको दर तोकेको भए तापनि त्यस्तो दर निर्धारणका आधारहरू खुलाएको पाइएन। त्यस्तै, कायम गरिएको सीमाका कारण पनि बिमितले एकपटकमा सीमित औषधी प्राप्त गर्ने अवस्था देखिन्छ। तसर्थ औषधीको दर निर्धारणका आधारहरू पारदर्शी बनाउने, कायम गरिएको सीमा पुनरावलोकन गरी चिकित्सकको सिफारिसबमोजिम हुने व्यवस्था गर्ने र सेवा प्रदायक संस्थाहरूमा कम्तीमा उच्च दाबी भएका औषधीहरूको नियमित आपूर्ति गरी औषधी व्यवस्थापनमा सुधार हुनुपर्दछ।

२४. **दाबी अस्वीकृति दर** - स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम २१(२) मा सेवा प्रदायकले बिमा व्यवस्थापन सूचना प्रणलीमार्फत् दाबी गरेको रकमको मूल्याङकन बोर्डले गर्नुपर्ने व्यवस्था छ। बोर्डबाट विगत ३ वर्षमा अस्वीकृत दाबी संख्या र रकम निम्नानुसार रहेको छः

(रकम रु.हजारमा)

आर्थिक वर्ष	कुल दाबी संख्या	कुल दाबी रकम	अस्वीकृत दाबी संख्या	अस्वीकृत दाबी रकम (रू)	कुल अस्वीकृत दाबी रकमको प्रतिशत
२०७९।८०	७५५८४३३	१४३२७९३७	५०७०६	२२०६५४	१.५४

२०८०।८१	६९८७९११	१३९३९८९६	८४९४१	१६३६८३	१.१७
२०८१।८२	१२५६४८५०	२३८१७४९०	५०१२६१	९६४४९८	४.०५
जम्मा	**२७१११११९४**	**५२०८५३२३**	**६३६९०८**	**१३४८८३५**	**२.५९**

स्रोत - स्वास्थ्य बिमा बोर्ड बार्षिक प्रतिवेदन

उल्लिखित विवरण अनुसार २०७९।८० मा अस्वीकृत दाबी रकम कुल बिमा दाबी रकमको १.५४ प्रतिशत रहेकोमा २०८१।८२ मा यो दर ४.०५ प्रतिशत पुगेको छ। विगत ३ वर्षमा २ करोड ७१ लाख ११ हजार १९४ दाबीमध्ये ६ लाख ३६ हजार ९०८ दाबीबाट रु.१ अर्ब ३४ करोड ८८ लाख ३५ हजार दाबी अस्वीकृत भएको छ। बिमाबाट दिनुपर्ने सेवा र मागेको दाबीमा मेल नखानु, सेवा प्रदायक संस्थाले सेवा सञ्चालन अनुमति भन्दा फरक सेवा प्रवाह गर्नु, नेपाल सरकारले सञ्चालन गरेको निशुल्क स्वास्थ्य सुरक्षा कार्यक्रमको दोहोरो दाबी हुनु, बिमितको पोलिसी अनुसार रकम कम हुनु जस्ता कारणले दाबी अस्वीकृत भएको बोर्डले जनाएको छ। सेवा प्रदायक संस्थालाई स्पष्ट मार्गनिर्देशन, नियमित अनुगमन तथा दाबी व्यवस्थापन प्रक्रियालाई सुदृढ बनाउनेतर्फ बोर्डले ध्यान दिनुपर्दछ।

२५. **अस्वीकृत दाबी उच्च भएका अस्पतालहरू -** आर्थिक वर्ष २०८१।८२ मा कुल बिमा दाबी र अस्वीकृत दाबीको संख्या उच्च भएका सरकारी तथा निजी क्षेत्रका १० अस्पताल निम्नानुसार छन्।

क्रसं।	सरकारी तर्फ			निजी तर्फ		
	अस्पतालको नाम	कुल दाबी	अस्वीकृत	अस्पतालको नाम	कुल दाबी	अस्वीकृत
१।	पाटन अस्पताल	३७४८८६	७०८५४	निम्स नेसनल अस्पताल, दमक	१३१०३८	१२८६५
२।	प्रादेशिक अस्पताल,सुर्खेत	३१४७७३	६४१६९	युनिभर्सल कलेज अफ मेडिकल साइन्स, भैरहवा	१७६५६६	
३।	भरतपुर अस्पताल,भरतपुर	९६३११८	५३६८२	बिराट मेडिकल कलेज, मोरङ	५८३४०१	१२१०४
४।	हेटौंडा अस्पताल, हेटौंडा	४३१४५१	२८१७४	बि एण्ड सी मेडिकल कलेज, बिर्तामोड	४८६३१२	१११२८
५।	सेति प्रादेशिक अस्पताल ,धनगढी	१९५१४१	२७२६२	गण्डकी मेडिकल कलेज, पोखरा	३५०२२२	९०६२२

स्रोत - स्वास्थ्य बिमा बोर्ड बार्षिक प्रतिवेदन

उल्लिखित तथ्याङ्कअनुसार २०८१।८२ मा दाबी अस्वीकृत उच्च भएका ५ सरकारी अस्पतालको कुल दाबीमध्ये १०.७१ प्रतिशत अस्वीकृत भएको र ५ निजी अस्पतालको कुल दाबीमध्ये ८.०६ प्रतिशत अस्वीकृत भएको देखिन्छ। निजी अस्पतालको तुलनामा सरकारी अस्पतालको दाबी अस्वीकृत अवस्था बढी रहेको छ। बोर्डले निजी अस्पतालको तुलनामा सरकारी अस्पतालमा दाबीको लागि आवश्यक अभिलेख व्यवस्थापन कमजोर भएको कारण अस्वीकृति दर बढी रहेको जनाएको छ। स्वास्थ्य सेवा प्रदायक संस्थाहरूमा दाबी व्यवस्थापनको लागि देखिएका कमजोरी हटाउने गरी क्षमता अभिवृद्धि लगायतका कार्यक्रम प्रभावकारीरूपमा सञ्चालन गर्नुपर्दछ।

२६. **सेवा उपयोग** - स्वास्थ्य बिमा ऐन, २०७४ को प्रस्तावनामा स्वास्थ्य सेवा प्रदायकहरूको दक्षता र जवाफदेहिता अभिवृद्धि गरी आम नागरिकको स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्ने उल्लेख छ। उमेर समूहगत रूपमा हेर्दा २०८१।८२ मा सक्रिय बिमित संख्या र सेवा उपयोग स्थिति निम्नानुसार छः

उमेर समूह	सक्रिय बिमित संख्या	सेवा उपयोग संख्या	सेवा उपयोग प्रतिशत
०.१९	१२६८६७३	५०२७३६	३९।६३
२०.३९	१६७०५७४	६९८३५४	४१।८

४०.६९	१७११४५९	१०७६१२६	६२।८७
७० माथि	१३१९६९७	३८१३२१	२९।०

स्रोत - स्वास्थ्य बिमा बोर्ड बार्षिक प्रतिवेदन

उल्लिखित विवरणअनुसार सक्रिय उमेर समूहगत रूपमा हेर्दा सबैभन्दा बढी बिमित रहेको ४० देखि ६९ वर्षको उमेर समूहमा रहेका ६२.८७ प्रतिशत बिमितले सेवा उपयोग गरेको देखिन्छ। तुलनात्मक रूपमा युवा जनसङख्या बिमा कार्यक्रममा कम आबद्ध हुनु र बढी आबद्ध भएको प्रौढ समूहबाट अधिकांशले सेवा उपयोग गरेबाट बिमा खर्चमा चाप पर्न गएको देखिन्छ। उल्लिखित अवस्थामा युवा जनसङख्यालाई बिमामा समेट्ने गरी प्रभावकारी रूपमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

२७. **सङ्गठित क्षेत्रको सहभागिता** - स्वास्थ्य बिमा नियमावली, २०७५ को अनुसूची—१ मा राष्ट्रसेवक तथा प्रतिष्ठानमा कार्यरत कर्मचारीले सुरू तलब स्केलको १ प्रतिशत व्यक्तिगत योगदान र रोजगारदाताबाट १ प्रतिशत समेत २ प्रतिशत योगदान गरी स्वास्थ्य बिमा कार्यक्रममा सहभागी हुनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था पूर्णरूपमा कार्यान्वयन भएको देखिएन। सङ्गठित क्षेत्रमा कार्यरत कर्मचारी तथा सम्बन्धित रोजगारदाता नियमावली बमोजिम बिमा कार्यक्रममा आबद्ध नभएका कारण स्वास्थ्य बिमा कोषमा अपेक्षित बीमा शुल्क सङ्कलन हुन सकेको देखिँदैन। यसबाट स्वास्थ्य बिमा कार्यक्रमको वित्तीय दिगोपनामा असर पर्नुका साथै सबै नागरिकलाई बिमाको दायरामा ल्याउने उद्देश्यमा समेत बाधा पुगेको देखिन्छ। नियमावलीमा भएको व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सङ्गठित क्षेत्रका कर्मचारी तथा रोजगारदातालाई अनिवार्य रूपमा बिमा कार्यक्रममा आबद्ध गराई योगदान सङ्कलन सुनिश्चित गर्न निकायगत समन्वय सुदृढ गर्दै अनुगमन र नियमन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

२८. **गुनासो व्यवस्थापन**- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली, २०६५ अनुसार गुनासो व्यवस्थापन गरी कार्यालय सञ्चालन गर्नुपर्ने ब्यवस्था छ। त्यसैगरी स्वास्थ्य बिमा ऐन, २०७४ तथा नियमावली, २०७५ मा उजुरी व्यवस्थापन सम्बन्धी व्यवस्था रहेको छ। विगत ३ वर्षमा बोर्डमा प्राप्त गुनासोहरूको विवरण निम्नानुसार रहेको छः

सि.नं.	गुनासो प्राप्त गर्ने माध्यम	आर्थिक वर्ष		
		२०७९।८०	२०८०।८१	२०८१।८२
१	कार्यालयको इमेल	५९	३२	१८
२	हेल्लो सरकार	३२	६४	३४
३	व्यक्तिगत निवेदन	५४	३६	५२
४	स्वास्थ्य मन्त्रालय मार्फत	१	-	३१
५	राष्ट्रिय सर्तकता केन्द्र	-	२	-
६	पत्रपत्रिका र सामाजिक संजाल	-	१	३
७	नागरिक एप र बेब साइट	-	-	११
८	टोल फ्री मार्फत	११७८४	१४९६८	१६४३९
	जम्मा गुनासो संख्या	११९३०	१५१०३	१६५८८
	गुनासो फर्स्यौट प्रतिशत	९५.९	९९	३४

स्रोत - स्वास्थ्य बिमा बोर्ड बार्षिक प्रतिवेदन

उल्लिखित तथ्याङ्क अनुसार बोर्डलाई सेवाको गुणस्तर र अन्य प्रक्रियाबारे हेल्लो सरकार, इमेल, राष्ट्रिय सतर्कता केन्द्र, पत्रपित्रकार सामाजिक सञ्जाल मार्फत् २०७९।८० देखि २०८१।८२ सम्म ४३ हजार ६२१ गुनासोहरू प्राप्त भएका छन्। यसरी प्राप्त गुनासो मध्ये बोर्डको टोल फ्रिमार्फत् अधिकांश गुनासोहरू प्राप्त भएको देखिन्छ। प्राप्त लिखित गुनासो मध्ये औषतमा ७६.३ प्रतिशत गुनासोहरू सम्बोधन भएको देखिन्छ भने विगत वर्षहरूमा भन्दा २०८१।८२ मा सम्बोधन भएका गुनासो सङ्ख्या न्यून रहेको छ। यसरी समस्या समाधानमा ढिलाइ हुँदा सेवाग्राहीले अनावश्यक दुःख,

हैरानी तथा अतिरिक्त खर्च बेहोर्नुपर्ने अवस्था सिर्जना हुने, सेवाप्रति विश्वास र सन्तुष्टि स्तर घट्ने गुनासो सुन्ने तथा सम्बोधन गर्ने प्रणालीप्रति नकारात्मक धारणा विकास हुन सक्ने देखिन्छ। जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषय गुनासो व्यवस्थापन भएको तथा यसले सेवाको गुणस्तर वृद्धि गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्ने भएकोले गुनासो व्यवस्थापनको अद्यावधिक रेकर्ड राखी सोको समयमै सम्बोधन गर्नुपर्छ।

२९. **अनुगमन तथा मूल्याङ्कन -** राष्ट्रिय स्वास्थ्य बिमा नीति, २०७१ को बुँदा नं.१३(१) मा अनुगमन तथा मूल्याङ्कन कार्यविधि तयार गरी त्यसलाई राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन प्रणालीमा एकीकरण गरिने उल्लेख भएकोमा नीति तर्जुमा भएको १० वर्ष बितिसक्दा समेत सो सम्बन्धी कार्यविधि तयार गरेको पाइएन। स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धमा नियमित अनुगमन र मूल्याङ्कन गर्न बोर्डमा अनुगमन तथा मूल्याङ्कन शाखाको व्यवस्था छ। बोर्डको २०८१।८२ को वार्षिक प्रतिवेदनअनुसार विभिन्न प्रयोजनका लागि ७७ जिल्लामध्ये ३६ जिल्लामा मात्र अनुगमन भई बाँकी ४१ जिल्लामा वर्षभरि अनुगमन हुन सकेको देखिएन। अनुगमन भएकामध्ये २१ जिल्लामा एक पटक भन्दा बढी र ४१ जिल्लामा एक पटक पनि अनुगमन नहुनुले बोर्डको अनुगमन संयन्त्रमा भौगोलिक सन्तुलन र रणनीतिक योजनाको अभाव देखिन्छ। बर्षेनी बिमितहरूको नवीकरण दर घट्दै गएको र सेवा प्रदायकलाई भुक्तानी गर्नुपर्ने दायित्व बढ्दै गएको अवस्थामा ४१ जिल्लामा अनुगमन नहुनुले सेवाको गुणस्तर र दाबी व्यवस्थापनमा असर पारेको देखिन्छ। बोर्डले सबै जिल्लालाई समेट्ने गरी अनुगमन तथा मूल्याङ्कन कार्यलाई थप प्रभावकारी र नियमित बनाउनुपर्दछ।

३०. **सुझाव कार्यान्वयन स्थिति-** महालेखापरीक्षकको कार्यालयले २०८० मा राष्ट्रिय स्वास्थ्य बिमा योजनाको प्रभावकारीता शिर्षकमा कार्यमूलक लेखापरीक्षण गरी दिएका सुझावहरू मध्ये केही मुख्य सुझावहरूको कार्यान्वयन स्थिति निम्नानुसार रहेको छः-

क्र.सं	सुझावहरू	कार्यान्वयन स्थिति		
		पूर्ण कार्यान्वयन	आंशिक कार्यान्वयन	कार्यान्वयन नभएको
अल्पकालिन सुझावहरू				
१	बोर्डको सेवा प्रवाह प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्भेक्षण तत्काल स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने,	.	.	कार्यान्वयन नभएको
२	बोर्डको प्रदेश तथा जिल्ला स्तरमा स्थायी संरचना र दरवन्दी कायम गरी आर्थिक अधिकार प्रदान गरेर सम्बन्धित कार्यालयलाई आफ्नो काम कारवाही प्रति जिम्मेवार र जवाफदेही बनाउने,	.	.	कार्यान्वयन नभएको
३	दर्ता अधिकारी तथा दर्ता सहयोगीको तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरी स्वास्थ्य बिमामा जनसहभागिता बढाउनु पर्ने,	.	आंशिक कार्यान्वयन	.
४	वार्षिक नीति तथा कार्यक्रम र आवधिक योजनाको लक्ष्य अनुरुप बिमामा सहभागिता बढाउन प्रचारात्मक र प्रवर्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,	.	आंशिक कार्यान्वयन	.
५	स्वास्थ्य बिमामा संलग्न लक्षित परिवार तथा नागरिकको पहिचान खुल्ने परिचयपत्र अनिवार्य रुपमा स्वास्थ्य बिमा व्यवस्थापन सूचना प्रणाली १४:४४० मा राख्ने,	.	आंशिक कार्यान्वयन	.
६	बिमा साईकलमा तत्काल परिवर्तन गरी अवधि घटाउन र कम्तिमा ६ साईकल कायम गर्नु उपयुक्त हुने,	.	.	कार्यान्वयन नभएको

क्र.सं	सुझावहरू	कार्यान्वयन स्थिति		
		पूर्ण कार्यान्वयन	आंशिक कार्यान्वयन	कार्यान्वयन नभएको
८	रिक्त दर्ता अधिकारीको समयमै पदपूर्ति गरी दर्ता अधिकारी र दर्ता सहयोगीलाई तालिम तथा प्रोत्साहनका कार्यक्रम संचालन गर्ने,	.	आंशिक कार्यान्वयन	.
	दीर्घकालन सुझावहरू			
९	स्वास्थ्य बिमाकार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन अल्पकालिन तथा दिर्घकालिन कार्यक्रम सहित रणनीतिक योजना तयार गरी लागु गर्नुपर्ने,	पूर्ण कार्यान्वयन	.	.
१०	कार्यक्रमको दीगोपना, स्थायित्व र निरन्तरताको लागि बिमितको दायरा विस्तारसँगै बिमाशुल्कमा पुनरावलोकन, सह.भुक्तानी माध्यमबाट स्रोतको विविधीकरणमा ध्यान दिनुपर्ने,	.	आंशिक कार्यान्वयन	.
११	राष्ट्रसेवक, सङ्गठित संस्था लगायतका कर्मचारीलाई कानुनमा व्यवस्था भए अनुसारको योगदानका आधारमा स्वास्थ्य बिमामा आबद्ध गराउन तीनै तहका सरकार सँग समन्वय गर्ने	.	.	कार्यान्वयन नभएको
१२	कामदार तथा निजी प्रतिष्ठान स्तरका कर्मचारीलाई स्वास्थ्य बीमामा आबद्ध गराउन समाजिक सुरक्षा कोषसँग समन्वय गरी सेवा एकिकृत हुनेगरी समन्वय गर्ने,	.	.	कार्यान्वयन नभएको
१३	लक्षित समूहको बिमा योजना ईमिस प्रणालीबाट स्वतः नविकरण हुने प्रक्रियामा सुधार गरी परिवार सदस्य संख्या र अवस्था यकिन गरेर मात्र नविकरण हुने व्यवस्था मिलाउने,	.	.	कार्यान्वयन नभएको
१४	कुनै बिमितको मृत्यपछि बिमापोलिसी स्वतः निस्कृय हुनेगरी पञ्जिकरण विभागसँग समन्वय गरी सूचना प्रणालीमा अन्तरआबद्धता कायम गर्ने,	.	आंशिक कार्यान्वयन	
१५	विभिन्न आठ प्रकारका कडा रोगको उपचारमा विपन्न नागरिकालाई दिईने सुविधालाई स्वास्थ्य बिमा कार्यक्रममै आबद्ध गरी एकद्वार प्रणाली अपनाउने,	.	.	कार्यान्वयन नभएको
१६	स्वास्थ्य बिमासम्बन्धी उपचार सेवा प्रवाह गर्ने अस्पताल सुचिकृत नभएका पालिकामा रहेका आधारभूत अस्पताललाई प्रथम सेवा विन्दु कायम गर्नेगरी सेवा प्रदायकहरूको सूची विस्तार गर्ने,	.	आंशिक कार्यान्वयन	.

तालिकामा प्रस्तुत गरिएअनुसार कार्यमूलक लेखापरीक्षण प्रतिवेदनमा प्रस्तुत सुझावहरूको कार्यान्वयन पूर्ण रुपमा भएको देखिएन। प्रतिवेदनमा दिइएको सुझाव अनुसार केहि सकारात्मक सुधार भएतापनि ३ वर्ष अघि दिएका सुझावहरू उल्लेख्य रुपमा कार्यान्वयन हुन नसक्दा स्वास्थ्य बिमा वोर्डमा धेरै समस्या र चुनौतिहरू विद्यमान रहेका छन्। प्रतिवेदनमा दिइएका कार्यान्वयनयोग्य सुझावहरूको समयमै पूर्ण रुपमा कार्यान्वयन गर्न सम्बन्धित पदाधिकारी जिम्मेवार हुनुपर्दछ।

परिच्छेदः चार

निष्कर्ष र सुझाब

स्वास्थ्य सेवा प्रवाहको संयन्त्रलाई सुदृढ तुल्याउँदै आम नागरिकका लागि स्वास्थ्य सेवामा सहज, सुलभ र प्रभावकारी पहुँच विस्तार गर्ने एक बृहत् सामाजिक सुरक्षा अवधारणाका रूपमा यस कार्यक्रमको थालनी भएकोमा हाल सक्रिय रूपमा बिमामा आबद्ध परिवार ३० प्रतिशत र बिमितको जनसंख्या २० प्रतिशत मात्र रहेको छ। बिमा बोर्डको संरचना अस्थायी प्रकृतिको रहेको, स्रोत साधन र जनशक्तिको प्रर्याप्त व्यवस्था हुन नसकेको, बिमितहरूको बढ्दो दाबीसँगै दाबी परीक्षण कार्य त्रुटिरहित र समयभित्र सम्पन्न गर्न चुनौतीपूर्ण रहेको, दाबी भुक्तानीमा प्रिमियमको योगदान न्यून रहेको, सेवाप्रदायक संस्थाहरूबाट गरिएको दाबी समयमै पूर्णरूपमा भुक्तानी हुन नसकेको, सबै बिमितले औषधी पर्याप्तरूपमा प्राप्त गर्न नसकेको, बिमा कार्यक्रममा दोहोरोपना देखिएको, सेवाप्रदायकले वास्तविक खर्चभन्दा फरक दाबी पेश गर्ने गरेका कारण दाबी अस्वीकृति दर वृद्धि हुँदै गएको, सबै उमेर समूहमा बिमाको दायरा विस्तार हुन नसकेको, राष्ट्रसेवक तथा प्रतिष्ठानमा कार्यरत सबै कर्मचारीलाई बिमामा आबद्ध गर्न नसकिएको, प्रदेशगत रूपमा बिमामा सहभागिता असन्तुलित रहेको लगायतका समस्या देखिएका छन्। बिमाको दायरा सबै प्रदेशमा र सबै उमेर समूहमा बिस्तार हुने गरी प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने, लक्षित समूहको बिमा बापतको प्रिमियम रकम सरकारबाट प्राप्त गर्नुपर्ने, दाबी भुक्तानी व्यवस्थापनमा देखिएको कमजोरी सुधार गर्दै जानुपर्ने, सूचीकृत औषधीहरू आवश्यकताअनुसार नियमित रूपमा सबै सेवा प्रदायक संस्थाहरूमा सुनिश्चित गर्नुपर्ने, बिमा कार्यक्रममा देखिएको दोहोरोपना हटाउनुपर्ने, बिमा बोर्डका कर्मचारीको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, सूचना प्रविधिको उच्चतम प्रयोगलाई प्रवर्धन गर्नुपर्ने लगायतका सुझावहरू सिफारिस गरिएको छ। स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि भएमा संविधानले परिकल्पना गरेको आधारभूत स्वास्थ्य सम्बन्धी आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभरुपमा भरपर्दो स्वास्थ्य सेवा उपलब्ध हुने देखिन्छ।

कार्यमूलक लेखापरीक्षणबाट देखिएका परिच्छेद-३ मा उल्लिखित बेहोराको सुधारका लागि देहाहबमोजिमको सुझाव प्रस्तुत गरिएको छ।

- बार्षिक नीति तथा कार्यक्रम र आवधिक योजनाको लक्ष्यअनुरूप बिमामा सहभागिता बढाउन प्रचारात्मक र प्रबर्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,
- जनसङ्ख्याको तुलनामा स्वास्थ्य बिमामा सहभागिता दर अति न्यून देखिएका प्रदेशहरूमा बिशेष अभियान सञ्चालन गरी सहभागिता दर वढाउनु पर्ने,
- सुविधा थैली र सोको दररेटलाई बजारसँग तालमेल हुनेगरी निरन्तर अद्यावधिक गर्ने,
- प्रिमियम दर, सह-भुक्तानी तथा योगदान संरचनाको समयानुकूल पुनरावलोकन गर्ने,
- प्रेषण प्रक्रियालाई सरल र स्पष्ट बनाउँदै आवश्यक कागजात तथा चरणहरू न्यूनीकरण गरी सूचना प्रविधिमैत्री प्रणालीमार्फत अनलाइन ड्रयाकिङ, स्वीकृति तथा अभिलेख व्यवस्थापन सुनिश्चित गर्ने,
- एकीकृत आपूर्ति प्रणाली विकास गरी माग प्रक्षेपण, खरिद प्रक्रिया तथा स्टक व्यवस्थापन सुदृढ गरी सुचीकृत औषधी नियमित उपलब्ध गराउने,

- दाबी परीक्षण गर्दा देखिएका त्रुटीको आधारमा नमुना छनोटको दायरा विस्तार गरी दाबी परीक्षण र भुक्तानीलाई त्रुटीरहित बनाउन जोड दिने,
- कामदार तथा निजी प्रतिष्ठानस्तरका कर्मचारीलाई स्वास्थ्य बिमामा आबद्ध गराउन सामाजिक सुरक्षा कोषसँग समन्वय गरी सेवा एकिकृत हुनेगरी समन्वय गर्ने,
- लक्षित समूहको लागि विभिन्न निकायबाट सञ्चालित स्वास्थ्यसम्बन्धी सेवा सुविधाहरूलाई एकद्धार प्रणालीबाट सञ्चालन गर्नेगरी नीतिगत सुधार र समन्वय गर्ने,
- कुनै बिमितको मृत्यपछि बिमा पोलिसी स्वत: निस्कृय हुनेगरी पञ्जिकरण विभागको सूचना प्रणालीमा अन्तरआबद्धता कायम गर्न पहल गर्ने,
- विभिन्न आठ प्रकारका कडा रोगको उपचारमा विपन्न नागरिकलाई दिईने सुविधालाई स्वास्थ्य बिमा कार्यक्रममै आबद्ध गरी एकद्धार प्रणाली अपनाउने,
- स्वास्थ्य बिमासम्बन्धी उपचार सेवा प्रवाह गर्ने अस्पताल सुचिकृत नभएका पालिकामा रहेका आधारभूत अस्पतालहरूलाई प्रथम सेवा विन्दु कायम गर्नेगरी सेवाप्रदायकहरूको सूची विस्तार गर्ने,

राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव

परिच्छेद-१

१. **पृष्ठभूमी**- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र नियमावली, २०३० बमोजिम राष्ट्रिय निकुञ्जको व्यवस्थापन, वन र वन्यजन्तु संरक्षण, प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट महत्वपूर्ण स्थानहरूको संरक्षण, र संवर्धन, विकास तथा व्यवस्थापन मार्फत प्रभावकारी उपयोग गर्नु आजको आवश्यकता हो। नेपालको संविधानले वातावरणीय सन्तुलन, प्राकृतिक सम्पदाको संरक्षण र दिगो विकासलाई राज्यको मूल दायित्वको रूपमा स्वीकार गरेको छ। जैविक विविधताको संरक्षण मार्फत पर्यावरणीय सन्तुलन कायम गर्न १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, ६ संरक्षण क्षेत्र, १ सिकार आरक्ष सहितका २० संरक्षित क्षेत्रहरू मार्फत विशेष संरक्षणको कार्य भएको छ। संरक्षित क्षेत्रको कूल भागमध्ये राष्ट्रिय निकुञ्जले ३४.३ प्रतिशत र मध्यवर्ती क्षेत्रले १६.५२ प्रतिशत गरी ५०.८२ प्रतिशत भाग ओगटेको छ। राष्ट्रिय निकुञ्जसहितका यी संरक्षित क्षेत्रहरूले नेपालको जैविक विविधताको संरक्षण, प्राकृतिक सौन्दर्यता, वातावरणीय सन्तुलन लगायतका महत्वपूर्ण योगदान दिँदै आएको छ।

कार्यसम्पादन सूचक (KPI)

- राष्ट्रिय निकुञ्जको सञ्चालन र व्यवस्थापन
- मानव-वन्यजन्तु द्वन्द्व
- निकुञ्जको सीमा अतिक्रमण
- पर्यापर्यटन
- मध्यवर्ती क्षेत्र व्यवस्थापन

विश्वका विभिन्न मुलुकले राष्ट्रिय निकुञ्ज व्यवस्थापनलाई संरक्षण र विकासबिच सन्तुलन कायम गर्न विभिन्न माध्यम अवलम्बन गरेका छन्। निकुञ्ज तथा वन्यजन्तु संरक्षणका लागि अफ्रिका, दक्षिण एसिया र ल्याटिन अमेरिकाजस्ता देशहरूमा स्थानीय समुदायलाई निकुञ्ज व्यवस्थापनमा सह-व्यवस्थापन मोडेल मार्फत प्रत्यक्ष रूपमा संलग्न गराउने गरिएको छ। यसबाट निकुञ्ज तथा वन्यजन्तु संरक्षणले आर्थिक सशक्तिकरणमा समेत सहयोग हुने देखिन्छ। Convention on Biological Diversity (CBD) र Global Environment Facility (GEF) जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले सदस्य राष्ट्रहरूलाई नीति परामर्श, वित्तीय सहयोग र क्षमता विकासका माध्यमबाट सहयोग पुऱ्याइरहेका छन्। नेपालले अन्तर्राष्ट्रिय रूपमा Convention on International Trade In Endangered Species of Wild Fauna and Flora, International Union for Conversation of Nature, United Nation Educational, Scientific and Cultural Organizational/World Heritage Site, Ramsar Convention, Convention on Biological Diversity लगायतका सन्धी महासन्धी गरी जैविक विविधता संरक्षणको क्षेत्रमा प्रतिवद्धता जनाएको छ। मध्यवर्ती क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न गठन भएका उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समूह र समुदायमा आधारित चोरी शिकार नियन्त्रण कार्यक्रम मार्फत युवा परिचालन समेत गर्ने गरिएको छ।

निकुञ्ज एंव संरक्षण क्षेत्रको योगदानसँगै उक्त क्षेत्रहरूमा हुने मानव-वन्यजन्तुको सामिप्यता र द्वन्द्वबाट पर्ने असरमा सकारात्मक न्याय दिने उद्देश्यले मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ कार्यान्वयनमा

ल्याई १२ राष्ट्रिय निकुञ्ज र कोशीटप्पु वन्यजन्तु आरक्ष समेत १३ क्षेत्रलाई मध्यवर्ती क्षेत्र घोषणा समेत गरिएको छ।

२. **निकायको परिचय** - देशभरका राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, संरक्षण क्षेत्र तथा शिकार आरक्षहरूको व्यवस्थापन, जैविक विविधताको संरक्षण, वन्यजन्तु अपराध नियन्त्रण तथा पर्यावरणीय सन्तुलन कायम गर्ने उद्देश्यसहित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र यसको अन्तर्गत रहने गरी १२ राष्ट्रिय निकुञ्ज कार्यालय स्थापना भएका छन्। राष्ट्रिय निकुञ्ज क्षेत्रको संरक्षण तथा संवर्धन र व्यवस्थापनको लागि संरक्षणात्मक कार्यक्रम तथा योजनाको तयारी र कार्यान्वयन गरी वन तथा वन्यजन्तुको संरक्षण, जैविक विविधता संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व नियन्त्रण लगायत कार्य राष्ट्रिय निकुञ्ज कार्यालयमार्फत भएको छ। नेपालको तराई क्षेत्रमा ५ र पहाडी तथा हिमाली क्षेत्रमा ७ राष्ट्रिय निकुञ्ज रहेका छन्। जनसंख्याको निरन्तर वृद्धिसँगै अव्यवस्थित शहरीकरण, अनियन्त्रित बसाईसराई, वनजन्य पैदावारको गैरकानुनी उपयोगजस्ता कारणबाट राष्ट्रिय निकुञ्ज लगायतका संरक्षित क्षेत्रको अवैध प्रयोगले निकुञ्ज क्षेत्रमा आश्रित वन्यजन्तुको संरक्षणमा चुनौती थपिएको देखिन्छ। तसर्थ, मानवीय गतिविधिका कारण प्राकृतिक वातावरण र वन्यजन्तुमा परेको प्रभाव कम गरी पर्यावरणीय सन्तुलन कायम गर्न तथा निकुञ्ज क्षेत्रमा वन्यजन्तुका कारण उत्पन्न समस्याको समाधान गर्न नीतिगत तथा साधन स्रोतको व्यवस्थापनका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र उपलब्ध साधन स्रोतको महत्वम उपयोग गरी निकुञ्ज क्षेत्रको सञ्चालन तथा व्यवस्थापनका लागि राष्ट्रिय निकुञ्ज कार्यालयहरू रहेका छन्।

३. **नीतिगत व्यवस्थाहरू**

३.१. **नीतिगत व्यवस्था** - राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन सम्बन्धमा देहायबमोजिमका नीतिगत व्यवस्था रहेका छन्:

१. **राष्ट्रिय वन नीति, २०७५** - यस नीतिमा जैविक विविधता संरक्षण अन्तर्गत दुर्लभ, लोपन्मुख र संरक्षित लगायतका वन्यजन्तु तथा वनस्पतिको स्व-स्थानीय र परस्थानीय संरक्षण र व्यवस्थापन गरिने, मावन-वन्यजन्तुबिचको द्वन्द्व न्यूनीकरण लागि भू-परिधिस्तरमा संरक्षण क्षेत्र र राष्ट्रिय वनमा रहेका जैविक मार्गहरूको एकीकृत र समुचित व्यवस्थापन गरिने नीति रहेको छ।

२. **वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८** - रणनीतिमा नेपालको वनक्षेत्र ४० प्रतिशत घट्न नदिने, वन क्षेत्रमा हुन सक्ने अतिक्रमणलाई समयमै रोकथाम गरी विगतमा भएका अतिक्रमणलाई समेत क्रमशः हटाइने र सामान्यतया वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध नगराइने उल्लेख छ।

३. **राष्ट्रिय वातावरण नीति, २०७६** - नीतिमा विकास र वातावरणबिच सन्तुलन कायम, वातावरणसँग सम्बन्धित ऐन, नियम तथा अन्य क्षेत्रगत कानुनलाई निर्देशन, तहगत सरकारबिच वातावरण व्यवस्थापनमा समन्वय र सहकार्य गर्न वातावरण नीति तर्जुमा गरिएको र वातावरण संरक्षण र प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउने उद्देश्य रहेको छ।

३.२. **आवधिक योजना** - मुलुकको आर्थिक तथा सामाजिक लगायत बहुआयामिक विकासका लागि राज्यले मार्गदर्शनका रूपमा लिने आवधिक योजनामा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको सम्बन्धमा निम्नानुसार उल्लेख गरिएको छः

पन्ध्रौ योजना(२०७६।७७-२०८०।८१)

- सबै संरक्षित क्षेत्र, सामुदायिक वन र समुदायमा आधारित वनहरूलाई प्रकृतिमा आधारित पर्यटनको गन्तव्य बनाउदै गुणस्तरीय पर्यटकको संख्यामा उल्लेख्य वृद्धि गर्ने,
- संरक्षण कार्यलाई भू-परिधिस्तर र चरनक्षेत्र समेतमा रणनीतिक योजना निर्माण र संरक्षित क्षेत्रका महिला, दलित, आदिवासी सहित र स्थानीय समुदायको सहभागितामा एकीकृत व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरिने,
- वन क्षेत्र भएर जाने पूर्वाधार विकासका लागि निश्चित क्षेत्रको व्यवस्था गरिने,
- संरक्षित क्षेत्रहरू तथा महत्वपूर्ण जैविक मार्गहरूमा भौतिक पूर्वाधार निर्माण गर्दा संरक्षणमैत्री संरचना निर्माण गर्न आवश्यक समन्वय र सहकार्य गरिने,
- मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रम, उचित क्षतिपूर्तिको व्यवस्था र आवश्यक भौतिक संरचना निर्माण गरिने ।
- **सोह्रौ योजना** - योजनामा जैविक विविधताको दिगो संरक्षण कार्यक्रम अन्तरगत निकुञ्ज प्रशासनलाई सक्षम बनाउने, वन्यजन्तु तथा संरक्षित प्रजातिको चोरीशिकारी नियन्त्रण गर्ने, वन्यजन्तु र मानवबिचको द्वन्द्व न्यूनीकरण गर्ने विषय उल्लेख छ।

३.३. **दिगो विकास लक्ष्य** - दिगो विकसको लक्ष्य नं. १५ मा स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमीकरण र भू-क्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने लक्ष्य रहेको छ।

३.४. **बजेट तथा कार्यक्रम** - राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको संरक्षण, संवर्धन, विकास र विस्तारमा वार्षिक नीति तथा कार्यक्रममा निम्नानुसार व्यवस्थाहरू रहेको छः

आर्थिक वर्ष	बजेट वक्तव्यको बेहोरा		कैफियत
	बुँदा	बेहोरा	
२०७८।७९	१५	राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र, सिमसार, वनस्पति उद्यान र सामुदायिक वनमा जैविक विविधता र प्राकृतिक सौन्दर्यतामा पर्यटन पूर्वाधार विकास गरिने,	
	१५	संरक्षण र मध्यवर्ती क्षेत्रभित्र बसोबास गर्ने नागरिक र कर्मचारीहरूलाई वन्यजन्तुको आक्रमणबाट हुन सक्ने क्षति परिपूरण गर्न दुर्घटना बिमा गरिने,	
२०७९।८०	११	वन क्षेत्रलाई वातारण संरक्षण, दिगो विकास, रोजगारी सिर्जना र आर्थिक वृद्धिको महत्वपूर्ण आधारको रूपमा विकास गरिने, र वन क्षेत्रको संरक्षण र यसको प्रयोगलाई सन्तुलित रूपमा अघि बढाइने,	
२०८०।८१	३५	आयोजना निर्माणको लागि वन क्षेत्रको प्रयोग गरे वापत नियमानुसार वृक्षारोपण गर्न निकुञ्ज र संरक्षण क्षेत्र नजिक जग्गा प्राप्त नभएमा एक ठाउँमा एक हेक्टर भन्दा कम नहुने गरी अन्यत्र पनि वृक्षारोपण गर्न सकिने कानुनी व्यवस्था गर्ने,	
२०८१।८२	११	निकुञ्ज, जंगल र मध्यवर्ती क्षेत्रमा जैविक मार्ग निर्माण, घाँसे मैदान तथा सिमसार क्षेत्र व्यवस्थापन, वन्यजन्तुको वासस्थान व्यवस्थापन तथा वन्यजन्तुबाट हुने क्षति न्यूनीकरणका लागि विद्युतीय तारबार लगायतका पूर्वाधारहरू निर्माण गरिनुका साथै मध्यवर्ती क्षेत्रका बासिन्दाको जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिने र पर्सा प्राकृतिक चिडियाखानाको पूर्व तयारीको काम सम्पन्न गरी निर्माण कार्य अगाडि बढाउने,	

	११	वन्यजन्तुबाट हुने क्षति बापत प्रदान गरिने राहत प्रकृयालाई सहज र सरल बनाइने। निकुञ्ज तथा आरक्ष संरक्षणमा खटिएका कर्मचारीहरूको दुर्घटना बिमा गरिने,	
२०८२।८३	९६	राष्ट्रिय निकुञ्ज, आरक्ष तथा संरक्षण क्षेत्रमा जङ्गल सफारी, पदयात्रा र पर्या-पर्यटकीय पूर्वाधार विकासमा जोड दिइने,	
	११	वातावरण र जैविक विविधता संरक्षणमा नकारात्मक असर नपर्ने गरी राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र तथा वन क्षेत्रको प्रयोग र विकास आयोजना कार्यान्वयन गर्ने।	

४. **संवैधानिक तथा कानुनी व्यवस्था** - यस विषयसँग सम्बन्धित संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्थाहरू देहाय अनुसार छन्:

४.१. **संवैधानिक ब्यवस्था** - नेपालको संविधानको धारा ३० स्वच्छ वातावरण सम्बन्धी मौलिक हकको व्यवस्था गरेको, धारा ५१ को प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिमा जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने साथै प्रकृति, वातावरण र जैविक विविधतामाथि नकरात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकरात्मक वातावरणीय प्रभाव निर्मुल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने नीति उल्लेख छ।

४.२. **कानुनी व्यवस्था** - राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको सञ्चालन तथा व्यवस्थापनको लागि स्थापित कानुनी तथा नीतिगत व्यवस्थाहरू देहायबमोजिम रहेका छन्:

- **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९** - राष्ट्रिय निकुञ्जको व्यवस्था, वन्यजन्तु र यसको वासस्थानको संरक्षण, शिकारमा नियन्त्रण र प्राकृतिक सौन्दर्यको दृष्टिकोणबाट विशेष महत्व राख्ने ठाउँहरूको संरक्षण, संवर्धन, विकास तथा उचित व्यवस्था र उपयोग गरी सर्वसाधारण जनताको सदाचार कायम राख्ने गरी मार्गदर्शक कानुनको रूपमा यो कानुन रहेको छ।
- **वातावरण संरक्षण ऐन, २०७६** - प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्ने तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने विषयलाई जोड दिएको,
- **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०** - निकुञ्ज र आरक्षभित्र सञ्चालन गरिने सेवा, व्यवस्थापन योजना, शिकार सम्बन्धी व्यवस्था लगायतका व्यवस्थाहरूमार्फत राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनमा मार्गदर्शन गरेको,
- **हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६** - नेपालको हिमाली क्षेत्रमा अवस्थित राष्ट्रिय निकुञ्जहरूको संरक्षण, संवर्धन, विकास, विस्तार, व्यवस्थापन तथा सञ्चालनका लागि मार्गदर्शन गर्ने कानुनी व्यवस्था गरेको,
- **राष्ट्रिय निकुञ्जका क्षेत्रगत नियमावलीहरू** - चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०, खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४, बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३, बाँके राष्ट्रिय निकुञ्ज नियमावली, २०७१ र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६ जारी भई सम्बन्धित राष्ट्रिय निकुञ्जभित्र सञ्चालन गरिने सेवा, व्यवस्थापन योजना सम्बन्धी व्यवस्था लगायतका व्यवस्थाहरूमार्फत राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनमा मार्गदर्शन गरेको,
- **मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२** - यस नियमावलीको नियम ३ मा मध्यवर्ती क्षेत्र तोक्दा नेपाल सरकारले राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको क्षेत्रलाई चार किल्ला खोली मध्यवर्ती क्षेत्र तोक्दा प्राकृतिक सीमानालाई मुख्य आधार वनाउनु पर्ने साथै, उल्लेख गरिएका कुराहरूलाई समेत विचार पुऱ्याउनु पर्ने,

मध्यवर्ती क्षेत्रको सञ्चालन तथा व्यवस्थापन, संरक्षण, संवर्धन र विकासका लागि मार्गदर्शन कानुनका रूपमा रहेको छ,

- **वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०** - वन्यजन्तुबाट धनजनको क्षति भएमा राहत वितरण गर्ने प्रक्रियालाई सरल, सहज र व्यवस्थित गर्ने उल्लेख,
- **वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८०** - वन्यजन्तुको आहार विहार, विचरण स्थल, प्रजनन स्थलको संरक्षण तथा व्यवस्थापन कार्यलाई सरल सहज बनाउने विषयमा जोड दिएको,
- **संरक्षण क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०८०** - संरक्षण क्षेत्रमा जैविक विविधता तथा प्राकृतिक वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी वातावरणमैत्री उद्योग स्थापना तथा सञ्चालन, सञ्चालित उद्योगको स्थापना र सञ्चालनमा एकरूपता हुने विषयलाई जोड दिएको,
- **मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र संचालन) मापदण्ड, २०८०** - मध्यवर्ती क्षेत्रमा जैविक विविधता तथा प्राकृतिक वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी वातावरणमैत्री उद्योग स्थापना र सञ्चालन हुने उद्योगको स्थापना र सञ्चालनमा एकरूपता हुने विषयलाई जोड दिएको छ।

५. **लेखापरीक्षणको औचित्य** - नेपालमा पाइने वन्यजन्तु, वनस्पति लगायत समग्र पारिस्थितिकीय प्रणालीलाई संरक्षण, व्यवस्थापन र दिगो उपयोग गर्नु आजको आवश्यकता हो। विशेष महत्व राख्ने निकुञ्ज लगायत संरक्षित क्षेत्रहरूको संरक्षण, संवर्धन, विकास र उचित व्यवस्थापन गर्ने सरकारको नीति रहेको छ। नेपालमा भएका राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रहरूको जैविक विविधता संरक्षण, उक्त क्षेत्रको प्रभावकारी व्यवस्थापन मार्फत वन्यजन्तुको संख्यामा वृद्धि, पर्या-पर्यटनको विकास, मानव-वन्यजन्तु द्वन्द्वको न्यूनीकरण र वातावरण सन्तुलनका लागि यसको व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव मूल्याङ्कन गरी सुधारका लागि उपयोगी सुझाउ प्रदान गर्ने उद्देश्यसहित कार्यमूलक लेखापरीक्षणको लागि यो विषयको छनोट गरिएको हो।

परिच्छेद-२
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

६. **लेखापरीक्षणको उद्देश्य** - राष्ट्रिय निकुञ्जको व्यवस्थापन तथा मध्यवर्ती क्षेत्रमा परेको प्रभावको परीक्षण गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षणका सहायक उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

- राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र सञ्चालन तथा व्यवस्थापनका लागि उपलब्ध कानुनी र नीतिगत व्यवस्थाको पर्याप्तताको विश्लेषण गर्नु,
- सञ्चालित कार्यक्रमहरूको प्रभावकारिताको विश्लेषण गर्नु,
- निकुञ्ज र मध्यवर्ती क्षेत्रको सुरक्षा व्यवस्थापनको विश्लेषण गर्नु,
- निकुञ्जका वन्यजन्तुका कारण भएको क्षति र राहत वितरण अवस्थाको विश्लेषण गर्नु

७. **लेखापरीक्षणको क्षेत्र** - लेखापरीक्षणको लागि छनौटको आधारमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र विभाग अन्तर्गतका राष्ट्रिय निकुञ्ज कार्यालयहरूबाट प्राप्त तथ्याङ्क एवं विवरणलाई लेखापरीक्षणको क्षेत्रभित्र समावेश गरिएको छ। लेखापरीक्षणका लागि मुलभूत रूपमा आर्थिक वर्ष २०७७।७८ देखि आर्थिक वर्ष २०८१।८२ सम्मका विवरण एवं तथ्याङ्क सङ्कलन गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकताअनुसार अन्य सम्बन्धित निकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ।

८. **लेखापरीक्षण पद्धति** - लेखापरीक्षणको उद्देश्यहरू प्राप्त गर्नका लागि प्रक्रियामूलक एवं नतिजामूलक पद्धतिको अवलम्वन गरी निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था, कार्यसञ्चालन प्रक्रिया, वार्षिक प्रगति प्रतिवेदन तथा सम्बन्धित कार्यालयहरूबाट प्राप्त तथ्याङ्क, सूचना एवं जानकारी सङ्कलनका साथै अन्य उपलब्ध प्रमाण कागजातको परीक्षण र विश्लेषण गरिएको छ। नेपालको सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (ईसाई ३००) र कार्यमूलक लेखापरीक्षणका मानदण्ड (ईसाइ ३०००), वातावरणीय लेखापरीक्षण निर्देशिका, २०७९ एवं कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८१ बमोजिमको लेखापरीक्षण पद्धति अवलम्वन गरिएको छ। लेखापरीक्षणको प्रमाण सङ्कलनको लागि स्थलगत निरीक्षण, निकायकाज जिम्मेवार पदाधिकारीसँग व्यक्तिगत तथा समूहगत छलफल कागजात प्रमाण भिडान, प्रश्नावली लगायत विधिको प्रयोग गरिएको छ। विषयसँग सम्बन्धित जोखिमको मूल्याङ्कन गरी पहिचान भएका विषयहरूको परीक्षण गर्ने सन्दर्भमा सक्षम, पर्याप्त र सान्दर्भिक प्रमाण सङ्कलन गर्न आवश्यकताअनुसार नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि, विस्तृत विवरणको परीक्षण विधि समेत प्रयोग गरिएको छ। लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादनको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, विश्लेषण समेतको प्रक्रियामूलक विधि समेत अवलम्वन गरिएको छ। लेखापरीक्षणको क्रममा लेखापरीक्षणको उद्देश्य प्रक्रिया लगायत विषयमा प्रवेश बैठक र लेखापरीक्षण सम्पन्न पश्चात देखिएका बेहोराउपर व्यवस्थापनसँग छलफल गरी प्राप्त सुझाउ

समेतका आधारमा प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षण कार्यका लागि आवश्यक तथ्याङ्क तथा सूचना सङ्कलनका लागि नागरिक समाज संस्थालाई समेत संलग्न गरिएको छ।

९. **लेखापरीक्षणको सीमा** - लेखापरीक्षणका लागि १२ राष्ट्रिय निकुञ्जमध्ये पर्सा र चितवन राष्ट्रिय निकुञ्ज छनौट गरी स्थलगत अध्ययन र अवलोकन साथै पर्सा राष्ट्रिय निकुञ्जको सुवर्णपुर मध्यवर्ती उपभोक्ता समिति र चितवन राष्ट्रिय निकुञ्जमा अमलटारी मध्यवर्ती उपभोक्ता समिति लगायत उपभोक्ता समितिसँग छलफल गरी सूचना तथा जानकारी सङ्कलन गरिएको तथा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा सरोकारवाला समूह र नागरिक समाज संस्थाको सहभागितामा छलफल गरी सङ्कलन भएका सूचना तथा तथ्याङ्क विश्लेषण गरिएको छ, भने अन्य निकायमा प्रश्नावली तथा छलफलबाट आवश्यक सूचना तथा जानकारी सङ्कलन गरी विश्लेषण गरिएको छ। द्वितीय स्रोतबाट सङ्कलित सूचना तथा जानकारीबाट समेत विश्लेषण गर्ने प्रयास गरिएको छ। लेखापरीक्षणमा समेटिएको क्षेत्र, प्राप्त सूचनाको विश्वस्नीयता, सूचना विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, नियन्त्रण जोखिमको मात्रा, उपलब्ध स्रोत साधन लगायत सीमाले लेखापरीक्षणको दायरा सीमित गरेको छ। लेखापरीक्षणको उक्त सीमाका कारण निकुञ्ज व्यवस्थापन तथा मध्यवर्ती क्षेत्रमा परेको सम्पूर्ण प्रभावलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिएकोले लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनोट गरी परीक्षण विश्लेषण सम्पन्न गरिएको छ।

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका बेहोरा

राष्ट्रिय निकुञ्ज व्यवस्थापन तथा मध्यवर्ती क्षेत्रमा सञ्चालन भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था, कानुनी प्रावधानहरूको प्रभावकारिता तथा त्यसबाट जैविक विविधता संरक्षण, दिगो विकास, वन्यजन्तु तथा वन पैदावार संरक्षण, पर्यावरणीय सन्तुलन तथा स्थानीय समुदायको जीविकोपार्जन र वातावरणीय सन्तुलनमा परेको समग्र प्रभावको मूल्याङ्कनको सन्दर्भमा देखिएका बेहोराहरू देहायबमोजिम रहेका छन्:

सकारात्मक पक्षहरू

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ जारी भई मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको व्यवस्था, कोषको परिचालन तथा सहभागितामूलक योजना कार्यान्वयन मार्फत राष्ट्रिय निकुञ्जको संरक्षण र व्यवस्थापनमा स्थानीय समुदायको अपनत्वबोध भएको छ।
- वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० ले क्षतिको राहत वितरण प्रक्रियालाई सहज, सरल र प्रभावकारी बनाएको छ।
- वन्यजन्तुबाट हुने क्षति नियन्त्रणको लागि तारबार, पर्खाल निर्माण, विद्युतीय तारबार, सूचना प्रणाली, जैविक मार्गको व्यवस्था जस्ता उपाय अवलम्बन गरिएको छ।
- वन्यजन्तु वासस्थान व्यवस्थापन कार्यविधि, २०८० मार्फत वन्यजन्तुको वासस्थानको व्यवस्थापन मार्फत वन्यजन्तुको संरक्षण, आहार विहारमा सहजता तथा विचरणका कार्यलाई पर्यावरणमैत्री बनाउने प्रयास भएको छ।
- नवीन संरक्षण रणनीति कार्यान्वयनमा ल्याई जिआईएस, स्मार्ट गस्तीजस्ता आधुनिक प्रविधिको प्रयोग गरी निकुञ्ज क्षेत्रमा रहेका संरक्षित वन्यजन्तु (बाघ, गैंडा) लगायतको वन्यजन्तुहरूको गणना गरी वन्यजन्तुको संरक्षणमा सुधारको थालनी भएको छ।

सुधार गर्नुपर्ने पक्षहरू

१०.**कानुनी तथा नीतिगत व्यवस्था** - नेपालको संविधानको अनुसूची- ५ मा राष्ट्रिय निकुञ्ज सङ्घको एकल अधिकारको सूचीमा समावेश भई यसको व्यवस्थापन सङ्घको अधिकार अन्तर्गत रहेको छ। राष्ट्रिय निकुञ्जको सञ्चालन तथा व्यवस्थापनमा कानुनी मार्गदर्शनका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० जारी भई कार्यान्वयनमा रहेको भएतापनि संङ्घीयता अनुरुप ऐन तथा नियमावली र क्षेत्रगत ऐन, नियम, कार्यविधि तथा मापदण्डहरू समयसापेक्ष निर्माण, संशोधन तथा परिमार्जन हुन नसक्दा उल्लिखित कानुनहरू कार्यान्वयनमा समस्या रहेको छ।

क्र.सं.	मौजुदा कानुन	संशोधनको अवस्था
१	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९	२०७३ (पाँचौ पटक)
२	हात्तीको व्यवस्था गर्ने नियमहरू,२०२२	नभएको
३	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली,२०३०	२०७४(चौंथो संशोधन)
४	चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०	२०४६(पहिलो संशोधन)
५	हिमाली राष्ट्रिय निकुञ्ज नियमावली,२०३६	२०७१(पहिलो संशोधन)
६	मध्यवर्ति क्षेत्र व्यवस्थापन नियमावली, २०५२	नभएको

उल्लिखित ऐन तथा नियमावलीहरू वर्तमान सङ्घीय शासन प्रणाली अनुसार संशोधन तथा परिमार्जन नभएकाले ऐन तथा नियमावलीमा भएको व्यवस्था फरक परी कानुन कार्यान्वयनमा समस्या रहेको छ। निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनमा भएका कानुनी तथा नीतिगत व्यवस्थामा देखिएका कानुनी असामञ्जस्यताहरू देहायबमोजिम छन्:

१०.१. मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २६(१) मा राष्ट्रिय निकुञ्ज क्षेत्रले गरेको आम्दानी मध्ये स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न सकिने व्यवस्था पूर्ण रुपमा पालना भएको देखिँदैन। त्यस्तै स्थानीय तहले राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा योजना कार्यान्वयन गरी वातावरणीय प्रभाव र विनाशका सम्बन्धमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र नियमावली, २०३० तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ बमोजिम गर्नुपर्नेमा सो नहुँदा निकुञ्ज प्रशासन र स्थानीय तहबिच असामञ्जस्यता एवं विवाद सिर्जना हुने गरेको छ।

१०.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निकुञ्ज क्षेत्रमा हुने विपद् व्यवस्थापनमा स्थानीय सरकारको सहभागिता सम्बन्धी व्यवस्था रहेको देखिँदैन। सोही ऐनमा गाउँपालिका तथा नगरपालिकाले मानव-वन्यजन्तुबिचको द्वन्द्व व्यवस्थापन र मिचाहा प्रजातिको नियन्त्रणको कार्य गर्नुपर्ने व्यवस्था भएतापनि त्यसको कार्यान्वयन भएको देखिँदैन।

१०.३. हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ को नियम ७(क) मा संरक्षकको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले निकुञ्जभित्र जुनसुकै प्रकारको घर, छाप्रो, आश्रय वा अरू बनौट बनाउन वा भोग गर्न, कुनै भू-भाग कब्जा गर्न, कुनै किसिमले जग्गालाई क्षति पुऱ्याउने कार्य गर्न निषेध गरिएको छ। प्रदेश र स्थानीय तहबाट निकुञ्ज क्षेत्रभित्र हुने भौतिक संरचना (सडक लगायतका संरचना) निर्माणको कार्यमा तहगत सरकार र निकुञ्जबिचमा विवाद उत्पन्न हुने गरेको छ।

१०.४. वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० मा वन्यजन्तुबाट धन जनको क्षति भएमा राहत वितरण गर्ने प्रक्रियालाई सरल र व्यवस्थित गर्ने व्यवस्था छ। निर्देशिकाको अनुसूची-१ मा वन्यजन्तुबाट भएको क्षतिको राहत वितरणका क्षेत्र निर्धारण, क्षति बापत क्षतिपूर्ति पाउने नपाउने विषय स्पष्ट किटान गरेको छ। तर राष्ट्रिय निकुञ्जमा भएका अन्य वन्यजन्तुहरूबाट भएको क्षति र रैथाने तथा परम्परागत बाली सम्बन्धमा यो निर्देशिकाले समेटेको छैन। सूचीकृत वन्यजन्तु बाहेक अन्य वन्यजन्तुबाट भएको बालीको क्षति सम्बन्धमा पीडितले क्षतिपूर्ति पाउने गरेका छैनन्।

कानुनी तथा नीतिगत अस्पष्टताका कारण निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको सञ्चालन, व्यवस्थापन तथा विकासमा प्रभाव परेको छ। विद्यमान कानुनी तथा नीतिगत व्यवस्थामा रहेका समस्यालाई सम्बोधन गरी नीति, ऐन तथा कानुनमा सुधार गर्नुपर्दछ।

११. **बजेट खर्चको अवस्था** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरूप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने साथै विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधीनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने व्यवस्था सहित स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनमा सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ। राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र व्यवस्थापनका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय निकुञ्ज तथा आरक्ष आयोजना र हात्तीसारहरू आयोजना खर्च शिर्षक

कार्यक्रममा आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्म विनियोजित बजेट र खर्च निम्नानुसार रहेको छः



स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

उल्लिखित विवरणअनुसार २०७९।८० मा रु.१ अर्ब ३८ करोड १ लाख ७९ हजार विनियोजन भई रु.१ अर्ब १२ करोड ५२ लाख खर्च भएको छ। २०८१।८२ मा रु.१ अर्ब २४ करोड ३१ लाख ५३ हजार विनियोजन भएकोमा रु.१ अर्ब १ करोड ३९ लाख १० हजार खर्च भएको देखिन्छ। वार्षिक रूपमा बजेट विनियोजन र सोको खर्चको अनुपात निरन्तर घट्दै जाँदा आवश्यक स्रोतको अभाव भई निकुञ्ज सञ्चालन तथा व्यवस्थापन प्रभावकारी नहुने र विनियोजित बजेट खर्च हुन नसक्दा दक्षता कमजोर रहेको देखियो। आश्यकताका आधारमा उपयुक्त बजेट व्यवस्था गरी खर्च दक्षता अभिवृद्धि मार्फत तोकिएको लक्ष्य प्राप्ति गर्नु पर्दछ।

१२.**जनशक्ति व्यवस्थापन** - नेपाल वन सेवा (गठन, समुह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू दोश्रो संशोधन, २०८० को नियम ६ मा सेवा तथा समुहका रिक्त पदहरूको पूर्ति निजामती सेवा ऐनको दफा ७(१) बमोजिम हुने उल्लेख छ। सोही व्यवस्थाबमोजिम राष्ट्रिय निकुञ्ज कार्यालयमा वर्तमान जनशक्तिको अवस्था देहायबमोजिमको रहेको छः



विवरण अनुसार १२ निकुञ्ज कार्यालयहरूमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार कायम गरिएको दरवन्दीमध्ये चितवन राष्ट्रिय निकुञ्जमा ३८३ स्वीकृत दरवन्दी रहेकोमा ३०१ (करार समेत) रिक्त पद मात्र पदपूर्ति भएको छ। त्यस्तै बर्दियामा कुल दरवन्दीको तुलनामा ७१ जना पर्सामा ३३ जना र शिवपुरीमा २८ जना कर्मचारी दरवन्दी रिक्त रहेको छ। स्वीकृत दरवन्दीअनुसार धेरै संख्यामा पद रिक्त हुँदा निकुञ्ज कार्यालयबाट प्रवाह हुने सेवा सञ्चालनमा चुनौती थपिएको देखिन्छ। स्वीकृत दरवन्दी अनुसार पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।

१३.कार्यक्रमको प्रगति - नेपाल सरकारले वार्षिक रूपमा तयार गर्ने नीति तथा कार्यक्रम र बजेटमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमार्फत राष्ट्रिय निकुञ्ज कार्यालयले कार्यान्वयन गर्ने गरी वन्यजन्तुको संरक्षण र मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनमा आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्म विभिन्न माईलस्टोन क्रियाकलाप निर्धारण गरी सो बमोजिम लक्ष्य तोकी कार्यक्रम सञ्चालन गरेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको प्रगति प्रतिवेदन अनुसार विगत तीन आर्थिक वर्षको बजेट कार्यान्वयन र प्राप्त उपलब्धी देहायबमोजिम रहेको छः

(रकम रु. हजारमा)

क्र.सं.	माईलस्टोन क्रियाकलाप	आर्थिक वर्ष २०७९।८०		आर्थिक वर्ष २०८०।८१		आर्थिक वर्ष २०८१।८२	
		बजेट रकम	भौतिक प्रगति प्रतिशत	बजेट रकम	भौतिक प्रगति प्रतिशत	बजेट रकम	भौतिक प्रगति प्रतिशत
१	घाँसे मैदान निर्माण तथा व्यवस्थापन	३७,४४६/	८९.५०	१५,३९०/-	९७	९,४६०/-	१००
२	मेशजाली सहित तारबार निर्माण	६०,५९०/-	८९.२८	४६,५९०/-	१००	३९,८००/-	८२.४६
३	सोलार फेन्स निर्माण	११,०००/-	९६	६०,२९०/-	१००	१२,२००/-	७०.८३
४	वन्यजन्तुका लागि पानीपोखरी निर्माण तथा मर्मत सुधार	६,५५०/-	१००	५,७००/-	७७.५०	४,२००/-	१००

विगत तीन वर्षमा विनियोजित बजेट २०७९।८० को तुलनामा पछिल्ला वर्षमा क्रमश घट्दै गएको छ। २०८१।८२ मा मेशजाली सहित तारवार निर्माणमा ८२.४६ प्रतिशत र सोलार फेन्स निर्माणमा ७०.८३ प्रतिशत मात्र भौतिक प्रगति प्राप्त गरेको छ। तहगत निकायबिच कानुनी तथा नीतिगत समन्वय र सहकार्यको तालमेल नहुँदा माईलस्टोन क्रियाकलापमा लक्ष्य अनुसार प्रगति भएको छैन। तहगत निकाय बिच प्रभावकारी समन्वय गरी लक्षित उपलब्धी हासिल गर्नुपर्दछ।

१४.जैविक विविधताको संरक्षण - नेपालले अन्तर्राष्ट्रिय रूपमा लोपोन्मुख वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि, प्रकृति संरक्षणका लागि अन्तर्राष्ट्रिय संघ, रामसार सन्धि, जैविक विविधता सम्बन्धी महासन्धि लगायत जैविक विविधता संरक्षणको क्षेत्रमा प्रतिवद्धता जनाएको छ। वातावरण संरक्षण ऐन, २०७६ को दफा २३ मा मन्त्रालयले जलवायु परिवर्तनबाट स्थानीय समुदायको पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतामा परेको प्रतिकूल असरको अध्ययन गरी प्राप्त प्रतिवेदन अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट कार्यान्वयन गरिने विकास आयोजनाको तर्जुमा गर्दा प्राथमिकता दिन सक्ने व्यवस्था छ। जैविक विविधताको संरक्षण कार्यमा राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रले कुल संरक्षित भू-भागको ५० प्रतिशतभन्दा बढी अंश समेटेको छ। सुख्खायामसँगै मानवीय गतिविधिका कारण हुने डढेलो, विश्वव्यापी उष्णता, जलवायु परिवर्तन, बढ्दो औद्योगिकीकरण, विषादीको प्रयोग लगायतका कारण राष्ट्रिय निकुञ्ज क्षेत्रमा रहेको जैविक विविधता सङ्कटमा परेको छ। राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रको प्रभावकारी व्यवस्थापन मार्फत निकुञ्ज क्षेत्रमा आश्रित जैविक विविधताको संरक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

१५.वन्यजन्तु संरक्षण - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले पहिलो पटक नेपालका २७ स्तनधारी, ९ चरा र ३ घस्रने प्रजातिलाई कानुनी संरक्षित वन्यजन्तुमा राखेको छ। वन्यजन्तुको संरक्षणमा सबै तहका सम्बन्धित सरोकारवालालाई सहभागी गराउनका लागि केन्द्रीय, प्रदेश र जिल्लास्तरमा वन्यजन्तु अपराध नियन्त्रण एकाइ तथा समिति गठन गरिएको छ। जैविक मार्ग मासिदैं जाँदा वन्यजन्तुको बसाईसराई प्रभावित भएको, सीमसार क्षेत्रको कमी र फोहोर व्यवस्थापन गर्न नसक्दा मानव-वन्यजन्तुबिच द्वन्द्व, साथै चोरी शिकार, सडक दुर्घटना, डढेलो, अनियन्त्रित विषादिको प्रयोग जस्ता कारणबाट वन्यजन्तुको अप्राकृतिक मृत्यु भएकाले वन्यजन्तुको संरक्षण कार्य चुनौतीपूर्ण देखिएको छ। दुर्लभ र एउटै क्षेत्रमा अवस्थित वन्यजन्तुको समेत स्थानान्तरण नहुँदा त्यस्ता वन्यजन्तुको संरक्षणमा चुनौती थपिएको छ। जलवायु परिवर्तनबाट पर्ने असर, वंशाणु परिवर्तन गरेका जीवजन्तु तथा वन्यजन्तुबाट संरक्षणमा पर्ने असरलगायतका विषयमा अध्ययन तथा अनुसन्धान गरी वन्यजन्तुको संरक्षणमा विशेष ध्यान दिनुपर्ने देखिन्छ।

१६.हात्तीसार व्यवस्थापन - हात्तीको व्यवस्था गर्ने नियमहरू, २०२२ को नियम ४ मा सरकारी तथा गैरसरकारी व्यक्तिहरूले तोकिएको दरले भाडा तिरेर हात्तीको प्रयोग गर्नुपर्ने व्यवस्था छ। उक्त नियम बमोजिम नेपालमा तराई क्षेत्रका राष्ट्रिय निकुञ्ज र कोशिटप्पु वन्यजन्तु आरक्षमा १०६ हात्तीको पालनपोषण, हेरचाह, तालिम लगायत व्यवस्थापन कार्य हुनुका साथै सोका लागि हात्तीसार कर्मचारीको व्यवस्था गरिएको छ। हात्तीसार व्यवस्थापन (तलव, दाना तथा पानी) को लागि २०७९।८० देखि २०८१।८२ सम्म तीन

वर्षमा रु.६६ करोड ५० लाख ७४ हजार विनियोजन भएकोमा रु.५६ करोड ७ लाख ५३ हजार खर्च भएको छ।



स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

विगतमा हात्तीसारका हात्तीलाई पर्यटन व्यवसायमा प्रयोग गरी राजश्व समेत आर्जन हुनेमा हाल मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, चोरी शिकार नियन्त्रण, वन्यजन्तुको उद्दार जस्ता कार्यमा सीमित भएको देखिन्छ। हात्तीसारको व्यवस्थापनमा हुने खर्चलाई लाभ लागत विश्लेषणको आधारमा मितव्ययी बनाई हात्तीसारमा रहेको हात्तीहरूको वैकल्पिक प्रयोगका माध्यम पहिचान गरी खर्चको सार्थकता वृद्धि गर्नु पर्दछ।

१७.राष्ट्रिय निकुञ्जको आय - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १६(क) मा राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र तोकिएको अधिकारीले तोकिए बमोजिम दस्तुर लिई तोकिएको वन पैदावार वा अन्य सेवा उपलब्ध गराउन सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम निकुञ्ज क्षेत्रमा रहेका वन पैदावार विक्री वितरण, गैर काष्ठ वन पैदावार(गिट्टी, ढुङ्गा, र बालुवा), जडिबुटी, पर्या-पर्यटन, दण्ड जरिवाना तथा सजाय, सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय लगायतका विभिन्न शीर्षकहरूमा राष्ट्रिय निकुञ्जले आय प्राप्त गर्ने गरेका छन्। राष्ट्रिय निकुञ्ज कार्यालयहरूले विगत तीन आर्थिक वर्षमा देहायअनुसार रु. २ अर्ब १२ करोड ५२ लाख ९८ हजार आय प्राप्त गरेको देखिन्छः

(रु.हजारमा)

क्र. सं.	राष्ट्रिय निकुञ्जको नाम	आर्थिक वर्ष			जम्मा
		२०७९/८०	२०८०/८१	२०८१/८२	
१	बर्दिया राष्ट्रिय निकुञ्ज	४५,९३३	४०,८५३	४६,०९४	१,३२,८८०
२	लाङ्टाङ राष्ट्रिय निकुञ्ज	३६,२४८	५४,३१९	५७,७०३	१,४८,२७०
३	रारा राष्ट्रिय निकुञ्ज	३,३३६	४,८३४	६,२७२	१४,४४२
४	बाँके राष्ट्रिय निकुञ्ज	१०,१४५	६,०८४	१०,०२०	२६,२४९
५	सगरमाथा राष्ट्रिय निकुञ्ज	१,४३,४७८	१,५४,७६१	१,७१,९१३	४,७०,१५२

६	शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज	१९,१२०	३०,९४०	३२,६०७	८२,६६७
७	शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	४८,१९५	६०,९२२	५३,१७७	१,६२,२९४
८	मकालु बरुण राष्ट्रिय निकुञ्ज	३,६२७	६,३४७	५८,२३	१५,७९७
९	खप्तड राष्ट्रिय निकुञ्ज	६४७	८५५	९१७	२,४१९
१०	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज	८,८०२	१३,२७८	६,३७२	२८,४५२
११	पर्सा राष्ट्रिय निकुञ्ज	३५,६४६	१६,२३०	२१,४६०	७३,३३६
१२	चितवन राष्ट्रिय निकुञ्ज	२,८८,२१६	३,४१,५०१	३,३८,६२३	९,६८,३४०
जम्मा		**६,४३,३९३**	**७,३०,९२४**	**७,५०,९८१**	**२१,२५,२९८**

स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

उल्लिखित तालिकाअनुसार २०८०।८१ को तुलनामा २०८१।८२ मा शिवपुरी नागार्जुनको रु.७७ लाख ४५ हजार, मकालु-बरूणको रु.५ लाख २४ हजार, शुक्लाफाँटाको रु.६९ लाख ६ हजार र चितवनको रु.२८ लाख ७८ हजार न्यून आय भएको देखिन्छ। राष्ट्रिय निकुञ्जको आम्दानीको प्रमुख स्रोत रहेको पर्या-पर्यटन र वन पैदावारको अधिकतम उपयोगमार्फत आय वृद्धि तथा दिगोपना कायम गर्न जोड दिनुपर्दछ।

१८.वन्यजन्तुको क्षति - नेपालमा राष्ट्रिय निकुञ्ज व्यवस्थापन, वन्यजन्तु र यसको वासस्थानको संरक्षण, चोरी शिकार नियन्त्रण गर्ने विशेष उद्देश्यसहित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा नियमावली, २०३० कार्यान्वयनमा रहेको छ । वन्यजन्तुको संरक्षणमा सबै तहका सम्बन्धित सरोकारवालालाई सहभागी गराउनका लागि केन्द्र, प्रदेश र जिल्लास्तरमा वन्यजन्तु अपराध नियन्त्रण एकाइ तथा समिति गठन गरिएको छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार २०७९।८० देखि २०८१।८२ सम्म प्राकृतिक कारण, सडक दुर्घटना, चोरि शिकारी तथा अन्य कारणबाट ३७ प्रजातिका १ हजार १७९ वन्यजन्तुको मृत्यु भएको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ। वन्यजन्तुको क्षति सम्बन्धी देखिएको थप बेहोरा निम्नानुसार छन्:

१८.१. राष्ट्रिय निकुञ्ज क्षेत्रका वन्यजन्तुको प्राकृतिक मृत्युको कारण उमेर पुगेर, बिरामी भएर र बाघको आक्रमण रहेको छ। प्राप्त विवरण अनुसार २०७९।८० देखि २०८१।८२ मा राष्ट्रिय निकुञ्ज क्षेत्रमा बाघ, गैंडा र हात्ती बाहेक अन्य साना वन्यजन्तुको मृत्यु बाघको आक्रमण, विरामी लगायतका प्राकृतिक कारणबाट देहायबमोजिमका वन्यजन्तुको मृत्यु भएको छ।

क्र.सं.	वन्यजन्तुको नाम	आर्थिक वर्ष			जम्मा
		२०७९।८०	२०८०।८१	२०८१।८२	
१	गैंडा	२२	१८	१९	५९
२	बाघ	१०	५	३	१८
३	हात्ती	३	३	८	१४
४	अर्ना	७	०	०	७
५	गौरी गाई	४	०	०	४
६	चरी बाघ	१	०	०	१
७	घडियाल गोही	६	०	०	६
८	चित्तल	३०	१७	३१	७८

९	जरायो	७	०	३	१०
१०	रतुवा	४	०	०	४
११	निलगाई	१	०	०	१
१२	जंगली बँदेल	६	३	९	१८
१३	लङ्गुर/बाँदर	०	५	७	१२
१४	कृष्णसार	०	३०	०	३०
१५	चितुवा	०	१	०	१
जम्मा		१०१	८२	८०	२६३

स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

उल्लिखित विवरण अनुसार संरक्षित वन्यजन्तुको रूपमा रहेका गैंडा, बाघ र हात्तीको मृत्यु संख्या बढी रहेको देखिन्छ। विगत तीन वर्षमा गैंडा ५९, बाघ १८ र हात्ती १४ सहित जम्मा २६३ वन्यजन्तुको मृत्यु भएको छ। प्राकृतिक कारण बाहेक वन्यजन्तु आपसमा जुधेर, विरामी भएर र बाढीमा परी तथा दलदलमा फसेर समेत मृत्यु भएको छ। प्राकृतिक कारणबाट मृत्यु हुने वन्यजन्तुमा चित्तल ७८, कृष्णसार ३०, रहेको छ।

१८.२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १५(घ) मा जैविक मार्गको संरक्षण तथा संवर्धनसम्बन्धी व्यवस्था छ। निकुञ्ज क्षेत्रमा सडक दुर्घटनाबाट २०७९।८० देखि २०८१।८२ सम्म १८२ वन्यजन्तुको मृत्यु भएको छ। पूर्व-पश्चिम महेन्द्र राजमार्गमा पर्ने पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा सडक दुर्घटनाबाट बढी संख्यामा वन्यजन्तुको मृत्यु भएको देखिन्छ। सडक दुर्घटनाबाट भएको क्षतिको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	वन्यजन्तुको नाम	आर्थिक वर्ष			जम्मा
		२०७९।८०	२०८०।८१	२०८१।८२	
१	स्याल	०	३	०	३
२	दुम्सी	०	४	०	४
४	अर्ना	१	०	०	१
६	चरी बाघ	१	०	१	२
८	सुन गोहोरो	२	०	०	२
९	चित्तल	३३	२०	३१	८४
१०	जरायो	१	०	२	३
११	रतुवा	७	०	०	७
१२	निलगाई	४	०	०	४
१३	जंगली बँदेल	९	३	४	१६
१४	लङ्गुर/बाँदर	३५	९	११	५५
१६	चितुवा	०	१	०	१
जम्मा		९३	४०	४९	१८२

स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

उल्लिखित विवरण अनुसार सडक दुर्घटनाका कारण सबैभन्दा बढी चित्तल ८४, जंगली बँदेल १६, बाँदर/लङ्गुर ५५, निलगाई ४, रतुवा ७ सुनगोहोरो २ लगायतका वन्यजन्तु सडक दुर्घटनाबाट मरेका छन्। राजमार्गको विभिन्न स्थानहरूमा जैविक मार्ग घोषणा गरी सवारी गतिलाई सीमित गर्ने, टाईम कार्डको प्रयोग, सुरक्षा निकायबाट नियमित चेकजाँचजस्ता कार्यमार्फत सडक दुर्घटनालाई न्यूनिकरण गर्दै

वन्यजन्तुको आवतजावतको अधिकारलाई संरक्षण गर्ने कार्य गर्नुपर्नेमा सो प्रभावकारी नहुँदा सडक दुर्घटनाबाट वन्यजन्तुलाई सुरक्षित गर्न सकिएको छैन।

१८.३. राष्ट्रिय निकुञ्ज क्षेत्रमा २०७९।८० देखि २०८१।८२ सम्म तीन वर्षमा निम्नानुसारका ३० वन्यजन्तुको चोरी शिकारका कारण मृत्यु भएको छ।

क्र.सं.	वन्यजन्तुको नाम	आर्थिक वर्ष			जम्मा
		२०७९।८०	२०८०।८१	२०८१।८२	
१	गैंडा	२	३	०	५
२	अर्ना	२	०	५	७
३	घडियाल गोही	०	१	०	१
४	चित्तल	४	२	०	६
५	जरायो	१	०	०	१
६	जंगली बँदेल	४	१	०	५
७	लङ्गुर/बाँदर	०	१	३	४
८	चितुवा	०	१	०	१
जम्मा		१३	९	८	३०

स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

विवरणअनुसार उक्त अवधिमा ५ गैंडाको चोरी शिकारी भएकोमा २०८०।८१ मा ३ गैंडा चोरी शिकारी भएको देखिन्छ। त्यस्तै अर्ना ७, घडियाल गोही १, जंगली बँदेल ५, लङ्गुर/बाँदर ४, चितुवा १ लगायतका वन्यजन्तु चोरी शिकारी भएको देखिन्छ। चोरी शिकारबाट क्षति हुने वन्यजन्तुमा संरक्षित रूपमा रहेका वन्यजन्तु बढी रहेको हुँदा तिनीहरूको संरक्षण प्रभावकारी देखिएको छैन।

१८.४. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र नियमावली, २०३० तथा वन्यजन्तुको संरक्षणको लागि स्थापित क्षेत्रगत ऐन तथा कानुनअनुसार राष्ट्रिय निकुञ्जमा रहेका वन्यजन्तुको संरक्षणको कर्तव्य राष्ट्रिय निकुञ्ज कार्यालय, निकुञ्ज क्षेत्रको सुरक्षार्थ खटिएको नेपाली सेना, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति र स्थानीय बासिन्दा लगायत सबैको रहेको छ। विगत तीन आर्थिक वर्षको विवरण अनुसार कारण नखुली मर्ने वन्यजन्तुको संख्या ३४९ रहेको छ।

क्र.सं.	वन्यजन्तुको नाम	आर्थिक वर्ष			जम्मा
		२०७९।८०	२०८०।८१	२०८१।८२	
१	गैंडा	२	०	८	१०
२	अर्ना	१	०	०	१
३	बाघ	१	५	७	१३
४	हात्ती	३	१	३	७
५	चरी बाघ	०	०	१	१
६	घडियाल गोही	३	०	०	३
७	सुन गोहोरो	१	०	०	१
८	चित्तल	१२९	७०	५६	२५५
९	जरायो	१	०	१	२
१०	रतुवा	७	०	०	७
११	निलगाई	४	०	०	४
१२	जंगली बँदेल	४	५	१	१०
१३	लङ्गुर/बाँदर	१६	६	४	२६
१४	कृष्णसार	०	७	०	७
१५	चितुवा	०	२	०	२
जम्मा		**१७२**	**९६**	**८१**	**३४९**

स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

उल्लिखित विवरण अनुसार चित्तल २५५, गैंडा १०, बाघ १३, निलगाई ४, घडियाल गोही ३ लगायत ३४९ वन्यजन्तु के कति कारणबाट मृत्यु भयो भन्ने यकिन भएको देखिँदैन। संरक्षित वन्यजन्तु समेतका वन्यजन्तुको कारण नखुली मृत्यु हुँदा वन्यजन्तुको संरक्षणमा थप चुनौति देखिएको छ।

वन्यजन्तुको बढी आवतजावत हुने राजमार्ग र सडकहरूमा सडक सुरक्षाका उपायहरू कडाइकासाथ लागू गर्ने, सुरक्षा निकायद्वारा हुने नियमित चेकजाँचलाई प्रभावकारी बनाउनुको साथै वन्यजन्तुको आवतजावतको लागि सहज पहुँचमार्ग समेत विस्तार गर्नु पर्दछ। जलवायु परिवर्तनबाट पर्ने असर, वंशाणु परिवर्तन गरेका वन्यजन्तुको संरक्षण र चोरी शिकार नियन्त्रण कार्यलाई प्रभावकारी बनाउँदै निकुञ्ज क्षेत्रमा अप्राकृतिक रुपमा कारण नखुली हुने वन्यजन्तुको क्षतिको पहिचान र समस्या संवोधन गरी वन्यजन्तु संरक्षणलाई प्राथमिकता दिनुपर्दछ।

१९.निकुञ्ज क्षेत्रमा व्यवसाय सञ्चालन - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा वातावरणलाई प्रतिकुल असर नपुग्ने र वन्यजन्तुलाई हानि नोक्सानी नपुग्ने गरी निकुञ्ज क्षेत्रमा तोकिए बमोजिम उद्योगधन्दा, होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा तथा सुविधा सञ्चालन गर्न सकिने व्यवस्था रहेको छ। यस सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

१९.१. नेपाल सरकार (सचिवस्तर) २०७०।९।१९ को निर्णयअनुसार जारी भएको लाइटाङ राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्र होटल, लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७० मा २०७३।७४ पछि सबै होटल, लज तथा चिया पसललाई खुला प्रतिस्पर्धात्मक आधारमा छनोट गरी सञ्चालन अनुमति दिने व्यवस्था रहेको छ। निकुञ्ज कार्यालयमा ५२ होटल दर्ता रहेकोमा ४६ सञ्चालनमा रहेको र ६ होटल बन्द अवस्थामा रहेका छन्। सोमध्ये कुनै पनि होटल, लज तथा चिया पसलको नवीकरण तथा म्याद थप गरेको देखिएन। नवीकरण नहुँदा कार्यविधिअनुसार सम्झौताको अवधिभरमा प्रत्येक वर्ष १० प्रतिशतका दरले सम्झौता रकममा वृद्धि हुने व्यवस्था भएपनि सो को कार्यान्वयन हुन सकेको छैन। खुला प्रतिस्पर्धा छनोटको आधार, राजश्वको न्यूनतम दर, मध्यवर्ती क्षेत्रका वासिन्दालाई पर्ने असरलगायतका विषयमा स्पष्ट कानुनी व्यवस्था नभएकाले खुला प्रतिस्पर्धा गर्ने/गराउने कार्य कार्यान्वयन हुन सकेको छैन। निकुञ्ज क्षेत्रको पर्यावरणीय सन्तुलनमा प्रतिकूल असर नपर्ने गरी नियमानुसार त्यस्ता व्यावसायको दर्ता तथा नवीकरण गरी/गराई राष्ट्रिय निकुञ्जको आय आर्जन अभिवृद्धि गर्नुपर्दछ।

१९.२. संरक्षण क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड , २०८० जारी भई संरक्षण क्षेत्रमा स्थापना र सञ्चालन हुने उद्योगको स्थापना र सञ्चालनमा एकरूपता कायम गर्ने व्यवस्था रहेको छ। मकालु-बरूण राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्यटनमा आधारित उद्योग ९५ र वन पैदावारमा आधारित उद्योग १ समेत ९६ उद्योग सञ्चालनमा रहेकोमा १ फर्निचर उद्योग मात्र दर्ता रहेको छ। राष्ट्रिय निकुञ्ज कार्यालयमा दर्ता नगरी उद्योग व्यावसाय सञ्चालनमा रहँदा आम्दानीको स्रोत समेत गुमेको देखिन्छ। यसरी सञ्चालित उद्योग व्यावसायलाई दर्ता गरी मापदण्ड बमोजिम कानुनको परिपालना गराउनु पर्दछ।

१९.३. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले २०७५।१।१२ मा रारा राष्ट्रिय निकुञ्जभित्र होटल तथा चिया पसल सञ्चालन सम्झौता गर्दा विभागको सहमति बेगर नगर्न निकुञ्ज कार्यालयलाई परिपत्र गरेको छ। निकुञ्ज क्षेत्रमा सञ्चालित एक रिसोर्टको मिति २०७८।६।२८ मा सम्झौता अनुसार म्याद सकिएकोले मिति २०८२।२।२८ मा होटल हटाई निकुञ्जलाई हस्तान्तण गर्न निकुञ्ज कार्यालयले पत्राचार गरेकोमा सोको कार्यान्वयन गरेको छैन। विभागको निर्देशनअनुसार निकुञ्जको मुख्य क्षेत्रमा भएको होटल हटाई निकुञ्जको पर्यावरण संरक्षण गर्नुपर्दछ।

२०.निकुञ्ज क्षेत्रको अतिक्रमण - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ मा निकुञ्जको कुनै भाग कब्जा गर्न, आवादी गर्न, खेती गर्न, कुनै बाली उब्जाउन वा काट्न, घरपालुवा जीवजन्तु वा

पन्छी चराउन वा वनपैदावार हानिनोक्सानी पुऱ्याउन र खनिज निकाल्न नपाइने व्यवस्था छ। राष्ट्रिय निकुञ्ज कार्यालयहरूबाट प्राप्त विवरणअनुसार निकुञ्जको कोर क्षेत्रदेखि मध्यवर्ती क्षेत्रसम्मको देहायबमोजिम २ हजार २६ हेक्टर क्षेत्र कानुन विपरित निजी तथा व्यावसायिक प्रयोजनका लागि अतिक्रमण भएको छ।

(क्षेत्रफल वर्ग किलोमिटरमा)

क्र.सं.	राष्ट्रिय निकुञ्जको नाम	जम्मा क्षेत्रफल	अतिक्रमण भएको क्षेत्रफल	कैफियत
१	बर्दिया राष्ट्रिय निकुञ्ज	९६८	१७.४३ हेक्टर	२०६६ सालको तथ्याङ्क अनुसार
२	खप्तड राष्ट्रिय निकुञ्ज	२२५	-	अध्यावधिक अभिलेख नभएको
३	शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	१५९	-	तथ्याङ्क सङ्कलन भइरहेको
४	मकालु-बरूण राष्ट्रिय निकुञ्ज	१५००	६.४५ हेक्टर	मकालु वेशक्याम्प र मेरापिक क्षेत्रमा अतिक्रमण
५	चितवन राष्ट्रिय निकुञ्ज	९५२.६३	१२०८ हेक्टर	२०३५ सालदेखि अतिक्रमण गरी बसेको
६	बाँके राष्ट्रिय निकुञ्ज	५५०	२४१ हेक्टर	वास्तविक क्षेत्रफल अध्यावधिक नरहेको
७	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज	३०५	५१४.३१ हेक्टर	
८	रारा राष्ट्रिय निकुञ्ज	१०६	३८.९९ हेक्टर	मध्यवर्ती क्षेत्र १९८ व.कि.मि.मध्ये

उल्लिखित विवरण अनुसार चितवन राष्ट्रिय निकुञ्जमा बि.सं. २०३५ सालदेखि घर टहरा बनाई तथा खेती बाली गरी सबैभन्दा बढी १२०८ हेक्टर, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको ५१४.३१ हेक्टर, बाँके राष्ट्रिय निकुञ्जको २४१ हेक्टर, रारा राष्ट्रिय निकुञ्जको करिब ३९ हेक्टर, बर्दिया राष्ट्रिय निकुञ्जको १७.४३ हेक्टर क्षेत्र अतिक्रमण भएको छ। खप्तड राष्ट्रिय निकुञ्जको कति क्षेत्रफल जग्गा अतिक्रमण भएको भन्ने सम्बन्धमा अध्यावधिक अभिलेख नरहेको र शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जले अतिक्रमण भएको जग्गाको तथ्याङ्क सङ्कलन गरिरहेको जनाएको छ। निकुञ्ज क्षेत्रको अतिक्रमणले वन्यजन्तुको वासस्थानमा संकुचन आएको, मानव-वन्यजन्तु द्वन्द्वमा वृद्धि भएको, वन्यजन्तुसाथै मानवीय क्षति बढेको र कानुनको कार्यान्वयन नभएको देखिन्छ। निकुञ्ज क्षेत्रमा भएको अतिक्रमणलाई नियन्त्रण गर्दै अतिक्रमित क्षेत्र फिर्ता गर्नुपर्दछ।

२१.पर्या-पर्यटन – राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ६ मा राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको सर्वोपरी हीतको निमित्त नेपाल सरकाले स्वयम वा तोकिए बमोजिमको कार्यविधि अपनाई कसैसित करार गरी होटल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्ने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम निकुञ्ज क्षेत्र पर्यापर्यटनको गन्तव्यको रूपमा विकास भई आम्दानीको प्रमुख स्रोतको रुपमा रहेको छ। चितवन, बर्दिया, शुक्लाफाँटा, शिवपुरी नागार्जुन र सगरमाथा लगायत राष्ट्रिय निकुञ्ज पर्यटकको लागि प्रमुख गन्तव्यस्थल बनेका छन्। आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको पर्यटक भ्रमणको विवरण देहायमा प्रस्तुत गरिएको छः

क्र.सं.	राष्ट्रिय निकुञ्जको नाम	भ्रमण गर्ने पर्यटक संख्या			कैफियत
		आर्थिक वर्ष २०७९।८०	आर्थिक वर्ष २०८०।८१	आर्थिक वर्ष २०८१।८२	
१	चितवन राष्ट्रिय निकुञ्ज	२९२३९२	३०६८३७	२४९९५६	
२	बर्दिया राष्ट्रिय निकुञ्ज	२३५११	२६१३१	२८०६७	
३	लाङ्टाङ राष्ट्रिय निकुञ्ज	२७५६१	३२५९७	४३९९२	

४	रारा राष्ट्रिय निकुञ्ज	१०८९९	१७२९७	१९४४७	
५	बाँके राष्ट्रिय निकुञ्ज	२७१	४७९	६२०	
६	सगरमाथा राष्ट्रिय निकुञ्ज	५७६९०	५८२२२	५८९७८	
७	शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज	३७८२	४२९०	५१०९	
८	शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	३०१२७८	३९२८८२	३४६६४४	
९	मकालु बरूण राष्ट्रिय निकुञ्ज	१६१०	६३४	२४३८	
१०	खप्तड राष्ट्रिय निकुञ्ज	२८९१	३४३२	२७४५	
११	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज	३५२८	४००५	३६२२	
१२	पर्सा राष्ट्रिय निकुञ्ज	८९०	८०६	५८०	
जम्मा		७२६३०३	८४७६१२	७६२१९८	

स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

उल्लिखित विवरणअनुसार विगत तीन वर्षको अवधिमा २३ लाख ३६ हजार ११३ पर्यटकले राष्ट्रिय निकुञ्जहरूको भ्रमण गरेको देखिन्छ। उक्त अवधिमा चितवन राष्ट्रिय निकुञ्जमा ८ लाख ४९ हजार ९८५, पर्सा राष्ट्रिय निकुञ्जमा २ हजार २७६, मकालु-बरूण राष्ट्रिय निकुञ्जमा ४ हजार ६८२, बाँके राष्ट्रिय निकुञ्जमा १ हजार ३७०, खप्तड राष्ट्रिय निकुञ्जमा ९ हजार ६८ पर्यटकले भ्रमण गरेका छन्। चितवन र सगरमाथा राष्ट्रिय निकुञ्जको तुलनामा अन्य राष्ट्रिय निकुञ्जहरूमा विदेशी पर्यटकको प्रवेश नगन्य रहेको देखिन्छ। पर्यटन पूर्वाधारको अभाव, पर्यटन प्रवर्धनको प्राथमिकतामा कमी, पर्यटकीय स्थलको पहिचान र प्रचारप्रसारमा कमीका कारण पर्या-पर्यटनको भरपुर उपयोग हुन सकेको छैन। पर्या-पर्यटनमार्फत राष्ट्रिय निकुञ्जको आयमा वृद्धि गर्दै निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनलाई सहज बनाउन पर्यटनमैत्री पूर्वाधार विकास, साधन स्रोतको पर्याप्तता पर्यटन प्रवर्धनमार्फत पर्यापर्यटनलाई राष्ट्रिय निकुञ्जको आम्दानीको आधार बनाउनु पर्दछ।

२२.संरक्षणमा साझेदारी - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १६(ख) मा संरक्षण क्षेत्रको व्यवस्थापन गर्न नेपाल सरकारले प्रकृति तथा प्राकृतिक सम्पादाको संरक्षण गर्ने उद्देश्यले स्थापना भएका संस्थासँग साझेदारी गर्न सक्ने उल्लेख छ। वन्यजन्तुको जैविक मार्गको पुनःस्थापना एंव भू-परिधिस्तरीय संरक्षणको उद्देश्यले तराई भू-परिधि कार्यक्रम रहेको छ। सोही व्यवस्था अनुसार २०७९।८० देखि २०८१।८२ सम्म घडियाल गोही तथा हात्ती प्रजनन केन्द्र व्यवस्थापन र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा वासस्थान व्यवस्थापनका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषमार्फत रु.२ करोड ८० लाख तथा चितवन, बर्दिया र पर्सा राष्ट्रिय निकुञ्जमा वन्यजन्तुको लागि वासस्थान व्यवस्थापन, चोरी शिकार नियन्त्रण, क्षमता विकासजस्ता कार्यका लागि तराई भू-परिधि कार्यक्रममार्फत सोही अवधिमा रु. ५ करोड ५९ लाख ६१ हजार खर्च भएको छ। साझेदार निकायबाट भएको संरक्षणको कार्यक्रम तथा खर्च देहायबमोजिम रहेको छः

क्र.सं.	**साझेदार निकाय/संस्था**	**सञ्चालित कार्यक्रम**	**राष्ट्रिय निकुञ्जको नाम**	**संरक्षणमा भएको खर्च रकम रु. (आर्थिक वर्ष अनुसार)**			**कैफियत**
				२०७९।८०	**२०८०।८१**	**२०८१।८२**	
१	राष्ट्रिय प्रकृति संरक्षण कोष	घोडियाल तथा हात्ती प्रजनन् केन्द्रको व्यवस्थापन, घडियालको लागि	चितवन राष्ट्रिय निकुञ्ज	०	०	१,८०,००,०००	

२	तराई भू-परिधि कार्यक्रम	वन्यजन्तुको लागि बासस्थान व्यवस्थापन, चोरी शिकार नियन्त्रण, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, क्षमता विकास, पोष्ट भवन मर्मत सहयोग, समस्याग्रस्त वन्यजन्तुको नियन्त्रण तथा व्यवस्थापन	चितवन राष्ट्रिय निकुञ्ज	०	१,६८,००,०००	१,०७,००,०००	
			बर्दिया राष्ट्रिय निकुञ्ज	२२,२०,४२८	१७,९८,१८५	४५,४९,०००	
			पर्सा राष्ट्रिय निकुञ्ज	६६,१९,७०८	६६,७५,५१३	६५,९८,२६४	
३		सगरमाथा फोहोरमैला नियन्त्रण समिति	सगरमाथा राष्ट्रिय निकुञ्ज	७,००,०००	७,००,०००	७,००,०००	निकुञ्ज कार्यालयबाट अनुदान
४	राष्ट्रिय प्रकृति संरक्षण कोष/ZSL नेपाल/RW नेपाल	बासस्थान व्यवस्थापन तथा वन्यजन्तुका लागि पानी व्यवस्थापन	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज			१,००,००,०००	

उल्लिखित विवरण अनुसार तराई भू-परिधि कार्यक्रम अन्तर्गत चितवन बर्दिया र पर्सा राष्ट्रिय निकुञ्जमा वन्यजन्तुको लागि बासस्थान व्यवस्थापन, चोरी शिकार नियन्त्रण, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, क्षमता विकास लगायतका कार्यक्रममा खर्च गरेको देखिन्छ। एकै प्रकृतिका वासस्थान व्यवस्थापन, पोष्ट भवन निर्माण तथा मर्मत, पानी पोखरी निर्माण, चोरी शिकार नियन्त्रण, मानव-वन्यजन्तु द्वन्द्व नियन्त्रणमा विभिन्न निकायबाट एकै किसिमका कार्यक्रममा खर्च हुने गरेको छ। एउटै प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा उपलब्ध स्रोतलाई एकीकृत गरी प्राथमिकताका क्षेत्रमा खर्च गरेको देखिएन। साझेदार निकायबाट प्राप्त अनुदानलाई बजेट तथा कार्यक्रममा समावेश गरी मितव्ययी र प्रभावकारी रुपमा खर्च गर्नुपर्दछ।

२३. **जलक्षेत्रको उपयोग** - शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६ को नियम २६ मा निकुञ्जको जलस्रोत उपयोग गर्ने उपभोक्ता समिति वा सम्बन्धित निकायले सो बापत उपभोक्तासँग लिएको शुल्कमध्ये २० प्रतिशत निकुञ्जलाई बुझाउनुपर्ने उल्लेख छ। शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रमा रहेका पानीका मुहानबाट व्यवसायिक रूपमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड र २८ खानेपानी तथा सरसफाई उपभोक्ता समितिमार्फत खानेपानीको सङ्कलन तथा वितरण भएको छ। उल्लिखित समिति तथा निकाय/संस्थाले शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रलाई कुनै भुक्तानी गर्ने गरेको छैन। आर्थिक वर्ष २०८१।८२ मा मात्र काठमाडौं उपत्यका खानेपानी लिमिटेडले निकुञ्ज क्षेत्रबाट १ अर्ब ३५ करोड ६० लाख लिटर पानी संकलन गरि वितरण गरेको अभिलेख निकुञ्ज कार्यालयमा पठाएकोमा सो बमोजिम निकुञ्जले काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडले संकलन गरेको शुल्कको २० प्रतिशतले हुने रु.२७ लाख १२ हजार राष्ट्रिय निकुञ्ज कार्यालयलाई भूक्तानी गर्नुपर्नेमा भूक्तानी गरेको देखिएन। निकुञ्ज कार्यालयसँग कति पानी काठमाडौं उपत्यका खानेपानी लिमिटेडले र उपभोक्ता समितिले संकलन तथा वितरण गरे भन्ने एकिन तथ्याङ्क अभिलेख राखेको छैन। निकुञ्जको जलक्षेत्रको उपयोग गरी आर्थिक लाभ

लिइरहेका संस्था/निकाय तथा उपभोक्ता समितिले सङ्कलन तथा वितरण गर्ने पानीको अभिलेखाङ्कन गरी तोकिएको शुल्क सङ्कलन गरी निकुञ्ज व्यवस्थापनमा उपयोग गर्नुपर्दछ।

२४.राष्ट्रिय निकुञ्जको आय र मध्यवर्ती क्षेत्र - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २५ मा राष्ट्रिय निकुञ्ज क्षेत्रले गरेको आम्दानीको रकममध्ये तीस देखि पचास प्रतिशतसम्म रकम स्थानीय तहसँग समन्वय गरी स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गर्न सक्ने उल्लेख छ। राष्ट्रिय निकुञ्ज कार्यालयहरूले २०७७।७८ देखि २०८१।८२ सम्म रु.२ अर्ब ५३ करोड ६० लाख १५ हजार आम्दानी गरेको देखिन्छ। प्राप्त गरेको आय र मध्यवर्ती क्षेत्र उपभोक्ता समितिलाई विनियोजन गरेको रकमको विवरण देहायबमोजिम रहेको छ। यस सम्बन्धी विस्तृत विवरण अनुसूची-३ मा समावेश गरिएको छ।



विवरण अनुसार चितवन राष्ट्रिय निकुञ्जले विगत पाँच वर्षमा रु.१ अर्ब ११ करोड ५३ लाख ३७ हजार आम्दानी गरेकोमा मध्यवर्ती क्षेत्रलाई सोही अवधिमा रु.२४ करोड ८६ लाख ३९ हजार(२२.२९ प्रतिशत), सगरमाथा राष्ट्रिय निकुञ्जले रु.५१ करोड १७ लाख ६६ हजार आम्दानी गरेकोमा मध्यवर्ती क्षेत्रलाई रु. ११ करोड ५२ लाख ३९ हजार (२२.५२ प्रतिशत) र मकालु-बरूण राष्ट्रिय निकुञ्जले रु.७ करोड ८२ लाख ९९ हजार आम्दानी गरेकोमा रु.८२ लाख १७ हजार(१०.४९ प्रतिशत) मध्यवर्ती क्षेत्रको विकासको लागि विनियोजन गरेको देखिन्छ। कानुनी व्यवस्था बमोजिम बजेट व्यवस्थापन गरी मध्यवर्ती क्षेत्रमा खर्च गर्नुपर्दछ।

२५.मध्यवर्ती क्षेत्र कार्यक्रम - मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ मा उपभोक्ता समितिले निर्देशिकाले तोकेबमोजिमका कार्यक्रम स्पष्ट रूपमा झल्किने गरी ५ वर्षको लागि कार्य योजना बनाउनुपर्ने उल्लेख छ। समितिले सोही कार्य योजना अनुसार समितिको विधान तथा नवीकरण समेत गर्नुपर्ने उल्लेख छ। राष्ट्रिय निकुञ्जमा दर्ता भएका देहायबमोजिमका मध्यवर्ती उपपभोक्ता समितिले कार्ययोजना बमोजिम उपभोक्ता समिति पुनर्गठन गरेका छैनन्।

क्र.सं.	राष्ट्रिय निकुञ्जको नाम	दर्ता उपभोक्ता समिति	पुनर्गठन भएका उपभोक्ता समिति	पुनर्गठन हुन नसकेका उपभोक्ता समिति
१	मकालु-बरूण राष्ट्रिय निकुञ्ज	१२	०	१२
२	चितवन राष्ट्रिय निकुञ्ज	२२	११	११

चितवन राष्ट्रिय निकुञ्जमा रहेका २२ मध्यवर्ती उपभोक्ता समितिको २०८२ श्रावणमा अवधि समाप्त भएकोमा लेखापरीक्षणको अवधी सम्म ११ उपभोक्ता समिति मात्र कार्ययोजना बनाई पुनर्गठन भएको छ, भने बाँकी ११ वटा उपभोक्ता समिति पुनर्गठनको प्रक्रियामा रहेको अवस्था छ। त्यस्तै मकालु-बरूण राष्ट्रिय निकुञ्जमा दर्ता भएका १२ उपभोक्ता समिति पुनर्गठन भएको देखिएन। समयमा समिति गठन हुन नसक्दा मध्यवर्ती क्षेत्रको सामुदायिक विकासको लागि विनियोजन भएको बजेट समयमा कार्यान्वयन हुन सकेको छैन। निर्देशिका बमोजिम यथाशीघ्र विधान तथा कार्ययोना बनाई उपभोक्ता समितिहरू पुनर्गठन गर्नुपर्दछ।

२६.**मानव वन्यजन्तु द्वन्द्व** - निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३(घ) मा राष्ट्रिय निकुञ्ज तथा आरक्ष क्षेत्रभन्दा बाहिर वन्यजन्तुको आक्रमणमा परी धनजनको क्षति भएमा त्यस्तो क्षति बापत तोकिए बमोजिम राहत दिने उल्लेख छ। निकुञ्ज क्षेत्र वरपर बढ्दो जनघनत्व एवं अव्यवस्थित भू-उपयोगका कारण वन्यजन्तुको वासस्थानमा भएको क्षयीकरण एवं संकुचनको कारण वन्यजन्तुहरूले आफ्नो वासस्थान छाडी गाउँ बस्तीमा पस्दा मावन-वन्यजन्तु द्वन्द्व बढेको देखिन्छ। यस सम्बन्धमा २०७९।८० देखि २०८१।८२ सम्मको तथ्याङ्क विश्लेषण गर्दा देखिएका बेहोरा निम्नानुसार छन्;

२६.१.**निकुञ्ज क्षेत्रमा वन्यजन्तुबाट भएको क्षति** - आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्म राष्ट्रिय निकुञ्जका वन्यजन्तुबाट भएको क्षतिको प्रवृत्तिलाई देहायबमोजिम प्रस्तुत गरिएको छ:



	२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२
मानवीय क्षति	९७	१४६	१२१	९३	७५
पशुधनको क्षति	१३५५	१७५८	१८५९	२२६३	२०८४
अन्नबालीको क्षति	३२६८	४२९०	४१९७	४५६४	४१२६
अन्य क्षति	५९	४०४	४२७	४०५	१४१

स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

यस सम्बन्धी विवरण अनुसूची– २ मा समावेश गरिएको छ।

- निकुञ्ज क्षेत्रका वन्यजन्तुबाट हुने क्षतिमा सबैभन्दा बढी अन्नवाली क्षतिको संख्या २० हजार ४४५ घटना रहेको छन्। निकुञ्जगत रूपमा चितवन र बर्दिया राष्ट्रिय निकुञ्जमा मात्र ६ हजार ३९० अन्नबाली क्षतिका घटना भएको देखिन्छ। यी निकुञ्ज क्षेत्रमा धेरै किसिमका वन्यजन्तु रहेका र निकुञ्ज क्षेत्र वरीपरी बढ्दो बस्ती रहेको कारण क्षतिको मात्रा बढ्दै गएको छ।
- वन्यजन्तुबाट विगत पाँच वर्षमा ९ हजार ३१९ पशुधनमा क्षति पुगेको छ। बर्दिया राष्ट्रिय निकुञ्जमा मात्र विगत पाँच वर्षमा ५ हजार ७ सय ६३ पशुधन क्षति भएको छ भने रारा राष्ट्रिय निकुञ्जमा १ पशुधनको क्षति भएको छ।
- राष्ट्रिय निकुञ्जहरूमा विगत पाँच वर्षमा वन्जन्तुबाट १ हजार ४ सय ३६ अन्य (घर, गोठ, भण्डारण गरेको अन्न लगायत) क्षति भएको छ। यस्तो किसिमको क्षति बर्दिया र चितवन राष्ट्रिय निकुञ्जमा बढी भएको छ। बर्दिया राष्ट्रिय निकुञ्जमा विगत पाँच वर्षमा ४ सय ४० अन्य क्षति भएको छ।
- राष्ट्रिय निकुञ्जका वन्यजन्तुबाट विगत पाँच वर्षमा ५३२ मानवीय घटना भएको देखिन्छ। विवरण अनुसार चितवन राष्ट्रिय निकुञ्जमा मात्र पाँच वर्षमा ३ सय १४ मानवीय क्षति भएकोमा ५६ जनाको मृत्यु भएको छ। बर्दिया राष्ट्रिय निकुञ्जमा पाँच वर्षमा ९९ मानवीय क्षति भएकोमा ३२ जनाको मृत्यु भएको छ।

निकुञ्ज क्षेत्र वरिपरि बढ्दो वस्ती, मांसाहारी तथा हिंस्रक वन्यजन्तुको संख्यामा वृद्धि र चरिचरन क्षेत्रको अभावका कारण निकुञ्ज क्षेत्रका वन्यजन्तुबाट बालीनाली, पशुधन क्षतिमा वृद्धि हुनुका साथै मानवीय क्षति हुने गरेको छ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण हुने गरी उचित व्यवस्थापन गर्नुपर्दछ।

२६.२. **राहत वितरण** - वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० को बुँदा नं ३ मा वन्यजन्तुबाट हुने क्षतिको प्रकृतिको र राहत उपलब्ध गराउने व्यवस्था उल्लेख छ, साथै बुँदा नं. ४ मा राहत रकमको सीमा तोकिएको छ। प्राप्त विवरण अनुसार राष्ट्रिय निकुञ्ज कार्यालयहरूबाट २०७७।७८ देखि २०८१।८२ सम्म निम्नानुसार रु.४८ करोड ३९ लाख ६ हजार ३७७ राहत रकम वितरण गरेको देखिन्छ।

क्र.सं.	राष्ट्रिय निकुञ्जको नाम	आर्थिक वर्ष अनुसार राहत वितरण रकम रु.					जम्मा रु.
		२०७७।७८	२०७८।७९	२०७९।८०	२०८०।८१	२०८१।८२	
१	चितवन राष्ट्रिय निकुञ्ज	२०,४९५,२९०	३०,४७३,३८७	२३,०९०,०७०	२०,२१७,६८४	२०,२१७,६८४	१५४,११६,२२७
२	मकालु-बरूण राष्ट्रिय निकुञ्ज	२,५८४,१५०	७४२,०५५	१,४८१,५००	४,१९०,९००	१,४००,०००	१०,३९८,६०५
३	खप्तड राष्ट्रिय निकुञ्ज	३,३४३,८०७	४,२७२,८४२	१,९७७,२१०	१,८९०,६९८	१,०१८,५००	१२,५०३,०५७
४	पर्सा राष्ट्रिय निकुञ्ज	१,५५८,३२८	२,४६१,३४६	४,८३०,७७३	४,९१८,७६८	४,०४१,०००	१७,८१०,२१५
५	लाङटाङ राष्ट्रिय निकुञ्ज	२,१०९,६५५	३,६५९,५६०	१,९९४,११७	८१६,५००	३९८,६५०	८,९७८,४८२
६	शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	१३,२३३,४५०	१८,६९२,०००	१३,०००,०००	२६,१२०,१८७	५,२००,०००	७६,२४५,६३७
७	रारा राष्ट्रिय निकुञ्ज	२७१,१०६	२,१५२,५७९	१२१,५८०	१,४८१,१४०	७००,०००	४,७२६,४०५
८	सगरमाथा राष्ट्रिय निकुञ्ज	९,६०९,४५४	८,४७६,५००	४,९३५,३२०	८,६००,०००	१,९९०,०००	३३,६११,२७४
९	बर्दिया राष्ट्रिय निकुञ्ज	२१,५२१,००९	२०,८२४,२६३	२१,५४४,५५८	१३,८१०,८३०	१४,९५१,१८०	९२,६५१,८४०
१०	बाँके राष्ट्रिय निकुञ्ज	८,९७१,४५२	११,३१७,०००	५,१६४,४५५	१३,८०६,४०१	३,१६४,०००	४२,४२३,३०८
११	शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज	४,४१७,५००	११,४०६,०००	५,९३८,७९५	२,५६०,०००	-	२४,३२२,२९५
१२	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज	१०,८२०,८९४	१३,४३१,०००	१३,६७२,०५०	३,४१८,२००	४,३९९,०००	४५,७४१,१४४
जम्मा		९८,९३६,०५	१२७,९०८,५३२	९७,७५०,४२८	१०१,८३१,३०८	५७,४८०,०१४	४८३,९०६,३७७

स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

उल्लिखित विवरण अनुसार विगत पाँच वर्षमा सबैभन्दा बढी चितवनले रु.१५ करोड ४१ लाख १६ हजार, शिवपुरी नागार्जुनले रु.७ करोड ६२ लाख ४५ हजार, बर्दियाले रु.९ करोड २६ लाख ५१ हजार, शुक्लाफाँटाले रु.४ करोड ५७ लाख ४१ हजार, बाँकेले रु.४ करोड २५ लाख २३ हजार राहत रकम भूक्तानी गरेको देखिन्छ। विवरण अनुसार चितवन र बर्दिया राष्ट्रिय निकुञ्जका वन्यजन्तुबाट हुने क्षतिको परिमाण बढी रहेको छ। वन्यजन्तुबाट हुने क्षतिको संख्यामा वृद्धि हुँदै जाँदा क्षतिपूर्ति स्वरूप भुक्तानी गर्नुपर्ने राहत रकमको दायित्व समेत बढ्दै गएको छ। मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि नीतिगत व्यवस्थामा सुधार, तहगत सरकार/निकायबिच समन्वय तथा सहकार्य, निकुञ्जको सीमा क्षेत्रका मानव वस्ती व्यवस्थापन र बासस्थान व्यवस्थापनजस्ता पक्षमा विशेष प्राथमिकता दिई निकुञ्ज क्षेत्रका वन्यजन्तुबाट हुने क्षति तथा राहत वितरणको बढ्दो आर्थिक भारलाई कम गर्नुपर्दछ।

२७.प्रदेश र स्थानीय तहको समन्वय - नेपालको संविधानको अनुसूची ५ मा राष्ट्रिय निकुञ्जलाई सङ्घको एकल अधिकार तथा अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा वन, जंगल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण र जैविक विविधता रहेको छ। त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तब्य र अधिकार अन्तर्गत मानव तथा वन्यजन्तु बिचको द्वन्द्व व्यवस्थापन, मिचाहा प्रजातिको नियन्त्रण समेत रहेको छ। मध्यवर्ती क्षेत्रमा योजना कार्यान्वयनको क्रममा प्रदेश तथा स्थानीय तहबाट सहमति माग गरिएकोमा निकुञ्ज कार्यालयहरूबाट सहमति उपलब्ध गराउने गरिएको साथै उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समुहले प्रदेश अन्तर्गतका निकायहरूबाट बजेट प्राप्त गरी सामुदायिक विकासका कार्यक्रम सञ्चालन गर्ने गरेको देखिन्छ। प्रदेशबाट विनियोजन भएको बजेट र राष्ट्रिय निकुञ्जमार्फत मध्यवर्ती क्षेत्र उपभोक्ता समितिलाई उपलब्ध गराएको बजेट कार्यान्वयनको क्षेत्र एउटै तर कार्यक्रमको खर्च गर्ने निकाय फरक फरक हुँदा सञ्चालित योजना तथा कार्यक्रममा दोहोरोपना पर्न सक्ने देखिएको छ।

त्यस्तै नदीजन्य पदार्थ (सङ्कलन र उपयोग) कार्यविधि, २०७५ को दफा ३(४) मा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र एवं संरक्षण क्षेत्रभित्रका नदीबाट सङ्कलन गर्नुपर्ने नदीजन्य पदार्थको हकमा सम्बन्धित स्थानीय तहले कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन तयार गर्नु अघि सम्बन्धित संरक्षण क्षेत्र कार्यालयबाट सहमती लिनुपर्ने व्यवस्था छ। राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रभित्र रहेको नदीजन्य पदार्थ उत्खनन् तथा उपयोग सम्बन्धमा स्थानीय तह र राष्ट्रिय निकुञ्जबिच विवाद रहेको देखिन्छ। कार्यविधिमा भएको व्यवस्था बमोजिम वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गरी नदीजन्य पदार्थको उपयोग गर्न स्थानीय तह र राष्ट्रिय निकुञ्जबिचमा समन्वय तथा सहकार्य गरी अघि बढ्नुपर्ने देखिएको छ। सङ्घीय सरकारको अतिरिक्त प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमार्फत निकुञ्ज क्षेत्रको व्यवस्थापनमा जोड दिनुपर्दछ।

२८.सुझाव कार्यान्वयनको अवस्था - महालेखापरीक्षकको अन्ठाउन्नौ वार्षिक प्रतिवेदनमा राष्ट्रिय निकुञ्जको व्यावस्थापन (चितवन र वर्दिया) वातावरणीय लेखापरीक्षणबाट सुझाएका सुझावहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको छ।

क्र.सं.	सुझावहरू	कार्यान्वयनको अवस्था

१	आफ्नो क्षेत्रभित्रका परम्परागत घाँसे मैदान र सिमसार क्षेत्रको संरक्षण गर्न संरक्षण र विकासको कार्ययोजना बनाई आवश्यक स्रोतको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने	राष्ट्रिय निकुञ्ज सञ्चालन तथा व्यवस्थापनको लागि वार्षिक बजेट क्रमश घट्दै गएकोले स्रोत व्यवस्थापनमा कठिनाई भई वासस्थान व्यवस्थापनलाई माग र आवश्यकता अनुसार सम्बोधन गर्न नसकेको।
२	वन्यजन्तुको वासस्थानमा पुगेको खलल, वासस्थानको कमी, स्वच्छ पानीको कमी, चोरी शिकार, अतिक्रमण, आहारको कमी र विचरणमा अवरोधका कारण संरक्षणमा चुनौती सिर्जना भएकोमा निकुञ्ज विभाग र कार्यालयले सालवसाली बजेटमा निर्भर रहनुभन्दा मध्यकालीन एवं दीर्घकालीन लक्ष्य निर्धारण र स्रोत व्यवस्थापन गरी वासस्थान र प्राकतिक आहार संरक्षण र वन्यजन्तु मैत्री पूर्वाधार निर्माण गर्नुपर्ने	बजेट अभावका कारण सो को पूर्ण कार्यान्वयन नभएको।
३	राहत रकम समयमा उपलब्ध गराई मानव-वन्यजन्तु द्वन्द्वको प्रभाव न्यूनिकरण गर्ने	राहत रकम धेरै राष्ट्रिय निकुञ्जले समयमा नै उपलब्ध गराएतापनि मानव-वन्यजन्तु द्वन्द्व न्यूनिकरण हुन सकेको छैन।
४	निकुञ्ज व्यवस्थापनले पर्या-पर्यटनको अवधारणा अनुरूप पर्यटकीय गतिविधि व्यवस्थित गर्ने क्रियाकलापहरू सञ्चालन गर्नुका साथै नीजि क्षेत्रको पर्यटकीय गतिविधिको नियमित रूपमा अनुगमन गरी संरक्षण र पर्या-पर्यटनलाई दिगो बनाउनुपर्ने	बजेट अभावका कारण पर्या-पर्यटनलाई प्रवर्द्धन गर्न नसकेको, नीजि क्षेत्रको पर्यटकीय गतिविधिको अनुगमन नियमित रुपमा नभएको
५	वन्यजन्तुको प्राकृति वासस्थान र विचरणमा असर पर्ने भएकाले निकुञ्ज र मध्यवर्ती क्षेत्रमा पूर्वाधार निर्माणबाट अलग गर्नुपर्दछ। निर्मित सडक र नहरहरूमा वन्यजन्तुमैत्री संरचनाको निर्माण गर्ने	निर्मित संरचनाहरू वन्यजन्तुमैत्री बनाउनु पर्नेमा उक्त पक्षलाई वेवास्ता गरिएको देखिन्छ। प्रभावकारी रूपमा कार्यान्वयन भएको छैन।
६	नियमित सुरक्षा गस्ती बढाई निकुञ्ज अतिक्रमण हुन नदिने वातावरण तयार गर्ने र स्थानीय तह, सुरक्षा निकाय र स्थानीय समुदायको समन्वयनमा विद्यमान अतिक्रमण हटाउने	केही राष्ट्रिय निकुञ्जले अतिक्रमण भएको क्षेत्र हटाउने प्रयास गरेतापनि पूर्ण रुपमा नियन्त्रण गर्न नसिकएको।

परिच्छेद-४

निष्कर्ष तथा सुझाव

नेपालको भौगोलिक विविधताभित्रका प्राकृतिक सम्पदाको संरक्षण गर्ने उद्देश्यले राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र तथा वन्यजन्तु आरक्षको स्थापना गरिएको छ। यस्ता संरक्षित क्षेत्रहरूले जैविक विविधता संरक्षण, पारिस्थितिक प्रणाली, प्राकृतिक समृद्धिका अतरिक्त वातावरणलाई समेत सन्तुलन राख्न महत्वपूर्ण भूमिका खेलेका छन्। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा नियमावली, २०३० जारी भई सोही व्यवस्था बमोजिम राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको सञ्चालन र व्यवस्थापनका लागि १२ राष्ट्रिय निकुञ्ज कार्यालय र मध्यवर्ती उपभोक्ता समितिमार्फत त्यस्ता संरक्षित क्षेत्रको संरक्षणको कार्य भएको छ। वन, वनस्पति र जैविक विविधता तथा समग्र प्राकृतिक सम्पदाको संरक्षण गर्ने काममा नेपालले दक्षिण एसियामा अग्रणी भूमिका खेलेको देखिन्छ।

राष्ट्रिय निकुञ्जको सञ्चालन तथा व्यवस्थानको सन्दर्भमा रहेका मौजुदा कानुनी तथा नीतिगत व्यवस्था, सरकारका नीति तथा कार्यक्रम, आवधिक योजना र बजेट व्यवस्था प्रभावकारी एवं दक्षतापूर्ण नहुँदा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र लगायत संरक्षित क्षेत्रहरूमा जैविक विविधता संरक्षणमा चुनौती, वन्यजन्तुको संख्यामा वृद्धि, उत्पन्न मानव-वन्यजन्तु द्वन्द्ध एवं यसको न्यूनीकरण, रोजगारीको न्यून अवसरले गर्दा मुलुकको अर्थतन्त्रमा यस क्षेत्रको योगदान उल्लेखनीय देखिँदैन। त्यस्तै, राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनमा तहगत सरकारबिचमा समन्वय र सहकार्यको अभाव, बढ्दो व्यवस्थापन खर्च र न्यून उपलब्धी, पर्या-पर्यटन सहितका भौतिक पूर्वाधारको कमी, अवैध चोरी शिकार नियन्त्रण र सुरक्षा व्यवस्थापन साथै नियमित अनुगमन नहुँदा राष्ट्रिय निकुञ्जको व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको र मध्यवर्ती क्षेत्रमा त्यसको नकारात्मक प्रभाव परेको देखिन्छ।

उल्लिखित समस्या तथा चुनौतिलाई सम्वोधन गर्दै मौजुदा कानुनी तथा नीतिगत व्यवस्था समय सान्दर्भिक संशोधनसहित प्रभावकारी कार्यान्वयन, माग र आवश्यकताबमोजिमको वित्तीय स्रोतको सुनिश्चितता, जनशक्ति व्यवस्थापन, बढ्दो व्यवस्थापन खर्च न्यूनीकरण र उपलब्धीमा वृद्धि, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, रोजगारी सिर्जना, अवैध चोरी शिकारी तथा तस्करी नियन्त्रण, पर्या-पर्यटन प्रवर्द्धनमार्फत राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको दिगो व्यवस्थापनका लागि देहायबमोजिम सुझाव अवलम्बन गर्नुपर्ने देखिन्छः

- राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको सञ्चालन तथा व्यवस्थापनमा मौजुदा रहेका कानुनी तथा नीतिगत व्यवस्थामा समयसापेक्ष संशोधन तथा परिमार्जन हुनुपर्दछ,
- विद्यमान सङ्घीय शासन प्रणाली अनुरूप राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापनमा तहगत सरकारबिच समन्वय र सहकार्य गर्नुपर्दछ,
- हात्तीसारमा भइरहेको बढ्दो व्यवस्थापन खर्च रकमलाई लाभ लागत अनुपातमा विश्लेषण गरी बजेट खर्चलाई उपलब्धिमूलक बनाउने तर्फ कार्य गर्नुपर्दछ,
- निकुञ्ज कार्यालयमा हुने राजश्व आम्दानीलाई Real Time Deposit/Accounting हुने गरी राजश्व व्यवस्थापन प्रणालीको विकास तथा कार्यान्वयनमा जोड दिनुपर्दछ,
- निकुञ्ज क्षेत्रको भौतिक पुर्वाधार, पर्यटकीय स्थलको पहिचान तथा प्रवर्द्धन, पर्यटन सेवा सुविधाको विस्तार र विद्यमान भौतिक संरचनाको मर्मत संभारसहित पर्यटन प्रवर्द्धनमा ध्यान दिनुपर्दछ,

- बढ्दै गइरहेको वन्यजन्तु क्षतिको न्यूनीकरण गर्न मानवीय सचेतना अभिवृद्धि, प्रभावकारी सुरक्षा व्यवस्थापन र नियमित अनुगमन गर्नुपर्दछ,
- कार्यवोझ तथा आवश्यकतानुसार पदपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ,
- राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा सञ्चालन हुने उद्योग/व्यावसायलाई नियमन गरी कानुनको पूर्ण परिपालना गराउनु पर्दछ,
- मानव-वन्यजन्तु द्वन्द्वबाट हुने क्षति न्यूनिकरण गर्न निकुञ्ज सीमा क्षेत्रको वस्ती स्थानान्तरण गर्नुपर्ने,
- साझेदार निकायबाट निकुञ्ज व्यवस्थापनमा हुने आर्थिक सहयोगलाई कार्यान्वयन गर्ने निकायले एकीकृत योजना तथा कार्यक्रम तय गरी प्राथमिकताको आधारमा खर्च गर्नुपर्दछ,
- मध्यवर्ती क्षेत्रको स्थानीय विकासको लागि विनियोजन हुने बजेट निर्धारण प्रभावकारी रूपमा लागू गर्नुपर्दछ,
- निकुञ्ज तथा मध्यवतर्ती क्षेत्रभित्र सडक, सिँचाई लगायतका पूर्वाधार संरचना निर्माण गर्दा वन्यजन्तुमैत्री र वैज्ञानिक बनाउनु पर्दछ।

लेखापरीक्षण बेहोरासँग सम्बन्धित अनुसूचीहरू

अनुसूची -१

(वन्यजन्तुको क्षतिको विवरण)

आर्थिक वर्ष	वन्यजन्तुको नाम	मृत्युको कारण					जम्मा
		प्राकृतिक	सडक दुर्घटना	चोरी शिकार	कारण नखुलेको	अन्य	
२०७९। ८०	गैंडा	२२	-	२	२	-	२६
	बाघ	१०	-	-	-	१	११
	हात्ती	३	-	-	१	२	६
	अर्ना	७	१	२	-	१	११
	गौरी गाई	४	-	-	-	-	४
	चरी बाघ	१	१	-	-	-	२
	घडियाल गोही	६	-	-	-	३	९
	सुन गोहोरो		२	-	-	१	३
	चित्तल	३०	३३	४	१	१२८	१९६
	जरायो	७	१	१	--	१	१०
	रतुवा	४	७	-	१	६	१८
	निलगाई	१	४	-	३	१	९
	जंगली बँदेल	६	९	४	३	१	२४
	लङ्गुर/बाँदर		३५	-	८	८	५१
२०८०। ८१	गैंडा	१८	-	३	-	-	२१
	बाघ	५	-	-	२	३	
	हात्ती	३	-	-	-	१	४
	कृष्णसार	३०	-	-	१	६	३७
	दुम्सी	-	४	-	-	-	४
	स्याल	-	३	-	-	-	३
	चितुवा	१	१	१	२	-	५
	चित्तल	१७	२०	२	५	६५	१०९
	घडियाल गोही	-	-	१	-	-	१
	गिद्ध	-	-	१	-	-	१
	जंगली बँदेल	३	३	१	१	४	१२
	लङ्गुर/बाँदर	५	९	-	२	४	२०
२०८१। ८२	गैंडा	१९	-	-	-	८	२९
	बाघ	३	-	-	१	६	१०
	हात्ती	८	-	-	-	३	११
	अर्ना	-	-	५	-	-	५
	चित्तल	३१	३१	-	६	५०	१२८
	चरी बाघ	-	१	-	-	१	२
	जरायो	३	२	-	-	१	६
	जंगली बँदेल	९	४	३	-	१	१७
	लङ्गुर/बाँदर	७	११	-	-	४	२२
जम्मा		**२६३**	**१८२**	**६२**	**३९**	**३१०**	**८५६**

स्रोतः- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

अनुसूची -२

(वन्यजन्तुबाट भएको क्षतिको विवरण)

आर्थिक वर्ष	राष्ट्रिय निकुञ्जको नाम	मानवीय क्षति	पशुधनको क्षति	अन्नवालीको क्षति	अन्य क्षति	जम्मा
२०७७।७८	पर्सा राष्ट्रिय निकुञ्ज	५	७७	४०	१५	१३७
	चितवन राष्ट्रिय निकुञ्ज	५७	८६	६७२	१३	८२८
	बर्दिया राष्ट्रिय निकुञ्ज	२६	६६७	५८९	३१	१३१३
	खप्तड राष्ट्रिय निकुञ्ज	६	१५०	३५	-	१९१
	शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	२	११४	१९१९	-	२०३५
	मकालु बरूण राष्ट्रिय निकुञ्ज	१	७४	१३	-	८८
	सगरमाथा राष्ट्रिय निकुञ्ज	-	१८७	-	-	१८७
जम्मा		**९७**	**१३५५**	**३२६८**	**५९**	**४७७९**
२०७८।७९	पर्सा राष्ट्रिय निकुञ्ज	८	७७	४०	१५	१४०
	चितवन राष्ट्रिय निकुञ्ज	७५	१६६	४५६	१३	७१०
	बर्दिया राष्ट्रिय निकुञ्ज	२४	१०६०	९१८	९५	२०९७
	खप्तड राष्ट्रिय निकुञ्ज	१४	१२०	१२	-	१४६
	शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	२	८०	२२७९	-	२३६१
	मकालु बरूण राष्ट्रिय निकुञ्ज	१	३९	-	-	४०
	रारा राष्ट्रिय निकुञ्ज	५	-	१	-	६
	सगरमाथा राष्ट्रिय निकुञ्ज	-	-	-	२८१	२८१
	बाँके राष्ट्रिय निकुञ्ज	१७	२१६	५८४	-	८१८
जम्मा		१४६	१७५८	४२९०	४०४	६५९९
२०७९।८०	पर्सा राष्ट्रिय निकुञ्ज	५	४५	१५४	१०	२१४
	चितवन राष्ट्रिय निकुञ्ज	७०	२३४	५२५	२७	८५६
	बर्दिया राष्ट्रिय निकुञ्ज	२८	१२९३	८९९	९६	२३१६
	खप्तड राष्ट्रिय निकुञ्ज	११	७९	१४	-	१०४
	शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	-	१३५	२५३८	-	२६७३
	मकालु बरूण राष्ट्रिय निकुञ्ज	४	४३	-	-	४७
	रारा राष्ट्रिय निकुञ्ज	-	-	११	-	११
	सगरमाथा राष्ट्रिय निकुञ्ज	-	-	-	२९४	२९४
	बाँके राष्ट्रिय निकुञ्ज	३	३०	५६	-	८९
जम्मा		१२१	१८५९	४१९७	४२७	६६०४
२०८०।८१	पर्सा राष्ट्रिय निकुञ्ज	६	४८	१८५	३६	२७५
	चितवन राष्ट्रिय निकुञ्ज	५७	१८७	५३६	३३	८१३
	बर्दिया राष्ट्रिय निकुञ्ज	१३	१४१२	६२३	११८	२१६६
	खप्तड राष्ट्रिय निकुञ्ज	५	१०४	२४	-	१३३

आर्थिक वर्ष	राष्ट्रिय निकुञ्जको नाम	मानवीय क्षति	पशुधनको क्षति	अन्नवालीको क्षति	अन्य क्षति	जम्मा
	शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	१	७१	२२८८	-	२३६०
	मकालु बरूण राष्ट्रिय निकुञ्ज	५	४८	१८५	-	२३८
	रारा राष्ट्रिय निकुञ्ज	-	-	१५३	-	१५३
	सगरमाथा राष्ट्रिय निकुञ्ज	-	-	-	२१७	२१७
	बाँके राष्ट्रिय निकुञ्ज	६	२३०	२७३	-	५०९
	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज	-	१६३	२९७	१	४६१
जम्मा		९३	२२६३	४५६४	४०५	७३२५
२०८१। ८२	पर्सा राष्ट्रिय निकुञ्ज	४	१२७	१७९	११	३२१
	चितवन राष्ट्रिय निकुञ्ज	५१	१७९	४६९	२३	७२२
	बर्दिया राष्ट्रिय निकुञ्ज	८	१३३१	७०३	१००	२१४२
	खप्तड राष्ट्रिय निकुञ्ज	२	६८	११	-	८१
	शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	-	४१	२२५०	-	२२९१
	मकालु बरूण राष्ट्रिय निकुञ्ज	१	७४	१३	-	८८
	रारा राष्ट्रिय निकुञ्ज	-	१	१२१	-	१२२
	बाँके राष्ट्रिय निकुञ्ज	६	११५	१२६	-	१४७
	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज	३	१४८	२५४	७	४१२
जम्मा		**७५**	**२०८४**	**४१२६**	**१४१**	**६३२६**

स्रोतः- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

अनुसूची -३ (राष्ट्रिय निकुञ्जको आय र मध्यवर्ती क्षेमा विनियोजन भएको बजेट)

राष्ट्रिय निकुञ्जको नाम	निकुञ्जले प्राप्त गरेको राजश्व र मध्यवर्ती क्षेत्रमा विनियोजन भएको रकम रु. (हजारमा)										विनियोजन प्रतिशतमा
	आर्थिक वर्ष २०७७। ७८		आर्थिक वर्ष २०७८। ७९		आर्थिक वर्ष २०७९। ८०		आर्थिक वर्ष २०८०। ८१		आर्थिक वर्ष २०८१। ८२		
	आय	विनियोजन	आय	विनियोजन	आय	विनियोजन	आय	विनियोजन	आय	विनियोजन	
चितवन राष्ट्रिय निकुञ्ज	३५०३०	६५०००	१११९६७	२०१००	२८८२१६	३१८७५	३४१५०१	६३०००	३३८६२३	६८६६४	२२%
बर्दिया राष्ट्रिय निकुञ्ज	१३६११	१२०००	१५००५	५५६५	४५९३३	७१३०	४०८५३	११०००	४६०९३.५	१३१००	३०%
लाङ्टाङ राष्ट्रिय निकुञ्ज	१९३९	१८६००	२६०५	२८८८	३६२४८	५०५०	५४३१९	१००००	५७७०२.५	१०७२५	३१%
रारा राष्ट्रिय निकुञ्ज	२९५०	३१००	२३९१६	८००	३३३६	९००	४८३४	१५००	६२७२.२	११००	१८%
बाँके राष्ट्रिय निकुञ्ज	६५०८	२३००	८२९७	८००	१०१४५	३६८	६०८४	२३००	१००२०	८९२	१६.००%
सगरमाथा राष्ट्रिय निकुञ्ज	१२१२६	३१३००	२९४८८	६१९९	१४३४७८	१८३००	१५४७६१	२९०००	१७१९१३	३०४४०	२३%
शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज	३६४७	५१००	१४१२३	१८४७	१९१२०	४६१५	३०९४०	३०००	३२६०६.५	७०२०	२१%
शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	१४०३७	१०७००	३३११	६०६२	४८१९५	७७९०	६०९२२	१५०००	५३१७६.७	११८९२	२९%
मकालु बरूण राष्ट्रिय निकुञ्ज	२२६४	३८००	६०२३८	८००	३६२७	१११७	६३४७	१५००	५८२२.५	१०००	१०%
खप्तड राष्ट्रिय निकुञ्ज	५३९	२१००	१५३८७	८००	६४७	४४०	८५५	१५००	९१६.६	९००	३१%
शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज	२९९३०	५१००	२९३२	११३६४	८८०२	१९७७	१३२७८	२५००	६३७१.७	३०००	३९%
पर्सा राष्ट्रिय निकुञ्ज	९९५७	७१००	९२१	२८८४	३५६४६	१५०५	१६२३०	१४०००	२१४५९.५	३८००	३५%
जम्मा	**१३२५३८**	**१६६२००**	**२८८१९०**	**६०१०९**	**६४३३९३**	**८१०६७**	**७३०९२४**	**१५४३००**	**७५०९८१**	**१५२५३३**	**२४%**

स्रोतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

सार्वजनिक खरिदमा मध्यस्थताको व्यवस्था र सोको प्रभाव

परिच्छेद-१

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम खरिद सम्झौता कार्यान्वयनका क्रममा विवादहरू उत्पन्न हुने र समयमा निराकरण हुन नसकी मध्यस्थमार्फत समाधान हुने गरेको छ। पूर्वाधार निर्माण एवं वस्तु तथा सेवा खरिद गर्दा सार्वजनिक निकाय र निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा परामर्शदाताबिचमा हुने विभिन्न सम्झौताका सर्त कार्यान्वयन एवं भुक्तानी सम्बन्धमा हुने विवादको समाधान मध्यस्थतामार्फत गर्न सकिने व्यवस्था छ। मध्यस्थता ऐन, २०५५ को दफा ३(१) मा कुनै सम्झौता मध्यस्थताद्वारा विवाद समाधान गरिने व्यवस्था भएमा त्यस्तो सम्झौता वा सो अन्तर्गतका विषयसँग सम्बन्धित विवाद सम्झौतामा नै कार्यविधि उल्लेख भएकोमा सोही बमोजिम र नभएकोमा यस ऐन बमोजिम मध्यस्थताको माध्यमबाट समाधान गराउनु पर्ने व्यवस्था छ। त्यस्तै उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतमा दायर भएको प्रचलित कानुन बमोजिम मिलापत्र हुनसक्ने व्यापारिक प्रकृतिको कुनै देवानी मुद्दा सम्बन्धित पक्षहरूले मध्यस्थतामार्फत समाधान गरिपाऊँ भनी निवेदन दिएमा त्यस्तो विवाद समेत मध्यस्थता मार्फत समाधान गराउनुपर्ने व्यवस्था सोही दफाको उपदफा (२) मा छ। उक्त ऐनमा मध्यस्थको नियुक्ति, मध्यस्थता सम्बन्धी कारबाही, मध्यस्थको अधिकार, मध्यस्थको निर्णय र सोको कार्यान्वयन, मध्यस्थको विधि लगायतका प्रबन्धहरू गरिएका छन्। नेपालका सार्वजनिक निकायहरूले गर्ने खरिदसँग सम्बन्धित विवादहरू खरिद सम्बन्धी कागजात र सम्झौतामा उल्लेख भएबमोजिम मध्यस्थता मार्फत विवादको समाधान हुने गरेको छ। ठेक्कामा दाबी र क्षतिपूर्ति दिनुपर्ने रकम बर्सेनि बढी रहेको र सम्झौताका सर्त कार्यान्वयनमा जटिलता भैरहेको सन्दर्भमा विगत ५ वर्षमा सार्वजनिक निकायमा भएका विवाद उपर मध्यस्थबाट भएका निर्णयहरू सो सम्बन्धी कानुनी प्रावधान र कार्यप्रक्रिया अध्ययन गरी सो मा गर्नुपर्ने सुधारका विषय समेटी विशेष अध्ययन प्रतिवेदन तयार गरिएको छ।

१. **विशेष अध्ययनको उद्देश्य -** मध्यस्थता सम्बन्धी विशेष अध्ययनको उद्देश्य सार्वजनिक खरिद सम्बन्धी विवादमा भएका प्रमुख निर्णयको अध्ययन, विश्लेषण र निष्कर्षका आधारमा व्यावहारिक, कानुनी तथा नीतिगत सुझाउसहितको प्रतिवेदन उपलब्ध गराउने रहेको छ।

२. **विशेष अध्ययनको क्षेत्र -** सार्वजनिक निकायबाट गरिएका खरिद सम्झौता कार्यान्वयन गर्दा कार्यालय र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता र लिजकर्तालगायतबिच भएका विवादमा २०७७।७८ देखि २०८१।८२ सम्म मध्यस्थतामार्फत् गरिएका प्रमुख निर्णयको अध्ययन गरी सार्वजनिक खरिद ऐन, नियमावली तथा सम्झौता सर्तसँग तुलना एवं समीक्षा गरिएको छ। यसक्रममा विवाद उत्पन्न हुने कारणहरूको पहिचान गर्न सरकारी निकाय (नियोक्ता) र निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा परामर्शदाता वा लिजदाता दुबैको दाबी तथा प्रतिदाबी उपरको निर्णयको आधार विश्लेषण गरिएको छ। सार्वजनिक खरिद कानुनबमोजिम खरिद सम्झौता गर्दा हुने वा भएका कमी कमजोरी पहिचान गरी सुधारका लागि नीतिगत र कानुनी सुझाउहरू दिइएको छ।

३. **विशेष अध्ययनको कार्यविधि -** मध्यस्थता सम्बन्धी विशेष अध्ययनको क्रममा कानुन तथा सोसँग सम्बन्धित विषयवस्तु एवं प्रतिवेदनहरूको अध्ययन गरिएको छ। साथै सार्वजनिक खरिद सम्बन्धमा मध्यस्थतामार्फत् २०७७।७८ देखि २०८१।८२ सम्म भएका सार्वजनिक निकायसँग सम्बन्धित निर्णयहरू नेपाल मध्यस्थता परिषद्बाट प्राप्त गरी अध्ययन गरिएको छ। यस सम्बन्धमा कारणहरू पहिचान गर्न यस विषयसँग जानकार एवं सम्बन्धित कार्यालयका पदाधिकारीहरूसँग छलफल गरिएको

छ। विवादका प्रमुख कारणमध्ये भेरिएसन, मूल्य समायोजन, म्याद थप, पूर्वनिर्धारित क्षतिपूर्ति, खरिद सम्झौताको अन्त्य, निष्कृय लागत, प्रोलङगेशन लागत आदिमा अध्ययन केन्द्रित गरिएको छ।

मध्यस्थताका सम्बन्धमा भएका कानुनी व्यवस्थाको अध्ययन गर्न सैद्धान्तिक कार्यविधि अपनाइएको छ। साथै मध्यस्थताका निर्णयहरूको अध्ययन गर्दा सार्वजनिक निकाय वा मध्यस्थबाट भएका निर्णयमा कस्ता कानुनी वा प्रक्रियागत त्रुटि हुन गए र के कस्ता आधार लिएर निर्णय गरियो भन्ने सम्बन्धमा विस्तृत विश्लेषण गरिएको छ। साथै, सोही विश्लेषणका आधारमा यस क्षेत्रमा आगामी दिनमा गरिनु पर्ने प्रशासनिक तथा कानुनी सुधारसम्बन्धी सुझाउसमेत तयार पारिएको छ।

मध्यस्थताबाट निर्णय भएकोमा भुक्तानी भए नभएको एवं सो उपर पुनरावेदन गरे नगरेको सूचना प्राप्त नभएकोले विश्लेषण गरिएको छैन।

४. **कानुनी एवं नीतिगत व्यवस्था -** विवादका पक्षहरूबिच छलफल तथा परामर्शका माध्यमबाट आपसी सहमतिमा विवादहरूको समाधान गर्ने मौलिक तथा परम्परागत पद्धतिका रूपमा मेलमिलाप, मध्यस्थता, वार्ता लगायतका विवाद समाधानका विधिहरूको प्रयोग नेपालमा हुँदै आएका छन्। यद्यपि व्यापारिक क्षेत्रका विवाद समाधानको एक वैकल्पिक माध्यमका रूपमा मध्यस्थताको अवधारणा विकास समिति ऐन, २०१३ जारी भएपश्चात् भएको हो। विकास आयोजनाहरूको शीघ्र कार्यान्वयन गरी द्रुततर गतिमा विकास कार्य अघि बढाउने सिलसिलामा उत्पन्न हुन सक्ने विवादहरूको समाधान पनि शीघ्र भई विकास निर्माणका क्षेत्रमा ढिलासुस्ती नहोस् भन्ने सोचाइका साथ यो व्यवस्था अपनाईएको थियो। सो ऐनमा समितिमार्फत गरिने विकास कार्य सम्बन्धी विवाद मध्यस्थमार्फत् मात्र गरिने र मध्यस्थले गरेको निर्णय अन्तिम हुने समेतको व्यवस्था रहेको थियो। तत्पश्चात् नेपालका विभिन्न ऐनहरूमा विवाद निरूपणको एक प्रभावकारी माध्यमका रूपमा मध्यस्थतालाई अङ्गीकार गर्दै आएको पाइन्छ।

नेपालमा विदेशी लगानी आकर्षित गर्न वि सं २०३८ सालमा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन तथा मध्यस्थता ऐन जारी गरियो। मध्यस्थता सम्बन्धी कानुनलाई थप परिष्कृत गर्न वि.सं. २०५५ सालमा नयाँ मध्यस्थता ऐन जारी भई हालसम्म यसै ऐन अन्तर्गत नेपालमा मध्यस्थता हुँदै आएको छ। मध्यस्थता ऐन, २०५५ ले युनाइटेड नेशन कमिसन अन इन्टरनेशनल ट्रेड लले विकास गरेको नमूना कानुनका आधारभूत पक्षहरूलाई संस्थागत गर्दै नेपालमा मध्यस्थताको कार्यान्वयन गर्दै आएको छ। यस ऐनले मूलतः दुई प्रकारबाट मध्यस्थको अधिकारक्षेत्र स्थापना हुने व्यवस्था गरेको छ। पक्षहरूबिचको सम्झौताबाट वा अदालतमा चलिरहेको मध्यस्थता गर्न सकिने कुनै विवादमा पक्षहरूले नै मध्यस्थताबाट विवाद समाधान गर्न संयुक्त निवेदन दिएमा विवाद मध्यस्थमार्फत समाधान गरिने व्यवस्था छ। मध्यस्थले गरेको निर्णय उक्त ऐनको दफा ३०(३) बमोजिमको विवाद नेपाल कानुनबमोजिम मध्यस्थद्वारा निरूपण हुन नसक्ने र मध्यस्थले गरेको निर्णय सार्वजनिक हित वा नीति प्रतिकुल हुने भएमा उच्च अदालतबाट बदर हुन सक्ने अवस्था छ।

यस ऐनमा वि.सं. २०८१ र २०८२ सालमा केही महत्त्वपूर्ण परिवर्तनहरू गरिएका छन्। तीमध्येको एक व्यवस्थामा तोकिएको म्यादभित्र सरकारी कार्यालयको तर्फबाट मध्यस्थकर्ता समक्ष दाबी, प्रतिदाबी, दाबी उपरको प्रतिवाद वा प्रमाण पेस नगरेमा वा ढिला गरी पेस गरेमा वा लापरबाहीसाथ कार्य गरेमा त्यस्तो कार्य गर्ने कर्मचारीलाई निजको सेवाका सर्तसम्बन्धी प्रचलित कानुनबमोजिम विभागीय कारवाही हुने र यदि त्यस्तो कार्य प्रचलित कानुनबमोजिम कसुर हुने रहेछ भने निजलाई सो कसुरमा समेत कारवाही हुने उल्लेख छ। अर्को महत्त्वपूर्ण व्यवस्था द्रुत मध्यस्थ सेवा दिने सम्बन्धी रहेको छ।

साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ मा हालै भएको संशोधनबाट अन्य कुराका अतिरिक्त राष्ट्रसेवकको परिभाषामा कुनै विवादको निरूपण गर्न प्रचलित कानुनबमोजिम नियुक्त भएको मध्यस्थ वा यस्तै हैसियतको अन्य कुनै व्यक्तिसमेतलाई समावेश गरी मध्यस्थलाई भ्रष्टाचारको आरोपमा कारबाही गर्न सकिने व्यवस्था गरिएको छ।

नेपालमा मध्यस्थता र अन्य वैकल्पिक विवाद समाधान संयन्त्रहरूलाई प्रवर्धन गर्न सन् १९९१ मा स्वतन्त्र, गैर-सरकारी र गैर-नाफामुखी संस्थाको रूपमा नेपाल मध्यस्थता परिषद् स्थापना भएको छ। यो औपचारिक प्रणाली बाहिर व्यावसायिक र करार विवादहरू समाधान गर्न स्थापित गरिएको संस्था हो। यसका गतिविधिहरू मध्यस्थता ऐन, २०५५ द्वारा व्यवस्था गरिएको कानुनी ढाँचाभित्र सञ्चालन हुन्छन्। जसले मध्यस्थतालाई विवाद समाधानको विधिको रूपमा मान्यता दिएको छ। यी गतिविधिहरू मार्फत परिषद्ले परम्परागत अदालती प्रक्रियाको सट्टा छिटो, लागत-प्रभावी र लचिलो विकल्पको रूपमा वैकल्पिक विवाद समाधानको प्रयोगलाई प्रश्रय दिन्छ।

विशेष अध्ययनबाट देखिएका बेहोरा

नेपाल सरकार र सार्वजनिक संस्थान लगायतले गरेका खरिद सम्झौताहरूको कार्यान्वयनका क्रममा विवाद उत्पन्न भएपश्चात सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४, मध्यस्थता ऐन, २०५५ तथा सम्झौताका प्रावधानहरू बमोजिम मध्यस्थ नियुक्त भै समाधान गर्ने गरिएको छ। विगत ५ वर्षमा सार्वजनिक निकायहरूमा मध्यस्थतामार्फत विवाद समाधानको क्रममा दाबी, प्रतिदाबी तथा मध्यस्थ मार्फत् कायम भएको रकमको स्थिति देहायबमोजिम छ।

(रु. हजारमा)

आर्थिक वर्ष	समाधान गरिएका विवादको सङ्ख्या	दाबी रकम	प्रतिदाबी रकम	मध्यस्थमार्फत निर्णय भएको रकम
२०७७।७८	२३	रु.६६,५०,४३ अमेरिकी डलर ३६,६७,८३२	रु.१५,८९,६५	रु.३०,७७,३५ अमेरिकी डलर ३६,६७,८३२
२०७८।७९	३८	रु.२,५५,११,२१	रु.१,०२,५८	रु.१,०५,६६,४४
२०७९।८०	२७	रु.२,७६,५४,४०	रु.१,३२,२९,७८	रु.१,३६,४९,२९
२०८०।८१	३३	रु.४,३६,७४,०४ अमेरिकी डलर ९२,४१,९२५	रु.५९,६८,०७ अमेरिकी डलर २,४२४,७१०	रु.१,०७,९९,९६ अमेरिकी डलर २६,५०,८०२
२०८१।८२	३९	रु.१,५७,२८,९४	रु.१५,५४,५६	रु.६३,७२,८७
जम्मा	**१६०**	रु.**११,९२,१९,०२** अमेरिकी डलर **१,२९,०९,७५७**	रु.**२,२४,४४,६४** अमेरिकी डलर **२,४२४,७१०**	रु.**४,४४,६५,९१** अमेरिकी डलर **६३,१८,६३४**

उल्लिखित तालिकाअनुसार विगत ५ वर्षमा सार्वजनिक निकायका १६० ठेक्कामा विवाद भई निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा परामर्शदाताले रु.११ अर्ब ९२ करोड १९ लाख र अमेरिकी डलर १ करोड २९ लाख १० हजार को दाबी पेस गरेकोमा मध्यस्थमार्फत् रु.४ अर्ब ४४ करोड ६६ लाख र अमेरिकी डलर ६३ लाख १८ हजार भुक्तानी दिनुपर्ने निर्णय भएको देखिन्छ। उक्त रकममा कतिपय निर्णयहरू भाषागत रूपमा उल्लेख गरिएको र कतिपयमा ब्याज गणना समावेश नभएकोले भुक्तानी दिनुपर्ने रकम अझै बढ्न सक्ने देखिन्छ।

५. **गुमेको नाफा तथा ओभरहेडको भुक्तानी** - आर्थिक वर्ष २०८०।८१ मा सडक विभाग मातहतको दिगो शहरी यातायात आयोजना अन्तर्गत टेकु पुल निर्माणमा एक निर्माण व्यवसायीले ठेक्काको काम घटाइएकोले ओभरहेड र मुनाफामा नोक्सानी भएको उल्लेख गरी रु. १ करोड ६६ लाख दाबी गरेकोमा मध्यस्थले भुक्तानी दिने निर्णय गरेको छ। त्यसै गरी सडक विभाग हुलाकी राजमार्ग अन्तर्गत वीरगन्ज ठोरी सडक सुधार र एक संयुक्त उपक्रमबीचको विवादमा आयोजनाले/काम घटाएको कारणले भएको नोक्सानी बापतको

रु १ करोड ३८ लाख दाबीमा निर्माण व्यवसायीले भेरिएशन आदेश स्वीकार गरेको आधारमा उक्त दावीकर्ताले दाबी नपाउने निर्णय मध्यस्थताबाट भएको छ। यस्तै प्रकृतिको दाबीमा अन्य मध्यस्थकर्ताले व्यवसायमा नाफा नै हुन्छ भनी पूर्वानुमान गर्न नसकिने भएकोले र नोक्सान भएको प्रमाण कागजात बेगर अनुमान कै भरमा गुमेको नाफा १५ प्रतिशत दाबी गरेकोले अस्वीकारसमेत गरेका छन्। यसरी नोक्सान भएको वा ओभरहेड व्यहोर्नु परेको वस्तुनिष्ठ प्रमाणबेगर मध्यस्थबाट अनुमानको आधारमा दाबी भुक्तानीको निर्णय भएको देखिन्छ।

६. **म्याद थप पछिको मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ (२) मा खरिद सम्झौता प्राप्त गर्नेको ढिलाइका कारण सम्झौतामा उल्लिखित अवधिभित्र काम सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ। महालेखापरीक्षकको कार्यालयले विगतदेखि म्याद थप पश्चात मूल्य सूचकाङ्क फ्रीज गर्ने बेहोरा औँल्याए तापनि कतिपय ठेक्काहरूमा सोहीबमोजिम म्याद थप पश्चात् पनि सुरु सम्झौता अवधिको मूल्य सूचङ्काकको आधारमा मूल्य समायोजन गणना गर्ने गरेको देखियो। उक्त गणना सम्झौता र सार्वजनिक खरिद ऐन विपरित भएको उल्लेख गरी निर्माण व्यवसायीहरूले उजुरी गरेको आधारमा मध्यस्थता गठन भएको देखिन्छ। नियोक्ताको कारणले म्याद थप भएको अवस्थामा मूल्य सूचकाङ्क फ्रीज गर्ने कानुन एवं सम्झौतामा व्यवस्था नभएकोले निर्माण व्यवसायीलाई म्याद थप पछिको सूचङ्काक प्रयोग गरी मूल्य समायोजन भुक्तानी गर्नुपर्ने निर्णय मध्यस्थबाट भएको देखियो। यस आधारमा मात्र मध्यस्थले १६ निर्माण व्यावसायीलाई रु.३७ करोड ५८ लाख ९ हजार मूल्य समायोजन तथा ब्याज भुक्तानी दिने निर्णय गरेको छ।

कतिपयमा भुक्तानी भएको रकम निर्माण व्यवसायीले स्वीकार गरेकोमा धेरै समय पछि दाबी गरेको, थप आर्थिक दायित्व नपर्ने गरी म्याद थप गरिएको र निर्माण व्यवसायीले मूल्य समायोजन दाबी नगर्ने प्रतिबद्धता गरेको वा माइन्यूट गरेको आधारमा ४ निर्माण व्यवसायीलाई यस्तो मूल्य समायोजन रु.१५ करोड ८६ लाख दिनु नपर्ने निर्णयसमेत गरेको देखिन्छ। मध्यस्थहरूले उस्तै परिस्थिति विद्यमान रहेका ठेक्काहरूमा कुनैमा म्याद थप पश्चातको सूचकका आधारमा मूल्य समायोजन दिने कुनैमा नदिने निर्णय गरेको देखिन्छ। यसैगरी ब्याज गणना सम्बन्धमा पनि कुनै मध्यस्थले निर्णय मितिदेखि गणना गर्ने, कुनैले ब्याज नदिने र कुनैले मूल्य समायोजनको बिल पेस गरेको मितिदेखि कै ब्याज गणना गरेको देखियो।

७. **सम्झौतामा नभएको मूल्य समायोजन -** निर्माण व्यवसायीलाई मूल्य समायोजन निर्धारण गरी भुक्तानी दिनको लागि मूल्य सूचङ्काक र कोफिसियन्ट सम्झौतामा उल्लेख गरिनुपर्दछ। बोलपत्रदाताले बोलपत्र पेस गर्दा मूल्य समायोजन डाटामा कुनै अङ्क उल्लेख नगरेकोमा मूल्य समायोजन नपाउने बेहोरा बोलपत्र सम्बन्धि कागजातको बोलपत्रदातालाई निर्देशन (इन्स्ट्रक्सन टु बिडर) खण्डमा उल्लेख हुन्छ। उक्त निर्देशन बमोजिम निर्माण व्यवसायीले सम्झौतामा मूल्य सूचङ्काक र कोफिसियन्ट उल्लेख नगरेका कारण विवाद उत्पन्न भएको देखिन्छ। निर्माण व्यवसायीसँगको सम्झौतामा मूल्य समायोजन नपाउने व्यवस्था राखेको वा सम्झौताको कुनै दफामा मूल्य समायोजन पाउने र अर्को दफामा मूल्य समायोजन नपाउने उल्लेख गरेका कारण विवाद भै मूल्य समायोजन पाउनुपर्ने भनी निर्माण व्यवसायीले दाबी पेस गरेकोमा मध्यस्थले ५ निर्माण व्यवसायीलाई रु.१० करोड ७९ लाख मूल्य समायोजन भुक्तानी दिने निर्णय गरेको देखिन्छ। सोही प्रकृतिको विवादमा मध्यस्थले ७ निर्माण व्यवसायीको रु.१५ करोड ६० लाखको दाबी अस्वीकार गरेको देखिन्छ। यसरी सम्झौतामा मूल्य समायोजन लागु नहुने व्यवस्था रहेकोमा निर्माण व्यवसायीले सो व्यवस्था स्वीकार गरेको र सम्झौता गर्दा नै मूल्य सूचङ्काक वा कोफिसियन्ट उल्लेख नगरेको अवस्थामा पनि सम्झौताका प्रावधान नै संशोधन गरेर मूल्य समायोजन दिने निर्णय भएको देखिन्छ।

८. **मूल्य समायोजन गणना सम्बन्धी विवाद -** सार्वजनिक खरिद ऐन तथा नियमावली र खरिद सम्झौता बमोजिम मूल्य समायोजन गणनाको लागि सूत्रको व्यवस्था गरी मूल्य सूचकाङ्क एवं मूल्य स्रोत समेत उल्लेख गरिएको हुन्छ। तर कतिपय अवस्थामा नियोक्ताले फरक तरिकाले व्याख्या गरी मूल्य समायोजन नदिएको वा कम दिएको कारण विवाद हुने गरेको देखिन्छ। मुख्यरूपले १२ महिनाको ठेक्कामा मूल्य समायोजन नदिएको, नेपाल राष्ट्र बैङ्कको उपभोक्ता मूल्यसूचीको प्रयोग गरेर निर्माण सामग्रीको मूल्य समायोजन गणना गरेको, नेपाल राष्ट्र बैङ्कले सूचकाङ्कको आधार वर्ष परिवर्तन गरेका कारण मूल्य समायोजन नदिएको, जनरल आइटममासमेत मूल्य समायोजन दिएको, सम्झौतामा मोबिलाइजेसन पेस्की कट्टा गर्ने व्यवस्था नभए पनि मोबिलाइजेसन पेस्कीमा मूल्य समायोजन नदिएको जस्ता विवादहरू देखिन्छन्। यी विवादहरू सम्झौताका प्रावधानको व्याख्या गरेका कारण सिर्जना भएको देखिन्छ। यस सम्बन्धी प्रमुख विवादमा मध्यस्थबाट ९ निर्माण व्यवसायीलाई रु.१८ करोड ५१ लाख ८५ हजार भुक्तानी दिनुपर्ने निर्णय गरेको छ। यस्ता विवादहरू समयमै समाधान नहुँदा मध्यस्थसम्म पुगेर निर्णय भई रु.१ करोड १८ लाख ब्याज समेत भुक्तानी गर्नु परेको छ। कतिपय ठेक्कामा ब्याज रकम उल्लेख नगरी भुक्तानी दिँदा गणना गर्ने उल्लेख गरेबाट ब्याज रकम अझै बढ्ने देखिन्छ।

९. **थप कामको नयाँ दरले भुक्तानी -** निर्माण व्यवसायीसँग भएको सम्झौतामा बिल अफ क्वान्टिटी (बीओक्यू) आइटममा २५ प्रतिशत भन्दा बढी थप घट भएमा आइटम दर समायोजन गर्न सकिने उल्लेख गरिएको हुन्छ। सोही आधारमा विभिन्न निर्माण व्यवसायीले कतिपय बीओक्यू आइटमको काम बढेको आधारमा दर संशोधन गरी बढाउनुपर्ने दाबी पेस गरेको सन्दर्भमा मध्यस्थले ६ निर्माण व्यवसायीलाई रु.१० करोड ६० लाख ३७ हजार भुक्तानी दिने निर्णय गरेको देखिन्छ। सम्झौताबमोजिम नियोक्ताले समयमा निर्णय नगर्दा ब्याजसमेत भुक्तानी दिनु परेको छ।

१०. **अनावश्यक ब्याज दायित्व -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (७) मा खरिद सम्झौतामा तोकिएको अवधिभित्र भुक्तानी दिन नसकेमा ब्याज दिनुपर्ने उल्लेख छ। सार्वजनिक निकायले सम्झौताबमोजिम भुक्तानी दिनुपर्ने रकममा विवाद वा अन्य कारणले भुक्तानी नदिएको अवस्थामा निर्माण व्यवसायीले ब्याज दाबी गर्ने र मध्यस्थले भुक्तानी दिनुपर्ने निर्णय गरेको देखिन्छ। कतिपय अवस्थामा काममा ढिलाइ गरेबापतको पूर्वनिर्धारित क्षतिपूर्ति फिर्ता भुक्तानी दिँदासमेत ब्याज दिनुपर्ने गरी निर्णय भएको पाइयो। ब्याज दिनु पर्नाको मुख्य कारणमा नियोक्ताले भुक्तानी दिनुपर्ने रकम समयमा नै टुङ्गो लगाएर भुक्तानी दिन नसक्नु रहेको देखिन्छ। मध्यस्थले गरेको ब्याज प्रदान गर्ने सम्बन्धी निर्णयमा समेत एकरूपता देखिँदैन। कतिपय अवस्थामा ८ प्रतिशतदेखि १८ प्रतिशतसम्म ब्याज हिसाब गरेको पाइन्छ। कुनै मध्यस्थले दाबी सिर्जना भएको मितिदेखि, कुनैले मध्यस्थको निर्णय मितिदेखि र कुनैले निर्णयको ४५ दिन पश्चात ब्याज गणना हुने व्यवस्था गरेको देखिन्छ। कुनैले ब्याज रकम उल्लेख नगरेको अवस्थासमेत छ। मध्यस्थले गरेका ब्याज सम्बन्धी प्रमुख निर्णयमा मात्र १७ निर्माण व्यवसायीलाई रु.१४ करोड ३३ लाख ६२ हजार भुक्तानी दिनुपर्ने देखिएको छ। कतिपय विवादमा ब्याज रकम उल्लेख नगरेकोले उक्त रकम अझै बढ्ने देखिन्छ। यस सम्बन्धी प्रमुख बेहोरा निम्नानुसार छन्:

१०.१. आर्थिक वर्ष २०८०।८१ मा काठमाडौं महानगरपालिकाअन्तर्गत तिनपिप्ले-सिस्डोल सडकनिर्माण कार्यका एक संयुक्त उपक्रमको दाबीमा मध्यस्थले नगर कार्यपालिकाको २०७६।३।१७ को टिप्पणीबाट काम सम्पन्न भई फाइनल बिल पेस भएको र फिल्डमा केही बिग्रेको सडक मर्मत गराई रु.७ करोड ७३ लाख भुक्तानी दिन निर्णयार्थ पेस भएको मितिलाई अन्तिम बिल स्वीकृत भएको मानी २०७७।२।१८ मा मात्र भुक्तानी भएकोले ३०० दिन ढिला भएको उल्लेख गरी १० प्रतिशतका दरले रु.५५ लाख १६ हजार ब्याज भुक्तानी दिने निर्णय गरेको छ। निर्माण व्यवसायीले समयमा त्रुटि सुधार नगरेको कारणले भुक्तानीमा ढिलाइ भएको सम्बन्धमा महानगरपालिकाले तथ्य प्रमाण राख्न सकेको देखिएन। यसरी भुक्तानीको लागि टिप्पणीसमेत

अगाडि बढाए पनि कुनै तथ्यपूर्ण आधारबेगर भुक्तानी नगरेका कारण ब्याजबापत उक्त रकम तिर्नु परेको देखिन्छ।

१०.२. आर्थिक वर्ष २०८०।८१ मा मर्स्याङ्गदी नदी (भोटेओडार)मा स्टील ट्रस ब्रिज निर्माणकार्यमा एक संयुक्त उपक्रमले २०७०।३।१८ मा स्टील ट्रसको काम सकेर रु.१ करोड ८५ लाखको आठौँ रनिङबिल पेस गरेको तर आयोजना प्रमुखले लोड टेष्टिङ्ग गरेपछिमात्र भुक्तानी दिने भनी बिल होल्ड गरेको देखिन्छ। उक्त भुक्तानी माग गर्दा पुलको काम सम्पन्न भई नसकेको लोड टेष्ट गर्ने अवस्थामा नपुगेको केवल अन्तरिम बिलको भुक्तानी माग गरेको तर भुक्तानी नदिएको पाइयो। यसै क्रममा पुल निर्माण सम्पन्न भई रु.८९ लाख ३५ हजारको अन्तिम बिलसमेत पेस भएको तर नियोक्ताले दर्ता गर्न नमानेको अवस्थामा निर्माण व्यवसायीले हुलाक मार्फत पठाएको र विवादका कारण भुक्तानी नभएको देखियो। नियोक्ताले औँल्याएका कमजोरीहरू सम्भव भएसम्म निर्माण व्यवसायीले सच्याइसकेकोले बिल रोकी राख्नु मनासिब नभएको उल्लेख गर्दै मध्यस्थले भुक्तानी दिनुपर्ने निर्णय गरेको छ। यसरी सिफारिश गर्दा आठौँ बिलको भुक्तानी दिनुपर्ने रु.१ करोड ८५ लाखको १०.४५ वर्षको ब्याज रु १ करोड ९३ लाख (बिल रकमको शतप्रतिशत भन्दा बढी ब्याज) भुक्तानी पाउने निर्णय गरेको देखिन्छ। यसरी नियोक्ताले अन्तरिम बिल, अन्तिम बिल, मूल्य समायोजन लगायतका भुक्तानी दिनुपर्ने रकम रोक्ने तर रोकेको तथ्यपूर्ण पुष्ट्याइँ मध्यस्थलाई दिन नसकेको कारण सरकारले ब्याजबापत मात्र रु.३ करोड ५ लाख भुक्तानी दिनुपर्ने अवस्था सिर्जना भएको छ।

१०.३. आर्थिक वर्ष २०८०।८१ मा केशलिया-चिमाडी-लौकही सडक सुधारअन्तर्गत एक संयुक्त उपक्रमको विवादमा मध्यस्थले रु.२३ करोड ९ लाख र ब्याज रु.५ करोड ७६ लाखसमेत रु.२८ करोड ८५ लाख भुक्तानी दिने निर्णय गरेको देखिन्छ। यसरी भुक्तानी रकमको करिब २५ प्रतिशत ब्याज भुक्तानी गर्नुपर्ने देखिएको छ। उक्त ब्याज माटो फिलिङ्गको कामको लागि माटो खरिद गर्नु परेको, समयमा पोलहरू नहटाएका कारण दक्षतापूर्वक काम गर्न नसकेको लगायतका दाबी भुक्तानीमासमेत हिसाब गरेको देखिन्छ। यसरी पेस भई प्रमाणित भएको बिल भुक्तानी नहुँदा मात्र आकर्षित हुने दफा प्रयोग गरी नोक्सानीको भरणमा समेत ठुलो रकम ब्याज दिने निर्णय भएको छ।

१०.४. आर्थिक वर्ष २०८१।८२ मा मालपोत कार्यालय चाबहिलको, भवन निर्माण कार्यअन्तर्गत एक संयुक्त उपक्रमले रनिङ बिल २ देखि १२ सम्मको भुक्तानी समयमा नगरेका कारण पेस गरेको मितिको आधारमा दाबी प्रस्तुत गरेकोमा मध्यस्थले रु.३६ लाख ६५ हजार ब्याज भुक्तानी दिने निर्णय गरेको छ। नियोक्ताले पेस गरेको मितिको आधारमा नभै बिल प्रमाणित गरेको मितिको आधारमा ढिलाइको गणना गर्नुपर्ने उल्लेख गरेको देखिन्छ। तर सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (३) मा पेस भएको रनिङ्ग बिल ३० दिन भित्र स्वीकृत गरी भुक्तानी गर्नुपर्ने व्यवस्था रहेकोले सोही आधारमा पेस गरेको मितिका आधारमा ब्याज गणना गरेको देखिन्छ। यसरी पेस भएका बिल समयमा भुक्तानी नगर्दा बढी दायित्व सिर्जना भएको छ।

१०.५. आर्थिक वर्ष २०८१।८२ मा दिगो शहरी यातायात आयोजना अन्तर्गत, टेकु पुल निर्माण सम्बन्धमा आयोजना कार्यालय र एक संयुक्त उपक्रम बिचको विवादमा मध्यस्थले कार्यसम्पादन जमानत बापत रु.१ करोड ७२ लाख फिर्ता दिने एवं सो ऋण बाध्यकारी भएकोले १८.६६ प्रतिशतले हुने ब्याज रु.१ करोड ३१ लाख भुक्तानी दिनुपर्ने र बिल नं १३ को नापी र पुष्ट्याइँ कागजातसहित पेस गरेकोमा भुक्तानी नदिएकोले सो बिलको रु.२ करोड ७ लाख र १३ प्रतिशतले हुने ब्याज रु.१ करोड १२ लाखसमेत भुक्तानी दिनुपर्ने निर्णय मध्यस्थले गरेको छ। मुलुकी संहिता, २०७४ बमोजिम चलनचल्तीको ब्याज १० प्रतिशतलाई मानिएको छ। अन्य सबै विवादमा सोहीअनुसार निर्णय भएकोमा यस विवादमा मध्यस्थले सोभन्दा बढी (१३ प्रतिशत

देखि १८.६६ प्रतिशतसम्म) ब्याज गणना गरेबाट रु.१ करोड २ लाख बढी ब्याज गणना गरी भुक्तानी दिने निर्णय मध्यस्थबाट भएको छ।

११. **ठेक्का रकम भन्दा बढी दाबी** - आर्थिक वर्ष २०८०।८१ मा सडक विभाग मातहत केशलिया-चिमाडी-लौकही सडक सुधारअन्तर्गत एक संयुक्त उपक्रमले संशोधित ठेक्का रकम रु.१ अर्ब ३३ करोड ७९ लाख रहेकोमा सोभन्दा बढी रु.१ अर्ब ४४ करोड ४२ लाखको दाबी प्रस्तुत गरेको देखिन्छ। यसैगरी २०८१।८२ मा महालेखा नियन्त्रक कार्यालय र एक परामर्शदाताबिच आन्तरिक नियन्त्रण प्रणाली निर्देशिकालाई पुनरावलोकन गरी आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी नमूना निर्देशिका तयार गर्ने काम रु २ करोड १७ लाखमा सम्पन्न गर्ने सम्झौता भएकोमा विवाद उत्पन्न भई परामर्शदाताले ठेक्का रकम भन्दा बढी रु.२ करोड ४६ लाखको दाबी प्रस्तुत गरेको पाइयो।

१२. **प्रतिदाबी गर्ने नगरेको -** मध्यस्थता गठन भैसकेपश्चात दाबी, प्रतिवाद, प्रतिदाबी वा प्रत्युक्ति पेस हुने व्यवस्था मध्यस्थता ऐन, २०५५ को दफा १० (२) मा रहेको छ। सोही ऐनको दफा १४ (७) मा सरकारी कार्यालयको तर्फबाट मध्यस्थकर्तासमक्ष दाबी, प्रतिदाबी, दाबी उपर प्रतिवाद वा प्रत्युक्ति पेस नगरेमा त्यस्तो कार्य गर्ने कर्मचारीलाई निजको सेवा सर्तसँग सम्बन्धित प्रचलित कानुन बमोजिम विभागीय कारबाही हुने व्यवस्था छ। तर सरकारी कार्यालयले निर्माण व्यवसायी वा परामर्शदाता वा आपूर्तिकर्ताले पेस गरेको दाबीमा नियोक्ताले न्यून सङ्ख्यामा मात्र प्रतिदाबी पेस गर्ने गरेको देखिन्छ। अध्ययनको क्रममा विगत ५ वर्षमा सार्वजनिक निकायका १६० ठेक्कामा विवाद भई निर्माण व्यवसायी आपूर्तिकर्ता र परामर्शदाताबाट रु.११ अर्ब ९२ करोड १८ लाख र अमेरिकी डलर १ करोड २९ लाख १० हजारको दाबी पेस भएकोमा नियोक्ताले २७ विवादमा मात्र रु.२ अर्ब २४ करोड ४४ लाखको प्रतिदाबी पेस गरेको देखिन्छ। साथै प्रतिवाद पनि प्रभावकारी तवरले गर्न नसकेको, कतिपय अवस्थामा प्रत्युक्ति समेत नदिएको, प्रमाण कागजात र पुष्ट्याइँहरू मध्यस्थ सन्तुष्ट हुने गरी प्रस्तुत गर्न नसकेको अवस्था पाइयो। फलस्वरूप नियोक्ताको पक्षमा हुनुपर्ने निर्णयहरू पनि निर्माण व्यवसायीको पक्षमा भएको अवस्था छ। तसर्थ नियोक्ताले सार्वजनिक जवाफदेहिता प्रवर्धन गर्न ठेक्का व्यवस्थापन प्रभावकारी तवरले गर्ने, विवाद वा खरिदका पक्षसँगका प्रत्येक गतिविधिहरूको उपयुक्त तवरले अभिलेखन गर्ने, प्रमाण सङ्कलन गर्ने र दाबी पेस हुने अवस्थामा प्रतिवाद वा प्रत्युक्ति पेस गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१३. **प्रोलङ्गेशन लागत भुक्तानी -** खरिद सम्झौता भइसकेपश्चात् निर्माण व्यवसायीलाई काम गर्न साइट उपलब्ध नहुने वा साइट क्लियरेन्स नहुने, रुख कटान नहुने, काममा अवरोध हुने लगायतका कारण म्याद थप गर्नुपर्ने अवस्थामा अथवा निर्माण व्यवसायी निर्माण स्थलमा परिचालित भैसकेको तर काम गर्न नपाएको अवस्थामा प्रोलङ्गेशन लागत दाबी हुने गरेको देखिन्छ। उस्तै प्रकृतिको प्रोलङ्गेशन लागत कुनै मध्यस्थले भुक्तानी दिने र कुनैले भुक्तानी नदिने निर्णय गरेको देखिन्छ। समग्रमा मध्यस्थबाट प्रोलङ्गेशन लागतको दाबीमध्ये १६ निर्माण व्यवसायीलाई रु.२५ करोड ३९ लाख भुक्तानी दिने गरी र ८ निर्माण व्यवसायीलाई रु.१८ करोड ८३ लाख भुक्तानी दिन नमिल्ने गरी निर्णय भएको छ।

मध्यस्थले कतिपय अवस्थामा निर्माण व्यवसायीलाई क्षति पुगेकै हो भनी दाबी भुक्तानी दिने निर्णय गरेको देखिन्छ भने कतिपयले ठेक्का रकमको आधारमा दैनिक लागत गणना गरी (कुल ठेक्का रकमलाई ठेक्का अवधिले भाग गरेर वा ठेक्का रकमको १५ प्रतिशत वा ३० प्रतिशत रकमलाई ठेक्का अवधिले भाग गरेर) भुक्तानी दिने निर्णय समेत गरेको देखिन्छ। कुनै मध्यस्थले यसरी दैनिक आधारमा ओभरहेड वा प्रोलङ्गेशन लागत हिसाब गर्ने तरिका नै त्रुटिपूर्ण भनी उल्लेख गरेका छन्। कुनै मध्यस्थले ठेक्का सम्झौतामा यस्तो भुक्तानी दिन मिल्ने सर्त नरहेको वा निर्माण व्यवसायीले पूर्व चेतावनी नदिएको आधारमा पनि यस्तो दाबी अस्वीकार गरेको देखिन्छ। समग्रमा नियोक्ताले म्याद थप गर्दा कुनै प्रकारको आर्थिक दायित्व नपर्ने वा

प्रोलङगेशन लागत लगायतका दाबी नगर्ने प्रतिवद्धता वा माइन्यूट नगराएका कारण पछि दाबी सिर्जना भएको पाइयो। ब्याज गणना सम्बन्धमा पनि विविधता देखिन्छ। कुनै मध्यस्थले बिल प्रमाणित नभएकोले प्रोलङगेशन लागतमा विगतको ब्याज दिन नमिल्ने निर्णय गरेको देखिन्छ भने कतिपयले सुरु देखिकै ब्याज गणना गरी भुक्तानी गर्नुपर्ने निर्णय गरेका छन्। म्याद थप अवधिमा कार्यरत जनशक्ति र उपकरणका बिल भरपाईबेगर दैनिक आधारमा प्रोलङगेशन लागत हिसाब गर्नु, म्याद थपको अवधिमा यथार्थरूपमा ती जनशक्ति र उपकरण राख्नु पर्ने थियो वा थिएन सो को पर्याप्त विश्लेषण नगरी र सुरु देखिकै ब्याज भुक्तानी गरेको देखियो।

१४. **स्पेशिफिकेशन अनुसारको कामको भुक्तानी -** ठेक्का सम्झौतामा बीओक्यू दरले गरिने भुक्तानी, समावेश हुने कार्यहरू र नापी गर्ने प्रक्रिया उल्लेख हुने र त्यसलाई स्पेशिफिकेशनले थप स्पष्ट पारेको हुन्छ। निर्माण व्यवसायीले आइटम दरको भुक्तानीबाट कभर हुने कार्यको पनि बेग्लै भुक्तानी दाबी गर्ने र सो उपर मध्यस्थले देहायअनुसार भुक्तानी दिने निर्णय गरेको देखिन्छः

१४.१. आर्थिक वर्ष २०७७।७८ मा बैरी ताल चिसापानीमा भेरी नदीमाथि टस बृज निर्माण अन्तर्गत एक निर्माण व्यवसायीले बिओक्यू, स्पेशिफिकेशन, ड्रइङ्ग, डिजाइन लगायतमा ग्याल्बनाइज्ड गर्नुपर्ने उल्लेख नगरेकोमा आयोजना प्रमुखले ग्यालबनाइज्ड गर्न लगाएकोले थप काम गर्नु परेको हुँदा सोबापत लाग्ने रकम दाबी गरेको देखिन्छ। सो आइटम दरमा Fabrication, providing and erection of structural components for steel truss including Bolt, rivet, subset plate etc. as per drawing and specification all complete उल्लेख छ। सो मा ग्याल्बनाइज्ड शब्द नभएकोले निर्माण व्यवसायले रु.८४ लाख २८ हजार पाउने निर्णय मध्यस्थका बहुमत सदस्यले गरेको देखिन्छ। तीनमध्ये एक मध्यस्थले बिमति राख्दै ठेक्का सम्झौताको स्पेशिफिकेशनको दफा २२०९ मा फलामे पुललाई मौसमी प्रतिकूलताबाट जोगाउन पेन्ट गर्नुपर्ने र पेन्टको परिभाषाभित्र सि नं १० मा ग्याल्बनाइज्डसमेत पर्ने देखिन्छ। सडक विभागले गरेको दर विश्लेषणको प्रतिलिपि २/१७ मा ग्याल्बनाइज्ड शब्दसमेत परेको र सामान्य छड प्रति मेट्रिक टन रु.७० हजारदेखि रु.१ लाखसम्म पर्नेमा सो आइटमको लागत दर रु.१ लाख ७७ हजार कायम गरेकोले ग्याल्बनाइज्ड गर्ने गरी नै लागत अनुमान तथा स्पेशिफिकेशन तयार गरिएकोले सबै काम सम्पन्न गर्ने (all complete) भित्र ग्याल्बनाइज्डसमेत पर्ने र निर्माण व्यवसायीले आफ्नै खर्चमा गर्नुपर्दछ भन्ने राय दिए तापनि बहुमतले सो तर्क स्वीकार नगरी भुक्तानी दिने निर्णय गरेको पाईयो। स्टिल ट्रसको काममा ग्याल्बनाइज्ड बेगरको अर्थ हुँदैन र स्पेशिफिकेसन दर विश्लेषणसमेतमा समावेश गरिएकोमा बेग्लै भुक्तानी दिने निर्णय गरेकोले थप दायित्व पर्न गएको छ।

१४.२. आर्थिक वर्ष २०७९।८० मा आयोजना कार्यान्वयन ईकाइ सिँचाइ, धाप ड्याम डिजाइन तथा निर्माण तथा संरक्षण आयोजना र एक संयुक्त उपक्रमबिच स्याडल ड्याम २ र ३ निर्माण व्यवसायीको कार्यक्षेत्रमा पर्छ वा पर्दैन भन्ने विवाद रहेको पाइयो। ठेक्का सम्झौताको मूल्य सूचीमा Construction of saddle dam as per approved design and specification all complete unit मा भुक्तानी हुने गरी व्यवस्था गरेको छ। यसको अर्थ आवश्यक सङ्ख्यामा निर्माण गर्नुपर्ने भन्ने नियोक्ताको तर्क रहेको तर निर्माण व्यवसायीले स्याडल ड्याम २ र ३ थप निर्माण गर्नु परेकोले भेरिएशन आवश्यक परेको उल्लेख गरी रु.८ करोड ४८ लाख दाबी पेस गरेको देखिन्छ। आगष्ट १४, २०१८ को बैठकमा दुबै पक्ष यो थप काम हो भन्ने विषयमा सहमत भएको उल्लेख छ। सोही अनुसार इन्जिनियरले मूल्याङ्कन एवं लागत निर्धारण गरेको देखिन्छ। पर्याप्त अध्ययन नगरी सहमति जनाएको कारण दाबी सिर्जना भएको देखिन्छ।

नियोक्ताले यो ठेक्का डिजाइन एण्ड बिल्ट मोडेलको भएकाले भेरिएशनको व्यवस्था छैन भनी दाबी अस्वीकार गरेको देखिन्छ। तर मध्यस्थले सम्झौतामा आवश्यकता अनुसार भेरिएशन गर्न सकिने जनाएको

छ। स्याडल ड्याम २ र ३ अनुमान नगरिएको सम्झौतामा स्याडल ड्याममात्र उल्लेख गरिएकोले ती स्याडल ड्यामहरू थप काम हो भनी परिभाषित गरी रु.५ करोड ७६ लाख भुक्तानी दिने निर्णय गरेको छ। पर्याप्त अध्ययन गरी आवश्यक पर्ने संरचना खरिद सम्झौता तथा स्पेशिफिकेशनमा उल्लेख गर्न नसक्दा दाबी सिर्जना भई थप भुक्तानी दिनु परेको छ।

१४.३. आर्थिक वर्ष २०८०।८१ मा केशलिया-चिमाडी-लौकही सडक सुधारअन्तर्गत एक संयुक्त उपक्रमले माटो फिलिङ्गको काममा थप लागत परेको उल्लेख गरी दाबी पेस गरेको छ। सडकको इम्बैङ्कमेन्ट बनाउनको लागि BOQ २.१.२.०३ मा Formation of embankment with suitable material including excavation, haulage compaction in layers and watering all complete भन्ने आइटम रहेको छ। निर्माण व्यवसायीले काम गर्ने क्रममा नियोक्ताले उपयुक्त माटो ल्याउने ठाउँ देखाउन नसकेको, ठेक्का सर्त अनुसार राईट अफ वेलाई माटो खानीको रूपमा प्रयोग गर्न नमिल्ने व्यवस्था रहेको, उपयुक्त माटो निशुल्क उपलब्ध हुन्छ भन्ने मान्यता राखेर नियोक्ताले सो सम्बन्धी लागतको व्यवस्था नगरेको, काम सुरु भएपछि निर्माण व्यवसायीले माटो खरिद गर्नु परेको, नियोक्तालाई पटक-पटक उक्त कुरा जानकारी गराउँदा समेत वास्ता नगरेको उल्लेख गरी दाबी पेस गरेको छ। नियोक्ताले दुबै पक्षले दस्तखत गरिएको सम्झौतामा सबग्रेड तयार गर्नका लागि उपयुक्त माटो ल्याउनेदेखि सबै आवश्यक कार्य सम्पन्न गर्नको लागि प्रति घनमिटर रु.३०० दर कबोल गरेको जनाएको छ। स्टाण्डर्ड स्पेशिफिकेसन-९०९ मा "The contractor shall make necessary arrangement for the required embankment as mentioned in BOQ and the contractor is not allowed to use the right of way for borrow pit" उल्लेख भएकोले भुक्तानी दिन नमिल्ने नियोक्ताको तर्क भएपनि निर्माण व्यवसायीले माटो खरिद गर्नु परेकोले विभिन्न पालिकाबाट लिएको दरमध्ये सबैभन्दा कम दर रु.३५० थप गरी इम्बैङ्कमेन्ट फिलिङ्गको काम बापत रु.१३ करोड ९ लाख र ब्याज रु.४ करोड १२ लाख भुक्तानी दिनुपर्ने भनी म्यस्थकर्ताले निर्णय गरेको देखिन्छ। निर्माण व्यवसायीले साइटको अवस्था, बिओक्यू दरको बनौट र स्पेसिफिकेशन बमोजिम गर्नुपर्ने कामको प्रकृतिको आधारमा आइटम दर कबोल गर्नुपर्ने हुन्छ। यस्तो दर कबोल गर्दा नियोक्ताको दर विश्लेषणमा के समावेश थियो वा थिएन भन्ने विषय गौण हुन्छ। नियोक्ताले फिलिङ्गको लागि माटो खरिद गर्ने लागत नराखेको, निर्माणस्थल नजिक उपलब्ध नहुने अवस्थामा निर्माण व्यवसायीले आफ्नो विश्लेषण र साइट निरीक्षणको आधारमा सोवापतको लागत समावेश गरी दर प्रस्ताव गर्नुपर्दछ। बिओक्यू दर प्रस्ताव गरी सकेपछि माटो खरिद गर्नु परेको भनी दाबी भएकोमा भुक्तानी दिनुपर्ने निर्णय भएको छ।

१४.४. आर्थिक वर्ष २०८०।८१ मा केशलिया-चिमाडी-लौकही सडक सुधारअन्तर्गत एक संयुक्त उपक्रमले हुलाकी राजमार्गमा १२ मीटर चौडाइमा सडक सुधारको कार्य भैरहेको र सो क्षेत्रमा ११० बिजुलीका पोल, १०० केभी र ४०० केभीका प्रसारणलाइन रहेको विद्युतका तारहरू सडक यत्रतत्र रहेकोले ट्रक लगायतका हेभी मेसिन उपकरणहरू आवतजावत गर्न कठिनाइ रहेको, पोल हटाउन पटक पटक पत्राचार गरे पनि नेपाल विद्युत प्राधिकरणले २०७७।४।१६ मा पोलहरू हटाउनका लागि आदेश दिएको, सडक क्षेत्रका रुखहरू हटाउन २०७८।१०।९ मा मात्र आदेश दिएकोले सो अवधिसम्म दक्षतापूर्वक काम गर्न नसकेको र भाडामा ल्याएका ट्रकहरूले दैनिक २ ट्रिप भन्दा बढी गर्न नसकेको लगायतका कारणबाट नोक्सानी बेहोर्नु परेको उल्लेख गरी दाबी गरेकोमा मध्यस्थले उपकरण आइडल रहदाको खर्चलाई नियोक्ता र निर्माण व्यवसायीबिच आधाआधा गरी रु.४ करोड ६० लाख र ९४८ दिनको ब्याज रु.८३ लाख ६७ हजार निर्माण व्यवसायीलाई भुक्तानी दिनुपर्ने निर्णय गरेको छ। यसरी कार्यक्षमतामा आएको ह्रासलाई प्रमाणको आधारमा वस्तुपरक नापभन्दा पनि अनुमानित आधारमा आधा आधा गरेको देखिन्छ। आयोजना प्रमुखले सिफारिश गरेको बिल समयमा भुक्तानी नभएको अवस्थामा ब्याजको गणना गर्ने व्यवस्था भएपनि मध्यस्थको उक्त निर्णयबाट कामको

भुक्तानी भन्दा पनि दक्षतामा ह्रास भई सिर्जना भएको यथार्थ नोक्सानीको रकम नै क्षतिपूर्ति दिई सकेपश्चात सोमा ब्याज गणना भएको छ।

१५. **कानुन र सम्झौतामा असंगति -** सार्वजनिक निकायले खरिद वा अन्य सम्झौता गर्दा विद्यमान कानुनलाई आधार लिएर गर्नुपर्ने हुन्छ। कानुनबमोजिम सम्झौता नगरेका कारण विवाद उत्पन्न भै मध्यस्थमार्फत समाधान गर्दा सार्वजनिक निकायलाई नोक्सान परेको देखिएको छ। आर्थिक वर्ष २०८०।८१ मा एक व्यवसायीसँग त्रिभुवन विमानस्थल नागरिक उड्डयन कार्यालयले विमानस्थलमा Design installation, commissioning and operation of Common Uset Terminal Equipment System कार्यको लागि ठेक्का सम्झौता गरेको र सो उपकरण जडानपश्चात् कन्सेसन फि उठाएर कार्यालयलाई दिनुपर्ने सम्बन्धमा विवाद भएको देखिन्छ। व्यवसायीले समयमा काम सम्पन्न गर्न नसकेका कारण शुल्क उठाएर नबुझाएकोले कार्यालयले शुल्क र जरिबाना लगाउने निर्णय गरेकोमा दाबीकर्ताले शुल्क तथा ढिलाइसँग सम्बन्धित जरिबाना तिर्नु नपर्ने उल्लेख गरी मुद्दा मामिला तथा मध्यस्थतामा संलग्न हुनु परेका कारण पुगेको क्षतिबापत रु.१ करोड १९ लाख पाउनुपर्ने दाबी गरेको छ। यस विवादमा कार्यालयले समयमा कन्सेसन फी नतिरेका कारण जरिबाना र बाँकी कन्सेसन फीसमेत कुल अमेरिकी डलर ३० लाख ४८ हजार ६५४ दाबीकर्ताले तिर्नुपर्ने माग गरेको छ। उक्त जरिबाना नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा शुल्क नियमावली अनुसार विमानस्थलमा विभिन्न सेवा उपभोग गरेबापत समयमा शुल्क नबुझाएमा जरिबाना लाग्ने व्यवस्था अनुरूप माग गरेको तर दाबीकर्ताले स्वीकार नगरेको अवस्था देखिन्छ। मध्यस्थले शुल्क तिर्न ढिलाइबापतको जरिबाना कार्यालयले माग गरेपनि दाबीकर्ता सहमत नभएको, दाबीकर्ता र कार्यालयबिच भएको सम्झौतामा यसप्रकारको ढिलाइ बापतको जरिबाना लिने व्यवस्था नभएको अवस्थामा दाबीकर्ताले जरिबाना तिर्नु नपर्ने र अन्य क्षतिबापतको रकमसमेत दाबीकर्ताले नपाउने निर्णय गरेको छ। विमानस्थल सेवा शुल्क नियमावली बमोजिम सेवा प्रदायकसँगको ठेक्का सम्झौतामा उठाउनुपर्ने शुल्क बुझाउन ढिला गरेमा जरिबाना लाग्ने सम्बन्धी व्यवस्था नराखेका कारण कार्यालयलाई अमेरिकी डलर ३० लाख ४८ हजार ६५४ बराबरको नोक्सानी भएको देखिन्छ।

१६. **पूर्वनिर्धारित क्षतिपूर्ति फिर्ता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धी व्यवस्था छ। नियोक्ताले पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरेको वा म्याद थपको प्रक्रिया टुगङ्गो नलागदै पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरेको अवस्थामा निर्माण व्यवसायीले आफ्नो कारणले म्याद थप गर्नु नपरेको हुँदा पूर्वनिर्धारित क्षतिपूर्ति फिर्ता हुनुपर्ने दाबी पेस गरेको आधारमा मध्यस्थले २२ निर्माण व्यवसायीलाई रु.३५ करोड ७९ लाख भुक्तानी दिने निर्णय गरेको देखिन्छ। यसरी फिर्ता दिँदा रु.३ करोड ९० लाख ब्याजसमेत दिने निर्णय गरेको छ। कतिपय विवादमा रकम उल्लेख गरी ब्याज गणना नगरेकोले उक्त रकम अझै बढ्ने देखिन्छ।

नियोक्ताले पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरेकोमा विवाद उत्पन्न भई निर्माण व्यवसायीका कारणले काममा ढिलाइ भएको नदेखिएकोले पूर्वनिर्धारित क्षतिपूर्ति लगाउन नमिल्ने भनी मध्यस्थले फिर्ता दिने निर्णय गरेको देखिन्छ। नियोक्ताले माईलस्टोनअनुसार प्रगति नभएको भनी पूर्वनिर्धारित क्षतिपूर्ति लगाएकोमा सो समेत फिर्ता दिने निर्णय भएको छ। नेपाल सरकारले सार्वजनिक खरिद नियमावलीमा पटक पटक संशोधन गरेर पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप गरेको कारणले पनि पहिला कट्टा गरिएको पूर्वनिर्धारित क्षतिपूर्ति ब्याजसहित फिर्ता गर्नु परेको छ। कतिपय अवस्थामा नियोक्ताले पूर्व निर्धारित क्षतिपूर्ति लगाउने गरी निर्णय गरेकोमा समेत निर्माण व्यवसायीको ढिलाइका कारणले म्याद थप गर्नु परेको अवस्था नरहेको वा नियमावलीको मनसाय पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने नभएकाले फिर्ता दिनुपर्ने निर्णय गरेको देखिन्छ। मध्यस्थले उस्तै प्रकृतिका दाबीमासमेत कुनैमा ब्याज सहित फिर्ता दिने कुनैमा ब्याज तिर्नुनपर्ने गरी निर्णय

गरेको देखियो। नियोक्ताले कसको कारणले काममा ढिलाइ भएको हो सो सम्बन्धमा पुष्टयाई हुने प्रमाणहरूको अभिलेखन गर्ने एवं प्रस्तुत गर्न नसकेका कारण समेत पूर्वनिर्धारित क्षतिपूर्ति फिर्ता गर्नु परेको देखिन्छ।

१७. **विदेशी मुद्रामा बढी दरले ब्याज गणना -** आर्थिक वर्ष २०७७।७८ मा तुलसीपुर-सल्यान सडक र एक निर्माण व्यवसायीबिचको विवादमा उच्च अदालत पाटनको प्रमाण र कानुनको आधारमा पुनरावलोकन गर्ने आदेशबमोजिम पुन निर्धारण गरिएको छ। उक्त विवादमा मध्यस्थले प्रमाणित बिलको भुक्तानी गर्न ६ वर्ष ढिलाइ भएको उल्लेख गरी सो बापतको ब्याज अमेरिकी डलर १ लाख र कडा चट्टानको परिमाणमा २५ प्रतिशत भन्दा बढी वृद्धि भएको कारण नयाँ दर निर्धारण गरी पाउने थप भुक्तानी अमेरिकी डलर १ लाख ७५ हजार समयमा भुक्तानी नदिई ६ वर्ष ढिलाइ भएकोले ब्याज अमेरिकी डलर १ लाख १२ हजारसमेत भुक्तानी दिनुपर्ने निर्णय भएको छ। मध्यस्थले अमेरिकी डलरमा समान्यतयाः London Interbank Offer Rate (LIBOR) १ देखि २ प्रतिशतमात्र हुनेमा यस अघि मध्यस्थबाट सो ठेक्कामा १० प्रतिशत हिसाब गरिएको र उच्च अदालतले सोही आधारमा वा नेपालका वाणिज्य बैङ्कको दरलाई आधार मानी गणना गर्न निर्देशन दिएकोले १० प्रतिशत ब्याजदर गणना गर्न बाध्य भएको उल्लेख गरेको छ। आर्थिक वर्ष २०८०।८१ मा नेपाल विद्युत प्राधिकरण (हेटौंडा-भरतपुर २२० के भी) र एक व्यवसायीबिचको विवादमा मध्यस्थले अमेरिकी डलरको सन्दर्भमा ब्याज गणनाको लागि २०१९ देखि २०२३ सम्मको लिबोर दरको औसत दर २.४३ प्रतिशत लिएको देखिन्छ। फलस्वरूप यस विवादमा १ लाख ७० हजार अमेरिकी डलर बढी ब्याज गणना भएको देखिन्छ।

यसैगरी आर्थिक वर्ष २०७७।७८ मा सडक विभाग, सडक सुधार आयोजना, चन्द्रनिगाहपुर अन्तर्गत गौर सडक सुधार र एक संयुक्त उपक्रमको विवादमा पहिल्यै पाउनुपर्ने भुक्तानीमा ढिलाइ भएकाले ब्याज पाउने निर्णय गर्दा मध्यस्थले अमेरिकी डलरमा लिबोर प्रयोग नगरी १० प्रतिशत ब्याजदर गणना गरेका कारण अमेरिकी डलर ६७ हजार ८२५ बढी ब्याज गणना भएको छ। आर्थिक वर्ष २०८०।८१ मा मेलाम्ची खानेपानी विकास समितिबाट एक वर्षसम्म आयोजनाको हेडवर्क्सको सञ्चालन मर्मतमा एक हाइड्रो कर्पोरेशनलाई भुक्तानी ढिला भएकोमा ब्याज गणना गर्दा लिबोरमा नगरी १० प्रतिशत गणना गरेबाट अमेरिकी डलर २३ हजार ७१५ बढी ब्याज निर्धारण भएको देखिन्छ।

उल्लिखित ३ ठेक्कामा मध्यस्थले लिबोर प्रयोग नगरी अमेरिकी डलरमा समेत १० प्रतिशत ब्याज गणना गर्दा अमेरिकी डलर २ लाख ६२ हजारको प्रति अमेरिकी डलर रु १४० का दरले नेपाली रुपैयाँ रु.३ करोड ६७ लाख बढी ब्याज भुक्तानी दिने निर्णय भएको छ।

१८. **न्यून गुणस्तरको ट्रान्सफर्मर खरिद -** आर्थिक वर्ष २०७७।७८ मा नेपाल विद्युत प्राधिकरण र आपूर्तिकर्ताबिच १ हजार २६८ थान ट्रान्सफर्मर खरिदका लागि रु.२० करोड ८ लाखका दुई वटा सम्झौता भएको थियो। उक्त सम्झौताअनुसार ट्रान्सफर्मर सप्लाई गर्नुभन्दा पहिले इन्स्पेक्सन र टेष्ट गर्न सप्लायर्सको कारखानामा प्राधिकरणका कर्मचारी उपस्थित भएको देखिन्छ। छोटो समयको ईन्स्पेक्सनमा ट्रान्सफर्मरहरू ठेक्काको प्रावधान अनुकुल रहेको भनी प्रतिवेदन दिए पछि आपूर्तिकर्ताले ट्रान्सफर्मर सप्लाई गरेको देखियो। उक्त ट्रान्सफर्मर प्राप्त भैसकेपछि उल्लेखित स्पेसिफिकेशन बमोजिम रहे नरहेको परीक्षण नगरी वितरण गरिएको र जडान गरेपश्चात ट्रान्सफर्मरहरू न्यून गुणस्तरको भएको पाइयो। प्रायजसो ट्रान्सफर्मरमा नो लोड र लोड लस अत्यधिक रहेको देखिएकोले वारेन्टी पिरियड भित्र मर्मत गर्ने वा प्रतिस्थापन गर्ने भन्ने सम्वन्धमा पटक पटक पत्राचार गर्दा पनि सप्लार्यसले कुनै प्रतिकृया नदेखाएको र वारेण्टी अवधिसम्म जिम्मेवार हुने भएपनि सो अवधि समाप्त भैसकेको जवाफ दिएको पाइयो।

नेपाल विद्युत प्राधिकरणले मापदण्ड बमोजिम नरहेका सबै ट्रान्सफर्मरहरू प्रतिस्थापन गर्नुपर्ने, नो लोड र लोड लस अत्यधिक रहेको कारण भएको क्षतिवापत दुई ठेक्कामा अमेरिकी डलर ९ लाख ६७ हजार २८९ दाबी र ट्रान्सफर्मर मर्मत खर्च रु.४४ लाख ४६ हजार समेत पाउनुपर्ने दाबी गरेको छ। आपूर्तिकर्ता सहभागी नभएकोले उच्च अदालतको आदेशबाट मध्यस्थता गठन भएको र मध्यस्थले उक्त रकम आपूर्तिकर्तालेप्राधिकरणलाई दिनुपर्ने निर्णय गरेको छ। तर आपूर्तिकर्ताको तर्फबाट कुनै पनि रकम प्राधिकरणले प्राप्त गर्न सकेको छैन। यसरी एकातर्फ रु.२० करोड भन्दा बढी खर्च गरी प्राप्त ट्रान्सफर्मर गुणस्तरहीन भई उक्त खर्च उपलब्धिविहीन भएको छ भने अर्कोतर्फ ती गुणस्तरहीन ट्रान्सफर्मरबाट पुगेको माथि उल्लिखित क्षतिको सोधभर्नासमेत प्राधिकरणले पाउन सकेको छैन।

प्राधिकरणले ट्रान्सफर्मर प्राप्त भैसकेपश्चात् परीक्षण गर्नुपर्ने अनिवार्य व्यवस्था सम्झौतामा नरहेको कारण वितरण गरिएको उल्लेख गरेको छ। सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्राप्त ट्रान्सफर्मरको परीक्षण गरी स्पेशिफिकेशन अनुरूप रहेको प्रमाणित गरेरमात्र रकम भुक्तानी गर्ने व्यवस्था नमिलाएका कारण उपर्युक्त क्षति भएको देखिन्छ। साथै विदेशबाट गरिने माल सामान आपूर्तिमा हुने यसप्रकारका कमजोरीलाई न्यूनीकरण गर्न निकाय सजग हुनुपर्ने देखिन्छ।

१९. **प्रतिबद्धता विपरीत दाबी एवं भुक्तानी -** आर्थिक वर्ष २०८०।८१ मा केशलिया-चिमाडी-लौकही सडक सुधारअन्तर्गत एक संयुक्त उपक्रमले ठेक्काको म्याद २७ जुन, २०२० बाट १३ अप्रिल, २०२२ थपिएको तर सुरु ठेक्का अवधिपश्चात मूल्य समायोजन सूचकाङ्कलाई फ्रीज गरेका कारण मूल्य समायोजन कम पाएको भनी दाबी पेस गरेको छ। मध्यस्थले यस्तो मूल्य समायोजनवापत रु.२ करोड ४२ लाख र सोको ब्याज रु.५५ लाख ८४ हजार भुक्तानी दिने निर्णय गरेको छ। सुरुको ठेक्का म्यादपश्चात मूल्य समायोजन सूचकाङ्क फ्रीज गर्ने भनी निर्माण व्यवसायी र नियोक्ताबिच २०७६।१०।३ तथा २०७८।६।२२ मा पटक पटक सहमति भएको र २०७८।१२।८ मा निर्माण व्यवसायीले प्रतिबद्धता पत्रसमेत दिएको अवस्था देखिन्छ। तर पछि निर्माण व्यवसायीले उक्त सहमति दवावमूलक ढंगबाट लिइएको हो भनी दाबी प्रस्तुत भएको देखियो। यस सम्बन्धमा २०७७।११।२५ मा मूल्य समायोजन सूचक फ्रीज गर्ने व्यवस्थामा दबाब दिई सहमति गराएको उल्लेख गरी निर्माण व्यवसायीले पत्र समेत दिएको र यस्तो दवाव दिएर सहमति गराउने कार्य उपयुक्त नभएको र मूल्य समायोजन ठेक्काको अवधिभर लागु हुने भएकाले कम भुक्तानी भएको मूल्य समायोजन र ब्याज भुक्तानी दिनुपर्ने भनी मध्यस्थले निर्णय गरेको पाइयो। साथै निर्माण व्यवसायी आफैले प्रतिबद्धता पत्र मार्फत माइन्यूटमा साथै मूल्य सूचकाङ्क फ्रीज गर्ने कुरा स्वीकार गर्ने तर पछि आएर मेरो सहमति छैन भनी दाबी गर्ने विषय करारीय मान्यता अनुकूल देखिँदैन। यस सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम पक्षहरूले करार सम्झौताको अभिन्न अङ्गको रूपमा रहने गरी माइन्युट तथा पूरक सम्झौता वा निर्णय गरेमा उक्त सम्झौता वा निर्णय मूल सम्झौताको अभिन्न अङ्गको रूपमा रहन्छ भनी मध्यस्थले २०८१।८२ को शहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन ईकाइ, रूपन्देही र एक संयुक्त उपक्रमको सन्दर्भमा निर्णय गरेको देखिन्छ। तर सोही प्रकृतिको दाबी रहेको यस ठेक्कामा मध्यस्थले स्वीकार गरी भुक्तानी दिनुपर्ने निर्णय गरेको देखिन्छ।

२०. **अदक्षताका कारण नोक्सानी भएको -** सार्वजनिक निकायले गर्नुपर्ने काम दक्षतापूर्वक नगरेका कारण विवाद उत्पन्न भई मध्यस्थमार्फत समाधान खोज्दा सार्वजनिक निकायलाई देहायबमोजिम नोक्सानी परेको देखिएको छ।

२०.१. आर्थिक वर्ष २०७९।८० मा नेपाल विद्युत प्राधिकरण, थोपाखोला जलविद्युत आयोजनाअन्तर्गत एक विद्युत उत्पादक कम्पनीले विद्युत खरिद सम्झौता बमोजिम बाध्यकारी विद्युत कटौती, लाइन तथा अन्य कारणले विद्युत प्रसारण हुन नसकेको, व्यावसायिक विद्युत उत्पादन सुरु हुने मितिमा भएको ढिलाइ, विद्युत न्यून

उत्पादन, लाइन नोक्सानी लगायतका कारण दर्शाई रु.३५ करोड ९७ लाखको दाबी प्रस्तुत गरेको छ। मध्यस्थले विद्युत कटौती, लाइन तथा अन्य कारणले विद्युत प्रसारण हुन नसकेको अवस्थामा तोकिएको विद्युत उत्पादन नगरेबापत जरिबाना कट्टा गरेको लगायत कुल रु.५ करोड २५ लाख प्राधिकरणले उत्पादकलाई भुक्तानी दिनुपर्ने निर्णय गरेको छ।

उक्त रकममध्ये नेपाल विद्युत प्राधिकरणको निर्देशनमा वा कुनै संरचनाको क्षमता कम भएको वा वितरणको लागि विद्युत ऊर्जा आवश्यक नभएको आधारमा गरिने बाध्यकारी कटौती लगायतका प्राधिकरणको अदक्षताका कारण विद्युत उत्पादकलाई रु.२ करोड ७३ लाख भुक्तानी गर्नु परेको छ। यसैगरी विद्युत आयोजनाको व्यावसायिक उत्पादन सुरु हुने मिति संशोधन गरिएको र संशोधित मिति भन्दा पनि ११ महिना ४ दिन ढिलाइ गरी व्यावसायिक रूपमा विद्युत उत्पादन भएकाले नेपाल विद्युत प्राधिकरणले सम्झौता बमोजिम हर्जाना रु.१ करोड ७१ लाख र तोकिएको विद्युत उत्पादन नगरेवापतको जरिबाना रु.७३ लाख असुल गरेको थियो। सो उपर विवाद सिर्जना भई मध्यस्थले विभिन्न मितिमा आयोजना निर्माणकर्ता र विद्युत प्राधिकरणबिच भएका बैठकको आधारमा सो क्षेत्रमा पावर ट्रान्सफर्मरको क्षमता अभिवृद्धि गर्नु परेको, सवस्टेशनहरूको ठाउँ ठाउँमा क्षमता अभिवृद्धि हुने क्रममा नै रहेकोले सम्पूर्ण विद्युत प्रशारण (Evacuation) हुने अवस्था नभएसम्म हर्जाना लिनु न्यायोचित नभएको भनी सो रकम फिर्ता दिने निर्णय गरेको छ। यसरी समयमा गर्नुपर्ने काम नभएबाट उत्पादन भएको विद्युत प्रसारण हुने अवस्था नभएको, प्रसारण लाइन व्यवस्थित नभएको र विद्युत उत्पादन कटौती गर्नुपर्ने अवस्था सिर्जना भएकोमा सम्बन्धित पदाधिकारी सजग हुनुपर्ने देखिन्छ। अन्य धेरै विद्युत उत्पादकलाई पनि यसै गरी क्षतिपूर्ति तिर्नुपर्दा ठुलो रकम नोक्सानी वहन गर्नुपर्ने अवस्था छ। यसतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ।

२०.२. आर्थिक वर्ष २०८०।८१ मा नेपाल विद्युत प्राधिकरण र एक उत्पादकबिच विद्युत खरिद सम्झौताको कार्यान्वयन सम्वन्धमा विवाद उत्पन्न भएको देखिन्छ। सो उत्पादकसँग विद्युत खरिद बिक्री सम्झौता २०६७।६।७ मा भएको छ। सो सम्झौता अनुसार व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति २०७३।२।३ रहेकोमा विद्युत प्राधिकरणको दायित्वमा पर्ने प्रसारण लाइन र सबस्टेशन निर्माणको कार्य हुन नसकेका कारण मुल सम्झौतामा सातौं पटकसम्म संशोधन गरी व्यापारिक उत्पादन सुरु हुने मिति २०७८।६।१२ पुऱ्याएको छ। सम्झौता संशोधन गर्दा विद्युत खरिद बिक्रीको दररेट उल्लेख भएको दफा संशोधन नगरिएकोले व्यापारिक उत्पादन सुरु हुनुपर्ने मिति भन्दा वास्तविक उत्पादन सुरु मिति ढिला भएमा सो अवधिको मूल्य समायोजन दिने व्यवस्था रहेको छ। सो व्यवस्था संशोधन नभएको अवस्थामा प्राधिकरणको कारणले व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने संशोधित मिति आर्थिक वर्ष २०७७।७८ पुगेको तर सुरु सम्झौता बमोजिमको व्यापारिक उत्पादन सुरु गर्नुपर्ने २०७२।७३ अनुसारकै विद्युत खरिद बिक्री दर रु.५।४० प्रयोग गरेर मूल्य समायोजन गणना नगरी २०७७।७८ देखि विद्युत खरिदको रकम भुक्तानी दिएकोले नोक्सान भएको उल्लेख गरी दाबी प्रस्तुत गरेको देखिन्छ। प्राधिकरणको कारणले व्यापारिक उत्पादन सुरु गर्नुपर्ने मिति परिवर्तन भएको तर विद्युत खरिद दरको मूल्य समायोजन गणना गर्ने दफा संशोधन नगरिएको कारणले सुरु सम्झौताको व्यापारिक उत्पादन सुरु मितिदेखिको मूल्य समायोजन गणना गरी २०७७।७८ को विद्युत खरिदको दर प्रतियुनिट रु.६।२६ कायम गर्नुपर्नेमा रु.५।४० ले भुक्तानी दिएकोले फरक रु.१७ करोड ४१ लाख दाबीकर्तालाई दिनुपर्ने निर्णय मध्यस्थले गरेको छ।

यसैगरी सोही जलविद्युत आयोजना सञ्चालनमा आएपश्चात् प्राधिकरणबाट सञ्चालित तातोपानी साना जलविद्युत केन्द्रको विद्युत उत्पादनमा कमी आउने भएकाले सो बराबरको विद्युत क्षतिपूर्तिवापत निःशुल्क उपलब्ध गराउनुपर्ने सम्झौता भएकोमा सो आयोजनाको क्षमता २ मेगाबाट रहेको देखिन्छ। विद्युत उत्पादन र निःशुल्क विद्युत सोधभर्ना सम्वन्धमा विवाद उत्पन्न भएपश्चात विभिन्न समितिहरू गठन भएको तर सहमति

भएको देखिँदैन। मध्यस्थले सो विद्युत उत्पादन केन्द्रले विद्युत उत्पादन गर्न सक्ने क्षमताको आधारमा नपुग विद्युत सोधभर्ना नगरेकोले उक्त जलविद्युत केन्द्रले वार्षिक १ करोड ६६ लाख ४४ हजार किलोबाट घण्टा विद्युत उत्पादन गर्न सक्ने भएपनि पूर्ण क्षमतामा सञ्चालन नभएका कारण १२ वर्षमा भएको सालाखाला उत्पादन ३० लाख २५ हजार ३२५ किलोबाट घण्टालाई आधार लिएको छ। सोही आधारमा प्राधिकरणले निशुल्क विद्युतवापत पाउनुपर्ने रकम रु.१ करोड ९६ लाख हुनेमा क्षमताको आधारमा निःशुल्क विद्युत पाउनुपर्ने रकम रु.१० करोड ९५ लाख गणना गरेकोले बढी गणना गरी कट्टा गरेको रकम रु.८ करोड ९९ लाख प्राधिकरणले फिर्ता दिनुपर्ने निर्णय मध्यस्थबाट भएको छ।

प्राधिकरणले एकातर्फ विद्युत खरिद बिक्री सम्झौता गर्ने तर समयमै ट्रान्समिशन लाइन तथा सबस्टेशन निर्माण गर्न नसक्दा उत्पादित विद्युत खेर गएको देखियो। साथै अर्को तर्फ व्यापारिक उत्पादन सुरु हुने मिति परिवर्तन गर्ने तर विद्युत खरिद दरको मूल्य समायोजन गणना हुने मिति यथावत राखेको कारणले विवाद उत्पन्न भएको देखिन्छ। यसैगरी प्राधिकरणले आफूले व्यवस्थापन गरेका साना जलविद्युत आयोजनाबाट हुने विद्युत उत्पादनको यथार्थ विवरण वा आधार प्रस्तुत गर्न नसकेकोले निःशुल्क रूपमा पाउने विद्युतवापत रकम फिर्ता गर्नु परेको छ। समग्रमा प्राधिकरणको कमजोरीका कारण संस्थालाई नोक्सानी परेको छ।

२१. **जनरल आइटममा थप भुक्तानी -** ठेक्कामा क्याम्प निर्माण सञ्चालन, ल्याबोरेटरी निर्माण सञ्चालन, कार्यसम्पादन जमानत, बैङ्क जमानतलागयतका कामहरू लमसममा राखिएको हुन्छ। यस्ता आइटमहरूको भुक्तानी एकमुष्ठ रूपमा गरिन्छ। म्याद थप पश्चात ठेक्काको अवधि वृद्धि हुँदा निर्माण व्यवसायीले यस बापत थप खर्च व्यहोर्नु पर्दछ। तर कामको परिमाण वा समयको आधारमा भुक्तानी नहुने भएकाले त्यस्तो थप खर्च भुक्तानी दिन नमिल्ने नियोक्ताको जिकीर रहेको छ। तर मध्यस्थले जनरल आइटमको विवाद सम्वन्धमा निर्माण व्यवसायीलाई थप लागत पर्ने भएकाले ६ निर्माण व्यवसायीलाई रु.४ करोड ५८ लाख भुक्तानी दिने निर्णय गरेको देखिन्छ।

२२. **खरिद सम्झौता अन्त्य एवं क्षतिपूर्ति -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौताबमोजिम काम नगर्ने वा ढिला गर्ने निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा परामर्शदाताको खरिद सम्झौता अन्त्य गरी बाँकी काम गराउन लाग्ने रकम क्षतिपूर्तिवापत लिनुपर्ने व्यवस्था रहेको छ। ऐन तथा सम्झौताको व्यवस्था अनुरूप ठेक्का तोडी कार्यसम्पादन जमानत जफत गरिएकोमा विवाद उत्पन्न भई मध्यस्थले निर्माण व्यवसायीलाई सो अवधिमा गरेका कामको भुक्तानी दिनुपर्ने र कार्यसम्पादन जमानत तथा धरौटी बाँकी छ भने सो समेत फिर्ता दिने निर्णय गरेको देखिन्छ। कतिपय अवस्थामा गुणस्तरिय सामान आपूर्ति नभएको, गुणस्तरीय काम नभएको र निर्माण सुरु नै नभएको अवस्थामा समेत निर्माण व्यवसायीलाई भुक्तानी दिनु परेको कारण भएको खर्चको उपलब्धि शून्य देखिन्छ। निर्माण व्यवसायीले काम नगरेका कारण ठेक्का तोड्दा सो काम पछि बोलपत्र आह्वान गरी गराउँदा लाग्ने थप रकम असुल गर्नुपर्ने कानुनी व्यवस्थाको पालना भएको समेत देखिँदैन। निर्माण व्यवसायी वा नियोक्ताको तर्फबाट खरिद सम्झौता अन्त्य सम्बन्धमा विवाद उत्पन्न भई मध्यस्थमार्फत समाधान गर्दा देखिएका केही प्रमुख बेहोरा देहायबमोजिम रहेका छन्:

२२.१. आर्थिक वर्ष २०७८।७९ मा कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण र उपचारका लागि अत्यावश्यक सामग्री ३ लटमा ५ अप्रिल, २०२० सम्म आपूर्ति गर्ने गरी एक आपूर्तिकर्तासँग सम्झौता भएकोमा आपूर्तिकर्ताले ३० मार्च, २०२० सम्म १८.२१ प्रतिशतमात्र सामान ल्याएको, तोकिएको म्यादभित्र बाँकी समान दिन सक्ने पर्याप्त आधारहरू पनि पेस नगरेको र विशेष परिस्थितिमा सम्पन्न खरिद सम्झौताका सर्तहरूसमेत उल्लङ्घन गरेको भनी नियोक्ताले आपूर्तिकर्तासँगको सम्झौता अन्त्य गरी अमेरिकी डलर ५ लाख १६ हजार ९२२ को कार्यसम्पादन जमानत जफत गरेको र कालोसूचीमा राखेको सम्वन्धमा दाबी प्रस्तुत भएको देखिन्छ।

खरिद पूर्व नै ढुवानीको समस्या हुने कुरा पूर्वानुमान गरिएको, सोही बमोजिम सामान ढुवानी सहजीकरण गर्नका लागि आपूर्तिकर्ताबाट अनुरोध गरिएको, जहाज उपलब्ध हुन नसकेको अवस्थामा खरिदकर्ताको तर्फबाट कुनै पहल नगरेको, बाह्य आपूर्तिकर्ताले सबै सामान व्यवस्था गरिसकेको, जहाजमा लोड गर्न मात्र नसकेको, तत्कालको अवस्थामा ढुवानी गर्ने अन्य विकल्प पनि नरहेकोले दाबीकर्ताले म्याद थप माग गर्नु स्वाभाविकै हो भन्ने मध्यस्थले उल्लेख गरेको छ। आपूर्तिकर्ताको प्रयासका बाबजुद कार्यसम्पादन हुन नसकेको र खरिदकर्ताले सामान ढुवानी व्यवस्थाका लागि पहल नगरेको अवस्थामा एकपक्षीयरूपमा दाबीकर्तालाई दोषारोपण गरेर ठेक्का अन्त्य गरी कार्यसम्पादन जमानत जफत गरेको मनासिव नदेखिएको भनी मध्यस्थले कार्यसम्पादन जमानत रु.६ करोड २५ लाखमा ब्याज रु.१ करोड ३१ लाख समेत फिर्ता दिने निर्णय गरेको छ। यसैगरी करारबमोजिम ढुवानी गरेर बुझाएको सामग्रीको भुक्तानी नभएको सम्वन्धमा सो सामानको मूल्य रु.२७ करोड ६५ लाख दाबीकर्तालाई भुक्तानी दिनुपर्ने मध्यस्थबाट निर्णय भएको छ।

यसरी खरिद सम्झौताको कार्यान्वयनमा पर्याप्त समन्वय र सहजीकरण नहुने र कानुन तथा सम्झौता बमोजिम ठेक्काको काममा प्रगति नगरेको पुष्ट्याइँ गर्न नसक्ने गरी खरिद सम्झौता अन्त्य भएबाट एकातर्फ विपदको समयमा आवश्यक स्वास्थ्य सामग्री प्राप्त हुन सकेको देखिएन भने अर्कोतर्फ जफत गरेको जमानतको ब्याजवापत मात्र रु १ करोड ३१ लाख भुक्तानी दिनुपर्ने अवस्था सिर्जना भएको छ।

२२.२. आर्थिक वर्ष २०७९।८० मा जलश्रोत तथा सिँचाइ विभागअन्तर्गत, सिक्टा सिँचाइ आयोजनाको, डुडुवा सिँचाइ प्रणालीमा हेडवर्क्स तथा क्यानल निर्माणअन्तर्गत एक संयुक्त उपक्रमको ठेक्का तोडिएकोमा मध्यस्थमार्फत विवाद समाधान गरेको देखिन्छ। दाबीकर्ताले जफत गरिएको कार्यसम्पादन जमानत फिर्ता गर्नुपर्ने, थप अवधिको बैङ्क ग्यारेण्टीको चार्ज, बिल नं २ को भुक्तानी, मूल्य समायोजन लगायतमा रु.३३ करोड ३९ लाखको दाबी प्रस्तुत गरेको छ। नियोक्ताले आयोजनालाई यथावत सञ्चालन गर्न लाग्ने लागत, प्रथम बिलको भुक्तानी र परामर्शदाताको शुल्कवापत रु.१ अर्ब १४ करोड ७६ लाख प्रतिदाबी पेस गरेको छ।

निर्माण व्यवसायीले बिल नं २ को भुक्तानी गर्न नियोक्ताले स्रोतको व्यवस्था गर्न नसकेको, अर्थ मन्त्रालयलाई अनुरोधमात्र गरेको, साइट उपलब्ध नभएको, ड्रइङ्ग प्राप्त नभएको, बिजुलीका पोल नसारेको, क्वारी साइटको अनुमति नदिलाएको जस्ता कारणले कामको प्रगति हुन नसकेको भनी उठाएको देखिन्छ। मध्यस्थले यी कारणहरूमा निर्माण व्यवसायीलाई दोषी देखाउन नमिल्ने भएकाले जफत गरिएको कार्यसम्पादन जमानतको रु.९ करोड ९० लाख फिर्ता दिनुपर्ने र मूल्याङ्कनकर्ताबाट बिल नं २ को कामको मूल्याङ्कन गर्न लगाई रु.४ करोड २८ लाख तथा सोको मूल्य समायोजन रु.६८ लाख भुक्तानी दिनुपर्ने निर्णय गरेको छ। ठेक्का व्यवस्थापनमा भएको कमजोरीका कारण प्रतिफल बेगर उक्त रकम निर्माण व्यवसायीलाई भुक्तानी गर्नु परेको अवस्था छ। तर ठेक्का अन्त्य गर्दा सार्वजनिक खरिद ऐन बमोजिम उक्त काम नयाँ बोलपत्र आह्वान गरी सम्पन्न गर्दा लाग्ने थप लागत समेत असुल गर्नु पर्ने विषय नियोक्ताले उठाए पनि मध्यस्थको बहुमतले अस्वीकार गरेको छ।

एक जना मध्यस्थले सो निर्णयमा असहमति जनाएको देखिन्छ। कामको प्रगति सम्वन्धमा निर्माण व्यवसायीलाई पटक पटक संशोधित कार्यतालिका पेस गर्न भनीएको, निर्माण व्यवसायीले पेस गरेपनि प्रतिबद्धता अनुरूप काम नगरेको, कार्य प्रगति सम्बन्धमा पटक पटक बैठक गरिएको, वित्तीय स्रोतको हकमा साउदी फण्डले व्यहोर्ने तय भएको अवस्थामा कामको प्रगति नभएपछि ठेक्का अन्त्य गर्ने सूचना दिए पश्चात् पनि प्रगति नभएपछि सबै प्रकृया पूरा गरेर ठेक्का तोडिएको छ। यसबाट दाबीकर्ताले उल्लेख गरेबमोजिम नियोक्ताको कमजोरी देखिँदैन। तसर्थ उक्त कार्यको सुपरभिजनको लागि नियुक्त एकमात्र परामर्शदाताको

खर्च रु.१ करोड २६ लाख असुल गर्नुपर्ने र कार्यसम्पादन जमानतबाट अर्को निर्माण व्यवसायीबाट उक्त काम सम्पन्न गर्दा लाग्ने लागत असुल गर्नुपर्ने राय उक्त मध्यस्थले दिएको देखिन्छ।

२२.३. आर्थिक वर्ष २०८१।८२ मा दिगो शहरी यातयात आयोजनाअन्तर्गत टेकु पुल निर्माण कार्यमा संलग्न एक संयुक्त उपक्रमले तेह्रौं बिलको भुक्तानी र ब्याज, म्याद थप, पूर्व निर्धारित क्षतिपूर्ति फिर्ता, काम घटाएकोले गुमेको नाफा, प्रोलङ्गेशन लागत, धरौटी फुकुवा, कार्यसम्पादन जमानत जफतको शोधभर्नालगायतका दाबी पेस गरेकोमा मध्यस्थको निर्णय बहुमतबाट भएको देखिन्छ। दुईजना मध्यस्थले बिल नं १३ नापी र पुष्टयाईं कागजातसहित पेस गरेकोमा ब्याजसहित भुक्तानी दिनुपर्ने, पेस्की बाँकी रकम कट्टा गरी जमानत फिर्ता गर्नुपर्ने, धरौटी र कार्यसम्पादन बण्डको रकम ब्याजसहित फिर्ता दिनुपर्ने, कार्यसम्पादन जमानत फुकुवा गर्नुपर्ने समेत निर्माण व्यवसायीलाई रु.१० करोड ७४ लाख ७० हजार भुक्तानी दिनुपर्ने निर्णय गरेका छन्। तर एक जना मध्यस्थले ईन्जिनियरको आदेश निर्माण व्यवसायीले नमानेको, कंक्रिटको टेष्ट गर्दा स्पेशिफिकेशन अनुसारको गुणस्तर नभएकोले निर्माण व्यवसायीले पेस गरेको बिल नं. १३ को भुक्तानी दिन नमिल्ने, पूर्वनिर्धारित क्षतिपूर्ति फिर्ता गर्नु नपर्ने, आयोजना कार्यालयले पटक पटक सूचना गर्दा पनि सुधार गर्न नसकेकोले नियोक्ताले ठेक्का अन्त्य गर्न सक्ने, गुमेको नाफा र ओभरहेड भुक्तानी दिनु नपर्ने, ठेक्का अन्त्य पश्चात उक्त काम सम्पन्न गर्न लाग्ने लागत रु ७ करोड ३३ लाख निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने उल्लेख गरेको देखिन्छ। यसरी मध्यस्थहरूले निर्णय गरेको दाबी रकममा अत्यधिक अन्तर देखिन्छ।

पुल निर्माण गुणस्तरीय नभएको, इन्जिनियरले कंक्रिट ग्रीड र डेक स्लाबलाई भत्काई ३० दिनभित्र स्पेशिफिकेशन बमोजिमको निर्माण गर्न सूचित गरेको तर निर्माण व्यवसायीले सोको पालना नगरेको अवस्थामा पनि निर्माण व्यवसायीले पेस गरेको दाबीलाई नै सही ठहऱ्याई भुक्तानी हुने तर पुल सञ्चालनमा आउन नसकेको स्थिति रहेको अवस्थामा पनि दाबी स्वीकार गरी भुक्तानी दिनुपर्ने निर्णय मध्यस्थले गरेको देखिन्छ।

२३. **भवनको क्षेत्रफल र लिज भाडा सम्वन्धमा -** आर्थिक वर्ष २०८१।८२ मा नेपाल ट्रष्टको दरवारमार्ग स्थित जग्गामा भवन निर्माण, सञ्चालन तथा हस्तान्तरण गर्ने उद्देश्यले प्रकाशित सूचना अनुसार छनोट भएको एक फर्मले भवन निर्माण गरी सञ्चालनमा ल्याएको सम्वन्धमा सुरु सम्झौता भन्दा बढी तला निर्माण गरेपश्चात प्राप्त हुने लाभ लिजदातालाई दिनुपर्ने हो, होइन भन्ने विवादको निरूपण मध्यस्थमार्फत् गर्ने निर्णय गरेको छ। लिजको सम्झौता पश्चात काठमाडौं उपत्यका, महानगरपालिका, नगरपालिकाहरूमा निर्माण सम्बन्धी मापदण्ड, २०६४ लाई संशोधन गरी काठमाडौं महानगरपालिकाले काठमाडौं महानगरपालिका भवन निर्माण मापदण्ड, २०७५ जारी गरेको पाइयो। जसअनुसार बढी तलाको भवन निर्माण गर्न सकिने अवस्था सिर्जना भएको र लिजको लागि सूचना प्रकाशन गर्दा नै लिज प्राप्तिकर्ताले बढी भन्दा बढी तला र क्षेत्रफल चर्चिने गरी जग्गाको अधिकतम उपयोग गर्नुपर्ने सर्त रहेकोले सोही बमोजिम बढी तला थप गर्न चाहेको देखिन्छ। मध्यस्थले सम्झौतामा प्रथम पक्षको स्वीकृति लिई थप निर्माण गर्न सक्ने व्यवस्था रहेको तर प्रत्यक्षरूपमा थप तला निर्माण गर्न स्वीकृति नदिएको भएपनि नेपाल ट्रष्टले महानगरपालिकालाई लेखेको पत्रमा भवन निर्माण मापदण्ड, २०७५ बमोजिमको मापदण्ड अनुसारको फ्लोर एरिया रेसियो (एफएआर) प्रयोगमा ल्याउन भन्ने वाक्यांश परेकोले तला थपको जानकारी थिएन भन्न मिल्दैन भनी उल्लेख गरेको छ। यसै गरी मध्यस्थले दोस्रोपक्षले नयाँ नक्सा पारित गरी भवन निर्माण गरेर सञ्चालनमा समेत ल्याईसकेको र लिजदाताले भत्काउन नभनी थप भाडामात्र दाबी गरेकोले मौन स्वीकृति जनाएको देखिन्छ भन्ने धारणा राखेको देखिन्छ।

लिज प्राप्त गर्नेले लिजदातालाई थप भाडा तिर्नुपर्ने हो, होइन भन्ने सम्वन्धमा लिज दिने सम्बन्धि प्रकाशित सूचनामा नै अधिकतम उपयोग गर्न सकिने व्यवस्था रहेको, महानगरपालिकाले मापदण्ड संशोधन गरेको अवस्थामा जग्गाको अधिकतम उपयोग गर्न सक्ने अधिकार लिज प्राप्त गर्नेलाई हुन्छ। अर्कोतर्फ लिज सम्झौतामा लिजदातालाई दिने मासिक वा वार्षिक भाडालाई लिज प्राप्त गर्नेले प्राप्त गर्ने व्यापारिक आम्दानीसँग

नजोडिएको निश्चित अवधि निश्चित प्रतिफल भएको र ३० वर्ष पश्चात उक्त थप निर्माण भएको सम्पत्ति समेत लिजदातालाई हस्तान्तरण गरिने भएकाले अन्तमा थप निर्माणको फाइदा लिजदाताले पाउने नै देखिन्छ। तसर्थ मासिक वा वार्षिकरूपमा भुक्तानी गरिने भाडामा परिवर्तन गर्नुपर्ने देखिँदैन भनी मध्यस्थले निर्णय गरेको देखिन्छ। तथापि एक मध्यस्थले असहमति जनाई भाडा रकम परिमार्जन हुनुपर्ने राय दिएको देखिन्छ।

लिजदाताले सम्झौता गर्ने प्रकृयामा आफूले पेस गरेको बेसमेन्ट र ग्राउण्ड फ्लोरको अतिरिक्त ३ तला निर्माण गर्ने डिजाइनलाई महानगरपालिकाको भवन निर्माण मापदण्डमा संशोधन भएका कारण परिवर्तन गरेर बेसमेन्ट बाहेक ४ तला निर्माण गरेको छ। यसबाट दाबीकर्ताले चौथो तलामा ५८९.०२५ वर्ग मिटर र पाँचौ तलामा ९२.९८७ वर्ग मिटर थप क्षेत्रफल प्राप्त गरेको अवस्थामा त्यसको लाभ लिजदाताले खोज्ने विषय करारमा कानुनसम्मत अपेक्षा (Doctrine of Legitimate Expectation in Contract) भित्र पर्दछ। करारमा उल्लेख भएका वा करारमा उल्लेख नभएका वा करारबमोजिम सहमति नभएको तर गर्न सकिने कुनै काम करारको कुनै पक्षले गरेको कारणबाट थप लाभ हुने रहेछ भने सो लाभ करारको अर्को पक्षले पनि पाउने अपेक्षा राखेको हुन्छ भनी विसम्मतिपूर्ण रायमा उल्लेख गरिएको छ। बेसमेन्ट र ४ तलाको निर्माण गर्ने गरी सम्झौतामा भाडा दर निर्धारण गरिएको हो तर यदि ५ तलाको निर्माण गरिन्छ भने सो भाडा दरमा बृद्धि गर्नुपर्ने करारीय मान्यता रहेकोमा सोलाई विचार नगरी मध्यस्थको बहुमतबाट निर्णय गरेको देखिन्छ।

२४. **नेपाल सरकार स्रोतको आयोजनामा भन्सार छुट** - आर्थिक वर्ष २०७९।८० मा संघीय संसद भवन निर्माण कार्यअन्तर्गत एक निर्माण व्यवसायीसँग राजस्व छुट सम्बन्धमा ठेक्काको सर्तको व्याख्यामा विवाद भएको देखिन्छ। निर्माण व्यवसायीले सम्झौताको सर्त २१.४, २१.५ र २१.६ मा उल्लेख भएको व्यवस्थाले परियोजनामा जडान गरिने सामग्री र विदेशबाट आयात गरिएका सामानमा भन्सार छुट पाउनुपर्ने भन्ने दाबी प्रस्तुत गरेको छ। उक्त विवादको निरूपण गर्न मध्यस्थता गठन भएको देखिन्छ। सम्झौताको विशेष सर्तको दफा २१ लागु नहुने उल्लेख भएको, उक्त दफा केवल दातृ निकायको सहयोगमा सञ्चालित आयोजनामा मात्र लागु हुने र यो नेपाल सरकारको स्रोतबाट कार्यान्वयन गरिने आयोजना भएकोले भन्सार छुट लागु हुँदैन भन्ने नियोक्ताले तर्क दिएको देखिन्छ। तर मध्यस्थले प्रिबिड मिटिङ्गमा उल्लेख भएको विषयलाई आधार मानेको पाईयो। प्रिबिड मिटिङ्गमा बोलपत्रदाताले यन्त्र उपकरण तथा उपयोग हुने सामग्रीमा भन्सार महशुल लाग्ने वा नलाग्ने भनी राखेको जिज्ञासामा नियोक्ताले सम्झौताको दफा २१.४, २१.५ र २१.६ को व्याख्या गर्दै कामको आइटमसँग सम्बन्धित नेपालको कानुन बमोजिम तिर्नुपर्ने सबै करहरू निर्माण व्यवसायीले तिर्नुपर्ने उल्लेख गरेको छ। कामको आइटममा श्रम, सामग्री र उपकरण पर्ने भएकाले सोमा भन्सार पहिल्यै जोडिएको हुन्छ। तसर्थ भन्सार छुट दिन मिल्दैन भन्ने नियोक्ताको भनाइलाई मध्यस्थले मान्यता नदिई "करहरू" भनिएको तर "भन्सार" शब्द नराखिएकोले उपयोग हुने सामग्रीमा भन्सार छुट पाउने उल्लेख गरी रु ७१ करोड ८५ लाख भन्सार छुट दिनु पर्ने भनी निर्णय गरेको देखिन्छ। तथापि सबै प्रकारको करमा प्रत्यक्ष तथा अप्रत्यक्ष कर पर्ने र अप्रत्यक्ष करको समष्टिगत वर्गीकरणमा भन्सार महशुल पनि पर्ने, भए पनि यसमा भन्सार महशुल पर्दैन भनी ब्याख्या गरेको पाइयो।

भन्सार महशुल ऐन,२०८१ को दफा १३ को उपदफा ४ मा वैदेशिक ऋण वा सहायतामा सञ्चालन गरिने आयोजनाको लागि त्यस्तो आयोजना वा त्यस्तो आयोजनाको ठेकेदारको नाममा पैठारी हुने वस्तुमा नेपाल सरकारले पूर्ण वा आंशिक रूपमा भन्सार महशुल छुट दिन सक्ने व्यवस्था छ। यसैगरी सम्बन्धित वर्षको आर्थिक ऐन को दफा १८ बमोजिम नेपाल सरकारले आवश्यकता अनुसार लगाइएको कर, दस्तुर, शुल्क र महशुल घटाउन वा आंशिक वा पूर्ण छुट दिन सक्ने व्यवस्था छ। यसरी वैदेशिक ऋण वा अनुदान सहयोगमा सञ्चालित आयोजनामा मात्र अर्थ मन्त्रालयले राजस्व छुट दिन सक्ने व्यवस्था रहेको छ।

तर यो वैदेशिक सहयोगको आयोजना नभएकोले छुट दिन मिल्ने देखिँदैन। त्यस्तै निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष सर्त नं.२१ मा भन्सार महसुल छुट सम्बन्धी विषय डोनर फण्डेड आयोजनामा आवश्यकतानुसार लागु हुने (Customs and Tax Provisions for Contractors of Donor Funded Project if it is an requirement) उल्लेख भएको छ। तसर्थ वैदेशिक स्रोतबाट व्यहोरिने नभई नेपाल सरकारको स्रोतबाट व्यहोरिने गरी लागत अनुमान तथा सम्झौता भएको अवस्थामा सो व्यवस्था अनुसारको कर छुट दिन मिल्ने देखिँदैन। साथै संघीय संसद भवन निर्माण कार्यको लागत अनुमानमा विदेशबाट आयात गर्नुपर्ने सामग्रीको दरमा भन्सार महशुलसमेत समावेश गरेर दर विश्लेषण गरेको पाइयो। सो दरविश्लेषणका आधारमा तयार गरिएको लागत अनुमानका आधारमा ठेक्का भएकोले निर्माण व्यवसायीले पेस गरेका सबै दरहरूमा भन्सार महशुल समावेश भैसकेको हुँदा पुनः भन्सार महशुल छुट दिँदा दोहोरो पर्ने अवस्थामा पनि मध्यस्थले भन्सार छुट दिने वा दाबी सोधभर्ना दिने निर्णय गरेको पाइयो।

निष्कर्ष एवं सुझाउ

नेपालमा सार्वजनिक खरिद प्रणाली अन्तर्गत ठेक्का व्यवस्थापन, कार्यान्वयन र भुक्तानी प्रक्रियामा विभिन्न प्रकारका जटिलता तथा कमजोरीहरू विद्यमान छन्। जसका कारण पछिल्ला वर्षहरूमा सार्वजनिक निकाय र निर्माण व्यवसायीबिच हुने विवादहरूमा उल्लेखनीय रूपमा वृद्धि भएको देखिन्छ। यस्ता विवादहरू मध्ये मूल्य समायोजन भुक्तानी सबैभन्दा बढी विवाद हुने क्षेत्रका रूपमा रहेको देखिन्छ। म्याद थप भएपछि मूल्य सूचकाङ्कलाई स्थिर (फ्रीज) गर्ने वा परिवर्तित सूचक प्रयोग गर्ने भन्ने विषयमा स्पष्ट कानुनी तथा सम्झौतागत व्यवस्था नहुँदा धेरै विवादहरू उत्पन्न भएका छन्। यसका अतिरिक्त, प्रोलङगेशन लागत, म्याद थप एवं पूर्वनिर्धारित क्षतिपूर्ति लिने, नलिने विषयमा पनि विवाद उत्पन्न हुने गरेको छ। नियोक्ताले म्याद थप गर्ने वा पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने निर्णय गर्ने तर निर्माण व्यवसायीले आफ्नो कारणबाट नभई नियोक्ताको कारण काममा ढिलाइ भएको उल्लेख गर्ने गरेको देखिन्छ। कतिपय अवस्था भुक्तानी नगर्दा एवं सहजीकरण गर्नुपर्ने जिम्मेवारी पुरा नगर्दा पनि विवाद सिर्जना भएको छ। बोलपत्र सम्बन्धी कागजात तयार गर्दा सावधानी नअपनाएका कारण पनि कतिपय अवस्थामा फरक फरक व्याख्या भएको देखिन्छ।

सार्वजनिक निकायहरूले पनि सम्झौताका प्रावधानहरू स्पष्ट रूपमा व्याख्या गर्न नसकेको र राख्नुपर्ने प्रमाण वा पुष्टयाइँ प्रस्तुत गर्न नसकेको अवस्था छ। मध्यस्थता प्रक्रियामा पुगेका विवादहरूको निर्णय गर्दा मध्यस्थकर्ताहरूबिच दृष्टिकोणमा फरक देखिएको छ। जसका कारण उस्तै प्रकृतिका मुद्दामा फरक फरक निर्णयहरू भएको पाइन्छ। यसले मध्यस्थता प्रणालीमा अपेक्षित एकरूपता र विश्वसनीयताको अभाव रहेको देखाउँछ। साथै सम्झौताका सर्तहरू अस्पष्ट, अपूर्ण वा परस्पर विरोधाभासी रहेका कारण विवाद समाधान झन् जटिल बनेको देखिन्छ। यस सम्बन्धमा देहायबमोजिमका सुधारहरू गर्नुपर्ने देखिएको छः

सार्वजनिक खरिद ऐन, २०६३ मा गरिनु पर्ने संशोधन

(क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५८ मा खरिद सम्झौताका पक्षहरूले आपसी सहमतिमा विवादको समाधान गर्न नसकेमा मध्यस्थतालाई विवाद सामाधानको अनिवार्य संयन्त्रका रूपमा राखिएको छ। उक्त व्यवस्था पुनरावलोकन गरी खरिद सम्झौता अन्तर्गत विवादको आन्तरिक रूपमा समाधान गर्न एड्जुडिकेटर वा विवाद समाधान समिति वा त्यस्तै नामको निकाय राख्न आवश्यक छ। सो संयन्त्रबाट समाधान हुन नसकेमा मात्र मध्यस्थता मार्फत विवाद समाधान खोज्ने व्यवस्था गरिनुपर्दछ।

(ख) ठेक्का बन्दोवस्त भइसकेपश्चात् काम हुन नसक्ने वा बजेट उपलब्ध गराउन नसक्ने वा काबु वाहिरको परिस्थितिका कारणले ठेक्का रुग्ण हुने अवस्थामा निर्माण व्यवसायी र नियोक्ताबिच आपसी सहमतिको आधारमा कुनै पनि पक्षले कुनै दाबी नगर्ने गरी ठेक्का अन्त्य गर्ने व्यवस्थालाई स्पष्ट आधारसहित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा राख्नुपर्दछ।

(ग) प्रचलित कानुनमा जुनसुकै व्यवस्था भएपनि सार्वजनिक खरिद सम्झौता सम्बन्धमा भएको मध्यस्थताको निर्णय वा अवार्ड सार्वजनिक गर्नुपर्ने, यस प्रयोजनका लागि मध्यस्थले निर्णय गरेपश्चात निर्णयको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनुपर्ने र सो कार्यालयले सार्वजनिक गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद ऐनमा थप गर्नुपर्ने देखिन्छ।

(घ) सार्वजनिक खरिद कानुन विपरीत कुनै सम्झौता भएको भएमा त्यस्तो गर्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्ने, तर करारका पक्षको हकमा सोही व्यवस्था लागु हुने गरी थप गर्नुपर्ने देखिन्छ।

मध्यस्थतासम्बन्धी ऐन, २०५५ मा हुनुपर्ने संशोधन

(ङ) मध्यस्थले शपथ लिनु पर्ने तथा आचरण सम्बन्धी व्यवस्था ऐनमा गरिए पनि सोको कार्यान्वयन एवं अनुगमन सम्बन्धी संयन्त्रको अभाव रहेको छ। सबै मध्यस्थले पालना गर्नुपर्ने आचारसंहिता जारी गर्ने र त्यस्तो आचारसंहिता वा अनुशासन उल्लंघन गरेमा कारबाही गर्ने सम्बन्धी अधिकार रहने निकाय वा संयन्त्र तय गरिनुपर्दछ।

(च) मध्यस्थले दिने निर्णयको ढाँचामा एकरूपता नदेखिएको सन्दर्भमा एकरूपता कायम गर्ने प्रयोजनका लागि ऐनमा नै अनुसूचीमा निश्चित ढाँचा तोकिनुपर्ने देखिन्छ। सो अनुसूचीमा अन्य कुराका अतिरिक्त वादीको दाबी र सोको रकम, प्रतिदाबीको मुख्य ब्यहोरा र सो को रकम भए रकम, निर्णय गर्दा लिइएका मुख्य आधारहरू तथा निर्णयमा स्वीकार गरेको वा अस्वीकार गरेको रकम समेत स्पष्ट रूपमा खुलाउन लगाउने व्यवस्था गरिनुपर्दछ।

(छ) मध्यस्थले दिने निर्णयमा ब्याज निर्धारणका सम्बन्धमा कानुनी व्यवस्था नभएको र एकरूपतासमेत नदेखिएको हुँदा सम्झौतामा नै अन्यथा उल्लेख भएकोमा बाहेक निर्णय मितिदेखि गणना हुने एवं प्रचलित बैङ्क दरलाई आधार लिने व्यवस्था मिलाउनुपर्ने देखिन्छ। साथै विदेशी मुद्राको ब्याज गणना गर्दा लिबोर दर प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

(ज) मध्यस्थता एक स्वनियमन पेशा व्यवसाय हो। विश्वव्यापी रूपमा नै यसमा सरकारी नियमन न्यून देखिन्छ। तथापि मध्यस्थताका कतिपय निर्णयहरू निष्पक्ष एवं विवेकसम्मत नदेखिएको र भारतमा समेत कानुन संशोधन गरी नियामक निकाय खडा गरिएको पृष्ठभूमिमा नेपालको मध्यस्थता ऐनमा संशोधन गरी सीमित नियमन गर्ने निकाय खडा गर्ने वा नेपाल मध्यस्थता परिषद्लाई नै कानुनले नियमन वा अवार्डको पुनरावलोकन गर्ने जिम्मेवारी दिने व्यवस्था हुनुपर्दछ।

(झ) मध्यस्थबाट भएका निर्णयको गुणस्तर परीक्षण नहुँदा कुनै अवस्थामा मानवीय त्रुटि वा तत्काल प्रमाणको अभावमा गलत निर्णय भै पक्षहरूलाई मर्का पर्ने अवस्था रहन्छ। तसर्थ निश्चित अवस्थामा अदालतले निर्णयको गुणस्तरसमेत परीक्षण गर्न सक्ने गरी कानुनी व्यवस्था हुनुपर्दछ।

सार्वजनिक निकाय वा सरकारी स्तरबाट गरिनु पर्ने सुधार

(ञ) नियोक्ता तथा निर्माण व्यवसायीसमेतको कारणबाट निर्माण कार्य सुचारु हुन नसक्ने, माल सामान आपूर्तिमा अवरोध, सेवा प्राप्त नहुने र विवाद सिर्जना भै मध्यस्थमार्फत समाधान गर्दा रकम खर्च हुने तर कुनै उपलब्धि प्राप्त नहुने अवस्था छ। पर्याप्त तयारीपश्चात अनुकूल व्यवस्था मिलाएर मात्र ठेक्का सम्झौता गर्ने र नियोक्ताको तर्फबाट सहजीकरण गर्नुपर्ने दायित्व सजगताका साथ पुरा गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

(ट) कुनैपनि सम्झौताको म्याद थप गर्दा सरकारी पक्ष वा निर्माण व्यवसायी कुन पक्षको कारणबाट म्याद थप हुन गएको स्पष्ट खुलाई सकेसम्म दुवै पक्षको बिचमा पूरक सम्झौता गरी सो म्याद थपको कारण लागत वृद्धि भए वा मूल्य समायोजन गर्नुपर्ने भए सो को दायित्व कसले, कसरी ब्यहोर्ने भन्ने स्पष्ट गरी म्याद थप गर्ने व्यवस्था मिलाउनुपर्दछ।

(ठ) प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय वा तोकिएको निकायले सरकारका तर्फबाट मध्यस्थ हुन सक्ने योग्य, क्षमतावान, अनुभवी र इमान्दार व्यक्तिहरूको सूची बनाई सबै सरकारी कार्यालयहरूमा पठाउने र सम्भव भएसम्म सो सूचीका व्यक्तिमात्र सरकारका तर्फबाट मध्यस्थ हुने व्यवस्था मिलाउनुपर्दछ।

(ड) मध्यस्थता गठन भैसकेपश्चात् दाबी, प्रतिवाद, प्रतिदाबी वा प्रत्युक्ति पेस हुने व्यवस्था मध्यस्थता ऐन, २०५५ को दफा १० (२) मा रहेको छ। निर्माण व्यवसायीले पेस गरेको दाबीमा नियोक्ताले न्यून सङ्ख्यामा मात्र प्रतिदाबी पेस गर्ने गरेको र प्रभावकारी नदेखिएको अवस्था छ। तसर्थ नियोक्ताले सार्वजनिक जवाफदेहिता प्रवर्धन गर्न ठेक्का व्यवस्थापन प्रभावकारी तवरले गर्ने, विवाद वा खरिदका पक्षसँगका प्रत्येक गतिविधिहरूको उपयुक्त तवरले अभिलेखन गर्ने, प्रमाण सङ्कलन गर्ने र दाबी पेस हुने अवस्थामा प्रतिवाद वा प्रत्युक्ति पेस गर्ने व्यवस्था मिलाउनुपर्दछ।

(ढ) ठेक्कामा प्रोलङगेशन लागत, गुमेको नाफा, लमसम आइटमहरूमा म्याद थप अवधि पश्चात्को थप भुक्तानी र म्याद थप पछि परिवर्तित सूचकको आधारमा मूल्य समायोजन पाउने, नपाउने सम्वन्धमा सम्झौता वा खरिद कानुनमा नै स्पष्ट व्यवस्था राख्ने र स्पष्ट नभए म्याद थप गर्दा निक्यौंल गरी माइन्यूट गर्ने एवं सो माईन्यूटलाई सम्झौताको अभिन्न अङ्गको रूपमा कायम गर्नुपर्ने देखिन्छ।

(ण) नियोक्ता वा निर्माण व्यवसायीको तर्फबाट कमी कमजोरी भएका कारण नै पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, नलगाउने निर्णय हुने भएकाले सम्झौता कार्यान्वयनमा ढिलाइका कारण उपयुक्त ढंगले पत्राचार गर्ने एवं अभिलेखन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

(त) ठेक्का व्यवस्थापनमा कार्यरत जनशक्तिलाई ठेक्का व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरी क्षमता विकास गर्नुका अतिरिक्त विवादरहित ढंगले ठेक्का व्यवस्थापन गर्ने जनशक्तिलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउनुपर्दछ।

(थ) मुख्यरूपले विबाद मूल्य समायोजन, नयाँ दर, भेरिएशन, भुक्तानीमा ढिलाइ, पूर्वनिर्धारित क्षतिपूर्ति, म्याद थप, प्रोलङगेशन लागत लगायतसँग सम्बन्धित रहेका छन्। कतिपय विवाद सम्झौता वा कानुनी व्यवस्थामा रहेका अस्पष्टताका कारण सिर्जना भएको देखिन्छ। एउटै प्रकृतिका विवादहरू पटक पटक आइरहँदा त्यस्तो विवाद दोहोरिन नदिनको लागि सम्झौताका सर्त तथा कानुनमा सुधार गर्नुपर्ने देखिन्छ।

(द) नियोक्ताले सम्झौता तयार गर्दा एक आपसमा बाझिने खालका प्रावधानहरू राख्ने गरेको देखियो। तसर्थ ठेक्का सम्झौता तयार गर्दा उचित सावधानी अपनाई स्पष्ट प्रावधानहरू राखुपर्ने देखिन्छ।

(ध) निर्माण व्यवसायीले काम नगरेका कारण खरिद सम्झौता अन्त्य गर्दा सो काम पछि बोलपत्र आह्वान गरी गराउँदा लाग्ने थप रकम असुल गर्नुपर्ने कानुनी व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ।

(न) निजी क्षेत्रका विद्युत उत्पादकसँग सम्झौता भई विद्युत उत्पादन सुरु भैसकेको तर नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नुपर्ने प्रसारण लाइन तयार हुन नसक्दा विद्युत खेर गई विवाद सिर्जना भएको सन्दर्भमा कार्यदक्षता अभिबृद्धि गरी समयमा नै प्रसारण लाइन निर्माण गर्नुपर्दछ।

(न) कुनै ठेक्कामा सम्झौताका क्रममा त्रुटी देखिएमा सोही प्रकृतिको कमी कमजोरी हुन नदिन सो त्रुटीको प्रकृति, भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरी निकायले सार्वजनिक खरिद अनुगमन कार्यमा पठाउने, सो कार्यालयले प्रक्रिया र विधिगत समाधान तय गर्ने व्यवस्था गर्नुपर्दछ।

नेपाल मध्यस्थता परिषदबाट हुनुपर्ने प्रशासनिक सुधार

(प) परिषदले आफू अन्तर्गत कार्यरत मध्यस्थहरूको सूची अद्यावधिक गराई वेबसाइटमा राख्ने तथा तालिम तथा क्षमता विकासका कार्यहरू निरन्तररूपमा सञ्चालन गर्नुपर्दछ। साथै मध्यस्थ नियुक्त हुँदा विषयगत पृष्ठभूमिलाई समेत ध्यान दिनुपर्ने देखिन्छ।

(फ) मध्यस्थका निर्णयमा एकरूपता तथा वस्तुपरकता देखिँदैन। उस्तै प्रकृतिको दाबी एउटा मध्यस्थ न्यायाधीकरणले स्वीकार गर्ने, अर्कोले अस्वीकार गर्ने गरेको देखिन्छ। तसर्थ विगतका निर्णय एवं अन्य मध्यस्थले निर्णय गर्दा लिएका आधारहरूसमेत अध्ययन गरेर मध्यस्थबाट हुने निर्णयमा वस्तुपरकता र गुणस्तरीयता ल्याउनुपर्दछ।

Mining Management in Nepal

1. **Title of the Report:** Pilot Performance Audit on Mining Management in Nepal
2. **Audited Entities:** Ministry of Industry, Commerce and Supplies (MoICS); Department of Mines and Geology (DMG); Dhauwadi Iron Company Limited; Petroleum Exploration Project; Relevant Public Enterprises (Udayapur Cement, Hetauda Cement, Nepal Orient Magnesite, Nepal Metal Company); Sampled limestone mines and quarrying operations across selected districts
3. **Audit Period:** FY 2019/20 to FY 2023/24
4. **Audit Schedule:**
   - **a.** Planning: May–June 2025
   - **b.** Fieldwork: Aug.–Sep. 2025
   - **c.** Reporting: Nov.- Dec. 2025
5. **Audit Team:**
   - **a. Team** Leader: Mr. Yogya Prasad Rai (Director)
   - **b.** Team M**embers:**
     - i. Mr. Buddiman Ghimire (Audit Officer)
     - ii. Mr. Ghanshyam Basel (Audit Officer)
     - iii. Mr. Diwas Shankar Adhikari (Audit Officer)
   - **c. Supervisor:** Mr. Shree Kumar Rai (Assistant Auditor General)

DECLARATION NOTE

The audit was conducted in accordance with the Nepal Government Auditing Standards (NGAS), 2077 (2020) and the International Standards of Supreme Audit Institutions (ISSAIs) applicable to performance auditing. The audit was executed based on the objectives, scope, criteria and methodology approved in the Audit Plan of the Office of the Auditor General Nepal (OAGN). The findings presented in this report are derived from the information, documents, data and explanations made available by the Ministry of Industry, Commerce and Supplies (MoICS); Department of Mines and Geology (DMG); Dhauwadi Iron Company Limited; Petroleum Exploration Project; Relevant Public Enterprises (Udayapur Cement, Hetauda Cement, Nepal Orient Magnesite, Nepal Metal Company) and the sampled mining and quarrying entities.

This note also affirms that the audit team carried out its work with full independence, integrity and objectivity, without yielding to any form of external pressure or influence. The auditors did not grant any undue favor nor engage in any unethical practice that could compromise adherence to the OAGN's Code of Ethics, Conduct and Secrecy. All observations, conclusions and recommendations have been developed solely on the basis of evidence obtained during the course of the audit.

EXECUTIVE SUMMARY

Background of the Audit

The Office of the Auditor General conducted a performance audit of Mining Management in Nepal to evaluate whether the country's mineral resources are being governed, utilized, and safeguarded in an efficient, sustainable, and economically beneficial manner. The audit assessed the adequacy of Nepal's legal and institutional framework, the effectiveness of compliance monitoring by the Department of Mines and Geology (DMG), the progress of major strategic projects Dhauwadi Iron Mine and Dailekh Petroleum and the reliability of royalty assessment and revenue collection systems. The audit covered national policies, institutional practices, regulatory systems, financial data, and field observations of selected mining and quarry sites.

Findings

Finding 1: Legal and Institutional Framework Weaknesses

We observed that Nepal's mining sector is constrained by outdated laws, delayed drafting of essential legislation, weak coordination across federal, provincial, and local levels, and poor implementation of the National Mineral Policy, 2074. Key institutional targets under the periodic plan, MTEF, and annual programs were underachieved, and public enterprises related to minerals remain largely non-operational.

Finding 2: Ineffective Monitoring, Compliance, and Environmental Oversight

DMG's monitoring and inspection activities were found to be limited, largely formal, and poorly documented. A large number of prospecting and mining licenses remain inactive or are not renewed on time. Operators frequently fail to install required weighbridges or measurement devices, affecting production verification. Environmental compliance and coordination with forest authorities remain weak, leading to delays and operational challenges.

Finding 3: Delays and Underperformance in Key Projects

Both the Dhauwadi Iron Mine and Dailekh Petroleum projects experienced significant delays, incomplete feasibility and environmental studies, and limited progress toward commercial operation. Planned outputs and economic contributions have not materialized, undermining national objectives of mineral-based industrialization and energy diversification.

Finding 4: Weaknesses in Royalty Assessment and Revenue Management

Royalty assessment and collection systems lacked accuracy, consistency, and timely reconciliation. Production reporting is unreliable due to absent measurement instruments, and security deposits remain unadjusted for long periods. Royalty distribution across government tiers is inconsistent, increasing risks of revenue leakage and under-collection.

Recommendations:

The audit recommends strengthening the mining regulatory framework by drafting and updating key laws; improving policy implementation and institutional coordination; enhancing risk-based monitoring and environmental enforcement; ensuring systematic management of mining licenses; expediting major mineral and petroleum projects; installing accurate measurement systems for production reporting; establishing integrated digital systems for royalty assessment and reconciliation; and ensuring sound management of security deposits and royalty distribution.

Conclusion:

Nepal possesses significant mineral potential and has made early progress in geological mapping, laboratory upgrades, and the identification of diverse mineral resources. However, the sector remains far below its economic potential due to systemic legal gaps, institutional weaknesses, insufficient monitoring, underperforming strategic projects, and weak revenue governance. Effective implementation of the audit recommendations is necessary to strengthen mining governance, mobilize

investment, ensure environmental accountability, and enable the sector to contribute meaningfully to national economic development.

Audit Impact:

Implementation of the audit recommendations is expected to:

- Strengthen legal clarity and sector coordination across all levels of government.
- Improve compliance, transparency, and environmental accountability in mining operations.
- Accelerate progress in major mineral and petroleum projects, contributing to industrial development and energy security.
- Enhance royalty accuracy, reduce revenue leakages, and improve government revenue mobilization.
- Enable sustainable and economically beneficial utilization of Nepal's mineral resources.

CHAPTER 1: INTRODUCTION

1. Background of the study:

Mines and minerals are the fundamental basis for national development as well as the infrastructure for economic prosperity and industrial development. Systematic and long-term utilization of mineral resources, while maintaining environmental balance in mining operations, increases economic and technical competitiveness, leading to positive changes in industrial output and productivity, and also increasing national income. Increased production through mineral operations leads to greater exports, which in turn helps in import substitution. Challenges faced in nation-building can be addressed through the conservation, promotion, and environmentally friendly sustainable use of mineral resources. According to the National Accounts Estimate, 2080/81 (2023/24), the contribution of the mining and mineral industry to the gross domestic product (GDP) is 0.47 percent. The Department of Mines and Geology (DMG) was established under the Ministry of Industry in 2033 B.S. (1976/77 A.D.) through the integration of the then-Department of Mines and the Department of Geological Survey. Its objective is to develop industrial production and economic growth in the country by developing mineral-based industries through the exploration of indigenous mineral wealth. According to the federal departmental organizational structure approved by the decision of the Government of Nepal (Council of Ministers) on 2075.01.04 B.S. (April 17, 2018), the department has 3 major divisions: Geo-Science, Mineral Resources, and Planning, Administration, and Technical Services. It also has 3 Centers: Petroleum Exploration and Promotion Center, Mineral Promotion and Processing, and National Seismological and Research Center, along with 25 sections/branches, the Surkhet Seismological Center (Branch Office), and the Petroleum Exploration Project. The Department of Mines and Geology, in accordance with the Mines and Mineral Resources Act and Regulations, conducts exploration work for specific minerals itself and issues licenses for the exploration and mining of others. Although the local level authorities have the right regarding ordinary construction-oriented mineral resources, the Department provides technical consent for their excavation. The Department has so far discovered a total of 63 types of minerals: 21 metallic, 38 non-metallic, and 4 fuel and gas minerals. Among the licenses issued for mineral excavation, the largest number are for limestone excavation, which forms the basis for 26 operating cement industries.

2. Constitutional, Legal, and Policy Provisions:

2.1. Constitutional Provisions: Article 50 of the Constitution of Nepal under the directive principles of the State covers provisions related to mining. It mentions that for the development of the national economy, the State shall conserve and promote national industries and resources, prioritize domestic investment based on Nepali labor, skills, and raw materials, and conserve, promote, and sustainably utilize the country's available natural resources in an environmentally friendly manner, consistent with the national interest and the principle of inter-generational equity.

- Article 57 of the Constitution of Nepal: This article deals with the exclusive and concurrent (shared) powers of the Federal, Provincial, and Local Levels. The provisions related to mines and minerals across the different schedules are as follows:
  - Schedule 5 (List of Federal Powers): Mine Excavation/Mining
  - Schedule 6 (List of Provincial Powers): Mine Exploration and Management
  - Schedule 7 (List of Concurrent Powers of Federation and Province): Industry, Minerals, and Physical Infrastructure
  - Schedule 8 (List of Local Level Powers): Conservation of Watershed, Wildlife, Mines and Mineral Substances
  - Schedule 9 (List of Concurrent Powers of Federation, Province, and Local Level): Mines and Minerals

2.2. Division of Powers and Elaboration of Functions: The following powers list have been included under the division of powers and functional elaboration of the Federal, Provincial, and Local Levels:

Schedule S.N.	Constitutional List of Powers	Elaboration of the List of Powers	
Elaboration of the Federal Exclusive Power (Schedule 5)			
26	Mine Excavation and Minerals (including from Schedule 7, S.N. 15)	26.1	National policy, law, standards, and regulation concerning mines and minerals
		26.2	Survey, exploration, and excavation regarding radioactive substances, petroleum, natural gas, and noble metal mines and minerals, including gold and platinum
		26.3	Registration, permit, renewal, revocation, and regulation regarding radioactive substances, petroleum, natural gas, and noble metal mines and minerals, including gold and platinum
		26.4	Foreign investment and technology related to mine and mineral research and excavation
		26.5	Geological study, research, and mapping
		26.6	Data collection and record-keeping of mines and mineral-based items
		26.7	Establishment and operation of a national laboratory related to mine and mineral research and excavation
Elaboration of Federal Functions from the Concurrent List (Schedule 7)			
15	Industry, Minerals, and Physical Infrastructure (including from Schedule 7, S.N. 21)	15.1	Industry and Physical Infrastructure
		15.1.6	Physical infrastructure policy, law, standards, coordination, and regulation related to industry and mineral development
Elaboration of Federal Functions from the Concurrent List (Schedule 9)			
8	Mines and Minerals	8	Included in Schedule 5, S.N. 26
Elaboration of the Provincial Exclusive Power (Schedule 6)			
17	Mine Exploration and Management, Industry, Minerals, and Physical Infrastructure (including from Schedule 7 (15) and 9 (8))	17.1	Provincial policy, law, standards, planning, implementation, and regulation concerning the exploration of mines and mineral substances
		17.2	Survey, exploration, excavation, and management of mines and mineral substances **other than those under the Federal jurisdiction and ordinary construction-oriented minerals**
		17.3	Registration, permit, renewal, revocation, and regulation concerning mines and mineral substances **other than those under the Federal jurisdiction and ordinary construction-oriented minerals**
		17.4	Data collection and record-keeping of mines and mineral-based items
		17.5	Geological study, research, and mapping
		17.6	Establishment and operation of a provincial laboratory related to mine and mineral research and excavation
		17.7	Planning and implementation of physical infrastructure development related to industry and minerals
Elaboration of Provincial Functions from the Concurrent List (Schedule 7)			
15	Industry, Minerals, and Physical Infrastructure	15.1	Industry, business, and company administration (additional subjects included in Schedule 6, S.N. 17)
